## महालेखापरीक्षकको पचपन्नौं वार्षिक प्रतिवेदनसँग सम्बन्धित

# स्थानीय तह लेखापरीक्षण प्रतिवेदन, २०७४

## प्रदेश नं.१




**महालेखा परीक्षकको कार्यालय**
**बबरमहल, काठमाडौं**
**नेपाल**

# प्राक्कथन

नेपालको संविधान, २०७२ को धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । साविकमा स्थानीय निकायको लेखापरीक्षण स्थानीय निकायबाटै नियुक्त दर्तावाल लेखापरीक्षकबाट हुँदै आएको थियो । स्थानीय निकाय स्थानीय तहमा रुपान्तरण भएपश्चात उक्त तहको आर्थिक वर्ष २०७३।७४ को आर्थिक कारोबारको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट सम्पन्न गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षणको मुख्य आधार नेपालको संविधान, लेखापरीक्षण ऐन, लेखापरीक्षण नीति, मानदण्ड, लेखापरीक्षण निर्देशिका तथा लेखापरीक्षण मार्ग निर्देशन आदि रहेका छन् । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको प्रभावकारीता मूल्याङ्कन गर्नु रहेको छ । लेखापरीक्षणबाट मुख्यतः स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको मूल उद्देश्य हो ।

स्थानीय निकाय लामो समयसम्म जनप्रतिनिधि बिहिन रहेकोमा हाल जनप्रतिनिधिहरुबाट स्थानीय तह सञ्चालन भएपश्चात स्थानीय तहबाटै सबै अधिकार उपयोग गर्न पाउने अवसर सिर्जना भएको छ । स्थानीय तहमा शिक्षा, स्वास्थ्य, खानेपानी लगायत विकास निर्माणको क्षेत्रमा रहेका असिमित आवश्यकताहरु सीमित स्रोत र साधनको मितव्ययी एवं कुशलतापूर्वक उपयोग गरी पुरा गर्नुपर्ने चुनौति रहेको छ । लेखापरीक्षणबाट जिम्मेवारी, जवाफदेहिता र पारदर्शीता कायम गर्न सहयोग गर्ने छ भन्ने विश्वास लिइएको छ ।

आर्थिक कारोबारको स्वतन्त्र लेखापरीक्षणले स्रोत प्राप्ती र उपयोगको सम्बन्धमा भएका कमी कमजोरी आफ्नो प्रतिवेदन मार्फत उजागर गर्दछ । उक्त प्रतिवेदन सबै सरोकारवालाहरु समक्ष सहज पहुँचलाई ध्यानमा राखी यो प्रकाशन गरिएको छ । महालेखा परीक्षकबाट स्थानीय तहको लेखापरीक्षण पहिलो पटक शुरु गरिंदा स्रोत साधनको सीमितता, सूचना एवं तथ्याङ्कको न्यून उपलब्धता, समयको सीमितता आदिको बावजुद २०७४ आषाढ मसान्तमा कायम १३७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न भएको छ ।

स्थानीय तहको लेखापरीक्षण व्यवस्थापन सम्बन्धमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका पदाधिकारीहरुसँग पटक पटक छलफल गरिएको, स्थानीय तह लेखापरीक्षण निर्देशिका स्वीकृत गरी लागू गरिएको, थप जनशक्तिको रुपमा चाटर्डएकाउण्टेण्ट र दर्तावाल लेखापरीक्षक नियुक्त गरिएको, कर्मचारीहरुलाई प्रशिक्षण समेत दिइएको थियो । सीमित समय र जनशक्तिबाट सबै स्थानीय तहको लेखापरीक्षण सम्पन्न गर्न जोखिममा आधारित लेखापरीक्षण योजना बमोजिम लेखापरीक्षण सम्पन्न गरिएको थियो । प्रारम्भिक प्रतिवेदन सबै स्थानीय तहलाई उपलब्ध गराइएकोमा सो उपर ३५ दिनभित्र जवाफ, प्रतिक्रिया प्राप्त भएकोमा सो आधारमा मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी हरेक स्थानीय तहलाई राय सहितको प्रतिवेदन समेत उपलब्ध गराइएको छ ।

स्थानीय तहको लेखापरीक्षण सम्पन्न गर्न सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । त्यस्तै लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु पनि धन्यवादका पात्र रहेका छन् । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गरिएको छ ।

(टंकमणि शर्मा दंगाल)
महालेखा परीक्षक

# स्थानीय तहको लेखापरीक्षण

## प्रदेश नं.१

१. **स्थानीय तह** - यस प्रदेशमा महानगरपालिका १, उप-महानगरपालिका २, नगरपालिका ४७, गाउँपालिका ८७ समेत १३७ स्थानीय तह रहेका छन् । उक्त सबै स्थानीय तहको लेखापरीक्षण सम्पन्न भएको छ ।

२. **लेखापरीक्षण** - लेखापरीक्षणमा प्रस्तु आय-व्यय विवरण अनुसार १३७ स्थानीय तहको रु.३८ अर्ब ९३ करोड १० लाख ४२ हजार लेखापरीक्षण सम्पन्न गरिएको छ । यसको विस्तृत विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ ।

३. **बेरुजू** - प्रदेश स्थित १३७ स्थानीय तहको लेखापरीक्षणबाट रु.२ अर्ब २२ करोड ५४ लाख १ हजार बेरुजू देखिएकोमध्ये ३५ दिनभित्र प्राप्त जवाफ तथा प्रमाणको आधारमा रु.१ करोड ९२ लाख ४६ हजार फछ्र्यौट भई रु.२ अर्ब २० करोड ६१ लाख ५५ हजार बाँकी रहेको छ । उक्त बाँकी बेरुजूमध्ये असुल उपर गर्नुपर्ने रु.१५ करोड ४६ लाख ४६ हजार, अनियमित/प्रमाण पेश गर्नुपर्ने रु.१ अर्ब ३७ करोड ९ लाख ९६ हजार र पेश्की रु.६८ करोड ५ लाख ४३ हजार रहेको छ । उक्त बेरुजू लेखापरीक्षण अङ्कको ५.६७ प्रतिशत रहेको छ । विस्तृत विवरण अनुसूची-२ मा छ ।

४. **जिम्मेवारी र जवाफदेहिता** - वित्तीय विवरण उपरको जिम्मेवारी र जवाफदेहिता सम्बन्धित स्थानीय तहको हो भने सो वित्तीय विवरण उपर राय सहितको प्रतिवेदन जारी गर्ने जिम्मेवारी लेखापरीक्षकको हो ।

५. **लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरु** - लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरुमा जिम्मेवारी नसारेको, सम्पत्ति हस्तान्तरण नगरेको, अभिलेख नराखेको, पेश्की फछ्र्यौट नगरेको, बढी भुक्तानी गरेको, बिल भरपाई संलग्न नगरेको, परिषद्को स्वीकृत बेगर योजना सञ्चालन गरेको, अग्रिम कर कट्टा नगरेको, प्रतिवेदन पेश नगरेको, उपभोक्ता समितिबाट कार्य गराउँदा नियमको पालना नगरेको, अनुगमन मूल्याङ्कन कमजोर रहेको, सेवा प्रवाह प्रभावकारी नरहेको, योजना अधुरो रहेको, प्राथमिकता निर्धारण नगरेको, लक्षित समूह कार्यक्रम सञ्चालन नगरेको, फ्रिज गर्नुपर्ने रकम फ्रिज नगरेको, मूल्य वृद्धि बढि भुक्तानी गरेको, पेश्की रकमको समेत मुल्य वृद्धि दिएको, यथार्थ लागत अनुमान तयार नगरेको कारण भेरिएशन स्वीकृत गरेको, जिन्सी दाखिला नभएको, सामाग्रीको विस्थापन खर्च भुक्तानी गरेको, आदि रहेका छन् ।

६. **बेरुजू फछ्र्यौट विधि** - लेखापरीक्षण प्रतिवेदन प्राप्त हुनासाथ स्थानीय तहका कार्यालयले बेरुजूको व्यहोराको लगत खडा गर्नुपर्दछ । यस्तो लगतमा परेका बेरुजूमध्ये असुल उपर गर्नुपर्ने रकम असुल गरी स्थानीय सञ्चित कोष वा बेरुजू खातामा दाखिला गर्नुपर्ने, नियमित गर्नुपर्ने बेरुजूहरु नियमित गर्ने अधिकार प्राप्त अधिकारी वा स्थानीय तहको परिषद्बाट नियमित गर्नुपर्ने, प्रमाण पेश गर्नुपर्ने बेरुजू आवश्यक प्रमाण राखी फछ्र्यौट गर्नुपर्ने र पेश्की बाँकी बेरुजूको फाँटवारी लिई बेरुजू फछ्र्यौट गर्ने जिम्मेवारी स्थानीय तहको कार्यपालिकाको हुनेछ । बेरुजूको लगत अद्यावधिक गरी बेरुजू फछ्र्यौट पश्चात कानूनबमोजिम सम्परीक्षण गराउनु पर्नेछ ।

७. **सुझाव** - स्रोत प्राप्ती तथा उपयोग सम्बन्धमा प्रचलित ऐन, कानूनको पालना गरी बेरुजू नै आउन नदिनु कार्यालयले पहिलो कर्तव्य हो । लेखापरीक्षणको समयमा कुनै कागजात प्रस्तुत गर्न नसकेको कारणबाट बेरुजू देखिएमा ३५ दिनभित्र जवाफ/प्रमाण पेश गरी बेरुजू फछ्र्यौट गराउनु पर्दछ । उक्त अवधिमा समेत फछ्र्यौट हुन नसकेको बेरुजू आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ अनुसार एक वर्षभित्र असुल उपर वा नियमित वा प्रमाण पेश गरी वा पेश्की फछ्र्यौट गरी बेरुजू राफसाफ गर्ने कार्य सम्बन्धित स्थानीय तहले गर्नुपर्ने देखिन्छ ।

| क्र.सं. | विषय सूची | पाना नं |
|---|---|---|
| १. | **ताप्लेजुङ्ग जिल्ला** | |
| १.१. | फुङलिङ्ग नगरपालिका | १ |
| १.२. | आठराई त्रिवेणी नगरपालिका | ६ |
| १.३. | सिदिङ्ग्बा गाउँपालिका | ९ |
| १.४. | फक्ताङलुङ गाउँपालिका | १२ |
| १.५. | मिक्वाखोला गाउँपालिका | १८ |
| १.६. | मेरिङ्देन गाउँपालिका | २३ |
| १.७. | मैवाखोला गाउँपालिका | २७ |
| १.८. | याङवरक गाउँपालिका | ३० |
| १.९. | सिरिजङ्गा गाउँपालिका | ३५ |
| २. | **पाँचथर जिल्ला** | |
| २.१. | फिदिम नगरपालिका | ४१ |
| २.२. | फालेलुङ, गाउँपालिका | ४७ |
| २.३. | फाल्गुनन्द गाउँपालिका | ५० |
| २.४. | हिलिहाङ गाउँपालिका | ५४ |
| २.५. | कुम्मायक गाउँपालिका | ५७ |
| २.६. | मिक्लाजुङ्ग गाउँपालिका | ६० |
| २.७. | तुम्वेहा गाँउपालिका | ६५ |
| २.८. | याङवरक गाउँपालिका | ६९ |
| ३. | **ईलाम जिल्ला** | |
| ३.१. | ईलाम नगरपालिका | ७३ |
| ३.२. | देउमाई नगरपालिका | ७७ |
| ३.३. | माई नगरपालिका | ७० |
| ३.४. | सूर्योदय नगरपालिका | ८३ |
| ३.५. | फाकफोकथुम गाउँपालिका | ८७ |
| ३.६. | चुलाचुली गाउँपालिका | ९० |
| ३.७. | माईजोगमाई गाउँपालिका | ९२ |
| ३.८. | माङ्सेबुङ गाउँपालिका | ९५ |
| ३.९. | रोङ गाउँपालिका | ९८ |
| ३.१०. | सन्दकपुर गाउँपालिका | १०१ |
| ४. | **झापा जिल्ला** | |
| ४.१. | मेचीनगर नगरपालिका | १०४ |
| ४.२. | दमक नगरपालिका | १०७ |
| ४.३. | कन्काई नगरपालिका | १०८ |
| ४.४. | भद्रपुर नगरपालिका | १०९ |
| ४.५. | अर्जूनधारा नगरपालिका | ११२ |
| ४.६. | शिवसताक्षी नगरपालिका | ११४ |
| ४.७. | गौरादह नगरपालिका | ११६ |

| क्र.सं. | विषय सूची | पाना नं |
|---|---|---|
| ४.८. | बिर्तामोड नगरपालिका | ११९ |
| ४.९. | कमल गाउँपालिका | १२२ |
| ४.१०. | गौरीगञ्ज गाउँपालिका | १२३ |
| ४.११. | बाह्रदशी गाउँपालिका | १२७ |
| ४.१२. | झापा गाउँपालिका | १२९ |
| ४.१३. | बुद्धशान्ती गाउँपालिका | १३१ |
| ४.१४. | हल्दीवारी गाउँपालिका | १३३ |
| ४.१५. | कचनकवल गाउँपालिका | १३६ |
| ५. | **मोरङ जिल्ला** | |
| ५.१. | विराटनगर महानगरपालिका | १३८ |
| ५.२. | बेलबारी नगरपालिका | १४८ |
| ५.३. | लेटाङ नगरपालिका | १५१ |
| ५.४. | पथरीशनिश्चरे नगरपालिका | १५३ |
| ५.५. | रंङ्गेली नगरपालिका | १५८ |
| ५.६. | रतुवामाई नगरपालिका | १६४ |
| ५.७. | सुनवर्षी नगरपालिका | १६६ |
| ५.८. | उर्लाबारी नगरपालिका | १६८ |
| ५.९. | सुन्दरहरैचा नगरपालिका | १७१ |
| ५.१०. | बुढीगङ्गा गाउँपालिका | १७४ |
| ५.११. | धनपालथान गाउँपालिका | १७६ |
| ५.१२. | ग्रामथान गाउँपालिका | १७९ |
| ५.१३. | जहदा गाउँपालिका | १८२ |
| ५.१४. | कानेपोखरी गाउँपालिका | १८४ |
| ५.१५. | कटहरी गाउपालिका | १८६ |
| ५.१६. | केराबारी गाउपालिका | १८८ |
| ५.१७. | मिक्लाजुङ्ग गाउपालिका | १९० |
| ६. | **सुनसरी जिल्ला** | |
| ६.१. | इटहरी उप-महानगरपालिका | १९२ |
| ६.२. | धरान उप-महानगरपालिका | १९९ |
| ६.३. | इनरुवा नगरपालिका | २०७ |
| ६.४. | दुहवी नगरपालिका. | २१४ |
| ६.५. | रामधुनी नगरपालिका | २२२ |
| ६.६. | वराह नगरपालिका | २३० |
| ६.७. | देवानगञ्ज गाउँपालिका | २३७ |
| ६.८. | कोशी गाउँपालिका | २४० |
| ६.९. | गढी गाउँपालिका | २४४ |
| ६.१०. | वर्जु गाउँपालिका | २४७ |
| ६.११. | भोक्राहा गाउँपालिका | २५० |
| ६.१२. | हरिनगरा गाउँपालिका | २५२ |

| क.सं. | विषय सूची | पाना नं |
|---|---|---|
| ७. | **धनकुटा जिल्ला** | |
| ७.१. | पाखिवास नगरपालिका | २५९ |
| ७.२. | धनकुटा नगरपालिका | २६२ |
| ७.३. | महालक्ष्मी नगरपालिका | २६७ |
| ७.४. | साँगुरीगढी गाउँपालिका | २६९ |
| ७.५. | खाल्सा छिन्ताङ्ग शहिदभूमी गाउँपालिका | २७० |
| ७.६. | छथर जोरपाटी गाउँपालिका | २७१ |
| ७.७. | चौविसे गाउंपालिका | २७३ |
| ८. | **तेह्रथुम जिल्ला** | |
| ८.१. | म्याङलुङ्ग नगरपालिका | २७५ |
| ८.२. | लालिगुँरास नगरपालिका | २७८ |
| ८.३. | आठराइ गाउँपालिका | २८१ |
| ८.४. | छथर गाउँपालिका | २८५ |
| ८.५. | फेदाप गाउँपालिका | २८९ |
| ८.६. | मेन्छयामेय गाउँपालिका | २९३ |
| ९. | **संखुवासभा जिल्ला** | |
| ९.१. | चैनपुर नगरपालिका | २९६ |
| ९.२. | धर्मदेवी नगरपालिका | ३०१ |
| ९.३. | खांदवारी नगरपालिका | ३०२ |
| ९.४. | मादी नगरपालिका, | ३०५ |
| ९.५. | पाँचखपन नगरपालिका | ३०८ |
| ९.६. | भोटखोला गाउँपालिका | ३०९ |
| ९.७. | चिचिला गाउँपालिका | ३१० |
| ९.८. | मकालु गाउँपालिका | ३११ |
| ९.९. | सभापोखरी गाउँपालिका | ३१३ |
| ९.१०. | सिलिचोङ्ग गाउँपालिका | ३१५ |
| १०. | **भोजपुर जिल्ला** | |
| १०.१. | भोजपुर नगरपालिका | ३१६ |
| १०.२. | षडानन्द नगरपालिका | ३१७ |
| १०.३. | ट्याम्के मैयुम गाउँपालिका | ३१८ |
| १०.४. | रामप्रसादराई गाउँपालिका | ३२० |
| १०.५. | अरुणगाउँपालिका | ३२१ |
| १०.६. | पौवा दुम्मा गाउँपालिका | ३२२ |
| १०.७. | साल्पासिलियो गाउँपालिका | ३२३ |
| १०.८. | आम्चोक गाउँपालिका | ३२४ |
| १०.९. | हतुवागढी गाउँपालिका | ३२५ |
| ११. | **सोलुखुम्बु जिल्ला** | |
| ११.१. | सोलुदुधकुण्ड नगरपालिका | ३२६ |
| ११.२. | दुधकोशी गाउँपालिका | ३२८ |

| क्र.सं. | विषय सूची | पाना नं |
|---|---|---|
| ११.३. | खुम्बु पासाङ्गल्हामु गाँउपालिका | ३२९ |
| ११.४. | दुधकौशीका गाउँपालिका | ३३० |
| ११.५. | नेचासल्यान गाउँपालिका | ३३१ |
| ११.६. | महाकुलङ्ग गाउँपालिका | ३३२ |
| ११.७. | लिखुपिके गाउँपालिका | ३३३ |
| ११.८. | सोपाङ्ग गाँउपालिका | ३३४ |
| १२. | **ओखलढुङ्गा जिल्ला** | |
| १२.१. | सिद्धिचरण नगरपालिका | ३३५ |
| १२.२. | खिजिदेम्वा गाउँपालिका | ३३८ |
| १२.३. | चम्पादेवी गाउँपालिका | ३४० |
| १२.४. | चिशंखुगढी गाउँपालिका | ३४३ |
| १२.५. | मानेभन्ज्याङ गाउँपालिका | ३४५ |
| १२.६. | मोलुङ्ग गाउँपालिका | ३४७ |
| १२.७. | लिखु गाउँपालिका | ३४९ |
| १२.८. | सुनकोशी गाउँपालिका | ३५१ |
| १३. | **खोटाङ्ग जिल्ला** | |
| १३.१. | हलेसी तुवाचुङ्ग नगरपालिका | ३५३ |
| १३.२. | रुपाकोट मझुवागढी नगरपालिका | ३५५ |
| १३.३. | ऐसेलुखर्क गाउँपालिका | ३५७ |
| १३.४. | लामिडाँडा गाउँपालिका | ३५९ |
| १३.५. | जन्तेढुङ्गा गाउँपालिका | ३६१ |
| १३.६. | खोटेहाङ्ग गाउँपालिका | ३६३ |
| १३.७. | कोपिलासगढी गाउँपालिका | ३६४ |
| १३.८. | दिपुङ्ग गाउँपालिका | ३६६ |
| १३.९. | साकेला गाउँपालिका | ३६७ |
| १३.१०. | बराहपोखरी गाउँपालिका | ३६९ |
| १४. | **उदयपुर जिल्ला** | |
| १४.१. | कटारी नगरपालिका | ३७० |
| १४.२. | चौदण्डीगढी नगरपालिका | ३७८ |
| १४.३. | त्रियुगा नगरपालिका | ३८४ |
| १४.४. | बेलका नगरपालिका | ३८८ |
| १४.५. | उदयपुरगढी गाउँपालिका | ३९० |
| १४.६. | ताप्ली गाउँपालिका | ३९२ |
| १४.७. | रौताहामाई गाउँपालिका | ३९४ |
| १४.८. | सुनकोशी गाउँपालिका | ३९६ |
| | अनुसूचीहरु | |

# फुङलिङ्ग नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गतवर्षको रु.५९ लाख ५७ हजार र यसवर्षको आय रु.१९ करोड २९ लाख ५६ हजार समेत रु.१९ करोड ८९ लाख १३ हजार आय भइ रु.१७ करोड ७५ लाख ७६ खर्च भई रु.२ करोड १३ लाख ३७ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **संस्थागत सुशासन, वित्तीय जवाफदेहिता :** आयकर कार्यविधी नियमावली, २०६४ को नियम ४५ मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, खारत्यसको न्सी, नगद मौज्दात तथा आयकर कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन र तिनिहरूको पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । सो सम्बन्धमा कार्यालयको वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व पालनाको स्थिती मूल्याङ्कन गर्दा जोखिमहरु पहिचान, अनुगमन तथा सुपरीवेक्षण, बेरुजू फछ्र्यौट, संक्षिप्त वार्षिक प्रतिवेदन, अधिकार र जिम्मेवारी, जिन्सी निरीक्षण, जिन्सी संकेत प्रदान, मर्मत अभिलेख राख्ने, जिन्सी हस्तान्तरण, वार्षिक खरिद योजना, अनुगमन मूल्याङ्कन र वार्षिक प्रगति प्रतिवेदन तयार गरी तालुक निकायमा पठाई जिम्मेवारी पूर्ण रुपमा पालना गरेको पाइएन । वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन नेतृत्व क्रियाशिल हुनु जरुरी छ ।

२. **आर्थिक विवरण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार स्थानीय निकायको आफ्नो आम्दानीको आगामी आर्थिक बर्षको लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । साथै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम स्थानीय निकायले प्राप्त सबै कारोवार समावेश गरी आर्थिक विवरण तयार गर्नु पर्नेमा फुङलिङ्ग नगरपालिकाको आर्थिक विवरणमा देखिएका व्यहोरा निम्न छन् ।

२.१. फुङलिङ्ग नगरपालिकाले पेश गरेको एकिकृत आय-व्यय विवरणमा साविक ताप्लेजुङ्ग नगरपालिका र गाभिएका वडा कार्यालय समेतको राजस्व, धरौटी, पेश्की, कल्याण कोष, विपद व्यवस्थापन समेतको बैंक खाता भिडान हुने विवरण र बाँकी रु.२,९६,१२,५२८।- हिसाव देखिने विवरण पेश नभएको ।

२.२. साविक स्थानीय निकायको जिम्मेवारी रु.५९,५७,०८३।- यस वर्ष आम्दानी रु.७,८२,६७,८५८।- समेतको जोडजम्मा फरक भएको देखिन्छ । फरक परेको साविक जिम्मेवारी रु.५९,५७,०८३।- एकिन गरी हिसाव पेश हुनुपर्दछ ।

२.३. साविक फावाखोला गा.वि.स.को आयको महलको जम्मा रु.२९,८९,६२२।- र व्यय महलको जम्मा रु.३०,१५,३५२।- बढि व्यय वा फिर्ता रु.२५७३०।- को हिसाव पेश हुनुपर्दछ ।

२.४. फुङलिङ नगरपालिकाले पेश गरेको एकिकृत आय-व्ययको जम्मा तथा जि.वि.स. फिर्ता रु.२,७६,२८,२५९।- र आन्तरिक श्रोत रु.१९,८४,२६९।- गरी जम्मा रु.२,९६,१२,५२८।- रहेको छ । फुङलिङ न.पा.ले पेश गरेको बैंक बाँकी विवरण अनुसार रु.४,३९,०५,४३४।- देखिन्छ । आ.वि.को बाँकी भन्दा बैंक बढि बाँकी रु.१,४२,९२,९०५।- को हिसाव एकिन गरी पेश हुनुपर्दछ ।

२.५. स्थानीय तहको आन्तरिक श्रोततर्फको रु.१९,३८,८२६।- मौज्दात फिर्ताको पुष्ट्याई पेश हुनुपर्दछ ।

२.६. आर्थिक विवरण तयार गर्दा साविक स्थानीय तहको जिम्मेवारीलाई नसारी तथा बाँकीमा समेत समावेश नगरी आर्थिक विवरण तयार गरेकोले सोलाई समेत समावेश गरी आर्थिक विवण तयार गर्नुपर्दछ ।

२.७. आर्थिक विवरणको आयतर्फको जम्मा महलमा जोडजम्मा समेत फरक पारी पेश गरेकोले यकिन गरी पेश गर्नुपर्दछ ।

३. **कार्यक्रम फरक** : स्थानीय निकाय श्रोत परिचालन कार्यविधि, २०६९ बमोजिम परिषदबाट वार्षिक वजेट पारित गराउदा प्रशासनिक खर्च समेतको वजेट वाडफाड गरी स्वीकृत गराउनु पर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्न छन ।

३.१. वडा.नं १० नगरपरिषदबाट पारित भए अनुसार एक शैक्षिक संस्थाको खेल मैदान मर्मत तथा विस्तारका लागि रु.२०,६४३।- को कार्यक्रम स्विकृत भएकोमा फर्निचर खर्च लेखेको दखिएकोले नियमित देखिदैन ।

३.२. वडा.नं ११ एक सिचाइ कुलो मर्मत कार्यक्रम स्वीकृत भएकोमा काडे खोला सिचाइ कुलो बनाई भुक्तानी भएको देखिएकोले रु.५,४३,८०७।- स्वीकृत कार्यक्रम वेगर खर्च गरेकोले नियमित देखिँदैन ।

४. **सक्कल विल** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा सक्कल विजक लिनु पर्ने व्यवस्था छ । बडा नं १० भौ नं ४ मिति २०७४।०३।२५ बाट औषधि खरीद रु.३० हजार परीवार नियोजन इम्प्लान्ट सामान खरीद रु.४५ हजार स्वयंसेविका प्रोत्साहन भत्ता रु.४३,२००।- समेत जम्मा रु.१,१८,२००।- खर्च लेखेको सक्कल विल पेश नभएकोले बिल पेश हुनुपर्दछ ।

५. **सोझै खरिद** : स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम ७८ मा रु.१० लाख भन्दा बढीको खरिद गर्दा बोलपत्र माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । वडा नं १० अन्तर्गत गाविस भवन तथा सभाहल मर्मत सुधार कार्य रु.८ लाख ५९ हजार बजेटबाट उपभोक्ता समिति वा निर्माण व्यवसायी साथै मर्मत समिति बनाइ खर्च गर्नुपर्नेमा सो बमोजिम नगरी एक सचिवलाई सोझै पेश्की दिइ खर्च लेखेकोले नियमसंगत देखिएन ।

६. **मालपोत :** वडा नं. ११ ले मालपोत दस्तुर रु.१,७३०।- र अन्य सेवा दस्तुर रु.३,३००।- समेत जम्मा रु.५,०३०।- राजस्व असूल गरी बैंक दाखिला गर्नुपर्नेमा नगदै खर्च गरेकोले उक्त खर्च नियमसंगत नभएको ।

**संघीय संरचना पूर्वाधार तर्फ**

७. **निर्माण कार्य :**स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम ७८ मा रु. १० लाख भन्दा बढीको खरिद गर्दा बोलपत्र माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक निर्माण कार्य खरिद गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार गर्नुपर्नेमा फुङलिङ नगरपालिकाको पुरानो भवन मर्मत सुधारको काम टुक्रा टुक्रा पारी कार्य गरे गराएको पाइयो । सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार एकिकृत रुपमा लागत अनुमान तयार गरी शिलबन्दी दरभाउपत्र मार्फत कार्य गराउनु पर्नेमा कार्यालयले ३ निर्माण व्यबसायी संग रु. १४ लाख २७ हजारको सिधै खरिद गरेकोले एकीकृत लागत अनुमान तयार गरी प्रतिस्पर्धाबाट गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

८. **खरीद :** स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम ७८ मा रु.१० लाख भन्दा बढीको खरिद गर्दा बोलपत्र माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनीक खरीद ऐन तथा नियमावली अनुसार कार्यालयलाई आवश्यक पर्ने सामानको बार्षिक खरीद योजना बनाई तोकिएको प्रकृया अनुसार शिलबन्दी दरभाउपत्र मार्फत एकिकृत रुपमा मितव्ययी तरीकाले खरीद गर्नुपर्नेमा पटक पटक खुल्ला दर लिई तीन आपूर्तीकर्ताबाट रु.२८ लाख ५७ हजारको अफिस सामान कम्प्यूटर लगायतका उपकरण सिधै खरिद गरेको छ । सामान खरिद गर्दा तोकिएको प्रक्रिया पूरा गरेर मात्र गर्नुपर्दछ ।

९. **अग्रिम कर :-** आयकर ऐन २०५८ को दफा ८९ अनुसार कुनै सामान खरिद गरि भुक्तानी दिंदा भुक्तानी रकमको १.५ प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था छ । एक हार्डवेर्यस सेन्टर लाई रु.१ लाख ९३ हजार भुक्तानी गर्दा कट्टा गर्नुपर्ने रु.२९००। कट्टा नगरेकोले असूल हुनुपर्दछ ।

१०. **वहाल कर :** स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २१९ मा भुक्तानी दिदा कर कटाउनु पर्ने व्यवस्था छ । आयकर ऐन २०५८ अनुसार कुनै कार्यालयले बहाल तथा भाडा भुक्तानी दिंदा भुक्तानी रकमको अग्रिम कर कट्टी गर्नु पर्नेमा उपभोक्ता समिति मार्फत सडक निर्माण तथा मर्मत कार्यका लागि डोजर भाडा बापत ४ आपूर्तिकर्ताहरुलाई १० भौचर बाट ५३ लाख ७३ हजार भुक्तानी दिंदा सो वापतको १० प्रतिशतको दरले रु.२ लाख ३१ हजार कर कट्टी नगरी पूरै भुक्तानी गरेकोले असूल गर्नुपर्दछ ।

११. **टहरा निर्माण नगर क्षेत्र पूर्वाधारतर्फ** : साझेदारी कार्यक्रम सदरमुकाममा टहरा निर्माण साझेदारी हिस्सा नभई रु.११६९४०९।- भुक्तानी भएकोले कार्यक्रमको उद्धेश्य अनुरुप साझेदारीमा कार्य भएको नपाइएकोले नियमसंगत देखिएन ।

१२. परामर्शदाता तर्फ देखिएको व्यहोरा देहाय बमोजिम छ ।

१२.१. एक इन्जीनियरीङ कन्सल्टेन्सीलाई निर्माण कार्यको ड्इङ डिजाइनसम्बन्धी परामर्श कार्य वापत रु.२५००००।- भुक्तानी दिएकोमा स्विकृत कार्यक्रम पेश नभएकोले भुक्तानी दिने आधार पेश हुनु पर्दछ ।

१२.२. निर्माण व्यवसायीले उपकरण मर्मत कार्यका लागि फोटोकपी विलबाट भ्याट सहितको रकम रु. ३३४३२।१६ भुक्तानी गरेकोमा सो को सक्कल बिल पेश हुनुपर्दछ ।

१३. **सामाजिक सुरक्षा :** नगरपालिकाको सामाजिक सुरक्षा भत्ता पाउने नागरीकहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्न दिएको पेश्की फछर्योट गरेर मात्र पुनः पेश्की दिने कानुनी व्यवस्था भएकोमा एक कर्मचारीलाई पहिलेको पेश्की फछर्योट नगरी पुनः थप पेश्की समेत रु.२,७०,६५,६००।- पेश्की उपलब्ध गराएकोमा हालसम्म फछर्यौट गरेको छैन । पेश्की बाँकीको विवरण उपलब्ध नगराएको तर आन्तरिक लेखापरीक्षण प्रतिवेदन र कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रमाणित गरेको आर्थिक विवरणमा रु.१,२१,००,०००।- मात्र पेश्की कायम भएको देखिन्छ । तर कार्यालयको स्रेस्ताबाट निज कर्मचारीलाई रु.२,७०,६५,६००।- पेश्की दिएको दखिएकोले सो सम्वन्धमा छानविन गरी पेश्की एकिन गर्ने र फछर्यौट नगर्नेलाई प्रचलित कानुन बमोजिम जिम्मेवार बनाई समयमै फछर्यौट हुनुपर्दछ ।

१४. **कल्याण कोष :** नगरपालिकाले पेश गरेको बैंक तथा स्रेस्ता अनुसार कर्मचारी कल्याण कोषको मौज्दात रु.१,००,०००।- देखाएको छ । मिति २०७३।११।२८ मा स्थानीय तह कर्मचारी कल्याण कोषको मौज्दात सो कोषमा समावेश नगरेकोले सोको हिसाव समेत एकिन गरी आर्थिक विवरण पेश हुनुपर्दछ ।

१५. **धरौटी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ ले धरौटी रकम जम्मा गर्दा पेश गरेको नगदी रसिदको आधारमा मासिक रुपमा धरौटी श्रेस्ता अद्यावधिक गरी वैंक खातासँग भिडान गर्नुपर्ने व्यवस्था छ गत आ.व.को धरौटी अ.ल्या. सहित यस बर्ष रु.२,२०,०७७।- थप भई रु.५,६२,३३३।- फिर्ता हुदा रु.७,८२,४११।- बैंक मौज्दात देखाइएको छ । यसमा गतको मौज्दात अ.ल्या. गरेको, आम्दानी भन्दा बढि धरौटी फिर्ता गरेको र बैंक स्टेटमेन्ट समेत धरौटीको स्रेस्ताहरु पेश नभएको हुँदा छानविन गरी धरौटी हिसावको एकिन गर्नुपर्दछ ।

१६. **पेश्की**: स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (१) मा पेश्की दिने र फछ्र्यौट गर्ने सम्बन्धी व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको पेश्की वांकीको विवरण अनुसार आर्थिक वर्षको अन्त्यमा गजुरमुखी थेवे निर्माण सेवा जे.भीको नाममा रहेको पेश्की रु.१६,९३,०००।- विमला देवि थापाको रु.३५३८७५।-, नेपाल पत्रकार महासंघको रु.५०,०००।-, लक्ष्मी वनेमको रु.६,०००।, जगदिश घिमिरेको रु.४,०००।-, कौशिला अधिकारीको रु.२०,०००।-, इन्दुहाङ पालुङ्गवाको रु.१६,०००।- र बैंक लाइन बाटो निर्माण समितिको रु.३,००,०००।- समेत रु.४२,४२,८७५।- पेश्की फछ्र्यौट हुन बांकी देखिएकोले नियमानुसार फछ्र्यौट गरी प्रमाण पेश हुनुपर्दछ ।

१६.१. **फरक पेश्की** : ट्याक्सी पार्कदेखि विरेन्द्र चोक लाभग्राहीको नाममा कायम गरेको पेश्की बेरुजुमा रु.३०,००,०००।- र स्थानीय तहले पेश गरेको पेश्की बेरुजु फाँटवारीमा रु.३,००,०००।- कायम भएकोले एकिन गरी यथार्थ विवरण पेश गर्नुपर्दछ ।

१७. **स्वीकृत कार्यक्रम :** स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम संचालन गर्नुपर्दछ । नगर परिषदबाट स्विकृत भएका कार्यक्रमहरु मध्ये ७ कार्यक्रमहरु संचालन भएको पाइएन । कार्यक्रम सञ्चालन गरि प्रगति हासिल गर्नेतर्फ समयमै ध्यान दिनुपर्दछ ।

१८. **वेरुजु अभिलेख :** संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको आर्थिक कारोवार तथा खाता संचालन व्यवस्थामा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम स्थानीय तहमा समाहित भएका साविकका स्थानीय तहको नाममा रहेको पेश्की तथा वेरुजु अभिलेख समायोजन भएको गाउिपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा वेरुजु सम्परीक्षण कार्य गर्नु पर्दछ । स्थानीय तहमा वेरुजु अभिलेख, पेश्की बाँकीको विवरण तथा सो को फछ्र्यौटको अभिलेख राखेको पाईएन ।

१९. मुल्य अभिवृद्धि कर सम्वन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छ ।

१९.१. **मूल्य अभिवृद्धि करको जानकारी** : मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क कमोजिम ठेक्का दिने सरकारी निकायले आफूले गरेको ठेक्का सम्झौता र कर भूक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनु पर्ने व्यवस्था छ । स्थानीय तहले गरेको मु.अ.कर भुक्तानीको जानकारी दिएको नपाइकोले जानकारी दिनुपर्दछ ।

१९.२. **आन्तरिक आम्दानी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २ मा कार्यालयले प्राप्त गरेको आम्दानी गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी प्राप्त भएको भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाले सेवा दस्तुर तथा एकीकृत सम्पत्ति कर बापत उठाएको राजश्व २०७३ श्रावण, पौष, २०७४ जेष्ठ र आषाढको स्रेस्ता नमुना छनौट गरी परीक्षण गर्दा देखिएको व्यहोराहरु निम्नानुसार छन् ।

१९.२.१. मुलकोष खाताको बैक नगदी किताबमा रु.१,११,८२२।५० आम्दानी भएको तर बैक स्टेटमेन्टमा जम्मा भएको नदेखिएकोले सो सम्वन्धमा एकिन गरी संम्बन्धितलाई जिम्मेवार गराउनु पर्दछ ।

१९.२.२. मुल कोष खातामा जम्मा हुनुपर्ने आन्तरीक आम्दानीको रकम रु.३३,२६२।५० धरौटी खातामा जम्मा भएको पाइयो । सो रकम मुलकोषमा जम्मा हुनु पर्दछ ।

१९.२.३. आन्तरीक आम्दानी रु.९९,१९७।५० मुलकोष खातामा जम्मा हुनुपर्नेमा जम्मा गरेको नपाईएकोले यकिन गरी आम्दानी बांध्नु पर्दछ ।

१९.२.४. एकिकृत सम्पति कर बापत २ नगदी रसिद कार्यालय प्रमुखको स्वीकृत बेगर रद्घ गरेकोले सो वापतको रु.५ सय ६० असुल गर्नुपर्दछ ।

१९.२.५. सम्पत्ति कर वापतको दाखिला बाकी रु.१८०। मुलकोषमा दाखिला नभएकोले असूल गरी दाखिला हुनु पर्दछ ।

१९.२.६. अन्य सेवा दस्तुर वापतको ७ नगदी रसिदको आम्दानी रु.२१००। बैंक दाखिला गर्न बाँकी भएकोले दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

१९.२.७. विविध आम्दानीतर्फ प्रयोग भएका रु.५८,५२०। का विभिन्न ३४ थान रसिदहरु कार्यालय प्रमुखको स्विकृती बेगर रद्ध गरेको पाइयो । यसरी रसिद रद्द हुनुका कारण खुलेन । एकिन गरी प्रमाण हुनुपर्दछ ।

२०. **लेखापरीक्षण बेरुजु** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । तर आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजू अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट गरेको नदेखिंएकोले देहायका बेरुजूका सम्बन्धमा आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

२०.१. आशिका आयल सप्लायर्स ताप्लेजुङ्गबाट रु.२,०५,७७७ को २५०० लिटर डिजेल खरिद भएको मध्ये सवारी लगबुक अनुसार २३३ लिटर इन्धन मात्र खर्च भएको छ । बाँकी २३६७ लिटर इन्धन खर्च गरेको रु.१,८७,३३६।२१ लगबुक पेश नभएकोले सो को प्रमाण पेश गर्नुपर्दछ ।

२०.२. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५३(१) अनुसार मालसामान मर्मत गर्दा लागत अनुमान तयार गराउनु पर्ने, सोही नियमको उपनियम ३ अनुसार खरिद भएका नयाँ पार्टपुर्जाका सामान जिन्सी खातामा दाखिला गरी आम्दानी बाँध्नु पर्ने व्यवस्था छ । कार्यालयबाट बा २ म १२६१ नं. को गाडी मर्मत खर्च रु.५०,४५४।५० गरेकोमा लागत अनुमान तयार गरी स्वीकृत गर्ने तथा सामान जिन्सी दाखिला गरेको नदेखिएकोले दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

२०.३. धरौटी खातामा दाखिला गर्न रु.१३६,९७०।५१ खर्च जनाएको पाइयो । सो खातामा रकम जम्मा भएको प्रमाण पेश हुनुपर्दछ ।

२०.४. ट्याक्सी स्टल हुँदै विरेन्द्र चोक सम्मको उपभोक्ता समितिको नाममा रहेको निर्माण पेश्की रु.३०,००,०००।- नियमानुसार फछ्र्यौट गरी प्रमाण पेश हुनुपर्दछ ।

२१. **साविक हाङदेवा तर्फको लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम छ ।**

२१.१. **मालपोत**:- स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५(ख) मा मालपोत वा भूमिकरको २५ प्रतिशत जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । गा.वि.स.ले मालपोत वापत संकलन गरेको रु.१३१७७। को २५ प्रतिशतले हुन आउने रू.३,२९४।२५ जिल्ला समन्वय समितिमा फिर्ता नगरी चिरन्जिवी वनले तहबिलमा राखी भौ.न १ मा खर्च लेखेको देखियो । जि.स.स.मा पठाउने मालपोत वापतको रकम तहबिलमा राखि खर्च गरेको पाइएकोले असूल गर्नुपर्दछ ।

२१.२. **तहबिल खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २ मा कार्यालयले प्राप्त गरेको आम्दानी गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने उल्लेख छ । कार्यालयले आन्तरिक आयको रु.६४२७।०० बैंक दाखिला नगरी सोझै खर्च लेखेको नियम सम्मत देखिएन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२१.३. **आन्तरिक लेखापरीक्षण :**- स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औल्याएको निम्नानुसारको बेरुजू अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट गरेको नदेखिएकोले देहायका व्यहोरा नियमावली अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

२१.३.१. आयकर ऐन, २०५८ वमोजिम कट्टी गरेको अग्रिम कर रु.१,३८०।-, सामाजिक सुरक्षा कर रु.९००।, पारिश्रमिक कर रु.३,०३०।- र कर्मचारी संचय कोष रु.१४,१८८।८० र बिमा रु.१,२००।- को दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

२१.३.२. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१(१) मा पेश्की फछ्र्वयौट सम्वन्धी व्यवस्था गरेको छ । कार्यालयले उपलव्ध गराएको पेश्की वांकीको विवरण ६ व्यक्तिको नाममा रहेको पेश्की रु.४,४६,२५८।- फछ्र्यौट हुन बांकी देखिएकोले फछ्र्यौट गरी प्रमाण पेश गर्नुपर्दछ ।

२१.४. **मालपोत** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५(ख) मा मालपोत वा भूमिकरको २५ प्रतिशत जिल्ला विकास समितिलाई बुझाउनु पर्ने व्यबस्था छ । गा.वि.स.ले मालपोत वापत संकलन गरेको रु.१२,१७३।६२ को २५ प्रतिशतले हुन आउने रू.३,०४३।०४ जिल्ला समन्वय समितिमा फिर्ता नगरी नारायण दाहालले तहबिलमा राखी भौ.न १ मा खर्च लेखेको देखियो । जिल्ला समन्वय समितिमा पठाउने मालपोत वापतको रकम तहबिलमा राखि खर्च लेखेको नियमसम्मत देखिएन । यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।

२१.५. **आय रसिद पेश :** स्थानीय निकाय रहे सम्मको को मालपोत रसिद विविध आम्दानीको रसिद तथा आय लेखापरीक्षणको क्रममा पेश नभएकोले कार्यालयले छानविन गरी जिम्मेवार बनाई हिसाव पेश गर्नुपर्दछ ।

२१.५.१. **अग्रिम कर :** आयकर ऐन २०५८ अनुसार कुनै सामान खरिद गरि सो को भुक्तानी दिंदा भुक्तानी रकमको १.५ प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था छ । एक आपूर्तकबाट मोटरसाईकल खरिद वापत अग्रिम कर कट्टी गरेको रु.३,११८।०० दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

२१.५.२. धरौटी खातामा बैंक मौज्दात रु.५६,६००।०० रहेकाको सो आर्थिक विवरणमा समावेश नगरेकोमा समावेश हुनु पर्दछ ।

२२. **साविक फावाखोला तर्फको लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम छ ।**

२२.१. **मालपोत फिर्ता**:- स्थानीय स्वायत्त शासन ऐन,२०५५ को दफा ५५(ख) मा मालपोत वा भूमिकरको २५ प्रतिशत जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । गा.वि.स.ले मालपोत वापत राजश्व संकलन गरेको रु.८,४००।- को २५ प्रतिशतले हुन आउने रू.२,१००।- जिल्ला समन्वय समितिमा फिर्ता नगरी इन्द्रकला गुरुङले तहबिलै राखी भौ.न २२ मिति २०७३।११।२६ मा खर्च लेखेको देखियो । जिल्ला समन्वय समितिमा पठाउने मालपोत वापतको रकम तहबिलमा राखि खर्च गरेको उक्त रकम जिल्ला समन्वय समितिको खातामा अविलम्ब जम्मा गर्नु पर्दछ । साथै अन्य आम्दानीको रेर्कड पेश नभएकोले सो एकिन गरी आम्दानी दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

२२.२. **लेखापरीक्षण बेरुजु :**- स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको देहायका बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औल्याएको निम्नानुसारको बेरुजू अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट गरेको नदेखिंदा सो बेरुजू नियमावली अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

२२.२.१. बाल बिकास भवन निर्माणको लागि अध्यक्ष श्री युवराज भट्टराईलाई रु.१०००००।- पेश्की दिएकोमा फछ्र्यौट नभएकोले फछ्र्यौट गर्नुपर्दछ ।

२२.२.२. कट्टा गरि दाखिला नभएको अग्रिम कर रु.१७३५६।- दाखिला गर्नुपर्दछ ।

२३. **आन्तरिक नियन्त्रण:** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम जिन्सी, लेखा, नगद, कार्यक्रम खर्च, जिन्सी निरीक्षण, प्रशासनिक खर्च लगायतमा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएकोले नियमावलीमा भएको व्यवस्था अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्दछ ।

## बेरुजु स्थिति

यो वर्ष लेखापरीक्षणवाट रु.४ करोड ४७ लाख ४१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि प्रतिक्रियावाट हट्न सकेको पाइएन । प्रारम्भिक प्रतिवेदनमा कायम बेरुजु मध्ये रु.८ लाख ५ हजार असूल गर्नुपर्ने, रु.८७ लाख ८२ हजार अनियमित र रु.३ करोड ५१ लाख ५४ हजार पेश्की फछ्र्यौट गर्न बाँकी रहेको छ ।

# आठराई त्रिवेणी नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.१ लाख ७६ हजार र यो वर्ष रु.२ करोड ९८ लाख ४० हजार भई रु.३ करोड १६ हजार खर्च भई रु.२ करोड ४४ लाख २४ हजार खर्च भई ५५ लाख ९२ लाख मौज्दात रहेको छ । सो कारोवारको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा देहायअनुसार छन् ।

१. **मौज्दात हस्तान्तरण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने उल्लेख छ । गाभिएको ३५ दिनभित्र नगदी बाँकी भए नगद लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका स्थानीय निकायलाई नयाँ संरचना अनुसार गाउँपालिकामा समाहित गर्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा साविक जिम्मेवारी हस्तान्तरण गरिएको छ ।

२. **जिम्मेवारी नसारेको**: साविक गाउं बिकास समितिहरुबाट पेश भएको आर्थिक विवरण अनुसार साविक निघुरादिन गा.वि.स. र साविक फुलबारी गा.वि.स.को आन्तरिक स्रोत तर्फ क्रमश रु.२,२९८।- र रु.३५,७५५।- गरी कूल रु.३८,०५३।- मौज्दात देखिएकोले उक्त रकम आठराई त्रिवेणी गाउँपालिकाको बैंक खातामा दाखिला गरेको नदेखिएकोले दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

३. **फुलबारी गाउँ विकास समिति**

३.१. **तहबिल खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४(२) मा कार्यालयले प्राप्त भएको आम्दानी गोस्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोलिपल्ट सम्ममा बैंक दाखिला गर्नुपर्ने उल्लेख छ । कार्यालयबाट प्राप्त आय रु.१७२४८।- बैंक दाखिला नगरी निकायको परिषदको स्वीकृति वेगर खर्च गरेकाले सो रकम असूल हुनुपर्दछ ।

३.२. **वहाल कर :** आयकर ऐन, २०५८ अनुसार कुनै कार्यालयले बहाल तथा भाडा भुक्तानी दिँदा भुक्तानी रकमको १० प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था छ । विभिन्न उपभोक्ता समितिहरुले भुक्तानी लिंदा भारी उपकरण प्रयोग गरी निर्माण गरिएको भनी बिल पेश गरी रु. १०,६४,०००।- भुक्तानी लिएको दखिन्छ । सो वापतको १० प्रतिशतका दरले अग्रिम कर रु. १,०६,४००।- कट्टी गर्नुपर्नेमा रु १५,८११।- मात्र कट्टा गरेकोले नपुग रु.९०,५८९। ५८९.०० असूल गर्नुपर्दछ ।

३.३. **अग्रिम आयकर :** आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न भुक्तानीमा गरिएको अग्रिम कर रु.२,१२२।- दाखिला नगरेकोले दाखिला गर्नुपर्दछ ।

३.४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ (१) मा पेश्की सम्बन्धी व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको पेश्की वांकीको विवरण अनुसार आर्थिक वर्षको अन्त्यमा महिला भवन वापतको नाममा रहेको पेश्की रु. १,३०,०००।- ढाका बुनाई को लागि दिएको पेश्की रु.६४,०००।- समेत जम्मा रु. १,९४,०००।- फछ्र्यौट हुन बांकी देखिएकोले समयमै फछ्र्यौट हुनुपर्दछ ।

३.५. **दाखिला :** स्थानीय स्वायत्त शासन ऐन,२०५५ को दफा ५५(ख)मा मालपोत वा भूमिकरको २५ प्रतिशतजिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । मालपोत वापत असूली भएको मध्ये जिल्ला समन्वय समितिले पाउनुपर्ने रु.३,८६५।- दाखिला गरेको नदेखिएकोले दाखिला हुनुपर्दछ ।

**आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु देहाय बमोजिम छन ।**

३.६. **जिन्सी निरीक्षण:** प्रत्यके आर्थिक वर्ष समप्त भएपछि कार्यालयमा विद्यामान रहेको जिन्सीको अवस्था छ भनि जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था भएकोमा सो भएको पाईएन । निरीक्षण नहुदा जिन्सी समान कार्यालय प्रयोजनमा नै खर्च भएको एकीन हुने अवस्था नहुँदा निरीक्षण हुनुपर्दछ ।

३.७. **विविध खर्च** : गाँउपरिषद, अन्य सभा समारोहमा खाजा, खाना नास्ता लगायतका खर्चहरुको भर्पाइहरु पेश गरी भुक्तानी लिएको पाईयो । खाना, नास्ता, चिया आदिको खर्च गर्ने मापदण्ड नखुलाई खर्च गरेको पाईयो । शीर्षक अन्तरगत धेरै खर्च देखिएकोले यस्ता खर्चलाई अविलम्ब नियन्त्रण गरिनु पर्दछ ।

३.८. **विविध :** स्थानिय स्वयत्ता शासन ऐन, २०५५ तथा नियमावली, २०५६,स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम जिन्सी, लेखा, नगद,कार्यक्रम खर्च, प्रशासनिक खर्च लगायतमा आन्तरिक नियन्त्रण प्रमावकारी बनाउनु पर्ने व्यवस्था छ । कार्यालयले प्रत्येक पदको कार्य विवरण बनाई कार्यन्वयन नगरेको, सामाग्री खरिदको लागत अनुमान तयार नगरेको,भ्रमण प्रतिवेदन तयार नगरेको, खरिद योजना नबनाएको, टुकापारी खरिद गरेको आदि अवस्था रहेको छ । कामको प्रकृतिअनुसार आन्तरिक नियनत्रण प्राणली तयार गरी कार्य सम्पदनलाई नियन्त्रण,मितव्ययी र पारदर्शी एबम भरपर्दो बनाउनु पर्दछ ।

४. **साविक हाङपाङ तर्फको लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम छ।**

४.१. **तहविल खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४(२) मा कार्यालायले प्राप्त गरेका आम्दानी गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोलिपल्ट बैंक दाखिला गर्नुपर्नेमा साविकको हाङपाङ गाविस अन्तरगत विविध आन्तरिक आम्दानी वापतको रु.४,९१७- वैक दाखिला नगरि परिषदको निर्णय वेगर नगदै खर्च गरेकोले दाखिला गरी प्रमाण पेश गनुपर्दछ ।

४.२. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९२ मा पेश्की म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ। एक गुम्बा निर्माणका लागि दिएको पेश्की रु.२,००,०००।- आर्थिक वर्षको अन्त्य सम्ममा पनि फछ्र्यौट गरेको नदेखिएकोले फछ्र्यौट हुनुपर्दछ।

४.३. **कर दाखिला :** आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ। निकायले आर्थिक वर्षको अन्त्यसम्ममा दाखिला नगरेको रु.४७५।- राजस्व दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ।

४.४. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५(ख)मा मालपोत वा भूमिकरको २५ प्रतिशत जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। मालपोत वापत असूली भएको मध्ये नियमानुसार जिल्ला विकास समितिले पाउनुपर्ने रु.७७५।- दाखिला गर्न बाँकी रहेकोले दाखिला गर्नुपर्दछ।

४.५. **लेखा :** प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत वडा कार्यालय तथा साविकका चारवटै गाउँ विकास समितिहरुले २०७३ फागुन २७ सम्मको बैंक नगदी किताबमा जोड जम्मा नगरेको, खर्चको फाँटवारी, पेश्की बाँकीको विवरण नबनाएको साथै बैंक नगदी किताब, जिन्सी खाता समेत प्रमाणित नगरेको कारण आर्थिक कारोबार नियमसंगत छ भनीविश्वश्त हुन सकिएन। वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्नुपर्दछ।

५. **साविक चाँगे तर्फको लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम छ।**

५.१. **वहाल कर :** आयकर ऐन २०५८ अनुसार कुनै कार्यालयले बहाल तथा भाडा भुक्तानी दिँदा भुक्तानी रकमको १० प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था छ । निम्न लिखित सम्बन्धित उपभोक्ता समितिहरुले भुक्तानी लिंदा भारी सवारी साधन प्रयोग गरी निर्माण गरिएको बिल पेश गरी रु. ९२,५८,०००।- भुक्तानी लिएको देखिन्छ। ऐन अनुसार १० प्रतिशतका दरले अग्रिम कर रु. ९,२५,८००।- कट्टी गर्नुपर्नेमा रु १०,५२०।- मात्र कट्टा गरेकोले सम्बन्धितलाई जिम्मेवार बनाई नपुग रु.८२,१६०।- असूल गरी प्रमाण पेश गर्नुपर्दछ।

५.२. **अग्रिम कर :** आयकर ऐन २०५८ अनुसार सामान खरिद गरि भुक्तानी दिदां भुक्तानीको १.५ प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था छ। एक स्टेशनरी एण्ड सप्लायर्सलाई रु.३००००। भुक्तानी गर्दा कट्टा गर्नुपर्ने अग्रिमकर रु.४५०।- कट्टा नगरेकोले असूल दाखिला प्रमाण पेश हुनुपर्दछ।

५.३. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ। मामांसा सिंचाई कुलो निर्माण गर्न एक कर्मचारीलाई दिएको पेश्की रु.८२,५००।- रस्टेचर खरिद गर्न रु.१०,०००।- समेत जम्मा रु ९२,५००।- नियमानुसार फछ्र्यौट हुनुपर्दछ।

५.४. **कर दाखिला :** आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भुक्तानीमा कट्टी गरिएको कर रु.१४,०२९।- दाखिला नभएकोले दाखिला हुनुपर्दछ।

५.५. **दाखिला :** जिल्ला समन्वय समितिमा दाखिला गर्नुपर्ने रु.२७८।- दाखिला गर्नुपर्दछ।

६. **साविक आठराई त्रिवेणी तर्फको लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम छ।**

६.१. **वहाल कर:** आयकर ऐन २०५८ अनुसार कुनै कार्यालयले बहाल तथा भाडा भुक्तानी दिँदा भुक्तानी रकमको १० प्रतिशतको दरले अग्रिम आर्थिक कट्टी गर्नु पर्ने व्यवस्था छ । उपभोक्ता समितिलाई भुक्तानी दिंदा भारी सवारी साधन प्रयोग गरी निर्माण गरिएको रु. १०,८३,९५०।- भुक्तानी लिएको दखिन्छ। सो वापतको १० प्रतिशतका दरले अग्रिम कर रु. १,०८,३९५।- कट्टी गर्नुपर्नेमा रु १५,७३५।- मात्र कट्टा गरेकोले घटी कर रु. ९२,६३०।- असूल गर्नुपर्दछ।

६.२. **अग्रिम कर :** आयकर ऐन बमोजिम भत्ता वापतको भुक्तानी दिदां १५ प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नु पर्ने व्यवस्था छ । एक लेखापरीक्षकलाई रु.६,०००।- भुक्तानी गर्दा कट्टा गर्नुपर्ने रु.९००।- कट्टा नगरेकोले असूल हुनुपर्दछ ।

६.३. **भ्रमण भत्ता :** भ्रमण खर्च नियमावली २०७४ को बमोजिम भ्रमण गरी फर्केको दिन एक चौथाइ मात्र भ्रमण भत्ता पाउनेमा २ जना कर्मचारीलाई ३ दिनको रु. १,०००।- मात्र भुक्तानी दिनु पर्नेमा रु ४,०००।- भुक्तानी गरेकोले बढी खर्च रु.३,०००।- असूल गर्नुपर्दछ ।

६.४. **लगत बाँकी :** विगत आ.व. २०७३।७४ सम्ममा आठराई गाउँपालिका अन्तर्गतका साविक गा.वि.स.हरुको उठ्न बाँकी लगत एकिन गरी समयमा नै असूल गर्नुपर्दछ ।

६.५. **लेखा :** प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत वडा कार्यालय तथा साविकका चारवटै गाउँ विकास समितिहरुले २०७३ फागुन २७ सम्मको बैंक नगदी किताबमा जोड जम्मा नगरेको, खर्चको फाँटवारी, पेश्की बाँकीको विवरण नबनाएको साथै बैंक नगदी किताब, जिन्सी खाता समेत प्रमाणित गरेको देखिएन । जसबाट आर्थिक कारोबार नियमसंगत नै भएको छ भन्न सकिएन । वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्नुपर्दछ ।

६.६. **वेरुजु अभिलेख :** संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोवार तथा खाता संचालन व्यवस्थामा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका निकायको नाममा रहेको पेश्की तथा वेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार पेश्की फछर्यौट तथा वेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । स्थानीय तहमा बेरुजु अभिलेख, पेश्की बाँकीको विवरण तथा सोको फछर्यौटको अभिलेख रहेको पाईएन ।

## बेरुजु स्थिति

यो वर्ष लेखापरीक्षणवाट रु.७ लाख ३३ हजार बेरुजु रहेकोमध्ये रु.१ लाख ९९ हजार असूल गर्नुपर्ने, अनियमित रु.४७ हजार र रु.४ लाख ८७ हजार पेश्की गर्न बाँकी छ ।

# सिदिङ्गबा गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.३ लाख ६९ हजार यो वर्षको आय रु.४ लाख १२ लाख ६७ हजार समेत ४ करोड १६ लाख ३६ हजार आय भई रु.३ करोड ४१ लाख ७५ हजार खर्च गरी रु.७४ लाख ६१ हजार बाकी रहेको छ। सो कारोवारको लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय अनुसार छ ।

१. **संस्थागत सुशासन, वित्तीय जवाफदेहिता :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ४५ मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, नगद मौज्दात तथा आयकर कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन र तिनिहरूको पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ तर जोखिमहरु पहिचान नगरेको , अनुगमन तथा सुपरीवेक्षण नगरेको, बेरुजू फछ्र्यौट नगरेको, संक्षिप्त वार्षिक प्रतिवेदन तयार नगरेको, अधिकार र जिम्मेवारी नतोकिएको, जिन्सी निरीक्षण नगरेको, जिन्सी संकेत प्रदान नगरेको, मर्मत अभिलेख नराखेको, जिन्सी हस्तान्तरण नगरेको, वार्षिक खरिद योजना नवनाएको , अनुगमन मूल्याङ्कन नगरेको र वार्षिक प्रगति प्रतिवेदन तयार गरी तालुक निकायमा नपठाएको जस्ता कमीकमजोरी देखिएका छन ।वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन उपरोक्त व्यहोरामा सुधार गर्नुपर्दछ ।

२. **आय विवरण :** एकिकृत आय-व्ययमा वडा कार्यालयल समेतको राजस्व, धरौटी, पेश्की, कल्याण कोषको बैंक मौज्दात भिडान हुने विवरण पेश भएन र फ्रिज तथा बाँकीको रु.१,५१,९४,८८७।- र आन्तरिक रु.३७,२५८।- हिसाव देखिने विवरण पेश हुनुपर्दछ ।

३. **सामानको संरक्षण एवं हस्तान्तरण** : आयकर कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ । नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई सामान जिम्मा लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख भएकोमा जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गरेको पाइएन । जिन्सी सामान हस्तान्तरण हुन नसक्दा लगत यथार्थ हुन नसक्ने, सामानको दुरुपयोग हुन सक्ने र सामान हराउन सक्ने सम्भावना रहेकोले साविक गाउँ विकास समितिमा रहेका सम्पूर्ण जिन्सी सामान लगत खडा गरी हाल गाभिएको गाउँपालिकामा दाखिला गर्नुपर्दछ ।

४. **साविक कालिखोला गा.वि.स. तर्फको :** लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय छन् ।

४.१. **आयकर :** आयकर ऐन २०५८ अनुसार कुनै कार्यालयले सामान खरिद गरि सोको भुक्तानी दिंदा भुक्तानी रकमको १.५ प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नु पर्ने व्यवस्था छ । दुई आपूर्तिकर्तालाई भुक्तानी दिंदा रु.५,२५०।- अग्रिम कर कट्टी नगरेकोले असूल गर्नुपर्दछ ।

५. **साविक सादेवा गाविस तर्फको :** लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय छन् ।

५.१. **आयकर :** आयकर ऐन २०५८ अनुसार भत्ता वापतको रकम भुक्तानी दिंदा १५ प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । भौ.नं.१०-२०७३/९/२१ बाट ग्रामिण विकास प्रशिक्षण केन्द्र, कवलपुरी, झापालाई रु.२५,०००।- भुक्तानी गर्दा कट्टा गर्नुपर्ने रु.३,७५०।- कट्टा नगरेकोले असूल हुनुपर्दछ ।

६. **साविक आँखोप गाविस तर्फको :** लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय छन् ।

६.१. **आयकर :-** आयकर ऐन २०५८ अनुसार सामान खरिदको भुक्तानी दिंदा भुक्तानी रकमको १.५ प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नु पर्ने व्यवस्था छ । आठ आपूर्तिकर्तालाई कार्यालय सामाग्री लगायतको भुक्तानी दिंदा रु.२३८२।९० अग्रिम कर कट्टी नगरेकोले असूल गर्नुपर्दछ ।

६.२. **बहाल कर :** एक उपभोक्ता समितिलाई रु.७५०००।०० भुक्तानि गर्दा हेभि इक्वीपमेन्ट प्रयोग गरेको भनी एक कन्ट्रक्सन एण्ड हेभी इक्वीपमेन्ट प्रा.लि.को रु.७५०००।० बिल पेश भएकोमा आयकर ऐन, २०५८ बमोजीम १० प्रतिशतका दरले रु.७५००।– असूल गर्नुपर्नेमा रु.११२५।– मात्र कट्टी गरेकोले रु.६३७५।– उपभोक्ता समितिलाई जिम्मेवार बनाई असूल गर्नुपर्नेछ ।

६.३. **अग्रिम आयकर :** आयकर ऐन २०५८ अनुसार सामान खरिद गरि सोको भुक्तानी दिँदा भुक्तानी रकमको १.५ प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ तर ४ आपूर्तिकर्ताहरुलाई कार्यालय सामान लगायतको भुक्तानी दिंदा रु.१,११०।- अग्रिम कर कट्टी नगरेकोले असूल गर्नुपर्दछ ।

६.४. **अग्रिम कर :** आयकर ऐन २०५८ अनुसार कार्यालयले भत्ता वापतको रकम भुक्तानी दिदां १५ प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । एक प्रशिक्षण केन्द्र मार्फत खर्च गर्दा अग्रिम कर रु.६,२५०।- कट्टी नगरेकोले असूल गर्नुपर्दछ ।

७. **बिल भर्पाई :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको खर्च गर्दा खर्चको पुष्टि हुने बिल भर्पाईहरु पेश नगरेकोले असूल गर्नुपर्दछ ।

७.१. संसद विकास कार्यक्रम अन्तर्गत सडक निर्माण रु.२,००,०००।– को खर्चमध्ये रु. २०,०००।- को विलभर्पाई पेश भएको छैन ।

७.२. आङखोप-१, साब्लाखु-८, विराजवारी वरडाँडा सिनाम पञ्चमी सडक निर्माण उपभोक्ता समितिलाई भुक्तानी रु.२,००,०००।- दिएको र उक्त रकमलाई प्रमाणित गर्ने विल भरपाई पेश भएको छैन ।

७.३. साब्लाखु खडका गाँउ सावादीन लिम्बुदिन कृषि सडक मोटरबाटो उपभोक्तालाई दिएको रु. २,००,०००।- पुष्टी गर्ने कागजात पेश भएको छैन ।

८. **साविक साब्लाखु गाविस तर्फको :** लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय छन् ।

८.१. **कर :** आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । तर कट्टी गरिएको सामाजिक सुरक्षा वापतको रु.३,०००।-, अन्य रु.६५५।- र पारिश्रमिक कर वापतको रु.७५०।- गरी जम्मा रु.४,४०५।- दाखिला गरेको प्रमाण पेश नभएकोले दाखिला गरेको् प्रमाण पेश गर्नुपर्दछ ।

८.२. **पेश्की :** आर्थिक वर्षको अन्त्यसम्ममा पाँच कर्मचारीको नाममा रु.२,११,०००।- पेश्की फछ्र्यौट बाँकी देखिएकोले आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार फछ्र्यौट हुनुपर्दछ ।

९. **साविक मेहेले गाविस तर्फको :** लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय छन् ।

९.१. **अग्रिम कर :** आयकर ऐन २०५८ अनुसार कुनै कार्यालयले सामान खरिद गरि सोको भुक्तानी दिंदा भुक्तानी रकमको १.५ प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । एक स्टेश्नरी सेन्टर एण्ड सप्लायर्स लाई भुक्तानी दिंदा रु.९००।- अग्रिम कर कट्टी गरेको नपाइएकोले रु.९००।- असूल गर्नुपर्दछ ।

९.२. **भ्रमण भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(४) मा सरकारी काजमा खटिएको पदाधिकारी वा कर्मचारीले काजबाट कार्यालय फर्केको दिनको पाउने दैनिक भत्ताको पच्चीस प्रतिशत पाउने व्यवस्था छ तर नियमावली विपरीत भौ.नं.५ मिति २०७३/६/६ वाट रु ६००।- र भौ.नं.८, १० र ११ मिति २०७३/६/४ वाट रु ९००। वढी भुक्तानि गरेको पाइएकोले सो रकम असूल गर्नुपर्दछ ।

१०. **पेश्की :** आर्थिक वर्षको अन्त्यसम्ममा चार कर्मचारीको नाममा गएको रु.२,०५,०००।- फछ्र्यौट हुन बाँकी देखिएकोले फछ्र्यौट हुनुपर्दछ ।

११. **जिविस दाखिला :** मालपोत वापतको रु.६४६।- जि.स.स.मा दाखिला गर्नुपर्नेमा गरेका नपाइएकोले दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

१२. **साविक सुरुम्खीम गाविस तर्फको :** लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय अनुसार छन् ।

१२.१. **कर :** आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम भुक्तानी भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ तर कट्टी गरिएको अग्रीम आयकर वापतको रु.५,९८९।- सम्वन्धीत खातामा दाखिला गरेको प्रमाण पेश नभएकोले दाखिला गर्नुपर्दछ ।

१२.२. **अग्रिम कर :-** आयकर ऐन २०५८ अनुसार कुनै कार्यालयले सामान खरिद गरि सोको भुक्तानी दिंदा भुक्तानी रकमको १५ प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । दुई आपूर्तिकर्तालाई कार्यालय सामान वापतको रु.४,४७०।- भुक्तानी दिंदा अग्रिम कर कट्टी नगरेकोले असूल गर्नुपर्दछ ।

१३. **मूल्य अभिवृद्धि कर :** सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएकोसंग खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न मितिमा खरिद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता नभएकोसंग खरिद गरेको पाइयो । यसरी खरिद गर्न मिल्ने देखिएन ।

१३.१. लक्षीत कार्यक्रम अन्तर्गत जातीय भेषभुसा खरिद गर्दा एक सिलाई तथा प्रशिक्षण केन्द्रको पान ९एबल० विलबाट मिति २०७३।९।१५ मा रु.७५८१५।०० को खरिद गरेको पाइयो ।

१३.२. जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत एक कपडा पसलबाट ब्लाङकेट खरिद गर्दा पानबाट रु.४८,०००।- को खरिद गरेको पाइयो ।

१३.३. भेषभुसा खरिद कार्यक्रम अन्तर्गत एक स्टोर्सबाट पान बिल अन्तर्गत रु.९०,१००।- पुँजीगत अनुसन्धान तथा परामर्श शीर्षक अन्तर्गत दीप्सन पुस्तक स्टेश्नरी तथा जनरल अडर्स सप्लायर्स ता.न.पा. ४ बाट पान विलवाट रु.८०,०००।- को खरिद गरेको पाइयो ।

१३.४. पुँजीगत अनुसन्धान तथा परामर्श शीर्षक अन्तर्गत एक ट्रेडर्स वाट पान विलबाट रु.९२,०००।- को खरिद गरेको पाइयो ।

१४. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार समयमै पेश्की फछ्र्यौट हुनुपर्दछ । आर्थिक वर्षको

अन्त्यसम्ममा चार कर्मचारीको नाममा गएको पेश्की रु.८,६५,०००।- फछ्र्यौट हुन बाँकी देखिएकोदले फछ्र्यौट गर्नु पर्दछ ।

१५. **सिदिङ्वा गाँउपालीका तर्फको तर्फको :** लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय अनुसार छन् ।

१५.१. **बहाल कर :** आयकर ऐन २०५८ अनुसार कुनै कार्यालयले बहाल तथा भाडा भुक्तानी दिँदा भुक्तानी रकमको १० प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । दुई सवारीलाई रिजर्भको रु.४४,०००।- भुक्तानी दिंदा रु.४,४००।- अग्रिम कर कट्टी नगरेकोले असूल गर्नुपर्दछ ।

१५.२. **अग्रिम कर :** आयकर ऐन २०५८ अनुसार कुनै कार्यालयले सामान खरिद गरि सोको भुक्तानी दिंदा भुक्तानी रकमको १.५ प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । दुई आपूर्तिकर्तालाई भुक्तानी दिंदा रु.३,३५७।- अग्रिम कर कट्टी नगरेकोले असूल गर्नुपर्दछ ।

१५.३. **अग्रिम कर :** आयकर ऐन २०५८ अनुसार भत्ता वापतको रकम भुक्तानी दिँदा १५ प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । भौ.नं.७-२०७४।०३।०५ बाट श्री रिगिजङ्ग मल्टी प्रपोज इन्टरनेशनल प्राइजेज, ताप्लेजुङ्गलाई रु.१६०५००।०० भुक्तानी गर्दा कट्टा गर्नुपर्ने रु.२४,०७५। कट्टा नगरेकोले असूल गर्नुपर्दछ ।

१५.४. **बहाल करः** आयकर ऐन, २०५८ अनुसार कुनै बहाल तथा भाडा भुक्तानी दिँदा भुक्तानी रकमको १० प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । सम्बन्धित उपभोक्ता समितिहरुले विभिन्न निर्माण कार्य गर्दा हेभी इक्वीपमेन्ट प्रयोग गरेको बिल भर्पाई पेश गरी रकम भुक्तानी लिएको पाइयो । हेभि इक्यूपमेन्ट प्रयोग गरेको बिल पेश गरी भुक्तानी गरेको रकममा रु.२,८४,७२९।- बहाल कर कट्टा नगरि भुक्तानी गरेकोले सम्बन्धितलाई जिम्मेवार बनाइ रु.२,८४,७२९।- असूल गर्नुपर्दछ ।

१६. **बिल भर्पाई :** कार्यालयले विभिन्न सामान खरिद गरी खर्च गर्दा खर्चको पुष्टि हुने बिल भर्पाईहरु पेश गर्नुपर्ने व्यवस्था छ । गो.भौ.नं.९ मिति २०७४/३/२६ मा खर्चलाई प्रमाणित गर्ने रु.५००००।- को विल भरर्पाई वेगर भुक्तानी गरेकोले उक्त रकम असूल हुनुपर्दछ ।

१७. **तहबिल :** गो.भौ. नं.१७ मिति २०७४/३/३१ मा आन्तरीक आय बैक दाखीला नगरी सोझै खर्च गरेको रु.१३१०।- नियमित मान्न सकिएन ।

१८. **कर बीजक :** सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको बिक्रेताबाट खरिद गर्नुपर्ने व्यवस्था छ । गो.भौ.नं.३ मिति २०७४/३/२५ मा पुँजिगत खर्च अन्तर्गत श्री सिँहेश्वरी मा.वि.लोई प्यान विलबाट रु.१,४०,०००।- मा झोला खरिद गर्दा कर बीजक पेश नभएकोले मूल्य अभिवृद्धि करमा दर्ता भएकोसंग मात्र खरिद गर्नुपर्दछ ।

१९. **विल भर्पाई :** भौ.नं.३ मिति २०७४/३/१६ मा निर्माण अन्तर्गत एक महिला विकास समुहलाई भुक्तानी दिँदा बिल भरपाई भन्दा रु.२०,९४०।- भुक्तानी गरेकोले उक्त रकम असूल गर्नुपर्दछ ।

२०. **जानकारी :** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६(क) बमोजिम ठेक्का दिने सरकारी निकायले आफुले गरेको ठेक्का सम्झौता र कर भूक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिई कर भुक्तानी सम्बन्धित ठेकेदारलाई गर्नुपर्ने व्यवस्था छ । सो नियमानुसार सम्बन्धित पक्षलाई जानकारी दिएको पाइएन । समयमै जानकारी दिनुपर्दछ ।

२१. **आन्तरिक नियन्त्रण प्रणलीः-** स्थानिय स्वयत्ता शासन ऐन, २०५५ तथा नियमावली २०५६, स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम जिन्सी, लेखा, नगद, कार्यक्रम खर्च, प्रशासनिक खर्च लगायतमा आन्तरिक नियन्त्रण प्रमावकारी बनाउनु पर्ने व्यवस्था छ । तर कार्य विवरण बनाई कार्यन्वयन नगरेको, सामाग्री खरिदको लागत अनुमान तयार नगरेको, भ्रमण प्रतिवेदन तयार नगरेको, खरिद योजना नबनाएको, टुक्रापारी खरिद गरेको, जिन्सी निरीक्षण नगरेको, दर्ता चलानी नगरेको, विविध खर्चमा नियन्त्रण नगरेको जस्ता कमि कमजोरी देखिएका छन् । कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्य सम्पदनलाई नियन्त्रण, मितव्ययी र पारदर्शी एबम भरपर्दो बनाउनुपर्दछ ।

## बेरूजू स्थिती

यो वर्ष लेखापरीक्षणबाट रू.१ करोड ७५ लाख ९६ हजार बेरुजू देखिएकोमध्ये असूल गर्नुपर्ने रू.४ लाख १९ हजार नियमित १ करोड ५८ लाख ९६ हजार र पेश्की रू.१२ लाख ८१ हजार रहेको छ ।

# फक्ताङलुङ्ग गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन

गतवर्षको रु.७५ हजार यस वर्षको आय रु.५ करोड २ लाख ४५ हजार समेत रु.५३ लाख २० हजार आय भई रु.४ करोड ७८ लाख ९६ हजार खर्च गरि रु.७४ लाख २४ हजार मौज्दात रहेको छ । सो कारोवारको लेखापरीक्षण गरी देखिएका व्यहोरा देहाय अनुसार छन्:

१. **संस्थागत सुशासन, वित्तीय जवाफदेहिता :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ४५ मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, नगद मौज्दात तथा आयकर कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन र तिनिहरूको पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । सोसम्बन्धमा कार्यालयको वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व पालनाको स्थिती मूल्याङ्कन गर्दा जोखिमहरु पहिचान नगरेको, अनुगमन तथा सुपरीवेक्षण, बेरुजू फछ्र्यौट नगरेको, संक्षिप्त वार्षिक प्रतिवेदन तयार नगरेको, अधिकार र जिम्मेवारी नतोकेको, जिन्सी निरीक्षण नगरेको, जिन्सी संकेत प्रदान नगरेको, मर्मत अभिलेख नराखेको, जिन्सी हस्तान्तरण नगरेको, वार्षिक खरिद योजना, अनुगमन मूल्याङ्कन र वार्षिक प्रगति प्रतिवेदन जस्ता कार्यमा जिम्मेवारी पूर्ण रुपमा पालना गरेको पाइएन । वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन नेतृत्व क्रियाशिल हुनु जरुरी छ ।

२. **आर्थिक विवरण** : फक्ताङलुङ्ग गाउँपालिकाको आर्थिक विवरणमा देखिएका व्यहोरा निम्न छन् ।

२.१. फक्ताङलुङ्ग गाउँपालिका नेपाल सरकारको निर्णय अनुसार २०७३।११।२८ देखि गठन भएकोले साविक जिम्मेवारी नहुनु पर्नेमा पेश गरेको आर्थिक विवरणमा जिम्मेवारी देखाइएको रु.३५,२९,७७४।- को सम्बन्धमा पुष्ट्याई पेश हुनुपर्दछ ।

२.२. वडाहरुको बैंक मौज्दात पेश नभएकोले आर्थिक विवरण भिडान गर्न नसकिएको रु.६,३५,९१,३३५।- को वारे बैंक विवरण समेत पेश गरी हिसाब यकिन हुनुपर्दछ ।

२.३. साविक निकायहरुको मौज्दात फिर्ता गरेको प्रमाण पेश नभएको रु.८२,८५,०२३।- र आन्तरिक स्रोत रु.२२,२०६।१६ समेत जम्मा रु.८३,०७,२३०।- र स्थानीय तहको रु.७४,२४,७०१।- गरी जम्मा रु.१,५७,३१,९३१।- को फिर्ताको प्रमाण पेश हुनुपर्दछ ।

३. **बैंक विवरण** : पेश भएको एकिकृत आय-व्ययमा अन्तर्गत वडा कार्यालयको समेतको राजस्व, धरौटी, पेश्की, कल्याण कोष र विपद व्यवस्थापन समेतको बैंक मौज्दात भिडान हुने विवरण पेश हुनुपर्दछ ।

४. **विषेश भत्ता :** कार्यरत कुनै कर्मचारीले नेपालको प्रचलित ऐन बमोजिम तलब भत्ता दावी गर्नु पर्ने व्यवस्था छ । कार्यकारी अधिकृतले ४ महिनाको रु. ४०,०००।- भत्ता भुक्तानी लिदा १५ प्रतिशत आयकर रु. ६,०००।- कट्टी गरि रु.३४,०००।- लिएकोले सो पाउने आधार नभएकोले असूल गरि वेरुजु खातामा दाखीला हुनुपर्दछ ।

५. **बाटो निर्माण :** ओलाङचुङ्गगोला टिपताला मोटर बाटो निर्माण कार्य एक निर्माण व्यवसायीको भारी उपकरण प्रयोग गरी रु.५७,१८,०००।- भुक्तानी गर्दा देहायका व्यहोरा देखिएका छन :-

५.१. टिपताला मोटर बाटो निर्माणको काम सम्पन्न भएको कार्य सम्पन्न, लागत अनुमान र दर विश्लेष्ण र बाटो निर्माण समितिको मिति २०७४ जेष्ठ ९ गतेको निर्णय पेश भयो । निर्माण व्यवसायीको भारी उपकरण प्रयोग गरी रु.५७,१८,०००।- को कामको भुक्तानीमा १० प्रतिशत बहाल कर रु.५,७१,८००।- कट्टा गर्नु पर्नेमा १.५ प्रतिशत अग्रिम कर मात्र रु.८५,७७०।- कट्टी गरि नपुग बहाल कर रु.४,८६,१३०।- कट्टा गरी असूल हुनुपर्दछ ।

५.२. टिपताला मोटर बाटो निर्माण समितिका अध्यक्षको निवेदन संलग्न राखी एक निर्माण व्यवसायीको भारी उपकरण प्रयोग गरेको प्यान बिजक संलग्न राखी बाटो पहुँच नभएको स्थानमा समेत भारी उपकरण प्रयोग गरेको जनाई रु.६८,८२,०८९।- को कार्य गराएको भनी उपभोक्तालाई नै रु.५७,१८,०००।- भुक्तानी गरी खर्च लेखेको र सोही निर्माण सेवालाई रु.५७,१८,०००।- बुझाएको नदेखिएकोले सो कार्य गराएको सम्बन्धमा एकिन गरी निर्माण सेवाले बुझेको भर्पाई समेत पेश हुनुपर्दछ ।

६. **आन्तरिक लेखापरीक्षण** - स्थानीय निकाय आर्थिक  प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औल्याएको देहायको बेरुजू अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट गरेको नदेखिंदा आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

६.१. आयकर ऐन बमोजिम भत्ता वापतको भुक्तानी दिदां १५ प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नु पर्ने व्यवस्था छ । प्राविधिक सेवा परामर्श वापत एक व्यक्तिलाई रु ८०,६००।- भुक्तानी गर्दा १५ प्रतिशतले हुने रु.१२,०९०।- कट्टा नगरेकोले कट्टा गरि असूल गर्नुपर्दछ ।

६.२. **नियमको पालना :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९९ मा प्रत्येक स्थानीय निकायले आय, व्यय, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । गाउँपालिका स्थित वडा कार्यालयहरुको स्रेस्ता परीक्षण गर्दा संघ संस्थाहरुलाई योजनागत सामाग्री लगायत अन्य विभिन्न सामाग्री वितरण गरेकोमा आंशिक रुपमा मात्र हस्तान्तरण फराम भरी वितरण गर्ने गरेको देखियो । अधिकांश सामाग्री खरिद आदेश, दाखिला प्रतिवेदन तथा सामाग्री हस्तान्तरण नगरी भुक्तानी दिएको पाइयो । यसरी सिधै भुक्तानी दिंदा सामाग्रीको दुरुपयोग हुनसक्ने भएकोले नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

६.३. **लेखा** - प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिका अन्तर्गत वडा कार्यालय तथा साविकका चारवटै गाउँ विकास समितिहरुले २०७३ फागुन २७ सम्मको बैंक नगदी किताबमा जोड जम्मा नगरेको, खर्चको फाँटवारी, पेश्की बाँकीको विवरण नबनाएको साथै बैंक नगदी किताब, जिन्सी खाता प्रमाणित गरेतापनि बैंक स्टेटमेन्ट सहित आ.ले.प. गराएको नदेखिंदा गरेको खर्च एकिन गर्न सकिदैन । जसबाट आर्थिक कारोबार नियमसंगत नै भएको छ भन्न सकिएन । यस सम्बन्धमा तालुक कार्यालयले समेत वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्नुपर्दछ ।

६.४. **वेरुजु अभिलेख:-** संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको परिपत्र बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका निकायको नाममा रहेको पेश्की तथा वेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार पेश्की फछर्यौट तथा वेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । स्थानीय तहमा बेरुजु अभिलेख, पेश्की बाँकीको विवरण तथा सोको फछर्यौटको अभिलेख रहेको पाईएन ।

६.५. **जिन्सी निरीक्षण:** प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि कार्यालयमा विद्यामान रहेको जिन्सीको अवस्था ठिक छ भनि जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था भएकोमा सो भएको पाईएन । निरीक्षण नहुदा जिन्सी समान कार्यालय प्रयोजनमा नै खर्च भएको एकीन हुने अवस्था नहुँदा निरीक्षण हुनुपर्दछ ।

६.६. **दर्ता र चलानी** : कार्यालयमा पेश हुन आएका सबै कागजातहरु अनिवार्य दर्ता गर्नु पर्ने र बाहिर संस्थामा पत्रहरु पठाउँदा अनिवार्य रुपमा चलानी गर्नुपर्दछ । यसै गरी पुजिगत कार्य गर्नु भन्दा अगाडि सम्बन्धित कामको लागत इष्टिमेट गरी कार्यालयमा पेश गरी दर्ता गर्नु पर्ने र कार्य सम्पन्न भएपछि तयार गरिने कार्यसम्पन्न प्रतिवेदन पनि सम्बन्धित कार्यालयमा दर्ता गर्ने अनिवार्य व्यवस्था गरिनुपर्दछ ।

६.७. **विविध खर्च** : गाँउपरिषद, अन्य सभा समारोहमा खाजा, खाना नास्ता लगायतका खर्चहरुको भर्पाइहरु पेश गरी भुक्तानी लिएको पाईयो । खाना, नास्ता, चिया आदिको खर्च गर्ने मापदण्ड नखुलाई खर्च गरेको पाईयो । शीर्षक अन्तरगत धेरै खर्च देखिएकोले यस्ता खर्चलाई अविलम्ब नियन्त्रण गरिनु पर्दछ ।

६.८. **विविध:-** स्थानिय स्वयत्त शासन ऐन २०५५ तथा नियमावली २०५६,स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम जिन्सी, लेखा, नगद, कार्यक्रम खर्च, प्रशासनिक खर्च लगायतमा आन्तरिक नियन्त्रण प्रमावकारी बनाउनु पर्ने व्यवस्था छ । कार्य विवरण बनाई कार्यन्वयन नगरेको, सामाग्री खरिदको लागत अनुमान तयार नगरेको,भ्रमण प्रतिवेदन तयार नगरेको, खरिद योजना नबनाएको, टुक्रापारी खरिद गरेको जस्ता कमी कमजोरी देखिएको छ । कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्राणाली तयार गरी कार्य सम्पादनलाई नियन्त्रण,मितव्ययी र पारदर्शी एबम भरपर्दो बनाउनु पर्दछ ।

७. **सावादिन गाउँ विकास समिति:** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय वमोजिम रहेको छ ।

७.१. **मालपोत** :- स्थानीय स्वायत्त शासन ऐन,२०५५ को दफा ५५(ख)मा मालपोत वा भूमिकरको २५ प्रतिशत जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । गा.वि.स.को मालपोत वापतको श्रेस्ता लेखापरीक्षणको क्रममा पेश नभएकोले के कति असूल भए नभएको एकिन गर्न सकिएन । कार्यालयले छानविन गरी यकिन गर्नुपर्दछ ।

७.२. **विलभर्पाइ** :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा सक्कल विजक लिनु पर्ने व्यवस्था छ । स्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोरा देहाय वमोजिम रहेको छ ।

७.२.१. रु.२३१७००।- को पल्सर मोटरसाईकल खरिद गरेको विल र अन्य कागजात सहित मोटरसाईकल धनी प्रमाण पत्र लेखापरीक्षणको क्रममा पेश नभएकोले सक्कल बिल तथा दर्ता प्रमाण पत्र पेश गर्नुपर्दछ ।

७.२.२. तेङगेपा झो.पु निर्माणको लागि रु.१,००,०००।- भुक्तानी गर्दा सक्कल विल पेश नगरेकोले सक्कल बिल पेश गर्नुपर्दछ ।

७.३. **स्वीकृत बजेट**:- परिषदले स्वीकृत गरेको रु.१९,२०,५१०।- भएपनि रु.३६,२५,३८०।- खर्च गरेकोले रु.१७,०४,०००।- संशोधित स्विकृत कार्यक्रम अनुसार कार्यक्रम पेश गर्नुपर्दछ ।

७.४. **बैंक विवरण** : बैंक हिसाव विवरण तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले हिसाव भिडान गरी एकिन गर्न सकिएन । आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश नगरेको कारण सम्बन्धमा जिम्मेवार बनाई बैंक हिसाव विवरण समेत पेश हुनुपर्दछ ।

८. **खेजेनिम गाउँ विकास समिति :** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय वमोजिम रहेको छ ।

८.१. **मालपोत फिर्ता** : स्थानीय स्वायत्त शासन ऐन,२०५५ को दफा ५५(ख) मा मालपोत वा भूमिकरको २५ प्रतिशत जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । गा.वि.स.ले मालपोत वापत राजश्व संकलन गरेका गोभौ नं. १६ मिति २०७३।११।२७ मालपोत वापतको रु.२१,९८०।- संकलन गरेकोमा जि.वि.स. २५ प्रतिशतले हुन आउने रु ५,४९५।- दाखीला गरी बाँकी र.१६,४८५।- वैक दाखिला गरी खर्च गर्नु पर्नेमा सो नगरि सोझै खर्च गरेकोले आम्दानी नजनाई र स्विकृत कार्यक्रम वेगर खर्च गर्ने आधार पेश गनुपर्दछ ।

८.२. **तहबिल खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २ मा कार्यालयले प्राप्त गरेको आम्दानी गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोलिपल्ट सम्म बैंक दाखिला गर्नुपर्ने उल्लेख छ । कार्यालयले आन्तरिक आयको रु. १०,१५०।- बैंक दाखिला नगरी सोझै खर्च लेखेको नियम सम्मत देखिएन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

८.३. **अग्रिम कर :** आयकर ऐन २०५८ अनुसार कुनै कार्यालयले सामान खरिद गरि सो को भुक्तानी दिंदा भुक्तानी रकमको १.५ प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था छ । एक अफसेट प्रेसलाई रु.७३,०००।- भुक्तानी गर्दा रु.१,०९५।- कर कट्टा नगरि भुक्तानी गरेकोले असूल गरी दाखिला हुनुपर्दछ ।

८.४. **विलभर्पाइ** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा सक्कल विजक लिनु पर्ने व्यवस्था छ । स्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोरा देहाय वमोजिम रहेको छ ।

८.४.१. रु.५०,०००।- राहत कार्यक्रमको खातामा रकम जम्मा गरेको तर लेखापरीक्षणको क्रममा वितरण गरि भर्पाइ पेश नगरेकोले खर्च मान्न सकिएन । लक्षित कार्यक्रम नगरी मौज्दात रहेको रकम दाखिला गर्नुपर्दछ ।

८.४.२. स्वास्थ्य चौकीको लागि रु. ३६,०००।- फर्निचर खरिद गरेको वील पेश गरी रु.४०,०००।- भुक्तानी दिएकोले विल भर्पाई भन्दा बढी भुक्तानी भएको रु.४,०००।- सम्बन्धित पक्षसंग असूल उपर गरी दाखिला गर्नुपर्दछ ।

८.४.३. लेखापरीक्षणको क्रममा बैंक हिसाव विवरण पेश नभएकोले हिसाव भिडान गरी एकिन गर्न सकिएन । पेश नगरेको कारण पेश हुनुपर्दछ ।

८.५. **आन्तरिक लेखापरीक्षण**: स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औल्याएको निम्नानुसारको बेरुजू अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट गरेको नदेखिंदा देहायका बेरुजूका सम्बन्धमा आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

८.५.१. खेजेनिम ८ भिरमा फलामे बार निर्माण गर्न श्री लक्ष्मी प्रसाद अन्छङबोलाई दिएको पेश्की रु.७०,०००।- फछ्र्यौट हुनुपर्दछ ।

८.५.२. **कर दाखिला**: आयकर ऐन २०५८ को दफा ९० मा २५ दिन भित्र कर दाखिला गर्नु पर्ने व्यवस्था छ । रु १७,४११।- अग्रिम कट्टी गरेको कर लेखापरीक्षण अवधिसम्म दाखिला नगरेकोले समयमा दाखिला हुनु पर्दछ ।

८.५.३. **पेश्की**: स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । फलामे बार निर्माण गर्न दिएको पेश्की रु.७०,०००।- र मोटर बाटो निर्माणको लागि दिएको पेश्की रु.७०,०००।- समेत रु. १४,००,०००।- एकिन गरि फछ्र्यौट हुनुपर्दछ ।

९. **लिङखिम गाउँ विकास समिति :** आर्थिक कारोवारको पेश भए सम्मको स्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोरा देहाय वमोजिम रहेको छ ।

९.१. **मालपोत फिर्ताको रकम खर्च** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५(ख) मा मालपोत वा भूमिकरको २५ प्रतिशत जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । मालपोत वापतको श्रेस्ता लेखापरीक्षणको क्रममा पेश भएन । मालपोत वापतको रुकम रु.५,२१७।- को २५ प्रतिशतले हुन आउने रु. १,३०४।- जिसस दाखिला गर्न पर्नेमा नगरी साविक सचिवले सोझै नगदै खर्च गरेकोले असूल गरि दाखिला गर्नु पर्दछ ।

९.२. **तहबिल खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४(२) मा कार्यालयले प्राप्त भएको आम्दानी गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोलिपल्ट बैङ्क दाखिला गर्नुपर्ने उल्लेख छ । निकायलेआन्तरिक आम्दानी वापतको रु.६,०००।- वैक दाखिला नगरि नगदै खर्च गरेको पाईयो यस्तो कार्य नियन्त्रण गरिनु पर्दछ ।

९.३. **भाडा तथा वहाल कर :** आयकर ऐन २०५८ अनुसार कुनै कार्यालयले बहाल तथा भाडा भुक्तानी दिंदा भुक्तानी रकमको १० प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था छ । उपभोक्ता मार्फत निर्माण तथा मर्मत कार्य गराउँदा भारी उपकरणका भाडा दुई आपूर्तिकर्तालाई रु.८,४५,०००।- भुक्तानी दिंदा सो वापतको १० प्रतिशत कर रु.८४,५००।- कट्टी गर्नुपर्नेमा रु.१३,३३५।- मात्र कट्टा गरेकोले नपुग रु.७१,१६५।- असूल हुनुपर्दछ ।

९.४. **मोटर साईकल खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा सक्कल विजक लिनु पर्ने व्यवस्था छ । मोटरसाइकल खरिदको लागि रु.२,०६,२००।- भुक्तानी गर्दा सक्कल विल तथा दर्ता प्रमाण पत्र लेखापरीक्षणको क्रममा पेश भएन । सक्कल विल तथा दर्ता प्रमाण पत्र पेश हुनुपर्दछ ।

९.५. **बैंक हिसाव विवरण :** लेखापरीक्षणको क्रममा बैंक हिसाव विवरण पेश नभएकोले हिसाव भिडान गरी एकिन गर्न सकिएन । पेश नगरेको कारण पेश हुनुपर्दछ ।

९.६. **आन्तरिक लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजू अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट गरेको नदेखिंदा देहायका बेरुजूका सम्बन्धमा आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

९.६.१. **कर दाखिला :** आयकर ऐन २०५८ को दफा ९० मा २५ दिन भित्र कर दाखिला गर्नु पर्ने व्यवस्था छ । रु १६,५३२।- अग्रिम कट्टी गरेको कर लेखापरीक्षण अवधिसम्म दाखिला नगरेकोले समयमा दाखिला हुनु पर्दछ ।

९.७. **अग्रिम कर :** आयकर ऐन २०५८ अनुसार कुनै कार्यालयले सामान खरिद गरि सो को भुक्तानी दिंदा भुक्तानी रकमको १.५ प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था छ । मोटरसाइकल खरिदको लागि रु. रु.२,०६,२००।- भुक्तानी गर्दा अग्रिम कर कट्टा नगरेकोले सो को रु.३,१४८।- दाखिला गर्नुपर्दछ ।

९.७.१. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९२ मा पेश्की म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । विभिन्न चार व्यक्तिलाई विविध कार्यको लागि दिएको पेश्की रु ३,८४,४००।- फछ्र्यौट गरेको छैन ।

१०. **इखावु गाउँ विकास समिति :** आर्थिक कारोवारको पेश भए सम्मको स्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोरा देहाय वमोजिम रहेको छ ।

१०.१. **मालपोत फिर्ता** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५(ख) मा मालपोत वा भूमिकरको २५ प्रतिशत जिल्ला समन्वय समितिलाई बुझाउनु पर्ने उल्लेख छ । मालपोत वापतको रुकम रु.८,८८४।- को २५ प्रतिशतले हुन आउने रु.२,२२१।- जिसस दाखिला गर्न पर्नेमा नगरी साविक सचिवले सोझै नगदै खर्च गरेकोले असूल गरि दाखिला गर्नु पर्दछ ।

१०.२. **तहबिल खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४(२) मा कार्यालयले प्राप्त भएको आम्दानी गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोलिपल्ट सम्ममा बैङ्क दाखिला गर्नुपर्ने उल्लेख छ । साविक लिमखिम गाविस अन्तरगत विभिन्न आन्तरिक आम्दानी वापतको रु.२७५०। वैक दाखिला नगरि नगदै खर्च गरेको पाईयो ।

१०.३. **बैंक विवरण :** बैंक हिसाव विवरण पेश नभएकोले हिसाव भिडान गरी एकिन गर्न सकिएन । पेश नगरेको कारण पेश हुनुपर्दछ ।

१०.४. **आन्तरिक लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औल्याएको देहायको बेरुजू समयमै फछ्र्यौट गर्नुपर्दछ ।

१०.४.१. **कर दाखिला :** आयकर ऐन २०५८ को दफा ९० मा २५ दिन भित्र कर दाखिला गर्नु पर्ने व्यवस्था छ। रु १२,३६८।- अग्रिम कट्टी गरेको कर लेखापरीक्षण अवधिसम्म दाखिला नगरेकोले समयमा दाखिला हुनु पर्दछ।

११. **तापेथोक गाउँ विकास समिति :** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय वमोजिम रहेको छ।

११.१. **मालपोत** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५(ख) मा मालपोत वा भूमिकरको २५ प्रतिशत जिल्ला समन्वय समितिलाई बुझाउनु पर्ने उल्लेख छ। मालपोत वापतको रुकम रु.३,११५।- को २५ प्रतिशतले हुन आउने रु.७७८।- जिसस दाखिला गर्न पर्नेमा नगरी साविक सचिवले सोझै नगदै खर्च गरेकोले असूल गरि दाखिला गर्नु पर्दछ।

११.२. **तहबिल खर्च:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४(२) मा कार्यालयले प्राप्त भएको आम्दानी गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोलिपल्ट सम्ममा बैङ्क दाखिला गर्नुपर्ने उल्लेख छ। साविक लिमखिम गाविस अन्तरगत विभिन्न आन्तरिक आम्दानी वापतको रु. रु.२,७००।- वैक दाखिला नगरि नगदै खर्च गरेको पाईयो।

११.३. **धरौटी :** साविक तापेथोक गा.वि.स.मा रहेको धरौटी रु.२,३४,४००।- देखाइएकोमा कसको के वापत हो व्यक्तिगत धरौटी खुल्ने विवरण र आर्थिक विवरण पेश भएको छैन।

११.४. **बैंक विवरण :** लेखापरीक्षणको क्रममा बैंक हिसाव विवरण पेश नभएकोले हिसाव भिडान गरी एकिन गर्न सकिएन। पेश नगरेको कारण पेश हुनुपर्दछ।

११.५. **आन्तरिक लेखापरीक्षण बेरुजु :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ। आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट गरेको नदेखिंदा देहायका बेरुजूका सम्बन्धमा आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ।

११.५.१. **कर दाखिला :** आयकर ऐन २०५८ को दफा ९० मा २५ दिन भित्र कर दाखिला गर्नु पर्ने व्यवस्था छ। रु १२,१२९।- अग्रिम कट्टी गरेको कर लेखापरीक्षण अवधिसम्म दाखिला नगरेकोले समयमा दाखिला हुनु पर्दछ।

११.५.२. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९२ मा पेश्की म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ। भिलेज प्रोफाइल, वालमैत्री खानेपानी, आनिबानी, भाषा प्रवर्द्धन र महिला हिंसा जनचेतना समेतको रु.४१,५०,०००।- पेश्की फछ्र्यौट हुनुपर्दछ।

१२. **साविक लेलेप गाउँ विकास समिति तर्फको :** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय वमोजिम रहेको छ।

१२.१. **श्रेस्ता पेश नभएको** : मालपोत र अन्य दस्तुर, धरौटीको श्रेस्ता एवं हिसाव लेखापरीक्षणको क्रममा पेश भएन।

१२.२. **बैंक हिसाव विवरण:** बैंक हिसाव विवरण पेश नभएकोले हिसाव भिडान गरी एकिन गर्न सकिएन। पेश नगरेको कारण पेश हुनुपर्दछ।

१२.३. **आन्तरिक लेखापरीक्षण बेरुजु :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२

(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ। आन्तरिक लेखापरीक्षणबाट औंल्याएको फछ्र्यौट नभएका देहायका बेरुजूका फछ्र्यौट गर्नुपर्दछ।

१२.३.१. गा.वि.स.मा कुल रु.३,७४३।- मालपोत असूली भएकोमा सो को २५ प्रतिशतले हुने रु.९३६।- जि.वि.स.कोषमा दाखिला हुनुपर्दछ।

१२.३.२. **कर दाखिला:** आयकर ऐन २०५८ को दफा ९० मा २५ दिन भित्र कर दाखिला गर्नु पर्ने व्यवस्था छ। रु ११,०६०।- अग्रिम कट्टी गरेको कर लेखापरीक्षण अवधिसम्म दाखिला नगरेकोले दाखिला हुनु पर्दछ।

१२.३.३. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९२ मा पेश्की म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ। एक शैक्षिक संस्था निर्माण, ढुङ्गा फुटाउने काम, आनिबानी, भाषा प्रवर्द्धन र महिला सिलाई कटाई तालिम समेतको रु ८४००००।- पेश्की फछ्र्यौट हुनुपर्दछ

१३. **ओलाङचुङ्गोला गाउँविकास समिति :** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय वमोजिम रहेको छ।

१३.१. **श्रेस्ता :** मालपोत र अन्य दस्तुरको हिसाव लेखापरीक्षणको क्रममा पेश भएन ।

१३.२. **बैंक हिसाव विवरण:** लेखापरीक्षणको क्रममा बैंक हिसाव विवरण पेश नभएकोले हिसाव भिडान गरी एकिन गर्न सकिएन । पेश नगरेको कारण पेश हुनुपर्दछ ।

१३.३. **आन्तरिक लेखापरीक्षण बेरुजु :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औल्याएको देहायका बेरुजू फछ्र्यौट गरेको नदेखिंदा फछ्र्यौट गर्नुपर्दछ ।

१३.३.१. **कर दाखिला :** आयकर ऐन २०५८ को दफा ९० मा २५ दिन भित्र कर दाखिला गर्नु पर्ने व्यवस्था छ । रु १,३२८।- अग्रिम कट्टी गरेको कर लेखापरीक्षण अवधिसम्म दाखिला नगरेकोले समयमा दाखिला हुनु पर्दछ ।

१३.३.२. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९२ मा पेश्की म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । मोटरसाइकल खरिद, सुकेपानी निर्माणका समेतको ३,५०,०००।- पेश्की फछ्र्यौट हुनुपर्दछ

## बेरुजु स्थिति

यो वर्ष लेखापरीक्षणवाट रु.३ करोड १७ लाख ८५ हजार बेरुजु रहेको मध्ये रु.८ लाख १४ हजार असूल गर्नुपर्ने, रु. २ करोड ३७ लाख ७७ हजार, अनियमित र रु ७१ लाख ९४ हजार पेश्की गर्न बाँकी रहेको छ ।

# मिक्वाखोला गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.१ लाख ७१ हजार र यो वर्षको रु.३ करोड ११ लाख ६१ हजार समेत रु.३ करोड १३ लाख ३२ हजार आय भई रु.३ करोड ६ लाख १५ हजार खर्च गरी ७ लाख १७ हजार बाकी रहेको छ ।

१. **मौज्दात हस्तान्तरणः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ (२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैतिसौं दिनमा कार्यालय खारेज भएको मानिने उल्लेख छ । यस्तो अवस्थामा कार्यालय गाभिएको ३५ दिनभित्र नगदी बाँकी भए मन्त्रालय वा विभागले त्यस्तो नगद लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले २०७३/११/२७ गते देखि साविकका गाउँ विकास समितितहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा गाउँ विकास समितिहरुको बैंक खाता जिल्ला समन्वय समितिको कार्यालय ताप्लेजुङले रोक्का गरेपछि सम्बन्धित गाउँपालिकाको कार्यालयलाई निकासा पठाएको भन्ने मौखिक जवाफ पाइयो ।

२. **अनुदान फ्रिज :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार नेपाल सरकारको केन्द्रीय बजेट मार्फत कार्यालयलाई प्राप्त भएको रकम खर्च नभई वर्षान्तमा बांकी हुन आएमा त्यस्तो बांकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाई फ्रिज गर्नुपर्दछ । गाउँपालिकाले पेश गरेको आयकर विवरणको मौज्दात रु.६८,५९,९४०।- को फ्रिज प्रमाण तथा फिर्ता गरेको प्रमाण पेश हुनुपर्दछ ।

३. **कारोबारको लेखा :** आर्थिक कार्यविधि ऐन, २०५५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा पेश भएको आर्थिक विवरण अनुसार साविक सावाँ गा.वि.स.को यस वर्षको आम्दानीमा रु.२९,६१,१३०।- हुनुपर्नेमा कार्यालयले जोडजम्मामा परक गरी रु.२४,४७,९३०।- राखेकोले रु.५,१३,२००।- फरक गरी पेश भएकोले अख्तियारवालालाई जिम्मेवार बनाई एकिन गरी हिसाव मिलान हुनुपर्दछ । साथै मिक्वाखोला गाउँपालिकाको आयको जोड रु.२,०२,५४,८९६।- हुनुपर्नेमा रु.२,०२,२८,१३६।- भएकोले रु.२६,७६०।- को फरक हिसाव एकिन गर्नुपर्दछ ।

४. **संस्थागत सुशासन, वित्तीय जवाफदेहिता :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन र तिनिहरूको पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । जोखिमहरु पहिचान नगरेको, अनुगमन तथा सुपरीवेक्षण नगरेको, बेरुजू फछ्र्यौट नगरेको, संक्षिप्त वार्षिक प्रतिवेदन तयार नगरेको, अधिकार र जिम्मेवारी नतोकिएको, जिन्सी निरीक्षण नगरेको, जिन्सी संकेत प्रदान नगरेको, मर्मतको अभिलेख नराखेको, जिन्सी हस्तान्तरण नगरेको, वार्षिक खरिद योजना तयार नबनाएको, अनुगमन मूल्याङ्कन र वार्षिक प्रगति प्रतिवेदन तयार गरी तालुक निकायमा नपठाएको जस्ता कमि कमजोरी देखिएकोले पदाधिकारीले जिम्मेवरी पूर्ण रुपमा पालना गरेको पाइएन । वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन उपरोक्त व्यहोरामा सुधार गर्नु पर्दछ ।

५. **साविक खोक्लिङ्ग गा.वि.स. :** लेखापरीक्षणबाट देखिएको व्यहोरा देहाय बमोजिम छ ।

५.१. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । कार्यालयले ३ व्यक्ति तथा संस्थालाई दिएको पेश्की रु.२,२०,०००।०० फछ्र्यौट नगरेकोले फछ्र्यौट गर्नुपर्दछ ।

५.२. **दाखिला** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४ (२) मा कार्यालयले प्राप्त भएको आम्दानी गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोलिपल्ट सम्ममा बैंक दाखिला गर्नुपर्ने उल्लेख छ । यस सवन्धमा देखिएका व्यहोरा निम्न छन् ।

५.२.१. मालपोत दाखिला जिविसमा गर्नुपर्ने रु.९७५।- दाखिला नगरेकोले दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

५.२.२. आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा कर रु.१,५००।- दाखिला नगरेकोले दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

५.३. **सामानको संरक्षण एवम् हस्तान्तरणः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी

सामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ। यसै गरी नियम ३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको ३५ औं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। जिन्सी सामानको संरक्षण एवम् हस्तान्तरण भएको देखिएन ।

५.४. **मालपोत फिर्ता -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४ (२) मा कार्यालयले प्राप्त भएको आम्दानी गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोलिपल्ट सम्ममा बैंक दाखिला गर्नुपर्ने उल्लेख छ। गा.वि.स.ले रु.४,९००।०० को २५% ले हुन आउने रु.१,२२५।०० जिल्ला समन्वय समितिमा फिर्ता नगरी तहबिलै राखी भौचर नं. १३ मिति २०७३/११/२६ मा खर्च लेखेको देखियो। जि.स.स. मा पठाउने मालपोत बापतको रकम तहबिलमा राखी खर्च गर्नेबाट असूल गर्नुपर्दछ ।

५.५. **बहाल कर -** आयकर ऐन, २०५८ अनुसार भाडा भुक्तानी दिदाँ भुक्तानी रकमको १० प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । एक निर्माण सेवालाई भारी उपकरण प्रयोग गरी निर्माण कार्य गराएको जनाई सम्बन्धित लाभग्राहीलाई रु.११,९६,८५०।- भुक्तानी दिंदा भाडा कर कट्टी गरेको पाइएन । तसर्थ लाभग्राहीलाई जिम्मेवार बनाई रु.१,१९,६८५।- असूल गर्नुपर्दछ ।

५.६. **अग्रिम कर -** आर्थिक ऐन, २०५८ अनुसार कुनै कार्यालयले सामान खरिद गरी सो को भुक्तानी दिदाँ भूक्तानी रकमको १.५ प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्नेमा दुई सप्लायर्सलाई रु.१,२५४।- अग्रिम आयकर कट्टी नगरी भुत्तानी गरेकोले रु.१,२५४।- असूल गर्नुपर्दछ ।

५.७. **सामाजिक सुरक्षा कर -** कार्यालयले कर्मचारीलाई तलब वापतको रकम भूक्तानी दिदाँ १ प्रतिशत सा.सु. कर बापत अग्रिम कट्टी गरी भुक्तानी गर्नुपर्नेमा दुई जनालाई रु.४००।- सा सु कर कट्टी नगरी भुत्तानी गरेकाले उक्त रकम सम्बन्धितसँग असुल गर्नुपर्दछ।

५.८. **आन्तरिक लेखापरीक्षण बेरुजु -** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औल्याईएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फर्छयौट गर्नुपर्न उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औल्याईएको बेरुजु अन्तिम लेखापरीक्षणको समयसम्म फछर्यौट गरेको नदेखिँदा आवश्यक कारवाही गरी फछर्यौट गर्नुपर्दछ।

५.९. **बेरुजु अभिलेख -** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको परिपत्र बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियम अनुसार पेश्की फछर्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ। गाविसले अघिल्लो बर्षहरुमा उल्लेख गरिएको वेरुजु अभिलेख किताव बमोजिमका फरफारक सम्परिक्षण नगरिएकाले यथाशिघ्र फछ्र्यौट गर्नुपर्दछ ।

.१०. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८८ र दफा ८९ मा पारिश्रमिक, बहाल र अग्रिम करकट्टी गर्नुपर्ने व्यवस्था छ। साथै कट्टी रकम समयमै सम्बन्धित राजस्व कार्यालयमा दाखिला समेत गर्नुपर्दछ। एक खेलकुद सामाग्री सप्लायर्सबाट रु.६६,१००।-को खरिद गर्दा अग्रिम आयकर रु.९९२।- कट्टा नगरेकोले असूल गरी राजस्व दाखिला गर्नुपर्दछ।

१. **अन्य प्रयोजन खर्च -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७(१) मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने तथा तोकिएको काम बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार व्यक्तिबाट यस्तो खर्च रकम असूल उपर गरी विभागीय कारबाही समेत गर्न सकिने व्यवस्था छ। अस्थायी प्रहरी चौकीलाई पूजा वापत रु.१०,०००।- भुक्तानी दिएको नियमित देखिएन । यस्ता खर्च नियन्त्रण हुनुपर्दछ।

२. **बैंक दाखिला :** स्थानीय स्वायत्त शासन ऐन, २०५६ को दफा १८८ अनुसार स्थानीय निकायको बार्षिक बजेट योजना तथा कार्यक्रमहरु परिषद्बाट पारित गरि खर्च गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले मालपोत रकम रु ३,९००।- र अन्य दस्तुर रु ३,९००।- बैंक जम्मा नगरि सोझै खर्च गरेको रु.७९५०।- नियमित देखिएन ।

३. **बिल भरपाई -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । सिप विकास अन्तर्गत कपडा बनाउने तालिममा रु.१,५०,०००।- विनियोजित गरी खर्च लेख्दा प्रशिक्षार्थिहरु उपस्थितको अभिलेख पेश नभएकोले उपस्थितीको प्रमाण पेश गर्नुपर्दछ।

६. **साविक साँवा गाउँ विकास समिति . :** लेखापरीक्षणबाट देखिएको व्यहोरा देहाय बमोजिम छ।

६.१. **मालपोत फिर्ता -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४ (२) मा कार्यालयले प्राप्त भएको आम्दानी गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोलिपल्ट सम्ममा बैंक दाखिला गर्नुपर्ने उल्लेख छ । गो.भौ.नं. ९ मिति ०७३/११/२५ बाट आन्तरिक आम्दानी अन्तर्गत रु.२०,३४२।- को २५% ले हुन आउने रकम रु.५०८५।५० जि.वि.स. दाखिला नभएको देखिएकोले सचिव श्रीधिरेन कुमार योञ्जनबाट असूल गरी दाखिला भएको प्रमाण पेश हुनुपर्दछ ।

६.२. **तहबिल खर्चः-** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५ ख मा मालपोत वा भूमिकर २५% जिल्ला विकास समितिलाई बुझाउनुपर्ने उल्लेख छ । साविक गाविस सचिव श्रीधिरेन कुमार योञ्जन आन्तरिक आय वापतको रु.३०,२२०।– बैंक दाखिला नगरि सोझै खर्च गरेकोले यस्तो कार्य अभिलम्ब नियन्त्रण गर्नु पर्दछ । यसै गरि निजसँग रहेको नगद मौज्दात रु.९२२।– असुल गरि दाखिला गर्नुपर्दछ ।

६.३. **अग्रिम कर -** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ वमोजिम सामान खरिद गरी सो को भुक्तानी दिदाँ भूक्तानी रकमको १.५ प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणका क्रममा २ आपूर्तिकर्ता लाई भुक्तानी गर्दा कर कट्टी गरेको नदेखिएकोले रु.१३०८।- असुल गर्नुपर्दछ ।

६.४. **बैंक दाखिला -** स्थानीय स्वायत्त शासन ऐन, २०५६ को दफा १८८ अनुसार स्थानीय निकायको बार्षिक बजेट योजना तथा कार्यक्रमहरु गाउँ परिषद्बाट पारित गरि खर्च गर्नुपर्ने व्यवस्था छ । आन्तरिक आम्दानी रु.३०,२२०।- बैंक दाखिला नगरि कार्यालय प्रयोजनमा खर्च गरेकोले उक्त रकम नियमित देखिएन ।

६.५. **विल भर्पाई -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । महिला सिप विकास कार्यकममा गरेको खर्च रु.१,००,०००।- को विल भर्पाई पेश नभएकोले पेश गर्नुपर्ने अन्यथा असूल हुनुपर्दछ ।

६.६. **बिल भर्पाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । बाललक्षित कार्यक्रम अन्तर्गत झोला ६० थान र सटपेन्ट ६० थान खरिद गरी रु.८१,०००।– खर्च गरेकोमा सम्बन्धित विधार्थीले वुझेको भर्पाई पेश नभएकोले भर्पाई पेश गर्नुपर्दछ अन्यथा सम्बन्धितबाट असूल हुनुपर्दछ ।

६.७. **दाखिला नभएको** : आयकर ऐन, २०५८ को दफा ८८ र दफा ८९ मा पारिश्रमिक, बहाल भुक्तानी गर्दा अग्रिम करकट्टी गर्नुपर्ने व्यवस्था छ । साथै, कट्टी रकम समयमै सम्बन्धित राजस्व कार्यालयमा दाखिला समेत गर्नुपर्दछ । तर यसरी कटि गरेको निम्न रकम दाखिला भएको नदेखिएकोले दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

६.७.१. कर्मचारी विमा वापतको रु २,८००।- दाखिला नगरेकोले दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

६.७.२. आयकर वापतको रु.७२०।- दाखिला नगरेकोले दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

६.७.३. सामाजिक सुरक्षा कर रु.१,८९९।- दाखिला नगरेकोले दाखिला गरि प्रमाण पेश गनुपर्दछ ।

६.८. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । कार्यालयले मर्मत लगायतका प्रयोजनकालागि ९ जना व्यक्तिलाई दिएको रु. ६२७,०००।०० पेश्की फछ्र्यौंट नभएकोले जिम्मेवार बनाई आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार समयमै फछ्र्यौट गर्नुपर्दछ ।

७. **साविक लिवाङ गाउँ विकास समिति :** लेखापरीक्षणबाट देखिएको व्यहोरा देहाय बमोजिम छ ।

७.१. **दाखिला** : आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा पारिश्रमिक, बहाल भुक्तानी गर्दा अग्रिम करकट्टी गर्नुपर्ने व्यवस्था छ । कट्टी कर समयमै सम्बन्धित राजस्व खातामा दाखिला समेत गर्नुपर्दछ । देहाय रकम दाखिला भएको नदेखिएकोले दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

७.१.१. कर्मचारी संचय कोष वापतको रु.२४,८१०।- दाखिला नगरेकोले दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

७.१.२. सामाजिक सुरक्षा वापतको रकम रु.१५,४८१।- दाखिला नगरेकोले दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

७.१.३. आयकर वापतको रु.१,२००।- दाखिला नगरेकोले दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

७.१.४. कर्मचारी कल्याण कोषबाट मिति २०७३।३।३० मा रु.१२,०००।- तथा मिति २०७३।३।२६ मा रु.१२,०००।- भुक्तानी दिएकोमा यस कोषमा दाखिला भएको रकम भविष्यमा कर्मचारी निवृत्त हुँदा उपदान दिने प्रयोजनको लागी खर्च गर्नुपर्नेमा प्रमाण विना नै खर्च लेखेको र कोषमा भएको हिसाब लेखा नभएकोले सम्बन्धितलाई जिम्मेवारी वनाई असूल गरेको प्रमाण पेश गर्नुपर्दछ ।

७.१.५. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ। कार्यालयले भवन निर्माण लगायतका प्रयोजनका लागि ६ जना व्यक्तिलाई दिएको रु.४,५५,०००।- पेश्की फछ्र्यौट नभएकोले जिम्मेवार बनाई समयमै फछ्र्यौट गर्नुपर्दछ।

८. **साविक पापुङ गाउँ विकास समिति :** लेखापरीक्षणबाट देखिएको व्यहोरा देहाय बमोजिम छ।

८.१. **आदिवासी :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७(१) मा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने तथा तोकिएको काम बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार व्यक्तिबाट यस्तो खर्च रकम असूल उपर गरी कारबाही समेत गर्न सकिने व्यवस्था छ। आदिवासी जनजाती कार्यक्रममा खाजा र खाना खर्चमा रु. ७,५६,०००।– खर्च भएको हुँदा नेपाल सरकारको बजेट अनुत्पादक खर्च गरेको देखिएकोले खर्च नियमित देखिएन।

८.२. **लघु जलजविद्युत :** पूँजीगत खर्च अन्तर्गत रु. ८,५५,०००।– बराबरको विद्युत श्री न्याजुखोला लघुजलविद्युत उपभोक्ता समितिबाट दुङगिन तार्तुङ उपभोक्ता समितिको लागि खरिद गर्ने गरी मिति २०७३/०६/१३ को गाउँपरिषदले बजेट विनियोजन मार्फत जनतालाई विधुत वितरण गरेकोमा उक्त पूँजीगत खर्चमा उपभोक्ताको योगदान भएको देखिएन। गाउँपरिषदले पूँजीगत खर्च गर्दा उत्पादनशिल क्षेत्रमा बजेट विनियोजन गरी त्यस्तो कार्यक्रममा जनसहभागिता अनिवार्य गरी कार्यक्रम कार्यन्वयन गर्नुपर्दछ।

८.३. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ। कार्यालयले पुल निर्माण लगायतका प्रयोजनकालागि २ जना व्यक्तिलाई दिएको रु. ६,००,०००।- पेश्की फछ्र्यौट नभएकोले जिम्मेवार बनाई समयमै फछ्र्यौट गर्नुपर्दछ।

८.४. **मालपोत** : आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा पारिश्रमिक र बहाल भुक्तानी गर्दा अग्रिम करकट्टी गर्नुपर्ने व्यवस्था छ। कट्टी रकम समयमै सम्बन्धित राजस्व कार्यालयमा दाखिला समेत गर्नुपर्दछ। मालपोत वापत जिविसमा दाखिला गर्नुपर्ने रु.३,३३३।- दाखिला नगरेकोले दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ।

९. **मिक्वाखोला गाउँ विकास समिति :** लेखापरीक्षणबाट देखिएको व्यहोरा देहाय बमोजिम छ।

९.१. **बहाल कर -** आयकर ऐन, २०५८ अनुसार भाडा भुक्तानी दिदाँ भुक्तानी रकमको १० प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ। निर्माण कार्यहरु गर्दा भारी उपकरण प्रयोग गरी सम्पन्न गरी सम्वन्धित लाभग्राहीलाई रु.२४०,०००।- भुक्तानी दिंदा भाडा कर वापतको रु.२४,०००।- रकम कट्टी गर्नुपर्नेमा रु.३,६००।- मात्र कट्टी गरेकाले नपुग रु.२०,४००।-असूल गर्नुपर्दछ।

९.२. **अग्रिम कर -** आयकर ऐन, २०५८ अनुसार कुनै कार्यालयले सामान खरिद गरी सो को भुक्तानी दिदाँ भूक्तानी रकमको १.५ प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ। एक बुक्स एण्ड स्टेशनरी सेन्टरलाई रु.६०,२००।- भुक्तानी गर्दा कट्टा गर्नुपर्ने कर रु.९०२।- कट्टा नगरेकोले असूल गर्नुपर्दछ।

९.३. **सामाजिक सुरक्षा कर -** कार्यालयले कर्मचारीलाई तलब वापतको रकम भूक्तानी गर्दा १ प्रतिशत सा.सु. कर बापत अग्रिम कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। दुई कर्मचारीलाई तलव भुक्तानी दिदाँ सो वापतको रु.११००।- कर कट्टी नगरेकाले असुल गर्नुपर्दछ।

९.४. **अग्रीम कर -** आयकर ऐन तथा नियमानुसार कार्यालयले भत्ता वापतको रकम भुक्तानी दिदाँ १५ प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ। एक लेखापरीक्षकलाई रु.८,८००।- भुक्तानी गर्दा अग्रिम आयकर वापत रु.१३२०।०० कट्टा नगरेकोले सम्बन्धितसंग असूल गर्नुपर्दछ।

१०. **बिल भरपाई** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ। अस्थायी प्रहरी चौकी र महिला हिंसा विरुद्ध कार्यक्रममा २ गोश्वारा भौचरबाट बिल भर्पाई नराखी रु.५,०५,४०८।- खर्च लेखेको पाइयो। खर्च प्रमाणित गर्ने आधार बेगर खर्च लेखेकोले बिल भरपाई पेश गर्नुपर्दछ।

११. **बिल भरपाई**ः स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ। पर्यटन विकास रु.१,५०,०००।-, खाजा खर्च रु.६०,०००।-, झोलुङ्गे पुल निर्माण रु.१,५०,०००।- समेत रु.३,६०,०००।- को बिल भर्पाई सहितको खर्च प्रमाणित गर्ने स्रेस्ता नराखी खर्च गरेकोले बिल भरपाई पेश गर्नुपर्दछ।

१२. **सापटी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४५ मा एक बजेट शीर्षकमा स्वीकृत भएको रकम अर्को बजेट शीर्षकमा खर्च गर्न वा एक कार्यक्रमबाट अर्को कार्यक्रममा सापटी लिई खर्च गर्न वा गराउन नपाइने व्यवस्था छ। कर्मचारी कल्याण कोषमा हालसम्म रु.४४,४६४।- रकम जम्मा भएकोमा रु. २४,०००।- रकम एक कर्मचारीले हाल सम्म सापटी नै चलाएको र कोषको बैंक खातामा रु. २०,४६४।- रकम बचत रहेको छ । सापटीको रकम असूल उपर हुनुपर्दछ ।

१३. कल्याण कोष तर्फ : यस कोषको व्यवस्थापन गर्न साविक साँवा गाविसको कर्मचारी कल्याण कोषको खाता खोलिएको र सालवसाली सो कोषमा गाविसले रकम जम्मा गर्दै गरेको सो कोषमा रु.१,३०,५८६।– जम्मा भई रु. ६०,०००।– लगानी भएको र मौज्दात रु. ७०,५८६।– रहेको उल्लेख छ । यस आ.व. को आ.ले.प. हुँदा यस कोषको आर्थिक कारोवारको श्रेस्ता तथा अन्य आर्थिक विवरण पेश नभएकोले सम्बन्धितलाई जिम्मेवार बनाई पेश गर्नुपर्दछ ।

१४. **प्रोत्साहन भत्ता :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २५७(१) अनुसार स्थानीय निकायले सो निकायका कर्मचारीको पारिश्रमिक भत्ता तथा अन्य सुविधा निर्धारण गर्दा नेपाल सरकारका निजामती कर्मचारीले पाउने तलव भत्ता तथा सुविधालाई आधार मानी आफ्नो आम्दानी तथा खर्चको सीमाभित्र रही निर्धारण गर्नुपर्ने व्यवस्था छ । तत्कालिन कार्यकारी प्रमुख लाई (१ प्रतिशत सामाजिक सुरक्षा कर रु.४०० कट्टा गरी) रु. ३९,६००।- प्रोत्साहन भत्ता भनी अधार वेगर खर्च लेखेकोले व्यक्तिसँग असूल गर्नुपर्दछ ।

१५. **मूल्य अभिवृद्धि करको जानकारी :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ 'क' बमोजिम ठेक्का दिने सरकारी निकायले आफूले गरेको ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिई कर भूक्तानी सम्बन्धित ठेकेदारलाई गर्नुपर्ने व्यवस्था बमोजिम जानकारी दिएको पाइएन ।

## बेरूजू स्थिती

यो वर्ष लेखापरीक्षणबाट रू.४६ लाख ३२ हजार बेरुजू देखिएको मध्ये असूल गर्नुपर्ने रू.८२ हजार, रु २६ लाख ४८ हजार, नियमित गर्नुपर्ने र पेश्की रू.१९ लाख २ हजार रहेको छ ।

## मेरिङ्देन गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.१ लाख ३८ हजार यो वर्षको रु.३ करोड ६० लाख ३३ हजार समेत जम्मा आम्दानी रु.३ करोड ६१ लाख ७१ हजार आम्दानी गरी रु.३ करोड ६० लाख ६२ हजार खर्च भई रु.१ लाख ९ हजार मौज्दात बाँकी छ । लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय अनुसार छ :

१. **मौज्दात हस्तान्तरण** : आयकर कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको ३५ दिनभित्र नगदी बाँकी भए मन्त्रालय वा विभागले त्यस्तो नगद लिने दिने व्यवस्था मिलाउनु पर्ने मा नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय गरी आयकर कारोबार हस्तान्तरण गर्न लगाएकोमा यस गाउँपालिकामा गाभिएका गा.वि.स.हरुको वैक खाता जिल्ला समन्वय समितिको कार्यालय ताप्लेजुङले रोक्का गरि पछि सम्बन्धित गाउपालिकाको कार्यालयलाई निकासा पठाएको भन्ने मौखिक जवाफ पाइएपनि नियमावली अनुसार कारोवार हस्तान्तरण गरेको छैन ।

२. **संस्थागत सुशासन, वित्तीय जवाफदेहिता :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ४५ मा सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च,नगद मौज्दात तथा आयकर कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन र तिनिहरूको पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ तर जोखिमहरु पहिचान नगरेको, अनुगमन तथा सुपरीवेक्षण नगरेको, बेरुजू फछ्र्यौट नगरेको, संक्षिप्त वार्षिक प्रतिवेदन तयार नगरेको अधिकार र जिम्मेवारी नतोकिएको , जिन्सी निरीक्षण नगरेको, जिन्सी संकेत प्रदान नगरेको, मर्मत अभिलेख नराखेको राख्न, जिन्सी हस्तान्तरण नगरेका, वार्षिक खरिद योजना तयार नगरेको, अनुगमन मूल्याङ्कन र वार्षिक प्रगति प्रतिवेदन तयार गरी तालुक निकायमा नपठाएको जस्ता कमि कमजोरी देखिएको छ । जिम्मेवार पदाधिकारीले वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन उल्लेखित व्यहृारामा सुधार गर्नु पर्दछ ।

३. **बैंक भिडान सम्बन्धमा :** एकिकृत कारोवार अन्तर्गत साविक निकायको राजस्व, धरौटी, पेश्की, कल्याण कोष र विपद व्यवस्थापन समेतको बैंक मौज्दात भिडान हुने विवरण पेश नभएको र फ्रिज तथा बाँकीको रु.३८,४८,६९३।- हिसाव देखिने विवरण पेश हुनुपर्दछ ।

४. **भत्ता :** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २४९ मा दिर्घकालीन आर्थिक दायित्व सिर्जना हुने गरी सुविधा दिंदा औचित्य सहितको विधि प्रक्रिया पुरा गर्नुपर्नेमा गोभौ नं.७ वाट मिति २०७४।१।१० मा तत्कालीन कार्यकरी प्रमुखलाई भुत्तानी गर्दा भुक्तानी दिने आधार पेश नभएकोले भत्ता वापतको रु.१०,०००।- असूल गर्नुपर्दछ ।

५. **कर कट्टी :** आयकर ऐन २०५८ को दफा ८८ र ८९ बमोजिम भुक्तानिमा कर कट्टा गर्नुपर्ने व्यवस्था गरेकोमा निम्न भुक्तानिमा करकट्टी देखिएन ।

५.१. विभिन्न ६ वटा गो.भौ.नं. र मितिबाट घरधनी , निर्माण व्यावसायी र लेखापरीक्षकलाई रकम भुक्तानी गर्दा कर कट्टी गर्नु पर्नेमा नगरेकोले रु १७४७०। असूल गर्नुपर्दछ ।

६. **बिल भर्पाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको स्रेस्ता राख्नुपर्ने व्यवस्था भएकोमा गो.भौ.नं. ३ मिति २०७४।३।१९ वाट पुँजिगत खर्च १,८९,०००।- र गोभौ नं.१६ पु. मिति २०७४।३।२५ पुँजिगत खच ३५,०००।- खर्चको विलभरपाइ पेश नगरेकोले विल भरपाइ पेशगर्नु पर्ने अन्यथा असूल गर्नुपर्दछ ।

६.१. **कर बिजक :** सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार २० हजार भन्दा वढीको खरिद गर्दा कर बिजक लिनुपर्नेमा गो.भौ.नं.१४ मिति २०७४।३।२५ मा चौरङग सिंचाई तथा खानेपानि निर्माण लाभग्राहीले पाईप तथा सिमेण्ट खरिद गर्दा पान विलबाट रु.३,२७,१५०।- वराबरको खरिद गरेको रु.३,२७,१५०।- अनियमित भएको छ ।

६.२. **बहाल कर :** आयकर ऐन २०५८ बमोजिम भाडा भुक्तानि गर्दा १० प्रतिशतका दरले अग्रीम भाडा कर कट्टी गर्नुपर्ने व्यवस्था भएकोमा भौ.नं.२३ वाट २०७४।३।२५ मा उपभोक्ताले निर्माण कार्य गर्दा हेभी इक्वूपमेन्ट प्रयोग गरेको एक निर्माण व्यवसायीलाई रु.१,८४,५००।- भुक्तानी गर्दा रु.१८,४५०।- करकट्टी

नगरेकोले असूल गर्नुपर्दछ ।

६.३. **असूल :** भौ.नं. १७ मिति २०७४।०३।२५ बाट सहकारी लेखा तालिमामा प्रशिक्षार्थीलाई रु. १०,०००।- यातायात खर्च भुक्तानि गरेकोमा यातायातको सुविधा नभएको स्थानमा खर्च यातायात खर्च भुक्तानि रकम सम्वन्धितवाट असूल गर्नुपर्दछ ।

६.४. **बहाल कर :** आयकर ऐन २०५८ बमोजिम भाडा भुक्तानि गर्दा १० प्रतिशतका दरले भाडा कर कट्टी गर्नुपर्ने व्यवस्था छ तर उपकरण प्रयोग गरी निर्माण कार्य गरेको बिल भर्पाइको पेश गरी रु.३,७९,००५।- भुक्तानी गर्दा सो भूक्तानिमा रु.३२,३८५।- करकट्ट नगरेकोले असूल गर्नुपर्दछ ।

६.५. **बहाल कर :** आयकर ऐन २०५८ बमोजिम भाडा भुक्तानि गर्दा १० प्रतिशतका दरले भाडा कर कट्टी गर्नुपर्ने व्यवस्था छ तर उपकरण प्रयोग गरी निर्माण कार्य गरेको बिल भर्पाई को रु.८,५०,०००।- भुक्तानी गर्दा सो भुक्तानिमा रु.६७,०००।- कट्टा गरेको नपाइएकोले कर रु.६७,०००।- असूल हुनुपर्दछ ।

७. **बेरुजु अभिलेख :-**संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको बमोजिम गाउपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउविकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा वेरुजु अभिलेख समायोजन भएको गाउिपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछर्यौट तथा वेरुजु सम्परीक्षण कार्य गर्नु पर्नेमा वेरुजु अभिलेख,पेश्की बाँकीको विवरण तथा सो को फछर्यौटको अभिलेख रहेको पाईएन ।

८. **थिङलाबु गाउँ विकास समिति तर्फ :** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन ।

८.१. **भ्रमण भत्ता :** गो.भौ.नं. ३-२०७३।६।९ मा भ्रमण भत्ता भुक्तानी दिंदा फर्कि आएको दिन रु.३००।- मात्र दावी गनुपर्नेमा रु.१,२००।- दावी गरी भुक्तानी दिएकोले रु.९००।- सम्बन्धित पक्षसंग भुक्तानी पाउने आधार पेश गर्ने अन्यथा असूल गर्नुपर्छ ।

८.२. **बिल भर्पाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको स्रेस्ता राख्नुपर्नेमा रु ५,१०,८१७।- खर्चको पुष्टि हुने बिल भर्पाईहरु पेश नभएकोले बिल भर्पाई पेशगर्नूपर्ने अन्यथा असूल गर्नुपर्दछ ।

९. **खाना तथा खाजा :** गो.भौ.नं. १३, १६ र ४ मिति क्रमश २०७३।९।२४, २०७३।१०।२३ र २०७३।१०।२३ मा रु.४४,०९०।- यसै गरी गो.भौ.नं.२, १५ र १७ बाट क्रमश २३६००।-, २०,५००।- र ८३,०४६।- गरी जम्मा रु.१,९४,२३६। खाजा तथा खानामा मात्र खर्च भएको पाइयो । यसरी खर्च गर्ने स्विकृत आधारहरु पेश नभएकोले रु.१,९४,२३६।- खर्च अनियमित छ ।

१०. **प्रमाण :** गो.भौ.नं. ५ मिति २०३।८।२ मा मोटरसाईकल खरिद गरी सरकारी नम्बर प्लेटमा दर्ता गर्नु पर्नेमा निजी नम्वरमा दर्ता गरेकोले सो परिवर्तन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

११. **उपभोक्ताको सहभागिता :** गो.भौ.नं. ८ मिति २०७३।८।२१ मा उपभोक्तालाई भुक्तानी दिंदा रु.६,०००।- जनसहभागिता हुनुपर्नेमा सम्झौता भएपनि उपभोक्ताको योगदान कट्टा नगरी भुक्तानी दिएकोले रु.६,०००।- असूल गर्नुपर्दछ ।

१२. **अग्रीम आयकर :** गो.भौ.नं. १८ मिति २०७३।९।२५ मा ग्रामिण विकास प्रशिक्षण केन्द्र, झापालाई प्रशिक्षण भत्ता रु.२५,०००।- भुक्तानी दिंदा १५ प्रतिशत अग्रिम कर रु.३,७५०।- कट्टी गनुपर्नेमा नगरेकोले असूल गर्नुपर्दछ ।

१३. **आन्तरिक नियन्त्रण :** स्थानिय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६,स्थानिय निकाय आयकर प्रशासन नियमावली २०६४ बमोजिम जिन्सी, लेखा, नगद, कार्यक्रम खर्च, प्रशासनिक खर्च लगायतमा आन्तरिक नियन्त्रण प्रमावकारी बनाउनु पर्ने व्यवस्था छ । कार्यालयले कार्य विवरण बनाई कार्यन्वयन नगरेको,जीन्सी निरीक्षण नगरेको , सामाग्री खरिदको लागत अनुमान तयार नगरेको, भ्रमण प्रतिवेदन तयार नगरेको, खरिद योजना नबनाएको, टुक्रापारी खरिद गरेको जस्ता कमी कमजोरी रहेको पाइएकोले कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्य सम्पादनलाई नियन्त्रण, मितव्ययी र पारदर्शी एंव भरपर्दो बनाउनु पर्दछ ।

१४. **बिल भर्पाई :** गो.भौ.नं. ६ मिति २०७३।११।८ विविध खर्च रु.१५,०००।- भुक्तानी दिंदा विलभर्पाई पेश नगरी भुक्तानी गरेकोले खर्च पुष्टि हुने बिल भर्पाई पेश गर्ने अन्यथा असूल गर्नुपर्दछ ।

१५. **अग्रिम आयकर :** गो.भौ.नं. ७ मिति ०७३।११।१२ मा एक तालिम केन्द्रलाई रु.२५,०००।- प्रशिक्षण भत्ता दिंदा १५ अग्रिम कर कट्टी रु.३७५०। गर्नुपर्नेमा सो नगरिएकोले असूल गनुपर्दछ ।

१६. **खर्च शीर्षक :-** गो.भौ.नं १६ मिति ०७३।११।१२ मा पुजिगत खर्च अन्तर्गत एक क्लबलाई खेलकुद बजेट रु.१,००,०८०।- बाँडफाँडमा सो वापत भुक्तानी गर्दा खाना तथा खाजामा मात्र रु.७०,०००।- र खेलकुद सामाग्रीमा मात्र रु.३०,०००।- खर्च गरेको बिल भर्पाई पेश गरी भुक्तानी गरेको पाईयो । सो सम्बन्धमा क्लबले पेश गरेको प्रस्ताव भन्दा विपरित भएकोले उक्त खर्च नियमसंगत देखिएन ।

१७. **बिल भर्पाई :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । एक आपूर्तकलाई रु.१,००,०००।- भुक्तानी दिंदा रु.९१,४००।- को मात्र विलभर्पाइ पेश भएकोले विल भरपाइ भन्दा बढी भूक्तानी भएको रु.८,६००।- असूल गर्नुपर्दछ ।

१८. **साविक लिङतेप गाउँ विकास समिति :** लेखापरीक्षण गर्दा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

१८.१. **मालपोत :** मालपोत वापतको रकम रु.२,०२०।- को २५ प्रतिशतका दरले हुन आउने रु.५०५।- जि.वि.स. कोषमा दाखिला गर्नु पर्नेमा नगरेकोले सम्बन्धित पक्षसंग असूल गनुपर्दछ ।

१८.२. **दाखिला :** आयकर ऐन, २०५८ को दफा ९०(४) मा कर कट्टी गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्नेमा अन्य सेवा दस्तुरको रु.१०१५९।- सचिवको जिम्मा रहेको पाइएकोले बैंक दाखिला गर्नुपर्दछ ।

१८.३. **बहाल कर :** आयकर ऐन २०५८ बमोजिम १० प्रतिशतका दरले भाडा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ताले निर्माण कार्य गर्दा भारी उपकरण उपयोग गरी निर्माण कार्य गरेको तीन निर्माण सेवाको बिल भर्पाई पेश गरी रु.११,७७,०००।- भुक्तानी गर्दा सो भुक्तानिमा रु.१,०९,८७०।- भाडाकर असूल गर्नुपर्दछ ।

१९. **बजेट भन्दा बढी खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(१) मा स्वीकृत बजेट र कार्यक्रमको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था भएकोमा विविध शीर्षकमा रु.५०,०००।- बजेट बाँडफाँड गरेकोमा रु.७७,१००।- खर्च गरी बाँडफाँड भन्दा रु.२७,१००।- र मेशिनरी तथा औजारमा रु.९०,०००।- बजेट बाँडफाँड गरेकोमा रु.९८,७९२।- खर्च गरी बजेटभन्दा रु.८,७९२।- वढी खर्च गरेको पाइएकोले अनियमित छ ।

२०. **दाखिला गर्नुपर्ने :** आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम भुक्तानी भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा कर्मचारी संचय कोषको रु.२८,३७६।- , कर्मचारी संचय कोषको रु.२८,३७६।-, सामाजिक सुरक्षा करवापतको रु. १,५६१।- र सामाजिक सुरक्षा वापतको रु.२१,६२१।- दाखिला नगरेकोले सम्वन्धीतलाई जिम्मेवार बनाई दाखिला गर्नुपर्दछ ।

२१. **पेश्की :** विद्युत तार खरिद लगायत कार्यक्रमका लागि तीन व्यक्तिलाई दिइएको रु ३,५०,०००।- पेश्की फछ्र्यौट नगरेकोले जिम्मेवार बनाई फछ्र्यौट गर्नुपर्दछ ।

२२. **साविक थुकिमा गाउँ विकास समिति तर्फ :** लेखापरीक्षणबाट देखिएको व्यहोरा देहाय बमोजिम छ ।

२२.१. आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्नेमा विभिन्न शीर्षकहरुमा कट्टी गरिएको रु.११,०५४।- र सामाजिक सुरक्षा वा कट्टी गरेको रु.१,६५१।- समेत रु १२,७०५।- राजस्व खातामा र मालपोत वापतको २५ प्रतिशतले हुन आउने रकम रु.१,८६५।- जि.वि.समा दाखिला गरेको प्रमाण पेश गर्नु पर्दछ ।

२३. **पेश्की :** स्थानीय निकाय आयकर प्रशासन नियमावली, २०६४ को नियम १९२ मा पेश्की म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । सडक निर्माण लगायत कार्यक्रमका लागि सात व्यक्तिलाई दिइएको पेश्की रु ६,८३,०००।- फछ्र्यौट नभएकोले सम्बन्धितलाई जिम्मेवार बनाई फछ्र्यौट गर्नुपर्दछ ।

२४. **साविक नाल्वु गाउँ विकास समिति :** लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम छन् ।

२४.१. **सामाजिक सुरक्षा कर :** सामाजिक परिचालाकलाई तलब भुक्तानी दिंदा सामाजिक सुरक्षा करवापत रु.३००।- कर कट्टी नगरेकोले समबन्धितबाट असूल गर्नुपर्दछ ।

२४.२. **कर कट्टी :** एक आपूर्तकलाई भुक्तानी दिंदा रु.३,११८।- अग्रीम आय कर कट्टी गर्नु पर्नेमा नगरेकोले असूल उपर गर्नुपर्छ ।

२४.३. एक वर्कशपलाई भुक्तानी दिंदा रु.२२६।- अग्रीम आय कर कट्टी गर्नु पर्नेमा नगरेकोले असूल उपर गर्नुपर्छ ।

२४.४. **पेश्की :** स्थानीय निकाय आयकर प्रशासन नियमावली, २०६४ को नियम १९२ मा पेश्की म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । सडक निर्माण लगायत कार्यक्रमका लागि दश व्यक्तिलाई दिइएको पेश्की रु १८,८०,०००।- फछ्र्यौट नभएकोले सम्बन्धितलाई जिम्मेवार बनाई फछ्र्यौट गर्नुपर्दछ ।

२४.५. **सामाग्री खरीद :** सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार २० हजार भन्दा वढीरकमको खरिद गर्दा कर बिजक लिएर मात्र भुक्तानि गर्नुपर्नेमा गो.भा.नं. २ मिति २०७३।६।१६ मा कार्यालयलाई आवश्यक पर्ने सामान खरिद गर्दा PAN विलबाट रु. ७३,६६०।- को सामाग्री खरिद गरेको पाइएकोले खरिद अनियमित छ ।

२५. **आन्तरिक लेखापरीक्षणको.बेरुजू** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्नेमा आन्तरिक लेखापरीक्षणबाट औल्याएको निम्नानुसारको बेरुजू फछ्र्यौट गरेको नदेखिंएकोले फछ्र्यौट गर्नुपर्दछ ।

स्थानीय निकाय आयकर प्रशानन नियमावल २०६४ को नियमा को नियम १९९ मा प्रत्यका स्थानीय निमकायले आय, व्यय, धरौटी, जिन्सी र अन्य आम्दानीको खर्चको लेखा स्वीकृत ढाँचामा राख्नु पर्ने उल्लेख छ । गाउपालिका स्थीत वडा कार्यालयहरुको श्रेस्ता परीक्षण गर्दा संघ संस्थाहरुलाई योजनागत सामाग्री लगायत अन्य विभिन्न सामाग्री वितरण गरेकोमा आंशिक रुपमा मात्र हस्तान्तरण फारम भरी वितरण गरेको देखियो । अधिकांश सामाग्रीको खरीद आदेश, दाखिला प्रतिवेदन तथा सामाग्री हस्तान्तरण नगरी भुक्तानी दिएको देखियो । यसरी सिधै भुक्तानी दिंदा सामाग्रीको दुरुपयोग हुनसक्ने भएकोले नियममा भएको व्यवस्था कार्यन्वयन गर्नुपर्दछ ।

२६. **वेरुजु अभिलेख :-** संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको परिपत्रको बमोजिम गाउपालिका तथा नगरपालिकामा समाहित भएका साविकका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा वेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछर्यौट तथा वेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गाउँविकास समितिको कार्यालय र नगरपालिकामा वेरुजु अभिलेख, पेश्की बाँकीको विवरण तथा सो को फछ्र्यौटको अभिलेख राखेको पाइएन ।

२७. **विविध :** स्थानिय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६, स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम जिन्सी, लेखा, नगद, कार्यक्रम खर्च, प्रशासनिक खर्च लगायतमा आन्तरिक नियन्त्रण प्रमावकारी बनाउनु पर्ने व्यवस्था छ । कार्यालयले कार्य विवरण बनाई कार्यन्वयन नगरेको, सामाग्री खरिदको लागत अनुमान तयार नगरेको, भ्रमण प्रतिवेदन तयार नगरेको, खरिद योजना नबनाएको, टुक्रापारी खरिद गरेको जस्ता कमीकमजोरी देखिएको छ । कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्य सम्पादनलाई नियन्त्रण,मितव्ययी र पारदर्शी एबं भरपर्दो बनाउनु पर्दछ ।

## बेरूजू स्थिति

यो वर्षे लेखापरीक्षणबाट रू.८४ लाख २३ हजार बेरुजू देखिएकोमध्ये असूल गर्नुपर्ने रू.३ लाख ७३ हजार, नियमित गर्नुपर्ने रू.५० लाख ६३ हजार र पेश्की रू.२९ लाख ८७ हजार रहेको छ ।

# मैवाखोला गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.१ लाख ५१ हजार र यो वर्षको आय रु.२ करोड ५४ लाख ८३ हजार समेत रु.२ करोड ५६ लाख ३४ हजार आय भई रु.२ करोड ४ लाख ८३ हजार खर्च भई रु.५१ लाख ५१ हजार मौज्दात रहेको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा देहाय छन्:

१. **संस्थागत सुशासन, वित्तीय जवाफदेहिता :-** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ४५ मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, नगद मौज्दात तथा आयकर कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन र तिनिहरूको पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । सोसम्बन्धमा कार्यालयको वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व पालनाको स्थिती मूल्याङ्कन गर्दा जोखिमहरु पहिचान नगरेको, अनुगमन तथा सुपरीवेक्षण, बेरुजू फछ्र्यौट नगरेको, संक्षिप्त वार्षिक प्रतिवेदन तयार नगरेको, अधिकार र जिम्मेवारी नतोकेको, जिन्सी निरीक्षण नगरेको, जिन्सी संकेत प्रदान नगरेको, मर्मत अभिलेख नराखेको, जिन्सी हस्तान्तरण नगरेको, वार्षिक खरिद योजना, अनुगमन मूल्याङ्कन र वार्षिक प्रगति प्रतिवेदन जस्ता कार्यमा जिम्मेवारी पूर्ण रुपमा पालना गरेको पाइएन । वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन नेतृत्व क्रियाशिल हुनु जरुरी छ ।

२. **मैवाखोला गाउँपालिका :** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय वमोजिम रहेको छ ।

२.१. **वहाल कर :** आयकर ऐन २०५८ अनुसार कुनै कार्यालयले बहाल तथा भाडा भुक्तानी दिंदा भुक्तानी रकमको १० प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था छ । विभिन्न वडाका सडक निर्माण कार्यहरु गर्दा एक भारी उपकरणको भाडा रु ३३,४८,३००।- भुक्तानी गर्दा १० प्रतिशत भाडा कर रु. ३,३४,८३०।- कट्टी गर्नुपर्नेमा रु.५०,१७९।- मात्र कट्टी गरेकोले नपुग रु. २,८४,६५१।- जिम्मेवार बनाई असूल गर्नुपर्दछ ।

२.२. **कर दाखिला:** आयकर ऐन २०५८ को दफा ९० मा २५ दिन भित्र कर दाखिला गर्नु पर्ने व्यवस्था छ । रु ६,५७५।- अग्रिम कट्टी गरेको कर लेखापरीक्षण अवधिसम्म दाखिला नगरेकोले समयमा दाखिला हुनु पर्दछ ।

२.३. **आग्रिम कर :** आयकर ऐन बमोजिम भत्ता वापतको भुक्तानी दिदां १५ प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नु पर्ने व्यवस्था छ । अनुगमन भत्ता रु.३६,०००।- भुक्तानी दिंदा १५ प्रतिशत अग्रिम कर रु.५,४००।- कट्टा गर्नुपर्नेमा गरेको नपाइएकोले असूल गर्नुपर्दछ ।

२.४. **धरौटी फिर्ता :** बिना मौज्दात रु.१९,४३०।- धरौटी फिर्ता गरेकाले छानविन गरी प्रमाण पेश हुनुपर्दछ ।

२.५. **बिल भरपाई :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा सक्कल विजक लिनु पर्ने व्यवस्था छ । डोर हाजिर बेगर रु.२०,०००।- भुक्तानी भएकोले बिल भर्पाई पेश हुनुपर्दछ ।

२.६. **कार्यक्रम फरक :** बर्थिङ सेन्टरको फर्निचरमा रु ४०,०००।- वजेट विनियोजन गरि रु.३८,८२८।- को स्वास्थ्य चौकी प्लास्टर गरी कार्यक्रम फरक पारी खर्च लेखेको नियम संगत देखिएन ।

२.६.१. टावर घेरावार कार्यक्रमको लागि रु.२०,०००।- छुट्याएकोमा सो बजेटबाट प्रिन्टर खरिद गरेको पाइएकोले कार्यक्रम फरक पारी लेखेको खर्च रकम नियम संगत देखिएन ।

२.७. **बिल भर्पाई** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा सक्कल विजक लिनु पर्ने व्यवस्था छ । एक लघु जलविद्युत विकासको सामान खरिद गरी रु.२,००,०००।- भुक्तानी गर्दा सक्कल बिल पेश नभएकोले सक्कल बिल पेश हुनुपर्दछ ।

२.८. **प्रमाण पेश गर्नुपर्ने :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा सक्कल विजक लिनु पर्ने व्यवस्था छ । विपद व्यवस्थापन कोषमा रु.५०,०००।- जम्मा हुनु पर्ने रकम विपद व्यवस्थापन कोषमा जम्मा भएको प्रमाण पेश गर्नुपर्दछ ।

२.९. **कर दाखिला:** आयकर ऐन २०५८ को दफा ९० मा २५ दिन भित्र कर दाखिला गर्नु पर्ने व्यवस्था छ । रु ६,५७५।- अग्रिम कट्टी गरेको कर लेखापरीक्षण अवधिसम्म दाखिला नगरेकोले दाखिला गर्नु पर्दछ ।

३. **साविक ढुङगेसाँघु गाउँ विकास समिति तर्फको :** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय वमोजिम रहेको छ ।

३.१. **मालपोत:** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५(ख) मा मालपोत वा भूमिकरको २५ प्रतिशत जिल्ला समन्वय समितिलाई बुझाउनु पर्ने उल्लेख छ । मालपोत वापतको रुकम रु.७,०९६।- को २५

प्रतिशतले हुन आउने रु.१,७७५।- जिसस दाखिला गर्न पर्नेमा नगरी साविक सचिवले सोझै नगदै खर्च गरेकोले असूल गरि दाखिला गर्नु पर्दछ ।

३.२. **भाडा कर :** आयकर ऐन २०५८ अनुसार कुनै कार्यालयले बहाल तथा भाडा भुक्तानी दिंदा भुक्तानी रकमको १० प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था छ । सवारी भाडा वापत सवारीधनीलाई रु.२३,२५०।- भाडा भुक्तानी गर्दा १० प्रतिशत अग्रिम कर रु.२,३२५।- कट्टी गर्नुपर्नेमा नगरेकोले असूल गर्नुपर्दछ ।

३.३. **अग्रीम कर-** आयकर ऐन बमोजिम भत्ता वापतको भुक्तानी दिदां १५ प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नु पर्ने व्यवस्था छ । अनुगमनकर्तालाई रु.३६,०००।- भुक्तानी गर्दा कट्टा गर्नुपर्ने रु.५,४००।- कर कट्टा नगरेकोले असूल हुनुपर्दछ ।

३.४. **कार्यसम्पन्नः-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५) घ अनुसार नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश गरी भूक्तानी गर्नुपर्ने व्यवस्था छ । गो भौ न ५ मिति २०७३।८।१० बाट वडा परिषद भेला र इलाका परिषदमा कुनै व्यक्ति उपस्थित नै नभइ ६७,०००।– खर्च लेखिएकोमा कार्यक्रम भएको दखिने आवश्यक कागजात पेश नभएकोले खर्च रकम नियम संगत देखिएन ।

३.५. **आन्तरिक लेखापरीक्षण** - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औल्याईएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फर्छयौट गर्नुपर्न उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औल्याईएको बेरुजु अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट गरेको नदेखिँदा आवश्यक कारवाही गरी फछ्र्यौट गर्नुपर्दछ । आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्न छन ।

३.६. **कर दाखिलाः** आयकर ऐन २०५८ को दफा ९० मा २५ दिन भित्र कर दाखिला गर्नुपर्ने व्यवस्था छ । रु.९१६५।०० अग्रिम कट्टी गरेको कर र वीमा वापत रु २,८००।- लेखापरीक्षण अवधिसम्म दाखिला नगरेकोले दाखिला हुनु पर्दछ ।

३.७. **बढि खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा सक्कल विजक लिनु पर्ने व्यवस्था छ । परिषद भेला र इलाका परिषदमा उपस्थित नभई रु.६,७०००।- बढि भुक्तानी दिएकोले उक्त खर्च असूल गर्नुपर्दछ ।

४. **साँघु गाउँ विकास समिति :** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय वमोजिम रहेको छ ।

४.१. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५(ख) मा मालपोत वा भूमिकरको २५ प्रतिशत जिल्ला समन्वय समितिलाई बुझाउनु पर्ने उल्लेख छ । मालपोत वापतको रुकम रु.१०,६००।- को जिससको अंश २५ प्रतिशतले हुन आउने रु.२,६५०।- कट्टा गरी रु ७,९५०।- बैंक दाखिला नगरेकोमा दाखिला हुनु पर्दछ । जि स स को अंश रु.२,६५०।- जि.स.स. दाखिला गर्न पर्नेमा नगरेकोले दाखिला गर्नु पर्दछ ।

४.२. **बिल भर्पाई :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा सक्कल विजक लिनु पर्ने व्यवस्था छ । राष्ट्रिय भलिबल प्रतियोगिताको लागि रु.२०,०००।- भुक्तानी गर्दा सक्कल बिल पेश नभएकोले सक्कल बिल पेश हुनुपर्दछ ।

४.३. **आन्तरिक लेखापरीक्षणः** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट गरेको नदेखिंदा देहायका बेरुजूका सम्बन्धमा आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

४.३.१. **कर दाखिला :** आयकर ऐन २०५८ को दफा ९० मा २५ दिन भित्र कर दाखिला गर्नु पर्ने व्यवस्था छ । रु १०,४२५।- अग्रिम कट्टी गरेको कर लेखापरीक्षण अवधिसम्म दाखिला नगरेकोले समयमा दाखिला हुनु पर्दछ ।

४.४. **मूल्य अभिवृद्धि करको जानकारी :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क बमोजिम ठेक्का दिने सरकारी निकायले आफूले गरेको ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिई कर भूक्तानी सम्बन्धित ठेकेदारलाई गर्नुपर्ने व्यवस्था छ । जानकारी दिईएको लेखापरीक्षणको क्रममा कागजात पेश भएन ।

४.५. **सामान बुझेको भर्पाई** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा सक्कल विजक लिनु पर्ने व्यवस्था छ । दलित कार्यक्रमको रु.५०,०००।- को सिलाई कटाईको मेशिन खरिद गरि सामाग्री बुझेको भर्पाई नभएकोले पेश गर्नुपर्दछ ।

५. **साविक फाकुम्बा गाउविकास समिति तर्फको :** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय वमोजिम रहेको छ ।

५.१. **अग्रिम कर :-** आयकर ऐन २०५८ को दफा ८८ र ८९ मा अग्रिम कर कट्टा गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ । एक तालिम केन्दलाई प्रशिक्षण भत्ता वापत रु.२५,०००।- भुक्तानी गर्दा १५ प्रतिशतका दरले रु.३,७५०।- अग्रिम कर कट्टा गर्नुपर्नेमा नगरेकोले सो रकम असूल गर्नुपर्दछ ।

५.२. **आन्तरिक लेखापरीक्षण:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट गरेको नदेखिंदा देहायका बेरुजूका सम्बन्धमा आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

५.२.१. **कर दाखिला:** आयकर ऐन २०५८ को दफा ९० मा २५ दिन भित्र कर दाखिला  गर्नु पर्ने व्यवस्था छ । रु ६,२१०।- अग्रिम कट्टी गरेको कर लेखापरीक्षण अवधिसम्म दाखिला नगरेको समयमा दाखिला हुनु पर्दछ ।

**बेरुजु स्थिति**

यो वर्ष लेखापरीक्षणवाट रु. ९ लाख ८८ हजार शुरु बेरुजु देखिएको मध्ये रु.३ लाख ९० हजार असूल गर्नुपर्ने र रु. ५ लाख ९८ हजार अनियमित बाँकी रहेको छ ।

# याङवरक गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.१ लाख ५७ हजार तथा यो वर्षको आय रु.३ करोड ९५ लाख ७३ हजार समेत ३ करोड ६७ हजार ३० हजार आम्दानी रु.३ करोड १६ लाख ६९ हजार खर्च भई ५० लाख ६१ हजार बाकी छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा देहाय अनुसार छ ।

१. **संस्थागत सुशासन, वित्तीय जवाफदेहिता :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ४५ मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, नगद मौज्दात तथा आयकर कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन र तिनिहरूको पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । सोसम्बन्धमा कार्यालयको वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व पालनाको स्थिती मूल्याङ्कन गर्दा जोखिमहरु पहिचान नगरेको, अनुगमन तथा सुपरीवेक्षण नगरेको, बेरुजू फछ्र्यौट नगरेको, संक्षिप्त वार्षिक प्रतिवेदन तयार नगरेको, अधिकार र जिम्मेवारी नतोकिएको, जिन्सी निरीक्षण नगरेको, जिन्सी संकेत प्रदान नगरेको, मर्मत अभिलेख नराखेको, जिन्सी हस्तान्तरण नगरेको, वार्षिक खरिद योजना तयार नगरेको, अनुगमन मूल्याङ्कन नगरेको र वार्षिक प्रगति प्रतिवेदन तयार नगरेको लगायत कमि कमजोरी देखिएको छ । वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन उपरोक्त व्यहोरामा सुधार गर्नुपर्दछ ।

२. **पाथीभरा याङवरक गाउँपालिका तर्फ :** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन ।

२.१. **सामानको संरक्षण एवं हस्तान्तरण** - आयकर कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानि–नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ । यसै गरी नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । नेपाल सरकारले २०७३।११।२७ गतेदेखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आयकर कारोबार हस्तान्तरण गर्न लगाएकोमा विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन । जिन्सी सामान हस्तान्तरण हुन नसक्दा लगत यथार्थ नहुनसक्ने, सामानको दुरुपयोग हुनसक्ने र सामान हराउन सक्ने सम्भावना रहेको देखिँदा साविक गाउँ विकास समितिमा रहेका सम्पूर्ण जिन्सी सामान लगत खडा गरी हाल गाभिएको गाउँपालिकामा दाखिला गर्नुपर्ने देखिन्छ ।

२.२. **बैंक भिडान :** गाउँपालिकाले पेश गरेको एकीकृत आय-व्ययमा अन्तर्गत वडा कार्यालय समेतको राजस्व, धरौटी, पेश्की, कल्याण कोष र विपद व्यवस्थापन समेतको बैङ्क मौज्दात भिडान हुने विवरण पेश नभएकोले र फ्रिज तथा बाँकीको रु.१,२३,५९,६६१।- हिसाव देखिने विवरण पेश हुनुपर्दछ ।

२.३. **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नुपर्ने उल्लेख छ । भौ नं.६ मिति २०७४।०३।८ बाट कार्यालय सामान खरिद गर्दा रु.६,२४०।- विल भन्दा बढी भुक्तानी दिइएकोले असूल गरी दाखिला गर्नुपर्दछ ।

२.४. **बहाल कर :** आयकर ऐन २०५८ अनुसार कुनै कार्यालयले बहाल तथा भाडा भुक्तानी दिँदा भुक्तानी रकमको १० प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लाभग्राही मार्फत निर्माण तथा मर्मत कार्य गराउँदा उपकरण लगायतका मेसिन भाडामा लिँदा पाँच आपूर्तिकर्तालाई रु२५,५०,०५०।- भाडा भुक्तानी दिँदा सो बापतको १० प्रतिशत भाडा कर रु २,५५,००५।- कट्टी गर्नुपर्नेमा १.५ प्रतिशत मात्र कट्टा गरेकोले नपुग रु.२,१६,१६४।- असूल हुनुपर्दछ ।

२.५. **अतिरिक्त भत्ता :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २५७ (१) अनुसार स्थानीय निकायले सो निकायका कर्मचारीको पारिश्रमिक भत्ता तथा अन्य सुविधा निर्धारण गर्दा नेपाल सरकारका निजामती कर्मचारीले पाउने तलव भत्ता तथा सुविधालाई आधार मानी आफ्नो आम्दानी तथा खर्चको सीमाभित्र रही निर्धारण गर्नुपर्ने व्यवस्था छ । कार्यकारी अधिकृतलाई २०७३ चैत्रदेखि २०७४ आषाढसम्मको विशेष भत्ता मासिक रु.१०,०००।– ले ४ महिनाको रु.४०,०००।– मा १५ प्रतिशत रु.६,०००।- कर कट्टी गरी रु.३४,०००।– भुक्तानी गरेको पाइयो । विशेष भत्ता पाउने आधार नभएकोले उक्त रकम असूल गर्नुपर्दछ ।

२.६. **मालपोत फिर्ता :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २११ को अनुसूची-२६ मा स्थानीय निकायलाई प्राप्त हुने राजस्व वाँडफाड वापतको रकम प्रशासनिक कार्यमा खर्च गर्न नपाउने व्यवस्था छ । मालपोत बापत उठेको रु.६,७३७– तहविल राखी नगदै खर्च गरेको पाइयो । यस्तो रकम सचिबबाट असूल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

२.७. **तहविल खर्च** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २११ को अनुसूची-२६ मा स्थानीय निकायलाई प्राप्त हुने राजस्व बाँडफाड बापतको रकम प्रशासनिक कार्यमा खर्च गर्न नपाउने व्यवस्था छ। त्यस्तै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४(२) मा कार्यालयले प्राप्त भएको आम्दानी गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोली पल्टसम्म बैंक दाखिला गर्नुपर्ने उल्लेख छ । वडा नं. ३ को सेवा दस्तुर बापत सङ्कलन भएको राजस्व रु.३,२००।– का सचिब रबिन्द्र कार्कीले तहविल राखी गो.भौ.नं.११ मिति २०७४।०३।२३ मा खर्च लेखेको पाईयो । सेवा दस्तुर बापतको रकम तहविलमा राखी खर्च गर्ने कर्मचारीबाट असूलउपर गरी राजस्व खातामा जम्मा गर्नुपर्दछ ।

२.८. **सामाजिक सुरक्षा कर :** कर्मचारीलाई तलब बापतको रकम भुक्तानी गर्दा १ प्रतिशत सा.सु.कर बापत अग्रिम कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । भौ.नं.१७ मिति २०७४।३।२५ बाट प्रा.स.श्री पूर्ण कुमार बस्नेतलाई रु.८,९००।– भुक्तानी दिँदा कट्टा गर्नुपर्ने रु.८९०।– कट्टा नगरेकोले असूल गरी बेरुजू खातामा दाखिला गर्नुपर्दछ ।

२.९. **बिल भर्पाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । वडा नं. ६ देहाय बमोजिम खर्चको पुष्टयाई सहितको विल भरपाई संलग्न नगरेकोले नियमित देखिएन ।

२.९.१ ने.रा.मा.वि. थुम्बेदिनको खानेपानी व्यवस्थापन बापतको रु.३५,८०७।- इष्टिमेट, बिल अफ क्वान्टिटी, कार्य सम्पन्न प्रतिवेदन बेगर भुक्तानी भएकोले उक्त खर्च नियमित मान्न सकिएन ।

२.९.२ कुलो निर्माण कार्यक्रम थुम्बेदिनको रु.३०,०००।- इष्टिमेट, बिल अफ क्याइन्टिटि, कार्य सम्पन्न प्रतिवेदन बेगर भएकाले खर्च नियमित मान्न सकिएन ।

२.१०. **बिल बिजक :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ। कार्यालयले पशु सेवाका लागि औषधि खरिद बापत रु.३०,०००।- खर्च लेख्दा बिल पेश नगरी भुक्तानी दिएकोले उक्त औषधि खरिदको सक्कल बीजक र जिन्सीमा आम्दानी तथा खर्चको प्रमाण समेत पेश गर्नुपर्दछ ।

२.११. **आन्तरिक लेखापरीक्षणको बेरुजू :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औल्याएको निम्नानुसारको बेरुजू अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट गरेको नदेखिंदा आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

**साविक डुम्रिसे गाउँ विकास समिति**

३. **कर्मचारी कल्याण** कोषः गतको आ.व.को अ.ल्या. रु.१,५२,७०३।– रहेको छ । चालु वर्षमा रु.२२,७३०।– खर्च लेखकोमा रकम बैङ्क दाखिला नभई नगदै मौज्दात रहेकोले निजबाट उक्त रकम दाखिला गर्नुपर्दछ ।

**साविक तिरिङ्गे गाउँ विकास समिति**

४. **करकट्टी :** आयकर ऐन, २०५८ को दफा ८८ र दफा ८९ मा पारिश्रमिक, बहाल र अग्रिम करकट्टी गर्नुपर्ने व्यवस्था छ । साथै, कट्टी रकम समयमै सम्बन्धित राजस्व कार्यालयमा दाखिला समेत गर्नुपर्दछ । लेखापरीक्षण शुल्क बापत एक लेखापरीक्षकलाई रु.८,४००।– भुक्तानी गर्दा १५ प्रतिशत अग्रिम कर कट्टा गर्नु पर्नेमा नगरेको रु.१,२६०।- असूल गर्नुपर्दछ ।

५. **बिल भर्पाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ। बाल लक्षित कार्यक्रम अन्तर्गत कुल ११५ वटा झोला खरिद भई रु.५२५३८।०० एक सप्लायर्सलाई भुक्तानी गरिएकोमा जम्मा ३४ वटा झोला वितरण गरेको भर्पाईबाट देखिन्छ भने ८१ वटा झोला वितरण गरेको प्रमाण पेश नभएकोले रु.३७,००५।- को झोला वितरणको भरपाई सहितको प्रमाण पेश हुनुपर्दछ ।

६. **बढी खर्च :** पूँजीगतमा रु.३२,००,०००।- बजेट विनियोजन भएकोमा रु.३३,१४,६५५।- खर्च भएकोले रु.१,१४,६५५।- बढी खर्च नियमसम्मत देखिएन ।

७. **मालपोत लगत :** कार्यालयले मालपोत असूली तथा बाँकीको लगत यकिन गरी राजस्वको आयकर विवरण पेश गर्नुपर्दछ ।

८. आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९९ मा प्रत्येक स्थानीय निकायले आय–व्यय, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । गाउँपालिकास्थित वडा कार्यालयहरुको स्रेस्ता परीक्षण गर्दा संघ संस्थाहरुलाई योजनागत सामग्री लगायत अन्य विभिन्न सामग्री वितरण गरेकोमा आंशिक रुपमा मात्र हस्तान्तरण फारम भरी वितरण गर्ने गरेको देखियो । अधिकांस सामग्रीको खरिद आदेश, दाखिला प्रतिवेदन तथा सामग्री हस्तान्तरण नगरी भुक्तानी दिइएको पाइयो । यसरी सिधै भुक्तानी दिँदा सामाग्रीको दुरुपयोग हुनसक्ने भएकाले नियममा भएको व्यवस्थाको पालना

गर्नुपर्दछ ।

**बेरुजू अभिलेख :** संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयको परिपत्र बमोजिम गाउपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउविकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका कायम गरी पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्दछ । तर बेरुजू अभिलेख, पेश्की बाँकीको विवरण तथा सोको फछ्र्यौटको अभिलेख रहेको पाइएन ।

९. **मूल्य अभिवृद्धि करको जानकारी :** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क कमोजिम ठेक्का दिने सरकारी निकायले आफुले गरेको ठेक्का सम्झौता र कर भूक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिनुपर्ने व्यवस्था छ । सो नियमानुसार सम्बन्धित पक्षलाई जानकारी दिएको लेखापरीक्षणको क्रममा कागजात पेश भएन ।

१०. **जिन्सी निरीक्षण :** प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि कार्यालयमा विद्यमान रहेको जिन्सी के कस्तो अवस्था छ भनी जिन्सी निरीक्षण गरी तोकिएको मितिभित्र प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएकोमा सो भएको पाइएन ।

११. **दर्ता र चलानी** : कार्यालयमा पेश हुन आएका सबै कागजातहरु अनिवार्य दर्ता गर्नुपर्ने र कार्यालयबाट बाहिर पत्रहरु पठाउँदा चलानी गर्नुपर्दछ । यसैगरी पुँजीगत कार्य गर्नुभन्दा अगाडि सम्बन्धित कामको लागत इष्टिमेट गरी कार्यालयमा पेश गरी दर्ता गर्नुपर्ने र कार्यसम्पन्न भएपछि तयार गरिने कार्यसम्पन्न प्रतिवेदन पनि सम्बन्धित कार्यालयमा दर्ता गर्ने अनिवार्य व्यवस्था गरिनुपर्दछ ।

१२. **विविध खर्च :** विविध खर्च अन्तरगत गाउँ परिषद्, अन्य सभा समारोहमा खाजा, खाना, नास्ता लगायतका खर्चहरुको भरपाईहरु पेश गरी भुक्तानी दिएको पाईयो । जसमा खाना, नास्ता, चिया आदिको कति संख्या हो र दर कति हो भनी उल्लेख नगरी रकम मात्र उल्लेख गरेको पाइयो । यस्ता शीर्षक अन्तर्गत धेरै खर्च देखिएकोले यस्ता खर्चलाई अविलम्ब नियन्त्रण गरिनुपर्दछ ।

१३. **अन्य कार्यालयको खर्च** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ६ मा मातहत कार्यालयको लागि तालुक मन्त्रालय, विभागबाट रकम खर्च गर्ने अख्तियारी दिने र मातहतका कार्यालय तालुक कार्यालयबाट प्राप्त अख्तियारीको सीमाभित्र रहेर खर्च गर्नुपर्ने उल्लेख छ । यो वर्ष छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका जिल्लास्थित अन्य कार्यालयको खर्च यस कार्यालयले व्यहोरेको छ । यस्ता प्रकृतिको खर्च नियन्त्रण गर्नुपर्दछ ।

१४. स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम जिन्सी, लेखा, नगद, कार्यक्रम खर्च, प्रशासनिक खर्च लगायतमा आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनुपर्ने व्यवस्था छ । कार्यालयको २७ जना दरबन्दी रहेकोमा १४ कर्मचारी कार्यरत रहेको र कार्य विवरण बनाई कार्यान्वयन नगरेको, सामग्री खरिदको लागत अनुमान तयार नगरेको भ्रमण प्रतिवेदन तयार नगरेको, खरिद योजना नबनाएको, टुक्रा पारी खरिद गरेको जस्ता कमि कमजोरी देखिएका छन् । कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यसम्पादनलाई नियन्त्रण, मितव्ययी र पारदर्शी एवं भरपर्दो बनाउनुपर्दछ ।

१५. **साविक नाङ्खोल्याङ गाउँ विकास समिति :** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन ।

१५.१. **मालपोत फिर्ता :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५(ख) मा मालपोत वा भूमीकर २५ प्रतिशत जिल्ला विकास समितिलाई बुझाउनुपर्ने उल्लेख छ । स्थानीय तहले मालपोत बापतको राजस्व सङ्कलन गरेको रु.१२,५०६।- को २५ प्रतिशतले हुन आउने रु.३,१२६।- जिल्ला समन्वय समितिमा फिर्ता नगरी तहविलमा राखी भौ.नं.१४ मिति २०७३।११।२५ बाट खर्च लेखेको देखियो । जिल्ला समन्वय समितिमा पठाउने मालपोत बापतको रकम तहविलमा राखी खर्च गर्नेबाट असूल गरी जिल्ला समन्वय समितिको खातामा जम्मा गर्नुपर्दछ ।

१५.२. **तहविल खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४(२) मा कार्यालयले प्राप्त भएको आम्दानी गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोली पल्ट सम्म बैङ्क दाखिला गर्नुपर्ने उल्लेख छ । कार्यालयले आन्तरिक आयको रु.३,०५०।- बैङ्क दाखिला नगरी सोझै खर्च लेखेको नियमसंगत भएन ।

१५.३. **बहाल कर :** आयकर ऐन, २०५८ अनुसार भाडा भुक्तानी दिँदा भुक्तानी रकमको १० प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लाभग्राही मार्फत निर्माण तथा मर्मत कार्य गराउँदा एस्काभेटर लगायतका मेसिनरीको भाडा बापत विभिन्न आपूर्तिकर्तालाई रु १६,८७,८००।- भुक्तानी दिँदा सो बापतको १० प्रतिशत भाडा कर रु १६८७८०।- कट्टी गर्नुपर्नेमा १.५ प्रतिशत मात्र कट्टी गरि भुक्तानी गरेकोले नपुग कर रु.५७,२६०।-असूल हुनुपर्दछ ।

१६. **साविक थेचम्बु गाउँ विकास समिति :** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन ।

१६.१. **मालपोत फिर्ता :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५(ख) मा मालपोत वा भूमिकरको २५ प्रतिशत जिल्ला विकास समितिलाई बुझाउनुपर्ने उल्लेख छ । स्थानीय तहले मालपोत बापतको राजस्व सङ्कलन गरेको रु.९,८६०।- को २५ प्रतिशतले हुन आउने रु.२,४६५।- जिल्ला समन्वय समितिमा फिर्ता नगरी तहविलमा राखी भौ.नं.१४ मिति २०७३।११।२६ मा खर्च लेखेको देखियो । जिल्ला समन्वय समितिको कार्यालयमा पठाउने मालपोत बापतको रकम तहविलमा राखी खर्च गर्नेबाट असूल गर्नुपर्दछ ।

१६.२. **तहविल खर्च :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २११ को अनुसूची-२६ मा स्थानीय निकायलाई प्राप्त हुने राजस्व वाँडफाड वापतको रकम प्रशासनिक कार्यमा खर्च गर्न नपाउने व्यवस्था छ । साविक स्थानीय निकायले आन्तरिक आयको रु.८,३००।- बैंक दाखिला नगरी सोझै खर्च लेखेको नियम संगत भएन ।

१६.३. **बहाल कर :** आयकर ऐन २०५८ अनुसार भाडा भुक्तानी दिँदा भुक्तानी रकमको १० प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लाभग्राही मार्फत निर्माण तथा मर्मत कार्य गराउँदा एस्काभेटर लगायतका मेसिनरी भाडा बापत भौ.नं.७-२०७३।८।२७ बाट इभर ग्रीन विल्डर्स प्रा.ली काठमाडौंलाई रु.२,६४,०००।- भुक्तानी गर्दा १.५ प्रतिशतले हुने रु.२२९८।०० मात्र कट्टी गरी भुक्तानी दिएकोले नपुग बाहाल कर रु.२४,१०२।- असूल गर्नुपर्दछ ।

१६.४. **अग्रिम कर :** आयकर ऐन, २०५८ अनुसार कुनै कार्यालयले सामान खरिद गरी सोको भुक्तानी दिँदा भुक्तानी रकमको १.५ प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । भौ.नं.४-२०७३।७।१७ बाट एक सप्लायर्सलाई रु.२,०७,८७६।- भुक्तानी गर्दा कट्टा गर्नुपर्ने रु.३,११८।- कट्टा नगरेकोले असूल हुनुपर्दछ ।

१७. **साविक तिरिंगे गाउँ विकास समिति :** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन ।

१७.१. **मालपोत फिर्ता :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५(ख) मा मालपोत वा भूमिकरको २५ प्रतिशत जिल्ला विकास समितिलाई बुझाउनुपर्ने उल्लेख छ । स्थानीय तहले मालपोत बापतको राजस्व सङ्कलन गरेको रकम रु.१६,५५८।- को २५ प्रतिशतले हुन आउने रु.४,१३९।- जिल्ला समन्वय समितिमा फिर्ता नगरी सचिवले तहविलै राखी मिति २०७३।११।२७ मा खर्च लेखेकोले असूल गरी दाखिला गर्नुपर्दछ ।

१७.२. **तहविल खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४(२) मा कार्यालयले प्राप्त भएको आम्दानी गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोली पल्टसम्म बैङ्क दाखिला गर्नुपर्ने उल्लेख छ । साविकका गाविसले आन्तरिक आयको रु.६,७५०।– बैङ्क दाखिला नगरी सोझै खर्च लेखेको नियमसंगत भएन ।

१७.३. **सामाजिक सुरक्षा कर :** कार्यालयले कर्मचारीलाई तलब बापतको रकम भुक्तानी गर्दा १ प्रतिशत सामाजिक सुरक्षा कर बापत अग्रिम कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । भौ.नं.५-२०७३।११।१२ बाट प्रा.स.पूर्ण कुमार बस्नेतलाई रु.७२,०००।- पारिश्रमिक भुक्तानी गर्दा कट्टा गर्नुपर्ने रु.७२०- कट्टा नगरेकोले असूल हुनुपर्दछ ।

१८. **साविक डुम्रिसे गाउँ विकास समिति :** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन ।

१८.१. **बहाल कर :** आयकर ऐन, २०५८ अनुसार भाडा भुक्तानी दिँदा भुक्तानी रकमको १० प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लाभग्राही मार्फत निर्माण तथा मर्मत कार्य गराउँदा एस्काभेटर लगायतका मेसिनरी भाडा बापत ३ आपूर्तिकर्तालाई भुक्तानी दिंदा सो बापतको १० प्रतिशत भाडा कर कट्टी नगरेकोले लाभग्रहीलाई जिम्मेवार बनाई रु.४८,०६०।- असूल हुनुपर्दछ । त्यस्तै कार्यालयले लाभग्राही मार्फत निर्माण तथा मर्मत कार्य गराउँदा उपकरण लगायतका मेसिनरी भाडा बापत दुई आपूर्तिकर्तालाई रु ५,६५,४२०।- भुक्तानी दिँदा सो बापतको १० प्रतिशत भाडा कर रु ५६,५४२।- कट्टी नगरि १.५ प्रतिशत मात्र कट्टा गरेकोमा नपुग रु.४८,०६०।- असूल हुनुपर्दछ ।

१९. **साविक चाक्सिबोटे गाउँ विकास समिति :** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन ।

१९.१. **मालपोत फिर्ता :** स्थानीय स्वायत्त शासन ऐन,२०५५ को दफा ५५(ख) मा मालपोत वा भूमिकर वा २५ प्रतिशत जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । स्थानीय तहले मालपोत बापतको राजस्व सङ्कलन गरेको रु.१५६०।- को २५ प्रतिशतले हुन आउने रु.३९०।-जिल्ला समन्वय समितिमा फिर्ता गर्नुपर्नेमा हालसम्म पनि गाविस सचिव श्री केशव गुरागाईंसँग नगदै जिम्मा रहेको देखिएकाले यथाशिघ्र दाखिला गर्नुपर्दछ ।

१९.२. **तहविल खर्च** : स्थानीय निकाय आर्थक प्रशासन नियमावली, २०६४ को नियम ४(२) मा कार्यालयले प्राप्त भएको आम्दानी गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोली पल्टसम्म बैङ्क दाखिला गर्नुपर्ने उल्लेख छ । आन्तरिक आयको रु.१,५००।– हालसम्म पनि

बैङ्क दाखिला नभएकोले बैङ्क दाखिलाको प्रमाण पेश गर्नुपर्दछ ।

१९.३. **बहाल कर :** आयकर ऐन, २०५८ अनुसार भाडा भुक्तानी दिँदा भुक्तानी रकमको १० प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लाभग्राही मार्फत निर्माण तथा मर्मत कार्य गराउँदा एस्काभेटर लगायतका मेसिनरी भाडा बापत दुई आपूर्तिकर्तालाई रु २५,१७,०००।- भुक्तानी दिँदा सो बापतको १० प्रतिशत भाडा कर रु २,५१,७००।- कट्टी नगरि १.५ प्रतिशत मात्र कट्टा गरेकोले नपुग रु.२,१३,९४५।- असूल हुनुपर्दछ ।

२०. **साविक थुम्बेदिन गाउँ विकास समिति :** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन ।

२०.१. **मालपोत फिर्ता** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५(ख) मा मालपोत वा भूमिकरको २५ प्रतिशत जिल्ला समन्वय समितिलाई बुझाउनुपर्ने उल्लेख छ । स्थानीय तहले मालपोत बापतको राजस्व सङ्कलन गरेको रु.४,९००।- सचिव प्रमोद नेपालले तहविलबाट नै खर्च लेखेको देखियो । जिल्ला समन्वय समितिमा पठाउने मालपोत बापतको रकम तहविलमा राखी खर्च गर्नेबाट असूल गरी उक्त खातामा जम्मा गर्नुपर्दछ ।

२०.२. **आन्तरिक लेखा परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट गरेको नदेखिंदा बेरुजू फछ्र्यौट गर्नुपर्दछ ।

२०.३. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । आर्थिक वर्षको अन्त्यमा पाँच जनाको नाममा रहेको पेश्की रु ८,००,०००।- भुक्तानी दिएकोमा फछ्र्यौट गरेको नपाइएकोले पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

चालू तर्फ लेखापरीक्षण गर्दा देखिएका व्यहोरा देहाय छन :

२१. **कर कट्टी दाखिला :** आयकर ऐन २०५८ को दफा ९० मा कर कट्टा भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले चालु र पूँजीगत शिर्षकमा कट्टा भएको रु.७९,७५५।- अग्रिम कर लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको छैन ।

२२. **कर :** आयकर ऐन २०५८ को दफा ८९ बमोजिम अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । मिति २०७३।०७।२६ मा मोटरसाइकल खरिद गरी रु.१,८७,५२२।– भुक्तानी दिंदा अग्रिम कर १.५ प्रतिशत रु.२,८१२।- कट्टा नगरेको पाइएकोले असूल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

२३. **संचयकोष दाखिला :** नियमानुसार कट्टा गरेको कर्मचारी संचयकोष र नागरिक लगानी कोष वापत रु.३९,१७२।- लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको प्रमाण पेश भएको छैन । खर्च लेख्दा दाखिला प्रमाण नराखी खर्च लेख्न मिल्दैन ।

२४. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९२ मा पेश्की म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । सूधारिएको चूल्हो निर्माण, झोला तथा ड्रेस वितरण, आदिबासी सचेतना, सडक निर्माण, भिलेज प्रोफाइल कार्यक्रम संचालन गर्न रु.३,५८,०००।- पेश्की भुक्तानी दिएकोमा हालसम्म पेश्की फछ्र्यौट गरेको नपाइएकोले पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

## बेरूजू स्थिती

यो वर्ष लेखापरीक्षणबाट रू.१ करोड ४५ लाख ५८ हजार बेरुजूमध्ये असूल गर्नुपर्ने रू.६ लाख १८ हजार, नियमित गर्नुपर्ने रू.१ करोड २७ लाख ८२ हजार र पेश्की रू.११ लाख ५८ हजार बाँकी छ ।

# सिरिजङ्घा गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.१ लाख ४८ हजार यो वर्षको आय रु.३ करोड ५४ लाख १९ हजार समेत रु.३ करोड ५५ लाख ६७ हजार आय गरी ३ करोड ४ लाख १४ हजार खर्च भई रु.५१ लाख ५३ हजार बाँकी देखिएको छ । लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम छ ।

१. **मौज्दात हस्तान्तरण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने उल्लेख छ । यस्तो अवस्थामा कार्यालय गाभिएको ३५ दिनभित्र नगदी बाँकी भए मन्त्रालय वा विभागले त्यस्तो नगद लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा कारोबार हस्तान्तरण गरी एकिकृत हिसाब तयार गरेको पाइएन ।

२. **संस्थागत सुशासन, वित्तीय जवाफदेहिता :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन र तिनिहरूको पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । जोखिमहरु पहिचान नगरेको, अनुगमन तथा सुपरीवेक्षण नगरेको, बेरुजू फछ्र्यौट नगरेको, संक्षिप्त वार्षिक प्रतिवेदन तयार नगरेको, अधिकार र जिम्मेवारी नतोकिएको, जिन्सी निरीक्षण नगरेको, जिन्सी संकेत प्रदान नगरेको, मर्मतको अभिलेख नराखेको, जिन्सी हस्तान्तरण नगरेको, वार्षिक खरिद योजना तयार नबनाएको, अनुगमन मूल्याङ्कन र वार्षिक प्रगति प्रतिवेदन तयार गरी तालुक निकायमा नपठाएको जस्ता कमि कमजोरी देखिएकोले पदाधिकारीले जिम्मेवरी पूर्ण रुपमा पालना गरेको पाइएन । वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन उपरोक्त व्यहोरामा सुधार गर्नु पर्दछ ।

३. **बैंक भिडान :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार स्थानीय निकायले आफ्नो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । स्थानिय तहले पेश गरेको एकिकृत वार्षिक कारोवार अन्तर्गत वडा कार्यालयल तथा साविक निकायको राजस्व, धरौटी, पेश्की, कल्याण कोष र विपद व्यवस्थापन समेतको बैंक मौज्दात भिडान हुने विवरण पेश नभएकोले र फ्रिज तथा बाँकीको रु.१,४८,९७,३५८।- हिसाव देखिने विवरण पेश हुनुपर्दछ ।

४. **आय व्यय विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार स्थानीय निकायले आफ्नो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको एकिकृत आय-व्यय विवरणमा शुरु मौज्दात र यस वर्षको आम्दानी तर्फ रु.१,८९,३६,२४५।- र खर्चमा जम्मा रु.१,८९,७५,८०६।- जोड जम्मा फरक पारी पेश गरेकोले कार्यालयले लापरबाही गरेको देखिन्छ । यस सम्बन्धमा आन्तरिक लेखापरीक्षणले पनि औंल्याएको तथा सुधार गराएको नपाइएकोले सम्बन्धितलाई जिम्मेवार बनाई हिसाव एकिन गर्नुपर्दछ ।

५. **सामानको संरक्षण एवं हस्तान्तरण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ । यसै गरी नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका स्थानिय निकायलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएकोमा जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन । जिन्सी सामान हस्तान्तरण हुन नसक्दा लगत फरक पर्ने, सामानको दुरुपयोग हुन सक्ने र सामान हराउन सक्ने सम्भावना रहेको देखिँदा साविक गाउँ विकास समितिमा रहेका जिन्सी सामानको लगत खडा गरी गाउँपालिकामा दाखिला गर्नुपर्दछ ।

६. **साविक सिनाम गाउँ विकास समिति :** लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम छ ।

६.१. **अग्रिम कर :-** आयकर ऐन २०५८ अनुसार कुनै कार्यालयले सामान खरिद गरि सोको भुक्तानी दिंदा भुक्तानी रकमको १.५ प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । एक स्टेशनरी एण्ड सप्लायर्सलाई रु.९०,३००।- भुक्तानी गर्दा रु.१,३५४।- कर कट्टी नगरेकोले सम्बन्धितसंग असूल गर्नुपर्दछ ।

६.२. **अग्रिम कर :** आयकर ऐन, २०५८ अनुसार कार्यालयले भत्ता वापतको रकम भुक्तानी दिँदा १५ प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । भौ.नं. १४-२०७४।११।२० बाट एक प्रशिक्षण केन्द्रलाई रु.२५,०००।- भुक्तानी दिंदा १५ प्रतिशतका दरले कट्टी गर्नुपर्नेमा नगरेकोले रु.३,७५०।- असूल गर्नुपर्दछ ।

६.३. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(३) मा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्च भएको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं.११ मिति २०७३/११/११ बाट एक अपाङ्ग समाजलाई रु.३१,०३७- भुक्तानी गर्दा पुष्टि गर्ने कागजात समाबेश नगरी भुक्तानी दिएकोले खर्चको पुष्टि हुने बिल भर्पाईहरु पेश गर्नुपर्दछ ।

६.४. **सामाग्री खरिद :** सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार २० हजार भन्दा बढि रकमको खरिद गर्दा कर बिजक लिई भुक्तानी गर्नुपर्दछ । तर समाग्री खरिद गरी रु.९०,३००।- भुक्तानी गर्दा कारोवारको करदर्ता विलबाट खरिद गरेको नपाइएकोले नियमित मान्न सकिएन ।

७. **साविक आम्वेगुदिन गाविस :** लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम छ ।

७.१. **बहाल कर :** आयकर ऐन, २०५८ अनुसार बहाल तथा भाडा भुक्तानी दिंदा भुक्तानी रकमको १० प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । विभिन्न चार फर्महरुलाई रु.६४,६२०।- भुक्तानी दिंदा अग्रिम कर रु.६,४६२।- कर कट्टि नगरेकोले सो असूल गर्नुपर्दछ ।

७.२. **सामाजिक सुरक्षा कर** : कर्मचारीलाई तलब वापतको रकम भुक्तानी गर्दा १ प्रतिशत सा.सु.कर वापत अग्रिम कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । एक कर्मचारीलाई तलब भुक्तानी दिंदा रु.१,३५०।- सामाजिक सुरक्षा कर वापतको रकम कट्टी गर्नुपर्नेमा नगरेकोले असूल गरी दाखिला गर्नुपर्दछ ।

७.३. **अग्रिम कर :** आयकर ऐन २०५८ अनुसार कुनै कार्यालयले सामान खरिद गरी सोको भुक्तानी दिंदा भुक्तानी रकमको १.५ प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । एक कर्मचारी मार्फत भुक्तानी दिंदा अग्रिम आयकार वापत रु.४५०।- कट्टी गर्नुपर्नेमा नगरेकोले सो रकम असूल गर्नुपर्दछ ।

७.४. **भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(४) मा सरकारी काजमा खटिएको पदाधिकारी वा कर्मचारीले काजबाट कार्यालय फर्केको दिनको पाउने दैनिक भत्ताको पच्चीस प्रतिशत पाउने व्यवस्था छ । एक कर्मचारीलाई विभिन्न मितिमा भ्रमण खर्च वापतको रकम भुक्तानी दिंदा भ्रमण खर्च नियमावली अनुसार भुक्तानी नभएकाले बढी भुक्तानी भएको रु.९००।- असूल गर्नुपर्दछ ।

७.५. **सामाग्री खरिद :** सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार २० हजारभन्दा माथिको खरिद गर्दा कर बिजक प्रयोग गर्नुपर्दछ । कार्यालयले आफूलाई आवश्यक पर्ने समाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरीद गर्नु पर्ने व्यवस्था छ । पुँजीगत खर्च अन्तरगत आम्बेगुदिन स्वस्थ्या चौकी निर्माण गर्दा आवश्यक पर्ने सामान रु. १,९२,०००।- पान विलबाट खरिद गरेकोले नियमित मान्न सकिएन ।

७.६. **राजस्व दाखिला :** कार्यालयमा अग्रीम आयकर कट्टी गरी राजस्व खातामा दाखिला नगरेको रु.१३,११४।- दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

७.७. **जि.स.स. दाखिला :** मालपोत वापतको जि.स.स.मा दाखिला गनुपर्ने रु.१,६०२।- दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

७.८. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९२ मा पेश्की म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । आर्थिक वर्षको अन्त्यसम्ममा तीन कर्मचारीको नामको पेश्की रु. ७५,०००।- फछ्र्यौट हुन बाँकी देखिएकोले आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम समयमै पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

८. **साविक सिकैचा गाविस : :** लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम छ ।

८.१. **भ्रमण भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(४) मा सरकारी काजमा खटिएको पदाधिकारी वा कर्मचारीले काजबाट कार्यालय फर्केको दिनको पाउने दैनिक भत्ताको पच्चीस प्रतिशत पाउने व्यवस्था छ । गाविस सचिबलाई दैनिक भ्रमण भत्ता वापतको रकम भुक्तानी दिँदा फर्केको दिनको एक चौथाई रकम मात्र भुक्तानी गर्नुपर्नेमा आधा रकम दिएकोले रु.३००।- सम्बन्धितसंग असूल गर्नुपर्दछ ।

८.२. **बिल भर्पाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्च भएको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । भौ.नं.४-२०७३।८।१ बाट बिल भर्पाइ समावेश नगरी रु.८,०००।- भुक्तानी दिएकोले सम्बन्धितबाट असूल गर्नुपर्दछ ।

९. **साविक ममांखे गाउँ विकास समिति :** लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम छ ।

९.१. **दाखिला :** कार्यालयले खरिद गरेका सामान जिन्सी दाखिला गर्नु पर्दछ । एक शैक्षिक संस्थाले खरिद गरेको रु.१५,०००।- को कुर्सी दाखिला नगरेकोले दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

९.२. **आयकर :** आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । भुक्तानीमा अग्रीम करकट्टी गरिएको राजस्व वापतको रु.१,९३९।- दाखिला नगरेकोले राजस्व खातामा दाखिला गरि प्रमाण पेश गर्नुपर्दछ ।

९.३. **कर दाखिला :** आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । मालपोत वापत संकलन भएको रकम जि.स.स.मा दाखिला नगरेको रु.५१९।७५ दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

९.४. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९२ मा पेश्की म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । आर्थिक वर्षको अन्त्यसम्ममा चार कर्मचारीको नामको पेश्की रु.२,३८,०८०।- फछ्र्यौट हुन बाँकी देखिएकोले आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम समयमै पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

१०. **साविक पेदाङ गाउँ विकास समिति :** लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम छ ।

१०.१. **बिल भर्पाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(३) मा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्च भएको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । हिमाली क्लब सिनामलाई सामाग्री खरिद वापत को रु.१२,०००।- भुक्तानी गर्दा आवश्यक विल भर्पाइ पेश नगरेकोले बिल भर्पाई पेश गर्ने अन्यथा असूल गर्नुपर्दछ ।

१०.२. **आयकर :** आयकर ऐन, २०५८ अनुसार भौ.नं.२ मिति २०७४।३।१८ मा शिवशक्ति हार्डवेयरलाई रु.९७,२१३।- को १.५ प्रतिशतले हुन आउने रु.१,४४८। कट्टी गनुपर्नेमा नगरेकोले असूल गर्नुपर्दछ ।

१०.३. **कार्य सम्पन्न :** एक शैक्षिक संस्थाको खेल मैदानको लागि रु.२५,०००।- भुक्तानी दिएकोमा सोको कार्यसम्पन्न प्रतिवेदन समावेश नभएकोले नियमित देखिएन । सोको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

१०.४. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । आर्थिक वर्षको अन्त्य सम्ममा तीन कर्मचारीको नामको रु.२,००,०००।- पेश्की फछ्र्यौट हुन बाँकी देखिएकोले असूल फछ्र्यौट गर्नुपर्दछ ।

१०.५. **आ.ले.प.बेरुजू** - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औंल्याएको निम्नानुसारको बेरुजू अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट गरेको नदेखिंदा आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

११. **साविक याम्फुदिन गाउँ विकास समिति :** लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम छ ।

११.१. **अग्रिम कर :** आयकर ऐन २०५८ अनुसार कुनै कार्यालयले सामान खरिद गरी भुक्तानी दिंदा १.५ % अग्रिम आयकर कट्टी गर्नुपर्दछ । चार आपूर्तिकर्तासंग कारोवार गरी भुक्तानी गर्दा अग्रिम आयकर कट्टी नगरिएकोले रु.५५,८२३।- असूल गर्नुपर्दछ ।

११.२. **सामाजिक सूरक्षा कर :** एक कर्मचारीलाई तलब वापतको रकम भुक्तानी दिंदा सा.सु.कर वापत १ प्रतिशत अग्रिम आयकर वापत रु.१,०००।- कट्टी गनुपर्नेमा नगरेको हुँदा निजसंग असूल गर्नुपर्दछ ।

११.३. **अग्रिम कर :** आयकर ऐन २०५८ अनुसार कुनै भत्ता भुक्तानी दिंदा १५% अग्रिम आयकर कट्टी गर्नुपर्दछ । एक कर्मचारीलाई भत्ता भुक्तानी दिंदा रु.१,०५०।- अग्रीम आयकर कट्टी गनुपर्नेमा नगरेकोले निजसंग असूल गर्नुपर्दछ

११.४. **भ्रमण भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(४) मा सरकारी काजमा खटिएको पदाधिकारी वा कर्मचारीले काजबाट कार्यालय फर्केको दिनको पाउने दैनिक भत्ताको पच्चीस प्रतिशत पाउने व्यवस्था छ । गो.भौ.नं.६ मिति २०७३।६।१४ मा दैनिक भ्रमण भत्ता भुक्तानी दिंदा फर्कि आएको दिन एक चौथाई मात्र दावी गर्नु पर्नेमा पुरा भुक्तानी गरेकोले रु.१,५००।- र गो.भौ.नं.६ मिति २०७३।६।१७ मा दैनिक भ्रमण भत्ता भुक्तानी दिंदा नियम भन्दा वढी रु.३००।- भुक्तानी दिएकोले असूल गर्नुपर्दछ ।

११.५. **तलवी भर्पाई :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । गरिबसंग विश्वेश्वर कार्यक्रमको सामाजिक परिचालक आरती गुरुङलाई तलब भत्ता रु. ५०,०००।- भुक्तानी दिंदा तलबी भर्पाइ संलग्न नगरी भुक्तानी दिएकोले सो भुक्तानीको भरर्पाई पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्दछ ।

११.६. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९२ मा पेश्की म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । आम्जीखोला जलविद्युत निर्माण गर्न सोही समितिका अध्यक्षको नाममा रहेको पेश्की रु.१७,४०,०००।- आ.व.को अन्तसम्म फछ्र्यौट गरेको पाइएन । आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम समयमै पेश्की फछ्र्यौट हुनुपर्दछ ।

११.७. **बजेट निर्माण :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । साविक याम्फुदिन गाविसले

आ.व.२०७३।०७४ को बजेट निर्माण गर्दा उपस्थित प्रतिनिधिहरु उपस्थित भई उपस्थिति पुस्तिकामा हस्ताक्षर गरेको तर बजेट पारित गर्दा कसैले हस्ताक्षर नगरि टाईप गरी पछि गमले टासी गाविस सचिवले मात्र हस्ताक्षर गरि प्रमाणित गरेकोले यसलाई नियम संगत मान्न सकिएन ।

११.८. **जि.स.स. दाखिला :** मालपोत वापत संकलन भएको रकम नियमानुसार जिविसमा दाखिला गनुपर्नेमा रु.७७१।- जिसस. दाखिला नगरेकोले दाखिला गरेका प्रमाण पेश गनुपर्दछ ।

११.९. **पेश्की:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९२ मा पेश्की म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । आर्थिक वर्षको अन्त्य सम्ममा आठ कर्मचारी तथा संस्थाको नामको पेश्की रु.१४,४६,८४०।- फछ्र्यौट हुन बाँकी देखिएकोले आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

१२. **सिरिजङ्घा गाँउपालीका तर्फको :** लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम छ ।

१२.१. **आन्तरिक लेखापरीक्षण :** वडा नं. २ आम्वेगुदिन, वडा नं. ३ सिकैचा र वडा नं.४ तेल्लोकको आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश भएन । समयमै आन्तरिक लेखापरीक्षण नहुनुको कारण सम्बन्धमा आन्तरिक लेखापरीक्षण इकाई तथा कार्यालयलाई समेत जिम्मेवार बनाउन तालुक कार्यालयले समेत ध्यान दिनु पर्ने देखिन्छ ।

१२.२. **बहाल कर :** आयकर ऐन २०५८ अनुसार कुनै कार्यालयले बहाल तथा भाडा भुक्तानी दिंदा भुक्तानी रकमको १० प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नु पर्ने व्यवस्था छ । विभिन्न निर्माण कार्यहरु गर्दा चार आपूर्तीकर्ताबाट हेभी इक्वूपमेन्टहरु प्रयोग गरी भुक्तानी दिंदा भाडा कर रु १,७०,३५५।- कट्टी गरेको पाइएन । लाभग्राहीलाई जिम्मेवार बनाई रु.१७०३५५।०० कर असूल गर्नुपर्दछ ।

१२.३. **अग्रिम कर :** आयकर ऐन २०५८ अनुसार कुनै कार्यालयले सामान खरीद गरि सोको भुक्तानी दिंदा भुक्तानी रकमको १.५ प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नु पर्ने व्यवस्था छ । तीन आपूर्तकहरुलाई भुक्तानी दिंदा रु.६,६५८।- कर कट्टी नगरेकोले असूल गर्नुपर्दछ ।

१२.४. **सामाजिक सुरक्षा कर** : कार्यालयले कर्मचारीलाई तलब वापतको रकम भुक्तानी गर्दा १ प्रतिशत सा.सु.कर अग्रिम कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । दुई कर्मचारीलाई रु २,३९,०००।- भुक्तानी गर्दा १ प्रतिशत सा.सु.कर कट्टी नगरिएकोले रु.२,३९०।- असूल गरी दाखिला गर्नुपर्दछ ।

१३. **बील भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । हप्पु खोला ज.वि.मर्मत जनश्रमदान बापतको बिल भर्पाइ रु.६९,७८४/- मध्ये रु.२४,७८४/- को विल भर्पाइ पेश नभएकोले सो रकम असूल गर्नुपर्दछ ।

१४. **अग्रिम कर :-** आयकर ऐन २०५८ अनुसार कुनै कार्यालयले सामान खरीद गरि सो को भुक्तानी दिंदा भुक्तानी रकमको १.५ प्रतिशतको दरले अग्रिम आयकर कट्टी गर्नु पर्ने व्यवस्था छ । एक प्रा वि को झोला खरिद तथा वितरणमा प्राप्ति एण्ड सम्राट कपडा तथा खुद्रा थोक पसललाई पान विलबाटै ४०,३००/- भुक्तानी दिएको र अग्रीम आय कर रु ६०५/- कट्टी नगरेकोले असूल गरी दाखिला गर्नुपर्दछ ।

१५. **सामाग्री खरिद :** सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार २० हजार भन्दा बढि रमकको खरिद गर्दा कर बिजक प्रयोग गर्नुपर्दछ । कार्यालयले आफूलाई आवश्यक पर्ने समाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरीद गर्नु पर्ने व्यवस्था छ । निम्न लिखित कारोवारहरु ऐन नियम अनुसार नभएकोले नियम संगत देखिएन ।

१५.१. गो भौ नं १७ मिति २०७४।३।८ बाट पौडेल किराना पसलबाट आम्बेगुदिन मा वि ले रु.४५,४७५/- को झोला खरिद पान विलबाट गरेको पाइयो ।

१५.२. गो भौ नं ६ मिति २०७४।३।२३ बाट आदर्श प्रा वि बाबाङको झोला खरिद तथा वितरणमा रिपव्लिक कपडा पसलको रु.४०,०००।- को पान विलमा कारोबार भएको देखियो ।

१५.३. खाम्दिने बजार रजा धुपिजूङ मोटरबाटो मर्मत बापत भुक्तानी दिएको रु.१९०८९९ पान विलबाट भुक्तानी भएको पाइयो ।

१६. **कार्य सम्पन्न प्रतिवेदन** : सामुदायिक स्वास्थ्य केन्द्रको कार्य सम्पन्न प्रतिवेदन बिना नै भुक्तानी दिएकोले रु.३०,०००।- को कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

१७. **कर कट्टी :** गो भौ नं १७ मिति ०७४।३।२५ कन्टेन्जेन्सी खर्च शीर्षकबाट रु १,३०,०००/- रकम भुक्तानीको श्रेस्ता परीक्षण गर्दा विभिन्न व्यक्तिहरुलाई खाना खर्च, भत्ता वितरण गर्दा नियम अनुसार १५ प्रतिशत कर कट्टी नगरिएको रु.१९,५००/- असुल गर्नुपर्दछ ।

१८. **सामाग्री खरिद :** सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार २० हजार भन्दा बढि रकमको खरिद गर्दा कर बिजक प्रयोग गर्नुपर्दछ । कार्यालयले आफूलाई आवश्यक पर्ने समाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरीद गर्नु पर्ने व्यवस्था छ । निम्न लिखित कारोवारहरु ऐन नियम अनुसार नभएकोले नियम संगत देखिएन ।

१८.१. भौ.न.१६ ०७४।३।।२५ बाट महिला लक्षित कार्यक्रम अन्तर्गत हिल ट्याङ्क टनेला र हजारी खरिद प्रतिक्षा एण्ड प्रमोद किराना पसल बाट रु.३,३०,०००/- बराबरको पान विलबाट खरिद गरिएको पाइयो ।

१८.२. गो भौ नं १० मिति ०७४।३। २५ बाट सुनखरी बहुउद्देशीय सहकारीले प्रतिक्षा एण्ड प्रमोद किराना पसलबाट रु.५०४००/- बराबरको सामाग्रीहरु पान विलबाट खरिद गरिएको पाइयो ।

१९. **सामाग्री खरिद :** सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार २० हजार भन्दा बढि रकमको खरिद गर्दा कर बिजक प्रयोग गर्नुपर्दछ । कार्यालयले आफूलाई आवश्यक पर्ने समाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरीद गर्नु पर्ने व्यवस्था छ । निम्न लिखित कारोवारहरु ऐन नियम अनुसार नभएकोले नियम संगत देखिएन ।

१९.१. महिला लक्षित कार्यक्रम अन्तर्गत एक किराना पसलबाट रु.३४४४११।- को खरिद पान बिलबाट गरेको पाइयो ।

१९.२. बालबालिका तथा जेष्ठ नागरिक सम्मान कार्यक्रममा एक किराना पसलबाट पान विलमा रु.६१००००।- को सामग्री खरिद गरी भुक्तानी दिएको पाइयो ।

२०. **सामाग्री खरिद :** सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार २० हजार भन्दा बढि रकमको खरिद गर्दा कर बिजक प्रयोग गर्नुपर्दछ । कार्यालयले आफूलाई आवश्यक पर्ने समाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरीद गर्नु पर्ने व्यवस्था छ । निम्न लिखित कारोवारहरु ऐन नियम अनुसार नभएकोले नियम संगत देखिएन ।

२०.१. दलित लक्षित कार्यक्रम अन्तर्गत एक टेलर्स बाट पान विलमा गो भौ नं ९ मिति २०७४।३।२२ मा रु.६००००।- को कारोबार भएको देखियो ।

२०.२. वडा कार्यालयको सामान खरिदमा एक कम्यूनिकेशन कम्प्यूटर सर्विस बाट रु.३१,०००/- को सामान खरिद पान विलबाट भएको पाइयो ।

२१. **बिल भर्पाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(३) मा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्च भएको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । भौचर नं. १३-२०७४।३।२२ मा लिम्बु संस्कृति संग्रहालयलाई सुधारिएको चुल्हो निर्माण गरे वापत भुक्तानी दिएको रु.९०,०००।- को आवश्यक बिल भर्पाई पेश नभएकोले नियमिति मान्न सकिएन । आवश्यक बिल भर्पाई पेश हुनुपर्दछ ।

२२. **बिल भर्पाई :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(३) मा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्च भएको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । भौ.नं. ३-२०७४।२।३१ बाट गरिबसँग विश्वेश्वर कार्यक्रमको सामाजिक परिचालक आरती गुरुङलाई रु.८०,०००।- तलबी भुक्तानी गरिएकोमा तलब भरपाई नभएकोले सो पेश हुनुपर्दछ अन्यथा असूल हुनुपर्दछ ।

२३. **बिमा दाखिला :** कार्यालयले कट्टी गरेको कर्मचारी सावधिक विमा रु.४,६०५।- दाखिला नभएकोले दाखिला हुनुपर्दछ ।

२३.१. आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न मितिमा कट्टा गरेको आयकर वापतको रु.५,४२३।- दाखिला नभएकोले दाखिला गर्नुपर्दछ ।

२४. **जि.स.स. दाखिला :** मालपोत वापतको रु.६७२।१५ जि.स.स. दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

२५. **सामाग्री खरिद :** सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार २० हजार भन्दा बढिको खरिद गर्दा कर बिजक प्रयोग गर्नुपर्दछ । कार्यालयले आफूलाई आवश्यक पर्ने समाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरीद गर्नु पर्ने व्यवस्था छ । निम्न लिखित कारोवारहरु ऐन नियम अनुसार नभएकोले नियम संगत देखिएन ।

२५.१. एक प्राविले बालबालिका लक्षित कार्यक्रम को रु.५८,८००।- पान बिलबाट खरिद गरेको पाइयो ।

२५.२. एक प्राविले बालबालिका लक्षित कार्यक्मबाट रु ३६,०००।- पान बिलबाट खरिद गरेको पाइयो ।

२६. **कागजात पेश :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(३) मा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्च भएको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । एक लघु जल विद्युत योजनामा रु.१,७४,०००।- भुक्तानी दिएकोमा हालसम्म कार्यसम्पन्न प्रतिवेदन पेश

नभएकोले पेश गर्नुपर्दछ ।

२७. **वेरुजु अभिलेख :** संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको परिपत्र बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका साविकका गाउविकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा वेरुजु अभिलेख समायोजन गरी पेश्की फछ्र्यौट तथा वेरुजु सम्परीक्षण कार्य गर्नु पर्दछ । बेरुजु, अभिलेख, पेश्की बाँकीको विवरण तथा सो को फछ्र्यौटको अभिलेख रहेको पाईएन ।

२८. **मूल्य अभिवृद्धि करको जानकारी** :- मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क बमोजिम ठेक्का दिने सरकारी निकायले आफूले गरेको ठेक्का सम्झौता र कर भूक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिई कर भुक्तानी सम्बन्धित ठेकेदारलाई गर्नुपर्ने व्यवस्था छ । तर भुक्तानीको जानकारी दिएको पाइएन ।

२९. **जिन्सी निरीक्षण :** प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि कार्यालयमा विद्यमान रहेको जिन्सी के कस्तो अवस्थामा छ भनि जिन्सी निरीक्षण गरी तोकिएको मितिभित्र प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएकोमा सो भएको पाईएन ।

३०. **दर्ता र चलानी** : दर्ता, चलानी र मिति उल्लेख भएका कागजातहरुले मात्र कानुनी मान्यता पाउने भएकोले कार्यलयमा पेश हुन आएका लागत इष्टिमेट, कार्य सम्पन्न प्रतिवेदन लगायतका सबै कागजातहरु दर्ता गर्नुपर्ने र कार्यालयबाट पत्रहरु बाहिर पठाउँदा चलानी गर्नुपर्दछ । यसै गरी पुँजिगत कार्य गर्नु भन्दा अगाडि सम्बन्धित कामको लागत इष्टिमेट गरी कार्यालयमा पेश गरी दर्ता गर्नुपर्ने र कार्य सम्पन्न भएपछि तयार गरिने कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित कार्यालयमा दर्ता गर्ने व्यवस्था गरिनु पर्दछ ।

३१. **विविध खर्च** : विविध खर्च अन्तर्गत गाउँपरिषद, अन्य सभा समारोहमा खाजा, खाना नास्ता लगायतका खर्चहरुको भर्पाईहरु पेश गरी भुक्तानी लिएको पाईयो । जसमा खाना, नास्ता, चिया आदिको कति संख्या हो र दर कति हो भनि उल्लेख नगरी रकममात्र उल्लेख गरेको पाईयो । यस्ता शीर्षक अन्तर्गत धेरै खर्च देखिएकोले यस्ता खर्चलाई अविलम्ब नियन्त्रण गरिनु पर्दछ ।

३२. **विविध :** स्थानिय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६, स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम जिन्सी, लेखा, नगद, कार्यक्रम खर्च, प्रशासनिक खर्च लगायतमा आन्तरिक नियन्त्रण प्रमावकारी बनाउनु पर्ने व्यवस्था छ । कार्य विवरण बनाई कार्यन्वयन नगरेको, सामाग्री खरिदको लागत अनुमान तयार नगरेको, भ्रमण प्रतिवेदन तयार नगरेको, खरिद योजना नबनाएको, टुकापारी खरिद गरेको जस्ता कमि कमजोरी देखिएको छ । कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्य सम्पादनलाई नियन्त्रण, मितव्ययी र पारदर्शी एवम भरपर्दो बनाउनु पर्दछ । यसको अतिरिक्त कार्यहरुलाई प्रचलित ऐन कानुन अनुसार गर्नुपर्ने देखिन्छ ।

## बेरूजू स्थिती

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रू.२ करोड १५ लाख १९ हजार बेरुजू देखिएका छ । सोमध्ये असूल गर्नुपर्ने रू.२ लाख ७६ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ७५ लाख ४३ हजार र पेश्की रू.३७ लाख बाँकी छ ।

# फिदिम नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रू.३१ लाख ७६ हजार समेत रू. १८ करोड ३४ लाख ६५ हजार आम्दानी भएकोमा रू. १५ करोड ७२ लाख ५० हजार खर्च भई रू. २ करोड ६२ लाख १५ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणवाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छनः

१. **मौज्दात रकम हस्तान्तरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने उल्लेख छ । यस्तो अवस्थामा कार्यालय गाभिएको ३५ दिनभित्र नगदी बाँकी भए मन्त्रालय वा विभागले त्यस्तो नगद लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा लुङरूपा गा.वि.स. समेत ५ गाउँ विकास समितिमा आन्तरिक स्रोततर्फ बाँकी रहेको रु.४,३१,३९१।- गाउँपालिकामा हस्तान्तरण गरेको नदेखिँदा गाउँपालिकाको खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

२. **बैंक समायोजन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा प्रत्येक कार्यालयले आर्थिक कारोबारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले २०७४ मसान्तमा स्रेस्ता र बैंक फरक देखिएकोमा बैंक समायोजन हिसाब (म.ले.प.फा.नं.१५) तयार गरेको छैन ।

लेखापरीक्षणमा प्राप्त बैंक सर्टिफिकेट अनुसार २०७४ आषाढ मसान्तमा विभिन्न बैंक खातामा रु.४,१७,२४,६८७- बाँकी देखिएकोमा उक्त बैंक खाताहरुबाट सञ्चालित बजेट शीर्षकको स्रेस्ता अनुसार बैंक बाँकी रु.२,६२,१५,३५७।- देखिएको छ । बैंक बढी देखिएको रु.१,५५,०९,३३०।- सम्बन्धमा साट्न बाँकी चेक सहित बैंक समायोजन हिसाब तयार नरी मौज्दात यकिन गर्नुपर्दछ ।

स्रेस्ताले देखाएको विभिन्न शीर्षकको मौज्दात रु.२,६२,१५,३५७।- मध्ये केन्द्रीय तथा आन्तरिक स्रोत तर्फको विभिन्न ११ शीर्षकको बाँकी रु.२,२९,२६,११७।- समावेश छ । उक्त खाताहरुको २०७४ आषाढ मसान्तसम्मको बैंक व्यालेन्स सर्टिफिकेट परीक्षण गर्दा बैंक बाँकी रु.२,१३,०१,९९६।- देखिन्छ । सो अनुसार स्रेस्ताभन्दा बैंक रु.१६,२४,१२१।- ले घटी देखिएको सम्बन्धमा बैंक समायोजन हिसाब तयार गरी बैंक मौज्दात यकिन गर्नुपर्दछ ।

सो सम्बन्धमा छलफल गर्दा मूल सञ्चित कोष खातामा बैंक घटी हुनुमा २०७३।७४ आषाढ मसान्तसम्ममा चालु खातामा रु.९१,२५०।- र पूँजीगत खर्च खातामा रु.२४,१२,२६८।- गरी जम्मा बचत रु.२५,०३,५१८।- रहेको र २०७४ भाद्र ९ गते मूल केन्द्रीय सञ्चित कोष खातामा फिर्ता आएको बैंक प्रिन्टबाट देखिएकोले २०७३ आषाढ मसान्तमा घटी हुन आएको रकम सोधभर्ना भई हिसाब मिलान हुँदा बैंकमा रु.८,७९,३९६।- बढी देखिने कार्यालयको भनाई छ।

३. **संस्थागत शासन व्यवस्था, वित्तीय जवाफदेहिताको पालना :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ४५ वमोजिम कार्यालयको वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व पालनाको स्थिती मूल्याङ्कन गर्दा कार्यालयको लक्ष्य तथा कार्यक्रमको बारेमा सेवाग्राहीसंग अन्तरक्रिया कार्य गर्ने नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, अख्तियारी तथा कार्यक्रम स्वीकृतिको जानकारी समयमा प्राप्त नभएको, बजेट निकासा समयमा नभएको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, शाखा/महाशाखाहरुले सञ्चालन गर्ने कार्यक्रमको बाँडफाँड गर्दा जनशक्तिको अभावले कार्यक्रम सञ्चालन गर्न पर्याप्त समय प्राप्त नगरेको, नगरपालिका अन्तर्गत साविक गाउँ विकास समितिहरुले जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो नगरेको, सेवा प्रवाह प्रक्रिया वृद्ध तथा अपाङ्गमैत्री नरहेको, सेवा प्रवाह सुधारको लागि इन्टरनेट वा वेभको माध्यमबाट बैकल्पिक व्यवस्था नअपनाएको, सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने गरेको तथा सञ्चालित कार्यक्रमको तोकिएको समयमै अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन आंशिक रुपमा मात्र तयार गर्ने गरेको देखियो । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

४. **जिन्सी सामानको संरक्षण एवं हस्तान्तरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ। यसै गरी नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ।

नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार

गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन ।

जिन्सी सामान हस्तान्तरण हुन नसक्दा लगत गोलमाल हुन सक्ने, सामानको दुरुपयोग हुन सक्ने र सामान हराउन सक्ने सम्भावना रहेको देखिँदा अविलम्ब साविकका ५ गाउँ विकास समितिमा रहेका सम्पूर्ण जिन्सी सामान लगत खडा गरी हाल गाभिएको गाउँपालिका वा मन्त्रालयले तोकेको सरकारी निकायमा दाखिला गर्नुपर्ने देखिन्छ ।

५. **कार्य सम्पन्न** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार सम्पन्न निर्माण कार्य वा सामान आपूर्तिको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कार्य स्वीकार प्रतिवेदन बेगर २ उपभोक्ता समितिलाई १०० थान विद्युत विस्तार पोल खरिद वापत रु.९,८९,६५४।- भुक्तानी दिएको छ । कार्य सम्पन्न प्रतिवेदन भएको प्रमाण पगर्नुपर्दछ ।

६. **रेडक्रस सोसाईटी मार्फत कार्य** - नगरपालिका र नेपाल रेडक्रस सोसाइटी पाँचथरबीच २०७३।१०।१२ मा लगानी योजना तयार गर्न रु.१ लाख, बालबालिकाको अवस्था सर्वेक्षण, विश्लेषण एवं प्रतिवेदन तयारी गर्न रु.१ लाख, बालमैत्री शासन रणनीति योजना तयारी गर्न रु.१,५०,०००।- र बालबालिकाको स्थिति पत्र तयार गर्न रु.१ लाख समेत रु.४,५०,०००।- भुक्तानी दिने गरी सम्झौता भएको देखियो ।

सम्झौता गर्दा प्रतिवेदन पुस्तिकामा के के क्षेत्र समावेश गरी प्रतिवेदन उपलब्ध गराउने उल्लेख छैन । नगरपालिकाले सो प्रतिवेदन मार्फत के के कुरा लिन खोजेको हो TOR समेत दिएको छैन । नेपाल रेडक्रस सोसाइटी सो काम गर्ने अनुभवि संस्था हो भन्ने आधार समेत देखिंदैन । उसले उपलब्ध गराएको प्रतिवेदन नगरपालिकामा दाखिला भए तापनि सोबाट नगरपालिकाले के अपेक्षा गरेको थियो सो पूरा भयो भएन मूल्याङ्कन गरिएको छैन । सम्झौताको दफा ७ मा गरेको काम र खर्चको सार्वजनिक सुनुवाई गरी सोको विवरण प्रतिवेदनमा समावेश गर्ने उल्लेख छ। सो अनुसार सार्वजनिक सुनुवाई समेत गरेको छैन ।

प्रतिवेदन साथ पेश्की फछ्र्यौटको बिल पेश गर्दा आफ्नो संस्थामा २०७३ श्रावणदेखि नियुक्ती गरेका ले.अ.-१, लेखापाल-१ र कार्यालय सहायक-१ को २०७३ फाल्गुणदेखि २०७४ आषाढसम्मको पारिश्रमिक रु.३,५५,०००।- समेत रु.४,५०,०००।- को बिल भरपाई पेश गरेको छ । उक्त व्यक्तिहरुले प्रतिवेदन तयारीमा काम गरेको भन्ने आधार समेत देखिंदैन । यस्तो अवस्थामा उक्त संस्थाबाट सो सम्बन्धमा सार्वजनिक सुनुवाई गरेको प्रतिवेदन लिनुपर्ने देखिनुका साथै प्रतिवेदनको स्तर र औचित्यको सम्बन्धमा नगर परिषद्मा छलफल गरी प्रतिवेदन हाम्रो आवश्यकता अनुसार भए नभएको मूल्याङ्कन गरी विषय विज्ञबाट मात्र काम गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

७. **आन्तरिक राजस्व कार्यालयलाई जानकारी** : कार्यालयले मू.अ.कर भुक्तानीको जानकारी आन्तरिक राजस्व कार्यालयलाई दिने गरे तापनि मू.अ.कर दर्ता नम्बर नखुलाई पार्टीको नाम र मू.अ.कर मात्र खुलाई दिने गरेको देखियो । विना मू.अ.अ.कर दर्ता नम्बर दिएको जानकारीबाट कर कार्यालयले पार्टीको कर भिडान गर्न सक्ने नदेखिँदा मू.अ.कर नम्बर खुलाएर मात्र जानकारी दिनुपर्ने देखिन्छ ।

८. **बीमा** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिका र सूर्यदय-चौतारो बाटो कालोपत्रे निर्माण कार्यको ठे.एस.ए.एस. संजिव जे.भी.संग ठेक्का सम्झौता हुँदा बीमाको लागि प्रोभिजनल सम भनी रु.८०,०००।- उल्लेख भएको देखिन्छ । ठेकेदारले वीमा गरी रु.३१,०७८।- मात्र प्रिमीयम तिरेको देखिँदा सोही रकम भुक्तानी गर्नुपर्नेमा रु.८०,०००।- नै भुक्तानी गरी बढी भुक्तानी दिएको रु.४८,९२२।- असुल गर्नुपर्दछ ।

९. **घटी कर निर्धारण** : फिदिम नगरपालिकामा लागू हुने एकीकृत सम्पत्ति करको दर निर्धारण २०७३ अनुसार रसीद २०७३।४।१५ बाट रु.६५,५६,०६४।- को कर निर्धारण रु.४,५००।- हुनुपर्नेमा रु.३५०।- मात्र कर निर्धारण गरी १० प्रतिशत छुट दिई ३१५।- मात्र असुल गरेकोले कर निर्धारण हुनुपर्ने रु.४,५००।- मा १० प्रतिशत छुट रु.४५०।- कट्टा गरी रु.४,०५०।- असुल गर्नुपर्दछ ।

१०. **घटी राजस्व दाखिला** : रसीद नं. १८० र २०७ बाट रु.५००।- का दरले उठाएको राजस्व कम्प्युटर सफ्टवेयरमा नचढाएकोले घटी दाखिला हुन गएको रु.१,०००।- सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

११. **असम्बन्धित खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ एवं सार्वजनिक लेखा समितिको मिति २०६९ को निर्णय अनुसार निर्माण कार्यको बोलपत्र आव्हान गर्दा निर्माण कार्यको आइटम मात्र समावेश गर्नुपर्नेमा कामको परिमाण BOQ मा निर्माण कार्यसंग प्रत्यक्ष सम्बन्ध नराख्ने रु.२,००,०००।- को एप्पल म्याग बुक र क्यानन् क्यामरा समावेश गरी बोलपत्र गरेको र सो आधारमा ठेकेदारलाई भुक्तानी हुन सक्ने देखियो । यस्तो सामान ठेक्का पट्टामा राख्ने कार्य नियमसम्मत् देखिएन । अतः यस्ता सामान ठेक्का पट्टामा समावेश गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

१२. **अग्रिमकर** : आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार कट्टा गरेको अग्रिम आयकर सञ्चित कोष

दाखिला हुनुपर्दछ। साविक गाउँ विकास समितिले विभिन्न ४ व्यक्ती तथा संस्थालाई भुक्तानी गर्दा कट्टा गरेको अग्रिम कर दाखिलाको भौचर पेश गरेको नदेखिँदा रु.२२,५५२।- दाखिला गरेको भौचर पेश हुनुपर्ने देखिन्छ।

१३. **कर बीजक** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले तोकिएको ढाँचामा कर बीजक जारी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले २ बजेट उपशीर्षकबाट सरस्वती निर्माण सेवालाई बीजक नम्बर सच्याएको तथा A4 पेपरमा बिल प्रिन्ट गरी निम्नानुसार कर बजीजकबाट भुक्तानी गरेको मू.अ.कर कर रु.८९,२६५।- कर कार्याललय समायोजन भएको प्रमाण पेश गर्नुपर्दछ।

१४. **गत वर्षको बिल भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ। कार्यालयले मिति २०७३।६।१० मा सफ्टवेयर मर्मत गरे बापत २ फर्मलाई भुक्तानी बाँकीको विवरण (म.ले.प.फा.नं.१८) बेगर रु.८९,८३५।- भुक्तानी दिएको देखियो। म.ले.प.फा.नं.१८ बेगर दिएको रकम अनियमित देखियो।

१५. **दैनिक भ्रमण भत्ता** : स्वीकृत भ्रमण आदेश अनुसार खर्च लेख्नुपर्दछ। कार्यालयले गो.भौ.नं.१८ मिति २०७४।६।१९ बाट कार्यकारी अधिकृत काजीमान राई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं.५३४ मिति २०७३।५।२९ मा ७ दिनको मात्र काज स्वीकृति भएकोमा ११ दिनको दैनिक भ्रमण भत्ता भुक्तानी गरेकोले बढी ४ दिनको रु.६,४००।- असुल हुनुपर्दछ।

१६. **सामाजिक सुरक्षा कार्यक्रम** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा २४(क) मा बैंक मार्फत भत्ता वितरण गर्ने गा.वि.स./नगरपालिकाले लाभग्राहीहरुको अद्यावधिक नाम नामेसी, ठेगाना, परिचय पत्र नम्बर, नागरिकता नम्बर, जन्म दर्ता प्रमाण पत्र नम्बर सहितको विवरण सम्बन्धित बैंकमा पठाउनु पर्ने व्यवस्था छ। यस नगरपालिकाले सम्बन्धित बैंकमा रकम पठाउँदा पञ्जीकरण विभागमा पठाएको अभिलेखमा समावेश भएका लाभग्राहीको नाम, बैंक खाता नम्बर र रकम मात्र खुलाई पठाउने गरेको देखियो। यसरी लाभग्राहीहरुको ठेगाना, परिचय पत्र नम्बर, नागरिकता नम्बर, जन्म दर्ता प्रमाण पत्र नम्बर नखुलाई पठाउने गरेबाट बैंकबाट प्राप्त विवरण र MIS Data भिडान गर्न सम्बन्धित लाभग्राहीहरुले नै लाभग्राहीको नामको परीक्षण गर्नुपर्ने देखियो। यसमा सुधार गरी नागरिकता नम्बर, परिचय पत्र नम्बर जन्ममिति खुलेको विवरण सहित पठाउने व्यवस्था गर्नुपर्दछ।

**वडा नं. १० तर्फ**

१७. **मू.अ.करमा दर्ता नभएकासंग कारोबार**: सार्वजनिक खरिद नियमवाली, २०६४ को दफा १९(१) मा सार्वजनिक निकायले मू.अ.कर लाग्ने सामान खरिद गर्दा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था गरेको छ।

१७.१ वडा नं.१० मिति २०७४।३।५ मा बालबालिका वस्तुगत स्थिति प्रतिवेदन तयार गर्न सामाजिक शैक्षिक वर्यावरणीय विकास नेपाल पाँचथरका लागि रु.१,५०,०००।- को सम्झौता गरेकोमा उक्त संस्था मू.अ.करमा दर्ता भएको पाइएन। मू.अ.कर दर्ता नभएको संस्थासंगको परामर्शसेवा कारोबारलाई नियमित मान्न सकिएन।

१७.२ मिति २०७४।३।२५ मा वस्तुगत विवरण तयार गर्न सेभ द प्लानेट मिशन २०२० नेपाललाई सम्झौता बमोजिम रु.४,००,०००।- भुक्तानी भएकोमा उक्त संस्था मू.अ.करमा दर्ता नभएकोले नियमित मान्न सकिएन।

१८. **घटी कर असुल** : आयकर ऐन, २०५८ अनुसार कर असुल गर्नुपर्दछ।

१८.१ सामाजिक शैक्षिक पर्यावरणीय विकास नेपालको बिल रकमको १.५ प्रतिशतका दरले कर कट्टा गरेकोले मू.अ.कर दर्ता नभएकासंग १५ प्रतिशतका दरले कर लिनुपर्ने हुँदा नपुग १३.५ प्रतिशतका दरले रु.२०,२५०।- असुल गर्नुपर्दछ।

१८.२ सेभ द प्लानेट मिसन २०२० नेपालको बिल रकमको १.५ प्रतिशतका दरले कर कट्टा गरेकोले मू.अ.कर दर्ता नभएकासंग १५ प्रतिशतका दरले कर लिनुपर्ने हुँदा नपुग १३.५ प्रतिशतका दरले रु.५४,०००।- असुल गर्नुपर्दछ।

१९. **बिलभन्दा बढी भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ। मिति २०७४।३।१९ मा सिंहदेवी मन्दिर संरक्षण समितिका अध्यक्ष ओमराज थाम्सुहाङले उपभोक्ता सहभागिता समेत रु.१,६४,०००।- मा सम्झौता भई कार्यसम्पन्न गर्दा रु.१,५९,९१९।- मात्र नापी तथा कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भएको हुँदा बाँकी रकम रु.४,०८१।- असुल हुनुपर्दछ।

२०. **कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुंपर्ने** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा १५५(५) (घ) अनुसार नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। फाखिङला थलाचोक पदमा रोक्का खानेपानी उपभोक्ता समितिले शिव गौरी थेका सप्लायर्सबाट पाइप खरिद रु.२,१४,६१५।- भुक्तानी गरी पेश गरेकोमा उक्त पाइपको आयोजनामा खपतको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ।

२१. **तहबिल खर्चः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४(२) मा गाऊँ विकास समितिले आफूलाई प्राप्त भएको रकम गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी नगद प्राप्त

भएको भोलिपल्ट सम्ममा बैङ्क दाखिला गर्नपर्ने पर्ने उल्लेख छ। **वडा नं. १४** मिति २०७४/३/३० मा आन्तरिक आम्दानी तर्फ मालपोत तथा दस्तुर वापतको रू. २०,६०२।—तहबिल आम्दानी बाँधी सोझै विविध खर्च भनि लेखेको नियम सम्मत देखिएन।

२२. **शीर्षक फरक पारी खर्च**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२)मा खर्च गर्ने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्न मिल्ने व्यवस्था छ।मिति २०७४/३/७ मा गाऊपरिषद् को निर्णयवाट स्वीकृत बालबालिका अनुदान तर्फको रू. ७०,०००।— श्री सिद्ध आधारभूत विद्यालय, रानिटारका शिक्षीका ललिता राईको तलबमा खर्च लेखेको पाइयो।बालबालिका अनुदानको रकम शिक्षकको तलबमा खर्च लेखेको नियम सम्मत देखिएन।

२३. **बिल भरपाई पेश नभएको**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३)मा खर्च गर्दा खर्चको भिल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ।मिति २०७४/३/२५ मा स्वास्थ्य स्वयंसेविका भत्ता वापतको रू.८१,०००।—स्वास्थ्य स्वयंसेविकाहरूलाई वितरण नगरी स्वास्थ्य चौकी प्रमुख कृष्ण ओझालाई चेक मार्फत भुक्तानी गरेको छ।स्वास्थ्य स्वयंसेविकाहरूलाई भत्ता बुझाएको भरपाई प्रमाण पेश गर्नु पर्दछ।

२४. **आन्तरिक आयको रकमः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४(२) मा स्थानीय निकायले प्राप्त भएको रकम प्राप्त भएको भोलिपल्ट सम्ममा बैङ्क दाखिला गर्नुपर्ने उल्लेख छ। मिति २०७४/१/१ मा वडा सचिव राजकुमार न्यौपानेले नगदै लिएको आन्तरिक आम्दानी तर्फको रू. ५,६९९।—हालसम्म पनि नगरपालिकाको खातामा दाखिला गरेको छैन।सो रकम अविलम्ब निजबाट असूल गरी नगरपालिकाको खातामा दाखिला गर्नु पर्दछ।

२५. **प्रमाण बेगर भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। वडा सचिव राजकुमार न्यौपानेले मिति २०७४/३/२५ मा ३० दिने आदिवासी जनजाती व्यवसायिक सीपमुलक कार्यक्रम (२०७३/१२/१-२०७३/१२/३०) सम्पन्न गरेको भनि पेश गरेको विल भरपाई परिक्षण गर्दा कार्यक्रम सञ्चालन गरेको कुनै प्रमाण प्राप्त हुन सकेन। ३० दिने भनिएको कार्यक्रमको शुरूवात तथा अन्त्य र उपस्थिती हाजिरी समेत संलग्न छैन।एक दिनको कार्यक्रम सञ्चालनको माइन्युट मात्र संलग्न गरेको छ भने २४ जना उपस्थित भएको भनि २४ जनाले हस्ताक्षर गरेको एक दिनको माइन्युट पेश गरी दैनिक खाजा खाना खर्च वापत रू.२,३०,४००।— तथा प्रशिक्षक खाना खाजा खर्च भनि रू.१५०००।—खर्च लेखेको छ।आदिवासी जनजाती व्यवसायीक सीपमुलक कार्यक्रम सञ्चालनको कुनै आधार पेश नभएकोले सो वापत खर्च लेखेको रू. २,४६,२०४।— सम्बन्धित वाट असूल हुनु पर्दछ।

२६. **नम्बर बेगरको कर वीजकः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.करमा दर्ता भएका हरेक फर्मले अनुसूची-५ वमोजिमको ढाँचामा सिलसिलेवर नम्वर र मिति सहितको वीजक जारी गर्नु इर्ने व्यवस्था छ।गो.भौ.नं. २३ मिति २०७४/३/२५ मा टाहरी निर्माण सेवा, आङसाराङ-४, पाँचथर लाई लुम्फाबुङ्ग डाँडा वाट खाम्ची हुदै वडा नं. - ८ जोड्ने मोटरवाटो निर्माण वापतको रू.१,००,०००।- भुक्तानी गर्दा निजले पेश गरेको मिति २०७४/३/२५ मा जारी गरेको मू.अ.कर वीजकमा वीजक नम्वर उल्लेख गरेको छैन।वीजक नम्बर विनाको वीजकवाट मू.अ.कर लिएको रू.११,५०४।– निजवाट वाट असूल गरी दाखिला गर्नु पर्दछ।

२७. **पेश्की** - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पेश्की बाँकीको विवरण अनुसार कार्यालयले विभिन्न कामको निमित्त गत विगतमा विभिन्न कर्मचारी एवं संस्थालाई दिएको पेश्की रु.२,३६,८००।- हालसम्म पनि फछ्र्यौट गरेको देखिएन । उक्त पेश्की नियम १९० अनुसार आवश्यक कारबाही गरी असुल फछ्र्यौट गर्नुपर्दछ । यो वर्ष विभिन्न कामको लागि दिएको पेश्की रु.२१,९०,९३३।- २०७४ आषाढ मसान्तसम्म फछ्र्यौट गरेको नदेखिँदा वडा खातामा रहेको रकम गाउँपालिकामा फिर्ता गर्नुपर्ने र व्यक्ति वा संस्थालाई दिएको पेश्की नियमावलीको व्यवस्था अनुसार आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ । चालु वर्षभित्र सम्पन्न गर्नुपर्ने कार्यक्रम पेश्की, बाँकी रहेको मनासिव कारण सहित फछ्यौट गर्नुपर्दछ ।

**लुङ्गरुपा गाउँ विकास समिति तर्फ**

२८. **बिल भरपाई पेश नभएको:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३)मा खर्च गर्दा खर्चको भिल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ। मिति २०७३/७/१९ मा कर्मिटार-बिखे सडक निर्माण उपभोक्ता समितिलाई सडक निर्माण वापत सम्झौता वमोजिमको रू. २,००,०००।—नगदै भुक्तानी गरेकोमा उपभोक्ता समितिले रकम बुझेको भरपाई पेश गरेको छैन। उपभोक्ता समितिले नगद बुझेको भरपाई पेश गर्नु पर्दछ।

२८.१. मिति २०७३/१०/३ मा विसौनि-पञ्चमी-सिंगारे-लेबुटार-जाल्पा मोटर वाटो उपभोक्ता समितिलाई मोटरवाटो निर्माण वापतको रकम रू. २,००,०००।—नगदै भुक्तानी गरेकोमा उपभोक्ता समितिले नगद बुझेको भरपाई पेश गरेको छैन। उपभोक्ता समितिले नगद बुझेको भरपाई पेश गर्नु पर्दछ।

२८.२. मिति २०७३/६/१६ मा कार्यक्रम खर्च भनि विल भरपाई बेगर खर्च लेखेको रू. १६,०००।— असूल हुनु पर्दछ।

२९. **मोटरसाइकल हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४७ मा खरिद एवं हस्तान्तरीत सामान जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ। मिति २०७३/७/१९ मा सुभ लाभा अटो लिङ्क, इलाम-८ वाट इन्जिन नं. F4E1-196035 Blue Colour को सुजुकी मोटरसाइकल रू. १,९४,९००।— (भ्याट सहित) मा खरिद गरेकोमा हालसम्म पनि उक्त मोटरसाइकल यातायात व्यवस्था कार्यालयमा दर्ता गराएको छैन। खरिद गरेको १ वर्ष भन्दा बढी समयसम्म पनि यातायात व्यवस्था कार्यालयमा दर्ता नगराई वेवारीसे अवस्थामा राखिएको उक्त मोटरसाइकल अविलम्ब दर्ता गराई नगरपालिकाको कार्यालयमा हस्तान्तरण गरी दाखिला गर्नु पर्दछ।

३०. **अग्रिम कर** - आय कर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार कट्टा गरेको अग्रिम आयकर सञ्चित कोष दाखिला हुनुपर्दछ । साविकको १ गाउँ विकास समिति तथा १ वडाले रकम भुक्तानी गर्दा रु.१,१३,३९५।– अग्रिम कर कट्टा गरेको नदेखिँदा अग्रीम कर वापतको रकम सम्बन्धित वाट असूल गरी दाखिला गरेको भौचर पेश हुनुपर्ने देखिन्छ ।

३१. **प्रमाण बेगर भुक्तानी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । लुम्फाबुङ गाउँ विकास समिति मिति २०७३/६/१६ मा इलाका स्वास्थ्य चौकी, लुम्फाबुङ्गमा ल्याब स्थापना वापतको रू. १,००,०००।—को ल्याब सामान खरिदको बिल राखि गा.वि.स.सचिव याम ब. तामाङ्गले भुक्तानी लिएको देखयो। तर उक्त सामानको जिन्सी दाखिला समेत छैन। ल्याब स्थापना भए सो को प्रमाण पेश गर्ने अन्याथा असूल गर्नु पर्दछ।

३२. **तहबिल खर्च:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४(२) मा स्थानीय निकायले प्राप्त भएको रकम प्राप्त भएको भोलिपल्ट सम्ममा बैङ्क दाखिला गर्नुपर्ने उल्लेख छ। नागीन गाउँ विकास समितिको आन्तरिक आय तर्फको आम्दानी रू. ६२,३९५।— तत्कालिन गा.वि.स.सचिव डि डी मुखियाले तहबिल आम्दानी बाँधी सोझै खर्च लेखेको देखियो। यसरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नु पर्दछ।

**आन्तरिक लेखापरीक्षण बेरूजू:**

३३. **आ.ले.प.बेरुजू** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजू अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट गरेको नदेखिंदा आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

३३.१. **अग्रिम कर** - आय कर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार कट्टा गरेको अग्रिम आयकर सञ्चित कोष दाखिला हुनुपर्दछ । आन्तरिक लेखापरीक्षण वाट औल्याएको ५ गाउँ विकास समितिले भुक्तानी गर्दा कट्टा गरेको अग्रिम कर दाखिलाको भौचर पेश गरेको नदेखिँदा रु.१,३७,८६२।- दाखिला गरेको भौचर पेश हुनुपर्ने देखिन्छ ।

३३.२. आर्थिक वर्ष २०७३।७४ फागुन २७ सम्मको आ.ले.प.प्रतिवेदनले औंल्याएको कर्मचारी संचयकोषको रू. २९,७७२।-,नागरिक लगानी कोषको रू.४०००।-,सावधिक जीवन विमाको रू.८००।-, बहाल कर वापतको रू.२०,६४०।-, पारिश्रमिक कर वापतको रू.३९०२।— तथा सामाजिक सुरक्षा कर वापतको

रू.१५,३९६।—समेत रू. ५३,८७०।—अविलम्ब दाखिला गर्नुपर्दछ।

३३.३. साविक लुङरूपा गा.वि.स.को गा.वि.स.सचिव चन्द्र बहादुर लिम्बुको जिम्मा रहेको गा.वि.स.को नगद मौज्दात रू. १९,१७७।-निजवाट असूल गरी अविलम्ब बैङ्क दाखिला गर्नु पर्दछ।

३३.४. साविक नागिन गा.वि.स. को आन्तरिक लेखापरीक्षणले औल्याएको २०७३ फाल्गुन २७ सम्मको मालपोत आम्दानी रू.५४०३८।—को २५% जिल्ला समन्वय समितिमा पठाउनुपर्ने रू. १३,५१०।—आविलम्ब जि.स.स.को खातामा दाखिला गर्नु पर्दछ।

३३.५. आर्थिक वर्ष २०७३।७४ फागुन २७ सम्मको आ.ले.प.प्रतिवेदनले औंल्याएको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गतको जि.स.स.बाट बढी निकासा भएको रकम रु.४,४६,९००।- कट्टा गरी राखेको आ.ब.को अन्त्यसम्मा पनि राजस्व दाखिला नभएकोले दाखिला गर्नुपर्दछ ।

३३.६. गाउँ बाल अधिकार तथा संरक्षण तथा सम्बर्द्धन उप-समितिलाई २०७४।३।२५ मा रु.३२,८००।- भुक्तानी दिइएकोमा समितिको निर्णयहरु मात्र संलग्न देखिन्छ । सो निकासा भुक्तानी रकमबाट कस्तो प्रकृतिको कार्यक्रममा खर्च भएको हो आवश्यक बिल भरपाई संलग्न नभएकोले यकिन गर्न सकिएन । तसर्थ आवश्यक बिल भरपाई संलग्न राखी नियमित गर्नुपर्ने देखिन्छ ।

३३.७. आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १२ र दफा १३ मा कार्यालयले राजस्व संकलन गरी अनिवार्य बैंक जम्मा गरी राजस्व नियमित गर्नुपर्ने व्यवस्था छ । तर वडा कार्यालयले आन्तरिक आय राजस्व संकलन गरी तहविल खर्च गरेको, ऐन नियम विपरीत खर्च भएको देखिन्छ । साथै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय तहको शासन सञ्चालन सम्बन्धी जारी गरेको आदेश, २०७३ को आदेश नं.४४ बाट समेत राजस्व संकलन तथा असुली सम्बन्धमा समेत प्रस्ट देखिएको हुँदा १३ र १४ नं.वडा कार्यालयबाट रु.२०,६०२।- कर संकलन भएको वडा कार्यालयले तहविलबाटै खर्च गरेको नियमित देखिएन । तहविल खर्चलाई निरुत्साहित गरी नगरपालिका कार्यालयले नियन्त्रण गर्नुपर्ने देखियो ।

३४. **कारोबारको लेखा** : प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । यस नगरपालिका अन्तर्गत वडा कार्यालय तथा साविकका ५ वटै गाउँ विकास समितिहरुले २०७३ फागुन २७ सम्मको बैंक नगदी किताबमा जोड जम्मा नगरेको, खर्चको फाँटवारी (म.ले.प.फा.नं.१३), पेश्की बाँकीको विवरण (म.ले.प.फा.नं.१४) नबनाएको साथै बैंक नगदी किताब, जिन्सी खाता समेत प्रमाणित गरेको देखिएन । जसबाट आर्थिक कारोबार नियमसंगत नै भएको छ भन्न सकिएन । यस सम्बन्धमा तालुक कार्यालयले वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्नुपर्दछ ।

**बेरुजुको स्थिती**

यो वर्ष लेखापरीक्षणवाट रु.८४ लाख ८० हजार वेरुजु देखीएको छ । सो मध्ये अशुल उपर गर्नुपर्ने रु.८ लाख ११ हजार, नियमित गर्नुपर्ने रु. ५४ लाख ७८ हजार र पेश्की रु. २१ लाख ९१ हजार रहेको छ ।

## फालेलुङ गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रू. २ लाख १७ हजार समेत रू. ५ करोड ९३ लाख ५६ हजार आम्दानी भएकोमा रू. ५ करोड ३५ लाख ८८ हजार खर्च भई रू. ५७ लाख ६८ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणवाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छनः

१. **मौज्दात रकम हस्तान्तरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने उल्लेख छ । यस्तो अवस्थामा कार्यालय गाभिएको ३५ दिनभित्र नगदी बाँकी भए मन्त्रालय वा विभागले त्यस्तो नगद लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा ४ गा.वि.स.मा आन्तरिक स्रोततर्फ बाँकी रहेको रु.३,२२,९४९।- गाउँपालिकामा हस्तान्तरण गरेको नदेखिँदा गाउँपालिकाको खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

२. **संस्थागत शासन व्यवस्था, वित्तीय जवाफदेहिताको पालना :** आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ४५ वमोजिम कार्यालयको वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व पालनाको स्थिती मूल्याङ्कन गर्दा गुनासो पेटीकाको प्रयोग गरी प्राप्त गुनासो वा उजुरीको अभिलेख राख्ने व्यवस्था नगरेको, आर्थिक कारोबारको संक्षिप्त वार्षिक प्रतिवेदन (अनुसूची-२११) तयार गरी तालुक कार्यालयमा नपठाएको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, गाउँपालिका अन्तर्गत साविक गाउँ विकास समितिहरुले जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो नगरेको, म.ले.प.फा.नं.२ मा अभिलेख राख्ने नगरेको, सेवा प्रवाहमा नागरिक सूचनाको लागि हेल्प डेस्क नराखेको, सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने नगरेको, वार्षिक खरिद योजना तयार नगरेको तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी तालुक निकायमा पठाएको देखिएन । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

३. **जिन्सी सामानको संरक्षण एवं हस्तान्तरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ । यसै गरी नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ ।

नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन ।

जिन्सी सामान हस्तान्तरण हुन नसक्दा लगत गोलमाल हुन सक्ने, सामानको दुरुपयोग हुन सक्ने र सामान हराउन सक्ने सम्भावना रहेको देखिँदा अविलम्ब साविकका ४ गाउँ विकास समितिमा रहेका सम्पूर्ण जिन्सी सामान लगत खडा गरी हाल गाभिएको गाउँपालिका वा मन्त्रालयले तोकेको सरकारी निकायमा दाखिला गर्नुपर्ने देखिन्छ ।

४. **बढी मौज्दात** : कार्यालयको स्रेस्ताभन्दा बैंकमा बढी देखिएको साविक गा.वि.स.हरुको खातामा रहेको कर्मचारी कल्याण कोष रकम रु.१३,०४६।- बढी देखिएको छ । बढी देखिनुमा गत विगत आर्थिक वर्षदेखि लेखापरीक्षण प्रतिवेदन अनुसार जिम्मेवारी भिडान नहुनु रहेको देखिन्छ । गाउँपालिकाले बैंकसंग मौज्दात रकम भिडान गरी साविक गा.वि.स.मा रहेको कर्मचारी कल्याण कोष रकम गाउँपालिकाले सारी एकीकृत गर्नुपर्ने देखिन्छ ।

५. **कर असुल गर्नुपर्ने** : आयकर ऐन, २०५८ को दफा ८७ अनुसार अग्रिम कर असुल गर्नुपर्दछ । वडा नं.७ मिति २०७४।३।२८ मा रु.३,१०,६९९।- सिलाई कटाई तालिम सञ्चालन बापत इन्द्रेणी कृषि सहकारी संस्था लि.लाई भुक्तानी दिइएकोमा तालिम प्रशिक्षक श्री दिपेश ठटाललाई प्रशिक्षक भत्ता बापत रु.४५,०००।- भुक्तानी दिएकोमा १५ प्रतिशतले हुन आउने रु.६,७५०।- असुल गरेको नदेखिंदा असुल गर्नुपर्ने देखिन्छ ।

६. **फ्रिज दाखिला** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१२(१) अनुसार जिन्सी दाखिला गर्नुपर्दछ । वडा नं.२ मिति २०७४।३।२५ मा महालक्ष्मी इलेक्ट्रोनिक्सबाट रु.३३,३३५।- को फ्रिज खरिद गरेकोमा जिन्सी दाखिला गरेको नदेखिँदा दाखिला गर्नुपर्दछ ।

७. **मू.अ.कर** : मू.अ.कर नियमावली, २०५३ को नियम १७ अनुसार रितपूर्वकको कर वीजक जारी गर्नुपर्दछ ।

वडा नं.३ मिति २०७४।३।२५ मा उत्सव अल्टरनेटिभ इनर्जीको मिति २०७४।३।२२ को नम्बर सच्याइएको बिलबाट रु.२,९२५।- मू.अ.कर भुक्तानी गरेको देखिंदा कर समायोजन पेश गर्नुपर्ने देखिन्छ।

८. **व्यक्तिगत खातामा रकम जम्मा** : सरकारी कामको निमित्त निकासा भएको रकम बैंक मार्फत सिधै सम्बन्धित व्यक्तिहरुलाई भुक्तानी गर्नुपर्दछ। तत्कालिन वडा सचिवले वडा नं.३ र ४ मा निकासा भएको सामाजिक सुरक्षा भत्ता वापतको रु.२५,८२,४७१।- आफ्नो खातामा जम्मा गरी सो मार्फत भुक्तानी खर्च लेखेको देखियो। सरकारी रकम निजी खातामा ट्रान्सफर गरी खर्च लेख्नु कानूनसम्मत् देखिएन। यसरी खर्च लेख्ने पदाधिकारीलाई तालुक कार्यालयबाट सचेत गराइनुपर्दछ।

९. **अपाङ्ग भत्ता** : वडा नं.४ को गो.भौ.नं.२६ मिति २०७४।३।३१ मा लक्षित कार्यक्रम शीर्षक अन्तर्गत वडा नं.३ र ४ मा रहेका अपाङ्गहरुलाई भत्ता वितरण भनी आइन्द्र राई, लक्ष्मी खनाल, यदुनाथ पौडेल, लक्ष्मण राई समेत ४० जनालाई रु.१,२५०।- का दरले रु.५०,०००।- अपाङ्ग भत्ता खर्च लेखेको छ। सो सम्बन्धमा गाउँ परिषद्बाट बजेटसम्म स्वीकृत गरेको देखियो। जिल्ला विकास सतितिबाट अपाङ्गको लगत खडा गरी पञ्जीकरण विभागमा पठाएको र सोही लगतको आधारमा अपाङ्ग भत्ता जि.वि.स.मार्फत वितरण हुने गरेको छ। गाउँपालिकाले के कस्तो अपाङ्गलाई यस्तो भत्ता दिने निर्णय गरेको हो त्यसको निर्णय एवं भत्ता पाउनेको लगत पेश गरेको छैन। विना लगत अपाङ्गलाई भुक्तानी भनी दिएको खर्च रकम वास्तविक अपाङ्गलाई भुक्तानी दिएको हो भन्न सक्ने आधार भएन। एकद्वार प्रणाली मार्फत भत्ता वितरण व्यवस्था गर्नुपर्दछ।

१०. **कार्य सम्पन्न** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा १५५(५)(घ) अनुसार नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। वडा नं.५ को भौ.नं. २३ मिति २०७४।३।२५ मा जय अम्बे सप्लायर मार्फत रु.१,००,०००।- को एम.एस. पाइप खरिद गरी भुक्तानी दिएकोमा कार्यसम्पन्न प्रतिवेदन पेश नहुँदा उक्त पाइप कहाँ खर्च भएको हो यकिन गर्न सक्ने आधार भएन।

११. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। पेश्की बाँकीको विवरण अनुसार कार्यालयले विभिन्न कामको निमित्त गत विगतमा विभिन्न कर्मचारी एवं संस्थालाई दिएको पेश्की रु.४०,०००।- हालसम्म पनि फछ्र्यौट गरेको देखिएन। उक्त पेश्की नियम १९० अनुसार आवश्यक कारबाही गरी असुल फछ्र्यौट गर्नुपर्दछ। यो वर्ष विभिन्न कामको लागि दिएको रु.४,४७,७६८।-पेश्की २०७४ आषाढ मसान्तसम्म फछ्र्यौट गरेको नदेखिँदा वडा खातामा रहेको रकम गाउँपालिकामा फिर्ता गर्नुपर्ने र व्यक्ति वा संस्थालाई दिएको पेश्की नियमावलीको व्यवस्था अनुसार आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ। चालु वर्षभित्र सम्पन्न गर्नुपर्ने कार्यक्रम नगरी पेश्की बाँकी रहेको मनासिव कारण भए पेश गर्ने अन्यथा पेश्की बाँकी रकम देखिला गर्नुपर्दछ।

१२. **आ.ले.प.बेरुजू** - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ। आन्तरिक लेखापरीक्षणबाट औल्याएको निम्नानुसारको बेरुजू रु.१५,६९५।- अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट गरेको नदेखिंदा आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ।

१२.१. आर्थिक वर्ष २०७३।७४ फागुन २७ सम्मको आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औंल्याएको कर रु.६,४८२।- अनिवार्य बैंक दाखिला गरी नियमित गर्नुपर्ने देखिन्छ।

१२.२. आयकर ऐन, २०५८ अनुसार विभिन्न भुक्तानी रकमको कर कट्टी गरी दाखिला गर्नुपर्नेमा कट्टी रकम बैंक दाखिला गर्न बाँकी रहेकोले अविलम्ब दाखिला गरी नियमित गर्नुपर्ने देखिन्छ।

१२.३. आर्थिक वर्ष २०७३।७४ फागुन २७ सम्मका आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औंल्याएको जि.स.स.मा फिर्ता गरी नियमित गर्नुपर्ने २५ प्रतिशत मालपोत रकम रु.५,९२२।- दाखिला गर्नुपर्दछ।

१२.४. आयकर ऐन, २०५८ अनुसार वडा नं.६ को भौ.नं. ११, १२ र १६ बाट भुक्तानी रकमको कर रु.८०८।- दाखिला गर्न बाँकी देखिएको रकम दाखिला गरी नियमति गर्नेपर्ने देखिन्छ।

१२.५. आर्थिक वर्ष २०७३।७४ फागुन २७ सम्मको आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औंल्याएको जि.स.स.मा फिर्ता गरी नियमित गर्नुपर्ने २५ प्रतिशत मालपोत रकम रु.२,४८३।- दाखिला गर्नुपर्दछ।

**प्राङबुङ गाउँ विकास समिति**

१३. **कार्यसम्पन्न** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा १५५(५)(घ) अनुसार नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। मिति २०७३।११।२३ मा फालेलुङ्ग कृषि सहकारी संस्थालाई भवन निर्माण बापत रु.९०,०००।- को काठ र रु.८७,५००।- को ढुङ्गा समेत रु.१,७७,५००।- को सामान खरिद बापत भुक्तानी दिएको छ। उक्त सहकारी संस्थाले सो सामानबाट भवन बनाएको कार्यसम्पन्न प्रतिवेदन पेश गरेको देखिएन।

१४. **मोवाइल रिचार्ज खर्च** : साविकको दुई गाउँ विकास समितिले आर्थिक वर्षको अन्ततिर रिचार्जको बिल राखी खर्च लेखेको देखियो । प्रतिमहिना रु.१,०००।- सम्म महसुल खर्च मनासिव देखिनेमा ८।८ महिनाको गरी कूल रु.४२,०००।- खर्च लेखेको औचित्य पुष्टि हुने नदेखिंदा रु.२६,०००।- असुल गर्नुपर्ने देखिन्छ ।

१५. **मालपोत** : साविक प्राङबुङ्ग गा.वि.स.ले आन्तरिक आम्दानी २०७३ फागुन २७ गतेसम्म उठेको मालपोत रकम रु.२३,६८८।- को २५ प्रतिशत साविक जि.वि.स.हाल जिल्ला समन्वय समितिको खातामा जम्मा गर्नुपर्ने रु.५,९२२।- दाखिला गर्नुपर्ने देखिन्छ ।

१६. **सामाजिक सुरक्षा भत्ता** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा १५(ङ)(अ) बमोजिम भत्ता वितरण गर्दा वडा नागरिकमञ्च तथा स्थानीय राजनैतिक दल एवं समुदायमा आधारित संघ संस्थाका प्रतिनिधि र स्थानीय भद्रभलाद्मीको रोहवरमा वितरण गरेको मुचुल्का समेत तयार गरी एकप्रति गाउँ विकास समितिको कार्यालयको सूचना पाटीमा टाँस गर्ने र एकप्रति लेखापरीक्षणको लागि भरपाइसंग राख्नुपर्ने व्यवस्था छ । सो बमोजिम मुचुल्का भरपाईसाथ राखेको पाइएन । यस गा.वि.स.मा वितरण भएको सामाजिक सुरक्षा भत्ता वितरणको भरपाई परीक्षण गर्दा पहिलो चौमासिकमा मृत्यु भएका २ एकल महिलालाई दोस्रो चौमासिकमा भत्ता वितरण गरेको रु.८,०००।- असुल गरी दाखिला गर्नुपर्दछ ।

१७. **मालपोत** - साविक सिदिन गाउँ विकास समितिले आन्तरिक आम्दानी २०७३ फागुन २७ गतेसम्म उठेको मालपोत रकम रु.९,९३५।- को २५ प्रतिशत साविक जि.वि.स.हाल जिल्ला समन्वय समितिको खातामा जम्मा गर्नुपर्ने रु.२,४८३।- दाखिला गर्नुपर्ने देखिन्छ ।

**मेमेङ गाउँ विकास समिति**

१८. **हाजिरी एवं भरपाई** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार बिल भरपाई राखी खर्च गर्नुपर्दछ । मिति २०७३।९।२८ मा अ.स.ई.श्री मानप्रसाद सावदेनले वृद्ध सम्मान भनी ज्याकेट-४, टोपी-१, सुइटर-३, वर्को-४ खरिदका बिल राखी रु.३०,०००।- पेश्की फछ्र्यौट गरेको देखियो । वृद्ध सम्मान कार्यमा सहभागी वृद्धको फोटो, नाम सहित उपस्थिति नदेखिनुका साथै सामान बुझाएको भरपाई समेत नहुँदा सम्मान कार्यक्रम भएको सुनिश्चित हुने आधार नभएकोले रकम दाखिला गर्नुपर्ने देखिन्छ ।

१९. **बिल भरपाई** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार बिल भरपाई राखी खर्च गर्नुपर्दछ । अ.स.ई. मानप्रसाद सावदेनको पेश्की रु.६२,०००।- भौ.नं. ४४ मिति २०७३।१०।३ बाट फछ्र्यौट गर्दा अनुगमन, खाजा, नास्ता भनी ७ सहभागीलाई नगद भुक्तानी दिएको रु.३०,०००।- को १५ प्रतिशत कर रु.४,५००।- दाखिला नगरेको साथै बाँकी रु.३२,०००।- विना बिल भरपाई खर्च लेखेको समेत रु.३६,५००।- असुल गर्नुपर्दछ ।

**एकतिन गाउँ विकास समिति**

२०. **दोहोरो भुक्तानी** -दुई उपभोक्ता समितिलाई एउटै बाटो निर्माणको फोटो संलग्न राखी रु.२,६५,५००।- भुक्तानी गरेको देखियो । एकै स्थानमा भएको निर्माण कार्यको दुई उपभोक्ता समितिलाई भुक्तानी दिई दोहोरो भुक्तानी भएको सम्बन्धमा छानबिन गरी कसलाई नपाउने भुक्तानी दिएको हो यकिन गरी असुल गर्नुपर्दछ ।

२१. **अग्रिम कर** - आय कर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार कट्टा गरेको अग्रिम आयकर सञ्चित कोष दाखिला हुनुपर्दछ । प्राङ्गबुङ्ग गाउँ विकास समिति समेत ३ गाउँ विकास समितिले भुक्तानी गर्दा कट्टा गरेको अग्रिम कर दाखिलाको भौचर पेश गरेको नदेखिँदा रु.४९,६९१।- दाखिला गरेको भौचर पेश हुनुपर्ने देखिन्छ ।

२२. **कारोबारको लेखा** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२(१) मा प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत वडा कार्यालय तथा साविकका चारवटै गाउँ विकास समितिहरुले २०७३ फागुन २७ सम्मको बैंक नगदी किताबमा जोड जम्मा नगरेको, स्वीकृत ढाँचामा लेखा नराखेको, खर्चको फाँटवारी (म.ले.प.फा.नं.१३), पेश्की बाँकीको विवरण (म.ले.प.फा.नं.१४) नबनाएको साथै बैंक नगदी किताब, जिन्सी खाता समेत प्रमाणित नगरेको र आन्तरिक आम्दानीलाई व्यवस्थित गर्न आय खाता एवं रसीद नियन्त्रण खाता समेत राखेको देखिएन । जसबाट आर्थिक कारोबार नियमसंगत नै भएको छ भन्न सकिएन । यस सम्बन्धमा तालुक कार्यालयले वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्नुपर्दछ ।

## बेरुजुको स्थिती

यो वर्ष लेखापरीक्षणवाट रु. १५ लाख ८१ हजार वेरुजु देखीएको छ । सो मध्ये अशुल उपर गर्नुपर्ने रु. १ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु. ९ लाख ६८ हजार र पेश्की रु. ४ लाख ४८ हजार रहेको छ ।

# फाल्गुनन्द गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रू. ४ लाख ८० हजार समेत रू. ७ करोड ८२ लाख १० हजार आम्दानी भएकोमा रू. ७ करोड २६ लाख ७७ हजार खर्च भई रू. ५५ लाख ३३ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणवाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छनः

१. **मौज्दात रकम हस्तान्तरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने उल्लेख छ । यस्तो अवस्थामा कार्यालय गाभिएको ३५ दिनभित्र नगदी बाँकी भए मन्त्रालय वा विभागले त्यस्तो नगद लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा ६ गा.वि.स.मा आन्तरिक स्रोततर्फ बाँकी रहेको रु.५,३४,०३२।- गाउँपालिकामा हस्तान्तरण गरेको नदेखिँदा गाउँपालिकाको खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

२. **संस्थागत शासन व्यवस्था, वित्तीय जवाफदेहिताको पालना :** आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ४५ वमोजिम कार्यालयको वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व पालनाको स्थिती मूल्याङ्कन गर्दा गुनासो पेटीकाको प्रयोग गरी प्राप्त गुनासो वा उजुरीको अभिलेख राख्ने व्यवस्था नगरेको, आर्थिक कारोबारको संक्षिप्त वार्षिक प्रतिवेदन (अनुसूची-२११) तयार गरी तालुक कार्यालयमा नपठाएको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, गाउँपालिका अन्तर्गत साविक गाउँ विकास समितिहरुले जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो नगरेको, म.ले.प.फा.नं.२ मा अभिलेख राख्ने नगरेको, सेवा प्रवाहमा नागरिक सूचनाको लागि हेल्प डेस्क नराखेको, सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने नगरेको, वार्षिक खरिद योजना तयार नगरेको तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी तालुक निकायमा पठाएको देखिएन । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

३. **जिन्सी सामानको संरक्षण एवं हस्तान्तरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ । यसै गरी नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ ।

नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन ।

जिन्सी सामान हस्तान्तरण हुन नसक्दा लगत गोलमाल हुन सक्ने, सामानको दुरुपयोग हुन सक्ने र सामान हराउन सक्ने सम्भावना रहेको देखिँदा अविलम्ब साविकका ६ गाउँ विकास समितिमा रहेका सम्पूर्ण जिन्सी सामान लगत खडा गरी हाल गाभिएको गाउँपालिका वा मन्त्रालयले तोकेको सरकारी निकायमा दाखिला गर्नुपर्ने देखिन्छ ।

४. **जिन्सी सामान दाखिला** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २१२(१) मा कुनै पनि कार्यालयले खरिद गरेको जिन्सी सामान मूल्य समेत खुलाई आम्दानी बाँध्नु पर्ने र नियम २१७ (४) अनुसार हस्तान्तरण गर्नुपर्ने सामान अभिलेख खडा गरी हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यसरी हस्तान्तरण गरिएको सामान सम्बन्धित निकायको खातामा आम्दानी गरी सोको जानकारी गराउनु पर्ने व्यवस्था छ । कार्यालयले रु.१२,७७,७८२।- को विभिन्न सामान विभिन्न ३४ संस्थालाई बुझाएको भनी खर्च लेखेकोमा सम्बन्धित कार्यालयमा दाखिला भएको जानकारी प्राप्त हुन आएन । दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

५. **कार्य सम्पन्न प्रतिवेदन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)(घ) अनुसार नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश भएपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । विभिन्न वडा तथा गा.वि.स.मार्फत उपभोक्ता एवं संस्थाहरुलाई विभिन्न काममा रु.२६,९३,६९७।- भुक्तानी गरेकोमा योजनाको पूरा विवरण तयार नगरी टुक्रा टुक्रा आइटमको लागत तयार गरी भुक्तानी दिने गरेको देखियो । नापी किताब र कार्यसम्पन्न पेश हुनुपर्दछ ।

६. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पेश्की बाँकीको विवरण अनुसार कार्यालयले विभिन्न कामको निमित्त गत विगतमा विभिन्न कर्मचारी एवं संस्थालाई दिएको रु.१,५२,०००।-पेश्की हालसम्म पनि फछ्र्यौट गरेको देखिएन । उक्त पेश्की नियम १९० अनुसार आवश्यक कारबाही गरी असुल फछ्र्यौट गर्नुपर्दछ । यो वर्ष विभिन्न कामको लागि दिएको रु.४,१८,५६५।-पेश्की २०७४ आषाढ मसान्तसम्म फछ्र्यौट गरेको नदेखिँदा बैंकमा मौज्दात रहेको रकम फिर्ता दाखिला गर्नुपर्दछ ।

७. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । फाल्गुनन्द गाउँपालिका वडा नं.१ मिति २०७४।२।२९ मा जेष्ठ नागरिक र अपाङ्गलाई रु.२०,०००।- भत्ता वितरण खर्च लेखेकोमा सामाजिक सुरक्षा भत्ता समेत वितरण गरिने हुँदा उक्त भत्ता वितरणको आधार प्रमाण पेश हुदुपर्दछ ।

८. **भ्याट बिल बेगर खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा मू.अ.करमा दर्ता भएकोसंग खरिद गर्नुपर्ने व्यवस्था छ । साविक आङसराङ गाउँ विकास समितिले रु.२,१८,७८०।- को विभिन्न सामान खरिद गर्दा भ्याट बिल बेगर खर्च लेखेको नियमित मान्न सकिएन ।

**फाल्गुनन्द गाउँपालिका वडा नं.२**

९. **बढी भुक्तानी** : मिति २०७४।३।६ मा कृषि कार्यक्रम अन्तर्गत नस्ल सुधार साँढे रु.५८,१३४।- मा खरिद गरी उपभोक्ता समितिको सम्झौता बमोजिम २० प्रतिशत उपभोक्ता समितिले व्यहोर्ने रु.११,६२६।- कटाई भुक्तानी दिनुपर्नेमा सो नकटाई पुरै भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

१०. **दररेट भन्दा बढी भुक्तानी** : स्वीकृत जिल्ला दररेट अनुसार भुक्तानी गर्नुपर्दछ । विभिन्न १० योजनाहरु सम्पन्न गर्न लागत अनुमान, डोर हाजिरी फाराम, कार्यसम्पन्न प्रतिवेदन तयार गर्दा जिल्ला दररेट अनुसार ज्यामी ज्याला रु.५५०।- भएकोमा रु.६५०।- का दरले भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु.२,२८,४२०।- असुल हुनुपर्दछ ।

११. **उपभोक्ता समितिको सहभागिता नरहेको** : स्थानीय निकाय आर्थिक प्रशासन नियमवाली, २०६४ को नियम १५५ उप-नियम ५(ग) अनुसार लागत अनुमान तयार गर्दा जनसहभागिताको अंश समेत किटानीसाथ उल्लेख गर्नुपर्ने व्यवस्था छ । कार्यालयले चेन गेट र झ्याल निर्माण, कम्पाउण्ड वाल निर्माण लगायतका रु. ४,०९,९२०।- को कार्यहरुमा उपभोक्ता समितिको सहमागिता विना गरेको देखिंदा नियमित देखिएन ।

१२. **भाडाकर** - आयकर ऐन, २०५८ को दफा ८८, ८९ मा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । सो अनुसार ढुवानीमा १० प्रतिशत कर लाग्नेमा कार्यालयले बालुवा, गिट्टी, ढुङ्गा ढुवानी बापत रु.८५,४००।- भुक्तानी गरेकोमा १० प्रतिशत कर कट्टा नगरी भुक्तानी गरेकोले कर रु.८,५४०।- असुल उपर गर्नुपर्दछ ।

१३. **प्रमाण पेश गर्नुपर्ने** : शिक्षा मन्त्रालयबाट विभिन्न छात्रवृत्तिको व्यवस्था गरी जिल्ला शिक्षा कार्यालयबाट दलित, महिला, अपाङ्ग आदि विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्दै आएकोमा इम्बुङ गा.वि.स.ले रु.४,८०,०००।- विभिन्न ४ विद्यालयलाई छात्रवृत्ति बापत रकम निकासा गरेको देखियो । उक्त विद्यालयले कुन कुन विद्यार्थीलाई जिल्ला शिक्षा कार्यालयबाट प्राप्त रकम र कुन कुन विद्यार्थीलाई गाउँ विकास समितिबाट प्राप्त छात्रवृत्ति दिएको हो खुल्ने प्रमाण पेश हुन नआएकोले दोहोरो भुक्तानी दिएको छैन भन्न सक्ने आधार भएन । दोहोरो भुक्तानी नभएीको प्रमाण पेश गर्नुपर्ने देखिनुका साथै भत्ता वितरण कार्य एकद्वार प्रणालीबाट मात्र गर्नुपर्दछ ।

**फाक्देव गाउँ विकास समिति**

१४. **भरपाई पेश नभएको** : आर्थिक कार्यविधि नियमावली, २०६४ को ३६(३) अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं.१५ मिति २०७४।३।२८ मा फक्तेव गा.वि.स.स्तरीय कृषि उपभोक्ता समितिले सगरमाथा अलैंची नर्सरीबाट अलैंचीको विरुवा रु.५,७०,०००।- को खरिद गरी किसानहरुलाई वितरण गरेको भरपाई पेश गर्नुपर्नेमा ७ जनाले मात्र रु.८१,४३०।- बुझेको भरपाई पेश हुन आएकोले किसानको भरपाई पेश हुनुपर्दछ ।

१५. **प्रमाण पेश गर्नुपर्ने** : मिति ०७४।३।२८ मा अपाङ्ग आय आर्जन कार्यक्रम अन्तर्गत बीऊ बाखा खरिद गरी अपाङ्गलाई आय आर्जन गर्न बाखा वितरण गर्ने कार्यक्रम रहेकोमा २५ जना अपाङ्गलाई रु.४,०००।- का दरले नगद वितरण गरेकोमा अपाङ्ग परिचय पत्र बेगर भुक्तानी गरेकोले प्रमाण पेश हुनुपर्दछ ।

१६. **कर कट्टा नगरेको** - आय कर ऐन, २०५८ को दफा ८८ र ८९ मा कर कट्टा गर्नुपर्ने व्यवस्था छ ।

कार्यालयले मिति २०७४।३।२८ मा वडा नं.५ मुमा मार्ग सर्भे बापत प्राविधिक डिल्लीराम रिजाललाई रु.१,१५,०००।- एकमुष्ट भुक्तानी गरेकोमा सम्झौता बमोजिम सर्भे किताब पेश भएकोमा मूल्य अभिवृद्धि कर वीजक बिल पेश नभएकोले १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा १ प्रतिशत रु.१,१५०।- मात्र कर कट्टा गरी भुक्तानी भएकोले छुट १४ प्रतिशतले हुने रु.१६,११०।- कर कट्टा हुनुपर्दछ ।

**चिलिङदिन गाउँ विकास समिति**

१७. **प्रमाण पेश गर्नुपर्ने** : सद्धेश्वरी मा.वि.चिलिङदिन समेत ५ विद्यालयहरुलाई छात्रवृत्ति बापत रु.३,४८,०००।- भुक्तानी दिएको पाइयो । जिल्ला शिक्षा कार्यालयबाट पनि छात्रवृत्ति वितरण गरिने हुँदा ती ५ विद्यालयहरुमा वितरण भएका विद्यार्थीहरुले जिल्ला शिक्षा कार्यालयबाट छात्रवृत्ति नपाएको प्रमाण पेश हुनुपर्दछ । यस्तो छात्रवृत्ति वितरण कार्य एकद्वार प्रणालीबाट गर्नुपर्दछ ।

१८. **बिल भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले मिति २०७४।३।२० मा वातावरण पर्यटन विकास नेपालले अभिमूखीकरण तालिम बापत रु.३५,०००।- खर्च लेखेकोमा तालिम अवधि, उपस्थिति संख्या र हाजिरी पेश नभएकोले तालिम सञ्चालन नै भएको हो भनी यकिन गर्न सकिएन ।

**इबुङ गाउँ विकास समिति**

१९. **प्रमाण पेश गर्नुपर्ने** : कार्यालयले त्रिभुवन निम्न माध्यमिक विद्यालय समेत ४ विद्यालयहरुलाई छात्रवृत्ति बापत रु.४,८०,०००।- भुक्तानी दिएको पाइयो । जिल्ला शिक्षा कार्यालयबाट पनि छात्रवृत्ति वितरण गरिने हुँदा ती ४ विद्यालयहरुमा वितरण भएका विद्यार्थीहरुले जिल्ला शिक्षा कार्यालयबाट छात्रवृत्ति नपाएको प्रमाण पेश हुनुपर्दछ । यस्तो छात्रवृत्ति वितरण कार्य एकद्वार प्रणालीबाट गर्नुपर्दछ ।

२०. **कर कट्टा नगरेको** - आयकर ऐन, २०५८ को दफा ८८, ८९ मा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । सो अनुसार ढुवानीमा १० प्रतिशत कर लाग्नेमा कार्यालयले मिति २०७३।११।१० मा साङसेन हाङसाम माङ हिम सेवा समितिलाई दाउरा ढुवानी बापत रु.४८,०००।- भुक्तानी गरेकोमा १० प्रतिशतले लाग्ने कर रु.४,८००।- कट्टा नगरेकोले उक्त कर असुल हुनुपर्दछ ।

२१. **नर्म्सभन्दा बढी खर्च** : कार्यालयले भौ.नं.४३ मिति २०७३।१२।२६ बाट बाल कार्यक्रम अन्तर्गत बाल मैत्री स्थानीय शासन सम्बन्धी १ दिने बाल मेला कार्यक्रममा अभिभावक, राजनैतिक दलका नेता, शिक्षक र वडा संयोजक समेत २० जनालाई यातायात खर्च र खाना खर्च भनी नर्म्सभन्दा बढी रु.३१,६५८।- खर्च लेखेकोले सो रकम असुल हुनुपर्दछ ।

२२. **आ.ले.प.बेरुजू** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औंल्याएको निम्नानुसारको बेरुजू अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट गरेको नदेखिंदा आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

२३. स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५, ५६, ५७ र ५८ मा व्यवस्था भए अनुसार गाउँपालिका अन्तर्गत सबै साविक गाउँ विकास समितिहरुले दैनिक आय खाता तथा नगदी रसीद नियन्त्रण खाता राखेको पाइएन ।

२४. साविक स्थानीय स्वायत्त शासन नियमावली, २०६४ मा गाउँ विकास समितिले राख्नुपर्ने ढाँचा तोकेको छ । पौवासार्ताव गा.वि.स.ले उक्त नियममा उल्लिखित अनुसूचीहरु प्रयोगमा ल्याएको नपाइएकोले यसतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

२५. आङसराङ गा.वि.स.ले सागर एण्ड ब्रदर्श इलामबाट पल्सर वाइक मू.अ.कर बाहेक रु.२,०७,८७६।- को आयकर ऐन, २०५८ अनुसार १.५ प्रतिशत अग्रिम आयकर रु.३,११९।- कट्टा नगरी पुरै रकम भुक्तानी गरेकोले उक्त अग्रिम आयकर बापतको रकम सम्बन्धितबाट असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

**भारापा गा.वि.स.**

२६. आयकर ऐन, २०५८ अनुसार भारापा गा.वि.स.ले विभिन्न भुक्तानी रकममा अग्रिम आयकर रु.१०,०७२।-, पारिश्रमिक कर रु.१,७२५।- र सा.सु.कर रु.७८०।- समेत जम्मा रु.१२,५७७।- बैंक दाखिला गर्न बाँकी देखिएकोले दाखिला गर्नुपर्दछ ।

२७. मिति ०७३।११।२७ मा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५ को खण्ड (ख) बमोजिम मालपोत वा भूमिकरबाट उठेको राजस्वको २५ प्रतिशत जिल्ला विकास समितिलाई बुझाउनु पर्ने व्यवस्था छ । तर मालपोत बापत राजस्व संकलन रु.५३,३८४।- को २५ प्रतिशतले हुने रु.१३,३४६।- जिल्ला समन्वय समितिको खाता फिर्ता गर्नुपर्नेमा तहविलै कार्यालयले खर्च गरेको देखिन्छ । तसर्थ कार्यालयले सम्बन्धित खर्च शीर्षकमा जसलाई भुक्तानी गरेको हो सो फर्म वा व्यक्तिबाट असुल उपर गराई जिल्ला समन्वय समितिको खातामा जम्मा गर्नुपर्दछ ।

२८. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा मू.अ.करमा दर्ता भएकोसंग खरिद गर्नुपर्ने

व्यवस्था छ । भारापा गा.वि.स.ले शैक्षिक सामग्री खरिदका लागि रु.१,६०,०००।- को मू.अ.करमा दर्ता नभएको फर्मको टुक्रा टुक्रा बिल संलग्न राखी एकमुष्ट भुक्तानी भएको कानूनसम्मत् मान्न सकिएन ।

२९. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४ को उपनियम (२) मा उपनियम .(१) बमोजिम प्राप्त भएको रकम गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोलिपल्टसम्ममा बैंक दाखिला गर्नुपर्ने छ । तर तोकिएको समयभित्र बैंक दाखिला गर्न नसक्ने भएका कारण जनाई अध्यक्षबाट प्रमाणित गराई एक महिनाभित्र बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । तर भौ.नं. १७ मिति ०७३।११।२७ बाट भारापा गा.वि.स.ले आन्तरिक स्रोतबाट उठेको रु.६३,३८४।- दाखिला नगरी सोझै खर्च गरेको नियमसम्मत् देखिएन ।

३०. **कारोबारको लेखा** : प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत वडा कार्यालय तथा साविकका चारवटै गाउँ विकास समितिहरुले २०७३ फागुन २७ सम्मको बैंक नगदी किताबमा जोड जम्मा नगरेको, खर्चको फाँटवारी (म.ले.प.फा.नं.१३), पेश्की बाँकीको विवरण (म.ले.प.फा.नं.१४) नबनाएको साथै बैंक नगदी किताब, जिन्सी खाता समेत प्रमाणित नगरेको र आन्तरिक आम्दानीलाई व्यवस्थित गर्न आय खाता एवं रसीद नियन्त्रण खाता समेत राखेको देखिएन । जसबाट आर्थिक कारोबार नियमसंगत नै भएको छ भन्न सकिएन । यस सम्बन्धमा तालुक कार्यालयले वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्नुपर्दछ ।

**बेरुजुको स्थिती**

यो वर्ष लेखापरीक्षणवाट रु.७६ लाख ३१ हजार वेरुजु देखीएको छ । सो मध्ये अशुलउपर गर्नुपर्ने रु. ३ लाख १६ हजार, नियमित गर्नुपर्ने रु. ६८ लाख ९६ हजार र पेश्की रु. ४ लाख १९ हजार रहेको छ ।

# हिलिहाङ गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रू. ३ लाख १९ हजार समेत रू. ६ करोड ३४ लाख २२ हजार आम्दानी भएकोमा रू.५ करोड ७४ लाख ५० हजार खर्च भई रू. ५९ लाख ७२ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणवाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन:

१. **मौज्दात रकम हस्तान्तरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने उल्लेख छ। यस्तो अवस्थामा कार्यालय गाभिएको ३५ दिनभित्र नगदी बाँकी भए मन्त्रालय वा विभागले त्यस्तो नगद लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा अमरपुर गा.वि.स समेत ४ गा.वि.स.मा आन्तरिक स्रोततर्फ बाँकी रहेको रु.४,५८,११५।–गाउँपालिकामा हस्तान्तरण गरेको नदेखिँदा गाउँपालिकाको खातामा दाखिला गर्नुपर्ने देखिन्छ।

२. **संस्थागत शासन व्यवस्था, वित्तीय जवाफदेहिताको पालना -** आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ४५ वमोजिम कार्यालयको वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व पालनाको स्थिती मूल्याङ्कन गर्दा गुनासो पेटीकाको प्रयोग गरी प्राप्त गुनासो वा उजुरीको अभिलेख राख्ने व्यवस्था नगरेको, आर्थिक कारोबारको संक्षिप्त वार्षिक प्रतिवेदन (अनुसूची-२११) तयार गरी तालुक कार्यालयमा नपठाएको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, गाउँपालिका अन्तर्गत साविक गाउँ विकास समितिहरुले जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो नगरेको, म.ले.प.फा.नं.२ मा अभिलेख राख्ने नगरेको, सेवा प्रवाहमा नागरिक सूचनाको लागि हेल्प डेस्क नराखेको, सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने नगरेको, वार्षिक खरिद योजना तयार नगरेको तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी तालुक निकायमा पठाएको देखिएन । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ।

३. **जिन्सी सामानको संरक्षण एवं हस्तान्तरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ। यसै गरी नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ।

नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन।

जिन्सी सामान हस्तान्तरण हुन नसक्दा लगत गोलमाल हुन सक्ने, सामानको दुरुपयोग हुन सक्ने र सामान हराउन सक्ने सम्भावना रहेको देखिँदा अविलम्ब साविकका ४ गाउँ विकास समितिमा रहेका सम्पूर्ण जिन्सी सामान लगत खडा गरी हाल गाभिएको गाउँपालिका वा मन्त्रालयले तोकेको सरकारी निकायमा दाखिला गर्नुपर्ने देखिन्छ।

४. **बढी मौज्दात -** कार्यालयको स्रेस्ताभन्दा बैंकमा बढी देखिएको साविक गा.वि.स.हरुको खातामा रहेको कर्मचारी कल्याण कोष रकम रु.३,३६,०५७- बढी देखिएको छ। बढी देखिनुमा गत विगत आर्थिक वर्षदेखि लेखापरीक्षण प्रतिवेदन अनुसार जिम्मेवारी भिडान नहुनु रहेको देखिन्छ। गाउँपालिकाले बैंकसंग मौज्दात रकम भिडान गरी साविक गा.वि.स.मा रहेको कर्मचारी कल्याण कोष रकम गाउँपालिकाले सारी एकीकृत गर्नुपर्ने देखिन्छ।

५. **बिल भरपाई भन्दा बढी खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३)मा खर्च गर्दा खर्चको भिल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ।वडा नं.२ मिति २०७४/३/३० मा जेष्ठ नागरिक प्रोत्साहन कार्यक्रम को खर्च वापत रू.२८,५००।—खर्च लेखेकोमा रू.२३,१००।—को मात्र विल, भरपाई पेश गरेको छ।बिल भरपाई भन्दा बढी खर्च लेखेको रू.५,४००।—सम्बन्धितवाट असूल गरी दाखिला गर्नु पर्दछ।

५.१ मिति २०७४/३/३० मा कृषि लक्षित कार्यक्रम अन्तर्गत विरूवा खरिद/वितरण तथा विऊ बोका खरिद/वितरण कार्यक्रमको खर्च वापत रू.७,५०,०००।—खर्च लेखेकोमा रू. ७,४३,०००।—को मात्र

विल भरपाई पेश गरेको छ।बिल भरपाई भन्दा बढी खर्च लेखेको रू.७,०००।— सम्बन्धित वाट असूल गरी दाखिला गर्नु पर्दछ।

६. **कार्यसम्पन्नः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा १५५(५)(घ) अनुसार नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । वडा नं. २ मिति २०७४/३/२० मा आदिवासी जनजाती महासंघ समन्वय समितिको सामुदायीक भवन निर्माण कार्यको लागी विनियोजित बजेट रू.३,४९,५००।—वाट निर्माण कार्य सम्पन्न गराएको छ।तर उक्त भवन निर्माण कार्यको लगत ईस्टिमेट, नापी किताब तथा कार्य सम्पनन्न प्रतिवेदन लेखापरीक्षणको क्रममा पेश हुन सकेन।अतः भवन निर्माणको लगत ईस्टिमेट, नापी किताब तथा कार्य सम्पनन्न प्रतिवेदन प्रमाण पेश गर्नु पर्दछ।

७. **स्वीकृत कार्यक्रम भन्दा फरक कार्यमा भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(३) अनुसार जुन कार्यक्रमको लागि बजेट स्वीकृत भएको हो सोही कार्यक्रममा खर्च गर्नुपर्दछ । वडा नं. ४ मिति २०७४/३/७ मा गा.वि.स. वाट बालबालिकाहरूको क्षमता अभिवृद्धि गर्नका लागी बालबालिका लक्षित शीर्षकमा विनियोजित रू.९०,०००।—रकमवाट पर्खाल तथा कल्भर्ट निर्माण कार्य गराएको नियम सम्मत देखिएन।स्वीकृत कार्यक्रम भन्दा फरक कार्यमा खर्च गर्न परिपाटीको अन्त्य हुनु पर्दछ।

८. **व्यक्तिगत खातामा रकम जम्मा** : सरकारी कामको निमित्त निकासा भएको रकम बैंक मार्फत सिधै सम्बन्धित व्यक्तिहरुलाई भुक्तानी गर्नुपर्दछ । वडा सचिव वद्री ढकालले वडा नं. ४ मा कार्यक्रमको लागि पेश्की निकासा भएको रकम रू. ९,४२,४८१।- आफ्नो खातामा जम्मा गरी सो मार्फत भुक्तानी खर्च लेखेको देखियो । सरकारी रकम निजी खातामा ट्रान्सफर गरी खर्च लेख्नु कानूनसम्मत् देखिएन । यसरी खर्च लेख्ने पदाधिकारीलाई तालुक कार्यालयबाट सचेत गराइनु पर्दछ ।

९. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पेश्की बाँकीको विवरण अनुसार कार्यालयले विभिन्न कामको निमित्त गत विगतमा विभिन्न कर्मचारी एवं संस्थालाई दिएको पेश्की रु.२,८९,६५७- हालसम्म पनि फछ्र्यौट गरेको देखिएन । उक्त पेश्की नियम १९० अनुसार आवश्यक कारबाही गरी असुल फछ्र्यौट गर्नुपर्दछ । यो वर्ष विभिन्न कामको लागि दिएको पेश्की रु.१५,००,५२४।- २०७४ आषाढ मसान्तसम्म फछ्र्यौट गरेको नदेखिँदा वडा खातामा रहेको रकम गाउँपालिकामा फिर्ता गर्नुपर्ने र व्यक्ति वा संस्थालाई दिएको पेश्की नियमावलीको व्यवस्था अनुसार आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ । चालु वर्ष भित्र सम्पन्न गर्नु पर्ने कार्यक्रम पेश्की, बाँकी रहेको मनासिव कारण सहित असूल फछ्यौट गर्नु पर्दछ।

१०. **मौज्दात फरक** : हरेक आर्थिक वर्षको अन्त्यमा कार्यालयले राखेको स्रेस्ताको मौज्दात र बैङ्क मौज्दात भिडान गरी हिसाब मिलान गर्नु पर्दछ। सुभाङ्ग गाउँ विकास समितिको पूँजीगत खाता तर्फ कार्यालयको स्रेस्ताले देखाएको मौज्दात भन्दा बैङ्क मौज्दात रू.१४,७७५।—ले बढी रहेको देखिन्छ।के कति कारणले बैङ्क मौज्दात फरक परेको हो एकिन गरी हिसाब मिलान गर्नु पर्दछ।

**भारपा गाउँ विकास समिति**

११. **मालपोत फिर्ताको रकम खर्च** : स्थानीय स्वायत्त शासन ऐन,२०५५ को दफा ५५(ख)मा मालपोत वा भूमिकर वाट उठेको राजश्वको २५% जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ।गा.वि.स.ले मालपोत वापत राजश्व संकलन गरेको रू.५३,३८४।—को २५% ले हुन आउने रू.१३,३४६।— जिल्ला समन्वय समितिमा फिर्ता नगरी सचिव देवेन्द्र कटुवालले तहबिलै राखी भौ.नं. १७ वाट मिति २०७३/११/२७ मा खर्च लेखेको देखियो।जि.स.स.मा पठाउने मालपोत वापतको रकम तहबिलमा राखि खर्च गर्ने कर्मचारीवाट असूल उपर गरी जि.स.स.को खातामा अविलम्ब जम्मा गर्नु पर्दछ।

१२. **तहबिल खर्चः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४(२) मा कार्यालयले प्राप्त भएको आम्दानी गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोलिपल्ट सम्ममा बेङ्क दाखिला गर्नुपर्ने उल्लेख छ।साविकका ३ गा.वि.स.हरूले आन्तरिक आयको रू.१,२०,८३९।-बैङ्क दाखिला नगरी सोझै खर्च लेखेको नियम सम्मत देखिएन।यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ।

**आन्तरिक लेखापरीक्षण बेरूजू:**

१३. **आ.ले.प.बेरुजू** - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औल्याएको निम्नानुसारको बेरुजू अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट गरेको नदेखिंदा आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

१३.१. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९९ मा प्रत्येक स्थानीय निकायले आय, व्यय, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ। गाऊँपालिका स्थित वडा कार्यालयहरूको स्रेस्ता परीक्षण गर्दा संघ संस्थाहरूलाई योजनागत सामाग्री लगायत अन्य विभिन्न सामाग्री वितरण गरेकोमा आंशिक रूपमा मात्र हस्तान्तरण फारम भरी वितरण गर्ने गरेको देखियो। अधिकांश सामाग्रीको खरिद आदेश, दाखिला प्रतिवेदन तथा सामाग्री हस्तान्तरण नगरी भुक्तानी दिएको पाइयो। यसरी सिधै भुक्तानी दिंदा सामाग्री को दुरूपयोग हुनसक्ने भएकोले नियममा भएको व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।

१३.२. वडा नं. ४ मिति २०७४/३/१५ मा मझौटार नि.मा.वि. पञ्चमीलाई वाल मैत्री कक्षा सञ्चालन वापत रू.४०,०००।-,२०७४/३/१६ मा मेलमिलाप समितिलाई कार्यालय व्यवस्थापन वापत रू.१०,०००।— तथा कृषि विऊ विजन खरिद सहकारी लाई रू.१०,०००।—भुक्तानी गरेकोमा सो को बिल भरपाई पेश हुन सकेन। बिल भरपाई बेगरको खर्च असूल हुनु पर्दछ।

१३.३. आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार कट्टा गरेको अग्रिम आयकर सञ्चित कोष दाखिला हुनुपर्दछ । साविक सुभाङ्ग गा.वि.स. अन्तर्गत दाखिला गर्न बाँकी रहेको सामाजिक सुरक्षा कर रू.३१,१५।— तथा पारिश्रमीक कर रू.१२७५।—समेत रू. ४३९०।-सम्बन्धित वाट असूल गरी दाखिला गर्नु पर्दछ।

१३.४. साविक सुभाङ्ग गा.वि.स.ले आन्तरिक आय अन्तर्गत दैनिक आय संकलन तर्फ दैनिक आय खाता तथा रसिद नियन्त्रण खाता राखेको पाएइन। यसवाट वास्तविक आन्तरिक आय एकिन गर्न सकिएन। नियममा भएका सम्पुर्ण व्यवस्थाको पालनामा कार्यालयले ध्यान दिनु पर्दछ।

१३.५. साविक सुभाङ्ग गा.वि.स.को चालु अनुदान तर्फको कर तथा संचयकोष वापतको रू.५३१३९।—कर तथा संचयकोष दाखिला नगरी बैङ्कमै राखेकोमा रकम पुनः बजेट खर्च लेखेको नियम सम्मत मान्न सकिएन। दोहोरो बजेट खर्च लेखेको रकम सोधभर्ना गरी सम्बन्धित खातामा जम्मा गरी हिसाब मिलान गर्नु पर्छ।

१३.६. साविक भारपा गा.वि.स.ले खर्च भएर नजाने प्रकृतिका सामानहरूको लगत पूर्ण रूपमा अद्यावधिक गरी राखेको पाइएन। यस्ता प्रकूतिका सामानहरू वर्षौं सम्म टिक्ने तथा चुस्त र दुरूस्त राखि काममा प्रयोग गर्नुपर्ने हुनाले यसलाई व्यवस्थित गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ।

१३.७. साविक भारपा गा.वि.स. को चालु खर्च खाताको सामाजिक सुरक्षा कर वापतको रकम दाखिला नगरेको रू.७८०।—अविलम्ब संचितकोष दाखिला गर्नु पर्दछ।

१४. **कारोबारको लेखा** - प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत वडा कार्यालय तथा साविकका चारवटै गाउँ विकास समितिहरुले २०७३ फागुन २७ सम्मको बैंक नगदी किताबमा जोड जम्मा नगरेको, खर्चको फाँटवारी (म.ले.प.फा.नं.१३), पेश्की बाँकीको विवरण (म.ले.प.फा.नं.१४) नबनाएको साथै बैंक नगदी किताब, जिन्सी खाता समेत प्रमाणित गरेको देखिएन । जसबाट आर्थिक कारोबार नियमसंगत नै भएको छ भन्न सकिएन । यस सम्बन्धमा तालुक कार्यालयले वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्नुपर्दछ ।

**बेरुजुको स्थिती**

यो वर्ष लेखापरीक्षणवाट रु. २६ लाख २८ हजार वेरुजु देखीएको छ। सो मध्ये अशुल उपर गर्नुपर्ने रु. ४१ हजार, नियमित गर्नुपर्ने रु. १० लाख ८६ हजार र पेश्की रु. १५ लाख १ हजार रहेको छ।

# कुम्मायक गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रू. ४ लाख  समेत रू. ५ करोड ७८ लाख ९१ हजार आम्दानी भएकोमा रू. ५ करोड २३ लाख ६० हजार खर्च भई रू. ५५ लाख ३१ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणवाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छनः

१. **मौज्दात रकम हस्तान्तरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने उल्लेख छ । यस्तो अवस्थामा कार्यालय गाभिएको ३५ दिनभित्र नगदी बाँकी भए मन्त्रालय वा विभागले त्यस्तो नगद लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा ४ गा.वि.स.मा आन्तरिक स्रोततर्फ बाँकी रहेको रु.५,३६,६७६।- गाउँपालिकामा हस्तान्तरण गरेको नदेखिँदा गाउँपालिकाको खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

२. **संस्थागत शासन व्यवस्था, वित्तीय जवाफदेहिताको पालना :** आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ४५ वमोजिम कार्यालयको वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व पालनाको स्थिती मूल्याङ्कन गर्दा गुनासो पेटीकाको प्रयोग गरी प्राप्त गुनासो वा उजुरीको अभिलेख राख्ने व्यवस्था नगरेको, आर्थिक कारोबारको संक्षिप्त वार्षिक प्रतिवेदन (अनुसूची-२११) तयार गरी तालुक कार्यालयमा नपठाएको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, गाउँपालिका अन्तर्गत साविक गाउँ विकास समितिहरुले जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो नगरेको, म.ले.प.फा.नं.२ मा अभिलेख राख्ने नगरेको, सेवा प्रवाहमा नागरिक सूचनाको लागि हेल्प डेस्क नराखेको, सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने नगरेको, वार्षिक खरिद योजना तयार नगरेको तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी तालुक निकायमा पठाएको देखिएन । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

३. **जिन्सी सामानको संरक्षण एवं हस्तान्तरण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ । यसै गरी नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ ।

नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत विभिन्न किसिमका  जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन ।

जिन्सी सामान हस्तान्तरण हुन नसक्दा लगत गोलमाल हुन सक्ने, सामानको दुरुपयोग हुन सक्ने र सामान हराउन सक्ने सम्भावना रहेको देखिँदा अविलम्ब साविकका ४ गाउँ विकास समितिमा रहेका सम्पूर्ण जिन्सी सामान लगत खडा गरी हाल गाभिएको गाउँपालिका वा मन्त्रालयले तोकेको सरकारी निकायमा दाखिला गर्नुपर्ने देखिन्छ ।

४. **जिन्सी सामान दाखिला** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २१२(१) मा कुनै पनि कार्यालयले खरिद गरेको जिन्सी सामान मूल्य समेत खुलाई आम्दानी बाँध्नु पर्ने र नियम २१७(४) अनुसार हस्तान्तरण गर्नुपर्ने सामान अभिलेख खडा गरी हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यसरी हस्तान्तरण गरिएको सामान सम्बन्धित निकायको खातामा आम्दानी गरी सोको जानकारी गराउनु पर्ने व्यवस्था छ । कार्यालयले कम्प्युटर, प्रिन्टर, सोलार, इन्भटर लगायतका रु.१,५३,९१५।५० को सामान विभिन्न ३ संस्थालाई बुझाएको भनी हस्तान्तरण फाराम भरे तापनि सम्बन्धित कार्यालयमा दाखिलख भएको जानकारी प्राप्त हुन आएन । दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

५. **स्पेसिफिकेशन र लागत अनुमान बेगर सिधै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले सामान खरिद गर्नुपर्दा सामानको स्पेसिफिकेशन अनुसार अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षमा खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारको प्रचलित दर र उद्योग वाणिज्य संघले जारी गरेको दरको आधारमा लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गरी रु.५ लाखभन्दा बढीको सामान नियम ८४ अनुसार सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने र खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ।

गाउँपालिकाले सामानको स्पेसिफकेशन, लागत अनुमान तयार नगरी रु.२७,२०,९९१।- को फर्निचर तथा मेशिनरी औजार सिधै टुक्रा टुक्रा गरी खरिद गरेको र खरिद गर्दा एउटै सामान फरक फरक दरमा समेत खरिद गरेको देखिँदा खरिद कार्य मितव्ययी एवं नियमसंगत देखिएन । यसमा तालुक कार्यालयले वास्तविक खरिद लागत यकिन गरी बढी व्यय भार पारेको रकम असुल गर्नुपर्दछ।

६. **VAT मा दर्ता नभएकोबाट कारोबार** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१)(क) अनुसार रु.२०,०००।- भन्दा बढीको सामान खरिद गर्नु पर्दा मू.अ.कर मा दर्ता भएको फर्मबाट खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले मिति २०७४।२।१४ मा मू.अ.करमा दर्ता नभएका कञ्चनजंगा सोलार तथा इलेक्ट्रीक सेन्टरबाट साउण्ड सिष्टम र डिसहोम रु.५२,१९०।- मा खरिद गरेको नियमित देखिएन। नियमको पालना गरी खरिद गर्नुपर्दछ।

७. **अग्रिम कर कट्टा** : आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार अग्रिम आयकर कट्टी गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ । यस गाउँपालिका अन्तर्गत वडा नं.५ को भौ.नं.१५ मिति २०७४।३।२४ बाट लिम्बु भाषा प्रशिक्षण तालिममा प्रशिक्षण दिए बापत दुई प्रशिक्षकलाई प्रशिक्षण भत्ता भुक्तानी गरेकोमा कर कट्टा गरेको देखिएन। निम्नानुसार रु.४,५००।- असुल गरी दाखिला गर्नुपर्दछ।

८. **व्यावसायीक च्याउ खेती** : व्यावसायीक च्याउ खेती तालिम उपभोक्ता समिति यासोकले मिति २०७४।१२।१६ देखि २० सम्म ५ दिन वडा नं.१ मा सञ्चालन गरेको तालिममा ५० जना सहभागी भएको भनी २०७४।३।२५ बाट विहान बेलुका ५ दिन खाना खर्च भनी लाओती होटल एण्ड लजलाई दैनिक रु.२४,०००।- का दरले रु.१,२०,०००।- र ५ दिनको खाजा बापत रु.१२,५००।- समेत रु.१,३२,५००।- बिल संलग्न राखी सो समेत जम्मा रु.१,५०,०००।- कार्यक्रम खर्च देखाएको छ । ५ दिन आवासीय तालिम दिंदा आतेजाते खर्च दिएको छैन । ५० जना तालिम लिएकोमा हल भाडा खर्च भुक्तानी गरेको छैन । फोटो परीक्षण गर्दा १२ जनाभन्दा बढीको उपस्थिति देखिंदैन । प्रशिक्षकले जम्मा ५ दिनको रु.५,०००।- भुक्तानी लिएको देखिन्छ । दिनको एउटा क्लास सञ्चालन गरी खर्च लेख्नु मनासिव देखिंदैन । यस्तो अवस्थामा तालिम सञ्चालन भएको छ भन्न सक्ने आधार भएन । यस सम्बन्धमा छानबिन गरी आधार बेगर खाना खर्चको बिल मात्र राखी खर्च लेखेको रकम फिर्ता गर्नुपर्दछ।

९. **स्थानीय उन्नत जातका बाखा वितरण** : वडा नं.२ मा गाउँपालिका र अपाङ्ग संघ भाङ्गजाबुबीच भएको सम्झौता अनुसार मिति ०७४।३।२५ मा उन्नत जातका बाखा वितरण गर्न रु.१,३८,२६७।- भुक्तानी दिएकोमा उक्त संघले २१ जनालाई बाखा वितरण गरेको भनी भरपाई पेश गरे तापनि बाखा किनेको र रकम भुक्तानी गरेको नदेखिएको । संलग्न फोटो परीक्षण गर्दा बाखा वितरण गरेको फोटो नभई बाखा फार्मको फोटो संलग्न राखेको देखिँदा बाखा खरिद गरी वितरण गरेको भन्ने आधार भएन । विना आधार खर्च लेखेको रकम असुल गर्नुपर्दछ।

१०. **प्लाष्टिक वितरण** : वडा नं.३, ४ र ५ मा सुख्खा क्षेत्र पानी संकलन कार्यक्रमको लागि मिति २०७४।३।२५ मा ८x१० मी.साइजको ५ थान प्लाष्टिक साई पाथिभरा सप्लायर्सबाट रु.१,००,०००।- मा खरिद गरी कार्यालयको खातामा आम्दानी गरेको देखियो। उक्त प्लाष्टिक कसलाई वितरण गर्ने हो छनौट भएको समेत देखिएन। कार्यक्रम सञ्चालन नगरी सामान खरिद गरेको अनियमित देखिन्छ।

११. **मेशिनबाट काम गराएको** : वडा नं.३ र ४ मा लागत अनुमान अनुसारको काम मानिसबाट गराउने गरी उपभोक्ता र कार्यालयबीच सम्झौता भएको देखिन्छ । भौचरसाथ मष्टाररोल संलग्न गरे तापनि संलग्न फोटो अध्ययन गर्दा मेशिनबाट काम गराएको देखियो । सो अनुसार मेशिनको दरबाट भुक्तानी गर्नुपर्नेमा मानिसबाट गराएको दरको आधारमा भुक्तानी गरेबाट रु.७,१२,१५०।- बढी भुक्तानी भएको असुल गर्नुपर्ने देखिनुका साथै एकै स्थानमा काम भएका फोटो फरक फरक उपभोक्ता समितिले संलग्न राखी दाबी गरेको रकम भुक्तानी दिएको सम्बन्धमा छानबिन गरी दोहोरिएको हदसम्मको रकम

स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १५५(च) अनुसार आवश्यक कारबाहीगरी असुल गर्नुपर्दछ ।

१२. **सुन्तला कागती विरुवा वितरण** : कम्पायक गाउँपालिका वडा नं.३ र सन्तला कागती खरिद उपभोक्ता समितिबीच २०७३।११।२३ मा भएको सम्झौता अनुसार उक्त समितिले १,५०० विरुवा खरिद गरेको रु.१,५०,०००।- को पाथीभरा नर्सरीको विना प्यान नम्बरको बिल संलग्न गरेको छ । उक्त विरुवा वितरण गर्ने २०७३।११।२७ को उक्त समूहको निर्णयमा ४ वटा समूह गठन गरी २ लाई ४० गोटाका दरले र अर्को २ समूहलाई ५० गोटाको दरले १८० विरुवा उपलव्ध गराउने निर्णय भएको देखियो । उक्त ४ समूहले बुझेको भनी राखेको भरपाईमा बुझेको दस्तखत समेत देखिदैन । अन्य बाँकी १३२० विरुवा वितरण गरेको कुनै प्रमाण संलग्न छैन । भौचरसाथ विरुवा खरिद तथा वितरण गरेको फोटो पनि संलग्न छैन । यस्तो अवस्थामा केवल सादा विल राखी भौ.नं.३५ मिति २०७४।३।२९ बाट उपभोक्ता समितिलाई भुक्तानी दिएको रकम उपभोक्ता भएको छ भन्न सक्ने आधार भएन । यसमा आवश्यक छानबिन गरी नभएको कामको रकम फिर्ता दाखिला गराउनु पर्दछ ।

१३. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पेश्की बाँकीको विवरण अनुसार कार्यालयले विभिन्न कामको निमित्त गत विगतमा विभिन्न कर्मचारी एवं संस्थालाई दिएको पेश्की रु.१,२५,०१३।- हालसम्म पनि फछ्र्यौट गरेको देखिएन । उक्त पेश्की नियम १९० अनुसार आवश्यक कारबाही गरी असुल फछ्र्यौट गर्नुपर्दछ । यो वर्ष विभिन्न कामको लागि दिएको रु.१७,४९,१३४।- पेश्की २०७४ आषाढ मसान्तसम्म फछ्र्यौट गरेको नदेखिँदा वडा खातामा रहेको रकम गाउँपालिकामा फिर्ता गर्नुपर्ने र व्यक्ति वा संस्थालाई दिएको पेश्की नियमावलीको व्यवस्था अनुसार आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ । चालु वर्षभित्र सम्पन्न गर्नुपर्ने कार्यक्रम नगरी पेश्की बाँकी रहेको मनासिव कारण भए पेश गर्ने अन्यथा पेश्की बाँकी रकम देखिला गर्नुपर्दछ ।

## माङ्जावुङ्ग गाउँ विकास समिति

१४. **पुस्तक खरिद** : गा.वि.स.सचिव श्री शिव कुमार राईले पुस्तकालय व्यवस्थापन कार्यक्रमबाट मेची बुक्स एण्ड स्टेशनरीको वि.नं.१९ मिति ०७३।११।९ को पाठ्य पुस्तक भनी एकमुष्ट रु.१,२६,०००।- उल्लेख गरेको सादा बिल राखी खर्च लेखेको छ । बिलमा पुस्तकहरुको नाम समेत उल्लेख छैन भने उक्त पुस्तक कसलाई दिएको सो समेत उल्लेख छैन । केवल बिल राखी खर्च लेखेको उक्त रकम असुल गर्नुपर्दछ ।

१५. **व्यवस्थापन पेश्की** : गा.वि.स.सचिव शिव कुमार राइले व्यवस्थापन कार्यक्रम पेश्की रु.१ लाख लिएकोमा २०७३।११।११ बाट फाँटवारी पेश गरी रु.९७,०००।- फछ्र्यौट गरेको र बाँकी रु.१३,०००।- दाखिला गर्नुपर्नेमा २०७४ आषाढसम्म दाखिला नगरी पेश्की बाँकी देखाएकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

१६. **कारोबारको लेखा** : प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत वडा कार्यालय तथा साविकका चारवटै गाउँ विकास समितिहरुले २०७३ फागुन २७ सम्मको बैंक नगदी किताबमा जोड जम्मा नगरेको, खर्चको फाँटवारी (म.ले.प.फा.नं.१३), पेश्की बाँकीको विवरण (म.ले.प.फा.नं.१४) नबनाएको साथै बैंक नगदी किताब, जिन्सी खाता समेत प्रमाणित नगरेको र आन्तरिक आम्दानीलाई व्यवस्थित गर्न आय खाता एवं रसीद नियन्त्रण खाता समेत राखेको देखिएन । जसबाट आर्थिक कारोबार नियमसंगत नै भएको छ भन्न सकिएन । यस सम्बन्धमा तालुक कार्यालयले वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्नुपर्दछ ।

## बेरुजुको स्थिती

यो वर्ष लेखापरीक्षणवाट रु. ६६ लाख ७ हजार वेरुजु देखीएको छ । सो मध्ये असुलउपर गर्नुपर्ने रु. १२ लाख ९४ हजार, नियमित गर्नुपर्ने रु. ३५ लाख ६४ हजार  र पेश्की रु. १७ लाख ४९ हजार रहेको छ ।

# मिक्लाजुङ्ग गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रू.४ लाख ३७ हजार समेत रू. ७ करोड ६८ लाख ६५ हजार आम्दानी भएकोमा रू. ७ करोड ६ लाख १७ हजार खर्च भई रू. ६२ लाख ४८ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणवाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छनः

१. **मौज्दात रकम हस्तान्तरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने उल्लेख छ । यस्तो अवस्थामा कार्यालय गाभिएको ३५ दिनभित्र नगदी बाँकी भए मन्त्रालय वा विभागले त्यस्तो नगद लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा ६ गा.वि.स.मा आन्तरिक स्रोततर्फ बाँकी रहेको रु.९,४२,८७९।- गाउँपालिकामा हस्तान्तरण गरेको नदेखिँदा गाउँपालिकाको खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

२. **संस्थागत शासन व्यवस्था, वित्तीय जवाफदेहिताको पालना -** आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ४५ वमोजिम कार्यालयको वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व पालनाको स्थिती मूल्याङ्कन गर्दा गुनासो पेटीकाको प्रयोग गरी प्राप्त गुनासो वा उजुरीको अभिलेख राख्ने व्यवस्था नगरेको, आर्थिक कारोबारको संक्षिप्त बार्षिक प्रतिवेदन (अनुसूची-२११) तयार गरी तालुक कार्यालयमा नपठाएको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, गाउँपालिका अन्तर्गत साविक गाउँ विकास समितिहरुले जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो नगरेको, म.ले.प.फा.नं.२ मा अभिलेख राख्ने नगरेको, सेवा प्रवाहमा नागरिक सूचनाको लागि हेल्प डेस्क नराखेको, सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने नगरेको, वार्षिक खरिद योजना तयार नगरेको तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी तालुक निकायमा पठाएको देखिएन । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

३. **जिन्सी सामानको संरक्षण एवं हस्तान्तरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ । यसै गरी नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ ।

नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन ।

जिन्सी सामान हस्तान्तरण हुन नसक्दा लगत गोलमाल हुन सक्ने, सामानको दुरुपयोग हुन सक्ने र सामान हराउन सक्ने सम्भावना रहेको देखिँदा अविलम्ब साविकका ६ गाउँ विकास समितिमा रहेका सम्पूर्ण जिन्सी सामान लगत खडा गरी हाल गाभिएको गाउँपालिका वा मन्त्रालयले तोकेको सरकारी निकायमा दाखिला गर्नुपर्ने देखिन्छ ।

४. **बढी मौज्दात** : कार्यालयको स्रेस्ताभन्दा बैंकमा बढी देखिएको साविक गा.वि.स.हरुको खातामा रहेको कर्मचारी कल्याण कोष रकम रु.२,७४,९४६।-तथा सराङडाँडा गा.वि.स.मा रहेको महिला तथा बालबालिका कोष रकम रू.७०,१३०।–समेत रू.३,४५,०७६।– बढी देखिएको छ । बढी देखिनुमा गत विगत आर्थिक वर्षदेखि लेखापरीक्षण प्रतिवेदन अनुसार जिम्मेवारी भिडान नहुनु रहेको देखिन्छ । गाउँपालिकाले बैंकसंग मौज्दात रकम भिडान गरी साविक गा.वि.स.मा रहेको कर्मचारी कल्याण कोष रकम गाउँपालिकाले सारी एकीकृत गर्नुपर्ने देखिन्छ ।

५. **भरपाई पेश नभएकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३)मा खर्च गर्दा खर्चको भिल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ।वडा नं. १ मिति २०७४/३/२२ मा नाम्बिन महिला सहकारी संस्थालाई धुँवा रहित चुल्हो कार्यक्रम सञ्चालन गरे वापत रू.९०,०००।—भुक्तानी गरेकोमा रू. ७८,४००।— को ११२ थान धुँवारहित चुल्हो वितरण

गरेको भरपाई पेश गरेको छैन। चुल्हो वितरणको भरपाई पेश हुनु पर्दछ।

५.१ वडा नं. ७ मिति २०७४/३/८ मा का.स. सुविन्द्र तामाङ, का.स. वोल प्रसाद घिमिरे तथा सा.प.जीवन कुमार गुरागाँईको जेष्ठ र आषाढ महिनाको तलब वापतको रू.१,२९,०००।—गा.वि.स. सचिव कुल प्रसाद निरौलाले आफ्नो नाममा चेक काटी खर्च लेखेकोमा निजहरूलाई रकम बुझाएको भरपाई पेश गरेको छैन। सम्बन्धितले रकम बुझेको भरपाई पेश गर्नु पर्दछ।

६. **जिन्सी दाखिलाः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१२(१) अनुसार जिन्सी दाखिला गर्नुपर्दछ । कार्यालयले रिवल्विङ चेयर, अफिस टेवल लगायतका रू.३,४७,३००।- बराबरका सामान खरिद गरी जिन्सी रजिष्टरमा दाखिला गरेको पाइएन । जिन्सी दाखिला प्रमाण पेश हुनुपर्दछ।

७. **औषधी खरिदः** औषधीजन्य खरिदमा प्राविधीक ईस्टिमेट हुनुपर्दछ र खरिद गरेको सामान जिन्सी दाखिला गर्नु पर्दछ। वडा नं. १ मिति २०७४/३/३० मा प्राविधिक ईस्टिमेट वेगर नै पशु औषधी खरिद वापत वडा सचिव सञ्जय राईलाई रू.७७,७३७।—भुक्तानी गरेकोमा खरिद भएका औषधी जिन्सी दाखिला गरेको प्रमाण पेश हुन सकेन। खरिद गरेको औषधीको जिन्सी दाखिला प्रमाण पेश गर्नु पर्दछ।

८. **बिल भरपाई भन्दा बढी खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३)मा खर्च गर्दा खर्चको भिल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ। वडा नं. ६ मिति २०७४/३/८ मा तलब, भ्रमण, संचार वापत रू.८०,९७०।—खर्च लेखेकोमा रू.४५,६००।—को मात्र विल, भरपाई पेश गरेको छ। बिल भरपाई भन्दा बढी खर्च लेखेको रू.३५,३७०।—सम्बन्धितवाट असूल गरी दाखिला गर्नु पर्दछ।

८.१ वडा नं. ७ मिति २०७४/३/२९ मा किरौंत याक्थुम चुम्लुङ साँस्कृतिक परियोजना सञ्चालन वापत खर्च भएको रू.४०,७८४।—को विल भरपाई पेश गरेकोमा गा.वि.स.वाट रू. ६१,४४०।—खर्च लेखेको छ। बिल भरपाई भन्दा बढी खर्च लेखेको रू.२०,६५६।—सम्बन्धित वाट असूल गरी दाखिला गर्नु पर्दछ।

९. **बिल भरपाई सच्याई भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८)मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ। वडा नं. ७ मिति २०७४/३/२६ मा कम्पुखोला-चिङ्ग्रुवा झोलुङ्गे पुल निर्माण म्याचिङ फण्ड वापत रू.२४,०००।—खर्च लेखेकोमा उक्त आयोजना आ.व.२०७२/७३ को गाऊँ परिषद्को निर्णयवाट पारित भई मिति २०७२/११/२२ मा उपभोक्तासँग सम्झौता भई सोही वर्ष सम्पन्न गरी भुक्तानी भईसकेको देखियो। गत विगत मै सम्पन्न भईसकेको योजनाको विल भरपाई सच्याई चालु आ.व.मा म्याचिङ फण्ड भनि भुक्तानी गरेको रू.२४,०००।—असूल हुनु पर्दछ।

१०. **सम्झौता भन्दा बढी रकम भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८)मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ। वडा नं. ७ मिति २०७४/३/३० मा सार्वजनिक मा.वि. खेल मैदान विस्तार कार्यको स्वीकृत ल.ई. रू.१,५६,२५०।-मध्ये गा.वि.स. वाट रू.१,२५,०००।—बजेट विनियोजन भएको तथा वाँकी रू.३१,२५०।—को कार्य विद्यालयवाट सम्पन्न गर्ने गरी गा.वि.स. र विद्यालय विच सम्झौता भएकोमा विल, भरपाई, प्राविधिक मुल्याङ्कन र रकम माग गरेको निवेदनमा समेत अङ्क सच्याई गा.वि.स.वाट रू. १,९२,०००।—खर्च लेखेको छ। सम्झौता तथा प्राविधिक मुल्याङ्कनमा उल्लेख भए भन्दा बढी भुक्तानी गरेको रू.६७,०००।—सम्बन्धितवाट असूल गरी दाखिला गर्नु पर्दछ।

११. **अग्रिम कर** - आय कर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार कट्टा गरेको अग्रिम आयकर सञ्चित कोष दाखिला हुनुपर्दछ । साविक गाउँ विकास समिति तथा वडाहरूले विभिन्न भुक्तानीमा रु.८६,१७८।- अग्रिम कर कट्टा गरेको नदेखिँदा अग्रीम कर वापतको रकम असूल गरी दाखिला गरेको भौचर पेश हुनुपर्ने देखिन्छ।

१२. **पेश्की** - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पेश्की बाँकीको विवरण अनुसार कार्यालयले विभिन्न कामको निमित्त गत विगतमा विभिन्न कर्मचारी एवं संस्थालाई दिएको रु.८,३८,६६४।- पेश्की हालसम्म पनि फछ्र्यौट गरेको देखिएन । उक्त पेश्की नियम १९० अनुसार आवश्यक कारबाही गरी असुल फछ्र्यौट गर्नुपर्दछ । यो वर्ष विभिन्न कामको लागि दिएको पेश्की रु.४३,९३,२७४।- २०७४ आषाढ मसान्तसम्म फछ्र्यौट गरेको नदेखिँदा वडा खातामा रहेको रकम गाउँपालिकामा फिर्ता गर्नुपर्ने र व्यक्ति वा संस्थालाई दिएको पेश्की नियमावलीको व्यवस्था अनुसार आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ । चालु वर्ष भित्र सम्पन्न गर्नु पर्ने कार्यक्रम पेश्की, बाँकी रहेको मनासिव कारण सहित फछ्यौट गर्नपर्ने अन्याथा पेश्की बाँकी रकम दाखिला गर्नु पर्दछ।

१३. **व्यक्तिगत खातामा रकम जम्मा** - सरकारी कामको निमित्त निकासा भएको रकम बैंक मार्फत सिधै सम्बन्धित व्यक्तिहरुलाई भुक्तानी गर्नुपर्दछ । लिम्बा गा.वि.स.मा निकासा भएको सामाजिक सुरक्षा भत्ता वापतको रू.४४,६६,८००।-तत्कालिन गा.वि.स. सचिवले आफ्नो खातामा जम्मा गरी सो मार्फत भुक्तानी खर्च लेखेको देखियो । सरकारी रकम निजी खातामा ट्रान्सफर गरी खर्च लेख्नु कानूनसम्मत् देखिएन । यसरी खर्च लेख्ने पदाधिकारीलाई तालुक कार्यालयबाट सचेत गराइनु पर्दछ ।

१४. **भाडा करः** आयकर नियमावली, २०५८ को दफा ८७,८८ र ८९ अनुसार कर कट्टी गर्नु पर्दछ। सराङडाँडा गाउँ विकास समितिको मिति २०७३/९/८ मा अधिकारी टोल-बलेन मोटरवाटो मर्मत उपभोक्ता समितिको कार्यमा मेशीन प्रयोग गरेवापत एनसेन्ट कन्स्ट्रक्सन एण्ड विल्डर्स कम्पनि प्रा.ली.,गैंडाकोट, नवलपरासीलाई भरपाई गरी मेशीन भाडा वापतको रकम रू.२,६०,०००।— भुक्तानी गरेकोमा भाडाकर वापत रू.१४,५५५।—मात्र कर कट्टी गरेको छ। वास्तविक भन्दा घटी कट्टा गरेको भाडा कर रू.११,४४५।— सम्बन्धित वाट असूल गरी दाखिला गर्नु पर्दछ।

**रवि गाउँ विकास समिति**

१५. **आन्तरिक आयको रकमः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४(२) मा गाउँ विकास समितिले प्राप्त भएको रकम प्राप्त भएको भोलिपल्ट सम्ममा बैङ्क दाखिला गर्नुपर्ने उल्लेख छ। गा.वि.स.को आन्तरिक आय तर्फको रू.४,५७४।-तत्कालिन गा.वि.स.सचिव विश्वास निरौलाले हालसम्म पनि बैङ्क जम्मा नगरेकोले असूल गर्नु पर्दछ।

१६. **गत आ.व.को पेश्की फछ्यौटः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३)मा कार्यालयमा पेश्की रकमको बिल भरपाई सहितको विवरण प्राप्त भएपछी फछ्यौट गर्नु पर्ने उल्लेख छ। मिति २०७३/८/२० मा गा.वि.स. सचिवले आ.व.२०७३/७४ को विनियोजित बजेट अनुसार रवि गा.वि.स.को दलित समुदायमा लक्षित वर्गलाई छुट्याएको रू.२५,०००।—वाट कार्यक्रम सम्पन्न गरी आ.व.२०७२/७३ मा सोही कार्यक्रमको लागि लिएको पेश्की रू.२५,०००।—समेत फछ्यौट गरेको पाइयो। चालु आ.व.को कार्यक्रमको विल भरपाई राखेर गत आ.व. को समेत पेश्की फछ्यौट गरेको औचित्यपूर्ण देखिएन। अतः गत वर्षको पेश्की फछ्यौट गरेको रू.२५,०००।—सम्बन्धितवाट असूल गरी दाखिला गर्नु पर्दछ।

१७. **अपाङ्ग भत्ता** : भत्ता वितरणमा एक द्वार प्रणाली लागू गर्नु पर्दछ। मिति २०७४।६।२० मा लक्षित कार्यक्रम शीर्षक अन्तर्गत अपाङ्गहरुलाई भत्ता वितरण भनी अपाङ्गता परिचय पत्र वेगर नै सचिव रमेश ताम्लीले १९ जनालाई कुल रु.१८,८८५।- वितरण गरी गत आ.व.को पेश्की फछ्यौट गरेको पाइयो। जिल्ला विकास समितिबाट अपाङ्गको लगत खडा गरी पञ्जीकरण विभागमा पठाएको र सोही लगतको आधारमा अपाङ्ग भत्ता जि.वि.स.मार्फत वितरण हुने गरेको छ । गाउँपालिकाले के कस्तो अपाङ्गलाई यस्तो भत्ता दिने निर्णय गरेको हो त्यसको निर्णय एवं भत्ता पाउनेको लगत खडा गरेको देखिएन । विना लगत अपाङ्गलाई भुक्तानी भनी दिएको खर्च रकम वास्तविक अपाङ्गलाई भुक्तानी दिएको हो भन्न सक्ने आधार भएन । एकद्वार प्रणाली मार्फत भत्ता वितरण व्यवस्था गर्नुपर्दछ साथै भत्ता वितरण गरेका अपाङ्गहरूको परिचय खुल्ने अपाङ्गता परिचयपत्र प्रमाण पेश गर्नु पर्दछ।

१८. **पारिश्रीक करः** कट्टा गरेको कर रकम दाखिला गर्नु पर्दछ। कुरूम्बा गाउँ विकास समिति वाट

२०७३/११/२७ मा वडा सचिव सुरेश गौतमले महिला लक्षित अन्तर्गतको प्रस्तावना लेखन कार्य वापत पारिश्रमीक भुक्तानीमा कट्टा गरेको पारिश्रमिक कर रू.८,४७०।—हाल सम्म पनि दाखिला गरेको देखिएन।दाखिला गर्न बाँकी रहेको पारिश्रमीक कर निजवाट असूलउपर गरी अविलम्ब दाखिला गर्नु पर्दछ।

**लिम्बा गाउँ विकास समिति**

१९. **फरक खातामा रकम ट्रान्सफरः** लिम्वा गा.वि.स.को आन्तरिक कोष खाता(ग-४-३९) वाट चालु कोष खाता(ग-२-१-४३) मा ट्रान्सफर गर्नुपर्ने रू. १,८१,०००।—साविक नागी गा.वि.स.(हाल याङ्वरक गाऊँपालिका वडा नं.) को ग-२-१-४१ खातामा ट्रान्सफर गरेको देखियो।साविक नागी गा.वि.स.को खातामा ट्रान्सफर भएको उक्त रकम हालसम्म पनि फिर्ता दाखिला गरेको पाइएन।अतः उक्त रकम मिक्लाजुङ गाऊँपालिकाको खातामा फिर्ता दाखिला गर्नु पर्दछ।

२०. **सामाजिक सुरक्षा करः** कट्टा गरेको कर रकम दाखिला गर्नु पर्दछ। विभिन्न ३ कर्मचारीको तलब भुक्तानीमा सामाजिक सुरक्षा कर कट्टा गरेको तर उक्त रकम हालसम्म पनि दाखिला नगरेको पाइयो।सामाजिक सुरक्षा कर वापतको रू.२,६१०।-अविलम्ब संचित कोष दाखिला गर्नु पर्दछ।

२१. **तहबिल खर्चः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४(२) मा गाऊँ विकास समितिले आफूलाई प्राप्त भएको रकम गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी नगद प्राप्त भएको भोलिपल्ट सम्ममा बैङ्क दाखिला गर्नपर्ने पर्ने उल्लेख छ।साविकका ५ गा.वि.स. हरूले आफूलाई प्राप्त भएको आम्दानी रू.१,८०,९८२।-नियमानुसार बैङ्क दाखिला नगरी तहबिल आम्दानी जनाई सोझै खर्च गरेको नियमसम्मत देखिएन।यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ।

२२. **आ.ले.प.बेरुजू** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औल्याएको निम्नानुसारको बेरुजू अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट गरेको नदेखिंदा आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

२२.१ वडा नं. ४ रविको आर्थिक वर्ष २०७३।७४ फागुन २७ सम्मका आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औंल्याएको जि.स.स.मा फिर्ता गरी नियमित गर्नुपर्ने २५ प्रतिशत मालपोत रकम रु.१०,५५६ दाखिला गर्नुपर्दछ ।

२२.२ वडा नं. ४ रविको आर्थिक वर्ष २०७३।७४ फागुन २७ सम्मका आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औंल्याएको कर रु.१०,९०१।- असुली गरी दाखिला गर्नुपर्दछ ।

२२.३ आर्थिक वर्ष २०७३।७४ फागुन २७ सम्मको वडा नं. ६ को आ.ले.प.प्रतिवेदनले औंल्याएको साविक गा.वि.स.अन्तर्गत चालु तर्फबाट कर्मचारी सञ्चय कोष रु.९,०००।- बैंक दाखिला गर्नुपर्दछ ।

२२.४ आर्थिक वर्ष २०७३।७४ फागुन २७ सम्मको आ.ले.प.प्रतिवेदनले औंल्याएको साविक लिम्बा गा.वि.स. सचिव श्री कुलप्रसाद निरौलाबाट निर्वाचन क्षेत्र विकास कार्यक्रमको रु.२२,५४०।- हालसम्म पनि बैंक दाखिला भएको नदेखिएकोले निजबाट अविलम्ब असुल उपर गरी बैंक दाखिला गर्नुपर्दछ ।

२२.५ आर्थिक वर्ष २०७३।७४ फागुन २७ सम्मको आ.ले.प.प्रतिवेदनले औंल्याएको साविक लिम्बा गा.वि.स.सचिव श्री कुलपसाद निरौलाको नाममा आन्तरिक आय रु.१६,०००।- हालसम्म पनि बैंक दाखिला भएको देखिएकोले निजबाट अविलम्ब असुल उपर गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

२२.६ साविक कुरूम्वा गा.वि.स.को सचिव सुरेश गौतमले कर्मचारीहरूको तलब भुक्तानीमा कट्टा गरेको तर हालसम्म पनि दाखिला नगरेको सामाजिक सुरक्षा कर रू.२,०२०।—तथा आयकर ऐन, २०५८ अनुसार कट्टा गरेको विभीन्न कर रू.११,२७९।—समेत रू.१३,२९९।-निजवाट असूलउपर गरी दाखिला गर्नु पर्दछ।

२२.७ आयकर ऐन २०५८ अनुसार साविक आरूवोटे गा.वि.स.ले दाखिला गर्न वाँकी सामाजिक सुरक्षा कर रू.९१८।—तथा अग्रिम कर रू. ३,५२७।—समेत रू. ४,४४५।-अविलम्ब दाखीला गर्नु पर्दछ।

२२.८ आयकर ऐन २०५८ अनुसार साविक दुर्दिम्वा गा.वि.स.ले दाखिला गर्न वाँकी सामाजिक सुरक्षा कर

रू.१०१७।—तथा अग्रिम कर रू. ३९०।—समेत रू. १४०७।- अविलम्ब दाखीला गर्नु पर्दछ।

२२.९ आर्थिक वर्ष २०७३।७४ फागुन २७ सम्मको आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औंल्याएको साविक सराङडाँडा गा.वि.स.को मालपोत आय रू.९३,१०४।-को जि.स.स.मा फिर्ता गरी नियमित गर्नुपर्ने २५ प्रतिशत मालपोत रकम रु.२३,२७६।– जि.स.स.को खातामा फिर्ता दाखिला गर्नुपर्दछ।

२२.१० आयकर ऐन २०५८ अनुसार साविक लिम्बा गा.वि.स.ले दाखिला गर्न बाँकी सामाजिक सुरक्षा कर रू.१३९५।—तथा क.सं. कोष कट्टी रू.९०००।—समेत रू.१०,३९५।- अविलम्ब दाखीला गर्नु पर्दछ।

२२.११ आर्थिक वर्ष २०७३।७४ फागुन २७ सम्मको आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औंल्याएको लिम्बा गा.वि.स.ले जि.स.स.मा फिर्ता गरी नियमित गर्नुपर्ने २५ प्रतिशत मालपोत रकम रु.१,०००।- दाखिला गर्नुपर्दछ।

२२.१२ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१२(१) अनुसार जिन्सी दाखिला गर्नु पर्नेमा वडा नं. ७ कार्यालयले गो.भौ.नं.१५ बाट मिति २०७४/३/३० मा खरिद गरेको रू.५०,०००।- बराबरको स्टेशनरी सामान जिन्सी दाखिला गरेको पाइएन ।जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नु पर्दछ।

२३. **कारोबारको लेखा** : प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत वडा कार्यालय तथा साविकका चारवटै गाउँ विकास समितिहरुले २०७३ फागुन २७ सम्मको बैंक नगदी किताबमा जोड जम्मा नगरेको, खर्चको फाँटवारी (म.ले.प.फा.नं.१३), पेश्की बाँकीको विवरण ( म.ले.प.फा.नं.१४) नबनाएको साथै बैंक नगदी किताब, जिन्सी खाता समेत प्रमाणित गरेको देखिएन । जसबाट आर्थिक कारोबार नियमसंगत नै भएको छ भन्न सकिएन । यस सम्बन्धमा तालुक कार्यालयले वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्नुपर्दछ।

**बेरुजुको स्थिती**

यो वर्ष लेखापरीक्षणवाट रु. ६८ लाख ८ हजार वेरुजु देखीएको छ । सो मध्ये अशुलउपर गर्नुपर्ने रु. ३ लाख ५४ हजार, नियमित गर्नुपर्ने रु. २० लाख ६१ हजार र पेश्की रु. ४३ लाख ९३ हजार रहेको छ ।

# तुम्वेहा गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रू. २ लाख १९ हजार समेत रू. ५ करोड २ लाख ५ हजार आम्दानी भएकोमा रू. ४ करोड ४८ लाख ६३ हजार खर्च भई रू. ५३ लाख ४२ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणवाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छनः

१. **मौज्दात रकम हस्तान्तरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने उल्लेख छ । यस्तो अवस्थामा कार्यालय गाभिएको ३५ दिनभित्र नगदी बाँकी भए मन्त्रालय वा विभागले त्यस्तो नगद लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा ४ गा.वि.स.मा आन्तरिक स्रोततर्फ बाँकी रहेको रु.३,७४,७७६।- गाउँपालिकामा हस्तान्तरण गरेको नदेखिँदा गाउँपालिकाको खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

२. **संस्थागत शासन व्यवस्था, वित्तीय जवाफदेहिताको पालना :** आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ४५ वमोजिम कार्यालयको वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व पालनाको स्थिती मूल्याङ्कन गर्दा गुनासो पेटीकाको प्रयोग गरी प्राप्त गुनासो वा उजुरीको अभिलेख राख्ने व्यवस्था नगरेको, आर्थिक कारोबारको संक्षिप्त वार्षिक प्रतिवेदन (अनुसूची-२११) तयार गरी तालुक कार्यालयमा नपठाएको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, गाउँपालिका अन्तर्गत साविक गाउँ विकास समितिहरुले जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो नगरेको, म.ले.प.फा.नं.२ मा अभिलेख राख्ने नगरेको, सेवा प्रवाहमा नागरिक सूचनाको लागि हेल्प डेस्क नराखेको, सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने नगरेको, वार्षिक खरिद योजना तयार नगरेको तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी तालुक निकायमा पठाएको देखिएन । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

३. **जिन्सी सामानको संरक्षण एवं हस्तान्तरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ । यसै गरी नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ ।

नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन ।

जिन्सी सामान हस्तान्तरण हुन नसक्दा लगत गोलमाल हुन सक्ने, सामानको दुरुपयोग हुन सक्ने र सामान हराउन सक्ने सम्भावना रहेको देखिँदा अविलम्ब साविकका ५ गाउँ विकास समितिमा रहेका सम्पूर्ण जिन्सी सामान लगत खडा गरी हाल गाभिएको गाउँपालिका वा मन्त्रालयले तोकेको सरकारी निकायमा दाखिला गर्नुपर्ने देखिन्छ ।

४. **जिन्सी सामान दाखिला** - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २१२ (१) मा कुनै पनि कार्यालयले खरिद गरेको जिन्सी सामान मूल्य समेत खुलाई आम्दानी बाँध्नु पर्ने र नियम २१७(४) अनुसार हस्तान्तरण गर्नुपर्ने सामान अभिलेख खडा गरी हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यसरी हस्तान्तरण गरिएको सामान सम्बन्धित निकायको खातामा आम्दानी गरी सोको जानकारी गराउनु पर्ने व्यवस्था छ । कार्यालयले फर्निचर, कार्पेट, टेवुल प्लाष्टिक कुर्सी लगायत रु.२८,२९,२५६।- को सामान विभिन्न ६० संस्थालाई बुझाएको भनी खर्च लेखेकोमा सम्बन्धित कार्यालयमा दाखिलख भएको जानकारी प्राप्त हुन आएन । दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

५. **कार्यसम्पन्न** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)(ध) अनुसार नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश भएपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले विजुली पोल खरिद, खानेपानी पाइप खरिद लगायतको खरिद बापत रु.९,८५,३४२।- भुक्तानी दिएकोमा नापी किताब, कार्यसम्पन्न पेश गरेको छैन । नापी किताब, कार्यसम्पन्न पेश गर्नुपर्दछ ।

६. **शीर्षक फरक पारी खर्च लेखेको** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्न मिल्ने व्यवस्था छ । कार्यालयले कार्यक्रमतर्फको फर्निचर ढुवानी कार्यक्रम खर्चबाटै गर्नुपर्नेमा  अन्य शीर्षकमा विनियोजित बजेटबाट गरेको रु.८०,०००।- नियमित देखिएन ।

**तुम्वावे वडा नं. ४**

७. **कर कट्टा नगरेको** -मिति ०७४।३।१९ मा आयकर ऐन, २०५८ अनुसार कर कट्टा गर्नुपर्दछ । महिला सिलाई कटाई तालिम उपभोक्ता समितिका अध्यक्ष धनकुमारी लावतीबाट सिलाई कटाई तालिममा प्रशिक्षण दिए बापत रु.१५,०००।- भुक्तानी भएकोमा रु.१,५००।- कर कट्टा गर्नुपर्दछ ।

८. **भरपाई पेश गर्नुपर्ने** : मिति २०७४।३।२७ मा मौरी घार खरिद गरे बापत रुपाखेती एग्रो सप्लायर्स इलाम २ लाई रु.१,६०,०००।- अध्यक्ष रत्न बहादुर शेर्मालाई बुझाएको भरपाई पेश भएकोले उक्त मौरी घार किसानहरुले बुझेको भन्न सक्ने आधार भएन ।

९. **घर भाडा भुक्तानी** : मिति ०७४।३।२७ मा अतिरिक्त हुलाक तुम्वावेको घर भाडा रु.३,०००।- भुक्तानी भएकोमा जिल्ला हुलाक कार्यालयबाट घर भाडा भुक्तानी हुने हुँदा उक्त दोहोरो नपरेको प्रमाण पेश गर्ने अन्यथा असुल हुनुपर्दछ ।

१०. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पेश्की बाँकीको विवरण अनुसार कार्यालयले विभिन्न कामको निमित्त गत विगतमा विभिन्न कर्मचारी एवं संस्थालाई दिएको रु.६,५१,३४५।-पेश्की हालसम्म पनि फछ्र्यौट गरेको देखिएन । उक्त पेश्की नियम १९० अनुसार आवश्यक कारबाही गरी असुल फछ्र्यौट गर्नुपर्दछ । यो वर्ष विभिन्न कामको लागि दिएकोरु.६,९९,३९७- पेश्की २०७४ आषाढ मसान्तसम्म फछ्र्यौट गरेको नदेखिँदा वडा खातामा रहेको रकम गाउँपालिकामा फिर्ता गरी फछ्र्यौट गर्नुपर्दछ ।

**आङना गाउँ विकास समिति**

११. **बिल भरपाई बेगर खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम बिल भरपाई संलग्न राखेपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले बिल भरपाई नराखी एवं बिल भरपाईभन्दा बढी खर्च लेखेको देखिंदा निम्नानुसार असुल एवं दाखिला गर्नुपर्दछ :

११.१. **बढी भुक्तानी** : मिति २०७३।७।१८ मा स्थानीय शान्ति समितिका अध्यक्ष मोतिराज तामाङ्गलाई सामान खरिद बापत रु.२१,८००।- को भुक्तानीमा मारुती स्टोर्सको रु.१८,०१०।- को मात्र बिल पेश भएकोले रु.३,७९०।- असुल हुनुपर्दछ ।

११.२. **बढी भुक्तानी** : मिति ०७३।७।१८ मा कर्मचारीको तलबी भरपाई अनुसार श्रावणदेखि असोजसम्मको जोड जम्मा रु.१,३९,६४६।- मात्र भएकोले उक्त भौचरमा रु.१,४६,२९७- खर्च लेखेको बढी रकम रु.६,६५१।- असुल हुनुपर्दछ ।

११.३. **भ्रमण खर्च बढी लेखेको** : मिति २०७३।११।२० मा एक कर्मचारीलाई भ्रमणमा जाँदा भ्रमण खर्च नियमावलीमा पाउनेभन्दा बढी रु.६,०००।- भुक्तानी गरेकोले बढी रकम असुल हुनुपर्दछ ।

**वडा नं.१ तर्फ**

११.४. **बढी भुक्तानी** : ना.सु. सुर्य बहादुर राउतलाई दैनिक भ्रैमण भत्ता भुक्तानी दिंदा भौचरको जोड जम्मा रु.२५,०००।- मात्र भएकोमा रु.३१,०००।- खर्च लेखेकोमा बढी खर्च लेखेको रु.६,०००।- असुल हुनुपर्दछ ।

उक्त दैनिक भ्रमण भत्तामा सवारी साधन बस, ट्याक्सी प्रयोग गरी सोको भाडा बापत रकम लिएकोमा इन्धन खर्च बापत रु.८,१००।- थप खर्च लेखेको छ । दैनिक भ्रमण भत्ता रकम लिइ सकेपछि इन्धन बापत थप लिएको रु.८,१००।- असुल हुनुपर्दछ ।

११.५. मिति २०७४।३।२१ मा ना.स.के.व्यवस्थापन बापत रु.२०,०००।- खर्च लेखेकोमा बिल भरपाई पेश नभएकोले असुल हुनुपर्दछ ।

११.६. **प्रमाण पेश गर्नुपर्ने** : आस्था नेट वर्क प्रा.लि.लाई Map, Drawing and cost estimate for rural electrification को लागि रु.१,१३,०००।- भुक्तानी भएको Estimates, final map, drqsing पेश गर्नुपर्दछ ।

११.७. **प्रमाण पेश गर्ने** : मिति २०७४।३।२२ मा विभिन्न आधारभूत विद्यालयलाई फर्निचर खरिद गर्न रु.५०,०००।- नगद बुझाएको भरपाई पेश भएकोले उक्त फर्निचर खरिदको बिल भरपाई र जिन्सी दाखिला प्रमाण पेश हुन नआएकोले उक्त खरिदको विल भरपाई तथा जिन्सी दाखलिा पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्दछ ।

११.८. **भरपाई पेश नभएको** : मिति २०७४।३।२५ मा अपाङ्गहरुको लागि बाखा पालन कार्यक्रम अन्तर्गत अपाङ्ग समाज कल्याण समूह आङना अन्तर्गतका अपाङ्गहरुको लागि रु.१,५०,०००।- को ३० वटा बाखा खरिद गरेकोमा सम्बन्धितलाई बाखा वितरण गरेकोप्रमाण पेश गर्नुपर्दछ ।

१२. **अग्रिम कर कट्टा नगरेको** : आयकर ऐन, २०५८ को दफा ८८, ८९ बमोजिम कर कट्टा गर्नुपर्दछ । आस्था नेटवर्क प्रा.लि.कुपण्डोललाई विद्युतीय विस्तार कार्यक्रमको लागि रु.१,००,०००।- भुक्तानी गर्दा अग्रिम कर कट्टा नगरेको रु.१,५००।- असुल हुनुपर्दछ ।

**हांगुम गाउँ विकास समिति**

१३. **भुक्तानी दिन बाँकीको कच्चावारी बेगर भुक्तानी** : मिति २०७३।१०।५ मा बाल भेला शीर्षकमा विनियोजित बजेट रु.३०,२००।- आर्थिक वर्ष २०७२।७३ को बाल भेला २०७३ पौष १ मा सम्पन्न गरिएको भनी खर्च लेखेकोमा भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित बेगर खर्च हुनुपर्दछ ।

१४. **आ.ले.प.बेरुजू** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औंल्याएको निम्नानुसारको बेरुजू अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट गरेको नदेखिंदा आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

**तुम्वेवा गाउँपालिका तर्फ**

१४.१. तुम्वेवा गाउँपालिकाले देखाएको स्रेस्ताभन्दा बैंकले देखाएको बैंक मौज्दात रु.६०,०००।- घटी देखिएको र साविक गा.वि.स.को कर्मचारी कल्याण कोष र बैंकले देखाएको मौज्दात रु.१,२३,३०२।- बैंक बढी देखिएको समेत फरक देखिएको रु.१,८३,३०२।- सम्बन्धमा बैंक हिसाब मिलान गरेको देखिएन । हिसाब मिलान गर्नुपर्दछ ।

१४.२. स्थानीय तहको शासन सञ्चालन सम्बन्धी जारी गरिएको आदेश, २०७३ को आदेश नं.४४ ले कर सम्बन्धित वडा कार्यालयबाटै संकलन गर्ने गरी कर लगाउने वा राजस्व उठाउने भन्ने व्यवस्था छ । तथापी वडा नं.१ साविक आङना गा.वि.स.को नगद अल्या रकम गाउँपालिकाको खातामा अल्या गरी आम्दानी देखाउनु पर्नेमा वडा कै खातामा जम्मा भएको साथै वडाले नै खर्च गरेको नियमसम्मत् मान्न सकिएन ।

१४.३. आयकर ऐन, २०५८ अनुसार विभिन्न भौचरहरुबाट कर कट्टी नगरी भुक्तानी भएको रु.२,९९२।- असुल उपर गरी बैंक दाखिला गर्नुपर्दछ ।

१४.४. आ.ब.२०७३।७४ फागुन २७ सम्मको आ.ले.प.प्रतिवेदनले औंल्याएको सागर एण्ड ब्रदर्श इलामको अग्रिम कर रु.३,१४५।- हालसम्म पनि असुल नभएकोले निजबाट असुल उपर गरी अविलम्ब बैंक दाखिला गर्नुपर्दछ ।

१४.५. आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १२ र १३ मा कार्यालयले राजस्व संकलन गरी अनिवार्य बैंक जम्मा गरी राजस्व नियमित गर्नुपर्ने व्यवस्था छ । तर वडा कार्यालयले आन्तरिक आय राजस्व संकलन गरी तहविल खर्च गरेको ऐन नियम विपरीत खर्च भएको देखिन्छ । साथै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय तहको शासन सञ्चालन सम्बन्धी जारी गरेको आदेश, २०७३ को आदेश नं.४४ बाट समेत राजस्व संकलन तथा असुली सम्बन्धमा समेत प्रस्ट देखिएको हुँदा ४ नं.वडा कार्यालयबाट रु.७,१४२।- कर संकलन भएको वडा कार्यालयले तहविल नै खर्च गरेको नियमित देखिएन । तहविल खर्चलाई निरुत्साहित गर्नुपर्दछ ।

१४.६. साविक गा.वि.स.ले आन्तरिक आम्दानी २०७३ फागुन २७ सम्म उठेको कुल मालपोत आय रु.१८,२८५।- मध्ये २५ प्रतिशत रकम रु.४,५७२।- जिल्ला समन्वय समितिको मूल खातामा दाखिला गर्नुपर्ने देखिन्छ । बाँकी नगद रकम रु.१३,७१३।- सिफारिस दस्तुर रु.६,४००।- गरी जम्मा रु.२०,११३।- गाउँपालिकाको सम्बन्धित खातामा रकम जम्मा गर्नुपर्ने वा हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।

१४.७. मिति २०७३।१०।७ मा सागर एण्ड ब्रदर ट्रेड लिंक इलामबाट पल्सर १५० वाइक मू.अ.कर बाहेक रु.२,०९,६४६।- को आयकर ऐन, २०५८ अनुसार १.५ प्रतिशत ग्रिम आयकर रु.३,१४४।६९ कट्टा नगरी पुरै रकम भुक्तानी भएकोले उक्त अग्रिम आयकर बापतको रकम सम्बन्धितबाट असुल गरी राजस्व दाखिला गर्नुपर्दछ । रबम प्राविधिक सहायक गोपाल कार्कीले पूँजीगत खाताबाट श्रावण, भाद्र, आश्विन महिनाको तलब रु.४५,०००।- पूँजीगत खाताबाट लिएको रकम चालु खर्च खाताबाट खर्च लेखेको रकम नियमित देखिएन ।

१४.८. स्थानीय स्वायत्त शासन नियमवाली, २०६४ मा गाउँ विकास समितिले राख्नुपर्ने ढाँचा तोकेको छ । उक्त नियममा उल्लेखित अनुसूचीहरु प्रयोगमा ल्याएको नपाइएकोले यसतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । साथै लेखापरीक्षणको समयमा कार्यालयको आम्दानीतर्फ दैनिक आय खाता तथा नगदी रसीद नियन्त्रण खाता राखेको पाइएन । जसको कारण आम्दानी कति हो यकिन हुन सकेन । लेखापरीक्षणको समयमा नगदी रसीद नियन्त्रण खाता समेत राखेको पाइएन ।

**मौवा गाउँ विकास समिति**

१४.९. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ अनुसार उपभोक्ता समितिलाई कामको प्रकृति हेरी खर्च बापत अग्रिम रुपमा कार्यतालिका प्राप्त गरी सोको आधारमा सामान्यतया एक तिहाई रकमसम्म पेश्की दिन सकिने छ भन्ने व्यवस्था भएको देखिन्छ। तर मिति २०७३।९।१८ मा मौवा गा.वि.स.स्तरीय मोटर बाटो मर्मत उपभोक्ता समितिलाई आवश्यक प्राविधिक इष्टिमेट संलग्न विना पेश्की रु.२,३०,०००।- दिएको नियमसम्मत् मान्न सकिएन ।

१४.१०. स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५ को खण्ड (ख) बमोजिम मालपाते वा भूमिकरबाट उठेको राजस्व २५ प्रतिशत जि.वि.स.लाई बुझाउनु पर्ने व्यवस्था अनुसार राजस्व संकलन रु.७,६६९।- को २५ प्रतिशत रु.१,९१८।- जि.वि.स.फिर्ता गर्नुपर्दछ ।

**हांगुम गाउँ विकास समिति**

१४.११. साविक गा.वि.स.ले आन्तरिक आम्दानी २०७३ फागुन २७ सम्म उठेको मालपोत रु.९,७००।- को २५ प्रतिशत साविक जि.वि.स.हाल जिल्ला समन्वय समितिको खातामा दाखिला गर्नुपर्दछ ।

१४.१२. साविक स्थानीय स्वायत्त शहासन नियमवाली, २०६४ मा गाउँ विकास समितिले राख्नुपर्ने ढाँचा तोको छ । सबै गा.वि.स.ले आम्दानीतर्फ दैनिक आय खाता तथा नगदी रसीद नियन्त्रण खाता राखेको पाइएन ।

१४.१३. सबै साविक गा.वि.स.ले आर्थिक कारोबारको लेखा राख्दा आर्थिक कारोबारलाई प्रमाणित गर्ने बिल भरपाईहरु अधिकार प्राप्त अधिकारीले प्रमाणित गर्नुपर्नेमा लेखापरीक्षणको क्रममा कतिपय बिल भरपाईहरु प्रमाणित भएको पाइएन ।

१५. **कारोबारको लेखा** - प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत वडा कार्यालय तथा साविकका चारवटै गाउँ विकास समितिहरुले २०७३ फागुन २७ सम्मको बैंक नगदी किताबमा जोड जम्मा नगरेको, खर्चको फाँटवारी (म.ले.प.फा.नं.१३), पेश्की बाँकीको विवरण ( म.ले.प.फा.नं.१४) नबनाएको साथै बैंक नगदी किताब, जिन्सी खाता समेत प्रमाणित नगरेको र आन्तरिक आम्दानीलाई व्यवस्थित गर्न आय खाता एवं रसीद नियन्त्रण खाता समेत राखेको देखिएन । जसबाट आर्थिक कारोबार नियमसंगत नै भएको छ भन्न सकिएन । यस सम्बन्धमा तालुक कार्यालयले वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्नुपर्दछ ।

**बेरुजुको स्थिती**

यो वर्ष लेखापरीक्षणवाट रु. ५६ लाख २६ हजार वेरुजु देखीएको छ । सो मध्ये अशुलउपर गर्नुपर्ने रु. ४३ हजार, नियमित गर्नुपर्ने रु. ४८ लाख ८४ हजार  र पेश्की रु. ६ लाख ९९ हजार रहेको छ ।

## याङवरक गाउँपालिका
### लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रू. ५ लाख ९२ हजार समेत रू. ५ करोड ९८ लाख ४८ हजार आम्दानी भएकोमा रू. ५ करोड ३७ लाख ६४ हजार खर्च भई रू. ६० लाख ८४ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणवाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन:

१. **मौज्दात रकम हस्तान्तरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने उल्लेख छ । यस्तो अवस्थामा कार्यालय गाभिएको ३५ दिनभित्र नगदी बाँकी भए मन्त्रालय वा विभागले त्यस्तो नगद लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा ५ गा.वि.स.मा आन्तरिक स्रोततर्फ बाँकी रहेको रु. **५,९८,९६३।-** गाउँपालिकामा हस्तान्तरण गरेको नदेखिँदा गाउँपालिकाको खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

२. **संस्थागत शासन व्यवस्था, वित्तीय जवाफदेहिताको पालना :** आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ४५ वमोजिम कार्यालयको वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व पालनाको स्थिती मूल्याङ्कन गर्दा गुनासो पेटीकाको प्रयोग गरी प्राप्त गुनासो वा उजुरीको अभिलेख राख्ने व्यवस्था नगरेको, आर्थिक कारोबारको संक्षिप्त वार्षिक प्रतिवेदन (अनुसूची-२११) तयार गरी तालुक कार्यालयमा नपठाएको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, गाउँपालिका अन्तर्गत साविक गाउँ विकास समितिहरुले जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो नगरेको, म.ले.प.फा.नं.२ मा अभिलेख राख्ने नगरेको, सेवा प्रवाहमा नागरिक सूचनाको लागि हेल्प डेस्क नराखेको, सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने नगरेको, वार्षिक खरिद योजना तयार नगरेको तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी तालुक निकायमा पठाएको देखिएन । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

३. **जिन्सी सामानको संरक्षण एवं हस्तान्तरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ । यसै गरी नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ ।

नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन ।

जिन्सी सामान हस्तान्तरण हुन नसक्दा लगत गोलमाल हुन सक्ने, सामानको दुरुपयोग हुन सक्ने र सामान हराउन सक्ने सम्भावना रहेको देखिँदा अविलम्ब साविकका ५ गाउँ विकास समितिमा रहेका सम्पूर्ण जिन्सी सामान लगत खडा गरी हाल गाभिएको गाउँपालिका वा मन्त्रालयले तोकेको सरकारी निकायमा दाखिला गर्नुपर्ने देखिन्छ ।

४. **बढी मौज्दात** : कार्यालयको स्रेस्ताभन्दा बैंकमा बढी देखिएको साविक गा.वि.स.हरुको खातामा रहेको कर्मचारी कल्याण कोष रकम रु.२,५४,९२९।- बढी देखिएको छ । बढी देखिनुमा गत विगत आर्थिक वर्षदेखि लेखापरीक्षण प्रतिवेदन अनुसार जिम्मेवारी भिडान नहुनु रहेको देखिन्छ । गाउँपालिकाले बैंकसंग मौज्दात रकम भिडान गरी साविक गा.वि.स.मा रहेको कर्मचारी कल्याण कोष रकम गाउँपालिकाले सारी एकीकृत गर्नुपर्ने देखिन्छ ।

५. **फरक कार्यक्रममा खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(३) अनुसार जुन कार्यक्रमको लागि बजेट स्वीकृत भएको हो सोही कार्यक्रममा खर्च गर्नुपर्दछ । वडा नं. १ मा महादेव थान मन्दिर निर्माण कार्यको लागि रू.७४,२९४।—खर्च लेखेकोमा कृषि विकास कार्यक्रम अन्तर्गतको चिया नर्सरी कार्यक्रम तर्फवाट रू. ४९,२९४।—खर्च लेखेको छ।कार्यक्रम फरक पारी खर्च लेखेको रू.४९,२९४।-नियम सम्मत देखिएन।

६. **विल भरपाई बेगर पेश्की फछ्यौटः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा पेश्की रकमको बिल भरपाई सहितको विवरण प्राप्त भएपछी कार्यालयले फछ्यौट गर्नु पर्ने उल्लेख छ।वडा नं. १ मा एक कर्मचारिले कार्यालय सामान खरिद गर्न रू. ८,७७२।- पेश्की लिएकोमा भौ.नं. ५३ बाट २०७४/३/२७ मा पेश्की फछ्यौट गर्दा सामान खरिद गरेको विल भरपाई बेगर नै पेश्की फछ्यौट गरेको छ।सामान खरिद वापतको पेश्की सामान नै खरिद नगरी फछ्यौट गरेको मनासिव देखिएन।उक्त रकम निजवाट असूल गरी दाखिला गर्नु पर्दछ।

६.१ वडा नं. ६ मिति २०७४/३/६ मा एक कर्मचारीले मोटरवाटो निर्माण वापत रू.७०,०००।-,अपाङ्ग परिचय पत्र वापत रू.३५,०००।-,जेष्ठ नागरिक सम्मान वापत रू.५०,०००।—समेत कुल रू.१,५५,०००।—पेश्की लिएकोमा गो.भौ.नं. ४८ मिति २०७४/३/२९ वाट पेश्की फछ्यौट गर्दा कार्य सम्पन्न गरेको बिल भरपाई, प्रमाण कागजात पेश गरेको छैन।उद्देश्य अनुरूपको कार्य भएको पुष्ट्याई बेगर पेश्की फछ्यौट गरेको उक्त रकम सञ्चित कोष फिर्ता दाखिला गर्नु पर्दछ।

७. **बिल भरपाई पेश नभएकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३)मा खर्च गर्दा खर्चको भिल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ।वडा नं. ६ मिति २०७४।३।१० वाट सामुदायिक परिचालिका क्षमता अभिवृद्धि कार्यक्रम वापतको रू.१२,०००।—एक सामाजिक परीचालिकालाई भुक्तानी गरेकोमा लेखापरीक्षणको समयमा सो को विल भरपाई पेश गरेको छैन।कार्यक्रम सञ्चालनको विल भरपाई पेश गर्नु पर्दछ।

८. **अपाङ्ग भत्ता** : भत्ता वितरणमा एक द्वार प्रणाली लागू गर्नु पर्दछ। वडा नं. १ को गो.भौ.नं.३३ मिति २०७४।३।१९ मा लक्षित कार्यक्रम शीर्षक अन्तर्गत अपाङ्गहरुलाई भत्ता वितरण भनी १८ जनालाई रु.२,०००।- का दरले रु.३६,०००।- अपाङ्ग भत्ता खर्च लेखेको छ । सो सम्बन्धमा गाउँ परिषद्बाट बजेटसम्म स्वीकृत गरेको देखियो । जिल्ला विकास सतितिबाट अपाङ्गको लगत खडा गरी पञ्जीकरण विभागमा पठाएको र सोही लगतको आधारमा अपाङ्ग भत्ता जि.वि.स.मार्फत वितरण हुने गरेको छ । गाउँपालिकाले के कस्तो अपाङ्गलाई यस्तो भत्ता दिने निर्णय गरेको हो त्यसको निर्णय एवं भत्ता पाउनेको लगत खडा गरेको देखिएन । विना लगत अपाङ्गलाई भुक्तानी भनी दिएको खर्च रकम वास्तविक अपाङ्गलाई भुक्तानी दिएको हो भन्न सक्ने आधार भएन । एकद्वार प्रणाली मार्फत भत्ता वितरण व्यवस्था गर्नुपर्दछ ।

९. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पेश्की बाँकीको विवरण अनुसार कार्यालयले विभिन्न कामको निमित्त गत विगतमा विभिन्न कर्मचारी एवं संस्थालाई दिएको पेश्की रु.८,३१,१७७।- हालसम्म पनि फछ्र्यौट गरेको देखिएन । उक्त पेश्की नियम १९० अनुसार आवश्यक कारबाही गरी असुल फछ्र्यौट गर्नुपर्दछ । यो वर्ष विभिन्न कामको लागि दिएको रु.१५६६७३६।-पेश्की २०७४ आषाढ मसान्तसम्म फछ्र्यौट गरेको नदेखिँदा वडा खातामा रहेको रकम गाउँपालिकामा फिर्ता गर्नुपर्ने र व्यक्ति वा संस्थालाई दिएको पेश्की नियमावलीको व्यवस्था अनुसार आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ । चालु वर्षभित्र सम्पन्न गर्नुपर्ने कार्यक्रम नगरी पेश्की बाँकी रहेको मनासिव कारण भए पेश गर्ने अन्यथा पेश्की बाँकी रकम देखिला गर्नुपर्दछ ।

१०. **आ.ले.प.बेरुजू** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औल्याएको निम्नानुसारको बेरुजू अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट गरेको नदेखिंदा आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

१०.१. आयकर ऐन, २०५८ अनुसार विभिन्न भुक्तानी रकमको कर कट्टी गरी दाखिला गर्नुपर्नेमा वडा नं. १ को विभिन्न भौचरहरूवाट अग्रिम कर रू.१७,१००।—कट्टी गरेको नदेखिदा उक्त रकम असूल गरी दाखिला गर्नु पर्दछ।

१०.२. वडा नं. २ मा जटिल प्रकारको भौतिक निर्माण कार्य सञ्चालन गर्दा जनशक्तीको उपलब्धता हुन नसकेमा उपभोक्ता समितिवाट सञ्चालित कार्यक्रममा जिल्ला प्राविधिक समितिको अनुमति लिएर मात्र स्काभेटर प्रयोग गर्न सक्ने भएता पनि फलैंचा-धिमाले-तिम्बुपोखरी कृषि सडक निर्माण उ.स.ले

रू.३,००,०००।—खर्च गरी निर्माण कार्य गर्दा अनुमति बिना नै स्काभेटर (भारी मेशिन) प्रयोग गरेको पाइएकोले आगामी योजनाहरू संचालनमा मेशिन प्रयोगको लागि प्राविधिक समितिको सिफारिस लिई निर्माण कार्य अगाडी बढाउनेतर्फ ध्यान दिनु पर्ने देखिन्छ।

१०.३. ६ नं. वडा कार्यालयले खर्च भएर नजाने प्रकृतिका सामानहरु खरिद गरेपछि स्पेशिफिकेशन खुलाएर खर्च भएर नजाने आम्दानी रजिष्टरमा आम्दानी बाँधी अभिलेख राख्नुपर्नेमा कार्यालय प्रयोजनका लागि १ थान मोटरसाइकल खरिद गरी सोको चेसिस, इन्जिन नं. दाखिला गरेको छैन । साथै उक्त सवारी ऐन नियमले तोकेको समयसम्ममा पनि नामसारी दर्ता गरेको नदेखिंदा नियममा भएको व्यवस्था वमोजिम सवारी दर्ता गरी जिन्सी अभिलेख राख्नु पर्दछ।

१०.४. आर्थिक वर्ष २०७३।७४ फागुन २७ सम्मको आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औंल्याएको साविक फलैचा गा.वि.स. को कर रु.५,३३२।- अनिवार्य बैंक दाखिला गर्नुपर्ने देखिन्छ ।

१०.५. मिति २०७३/११/२४ मा श्री सिलसिले नाम्रेक लामपोखरी मो.उ.स.लाई साविक फलैचा गा.वि.स.ले प्राविधिक लगत ईस्टिमेट, कार्यसम्पन्न तथा अन्य कागजात संलग्न नगरी भुक्तानी दिएको रू.५०,०००।—नियमित मान्न सकिएन।

१०.६. साविक नागी गा.वि.स.ले गणेश उच्च मा.वि.लाई आवश्यक प्राविधिक ईस्टिमेट विना भवन निर्माण वापत रू.२,००,०००।—उपलब्ध गराएको नियम सम्मत मान्न सकिएन। नियम र निर्देशिका भएका व्यवस्थाको पालना गर्नु पर्दछ।

१०.७. साविक नागी गा.वि.स. ले आन्तरिक स्रोत वाट उठेको रू.१२,२०६।—तहबिल आम्दानी बाँधी सोझै खर्च लेखेको नियम सम्मत देखिएन। यसरी खर्च गर्ने परीपाटीको अन्त्य हुनुपर्दछ।

१०.८. आ.ब.२०७३।७४ फागुन मसान्त सम्ममा साविक नागी गा.वि.स.को अन्तिम बेंक मौज्दात रहेकोमध्ये साविक लिम्बा गा.वि.स.को चालु खर्च रु.१,८३,०००।- भूलबस नागी गा.वि.स.को कोष खातामा जम्मा भएकोले सो रकम जि.स.स.मा फिर्ता गरी मिक्लाजुङ गाउँपालिकामा जम्मा गर्नु पर्दछ ।

१०.९. आयकर ऐन, २०५८ अनुसार साविक ओयाम गा.वि.स.को कट्टी गर्नु पर्ने ग २१३३ चालु खातातर्फ अग्रिम कर रु.६२।-, सा.सु.कर रु.१,९६५।- र क.सं.कोष रु.३६,६५६।- गरी जम्मा रु.३८,६८३।- र ग २२३० पूँजीगत खातातर्फको अग्रिम आयकर रु.८,१८३।- समेत जम्मा रु.४६,८६६।- दाखिला गर्न बाँकी देखिएकोले अविलम्ब दाखिला गर्नुपर्दछ ।

१०.१०. साविक ओयाम गा.वि.स.ले आन्तरिक आम्दानीको २०७३ फागुन २७ सम्म उठेको मालपोत रकम रु.६,३८४।- को २५ प्रतिशत रु.१,५९७- साविक जि.वि.स. हाल जिल्ला समन्वय समितिको खातामा जम्मा गर्नुपर्दछ ।

१०.११. साविक ओयाम गा.वि.स. को चालु अनुदानमा कर बापतको रु.७,५१४।- कर दाखिला नभई बैंकमा रहेको रकम दोहोरो बजेट खर्च गरेको देखिएको छ । सो खर्च नियमसंगत नदेखिएकोले सोधभर्ना गरी हिसाब मिलान गर्नुपर्दछ ।

१०.१२. आयकर ऐन, २०५८ अनुसार साविक च्याङथापु गा.वि.स.ले कट्टी गर्नु पर्ने ग २१४६ चालुतर्फ सा.सु.कर रु.१,५८५।- र पारिश्रमिक कर रु.१,००५।- र ग २२३४ पूँजीगत तर्फको अग्रिम आयकर रु.५,१८२।- समेत जम्मा रु.७,७७२।- दाखिला गर्न बाँकी देखिएकोले अविलम्ब दाखिला गर्नुपर्दछ ।

१०.१३. साविक च्याङथापु गा.वि.स.ले आन्तरिक आम्दानी २०७३ फागुन २७ सम्म उठेको मालपोत रकम रु.४०,५३८।- को २५ प्रतिशत रकम रु.१०,१३४।- साविक जि.वि.स. हाल जिल्ला समन्वय समितिको खातामा जम्मा गर्न बाँकी देखिएकोले सो रकम अविलम्ब जम्मा गर्नुपर्दछ ।

१०.१४. साविक थर्पु गा.वि.स.ले आन्तरिक आम्दानी २०७३ फागुन २७ सम्म उठेको मालपोत रकम रु.९,११९।- को २५ प्रतिशत रकम रु.२,२८०।- साविक जि.वि.स. हाल जिल्ला समन्वय समितिको खातामा जम्मा गर्न बाँकी देखिएकोले सो रकम अविलम्ब जम्मा गर्नुपर्दछ ।

१०.१५. साविक थर्पु गा.वि.स. ले आन्तरिक स्रोत वाट उठेको रू.६,०००।—तहबिल आम्दानी बाँधी सोझै खर्च लेखेको नियम सम्मत देखिएन। यसरी खर्च गर्ने परीपाटीको अन्त्य हुनुपर्दछ।

**नागी गाउँ विकास समिति**

११. **फरक प्रयोजनको खर्चः** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७(१) मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने उल्लेख छ। गो.भौ.नं. १० मिति २०७३/१०/१० स्थानीय भाषाको संरक्षण एवं विकासको लागि गाऊँ परिषदको निर्णयवाट पारित गरेको स्थानीय भाषा शिक्षण वापतको रू.१,२०,०००।—गणेश माध्यमिक विद्यालयका शिक्षक श्यामकिशोर श्रीवास्तवको तलब भत्तामा खर्च गरेको नियमसम्मत देखिएन।

११.१ मिति २०७३/११/८ मा भानु आधारभुत विद्यालयको लागि गाऊँ परिषदको निर्णयवाट पारित बालबालिकाको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम वापतको रू.५०,०००।—भानु आधारभुत विद्यालयको भवन प्लाष्टर कार्यमा खर्च गरेको नियमसम्मत देखिएन।

११.२ मिति २०७३/११/२३ मा श्री जनचेतना आधारभूत विद्यालयको पुस्तकालय व्यवस्थापनको लागि गाऊँ परिषदको निर्णयवाट पारित रू.१,४६,०००।—रकम वाट विद्यालय क्षेत्र वरीपरी तारजाली लगाउने तथा ढुङ्गा भर्ने कार्य गराएको नियमसम्मत देखिएन।

१२. **बिल भरपाई भन्दा बढी खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३)मा खर्च गर्दा खर्चको भिल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ।साविक ओयाम गाउँ विकास समितिवाट मिति २०७३/८/३० मा एक संस्थाले **ILO 1969** सम्बन्धी अभिमुखिकरण कार्यक्रममा कुल रू.१,३७,५९४।—खर्च भएको विल भरपाई पेश गरेकोमा कार्यालयले रू.१,९२,६४४।—भुक्तानी गरेको देखियो।बिल भरपाई भन्दा बढी भुक्तानी गरेको रू.५५,०५०।-असूल गरी दाखिला गर्नु पर्दछ।

१३. **विपत् व्यवस्थापनको रकमः** साविकका कार्यालय अन्तर्गत रहेका विभिन्न खाताका रकमहरू कार्यालय गाभिएपछी गाभिएको कार्यालयको खातामा ट्रान्सफर गर्नु पर्दछ।साविक च्याङ्थापु गाउँ विकास समितिलाई गा.वि.स. अनुदान वाट प्राप्त रू.१,००,०००।—गा.वि.स.को विपत व्यवस्थापन कोष खातामा रहेकोमा उक्त रकम गाउँपालिकाको खातामा ट्रान्सफर हुनु पर्दछ।

१४. **फ्रिज गर्नु पर्ने रकमः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६(६)मा नेपाल सरकार वाट प्राप्त कुनै अनुदान रकम फ्रिज गर्नुपर्ने भए फ्रिज गर्ने प्रयोजनका निमित्त सम्बन्धित निकायमा फिर्ता पठाउनु पर्ने उल्लेख छ।साविक थर्पु गा.वि.स. को आ.व.२०६८/६९ को अन्तिम लेखापरीक्षणबाट रकम फ्रिज गर्नु पर्ने भनि औंल्याइएको केन्द्रिय अनुदानको रू.७७,०८१।— लेखापरीक्षणको अवधी २०७४/७/२३ सम्म पनि फ्रिज नगरी हरेक वर्ष अल्या गरी आम्दानी मात्र बाँधेको देखियो।उक्त रकम अविलम्ब केन्द्रिय संचित कोषमा फिर्ता दाखिला गर्नु पर्दछ।

१५. **कारोबारको लेखा** : प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत वडा कार्यालय तथा साविकका ५ वटै गाउँ विकास समितिहरुले २०७३ फागुन २७ सम्मको बैंक नगदी किताबमा जोड जम्मा नगरेको, खर्चको फाँटवारी (म.ले.प.फा.नं.१३), पेश्की बाँकीको विवरण ( म.ले.प.फा.नं.१४) नबनाएको साथै बैंक नगदी किताब, जिन्सी खाता समेत प्रमाणित गरेको देखिएन । जसबाट आर्थिक कारोबार नियमसंगत नै भएको छ भन्न सकिएन । यस सम्बन्धमा तालुक कार्यालयले वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्नुपर्दछ ।

**बेरुजुको स्थिती**

यो वर्ष लेखापरीक्षणवाट रु. ३४ लाख ८६ हजार वेरुजु देखीएको छ । सो मध्ये अशुलउपर गर्नुपर्ने रु. २ लाख ५७ हजार, नियमित गर्नुपर्ने रु. १६ लाख ६२ हजार  र पेश्की रु. १५ लाख ६७ हजार रहेको छ ।

# ईलाम नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.७१ लाख २१ हजार र यो वर्षको आय रु.१२ करोड २७ लाख ३१ हजार समेत रु.१२ करोड ९८ लाख ५२ हजार आय भई रु.१० करोड ९० लाख २३ हजार खर्च भई रु.२ करोड ८ लाख २९ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण प्रणाली:** आन्तरिक नियन्त्रण प्रणाली विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा लिने नगरेको, मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक नगरेको छैन,सवारी साधनको ईन्धन खर्च गर्दा सोको लगवुक नराखेको, जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य भएको छैन, त्यस्तै आन्तरिक आयको अभिलेख व्यवस्थित नगरेको प्रयोग गरिने रसिदको रसिद नियन्त्रण खाता नराखेको, खप्ने जिन्सीको संकेतीकरण गर्ने तथा अभिलेख व्यवस्थापन गरेको छैन । वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको स्थिति देखियो । दैनिक रुपमा आम्दानी लेखामा लेखांकन नहुने तथा नगरपालिकाले राजश्व संकलनका लागि प्रयोग गर्ने सफटवेयर मध्ये नियन्त्रणका लागि विवधि राजश्वको रसिद नं प्रभावकारी रहेको भएपनि कार्यलय बाहिर प्रयोग हूने पार्कीङ शूल्क र भ्युटावर शुल्क राजश्व संकलनका लागि प्रयोग हूने रसिदको नियन्त्रण खाता नरहेको । त्यस्तै खानेपानीको राजश्व संकलन गर्न प्रयोग भएको स्फटवेयरको रसिद नियन्त्रण प्रभावकारी नरहेको स्थिति देखियो ।

२. **आन्तरिक लेखापरीक्षण:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को ३७ वमोजिम मासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने र आन्तरिक लेखापरीक्षण गरेको ७ दिन भित्र प्रतिवेदन गर्नु पर्ने उल्लेख छ । पुरानो नगरपालिकाको वार्षिक रुपमा आन्तरीक लेखापरीक्षण गरेको भए पनि साविक गाउं विकास समितिहरुको आन्तरीक लेखापरीक्षण गरेको पाईएन । नियममा उल्लेखित समयमा आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन गर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

३. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति ,दायीत्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था रहेको छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले अभिलेख अनुसारको सम्पती तथा जिन्सीको भौतीक परिक्षण गरेको पाइएन । नियममा भएको व्यवस्था अनुसार सम्पत्तिको अभिलेख तथा हस्तान्तरण गर्नु पर्दछ ।

४. **बार्षिक खरिद योजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ८ अनुसार निर्माण कार्यका वजेट विनियोजन भएको र सञ्चालन खर्च तर्फ समेतमा खरीद योजना बनाएको पाईएन । खरिद योजना नवनाउंदा वर्ष भरी खरिद हुने कार्यालयको लागि आवश्यक पर्ने सामान, सेवा तथा निर्माणकार्यको परिमाण, वजेट, खरिद प्रक्रिया, कार्य सम्पन्न गर्नुपर्ने समय आदिमा एकिन गर्न कठिनाई पर्ने हुँदा कार्यालयको कार्य सम्पादनमा असर पर्ने भएकोले खरिद योजना तयार गरी खरिद कार्य गर्नुपर्ने देखिन्छ।

५. **घटी जिम्मेवारी :** गत आर्थिक वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदन बमोजिम नगरपालिका कोष खाताको श्रेस्ता बमोजिमको मौज्दात रु. ३८ लाख ८३ हजार रहेकोमा रु ११ लाख १८ हजार मात्र बैंक मौज्दात रहेको छ। कार्यालयले रु २७ लाख ६५ हजार कोष खातामा जम्मा हुन बाँकी रहेको जनाएको छ। उक्त मौज्दात मध्ये आर्थिक वर्ष २०७३।७४ मा रु र २५ लाख ६३ हजारमात्र जिम्मेवारी सारेकोले रु २० लाख २० हजार घटी जिम्मेवारी सारेको छ। आ.ब. २०७२।७३ मा आन्तरिक आय खाता ४३२ को बैंक समाधान विवरण तयार नगरकोले कुन कुन रकम जम्मा हुन बाँकी रहेको हो एकिन हुन सकेन । कुन कुन रकम प्राप्त गर्न बाँकी रहेको हो सो एकिन गरी आम्दानी संचित कोषमा दाखिला गरी आम्दानी जनाउन पर्नेदेखिन्छ।

६. **जिम्मेवारी नसारेको** : गत आर्थिक वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदन बमोजिम आर्थिक वर्षको अन्तमा बाँकी गौतमबुद्ध सभागृह कोषको रु २ हजार र आयोजना व्यवस्थापन खर्च खाता रु.२ लाख ६८ हजार समेत २ लाख ७० हजार अन्तिम मौज्दात २०७३।७४ मा जिम्मेवारी सारेको देखिएन । उल्लेखित खाताको मौज्दात सरकारी कारोबार गर्ने बैंक खातामा नरहि चल्ती खातामा मौज्दात रहेकोले जिम्मेवारी छुट भएको कार्यालयले जनाएको छ। अन्य बैंकमा रहेको त्यस्तो बैंक खाता वन्द र संचित कोषमा रकम ट्रान्स्फर गरी आम्दानी जनाउन पर्ने देखिन्छ ।

७. **लगानी जिम्मेवारी :** कार्यालयले गाउँ नगर साझेदारी कार्यक्रम तर्फ गत वर्षको बाँकी लगानी रु ९ लाख १३ हजार छुट लगानी जिम्मेवारी सारेको रु ३० हजार समेत रु ९ लाख ४३ हजार मध्ये यस वर्ष रु. १ लाख ३१ हजार असुल गरी रु.८ लाख १२ हजार लगानी बाँकी रहेको विवरण तयार गरेको छ । उल्लेखित लगानी रकम नगरपालिकाको आय व्यय विवरणमा समावेश नगरी नगरपालिकामा रहेको मौज्दात रकम मात्र आय व्यय विवरणमा समावेश गर्ने गरेको देखियो । लगानीमा रहेको रकमलाई आयव्ययमा समावेश गर्ने नगरेबाट आर्थिक विवरणले कारोबारको यथार्थ चित्रण गर्न नसक्ने भएकोले लगानीमा रहेको रकमलाई समेत आय व्यय विवरणमा समावेश गर्नु पर्दछ ।

८. **आय दाखिला :** आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२, १३ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने ,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ । लेखापरीक्षणको क्रममा माघ महिनाको १५ दिन तथा श्रावण महिनाको १५ दिनको परिक्षण गर्दा सबै आम्दानी दैनिक रुपमा दाखिला भएको पाइएन । त्यसै गरी नगदमा संकलन भएको राजश्व दैनिक रुपमा नभई आवधिक रुपमा लेखामा लेखांकन गर्ने गरेको हुनाले नगद संकलन भएको राजश्वको लेखामा  दैनिक प्रविष्टी गर्ने गरेको पाइएन । कार्यालयमा प्राप्त भएको रकम सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने देखिन्छ ।

९. **आम्दानी भिडान** :दैनिक भुक्तानी अनुसार वर्षभरीको अन्तरीक आम्दानी दैनिक आम्दानी संकलनको विवरण भन्दा विविध तर्फ १ लाख ३३ हजार फरक देखिएको छ । आम्दानी तर्फ हिसाव मिलान गरी पेश गर्नु पर्ने देखिन्छ ।

१०. **उपभोक्ता समिति मार्फत कार्य** : स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(ग) मा प्राविधिकले लागत अनुमान तयार गर्दा जनसहभागिताको अंश समेत किटानी साथ उल्लेख गर्नु पर्ने र यस्तो लागत अनुमानको रकममा मुल्य अभिवृद्धिकर शिरोभार तथा कन्टिन्जिन्सी रकम र जनसहभागिताको अंश कट्टा गरी उपभोक्ता समितिलाई काम दिनु पर्ने उल्लेख छ । कार्यालयले टुडिखेल गोलार्खक सडक कालोपत्रे निर्माण तथा  शितलचोक पिपलबोटे सडक कोलोपत्र निमार्ण उपभोक्ता समितिबाट सञ्चालन गर्ने कार्यहरुमा लागत अनुमान  रु. १ करोड ८ लाख ५० हजार को लागत अनुमान तयार गर्दा बालुवा, ढुङ्गा र गिट्टी समेतमा मुल्य अभिवृद्धिकर राखी लागत अनुमान तयार गरेको तर उक्त बस्तुको खरिद गर्दा मुल्य अभिवृद्धिकर भुक्तानी भएको सुनिश्चितता नपाइएकोले नियमावली विपरित मुल्य अभिवृद्धिकर समावेश भएको पाइयो  । नियमानुसार लागत अनुमान तयार तथा स्वीकृत गर्नु पर्ने देखिन्छ ।

११. **सोझै खरीद :** सार्वजनिक खरिद ऐन, २०७३ को दफा ८(२) मा ऐन अन्तर्गत बनेका नियम बमोजिम खरिद गर्दा प्रतिष्पर्धा समिति हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने उल्लेख छ । नियमावलीको नियम ८४ मा ५ लाख माथि २० लाखसम्म लागत अनुमान भएको मालसामान सिलवन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले देहायका आपुर्तकहरुबाट टेवल, कुर्सी, दराज आदि खरिद गरेकोमा एकमुष्ट लागत अनुमान तयार गरी सिलवन्दि दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्नेमा सो अनुरुप खरिद नगरी निम्नानुसारको रु १० लाख ९७ हजार बराबरको खरीद कार्य साझै गरेको छ । अतः खरीद कार्य गर्दा प्रतिस्पर्धात्मक रुपमा गर्नु पर्ने देखिन्छ ।

१२. **जटील कार्य :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ मा बढी जटिल प्राविधिक पक्ष समेत समावेश भएको र मेशिनरीको बढी प्रयोग हुने बाहेकको काममा सामान्यतः उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउन नसकिने व्यवस्था छ । नगरपालिकाले, सडक कालोपत्रे जटिल प्राविधिक पक्ष समावेश भएको २ योजनाको रु.१ करोडको काम उपभोक्ता समिति मार्फत गराई रकम भुक्तानी गरेको पाइयो । उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा कार्यको गुणस्तर, स्पेसिफिकेशन, त्रुटी सच्याउने तथा अन्य दायित्वहरु बारेमा सम्झौतामा उल्लेख गर्ने गरेको छैन । यसबाट निर्माण कार्य र निर्माण सामग्रीको गुणस्तर परीषण नहुने तथा निर्माण सम्पन्न पश्चात् त्रुटी सच्याउने अवधि तथा नतोकिने भई निर्मित संरचनाको दिगोपनामा प्रभाव पर्न जाने देखिन्छ । श्रमप्रधान प्रविधिको प्रयोग हुने योजनाहरुमात्र उपभोक्ता समिति मार्फत निर्माण गर्नुपर्ने देखिन्छ ।

१३. **साविक साखेजुङ गाउँ विकास समितिः** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर, सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु. ८७ हजार  बैंक दाखिला गरी बैक नगदी किताबमा पोष्टिङ गरेकोमा नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,  दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन ।

१४. **साविक सुम्बेक गाउँ विकास समिति**: यस गाउँ विकास समितिको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन्:

१४.१. **आन्तरिक कर दस्तुर**: स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु. १ लाख २० हजार बैंक दाखिला गरी बैक नगदी किताबमा पोष्टिङ गरेकोमा नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद, दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन ।

१४.२. **आय ढिला दाखिला**: आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२, १३ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने ,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ । कार्यलयले बैंक नगदी किताबमा नगद संकलन एकमुष्ठ प्रविष्टि गरेको तथा संकलन भएको आय फाल्गुण २६ सम्ममा ४ पटक मात्र बैंक दाखिला गरेको, तहबिल नगद मौज्दात देखिएकोले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला नभएको देखिन्छ । त्यस्तै शिर्षकगत आय खाताको जोड बैंक नगदी किताबमा लेखांकन भएको आय संग नभिडेकोले आन्तरीक नियन्त्रण प्रणालीको कार्यन्वयन प्रभावकारी भएको छैन ।

१४.३. **दाखिला नभएको**: स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम कार्यालयमा प्राप्त जुनसुकै सामान जिन्सी आम्दानी वांध्नु पर्दछ । कार्यलयले रु. २८ हजार (स्टिल अफिस टेबल १ थान, अफिस दराज १ थान) खरिद गरेको देखिएकोमा जिन्सी दखिला गरेको देखिएन । अतः उक्त जिन्सी सामान जिन्सि खातामा आम्दानी वांध्नुपर्ने देखिन्छ ।

१४.४. बालबालिका लक्षित कार्यक्रमका लागि रु. २ लाख ९२ हजार खर्च लेखांकन भएकोमा उक्त कार्यक्रमको पुस्तकालयका लागि पुस्तक खरिद, ७ वटा बिलबाट १ लाख ११ हजार को पुस्तक खरिद तथा रायमाझी काष्ठ उधोग को बिजक बाट ३३ हजार को २ थान दराज खरिद दखिला गरेको प्रमाण पेश भएन ।

१५. **साविक पुवामझुवा गाउँ विकास समिति** : यस गाउँ विकास समितिको लेखापरीक्षण देखिएका व्यहोरा देहाय बमोजिम छन्:

१५.१. **आन्तरिक कर दस्तुरः** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु. २६ हजार बैंक दाखिला गरी बैक नगदी किताबमा पोष्टिङ गरेकोमा नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद, दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन ।

१५.२. **आम्दानी दाखिलाः** आर्थिक कार्यविधि ऐन २०५५ को परिच्छेद ४ दफा १२, १३ ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने ,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ । कार्यलयले लेखापरिक्षणको लागि शिर्षक गत आय पेश नगरेको, बैंक नगदी किताबमा नगद संकलन एकमुष्ठ प्रविष्टि गरेको तथा संकलन भएको आय एकमुष्ठ बैंक दाखिला गरेको देखिएकोले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गरेको देखिएन । नियमावली वमोजिम आम्दानी रकम दाखिला गर्नु पर्दछ ।

१५.३. **पेश्की बांकी**: बिगत वर्षहरुदेखि जिम्मेवारी सरेको पेश्की यस आर्थिक वर्षमा फछ्र्यौट हुन नसकि जिमेवारी सारिएको निम्नानुसारको पेश्की स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ अनुसार फछ्यौंट गर्नुपर्नेमा २ लाख २० हजार फर्छेयौटगरेको पाईएन । उक्त पेश्की रकम असुल फर्छ्येयौट गर्नु पर्ने देखिन्छ ।

१५.४. **करः** आय कर ऐन २०५८ वमोजिम पारिश्रमिकमा १५ प्रतिशत कट्टा गरी भुक्तानी हुनुपर्दछ । लेखापरीक्षण शुल्क रु. ३० हजारको १५ प्रतिशतका दरले कर रकम रु ४ हजार ५०० कट्टी नगरेको तथा मोटर साईकल खरीद वापत रु २० विस लाख ९ हजार को १.५ प्रतिशतका दरले कर रकम रु ३ हजार कट्टी नगरेकोले असुल गरी दाखिला गर्नु पर्ने देखिन्छ ।

१६. **साविक बरबोटे गाउँ विकास समिति**: स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क ,दस्तुर तथा

अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु. ४६ हजार बैंक दाखिला गरी बैक नगदी किताबमा पोष्टिङ गरेकोमा नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद, दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन ।

१७. **साविक गोदक गाउँ विकास समिति** : यस गाउँ विकास समितिको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन्:

१७.१. **आन्तरिक कर दस्तुरः** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु. २ लाख १८ हजारी बैंक दाखिला गरी बैक नगदी किताबमा पोष्टिङ गरेकोमा नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद, दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन ।

१७.२. **आय ढिला दाखिलाः** आर्थिक कार्यविधि ऐन २०५५ को परिच्छेद ४ दफा १२, १३ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने ,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ । आम्दानी भएको रकम रु २ लाख १८ हजार कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला नगरी २०७४।४।१३ मा मात्र दाखिला गरेको पाईयो । अतः आम्दानी रकम समयमानै दाखिला गर्नु पर्ने देखिन्छ ।

१७.३. **पेश्की जिम्मेवारी**: साविक गाउँ विकास समितिबाट विभिन्न ८ व्यक्तिलाई विगत वर्षमा उपलव्ध गराएको पेश्की रु. १ लाख ६५ हजार लेखापरीक्षण अवधि सम्म पनि फर्छ्यौट भएको देखिएन । उक्त रकम नगरपालिकाको पेश्की बाँकीको विवरणमा समावेश समेत गरेको देखिएन । विगत वर्ष देखि साविकका गाउँ विकास समितिहरुबाट गएको पेश्की रकमको विवरण अद्यावधिक गरी नगरपालिकाले पेश्की कायम गर्नु पर्ने देखिन्छ ।

१८. **साविक सोयाक गाउँ विकास समिति**:स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु. २ लाख ७२ हजार बैंक दाखिला गरी बैक नगदी किताबमा पोष्टिङ गरेको कार्यालयको भनाई रहेकोमा नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकिएन।

१९. **साविक साङ्गरुम्बा गाउँ विकास समिति**: स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु.३ लाख ७ हजार बैंक दाखिला गरी बैक नगदी किताबमा पोष्टिङ गरेको कार्यालयको भनाई रहेकोमा नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकिएन ।

## बेरुजू स्थिति

यो वर्षको लेखापरीक्षणबाट रु.४७ लाख १९ हजार बेरुजु देखिएकोमा प्रतिक्रियावाट रु.१० लाख ३५ हजार फछ्र्यौट गरी रु ३६ लाख ८४ हजार मध्ये असुल गर्नुपर्ने रु ३ हजार, नियमित गर्नुपर्ने रु.३२ लाख ९६ हजार र पेश्की ३ लाख ८५ हजार बाँकी रहेको छ ।

# देउमाई नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गतको मौज्दात रु ४८ लाख ५ हजार र यो वर्षको आय रु ६ करोड ९७ लाख ५४ हजार समेत रु ७ करोड ४५ लाख ५९ हजार आय भई रु ४ करोड ९९ लाख ५३ हजार खर्च गरी २ करोड ४६ लाख ६ हजार बाँकी छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण प्रणाली :** आन्तरिक नियन्त्रण प्रणाली विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा लिने नगरेको, मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक नगरेको छैन,सवारी साधनको ईन्धन खर्च गर्दा सोको लगवुक नराखेको, जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य भएको छैन, त्यस्तै आन्तरिक आयको अभिलेख व्यवस्थित नगरेको प्रयोग गरिने रसिदको रसिद नियन्त्रण खाता नराखेको, खप्ने जिन्सीको संकेतीकरण गर्ने तथा अभिलेख व्यवस्थापन गरेको छैन । वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको स्थिति देखियो । दैनिक रुपमा आम्दानी लेखामा लेखांकन नहुने तथा नगरपालिकाले राजश्व संकलनका लागि प्रयोग गर्ने सफटवेयर मध्ये नियन्त्रणका लागि विवधि राजश्वको रसिद नं प्रभावकारी रहेको भएपनि कार्यलय बाहिर प्रयोग हूने पार्कीङ शूल्क र भ्युटावर शुल्क राजश्व संकलनका लागि प्रयोग हूने रसिदको नियन्त्रण खाता नरहेको । त्यस्तै खानेपानीको राजश्व संकलन गर्न प्रयोग भएको स्फटवेयरको रसिद नियन्त्रण प्रभावकारी नरहेको स्थिति देखियो ।

२. **आन्तरिक लेखापरीक्षण:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम ३७ वमोजिम मासिकमा रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने र आन्तरिक लेखापरीक्षण गरेको ७ दिन भित्र प्रतिवेदन गर्नु पर्ने उल्लेख छ । पुरानो नगरपालिकाको वार्षिक रुपमा आन्तरीक लेखापरीक्षण गरेको भए पनि साविक गाउं विकास समितिहरुको आनतरीक लेखापरीक्षण गरेको पाईएन । नियममा उल्लेखित समयमा आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन गर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

३. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धीआदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वानगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायीत्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको तथा प्रतिवेदन सार्वजनिक गरेको नपाईएकोले आदेशको पालिना गरि अभिलेख अध्यावधिक गरिनु पर्दछ ।

४. **बार्षिक खरिद योजना:** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ८ अनुसार निर्माण कार्यका वजेट विनियोजन भएको र सञ्चालन खर्च तर्फ समेतमा खरीद योजना बनाएको पाईएन । खरिद योजना नवनाउंदा वर्ष भरी खरिद हुने कार्यालयको लागि आवश्यक पर्ने सामान, सेवा तथा निर्माणकार्यको परिमाण, वजेट, खरिद प्रक्रिया, कार्य सम्पन्न गर्नुपर्ने समय आदिमा एकिन गर्न कठिनाई पर्ने हुँदा कार्यालयको कार्य सम्पादनमा असर पर्ने भएकोले खरिद योजना तयार गरी खरिद कार्य गर्नुपर्ने देखिन्छ ।

५. **विलभरपाई** : श्री गंगाराम भट्टराइको गत बर्षको पेश्की रु.८० हजार फछ्र्यौट गरेको मध्ये स्वास्थ्य प्रवर्द्धन तथा सरसफाइ कार्यक्रममा खर्च देखाएको रु.२५ हजार को विल भरपाई पेश नभएकोले उक्त खर्च रकमको विल भरपाई पेश हुनुपर्दछ ।

६. **शिर्षक फरक पारि खर्च लेखेको:** अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७० को बजेट बर्गिकरण र व्याख्या अनुसार खर्च शिर्षक अनुसार खर्च लेख्नु पर्नेमा करारका कर्मचारीको तलव रु २ लाख ६१ हजार शिर्षक फरक पारी खर्च लेखेको पाइएकोले उक्त खर्च नियम सम्भत देखिएन ।

७. **कर दाखिला नगरेको** : आयरक ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने र दफा ८९ मा सम्झौता बमोजिम रकम भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न खरीद तथा भुक्तानीमा रु १४ हजार कट्टी गरेको नपाइएकोले कर कट्टी गरी राजस्व दाखिला गर्नु पर्ने देखिन्छ ।

८. **साविक जितपुर गाविस खर्च :** लिङदिङ्ग पुलुङ्गी ग्रामिण विद्युतिकरण उपभोक्ता समितिलाई रु.३ लाख भुक्तानी दिएकोमा निम्नानुसार देखिएको छ :

८.१ लागत अनुमान रु.३,६१,०६०।- तयार गरी रु.३,६१,०६०।- को कार्य सम्पन्न प्रतिवेदन तयार गरी रु.३ लाख भुक्तानी गरेकोमा उपभोक्ता समितिको २०७४।३।८ को निर्णयानुसार रु.१ लाख गाउँ परिषद्वाट,

वडा नं. ७ को रु. ४० हजार र बडा नं. ८ को ३० हजार समेत रु.१ लाख ७० हजार काम सम्पन्न भएको देखिन्छ भने सोही रकम माग गरि २०७४।३।२८ मा पत्र समेत पेश भएको अवस्थामा रु.३ लाख भुक्तानी दिनु उपयुक्त नदेखिएकोले बढी भुक्तानी दिएको रु १ लाख ३० हजार असुल गर्नुपर्ने देखिन्छ ।

८.२ उपभोक्ता समितिले ८ मिटर लामो पोल २५ वटा रु. १० हजार का दरले रु. २ लाख ५५ हजार को ठेक्का विल पेश गरेकोमा खरिद विल अनुसार २० वटा पोल भ्याट समेत रु.२ लाख ५९ हजार मा खरिद गरेको पाइएकोले कति संख्या पोल खरिद भएको हो सोको संख्या एकिन हुन सकेन ।

८.३ खरिद विल तथा कार्य सम्पन्न प्रतिवेदन अनुसार ढुवानी बापत रु.८५ हजार मुल्यांकन भएकोमा ढुवानीको विल पेश नभएको तथा उक्त ढुवानीको दर विश्लेण समेत पेश भएन ।

८.४ स्थानिय निकाय सञ्चालन सम्बन्धी निर्देशिका २०६८।६९ को बुदा ३० मा उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछी प्राविधिक जाँचपास र कार्य सम्पन्न प्रतिवेदन प्राप्त गरी सम्बन्धित स्थानिय निकायका प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गराउनु पर्ने उल्लेख भएकोमा सार्वजनिक परिक्षण भएको पाइएन ।

९. **साविक चमैता गाउँ विकास समिति :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु.१ लाख २७ हजार भनी बैंक दाखिला गरी बैक नगदी किताबमा पोष्टिङ गरेको कार्यालयको भनाई रहेकोमा नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन।

१०. **साविक शान्तिडाँडा गाउँ विकास समिति** : स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले आन्तरिक आम्दानी जनाएको देखिएन । २०७३ श्रावण देखि असार मसान्त सम्म एकमुष्ठ आम्दानी वडा कार्यालयबाट देउमाई नगरपालिकाको संचित कोष खातामा दाखिला गरेको भनाई रहेकोमा नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वडा कार्यालयबाट दाखिला गरेको वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन।

११. **वढी भुक्तानी** : सामुदायिक भवन निर्माणगर्न शान्ति लक्षित समुहसंग २०७३।८।२१ मा सम्झौता भई रु. ६ लाख४१ हजार भुक्तानी भएकोमा सम्झौतामा उपभोक्ताको श्रामदान रु.१ लाख २८ हजार (१६.७६) भएकोमा नापी तथा ठेक्का विलमा रु.६ लाख ९० हजारको कामको मुल्यांकन भएकोमा उपभोक्ताको श्रमदान रु.४९ हजार (७.१२) प्रतिशत मात्र कट्टा गरेको पाइएकोले सम्झौता अनुसार १ लाख १५ हजार कट्टा गरी रु.५ लाख ७५ हजार भुक्तानी गर्नु पर्नेमा रु.६ लाख ४१ हजार भुक्तानी गरेको पाइएकोले बढी भुक्तानी रु ६६ हजार असुल गर्नु पर्ने देखिन्छ ।

१२. **बढी भुक्तानी**: स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(ग) उपभोक्ता समितिले व्यार्होने श्रमदान समेत राखी आयोजना सम्झौता गर्नु पर्ने उल्लेख छ । गाउँ विकास समितिले पुरानो गाउँ विकास समिति देखि सिजुवा जोडने बाटो मर्मत उपभोक्ता समितिलाई रु.१ लाख भुक्तानी गरेकोमा सम्झौतामा जन श्रमदान उल्लेख गरेको पाइएन । कार्य सम्पन्न प्रतिवेदनमा कडा तथा नरम माटो खन्ने कार्य रु.९२ हजारको मात्र सम्पन्न भएकोमा उपभोक्ता समितिलाई रु.१ लाख भुक्तानी गर्दा बढी भुक्तानी भएको रु.८ हजार असुल हुनुपर्ने देखिन्छ ।

१३. **कर:**आयकर ऐन, २०५८ को दफा ८७ को अनुसुची १ अनुसार पारिश्रमिक भुक्तानीमा १५ प्रतिशत र ८९ अनुसार सम्झौता बमोजिमको रकम भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिमकर कट्टा गर्नुपर्ने उल्लेख छ । कार्यालयले एक व्यक्तिलाई रु ३० हजार लेखापरीक्षण शुल्क भुक्तानी गर्दा रु ४ हजार ५०० अग्रिमकर कट्टा गरेको नपाइएकोले कट्टा गरी राजस्व दाखिला गर्नुपर्ने देखिन्छ ।

१४. **साविक जितपुर गाउँविकास समिति**: स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु.९० हजार बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन ।

१५. **विल भरपाई** : आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चका विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न ३ व्याक्ति तथा संस्थालाई रु ७६ हजार भुक्तानी गरेको तथापुँजिगत खर्चको बैक नगदी कितावमा रु.९५ हजार खर्च जनाएको समेत रु.१ लाख

७१ हजार को विल भरपाई भौचर तथा अन्य कागजात समेत पेश नभएकोले उक्त खर्च पुष्टी हुने प्रमाण कागजात पेश गर्ने अन्यथा असुल हुनुपर्ने देखिन्छ ।

१६. **कार्य सम्पन्न प्रतिवेदन**: गोदावारी खानेपानी आयोजना उपभोक्ता समितिलाई खानेपानी ट्यांकी निर्माण बापत रु. ९८ हजार भुक्तानी गरेकोमा सोको लागत अनुमान नापी विवरण तथा कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले अनियमित देखिन्छ ।

१७. **साविक सिद्धिथुम्का गाउँविकास समितिः** यस गाउँविकास समितिको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छ ।

१७.१. **आन्तरिक कर दस्तुर**: स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले आन्तरिक श्रोतबाट आम्दानी गरेको देखिएन । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी भए नभएको सम्वन्धमा एकिन हुन सकेन।

१७.२. **विल भरपाइ :** कार्यालयले रु.९० हजारको विल भरपाई पेश भएकोमा रु.९९ हजार को खर्च लेखेको पाइएकोले बढी खर्च लेखेको रु.९ हजार रकम असुल हुनुपर्ने देखिन्छ ।

१७.३. **दोहोरो भुक्तानी** : मिति २०७३।९।४ मा वास्तल खानेपानी योजनाको लागि रु. १५ हजार बजेट खर्चगेकोमा उक्त रकम मिति २०७३।११।२७ बाट पुनः खर्च भएको पाइएकोले दोहोरो खर्च भएको रु. १५ हजारको खर्च पुष्टी हुने प्रमाण पेश गर्ने अन्यथा असुल हनुपर्नेदेखिन्छ ।

## बेरुजुको स्थिति

यो वर्षको ८ लाख २ हजार बेरुजु रहेकोमासोमध्ये असूल गर्नुपर्ने रु २ लाख ३२ हजार, नियमित गर्नुपर्ने रु ५ लाख ७० हजार रहेको छ ।

# माई नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गतको मौज्दात रु.५ लाख १९ हजार र यो वर्ष रु.६ करोड २६ लाख ९४ हजार समेत रु.६ करोड ३२ लाख १३ हजार आय भई रु.५ करोड ६९ लाख ४९ हजार खर्च गरी रु.६२ लाख ६४ हजार बाँकी छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आर्थिक अवस्था:** नेपालको संविधान २०७२ को धारा २२९ मा स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहने, त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ भन्ने व्यवस्था रहेको छ । यस आर्थिक बर्षमा साविक ३ गाउँ विकास समितिहरुको शुरु मौज्दात, सामाजिक सुरक्षा भत्ता, गाँउ पालिका अनुदान तथा आन्तरिक आय समेत रु.३ करोड ४९ लाख ३ हजार जम्मा आम्दानी र उल्लेखित शिर्षकहरुमा रु.२ करोड ८६ लाख ३९ हजार खर्च भई रु.६२ लाख ६३ हजार मौज्दात बांकी रहेको देखिएको छ । यो बर्षको कुल आम्दानी रु.२ करोड ७१ लाख ९३ हजार मा आन्तरिक स्रोतको आम्दानी जम्मा रु.२ लाख ३५ हजार (८.६४ प्रतिशत) रहेबाट आन्तरिक स्रोत बढाउन आवश्यक व्यवस्था गर्नुपर्ने देखिएको छ ।

२. **नगद मौज्दात** : नगरपालिकाले यस आर्थिक वर्षमा रु २ लाख ३५ हजार आम्दानी भएको विवरण पेश भएको छ । उक्त रकम आर्थिक वर्षको अन्तमा नगद मौज्दात देखाएकोमा लेखापरीक्षण अवधि सम्म पनि संचित कोषमा दाखिला गरेको देखिएन । सरकारी आम्दानी प्राप्त भएको भोलिपल्ट सम्ममा सम्बन्धित बैंक खातामा दाखिला गर्नु पर्नेमा सो नगरी नगद मौज्दात राखेको देखिएकोले सम्बन्धितबाट व्याज समेत असुल गरी दाखिला हुनुपर्नेदेखिन्छ ।

३. **लेखाप्रणाली:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि आन्तरिक आयतर्फ दोहोरो लेखाप्रणाली राखेको पाईएन ।

४. **आन्तरिक नियन्त्रण प्रणाली :** आन्तरिक नियन्त्रण प्रणाली विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा लिने नगरेको, मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक नगरेको छैन,सवारी साधनको ईन्धन खर्च गर्दा सोको लगवुक नराखेको, जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य भएको छैन, त्यस्तै आन्तरिक आयको अभिलेख व्यवस्थित नगरेको प्रयोग गरिने रसिदको रसिद नियन्त्रण खाता नराखेको, खप्ने जिन्सीको संकेतीकरण गर्ने तथा अभिलेख व्यवस्थापन गरेको छैन । वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको स्थिति देखियो । दैनिक रुपमा आम्दानी लेखामा लेखांकन नहुने तथा नगरपालिकाले राजश्व संकलनका लागि प्रयोग गर्ने सफटवेयर मध्ये नियन्त्रणका लागि विवधि राजश्वको रसिद नं प्रभावकारी रहेको भएपनि कार्यलय बाहिर प्रयोग हूने पार्कीङ शूल्क र भ्युटावर शुल्क राजश्व संकलनका लागि प्रयोग हूने रसिदको नियन्त्रण खाता नरहेको । त्यस्तै खानेपानीको राजश्व संकलन गर्न प्रयोग भएको स्फटवेयरको रसिद नियन्त्रण प्रभावकारी नरहेको स्थिति देखियो ।

५. **राजस्व असुली तथा दाखिला :** आर्थिक कार्याविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२,१३ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्नसक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता पेश गरेको पाइएन ।

६. **स्रोत नक्सांकन**: स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउंपालिका र नगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अन्तरगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तरगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा गाउंपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

७. **वार्षिक खरिद योजना तयार नगरेको:**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) बमाजिम वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गरेको छैन ।

८. **मालसामानको लागत अनुमान तयार नगरेको**: सार्वजनिक खरिद ऐन, २०५५ को दफा ५ ले सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।

कार्यालयले यो बर्ष लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

९. **बरबुझारथ**: संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३र४७९ मिति २०७३र१२र२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका गाउँ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

१०. **कारोबारको लेखा:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ५६ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी तथा खर्च रकमको लेखा दोहोरो लेखा प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक २ गाउँ विकास समिति वर्तमान यस गाउँपालिकाले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

११. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायीत्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस गाँउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको तथा प्रतिवेदन सार्वजनिक गरेको नपाईएकोले आदेशको पालिना गरि अभिलेख अध्यावधिक गरिनु पर्दछ ।

१२. **वढी भुक्तानी**: रकम भुक्तानी गर्दा नापी अनुसार काम भए बमोजिमको भुक्तानी हुनुपर्दछ । चिसापानी ८ झुत्रे हुँदै लक्ष्मिपुर जोडने मोटरबाटो निर्माण उपभोक्ता समितिलाई रु.१ लाख २२ हजारको लागत अनुमान तयार गरी रु.१ लाख २८ हजारको कार्यसम्पन्न भई रु.१ लाख भुक्तानी भएकोमा कडा प्रकारको माटो खन्ने कामको लागत अनुमान र नापी कितावमा प्रति घन मिटर रु.३१२।- का दरले २२९.७५ घन मिटरको हिसाव गरी रु.५९ हजार बढी भुक्तानी भएको पाइएकोले उपभोक्ता समितिको अनुदान २२:३४ प्रतिशतले हुने रु.१३ हजार कट्टी गरी बढी भुक्तानी रकम असुल गर्नुपर्ने देखिन्छ ।

१३. **विल भरपाई तथा प्रतिवदेन पेश गर्नुपर्ने :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम ४६(३) मा स्वीकृत बजेट भित्रको रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट खर्चका विल भरपाई स्वीकृत गराई खर्चका विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । मा कार्यालय संचालनको खर्च लेख्दा पूर्वेली स्टेशनरी सेण्टरलाई रु. ८९ हजार भुक्तानी गरेकोमा विल भरपाईरु. ५३ हजार को मात्र भएकोले बढी भुक्तानी रु.३६ हजारको प्रमाण पेशगर्ने अन्यथा असुल गर्नुपर्ने देखिन्छ ।

१४. **साविका दानावारी गाउँ विकास समितिः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानीय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवा शुल्क,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु.१२ लाख ९३ हजार बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकिएन।

१५. **साविक महमाई गाउँ विकास समितिः**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर, सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले मालपोत तथा दस्तुर आन्तरिक आम्दानी रु। १ लाख ८७ हजार बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकिएन।

१६. **साविक चिसापानी गाउँ विकास समितिः**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर, सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले मालपोत आन्तरिक आम्दानी रु.१लाख २७ हजार बैंक दाखिलागरेको आधारमा आम्दानी जनाएको छ ।नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकिएन।

१७. **कर**: साविक चिसापनी गाउँविकास समितिले भुक्तानी गरेको रकमबाट कट्टी गरेको कर दायित्व रकम रु ९,६२७।-सम्बन्धित खातामा दाखिला गर्नु पर्नेमा सो नगरी गाउँ विकास कोष खातामा नै मौज्दात राखेको रकम संचित कोष दाखिला हुन पर्ने देखिन्छ ।

## बेरुजूको स्थिति

यो वर्षको लेखापरीक्षणबाट रु २ लाख ४७ हजार बेरुजु रहेकोमा सो मध्ये असुल गर्नुपर्ने रु.२ लाख ८४ हजार, नियमित गर्नुपर्ने रु ६३ हजार रहेको छ ।

# सूर्योदय नगरपालिका
## लेखापारीक्षण प्रतिवेदन

गतको मौज्दात रु.२ करोड २५ लाख ३८ हजार र यो वर्ष रु.२५ करोड ७९ लाख ५० हजार समेत रु.२८ करोड ४ लाख ८८ हजार आय गरी रु.२२ करोड ७२ लाख ७८ हजार खर्च गरी रु.५ करोड ३२ लाख १० हजार बाँकी छ। लेखापरीक्षणबाट देखिएका निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण प्रणाली :** आन्तरिक नियन्त्रण प्रणाली विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्याङ्कन गर्दा लिने नगरेको, मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक नगरेको छैन,सवारी साधनको ईन्धन खर्च गर्दा सोको लगवुक नराखेको, जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य भएको छैन, त्यस्तै आन्तरिक आयको अभिलेख व्यवस्थित नगरेको प्रयोग गरिने रसिदको रसिद नियन्त्रण खाता नराखेको, खप्ने जिन्सीको संकेतीकरण गर्ने तथा अभिलेख व्यवस्थापन गरेको छैन । वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको स्थिति देखियो । दैनिक रुपमा आम्दानी लेखामा लेखांकन नहुने तथा नगरपालिकाले राजश्व संकलनका लागि प्रयोग गर्ने सफटवेयर मध्ये नियन्त्रणका लागि विवधि राजश्वको रसिद नं प्रभावकारी रहेको भएपनि कार्यलय बाहिर प्रयोग हूने पार्कीङ शूल्क र भ्युटावर शुल्क राजश्व संकलनका लागि प्रयोग हूने रसिदको नियन्त्रण खाता नरहेको । त्यस्तै खानेपानीको राजश्व संकलन गर्न प्रयोग भएको स्फटवेयरको रसिद नियन्त्रण प्रभावकारी नरहेको स्थिति देखियो ।

२. **आन्तरिक लेखापरीक्षण:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम ३७ वमोजिम मासिकमा रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने र आन्तरिक लेखापरीक्षण गरेको ७ दिन भित्र प्रतिवेदन गर्नुपर्ने उल्लेख छ । पुरानो नगरपालिकाको वार्षिक रुपमा आन्तरीक लेखापरीक्षण गरेको भए पनि साविक गाउं विकास समितिहरुको आनतरीक लेखापरीक्षण गरेको पाईएन ।

३. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धीआदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वानगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायीत्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुनेछ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको तथा प्रतिवेदन सार्वजनिक गरेको नपाईएकोले आदेशको पालिना गरि अभिलेख अध्यावधिक गरिनु पर्दछ ।

४. **पेश्की:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम पेश्की फर्छ्यौट गर्नुपर्नेमा आर्थिक वर्षको अन्त सम्ममा पनि फर्छ्यौट नभई सूर्योदय नगर खेलकुद विकास समितिको पेश्की रु ३ लाख २५ हजार बाँकी देखियो । उक्त पेश्की नियमानुसार असुल फर्छ्यौट हुनपर्ने देखिन्छ ।

५. **आम्दानी नवाँधेको**: आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ४७ बमोजिम जुनसुकै माध्यामबाट प्राप्त जिन्सी सामान ७ दिन भित्र आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । तर कार्यालयले आपाचे आरटिआर मोटरसाइकल (१६० सि.सि.) रु. २ लाख ४ हजारमा खरिद गरेकोमा सो जिन्सी दाखिला गरेको देखिएन । अतः उक्त मोटरसाईकल जिन्सी दाखिला गर्नु पर्ने देखिन्छ ।

६. **वितरण नभएको** : स्वीकृत बार्षिक कार्यक्रम बमोजिम कार्यक्रम संञ्चालन गर्नु पर्दछ । कृषि कार्यक्रम अन्तर्गत निम्नानुसारका विउ विजन तथा मल खरिद गरेकोमा सो वितरण गरेको देखिएन ।रु.८७ हजार वरावरको कृषि सामाग्री खरिद भएकोमा उक्त सामाग्री कृषकहरुलाई वितरण गरेको प्रमाण पेश भएको देखिएन । कार्याक्रम बमोजिम उक्त विउ वितरण गरेको प्रमाण पेश गर्नुपर्ने देखिन्छ ।

७. **वढी रकममा खरीद** : संघिय मामिला स्थानिय विकास मन्त्रालयको मिति २०७२।१२।२८ को निर्णयानुसार मोटरबाटो पुगेका गाउँविकास समितिका लागि रु.२ लाख ५० हजार सम्मको सवारी साधन खरिद गर्न सहमती दिएकोमा गाउँविकास समितिले सो विपरित एफ जेड एस एच रु.२ लाख ६१ हजार मा खरिद गरेको पाइयो । सहमती विपरित बढी खार्च लेखेको रु ११ हजार अनियमित देखिन्छ ।

८. **वढी भुक्तानी**: रकम भुक्तानी गर्दा सम्झौता बमोजिम गर्नुपर्दछ । लक्ष्मीपुर गा.वि.स.को वाल प्रोफाइल तयार पार्न ग्रीन इनिसियटिप सोलुसनलाई रु.२ लाख २४ हजार मा सम्झौता भएकोमा रु.२ लाख ५८ हजार भुक्तानी भई रु.३४ हजार बढी भुक्तानी भएको छ । उक्त बढी भुक्तानी भएको रकम असुली दाखिला गर्नु पर्ने देखिन्छ ।

९. **पेश्की वांकी** : मिति २०७४।३।२७ सार्वजनिक खरिद निमायवली २०६४ को नियम ११३ बमोजिम पेश्की फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । कौडेदह तिनतले झरना बुद्धपार्क गुरुयोजना निर्माणका लागि ८० हजार

पेश्की उपलव्ध गराएकोमा पेश्की फछ्र्यौट नभई बाँकी देखियो । बाँकी पेश्की रकम नियमानुसार असुल फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

१०. **सम्झौता विपरित रकम भुक्तानी** : सम्झौंता बमोजिम भुक्तानी गर्नुपर्नेमा । जैविक विविधता संरक्षण केन्द्रसँग अध्यान कार्यकालागि कुल रु.१ लाख ६२ हजार मा सम्झौंता भएकोमा सोको कार्य सम्पन्न गरी सम्झौता बमोजिमको रकम भुक्तानी दिनु पर्नेमा रु.१ लाख ६४ हजार भुक्तानी दिएको देखिन्छ । सम्झौता भन्दा बढी भुक्तानी दिएको असुल गरी संञ्चितकोष दाखिला गर्नुपर्ने देखिन्छ ।

१०.१. **कर** : आयरक ऐन, २०५८ बमोजिम वासिन्दा व्यक्तिको भुक्तानीको श्रोतमा १५ प्रतिशत अग्रिम आयकर कट्टा गर्नु पर्ने व्यवस्था छ । जैविक विविधता संरक्षण केन्द्रलाई सम्झौंता बमोजिम रु. १ लाख ६२ हजार भुक्तानी गरेकोमा १५ प्रतिशत अग्रिम कर रु. २४ हजार ३०० असुली तथा राजस्व दाखिला गरेको पाइएन । अतः उक्त कर रकम असुली तथा संञ्चितकोष दाखिला गर्नु पर्ने देखिन्छ ।

११. **वढी भुक्तानी** : एल.जि.सि.डि.पि. अन्तर्गत स्थानीय सरोकार वालासँग २ दिने कार्यक्रममा नगरपालिकाका कर्मचारी श्री हरिप्रसाद गुरागाईको पेश्की फछ्र्यौट गरी रु.३ लाख ७५ हजार खर्च लेखेकोमा देहायबमोजिम देखियो ।

११.१. दैनिक भ्रमण भत्ता नियमालीले १५ किलोमिटर भित्रको भ्रमण भत्ता भुक्तानी गर्न मिल्ने व्यवस्था गरेको छैन । कार्यक्रम अन्तर्गत फिक्लमा बालवालिकाको वारेमा १२ जनाले २ दिन अनुगमन गरेको भनी प्रति व्यक्ति प्रति दिन १ हजार का दरले रु.२४ हजार भुक्तानी गरेको देखिन्छ । नगर क्षेत्र भित्र अनुगमनमा उक्त सुविधा भुक्तानी गर्ने आधार नदेखिएकोले सम्बन्धितबाट असुल गर्नु पर्ने देखिन्छ ।

११.२. अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिकाले तोके बमोजिम स्टेशनरी उपस्थित प्रतिव्यक्ति १५० स्टेशनरी तथा खाजा बापत प्रति व्यक्ति २००।- खर्च गर्न पाउनेमा ६५ जनालाई स्टेशनरी बापत रु.९ हजार ५५०।- तथा खाजा खर्च बापत २ दिनको रु.२६ हजार गरी रु.३५ हजार खर्च गर्न पाउनेमा रु.६५ हजार खर्च लेखेकोले बढी खर्च लेखेको रु.३० हजार असुल तथा फिर्ता दाखिला गर्नुपर्ने देखिन्छ ।

१२. **फांटवारी पेश नभएको** : बालक्लव नेटवर्क बालअधिकार र बालमैत्री स्थानीय सरकारकालागि रु.१ लाख ७५ हजार खर्च लेखेकोमा सोको फाँटवारी तथा कार्यक्रम सञ्चालन गरेको श्रेस्ता पेश गर्नुपर्नेदेखिन्छ ।

१३. **साझै खरीद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम रु.१० लाख भन्दा बढी लागत अनुमान भएको मालसामान खरिद सिलवन्दी बोलपत्रद्धारा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न खरीद ११ लाख १५ हजारमा खरिद कार्य खरिद नियमावली बमोजिम नगरी साझै खरिद गरेको पाईयो ।यसरी खरिद नियमावलीको प्रावधान विपरित दरिद गर्दा बढी लागत परेको र प्रतिस्पर्धा प्रमाणित भएको छ । खरिद कार्य गर्दा प्रतिस्पर्धात्मक रुपमा गर्नुपर्दछ ।

१४. **भवन निर्माण:** नगरपालिका भवन निर्माण कार्यका लागि रु.२ करोड ७ लाख ५९ हजार कवोल्ने एक निर्माण सेवासंग २०७२।७।१६ मा २०७३।१२।१५ भित्र सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ । उक्त निर्माण कार्य अन्तर्गत हाल सम्म रु. १ करोड ६५लाख ६३ हजार खर्च भएपनि निर्माण सम्पन्न भएको देखिएन । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १२९ तथा खरिद सम्झौता बमोजिम तोकेको अवधिमा कार्य सम्पन्न गर्न नसके प्रतिदिन ०.०५ प्रतिशतका दरले पूर्व निधारित क्षतिपूर्ति तिनुपर्ने व्यवस्था छ । निर्माण व्यवासायिले २०७३।१२।१५ मा कार्य सम्पन्न गर्नुपर्नेमा आर्थिक बर्षको अन्त सम्पन्न नभएकोले प्रतिदिन ९ हजार १८५।- का दरले १०८ दिनको रु. ९ लाख ९१ हजार असुल गरी कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ ।

१५. **विल भरपाई नभएको** :दाताहरुले दिएको जग्गा नगरपालिकाको नाममा रजिष्ट्रेशन गर्दा लागेको खर्च रु.८ हजार एक प्राविधिक कर्मचारीलाई सोधभर्ना भुक्तानी गरेकोमा शहरी स्वास्थ्य केन्द्रको जग्गा रजिष्ट्रेशन बापत लेखापढी खर्चको रु.२ हजारको विल भरपाई पेश भएको देखिएन ।

१६. **लगवुक पेश नभएको** : सवारी साधनमा प्रयोग भएको इन्धनको लगबुक राख्नु पर्दछ । यसरी साधन उल्लेख नगरी डिजेल ६७२ लिटर खरिद गरी एक स्टोर्सलाई रु.५० हजार भुक्तानी गरेकोमा सो प्रयोग गरेको लगबुक पेश नभएकोले पेश गर्नुपर्ने देखिन्छ ।

१७. **खर्च पुष्टि नभएको** : हिटाची एयर कण्डिसन २ वटा खरिद गरी रु.२ लाख ८९ हजार भुक्तानी गरेकोमा जिन्सी खातामा आम्दानी बाँधेको पाइयो । सोको जडान र ट्रान्सपोर्टेशन खर्च एक सर्भिस सेन्टर विर्तामोडलाई रु.१८ हजार र फिटिङ्ग एसेसरीज रु.१५ हजारको भुक्तानीमा रु ३३ हजार एसेसरिजको विवरण हुन खुलेको पाईएन ।

१८. **सम्झौता पेश नभएको** : लक्षित समुह विजकास कार्यक्रम अन्तर्गत बाल मैत्री स्थानिय शाखान तथा बाल अधिकार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी रु.४ लाख २० हजार पेश्की फर्छ्यौट र रु.१ लाख ८० हजार भुक्तानी समेत रु.६ लाख मानव अधिकारी सञ्चालन तथा शान्ति कार्य समुह नेपालले कार्यक्रम

सञ्चालन गरी खर्च लेखेकोमा उक्त संस्थासंग भएको सम्झौता अनुसार भए नभएको स्पष्ट गर्ने बिवरण पेशगर्नु पर्दछ ।

१९. **प्रतिस्पर्धाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(६) बमाोजिम बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेमा बोलपत्र रद्द गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले यो बर्ष ५ निर्माण कार्यको लागत अनुमान रु ४३ लाख ९४ हजार भएकोमा रु ४३ लाख ३ हजार स्वीकृत गरी निर्माण कार्य भएको छ । बोलपत्र विक्री तथा दर्ता ३ वटा भएकोमा आवश्यक कागजात पेश नगरी लागत अनुमानको तुलनामा कम कवोल गरी निर्माण कार्य गरेको पाइयो । विक्री, दर्ता, तथा आवश्यक कागजात अध्यावधिक गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद व्यवस्थापन गर्नु पर्दछ ।

२०. **खाताः** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३९ मा नगरपालिकाले राख्नुपर्ने श्रेस्ताको ढाँचा तोकेको छ । सोही अन्तर्गत आम्दानीतर्फका खाताहरु अनुसुची १० दैनिक शिर्षकगत आय संकलन लगाएतका आयसंग सम्बन्धित खाताहरु राख्नुपर्नेमा राखेको पाइएन । खाताहरु नराख्दा नगरपालिकाको दैनिक आम्दानी, बैंक दाखिला एकिन तथा भिडान गर्न सकिएन । अतः नियमावलीले तोके बमोजिमका खाताहरु राख्नु पर्ने देखिन्छ ।

२१. **ढिला दाखिलाः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम कार्यलयमा प्राप्त आम्दानी तुरुन्त दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाको आम्दानी रु ११ लाख ६ हजार समयमानै दाखिला गरेको पाईएन ।यसरी आम्दानी रकम समयममानै दाखिला नगर्दा आम्दानी रकम हिनामिना हुन सक्ने हुँदा नियमावली बमोजिम समयमानै संञ्चितकोष दाखिला गर्नुपर्ने देखिन्छ ।

२२. **कर्मचारी सुविधा** भुक्तानी गर्दा खर्चको मापदण्ड र नगर परिषद्को निर्णय बमोजिम गर्नु पर्दछ । नगरपालिकामा कार्यरत विभिन्न कर्मचारीहरुलाई सुविधाको स्पष्ट मापदण्ड तथा निर्णय बेगर रु.२ लाख ३५ हजार भुक्तानी भएको पाईयो । यसरी स्पष्ट मापदण्ड तथा निर्णय बेगर रकम भुक्तानी हुँदा आवश्यक व्ययभार परेको छ । रकम खर्च गर्दा भुक्तानीको मापदण्ड तथा निर्णयका आधारमा हुनु पर्दछ । अतः कानुनी विपरितको सुविधा रकम अनियमित देखिन्छ ।

१८. **प्रयोजन नखुलेको खर्चः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३९(१)(ख) बमोजिमको बर्गिकरण बमोजिम नियमावलीको स्वीकृत परिधिभित्ररही विविध खर्च लेख्न सक्ने व्यवस्था गरेको छ । कार्यालयले रु १ लाख ८८ हजार विविध खर्च लेखेकोमा सोको प्रयोजन नखुलाएकोले कार्यालयको प्रयोजनमा नै खर्च भएको हो भनी यकिन गर्न सकिएन । यस प्रकारको खर्चमा नियन्त्रण हुनुपर्दछ ।

२३. **खर्च पुष्टि नभएको** : स्थानिय निकाय आर्थिक प्रशासन नियमावली बमोजिम रकम खर्च गर्दा सोलाई पुष्टि हुने फाँटवारी राख्नु पर्ने व्यवस्था गरेको छ । विभिन्न काठका फर्निचर ढुवानी गरेको भनी रु.३५ हजार खर्च लेखेकोमा ढुवानी गरेको फर्निचरको विवरण संलग्न गरेको देखिएन । रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विवरण राख्ने गर्नुपर्दछ। अतः ढुवानी खर्च यकिनहुन सकेन ।

२४. **मोवाइल रिचार्ज**ः सार्वजनिक स्रोतबाट व्यक्तिगत प्रयोजनाकालागि प्रयोगहुने खर्च गर्न मिल्दैन । दुई कर्मचारीले कुल रु.९ हजार मोवाइल रिजार्च बापत खर्च गरी सोधभर्ना लिएको देखियो । कानुनले व्यवस्था नगरेको सुविधा लिएको रकम असुल गरी संञ्चितकोष दाखिला गर्नुपर्नेदेखिन्छ ।

२५. **साविक गोर्खे गाउँ विकास समिति :** लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय छन :

२५.१. **आन्तरिक कर दस्तुर**ः स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु. १ लाख ८८ हजार बैंक दाखिला गरी बैक नगदी किताबमा पोष्टिङ गरेको कार्यालयको भनाई रहेकोमा नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन।

२५.२. **आम्दानी ढिलादाखिलाः** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम आम्दानी भएको रकम सोही दिन नभए भोलिपल्ट कोष दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । गाउँ विकास समितिले पालपोत, सिफारिस, घटना दर्ता लगाएतको रु १ लाख ८८ हजार राजस्व संकलन गरेकोमा ढिला दाखिला गरेको पाइयो । यसरी आम्दानी भएको रकम ७ महिना सम्म ढिला गरी आम्दानी रकम दाखिला भएको छ । नियमावलीले तोके बमोजिम दाखिला नगर्दा सार्वजनिक सम्पत्तिको गलत प्रयोग भएको देखियो । अतः नियमावली बमोजिम आम्दानी रकम तुरुन्त दाखिला गर्नु पर्ने देखिन्छ ।

२५.३. **सञ्चिकोष**ः गाउँविकास कोषमा गत वर्ष देखी मौज्दात रहेको नगद रु १३ हजार कोष खातामा दाखिला नगरेकोले सूर्योदय नगरपालिकामा हस्तान्तरण भएको देखिएन । उक्त रकम सम्बन्धितबाट असुल गरी नगरपालिकको संचित कोषमा दाखिला हुनपर्ने देखिन्छ ।

२६. **साविक पशुपतिनगर गाउँविकास समितिः** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु.५ लाख ७८ हजार बैंक दाखिला गरी बैक नगदी किताबमा पोष्टिङ गरेको कार्यालयको भनाई रहेकोमा नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकिएन।

२७. **साविक श्रीअन्तु गाउँ विकास समिति :** लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय छन ।

२७.१. **आन्तरिक कर दस्तुरः** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु.४ लाख ३८ हजार बैंक दाखिला गरी बैक नगदी किताबमा पोष्टिङ गरेको कार्यालयको भनाई रहेकोमा नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन।

२७.२. **ढिला दाखिलाः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम आम्दानी रकम सोही दिन नभए भोलिपल्ट कोष दाखिला गर्नु पर्ने व्यवस्था गरेको छ । फाल्गुन सम्मको रु. १ लाख ६८ हजार आम्दानी भएकोमा नियमावली बमोजिम बैंक दाखिला गर्ने गरेको पाईएन । आम्दानी भएको पुरै दाखिला नगरी आंशिक गर्ने कार्यले आर्थिक अनुशासनको पालना पक्ष कमजोर भएको छ । भने रकम हिनामिना वा नोक्सान हुन सक्ने हुँदा नियमावली बमोजिम तुरुन्त बैंक दाखिला हुनु पर्दछ ।

२८. **साविक समालबुङ गाउँविकास समिति** :लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय छन **।**

२८.१. **आन्तरिक कर दस्तुर**ः स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु. २ लाख २५ हजार बैंक दाखिला गरी बैक नगदी किताबमा पोष्टिङ गरेको कार्यालयको भनाई रहेकोमा नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन।

२८.२. **ढिला दर्ता दाखिलाः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम आम्दानी रकम सोही दिन नभए भोलिपल्ट कोष दाखिला गर्नु पर्ने व्यवस्था गरेको छ । गाउँ विकास समितिमा पालपोत, पंञ्जिकरण लगायतका राजस्व आम्दानी रु.२ लाख ४ हजार भएकोमा विभिन्न ५ पटकमा उक्त रकम बैंक दाखिला भएको छ । आम्दानी भएको रकम पुरै बैंक दाखिला नगरी आंशिक गर्ने कार्यले आर्थिक अनुशासनको पालना पक्ष कमजोर भएको छ । भने रकम हिनामिना वा नोक्सान हुन सक्ने हुँदा नियमावली बमोजिम तुरुन्त बैंक दाखिला हुनुपर्दछ ।

२९. **साविक लक्ष्मीपुर गाउँ विकास समितिः** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क, दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु.५ लाख ५७ हजार बैंक दाखिला गरी बैक नगदी किताबमा पोष्टिङ गरेको कार्यालयको भनाई रहेकोमा नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन ।

**बेरुजू स्थिति**

यो वर्षको लेखापरीक्षणबाट रु.२९ लाख ६२ हजार शुरु बेरुजू रहेकोमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन प्रतिक्रिया पछि रु.२ लाख ४६ हजार फछ्र्यौट भई रु.२७ लाख १६ हजार मध्ये असुल गर्नुपर्ने रु.११ लाख १६ हजार, नियमित गर्नुपर्ने रु.११ लाख ९५ हजार र पेश्की रु.४ लाख ५ हजार बाँकी छ ।

# फाकफोकथुम गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.४ लाख ९७ हजार र यो वर्ष रु.६ करोड ३० लाख ११ हजार समेत रु.६ करोड ३५ लाख ८ हजार आय भई रु.५ करोड ७६ लाख ९६ हजार खर्च गरी रु.५८ लाख १२ हजार बाँकी रहेको छ। लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आर्थिक अवस्था:** नेपालको संविधानको धारा २२९ मा स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहने, त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ भन्ने व्यवस्था रहेको छ।) यस आर्थिक बर्षमा साविक ५ गाउँ विकास समितिहरुको शुरु मौज्दात, सामाजिक सुरक्षा भत्ता, गाँउ पालिका अनुदान तथा आन्तरिक आय समेत रु.३ करोड ७७ लाख ९१ हजार जम्मा आम्दानी र उल्लेखित शिर्षकहरुमारु. ३ करोड १९ लाख ७९ हजार खर्च भई रु. ५८ लाख १२ हजार मौज्दात बांकी रहेको देखिएको छ। यो बर्षको कुल आम्दानी रु. ३ करोड ७७ लाख ९१ हजार मा आन्तरिक स्रोतको आम्दानी जम्मा रु. २ लाख ८६ हजार (०.७६ प्रतिशत) रहेबाट आन्तरिक स्रोत बढाउन आवश्यक व्यवस्था गर्नुपर्ने देखिएको छ।

२. **लेखाप्रणाली:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएतापनि गाउपालिकाले संचित कोष, चालू खाता र पुँजिगत खाताको बैंक नगदि किताब बाहेक अन्य कोष खाताहरुको बैंक नगदि किताब तयार गरेको पाइएन।

३. **आन्तरिक नियन्त्रण प्रणाली:**आन्तरिक नियन्त्रण प्रणाली विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा लिने नगरेको, मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक नगरेको छैन,सवारी साधनको ईन्धन खर्च गर्दा सोको लगवुक नराखेको, जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य भएको छैन, त्यस्तै आन्तरिक आयको अभिलेख व्यवस्थित नगरेको प्रयोग गरिने रसिदको रसिद नियन्त्रण खाता नराखेको, खप्ने जिन्सीको संकेतीकरण गर्ने तथा अभिलेख व्यवस्थापन गरेको छैन । वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको स्थिति देखियो । दैनिक रुपमा आम्दानी लेखामा लेखांकन नहुने तथा नगरपालिकाले राजश्व संकलनका लागि प्रयोग गर्ने सफटवेयर मध्ये नियन्त्रणका लागि विवधि राजश्वको रसिद नं प्रभावकारी रहेको भएपनि कार्यलय बाहिर प्रयोग हूने पार्कीङ शूल्क र भ्युटावर शुल्क राजश्व संकलनका लागि प्रयोग हूने रसिदको नियन्त्रण खाता नरहेको । त्यस्तै खानेपानीको राजश्व संकलन गर्न प्रयोग भएको स्फटवेयरको रसिद नियन्त्रण प्रभावकारी नरहेको स्थिति देखियो ।

४. **राजस्व असुलीतथा दाखिला**: आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२,१३ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ। त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता पेश गरेको पाइएन।

५. **आम्दानी ढिला दाखिला**:आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२, १३ ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने ,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ। आम्दानी रकम नियमावलीले तोके वमोजिम दाखिला गर्नु पर्नेमा सो गरेको देखिएन। कार्यलयबाट शिर्षकगत आम्दानीको खाता तथा आम्दानी रसिद पेश नभएको र आर्थिक विवरणमा आन्तरीक आय बैंक दाखिलाको आधारमा प्रस्तूत गरिएबाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला नियमानुसार भएको देखिएन । आम्दानी रकम नियमावलीले तोके वमोजिम गर्नुपर्दछ ।

६. **स्रोत नक्सांकन**: स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउंपालिका र नगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अन्तरगत खानी, जंगल तथा अन्य स्रोत, पुर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साँकन वा गाउं पालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन।

७. **वार्षिक खरिद योजना तयार नगरेको**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष रु.२८ लाख ९५ हजार को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन ।

८. **मालसामानको लागत अनुमान तयार नगरेको:** सार्वजनिक खरिद ऐन, २०५५ को दफा ५ ले सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

९. **अभिलेख**: बरबुझारथ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३र४७९ मिति २०७३र१२र२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्यगर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका गाउँबिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

१०. **सम्पत्ति हस्तान्तरण** : स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति ,दायीत्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको तथा प्रतिवेदन सार्वजनिक गरेको नपाईएकोले आदेशको पालिना गरि अभिलेख अध्यावधिक गरिनु पर्दछ ।

११. **प्रमाण पेश नभएको**: भ्रमण खर्च तीन जना व्यक्तीहरुले पेश गरेको मिति उल्लेख नभएको भ्रमण बिलको आधारमा रु.५ लाख १२ हजारभूक्तानी गरेको देखिएको भएतापनि सम्बन्धित व्यक्तीले रकम बूझेको देखिएन । उक्त रकम मध्ये कार्यलय प्रमूखले पेश गरेको रु.१७ लाख बराबरको भ्रमण बिलको परिक्षण गर्दा निर्वाचन गोष्ठी ३ दिन र स्थानीय तह संचालन गोष्ठिमा ५ दिन भाग लिन जांदाको भ्रमण खर्च भएको भएतापनि उक्त गोष्ठीमा सहभागी हून गरिएको अनूरोध जानकारी तथा गाउंपालिकाको तर्फबाट गोष्ठीमा सहभागी हून पठाइएको पत्र संलग्न गरेको देखिएन । तसर्थ भ्रमण आदेश वेगर रकम भुक्तानी भएको उक्त रकमको भुक्तानी सम्वन्धमा एकिन सकिएन ।

१२. **मु.अ.कर दर्ता:** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १९ बमोजिम रु २० हजार भन्दा वढीको खरीद कार्य गर्दा मु.अ. करमा दर्ता भएको व्यक्ती, फर्म, संस्था बा कम्पनीसग मात्र खरिद गर्नुपर्नेमा रु ८८ हजारको मालसामान खरिद मु.अ. कर मा दर्ता नभएका सँग कारोवार गरेको देखियो । खरीद कार्य गर्दा नियमको प्रावधानको पालना गर्नुपर्ने देखियो ।

१३. **साबिक फाकफोक गाउँविकास समिति**: स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क, दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु.५८ हजार बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन।

१४. **साबिक आमचोक गाउँविकास समिति**: स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु.४० हजार भनी बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ ।नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन।

१४.१. **दाखिला नभएको** : गत आ.ब. को लेखापरिक्षणमा रु.९०८।- को नगद मौज्दात देखिएकोमा उक्त मौज्दात श्रेष्तामा जिम्मेवारी नसारेको हुनाले लेखापरीक्षणका लागि पेश भएको आय व्यय विवरणमा नगद मौज्दात रहेको रकम गाउँ पालिकामा हस्तान्तरण नभएकोले गाउँ पालिकाको संचित कोषमा दाखिला गरेको प्रमाण पेश हुनपर्ने देखिन्छ ।

१५. **साबिक फूएतप्पा गाउँविकास समितिः** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर, सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु.७० हजार भनी बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद, दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन।

१५.१. **अग्रिम कर**ः चालु खर्च अन्तर्गत आ.ब. लेखापरिक्षण खर्च बापत रु.२२ हजार लेखांकन गरेको देखिएको तर लेखापरीक्षण शुल्कका लागि बिल पेश नभएको, लेखापरीक्षण शुल्क सहितको नियुक्ति पेश नभएको तथा उक्त भूक्तानीमा रु ३,३००।-कर कट्टि नभएको रकम असुल गर्नुपर्ने देखिन्छ ।

१६. **साबिक लुम्दे गाउँविकास समितिः** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर, सेवाशूल्क,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु.५२ हजार बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद, दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन।

१६.१. **विल भरपाई नभएको**ः स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को स्वीकृत बजेट भित्रको रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट खर्चका विल भरपाई स्वीकृत गराई खर्चका विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । विल भरपाई नभएको व्यहोरा देहायमा उल्लेख छ :

१६.२. वायरलेस इन्टरनेट वापतको खर्च रु.४५ हजारको खर्च पूष्ट्याई गर्ने बिल तथा कागजात पेश नभएको पेस गर्नुपर्ने देखिन्छ ।

१६.३. बालबालिका क्षमता बिकाशकालागि ४ वटा विभिन्न स्कुलबाट पेश भएको बिलको आधारमा लेखांकन गरिएको रु. ४७ हजार का सम्बन्धमा परिक्षण गर्दा गाविस बाट सामाजिक परिचालकले चेक मार्फत रकम बूझेको भनिएतापनि विधालयलाई रकम बूझाएको प्रमाण पेश नभएकोले उक्त प्रमाण पेश गर्नुपर्दछ ।

१६.४. **बांकी**ः बिगत लामो समय देखि अल्या भएको पेश्की यस आर्थिक वर्षमा फछर्यौट हुन नसकि जिम्वेवारी सारिएको २ व्याक्तिको पेश्की रु.१ लाख ३० हजारस्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम फर्छ्यौट गर्नु पर्नेमा लेखापरीक्षण अवधि सम्म पनि फर्छ्यौट भएको देखिएन । विगत वर्ष देखी बाँकी पेश्की फर्छ्यौट गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी छ ।

१७. **साबिक एकतप्पा गाउँविकास समितिः** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर, सेवाशूल्क,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु.४१ हजार भनी बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद, दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन।

१७.१. **वढी भ्रमण खर्च**ः स्थानीय निकाय आर्थिक प्रशासन नियमावली वमोजिम दैनिक तथा भ्रमण भत्ता भुक्तानी गर्नुपर्दछ ।

१७.१.१. एक कर्मचारीको २०७३।६।११ देखि १३ तथा मिति २०७३।५।१ देखि ४ सम्म भ्रमण आदेशमा मूकाम नखूलेको तथा निजको मिति उल्लेख नभएको भ्रमण बिलको आधारमा रु.११ हजार मध्ये यातायात खर्च रु.१६००।- को बिल नभएको तथा साथै फर्केको दिनको लागि एक चौथाइ दरमा मात्र भुक्तानी गर्नूपर्नेमा आधा दरमा भूक्तानी भई रु. २७००।( अधिक भुक्तानी भएको देखिएको रु २७००।- असुल गर्नुपर्ने देखिन्छ ।

१७.१.२. गा.वि.स.सचिवले कार्यालयको लागि २०७३।६।१ देखि ९ तथा अन्य २ भ्रमण खर्च मध्ये भ्रमण आदेशमा मूकाम नखूलेको तथा निजको मिति उल्लेख नभएको भ्रमण बिलको आधारमा रु.२१,३००।- मध्ये यातायात खर्च रु.२,४००।- को बिल नभएको साथै फर्केको दिनको लागि एक चौथाई दरमा मात्र भुक्तानी गर्नूपर्नेमा आधा दरमा भूक्तानी भई १,८००।- बढी भुक्तानी भएको देखिएको असुल गर्नु पर्ने देखिएको छ ।

१७.२. **भाडा कर संलग्न**ः बिल अनुसार बस नं. ७१२१ नौ दिनको लागि रिर्जभ गरेबापत भाडा रु.१ लाख ८९ हजार भुक्तानी गरेको देखिएको भएतापनी उक्त खर्चको प्रयोजन स्प्ष्ट नभएको साथै उक्त भाडा भूक्तानीमा १० प्रतिशतका दरले रु.१८,९००।- कर कट्टा गरेको नदेखिएकोले उक्त रकम असुल गरी राजश्व दाखिला गर्नुपर्ने देखिन्छ ।

**बेरुजु स्थिति**

यो वर्षको लेखापरीक्षणबाट रु.२ लाख ५० हजार बेरुजु रहेकोमासोमध्ये असुल गर्नुपर्ने रु.२७ हजार, नियमित गर्नुपर्ने रु.९३ हजार र पेश्की रु.१ लाख ३० हजार बाँकी रहेको छ ।

# चुलाचुली गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.२ लाख ९९ हजार र यो वर्ष रु.८ करोड १७ लाख ३२ हजार समेत रु.८ करोड २० लाख ३१ हजार आय भई रु.७ करोड ४ लाख ८७ हजार खर्च गरी रु.१ करोड १५ लाख ४४ हजार बाँकी रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आर्थिक अवस्था:** यो बर्षमा साविक २ गाउँविकास समितिहरुको शुरु मौज्दात, सामाजिक सुरक्षा भत्ता, गाँउ पालिका अनुदान तथा आन्तरिक आय समेत रु. ३ करोड ५ लाख ६१ हजार जम्मा आम्दानी र उल्लेखित शिर्षकहरुमा रु.२ करोड ४६ लाख ४ हजार खर्च भई रु.५९ लाख ५६ हजार मौज्दात बांकी रहेको देखिएको छ । यो बर्षको कुल आम्दानी रु.३ करोड २२ लाख ३६ हजारमा आन्तरिक स्रोतको आम्दानी जम्मा रु.८ लाख ७ हजार (२.५० प्रतिशत) रहेको देखिएबाट गाउँपालिकाको आन्तरिक स्रोतको अवस्था नाजुक देखिएको छ । यस गाउँपालिकाले आन्तरिक स्रोत बढाउन आवश्यक व्यवस्था गर्नुपर्ने देखिएको छ ।

२. **लेखाप्रणाली:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउंबिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएतापनि आन्तरिक आयतर्फ दोहोरो लेखाप्रणाली राखेको पाईएन ।

३. **आन्तरिक नियन्त्रण प्रणाली:** विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न नगरेको, मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक नगरेको तथा अन्तिम लेखापरीक्षणबाट औल्याएको बेरुजू अभिलेख व्यवस्थित छैन । त्यस्तै कार्यविवरण तयार गरि कर्मचारीको अधिकार जिम्मेवारी दिएको छैन । जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य नभएको, आन्तरिक आयको अभिलेख व्यवस्थित नगरेको तथाप्रयोग गरिने रसिदको रसिद नियन्त्रण खाता राखेको छैन ।

४. **राजस्व असुली तथा दाखिला**: आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२,१३ तथा र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ अनुसार स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता पेश गरेको पाइएन । स्थानीय तहवाट बिशेष ध्यान दिई आवस्यक निर्णय तथा कार्यान्वयन गरि आन्तरिक आयको उचित परिचालन हुनुपर्दछ ।

५. **वार्षिक खरिद योजना तयार नगरेको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैंयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष रु.२८ लाख ९५ हजार को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन ।

६. **मालसामानको लागत अनुमान तयार नगरेको**: सार्वजनिक खरिद ऐन, २०५५ को दफा ५ ले सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७. **बरबुझारथ**: संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३र४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका गाउँ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

८. **कारोबारको लेखा:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ५६ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी तथा खर्च रकमको लेखा दोहोरो लेखा प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक २ गाउँ विकास समिति वर्तमान यस गाउँपालिकाले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

९. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति ,दायीत्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको तथा प्रतिवेदन सार्वजनिक गरेको नपाईएकोले आदेशको पालिना गरि अभिलेख अध्यावधिक गरिनु पर्दछ ।

१०. **संञ्चिकोष** : गाउंपालिकाले पेश गरेको बैंक नगदि किताबमा संचित कोषको कारोबार अद्यावधिक भएको पाइएन साथै अन्यकोषको अन्तिम मौज्दात समेत बैंक नगदि किताबमा अद्यावधिक भएको छैन । गाउंपालिकाले कर दाखिला गरेको भनी रु.१,०१९।- को भौचर उठाएको, तर के बापतको कर दखिला गनुपर्ने भनी थाहा नभएको साथै उक्त कर दाखिलाको चेक काटेको नदेखिएकोले उक्त रकम दाखिला गर्नुपर्ने देखिन्छ ।

११. **आय लेखा**ः गाउँपालिकाले कूनै आम्दानी नगरेको तथा सम्बन्धित वडा कार्यलयले मालपोत, दस्तुर लगायतबाट आम्दानी गरेको रकम गाउंपालिकामा दाखिला गरेको देखिएको श्रेस्ता परिक्षण गर्दा अधिकांश वडा कार्यलयबाट शिर्षकगत आम्दानीको खाता तथा आम्दानी रसिद पेश नभएको र आर्थिक विवरणमा आन्तरीक आय बैंक दाखिलाको आधारमा प्रस्तूत गरिएबाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिलामा सुधार गर्नुपर्ने देखिएको छ ।

१२. **घर भाडा**ः मिति २०७४।३।१० को भौ नं. २६ बाट भएको घरभाडा भुक्तानी गर्दा सम्झौता वमोजिम गर्नुपर्दछ । भाडा रकम भुक्तानी गर्दा सम्झौता भन्दा रु. ३ हजारवढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिन्छ ।

१३. **भ्रमण प्रतिवे**दनः मिति २०७४।३।१३ मा एक व्यक्तिको पेश्की फर्छ्यौट गरिएको अनुगमन बापतको रु.५२ हजार तथा भ्रमण बापत रु.१ लाख ५९ हजारको एकमुष्ट ३७ वटा भ्रमण बिल पेश भएकोमा काम खुलाई अनुगमन प्रतिवेदन पेश गरेको पाईएन । अतः दैनिक भ्रमण खर्च भुक्तानी दिदा भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ ।

१४. **साबिक चुलाचुली गाउँविकास समितिः** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु. ८ लाख ७६ हजार बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद, दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन ।

१५. **साबिक साकफारा गाउँविकास समितिः** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले मालपोत आन्तरिक आम्दानी रु.३ हजार बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद, दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन ।

१६. **अग्रिमकर**ः आयकर ऐन, २०५८ बमोजिम पारिश्रमिक भुक्तानीमा अग्रिम करकट्टा गरी भुक्तानी हुन पर्नेमा साविक साकफारा गाउँविकास समितिले भुक्तानी गरेको लेखापरिक्षकको बिल रु.२५ हजारमा १५ प्रतिशत कर नकाटिएकोले रु ३ हजार ७५०।- असुल गरी राजश्व दाखिला गर्नुपर्दछ ।

**बेरुजु स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.८ हजार बेरुजू रहेकोमासोमध्ये असुल गर्नुपर्ने रु.७ हजार, नियमित गर्नुपर्ने रु.१ हजार रहेको छ ।

# माईजोगमाई गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गतको मौज्दात रु.८ लाख २२ हजार र यो वर्ष रु.७ करोड ५ लाख १७ हजार समेत रु.७ करोड १३ लाख ३९ हजार आय भई रु.६ करोड ५० लाख ७७ हजार खर्च गरी रु.६२ लाख ६२ हजार बाँकी छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आर्थिक अवस्था:** नेपालको संविधानको धारा २२९ मा स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहने, त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ भन्ने व्यवस्था रहेको छ। यस आर्थिक बर्षमा साविक २ गाउँ विकास समितिहरुको शुरु मौज्दात, सामाजिक सुरक्षा भत्ता, गाँउपालिका अनुदान तथा आन्तरिक आय समेत रु.३ करोड ८९ लाख ८० हजार जम्मा आम्दानी र उल्लेखित शिर्षकहरुमा रु.३ करोड २७ लाख १८ हजार खर्च भई रु.६२ लाख ६२ हजार मौज्दात बांकी रहेको देखिएको छ । यो बर्षको कुल आम्दानी रु.२ करोड ९६ लाख १९ हजारमा आन्तरिक स्रोतको आम्दानी जम्मा रु.२ लाख ८३ हजार (०.९६ प्रतिशत) रहेबाट आन्तरिक स्रोत बढाउन आवश्यक व्यवस्था गर्नुपर्ने देखिएको छ ।

२. **लेखाप्रणाली:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउंबिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने र तोकिएका अनुसूचीहरुको प्रयोग गर्नुपर्ने व्यबस्था भएतापनि नियमावली बमोजिमका अनुसूचीहरुको प्रयोग गरेको पाईएन ।

३. **आन्तरिक नियन्त्रण प्रणाली :** आन्तरिक नियन्त्रण प्रणाली विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा लिने नगरेको, मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक नगरेको छैन,सवारी साधनको ईन्धन खर्च गर्दा सोको लगवुक नराखेको, जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य भएको छैन, त्यस्तै आन्तरिक आयको अभिलेख व्यवस्थित नगरेको प्रयोग गरिने रसिदको रसिद नियन्त्रण खाता नराखेको, खप्ने जिन्सीको संकेतीकरण गर्ने तथा अभिलेख व्यवस्थापन गरेको छैन । वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको स्थिति देखियो । दैनिक रुपमा आम्दानी लेखामा लेखांकन नहुने तथा नगरपालिकाले राजश्व संकलनका लागि प्रयोग गर्ने सफटवेयर मध्ये नियन्त्रणका लागि विवधि राजश्वको रसिद नं प्रभावकारी रहेको भएपनि कार्यलय बाहिर प्रयोग हूने पार्कीङ शूल्क र भ्युटावर शुल्क राजश्व संकलनका लागि प्रयोग हूने रसिदको नियन्त्रण खाता नरहेको । त्यस्तै खानेपानीको राजश्व संकलन गर्न प्रयोग भएको सफ्टवेयरको रसिद नियन्त्रण प्रभावकारी नरहेको स्थिति देखियो ।

४. **राजस्व असुली तथा दाखिला**: आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२,१३ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता पेश गरेको पाइएन ।

५. **स्रोत नक्सांकन** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउंपालिका र नगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अन्तरगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तरगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा गाउंपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

६. **वार्षिक खरिद योजना तयार नगरेको**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) बमोजिम सार्वजनिक निकायले वार्षिक दस लाख रुपैंयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन ।

७. **मालसामानको लागत अनुमान तयार नगरेको**: सार्वजनिक खरिद ऐन, २०५५ को दफा ५ ले सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

८. **बरबुझारथः** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३र ४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका गाउँ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

९. **कारोबारको लेखा**ः स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ५६ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी तथा खर्च रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक २ गाउँ विकास समिति र वर्तमान यस गाउँपालिकाले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन ।

१०. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धीआदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वानगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउबिकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति ,दायीत्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुनेछ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस गाँउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको तथा प्रतिवेदन सार्वजनिक गरेको नपाईएकोले आदेशको पालिना गरि अभिलेख अध्यावधिक गरिनु पर्दछ ।

**वाडं. ३ र ४ खर्च खाता**

११. **जिन्सी आम्दानी:**आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम कार्यालयमा प्राप्त सामान जिन्सी आम्दानी गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले अफिस दराज टेवल आदी खरीद गरी रु ५६ हजार भुक्तानी गरेकोमा उक्त समानहरु जिन्सी दाखिला भएको पाईएन । अतः उक्त सामान जिन्सी दाखिला गर्नुपर्ने देखिन्छ ।

१२. **विल भरपाईः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट भित्रको रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट खर्चका विल भरपाई स्वीकृत गराई खर्चका विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । स्वास्थ्य चौकी नामसालिङ लाई स्वास्थ्य चौकी सुधारका लागि दिएको रकम रु १ लाख ७ हजार,विद्युत विस्तार कार्यक्रम रु १ लाख २३ हजार समेत रु २ लाख ३० हजार भुक्तानी भएकोमा उक्त कार्यको विल भरपाई मूल्याङ्कन तथा फांटवारी पेश भएको देखिएन । अतः नियमावली वमोजिम निर्माण कार्यको मूल्याकन तथा कामको फांटवारी पेश गर्नुपर्ने देखिन्छ ।

**नयाँबजार गाउँ विकास समितिः**

१३. **आन्तरिक कर दस्तुरः** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर, सेवाशूल्क दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु. ६६ हजार बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन ।

१४. **साविक जोगमाई गाउँविकास समिति**ः स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु.१ लाख ४१ हजार भनी बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ। नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन ।

१५. **कर दाखिला :** कट्टी गरेको अग्रिम आयकर रु ३ हजार दाखिला नगरी आय खातामा मौज्दात रहेको देखिएकोले कर राजश्व खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

१६. **कोष हिसावः** गा.वि.स.कार्यालयको पुरानो भवनका पुराना सामाग्री बिक्रीवाट आय रु.७३ हजार देखाइएको यसमा लिलाम विक्रीका आवश्यक प्रकृया जस्तो कम्तीमा ३ जनाको कोटेशन दर्ता हुनु पर्ने, माथिल्लो निकाय र अन्य कार्यालयको सरकारी प्रतिनिधित्व रहनुपर्ने साथै १ जना निवेदक सविन भट्टराइको निवेदनमा मात्र पहिलो पटकमै निर्णय भएको पाएको हुँदा प्रतिस्पर्धा भएको नदेखिएकोले यस्तो लिलाम विक्रि गर्दा बढी प्रतिस्पर्धात्मक हुने गरी गर्नुपर्दछ ।

१७. **साबिक नामसालिङ गाउँविकास समिति**: स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७

(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर, सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु.१ लाख ५३ हजार बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन।

१८. **साबिक सोयाङ गाउँविकास समितिः** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर, सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु. ७४ हजार बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन।

१९. **साबिक प्याङ गाउँ विकास समिति तर्फ**

१९.१. **आन्तरिक कर र दस्तुर :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर, सेवाशूल्क,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी हाटबजार कर समेत रु.९५ हजार भनी बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन ।

२०. **जिन्सी दाखिला** :साविक प्याङ्ग गाउँविकास समितिले रु.५८ हजारमा एक थान डेल ल्यापटप खरिद भएको जिन्सी लेखांकन नभएकोले जिन्सी दाखिला गर्नु पर्नेदेखिन्छ ।

## बेरुजु स्थिति

यो वर्षको लेखापरीक्षणबाट रु.३ लाख ४७ हजार बेरुजु रहेकोमासोमध्ये नियमित गर्नुपर्ने रु.३ लाख ४७ हजार  रहेको छ ।

# माङ्सेबुङ गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गतको रु.२ लाख ५७ हजार र यो वर्ष आय रु.५ करोड ८ लाख ६० हजार समेत रु.५ करोड ११ लाख १७ हजार आय गरी रु.४ करोड ६२ लाख १५ हजार खर्च भई रु.४९ लाख २ हजारबाँकी छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आर्थिक अवस्था:** नेपालको संविधानको धारा २२९ मा स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहने, त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ भन्ने व्यवस्था रहेको छ । यस आर्थिक बर्षमा साविक २ गाउँ विकास समितिहरुको शुरु मौज्दात, सामाजिक सुरक्षा भत्ता, गाँउ पालिका अनुदान तथा आन्तरिक आय समेत रु.३ करोड ५ लाख ६१ हजार जम्मा आम्दानी र रु २ करोड ४६ लाख ४ हजार खर्च भई रु. ५९ लाख ५६ हजार मौज्दात बांकी रहेको देखिएको छ । यो बर्षको कुल आम्दानी रु. २ करोड ४९ लाख ७३ हजार मा आन्तरिक स्रोतको आम्दानी जम्मा रु ८ लाख ७ हजार ( ३.२३ प्रतिशत) रहेबाट आन्तरिक स्रोत बढाउन आवश्यक व्यवस्था गर्नुपर्ने देखिएको छ ।

२. **लेखाप्रणाली:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउंविकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएतापनि आन्तरिक आयतर्फ दोहोरो लेखाप्रणाली राखेको पाईएन ।

३. **आन्तरिक नियन्त्रण प्रणाली :** आन्तरिक नियन्त्रण प्रणाली विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा लिने नगरेको, मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक नगरेको छैन,सवारी साधनको ईन्धन खर्च गर्दा सोको लगवुक नराखेको, जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य भएको छैन, त्यस्तै आन्तरिक आयको अभिलेख व्यवस्थित नगरेको प्रयोग गरिने रसिदको रसिद नियन्त्रण खाता नराखेको, खप्ने जिन्सीको संकेतीकरण गर्ने तथा अभिलेख व्यवस्थापन गरेको छैन । वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको स्थिति देखियो । दैनिक रुपमा आम्दानी लेखामा लेखांकन नहुने तथा नगरपालिकाले राजश्व संकलनका लागि प्रयोग गर्ने सफटवेयर मध्ये नियन्त्रणका लागि विवधि राजश्वको रसिद नं प्रभावकारी रहेको भएपनि कार्यलय बाहिर प्रयोग हूने पार्कीङ शूल्क र भ्युटावर शुल्क राजश्व संकलनका लागि प्रयोग हूने रसिदको नियन्त्रण खाता नरहेको । त्यस्तै खानेपानीको राजश्व संकलन गर्न प्रयोग भएको सफ्टवेयरको रसिद नियन्त्रण प्रभावकारी नरहेको स्थिति देखियो ।

४. **राजस्व असुली तथा दाखिला :** आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२,१३ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्नसक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता पेश गरेको पाइएन ।

५. **स्रोत नक्सांकन:** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउंपालिका र नगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अन्तरगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तरगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा गाउंपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

६. **स्थानीय सन्चित कोष** : स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६३ अनुसार गाँउपालिका तथा नगरपालिकाको स्थानीय सन्चित कोषसंग आवद्ध हुनेगरी वडामा एक खर्च खात रहने तथा चालु आर्थिक बर्षको अन्तमा वडाको खर्च खातामा रहेको सवै बाँकी रकम सम्वन्धित स्थानीय तहको सन्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साबिकका गाबिस र हालका वडाले आर्थिक वर्षको अन्तमा वाँकी रेहको रु २८११५० रकम सन्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम सन्चित कोषमा दाखिला गरिनुपर्ने देखिन्छ ।

७. **वार्षिक खरिद योजना तयार नगरेको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैंयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद

योजना तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो बर्ष रु. २८ लाख ९५ हजार को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन ।

८. **मालसामानको लागत अनुमान तयार नगरेको**: सार्वजनिक खरिद ऐन, २०५५ को दफा ५ ले सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

९. **बरबुझारथ**: संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३२४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका गाउँ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

१०. **कारोबारको लेखा:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ५६ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी तथा खर्च रकमको लेखा दोहोरो लेखा प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक २ गाउँ विकास समिति वर्तमान यस गाउँपालिकाले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

११. **आन्तरिक लेखापरीक्षण** : आन्तरिक लेखापरीक्षण गराई आन्तरिक लेखापरीक्षणको लागि आर्थिक विवरण तथा श्रेस्ता पेश गर्नुपर्नेमा आन्तरिक लेखापरीक्षण गराएको पाइएन । तोकेको समयमा आन्तरिक लेखापरीक्षण गर्दा आन्तरिक नियन्त्रण कमजोर हुने हुंदा आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन कार्यान्वयन गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

१२. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायीत्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस गाँउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको तथा प्रतिवेदन सार्वजनिक गरेको नपाईएकोले आदेशको पालिना गरि अभिलेख अध्यावधिक गरिनु पर्दछ ।

१३. **नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन:**सार्वजनिक खरिद ऐनको दफा ५ मा लागत अनुमान तयार गर्नुपर्ने र खरिद नियमावली २०६४ को नियम १२५ मा कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न संस्थाहरुलाई रु.११ लाख ६६ हजार भुक्तानी गरेकोमा सोको लागत अनुमान नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन पेश भएन । खर्च वमोजिमको नापी तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ ।

१४. **कर:** आय कर ऐन, २०५८ बमोजिम भुक्तानीमा करकट्टा गर्नुपर्दछ । आयकर ऐन २०५८ को दफा ८९ मा ठेक्का वा करारको भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिमकर कट्टा गर्नुपर्ने उल्लेख छ । कार्यालयले एक प्रा.लि.लाई रु १ लाख ४६ हजार भुक्तानी गरेकोमा रु २ हजार १८७ अग्रिम कर कट्टा गरेको नपाइएकोले अग्रिम कर असुल गरी दाखिला गर्नुपर्ने देखिन्छ ।

१५. **साबिक बाँझो गाउँविकास समिति**: स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु. ४८ हजार ४३५।- बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन।

**इभाङ गाउँ विकास समिति**:

१६. **आन्तरिक कर दस्तुर:**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले मालपोत तथा दस्तुर आन्तरिक आम्दानी रु। ५५ हजार बैंक

दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन।

१७. **साबिक गजुरमुखी गाउँ विकास समिति**ःस्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले मालपोत आन्तरिक आम्दानी रु. ६६ हजार ९५५ बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन।

१८. **कर्मचारी कल्याण कोष**ः साविक गजुरमुखी गाउँ विकास समितिबाट पेश भएको वार्षिक आर्थिक विवरण २०७३।११।२७ सम्ममा कर्मचारी कल्याण कोष खाताको मौज्दात रु ८८ हजार देखिएकोमा साविक गाउँ विकास समितिबाट गाउँपालिकामा रु.६५ हजार मात्र हस्तान्तरण भएको पाईयो । फरक रकम छुट्टै चल्ती खातामा मौज्दात रहेकोले फरक पर्न गएको कार्यालयको भनाइ छ । गाउँ विकास समितिको श्रेस्ता भन्दा रु २३ हजार घटी रकम कर्मचारी कल्याण कोषमा हस्तान्तरण भएकोले घटी जिम्मेवारी हस्तान्तरणको कारण पत्ता लगाई सम्बन्धित कोषमा रकम दाखिला हुनपर्नेदेखिन्छ ।

## बेरुजू स्थिति

यो वर्षको लेखापरीक्षणबाट रु.११ लाख ९१ हजार बेरुजू रहेकोमा सोमध्ये असूल गर्नुपर्ने रु.२ हजार, नियमित गर्नुपर्ने रु.११ लाख ८९ हजार रहेको छ ।

# रोङ गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गतको मौज्दात रु.२ लाख ७८ हजार र यो वर्ष रु.८ करोड १४ लाख ४४ हजार समेत रु.८ करोड १७ लाख २२ हजार आय गरी रु.७ करोड ४१ लाख २६ हजार खर्च गरी रु.७५ लाख ९६ हजार बाँकी छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आर्थिक अवस्था:** नेपालको संविधानको धारा २२९ मा स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहने, त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ भन्ने व्यवस्था रहेको छ । यस आर्थिक बर्षमा साविक २ गाउँ विकास समितिहरुको शुरु मौज्दात, सामाजिक सुरक्षा भत्ता, गाँउ पालिका अनुदान तथा आन्तरिक आय समेत रु ५ करोड ४२ लाख ४१ हजार जम्मा आम्दानी र विभिन्न शिर्षकहरुमा रु.४ करोड ६६ लाख २७ हजार खर्च भई रु. ७६ लाख १३ हजार मौज्दात बांकी रहेको देखिएको छ । यो बर्षको कुल आम्दानी रु.३ करोड ३३ लाख ८१ हजारमा आन्तरिक स्रोतको आम्दानी जम्मा रु। २ लाख १० हजार (०.६२ प्रतिशत) रहेबाट गाउँपालिकाको आन्तरिक स्रोतको अवस्था नाजुक देखिएको छ । यस गाउँपालिकाले आन्तरिक स्रोत बढाउन आवश्यक व्यवस्था गर्नुपर्ने देखिएको छ ।

२. **लेखाप्रणाली:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउंबिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएतापनि आन्तरिक आयतर्फ दोहोरो लेखाप्रणाली राखेको पाईएन ।

३. **आन्तरिक नियन्त्रण प्रणाली :** आन्तरिक नियन्त्रण प्रणाली विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा लिने नगरेको, मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक नगरेको छैन,सवारी साधनको ईन्धन खर्च गर्दा सोको लगवुक नराखेको, जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य भएको छैन, त्यस्तै आन्तरिक आयको अभिलेख व्यवस्थित नगरेको प्रयोग गरिने रसिदको रसिद नियन्त्रण खाता नराखेको, खप्ने जिन्सीको संकेतीकरण गर्ने तथा अभिलेख व्यवस्थापन गरेको छैन । वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको स्थिति देखियो । दैनिक रुपमा आम्दानी लेखामा लेखांकन नहुने तथा नगरपालिकाले राजश्व संकलनका लागि प्रयोग गर्ने सफटवेयर मध्ये नियन्त्रणका लागि विवधि राजश्वको रसिद नं प्रभावकारी रहेको भएपनि कार्यलय बाहिर प्रयोग हूने पार्कीङ शूल्क र भ्युटावर शुल्क राजश्व संकलनका लागि प्रयोग हूने रसिदको नियन्त्रण खाता नरहेको । त्यस्तै खानेपानीको राजश्व संकलन गर्न प्रयोग भएको स्फटवेयरको रसिद नियन्त्रण प्रभावकारी नरहेको स्थिति देखियो ।

४. **राजस्व असुली तथा दाखिला**: आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२,१३ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता पेश गरेको पाइएन ।

५. **स्रोत नक्सांकन**: स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउंपालिका र नगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अन्तरगत खानी, जंगल तथा अनय स्रोत, पूर्वाधार अन्तरगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा गाउंपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

६. **वार्षिक खरिद योजना तयार नगरेको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) बमोजिम वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको देखिएन ।

७. **मालसामानको लागत अनुमान तयार नगरेको**: सार्वजनिक खरिद ऐन, २०५५ को दफा ५ ले सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

८. **बरबुझारथ**: संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३।४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँविकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका गाउँबिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

९. **कारोबारको लेखा:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ५६ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी तथा खर्च रकमको लेखा दोहोरो लेखा प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक २ गाउँ विकास समिति वर्तमान यस गाउँपालिकाले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

१०. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति ,दायीत्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुनेछ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको तथा प्रतिवेदन सार्वजनिक गरेको नपाईएकोले आदेशको पालिना गरि अभिलेख अध्यावधिक गरिनुपर्दछ ।

**रोङ गाउँ पालिका वडा नं. ३ खर्च खाता**

११. **विल भरपाई तथा प्रतिवदेन पेश गर्नुपर्ने** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट भित्रको रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट खर्चका विल भरपाई स्वीकृत गराई खर्चका विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । रोङ्ग गाउँपालिकाको चालु तथा पूँजिगत खर्चको बैंक नगदी कितावमा रु.६९ लाख ४, हजार खर्च भएकोमा कार्यालयको आय व्यय हिसावमा रु.६९ लाख ४४ हजार खर्च लेखेकोले वास्तविक खर्च भन्दा रु ४० हजार बढी खर्च देखिएको हिसाव मिलान हुनुपर्दछ ।

१२. **फरक शिर्षक** : अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका २०७० को बजेटको व्याख्या अनुसार खर्च गर्नु पर्ने उल्लेख छ । कार्यालयले मोटरसाइकलको वीमा गर्दा वीमा शिर्षकबाट खर्च लेख्नुपर्नेमा सवारी साधन शिर्षकबाट रु १५ हजार खर्च लेखेको पाइएकोले उक्त खर्च नियम सम्मवत देखिदैन ।

**वडा नं ६ खर्च खाता**

१३. **विल भरपाई नभएको**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट भित्रको रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट खर्चका विल भरपाई स्वीकृत गराई खर्चका विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । जिर्मले महिला कृषि सहकारी संस्था लाई रु १ लाख ७१ हजार भुक्तानी गरेकोमा उक्त भुक्तानीको विल भरपाई तथा सोको फांटवारी पेश नभएकोले खर्च एकिन गर्न सकिएन । उक्त खर्चको सम्झौता वमोजिमको विल भरपाई तथा फांटवारी पेश गर्नुपर्ने देखिन्छ ।

१४. **नापी तथा कार्य सम्पन्न**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट भित्रको रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट खर्चका विल भरपाई स्वीकृत गराई खर्चका विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । स्कुल डाडा थरी गाउं वाटो निर्माण का लागि रु २ लाख ६३ हजार भुक्तानी गरेकोमा उक्त भुक्तानीको कामको मूल्याङ्कन, नापी तथा कार्य सम्पन्न प्रतिवेदन तथा सोको फांटवारी पेश नभएकोले खर्च एकिन गर्न सकिएन । उक्त खर्चको सम्झौता वमोजिमको नापी, मूल्याङ्कन तथा फांटवारी पेश गर्नुपर्ने देखिन्छ ।

१५. **कर:** आय कर ऐन, २०५८ वमोजिम खरीदको विल भुक्तानीमा १.५ प्रतिशत अग्रिम करकट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । एक प्रा.लि वाट विभिन्न सामान खरीद गरी रु ६ लाख ८७ हजार भुक्तानी गरेकोमा रु १० हजार र अर्का सप्लायर्सवाट रु.२ लाख ७ हजार मा १ थान मोटरसाईकल खरीद गरेकोमा अग्रिम कर वापत रु ३ हजार समेत रु.१३ हजार अग्रिमकर कट्टा गर्नुपर्नेमा नगरेकोले उक्त असुल गरी राजश्व दाखिला गर्नुपर्ने देखिन्छ ।

१६. **पेश्की**: आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम उद्देश्य वमोजिमको कार्यसम्पन्न गरी पेश्की फछ्यौट गर्नु पर्दछ । २ कार्यालयका कर्मचारीले रु ३ लाख ३० हजार पेश्की लगेकोमा आर्थिक वर्षको

अन्तसम्म पनि फछ्यौट नगरी वांकी देखिएको तथा उक्त कार्यक्रम सञ्चालन हुन नसक्ने देखिएकाले असुल गर्नुपर्ने देखिन्छ ।

१७. **साबिक शान्तिपुर गाउँ विकास समिति**ः स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर, सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु.९४ हजार बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुनसकेन।

**साबिक कोल्बुङ गाउँविकास समिति**

१८. **आन्तरिक कर दस्तुर**ः स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु.१ लाख ७७ हजार भनी बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकिएन ।

१८.१. **कर दाखिला** : कार्यालयले विभिन्न भुक्तानीबाट कट्टी गरेको अग्रिम आयकर रु ३ हजार दाखिला नगरी आय खातामा मौज्दात राखेको रकम गाउँ पालिकामा हस्तान्तरण भएको देखिएकोले संचित कोषबाट राजश्वमा दाखिला हुन पर्ने देखिन्छ ।

१९. **साबिक इरौंटार गाउँविकास समितिः** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु। १ लाख ४ हजार बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन।

२०. **साबिक जिर्मले गाउँविकास समितिः** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु.३८ हजार भनी बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकिएन ।

## बेरुजु स्थिति

यो वर्षको लेखापरीक्षणबाट रु.८ लाख ५१ हजार शुरु बेरुजू रहेकोमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन पश्चात रु.१६ हजार प्रतिक्रियावाट फछ्र्यौट गरी रु.८ लाख ३५ हजार बाँकीमध्ये असूल गर्नुपर्ने १६ हजार, नियमित गर्नुपर्ने रु.४ लाख ८९ हजार र पेश्की रु ३ लाख ३० हजार रहेको छ ।

# सन्दकपुर गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.५ लाख ५६ हजार र यो वर्ष रु.५ करोड ७८ लाख ३६ हजार समेत रु.५ करोड ८३ लाख ९२ हजार आय गरी रु.५ करोड २२ लाख ९६ हजार खर्च गरी रु.६० लाख ९६ हजार बाँकी छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आर्थिक अवस्था:** नेपालको संविधानको धारा २२९ मा स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहने, त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋृण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ भन्ने व्यवस्था रहेको छ । यस आर्थिक बर्षमा साविक ५ गाउँ विकास समितिहरुको शुरु मौज्दात, सामाजिक सुरक्षा भत्ता, गाँउ पालिका अनुदान तथा आन्तरिक आय समेत रु। ३ करोड ८६ लाख ८८ हजार जम्मा आम्दानी र उल्लेखित शिर्षकहरुमा रु.२ करोड २५ लाख ९१ हजार खर्च भई रु. ६० लाख ९६ हजार मौज्दात बांकी रहेको देखिएको छ । यो बर्षको कुल आम्दानी रु.२ करोड ५६ लाख ९९ हजारमा आन्तरिक स्रोतको आम्दानी जम्मा रु.२ लाख ५४ हजार (०.९९ प्रतिशत) रहेबाट आन्तरिक स्रोत बढाउन आवश्यक व्यवस्था गर्नुपर्ने देखिएको छ ।

२. **लेखाप्रणाली:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएतापनि आन्तरिक आयतर्फ दोहोरो लेखाप्रणाली राखेको पाईएन ।

३. **आन्तरिक लेखापरीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम ३७ वमोजिम मासिकमा रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने र आन्तरिक लेखापरीक्षण गरेको ७ दिनभित्र प्रतिवेदन गर्नुपर्ने उल्लेख छ । पुरानो नगरपालिकाको वार्षिक रुपमा आन्तरीक लेखापरीक्षण गरेको भए पनि साविक गाउं विकास समितिहरुको आनतरीक लेखापरीक्षण गरेको पाईएन तोकेको समयमा आन्तरिक लेखापरीक्षण नहुंदा तथा आन्तरीक लेखापरीक्षण नहुंदा आन्तरिक नियन्त्रण कमजोर हुने हुन्छ । तोकिएको समयमा आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

४. **आन्तरिक नियन्त्रण प्रणाली :** आन्तरिक नियन्त्रण प्रणाली विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा लिने नगरेको, मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक नगरेको छैन,सवारी साधनको ईन्धन खर्च गर्दा सोको लगवुक नराखेको, जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य भएको छैन, त्यस्तै आन्तरिक आयको अभिलेख व्यवस्थित नगरेको प्रयोग गरिने रसिदको रसिद नियन्त्रण खाता नराखेको, खप्ने जिन्सीको संकेतीकरण गर्ने तथा अभिलेख व्यवस्थापन गरेको छैन । वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको स्थिति देखियो । दैनिक रुपमा आम्दानी लेखामा लेखांकन नहुने तथा नगरपालिकाले राजश्व संकलनका लागि प्रयोग गर्ने सफटवेयर मध्ये नियन्त्रणका लागि विवधि राजश्वको रसिद नं प्रभावकारी रहेको भएपनि कार्यलय बाहिर प्रयोग हुने पार्कीङ शूल्क र भ्युटावर शुल्क राजश्व संकलनका लागि प्रयोग हूने रसिदको नियन्त्रण खाता नरहेको । त्यस्तै खानेपानीको राजश्व संकलन गर्न प्रयोग भएको सफ्टवेयरको रसिद नियन्त्रण प्रभावकारी नरहेको स्थिति देखियो ।

५. **राजस्व असुली तथा दाखिला** आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२, १३ ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने तगा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता पेश गरेको पाइएन ।

६. **स्रोत नक्सांकन**: स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउंपालिका र नगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अन्तरगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तरगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा गाउंपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

७. **वार्षिक खरिद योजना तयार नगरेको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) बमोजिम सार्वजनिक निकायले वार्षिक दस लाख रुपैंयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक

वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो अनुसार खरिद योजना तयार गरेको देखिएन ।

८. **मालसामानको लागत अनुमान तयार नगरेको**: सार्वजनिक खरिद ऐन, २०५५ को दफा ५ ले सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

९. **बरबुझारथ**: संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३।४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका गाउँबिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

१०. **कारोबारको लेखा:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ५६ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी तथा खर्च रकमको लेखा दोहोरो लेखा प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक २ गाउँ विकास समिति वर्तमान यस गाउँपालिकाले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

११. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायीत्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस गाँउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको तथा प्रतिवेदन सार्वजनिक गरेको नपाईएकोले आदेशको पालिना गरि अभिलेख अध्यावधिक गरिनु पर्दछ ।

१२. **साबिक माइपोखरी गाउँ विकास समिति**: स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषद्ले निर्णय गरे अनुसार कर, सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु. ७६ हजार बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन।

१३. **साबिक माबु गाउँ विकास समिति :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर, सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु.७१ हजार बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद, दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन।

१४. **साबिक सुलुबुङ गाउँविकास समिति:** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर, सेवाशूल्क,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु.६२ हजार बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद, दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकेन।

१५. **आम्दानी:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम आम्दानी रकम सोही दिन नभए भोलिपल्ट कोष दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । गाउँविकास समितिले २०७३ श्रावण देखि फागुन २५ सम्मको आन्तरिक आय रु.६२ हजार एकमुष्ठ दाखिला गरेको छ । अतः आन्तरीक आम्दानी समयमानै दाखिला गर्नुपर्दछ ।

१६. **साबिक जमुना गाउँ विकास समितिः** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर, सेवाशूल्क,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु.९८ हजार बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद, दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकिएन ।

## बेरुजू स्थिति

योवर्षको लेखापरीक्षणबाट रु.३१ हजार बेरुजू रहेकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि रु.३१ हजार हजार प्रतिकृयाबाट हटाएकोले बाँकी देखिएन ।

## मेचीनगर नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत आर्थिक वर्षसम्मको मौज्दात रू. १६ लाख ७२ हजार, यो बर्षको आम्दानी रू.४४ करोड ६३ लाख ३१ हजार गरी जम्मा रु. ४४ करोड ८० लाख ३ हजार आम्दानी भएकोमा रु.३९ करोड ५९ लाख ९२ हजार खर्च गरी रु. ५ करोड २० लाख ११ हजार मौज्दात बाकी रहेको छ । उक्त आर्थिक कारोबारको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

१. **बिल भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च सम्बन्धी कार्य विधिको उपनियम (३) मा यस नियमावली बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नुपर्नेछ भन्ने व्यवस्था छ । केन्दीय पंजिकरण विभागको च.नं.१०७१ मिति ०७४।२।२३ को वजेट अख्तियारी अनुसार रु. ११,६४,९४,०००।- बजेट कायम भै आर्थिक विवरण अनुसार पूरै रकम निकासा तथा खर्च जनाएको मध्ये रु. ६०,१६,९७५।- मिति २०७४।४।१७ मा बेरुजु राजस्व खातामा दाखिला भएको छ । लाभग्राही व्यक्तिहरुलाई बैंक मार्फत वितरण गरेको रु.११,०४,७७,०२४।५० खर्चको पुष्ट्याई गर्ने प्रमाण पेश भएन ।

२. **बढी भुक्तानी :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को बुंदा १३ मा लाभग्राहीले पाउने सुविधा नेपाल सरकारले समय समयमा निर्धारण गरे वमोजिम हुने र कुनै व्यक्ति एकभन्दा बढी लक्षित समूहमा परेमा त्यस्तो व्यक्तिले सबैभन्दा बढी रकम भएको एक समूहको भत्ता मात्र पाउने उल्लेख छ । केन्दीय पंजिकरण विभागको च.नं.१३२ मिति ०७३।५।११ को पत्रमा पूर्ण अपांगता व्यक्तिलाई मासिक रु.२,०००।- दरले भत्ता वितरण गर्ने उल्लेख भएकोमा प्रति व्यक्ति मासिक रु. ३,०००।- वितरण गरेकोले वडा.नं.१ देखि ९ सम्मका पूर्ण अपांगता भएका लाभग्राहीहरुलाई प्रति व्यक्ति १२ महिनाको रु. १२,०००।- ले ३१ व्यक्तिलाई निर्देशिकामा भएको व्यवस्था भन्दा बढी भुक्तानी भएको जम्मा रु. ३,७२,०००।- असूल गर्नु पर्दछ ।

३. **पेश्की वांकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार फछ्र्यौट सम्बन्धि व्यवस्था छ । स्थानीय तहले पेश गरेको पेश्की बांकीको विवरण अनुसार गत वर्षसम्मको बिभन्न ७ व्यक्ति तथा संस्थाको नाममा बाकी रहेको पेश्की ४१,४०,३५२।- रहेकोमा चालु वर्षको रु. ५९,८०,०००।- समेत रु. १,०१,२०,३५२।- रहेकोमा पेश्की फछ्र्यौट गरेको छैन । नियमावलीको व्यवस्था अनुसार फछ्यौट गर्नु पर्दछ ।

४. **आय बक्यौता :** स्थानीय निकाय आर्थिक प्रशासन निमायवली, २०६४ अनुसार बक्यौता रकम असुल गर्नु पर्ने व्यवस्था छ । स्थानीय तहको आन्तरिक आयको ठेक्का वापत वुझाउनु पर्ने विगत वर्षदेखिको बिभन्न ३३ व्यक्ति तथा संस्थाबाट प्राप्त गर्न बाकी रकम रु. ४१,४२,७५८।- असुल फछ्र्यौट गर्नु पर्दछ ।

५. **सुपरिवेक्षण तथा अनुगमन :** स्थानीय निकाय श्रोत परिचालनतथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षणगर्नु पर्ने व्यवस्था छ । गा वि स अन्तर्गत संचालित योजनाको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ ।

६. **संचित कोष :** स्थानीय निकाय आर्थिक प्रशासन निमायवली, २०६४ अनुसार आय व्यय विवरण अद्याधिक राख्नु पर्ने व्यवस्था छ । संचित कोष खाता अद्यावधिक नगरेकोले शीर्षकगत आम्दानी यकिन गर्न नसकिने भएकोले खाता अद्यावधिक हुन पर्दछ ।

७. **कन्टेन्जेन्सी खर्च :** स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ बमोजिम कन्टेन्जेन्सी खर्च सम्बन्धी कार्ययोजना गाउं परिषदबाट स्वीकृत गराई कन्टेन्जेन्सी खाताबाट खर्च व्यवस्थित गर्नु पर्ने व्यवस्था छ । कन्टेन्जेन्सी खातामा रकम जम्मा नगरी सम्बन्धित उपशर्षिकबाट खर्च गरेको छ । कन्टिन्जेन्सी खर्चको कार्य योजना वनाइ कार्ययोजना अनुसारको कन्टिन्जेन्सी खर्च लेख्नु पर्नेमा सोझै खर्च लेखिएको छ । साथै कन्टिन्जेन्सी खर्चको अभिलेख राख्ने नगरिएवाट कन्टिन्जेन्सी खर्च र सो प्रयोगको स्थिति एकिन हुन आएन ।

८. **जिन्सी निरीक्षण:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ वमोजिम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले वर्षमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लिनु पर्ने व्यवस्था छ । यस कार्यालयले वार्षिक जिन्सी निरीक्षण नगरेकोले जिन्सीको अवस्था मूल्यांकन गर्न सकिएन । नियमानुसार जिन्सी निरीक्षण हुनु पर्दछ ।

९. **गतविगतको पेश्की:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगतको म्याद नाघेको पेश्की रू.५७३,८००।— फछ्यौंट गर्न वांकी देखिएकोले नियम अनुसार फछ्र्यौट हुनु पर्दछ । यो बर्षको

एक व्यक्तिलाई दिएको इनार निर्माण पेश्की  रू ११,०००।– फरफारक भएको देखिएन ।

१०. **वक्यौता आय:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको ठेक्का तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गतविगतको म्याद नाघेको बिभिन्न ११ व्यक्तिबाट प्राप्त गर्न बाकी रहेको ठेक्का वापतको रकम रू.१,२१,६५१।– असूल गर्नु पर्दछ ।

११. **सुपरिवेक्षण तथा अनुगमन :** स्थानीय निकाय श्रोत परिचालनतथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षणगर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गत संचालित योजनाको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ ।

१२. **संचित कोष :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार आयव्यय तथा कोषको अवस्था अद्यवधिक गर्नु पर्ने व्यवस्था छ । संचित कोष खाता अद्यावधिक नगरेकोले शीर्षकगत आम्दानी यकिन गर्न नसकिने भएकोले खाता अद्यावधिक हुन पर्दछ ।

१३. **कन्टेन्जेन्सी खर्च–** स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ बमोजिम कन्टेन्जेन्सी खर्च सम्बन्धी कार्ययोजना गाउं परिषदबाट स्वीकृत गराई कन्टेन्जेन्सी खाताबाट खर्च व्यवस्थित गर्नु पर्ने व्यवस्था छ । कन्टेन्जेन्सी खातामा रकम जम्मा गरी सम्बन्धित उपशर्षिकबाट खर्च गरेको छ । कन्टिन्जेन्सी खर्चको कार्य योजना वनाइ कार्ययोजना अनुसारको कन्टिन्जेन्सी खर्च लेख्नु पर्नेमा सोझै खर्च लेखिएको छ ।

१४. **जिन्सी निरीक्षण–** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ वमोजिम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले वर्षमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लिनु पर्ने व्यवस्था छ । वार्षिक जिन्सी निरीक्षण गरेको पाइएन ।

१५. **पेश्की बाकी:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । ११ वटा निर्माण कार्यका लागि दिएको गत विगतको म्याद नाघेको पेश्की रू.४५६०००।– नियम अनुसार फछ्र्यौट हुनु पर्दछ ।

१६. **आय बक्यौता :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम दिएको ठेक्काको आम्दानी  तोकिएको म्याद भित्र दाखिला गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगतको म्याद नाघेको रू.१६२२११।– फछ्र्यौट गर्न वांकी देखिएकोले नियम अनुसार असूल फछ्र्यौट हुनु पर्दछ ।

१७. **नगद मौज्दात:** २०७३ फागुन २७ गतेको नगद मौज्दात रू. ५,०६,९११।– बैक दाखिला नगरेकोमा बैंक दाखिला गर्नु पर्दछ ।

१८. **आय दाखिला गर्नुपर्ने** : आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार आम्दानी असूल गर्नु पर्ने व्यस्वस्था छ । गत बर्षको नगद मौज्दात एक कर्मचारीको नाममा रू १७७,३६९।– देखिएको हुदां आवशयक कारबाही गरी नियमावलीको व्यवस्था अनुसार असूल गर्नु पर्दछ ।

१९. **जिन्सी निरीक्षण–** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ वमोजिम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले वर्षमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लिनु पर्ने व्यवस्था छ । यस कार्यालयले वार्षिक जिन्सी निरीक्षण नगरेकोले जिन्सीको अवस्था मूल्यांकन गर्न सकिएन । नियमानुसार जिन्सी निरीक्षण हुनु पर्दछ ।

२०. **आय वक्यौता :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम दिएको ठेक्काको आय तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु व्यवस्था छ । बिभिन्न ९ व्यक्तिहरूको नाममा वांकी देखिएको गतविगतको आय वक्यौता रू.९९८६०२।– नियम अनुसार दाखिला गर्नु पर्दछ ।

२१. **पेश्की बांकी:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगतको पेश्की रू.३,०४,१३७– र चालु पेश्की रू.५,३५,०००।– फछ्र्यौंट गर्न वांकी देखिएकोले नियम अनुसार फछ्र्यौट हुनु पर्दछ

२२. जिल्ला समन्वय समिति र आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्न बाकी मालपोत र अग्रिम आयकर बापतको रकम रू. ४१,५५१।– दाखिला गर्नु पर्दछ ।

२३. **पेश्की बांकी:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । यो बर्ष २ व्यक्तिको नाममा बाकी रहेको पेश्की रू.१,००,०००।– फछ्र्यौट गर्न वांकी देखिएकोले नियम अनुसार फछ्र्यौट हुनु पर्दछ ।

२४. **धरौटी मौज्दात** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७५ मा स्थानीय निकायले प्रचलित कानून बमोजिम म्याद तोकिएको भए सो म्यादभित्र र त्यस्तो म्याद नतोकिएको भए पन्ध्र दिनभित्र निर्णय गरी त्यस्तो धरौटी रकम सम्बन्धित स्थानीय निकायको कोषमा आम्दानी गर्नु पर्ने व्यवस्था छ । धरौटी रू. ४५३,८०।०० बांकी मौज्दात देखिएकोले सो रकम नियमानुसार आम्दानी विवरणमा समावेश गर्नु पर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.१२ करोड ३६ लाख ७१ हजार बेरुजू देखिएको मध्ये असुल गर्नु पर्ने ५८ लाख ३९ हजार, नियमित गर्नुपर्ने रु. ११ करोड १३ लाख ६ हजार र पेश्की रु. ६५ लाख २६ हजार रहेको छ ।

## दमक नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत आर्थिक वर्षसम्मको मौज्दात रू.८५ लाख ११ हजार, यस आ.व.को आम्दानी रू.३१ करोड २५ हजार गरी जम्मा रु. ३१ करोड ८५ लाख ३६ हजार आम्दानी गरी रु.३० करोड ५३ लाख खर्च पश्चात रु. १ करोड ३२ लाख ३६ हजार मौज्दात बाँकी रहेको छ ।

१. **संचित कोषः** स्थानीय निकाय आर्थिक प्रशासन निमायवली, २०६४ अनुसार आय व्यय विवरण अद्याधिक राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न कोष तर्फ भएका कारोवारलाई आय विवरणको अभिन्न अंग नबनाई छुट्टै प्रस्तुत गरिएको भेटियो । कोषतर्फको कारोवार आय विवरणमा प्रस्तुत हुने गरि अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

२. **खरिद योजना** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार सार्वजनिक निकायले बार्षिक १० लाख रुपैया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी बर्षको लागि बार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो तयार गरिएको पाइएन ।

३. **करकट्टी :** आयकर ऐन, २०५८ अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था छ । स्थानीय तहले बिभिन्न भुक्तानीमा सो कर कट्टी गरेको पाइएन । अतः अग्रिम कर रु.१४,८९०।- कट्टी नगरि भुक्तानी दिइएको सो असुल गरि राजस्व दाखिला गनुपर्दछ ।

४. **धरौटी फिर्ता** : नियमानुसार संस्थालाई करचुक्ता प्रमाण तथा मु.अ.कर समायोजन गरिएको प्रमाण बेगर धरौटी फिर्ता दिएको रकम रु.२,९२,२६०।- सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजनको प्रमाण पेश हुनु पर्दछ ।

५. **बाँकी बक्यौता :** एक प्रा.लि.को नाममा रहेको ५७६ विगाहको बक्यौता घर जग्गा कर रु.३,०८,७५,६७१।- नियमानुसार असुल गर्नुपर्दछ ।

६. **भवन निमार्ण** : नगरपालिका कार्यालय स्थित कार्यालय भवन निमार्णको लागि निर्माण व्यावसायीसँग रु. २,८७,४४,८२१।- मा सम्झौता भई २०७३।११।२७ मा निमार्ण कार्य सम्पन्न गर्नुपर्नेमा १ बर्ष म्याद थप गरी ९० प्रतिशत काम सम्पन्न भएको छ ।

(क) निर्माण व्यावसायी तेस्रो रनिङ्ग विलबाट रु.५५,५३,०००।- भुक्तानी दिदा झ्याल ढोका वापत रु.१४,८९,३५८।- भुक्तानी देखिन्छ । तर स्थलगत अवलोकनका क्रममा झ्याल ढोकाको काम भएको देखिएन । कामको नापजाच बिना सिफारिस गर्ने प्राविधिकलाई जिम्मोवार बनाई भुक्तानी भएको रकम असुल उपर गर्नुपर्दछ ।

७. **लगत अद्यावधिक :** स्थानीय तहमा दर्ता भइ संचालनमा रहेका व्यवसायको विवरण एकमुष्ट राख्ने गरेबाट व्यावसयको प्रकृती, मासिक तथा बार्षिक कर वक्यौताको स्थिती एकिन हुन नसकिएकोले व्यवसायको लगत अद्याबधिक गर्नु पर्दछ ।

८. **ठेक्का आय** : यो बर्ष बिभिन्न प्रयोजनका ९ आय ठेक्का बापत सम्झौता अनुरुप असुल गर्नुपर्ने बक्यौता रकम रु १५,९८,०१५।- बिगत बर्ष देखि उठ्न बाँकी देखिएकोले असुल गर्नुपर्दछ ।

९. **भाडा बक्यौता :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा स्थानीय निकायले आफ्नो स्वामित्वमा रहेको घर टहरा भाडामा दिई आय आर्जन गर्न सक्ने व्यवस्था छ । यो तहको बक्यौता भाडा रु.१७,९८,४५०।- असुल गर्नुपर्दछ।

१०. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलि, २०६४ पेश्की फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । बिभिन्न व्यक्तिको फछ्र्यौट हुन बाकी पेश्की रु.९२, ३२,८५८।- फछ्र्यौट हुनु पर्दछ ।

११. **कन्टिन्जेन्सी खर्च** : स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ बमोजिम कन्टेन्जेन्सी खर्च सम्बन्धी कार्ययोजना स्वीकृत गराई कन्टेन्जेन्सी खाताबाट खर्च गर्नु पर्ने व्यवस्था छ । कन्टिन्जेन्सी खर्चको कार्य योजना वनाई कार्ययोजना अनुसारको कन्टिन्जेन्सी खर्च लेख्नु पर्नेमा सोझै खर्च लेखिएको छ । कन्टिन्जेन्सी खर्चको रु.९,१६,४९५।- गरेको छ । शिर्षकगत अभिलेख राख्ने नगरिएवाट प्रयोगको स्थिति एकिन हुन सकेन ।

१२. **जिन्सी मौज्दात** : जिन्सी निरिक्षण प्रतिवेदनमा प्रयोगमा नरही मर्मत गर्नुपर्ने तथा मर्मत हुन नसक्ने जिन्सी मौज्दातको विवरण प्रस्तुत गरेकोमाा जिन्सी मौज्दात यकिन गरि व्यवस्थापन गरिएको पाइएन । त्यसैले मर्मत गर्नुपर्ने सामान मर्मत गरि प्रयोगमा ल्याउन र मर्मत हुन नसक्ने जिन्सी मौज्दातको यथोचित व्यवस्थापन गर्नपर्दछ ।

१३. **मैज्दात फरक :** धरौटीको बैक खाता रु.६३,७०३।- र संचित कोष रु.४७,९८१।- गरी रु.१,११,६८४।- श्रेष्ता भन्दा बैक हिसाब विवरणमा बढी देखिएकोले सो रकम आम्दानी बाध्नुपर्ने देखिन्छ ।

१४. **बेरुजु फछ्र्यौटः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०६ मा असुल फछ्र्यौट सम्बन्धि व्यवस्था छ । विभिन्न व्यक्तिहरुको गत बिगतको बाकी बेरुजु रु.२,१०,०००।- असुल गर्नुपर्दछ ।

### बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.४ करोड ५४ लाख १३ हजार बेरुजू देखिएको छ । सो मध्ये असुल गर्नु पर्ने रु.३ करोड ४२ लाख ८७ हजार, अनियमित रु.१७ लाख ८१ हजार, पेश्की रु. ९३ लाख ४५ हजार रहेको छ ।

# कन्काई नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत आर्थिक वर्षसम्मको मौज्दात रू. ७८ लाख ३० हजार, यो आ.व.को आम्दानी रू.१७ करोड ९९ लाख २८ हजार गरी जम्मा रु. १८ करोड ७७ लाख ५८ हजार आम्दानी भएकोमा रु.१७ करोड ७८ लाख ११ हजार खर्च गरी रु.९९ लाख ४७ हजार मौज्दात बाकी रहेको छ । उक्त आर्थिक कारोबारको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

१. **अनुमोदन बेगरको खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २९ मा थप कामको आदेश स्वीकृत गर्नु पर्ने व्यवस्था छ । ८७-२०७४।२।१० नगरपालिका भवन निर्माण कार्यमा संझौता परिमाण तथा अतिरिक्त कार्य गरे वापत एक निर्माण व्यावसायीले पेश गरेको रु. १४७४८३९।- को भेरिएसन विल पेश गरी रु. १०,००,०००।०० भुक्तानी दिएको देखिन्छ । सो निर्माण कार्यको थप भुक्तानी दिने तथा अतिरिक्त कामको नगरपरिषद्को निर्णय पेश हुन आएन । बढी काम गर्नुपर्ने आधार तथा निर्णय वेगर भुक्तानी भएको रु.१०,००,०००।- नियमित देखिएन ।

२. **फ्रिज :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२ (५) मा बाकी रकम फ्रिज गर्नु पर्ने व्यवस्था छ । जि.स.स.बाट प्राप्त सांसद विकास कोषका रकम आर्थिक विवरण अनुसार रु. ४१६३२१०।- आम्दानी देखिएकोमा खर्च रु. ४०५०८६०।- गरी रु. ११२३५०।- आन्तरिक कोषमा मौज्दात रहेकोले सो रु.११२३५०।- संचित कोष खातामा दाखिला गर्नुपर्ने देखिएको पाइयो ।

३. **नापी किताव :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३० मा कामको प्राबिधिक नापजाँच गर्नु पर्ने व्यवस्था छ । कार्यालय भवन निर्माण कार्यको लागि २०७२।३।२ मा एक निर्माण व्यवसायीसंग मु.अ.कर बाहेक रु. ३,८६,५७,१६१।- मा संझौता भएको देखियो । सो निर्माण कार्यको रनिङ्ग विलमा अघिल्लो खर्च भएको परिमाण र रकम उल्लेख गरिएको छैन । नापी किताब वर्षपिच्छे छुट्टाछुट्टै राख्ने गरेबाट भएको काम हाल सम्मको खर्च अद्यावधिक अवस्था देखिने अभिलेख नहुंदा कामको अवस्था यकिन नभएकोले मापन गर्ने आधार देखिएन । भुक्तानी भएको रकम रु.३,८६,५७,१६१।- अनियमित देखिएको पाइयो ।

४. **धरौटी जफत :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १७६ मा जफत भएको धरौटी कोषमा दाखिला गर्नु पर्दछ । २०७४।६।८ मा एक आपूर्तकले संझौता अनुसार विद्युत सोलार वत्तिको सेवा उपलव्ध नगरेको भनी राखेको धरौटी जफत गरी अर्को आपूर्तकबाट सेवा उपलव्ध गरी विल बमोजिम रु. ९७,५००।- खर्च भएको छ । धरौटीबाट सोझै खर्च गरेको, जफत भएको आन्तरिक आय खातामा आम्दानी गरी खर्च गर्नु पर्नेमा सोझै खर्च गरेको नियमित देखिएन । यस्तो सिधै खर्च गर्ने पद्धतीमा सुधार गर्नुपर्ने देखिन्छ ।

### बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु. ११ लाख १२ हजार बेरुजू रहेको मध्ये नियमित गर्नुपर्ने रु. ११ लाख १२ हजार रहेको छ ।

## भद्रपुर नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत आर्थिक वर्षसम्मको मौज्दात रू.१ करोड २६ लाख १५ हजार, यो आ.व.को आम्दानी रू.२७ करोड ७२ लाख ४८ हजार गरी जम्मा रु.२७ करोड ९८ लाख ६३ हजार आम्दानी भएकोमा रु.२६ करोड १६ लाख २७ हजार खर्च गरी रु.१ करोड ८२ लाख ३६ हजार मौज्दात बाँकी रहेको छ। उक्त आर्थिक कारोबारको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।

१. **आय असुली** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २० मा आम्दानी बुझ्ने नगरक्षेत्रमा सिनेमा हल र विज्ञापन कर आय शीर्षकमा आम्दानी गरेको देखिएन । गत विगतमा आम्दानी भएकोमा यो वर्ष आम्दानी नहुनुको कारण स्पष्ट खुलेको सकेको छैन । सबै प्रकारका आय असूल गर्न नगर पालिकाले यथोचित ध्यान दिनु पर्ने देखिएको छ ।

२. **अधुरो योजना** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३० मा समयमा निर्माण कार्य गर्नु पर्ने व्यवसथा छ । सगरमाथा चोक देखि पानीटैंकी जाने वाटो कालोपत्रे गर्ने कामको लागि मुल्य अभिबृद्धी कर सहितको लागत अनुमान ८३,५५,२८३।- तयार गरी प्रतिस्पर्धाबाट घटी (मू.अ.कर समेत) रु. ६०,७८,५६४।- मा एक निर्माण व्यावसायीसँग २०७४।३।२५ कार्य सम्पन्न गर्ने गरी २०७३।१२।१ मा संझौता भएको थियो । यो वर्ष २०७४।३।८ मा पहिलो रनिंग विलबाट रु. १२,१४,००९।- (संझौता अंकको १९.९७ प्रतिशत) भुक्तानी भएको छ । २०७४।३।७ मा दिएको निवेदन अनुसार २०७४।६।२४ निर्माण कार्य सम्पन्न गर्ने गरी म्याद थप भएकोमा लेखापरीक्षण अवधिसम्म निर्माण कार्य सम्पन्न भएको छैन । निर्माण कार्य अधुरो हुनुको कारण स्पष्ट हुन आएन ।

३. **अधुरो भवन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३० मा समयमा निर्माण कार्य गर्नु पर्ने व्यवसथा छ । भारतीय राजदूतावासको सहयोगमा कोल्डस्टोर निर्माणको लागि ४,७८,७३,२५८।- मूल्य अभिबिृद्धी कर सहितको लागत अनुमान तयार गरी भवन निर्माणको लागि एक निर्माण व्यावसायीसंग २०७३ असोज सम्ममा निर्माण सम्पन्न गर्ने गरी २०६७।८।२३ मा संझौता भएकोमा २०७०।६।२२ मा ११ औं विलसम्म रु. ३,४७,९५,९८२।- (मू.अ.कर समेत) खर्च गरेको पाइयो । २०७०।६।२२ देखि नहुदा भवन अधूरो स्थितिमा छ । सो निर्माण कार्य गरी सन्चालनमा ल्याउने तर्फ ध्यान जानु पर्दछ ।

४. **बैकसँग कारोबार** : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को बुंदा २२(क) मा नगरपालिका क्षेत्रमा बैंक मार्फत भत्ता वितरण गर्नु पर्ने उल्लेख छ । स्थानीय तहले सामाजिक सुरक्षा तेश्रो किस्ता भत्ता वितरण गर्न वडा सचिव ३ जनालाई रु.२,३५,१९,२००।- पेश्की दिएको पाइयो । पेश्की मध्ये रु. १,९६,७२,२००।- वितरण गरेको भर्पाइ र बाँकी रु. ३८,४७,०००।- राजस्व खातामा जम्मा गरेको छ ।

५. **बैंक हिसाव विवरण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१ मा आय यकिन गरी बैंक हिसाव विवरण तयार गर्नुपर्ने व्यवस्था छ । मुल संचित कोष खातामा बैंक हिसाब विवरणमा बढी आ. व. ०६५/६६ देखि हालसम्म रु. ५,५४,९५६।- फरक परेकोले बैंक हिसाव समायोजन गरी अविलम्व श्रेस्तामा आम्दानी बांध्नु पर्ने देखिएको छ ।

६. **आय बक्यौता** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २० मा अम्दानी विवरण तयार गर्नुपर्ने व्यवस्था छ। गत विगत देखि विभिन्न व्यक्ति/फर्मबाट असुल उपर गर्नुपर्ने आय बक्यौता रु.१२,८५,४२८।- असुल नभई बांकी रहेको हुदा रु. १२८५,४२८।- असुल उपर गर्नु पर्दछ ।

७. **गत बर्षको खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४० मा गत बर्ष दायीत्व सिर्जना भएको भुक्तानी गर्न बाकीको कच्चावारी राख्नु पर्ने व्यवस्था छ । चालु खर्च (ग-२-१ ) बापत भुक्तानी हुन बाँकी दायित्वको समावेश नगरी इन्धन र सामान खरिद बापत खर्च भएको हुंदा भुक्तानी दिन बांकी कच्चावारी समाबेश नगरी खर्च गरेको रु. ११,६५,९०४।- नियमित देखिएन ।

८. **बहाल कर** : आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम भाडा भुक्तानीमा १० प्रतिशत अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । पूंजीगत खर्च (ग-२-२) अन्तर्गत, ११५-२०७४।२।२६ मेची राजमार्गबाट स्वास्थ्य चौकी निर्माण उपभोक्ता समिति, भद्रपुर-१२ लाई सडक कालोपत्रे गर्ने कार्यमा रोलर भाडा रु. ८८,०००।- खर्च लेखेको पाइयो । नियमानुसार १० प्रतिशतले हुने रु. ८,८००।- करकट्टा नगरी खर्च गरेकोले सो रकम असुल उपर गरी संचित कोष दाखिला गर्नु पर्ने देखिन्छ ।

९. **बहाल कर:** आयकर ऐन २०५८ को दफा ८८ बमोजिम भाडा भुक्तानीमा १० प्रतिशत अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । टावर-देवकोटा मार्ग निर्माण उपभोक्ता समिति, भद्रपुर-११, १३ लाई सडक ग्राभेल गर्ने कार्यको विल भरपाई भुक्तान गर्ने क्रममा रोलर भाडा रु. २३२५००।- मा नियमानुसार १० प्रतिशत करकट्टी नै नगरी भुक्तान गरेको पाइएको हुंदा सो रकम रु. २३,२५०।□ असुल उपर गरी संचित कोष दाखिला गर्नु पर्ने देखिन्छ ।

१०. **बहाल कर :** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम भाडा भुक्तानीमा १० प्रतिशत अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । नाला सहितको बाटो निर्माण उपभोक्ता समिति, भद्रपुर-७, ८ लाई सडक नाला, सडक निर्माण गर्ने कार्यको विल भरपाई भुक्तान गर्ने क्रममा रोलर भाडा रु. ५४०००।-, ग्रेडर भाडा रु. ८३०००।- र काठको फर्मा

वापतको भाडा रु. ९५६००।- गरी जम्मा २३२६००।- मा नियमानुसार १० प्रतिशतले हुने रु.२३,२६०।- करकट्टा नगरी खर्च गरेको पाइएको हुंदा असुल गरी संचित कोष दाखिला गर्नु पर्ने देखिन्छ ।

११. **बहाल कर :** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम भाडा भुक्तानीमा १० प्रतिशत अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । नाली तथा बाटो निर्माण उपभोक्ता समिति, भद्रपुर-१० लाई सडक नाला, सडक निर्माण गर्ने कार्यको विल भरपाई भुक्तानी गर्दा मिक्चर मेशिन भाडा रु.१४२५००।-, ग्रेडर, लोडर भाडा रु. १६४९००।-, रोलर भाडा रु. ४००००।-, स्प्रेई· भाडा रु. २५,०००।- र काठको फर्मा वापतको भाडा रु. ९०,०००।- गरी जम्मा ४,६२,४००।- मा नियमानुसार १० प्रतिशतले हुने रु.४६,२४०।- करकट्टा नगरी खर्च गरेको हुंदा सो रकम असुल गरी संचित कोष दाखिला गर्नु पर्ने देखिन्छ ।

१२. **बहाल कर :** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम भाडा भुक्तानीमा १० प्रतिशत अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । मेची क्याम्पस पछाडीको बाटो कालोपत्रे उपभोक्ता समिति, भद्रपुर-८ लाई सडक कालोपत्रे गर्ने कार्यको विल भरपाई भुक्तानी गर्दा रोलर भाडा रु.१,९०,०००।- मा नियमानुसार १० प्रतिशतले हुने रु. १९,०००।- करकट्टा नगरी खर्च गरेको पाइएकोले सो असुल गरी संचित कोष दाखिला गर्नुपर्ने देखिन्छ ।

१३. **सापटी फिर्ता** : कोल्ड स्टोर भवन निर्माण भारतीय दूतावासको सहयोगमा संचालित कार्यक्रमलाई नगरपालिका कोष खाता मार्फत विभिन्न समयमा भुक्तान भएको रकम कार्यालयले सापटी सोधभर्ना प्राप्त गर्नुपर्नेमा हालसम्म नलिएको हुंदा सो रकम फिर्ता प्राप्त गर्नुपर्ने सम्बन्धमा प्रतिवेदन गरिएको छ ।

१४. **ऋण असुली** : दुबै पक्षबिच भएको सम्झौता बमोजिम म्याद समाप्त भएपछि ऋण लगानी असुल हुनु पर्दछ । गरिवी न्यूनिकरण कार्यक्रम कार्यक्रम अन्तरगत गतविगत आ. व. देखि विभिन्न व्यक्तिहरुमा ऋण लगानी गरी सांवा रु. १,४७,५५०।- र ब्याज रु. ६,७५४।- गरी जम्मा रु. १,५४,३०४।- असुल उपर गर्नुपर्ने देखिन्छ ।

१५. **ऋण लगानी :** गाउं नगर साझेदारी कार्यक्रम अन्तरगत गतविगत देखि विभिन्न टोल विकास संस्थाहरुमा ऋण लगानी गरी यो बर्षको अन्त्यसम्म सांवा रु. १८१२५०।- र ब्याज रु. २५७८।- गरी जम्मा रु. १८३,८२८।- असुल उपर गर्नुपर्ने देखिन्छ ।

१६. **अधुरो भवन** : भवन निर्माण गर्न भारतीय दूतावासको सहयोगमा आ. व. ०६७/६८ को मिति २०६७/९/९ गते एक निर्माण व्यावसायीसंग सम्झौता भई भवन निर्माण कार्य शुरु भएको आ. व. ०७३/७४ मा सातौं वर्षमा प्रवेश गरेकोछ । उक्त निर्माण कार्यको २०७०/६/२१ मा एघारौं रनिङ विल पेश भई सो मिति पश्चात हालसम्म कुनै भुक्तानी भएको देखिएन । सो मितिसम्ममा सो व्यवसायीलाई जम्मा रु. ३४७०५९८२।०० (मु. अ. कर सहित) भुक्तानी भएको व्यहोरा पेश भएको छ । प्रस्तुत निर्माण व्यवसायीको कार्यसम्पन्न गर्नुपर्ने म्याद २०७३ आश्विन मसान्त रहेको र तत्पश्चात हालसम्म सो सम्बन्धमा म्याद थप भए गरेको पाइएन । प्रस्तुत भवनको एघारौं रनिङ्ग विलसम्मको विल भुक्तानी गर्ने क्रममा ९ वटा आइटममा कार्यालयसंग सम्झौता गरेको भन्दा बढी परिमाणको विल थप कार्यको लागि भुक्तानी हुन गएकोले भेरिएसन स्वीकृत नभएको असुल उपर गर्नुपर्ने रु. १०,८०,४६८।- देखिएको छ ।

१७. **मुल्य अभिबृद्धी कर सोधभर्ना** : भवन निर्माणका निमित्त कार्यालयले रनिङ विल भुक्तानी गर्ने क्रममा भुक्तानी भएको मुल्य अभिबृद्धी कर रकम कार्यालयले तत्काल भुक्तान गरी सो आन्तरिक राजश्व विभाग मार्फत सोधभर्ना लिनुपर्नेमा हालसम्म सोधभर्ना नलिएको हुंदा आवश्यक क्रियाशिलता अपनाई फिर्ता प्राप्त गर्नुपर्ने देखिन्छ । मिति २०६८/१२/१० को आठौं रनिग विलदेखि मिति २०७०/३/२८ को एघारौं रनिग विल भुक्तान गरिएकोमा सोको मुल्य अभिबृद्धी कर हालसम्म रु. ९,१५,८७०।- फिर्ता भएको छैन ।

१८. **धरौटी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७६ (१) मा कुनै काम गर्न धरौटी वा जमानत राख्नु पर्ने भई राखिएको धरौटी कानून बमोजिम वा करारको शर्तनामा बमोजिम जफत गर्नुपर्ने भएमा अधिकार प्राप्त अधिकारीले निर्णय गरी त्यस्तो धरौटी वा जमानतको रकम जफत गर्नु पर्ने व्यवस्था छ । पार्किग शुल्क वापतको एक व्यक्तिबाट प्राप्त आय प्रगतिमा समावेश भईसकेको हुंदा हालसम्म धरौटी खातामा रहेको हुंदा सदरस्याहा गरी रु. १५०२५।- आम्दानी बाध्नु पर्ने देखिन्छ ।

१९. **जिन्सी सम्बन्धमा :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१४ मा कार्यालयले लगत खडा गरी राखिएको मालसामान के कस्तो अवस्थामा छ सोको जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन र तद्अनुरुप नै जिन्सी सम्पत्ति विवरण एवम् सोको अवस्था वारे यकिन धारणा तयार गर्न सकिएन ।

२०. **मर्मत खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम १५३ मा स्थानीय निकायमा रहेको मालसामान मर्मत सम्भार गर्नुपर्ने अवस्थामा निकायको प्रमुखलाई जानकारी गराई लागत अनुमान तयार गराई स्वीकृत गराउनु पर्ने कुरा उल्लेख छ । अनुसुची (क, ख) बमोजिम चल्ती मेशिन वा सवारीको मर्मत अभिलेख किताब राख्नु पर्ने व्यवस्था छ । स्थानीय तहले यो बर्ष खरिद गरेको सवारी साधन, दमकल, जेसिवी, रोलर, ट्रयाक्टर आदिमा सवारी साधन मर्मतमा प्रशस्त खर्च गरेको छ तर ती साधन विभिन्न वर्कसपबाट दरभाउपत्र लिई किफायती अपनाउने र सो मर्मत सम्भारको नियममा व्यवस्था भए बमोजिम अभिलेख राख्ने गरेको नपाइएको हुंदा अविलम्व सो प्रणाली अपनाउनु पर्दछ ।

२१. **इन्धन खर्च** : कार्यालयले सवारी साधनको इन्धनमा ठूलो श्रोत खर्च गरेको छ । सोको निमित्त नियमानुसार सवारी

लगबुक खडा गरी इन्धन खर्च गर्नुपर्नेमा सो गरे गराएको नपाइएको हुंदा आन्तरिक नियन्त्रण प्रणालीलाई सवल बनाउनका निमित्त सो प्रणाली अवलम्वन गर्न सुझाव पेश गरिएको छ ।

२२. **मोवाइल खरिद :** जिन्सी किताव अनुसार गत वर्षसम्म १५ थान मोवाइल सेट मौज्दात रहकोमा यस वर्ष ८ थान मोवाइल सेट गरी जम्मा २३ थान रहेको देखिन्छ । मोवाइल सेट खरीद गर्न पाउने आधार प्रमाण वेगर रु. १५,७००।- देखि रु. २८,३००।- सम्मका महंगा मोवाइल खरिद गर्दा मितव्ययिता कायम नभएकोले भुक्तानी गरेको रकम अनियमित देखिन्छ ।

२३. **सुपरिवेक्षण तथा अनुगमन :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ३३ र ३४ अनुगमन तथा सुपरिवेक्षणगर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गत संचालित योजनाको अनुगमन तथा प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ ।

२४. **पेश्की बाँकी:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगतको १० व्यक्ति तथा संस्थाको नाममा बाकी रहेको रु.१,९२,५००।- र चालु बर्षको पेश्की रु ११,५००।- समेत वांकी देखिएको नियम अनुसार फछ्र्यौट गर्नु पर्दछ ।

२५. **अग्रिम कर :** आयकर: ऐन, २०५८ को दफा ८८(१) अनुसार भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नु पर्नेमा तलब भुक्तानी गर्दा निम्नानुसार रु. ८,४४२।- कर कटी गरेको देखिएन ।

२६. **रसिद नियन्त्रण खाता** : नगदी रसिद नियन्त्रण खाता अभिलेख नराखेकोमा रसिद प्राप्ति र खर्चको अवस्था एकिन गर्न सकिएन । अभिलेख प्राप्त नभएकोले बैंकमा दाखिला गर्नुपर्नेमा दाखिला नगरी खर्च गरेको देखियो ।

२७. **नगद** : अन्तिम मौज्दात १,५३,०९३।- रहेकोमा १,४६,४३८।- एक कर्मचारीको नाममा रहेको देखिन्छ । ०७०/०७१ को लेखापरिक्षण प्रतिवेदन अनुसार बांकी रु. ६,६५५।- नामा नामेसी जिम्मेवारी खुल्न नआएकोले उक्त रकम बैंक दाखिला गर्नु पर्दछ ।

२८. **विगतको ठेक्का :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम एक व्यक्तिको आय वक्यौता रु. ८,५००।- दाखिला हुनु पर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.७० लाख २ हजार बेरुजू देखिएको मध्ये असुल गर्नुपर्ने रु.१४ लाख २१ हजार, नियमित गर्नुपर्ने रु.५४ लाख ६६ हजार र पेश्की रु.१ लाख १५ हजार रहेको छ ।

# अर्जुनधारा नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत आर्थिक वर्षसम्मको मौज्दात रू. ४० हजार, यो आ.व.को आम्दानी रू.१६ करोड ९४ लाख ५२ हजार गरी जम्मा रु. १६ करोड ९४ लाख ९२ हजार आम्दानी भएकोमा रु.१४ करोड २७ लाख ६१ हजार खर्च गरी रु.२ करोड ६७ लाख ३१ हजार मौज्दात बाँकी रहेको छ । उक्त आर्थिक कारोबार गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

१. **बहाल कर :** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार कर विजक सहित अग्रिम कर भुक्तानी गर्नु पर्ने व्यवस्था छ । रोलर र ट्र्याक्टर भाडाको भरपाई अनुसार उपभोक्ता समितिद्धारा काम गराई भाडा भुक्तानी गर्दा लाग्ने कर रु. २,४५,४६०।- कट्टी गरेको नदेखिदा सो रकम असुल गर्नुपर्दछ ।

२. **कर कट्टी:** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम १५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ । नगर परिषद्को निर्णय अनुसार घरधुरी कर उठाउनको लागि महिला स्वयंसेविकालाई परिचालन गरी कर असुली गरेको रकमको ३० प्रतिशतले हुने रकम खाजा तथा खानाको लागि प्रोत्साहन भत्ता वापत रु. ४,१८,३८४।- भुक्तानी भएकोमा करकट्टी रु. ६२७५७।- अग्रिम कर असुल गरेको पाइएन ।

३. **आन्तरिक आय :** आीर्थक ऐन, २०७३ अनुसार घरजग्गा कर असुल गर्नुपर्ने व्यवस्था छ । तहले यस वर्ष घरजग्गा कर असुल नगरेको कारणबाट घरजग्गाकर असुल हुन सकेको पाइएन । घरधुरी कर वापत आयआर्जनमा नगदी रसिदको प्रयोग गरेको पाइयो । रसिद नियन्त्रण खाता नराखेकोले रसिद आम्दानी र खर्च यकिन गर्ने आधार देखिएन । यसबाट आन्तरिक आय यकिन हुन सकेको देखिएन ।

४. **नगद मौज्दात :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, ३०६४ को नियम २१ अनुसार आम्दानीको लेखा अद्यवधिक गरी राख्नु पर्दछ । कार्यालयले आन्तरिक आय असूल गरेको मध्ये ९ जना कर्मचारीको जिम्मामा रहेको रु. ९,६८,४९७।- नगद मौज्दात राखेको देखियो । उक्त रकम रु. ९,६८,४९७।- असूल गर्नु पर्दछ ।

५. **प्रतिस्पर्धा सीमित** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार स्थानीय तहले १० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको सामान खरिद गर्दा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । सौर्य बत्ति जडान कार्यक्रमको लागि १६२ विद्युत पोल निर्माण, ढुवानी र जडानको लागि एक निर्माण व्यावसायीलाई रु. ५२८९७,६०।०० भुक्तानी दिएको देखिन्छ । सो निर्माणको प्रतिस्पर्धा गराई घटीदातासंग निर्माण कार्य गराउनु पर्नेमा लाभग्राहीबाट सोझै काम गराई प्रतिष्पर्धा सिमित हुने गरी गरेको काम नियमित देखिएन ।

६. **खरिद योजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले वार्षिक १० लाख रुपैंया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षमा गर्ने कामको वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले खरिद इकाइ गठन गरी खरिद योजना तयार गरेको देखिएन । खरिद योजना तयार नहुदा समय र योजनाबद्ध खरिद भएको अवस्था नहुदा खरिद पारदर्शि भएको पाइएन ।

७. **करदर्ता प्रमाण पत्र :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ (१) अनुसार स्थानीय तहले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । खरिद कार्य मुल्य अभिवृद्धि कर कार्यालयमा दर्ता नभएका आपूर्तकसंग खरिद कार्य गराएको देखिन्छ । मुय अभिवृद्धि कर दर्ता भएका संस्थाबाट आर्थिक कारोवार गर्नुपर्दछ ।

८. **जिन्सी निरीक्षण–** स्थानीय निकायआर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ वमोजिम जिन्सी लगत खडा राखी जिन्सी सामानको अवस्था एकिन गरी निरिक्षण गर्नु पर्ने व्यवस्था छ । कार्यालय प्रमुखले वर्षमा एक पटक आफैले निरीक्षण गरी वा निरीक्षण गर्न लगाई सोको प्रतिवेदन लिखित रूपमा लिनु पर्ने व्यवस्था छ । स्थानीय तहले वार्षिक जिन्सी निरीक्षण नगर्दा सामानको अवस्था मूल्यांकन गर्न सकिएन । जिन्सी अभिलेख अद्यावधिक गरी जिन्सी निरीक्षण हुनु पर्दछ ।

९. **पेश्की बांकी :** स्थानीय आर्थिक प्रसासन सम्वन्धी नियमावली, २०६४ को नियम १८२ मा पेश्की फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । बिभिन्न कर्मचारी तथा संस्थाको नाममा रहेको पेश्की रू. १७,१५,०००।– मध्ये गत बर्षको रू.१०,९५,७०७।– र यो बर्षको रू.६,१९,९२३।– संस्थागत र व्यक्तिगत काम नखुलेको पेश्की फछ्र्यौट गरेको देखिएन ।

### साविक खुदुनावारी गाउँविकास समिति

१०. **सुपरिवेक्षण तथा अनुगमन :** स्थानीय निकाय श्रोत परिचालनतथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा

३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षणगर्नु पर्ने व्यवस्था छ । स्थानीय तहबाट संचालित योजनाको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ ।

११. **संचित कोष खाता :** स्थानीय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१ मा आयको प्रकृति देखिने गरी अभिलेख राख्नु पर्दछ । संचित कोष खाता अद्यावधिक नगरेकोले आयको प्रकृती यकिन गर्न नसकिने भएकोले अभिलेख अद्यावधिक हुन पर्दछ ।

१२. **कन्टेन्जेन्सी खर्च :** स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ बमोजिम कन्टेन्जेन्सी खर्च सम्बन्धी कार्ययोजना परिषदबाट स्वीकृत गराई कन्टेन्जेन्सी खाताबाट खर्च गर्नु पर्ने व्यवस्था छ । कन्टेन्जेन्सी जम्मा गरी खर्च गरेको छ । कन्टिन्जेन्सीको कार्य योजना वनाई सोही बमोजिम कन्टिन्जेन्सी खर्च लेख्नु पर्नेमा सोभै खर्च लेखेको नियमित देखिएन ।

१३. **जिन्सी निरीक्षण :** स्थानीय निकायआर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ वमोजिम लगत खडा गरी राखेको जिन्सी सामानको अवस्था एकिन गर्न कार्यालय प्रमुखले वर्षमा एक पटक आफैले निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लिनु पर्ने व्यवस्था छ । स्थानीय तहले जिन्सी निरीक्षण गरेको देखिएन । सम्पत्तिको सुरक्षा र संरक्षण बारे भएको गतिबि ध एकिन हुन सकिएन ।

१४. **पेश्की बाकी :** स्थानीय निकायआर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको काम गरी म्याद भित्र फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । गत विगतको म्याद नाघेको पेश्की रू.५३,९१४।— र यो बर्षको रू. २,००,०००।— गरी जम्मा रू २,५३,९१४।— फछ्र्यौट गरेको पाइएन । पेश्की तोकिएको काम सम्पन्न गरी समयमा फछ्र्यौट हुनुपर्दछ ।

१५. **आय बक्यौता :** स्थानीय निकायआर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम एक व्यक्तिको नाममा रहेको आय वक्यौता रू. १३,४८०।— असूल गर्नु पर्दछ ।

१६. **सामाजिक सुरक्षा कर** : आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । २०७३ फागुन मसान्तसम्मको सामाजिक सुरक्षा कर रू.१,४४३।— र अग्रिम आयकर रू. ६,०४५।— समेत रू. ७,४८८।— दाखिला गरेको देखिएन । सो रकम संचित कोष दाखिला हुनु पर्दछ ।

**वेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.२१ लाख १६ हजार बेरुजू देखिएको मध्ये असुल गर्नुपर्ने रु.३ लाख २१ हजार, नियमित गर्नुपर्ने रु.११ लाख ७५ हजार र पेश्की रु.६ लाख २० हजार रहेको छ ।

# शिवसताक्षी नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत आर्थिक वर्षसम्मको मौज्दात रू.१ करोड ३८ लाख २८ हजार, यस आ.व.को आम्दानी रू. २४ करोड ८९ लाख ३७ हजार गरी जम्मा रु. २६ करोड २७ लाख ६५ हजार आम्दानी गरी रु.२३ करोड ७ लाख ४५ हजार खर्च पश्चात रु. ३ करोड २० लाख २० हजार मौज्दात बाँकी रहेको छ ।

१. **आन्तरिक नियन्त्रण प्रणाली** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा भ्रमण प्रतिवेदन संलग्न, भुक्तानी भएको छाप लगाएको, बिल भरपाई प्रमाणित, भुक्तानीको छाप, बिल प्रमाणित, कार्यक्रमगत खर्च खाता, जिन्सी अभिलेख आद्यावधिक, जोखिमहरु परिचान, बेरुजू अभिलेख लगाएतका आन्तरीक नियन्त्रणका व्यहोरा पालना गरेको देखिएन । यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

२. **असुली तथा दाखिला :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२,१३ ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी राखेको पाइएन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आवस्यक निर्णय तथा कार्यान्वयन गरि आन्तरिक आय वृद्धि गर्ने गर्ने तर्फ ध्यान पुग्नुपर्दछ । वर्षान्तमा दाखिला बाँकी रहेको रु.३,६७,९२८।- पाइयो ।

३. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकको गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

४. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता मिति २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, प्रत्यक साबिक गा.बि.स.का सचिब परिबर्तन हुने बित्तिकै खर्च भएर नजाने जिन्सी खाता ( म.ले.प.फा.नं.-४७) समेत नयाँ खडा गर्ने गरेको जसमा कम्पुटर, ल्यापटप, प्रिन्टर, डिजिटल क्यामरा, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यबान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी सार्वजनिक गरेको नपाईएकोले तालुक निकायको आदेशको पालना गरिनु पर्दछ ।

५. **सम्पत्ति संरक्षण र उपयोग :** कार्यालयले साविक गाउं बिकास समिति पाचगाछी र धरमपुरको जिम्मा रहेका जिन्सी सामानको नगरपालीकाको मुल जिन्सी खातामा जिम्मेवारी सारेको नदेखिएकोले उक्त जिन्सी सामानहरु एकिन गरी आगामी बर्ष जिन्सी अभिलेख अद्याबधिक गर्नुपर्दछ ।

६. **योजना छनौट :**स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ बमोजिम स्थानीय निकायले संचालन गर्ने योजना छनौट तथा कार्यान्वयनमा समाबेशी, पारदर्शिता र गाउं /नगर परिषदबाट पारित हुनु पर्नेमा योजना छनौट तथा कार्यान्वयन गर्दा योजना हस्तान्तरण र निर्माण कार्यको विमा गराएको पाइएन ।

७. **स्रोत नक्सांकन :** स्थानीय स्वायत्त शासन ऐन, २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउंपालिका/ नगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी,

जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

८. **वार्षिक खरिद योजना :** सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष रु. ७४७१५५४६/- को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन । खरिद कार्यमा पारदर्शिता र समयबद्धता खरिद योजना नबनाउदा नियममा भएको व्यबस्था पालना हुनुपर्दछ ।

९. **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ

१०. **प्रगति विवरण :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम २० र २५ अनुसार नगर कार्यपालीकाले चौमासिक र बार्षिक प्रगति विवरण तयार गरी तोकिए बमोजिमको निकायमा पठाउनुपर्ने उल्लेख गरेकोमा सो विवरण तयार गरी पठाएको नदेखिएकोले बार्षिक लक्ष्य र प्रगतिको विश्लेषण गर्न सकिएन ।

११. **मौज्दात जिम्मेवारी :** साविक धरमपुर र पाचगाछीको खातामा २०७३।११।२६ सम्म गाविसको नाममा बांकी रहेको रु.१८,१२,६०३।- र रु. १,३७,२०६।- रकम स्थानीय तहले तत्काल उत्त हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।

१२. **पेश्की फर्छ्यौट :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवैको कर्तव्य हुने व्यवस्था छ । स्थानीय तहले लेखापरीक्षण मिति २०७४।१०।०४ सम्म एक निर्माण व्यवसायीको भवन निर्माण वापत रु.१५,२३,०००।- फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

१३. **बेरुजु अभिलेख :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । गांउ बिकास समिति, नगरपालिकामा बेरुजु अभिलेख, पेश्की बांकीको बिबरण तथा सो को फछ्र्यौटको अभिलेख रहेको पाईएन ।

१४. **पाचगाछी गाउँविकास समिति**

**अग्रिम आयकर :** आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न भुक्तानीमा गरिएको वैठक भत्तामा कर कट्टी गरेको रु. १,७४०।- दाखिला नगरेकोले उक्त रकम सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

१५. **आन्तरीक नियन्त्रण :** कार्यालयले उठेको आय दाखिला नगरी नगदै खर्च गर्ने गरेको पाइयो ।

१६. **विलभर्पाइ :** सार्वजनिक खरीद ऐन, २०६३ र नियमावली अनुसार सरकारी खर्च गर्दा लागत अनुमान,प्राविधिक मुल्यांकन,कार्यसम्पन्न प्रतिवेदनको आधारमा खर्च लेख्नुपर्नेमा किचकडागी जाने वाटो मर्मतसम्भार गरेको जनाइ रु.३०,०००।- उपभोक्ता समिति अध्यक्षलाई भुक्तनी दिएको देखिएकोले नापी किताव मुल्यांकनको कागजात पेश गर्नु पर्दछ ।

१७. **आय बक्यौता :** बिगत बर्षको आय बक्यौता रु. १,६०,१३६।- असुल भएको छैन ।

१८. **पेश्की बाकी :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवैको कर्तव्य हुने व्यवस्था छ । तर विगत वषको ६ वटा पेश्कीको रु.३,२३,६०८।- लेखापरीक्षण २०७४।१०।०४ सम्म फछ्र्यौट गरेको नपाइएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

१९. **साविक धरमपुर**

**अग्रिम आयकर :** आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न भुक्तानीमा गरिएको अग्रिम कर कट्टी रु. १०,५६८।- दाखिला नगरेकोले उक्त रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.४० लाख ४४ हजार बेरुजू देखिएको मध्ये असुल गर्नुपर्ने रु.१ लाख ७३ हजार, प्रमाण पेश गर्नु पर्ने रु.२३ लाख ४८ हजार र पेश्की रु.१५ लाख २३ हजार रहेको छ ।

# गौरादह नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत आर्थिक वर्षसम्मको मौज्दात रू.१ करोड ३२ लाख ५७ हजार, यो बर्षको आम्दानी रू.२२ करोड ३ लाख ९५ हजार गरी जम्मा रु. २३ करोड ३६ लाख ५२ हजार आम्दानी भएकोमा रु. १६ करोड ५० लाख ३३ हजार खर्च गरी रु. ६ करोड ८६ लाख १९ हजार मौज्दात बाकी रहेको छ । उक्त आर्थिक कारोबारको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

१. **आर्थिक बिबरण :** प्रस्तुत आर्थिक बिवरणबाट केन्द्रिय अनुदानबाट रु.१५,७३,२८,२००।-, आन्तरिक आय रु.६,३०,६७,०८९।- समेत रु.२२,०३,९५,२८९।- को आम्दानी मध्ये पुजिंगत खर्च रु.६,२६,५९,९८०।-, चालु खर्च रु.१०,२३,७३,३४८।- भएको देखिन्छ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्याँकन गर्दा भ्रमण प्रतिवेदन संलग्न, बिल भरपाईमा भुक्तानी भएको छाप, बिल भरपाईहरुमा धिकार प्राप्त अधिकारीबाट प्रमाणित, भुक्तानी भएको छाप, कार्यक्रमगत खर्च खाता, जिन्सी अभिलेख आद्यावधिक, बेरुजू अभिलेख व्यवस्थित, कार्यविवरण, जिन्सी निरीक्षण गरी प्रतिवेदनको कार्यन्वयन र जिन्सी खाता अद्यावधिक लगाएतका व्यहोराको पालना भएको देखिएन । यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छः ।

३. **आन्तरिक आयः** यो बर्ष रु.९५,७२,५७९।- आन्तरिक आय गरेकोमा आय बक्यौता रु. १,५३,६५१।- असुल भएको छैन ।

४. **आय असुली तथा दाखिला :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२,१३ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी राखेको पाइएन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आवस्यक निर्णय तथा कार्यान्वयन गरि आन्तरिक आय बृद्धि गर्ने गर्ने तर्फ ध्यान पुग्नु पर्दछ । वर्षान्तमा वाकी रहेको रु.७२,९८२।- दाखीला भएको छैन ।

५. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

६. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७७ अनुसार नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता मिति २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, प्रत्यक साबिक गा.बि.स.का सचिब परिबर्तन हुने बित्तिकै खर्च भएर नजाने जिन्सी खाता (म.ले.प.फा.नं.-४७) समेत नयाँ खडा गर्ने गरेको जसमा कम्पुटर, ल्यापटप, प्रिन्टर, डिजिटल क्यामरा, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यबान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी सार्वजनिक गरेको नपाईएकोले तालुक निकायको आदेशको पालना गरिनु पर्दछ ।

७. **सम्पत्ति संरक्षण र उपयोग :** कार्यालयले साविक गाउं बिकास समिति वैगुनधराको जिम्मा रहेका जिन्सी सामानको नगरपालीकाको मुल जिन्सी खातामा जिम्मेवारी सारेको नदेखिएकोले उक्त जिन्सी सामानहरु एकिन गरी आगामी बर्ष जिन्सी अभिलेख अद्याबधिक गर्नु पर्दछ ।

८. **योजना छनौट :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली २०५६ बमोजिम स्थानीय निकायले संचालन गर्ने योजना छनौट तथा कार्यान्वयन गर्दा सम्पन्न योजनाहरु हस्तान्तरण र निर्माण कार्यको विमा

गराउने गरेको पाइएन ।

९. **स्रोत नक्सांकन :** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक नगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

१०. **वार्षिक खरिद योजना :** सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ (स्रोत के हो)। कार्यालयले यो बर्ष रु. ६,२६,५९,९८०।- को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन । खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आबशयक पर्ने भएकोले नियममा भएको व्यबस्था पालना हुनुपर्दछ ।

११. **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१२. **प्रगति तयार :** आर्थिक कार्यविधी  नियमावली, २०६४ को नियम २० र २५ अनुसार नगर कार्यपालीकाले चौमासिक र बार्षिक प्रगति विवरण तयार गरी तोकिए बमोजिमको निकायमा पठाउनुपर्ने उल्लेख गरेकोमा सो विवरण तयार गरी पठाएको नदेखिएकोले बार्षिक लक्ष्य र प्रगतिको विश्लेषण गर्न सकिएन ।

१३. **सामाजिक सुरक्षा तर्फ :** यस नगरपालिकाको सामाजिक सरक्षा भत्ता बितरण गर्नको बार्षिक रु.७,४३,५९,०००।- बिनियोजन भएकोमा रु.७,४३,५९,०००।- निकासा भई रु.७,४१,१३,४००।- खर्च भएको पाईयो । खर्च नभई रु.२,२४,६००।- बांकी रहेको बचत संघीय संचीत कोषमा दाखिला हुनुपर्ने देखिन्छ ।

१४. **भपाई** : सामाजिक सुरक्षा भत्ता वितरण गर्न कृषि विकास बैंकलाई रु.२ करोड ६४ लाख ९० हजार ८०० खर्च लेखेकोमा लाभग्राहीले रकम प्राप्त गरेको भपाई वा विवरण उक्त वैंकबाट लिएको नपाइएकोले सो रकमको खर्च पुष्टि गर्ने आधिकारीक काजजात पेश गर्नु पर्दछ ।

१५. **मुल्य अभिबृद्धि कर** :  मूल्य अभिबृद्धि कर ऐन, २०५२ बमोजिम आयमा मुल्य अभिबृद्धी कर असुल गर्नु पर्ने व्यवस्था छ । ७२।०७४।०३।३० नगरपालिकाले आ.ब. २०७४।०७५ को लागि पशु हाटबजार, दामुनाको आय रु.१०,००,७१०।०० मा ठेक्का दिएकोमा१३ प्रतिशतले हुने  मुल्य अभिबृद्धि कर रु.१,३०,०९२।- असूल गरी दाखिला गरेको नपाइएकोले सो रकम असूल गरि दाखिला  पर्दछ ।

१६. **कर्मचारी कल्याण कोषतर्फ :** बिभिन्न ३ भौचरवाट रु.१५,५८०।- करकट्टी गरी वैंक नगदी कितावमा विविधमा देखाएकोमा लेखापरिक्षण अवधिसम्म सो रकम राजश्व दाखिला गरेको नपाइएकोले दाखिला गर्नु पर्दछ  ।

१७. **जिम्मेवारी नसारेको :**  साविक वैगनधरा गाविसको खातामा बांकी रहेको रकम स्थानीय तहले आम्दानी जनाइ स्थानीय तहमा हस्तान्तरण गर्न बांकी रहेको देखिएकोले नगरपालकिाले तत्काल रु.६०७१।७०  हस्तान्तरण गर्नु पर्ने देखिन्छ

१८. **पेश्की फछ्र्यौट :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले लेखापरीक्षण मिति २०७४।१०।०३ सम्म निम्नानुसारको पेश्की फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । साविक गाँउ विकास समितिको कारोवारमा आ.ब.२०७२/०७३ सम्म ६४ जनाको नाममा रु.१२,८३,४५४।००।- पेश्की वांकी रहेको देखियो । उक्त पेश्की आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ७९ अनुसार आवश्यक कारवाही गरी फछ्र्यौट गर्ने तर्फ नगरपालिकाको विशेष ध्यान पुग्न पर्दछ । यस आर्थिक वर्षको अन्त्यसम्म वांकी रहेको  पेश्की रु. ३३७४०००।– आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ७९ अनुसार आवश्यक कारवाही गरी फछ्र्यौट गर्नु पर्दछ ।

१९. **बेरुजु अभिलेख र फछ्र्यौटः**  संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । साविक गाउँबिकास समिति, नगरपालिकामा बेरुजु अभिलेख, पेश्की बांकीको बिबरण तथा सो को फछ्र्यौटको अभिलेख रहेको पाईएन ।

**साविक वैगुनधरा गाउँविकास समिति**

२०. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य

समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले रु.२४६१५१।०० यामाहा मोटरसाइकल २०७३।०५।३०मा खरीद गरेकोमा जिन्सी आम्दानी गरेको छैन । कार्यालयले जिन्सी दाखिला गरी आम्दानी बाँध्नु पर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२१. **अग्रिम आयकर :** आयकर ऐन २०५८ को दफा ८७ अनुसार सेवा शुल्क भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिम आयकर कट्टा गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ । तर आ.व. ०७३।०७४ को प्राविधिक खच वापत प्राविधीक प्रेमचन्द्र वास्तोलालाई रु.३५,०००।- प्राविधिक खर्च लेखेकोमा कर रु.५२५०।- कट्टा नगरेको कट्टा गरेको नपाईएकोले सो रकम असुल गरी सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

२२. **अग्रिम आयकर :** आयकर ऐन २०५८को दफा ८९ अनुसार भुक्तानी रकममा १.५ प्रतिशतका दरले अग्रिम आयकर कट्टा गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ । तर भौ.नं ६०/२०७४/३/३० वडा नं. ९ को बालबालिका तथ्यांक तयारी वापत रु.२,५०,०००।- मू.अ.कर समेत खर्च लेखेकोमा आयकर ऐन २०५८ बमोजिम अग्रिम कर वापत रु.३७५०।- कर कट्टा नगरेको सञ्चित कोषमा गरी दाखिला हुनुपर्दछ ।

२३. **पेश्की फर्छ्यौट :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । साविक गाँउ विकास समितिको कारोवारमा आ.ब.२०७२/०७३ सम्म ५८ जनाको नाममा रु.१२,१२,९४०।००।- पेश्की वांकी रहेको देखियो । कार्यालयले लेखापरीक्षण मिति २०७४।१०।०६ सम्म निम्न अनुसारको पेश्की फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.३ करोड ७ लाख २४ हजार बेरुजू देखिएको मध्ये असुल गर्नु पर्ने रु.२ लाख ९३ हजार, अनियमित गर्नुपर्ने रु.२ करोड ७० लाख ५७ हजार र पेश्की रु.३३ लाख ७४ हजार रहेको छ ।

# विर्तामोड नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत आर्थिक वर्षसम्मको मौज्दात रू. ७ करोड ८५ लाख ४९ हजार, यो बर्षको आम्दानी रू.२९ करोड ३० लाख २४ हजार गरी जम्मा रु. ३७ करोड १५ लाख ७३ हजार आम्दानी भएकोमा रु. ३१ करोड १३ लाख ६४ हजार खर्च गरी रु.६ करोड २ लाख ९ हजार मौज्दात बाँकी रहेको छ । उक्त आर्थिक कारोबारको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

१. **आन्तरिक नियन्त्रण प्रणाली** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूर्ल्याकन गर्दा भ्रमण प्रतिवेदन संलग्न गरेको, भुक्तानी भएको छाप लगाएको, बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गराएको, कार्यक्रमगत खर्च खाता राखेको, जिन्सी अभिलेख आद्यावधिक, जोखिमहरु परिचान, कामको बाडफाड, जिन्सी निरिक्षण प्रतिबेदनको कार्यान्वयन, बार्षिक कार्य सम्पादन प्रतिबेदन तयार जस्ता जिम्मेवारी पालना नहुंदा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिएको छः ।

२. **आय तथा दाखिला :** आर्थिक कार्यबिधि ऐन २०५५ को परिच्छेद ४ दफा १२,१३ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागीय कारबाही समेतको व्यवस्था रहेको छ । आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी राखेको पाइएन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आवश्यक निर्णय तथा कार्यान्वयन गरी आन्तरिक आय वृद्धि गर्ने गर्ने तर्फ ध्यान पुग्नु पर्दछ । वर्षान्तको वाकी रु.१८९६४३५।- मिति २०७४।०४।०५ गते दाखीला भएको छ ।

३. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस स्थानीय तहमा समाहित भएका साबिकको गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

४. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समितिको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता मिति २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालीकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, प्रत्येक साबिक गा.बि.स.का सचिब परिबर्तन हुने बित्तिकै खर्च भएर नजाने जिन्सी खाता (म.ले.प.फा.नं.-४७) समेत नयाँ खडा गर्ने गरेकाले कम्प्यूटर, ल्यापटप, प्रिन्टर, डिजिटल क्यामरा, मोबाईल फोन र अन्य फर्निचर जस्ता मूल्यबान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी सामानको आम्दानी नजनाउँदा जिन्सीसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी सार्वजनिक नगरेकोले तालुक निकायको आदेशको पालना गरिनु पर्दछ ।

५. **सम्पत्ति संरक्षण र उपयोग :** कार्यालयले साविक गाउं बिकास समिति गरामनीको जिम्मा रहेका ४५ प्रकारका जिन्सी सामानको नगरपालीकाको मुल जिन्सी खातामा जिम्मेवारी सारेको नदेखिएकोले उक्त जिन्सी सामानहरु एकिन गरी आगामी बर्ष जिन्सी अभिलेख अद्यावधिक गर्नु पर्दछ ।

६. **योजना छनौट :** स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ बमोजिम स्थानीय निकायले संचालन गर्ने योजना छनौट तथा कार्यान्वयनमा समावेशी, पारदर्शिता र गाउं /नगर परिषदबाट पारित हुनु पर्नेमा योजना छनौट तथा कार्यान्वयनमा सम्पन्न योजनाहरु हस्तान्तरण भएको, हिकोलारोडको कार्य सम्पन्न भएको, भवन निर्माण कार्य स्विकार प्रतिवेदन संलग्न गरेको पाइएन ।

७. **स्रोत नक्सांकन :** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक नगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साँकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन

८. **वार्षिक खरिद योजना :** सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष रु. १४,९३,९४,१८८।- को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन । खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आबशयक पर्ने भएकोले नियममा भएको व्यबस्था पालना हुनुपर्दछ ।

९. **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली २०६४ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१०. **प्रगति तयार नगरेको** : आर्थिक कार्यविधी नियमावली २०६४ को नियम २० र २५ अनुसार नगर कार्यपालीकाले चौमासिक र बार्षिक प्रगति विवरण तयार गरी तोकिए बमोजिमको निकायमा पठाउनुपर्ने उल्लेख गरेकोमा सो विवरण तयार गरी पठाएको नदेखिएकोले बार्षिक लक्ष्य र प्रगतिको विश्लेषण गर्न सकिएन ।

११. **सामाजिक सुरक्षा :** यस नगपालीकाको सामाजिक सुरक्ष भत्ता वितरण गर्नको लागि बार्षिक रु. ५,५२,००,०००।- विनीयोजन भएकोमा रु.५,४७,०००००।- निकाशा भई खर्च भएको पाईयो । निकाशा भएको सम्पुर्ण रकम कृषि बिकास बैक विर्त्तामोडमा वितरणको लागि पठाएकोमा रु. ४,९०,७८,६६०।०० भुक्तानी भएको विवरण प्राप्त भएको छ । बांकी रहेको रु. ५६,२१,३४०।- कृषि बिकास बैकमा बाकी रहेको देखिएकोले केन्द्रीय कार्यक्रमको बचत संघीय सञ्चित कोषमा दाखिला हुनु पर्ने देखिन्छ ।

१२. **आम्दानी नसारेको :** साविक गरामनी खातामा २०७३/११/२६ सम्ममा बांकी रहेको रकम नगरपालकिाले आम्दानी जनाइ नगरपालीकामा हस्तान्तरण नभई बांकी रहेको देखिएकोले नगरपालकिाले तत्काल रु.३३,४८,९१४।- रकम हस्तान्तरण गर्नु पर्ने देखिन्छ ।

१३. **विल संलग्न नगरेको :** खुला दिशामुक्त कार्यक्रमको लागि खर्च लेखिएको भौचरमा संलग्न रीतपूर्वकको विल संलग्न हुनुपर्नेमा भौचर नम्बर १५।०७३।४।२५ मा रु. ५१,२००।- रीतपूर्वकको विल पेश नगरी खर्च लेखेकोले नियमित भएन।

१४. **अग्रिम कर :** आयकर ऐन २०५८को दफा ८७ अनुसार प्रशिक्षक शुल्क भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिम आयकर कट्टा गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ । भुक्तानीमा अग्रिम कर कट्टा गरेको नपाईएकोले रु.३,४५०।- असुल गरी संघीय सञ्चित कोषमा गरी दाखिला हुनुपर्दछ ।

१५. **टुक्रा खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ । कार्यालयले फर्निचर तथा कार्यालय समानहरु प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक गरी रु. ३४,५२,७०७/- मा खरिद गरेकोले ऐनको पालना भएको देखिएन । स्थानीय तहले नियम पालना गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

१६. **अग्रिम कर :** आयकर ऐन २०५८को दफा ८७ अनुसार सेवा शुल्क भुक्तानीमा १० प्रतिशतका दरले अग्रिम आयकर कट्टा गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।सडक मर्मतको अमानत कार्यको भुक्तानीमा रु. २,५२०।- अग्रिम कर कट्टा गरेको नपाईएकोले सो रकम असूल संघीय सञ्चित कोषमा गरी दाखिला हुनुपर्दछ ।

१७. **खातामा ट्रान्सफर -** मिति २०७३।१२।२८ मा आन्तरिक आयको रकम बैक दाखिला गर्दा मुल कोष खाता ग ४ मा दाखिला हुनुपर्नेमा धरौटी खातामा जम्मा हुन गएको देखिएकोले रकम रु.१३,५५,४२८।- धरौटी खाताबाट आम्दानी खातामा हस्तान्तरण गरी हिसाव मिलान गर्नु पर्ने देखिन्छ ।

१८. **पेश्की फर्छ्यौट :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । स्थानीय तहले लेखापरीक्षण मिति २०७४।१०।०३ सम्म रु. २३,८७,४८०/- पेश्की फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

१९. **बेरुजु अभिलेख र फछ्र्यौट :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । नगरपालिकामा बेरुजु अभिलेख, पेश्की बांकीको बिबरण तथा सो को फछ्र्यौटको अभिलेख राखेको पाईएन ।

**साविक गरामनी गाउँ विकास समितिः**

२०. **अग्रिम आयकर :** आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न भुक्तानीमा गरिएको अग्रिम कर कट्टी रु. ४८८५.०० दाखिला नगरेकोले उक्त रकम सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

२१. **अग्रिम आयकर :** आयकर ऐन २०५८को दफा ८७ अनुसार सेवा शुल्क भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिम आयकर कट्टा गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ। तर आ.व. २०७२।०७३ को अन्तिम लेखापरिक्षण गरेवापत लेखापरिक्षक होमनाथ उप्रेती लाई रु.७५,०००।- भुक्तानी गरेकोमा रु. ११,२५०।- कर कट्टा गरेको नपाईएकोले सो रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ।

२२. **समान प्रयोगको :** २०७३।११।२७ मा ह्युम पाईप खरिद गरेको भनि एक ह्युमपाईप उद्योग वाट रु.२,०५,८८६।- को खरिद गरेकोमा ह्युमपाईप प्रयोग भएको यकिन हुने प्रमाण पेश गर्नु पर्दछ।

२३. **पुरानो पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ। तर विगत वर्षको २९ व्यक्तिको नमको पेश्की रु.१,२२,६७७।- कार्यालयले लेखापरीक्षण मिति २०७४।१०।०६ सम्म फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.१ करोड २९ लाख ९१ हजार बेरुजू देखिएको मध्ये असुल गर्नु पर्ने रु.२२ हजार, अनियमित पेश गर्नुपर्ने रु.१ करोड ५ लाख ८२ हजार र पेश्की रु.२३ लाख ८७ हजार रहेको छ।

# कमल गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत आर्थिक वर्षसम्मको मौज्दात रू.१४ लाख १३ हजार र यस आ.व.को आम्दानी रू.५ करोड ९२ लाख ८३ हजार गरी जम्मा रु.६ करोड ९६ लाख ६ हजार आम्दानी गरी रु.५ करोड २६ लाख ३७ हजार खर्च पश्चात रु.८० लाख ५९ हजार मौज्दात बाँकी रहेको छ ।

१. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । बिभिन्न १० जना व्यक्तिको नाममा वांकी देखिएको पेश्की रु १,६६,२००।०० फछ्र्यौट हुनु पर्दछ ।

२. **सुपरिवेक्षण तथा अनुगमन :** स्थानीय निकाय श्रोत परिचालनतथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षणगर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गत संचालित योजनाको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ ।

३. **नगद मौज्दात :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार नगद बाकी रु २,७३,४३१।- बैंक दाखिला गर्नु पर्दछ ।

४. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गतविगतको म्याद नाघेको पेश्की रु.१३७४५०।- र यो बर्ष चालु आ.व.को १,३०,०००।- गरि रु.२,३७,४५०।- फछ्र्यौट गर्न वाँकी हुदा नियम अनुसार फछ्र्यौट हुनु पर्दछ ।

५. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार धरौटीतर्फ नगद बाँकी रहेको रु २५०८५।- खातामा दाखिला गर्नु पर्दछ ।

६. **कर्मचारी कल्याण कोष :** गत बर्षको कर्मचारी कल्याण कोषको विवरण अनुसार गत बर्षको अ.ल्या. रु.१०,६५,७२५।- खातामा रु.४,९८७।- बढी श्रेष्ता दाखिला गरी श्रेष्ता अद्यावधिक गरेको देखियो ।

७. **विपत कोष** : गत बर्षको बिभिन्न ३ कोषको श्रेष्तामा रु.५९७५४।०० देखिएको उक्त कोषमा अ.ल्या. तथा बैक मौज्दात रु.५८,८५४।- भएको देखिदा न्यून रु.८९९।- देखिएको हुदा एकिन गर्नु पर्दछ ।

८. **अग्रिम कर** : आयकर ऐन, २०५८ दफा ८७ र ८८ बमोजिम अग्रीम कर कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । अग्रिम कर कट्टी गरी दाखिला गर्न बांकी रु.२१,०५८।०० दाखिला गर्नुपर्दछ ।

९. बिभिन्न ७ जना कर्मचारीको सामाजिक सुरक्षा कर रु.१४,०४२।- दाखिला गर्न बाकी देखिएकोले दाखिला प्रमाण पेश हुनु पर्दछ ।

### बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.४ लाख ६३ हजार बेरुजू देखिएको मध्ये अनियमित रु.३ लाख ३३ हजार र पेश्की रु.१ लाख ३० हजार रहेको छ ।

## गौरीगञ्ज गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत आर्थिक वर्ष सम्मको मौज्दात ३ लाख ७० हजार, यो बर्ष आम्दानी रू.७ करोड ४७ लाख ७० हजार गरी जम्मा रु. ७ करोड ५१ लाख ४० हजार आम्दानी भएकोमा रु ६ करोड ९६ लाख ५३ हजार खर्च गरी रु.५४ लाख ८७ हजार मौज्दात बाँकी रहेको छ । उक्त आर्थिक कारोबारको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

१. **सुपरिवेक्षण तथा अनुगमन :** स्थानीय निकाय श्रोत परिचालनतथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षणगर्नु पर्ने व्यवस्था छ । गा वि स अन्तर्गत संचालित योजनाको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ ।

२. **संचित कोष :** स्थानीय तहको संचित कोष खाता अद्यावधिक नगरेको र साको शीर्षकगत आम्दानी यकिन गर्न नसकिने भएकोले खाता अद्यावधिक हुन पर्दछ ।

३. **कन्टिन्जेन्सी :** स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ बमोजिम कन्टेन्जेन्सी खर्च सम्बन्धी कार्ययोजना गाउं परिषदबाट स्वीकृत गराई कन्टेन्जेन्सी खाताबाट खर्च व्यवस्थित गर्नु पर्ने व्यवस्था छ । कन्टेन्जेन्सी खातामा रकम जम्मा नगरी सम्बन्धित उपशर्षिकबाट खर्च गरेको छ । कन्टिन्जेन्सी खर्चको कार्य योजना वनाइ कार्ययोजना अनुसारको कन्टिन्जेन्सी खर्च लेख्नु पर्नेमा सोझै खर्च लेखिएको छ । साथै कन्टिन्जेन्सी खर्चको अभिलेख राख्ने नगरिएवाट कन्टिन्जेन्सी खर्च र सो प्रयोगको स्थिति एकिन हुन आएन ।

४. **जिन्सी निरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ वमोजिम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले वर्षमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लिनु पर्ने व्यवस्था छ । यस कार्यालयले वार्षिक जिन्सी निरीक्षण नगरेकोले जिन्सीको अवस्था मूल्यांकन गर्न सकिएन । नियमानुसार जिन्सी निरीक्षण हुनु पर्दछ ।

५. **गत विगतको पेश्की बाकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गतविगत बर्षहरू देखिको पेश्की अल्या हुदै आएको र वडा कार्यालयले पटक पटक पेश्की फछयौट गर्न ताकेता गर्दा पनि सम्बन्धित पेश्की लिने व्यक्तिहरूले पछयौट गर्न नआएको देखियो । मंगलचचन गिरीको म्याद नाघेको पेश्की रू.१८,०००।– फछ्र्यौंट गर्न वांकी देखिएकोले नियम अनुसार फछ्र्यौंट हुनु पर्दछ ।

६. **आय बक्यौताः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको ठेका तोकिएको म्याद भित्र फछ्र्यौंट गर्नु गराउनु पर्ने व्यवस्था छ । गतविगतको बर्षको बाहेक वडाको चालु आ.व.को आय ठेक्का बक्यौता बाकी देखिदैन । विगत वर्षको उठान बांकी आय बक्यौता रकम असुलीऽउपरको लागि वडा संचालन समितिबाट पहल भएको देखिदैन । बक्यौता असुलको लागि ठोस नीति गर्नऽगराउन पेश गरिन्छ । म्याद नाघेको आय रू.२३,७६३।– फछ्र्यौंट गर्न वांकी देखिएकोले नियम अनुसार फछ्र्यौंट हुनु पर्दछ ।

७. **सुपरिवेक्षण तथा अनुगमन :** स्थानीय निकाय श्रोत परिचालनतथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षणगर्नु पर्ने व्यवस्था छ । गा वि स अन्तर्गत संचालित योजनाको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ ।

८. **अग्रिम कर कट्टी नभएको :** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार निम्नानुसारका भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नु पर्नेमा भौ.नं १४ मिति २०७३।९।२८ लेखापरीक्षक श्री बिके एण्ड कम्पनीको विजकवाट आ.व.२०७३।७४ को लेखापरीक्षण पारिश्रमिक रू. ३४,०००।– भुक्तानी दिंदा नियम अनुसार १.५ प्रतिशतका दरले अग्रिम कर कट्टा नगरेकोले अग्रिम कर रू.५१००।– असुल गरी राजस्व दाखिला गर्नु पर्दछ ।

९. **नगद बांकी :** एक व्यक्तिको नाममा रहेको नगद बांकी रू २,७३४।– दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

**कोरावारी गाउंविकास समिति**

१०. **सुपरिवेक्षण तथा अनुगमन :** स्थानीय निकाय श्रोत परिचालनतथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षणगर्नु पर्ने व्यवस्था छ । गा वि स अन्तर्गत संचालित योजनाको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ ।

११. **संचित कोष :** स्थानीय निकायले संचित कोष खाता अद्यावधिक नगरेकोले शीर्षकगत आम्दानी यकिन गर्न

नसकिने भएकोले खाता अद्यावधिक हुन पर्दछ ।

१२. **कन्टेन्जेन्सी खर्च :** स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ बमोजिम कन्टेन्जेन्सी खर्च सम्बन्धी कार्ययोजना गाउं परिषदबाट स्वीकृत गराई कन्टेन्जेन्सी खाताबाट खर्च व्यवस्थित गर्नु पर्ने व्यवस्था छ । कन्टेन्जेन्सी खातामा रकम जम्मा नगरी सम्बन्धित उपशर्षिकबाट खर्च गरेको छ । कन्टिन्जेन्सी खर्चको कार्य योजना वनाइ कार्ययोजना अनुसारको कन्टिन्जेन्सी खर्च लेख्नु पर्नेमा सोझै खर्च लेखिएको छ । साथै कन्टिन्जेन्सी खर्चको अभिलेख राख्ने नगरिएवाट कन्टिन्जेन्सी खर्च र सो प्रयोगको स्थिति एकिन हुन आएन

१३. **जिन्सी निरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ वमोजिम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले वर्षमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लिनु पर्ने व्यवस्था छ । यस कार्यालयले वार्षिक जिन्सी निरीक्षण नगरेकोले जिन्सीको अवस्था मूल्यांकन गर्न सकिएन । नियमानुसार जिन्सी निरीक्षण हुनु पर्दछ ।

१४. **पेश्की बांकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगतको म्याद नाघेको पेश्की रू.११,०८,२५०।– नियम अनुसार फछ्र्यौट हुनु पर्दछ ।

१५. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार निम्नानुसारका भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नु पर्नेमा भौ.नं ७३ मिति २०७३।११।१३ मा लेखापरीक्षकको विजकवाट लेखापरीक्षण पारिश्रमिक रू. ३०,०००।– भुक्तानी १५ प्रतिशतका दरले अग्रिम कर कट्टा नगरेकोले अग्रिम कर रू.४५००।– र एक सप्लायर्सबाट मोटरसाइकल खरिद गर्दा मुल्य अभिबृद्धी कर कट्टी रू २,५०,०००।– मा खरिद गर्दा १.५ प्रतिशतका अग्रीमकर रु ३,७५०।- समेत रु ८,२५०।- असुल गर्नुपर्दछ ।

१६. **पेश्की बाकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको ठेक्का तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगतको म्याद नाघेको आय रू.७८४८६।– र चालु बर्षको १०५५००।०० फछ्यौंट गर्न वांकी देखिएकोले नियम अनुसार फछ्र्यौट हुनु पर्दछ ।

१७. कार्यालयले नगदी रसिद नियन्त्रण खाता अभिलेख नराखेकोले केकति रसिद छपाई र प्रयोग भयो यकिन गर्न सकएन ।

१८. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१ मा आम्दानीको लेखा अद्यावधिक राख्नु पर्ने व्यवस्था छ । बैंक फरक परेको रू. ५००००।०० बैक स्टेटमेन्टसंग भिडान गरेको छैन ।

**साबिकको महाभारा, गाउंविकास समिति**

१९. **सुपरिवेक्षण तथा अनुगमन :** स्थानीय निकाय श्रोत परिचालनतथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षणगर्नु पर्ने व्यवस्था छ । गा वि स अन्तर्गत संचालित योजनाको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ ।

२०. **संचित कोष :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१ मा आम्दानीको लेखा अद्यावधिक राख्नु पर्ने व्यवस्था छ । निकायले संचित कोष खाता अद्यावधिक नगरेकोले शीर्षकगत आम्दानी यकिन गर्न नसकिने भएकोले खाता अद्यावधिक हुन पर्दछ ।

२१. **कन्टेन्जेन्सी :** स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ बमोजिम कन्टेन्जेन्सी खर्च सम्बन्धी कार्ययोजना गाउं परिषदबाट स्वीकृत गराई कन्टेन्जेन्सी खाताबाट खर्च व्यवस्थित गर्नु पर्ने व्यवस्था छ । कन्टेन्जेन्सी खातामा रकम जम्मा नगरी सम्बन्धित उपशर्षिकबाट खर्च गरेको छ । कन्टिन्जेन्सी खर्चको कार्य योजना वनाइ कार्ययोजना अनुसारको कन्टिन्जेन्सी खर्च लेख्नु पर्नेमा सोझै खर्च लेखिएको छ । साथै कन्टिन्जेन्सी खर्चको अभिलेख राख्ने नगरिएवाट कन्टिन्जेन्सी खर्च र सो प्रयोगको स्थिति एकिन हुनआएन ।

२२. **जिन्सी निरीक्षण–** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ वमोजिम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले वर्षमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लिनु पर्ने व्यवस्था छ । यस कार्यालयले वार्षिक जिन्सी निरीक्षण नगरेकोले जिन्सीको अवस्था मूल्यांकन गर्न सकिएन । नियमानुसार जिन्सी निरीक्षण हुनुपर्दछ ।

२३. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार निम्नानुसारका भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नु पर्नेमा अन्तिम लेखापरिक्षण गर्नुपर्दा एस वि शर्मा न्यौपाने एण्ड कम्पनीलाई भुक्तानी गरेको

रू.३०,०००।– को नियम अनुसार अग्रिम कर १५ प्रतिशतका दरले रू.४५००।– कट्टा गरी भुक्तानी गर्नु पर्नेमा सो भए गरेको नपाइएको रू.४५००।– असुल गरी राजस्व दाखिला गर्नु पर्दछ ।

२४. **आय बक्यौता :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको ठेक्का तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गतविगतको म्याद नाघेको आय बक्यौता रू.१३२२५२६।– फछ्र्यौट गर्न वांकी देखिएकोले नियम अनुसार फछ्र्यौट हुनुपर्दछ ।

२५. **धरौटी बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गतविगतको म्याद नाघेको धरौटी रू.२१,०८३।– नियम फछ्र्यौट भएको छ ।

२६. **पेश्की बांकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगतको पेश्की रू.१५९४००।– र चालु पेश्की रू.१३५०००।– फछ्र्यौट गर्न वांकी देखिएकोले नियम अनुसार फछ्र्यौट हुनुपर्दछ ।

२७. सामाजिक सुरक्षा भत्ता तर्फको वैक हिसाब विवरणमा आएको र भुक्तानी विवरण, फिर्ताको विवरण प्राप्त नभएकोले स्पष्ट खुल्न आएको छैन ।

**साबिकको खजुरगाछी**

२८. **सुपरिवेक्षण तथा अनुगमन :** स्थानीय निकाय श्रोत परिचालनतथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षणगर्नु पर्ने व्यवस्था छ । गा वि स अन्तर्गत संचालित योजनाको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ ।

२९. **संचित कोष :** स्थानीय निकायले संचित कोष खाता अद्यावधिक नगरेकोले शीर्षकगत आम्दानी यकिन गर्न नसकिने भएकोले खाता अद्यावधिक हुन पर्दछ ।

३०. **कन्टेन्जेन्सी खर्च :** स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ बमोजिम कन्टेन्जेन्सी खर्च सम्बन्धी कार्ययोजना गाउँपरिषदबाट स्वीकृत गराई कन्टेन्जेन्सी खाताबाट खर्च व्यवस्थित गर्नु पर्ने व्यवस्था छ । कन्टेन्जेन्सी खातामा रकम जम्मा नगरी सम्बन्धित उपशर्षिकबाट खर्च गरेको छ । कन्टिन्जेन्सी खर्चको कार्य योजना वनाइ कार्ययोजना अनुसारको कन्टिन्जेन्सी खर्च लेख्नु पर्नेमा सोझै खर्च लेखिएको छ । साथै कन्टिन्जेन्सी खर्चको अभिलेख राख्ने नगरिएवाट कन्टिन्जेन्सी खर्च र सो प्रयोगको स्थिति एकिन हुन आएन ।

३१. **जिन्सी निरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ वमोजिम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले वर्षमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लिनु पर्ने व्यवस्था छ । यस कार्यालयले वार्षिक जिन्सी निरीक्षण नगरेकोले जिन्सीको अवस्था मूल्यांकन गर्न सकिएन । नियमानुसार जिन्सी निरीक्षण हुनु पर्दछ ।

३२. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार निम्नानुसारका भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नु पर्नेमा भत्ता वितरण गर्दा कर कट्टी नगरेको र अबउप्रान्त कर कट्टी गरी बैक दाखिला गर्न सुझाव दिइएको छ ।

३३. **पेश्की बांकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गतविगत पेश्की रू.१२,१६,१४५।– फछ्र्यौट गर्न वांकी देखिएकोले नियम अनुसार फछ्र्यौट हुनु पर्दछ ।

३४. **आय बक्यौता :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको आय तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गतविगतको म्याद नाघेको ठेक्का रू.१०,७९,३१७।– असुल हुन वांकी देखिएकोले नियम अनुसार असुलको कारबाही हुनु पर्दछ ।

३५. **चालु खर्च** : स्थानीय निकाय श्रोत साधन परिचालन कार्यविधि, २०५९ अनुसार पूंजीगत अनुदानबाट चालु प्रकृतिको खर्च गर्न नपाइने व्यवस्था रहेकोमा पूंजीगत खाताबाट रू. ३,२६,४८०।– चालु खातामा हस्तान्तरण गरी खर्च लेखेको अनियमित देखिएको छ ।

३६. यो बर्ष मालपोत संकलनको २५ प्रतिशत हुने मालपोत वापतको जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

३७. **बिल भरपाई** : विविध खर्चको खर्चको बिल भरपाई श्रेस्ता पेश नभएकोले उक्त रकम रू. ३६,८५०।– असुल हुनु पर्दछ । एक गाविस सचिवलाई श्रावणदेखि मासिक भत्ता रू. ५,०००।– का दरले ५ महिनाको रू २५,०००।– बुझेको भरपाई पेश नभएकोले सो प्रमण पेश हुनु पर्दछ ।

३८. **आयठेक्का :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको ठेक्का तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गतविगतको म्याद नाघेको आय रू.१,५४,३३७।– असुल गर्न बाकी देखिएकोले नियम अनुसार फछ्र्यौट हुनु पर्दछ ।

३९. **बैक हिसाव** : बैक नगदी कितावले देखाएको मौज्दात रकम भन्दा रा.वा.वैक, दमक, झापा स्थित पुंजीगत खाताले देखाएको मौज्दात रू ७०,०००।– बैक हिसाव विवरण बमोजिम वडाको बैक खाता भिडान भएको पाइएन ।

## बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.३२ लाख ८४ हजार बेरुजू देखिएको मध्ये असुल गर्नु पर्ने रु.२६ लाख ७५ हजार, अनियमित भएको रु.६ लाख ९ हजार रहेको छ ।

# बाह्रदसी गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत आर्थिक वर्षसम्मको मौज्दात रू.१८ लाख २ हजार, यो बर्षको आम्दानी रू.४ करोड ६२ लाख ४९ हजार गरी जम्मा रु. ४ करोड ८० लाख ५१ हजार आम्दानी भएकोमा रु. ४ करोड २७ लाख ७४ हजार खर्च गरी रु. ५२ लाख ७७ हजार मौज्दात बाकी रहेको छ । उक्त आर्थिक कारोबारको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

१. **सुपरिवेक्षण तथा अनुगमन** : स्थानीय निकाय श्रोत परिचालनतथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षणगर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गत संचालित योजनाको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ ।

२. **अग्रिम कर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार निम्नानुसारका भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नु पर्नेमा २०७३।५।०८मा एक इन्टरप्राइजेजलाई मोटरसाइकल खरिदको भुक्तानीमा रू.२१४०७०।– बिलको १.५०० करकट्टी नगरेको रू ३,२११।– असुल उपर गर्नुपर्ने देखियो ।

३. **सामाजिक सुरक्षा कर:** बिभिन्न ५ जना कर्मचारीको सा.सु.कर रू.२,२९५।– करकट्टी नगरेकोले नियमावलीको व्यवस्था अनुसार असुल गरी आन्तरीक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने देखिन्छ ।

४. **नगद जिम्मा :** भु.पु. गा.बि.स.सचिबको नाममा रहेको नगद रू.८,८११।– दाखिला गरेको नदेखिएकोले असुल उपर गर्नुपर्ने देखिन्छ ।

**साबिक राजगढ गाउंविकास समिति**

५. **सुपरिवेक्षण तथा अनुगमन** : स्थानीय निकाय श्रोत परिचालनतथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षणगर्नु पर्ने व्यवस्था छ । गा वि स अन्तर्गत संचालित योजनाको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ ।

६. **संचित कोष** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६ मा कोष सञ्चालन सम्वन्धी व्यवस्था गरेको छ । गाउंपालिकाले संचित कोष खाता अद्यावधिक नगरेकोले शीर्षकगत आम्दानी यकिन गर्न नसकिने भएकोले खाता अद्यावधिक हुन पर्दछ ।

७. **कन्टेन्जेन्सी** : स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ बमोजिम कन्टेन्जेन्सी खर्च सम्बन्धी कार्ययोजना गाउं परिषदबाट स्वीकृत गराई कन्टेन्जेन्सी खाताबाट खर्च व्यवस्थित गर्नु पर्ने व्यवस्था छ । कन्टेन्जेन्सी खातामा रकम जम्मा नगरी सम्बन्धित उपशर्षिकबाट खर्च गरेको छ । कन्टिन्जेन्सी खर्चको कार्य योजना वनाइ कार्ययोजना अनुसारको कन्टिन्जेन्सी खर्च लेख्नु पर्नेमा सोझै खर्च लेखिएको छ । साथै कन्टिन्जेन्सी खर्चको अभिलेख राख्ने नगरिएवाट कन्टिन्जेन्सी खर्च र सो प्रयोगको स्थिति एकिन हुन आएन ।

८. **जिन्सी निरीक्षण:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ वमोजिम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले वर्षमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लिनु पर्ने व्यवस्था छ । यस कार्यालयले वार्षिक जिन्सी निरीक्षण नगरेकोले जिन्सीको अवस्था मूल्यांकन गर्न सकिएन । नियमानुसार जिन्सी निरीक्षण हुनु पर्दछ । खरिद गरिएको सिलिङ पंखा ११ थान, कार्पेट, पर्दा, पाइप र फर्निचर समेतको रु.१८०३९०।०० भुक्तानी गरेको पाइयो ।

९. **पेश्की बाकी:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगतको म्याद नाघेको पेश्की रू.९,०५,३८१।००– र चालु रू २७०,०००।– गरि जम्मा पेश्की रू ११,७५,३८१। नियम अनुसार फछ्र्यौट हुनु पर्दछ ।

१०. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नु पर्नेमा २०७३।११।२७ मा एक आपूर्तकलाई भुक्तानी गरेको रू.४५,०००।– को नियम अनुसार अग्रिम कर १५ प्रतिशतका दरले रू.६,७५०।– कट्टा गरी भुक्तानी गर्नु पर्नेमा सो नगरेकोले असुल गरी राजस्व दाखिला गर्नु पर्दछ ।

११. **नगद :** एक भु.पु.सचिवको रू. ८७,०००।– र मुखियाको नाममा रहेको नगद रू.९४७।– गरी रू ८७,९४७।– असुल गरी बैंक दाखिला गर्नु पर्दछ ।

१२. **रसिद नियन्त्रण खाता** : स्थानीय तहले नगदी रसिदको आम्दानी, खर्च र बाकी खुल्ने गरी नगदी रसिद नियन्त्रण खाता नराखेकोले रसिदको आम्दनी खर्च र बाकीको अवस्था एकिन गर्न सकिएन ।

१३. **आय बक्यौता :** बिभिन्न ठेक्का बापत १२ जना ब्यक्तीबाट उठ्न बाकी रकम रू ३,२२,२८८।– असुलीको कारवाही गरी असुल उपर गर्नुपर्ने देखियो ।

**चकचकी गाउँविकास समिति**

१४. **सुपरिवेक्षण तथा अनुगमन** : स्थानीय निकाय श्रोत परिचालनतथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षणगर्नु पर्ने व्यवस्था छ । गा वि स अन्तर्गत संचालित योजनाको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ ।

१५. **कन्टेन्जेन्सी** : स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ बमोजिम कन्टेन्जेन्सी खर्च सम्बन्धी कार्ययोजना गाउं परिषदबाट स्वीकृत गराई कन्टेन्जेन्सी खाताबाट खर्च व्यवस्थित गर्नु पर्ने व्यवस्था छ । कन्टेन्जेन्सी खातामा रकम जम्मा नगरी सम्बन्धित उपशर्षिकबाट खर्च गरेको छ । कन्टिन्जेन्सी खर्चको कार्य योजना वनाइ कार्ययोजना अनुसारको कन्टिन्जेन्सी खर्च लेख्नु पर्नेमा सोझै खर्च लेखिएको छ । साथै कन्टिन्जेन्सी खर्चको अभिलेख राख्ने नगरिएवाट कन्टिन्जेन्सी खर्च र सो प्रयोगको स्थिति एकिन हुन आएन ।

१६. **जिन्सी निरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ वमोजिम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले वर्षमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लिनु पर्ने व्यवस्था छ । यस कार्यालयले वार्षिक जिन्सी निरीक्षण नगरेकोले जिन्सीको अवस्था मूल्यांकन गर्न सकिएन । नियमानुसार जिन्सी निरीक्षण हुनु पर्दछ ।

१७. **पेश्की बाकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गतविगत पेश्की रू.१,१६,०००।– र चालु आ.व. को पेश्की रू ३,७५,०००।– गरि जम्मा पेश्की रू ४९१,०००। फछ्र्यौट गर्न वांकी देखिएकोले नियम अनुसार फछ्र्यौट हुनु पर्दछ ।

१८. **नगद जिम्मा :** एक पूर्व सचिव लगाएत बिभिन्न ४ व्यक्ति तथा पदाधिकारीबाट क्रमशः रू.१९००।–, रू. १४००।–, रू.३४,९७९।– र रू ५७३।– गरि जम्मा नगद रू.३८,८५२।– दाखिला गर्नु पर्ने देखियो ।

१९. **अग्रिम कर** : आयकर ऐन २०५८ अनुसार भुक्तानीमा अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था छ । एक आपूर्तकबाट रू.२,४१,९००।– को मोटरसाइकल खरिद गर्दा १.५० ले करकट्टी रू ३,६२८।– असुल गरि कर कार्यालयमा दाखिला गर्नु पर्दछ ।

२०. **जमानत :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १७४ मा जमानत तथा धरौटी राख्नु पर्ने व्यवस्था गरिएको छ । मिति २०७३।११।२४ मा एक ह्युमपाइप उद्योगबाट रू.३,००,०००।– को ह्युमपाइप खरिद गरिएकोमा बैंक जमानत पेश भएको छैन ।

२१. **ढुवानी कर :** एक ह्युमपाइप उद्योगबाट विभिन्न सामानको ढुवानी बापत भुक्तानी दिदा रू.४५,०००।– मा १०० ले करकट्टी रू ४,५००।– असुल गरि संचित कोष दाखिल गरेको पाइएन ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.१४ लाख २३ हजार बेरुजू देखिएको मध्ये असुल गर्नु पर्ने रु.४ लाख ३९ हजार, अनियमित रु.३ लाख ३९ हजार र पेश्की रु. ६ लाख ४५ हजार रहेको छ ।

## झापा गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत आर्थिक वर्षसम्मको मौज्दात रू. १ लाख ९ हजार, यस आ.व.को आम्दानी रू.३ करोड ८५ लाख ७३ हजार गरी जम्मा रु.३ करोड ८६ लाख ८२ हजार आम्दानी गरी रु. ३ करोड ३१ लाख ९५ हजार खर्च पश्चात रु. ५४ लाख ८७ हजार मौज्दात बाकी रहेको छ । उक्त कारोबारको लेखापरीक्षण गर्दा देखिएको व्यहोरा निम्नानुसार छन् ।

१. **सुपरिवेक्षण तथा अनुगमन :** स्थानीय निकाय श्रोत परिचालनतथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षणगर्नु पर्ने व्यवस्था छ । गा वि स अन्तर्गत संचालित योजनाको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ ।

२. **जिन्सी निरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ वमोजिम लगत खडा गरी राखेको जिन्सी मालसामान निरीक्षण गर्नुपर्नेमा सो गरेको देखिएन ।

३. **कन्टेन्जेन्सी खर्च :** स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ बमोजिम कन्टेन्जेन्सी खर्च सम्बन्धी कार्ययोजना गाउँपरिषदबाट स्वीकृत गराई कन्टेन्जेन्सी खाताबाट खर्च व्यवस्थित गर्नु पर्ने व्यवस्था छ । कन्टेन्जेन्सी खातामा रकम जम्मा नगरी सम्बन्धित उपशर्षिकबाट खर्च गरेको छ । कन्टिन्जेन्सी खर्चको कार्य योजना वनाइ कार्ययोजना अनुसारको कन्टिन्जेन्सी खर्च लेख्नु पर्नेमा सोझै खर्च लेखिएको छ । साथै कन्टिन्जेन्सी खर्चको अभिलेख राख्ने नगरिएवाट कन्टिन्जेन्सी खर्च र सो प्रयोगको स्थिति एकिन हुन आएन ।

४. **जिन्सी निरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ वमोजिम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले वर्षमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लिनु पर्ने व्यवस्था छ । यस कार्यालयले वार्षिक जिन्सी निरीक्षण नगरेकोले जिन्सीको अवस्था मूल्यांकन गर्न सकिएन । नियमानुसार जिन्सी निरीक्षण हुनु पर्दछ ।

५. **आय बक्यौता** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम बिभिन्न ५ व्यक्तिबाट असुल हुन बाकी विगतको आय रु.३,२७,६००।- असुल गर्नु पर्दछ ।

६. **पेश्की बाकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । बिभिन्न १८ व्यक्तिको गत विगतको म्याद नाघेको पेश्की रू.५,५९,३२२।००— र चालु पेश्की रू ८८०,०००।— गरि जम्मा पेश्की रू १४,३९,३२२। नियम अनुसार फछ्र्यौट हुनु पर्दछ ।

७. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार निम्नानुसारका भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नु पर्नेमा भौ.नं १४ मिति २०७३।९।२८ लेखापरीक्षक श्री वि.के एण्ड कम्पनीको विजकवाट आ.व.२०७३।७४ को लेखापरीक्षण पारिश्रमिक रु. ३४,०००।- भुक्तानी दिंदा नियम अनुसार १५ प्रतिशतका दरले अग्रिम कर कट्टा नगरेकोले अग्रिम कर रु.५,१००।- र गजुरमुखी टेड लिंक मार्फत मोटरसाइकल खरिद गर्दा मु.अ कर कट्टी रु २,५९,९००।- मा खरिद गर्दा मु.अ.कर विल नभएको तथा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टा नगरेकोले अग्रिम कर रु. ३८९८.५० ह्युमपाईप ढुवानी बापटको भुक्तानी रु १८,०००।- को १० प्रतिशतका दरले अग्रिम कर कट्टा नगरेकोले अग्रिमकर रु. १,८००।- समेत जम्मा रु. १०,७९८।- असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

८. **विल भरपाई :** शसस्त्र प्रहरी बल कुमरखोदलाई छाना मर्मत गर्न रु. ३०,०००।- भुक्तानी गर्दा विल भरपाई भएको नपाइएकोमा हुदां सोको प्रमाण पेश हुनु पर्दछ ।

९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम पेश्की फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । एक जना व्यक्तिको नाममा बाकी रहेको नगद रु.२,०००।- कोष दाखिला गर्नु पर्दछ ।

१०. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार खर्च प्रमाणित हुने बिल भरपाई साथ लेखा राख्नु पर्ने व्यवस्था छ । गो.भा. १६/२०७३।०५।२३ कुमरखोद २ लसुना बिधुत पोल खरिद गरेको रु १००,०००। को बिल पेश नभएको सो को प्रमाण पेश गर्नु पर्दछ ।

११. **प्रमाण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार खर्च प्रमाणित हुने बिल भरपाई साथ लेखा राख्नु पर्ने व्यवस्था छ । गो.भा. १७/२०७३।०५।२९ गाबिस प्राङ्गणको माटो पुर्ने कार्यको रु ७२,२००।- भुक्तानी दिएकोमा सो संग सम्बन्धीत प्राबिधिक कागजात संलग्न नगरेको सो को प्रमाण पेश गर्नु पर्दछ ।

१२. **भुक्तानी बाकी** : भिबिन्न ३ कर्मचारीको क.सं.कोष कट्टी गरेको रकम रु २,१५,९७८।- दाखिला गरेको प्रमाण पेश गर्नु पर्दछ ।

**साबिक टाघनडुब्बा गाउँविकास समिति**

१३. **सुपरिवेक्षण तथा अनुगमन :** स्थानीय निकाय श्रोत परिचालनतथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षणगर्नु पर्ने व्यवस्था छ। गा वि स अन्तर्गत संचालित योजनाको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ।

१४. **जिन्सी निरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ बमोजिम लगत खडा गरी राखेको जिन्सी निरीक्षण गरी प्रतिबेदन तयार गरेको देखिएन।

१५. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नु पर्नेमा भौ.नं २०९ मिति २०७३।११।२७ एक लेखापरीक्षकलाई भुक्तानी दिएको रु.३०,०००।- को नियम अनुसार अग्रिम कर १.५ प्रतिशतका दरले रु.४,५००।- कट्टा गरी भुक्तानी गर्नु पर्नेमा सो भए गरेको नपाइएको रु.४५००।- असुल गरी राजस्व दाखिला गर्नु पर्दछ।

१६. **आय बक्यौता :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम बांकी आय रु.२७,९८२।- असुल गर्नु पर्दछ।

१७. **धरौटी बाँकी :** धरौटी नगद बाकी रु २,५३६।- उपर असुल गर्नुपर्दछ।

१८. **पेश्की बांकी:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ। गत विगतको पेश्की रु.१,३०,९४५।- र चालु कर्षको रु.१,००,०००।- गरी जम्मा पेश्की रु. २,३०,९४५।- फछ्यौंट गर्न वांकी देखिएकोले नियम अनुसार फछ्र्यौट गर्नु पर्दछ।

१९. **शरणमति गाउँविकास समिति**

**सुपरिवेक्षण तथा अनुगमन :** स्थानीय निकाय श्रोत परिचालनतथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षणगर्नु पर्ने व्यवस्था छ। गा वि स अन्तर्गत संचालित योजनाको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ।

२०. **कन्टेन्जेन्सी :** स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ बमोजिम कन्टेन्जेन्सी खर्च सम्बन्धी कार्ययोजना गाउं परिषदबाट स्वीकृत गराई कन्टेन्जेन्सी खाताबाट खर्च व्यवस्थित गर्नु पर्ने व्यवस्था छ। कन्टेन्जेन्सी खातामा रकम जम्मा नगरी सम्बन्धित उपशर्षिकबाट खर्च गरेको छ। कन्टिन्जेन्सी खर्चको कार्य योजना वनाइ कार्ययोजना अनुसारको कन्टिन्जेन्सी खर्च लेख्नु पर्नेमा सोभै खर्च लेखिएको छ। साथै कन्टिन्जेन्सी खर्चको अभिलेख राख्ने नगरिएवाट कन्टिन्जेन्सी खर्च र सो प्रयोगको स्थिति एकिन हुन आएन।

२१. **कर कट्टी :** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार निम्नानुसारका भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नु पर्नेमा भौ.नं ३३ मिति २०७३।११।२७ एक लेखापरीक्षकलाई भुक्तानी गरेको रु.४०,०००।- को नियम अनुसार अग्रिम कर रु.६,०००।- कट्टा गरी भुक्तानी गर्नु पर्नेमा सो भए गरेको नपाइएकोले रु. ६,०००।- असुल गरी राजस्व दाखिला गर्नु पर्दछ।

२२. **कर कट्टी :** एकजना कर्मचारीको तलब २४,३००।- मा सा.सु कर कट्टी नगरी भुक्तानी गरेको र सो रकममा रु.२४३।- कर कट्टी गरी तुरुन्त दाखिला गर्नु पर्दछ।

२३. **पेश्की बांकी :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ। गतविगत पेश्की रु.५८,४३६।-फछ्र्यौट गर्न वांकी देखिएकोले नियम अनुसार फछ्र्यौट हुनु पर्दछ।

२४. **आय बक्यौता :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम दिएको ठेक्का बांकी आय रु.१,१३,८५६।- असुल गर्नु पर्दछ।

२५. स्थानीय निकाय श्रोत साधन परिचालन कार्यविधि, २०५९ अनुसार पूंजीगत अनुदानबाट चालु प्रकृतिको खर्च गर्न नपाइने व्यवस्था रहेकोमा पूंजीगत खाताबाट रु. ३,२६,४८०।- चालु खातामा हस्तान्तरण गरी खर्च लेखेको अनियमित देखिएको छ।

२६. **आय बक्यौता :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम गतविगतको म्याद नाघेको आय रु.११००।- असूल फछ्यौंट गर्न वांकी देखिएकोले नियम अनुसार असूल फछ्र्यौट हुनु पर्दछ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.२३ लख ५२ हजार बेरुजू देखिएको मध्ये असुल गर्नु पर्ने रु.५ लाख ९५ हजार, नियमित गर्नु पर्ने रु.७ लाख ४६ र पेश्की रु.११ लाख ११ हजार रहेको छ।

# वुद्धशान्ती गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत आर्थिक वर्षसम्मको मौज्दात रू. २ लाख ७५ हजार, यो बर्षको आम्दानी रू.११ करोड ३१ लाख ९ हजार गरी जम्मा रु. ११ करोड ३३ लाख ८४ हजार आम्दानी भएकोमा रु. १० करोड ४९ लाख ६१ हजार खर्च गरी रु. ८४ लाख २३ हजार मौज्दात बाकी रहेको छ। उक्त आर्थिक कारोबारको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

१. **आन्तरिक नियन्त्रण प्रणाली** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूर्ल्याकन गर्दा भ्रमण प्रतिवेदन संलग्न, बिल भरपाईमा भुक्तानी भएको छाप, बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित, कार्यक्रमगत खर्च खाता, जिन्सी अभिलेख आद्यावधिक, बेरुजू अभिलेख व्यवस्थित, कर्मचारीको कार्य विवरण, रसिद नियन्त्रण खाता आदी व्यहोरा पालना भएको नदेखिएकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छः।

२. **आय असुली तथा दाखिला :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२, १३ ले आय तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ । आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी राखेको पाइएन ।स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आवस्यक निर्णय तथा कार्यान्वयन गरि आन्तरिक आय वृद्धि गर्ने गर्ने तर्फ ध्यान पुग्नु पर्दछ । वर्षान्तमा दाखिला वाकी रहेको रु. २६९७०/- पाइयो । सो रकम दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ ।

३. **बरबुझारथः** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउपालिकामा समाहित भएका साबिकको गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले यस गाउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

४. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता मिति २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, प्रत्यक साबिक गा.बि.स.का सचिब परिबर्तन हुने बित्तिकै खर्च भएर नजाने जिन्सी खाता (म.ले.प.फा.नं.-४७) समेत नयाँ खडा गर्ने गरेको जसमा कम्पुटर, ल्यापटप, प्रिन्टर, डिजिटल क्यामरा, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यबान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । कार्यालयले एकिकृत जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी सार्वजनिक गरेको नपाईएकोले तालुक निकायको आदेशको पालना गरिनु पर्दछ ।

५. **सम्पत्ति संरक्षण र उपयोगः** कार्यालयले साविक गाउं बिकास समिति वुधवारे,शान्तीनगरको जिम्मा रहेका जिन्सी सामानको गाउपालीकाको मुल जिन्सी खातामा जिम्मेवारी सारेको नदेखिएकोले उक्त जिन्सी सामानहरु एकिन गरी आगामी बर्ष जिन्सी अभिलेख अद्यावधिक गर्नु पर्दछ ।

६. **योजना छनौट :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली २०५६ बमोजिम स्थानीय निकायले संचालन गर्ने योजना छनौट तथा कार्यान्वयनमा समाबेशी, पारदर्शिता र गाउं /नगर परिषदबाट पारित हुनु पर्नेमा योजना छनौट तथा कार्य सम्पन्न भएका योजनाहरु हस्तान्तरण भएको देखिएन ।

७. **आय ठेक्का :** बिगत बर्षको आय बक्यौता शान्तीनगर तर्फ रु. ८३,०००।- र वुधवारे तर्फ रु. ५,५६,१७४।- गरी जम्मा रु.६,३९,१७४।- असुल गर्नु पर्ने देखिन्छ ।

८. **स्रोत नक्सांकन :** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउंपालिकाले

आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

९. **वार्षिक खरिद योजना :** सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले यो बर्ष रु.२,५८,३७,८३३/- खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आवश्यक पर्ने भएकोले नियममा भएको व्यबस्था पालना हुनुपर्दछ ।

१०. **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ

११. **प्रगति तयार :** आर्थिक कार्यविधी  नियमावली, २०६४ को नियम २० र २५ अनुसार गाउ कार्यपालीकाले चौमासिक र बार्षिक प्रगति विवरण तयार गरी तोकिए बमोजिमको निकायमा पठाउनुपर्ने उल्लेख गरेकोमा सो विवरण तयार गरी पठाएको नदेखिएकोले बार्षिक लक्ष्य र प्रगतिको विश्लेषण गर्न सकिएन ।

१२. **साविक वुधवारे :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवैको कर्तव्य हुने व्यवस्था छ । विगत वषको ३ वटा पेश्कीको रु.३०,०००।- लेखापरीक्षण समयसम्म फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

१३. **कर कट्टा :** आयकर ऐन २०५८ दफा ८७ र ८८ बमोजिम अग्रीम कर कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेमा सो नगरी देहाय अनुसार रु. ६२,§२/- राजश्व दाखिला गर्नुपर्नेमा गरेको नदेखिएकोले  कानुन अनुसार असुल गरी राजश्वमा दाखिला गर्नुपर्दछ ।

१४. **कट्टा कर दाखिला :** आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तानी भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पारीश्रमिक भुक्तानीमा कट्टा गरिएको देहाय अनुसारको अग्रिम कर रु.२१,३३०।- दाखिला नगरेकोले उक्त रकम संघीय सञ्चित कोषमा  दाखिला गर्नुपर्दछ

१५. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम खरिद सामानको खरीद पश्चात जिन्सी आम्दानी  वाधी खर्च लेखाकंन गर्नुपर्नेमा युनिकन मोटरसाइकलको इन्जिन र फर्निचर गरी जम्मा रु. २,६४,४००।- को सामान खरीद गरेकोमा आम्दानी वेगर खर्च लेखेको पाइएकोले जिन्सी आम्दानी वाधेको प्रमाण पेश गर्नु पर्दछ ।

१६. **कर फिर्ता :** २०७३।०४।१० मा कायांलयले राजश्वमा दाखीला भइसकेको रकम फिर्ता गर्दा पर्याप्त छानवीन र प्रमाणहरु संलग्न गरी रकम फितां गनुंपर्नेमा दैनिक हाट वजार तथा निकासी करको रु १,७५,०००।- निर्माण व्यावसायीलाइ वन्द, हडतालले गर्दा कर असुली नभएको कारण जनाइ कर फितां गरेको कानुन सममत नदेखिएकोले सो रकम फिर्ता दिनेलाई कारवाही गरी सो तत्काल असुल गरी गाउपालीकाको खातामा दाखीला भएको प्रमाण पेश गर्नु पर्दछ ।

१७. **अन्य कार्यालयको खर्च :** २०७३।०८।०९ र २०७४।०१।११ मा इलाका प्रहरी कार्यालयलाई रु.३,२,३००।- को डिजेल खरीदको रकम भुक्तानी गरेको पाइयो । सो कार्यालयमा नै नेपाल सरकारवाट रकम निकासा हुने हुदा अन्य कार्यालयको खर्च भुक्तानी गरेको कानून सम्मत देखिएन । तसर्थ आगामी दिनमा यसप्रकारको खर्चलाइ निरुत्साहित गर्नुपर्दछ ।

१८. **बेरुजु अभिलेख :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । गाउँबिकास समिति, गाउपालिकामा बेरुजु अभिलेख, पेश्की बांकीको बिबरण तथा सो को फछ्र्यौटको अभिलेख रहेको पाईएन ।

**वेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.१२ लख ५१ हजार बेरुजू देखिएको मध्ये असुल गर्नु पर्ने रु.७ लाख २३ हजार, नियमित गर्नु पर्ने रु.४ लाख ९८ र पेश्की रु.३० हजार रहेको छ ।

# हल्दीवारी गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत आर्थिक वर्षसम्मको मौज्दात रू. १६ लाख ६७ हजार, यस आ.व.को आम्दानी रू. १२ करोड १२ लाख ३५ हजार गरी जम्मा रु. १२ करोड २९ लाख २ हजार आम्दानी गरी रु.९ करोड ९९ लाख ८७ हजार खर्च पश्चात रु. २ करोड २९ लाख १५ हजार मौज्दात बाकी रहेको छ । उक्त आर्थिक कारोबारको लेखापरीक्षाण गर्दा देखिएका व्यहोरा देहाय अनुसार छन् ।

१. **आन्तरिक नियन्त्रण प्रणाली** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूर्ल्याकन गर्दा भ्रमण प्रतिवेदन संलग्न, भुक्तानी भएको छाप लगाएको, बिल भरपाई प्रमाणित, भुक्तानीको छाप, बिल प्रमाणित, कार्यक्रमगत खर्च खाता, जिन्सी अभिलेख आद्यावधिक, जोखिमहरु परिचान, बेरुजू अभिलेख लगाएतका आन्तरीक नियन्त्रणका व्यहोरा पालना गरेको देखिएन । यसमा सुधारगरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

२. **असुली तथा दाखिला :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२,१३ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी राखेको पाइएन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आवस्यक निर्णय तथा कार्यान्वयन गरि आन्तरिक आय वृद्धि गर्ने गर्ने तर्फ ध्यान पुग्नु पर्दछ । वर्षान्तमा दाखिला वाकी रहेको रु. २,२४,११७/- पाइयो । सो रकम दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ ।

३. **बरबुझारथः** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.११३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउपालिकामा समाहित भएका साबिकको गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले यस गाउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

४. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता मिति २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, प्रत्यक साबिक गा.बि.स.का सचिब परिबर्तन हुने बित्तिकै खर्च भएर नजाने जिन्सी खाता (म.ले.प.फा.नं.-४७) समेत नयाँ खडा गर्ने गरेको जसमा कम्पुटर, ल्यापटप, प्रिन्टर, डिजिटल क्यामरा, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यबान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी सार्वजनिक गरेको नपाईएकोले तालुक निकायको आदेशको पालना गरिनु पर्दछ ।

५. **सम्पत्ति संरक्षण र उपयोगः** कार्यालयले साविक गाउं बिकास समिति जलथल,हल्दीवारी र गोलधापको जिम्मा रहेका जिन्सी सामानको गाउपालीकाको मुल जिन्सी खातामा जिम्मेवारी सारेको नदेखिएकोले उक्त जिन्सी सामानहरु एकिन गरी आगामी बर्ष जिन्सी अभिलेख अद्यावधिक गर्नु पर्दछ ।

६. **योजना छनौटः** स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली २०५६ बमोजिम स्थानीय निकायले संचालन गर्ने योजना छनौट तथा कार्यान्वयनमा समाबेशी, पारदर्शिता र गाउँनगर परिषदबाट

पारित हुनु पर्नेमा योजना छनौट तथा कार्यान्वयनगर्दा सम्पन्न भएका योजनाहरु उपभोक्ता समितिमा हस्तान्तरण भएको देखिएन ।

७. **आय ठेक्का :** आय बक्यौता रु. २,६१,७३४।- असुल भएको छैन ।

८. **स्रोत नक्सांकन :** स्थानीय स्वायत्त शासन ऐन, २०५५, तथा नियमावली, २०५६ बमोजिम प्रत्येक गाउंपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साFकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

९. **वार्षिक खरिद योजना :** सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष रु.२,६६,१९,०५७।- को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन । खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आवश्यक पर्ने भएकोले नियममा भएको व्यबस्था पालना हुनुपर्दछ ।

१०. **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयारगरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

११. **प्रगति तयार :** आर्थिक कार्यविधी  नियमावली, २०६४ को नियम २० र २५ अनुसार गाउ कार्यपालीकाले चौमासिक र बार्षिक प्रगति विवरण तयार गरी तोकिए बमोजिमको निकायमा पठाउनुपर्ने उल्लेख गरेकोमा सो विवरण तयार गरी पठाएको नदेखिएकोले बार्षिक लक्ष्य र प्रगतिको विश्लेषण गर्न सकिएन ।

१२. **सामाजिक सुरक्षा तर्फ :** यस नगपालीकाको सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि बार्षिक रु.७,२५,७१,२००।- निकासा गरी रु.५,७८,९९,२००।- खर्च गरी वाकी रु.१,४६,७२,०००।- वितरण गरेको भपाई जिल्ला समन्वय समितिमा पेश गरी हिसाव फरफारक गर्नुपर्दछ ।

१३. **जिम्मेवारी हस्तान्तरण :** साविक हल्दीवारी र जलथलमा २०७४।३।३१ सम्म गाविसमा बांकी रहेको क्रमश रु.४५,७४,३६७।- र रु. १,२३,३७,४१६।- गाउपालिकाले तत्काल हस्तान्तरण गर्नु पर्दछ ।

१४. **विवरण** लेखापरीक्षणको क्रममा च.नं. २१।२०७४।०९।२६ को पत्रवाट विभिन्न अनुसुचि संलग्न गरी विवरण माग गरिएकोमा विवरण प्राप्त भएको छैन ।

**साबिक हल्दीवारी गाउँविकास समिति**

१५. **पेश्की फर्छ्यौट :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्यौंट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । लेखापरीक्षण मिति २०७४।१०।०५ सम्म ४ बिद्यालयको रु.५,५०,०००।- पेश्की फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

१६. **कर कट्टा :** आयकर ऐन, २०५८ दफा ८७ अनुसार १५ प्रतिशत कर कट्टी गर्नु पर्ने व्यवस्था छ । भौ.नं ९९ मिति २०७४/३/२४ मा योजना अनुगमन गरेको भत्ता वापत लगायत पाँच जनालाई रु. ४०,०००।- भुक्तानी खर्च लेखेकोमा रु. ६०००।- कर कट्टा गरेको नदेखिएकोले नियमानुसार असुल गरी संचित कोष दाखिला गर्नुपर्दछ ।

१७. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम खरिद सामानको खरीद पश्चात जिन्सी आम्दानी  वाधी खर्च लेखाकंन गर्नुपर्नेमा खरिद गरिएका रु. ३,९१,१८४।- का  ४ फर्निचर लगाएतका सामान  आम्दानी वेगर खर्च लेखेको पाइएकोले जिन्सी आम्दानी वाधेको प्रमाण पेश गर्नु पर्दछ ।

१८. **कर कट्टा :** आयकर ऐन ,२०५८ दफा ८७ बमोजिम अग्रीम कर कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेमा सो नगरी सचिव कुमुद चन्द्र झालाई प्रति महिना ३,५००।०० दरले चैत्र देखि असार सम्म रु. १४,०००/- भत्ता भुक्तानी गरेको र १५ प्रतिशत हुने कर २,१००।- राजश्व दाखिला गर्नुपर्नेमा रु. १४० मात्र कट्टा गरेकोले घटी भएको रु. १,९६०।-  कानुन अनुसार असुल गरी संचित कोष दाखिला गर्नुपर्दछ ।

१९. **कर कट्टा :** आयकर ऐन, २०५८ दफा ८७ बमोजिम अग्रीम कर कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेमा सो नगरी जलथल गा.वि.स. को गो.भौ.नं १५।२०७३।५।२६ वाट विशुलाल मेचे ,श्री प्रसाद नविन मैनाली, जीत बहादुर राजबंशी र होम प्र. चुडाल समेतलाइ प्रति व्यक्ति रु. ३००० दरले रु.१५०००।००

पारिश्रमिक भुक्तानी गरेकोले आयकर ऐन २०५८ बमोजिम १५ प्रतिशत हुने गरी रु.२२५०।- असुल गरी राजश्वमा दाखिला गर्नुपर्दछ।

२०. **कर कट्टा :** आयकर ऐन, २०५८ दफा ८७ बमोजिम अग्रीम कर कट्टा गरेर मात्र वाकी रकम भुक्तानी दिनु पर्नेमा सो नगरी प्राविधिक जाँच भत्ता रु.६६,०००।- र लेखापरीक्षण शुल्क रु.१,४५,०००।- र गाविस सचिव भत्ता रु.४०,०००।- भुक्तानी गरेको पाइएकोले ९ जना कर्मचारी र व्यक्तिवाट रु.३७,६५०।- असुल गरी राजश्वमा दाखिला गर्नुपर्दछ।

२१. **कर कट्टा :** आयकर ऐन, २०५८ दफा ८७ बमोजिम अग्रीम कर कट्टा गरेर मात्र वाकी रकम भुक्तानी दिनु पर्नेमा सो नगरी रु.३,१५००।- प्रोत्साहन भत्ता भुक्तानी गरेको पाइएकोले एक गा.बि.स.का ३ कर्मचारीवाट रु.४७२५।०० असुल गरी राजश्वमा दाखिला गर्नुपर्दछ।

२२. **पेश्की बाकी :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवैको कर्तव्य हुने व्यवस्था छ । विगत वषको ६ वटा पेश्कीको रु.९६,२००।- कार्यालयले २०७४।१०।१४ सम्म फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ।

२३. **बेरुजु अभिलेख :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ। गाउँबिकास समितिमा रहको बेरुजु ,अभिलेख, पेश्की बांकीको बिबरण तथा सो को फछ्र्यौटको अभिलेख रहेको पाईएन।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.३ करोड २६ लाख ६५ हजार बेरुजू देखिएको मध्ये असुल गर्नु पर्ने रु.३ लाख १५ हजार, नियमित गर्नुपर्ने रु.३ करोड १९ लाख र पेश्की रु.५ लाख ५० हजार रहेको छ।

# कचनकवल गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत आर्थिक वर्षसम्मको मौज्दात रू. ६ लाख ६७ हजार, यस आ.व.को आम्दानी रू.११ करोड ३२ लाख ८० हजार गरी जम्मा रु.११ करोड ३९ लाख ४७ हजार आम्दानी गरी रु. १० करोड ७२ लाख २२ हजार खर्च पश्चात रु.६७ लाख २५ हजार मौज्दात बाकी रहेको छ। उक्त कारोबारको लेखापरीक्षण गर्दा देखिएको व्यहोरा निम्नानुसार छन् ।

१. **आन्तरिक नियन्त्रण प्रणाली** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूर्ल्याकन गर्दा भ्रमण प्रतिवेदन संलग्न, भुक्तानी भएको छाप लगाएको, बिल भरपाई प्रमाणित, भुक्तानीको छाप, बिल प्रमाणित, कार्यक्रमगत खर्च खाता, जिन्सी अभिलेख आद्यावधिक, जोखिमहरु परिचान, बेरुजू अभिलेख लगाएतका आन्तरीक नियन्त्रणका व्यहोरा पालना गरेको देखिएन । यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छ:।

२. **असुली तथा दाखिला:** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२,१३ ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी राखेको पाइएन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आवस्यक निर्णय तथा कार्यान्वयन गरि आन्तरिक आय वृद्धि गर्ने गर्ने तर्फ ध्यान पुग्नु पर्दछ । वर्षान्तमा दाखिला गर्न वाकी पथरीया गाविसको रु.२,१०,६६७-, वनियानी गाविसको रु.३२,५०८७-, वालुवाडी गाविसको रु.७८७६।-, घेरावारी गाविसको रु.५५,९८३।- ,पाठामारी गाविसको रु.७,४५३।- र कचना गाविसको रु.२२२१९।- रहेको पाइयो । सो रकम यथासीघ्र दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ ।

३. **बरबुझारथ:** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउपालिकामा समाहित भएका साबिकको गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले यस गाउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

४. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, प्रत्यक साबिक गा.बि.स.का सचिब परिबर्तन हुने बित्तिकै खर्च भएर नजाने जिन्सी खाता (म.ले.प.फा.नं.-४७) समेत नयाँ खडा गर्ने गरेको जसमा कम्पुटर, ल्यापटप, प्रिन्टर, डिजिटल क्यामरा, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यबान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । कार्यालयले एकिकृत जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी सार्वजनिक गरेको नपाईएकोले तालुक निकायको आदेशको पालना गरिनु पर्दछ ।

५. **सम्पत्ति संरक्षण र उपयोग:** कार्यालयले साविक गाउं बिकास समिति वुधवारे,शान्तीनगरको जिम्मा रहेका जिन्सी सामानको गाउपालीकाको मुल जिन्सी खातामा जिम्मेवारी सारेको नदेखिएकोले उक्त जिन्सी सामानहरु एकिन गरी आगामी बर्ष जिन्सी अभिलेख अद्याबधिक गर्नु पर्दछ ।

६. **योजना छनौट:** स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली २०५६ बमोजिम स्थानीय निकायले संचालन गर्ने योजना छनौट तथा कार्यान्वयनमा समाबेशी, पारदर्शिता र गाउं /नगर परिषदबाट पारित हुनु पर्नेमा योजना छनौट तथा कार्यान्वयन गर्दा सम्पन्न भएका योजनाहरु उपभोक्ता समितिमा हस्तान्तरण भएको देखिएन ।

७. **आय ठेक्का :** आय बक्यौता पथरीया तर्फ रु. ७०,०६९।-, वनियानी तर्फ रु.७३४९१।००, वालुवाडी तर्फ रु.३५,४४५।-, घेरावारी तर्फ रु.६,५००।-, केचना तर्फ रु.८७,८३०।- र पाठामारी तर्फ रु. १०,८१,३००।- असुल

गरेको छैन । नियमावलीको व्यवस्था बमोजिम असुल गरी संचित कोष दाखिला गर्नु पर्दछ ।

८. **स्रोत नक्सांकन :** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउंपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

९. **वार्षिक खरिद योजनो:** सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष रु.३,३१,३५,१०८/- खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आवश्यक पर्ने भएकोले नियममा भएको व्यबस्था पालना हुनुपर्दछ ।

१०. **लागत अनुमान:** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ

११. **प्रगति तयार :** आर्थिक कार्यविधी  नियमावली, २०६४ को नियम २० र २५ अनुसार गाउ कार्यपालीकाले चौमासिक र बार्षिक प्रगति विवरण तयार गरी तोकिए बमोजिमको निकायमा पठाउनुपर्ने उल्लेख गरेकोमा सो विवरण तयार गरी पठाएको नदेखिएकोले बार्षिक लक्ष्य र प्रगतिको विश्लेषण गर्न सकिएन ।

१२. **विल भर्पाइ वेगर खर्च :** आर्थिक कायांविधि नियमावली, २०६४ को नियम ३६.३ अनुसार सरकारी रकम खर्च लेख्दा पर्याप्त विल भर्पाइ संलग्न गरी खर्च लेख्नु पर्नेमा आवश्यक कागजात संलग्न नगरी रु. ६१४,५००।- भुक्तानी गरेको देखिएकोले आवश्यक कागजात पेश गर्नु पर्ने देखिन्छ ।

१३. **साविक वुधवारे पेश्की  बाकी :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवैको कर्तव्य हुने व्यवस्था छ । तर विगत वर्षको  वनियानी गाउ विकास समितिको ७ वटा पेश्कीको रु.१,२०,४०८।-, वालुवाडीको ४ वटा पेश्कीको रु.३,१८,०००।-, घेरावारी गाउको ४ वटा पेश्कीको रु.७५,१६६।-, केचनाको ७ वटा पेश्कीको रु.१,८९,९५०।-, पाठामारीको १९ वटा पेश्कीको रु.५,२१,७०६।- कार्यालयले लेखापरीक्षण समयसम्म फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

१४. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले लेखापरीक्षण मिति २०७४।१०।०१७ सम्म बिभिन्न ५ पदाधिकारीको रु .१,८०,०००।- पेश्की फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

१५. **कर कट्टा :** आयकर ऐन, २०५८ दफा ८७ र ८८ बमोजिम अग्रीम कर कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेमा अग्रिम कर रु.६७१३६।- कट्टा नगरी बिभिन्न व्यक्ति तथा निकायलाई भुक्तानी दिएकोले नियमानुसार असुल गरी राजश्वमा दाखिला गर्नुपर्दछ ।

१६. **कट्टा कर :** आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तानी भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पारीश्रमिक भुक्तानीमा कट्टा गरिएको अग्रिम कर रु.२१,४७९।- दाखिला नगरेकोले उक्त रकम सञ्चित कोषमा  दाखिला गर्नुपर्दछ

१७. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम खरिद सामानको खरीद पश्चात जिन्सी आम्दानी  वाधी खर्च लेखाकंन गर्नुपर्नेमा रु. १८३४६५।- को सामान खरीद गरेकोमा आम्दानी वेगर खर्च लेखेको पाइएकोले जिन्सी आम्दानी वाधेको प्रमाण पेश गर्नु पर्दछ ।

१८. **आम्दानी नसारेको :** साविक वनियानी र घेरावारीको खातामा २०७४।३।३१ सम्म गाविसको बांकी रहेको क्रमश रु.२,२५,०००।- र रु.१८८।- रकम गाउपालिकाले तत्काल सो रकम हस्तान्तरण गर्नु पर्ने देखिन्छ ।

१९. **बेरुजु अभिलेख :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । गांउ बिकास समिति, नगरपालिकामा बेरुजु अभिलेख, पेश्की बांकीको बिबरण तथा सो को फछ्र्यौटको अभिलेख रहेको पाईएन ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.२२ लाख ४ हजार बेरुजू देखिएको मध्ये असुल गर्नु पर्ने रु. ३ लाख ७२ हजार, नियमित गर्नुपर्ने रु.१६ लाख ५२ हजार र पेश्की रु.१ लाख ८० हजार रहेको छ ।

## विराटनगर महा-नगरपालिका

### लेखापरीक्षण प्रतिवेदन

गतवर्षको रु ३९ करोड ८५ लाख ५१ हजार र यो वर्ष २ अर्व ८३ करोड ६५ लाख ८५ हजार समेत रु ३ अर्व २३ करोड ५१ लाख ३६ हजार आम्दानी मध्ये रु २ अर्व ९६ करोड २८ लाख ४ हजार खर्च गरी रु २७ करोड २३ लाख ३२ हजार मौज्दात देखिन्छ। सो कारोबारको लेखापरीक्षणवाट देखिएको व्यहोरा देहाय बमोजिम छन् :

१. **बैंक समायोजन** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९९ मा आर्थिक विवरण र खर्चको लेखा स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। श्रेस्ता अनुसार आषाढ मसान्तमा बाँकी रहेको र बैङ्क अनुसार बाँकी रहेको रकमको बैङ्क समायोजन विवरण तयार गरी हिसाव मिलान गर्नु पर्दछ । हिसाव मिलान नहुँदा कारोवारको यथार्थता कठिन हुन्छ।

२. **निकासा आदेश बाँकी** : बैंक हिसाव विवरण तयार गरी साट्न बाँकी आदेशको विवरण र सो आदेश समय भित्र साटिएको बारे यकिन गरी बैंकसँग हिसाव मिलान गर्नुपर्दछ। ६ खाताको आदेश साट्न र जम्मा हुन बाँकी विवरण तयार गरेको छैन । सो एकिन गरेको छैन । यो वर्षको बैंक आदेश साट्न रु १३,४३,२८९।- बांकी देखिएको छ।

३. **वित्तीय जवाफदेहिता पालनाः** आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ४५ बमाजिम वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व पालनाको स्थिती मूल्याङ्कन खरिद योजना खरिद इकाई, गुरू योजना, सम्भावित जोखिमहरू पहिचान, जिम्मेवारी बाँडफाँड, आन्तरिक लेखापरीक्षण, बेरूजू फछ्यौट, अधिकार र जिम्मेवारी, जिन्सी निरीक्षण, घुम्ती सेवा, अन्तरक्रिया, अनुगमन मूल्याङ्कन, पेश्की फछ्र्यौट, प्रगति विवरण, नगर पार्श्वचित्र, मर्मत गर्नुपर्ने, लिलामी गर्नुपर्ने, सम्पत्तिहरू ऐतिहासिक, लागत अवधारणा, भ्रमण प्रतिवेदन, सम्पत्तीको विवरण, समीक्षा गर्नुपर्नेमा, लगवुग अध्यावधिक, कर कट्टी, दाखिला गर्नु र विल भर्पाईहरुमा प्रयोजन स्पष्ट खुलाउने जस्ता विषयमा क्षेत्रगत वित्तीय स्थितिमा विशेष ध्यान दिनुपर्दछ ।

४. **कर्मचारी दरवन्दी :** दरवन्दी ३५५ जनशक्ति भएकोमा पदपूर्ति २९२ हुँदा सेवा प्रवाहमा असर परेको छ।

५. **जिन्सी निरीक्षण :** स्थानीय सरकार संचालन ऐन, २०७४ मा नगरक्षेत्र भित्र भौतिक पूर्वाधार विकास, सेवा प्रभावकारिता मार्फत सुशासन कायम गर्नु नैतिक दायित्व हो । सेवा प्रवाहलाई दरिलो बनाउन जिन्सीको अवस्थाबारे जानकारी लिन जिन्सी परिचालनको ठूलो भूमिका हुँदा वर्षमा १ पटक निरीक्षण गरी परिचालनमा चुस्तता ल्याउने उद्देश्यले यो वर्ष निरीक्षण गरेको पाइयो । निरीक्षण स्थलगत अवलोकन, अभिलेख अध्ययन र छलफलको माध्यमबाट निरीक्षण कार्य सम्पादन हुँदा देहाय बमोजिम मौज्दात देखिएको विवरण पेश भएको मूख्य सामान देहाय बमोजिम छ। मूल्य खुलाउने पर्ने, मर्मत र लिलाम गर्नुपर्ने, सामानको सूची तयार गर्नुपर्ने, अचल सम्पत्ति जग्गा जमिन र भवनको अभिलेख व्यवस्थित गर्ने, पुराना प्रयोगमा नआएको सवारी साधन लिलाम गर्नुपर्ने सुझाव कार्यान्वयन भएको छैन।

६. **आय बक्यौताः** स्थानीय स्वायत्त शासन नियमावली, २०५६को परिच्छेद ७ मा महानगरपालिकाद्वारा स्थानीय कर असुली गर्ने व्यवस्था छ। महानगरपालिकाले सम्पत्ति तथा व्यवसाय कर र भाडाबापतको कर बाँकीको अभिलेख पूर्ण रुपमा अद्यावधिक गरेको पाइएन। सम्पत्तिकर असुली हुन नसकेमा कार्यालयमा भएको अभिलेख बमोजिम असुल हुन बांकीको अभिलेख तयार गरी असुलीको कारवाही गर्नुपर्दछ।

७. **घरजग्गा करः** स्थानीय स्वायत्त शासन नियमावली, २०६४ को नियम १४० बमोजिम महानगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने घरजग्गाकरको अधिकतम दर अनुसूची-८ मा उल्लेख भए बमोजिम हुने व्यवस्था छ । घरजग्गा करको प्राप्त फाइल अध्ययन गर्दा परीक्षण गरेको १२ करदाता संकेत नभएको करदाताले रु. ३,७०,२१,३४०।- नगरपालिका कर तिरेको पाइएन। घरजग्गा कर समयमा नतिर्दा बक्यौता रहेको अवस्था देखियो। बक्यौता बाँकी घरजग्गा कर रु. ३,७०,२१,३४०।- असुल गर्नू पर्दछ ।

८. **कर छुटः** करदाता संकेत नं. ९६३५ एक टाकिज प्रा.लि. विराटनगर बक्यौता घरजग्गा कर गणना गर्दा विगतको रु. ७,७०,६४२।- आम्दानी घटाई कर मूल्यांकन गर्दा आम्दानी न्यून हुन गएको छ। उक्त रकम छुट हुँदा आय न्यून हुने र कर घटी असुल हुने भएकाले रु. ७,७०,६४२।- असुल गर्नु पर्दछ।

९. **व्यवसाय दर्ताः** महानगरपालिका क्षेत्रमा व्यपार व्यवसाय गर्ने विभिन्न व्यक्ति फर्म कम्पनीहरुलाई यस कार्यालयमा दर्ता गर्न प्रोत्साहित गरी अनिवार्यरुपमा व्यवसाय दर्ता गराउने कार्यलाई प्रभावकारी रुपमा अघि बढाउनु पर्ने देखिन्छ । साथै, महानगरपालिका क्षेत्रमा व्यवसाय गर्ने फर्महरु, दर्ता गराई नविकरण गरिरहेका तथा दर्ता गर्न बाँकी फर्म तथा कम्पनीहरुको अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्ने देखिन्छ।

१०. **बहालकरः** स्थानीय स्वायत्त शासन नियमावली, २०६४ को नियम १४१ बमोजिम नगरपालिकाले ऐनको दफा १३७ बमोजिम लगाउन सक्ने बहालकरको अधिकतम दर अनुसूची ९ मा भए बमोजिम हुने व्यवस्था छ। यस वर्ष आन्तरिक राजस्व कार्यालय विराटनगरले बाहाल कर बापत रु. ४ करोड ८१ लाख ३ हजार असुल गरेकोमा महानगरपालिकाले रु.९६ लाख २१ हजार असुल गर्नुपर्नेमा रु. ३७ लाख ७७ हजार मात्र असुल गरेको देखिएको हुँदा घटी असुल भएको रु.५८ लाख ४४ हजार आन्तरिक राजस्व कार्यालयसँग समन्वय गरी

बहालमा दिएका घरजग्गाको पहिचान एवं बहालकर रकम एकिन गरी असुल उपर गर्नुपर्ने तर्फ ध्यान दिनु पर्दछ।

११. **ढिलो कर दाखिला:** बहालकर रु. १,५९,९९९।- असुल गरी सम्बन्धित कर कार्यालयमा मिति ०७४।६।१८ मा दाखिला गरेकोले स्रोतमा आयकर ढिला दाखिला हुने गरेको छ।

१२. **संरचना हटाउने :** वाटो वा पुर्वाधार विस्तारको काममा जनतावाट सहयोग नपाई विगत र यो वर्षसम्म नगरवासी वाट हटाउनु पर्ने संरचनामा हटाई नगरपालिकावाट खर्च भएको रकम अभिलेख राखी वक्यौता असुलीमा राखेको पाइएन। यो वर्ष मापदण्ड विपरीत भएका घरवाट निर्माण मापदण्ड अनुकुल वनाई रु. १ करोड ८९ लाख ९८ हजार आय गरेको छ उक्त आय विषयको दण्ड जरिवाना प्राप्त भएको स्पष्ट गरेको छैन।

१३. **कर र आय अभिलेख :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को परिछेद ७ मा कर दस्तुर सेवा शुल्कवाट आय गर्ने व्यवस्था छ। उक्त आय कुन वर्षको हो अव कति वाकी छ वक्यौता र करदाताको विस्तृत विवरण अभिलेखत्व नराखेको ले उक्त आय यकिन हुने अवस्था छैन, क्षेत्रगत करदाता अभिलेख र प्रत्येक वर्षको असुली र दाखिला स्पष्ट रुपमा देखिने RMIS प्रणाली नहुँदा आय प्रशासन। राजश्व प्रशासनको सवै गतिविधि पारदर्शि मानिने अवस्था छैन। कार्यालयवाट आम्दानीको क्षेत्रगत विगत र वर्तमान अवस्था देखिने गरी यथार्थ अभिलेख व्यवस्थित भएको देखिएन। प्राप्त नभएको आय स्थानीय निकाय शुल्क वापत रु.७ करोड ५० लाख प्राप्त गर्ने अनुमान रहेकोमा यो वर्ष कुनै रकम प्राप्त भएको पाइएन।

१४. **प्रशासनिक खर्च:-**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ मा स्वीकृत वजेटको परिधिभित्र रही नगरपालिकाले कर, शूल्क, सेवा शूल्क, दस्तूर र भाडावाट उठाएको कूल रकमको वार्षिक क्रमशः १ करोडसम्म र रु.१ करोडभन्दा बढी वार्षिक आय हूने महानगरले २५ प्रतिशतसम्म प्रशासनिक कामको लागि खर्च गर्न पाउने व्यवस्था छ। यस नगरपालिकाले यस वर्ष कर दस्तूर, सेवा शूल्क भाडा आदिबाट आम्दानी बाधेको रु २२,५०,८५,४३१।- को २५ प्रतिशत रु ५,६२,७१,३५७-मात्र खर्च गर्न सक्नेमा रु १३,००,६८,६४६।- खर्च गरेकोले तोकिएको सीमाभन्दा रु ७३७९७२८८।४३ बढी खर्च गरेको छ।

१५. **कल्याण कोष :-** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६५ (१) मा कर्मचारी कल्याण कोषमा स्थानीय निकायले प्रत्येक वर्ष कम्तीमा आफ्नो कार्यालयलाई आवश्यक पर्ने एक महिनाको तलव वरावरको रकम जम्मा गर्नुपर्ने र आवश्यक पर्ने एक महिनाको तलव रु ६५,२१,५४२।- रहे तापनि कल्याण कोषमा यो वर्ष चालु खर्च खाताबाट रु ८०,००,०००।- हस्तान्तरण गरेको भएपनि चालुबाट १७ अवकास प्राप्त कर्मचारीहरुलाई उपदान, संचित विदा र औषधि उपचार बापत रु ३२२१७११५।- खर्च गरेको देखियो। गतको जिम्मेवारी समेत बाँकी रु १,७९,२६,२८२।- कल्याण कोषमा मौज्दात रहेको छ। चालुबाट खर्च लेखेको र १ महिना अवधि भन्दा बढीको तलव बढी ट्रान्सफर समेत अवकाश प्राप्त कर्मचारीलाई रु.३,३६,९५,५७३।- प्रशासनिक खर्चको तुलनामा बढी खर्च भएको छ। कल्याण कोषबाट ऋण प्रवाह रु. ७५,४५,०००।- भएको देखिन्छ। सिमाभित्र प्रशासनिक खर्च गर्नुपर्नेमा प्रशासनिक खर्च वढ्न गएको छ। कल्याणकारी कोषमा गरेको बाहेक रु ३३६९५५७३।- यो वर्ष सीमाभन्दा बढी प्रशासनिक खर्च भएको छ। आवश्यकताका आधारमा मात्र कोषमा जम्मा गर्नु पर्ने र अवकाश प्राप्त कर्मचारीलाई अवकाश भुक्तानी गर्न मिल्ने गरी मात्र ऋण प्रवाह गर्नु पर्दछ।

१६. **जनशक्ती :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१२ बमोजिम स्थानीय निकायमा प्राविधिक र प्रशासन तर्फको अधिकृत स्तर र सहायक स्तरको जनशक्ती रहने व्यवस्था छ। नेपाल सरकारको तलब स्केल साथै सम्झौता लगायत रु १२,२४,०००।- थप सुबिधा लिएको पाइयो। ढल सरसफाई १७ जना मासिक १३४४० का दरले १२ महिनाको रु.२७४१७६०।- खर्च भएको थप सुविधा दिएको छैन। २०७४ आषाढ महिनाको तलबी भरपाई परिक्षण गर्दा महानगरमा ठुलो जनशक्ती कार्यरत रहेकोमा जनशक्ती विकास योजना देखिदैन। जनशक्ति परीचालन र जनशक्ती विकासको स्पष्ट खाँका नहुदा जनशक्ती उपयोग प्रभावकारी रुपले भएको मान्न सकिएन।

१७. **सुरक्षा खर्च:** महानगरपालिका क्षेत्र तथा कार्यालयहरुमा सुरक्षार्थ खटिने सूरक्षकर्मीहरुको दरवन्दी २५ रहेको वाहिय आपुर्तिकर्तावाट ६ जना समेत रहेको पाइयो। महानगर क्षेत्रमा आवश्यक सुरक्षकर्मीको संख्या पर्याप्तता नरहेको सम्वन्धमा अध्ययन नगरिएको हाल कार्यरत सुरक्षाकर्मीको संख्या नपुग आदीको अनुगमन तथा निरिक्षण प्रातिवेदन तयार गरेको देखिदैन।

१८. **नगर सरसफाई :** एक साझेदारी संस्थासँग पाँच वर्षको सम्झौता गरी वार्षिक १ करोड २७ लाखमा सम्झौता भएको अवस्थामा समेत कुचिकार ४७ जनाको वार्षिक दशै खर्च र सुविधा समेत ०७४ आषाढको तलब अनुसार १०,७२,१७३।- ले हुने बार्षिक रु.१,३९,३८,२४९।- खर्चको उपलब्धी सार्थकता देखिदैन। नगर सरसफाइमा साझेदारी संस्थासंग रु.१ करोड २७ लाख र सरसफाई सामाग्री लगायत सहायक सुरक्षा सामाग्रीमा समेत रु २,८८,३८,२४९।- खर्च हुदै गरेको अवस्था छ। नगर सरसफाईवाट नगरपालिकाको उपकरण औजार उपयोग गरेवापत भाडा असुल हुदै आएको पाइयो। तसर्थ खर्च नियन्त्रण हुनु पर्दछ।

१९. **प्राविधिक जनशक्ती :** स्थानीय स्वायत्त शासन नियमावली, २०६४ को नियम २१२ बमोजिमको पदमा कार्यरत कर्मचारीको पेशागत आचरण बनाई पालना गराउनु पर्ने व्यवस्था भएता पनि आचरण पालना सम्वन्धी

निर्देशिका वनाई लागु गरेको पाइएन । पेशागत आवद्धता र निहित स्वार्थ मुक्त पेशागत आचरणको लागि नक्सा पास र अनुगमन शाखा , बजार अनुगमन, बजार व्यवस्थापन सम्बन्धी कार्यमा परिचालन हुने नगर प्रहरी कर्मचारीको वाहिर प्राविधिक सेवा उपलब्ध गराउने फर्म र अनुगमन कार्यमा समावेस हुदा दोहोरो स्वार्थमा काम हुन सक्दछ । नगरक्षेत्र भित्र सडक व्यापारलाई व्यवस्थापन गरी नगरको शोभा सम्वृद्धी गर्न सडक व्यापार व्यवस्थीत गर्ने क्रममा अवैध अतिक्रमण गरी सडक व्यापारीवाट जफत सामान विक्री सूरक्षा संरक्षण फिर्ताको उचित व्यवस्थापन अवस्था खुल्ने कामको अभिलेख नभएकोले उल्लेख गर्न सकिएन । महानगरमा २८ जना नगर सूरक्षाकर्मी स्थायी रुपमा कार्यरत रही खर्च लेखेको उपलब्धी मापन गर्ने अवस्था रहेन । तसर्थ अभिलेख व्यवस्थापन गरी राख्नु पर्दछ ।

२०. **सम्झौता नविकरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५(१) बमोजिम नगरपरिषदबाट स्वीकृत बजेट र कार्यक्रमको सीमा भित्र रही निधारित कार्यमा खर्च गर्नु पर्दछ । साथै सम्झौता नविकरण गर्दा वहाल रहने समयावधि किटान गर्नु पर्दछ । चालु खर्च अन्तर्गत परामर्श शुल्क शिर्षकमा विनियोजन गरेको बजेट रु. ३,००,०००।- तथा वास्तविक खर्च रु. २,७४,५००।- संग मेल खानेगरी लेर्खाकन गरेको देखिदैन । कानूनी सल्लाहाकारको रुपमा एक अधिवक्तालाई नियुक्त गरीएको, निजको पेशागत अध्यावधिक प्रमाणपत्र/कागजातहरु समावेश गरी फायल खडा नगरिएको, बार्षिक योजना तथा प्रगती विवरण तयार गर्ने नगरिएको, बजेट तथा पूर्ण वास्तविक खर्च यसै शिर्षकमा समामेश गर्ने गरेको देखिएन । मासिक रुपमा रु.३५,०००। भुक्तानी गर्दा जम्मा हुने वार्षिक खर्च रकम रु. ४२०,०००।- रहेकोमा बजेट विनियोजन कम गरेको र अपुग रकम अन्य शिर्षकवाट भुक्तानी गर्ने गरेको देखिन्छ । साथै २०७४ आषाढ मसान्तमा संझौताको अवधि समाप्त भए पश्चात मिति २०७४।०४।२२ मा नविकरण संझौता नगरी कानूनी सल्लाहाकारको रुपमा निरन्तर कार्य गर्नका निम्ति पत्राचार गरिएकोले संझौता बहाल रहने समयावधि यकिन गर्न सक्ने अवस्था देखिएन । तसर्थ बजेट विनियोजन सहिरुपमा गरी कानुनी सल्लाहकारको वहाल रहने अवधि किटान गर्नुपर्दछ ।

२१. **बढी खर्चः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५(१) बमोजिम नगरपरिषदबाट स्वीकृत बजेट र कार्यक्रमको सीमा भित्र रही निधारित कार्यमा खर्च गर्नु पर्दछ । यस आर्थिक बर्ष बजेट रु.१८,८७,६७,१६६।- विनियोजन गरेकोमा खर्च रु.१७,२३,२७,०७९।- भई रु. १,६४,४०,०८७।- बाँकी रहन गएको छ । अन्य सेवा, कार्यालय संचालन, मर्मतमा बजेट विनियोजन नभएको र विनियोजन भएकोमा समेत बढी रु ७०,४६,५७०।- खर्च गरेको देखियो । नियमको अनुसरण गरी बजेट खर्च नगरेको र बजेट विनियोजन नभएको शिर्षकमा खर्च गर्न आवश्यक परेकोमा संशोधित बजेट पारित नगरेको कारण बढी खर्च भएको रकम अनियमित भएकोले रु.७,०४६,५७० नियमित गर्नुपर्दछ ।

२२. **खरिद व्यवस्थापनः** खरिद व्यवस्थापनमा देखिएको व्यहोराहरु देहाय अनुसार रहेका छन् ।

२२.१. **ठेक्का संझौताः** स्थानीय स्वायत्त शासन नियमावली, २०६४ बमोजिम प्रथम चौमासिक भित्र ठेक्का बन्दोवस्त गरी सक्नु पर्नेमा यस वर्ष ७६ वटा ठेक्का संझौता भएकोमा प्रथममा १२ वटा, दोश्रोमा ४१ वटा र तेश्रो चौमासिकमा २३ वटा ठेक्का सम्झौता भएकोले समयमा ठेक्का व्यवस्थापन नभएको कारण आगामी आर्थिक वर्षलाई दायित्व सरेको हुँदा समयमै ठेक्का व्यवस्थापन गर्नु पर्दछ ।

२२.२. **विमा नगरेकोः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२० र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम १० लाख रुपैया भन्दा बढीको निर्माण कार्यको विमा गराउनुपर्ने व्यवस्था छ । दशलाख भन्दा बढी निर्माण कार्यको रु.१८४६०७२४१।- बराबरको संझौता गरेकोमा विमा गराएको देखिएन । धैरै निर्माण कार्यको संझौता गर्दा विमा गर्ने प्रावधान नराखेको र केहीको प्रावधान राखेपनि विमा गराएको देखिएन । निर्माण कार्य श्रमिक उपकरण कर्मचारी एवं तेश्रो पक्ष विमा नगराएको कारण निर्माण कार्य जोखिममा रहेको अवस्था छ । जिम्मेवारी पदाधिकारीले विमा नगराउनुको कारण स्पष्ट गरी विमा गराई निर्माण कार्य श्रमिक/कर्मचारी उपकरण लगायतको सुरक्षा हुने गरी प्रत्याभुति गराउनु पर्दछ ।

२२.३. **जमानतको म्याद थप :** सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कार्य सम्पादन जमानतको म्याद त्रुटी सच्याउने दायित्व अवधिको एक महिना बढी अवधि हुने व्यवस्था छ । यस वर्ष २०७४ जेष्ठ १५ गते भित्र सम्पूर्ण ठेक्का सम्पन्न गर्ने गरी २०७५ आषाढ मसान्तसम्मको कार्यसम्पादन जमानत पेश गरेकोमा समयमा कार्य सम्पन्न हुन नसकी आगामी लागि दायित्व सारी केही ठेक्काको म्याद थप गरेको र केहीको म्याद थप समेत नगरेकोमा कार्य सम्पादन जमानतको म्याद बढाएको देखिएन । कार्य सम्पादन जमानतको म्याद थप नगरेका कारण निर्माण व्यवसायीले कार्य सम्पन्न नगरेमा कार्य सम्पादन जमानत जफत गर्न नसकिने हुँदा सरकारी रकम असुलीमा बाधा पर्ने भएकोले सो को म्याद थप गरी पेश गर्नु पर्दछ ।

२२.४. **कार्यसम्पादन जमानत घटीः** सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(४) बमोजिम यस वर्ष निर्माण कार्य गर्ने २९ व्यवसायीसँग सम्झौता गरेकोमा कार्य सम्पादन जमानत ऐनले तोके भन्दा घटी लिएको देखियो । ऐनको अनुसरण नगरेका कारण निर्माण व्यावसायीले निर्माण कार्य नगरेमा हुने जोखिम न्यूनीकरण नहुने भएकाले सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाई नपुग कार्यसम्पादन जमानत रु. ११०७१४१३।- बैंक जमानत वा नगद जमानत दाखिला गरेको प्रमाण पेश गर्नु पर्दछ ।

२२.५. **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर नियमावली, २०६४ को नियम ६ क वमोजिम सार्वजनिक निकायले ठेक्का संभौता र मूल्य अभिवृद्धि करको जानकारी सम्वन्धित अन्तरिक राजश्व कार्यालयलाई दिनुपर्ने व्यवस्था छ। यस वर्ष कार्यालयले निर्माण कार्य तर्फ विभिन्न ६८ वटा निर्माण व्यवसायी, २ वटा छपाई, २ वटा सडक सौर्य बत्ति र ३ वटा सडक बत्ति र १ स्टेशनरी आपूर्तिकर्ता गरी ७६ वटालाई भुक्तानी गर्दा मूल्य अभिबृद्धि कर समेत भुक्तानी भएकोमा ठेक्का सम्फौता र मूल्य अभिबृद्धि करको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको देखिएन । नियमको अनुसरण गरी मूल्य अभिवृद्धी कर रु ३४,४९,९८९।- भुक्तानीको जानकारी नदिएको कारण मूल्य अभिवृद्धि कर दाखिला एवं समायोजन नहुने भएकोले जानकारी दिनुपर्दछ।

२२.६. **कन्टिन्जेन्सी खर्च अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार विकास निर्माण योजनामा कार्यक्रम अनुसार ३ प्रतिशतसम्म कन्टीन्जेन्सी कट्टा गरी कार्यक्रम बनाई नगरपरिषदबाट स्वीकृत गरी सो अनुसार खर्च गर्नुपर्नेमा सो अनुसार कार्यक्रम बनाई परिषदबाट स्वीकृत गरेको देखिएन। कार्यालयले योजनागत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा सो राख्ने गरेको देखिएन । अत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी खर्चमा नियन्त्रण गरिनु पर्दछ। तसर्थ कार्यक्रम बनाई नगरपरिषदबाट स्वीकृत गरी खर्च गर्नुपर्दछ।

२२.७. **खरिदः** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम ६५बमोजिम मालसामान खरिदको लागत अनुमान तयार गर्दा नियम ६३ अनुसार र सम्वन्धित मालसामानको स्पेसिफिकेशनको अधिनमा रही कुनै वा सबै आधार बमोजिम तयार गर्ने व्यवस्था रहेकोमा कार्यालयले सबै आधार नलिई अघिल्ला वर्षमा सोही प्रकृतिको सामान खरिद गर्दा लागेको वास्तविक लागत अनुसारका आधारमा छपाईका विभिन्न ७१ आइटमको न्यूनतम परिमाण र अधिकतम परिमाण खुलाई न्यूनतम परिमाणका आधार रु. १२,३५,३५०।- को लागत अनुमान स्वीकृत गरी सिलवन्दी बोलपत्रका आधारमा दररेट पेश गर्ने दुईवटा आपूर्तिकर्ताको आइटमवाइज दररेट मध्ये साइनो छापाखाना विराटनगरको ११ वटा आइटमको रु.४,२८,७५०।- र सूर्या प्रिन्टसं विराटनगरको ६० आइटमको रु.२९,७७,४२५।- को आइटमबाइज बोलपत्र स्वीकृत गरेकोमा परिमाणमा थपघट गरी सूर्या पिन्टसं विराटनगरबाट रु. १६,९९,४४०।- र साइनो छापाखाना विराटनगरबाट रु.४,८२,३४१।- बराबरको र पटक पटक विभिन्न आपूर्तिकर्ताबाट रु. ६,१७,८०४।- गरी जम्मा २७,९९,५८५।- को खरिद गरेको देखियो। वास्तविक परिमाण खुलाई विभिन्न सबै आधार लिई लागत अनुमान तयार नगर्ने र लागत अनुमान स्वीकृत बजेट भन्दा बढीको बोलपत्र स्वीकृत गर्ने तथा पटकपटक सोभै सामान खरिद गर्ने र विनियोजित बजेटको आधारमा खर्च गरेबाट खरिद कार्य नियमित देखिएन । नियमको अनुसरण नगरी लागत अनुमान रु.१२,३५,३५०।- भन्दा बढी रु.९,४६,४३१।- बोलपत्रदाताबाट खरिद गरेको र पटक पटक विभिन्न मूल्यमा छपाई गरी रु.६१७८०४।- खर्च गरेकोले जिम्मेवार पदाधिकारीलाई कारण पुष्ट्याई खोली स्पष्ट पार्न लगाई बढी व्ययभार पारेको र पटक पटक खरिद गरेको रु. १५,६४,२३५।- नियमित गर्नु पर्दछ।

२३. **मुल्य अभिवृद्धी कर :** मुल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ बमोजिम प्रत्येक दर्ता भएको व्यक्तीले तोकीए बमोजिमको अवस्था वाहेक कुनै सेवा आपुर्ति गर्दा कर विजक दिनुपर्ने, प्रापकले समेत विजक लिनुपर्ने र तोकिएको ढाँचामा विजक जारी गर्नुपर्ने व्यवस्था छ। सोही ऐन को दफा २९ (१) ग बमोजिम दफा १४ को उपदफा १ (४) उर्लघन गरेमा प्रत्येक पटक ५ हजार रुपैया जरिवाना गर्न सक्ने व्यवस्था समेत छ। महानगरपालिका क्षेत्र भित्रको उत्तरी, मध्य र दक्षिणी क्षेत्रको फोहोर मैला संकलन तथा व्यवस्थापन गर्ने कार्यका लागि बोलपत्र आव्हान गरेकोमा सूचनामा मूल्य अभिवृद्धि कर दर्तावाला हुनुपर्ने उल्लेख नगरी सूचना प्रकाशन गरेको संभौतामा मूल्य अभिवृद्धि कर थप गरि भुक्तानी गरिने व्यहोरा उल्लेख नगरेको र बोलपत्रदाताले समेत पेश गरेको दररेटमा मूल्य अभिवृद्धि कर सहित वा वाहेक उल्लेख नगरी दररेट पेश गरेको पाइयो। वेष्टमेनेजमेन्ट ग्रुप नेपाल प्रा.ली.(जे.भि.) सँग ५ वर्षको लागि सेवा आपुर्ति गर्न रु.६,८४,२२,७६५।- मा ठेक्का संभौता गरेकोमा करदाता सेवा कार्यालय वत्तिसपुतली काठमाडौंलाई मिति २०७३।०१।०८ मा मूल्य अभिवृद्धि करमा दर्ता भएकोमा तोकिएको ढाँचामा मूल्य अभिवृद्धि कर विजक जारी नगरी सामान्य ढाँचाको विल जारी गरी रु.१३६८४५५३।- भुक्तानी दिएको देखियो। आपुर्तिकर्ताले विजक जारी नगर्ने र प्रापकले समेत विजक माग नगरेको र सूचना संभौता र विजक जारी गर्दाको अवस्थामा जिम्मेवारी पदाधिकारीले समेत ध्यान नदिएको कारण तोकिएको सिमा भन्दा वढीको कारोवार हुदा मुल्य अभिवृद्धि कर रकम कारोवार नभएकोले नेपाल सरकारलाई मूल्य अभिवृद्धि कर नोक्सानी परेको देखियो।

२४. **अन्य प्रयोजन :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ६ मा मातहत कार्यालयको लागि तालुक मन्त्रालय/विभागवाट रकम खर्च गर्ने अख्तियारी दिने र मातहतका कार्यालयले तालुक कार्यालयवाट प्राप्त अख्तियारीको सिमा भित्र रहेर खर्च गर्नुपर्ने उल्लेख छ। योजना अनुसार नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा निम्नानुसार छुट्टै अस्तित्व र वजेट व्यवस्था भएका २ निकायको रु ७,०६,२७१।- जिल्ला स्थित अन्य कार्यालयको खर्च यस कार्यालयले व्यहोरेको पाइयो। यस प्रकारको खर्च गर्दा नगरपालिकाको आफ्नो विकास बजेट व्यवस्था र सेवाप्रवाहमा असर पर्ने र अख्तियारीको सीमाभित्र नरहने, तालुक निकायको स्वीकृति नहुने तथा एउटै कार्यक्रमको लागि दोहोरो खर्च हुन सक्ने सम्भावना रहन्छ। तसर्थ कानुनी प्रावधान प्रतिकूल हुने गरी रु.७०६२७१।- भुक्तानी दिएको नियमित देखिएन।

२५. **अग्रीम कर :** आयकर ऐन २०५८ को दफा ८९(१) बमोजिम रकम भुक्तानी गर्दा १.५ प्रतिशतले हुने रकम अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। यस बर्ष उपभोक्तावाट संचालित योजनाको लागि निर्माण सामाग्री खरिद गर्दा अग्रीम कर कट्टा गरे नगरेको नमुना परिक्षण गरेकोमा अग्रीम कर कट्टा गरेको देखिएन। नियमको अनुसरण नभएका कारण अग्रिम कर कट्टी नभएको हुँदा रु. १,८५,२२६।- असुल गर्नुपर्दछ।

२६. **पेश्की बाँकी:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९१(१) मा स्रेस्ता अद्यावधिक गरी अभिलेख प्रशासकीय अधिकृत र लेखाप्रमुखको दायित्व हुने व्यवस्था छ। प्रस्तुत पेश्कीको विवरण गतको रु ४,८१,५८,३५३।- यो वर्ष फछ्र्यौट रु ८,४६,६९,०२७।- गत वर्षको बाँकी रु ३,९६,८९,३२६।- र यो वर्ष थप रु ६,०४,९९,१०५।- समेत रु १०,०१,५८,४३१।- बाँकी छ। गत आ.व.को पेश्की बाँकी रु.३,९६,८९,३२६।- फछ्र्यौट नभएको, पेश्की बाँकी बढ्दै गएकोले फछ्र्यौट गर्ने रणनीति तयार गर्नु पर्दछ। यस वर्ष दिएको पेश्की रु ६,०४,६९,१०५।- आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट भएको देखिएन। नियमको अनुसरण गरी पेश्की फछ्र्यौट नगरेको कारण पेश्की व्यवस्थापन नभई पेश्की बाँकी बढ्दै गएकोले चालु आ.व.को पेश्की रु.६,०४,६९,१०५।- नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

२७. **सडक बत्ती:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५ बमोजिम आफूले जिम्मा लिएको रकम र त्यसको हिसाव किताव विल भरपाई वा प्रमाण राख्नु पर्ने व्यवस्था छ। कार्यालयले सडक वत्ति भएको पोलको गणना गरी अभिलेख राखेको छैन। सडक वत्तिलाई सौर्य वत्तिमा प्रतिस्थापन गरेको विवरण समेत नराखी यो वर्ष सिएफएल खरिद प्रतिस्पर्धा मार्फत गराएको पाइयो। बजारमा प्रतिस्पर्धाबाट खरिद गरेको उक्त सिएफएल बल्वको नमूना प्राविधिक परीक्षण नगरी खरिद गरेको छ। बजार खरिद गर्दा नयाँ सेट र पूरानो सेटमा वल्व फेर्न खरिद गरेकोमा गतवर्षको अभिलेख र यो वर्ष थप समेत र गत वर्षको मर्मत अभिलेख नहुँदा वल्वमा रु.३९९१०००।- खर्च लेखेको आधार र प्रमाण स्पष्ट गरेको छैन। नेपाल सरकारले सडक सौर्यवत्तिलाई प्राथमिकता दिई अघि बढाएको अवस्थामा सौर्यवत्तिको अभिलेख राखी सडक वत्तिको अभिलेख थपघट गरी अद्यावधिक लगत तयार गरी खर्च अद्यावधिक गर्न जरुरी छ।

२८. **सौर्य सडक बत्ति:** जनसहभागितामा आधारित सडक सौर्य बत्ति कार्यक्रम संचालन कार्यविधि २०७२ अनुसार नेपाल सरकारको अनुदान ६५ प्रतिशत विराटनगर उपमहानगरपालिकाको २० प्रतिशत र जनसहभागिताको १५ प्रतिशत गरी कुल रु.१२६८५००।- को लागत अनुमान स्वीकृत गरी सिलवन्दी बोलपत्रका माध्यमबाट खरिद कार्य गरेकोमा देखिएका व्यहोरा निम्नानुसार छन्।

२८.१. लागत अनुमान अनुसार न्यूनतम पोलसंख्या २१० वटा २५ मि. अन्तरमा सिंगल आर्म सोलार सडक बत्ति १३५ सेट, डवल आर्म सौर्य सडक बत्ति ८४५ सेट गरी १ देखि २२ वडासम्म अधिकतम १०८५ वटा जडान गर्न लागत अनुमान तयार गरेपनि बजेट अभावका कारण जनाई सिंगल आर्मको १६१ सेट र डबल आर्मको ९५ सेट गरी न्यूनतम २१० देखि अधिकतम १०८५ को खरिद गर्ने गरी सिलवन्दी बोलपत्र आह्वान गरेकोमा दर्ता हुन आएका ५ वटा बोलपत्र मध्ये बोलपत्रदाताको प्रतिसेट ११७७४६ र डवल एक सप्लायर्सको प्रतिसेट रु. १९०९७०।- का दरले स्वीकृत गरी संभौता गरेकोमा यो वर्षमा एक प्रा.लि.लाई रु.१,६६,९५,०५०।- र अर्को जे.भी.लाई रु. १,०१,९८,६५६।- गरी कुल जम्मा रु. २६८९३७०६।- भुक्तानी गरेको देखिन्छ।

२८.२. **प्रतिवेदन:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ (६) बमोजिम निरीक्षण वा परिक्षण गर्ने निकाय वा अधिकारी वा समिति उपनियम (४) र (५) बमोजिम जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेसन, निरीक्षण वा परीक्षणको परिमाण उल्लेख गरी स्वीकृत र अस्वीकृत विवरण तयार गरी निरीक्षण परीक्षण प्रतिवेदन तयार गरी पेश गर्नु पर्ने र त्यस्तो प्रतिवेदनलाई सार्वजनिक निकायले खरिद कार्यवाहीको अभिलेखको रुपमा राख्नु पर्ने व्यवस्था छ। सौर्य सडक सोलार वत्तीको खरिदमा सो निरीक्षण वा परिक्षण गर्ने अधिकारी वा समिति नतोकेको र निरीक्षण वा परीक्षण गरी प्रतिवेदन नदिएका कारण खरिद भएका सामान तोकिएको गुणस्तर बमोजिम भएनभएको एकिन गर्न सकिएन। तसर्थ निरीक्षण वा परीक्षण प्रतिवेदन तयार गरी खरिद कार्य गर्नुपर्दछ।

२८.३. **मर्मत सम्भार:**सौर्य सडक सोलार बत्तिको सेट खरिद गरी उपभोक्ता समितिहरु गठन गरी जडान गरेको भएपनि सो बत्तिको त्रुटी सच्याउने अवधिमा स्पष्ट जाँच गरी प्रतिवेदन दिने र सो आधारमा आपूर्तिकर्तालाई जानकारी गराई मर्मत सम्भार गर्ने हो सोको स्पष्ट संयन्त्र तयार नगरेका कारण त्रुटी सच्याउने अवधिको कार्यान्वयन र बैंक जमानत रकम जफतमा समस्या आउने देखिएको छ। आपूर्तिकर्ताले मर्मत सम्भार नगरेमा धरौटी कट्टा गरी नराखेकाले अवधिपछि धरौटी र कार्यसम्पादन जमानत रकम जफत गरी मर्मत संभार गर्ने हो सो को कार्ययोजना बनाई सो सम्वन्धी गुनासो सुन्ने र कारवाहीको टुङ्गो लगाउने गरी कर्मचारी तोक्ने निर्माण गरी अनुगमन समेत गर्नु पर्दछ।

२९. **सफ्टवेयरको विश्वसनियता:** लेखा व्यवस्थापन र राजस्व व्यवस्थापनको लागि प्रयोग गरेको विद्युतीय सफ्टवेयरको स्वीकृति बेगर संचालनमा रहेको र व्यवस्थित समेत नरहेकोले विश्वासनियता यकिन हुन सकिएन। तथ्याङ्क पुन इन्ट्री तथा सुधार गर्ने कार्य गर्ने अवस्था यकिन हुने अवस्था छैन।

३०. **आन्तरिक लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ५८ मा आन्तरिक लेखापरीक्षण शाखाले आय–व्यय र धरौटीको स्रेस्ताको मासिक रुपमा लेखापरीक्षण गर्ने र लेखापरीक्षणबाट देखिएको

त्रुटीहरु लेखापरीक्षण सम्पन्न गरेको १५ दिनभित्र सम्बन्धित निकाय र सचिवलाई प्रतिवेदन पेश गर्ने, विशेषकारण परी आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजू फछ्र्यौट गर्न नसकेमा सो कुरा उल्लेख गरी अन्तिम लेखापरीक्षणकर्ता समक्ष स्थानीय निकायको सचिवले लिखित स्पष्टीकरण दिनुपर्ने व्यवस्था छ । अन्तिम लेखापरीक्षकले आन्तरिक लेखापरीक्षण प्रतिवेदन जांचबुझ गरी आफ्नो प्रतिवेदनमा बेरुजू समावेश गरेपछि आन्तरिक लेखापरीक्षण बेरुजू कायम नरहने उल्लेख छ । आन्तरिक लेखापरीक्षणको अवस्था अध्ययन गर्दा मासिक रुपमा लेखापरीक्षण गरी लेखापरीक्षण गरेको १५ दिनभित्र प्रतिवेदन गर्नुपर्ने कानूनी व्यवस्था कार्यान्वयन नभएको, चौमासिक रुपमा प्रतिवेदन पेश गर्ने र सो उपर फछ्र्यौटको कारबाही गर्ने नगरेको कारण समयमै गल्ती कमजोरी सच्याउने अवस्था रहेको देखिएन । तसर्थ समयमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गर्नुपर्दछ ।

३१. **आन्तरिक लेखा परीक्षण:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली ०६४ को नियम २०२ मा अन्तिम लेखा परीक्षण हुन अघि नै नियमित आन्तरिक लेखापरीक्षण गरी देखिएको व्यहोरा फछ्र्यौट गरी स्रेस्ता अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । आन्तरिक लेखा परीक्षण प्रतिवेदन गुणस्तरयुक्त बनाउन तोकिएको ढाँचामा प्रतिवेदन जारीगर्ने र प्रतिवेदनमा नामनामेसी, रकम, गोभानं., मिति लगायतका व्यहोरा खुल्ने गरी प्रतिवेदन जारी गर्नुपर्दछ । देहायका आन्तरिक लेखापरीक्षण नियमित गर्नुपर्ने रु ५,२६,३१०।- असुल रु ३९३।- र प्रमाण पेश गर्नुपर्ने रु १,०१,९७३।- समेत रु ६,२८,३७६।- फछ्र्यौट गरेका पाइएन । आलेप प्रतिवेदनमा नामनामेसी, मिति, रकम आदि खुलाई प्रतिवेदन नभएकोले प्रतिवेदनको गुणस्तरीयतामा कमी रहेको देखियो । कार्यालयले आलेप प्रतिवेदन उपर कारवाही गरी टुंगो लगाएको देखिएन । तसर्थ प्रतिवेदनको व्यहोरा अनुरुप सुधार गरी बेरुजु व्यहोरा अनुरुप असुल, नियमित र प्रमाण पेश गरी फछ्र्यौट गर्नु पर्दछ ।

३२. **अनुगमन परीक्षण** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ मा लेखापरीक्षणबाट औंल्याएको बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने उल्लेख छ । जिल्ला समन्वय समितिको गत विगत वर्षदेखि यो वर्ष फछ्र्यौट गर्नुपर्ने बेरुजूको अभिलेख गरेको देखिएन । बेरुजू भएमा बेरुजू फछ्र्यौट गर्न कार्यालयले सक्रियता देखाउन जरुरी छ ।

३३. **गतवर्षको अन्तिम लेखापरिक्षण :** गत आर्थिक वर्षको प्रारम्भिक प्रतिवेदनमा महानगर कार्यालयवाट प्रतिउत्तर प्राप्त भएपछि अन्तिम लेखा परिक्षण प्रतिवेदन जारी गरीने छ भनिएको भएता पनि महानगरपालिकावाट प्रतिउत्तर । जवाफ पेश नभइ नै अन्तिम प्रतिवेदन जारि गरेको देखिन्छ । उक्त आर्थिक वर्षको अन्तिम लेखा परिक्षण प्रतिवेदनमा प्रमुख कार्यकारी अधिकृतको दस्तखत नभएको लेखा सम्वन्धि टिप्पणी तथा संलग्न अनुसूचिहरुमा कार्यालयका कार्यकारी प्रमुख तथा लेखा अधिकृतको दस्तखत नभएको पाइयो । गत आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदनमा औंल्याइएका टिप्पणीहरु तथा सुझावहरुको कार्यान्वयन भएको पाइएन । गत आर्थिक वर्ष २०७२।०७३ को प्रारम्भीक लेखा परिक्षण प्रतिवेदनमा उल्लेख भएका टिप्पणी तथा कैफियतमा देखीएका विषयहरुमा अध्ययन गर्दा आम्दानी/खर्च प्रणाली, आन्तरीक लेखापरीक्षण कार्य, पेश्की फछ्र्यौट, सापटी सोधभर्ना, स्थीर सम्पत्तिको मूल्य, सम्पत्तिको विमा, कर्मचारी व्यक्तिगत फाइल, उपदानमा कर कट्टि, व्याज असुली, भाडा संझौता नविकरण, आन्तरिक नियन्त्रण प्रणाली, लगवुक अद्यावधिक कार्यान्वयन अवस्था देखियो ।

३४. **नागरिक वडापत्र:** नगरपालिकाको सेवा वडापत्रमा उल्लेख भए बमोजिमको सेवाग्राहीलाई सेवा वितरण भए नभएको प्रगती विवरण तयार नगरेकोले लेखापरीक्षणमा प्रगति विश्लेशण गर्न सकिएन ।

३५. **एकल बोर्डको निर्णय :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(१) मा जिल्ला परिषदबाट स्वीकृत कार्यक्रम र वजेटको सीमा भित्र रही अधिकार प्राप्त अधिकारीले निर्धारित कार्यमा रकम खर्च गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष एकल बोर्डको निर्णयबाट आन्तरिक श्रोततर्फ छनौट भएका ३९ वटा योजनामा रु.१,९५,००,०००।- बजेट बिनियोजन गरी रु.१,६५,९०,३२८।- खर्च गरेको पाईयो । यसबाट योजनाको छनौटको चरण, प्राथमिकीकरण तथा छनौट प्रक्रियालाई व्यवस्थित गर्ने गराउने प्रणालीमा असर पर्दछ । योजनाको छनौटको चरण, प्राथमिकीकरण तथा छनौट प्रक्रियालाई व्यवस्थित गर्नेतर्फ कार्यालय थप क्रियाशिल हुनुपर्दछ । अतः एकमुष्ट बजेट राख्ने तथा एकल बोर्डको पटके निर्णयका आधारमा योजना बाडफाड गर्ने प्रवृत्तिको अन्त्य गर्नु पर्दछ ।

३६. **कम लागतका योजना:** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बुँदा नं ११(२) मा आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधार विकास अर्न्तगत विनियोजन भएको रकमबाट जिल्ला विकास समितिले रु ५ लाखभन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने व्यवस्था छ । कार्यालयले यस वर्ष कार्यविधिले व्यबस्था गरे अनुसारको आयोजना लगानी विवरण तयार नगर्नूका साथै रु.५ लाखभन्दा कमका १२३ योजनाहरुका लागि रु.३,६९,५६,९८८।- बजेट विनियोजन गरी रु.३,१८,५६,३६८।- खर्च गरेको छ। योजना प्राथमिकीकरण हुन नसक्नुका कारण न्यून लागतका योजना छनौट भएको देखिन्छ । यसबाट उल्लेखनीय योजनामा लगानी नभई कार्यक्रमको प्रभावकारिता कम हुन जान्छ । तसर्थ निर्देशिकामा तोकिए बमोजिम नै योजना छनौट गरी आफु र स्थानीय निकायबाट योजनाहरु सम्पन्न गराउने तर्फ कार्यालयको ध्यान दिनु पर्ने देखिन्छ ।

३७. **योजना हस्तान्तरण:-** जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को दफा २६ (२) मा आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरुको नियमित रेखदेख र मर्मत सम्भार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामुदायिक संस्था वा गैर सरकारी संस्थालाई हस्तान्तरण गरी दीगो संचालन हुने व्यबस्था मिलाउनु पर्ने व्यबस्था रहेको छ। स्थानीय स्वायत्त शासन नियमावली २०५६ को परिच्छेद ६ नियम १३६ मा योजना तर्जुमा र कार्यान्वयनको सम्वन्धमा व्यवस्था बमोजिम यो वर्ष ३५४ योजना संचालन गरेको छ। कार्यालयबाट यो वर्ष संचालित योजना मध्ये २१७ सम्पन्न भएको छ । योजना साना टुक्रे, वितरणमुखी र मर्मत सामान्य समेतलाई योजना मान्दा उपलब्ध जनशक्तिले अनुगमन र कार्यान्वयन असम्भव भएको अवस्था छ । उपभोक्ताबाट संचालत योजना उपभोक्ता दर्ता, नविकरण र योजना हस्तान्तरण जस्ता कार्य नगरी पटके कामको आधारमा गठन गरी कार्य गराउने परम्परा छ । उपभोक्ता मार्फत सचालित योजना हस्तान्तरण नहुने र मर्मत सम्भारको उचित प्रवन्ध नगरेको साथै अनुगमन गरी अनुगमन प्रतिवेदन तयार नहुने कारण योजनाको सम्पन्न अवस्था दिगोपन र अपनत्व नहुने भएकाले अनुगमन गरी योजना हस्तान्तरण हुनु पर्दछ।

३८. **कर कट्टी:** आयकर ऐन २०५८ को दफा ८७ बमोजिम १५ प्रतिशतका दरले पारिश्रमिक कर र दफा ८९(१) बमोजिम रकम भुक्तानी गर्दा अग्रिम कर कट्टा गरी भुक्तानी गर्नु पर्ने व्यवस्था रहेकोमा देहायका संघसंस्थाहरुलाई सामाजिक विकास र सेवामूलक कार्यक्रमहरु गरे बापत भुक्तानी वा सोधभर्ना गर्दा आपूर्तिकर्ताबाट मालसामान खरिद गरेकोमा श्रोतमा रु. ३३६८०।- करकट्टी गरेको पाइएन। वितरण गर्ने औषधि खरिद गरी निशुल्क वितरण गर्दै आएकोमा नेपाल सरकारबाट ९० प्रकारको औषधि निशुल्क उपलब्ध गराउने घोषणासँग समन्वय गरी कर रु.३३,६८०।- असुल गर्नु पर्दछ।

३९. **नगर सरसफाई:** महानगरपालिका क्षेत्रको फाहोर संकलन गर्न संझौता गरेको कम्पनी वेष्ट म्यानेजमेण्ट ग्रुप नेपाल प्रा.लि. (जेभी) पान नं. ६०४०७५६८८ वत्तिसपुतली, काठमाण्डौमा दर्ता रहेको कम्पनीले मू.अ.कर सहितको विल जारी गर्ने गरेको छैन। मिति २०७३ वैशाख १२ गते गरेको संझौता बमोजिम २०७३/२/१-२०७८।१।३१ सम्म फोहोर संकलन शुल्क दावी गर्ने गरेका पाइयो। संझौता बमोजिमको फोहोरमैला व्यवस्थापन शुल्क वार्षिकदर रु १,३६,८४,५५४।- साझेदारी संस्थालाई खर्च हुँदै आएको छ । फोहोरमैला व्यवस्थापन शुल्कको नियमित अनुगमन तथा निरीक्षण गर्ने गरेको अभिलेख गरेको पाइएन । सेवा शुल्कको तालिका बमोजिम सेवा प्रदान गरिने समय र दिनमा नियमित रुपमा फोहोर संकलन भएको विषयमा अनुगमन गरी जिम्मेवार व्यक्तिको कार्य सन्तोषजनक रहेको विषयमा विशेष सजगता अपनाउनु पर्ने देखिन्छ । फोहोरमैला संकलन गर्न संझौता गरेको कम्पनी हरेक आ.व.को वार्षिक विवरण, करचुक्ता प्रमाणपत्र तथा अन्य आवश्यक कागजातहरु अद्यावधिकरुपमा संकलन गरी कार्यालयमा अभिलेख राख्ने कार्यको थालनी गर्नु पर्दछ।

४०. **विगत पेश्की:** मन्दिर घेराबार घिनाघाटका लागि विगत वर्षमा लगेको रु. २,००,००।- पेश्की २ वर्ष व्यतित भईसक्दा पनि फछ्र्यौट गरेको देखिएन।

४१. **दायित्व दाखिला:** कट्टा गरी राखेको दाखिला गरी सम्वन्धित कार्यालयमा जानकारी गराउनु पर्दछ। खर्च गर्दा कट्टा गरेको रु २४,००२।- दाखिला गरेको देखिएन । समयमा दाखिला हुन नसेकेको कारण सहित स्पष्ट गर्नुपर्दछ। दाखिला बाँकीसम्बन्धित खातामा रु.२४,००२।- दाखिला गरेको प्रमाण पेश गर्नुपर्छ।

४२. एक सचिवले लेखा चलाएको भनी रु. ३०,०००।- लेखा भत्ता भुक्तानी गरेको पाइयो। लेखा भत्ता खारेज भएको अवस्थामा भत्ता दिनु नपाउने हुँदा तत्कालीन सचिवबाटरु. ३०,०००।- असुल गर्नुपर्दछ।

४३. **प्रशासनिक खर्च :** स्थानीय तहको आम्दानी अनुसार प्रशासनिक खर्च गर्न पाउने सीमा स्पष्ट गरिएको छ। उक्त सीमा भन्दा वढी गरी अनियमित रु. १०,०६,९६९।- छ।

४४. **दायित्व बाँकी :** स्थानीय निकाय आथिंक प्रशासन नियमावली, २०६४ को नियम २०२ मा आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजू वा त्रुटी अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै फछ्र्यौट गर्नुपर्दछ। स्थानीय निकायले आन्तरिक लेखापरीक्षणले औंल्याएको रु. ६९९४१।५६ को दाखिला एवं फछ्र्यौट गरेको देखिएन । आन्तरिक नगदी रसिदको दैनिक टिपोट र बैंक दाखिला अभिलेख नरोखेकोले आय ढिला दाखिला साथै आय दाखिला अद्यावधिक देखिएन। जिम्मेवार व्यक्तिलाई सजग बनाई कार्य गर्नुपर्ने देखिन्छ। तसर्थ दायित्वमा रु ७१,२२६।- खातामा दाखिला गर्नु पर्दछ।

४५. **परिचय :** मझौला सहरको एकिकृत सहरी वातावरणीय सुधार परियोजना कार्यान्वयन इकाई विराटनगर नेपाल सरकार, एशियाली विकस बैंक, नगर विकास कोष र विराटनगर महानगरपालिकाको आर्थिक सहयोगमा कार्यान्वयन भइ रहेको यस परियोजनाको लक्ष्य घरायसीस्तरमा फोहोर घटाउने, पुन:प्रयोग गर्ने र पुनरउत्पादन गर्ने सीप विकास समानता र समावेशीकरण कार्यक्रम गर्ने रहेको छ । डिजाइन तथा सुपरीवेक्षण एक परामर्शदाता निर्माण र विकासको लागि सहकार्यमा एक गैसस समेत कार्यरत छ। आयोजनाको कुल लागत ३ अर्व २७ करोड ८१ लाख ४० हजार रहेको छ।

४६. **प्रगति स्थिति:** परियोजनाले लक्ष्य तोकिएको समग्र कार्यक्रमको प्रगति हासिल गर्नुपर्दछ। परियोजनाको लक्ष्य बमोजिम हालसम्म भएको कामको प्रगति लागत अनुमान यथार्थ तयार एर्व स्वीकृत नहुनु भेरिएशन गरी

काममा थपघट गर्ने र नयाँ काम हुनुका कारण आयोजनाको काम लक्ष्य अनुरुप प्रगति भएको देखिएन। आयोजनाको अवधिका म्याद ७४.७७ प्रतिशत थप हुँदा समग्र प्रगति भौतिक प्रगति न्यून भएको देखिन्छ।

४७. **लागत अनुमान र भेरिएशनः** सार्वजनकि खरिद ऐन २०६३ को दफा ५४(१)(घ) बमोजिम खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा संझौता कार्यान्वयनको क्रममा सृजना भएमा सो को स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्ने व्यवस्था छ। पूर्वाधार निर्माणको लागि कुल लागत अनुमान रु. २,९७,६९,२६,२५९।- भएकोमा आर्थिक वर्ष ०७३/७४ सम्म ३ वटा भेरिएशसन आदेश पश्चात १३.८९ प्रतिशत बृद्धि भई संशोधित लागत अनुमान रु.३,३९,०३,१८,३०५।- भएको र पूर्वाधार निर्माणको ठेक्का पाएको एक संयुक्त उपक्रमको व्यवसायीसंग परियोजनाको निर्माण गर्न 2 Dec, 2013 मा संझौता भई 25 May, 2016 मा सम्पन्न गर्ने गरी उक्त व्यवसायीसँग सुरु संझौता अंक रु २,३९,१३,३२,५२५।- (प्रोभिजनल सम र मू.अ.कर समेत) संझौता भएकोमा ३ वटा भेरिएशन आदेश पश्चात २३.६२ प्रतिशत बृद्धि भई संशोधित संझौता अंक रु.२,९५,६२,९०,५४२।- कायम भएको देखियो। आर्थिक वर्ष ०७३।७४मा भेरिएसन ४ स्वीकृत भई थप दायित्व बृद्धि भएको अवस्था छ। भेरिएशन सम्बन्धमा देखिएका ब्यहोरा निम्न छन।

४७.१. मुख्य रुपले डिजाइन स्वीकृतिमा सडक नालीको काम करिब ३६ कि.मि. ड्रइङमा भएपनि लागत अनुमानमा नभएको, वर्षातको पानी व्यवस्थापन गर्ने नाली १.६ किमि र प्रशोधन केन्द्रमा प्रशारण लाइनको जडान कार्य लागत अनुमानमा नभई संशोधन गर्नु परेको देखिन्छ। ठेक्का अत्याधिक बृद्धि भएकाले ६५ किमि कालोपत्रे गर्ने कार्य घटाई ३ किमि कायम गरेको देखिन्छ। भेरिएशनको कारणले नयाँ दर स्वीकृत गर्नुपर्दा फलस्वरुप विभिन्न इकाईमा रु.८,१६,११,४३५।- थप भुक्तानी गर्नुपरेकोले बढी दायित्व थपेको छ। ड्रइङ डिजाईन तथा लागत अनुमान तयार गरी जिम्मा पाएको एक परामर्शदाता निर्माण कार्यको पूर्वानुमान गर्न सकिने प्रमुख कार्य नै छुटाई शुरु लागत अनुमान तयार गरेको कारण ठूलो परिमाणमा भेरिएसन भई ठेक्का बृद्धि भएको र सोही कारणले मूल्य बृद्धि समेत ठुलो भुक्तानी गर्नुपरेकोले सहायताको सही सदुपयोग नभई थप व्ययभार परेको देखिन्छ। तसर्थ अति जरुरी कार्य नछुट्ने गरी लागत अनुमान तयार गर्ने परामर्शदाता तथा पदाधिकारीलाई जिम्मेबार बनाउनुपर्दछ।

४७.२. महानगरले निर्माण व्यबसायीलाई भेरिएशन जारी गर्दा शुरु लागत अनुमानमा १३.८९ प्रतिशत बृद्धि भएकोमा ठेक्कामा २३.६२ प्रतिशत बृद्धि भएको देखियो। निर्माण ब्यबसायीले लागत दर भन्दा बढि कबोल गरेका इकाइमा बढि भेरिएशन भएको नयां दर स्वीकृत गर्दा महानगरलाई भेरिएशन कारण ठेक्का रकममा रु २,३९,१४,३३,८६४।- को ९.७३ प्रतिशत अर्थात रु २३,२६,८६,५१५।- दायित्व बढी परेको छ। भेरिएशनमा ब्यबसायीले लागत दर भन्दा बढि कबोल गरेका इकाई बृद्धि र घटी कबोल गरेका इकाई कटौती गर्दा ब्यबसायीलाई फाईदा पुगेकोले सम्बन्धमा छानबीन हुनुपर्दछ।

४८. **मूल्य बृद्धिः** निर्माण व्यवसायीलाई १८ देखि २६ रनिङ्ग वीलसम्म रु.२,५०,७२,३१,४०९।- विल तयार गरी रु २,४१,७७,८२,८६३।- भुक्तानी भएको देखियो। मूल्यबृद्धि बाहेक शुरु सम्झौता मूल्यको १०४.८५ प्रतिशत र संशोधित संझौता मूल्यको ८४.८१ प्रतिशत रहेको देखियो। मूल्य बृद्धि शुरु संझौताको ११०.५८ प्रतिशत र संशोधित मूल्यको ८९.४५ प्रतिशत रहेको छ।

४९. **म्याद थपः** शुरु सम्झौतामा निर्माण कार्यको ९०० दिन रहेकोमा विद्युतीय पोल समयमा जडान नगरेको, प्रशोधन केन्द्रको फिडर लाईन जडानको लागत अनुमान स्वीकृतीमा ढिला भएको, भेरिएशन आदेश स्वीकृतीमा ढिलाई, बन्द हडताल, प्राकृतिक प्रकोप, साइट अवरोध कारणले ६७३ दिन म्याद थप भई सम्झौता अवधिको ७४.७८ प्रतिशत समयावधि बृद्धि भएको छ। जसले गर्दा निर्माण ठेक्का र परामर्श खर्चमा मूल्य बृद्धि समेत भुक्तानी भएको छ।

५०. **म्याद थपः** एक परामर्शदाता शुरु सम्झौता अवधि ४८ महिना भई रहेकोमा म्याद थप गर्नु परेको कारण ७४ महिना पुगेकोले शुरु सम्झौता अवधिभन्दा ६४.८६ प्रतिशत समयावधि बृद्धि भएको छ। परामर्श खर्च शुरु संझौतामा रु.७,१८,१२,४०६।- रहेकोमा २७.९४ प्रतिशत बृद्धि भई रु.९,१८,७४,७३८।- पुगेको छ। समयमा काम सम्पन्न नहुँदा एबं व्यबसायीले प्रकोप र बन्द हडतालका कारण काम नगरेको स्थितिमा समेत परामर्शदातालाई राखेकोले म्याद थप गरी रु.२,००,६२,३३२।- बढी दायित्व परेको छ। काम नगरेको अबस्थामा समेत परार्मशदाता राखेर बढि दायित्व पारेकोमा जिम्मेबार बनाउनु पर्दछ।

५१. **पेश्कीको मूल्य बृद्धि :** संझौतासँगै ठेक्काको १० प्रतिशत मोविलाईजेशन पेश्की दिएको अवस्थामा मूल्य बृद्धि दिन नमिल्ने गरी सम्झौता गर्नुपर्दछ । मोविलाईजेशन पेश्की रु २,१४,२५,६११।- दिई फछ्र्यौट गरेकोमा पेश्कीमा समेत मूल्य बृद्धि दिएको देखियो। पेश्की नघटाई मूल्य बृद्धि दिने गरी संझौता गर्दा पेश्की मूल्यबृद्धि दिएकोले रु. १,३३,०७,६१२।- बढी दायित्व परेको छ। अतः पेश्कीको मूल्यबृद्धि नदिने व्यवस्था गर्नुपर्दछ।

५२. **निकास व्यवस्था (Outlet):** प्रोजेक्टको समष्टिगत डिजाइनमा बजारदेखि भूधरातल मिलाउदै गर्दै खोलामा ढल पुऱ्याई पानीको स्रोतवाट खोलामा पानी मिसाउने गरी निकासको नक्सा गरिएको छ। निकासको उचाई न्यून भएको अवस्थाले बाढीको अवस्थामा समस्या हुने र तराईका नदीको सतह बढ्दै गएको अवस्थाले ढल व्यवस्था प्रणाली संचालनमा समस्या हुने संभावना देखिन्छ।

५३. **त्रुटी सच्याउने :** व्यवसायीसँगको सम्झौताको सामान्य सम्झौताको १०.२ अनुसार निर्माण स्थलमा अस्थायी संरचना बाहेक अन्य कार्य गरेमा हस्तान्तरण भएको मानिने हुँदा परियोजनाले कार्य हस्तान्तरण पूर्व गर्न नहुने उल्लेख छ । त्यसैगरी जुन भागमा हस्तान्तरण पूर्व कार्य गर्छ उक्त दिनदेखि निर्माण व्यवसायीको दायित्व समाप्त भई हस्तान्तरण पूर्व कार्य गरेमा निर्माण व्यवसायीले माँग गरेको खण्डमा प्राविधिकले हस्तान्तरण प्रमाणपत्र दिनुपर्ने व्यवस्था छ । ढल निर्माण गर्ने व्यवसायीको कार्यसम्पन्न नहुँदै नयाँ ठेक्का गरी सोही स्थानमा कालोपत्रे निर्माण कार्य गराएको देखिन्छ । निर्मित संरचनाको मर्मत सम्भार गर्ने त्रुटी सच्याउने अवधिको समस्या पर्ने देखिन्छ । महानगरलाई थप दायित्व सृजना हुने गरी सम्झौता गर्ने जिम्मेवारलाई जवाफदेही बनाई स्पष्ट गरी मर्मत सम्भारको अवस्था सृजना थप दायित्व सृजना नहुने गरी मर्मत सम्भार गराउने व्यवस्था गर्नुपर्दछ ।

५४. **म्याद थप:** सार्वजनकि खरिद ऐन, २०६३ को दफा ५४(१)(घ) बमोजिम खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा संझौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्ने व्यवस्था छ । नक्सा स्विकृतिको क्रममा जरुरी पर्ने नाला निर्माण (३६ कि.मि.), नक्शामा राखेपनि लागत अनुमानमा नराखेको, वर्षातको पानी जाने नाला(१.६ कि.मि), खानेपानी पुनर्निर्माण तथा मर्मत, प्रशोधन केन्द्रमा प्रशारण लाइनको जडान आदि कार्यको परिमाण लागत अनुमानमा व्यवस्था नगर्दा र पछि भेरिएशनबाट कार्य थप्ने गरेको कारणले नयाँदरमा लागत अनुमान गर्दा लागत बृद्धि र मूल्य बृद्धिसमेत भुक्तानी गर्नु परेकोले उक्त परामर्शदातालाई कारवाही गर्नुको बदला उल्टै म्याद थप गरेको देखियो । डिजाइन स्वीकृतिमा नालीको काम करिब ३६ कि.मि. ड्रइङमा भएपनि लागत अनुमानमा नभएको, वर्षातको पानी व्यवस्थापन गर्ने नाली १.६ कि.मि.र प्रशोधन केन्द्रमा प्रशारण लाइनको जडान लागत अनुमानमा नभएकोले संशोधन गर्नु परेकाले भेरिएशनवाट ठेक्का रकममा अत्याधिक बृद्धि हुँदा ६५ कि.मि. कालोपत्रे गर्ने कार्य घटाई ३ कि.मि. कायम गरेको देखिन्छ । लागत अनुमान यथार्थ नहुँदा भेरिएशसन ३ स्वीकृति हुन ८९ दिन र प्रशोधन केन्द्रमा प्रशारण लाइन जडान लागत स्वीकृतिमा १२० दिन गरी जम्मा २०९ दिन ठेक्काको म्याद थप गर्नु पर्दा निर्माण ठेक्कामा थप दायित्व परेको र परामर्शदाताको समेत ४८ महिनाबाट ७४ महिनासम्म म्याद थप गरेको कारण समेत रहेको पाइयो । परामर्शदातालाई २६ महिनाको रु.२,००,६२,३३२।- थप दायित्व परेको हुँदा प्रतिदिन २५,३९५।- दरले पेशागत दायित्व पुरा हुने गरी काम नगरेको कारण ब्यबसायीलाई म्याद थप गर्नुपरेको २०९ दिनको रु. ५३,०७,६२८।- खर्च गर्न नमिल्ने हुँदा असुल गर्नुपर्दछ ।

५५. **जिन्सी दाखिला:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१२(६) बमोजिम स्थानीय निकायको स्वामित्व वा हकभोगमा रहेको चलअचल सम्पत्तिको लगत तयार गरी जिन्सी कितावमा आम्दानी बांधी राख्नु पर्ने व्यवस्था छ । सवारी साधन, फर्निचर, यन्त्र उपकरण परामर्शदाताको खरिदगरेको आधारमा संभावित कोषवाट र रनिङ्ग वील २६ सम्म रु.१००९४६७८।७० र त्यसैगरी निर्माण व्यवसायीसँग भएको संझौता अनुरुप विशिष्टीकृत कार्य परिमाणको इकाई ५ को ३, ६, ८, १२ मा संचालन र मर्मत उपकरण र औजार वील २६ सम्म रु.२,८०,००,०००।- स्पेशिफिकेसन अनुरुपका सामानहरु त्रुटी सच्याउने अवधि पछि महानगरलाई हस्तान्तरण हुने गरी रु.३८०९४६७८।७० बराबरको भुक्तानी गरेको पाइयो । सामान खरिदको भुक्तानी गर्दा जिन्सी कितावमा आम्दानी बाँधी सोको परामर्शदाता र व्यवसायीलाई त्रुटी सच्याउने अवधिसम्म प्रयोग गरी कार्य गरिसकेपछि हस्तान्तरण गर्ने गरी जिन्सी आम्दानी नगरेकोले र पछि हस्तान्तरण गर्नुपर्ने जानकारी परामर्शदाता व्यवसायीलाई गराएको देखिएन । तसर्थ सामान खरिदको भुक्तानी भईसेकेको अवस्थामा आम्दानी नगर्दा जिन्सी खाता अध्यावधिक नहुने सम्पत्ति हस्तान्तरणको संभावना नरहने हुँदा आम्दानी गरी व्यवसायी र परामर्शदाताले प्रयोग गरेको जनाउने र सम्पन्न पछि हस्तान्तरण हुने व्यवस्था मिलाउनु पर्दछ । जिन्सी आम्दानी बाँधेको रु.३,८०,९४,६७८।- प्रमाण पेश गर्नु पर्दछ ।

५६. **मुल्य बृद्धि :** व्यवसायीसँगकोसम्झौता सामान्य सम्झौतथाको १२.३ मा प्रति इकाईको परिमाणमा २५ प्रतिशत, प्रति इकाईको परिवर्तित परिमाणमा सुरु सम्झौता मूल्यले हुने कुल संझौता अंकको ०.२५ प्रतिशत र प्रति इकाईको भेरिएसन पछिको परिमाणको संझौता मूल्य र परिवर्तित परिमाणको तुलना मूल्यमा १ प्रतिशत बृद्धि हुँदा नयाँ दररेट कायम हुने व्यवस्था छ । सोही प्रावधान अनुसार काम थप भएको कारण नयाँदर तय भएको छ । उक्त नयाँदर आ.व.२०७०/०७१ को श्रमिक तथा सामग्रीको दरलाई आधार लिई तय गरिएको, केही ठेक्काको शुरु सम्झौतामा नभएका इकाईको समेत काम गराउनु पर्दा नयाँ दर तयार गरिएको छ । सबै नयाँ दर भेरिएसन २ को २६ अप्रिल २०१६ र भेरिएसन ३ को २६ जुन २०१६ मा दर समझदारी भएकोमा मुल्यबृद्धि प्रयोजनको मूल्य बृद्धि जुलाई ३, २०१३ को दरका आधार मुल्यलाई हिसाव गरेर भुक्तानी दिएकोले नयाँ दरमा रु ३,८३,४२,२०५।- मुल्य बृद्धि दिएको पाउने देखिएन । नयांदर तयार गरेपछि यस्तो मूल्य बृद्धि दिन नमिल्नेमा रु ३८३४२२०५।- दिएकोले असुल गर्नुपर्दछ ।

५७. **मूल्यबृद्धि :** सम्झौता अनुसार मूल्यबृद्धि भुक्तानी गर्दा रनिङ्ग वीललाई मूल्यबृद्धि फ्याक्टरले गुणन गरी हुन आउने भुक्तानी गर्नुपर्नेमा रनिङ्ग वील २४ मा मूल्यबृद्धिको रनिङ्ग वील बमोजिम गणना गरी भुक्तानी गर्दा दुई

इकाई दरमा रनिङ्ग वीलवाट फरक अभिलेख भएकोले रु ३२,४९,७४३।- बढी मूल्यबृद्धि भुक्तानी भएको देखियो। संझौता अनुरुप व्यवसायीलाई मूल्यबृद्धि बढी भुक्तानी हुँदा व्ययभार परेकोले बढी रु. ३२,४९,७४३।- सूदसहित असुल गर्नु पर्दछ।

५८. **सामान विस्थापन :** आइटम नं.२.४ मा ४ लाख ९८ हजार ३०१ घ.मि. कामको लागि रु.२ करोड ४९ लाख १५ हजार रकम व्यवस्था गरी रु.१ करोड ६८ लाख १९ हजार तथा आइटम नं.२.७ मा ३ लाख ४२ हजार ६४० घ.मि. कामको रु.१ करोड २ लाख ८५ हजार व्यवस्था गरी रु.३७ लाख ६४ हजार भुक्तानी दिएको छ। आइटम नं.२.४ मा ढल खन्दा निस्केका सबै बचत सामग्री व्यवस्थापन गर्ने गरी स्पेशीफिकेशनले तोकेपछि पुनःआईटम २.७ मा समेत बढी सामग्री ढुवानी गरी व्यवस्थापन गरेको भनी भुक्तानी दिएकोमा स्थलगत निरीक्षण गर्दा बढी सामग्री अन्यत्र व्यवस्थापन गरेको देखिएन। डिस्पोज गरेकै भएपनि सो कामको भुक्तानी स्पेशिफिकेशन अनुसार आईटम नं.२.४ बाट गरिने भएकोले आईटम नं.२.७ बाट बढी सामान व्यवस्थापन गरेको भनी भुक्तानी गरेको रु.३७ लाख ६४ हजार असुल गरी भुक्तानीको लागि कामको परिमाण मूल्यमा बाँकी रहेको रु.१ करोड २ लाख ८५ हजार भुक्तानी नहुने ब्यवस्था गर्नुपर्दछ।

५९. **दस्तुर कट्टी :** निर्माण व्यवसाय नियमावली २०५६ को नियम १४ बमोजिम ऐनको दफा १७ को उपदफा (२) को खण्ड (ख) को प्रयोजनको लागि निर्माण व्यवसायीले स्वीकृत ठेक अङ्कको ०.१० (सुन्य दशमलव एक सुन्य) प्रतिशतको दरले हुन आउने रकम कोषमा दाखिला गर्नु पर्ने व्यवस्था छ। निर्माण व्यवसायीलाई १८औं रनिङ्ग वीलसम्म रु.१,६४,११,००,३६१।- र यस वर्ष १९ औं देखि २६ औं रनिङ्ग वीलसम्म रु.७७,३२,९२,५०२।- समेत रु.२,४१,४३,९२,८६३।- भुक्तानी गरेकोमा ०.१० प्रतिशतका दरले हुने रु.२१,३६,६३०।- निर्माण व्यवसायी कोषमा दस्तुर कट्टा गरेको देखिएन। नियमको अनुशरण गरी दस्तुर कट्टा नगरेकोले रु. २१,३६,६३०।- असुल गर्नु पर्दछ।

६०. **विमा म्याद :** संझौता बमोजिम तोकिएको विमा गरी ठेक्काको म्याद थप गर्नु पर्दछ। निर्माण व्यवसायीले ठेक अंकको म्याद थप अवधिको गरेपनि त्रुटी सच्याउने अवधिको नविकरण गरेको पाइएन। सामूहिक दुर्घटना र यन्त्र तथा उपकरणको विमाको म्यादथप र त्रुटी सच्याउने अवधिसम्मको विमा गरेको देखिएन। तसर्थ सम्झौता म्याद थप अघि त्रुटी सच्याउने अवधिसम्मको विमा नविकरण गराउनु पर्दछ।

६१. **आन्तरिक लेखा परीक्षण:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली ०६४ को नियम २०२ मा अन्तिम लेखा परीक्षण हुन अघि नै नियमित आन्तरिक लेखापरीक्षण गरी देखिएको व्यहोरा फछ्र्यौट गरी स्रेस्ता अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। आन्तरिक लेखा परीक्षण प्रतिवेदन गुणस्तरयुक्त बनाउन तोकिएको ढाँचामा प्रतिवेदन जारीगर्ने र प्रतिवेदनमा नामनामेसी, खर्चको यथार्थ र समयवद्ध गरी व्यहोरा खुल्ने गरी प्रतिवेदन जारी गर्नुपर्दछ। आन्तरिक लेखापरीक्षण व्यहोरा फछ्र्यौट गरेका पाइएन। आलेप प्रतिवेदनमा नामनामेसी, उल्लेखति कारोवार खुलाई प्रतिवेदन नभएकोले प्रतिवेदनको गुणस्तरीयतामा कमी देखियो। प्रतिवेदन उपर कारवाही गरी टुंगो लगाएको देखिएन। तसर्थ प्रतिवेदनको व्यहोरा अनुरुप सुधार गरी बेरुजु व्यहोरा फछ्र्यौट गर्नु पर्दछ।

**बेरुजुको स्थिति**

यो वर्ष लेखापरीक्षणवाट देखिएको रु ६४ करोड ८० लाख ६९ हजार मध्ये असुल गर्नुपर्ने रु ५ करोड ४ लाख ७० हजार नियमित गर्नुपर्ने रु ५३ करोड ७१ लाख १० हजार र पेश्की रु ६ करोड ४ लाख ८९ हजार रहेको छ।

## बेलबारी नगरपालिका
### लेखापरीक्षण प्रतिवेदन

गत वर्षकोरु १ करोड २५ लाख ४० हजार र यो वर्ष २३ करोड ६३ लाख ७७ हजार समेत रु २४ करोड ८९ लाख १७ हजार आय गरी रु २१ करोड २ लाख ७५ हजार खर्च गरी रु ३ करोड ८६ लाख ४२ हजार मौज्दात देखियो । सो कारोबारको लेखापरीक्षणवाट देखिएको व्यहोरा देहाय छन् :-

१. **आन्तरिक नियन्त्रण :-** स्थानिय निकायआर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले सामान लिलाम, मर्मत, जोखिम पहिचान र निवारण, पदको कार्य विवरण तयार गरेको पाइएन । कामको प्रकृति बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार नगर्दा काम उपलब्धीमुखी हुन नसकेको अवस्था छ ।

२. **सम्पत्ति एकीकरणः-** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ३२ मा गाउँपालिकामा सञ्चालित कार्यक्रमको आय व्यय र सम्पत्तिको हिसाब दुरुस्त राख्नुपर्ने कार्यकारी सचिवको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । आफू र आफू आर्थिक कारोबार एकीकरण गरी अभिलेख आंशिकमात्र राखेको र जिन्सीको अभिलेख एकीकरण गरी मूल्य खुलाई अभिलेख राख्ने बारेको पाइएन । नगदी रसिद नियन्त्रण खाता राखेको छैन । नगदी जिन्सी हिनामिना र आर्थिक कारोबारको पारदर्शिता न्यून हुने हुदाँ आर्थिक कारोवार र जिन्सीको जिम्मेवार पदाधिकारी समेत खुलाई एकीकरण गर्नु पर्ने देखिन्छ ।

३. **सार्वजनिकीकरण :-** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १९ बमोजिम गाउँपालिकाको सदस्यले शपथग्रहण गरेको ३० दिनभित्र आफू र एकाघरको सगोलमा रहेको समेतको सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाको जनप्रतिनिधिहरुले सम्पत्ति विवरण बुझाएको देखिएन । तसर्थ सम्पत्ति विवरण बुझाउनु पर्दछ ।

४. **सार्वजनिक परीक्षण :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) बमाजिम उपभोक्ता समितिवाट सञ्चालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाँच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति अधिकांश योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको अधिकांश योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन । उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्वन्धित निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनु पर्दछ ।

५. **बरबुझारथः-** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण गराउनु पर्नेमा साविक नगरपालिकाका पेश्की र बेरुजु भए नभएको खुल्न आएन । अभिलेख व्यवस्थित नहुँदा पेश्की एंवम् बेरुजु यकिन नहुने भएकाले सो को अभिलेख राख्नुपर्छ ।

६. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ वमोजिम तोकिएको समयमा काम सम्पन्न गरी पेश्की पछ्र्यौट गर्नु पर्दछ । साक्षरता अभियान कार्यक्रमका लागि एक संस्थालाई दिएको पेश्की रु २००,०००।-हालसम्म फछ्र्यौट नभएको हुँदा फछ्र्यौट हुनुपर्दछ ।

७. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली बमोजिम मैजुदा सूचीमा रहेका कम्तिमा तिनवटा परामर्शदाताबाट लिखित रुपमा प्रस्ताव माग गरी गुणस्तरयुक्त लागत विधिबाट छनौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मौजुदा सूचीमा नरहेको र बिना सुचना एक शैक्षिक परामर्शवाट लाभग्राही बैंक खाताको विद्युतीय तथ्याङ्क सामाजिकीकरणको लागि परामर्शरु.१,४९,९८८।- को खरिद गरेकोमा नियमको पालना भएको छैन ।

८. **अग्रिम आयकरः**एक मेलमिलापलाई रु १,००,०००।- अनुदान रु ९७,२००।- कार्यकर्तालाई परिश्रमिक भुक्तानी मा १५% अग्रिम कर कट्टी रु १४,५५०।- नगरेकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

९. जनमार्ग नहरसडक स्तरोन्नतीसमितिले पेश गरेका बिल भरपाईबाट विभिन्न भाडा रु ७९,०००।- भुक्तानीमा १०% भाडा कर कट्टी रु ७,९००।- गर्नुपर्नेमा १.५०% कर कट्टी गरी कम कर कट्टी भएको रु ६,७१५।- असुल गर्नुपर्दछ ।

१०. एक कर्मचारीलाई प्रोफाइल डाटा ईन्ट्रीमा रु ५०,०००।- भुक्तानीमा १५% पारिश्रमिक कर कट्टी रु ७,५००।-नगरेकोले असुल गर्नुपर्दछ ।

११. **उपभोक्ता समिति** :सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१) मा रु १ करोड सम्म लागत भएको निर्माण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उपनियम १(क) मा उल्लेखित रु १ करोड सम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी र जन सहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । एक निमार्ण योजनाको रु १,२१,२६,९२५।- लागत अनुमान सो बाटो कालो पत्रे मार्ग योजनाको लागत रु ६०,५१,२०१।- गरी कुल रु१,८१,७८,१२६।□ लागतको कार्य एक उपभोक्ता समितिबाट गराई यो वर्षसम्ममा रु ७२,८२,९२७।- खर्च भएको छ । उपभोक्तालाई नियमले तोकेको सिमाभित्र जटिल प्राविधिक पक्ष समावेश भएको काम बाहेक अन्य काम दिनुपर्नेमा सो नभएकोले नियमको व्यवस्थाको पालना भएको छैन ।

१२. **जिन्सी दाखिला:** स्वास्थ चौकीलाई रु १,५०,०००।- मुल्य पर्ने अफिस टेबल ३ थान, खानेपानी फिल्टर २ थान, बिरामी जाँच टेबल २ थान, खानेपानी फिल्टर २ थान,कुर्सी ५ थान जिन्सी खरिद गरी आम्दानी अभिलेखनहुँदा सो जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

१३. **नापी किताब** : नापी किताब, बिल भरपाई,कार्यसम्पन्न, सम्झौता, सार्वजनिक परिक्षणको आधारमा भुक्तानीदिनुपर्छ । नापी किताब ,कार्यसम्पन्न दुरुस्त हुनुपर्छ । एक सडक उपभोक्तालाई रु ३,००,०००।- भुक्तानी गर्दा नापी किताबकोआधारमा भुक्तानी दिनुपर्नेमा सो भएको नपाइएकोले प्रमाण पेश हुनुपर्दछ ।

१४. **पेस्की वांकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम ९ व्यक्ति/संस्थालाई दिएको रु ३,०४,५५,११५।- पेस्की फछ्र्यौट भएको पाइएन ।

१५. सामाजिक सुरक्षा कार्यक्रमको खर्च गरी बाँकी रु ७१,२४,७६०/- अनुदानतर्फ निकासा भएको खर्च गरी बाँकी रु १,४०,८००/- समेतरु ७२,६५,५६०/- कोषमा दाखिला गर्नुपर्नेमा सो भएको पाइएन । कोष दाखिला नगर्ने जिम्मेवार व्यक्तिलाई सजगगराई फिर्ता गर्नुपर्दछ ।

१६. आन्तरिक लेखापरीक्षणको व्यहोरा देहाय अनुसार छ :

१६.१. **नगदी रसिद :** नगदी रसिद खरिद गर्दा रसिद नम्बर उल्लेख गरी जिन्सी आम्दानी गर्ने गरेको देखिएन । साथै विभिन्न समयमा सामान खरिद गरी जिन्सी दाखिला गरेको समेत पाइएन । जिन्सी सामानको दाखिला गरी प्रयोग गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

१६.२. वैंक जमानत नराखी पेस्की रु३,००,०००/- दिएको, लागत अनुमान तयार नगरी २,९८,३२०/- खर्च गरेकोमा सोको प्रमाण पेश हुनुपर्दछ ।

१६.३. साविक वेलवारी नगरपालिका : सामाजिक सुरक्षा रु.२,२४,७९,०००।- निकासा गरी खर्च रु. १,८५,९९,२००।- भई रु ३८,७९,८००।- मौज्दात फिर्ता गरेको पाइएन । सो रकम फिर्ता गरेको प्रमाण पेश हुनुपर्दछ ।

१६.४. एल.जि.सि.डि.पि.तर्फ : आर्थिक विवरणमा रु.६,९९,६५०।- देखाउनुपर्नेमा रु.३,००,६६६।- देखाएकोले रु.३,९८,९८४।- घटी देखाएको छ ।

१७. **पेस्की वांकी** : विभिन्न शिर्षकमा रु ३१,७२,७५०।- पेस्की बाँकी रहेको छ ।

१८. मूल कोष कर्मचारी कल्याण कोष यो वर्षको आन्तरिक आय देखिने गरी आय व्यय विवरण तयार नगरेकोले प्राप्त आर्थिक विवरणले कार्यालयको कारोवारको प्रतिनिधित्व गर्दैन ।

१९. देहायको आन्तरिक लेखापरीक्षणको व्यहोरा फछ्र्यौट गरेका पाइएन ।

१९.१. मूल्यांकन विल रु १,००,०००।, मु.अ.कर विजक नराखी रु ७०,०००।-, भुक्तानी दिन बाँकीको कच्चावरी वेगर रु १,२९,९९९।, भर्पाइ बेगर रु १६,०००।-, चेनेज उल्लेख नगरी ११,३९,०००।-, दर्ता नभएको फर्म संग रु९७,२००। खर्च गरेको पाइएकोले सोको प्रमाण पेश हुनुपर्दछ ।

१९.२. एक फर्मसंग रु९८,५१०।- को सामान खरिदमा अग्रीम कर कट्टा नगरेकोरु.१,३२५।- कर असुल गरी दाखिला हुनुपर्दछ ।

१९.३. **साविक वाहुनी** आन्तरिक लेखापरीक्षणबाट देहायको व्यहोरा देखिएको छ । विभिन्न समयमा सामान खरिद गरी जिन्सी दाखिला नगरेको, रु २,९०,०००।- को विल भरपाई बेगर खर्च, आन्तिम मौज्दात वैंकमा ८९०८०२/-र नगद रु ४९८५३३/-रहेकोमा सो खुलाएको नपाइएकोले प्रमाण पेश गर्नुपर्दछ ।

१९.४. एक फर्मसंग रु ३८,०००।०० को सामान खरिदमा अग्रीम कर कट्टा नगरेकोरु.५,७७०।- कर असुल गरी दाखिला हुनुपर्दछ ।

२०. **नगदः** गा.वि.स.ले गतवर्षको सन्चित कोष दाखिला गर्न वांकी रु.१४४८।१८ र यो वर्ष रु.५६६७८३। समेत रु.५६८२३१।१८ आय प्राप्त गरेकोमा सचिव (कर्मचारी संकेत नं.१७२४५९ ले दाखिला नगरेकोले सजग गराई व्याज समते असुल गर्नुपर्दछ ।

२१. **मौज्दात फरक :** आन्तरिक लेखापरीक्षणको प्रतिवेदनबाट रु.२,०२,०५७।- नगद र रु.१९,९९,००८।- समेत रु. २२,०१,०६५।- मौज्दात वांकी देखिएको छ । मौज्दात वांकी आर्थिक विवरणमा रु.२१,९३,८२८।- देखाएबाट रु.३७,२३६।- मौज्दात फरक छ ।

२२. **कर दाखिला**: अग्रिम कर रु.२६४८५।७३ दाखिला गर्न वांकी रहेकोले दाखिला गर्नुपर्दछ। त्यस्तै प्राविधिक मुल्याङ्कन वापत एक कर्मचारीलाईरू ९०,०००।० खर्च लेख्दा १५% अग्रिम कर कट्टी रू १३,५००।०० गर्नुपर्नेमा रू ९००।०० मात्र कर कट्टी गरेकोले कमरू १२,६००।०० असुल गर्नु पर्दछ।

**साविक डागीहाट गा.वि.स तर्फ**

२३. **नगद मौज्दात** : गतवर्षको रु.४०९३२५।८३ नगद मौजदात भएकोमा यो वर्षको अन्त्यमा रु.८२२६९।- देखिदा नगद समयमा संचित कोष दाखिला हुने देखिदैन । नगद समयमा दाखिला नहुनु अनियमितता समेत हुदा नगद निश्चित समयमा दाखिला गर्ने व्यवस्था हुनुपर्दछ।

२४. आन्तरिक लेखापरीक्षणमा देखिएको व्यहोरा फछ्र्यौट गरेको देखिएन।

२४.१. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा खर्च प्रमाणित गर्ने स्रेस्ता राख्नु पर्दछ । विल भरपाई बगेर खर्च रु ८३,१८१।- सामान खरिदमा रु १,७६,०००।- को जिन्सी दाखिला नभएको, प्राविधिक मूल्यांकन बेगर रु २,५२,०६६।- खर्च लेखेको, रु ८,६९,८१८।- नगद तहविल खर्च देखाइएको, रु ३,०००।- को भरपाई बेगर खर्च लेखेको, रु १,०८,०५९।- को क.सं.कोषको कट्टिको दाखिला प्रमाण नभएको, रु ३४,२३,८५०।- मौज्दात रहेकोमा सोको प्रमाण पेश हुनुपर्दछ।

२४.२. शुक्रबारे बजार दर्ताका गर्न एक व्यक्तिलाई विधानको लागि रु १०,०००।- खर्च गरेकोमा विधान तयार नहुँदा रु १०,०००।- असुल हुनुपर्दछ।

**बेरुजुको स्थिति**

लेखापरीक्षणवाट रु ४ करोड ९६ लाख ७३ हजार शुरु बेरुजु रहेको सो मध्ये असुल गर्नुपर्ने रु ७५ हजार नियमित गर्नुपर्ने रु १ करोड ५९ लाख २१ हजार र पेश्की रु ३ करोड ३९ लाख ७७ हजार रहेको छ।

## लेटाङ नगरकार्यपालिका
### लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु ९६ लाख ९१ हजार र यो वर्षको आय रु १६ करोड ६३ लाख ४१ हजार समेत रु १७ करोड ६० लाख ३२ हजार आय भएकोमा रु १६ करोड ६२ लाख १७ हजार खर्च भई रु ९८ लाख १५ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन ।

१. **नियन्त्रण व्यवस्था:-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ । यो बर्ष निकायले लिलाम मर्मत नभएको, सम्भावित जोखिम, पहिचान नगरेको र पदको कार्य विवरण बनाई लागु नगरेकोले जिम्मवारी पूर्णपालना गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन ।

२. **सम्पत्ति एकीकरण:-** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ३२ मा नगरपालिकामा सञ्चालित कार्यक्रमको आय व्यय र सम्पत्तिको (जिन्सीको) हिसाब दुरुस्त राख्नुपर्ने कार्यकारी सचिवको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । गाउँ कार्यपालिकाले आफू र आफू अर्न्तगतको वडाबाट सञ्चालित आर्थिक कारोबार एकीकरण गरी अभिलेख आंशिकमात्र राखेको र जिन्सीको अभिलेख एकीकरण गरी मूल्य खुलाई अभिलेख राख्ने बारेको पाइएन । नगदी रसिद नियन्त्रण खाता राखेको छैन । नगदी जिन्सी हिनामिना र आर्थिक कारोबारको पारदर्शिता न्यून हुने हुदाँ आर्थिक कारोवार र जिन्सीको जिम्मेवार पदाधिकारी समेत खुलाई एकीकरण गर्नु पर्ने देखिन्छ ।

३. **सम्पत्ति विवरण:-** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १९ बमोजिम गाउँपालिकाको सहायले शपथग्रहण गरेको ३० दिनभित्र आफू र एकाघरको सगोलमा रहेको समेतको सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको जनप्रतिनिधिहरुले सम्पत्ति विवरण बुझाएको देखिएन । तसर्थ सम्पत्ति विवरण बुझाउनु पर्दछ ।

४. **सार्वजनिक परीक्षण :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) बमाजिम उपभोक्ता समितिवाट सञ्चालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाँच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति अधिकांश योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको अधिकांश योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गनें गरेको देखिएन । केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन । उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्वन्धित निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनु पर्दछ ।

५. **बरबुझारथ:-** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण गराउनु पर्नेमा साविक नगरपालिकाका पेश्की र बेरुजु भए नभएको खुल्न आएन । अभिलेख व्यवस्थित नहुँदा पेश्की एंवम् बेरुजु यकिन नहुने भएकाले सो को अभिलेख राख्नुपर्छ ।

६. **नगद** : जिम्मेवारी सरेको सुरु नगद रु.७,७६,७९८।- रहेकोमा यो वर्षको अन्त्यसम्म रु. ७४,०,६११।- नगद मौज्दात देखिन्छ । नगद समयमा दाखिला नहुदा अनियमित हुने संभावना भएकोले नगद एकिन गरी नगद कारोवार निरुसाहित गर्नुपर्दछ ।

७. **पेस्की** : वाल कार्यक्रम वापत दिएको रु.२५०००।- पेस्की आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्यौट गरेको पाइएन ।

८. लेखापरिक्षक रु १९४,५००।- भुक्तानीमा रु १६९,५००।- को बिल संलग्न रहेको र विविध खर्च रु २५,०००।- को बिल नभएको हुँदा भुक्तानी असुल गर्नुर्पदछ

९. आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवा शुल्क भुक्तानी गर्दा मू.अ.करमा दर्ता नभएका कुनै फर्मको कर विजकको अग्रीम कर १५% कटाई भुक्तानी दिनुपर्ने व्यवस्था छ । कम्प्यूटर तालिम एक तालिम केन्द्रलाई रु ५०,०००।- भुक्तानीमा १५% कर कट्टी रू ७,५००।□ नगरेकाले घटी कर रू ७,५००।□ असुल हुनुपर्दछ ।

१०. **पेस्की वांकी** : २२।०७३।११।२६ तुलमाया मगर नर्सरी निर्माण पेस्की रु.२५,०००।- पेस्की दिएकोमा यो वर्ष उक्त पेस्की फछ्र्यौट गरेको पाइएन ।

११. **नगद** : मोज्दात रु.८२३६५।५५ आय व्यय विवरणमा देखाएको छैन । नगद वैंक नगदी किताबमा नदेखाउने अनि खातामा दाखिला नगरी उपयोग गर्दा हिनामिना हुन सक्दछ । वित्तीय सुशासनको लागि नगदमुक्त कारोवार गर्नु जरुरी छ ।

१२. **कर दाखिला :** क.स. कोष र अग्रिम कर समेत रु १,३९,४६२।- सम्वन्धित खातामा दाखिला हुनुपर्दछ ।

१३. **विलभरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली ०६४ को नियम २४ मा विलभरपाई सहितको श्रेस्ता राख्नुपर्ने व्यवस्था छ । यो वर्ष श्रेस्ता, वेन्च, दराज, टेवुल, कुर्सी जिन्सी दाखिला लगायत विना प्रतिस्पर्धामा जस्ता कार्यको रु ६४,४६,०५५।- खर्च गर्दा जिन्सी दाखिला लगायत प्रतिलिपी विलवाट खर्च गरेको नपाउने हुदाँ प्रमाण पेश गर्नुपर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु ७४ लाख ८९ हजार कुल बेरुजू रहेको मध्ये असुल गनुपर्ने रु २ लाख २७ हजार नियमित गर्नुपर्ने रु ७१ लाख ८७ हजार र पेश्की रु ७५ हजार रहेको छ ।

# पथरीशनिश्चरे नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु ७६ लाख १ हजार र यो वर्षको आय रु २३ करोड ३८ लाख १६ हजार समेत रु २४ करोड १४ लाख १७ हजार आय भएकोमा रु २२ करोड ३१ लाख ११ हजार खर्च भई रु १ करोड ८३ लाख ६ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन ।

१. **सम्पत्ति एकीकरणः-** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ३२ मा नगरपालिकामा सञ्चालित कार्यक्रमको आय व्यय र सम्पत्तिको (जिन्सीको) हिसाब दुरुस्त राख्नुपर्ने कार्यकारी सचिवको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । गाउँ कार्यपालिकाले आफू र आफू अर्न्तगतको वडाबाट सञ्चालित आर्थिक कारोबार एकीकरण गरी अभिलेख आंशिकमात्र राखेको र जिन्सीको अभिलेख एकीकरण गरी मूल्य खुलाई अभिलेख राख्ने बारेको पाइएन । नगदी रसिद नियन्त्रण खाता राखेको छैन । नगदी जिन्सी हिनामिना र आर्थिक कारोबारको पारदर्शिता न्यून हुने हुदाँ आर्थिक कारोवार र जिन्सीको जिम्मेवार पदाधिकारी समेत खुलाई एकीकरण गर्नु पर्ने देखिन्छ ।

२. **सम्पत्ति विवरणः-** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १९ बमोजिम गाउँपालिकाको सहायले शपथग्रहण गरेको ३० दिनभित्र आफू र एकाघरको सगोलमा रहेको समेतको सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको जनप्रतिनिधिहरुले सम्पत्ति विवरण बुझाएको देखिएन । तसर्थ सम्पत्ति विवरण बुझाउनु पर्दछ ।

३. **सार्वजनिक परीक्षण :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) बमाजिम उपभोक्ता समितिवाट सञ्चालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाँच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति अधिकांश योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको अधिकांश योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गनें गरेको देखिएन । केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन । उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्वन्धित निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनु पर्दछ ।

४. **बरबुझारथः-** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण गराउनु पर्नेमा साविक नगरपालिकाका पेश्की र बेरुजु भए नभएको खुल्न आएन । अभिलेख व्यवस्थित नहुँदा पेश्की एंवम् बेरुजु यकिन नहुने भएकाले सो को अभिलेख राख्नुपर्छ ।

५. लेखापरीक्षण प्रतिवेदनमा उल्लेख हुनुपर्ने सवाल नगर पार्श्वचित्र तथा श्रोत नक्सा, गुरु योजना र प्राथमिकता, बजेट र खर्च प्रणाली,आन्तरिक लेखापरीक्षण र सुझा कार्यान्वयन, मुल्य सहितको सम्पत्ति, सम्पत्तिको विमा, अध्यावधिक विवरण, दरवन्दी पुनरावलोक,खर्चको अभिलेख वार्षिक रुपमा तयार गरेको नपाइएकोले आन्तरिक नियन्त्रण नजितामुखी भएन ।

६. **आय संकलन :** स्थानीय स्वायत्त शासन नियमावली २०५६ को परिच्छेद ७ मा नगरपालिकाद्वारा स्थानीय कर असुली गर्ने व्यवस्था छ । नगरपालिकाले सम्पत्ति तथा व्यवसाय कर र भाडाबापतको कर बाँकीको अभिलेख पूर्ण रुपमा अद्यावधिक गरेको पाइएन ।

७. **स्थिर सम्पत्ती :** स्थानीय सरकार संचालन ऐन २०७४ मा नगरक्षेत्र भित्र भौतिक पूर्वाधार विकास, सेवा प्रभावकारिता मार्फत सुशासन कायम गर्नु नैतिक दायित्व हो । सेवा प्रवाहलाई दरिलो बनाउन जिन्सीको अवस्थाबारे जानकारी लिन जिन्सी परिचालनको ठूलो भूमिका हुँदा वर्षमा १ पटक निरीक्षण गरी परिचालनमा चुस्तता ल्याउने उद्देश्यले यो वर्ष स्थिर सम्पत्ती तथा जिन्सी सामाग्रीहरुको भौतिक परिक्षण तथा निरीक्षण गरेको पाइएन । निरीक्षण स्थलगत अवलोकन, अभिलेख अध्ययन र छलफलको माध्यमबाट निरीक्षण कार्य सम्पादन गरी विवरण तयार गर्दा सामानको संकेत नं., हाल अवस्थित स्थान, मूल्य खुलाउने पर्ने, मर्मत र लिलाम गर्नुपर्ने, सामानको सूची तयार गर्नुपर्ने, अचल सम्पत्ति जग्गा जमिन र भवनको अभिलेख व्यवस्थित गर्ने, पुराना प्रयोगमा नआएको सवारी साधन लिलाम गर्नुपर्दछ । अघिल्ला ले.प. प्रतिवेदनका सुझावहरु समेत कार्यान्वयन भएको छैन ।

८. जिन्सी निरिक्षण प्रतिवेदन समयमानै तयार गर्ने स्थलगत रुपमा रहेका जिन्सी सामाग्री तथा स्थीर सम्पत्तीको अवस्था (चालु) मर्मतसंभार गर्नुपर्ने, लिलामी गर्नुपर्ने, धुल्याउनु पर्ने आदी । हालको मुल्य र रहेको स्थान आदी उल्लेख गरी यस कार्यालयको हालसम्म कायम रहेको सम्पत्तीको विवरण यकिन गर्नुपर्ने देखिन्छ ।

९. **आन्तरिक लेखापरीक्षण स्थिति :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ५८ मा आन्तरिक लेखापरीक्षण शाखाले जि.वि.स.को आय–व्यय र धरौटीको स्रेस्ताको मासिक रुपमा लेखापरीक्षण गर्ने, गाउं विकास समितिको आन्तरिक लेखापरीक्षण गर्ने र लेखापरीक्षणबाट देखिएको त्रुटीहरु लेखापरीक्षण सम्पन्न गरेको १५ दिनभित्र सम्बन्धित निकाय र सचिवलाई प्रतिवेदन पेश गर्ने उल्लेख छ । विशेषकारण परी आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजू फछ्र्यौट गर्न नसकेमा सो कुरा उल्लेख गरी अन्तिम लेखापरीक्षणकर्ता समक्ष स्थानीय निकायको सचिवले लिखित स्पष्टीकरण दिनुपर्ने व्यवस्था छ । अन्तिम लेखापरीक्षकले आन्तरिक लेखापरीक्षण प्रतिवेदन जांचबुझ गरी आप्नो प्रतिवेदनमा बेरुजू समावेश गरेपछि आन्तरिक लेखापरीक्षण बेरुजू कायम नरहने उल्लेख छ ।

१०. **अनुगमन परीक्षण** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ मा लेखापरीक्षणबाट औंल्याएको बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने उल्लेख छ । कार्यालयको गत विगत वर्षदेखि आ.ब.२०७३।७४ सम्म फछ्र्यौट गर्नुपर्ने कुल बेरुजूको विवरण र वार्षिक कार्यसम्पादन प्रतिवेदन पेश नभएकोले उल्लेख गर्न सकिएन । लेखापरीक्षणको अवधि बेरुजू फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश गरेको छैन । फछ्र्यौट गर्न बाँकी बेरुजू फछ्र्यौट गर्न कार्यालयले सक्रियता देखाउन जरुरी छ ।

११. **गतवर्षको लेखापरीक्षण :** गत आर्थिक वर्ष २०७२।०७३ को लेखापरीक्षणको क्रममा लेखापरीक्षकले प्रारम्भीक प्रतिवेदन पेश नभएको, नगरपालिका कार्यालयवाट प्रतिउत्तर दिए नदिएको यकिन नभएको, अन्तिम लेखापरीक्षण प्रतिवेदनमा लेखापरीक्षक पुष्पा एण्ड कम्पनीले जारी गरेको ले.प. प्रतिवेदनमा मिति उल्लेख नभएको, सम्झौतापत्रमा मिति उल्लेख नभएको तथा नियुक्ति पाउँ भनी पेश गरेको निवेदनमा समेत मिति उल्लेख नभएको, प्र.का.अ.ले समेत मिति उल्लेख नगरी सम्झौता र आवश्यक कार्य गर्न तोक आदेश गरिदिएको देखिन्छ । उक्त आर्थिक वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा लेखा सम्वन्धि टिप्पणी तथा संलग्न अनुसूचिहरु स्पस्ट भएको पाइएन ।

१२. **योजना संचालनः** स्थानीय स्वायत्त शासन नियमावली २०५६ को परिच्छेद ६ नियम १३६ मा योजना तर्जुमा र कार्यान्वयनको सम्वन्धमा व्यवस्था बमोजिम यो वर्ष देहाय बमोजिम योजना संचालन गरेको छ । योजना साना टुक्रे, वितरणमुखी र मर्मत सामान्य समेतलाई योजना मान्दा उपलब्ध जनशक्तिले अनुगमन र कार्यान्वयन असम्भव भएको अवस्था छ । नगरपालिका कार्यालयको मातहातवाट विभिन्न कार्यक्रम तथा परियोजनाहरु संचालन र प्रभावकारी अनुगमा गर्नुपर्नेमा अनुगमनको कुनै पनि कार्यक्रम रहेको पाइएन ।

१३. उपभोक्ताबाट संचालित योजना उपभोक्ता दर्ता, नविकरण र योजना हस्तान्तरण जस्ता कार्य नगरी पटके कामको आधारमा गठन गरी कार्य गराउने परम्परा छ । यो वर्ष ४२४ योजना संचालन भएको र सबै सम्पन्न भएको छ ।

१४. स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ११८ (२) अनुसार यस नगरपालिकाद्धारा संचालीत सवै योजनाहरुको त्रैमासीक समिक्षा गर्नुपर्नेमा सो अनुसार कार्य भए गरेको प्रतिवेदन तयार गर्ने गरेको पाइएन ।

१५. **खरिद व्यवस्थापनः** खरिद व्यवस्थापनमा देखिएको चार वटा कार्यक्रममा दररेट आह्वान गरी लागत अनुमान अध्ययन गरी कार्य सम्पन्न गर्न न्यून रकम कबोल गर्नेलाई तोकिएको भएतापनि ठेक्का कार्य सम्पन्न गर्न प्रतिस्पर्धा न्यून हुने गरेको देखियो । जिम्मेवार पदाधिकारीले ठेक्कापट्टामा प्रतिस्पर्धा गराउनेतर्फ ध्यान दिनुपर्दछ । वित्तीय जवाफदेहिता सुदृढ बनाउन जिम्मेवार व्यक्तिको ध्यान जान जरुरी देखिन्छ ।

१६. **विमा :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १२० र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम रु १० लाख रुपैया भन्दा बढीको निर्माण कार्यको विमा गराउनुपर्नेमा सो भन्दा माथिको निर्माण कार्य संझौता गरेकोमा विमा गराएको देखिएन । कतीपय निर्माण कार्यको संझौता गर्दा विमा गर्ने प्रावधान नराखेको र केहीको प्रावधान राखेपनि विमा गराएको देखिएन । निर्माण कार्य, श्रमिक, इक्युपमेन्ट कर्मचारी एवं तेश्रो पक्ष लगायतको विमा नगराएको कारण निर्माण कार्य जोखीममा रहेको अवस्था छ । तर्सथ जिम्मेवारी पदाधिकारीले विमा नगराउनुको कारण स्पष्ट गरी विमा गराई निर्माण कार्य श्रमिक/कर्मचारी इक्युपमेन्ट लगायतको सूरक्षा हुने गरी प्रत्याभुति गराउनु पर्दछ । ठुला पुर्वाधार विकास कार्यक्रम, पुर्वाधार विकास कार्यक्रम, सडक वोर्ड तथा आन्तरीक श्रोत सम्वन्धित कार्यक्रमहरु उपभोक्ता मार्फत गर्ने गरिएकोले ठेक्का संख्या तथा संझौता रकम सहित विवरण तयार गरेको पाईएन ।

१७. **जमानतको समय :** सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम कार्य सम्पादन जमानतको म्याद त्रुटी सच्याउने दायित्व अवधिको एक महिना बढी अवधि हुने व्यवस्था छ । यस आ.व.मा यस नगरपालिका

कार्यालयले यस वर्ष कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्ने किसिमका परियोजनाहरु नभएकाले यस किसिमका परियोजनाहरुमा कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्ने अवस्था रहेको छैन ।

१८. **अग्रीम कर :** आयकर ऐन २०५८ को दफा ८९ १ बमोजिम रकम भुक्तानी गर्दा १.५ प्रतिशतले हुने रकम अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था बमोजिम अग्रिम आयकर कट्टा गर्ने गरेको भएता पनि केही योजनामा यस बर्ष कार्यालयले उपभोक्ता समितिवाट संचालित योजनाको लागि निर्माण सामाग्री खरिद गर्दा अग्रीम कर कट्टा गरे नगरेको नमुना परिक्षण गरेकोमा देहाय अनुसार अग्रीम कर कट्टा गरेको देखिएन । विभिन्न संघसंस्थाहरुलाई विविध कार्यक्रमहरु गरे बापत भुक्तानी गर्दा, सामान खरिद गर्दा तथा सोधभर्ना गरेबापत प्रदान गरिएको रकममा श्रोतमा रु. १५,४०५। करकट्टी गरेको पाइएन । नियमको अनुसरण नभएका कारण अग्रिम कर कट्टी नभएको हुँदा रु.१५,४०५ असुल गर्नुपर्दछ ।

१९. **स्वास्थ्य कार्यक्रमः** संघसंस्थाहरुलाई गर्ने औषधि खरिद गरी निशुल्क वितरण गर्दै आएकोमा नेपाल सरकारबाट ९० प्रकारको औषधि निशुल्क उपलब्ध गराउने घोषणासँग समन्वय गरेको देखिएन ।

२०. **नगर सरसफाई :** यस नपा कार्यालयले विभिन्न १२ वटा संस्थासंग संझौतागरी टोल सरसफाई गर्ने कार्य गराएकोमा सवै क्षेत्रलाई समेटिएको नपाईएको, प्रभावकारी अनुगमन गरी अनुगमन मुल्याकंन तथा प्रगति प्रतिवेदन तयार गर्ने नगरिएको तथा सवै संझौताहरु यहि मिति २०७४ आषाढ मसान्तमा सकिएको भएतापनि नविकरण गरेको पाईएन ।

२१. **अनुगमन :** फोहोरमैला संकलन तथा व्यवस्थापन कार्यकालागी २ वटा ट्याकटर मार्फत कार्य गरिरहेको भएतापनि संकलन गरेको मासिक शुल्क सवैवाट संकलन भए नभएको, तोकिएको शुल्क मात्र उठाएको नउठाएको आदीको वारेको अनुगमन नभएको तथा डम्पिगं साईटको उचित प्रवन्ध गरेको पाईएन । नगर सरसफाई गर्ने कार्यमा सवै क्षेत्रलाई समेटिएको नपाईएको, प्रभावकारी अनुगमन गरी अनुगमन मुल्याकंन तथा प्रगति प्रतिवेदन तयार गर्ने गरेको पाईएन । संकलन गरिएको आम्दानीहरुको रसिदहरुको सिलसिलेवार विवरण तयारगरी प्रत्येक वडाको अभिलेख राख्ने गरेको पाईएन ।

२२. **अभिलेख :** नगर क्षेत्रको सरसफाई शुल्क समेत संकलन गर्न संझौता गरिएकोमा उल्लेखित कार्य गर्ने गरेको देखिएन । नगर सरसफाई शुल्क र कार्य दुवैको फोहोरमैला व्यवस्थापन कार्य सन्तोषजनक र नतिजामुखी पाईएन । फोहोरमैला व्यवस्थापन कार्य तथा शुल्कको नियमित अनुगमन तथा निरीक्षण गर्ने गरेको अभिलेख गरेको पाइएन । उपकरण औजार उपयोग वारेमा गहन अध्ययन गरी प्रतिवेदन तयार गरी कार्यान्वयन गर्न सुझाव पेश दिइएको छ ।

२३. **नगरप्रहरी र प्राविधिक जनशक्ती :** स्थानीय स्वायत्त शासन नियमावली २०६४ को नियम २१२ बमोजिमको पदमा कार्यरत कर्मचारीको काम स्पष्ट गर्न पेशागत आचरण बनाई पालना गराउनु पर्ने व्यवस्था छ , नगरपालिकाले स्वायत्त शासन नियमावलीको आचरण वाहेक अन्य निर्देशिका वनाई लागु गरेको पाइएन । पेशागत आवद्धता र निहित स्वार्थ मुक्त पेशागत आचरणको लागि नक्सा पास र अनुगमन शाखा, बजार अनुगमन, बजार व्यवस्थापन सम्वन्धी कार्यमा परिचालन हुने नगर प्रहरी ( प्राविधिक) कर्मचारीको वाहिर प्राविधिक सेवा उपलब्ध गराउने फर्म र अनुगमन कार्यमा समावेस हुदा स्वार्थको द्वन्दमा काम हुन सक्दछ । त्यसैले स्वार्थमुक्त हुन आचारसंहिता बनाई काम गर्नु जरुरी छ । यस्तो संगठनको जिम्मेवारी निर्वाह गर्ने काम सम्वेदनशिल भएकोले सजगता हुन जरुरी देखिन्छ । नगरक्षेत्र भित्र सडक व्यापारलाई व्यवस्थापन गरी नगरको शोभा सम्वृद्धी गर्न सडक व्यापार व्यवस्थीत गर्ने क्रममा अवैध अतिक्रमण गरी सडक व्यापारीवाट जफत सामान विक्री सूरक्षा संरक्षण फिर्ताको उचित व्यवस्थापन अवस्था खुल्ने कामको अभिलेख नभएकोले उल्लेख गर्न सकिदैन । नगरपालिकाको सेवा वडापत्रमा उल्लेख भए बमोजिमको सेवाग्राहीलाई सेवा वितरण भए नभएको प्रगती विवरण तयार नगरेकोले लेखापरीक्षणमा प्रगती विश्लेशण गर्न सकिएन ।

२४. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९१(१) मा स्रेस्ता अद्यावधिक गरी अभिलेख प्रशासकीय अधिकृत र लेखाप्रमुखको दायित्व हुने व्यवस्था छ। गतवर्ष सम्मको पुरानो पेश्की फछ्र्यौट गर्ने कुनै योजना बनाएको पाइएन । प्राप्त पेश्कीको विवरणमा रु २५११५९।०० प्राप्त पेश्कीको विवरण पेश गरेको छ। उक्त वाकी पेश्की असुल फछ्र्यौट गर्नुपर्दछ।

२५. **सडक र सौर्य वत्ती :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २५(३) बमोजिम खर्च गर्दा विल भरपाई सहितको स्रेस्ता राख्नु पर्ने व्यवस्था छ। यस नपा कार्यालयले सडक वत्ती भएको पोलको गणना गरी अभिलेख राखेको छैन । सडक वत्तीलाई सौर्य वत्तीमा प्रतिस्थापन गरेको विवरण समेत राखेको पाइएन । नेपाल सरकारले सडक सौर्यवत्तीलाई प्राथमिकता दिई अघि बढाएको अवस्थामा यस नगरपालिकाले सौर्यवत्तीको योजनालाई प्राथमिकता दिई कार्य अघि बढाउने तथा सो को अभिलेख राखी सडक वत्तीको अभिलेख अद्यावधिक लगत तयार गरी खर्च अद्यावधिक गर्न जरुरी छ।

२६. **भरोसा योग्य सफ्टवेयर :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१२ मा प्रविधिगत जिन्सी सामानको लगत तयार गरी विवरण मूल्य खुलाई उक्त वस्तुको गुण र दोष सहितको लगत तयार गरी अद्यावधिक गरी लगत तयार गरी राख्नुपर्दछ। राष्ट्रिय पूनः निर्माण प्राधिकरण कोषको

लाभग्राहीलाई किस्ता अनुदान वितरण गर्न प्रयोग भएको विद्युतीय सफ्टवेयर www.ehrpmic_nra.gov.np को विस्तृत गुण र दोष सहितको सम्भावना सहितको सवल र दुर्वल पक्षबाट स्पष्ट नगरेकोले आफ्नो कमजोरीमा सजग गराउन सकिने गरी गुणयुक्त अभिलेख नराखेकोले विद्युतीय सफ्टवेयरको भरोसायोग्य यकिन हुन सकिएन । Back up Data Entry, Correction and log गर्ने अवस्था यकिन हुने अवस्था छैन ।

२७. **एकल बोर्ड :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(१) मा जिल्ला परिषदबाट स्वीकृत कार्यक्रम र वजेटको सीमा भित्र रही अधिकार प्राप्त अधिकारीले निर्धारित कार्यमा रकम खर्च गर्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष एकल बोर्डबाट कुनैपनि योजनाहरु छनौट भई कार्य नभएको पाईयो । योजनाको छनौटको चरण, प्राथमिकीकरण तथा छनौट प्रक्रियालाई व्यवस्थित गर्ने गराउने प्रणालीमा असर पर्दछ । योजनाको छनौटको चरण, प्राथमिकीकरण तथा छनौट प्रक्रियालाई व्यवस्थित गर्नेतर्फ कार्यालय थप क्रियाशिल हुनुपर्दछ । अतः एकमुष्ट बजेट राख्ने तथा एकल बोर्डको पटके निर्णयका आधारमा योजना बाडफाड गर्ने प्रवित्तको अन्त्य गर्नु पर्दछ ।

२८. **कम लागतका योजना:** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बुँदा नं ११(२) मा आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधार विकास अर्न्तगत विनियोजन भएको रकमबाट जिल्ला विकास समितिले रु ५ लाखभन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने व्यवस्था छ । कार्यालयले यस वर्ष कार्यविधिले व्यबस्था गरे अनुसारको आयोजना लगानी विवरण तयार नगर्नूका साथै रु. ५ लाखभन्दा कमका ३२४ वटा योजनाहरु छनौट गरी ३०३ वटा योजनाहरु सम्पन्न गरेको छ । योजना प्राथमिकीकरण हुन नसक्नुका कारण न्यून लागतका योजना छनौट भएको देखिन्छ । यसबाट उल्लेखनीय योजनामा लगानी नभइं कायंक्रमको प्रभावकारिता कम हुन जान्छ । तसर्थ निर्देशिकामा तोकिए बमोजिम नै योजना छनौट गरी आफु र स्थानीय निकायबाट योजनाहरु सम्पन्न गराउने तर्फ कार्यालयको ध्यान दिनु पर्ने देखिन्छ ।

२९. **कर र आय लेखा :** स्थानीय स्वायत्त शासन नियमावली २०५६ को परिछेद ७ मा कर दस्तुर सेवा शुल्कवाट आय गर्ने व्यवस्था छ । सोही बमोजिम यो वर्ष नगरले रु.३,६८,१९,३६७।२३ आय प्राप्त गरेको पाइयो । उक्त आय कुन वर्षको हो अव कती वाकी छ वक्यौता र करदाताको विस्तृत विवरण अभिलेखत्व नराखेको ले उक्त आय यकिन हुने अवस्था छैन , क्षेत्रगत करदाता अभिलेख र प्रत्येक वर्षको असुली र दाखिला स्पष्ट रुपमा देखीने RMIS प्रणाली नहुँदा आय प्रशासन तथा राजश्व प्रशासनको सवै गतिविधि पारदर्शि मानिने अवस्था छैन । कार्यालयवाट आम्दानीको क्षेत्रगत विगत र वर्तमान अवस्था देखिने गरी यथार्थ अभिलेख व्यवस्थित नभएको जानकारी प्राप्त भएको छ ।

३०. **संरचनाको लगत:** वाटो वा पुर्वाधार विस्तारको काममा नगरपालिकाबाट हटाउनु पर्ने संरचनाहरु केही हटाई नगरपालिकावाट विना आर्थिक लगानीमा कार्य गर्ने प्रयास भएको तर यो वर्ष मापदण्ड विपरीत निर्माण भएका घर टहरा तथा अन्य संरचना वापत दण्ड जरिवाना प्राप्त भए नभएको यकिन गर्न सकिएन ।

३१. **दरवन्दी :** मन्त्रालय वा अन्य निकायवाट काजमा खटीएर आउनु भएका वा सरुवा भई आउनु भएका उच्च पदस्थ कर्मचारीहरुको दरवन्दी महानगरपालिका कार्यालयमा श्रृजना नगरीएको तथा दरवन्दी अभिलेखमा समावेश भएको देखीदैन । नगरपालिकाले सेवा प्रभावकारी रुपमा प्रवाह गर्ने कार्यका लागि आवश्यक कर्मचारीहरुको वैज्ञानिक तवरले अध्ययन प्रतिवेदन तयार गरी लागु गर्न विशेष पहल गर्नुपर्ने देखिन्छ । विभिन्न पदमा कार्यरत २९ कर्मचारी दरवन्दी तथा कार्यरत रहेका छन ।

३२. **नगर सुरक्षा :** नगरपालिका क्षेत्र तथा कार्यालयहरुमा सुरक्षार्थ खटिने सूरक्षकर्मीहरुको दरवन्दी नरहेको तथा यस कार्यमा वाह्य आपुर्तिकर्तावाट २ जना रहेको पाइयो । क्षेत्रमा आवश्यक सुरक्षाकर्मीहरुको संख्या पर्याप्तता रहेको नरहेको सम्वन्धमा अध्ययन नगरिएको हुनाले हाल कार्यरत सुरक्षाकर्मीको संख्या पुग नपुग आदीको अनुगमन तथा निरिक्षण प्रातिवेदन तयार गरेको देखिदैन ।

३३. **भ्रमण प्रतिवेदन :** नगरपालिका कर्यालयका पदाधिकारी कर्मचारी तथा अन्य सम्वद्ध व्यक्तीहरुले विभिन्न भ्रमण कार्य पुरा गरे पछी प्रतिवेदन पेश गर्ने प्रावधान स्थानीय तह/निकायको आर्थिक प्रशासन नियमावली २०६४ को दफ १८ मा उल्लेख भएता पनि सो अनुसार भ्रमण प्रतिवेदन पेश गर्ने गरेको पाइएन । भ्रमणको उद्धेश्य प्राप्त भए नभएको/भ्रमण प्रभावकारीता भए नभएको अध्ययन गर्न सकिने अवस्था रहेको पाईएन ।

३४. **सवारी लगवुग :** कार्यालयमा सवारी साधनका लगवुक प्रयोग भएता पनि प्रयोगको उदेश्य, दुरी, प्रयोगकर्ता र दर्जा, इन्धन खपतको प्रतिलिटर दुरी (एकिन) स्पष्ट हुने गरी राखेको पाईएन ।

३५. **करकट्टी :** आयकर एने २०५८ अनुसार कर कट्टी गर्नुपर्ने व्यवस्था छ । निकायले कर्मचारीहरुको पारिश्रमिकमा सामाजिक सूरक्षा कर कट्टी गरेको भएता पनि सवारी साधन प्रयोगकर्ता र आवास सुविधा

लिने कर्मचारीको सुविधा गणना गरी कर योग्य आयमा समावेस गरी करकट्टी गर्नुपर्नेमा सो अनुसार गर्ने गरेको पाइएन ।

३६. **आन्तरिक आय :** घरजग्गा कर बक्यौता लगति नराखेको, आय बृद्धि तथा ध्यानाकषण नगरेको, घरजग्गा कर र मनोरन्जन कर भुक्तानी गरेको नपाइएको आन्तरिक आयमा नतिजामुखी देखिएन ।

३७. **भाडा :** नगरपालिका क्षेत्रमा व्यपार व्यवसाय गर्ने विभिन्न व्यक्ति फर्म कम्पनीहरुलाई यस कार्यालयमा दर्ता गर्न प्रोत्साहित गरी अनिवार्यरुपमा व्यवसाय दर्ता गराउने कार्यलाई प्रभावकारी रुपमा अघि बढाउनु पर्ने देखिन्छ । साथै, महानगरपालिका क्षेत्रमा व्यवसाय गर्ने फर्महरु, दर्ता गराई नविकरण गरिरहेका तथा दर्ता गर्न बाँकी फर्म तथा कम्पनीहरुको अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्ने देखिन्छ । यस वर्ष भाडा तथा बहाल रु ८३५,०७८।- आय प्राप्त गरेको देखिन्छ ।

३८. **व्यवसाय कर:** नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकिएको व्यापार व्यवसाय वा पेशामा पुंजिगत लगानी र आर्थिक कारोबारको आधारमा तोकिए बमोजिम व्यवसाय कर लगाई असुल गर्न सक्ने व्यवस्था अनुसार यस आर्थीक वर्षमा व्यवसाय कर रु ६१९,७३५।-. अशुल गरेको देखियो । प्रत्येक बर्ष कर असुलि नभएको व्यवसायी करदाताको अभिलेख खडा गरी कानुनी प्रकृया मार्फत कर रकम असुलि गर्ने सुझाव दिएको छ ।

३९. **राजश्व :** बहाल कर आन्तरिक राजश्व का आ.व. २०७३।२०७४ अषाढ मसान्तमा दाखिला गर्नु पर्नेमा सो वर्ष दखिला नगरि आउदो वर्षमा दाखिला गर्दा श्रोतमा आयकर ढिला दाखिला गरे वापत वार्षिक १५% ब्याज समेत दाखिला गर्नुपर्ने देखिन्छ । Taxpayer Portal मार्फत e-tds इन्ट्री आ.रा.का.ले समेत अनुरोध गरेको हुँदा सम्बन्धित पान खातामा कर कटट्री दाखिला गर्नु पर्दछ । e-tds इन्ट्री चौमासिक रुपमा नियमित गर्नुपर्ने देखिन्छ । आयकर वापत टि.डि.एस. दाखिला राजस्व शिर्षक संकेत ११११ न.पा.का दाखिला गर्ने गरेको छ । व्यवसायको किसिम अनुसार फरक राजस्व शिर्षक संकेत रहने हुँदा सम्बन्धित मात्र राजस्व शिर्षकमा आयकर दाखिला गर्नुपर्ने देखिन्छ ।

४०. **आन्तरिक लेखापरीक्षण :** आन्तरिक लेखापरीक्षण कार्यान्वयनको अवस्था लेखापरीक्षणको लागि विवरण माग गरेकोमा पेश नभएकोले उल्लेख गर्न सकिएन ।

४१. **कोष :** कल्याण कोषमा रु.१,५०,०००।- मौजदात देखाएपनि आय व्ययमा समावेश गरेको छैन । सबै कारोवार प्राप्त आर्थिक विवरण समावेद गर्नुपर्दछ ।

४२. **नगद वांकी** : नगद रु.२,०२,०५७- नगद कारोवार हुदा अनियमितता हुने नगद गतिविधिको प्रतिनिधित्व गराउन नगद मुक्त दैनिकी बनाउन जरुरी छ ।

४३. **दाखिला :** गा.वि.स.ले कट्टी गरेको रु.२२,१४२।- अग्रिम कर र क.स.कोष रु.१४,६३२।- समयमा सम्बन्धित खातामा दाखिला गरेको पाइएन ।

४४. **मौज्दात :** आन्तरिक लेखापरीक्षणको प्रतिवेदनबाट रु.२,०२,०५७।- नगद र रु.१९,९९,००८।- समेत रु. २२,०१,०६५।- मौज्दात वांकी देखिएको छ । मौज्दात वांकी आर्थिक विवरणमा रु.२१,९३,८२८।- देखाएबाट रु.३७,२३६।- मौज्दात फरक छ ।

## बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु १२ लाख ३९ हजार देखिएको मध्ये असुल गनुपर्ने रु ८ लाख ३५ हजार नियमित गर्नुपर्ने रु ४ लाख ४ हजार रहेको छ ।

# रङ्गेली नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु ५० लाख ८१ हजार र यो वर्षको रु २३ करोड ८ लाख ३४ हजार समेत २३ करोड ५९ लाख १५ हजार आय भई रु १८ करोड ५० लाख ५८ हजार खर्च भई रु ५ करोड ८ लाख ५७ हजार बाँकी छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन :-

१. नियन्त्रण **व्यवस्था:-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । यो बर्ष लिलाम⁄ मर्मत, सम्भावित जोखिम र पहिचान, पदको कार्य विववरण बनाई लागु नगरेकोले आन्तरिक नियन्त्रण प्रभावकारी देखिएन ।

२. **सम्पत्ति एकीकरण:-** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ३२ मा नगरपालिकामा सञ्चालित कार्यक्रमको आय व्यय र सम्पत्तिको (जिन्सीको) हिसाब दुरुस्त राख्नुपर्ने कार्यकारी सचिवको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । गाउँ कार्यपालिकाले आफू र आफू अर्न्तगतको वडाबाट सञ्चालित आर्थिक कारोबार एकीकरण गरी अभिलेख आंशिकमात्र राखेको र जिन्सीको अभिलेख एकीकरण गरी मूल्य खुलाई अभिलेख राख्ने बारेको पाइएन । नगदी रसिद नियन्त्रण खाता राखेको छैन । नगदी जिन्सी हिनामिना र आर्थिक कारोबारको पारदर्शिता न्यून हुने हुदाँ आर्थिक कारोवार र जिन्सीको जिम्मेवार पदाधिकारी समेत खुलाई एकीकरण गर्नु पर्ने देखिन्छ ।

३. **सम्पत्ति विवरण:-** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १९ बमोजिम गाउँपालिकाको सहायले शपथग्रहण गरेको ३० दिनभित्र आफू र एकाघरको सगोलमा रहेको समेतको सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको जनप्रतिनिधिहरुले सम्पत्ति विवरण बुझाएको देखिएन । तसर्थ सम्पत्ति विवरण बुझाउनु पर्दछ ।

४. **सार्वजनिक परीक्षण :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) बमोजिम उपभोक्ता समितिवाट सञ्चालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाँच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति अधिकांश योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको अधिकांश योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गनें गरेको देखिएन । निर्माण कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्वन्धित निकायमा प्रस्तुत गर्ने व्यवस्थाको पालना गराउनु पर्दछ ।

५. **बरबुझारथ:-** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३⁄४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण गराउनु पर्नेमा साविक नगरपालिकाका पेश्की र बेरुजु भए नभएको खुल्न आएन । अभिलेख व्यवस्थित नहुँदा पेश्की एंवम् बेरुजु यकिन नहुने भएकाले सो को अभिलेख राख्नुपर्छ ।

६. निकासा रु ३३,४१,०४२।- र खर्च रु ४७,०५,८२६।- गरी निकासा भन्दा बढी खर्च रु १३,६४,७८४।- नियमित देखिएन ।

७. **बढी भुक्तानी** : सिद्धेश्वर सडक ग्राभेलका लाभग्राहीले रु. ५९१२००।- भुक्तानी दिएको देखियो । सो कामको नापी रु. ५८८२२०।- मात्र गरेको कामको नापी भन्दा बढी रु. २९८०।- असुल हुनुपर्दछ ।

८. **आय कर** : आयकर ऐन २०५८ अनुसार एक सप्लायर्सबाट प्रतिस्पर्धाको माध्यमद्वारा दमकल खरिद गरी रु. ५,२४३,०००।- भुक्तानी दिएको देखियो । भुक्तानी दिदा रु. ७८,६४५।- कट्टा गरेर मात्र गर्च गर्नुपर्नेमा नगरेकोले जिम्मेवारबाट असुल गरी दाखिला हुनुपर्दछ ।

९. शिव मन्दिर -सोमनी चौक सडक निर्माणको उपभोक्तालाई रु. ७,५२,५४६।- भुक्तानी दिएको देखियो । उक्त निर्माण कामको नापी रु. ५,८८,८६५।- रहेकोमा सो भन्दा बढी रु. १,६३,६८१।- जिम्मेवारबाट असुल हुनु पर्दछ ।

१०. स्टेजलाईडार खरीद गरी रु.१७,७४१।- भुक्तानी गरेकोमा सो जिन्सी आम्दानी जनाएको देखिएन । जिन्सी आम्दानीको प्रमाण पेश गर्नुपर्दछ ।

११. सडक ग्राभेल र पीसीसी गर्ने कार्य एक व्यवसायीसंग रु १२,४८,३००।- सम्झौता अंक र प्रविधिक विल रु १३,८२,७४२।- भएकोमा १३,९२,७४२।- खर्च लेखेबाट बढी रु १०,०००।- असुल हुनुपर्दछ ।

१२. भवनको जग्गा र ढलान गर्ने कार्यको एक व्यवसायीबाट गराएको र अर्को व्यावसायीबाट फर्निसिङ्ग झ्याल ढोका र विद्युतीकरण गर्ने कार्यको छुट्टै लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमबाट कम कबोल गर्ने

व्यवसायीको रु.४२,३४६।- भुक्तानी दिएको देखियो । भुक्तानी दिएको मुल्य अभिवृद्धि कर रु.४,८७,१६४।- समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

१४. वसपार्कमा शौचालय निर्माणका उपभोक्तालाई बीलको रु.८,००,७९१।- भुक्तानी दिएकोमा उपभोक्ताको योगदान कट्टा गरेको देखिएन ।

१५. बसपार्कमा सटरहरु निर्माण र बसपार्कमा माटो पुरी बसपार्क निर्माण गर्ने कार्यको ठेक्का एक व्यवसायीलाई बिल रु.६४,७३,१७७।- भुक्तानी दिएको देखिन्छ ।

१३.२. निर्माण कार्यको रु.१,१७,८०,७७८ ।- (मुल्य अभिवृद्धि कर बाहेक) को लागत अनुमान स्वीकृत गरी प्रतिष्पर्धामा कम रु. ९१८३६२७।- को कवोल गर्नेको स्वीकृत गरी सम्भौता भएको देखिन्छ । समयमा काम नहुदाँ कार्यकारी अधिकृतको म्याद थप गरिएको छ । निर्माण कार्यको अवलोकन गर्दा वसपार्कतर्फ र सडक तर्फ दुवै तिरका सटरहरुको ढलान गर्ने सम्म कार्य सम्पन्न गर्ने कार्य भएको र वसपार्क कार्यहरु भएको देखिन्छ । हाल जस्ता पाताको सटर खापा लगाउने कार्य गरि रहेको छ । सटरहरुको रंग रोगन, विद्युतीकरण जस्ता कार्य र वसपार्कको केही कार्य पनि बाँकी रहेको देखिन्छ । सिघ्र कार्य सम्पन्न गराउने व्स्था गर्नुपर्दछ ।

१६. आयकर ऐन २०५८ अनुसार १५ प्रतिशतल गर्नुपर्ने व्यवस्था छ । तालिम वापत रु.१,५०,०००।- भुक्तानी दिएको देखियो । प्रशिक्षकलाई रु.५४,००० ।-पारिश्रमिक भुक्तानी दिदाँ रु.८१०० कर कट्टा गर्नु पर्नेमा १३ प्रतिशत ले हुने रु.७५५२ ।-मात्र कट्टा गरेर भुक्तानी दिएको देखिन्छ । नपुग कर रु.६३००।- असुल गरी गर्नुपर्दछ ।

१७. पशुस्वास्थ्य तालिमको खर्च रु. २००,०००।– भुक्तानी दिएकोमा देहायमा अनुसार भएको देखियो ।

१७.१. तालीम पत्रकारीता गर्न सक्ने विषयमा स्पष्ट हुनुपर्दछ । प्रशिक्षार्थी सहित हाजिरी विवरण प्रमाण पत्र विवरण गरेको प्रमाण पेश गरेको छैन ।

१७.२. भत्ता, कोठा भाडा र यातायात खर्च, प्रशिक्षण भत्तामा र व्यावस्थापन भत्तामा १५ प्रतिशतले हुने रु.२३,२५०।– कर कट्टा गर्नु पर्नेमा रु.३०००।– मात्र कट्टा गरेकोले नपुग कर रु.२०,२५०।– असुल गरी दाखिला गनुपर्दछ ।

१८. यातायात खर्च रु. १२,०००/– बुझाएको भरपाई पेश भएको छ । तालिममो भुमिका यातायात खर्च स्पस्ट नभएकोले रु.१२,०००। दिन पाउने आधार प्रमाण पेश हुनुपर्दछ ।

१९. वसपार्क हटियामा सटर निर्माणका ठे. एक व्यावशायीलाई रु. १९,७९,७५६/– भुक्तानी दिएकोमा देहाय अनुसार भएको देखियो ।

२०. एक कार्यको रु. १७,५२,२६६।- लगत अनुमान स्वीकृत गरी प्रतिस्पर्धा मार्फत पर्न आएको कम रु. १७४५२२३।- कवोल गर्ने वोलपत्र स्वीकृत गरी कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको छ । कवोल अंक रु. १७४५२२३।- मा १३ प्रतिशतले मु.अ. कर वापत हुने रु.१९,७९,१०२।- भुक्तानी दिनु पर्नेमा लागत अनुमान भन्दा रु. १९७९७५६।- भुक्तानी दिई बढी रु. ७,६५४।- खर्च असुल हुनु पर्दछ ।

२१. पावरटिलर कनेक्टर २ थान खरिद रु. ९४,०००।- खर्च लेखेकोमा सो सामान जिन्सी आम्दानी जनाएको नदेखीएकोले जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

२२. तालीम संचालनको रु. ८७,०००।- भुक्तानी दिएको देखियो । प्रशिक्षण भत्ता रु. १९,६००।- भुक्तानी दिएकोमा आयकर ऐन २०५८ अनुसार १५% हुने रु २,९४०।-कर कट्टा नगरेकोले कर असुल गरी दाखिला हुनुपर्दछ ।

२३. पत्रकार अभिमुखिकरण तालिम गरेको जनाई उक्त समुहले पेश गरेको विल भरपाई अनुसार रु. १,००,०००/– भुक्तानी दिएकोमा देहाय अनुसार भएको देखियो ।

२४. तालिम गरेको मिति, प्रशिक्षार्थीहरुको नामावली, हाजिरी विवरण, प्रमाण पत्र दिएको आधार पेश भएन । क्यामेरा १ थान खरिदको विल अनुसार रु. ५८,७६०/– भुक्तानी दिएको देखियो । तालिम खर्चबाट गर्न नमिल्ने हुँदा सो क्यामेराको मुल्य रु.५८,७६०। असुल हुनुपर्दछ ।

२५. प्रशिक्षण भत्ता रु. २१,०००/– खर्च गर्दा रु. ३,१५०/– कर कट्टा गरेर दिनु पर्नेमा कट्टा नगरेकोले असुल गरी असुल गरी दाखिला हुनुपर्दछ ।

२६. सार्वजनिक सुनवाई रु. ४४,३७०/– खर्च गरेको देखियो । सहजीकरण एक व्यक्तिलाई रु. १०,०००/– भुक्तानी दिएकोमा रु. १५००/– कर कट्टी नगरेकोले कर असुल गरी दाखिला हुनुपर्दछ ।

२७. तेलडिपो पेट्रोले सडकमा ड्रेन कालोपत्रे गर्ने कार्यका एक व्यावसायीलाई रु. १९७४०१४/– भुक्तानी दिएको देखियो ।

२८. सोकार्यको लागत अनुमान रु. २३,४६,१९५/– स्वीकृत गरी प्रतिस्पर्धा गराउदो कम रु. १८,०४,९१२/– कवोल गर्नेको स्वीकृत गरि कार्य सम्पन्न गरी सम्झौता भएकोमा चुनावको कारण कार्य गर्न नसक्ने भनी म्याद थप माग गरे बमोजिम कार्यकारी अधिकृतको २०७४/३/२६ को निर्णयले २०७४ पौष मसान्तसम्म म्याद थप गरेको छ । निर्माण सम्पन्न भएको पाइएन र समय थप पनि भएको पाइएन ।

२८.१. मुल्य अभिवृद्धि कर नियमावली २०५३ अनुसार निर्माण काममा भएको मु.अ.कर भुक्तानीको जानकारी पठाउनु पर्नेमा पठाएको पाइएन। मूल्य अभिबृद्धि को रु. २२,७०,९९/– कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ।

२९. हुलाकी मार्ग– सडक कालोपत्रे गर्न एक व्यावसायीलाई रु. ४५३५३८४/– भुक्तानी दिएकोमा देहाय अनुसार भएको देखियो।

२९.१. लागत अनुमान कार्यको रु. ८१,२९,६८७/– स्वीकृत भएको र प्रतिस्पर्धा गराउदा ७ वोलपत्र मध्ये न्यून रु. ५६,०१,१७६/– कवोल गर्ने वोलपत्र स्वीकृत गरि सम्झौता भएको देखिन्छ। निर्माण कार्य नहुँदा म्याद थपको लागी निवेदन दिए अनुसार म्याद थप भएको देखिन्छ। सो समय पछि पून म्याद थप भएको पाइएन। कार्य सम्पन्न भएको पेश देखिएन।

३०. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले गरेको कामको प्रविधिक मुल्यांकन र गरेका खर्चका वील भर्पाइ र प्रमाण कागजातहरु त्यस्तो अनुमोदन गराई निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। नियमको व्यवस्था अनुसार खर्चका वील भर्पाई सहित पेश गर्नुपर्नेमा गडग्रा पूर्व गोविन्दपुर जाने बाटोमा ग्रावेल गर्नु कार्यकालाई रु. १,०४,११२।- समेत रु. ५८,८,२३४।- भुक्तानी दिएकोमा रु. ५,८८,२९७।- को नापी पेश भएको छ भने खर्चका वील भरपाई अनुमोदन गराई पेश गरेको छैन।

३१. जनता क्याम्पस रंगेलीको खरिद गरेको जनाई एक वील अनुसार रु. ५,८८,२००।- खर्च दिएकोमा जिन्सी दाखिला गरेको छैन।

१४. एक कर्मचारीलाई अनुगमन भत्ता रु. ३०,०००।- वितरणको को १५ प्रतिशतले रु. ४५,००० कट्टा गरेर भुक्तानी दिएकोमा कर दाखिला नगरिएकोले असुल गरी राजश्व दाखिला हुनुपर्दछ।

३२. आयकर ऐन २०५८ अनुसार भत्तामा १५ प्रतिशत र भाडामा १० प्रतिशतले कर गर्नुपर्नेमा दलित संजाललाई रु. १,००,०००।- भूक्तानी दिएको देखियो। संजालले भत्ता र भाडा भुक्तानीका वील पेश गरेकोमा कर कट्टा गरेको नदेखिएकाले कर रु. ३५२०।- असुल गरी दाखिला हुनु पर्दछ।

३३. बजारलाई रु. ६०,०००।- भुक्तानी दिएकोमा कर कट्टा गरेको रु. ३,८४०।- दाखिला गरेको नदेखिएकाले जिम्मेवारबाट असुल गरी दाखिला हुनुपर्दछ।

३४. भवन निर्माणका व्यावसायीलाई रु. २,१२,१८७।- भुक्तानी दिएको देखियो। विजक नराखी रु. २४४८५।- समेत कर विजक भुक्तानी दिएकोले कर असुल हुनुपर्दछ।

३५. आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६ (३) र (७) मा खर्चका वील भरपाई र प्रमाण कागजातहरु सहितको लेखा राख्नु र राख्न लगाउनु पर्ने व्यवस्था छ। रेडक्रश सोसाईटी भवन निर्माणमा रु. २,३२,०००।- दिएकोमा भवनको लगत अनुमान, नापी, कार्य सम्पन्न प्रतिवेदन पेश भएन निर्माण गरेको प्रमाण कागजातहरु पेश हुनु पर्दछ।

३६. भवन निर्माण कार्यका व्यावसायीलाई रु. ४९,४८८।- भुक्तानी गरेको करवीजक पेश नगरेकोले कर विजक पेश गर्नुपर्दछ।

३७. शौचालयहरुको १७२ सेट प्रतिसेट रु. ६६६१।- ले रु. ११,४५,६९२ मा उपभोक्ता द्वारा १५% ले हुने रु १७५६९२।- योगदान अंश कट्टा गरी रु. ९,७०,०००।- भुक्तानी दिएको देखियो। शौचालयहरु निर्माण गरेको भनी प्रमाणित गरेको बुझेको प्रमाण समेत पेश भएन। निजलाई १७२ सेट को लागि खर्च पेश गरेको खरिद वील अनुसार १६८ थान प्यान खरिद गरेकोले ४ को प्रति वटा रु. ६,६६१।- ले हुने बढी भुक्तानी रु. २२,६४७।- असुल हुनुपर्दछ।

३८. शौचालय निर्माण प्रगतिशील एक महिला संजाललाई रु. ४७,५००।- भुक्तानी दिएको देखियो। ७२ सेट निर्माण गरेको नापी, मुल्याङ्कन भएकोमा, कुन असहाय शौचालय निर्माण गरेको हो स्पष्ट नापी किताबमा पेश भएन। घर धनीले बुझिलिएको प्रमाण समेत पेश भएन। नगर क्षेत्र भित्र एउटै सामान विक्रेताले एकै दिन एउटै सामानलाई रु. ४७५ ले विक्री गरेकोले अनुगमन भएको छैन। उपभोक्ताले प्रति प्यान रु. १२००।- को हिसावले वील पेश गरी भुक्तानी दिनु भएकोले रु. ७५०।- ले हिसाव गर्दा रु. ३५,६२४।- बढीको खर्च लेखेको असुल गर्नुपर्दछ।

३९. वक्तृत्वकला कार्यक्रम गर्दा वील भरपाई वमोजिम रु. १०००००।- भुक्तानी दिएको देखियो। अग्रिम कर रु. १९५० कर कट्टा नभएको सो निजबाट असुल गरी दाखिला गर्नुपर्दछ।

४०. नगरपालिकाले रु. ५,००,०००।- भन्दा वढी लागतका निर्माण कार्यमा व्यावसायी मार्फत दरभाउ पत्र लिई कार्य गरी मुल्य अभिवृद्धि कर समेत भुक्तानी दिएको देखिन्छ। मुल्य अभिवृद्धि कर नियमावली २०५३ अनुसार मु.अ.कर भुक्तानी दिएको जानकारी दिएको नदेखिएकाले भुक्तानी दिएको मू.अ.कर रु. ७०,३६,७२९।- कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ।

४१. उच्च अदालतमा निषेधाज्ञा मुद्धामा बहस बापत रु ९०,०००।- भुत्तानी दिएको देखियो। अग्रिम कर भुक्तानी दिदाँ १५ प्रतिशतले हुने रु १,५००।- कर कट्टा नगरेकोले असुल गरी दाखिला हुनुपर्दछ।

४२. सामाजिक सुरक्षा रु २८,००,०००।- पेश्की फछ्र्यौट गर्दा जेष्ठ नागरिक ७० वर्ष पुगेपछि रु २,०००।- भत्ता भुक्तानी दिनुपर्नेमा ७० वर्ष नपुगेकाले रु १,०००।- दरले भुक्तानी दिएकोले १२ महिनामा रु १०००।-दरले रु १२,०००।- बढी भुक्तानी दिएको असुल हुनुपर्दछ ।

४३. एक कर्मचारीको रु २०,०००।- पेश्की फछ्र्यौट गर्दा भरपाईको जोड जम्मा रु १६,०००।- हुनेमा रु २०,०००।- खर्च लेखेको रु ४,०००।- र नपाउने रु ४०००।-थप रु ८,०००।- गरीरु ८,०००।- असुल हुनुपर्दछ ।

४४. एक प्रासको रु ५१,००,०००।- पेश्की फर्छ्यौट गरेकोमा मृत्यु भएको जेष्ठ उल्लेख भएतापनि भत्ता वितरण गर्दा समेत मृत्यु भएकाले भत्ता बुझेको भरपाई पेश भएको छ । सदगद पछि बुझेको रु. २४०००। असुल हुनुपर्दछ ।

४५. स्थानीय विपद जोखिम योजना तर्जुमा गरी एक संस्थानलाई रु ४,९९,०००।- भुक्तानी दिएको दोखियो । परामर्शदातालाई रु ५७,४०७।- मु.अ.कर भुक्तानी दिएकोले स्पष्ट कर बिजक पेश नगरी रु ५७,४०७।- बिजक पेश गरेको देखिएन । सो रकम असुल हुनुपर्दछ ।

४६. कंक्रिट उद्योगबाट २५ थान ह्युमपाइप खरिद गरी रु १०,००,०००।- खर्च लेखेको देखियो । खरिद ह्युमपाइहरु, सडक, कल्भंट निर्माण कार्यमा जडान गरेको नापी मूल्यांकन समेत तयार गरेको पाइएन ।

४७. सिलाई मेसिन सप्लायर्सबाट हेभी सिलाई २५ सेट खरिद गरी २ बील अनुसार रु ३,५१,९९५।- खर्च लेखेको देखियो । कार्यको पहिचान र जिन्सी अभिलेख जनाएको देखिएन । जिन्सी अभिलेख जनाएको प्रमाण पेश हुनुपर्दछ ।

४८. सामाजिक सुरक्षा भत्ता वितरण वापतको रु १,३३,१६,३००।- को भरपाई वा प्रमाण कागजात पेश गरेको छैन ।

४९. घाँघीखोलामा ६ मीटर कंक्रिट कल्भर्ट निर्माण काम निर्माण एक व्यवसायीलाई गत वर्षको भुक्तानी वाँकी रु. १,३६,५०३।- भुक्तानी दिएको देखियो । उक्त व्यवसायिको अन्तिम वील रु. ११,४५,२१६।- भएको र गत वर्ष रु. १०२६७१३।- भुक्तानी दिई रु. १,१८,६८३।- भुक्तानी वाँकी रहेको गत वर्षको खर्चबाट देखिन्छ । भुक्तानी वाँकीको विवरण बढी भुक्तानी दिएको रु. १७,८२०।- जिम्मेवारबाट असुल हुन पर्दछ

५०. भवन मर्मत संभार कार्य गरेको भनि रु. ३,४०,०८७।- भुक्तानी दिएको देखियो । निर्माण कार्यको रु. ३५००७८।- को लागत अनुमान स्वीकृत गरेकोमा रु. ३,४०,४१७।- को नापी गरी खर्च लेखेको पाइयो । लाभग्राहीले व्यहोर्नु पर्ने योगदान कट्टा गरी खर्च लेख्नु पर्ने व्यवस्था भएता पनि रु.३४,०४१। योगदान कट्टा गरेको पाइएन । उक्त योगदान असुल गर्नुपर्छ । कार्य सम्पन्न गरी एक प्रालीलाई रु. २,६०,०००।- खर्च गरेको देहाय अनुसार भएको देखियो:

५१.१. सामाजिक परीक्षण गर्न ३ वटा दररेट माग गरी सवैभन्दा कममा कार्य गराएको देखिन्छ । सामाजिक परीक्षणमा गर्नु पर्ने काम र कामको लागि लाग्ने लागत सामाजिक परीक्षण कार्यमा लाग्ने समय कामको लागि कर्मचारी पार्टीका प्रतिनिधी र सर्वसाधारण जनताको उपस्थिती उल्लेख भएन । सामाजिक परीक्षण गर्दा खर्चको विवरण समेत एकिन गरेर सार्वजनिक गरेको पाइएन । निजले सामाजिक परीक्षण प्रतिवेदन दिएको नदेखिदा कार्य नतिजामुखी मान्ने आधार रहेन ।

५१. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिले व्यहोर्ने २०% ले हुने रकम कट्टा गर्नु पर्नेमा रंगेली- सभागृह मर्मत गरी उपभोक्तालाई रु. ३,००,०००।- भुक्तानी दिई खर्च लेखेको देखियो । नापी रु. ३,००,१५५।- भएकोमा रु. ६०,०००।- कट्टा नगदी पुरै भुक्तानी दिएको नियम संगत देखिएन । उपभोक्ताको योगदान रु.६००००। असुल गर्नुपर्दछ ।

५२. क्षमता विकास तालीम रु ६५,५००।- खर्च गर्दा प्रशिक्षण भत्ता रु १७,०००।- मा रु २,५५०।- कर असूल गर्नुपर्दछ ।

दलित वालवालिका तथ्याङ्क संलग्न रु ५०,०००।- भुक्तानी दिएको पाइयो । अधाविक गर्ने कार्य  रु १३,८६०।- र अनुगमन—४ जनालाई रु १८,०००।- भत्ता दिएको खाना र खाजाको विलको खर्च लेखेको उपयुक्त देखिएन । भत्ता रु ३९,८६०।- मा आय कर ऐन २०५८ अनुसार १५% ले हुने रु ४७७९। राजश्व दाखिला नगरेकोले रु ४७,७०।- असुल गरि दाखिला हुनु पर्दछ् ।

५३. सकरात्मक सोच तालिम गरी एक खरिदारलाई रु ८०,०३०।-  भुक्तानी दिएको देखियो । तालिम प्रशिक्षकहरुलाई भत्ता दिदा कक्षा बढि वापतको रु ३,०३० ।- असुल गरी दाखिला हुनुपर्दछ ।

५४. सभागृह मर्मत  वापत अध्यक्ष सापकोटालाई रु. ३००,०००।- दिदै खर्च लेखेको देखियो । कुर्सी, पंर्खा, टेण्ट जिन्सी आम्दानी जनाएको प्रमाण पेश हुनुपर्दछ ।

१५. कंक्रिट उद्योगबाट ६१ थान ह्यूमपाईप खरिद गरि रु. ९,०७,८६०/– खर्च लेखेको देखियो । ह्यूमपाईप जिन्सी खातामा आम्दानी जनाएको देखिएन । निर्माण गर्ने सडक तथा कल्भर्टहरुमा प्रयोग भएको नापी पेश भएन । जिन्सी दाखिला गरि प्रयोग भएको प्रमाण कागजातहरु पेश हुनुपर्दछ ।

५५. सामसुङ मोबाईल १थान रु २२,०३५।- भुक्तानी दिएको देखियो । मोबाईल सुविधा दिने प्रमाण छैन । खरिद भएको मोबाईल खातामा आम्दानी जनाएको छैन । मोवाइल रु.२२,०३५। मूल्य जिम्मेवारबाट असुल हुनु पर्दछ ।

५६. एक संस्थालाई रु ३,३९,०००।- भुक्तानी दिएको देखियो । संस्थाको कर बिजक अनुसार मु.अ.क. वापत रु ३९०००।- हातले लेखेको विजकबाट भुक्तानी दिएको देखियो । कर वापत भुक्तानी दिएको रु.३,९००। असुल हुनुपदर्छ ।

५७. कल्याण कोषमा रु १,५०,०००।- खर्च लेखेकोमा आर्थिक विवरणमा समावेस गरेको देखिएन । अतः यो वर्ष कोषमा बाँकी छ , एकीन गरि कोषमा भएको सम्पूर्णको संचित कोषमा दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

५८. आयकर ऐन २०५८ बमोजिम मालपोत तथ्याङ्कको रु ४५,०००।-भुक्तानी दिएको देखियो । कार्यालय समयमा गरेको कामको छुट्टै भुक्तानी दिन मिल्ने देखिदैन परामर्श सेवामा सम्झौता अनुसार कार्य गराएको हो । आयकर ऐन २०५८ अनुसार १५ प्रतिशतले हुने रु ६,७५०।- कर कट्टा नगरेकोले असुल गरी दाखिला हुनुपर्दछ ।

५९. खुल्ला दिशा मुक्त अवलोकनको रु १,००,०००।-खर्च लेखेको मध्ये रु २०,०००।- गाडी भाडा भुक्तानी गरेकोमा आयकर ऐन २०५८ अनुसार १० प्रतिशतले हुने कर रु २,०००।-कट्टा गरेको नदेखिएकोले कर असुल गरी दाखिला हुनुपर्दछ ।

६०. जी ६१० सामसुडका मोबाईल १ थान खरिद गरी रु २८,०००।- खर्च लेखेको देखियो । अतः खरिद गरी उपयोग गर्न नपाउने मोबाईल रु.२८,०००। असुल हुनुपर्दछ ।

६१. योजनाहरुको लागत अनुमार नापी, मूल्यांकन गरेको परामर्श सेवा पारिश्रमकि एक प्राविधिकलाई रु ५६,०००।-भुक्तानी दिएको दोखियो । आयकर ऐन २०५८ अनुसार १५ प्रतिशतले हुने रु ८,४००।-कर कट्टा गर्नुपर्नेमा रु ५६०।- मात्र कट्टा गरेकोमा नपुग कर रु ७८५०।- असुल गरी दाखिला गरिनुपर्दछ ।

स्वास्थ्य चौकी बवियालाई रु २,२५,६००।- भुक्तानी दिई खर्च लेखेकोमा देहाय अनुसार भएको देखियो ।

६२.१. विभिन्न औषधी खरिदको विल पेश गरेको छ । नेपाल सरकारले सम्पुर्ण औषधीहरुमा निःशुल्क उपलब्ध गराउने व्यवस्था छ । सरकारी स्वास्थ्य संस्थाले सेवाग्राही विरामीहरुलाई वितरण गरी म्याद सकिएको औषधीहरु वर्षेनी नष्ट गर्ने गरेकोमा सोही औषधी खरिदको बिल पेश गरी भुक्तानी दिएको रु ४०,०००।- असुल हुनुपर्दछ ।

६२.२. आयकर ऐन २०५८ अनुसार विद्यालय स्वास्थ्य, शिक्षा कार्यक्रम संचालन गरेको प्रशिक्षकहरको कर ३ वटा भरपाईको आधारमा रु ३१,५००।- पारिश्रमक खर्च लेखेको देखियो । आयकर ऐन, २०५८ अनुसार रु ४७२५।-कट्टा गरेको नदेखिएकोले कर असुल गरी दाखिला हुनुपर्दछ ।

६२. सचेतना अध्यक्षलाई सिलाई मेसिन २ थान रु ९,०००।- र १ थान रु २,०००।- मा खरिद गरी रु ११,०००।- भुक्तानी दिएको देखियो । सामानहरु जिन्सी दाखिला गरेको देखिएन । अतः सामानको जिन्सी अभिलेख राख्नु पर्दछ ।

६३. एक पशु सेवा लाई रु ४९,९९८।- भुक्तानी दिएकोमा सेवा केन्द्रले फर्निचर र मेसिनरी औजार समेत खरिदको विल पेश गरेकोमा सो सामानहरु सेवा केन्द्रको जिन्सी अभिलेख आम्दानी जनाएको देखिएन । जिन्सी अभिलेख जनाएको प्रमाण पेश हुनुपर्दछ ।

६४. गत विगत वर्षमा पेश्की रु ३८,०००।- हालसम्म फछ्र्यौटट नभई बाँकी रहेको विवरण पेश भएको छ । पेश्की बाँकी रहेको असुल फछ्र्यौट हुनुपर्दछ ।

६५. आन्तरिक लेखापरीक्षण प्रतिवदेन पेश भएन । लेखापरीक्षण भएको विषयमा शोधनी हुंदा लेखापरीक्षण भएको प्रतिवेदन प्राप्त नभएकोले पेश नभएको व्यहोरा पेश भएको छ ।

६६. आयकर ऐन २०५८ अनुसार पारिश्रमिक भुक्तानीमा १५% ले वडाबाट भएमा निर्माण कार्यको लागत अनुमान तयारी, नापी, मुल्याङ्कन एक प्राविधिकलाई रु २८,०००।- दिएको देखियो रु . ४,२००।- कट्टा गरेर भुक्तानी दिनु पर्नेमा रु. २८० मात्र कट्टा गरेकोले नपुग कर रु. ३,९२०।- निजबाट असुल गरी दाखिला हुनुपर्दछ ।

६७. फर्निचर निर्माण गरी काठ खरिद र डोरहाजिर बमोजिम रु. १,०५,१५०।- एक व्यक्तिलाई भुक्तननी दिएको देखियो । ७ थान सिलिङ्ग पंखा खरिदको रु. १६,७९३।- को वील पेश गरेकोमा सिलिङ्ग पंखाहरु वडाको जिन्सी खातामा दाखिला गरेको छैन । अतः पंखा खरिद र फर्निचर निर्माण भएको हो भने जिन्सी अभिलेख जनाएको प्रमाण पेश हुनुपर्दछ ।

६८. दलीत लक्षित कार्यक्रमको फर्निचर र पाल खरिदको वील रु. ४१,०००।- भुक्तानी दिएको देखियो् । सामानहरु जिन्सी अभिलेख राखेको प्रमाण छैन । जिन्सी अभिलेखमा जनाएको प्रमाण पेश हुनुपर्दछ ।

६९. आयकर ऐन २०५८ अनुसार खुल्ला दिसा मुक्त घोषणा १० महिनासम्म खटिएर काम गरी रु १,०००।- का दरले खाजा भत्ता उपलब्ध गराएको ५ जनाको भरपाई अनुसार एक कर्मचारीलाई रु. ५०,०००।- भुक्तानी दिएको देखियो । खाजा भत्तामा १५%ले हने कर रु. ७,५००।- कट्टा गरी भुक्तानी दिनु पर्नेमा दिएको नदेखिदा कर वापत हुने असूल हुनु पर्दछ ।

७०. फोहरमुक्त घोषणा गरी विपन्न परिवारको शौचालय निर्माण गर्ने उपभोक्तालाई रु. १,५०,०००।- भुक्तानी दिएको देखियो । लागत अनुमान अनुसारकाको ५९ वटा ढक्कन निर्माण गरेको नापी विवरणबाट देखिन्छ । पेश भएको वील भरपाई सिमेन्ट, रड, गिट्टी, बालुवा खरिद काम मात्र भएको र ज्यामी, डारेरहाजिर पेश नगरकोले सामान खरिद मात्र गर्दा रिङ्ग  ढक्कन निर्माण हुन सक्ने देखदैन । रिङ्ग र ढक्कन प्रयोग गरी शौचालय निर्माण भएको घर धनीको विवरण पेश भएको छैन । शौचालय बुझीलिएको भरपाई छैन ।

७१. आयकर ऐन २०५८ अनुसार एक सहकारीबाट तालिम गरी रु. ३५,०००।- भुक्तानी दिएको देखियो । श्रेस्ता वील भरपाई मध्ये एक प्रशिक्षकलाई भत्ता रु ७५००।- र मेसिन प्रयोग भाडा रु ७२००।- भुक्तानी दिएकोमा प्रशिक्षक भत्तामा १५% हुने रु. ११२५।- र मेशिन भाडामा १०% ले हुने रु ७२०।- करवापतको कट्टा नगरेको हुदा रु १८४५।- असुल  गरी दाखिला हुनु पर्दछ ।

७२. आय कर ऐन २०५८ अनुसार माटो परिक्षण बापत उपभोक्तालाई रु. ५०,०००।- खर्च लेखेको देखियो । किसानको जग्गाको माटोको नमूना परिक्षण र सो को नतिजा देखिने प्रमाण पेश भएको पाइएन । माटो परीक्षण रु ३६०००।- बुझेको भरपाई, रु १४,०००।- चिया खाजा, खानाका वील पेश भएका पाइएन  । १५%ले हुने रु. ५४००।- कर कट्टा गरेको देखिएन । सो असुल गर्नु पर्दछ ।

७३. अपांग लक्षितमा रु ८८,५००।- भुक्तानी दिएको देखियो । प्रस्तुत गरेका वील भरपाई ह्वील चेयर २ थान रु. ५००००।- मा र १ थान ह्वील चेयर चियर रु ८,५००।- मा खरिद गरेका वील भरपाई तथा अन्य चिया खाजा, खाना आदिका वील पेश गरको छ । खरिद भएका सामान मध्ये, २ जनालाई १/१ थान बुझाएको भरपाई पेश भएको छ । ह्वील चियर जिन्सी अभिलेख जनाउनु पर्दछ ।

७४. प्रशिक्षण र अनुगमनमा रु ४३,०००।- भत्ता भुक्तानी दिएकोमा आयकर एन २०५८ अनुसार १५ प्रतिशतले हुने रु ६४५०।- कर कट्टा गर्नुपर्नेमा रु १,३५०।-मात्र कट्टा गरको देखिएकोले नपुग कर रु ५,१००।- असुल हुनुपर्दछ ।

७५. एक शैक्षिक संस्थालाई फर्निचर खरिद गरी रु ५०,०००।- भुक्तानी दिएको पाइयो । खरिद फर्निचर  जिन्सी खातामा आम्दानी जनाएको देखिएन ।

७६. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) अनुसार कार्यका उपभोक्ताले पेश गरेको प्रविधिक मुल्यांकन र खर्चका वील भरपाई  खर्च लेख्नु पर्ने व्यवस्था छ । श्रमिकलाई रु. १,४७,१२०।- भुक्तानी गर्दा बुझिको भर्पाइ  पेश भएन । अतः उक्त कार्यमा निजहरुलाई काममा लगाएको रकम बुझाई भरपाई पेश हुनु पर्दछ ।

७७. एक पशुसेवा निकायको नाममा रु. ५०,०००।- भुक्तानी दिएको देखियो । माइक्रोस्कोप, सामान खरिद गरेको अभिलेख जनाएको पाइएन । दोहारो नपर्ने गरी विषयगत कार्यालयलाई सम्पन्वय गरी अभिलेख जनाएको प्रमाण पेश हुनु पर्दछ ।

७८. सडक ग्रावेल गरी रु. १,८७,०००।- खर्चको प्रमाणित गर्ने श्रेस्ता राखेको देखियो । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) अनुसार उपभोक्ता समितिले प्राविधिक मूल्यांकन र खर्चका वील भरपाई र प्रमाण कागजात कुनै पेश गरेको छैन । वील भरपाई नापी जिससमा पठाएको जानकारीदिएकाले खर्चका प्रमाण कागजात पेश हुनुपर्दछ ।

७९. मोबाईल २ थान खरिद गरी रु ३९४०० लेख्दा दाखिला प्रतिवेदनमा जिन्सी सामानको विवरणमा १ थान मात्र मोबाईल रहेको उल्लेख छ । खरिद गर्न नपाउने रु.३९,८००।- असूल हुनु पर्दछ ।

८०. एक प्राविधिकलाई लागत अनुमान गरी रु ९५,०००।- भुक्तानी दिएको देखियो । आयकर ऐन २०५८ अनुसार पारिश्रमिक भुक्तानीमा १५ प्रतिशतले हुने रु १४,२५०।- कर कट्टा गर्नुपर्नेमा रु १४२५ कट्टा गरेकोले नपुग कर रु १२,८२५।- असूल गरी दाखिला गर्नुपर्दछ ।

८१. योजना अनुगमन गरी २७ जनालाई रु ९९,०००।- भुक्तानी दिएको देखिन्छ खर्चका वील भरपाई नराखी ईन्धन र यातायत वापत नगदै भुक्तानी दिंदा आयकर ऐन २०५८ अनुसार १५ प्रतिशतले हुने रु १४,८५०।- कर कट्टा गरेर भुक्तानी दिनु पर्नेमा कट्टा गरेको नदेखिएकाले जिम्मेवारबाट असुल हुनुपर्ने देखिन्छ ।

८२. जेष्ठ सम्मानमा खरिद भएका वील भरपाईको भुक्तानी खर्च लेख्दा कर कट्टा गरी भुक्तानी दिनु पर्नेमा कट्टा नगरी खर्च लेखेको पाइयो । कर रकम रु २,७४२।- असुल हुनुपर्दछ ।

८३. साविक निकायको गत विगत वर्षहरुमा पेश्की हाल सम्म पनि फछ्यौट हुन नसकी रु १०,५२,०००।- पेश्की बाँकी रहेको विवरण पेश भएको छ । बांकी पेश्की लागत राखी फछ्यौट गरिनु पर्दछ ।

८४. हाट बजारमा लगाएको आय ठेक्काको रु.४४,२६,२६१।- बक्यौदा बांकी रहेको विवरण पेश भएको छ । आय ठेक्काको सम्झौताका समयमा अग्रीम रुपमा असूल गर्नुपर्नेमा गत विगतदेखि हालसम्म उठाउन सकेको देखिएन । बक्यौदा बांकी रु.४४,२६,२६१।- असूल हुनुपर्दछ ।

### बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु १ करोड २७ लाख ३२ हजार कुल बेरुजू रहेको मध्ये असुल गनुपर्ने रु ७ लाख १५ हजार नियमित गर्नुपर्ने रु १ करोड ९ लाख २७ हजार र पेश्की रु १० लाख ९० हजार बाँकी रहेको छ ।

## रतुवामाई नगरपालिका
### लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु २२ लाख २ हजार र यो वर्षको आय रु १५ करोड ५९ लाख ६२ हजार समेत १५ करोड ८१ लाख ६४ हजार आय भएकोमा रु १५ करोड ३४ लाख १७ हजार खर्च भई रु ४७ लाख ४७ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन।

१. **नियन्त्रण व्यवस्था:-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। यो बर्ष निकायले लिलाम मर्मत नभएको, सम्भावित जोखिम, पहिचान नगरेको र पदको कार्य विवरण बनाई लागु नगरेकोले जिम्मवारी पूर्णपालना गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन ।

२. **सम्पत्ति एकीकरण :** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ३२ मा नगरपालिकामा सञ्चालित कार्यक्रमको आय व्यय र सम्पत्तिको (जिन्सीको) हिसाब दुरुस्त राख्नुपर्ने कार्यकारी सचिवको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ। गाउँ कार्यपालिकाले आफू र आफू अर्न्तगतको वडाबाट सञ्चालित आर्थिक कारोबार एकीकरण गरी अभिलेख आंशिकमात्र राखेको र जिन्सीको अभिलेख एकीकरण गरी मूल्य खुलाई अभिलेख राख्ने बारेको पाइएन। नगदी रसिद नियन्त्रण खाता राखेको छैन। नगदी जिन्सी हिनामिना र आर्थिक कारोबारको पारदर्शिता न्यून हुने हुदाँ आर्थिक कारोवार र जिन्सीको जिम्मेवार पदाधिकारी समेत खुलाई एकीकरण गर्नु पर्ने देखिन्छ।

३. **सम्पत्ति विवरण :** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १९ बमोजिम गाउँपालिकाको सहायले शपथग्रहण गरेको ३० दिनभित्र आफू र एकाघरको सगोलमा रहेको समेतको सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाको जनप्रतिनिधिहरुले सम्पत्ति विवरण बुझाएको देखिएन। तसर्थ सम्पत्ति विवरण बुझाउनु पर्दछ।

४. **सार्वजनिक परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) वमोजिम उपभोक्ता समितिवाट सञ्चालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाँच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति अधिकांश योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको अधिकांश योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन। केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन। उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्वन्धित निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनु पर्दछ।

५. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण गराउनु पर्नेमा साविक नगरपालिकाका पेश्की र बेरुजु भए नभएको खुल्न आएन। अभिलेख व्यवस्थित नहुँदा पेश्की एंवम् बेरुजु यकिन नहुने भएकाले सो को अभिलेख राख्नुपर्छ।

६. **भरपाई :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) र (७) मा खर्चका विल, भर्पाइ र प्रमाण कागजातहरु सहितको लेखा राख्नु र राख्न लगाउनु पर्ने व्यवस्था छ। स्वास्थ्य चौकी वरडंगाले छुट्याएको रकम निकासा गरि पाँउ भनी पत्रलेखेको आधारमा उक्त चौकी लाई रु ४०,०००।- निकासा दिएकामा चौकीले सो रकम महिला स्वास्थ्य रकम बुझाएको भरपाई पेश भएको छ। सो खाजा खर्च बुझेको भर्पाइ संलग्न हुनु पर्दछ, ।

७. **फर्निचर :** एक शैक्षिक संस्थालाले फर्निचर खरिदका बील पेश गरे अनुसार एक प्राबिलाई रु ३०,०००।- भुक्तानी दिएको देखियो। खरिद फर्निचरहरु जिन्सी खातामा आम्दानी जनाएको प्रमाण पेश भएको छैन। फर्निचर जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ।

८. **उपस्थिति :** जेष्ठ नागरिकहरुलाई सम्मान गर्न एक व्यक्तिलाई रु ३१,०००।- भुक्तानी दिएकोमा निजले ४६ थान दोसल्ला खरिद र चिया खाजाका बील पेश गरेको देखियो। सम्मान कार्यक्रममा नगरपालिकाको उपस्थिती, सम्मानित हुने जेष्ठ नागरिकहरुको अभिलेख सहितको उपस्थिती हाजिरी प्रतिवेदन पेश गरेको देखिएन।

९. **शौचालय निर्माण :** विपन्न आदिवासी जनजातीहरुको घरमा शौचालय निमार्ण गरेको जनई ३८ शौचालय प्रति गोटा रु १०,५६९।- ले रु ४,०१,६४७।- को नापी मूल्याकंन बमोजिम रु ३,००,००० समिति अध्यक्ष

किरणलाल सिंहलाई भुक्तानी दिई खर्च लेखेको देखियो । विपन्न आदिवासी नामनामेसी पहिचान भएका घरमा शौचालय  निर्माण भए विवरण पेश गर्नुपर्दछ ।

१०. **नापि मुल्यांकन :** सार्वजनिक खरिद नियमावली २०६४ अनुसार कुनै पनि निमार्ण कार्यको लागि गर्नु पर्ने कामको परिमाण र लाग्ने खर्चको लागत अनुमान तयार गर्नु पर्दछ । लागत अनुमान अनुमान  बरावर नै काम हुदा निमार्ण कार्यको लागत अनुमान नापी मूल्याकंन पेश भएको छ । जसले गर्दा कामको लागत अनुमान र नापी, मुल्याकंन वास्तवीक भएको छ भन्न नसकिने भएको छ  । फिल्डमा गएर नापी मुल्याकंन गर्नु पर्दछ ।

११. महिला लक्षित कार्यक्रम तिलो कुमारी ताजपुरियालाई तालिम संचालन खर्च रु १,०७,१७०।- भुक्तानि दिएको छ । निजले महिलाहरुको लागि अचार बनाउने तालिम सञ्चालन गरेको जनाई विभिन्न सामान खरिद र खाजा खानाका विलहरु पेश गरेको र २ थान मिक्सचर मेसिन रु **१४,०००।-** मा खरिद गरेको विल समेत पेश भएको छ । खरिद भएका ति मेसिनहरु समुहका सबै महिलाहरुले प्रयोग गर्न पाउने व्यवस्था हुनुपर्दछ ।

१२. **जिन्सी दाखिला :** पिछडा वर्ग सिलाई कटाई तालिम कार्यलाई रु १००,०००।- खर्च लेखेको देखियो । निजले पेश गरेको विल भरपाई मध्ये सिलाई मेसिन ४ सेट टेवुल सहित खरिद गरेको विल अनुसार रु ४५,२००।-  खर्च लेखेको छ । ति सामान जिन्सी खातामा आम्दानी जनाएको प्रमाण पेस हुनु पर्दछ । मेशिनहरु जिन्सी खातामा आम्दानी जनाई तालिममा प्रयोग गर्ने व्यवस्था गर्नु पर्दछ ।

१३. **प्रमाण** : आर्थिक कार्यविधि नियामावली २०६४ नियम ३६(३) र (७)  मा खर्चका विल भरपाई  र प्रमाण कागजातहरु सहित लेखा राख्नु र राख्न लगाउनु पर्ने व्यवस्था छ ,

१३.१ नियममा भएको व्यवस्था अनुसार खर्चका विल, भरपाई र प्रमाण कागजात पेश गरी नेपाल पिछडा वर्गले विनियोजित रकमको कार्यसम्पन्न भएको भनी पत्र लेखे अनुसार रु. १,००,०००।- भुक्तानी दिएको देखियो । निजले ४ सिलाई मेसिन र कैंची  लगायतका सामान खरिद गरेको विल, भरपाई छ । जिन्सी खातामा आम्दानी जनाएको प्रमाण पेश हुनु पर्दछ ।

१३.२ नेपाल रेडक्रसलाई  रु. २,१५,०००।- भुक्तानी दिएकोकमा सोसाइटीले फर्निचरहरु खरिद गरेको रु. २,१५,०००।- को विल पेश गरेको छ । खरिद भएका ति सामानहरु रेडक्रस सोसाइटीको जिन्सी खातामा आम्दानी जनाइएको पाइएन । अत सामान जिन्सी खातामा आम्दानी जनाएको प्रमाण हुनु पर्दछ ।

१३.३ संस्थाहरुलाई सिलाई कटाई तालिम संचालनको लागी भनी सिलाई मेसिन टेवुल समेत र कैंची आदि  रु १,६०,८९०।- भुक्तानी दिएको देखियो । खरिद भएका मेसिनहरु ति संस्थाको कार्यालयको जिन्सि खातामा आम्दानी जनाएको प्रमाण पेश भएको छैन । अत जिन्सी खातामा आम्दानी जनाउन लगाई सामानको सवैले प्रयोग गर्न पाउने व्यवस्था गर्नु पर्दछ ।

१३.४ दुई थान ल्यापटप खरिद गरिएको वील अनुसार स्वास्थ्य चौकीलाई रु. १,१९,२१५।- खर्च लेखेको देखियो । खरिद भएका सामाहरु जिन्सी खातामा आम्दानी जनाएको देखिएन । अत सामानहरु मौज्दात जिन्सी आम्दानी जनाएको प्रमाण पेश हुनुपर्दछ ।

१३.५ ल्याप्टप प्रिन्टर खरिद गरेको विल अनुसार स्वास्थ्य चौकीलाई रु. १,००,०००।- भुक्तानी दिएको देखियो । ल्याप्टप र प्रिन्टर स्वास्थ्य चौकीको जिन्सी  खातामा आम्दानी जनाएको पाइएन ।

१३.६ एक शैक्षिक संस्थालाई टेवल, कुर्सी र माइक्रोसकोप मेसिनरी औजार खरिद र अन्य शैक्षिक समाग्री खरिदको विल अनुसार रु १,५०,०००।- भुक्तानि दिई खर्च लेखेको देखियो । एक वर्ष भन्दा वढि अवधि सम्म प्रयोग हुने देहायका सामानहरु समेत शैक्षिक संस्थाको जिन्सी खातमा आम्दानी जनाएको प्रमाण पेश भएन । अत ती सामानहरु विद्यालयमा मौज्दात भए जिन्सी दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ ।

१३.७ स्वास्थ्य चौकीले खरिद गरेका विल भरपाई अनुसार रु ६०,०००।- भुक्तानी दिएको देखियो । खरिद भएका सामानहरु स्वास्थ्य चौकीको खातामा आम्दानी जनाएको प्रमाण पेश भएन ।

## बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु १३ लाख ६ हजार कुल बेरुजू रहेको मध्ये नियमित गर्नुपर्ने रु १३ लाख ६ हजार रहेको छ ।

# सुनवर्षी नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु १ लाख ६५ हजार र यो वर्ष ८ करोड ८० लाख ५ हजार समेत रु ८ करोड ८१ लाख ७० हजार आय गरी रु ८ करोड ४ लाख २ हजार खर्च गरी रु ७७ लाख ६८ हजार मौज्दात देखिन्छ ।सो कारोबारको लेखापरीक्षणवाट देखिएको व्यहोरा देहाय बमोजिम छन् :-

१. **संस्थागत सुशासन र वित्तीय जवाफदेहिता-** आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता,प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी,खर्च,लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन र तिनिहरूको पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ।सो बारे वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व पालनाको स्थिती मूल्याङ्कन गर्दा सेवाग्राही संग अन्तरक्रिया गर्ने गरेको, जोखिम पहिचान, समयमा अख्तियारी, समयमा बजेट, कर्मचारीलाइ अधिकार र जिम्मेवारी, जनशक्ति अभाव, जिन्सी सामानको व्यवस्थापन, सेवा प्रवाह, कार्यक्रमको अनुगमन तथा मुल्यांकन आदि गर्ने गरेको पाइएन । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन ध्यान जान जरुरी देखिन्छ ।

२. २०७३ फागुनसम्मको स्थानीय सञ्चितकोष दाखिला बाँकीरु ३५,३९५।० रहेको नियमानुसार अलिम्ब दाखिला गर्नुपर्दछ ।

३. **साविक वरडंगा :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गरी स्रेस्ताखडा गर्नुपर्ने व्यवस्था छ । गाविसको एक कर्मचारीको जिम्मा रहेकोरु ५,६०८।- आय दाखिला गरेको देखिएन । नियमानुसार व्याज सहित दाखिला गर्नुपर्दछ ।

४. **साविक डाइनिया :** एक सप्लायर्सवाट १६० सिसिको होण्डा मोटरसाइकल खरिद गरी रु २,४५,९००।- भुक्तानी गरेको छ । सवारी दर्ता र दाखिलाको प्रमाण पेश भएन । साइकलको भुक्तानीमा रु ३,२५२।- कर कट्टा गरेको पाइएन । जिन्सी दाखिला र सवारी दर्ताको प्रमाण पेश साथै अग्रीम कर असूल गरी दाखिला गर्नुपर्दछ ।

५. आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम खर्चका विल भर्पाई सहितको लेखा राख्नुपर्दछ । प्रहरी चौकीको भवन रंगरोगनमा रु ६५,०००।- खर्च लेख्दा विल भर्पाई कार्यसम्पन्न प्रतिवेदन संलग्न नभएकोले सो को प्रमाण पेश हुनुपर्दछ ।

६. आयकर ऐन, २०५८ अनुसार भाडा भुक्तानीमा १० प्रतिशत कर कट्टा गर्नुपर्दछ । बाटो खनेको भारी उपकरण भाडा रु ५५,०००।- खर्च गर्दा कर कट्टा नगरेकोले रु ५,५००।- असूल गरी दाखिला गर्नुपर्दछ ।

७. आय कर ऐन, २०५८ बमोजिम भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्नेमा एक सप्लायर्सलाई कर विजक वेगररु ४०,०००।- भुक्तानी गर्दा रु ६,०००।- कर कट्टी नगरेको हुँदा असूल गरी दाखिला गर्नुपर्दछ ।

८. खर्चका विल भर्पाई सहितको लेखा राख्नु पर्दछ । रु १,००,०००।- खर्च लेखेकोमा एक पसललाई बिकीको रु १,८४०।- र अर्को आपूर्तकको रु ७,०८५।- को विल संलग्न गरेको छ । अतः रु ८,९२५।- को विल समावेश गरी रु १,००,०००।- खर्च गर्नेलाई जिम्मेवार बनाई रु ९१,०७५।- असूल हुनुपर्दछ ।

९. योजनामाखर्च गर्दा लागत अनुमान, योजना सम्झौता, विल विजक, कार्य सम्पन्न भएको बैठकको निर्णय र कार्य सम्पन्न प्रतिवेदन संलग्न हुनुपर्दछ । विभिन्न योजनाको रु १४,०३,६९६।- खर्च गर्दा आवश्यक प्रमाण कागजात संलग्न गरेको पाइएन । योजना सम्पन्न भएको बारे स्पष्ट गरी यकिन हुने अवस्था नरहेकोले छानविन गरी प्रमाण कागजात नराखी खर्च लेख्नेलाई जिम्मेवार बनाइनु पर्दछ ।

१०. **साविक अमर :** सम्झौता गर्दा उपभक्ताकोयोगदान अंश खुलाउनु पर्दछ । उपभोक्ताले योगदान व्यहोरेको भएतापनि सम्झौतामा स्पष्ट नहुँदा उपभोक्ताको तर्फबाट गर्नुपर्ने योगदान स्पष्ट हुन सकिएन ।

११. प्राप्त आय सोही दिन वा त्यस दिन नभ्याएमा भोलिपल्ट दालिखा गर्नुपर्नेमा लामो समयसम्म पनि दालिखा नगरी नगदै राख्ने गरेको पाइयो । नगद आम्दानी सयममा दाखिला नगर्नेलाई जिम्मेवार बनाइनु पर्दछ ।

१२. कल्भर्ट मर्मतरु ५०,०००।- खर्च गरेकोमा लागत अनुमान रु ५५,१४४।- योजनाको कार्यसम्पन्न मूल्यांकनमा व्यहोरेको रु ३८,१४३।- र उपभोक्ताकोयोगदान रु १४,५००।- उल्लेख भएकोले तहले व्यहोरेकोभन्दा रु ११,८४७।- बढी भुक्तानी गरेकोले सो रकम असूल हुनुपर्दछ ।

१३. आयकर ऐन, २०५८ बमोजिम भाडा भुक्तानीमा १० प्रतिशत भाडा कर कट्टा गर्नुपर्दछ । भारी उपकरणवाट बाटो मर्मत गरेको रु ८०,०००।- भाडा भुक्तानी गर्दा १.५ प्रतिशतमा कर कट्टा गरेकोले नपुग कर रु ६,८००।- असूल हुनुपर्दछ ।

१४. टेबल कुर्सी खरिद गरी रु ६०,०००।- खर्च लेखेकोमा ती सामानहरु जिन्सी खाताबाट खर्च कट्टा गरेको छ । अत : खर्च भएर नजाने जिन्सी सामान घटाउँदा गर्नेलाई जिम्मेवार बनाई ती सामानहरु पुन जिन्सी दाखिला गर्नुपर्दछ ।

१५. **साविक वरडंगा :** गत विगत वर्षमा ३२ जना व्यक्तिको नाममारु ५,९६,३१७/- पेश्की फछ्र्यौट भएको नदेखिएकोले सो बाँकी फछ्र्यौट गर्नुपर्दछ ।

१६. **साविक गोविन्दपुर :** आयकर ऐन, २०५८ अनुसार अग्रिम कर कट्टा गरेको रकम यथा समयमा दाखिला गर्नुपर्दछ । भुक्तानीमा कर कट्टा गरी दायित्व सिर्जना भएकोरु २१,१४५।०० राजस्व दाखिला नगरेकोले अविलम्ब सो दालिखा हुनुपर्दछ ।

१७. **साविक डाइनिया :** आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्क भुक्तानीमा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण शुल्क रु २०,०००।- भुक्तानीमा रु ३,०००।- कर कट्टा नगरेकोले सो कर असुल गरी दाखिला गर्नुपर्दछ ।

१८. आन्तरिक लेखापरीक्षणबाट औल्याइएका व्यहोराहरु अन्तिम लेखापरीक्षण हुनु अगावै असूल फछ्र्यौट गरिसक्नुपर्नेमा आन्तरिक लेखापरीक्षणबाट औल्याइएको, रु.७,००,६९१।- को खरिद सामानको जिन्सी दाखिला नभएकोले जिन्सी दाखिला प्रमाण पेश हुनुपर्ने रु ४२,६२६।- असुल हुनुपर्दछ । व्यहोराहरु फछ्र्यौट भएको पाइएन ।

**बेरुजुको स्थिति**

यो वर्ष लेखापरीक्षणवाट देखिएको रु २६ लाख रु बेरुजु मध्ये असुल गर्नुपर्ने रु १ लाख ३० हजार नियमित गर्नुपर्ने रु १८ लाख ७४ हजार र पेश्की रु ५ लाख ९६ हजार रहेको छ ।

# उर्लाबारी नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गतको रु १ करोड ९४ लाख ४७ हजार र यो वर्षको १९ करोड ४२ लाख ३१ हजार समेत रु २१ करोड ३६ लाख ७८ हजार आय भई रु १८ करोड २४ लाख ९५ हजार खर्च गरी रु ३ करोड ११ लाख ८३ हजार बाँकी छ। सो कारोबारको पेश भएसम्म लेखापरीक्षणवाट देखिएको व्यहोरा देहाय छन् :-

१. **आन्तरिक नियन्त्रण प्रणाली** : संस्थाको आन्तरिक नियन्त्रण पद्धति कमजोर रहेको पाइयो ।गतको मौज्दात जिम्मेवारी गर्दा,संचित कोषवाट चालु खर्च खाता, पूँजीगत खर्च खातामा हस्तान्तरण गर्दा बैंकदाखिला भएको बैक प्रमाण, आन्तरिक हस्तान्तरण गर्ने आदेश पत्रहरुको कागजात देखिएन । सो कारोवारको दुवै खाताका दाखिला प्रमाण परीक्षण गर्दा समेत सो बैंक दाखिला भएका प्रमाण देखिएन । सो कारोवारको बैंक विवरण भिडान गर्न माग गर्दापेश नभएकोले भिडान गर्न सकिएन । कारोवरलाई नियमित गर्न बैक विवरण पेश गरीभिडान हुने व्यवस्था गर्नुपर्दछ ।

२. **मौज्दात :** मूल कोषमा २०७३ आषाढ मसान्तमा अन्तिम मौज्दात बैंक नगदी किताव अनुसार रु.१,७६,९७,५५४/- रहेकोमा सोको बैंक विवरणमा रु.६१,२४,०४१/- फरक परेको छ । बैंक मौज्दातहरु भिडान नभएकोले भौज्दात भिडान गर्नुपर्ने देखिन्छ ।

३. **प्रमाण :** संचित कोषवाट मर्मत संभारको रु.५ लाख र पुनः मर्मतमा रु. १० लाख बजेट हस्तान्तरण गर्दा मर्मत संभार कोष लेखाले अभिलेख राखी बैंक नगदी कितावमा खर्च शिर्षकलाई सिधै अभिलेख गरी बैंक विवरणमा सो प्रमाण पेश गर्नुपर्दछ ।

४. **धरौटी :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७७ बमोजिम कोषमा दाखिला नहुने जफत पनि नहुने भएमा धरौटीसम्बन्धित व्यक्तिले फिर्ता पाउनेछ । विभिन्न ४ व्यक्तिले घर निर्माणको धरौटी रु १,१५,४३३।- फिर्ता गर्दा दाखिला रसिद पेश नगरी धरौटी फिर्ता गरेकोलेदाखिला प्रमाण पेश गर्नुपर्ने देखिन्छ ।

५. **स्वीकृति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा नियमानुसार खर्च गर्दाको बिल भरपाई सहित लेखा राख्नु पर्दछ । स्वीकृत नभएको एक होटलको१५० खानाको रु.३००/- का दरले रु.४५,०००।- नियमित भन्न सकिएन । यथार्थ खर्च समर्थन गर्ने व्यवस्था गर्नु पर्दछ ।

६. **समायोजन :** मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(२) अनुसार विक्रेतालेसामानको विजक जारी गर्दा पहिलो प्रति ग्राहकलाई र दोस्रो प्रति कार्यालयलाई र तेस्रो प्रति मुल्य अभिवृद्धी करको हिसाव राख्ने प्रयोजनको लागि व्यवसायिले सुरक्षित राखी हिसाव व्यवस्थित राख्नुपर्दछ । प्रस्तुत बिजकको कार्वन प्रति संलग्न भएकोलेसमायोजन पेश गर्नु देखिएको छ । एक सप्लायर्सवाट गाडीको २ टायर खरिद र जडान गर्दाकोसमेत रु.१७,१७०/- मु.अ.कर रु.२२३१/- सहित रु.१९,४०२/- बिल जारी गरेको देखियो । सोको कर समायोजन गरी प्रमाण पेश गर्नुपर्दछ ।

७. **आयकर** : आयकर ऐन २०५८, बमोजिम भुक्तानीमा अग्रिमकर कट्टा गर्नुपर्ने व्यवस्था छ । विज्ञापन शुल्क रु.१८,०००/- खर्च गर्दा अग्रिम कर कट्टि नहुँदा रु.२,७००/- असुल गर्नुपर्दछ ।

८. **विलभरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा नियमानुसार खर्च गर्दाको बिल भरपाई सहित लेखा राख्नु पर्दछ । खरिद गरेको ५० रिम फोटो कपि पेपरको खरिद आदेश जिन्सी दाखिला नभएको खर्च समर्थन गर्न सकिदैन । प्रमाण संलग्न गर्नुपर्दछ ।

९. **कार्य सम्पन्न प्रतिवेदन** : नगर विकास कोषवाट ऋण रु. १७,४७,८०७/-, अनुदान रु.३४,९५,१४५/- समेत रु. ५२,४२,९५२/- प्राप्त गरीसडक निर्माणमा रु.४६,००,०००/- खर्च गरेको पाइयो । बाँकी खर्च एकिन भएन । थप काम गरी खर्च गरेको उल्लेख छ । उपभोक्ताको योगदान रु.१,३९,५३४/- लगानी हुनुपर्ने देखिन्छ । योगदान प्राप्त नभएकोमा कामकोरु. ५४,७२,३२५/- को कार्य नापी कितावबाट देखिन्छ । लाभग्राहीलाई रु. ३ लाख थप दिएकोमा सम्झौता र कार्यविधि अनुसार योगदान जम्मा गर्नुपर्नेमा प्राप्त भएको छैन । कार्यसम्पन्न र संझौता गरेको प्रमाण पेश गरी नियमित गर्नुपर्ने पर्दछ ।

१०. एक सडक कालोपत्रेरु.६९,१६,०००/- बजेट रहेकोमा लागत अनुमान रु.५७,६३,३३३/- मध्येरु. ३४,५८,०००/- नगरले व्यहोर्ने गरि कार्यसम्पन्न गर्ने गरी सम्झौता गरी खर्चको परीक्षण गर्दा देहाय अनुसार व्यहोरा देखिन आएको छ :-

१०.१. २०७४ मार्गमा सम्पन्न गर्नुपर्नेमा योजना २०७६ माघ तेस्रो हप्तामा सम्पन्न गरेकोले म्याद थपभएको प्रमाण पेश गर्नुपर्दछ ।

१०.२. उपभोक्ताकोयोगदान सम्झौता अघि दाखिला गर्नुपर्नेमा पछि रु. २५,१७,३३४/- गरेको छ ।

११. **उपभोक्ता समिति** : कालोपत्रेको लागिउपभोक्तासँग २०७४ आषाढमा कार्य सम्पन्न गर्ने गरी रु. ५७,६३,३३३/-मा नगरले रु. ३४,५८,०००/- र उपभोक्ताको योगदान रु. २३,०५३३३/- व्यहोर्ने गरी सम्झौता गरी कार्य गर्दा देहाय अनुसारका व्यहोरा देखिन आएको छ :-

११.१. २०७४ मार्गसम्म म्याद थप भई २०७४ माघमा कार्य सम्पन्न गरेकोले म्याद थप हुनुपर्ने देखियो ।

११.२. सम्झौता पूर्व उपभोक्ताकोयोगदान जम्मा गर्नुपर्नेमा सो पछि विभिन्न मितिमा रु.२०,९३,३३३/- जम्मा गरेको छ ।

११.३. कालोपत्रे कार्य उपभोक्तावाट गराई बाँकी रु.५४,८४,१३०/६४ देखाएकोमाउपभोक्तावाट लिन बाँकी रु. २२,४२,६६७/- रहेकोमा देखाएको देखिएन । तसर्थ हिसाव स्पष्ट गर्नुपर्दछ ।

११.४. कालोपत्रे गर्ने कार्य एक उपभोक्तावाट गरेको भनी रु. १२,५०,०००/-लग सिटको नियमानुसार विल विजक जारी नगरी खर्च गरेको छ ।

१२. **ढुवानी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा नियमानुसार खर्च गर्दाको बिल भरपाई सहित लेखा राख्नु पर्दछ ।सामान ढुवानीमा रु ६२,०००।- विल भरपाई नराखी खर्च लेखेकोले बिल भरपाई पेश गर्नुपर्दछ ।

१३. **विजक :** मुल्य अभिबृद्धि कर ऐन,२०५२को ढाँचामा विजक जारी गर्नुपर्ने व्यवस्था छ । विजक वेगर रु.७५,०००/- खर्च गरेको पाइयो ।

१४. **सामग्री खरिद :** उधोग वाणिज्य संघलाई रु. २ लाखको सामग्री खरिद गरी भुक्तानी गर्दा देहायको व्यहोरा देखिन आएको छ ।

१४.१. आयकर ऐन २०५८, को दफा ८८ मा भुक्तानीमा १५% अग्रिम कर असुल गर्नुपर्दछ । खरिदरु.१,०३,७५०/- को १३.५% छूट कर १४,००६/- असूल गरी दाखिला गर्नुपर्दछ ।

१४.२. एक संघलाई रु. २ लाख मूल्यका सामान खरिद गरी दिएको सामानको दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

१५. **आयकर** : आयकर ऐन, २०५८ मा भुक्तानी गर्दा १५% अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । खरिद रु.४१,७५०/- भुक्तानी गर्दा १.५ प्रतिशत मात्र कर कट्टा गरेकोले रु.५,६३१/- असूल गरी दाखिला गर्नुपर्दछ ।

१६. एक परामर्शदातालाई १,९८,८२३/- नक्सा तयार गरी खर्च गरेकोमा नक्सा दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

१७. कर विजक अनुसार छपाई संस्थालाई रु.१,५०,२९०/- मु.अ.कर समेत भुक्तानी दिएकोमासो संस्था ननफाइलर देखिंदा रु १७,२९०/- र १० प्रतिशतका दरले ब्याज रु. १,७२९/- समेत रु.१९,०१९/- असूल गरी गर्नुपर्दछ ।

१८. एक सप्लायर्स ननफाईलर भएकोले मु.अ.कर रु.१२,७४०/- र सो को ब्याज १०% ले रु १,२७४।- समेत रु .१४,०१४/- असूल गरी गर्नपर्दछ ।

१९. बाल पोषणयुक्त खाजा १६ वटा बालकेन्द्रलाई रु. ३ लाख वाँडफाड भएबमोजिम चाउचाउ, विस्कुट आदी खरिद गरी खर्च लेखेकोले खाजा पोषणयुक्त छ भन्न सकिने देखिएन । सो खाजाको अनुगमन समितिले अनुगमन गरेको प्रतिवेदन पेश भएको देखिएन ।

२०. प्रवेश मार्गमा ग्रावेल कार्य गर्न उपभोक्तासंगसम्झौता भएकोमा कार्य गरी रु. ३,७५,०००।- को बिल पेश गरेकोमा परिक्षण गर्दा देखिएका व्यहोरा देहाय अनुसार छनः-

२०.१. भारी उपकरण संचालन गर्दा रु.२,२००।- प्रति घण्टाले ३५.२४ घण्टा चलाई रु.७७,८८० ।- खर्च गर्दा बिल पेश गर्नुपर्ने देखियो ।

२०.२. आपूर्ति गरेका ३५ ट्रिप ग्रावेल प्रति ट्रिप रु.४२०० ।- दरले रु.१,४७,०००।- खर्च गर्नुपर्नेमा रु १,५५,०००।- खर्च लेखेकोलेबढीरु ८,०००।- असुल गरी दाखिला हुनुपर्दछ ।

२०.३. आपूर्ति गरेको १३ ट्रिप ग्रावेलको रु.५५,०००।- खर्च लेख्दा बुझेको भरपाई नभएकोले भरपाई पेश हुनुपर्दछ ।

२०.४. आपूर्ति भएको ग्रावेल रु.३,२०,०००।- को ७६.२० ट्रिप ग्रावेलवाट ६६२.३६ घन मिटर बिछ्याएको देखिन्छ । सोको नर्म्स पेश भएन ।

२१. एक वातावरणीय संस्थालाई रु १,३९,७९८ ।- का दरले १ वर्षको रु १६,७७,५७६।- को बील बिजक नराखी खर्च लेखेको नियमित देखिएन ।

२२. मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १९८(१) मा करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिन भित्रमा कर अधिकृत समक्ष बुझाउनु पर्दछ । २ करदाताले भुक्तानी लिएको मुल्य अभिवृद्धि कर रु ५६,५५६।- दाखिला नगरेकोले दाखिला हुनुपर्दछ ।

२२.१. कल्भर्ट निर्माण समितिलाई सोझै रु.१,५२,१२२।- खर्च गरी संरक्षण गर्ने कार्य गरेको ग्याविन १२ वटाको रु.१०२,८१०/०० को लागत तयार गरी सामान खरिद रु.१,०२,८१०।-् बिल बीजक पेश भएन । सोको विजक र नापी पेश हुनुपर्दछ ।

२२.२. सार्वजनिक सुनुवाई बापतएक प्राविधिक कर्मचारीलाई सोधभर्नारु.४४,४००।- गरेकोमा १४० जना सहभागी रहेकोमा उपस्थिती पेश भएन ।

२३. अग्रिम आयकर : छपाईवापत श्री भट्टराई छापाखाना समेतलाई भुक्तानी दिदाँ अग्रिम कर घटि कट्टा गरेको ८२५५।-, पूर्वाञ्चल इलेक्ट्रिकलाई भुक्तानी दिदाँ अग्रिम कर घटि कट्टा गरेको रु ७२९०।-, मनकामना इलेक्ट्रिक सप्लायर्सलाई भुक्तानी दिदा घटि कट्टा गरेको अग्रिम कर ३४७५।- र जोर जम्मा फरक पारेको रु १५३५।- र दाहाल स्टोरको कर कट्टा गर्नुपर्ने १३५००।- समेत रु ३४०५५।- असुल गर्नुपर्दछ ।

२४. ह्यूम पाइप खरिद गरी उपभोक्तालाई १२ थान बुझाएकोमा सो पाइप प्रयोग भएको कार्य सम्पन्न प्रतिवेदनरु.१,४५,८०३।- पेश हुनु पर्ने देखिएको छ ।

२५. बिदाई कार्यक्रममारु.४६,०५०।- खर्च भएको अन्य कार्यक्रममा खर्च लेख्न नमिल्ने भएकोले विविधवाट खर्च लेख्नुपर्ने देखिएको अनियमित खर्च रु.४६०५०।- देखिएको छ ।

२६. सार्वजनिक सुनुवाईकोरु.५०,०००।- खर्च लेखेकोमा सहभागीहरुको उपस्थिति नभएकोले नियमित मान्न नसकिने रु. ५०,०००।- देखिएको छ ।

२७. कर्मचारी छनौट काममा खर्च लेखेको रु.१,४५,८२५/- परीक्षण गर्दा कर कट्टि नभएको रु.३०६०/- रबुझाएको भर्पाई नभएको रु.१,०२०।- समेत रु ४,०८०।- को प्रमाण पेश हुनुपर्दछ ।

२८. खोलामा ग्याविनको काम रु.६२,५००/- सम्झौतारु.४८,५००/- खर्च लेखेकोमा कामको नापी किताव र ग्याविन खरिद गरेको बिल संलग्न देखिएन ।

२९. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम(६) वमोजिम उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन समेत पेश गर्नुपर्नेमा तद्नुसाररु ४,२३,५४५।- नगरीविल भर्पाइ मात्र पेश भएको देखियो ।

३०. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम (३) मा खर्च गर्दा खर्चको विल भर्पाइ राख्नु पर्ने व्यवस्था छ ।ह्युम पाईप विछ्याउने रु ४,९७,६७४।- कार्यको मूल्यांकन गरी सोको प्रतिवेदन पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्दछ ।

३१. **कागजात** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन विल भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात र त्यस्तो समितिको बैठकवाट अनुमोदन गरी पेश गर्नुपर्नेमा उपभोक्ता समितिले प्राविधिक मूल्यांकन विल भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात समेत पेश गरेको देखिएन ।

३२. **अनुगमन** : तालिम प्राप्त व्यक्तिहरुको अभिलेख राखी तालिमको सदुपयोगसम्बन्धमा अनुगमन गर्नुपर्दछ । यो वर्ष १६७ जनाले तालिम लिएकोमा सोको अनुगमन भएको पाइएन ।

३३. **प्रमाण** : मुल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम १७ को उपनियम (१) मा प्रापकलाई अनुसुचि ५ र ५क बमोजीमको ढाँचामा कर विजक दिनुपर्ने, उक्त ढाँचामा सिलसिलेवर नं समेत हुनुपर्ने व्यवस्था छ । तहवाट रु ९,१०,८४३।- को विभिन्न सामान खरिद गरी कर भुक्तानीको जानकारी दिएको प्रमाण पेश गर्नुपर्दछ ।

३४. **भौतिक निरीक्षण:** जिन्सी खातामा खरिद गरिएको मालसामानको विवरण रहेपनि सम्पूर्णसामानको छुट्टाछुट्टै कोड दिएर विवरण राख्नुपर्ने र जिन्सी खातामा जिम्मेवारीमा रहेको उल्लेख भएको पाइएन ।

**बेरुजुको स्थिति**

यो वर्ष लेखापरीक्षणवाट रु १ करोड ६ लाख ४८ हजार शुरु बेरुजु रहेको मध्ये असुल गर्नुपर्ने रु ६३ हजार नियमित गर्नुपर्ने रु १ करोड ५ लाख ८५ हजार रहेको छ ।

# सुन्दरहरैचा नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु १ करोड ९७ लाख ९५ हजार र यो वर्ष ४१ करोड १७ लाख ३७ हजार समेत रु ४३ करोड १५ लाख ३२ हजार आय गरी रु ४२ करोड ३९ लाख ५५ हजार खर्च गरी रु ७५ लाख ७७ हजार मौज्दात बाँकी छ ।सो कारोबारको लेखापरीक्षणवाट देखिएको व्यहोरा देहाय बमोजिम छन् :-

१. **संस्थागत सुशासन र वित्तीय जवाफदेहिता-** आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता,प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी,खर्च,लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन र तिनिहरूको पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ।सो बारे वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व पालनाको स्थिती मूल्याङ्कन गर्दा सेवाग्राही संग अन्तरक्रिया गर्ने गरेको, जोखिम पहिचान, समयमा अख्तियारी, समयमा बजेट, कर्मचारीलाइ अधिकार र जिम्मेवारी, जनशक्ति अभाव, जिन्सी सामानको व्यवस्थापन, सेवा प्रवाह, कार्यक्रमको अनुगमन तथा मुल्यांकन आदि गर्ने गरेको पाइएन । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन ध्यान जान जरुरी देखिन्छ ।

२. **साविक सुन्दरहरैचा:** वित्तिय विवरणमा कर्मचारी कल्याण कोषमा आय गरेको भौचर देखिदैन । त्यसैगरि साविक सुन्दर दुलारीवाट सुन्दरहरैचाले पेश गरेको वित्तिय विवरणमा कल्याण कोषमारु.१,४७,६०५/- खर्च भएकोले पुष्टि हुदैन । तसर्थ छानबिन गरी खातामा जम्मा गर्नुपर्ने रु.१३,५१,०००/- देखिएको छ ।

३. सवारीको लगबुक र भुक्तानीको आदेश नराखी खर्च लेख्न नपाइनेमा, सो नराखी रु.४१,८४१/-र पेट्रोल रु १९,५८०/- गरि रु ६१,४२१/- लेखेकोमा लगबुक पेश गर्नुपर्दछ ।

४. **अग्रिम आयकर** : आयकर ऐन, २०५८ को दफा ९० (४) मा अग्रिम आयकर कट्टीगरेको महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । एकैपटक रु. १,९२,४९२/-दाखिला लेखेकोमा बैंक दाखिाला प्रमाण संलग्न गर्नुपर्दछ । कर कट्टि गरेकोरु.२,२६,४३८/० को राजश्व खातामा दाखिला गरेको प्रमाण संलग्न रहेको छैन ।

५. **बढि खर्च:** बिल अनुसार खर्चरु. २,०००/-को बिल समावेशगरी रु.३,०००/- खर्च गरेकोले रु. १,०००/- असुल गर्नुपर्दछ ।

६. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम (३) अनुसार बिल भरपाई स्वीकृत सहित प्रमाणित गराई राख्नु पर्दछ । इन्धन, निर्माण, कन्सल्टेन्सीमा रु ५,३२,८६८।- खर्च गरेकोमा सो अनुसार स्वीकृती भएका बिल भरपाईको प्रमाण पेश नुहँदा सोको प्रमाण पेश गर्नुपर्दछ ।

७. **धरौटी तर्फ :**अर्थिक कार्यविधि नियमावली, २०६४ को नियम (३) अनुसार बिल भरपाई स्वीकृत सहित प्रमाणित गराई राख्नु पर्दछ । तर धरौटी दाखिलारु. ८६,७९१।- बैंक भौचर संलग्न गरेको देखिएन ।

८. **साविक कोशीहरैंचा** :आयकर ऐन, २०५८ तथा मूल्य अभिवृद्धि कर ऐनले दर्ता नभएका पार्टी वा संस्थालाई भुक्तानी गर्दा भुक्तानीको १५% का दरले कर कट्टि गर्नुपर्ने नियम रहेकोमासिलाई बुनाई तालिम केन्द्रलाई रु.५,२०,०००।- भुक्तानी १.५% का दरले रु.७,८००।- मात्र कट्टि गरेकोले घटी कररु. ७०,२००।- असूल गरी कर दाखिला गर्नुपर्दछ ।

९. **धरौटी तर्फ:** सेवा ग्राहीले राखेको धरौटी रकम फिर्ता दाखिला गर्दा भौचर २ वाट रु ४,१७०।- मा राखेको धरौटीको रसिद दाखिला प्रमाण विना भौचर तयार गर्ने गरेको पाइयो ।

१०. **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार बिल भरपाई स्वीकृत सहित प्रमाणित गराई राख्नु पर्दछ । बिल भरपाईको जिम्मेवारवाट स्वीकृत नगराई भुक्तानी दिने गरेको देखिन्छ एक निर्माण उपभोक्तालाई स्वीकृत नभएको बिलवाट रु.२,२४,०००।- भुक्तानी दिएको देखिन्छ ।

११. **साविकसुन्दरहरैंचा :**आयकर ऐन, २०५८ बमोजिम कुनै कर्मचारीले वर्ष भरिमा प्राप्त गरेको आय हिसाव गरि नियम अनुसार १% सा.सु.कर तथा आयकर लाग्ने नियम भएकोमा तलब भुक्तानी गर्दा महंगी भत्ता रु.१०००/- का दरले ११जना कर्मचारीको (१०००X११) रु.११,०००/-को१% का दरले हुने कर रु. ( ११०X१२) रु.१३२०/- कट्टि नगरेकोले असुल गर्नुपर्ने देखिन्छ ।

१२. **आन्तरिक लेखापरीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा १३५ को उपदफा (१) बमोजिम रु.१ करोड भन्दा बढि वार्षिक आन्तरिक आय हुने नगरपालिकाले अधिकृत स्तरको कर्मचारी सहित आन्तरिक लेखापरीक्षण शाखा खडा गरी आन्तरिक लेखापरीक्षण गर्नुपर्नेमा सोको व्यवस्था गरेको देखिएन ।

१३. **नगद दालिखा** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा (१) जिम्मेवार व्यक्तिले आफ्नो जिम्मा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ ।

यो तहले धरौटी तर्फको नगद मौज्दात रु.१,८४,३१२.२५ सहितरु.३४,९६,५४२/९२ विवरणवाट देखिएको रकम श्रावणमा दाखिला गरेको देखियो। नियमको व्यवस्था अनुसार दाखिला गर्नुपर्दछ।

१४. **अनुगमन** : राष्ट्रिय अपाङ्ग महासंघ कोशी हरैचाको सम्झौता अनुसार रु ३५२४००।- मा बाखा पालन,बंगुर पालन सम्बन्धी १ दिने तालिम गर्ने गरी कर कट्टी रु ५२८।- गरी रु ३५१८७२।-खर्च गरेकोमा ३० जनालाई आय आर्जन गर्न दिएको मध्ये बाखा पालन गर्न २० जनालाई प्रति व्यक्ति १०,०००।- ले रु २,००,०००।-, बंगुर पालनको लागि १० जनालाई रु १,००,०००।- समेत रु ३,००,०००।- भुक्तानी गर्दा हाजिरको प्रतिलिपि अध्ययनमा उपस्थिति देखिएन । आय गर्न दिएको अनुदानको अभिलेख राखी अनुगमन मूल्यांकन गर्नुपर्ने देखिएको छ।

१५. **तालिम** : सिलाई कटाई तालिम संचालन गरी उपलब्धिको अनुगमन निरीक्षण र अभिलेख राखी उपभोक्ता समितिलाई रु ३,००,०००।- खर्च लेखेकोमाअग्रिम कर रु २,४५९।- बहाल कर रु २,७००।-, पारिश्रमिक कर रु २०,२५०।- कट्टा गरी रु २,७५,५९१।-खर्च गरेकोमा कामको कार्य विवरण सहित प्रस्ताव लिई संचालन गर्नुपर्ने र तालिम गरीपछि अभिलेख राखी समयबद्ध तालिमको नतिजाको अनुगमन मूल्यांकन गर्नुपर्नेमा तदनुसार नहुँदा ठोस उपलब्धी हुने तालिम अभिलेख व्यवस्थित गरी निरन्तर अनुगमन गर्नुपर्ने देखिएको छ।

१६. **धरौटी** : धरौटीबाट खर्च गर्न मिल्दैन । तर यो वर्ष धरौटीबाट रु ७४,५७,३१९।- खर्च गरेको देखिएकोले यथाशिघ्र धरौटी फिर्ता गरी स्रेस्ता अद्यवधिक गर्नुपर्दछ।

१६.१. **जमानत :** साविक सुन्दर दुलारी नगरपालिकाको भवन निर्माणको लागिरु १,१७,११,५११।- लागत अनुमान भएकोमा सबैभन्दा घटी कवोल पेश गर्ने एक निर्माण सेवासँगसम्झौता अनुसार कार्यसम्पन्न गर्ने गरी सम्झौता गरेकोमा सो कार्यकोकार्यसम्पन्न प्रतिवेदन तथा मान्य हुने कार्यसम्पादन जमानत पेश हुनुपर्दछ।

१७. **विलभरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार विल भर्पाई वेगर खर्च गर्नु हुदैन । रु ४,१४,७९१।०० विल भर्पाई नराखी खर्च लेखेको देखियो । यो बारे सोधनी हुदा अनुसन्धान निकायमा छानविनको लागि पठाएको भन्ने जानकारी प्राप्त भएको छ।

१८. **सौयबत्ति** : सौर्य सडक बत्ति लागत अनुमान रु ५३,८२,०००।- भएकोमा पोल सहित सम्पूर्ण जडान समेत ४० ठाउँमा जडान गर्न एक प्रालिको २०७४ चैत्रसम्ममा जडान गरिसक्नुपर्ने गरी रु ४५,३२,७६०।- सम्झौता भई विशिष्टतायुक्त गुणस्तरयुक्त कार्य नभएको र सप्लायर्सको ग्यारेण्टी अवधि भन्दा १ महिना पछिको कार्यसम्पादन जमानत पेश गर्नुपर्नेमा ५ वर्षको प्रतिवद्धता अवधि जमानत पेश गरेकोले ५ वर्ष १ महिनाको अवधि उल्लेख भएको कार्य सम्पादन जमानत पेश हुनुपर्दछ।

१९. **उपभोक्तावाट भएको कार्य :** उपभोक्ता समितिवाट काम गराउदा स्थानीय निकाय आर्थक प्रशासन नियमावली, २०६४ को नियम १५५ बमोजिम हुनुपर्नेमा सो नियमको उपनियम(१) बमोजिम उपभोक्ता समितिलाई विषयगतरुपमा वर्गीकरण र सूचीकृत गरि लगत अध्यावधिक गर्नुपर्नेमा गरिएको छैन ।सडक र ब्रिज जस्ता कार्य गर्दा तथा मर्मत संभार उपभोक्ताले मात्र नगरि नगर र उपभोक्ताको साझेदारीमा मात्र कार्य भएको देखियो।

२०. **वेरुजु अभिलेख :** संघीय मामिला तथा स्थानीय विकास मंत्रालयको प.सं.२०७३/०७४ च.नं.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोवार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट गरिएको परिपत्रको दफा १७ बमोजिमसाविकका स्थानीय निकाय र तहको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको तहमा पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ।

२१. **चालु खर्च :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि बमोजिम स्थानीय निकायको कोषवाट कुनै पनि प्रकारको तलब, भत्ता, दैनिक तथा भ्रमण भत्ता र कर्मचारी एवम राजनैतिक पदाधिकारी वा व्यक्तिको पारिश्रमीक तथा कर्मचारी सेवा निवृत्त हुँदा दिइने सुविधा सम्वन्धित खर्चहरु मध्ये भ्रमण भत्ता अभिलेख तयार गरेको छैन।

२२. **मर्मत :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३९ को १ को खण्ड (ड)संग सम्बन्धित अनुसूची ४६ चल्ती मेशिन वा सवारीको किताव प्रमाणित गराईराख्नु पर्नेमासवारी साधनको मर्मत खर्च गर्दा वा नयाँ सामान फेर्दा प्रमाणित किताब राखेको पाइएन।

२३. **पेश्की** : आर्थिक वर्षको अन्त्यमा २८ जनाको रु ४,०९,९००।- पेश्की बाँकी रहेकोले फछ्र्यौट हुनुपर्दछ।

२४. **संरक्षण एवं हस्तान्तरण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ । यसै गरी नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउपालिकारुलाई नयाँ संरचना अनुसार केरावारी गाउपालिकामा गाभ्ने निर्णय

भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन । जिन्सी सामान हस्तान्तरण हुन नसक्दा लगत गोलमाल हुन सक्ने, सामानको दुरुपयोग हुन सक्ने र सामान हराउन सक्ने सम्भावना रहेको देखिँदा अविलम्ब निम्नानुसार गाउपालिकामा रहेका सम्पूर्ण जिन्सी सामान लगत खडा गरी हाल गाभिएको नगरपालिका वा मन्त्रालयले तोकेको सरकारी निकायमा दाखिला गर्नुपर्ने देखिन्छ।

२५. **आ.ले.प. :** मिति २०७३/०६/०२ मा भौचर नं. ३६ वाट कर्मचारीलाई दशै खर्च उपलब्ध गराउदा खर्च रकम रु. ३,६७,०८७/- को नियम अनुसार १% ले कट्टि गर्नुपर्ने सा.सु. कर रु. ३,७६०.८७ कर कट्टि गरेको पाइएन । उक्त कर असुल गर्नुपर्दछ ।

**बेरुजुको स्थिति**

यो वर्ष लेखापरीक्षणवाट रु ३३ लाख ८७ हजार शुरु बेरुजु रहेको मध्ये असुल गर्नुपर्ने रु ७६ हजार नियमित गर्नुपर्ने रु २९ लाख १ हजार  र पेश्की रु ४ लाख १ हजार रहेको छ ।

## बुढीगङ्गा नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु ७५ लाख ३० हजार र यो वर्षको ९ करोड ५० लाख ४ हजार समेत १० करोड २५ लाख ३४ हजार आय भई रु १० करोड २६ हजार खर्च गरी रु २५ लाख ८ हजार बाँकी रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन :-

१. **नियन्त्रण व्यवस्थाः-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । यो बर्ष लिलाम, मर्मत, सम्भावित जोखिम र पहिचान, पदको कार्य विववरण वनाई लागु नगरेकोले आन्तरिक नियन्त्रण प्रभावकारी देखिएन ।

२. **सम्पत्ति एकीकरणः-** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ३२ मा गाउँपालिकामा सञ्चालित कार्यक्रमको आय व्यय र सम्पत्तिको (जिन्सीको) हिसाब दुरुस्त राख्नुपर्ने कार्यकारी सचिवको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । गाउँ कार्यपालिकाले आफू र आफू अर्न्तगतको वडाबाट सञ्चालित आर्थिक कारोबार एकीकरण गरी अभिलेख आंशिकमात्र राखेको र जिन्सीको अभिलेख एकीकरण गरी मूल्य खुलाई अभिलेख राख्ने बारेको पाइएन । नगदी रसिद नियन्त्रण खाता राखेको छैन । नगदी जिन्सी हिनामिना र आर्थिक कारोबारको पारदर्शिता न्यून हुने हुदाँ आर्थिक कारोवार र जिन्सीको जिम्मेवार पदाधिकारी समेत खुलाई एकीकरण गर्नु पर्ने देखिन्छ ।

३. **सम्पत्ति विवरणः-** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १९ बमोजिम गाउँपालिकाको सहायले शपथग्रहण गरेको ३० दिनभित्र आफू र एकाघरको सगोलमा रहेको समेतको सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको जनप्रतिनिधिहरुले सम्पत्ति विवरण बुझाएको नदेखिदा सम्पत्ति विवरण बुझाउनु पर्दछ ।

४. **सार्वजनिक परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) बमोजिम उपभोक्ता समितिवाट सञ्चालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाँच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति अधिकांश योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको अधिकांश योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन । सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्वन्धित निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनु पर्दछ ।

५. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३।१२।२५ को परिपत्रको दफा १७ बमोजिम स्थानिय तहमा समाहित भएका साविकका निकायको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएका र यो तहमा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण गराउनु पर्नेमा साविक निकायमा पेश्की र बेरुजु भएको खुल्न आएन । तसर्थ अभिलेख व्यवस्थित राख्नुपर्दछ ।

६. **विलभरपाई नराखी खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, ०६४ को नियम ९ मा खर्च प्रभावित गर्ने वील भरपाई सहितको श्रेस्ता राख्नुपर्ने व्यवस्था छ । हाल बुढीगंगा र साविक हात्तिमुडा टंकी सुनुवारी, डंग्राहा र सिसवनी निकाय समेतले रु २७६७७९३।- खर्च गर्दा प्रशिक्षार्थी हाजिरी , ह्यूम पाइप दाखिला र प्रयोग, सवारी साधन फर्निचर र उपकरण साइकल दोसल्ला र व्याग वितरण भरपाई जस्ता प्रमाण नराखी खर्च लेखेको देखियो । सो प्रमाण संलग्न र्गनुपर्दछ ।

७. **पारिश्रमिक कर दाखिला** : एक विज्ञलाई रु. १२,०००।- पारिश्रमिक दिदा कट्टा गरेको रु. १,८००।- दाखिला गरेको प्रमाण पेश गरेको नदेखिएकाले पेश गर्नुपर्दछ ।

८. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा कर कट्टागरी खर्च गर्नुपर्ने व्यवस्था छ । वुढीगंग्गा र समाहित भएका साविक टंकी सुनुवारी हात्तिमुढा डग्राह र सिसवनीले प्रशिक्षण भत्ता ढुवानी, आपूर्ति अनुगमन लेखापरीक्षण र प्राविधिक शुल्क भाडा जस्ता खर्च गर्दा अग्रिम कर कट्टा नगरी रु १,५१,३५०।- भुक्तानी गरेकोले अग्रिम कर असुल गरी दाखिला गर्नुपर्दछ ।

साबिक टंकी सिनवारी गाउँ विकास समिति तर्फ लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय छ ।

८.१. स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा भुक्तानी दिन पाउने व्यवस्था नभएकोमा कर्मचारीलाई औषधी उपचार खर्च रु.१,३१,८५१। दिएको देखियो । अतः भुक्तानी दिन पाउने कुनै कानूनी आधार प्रमाण भए पेश नभएकोले असुल गर्नुपर्दछ ।

९. क.स. कोष, अग्रिम कर, सामाजिक सुरक्षा समेतका १५ प्रतिशतले हुने रु १,१५,७७५ कर कट्टी सम्बन्धित खातामा दाखिला गरेको पाइएन ।

**हात्तिमुडा गाउँ विकास समिति**

१०. **बढी भुक्तानी :** स्थानीय स्वायत्त आर्थिक प्रशासन नियमावली २०६४ को नियम ९ मा खर्च प्रभावित गर्ने विल भरपाई सहितको श्रेस्ता राख्नु पर्दछ । समाहित भएका टंकी सिनुवारी, हात्तिमुडा लायत ५ ले विल भरपाई भन्दा बढी रु १३४००९ भुक्तानी गरेकोले सो रकम असुल गर्नुपर्दछ ।

११. **कर्मचारी संचय कोष** : क.स. कोषका कट्टी गरेकोमा दाखिला नगरी रु ९०,२३४।- मौज्दात राखेकोले सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पाइएन ।

१२. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८७ र ८८ बमोजिम प्रशिक्षक र सवारी भाडा भुक्तानी गर्दा कर कट्टा नगरी भुक्तानी दिएकोले भत्ताको कर रु. १२,८५०।- असुल गर्नुपर्दछ ।

**डंग्राहा गाउँ विकास समिति**

१३. क.स. कोष, अग्रिम कर र सामाजिक सुरक्षा कर रु ९,८८४।- कट्टी गरेको मौज्दात खातामा रु.९,८८४।- दाखिला नगरेकोले प्रमाण पेश गर्नु पर्दछ ।

**सिशवनी वडहरा गाउँ विकास समिति**

१४. आयकर ऐन २०५८ को दफा ८८ मा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षणले रु. ५००००। र वैठकको चियापान खर्च भनी रु. ३०,०००।- समेत रु. ८०,०००।- एक कर्मचारीलाई भुक्तानी दिएकोमा दिने स्पष्ट आधार बेगर पारिश्रमिक भुक्तानी दिएकोमा दिनुपर्ने कुनै आधार प्रमाण पेश हुनुपर्दछ ।

१५. कट्टी गरेको क.स. कोष र कर रु ११,८२८।- मौज्दात सञ्चितकोष दाखिला गरेको पाइएन ।

१६. आय कर ऐन, २०५८ को दफा ८८ बमोजिम अग्रिम कर कट्टा नगरी रु.६०,०००।- भुक्तानी गरेकोले बहाल कर रु.६,०००।- असुल गर्नुपर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु ३४ लाख ५३ हजार कुल बेरुजू रहेको मध्ये असूल गनुपर्ने रु ३ लाख १६ हजार नियमित गर्नुपर्ने रु ३१ लाख ३७ हजार रहेको छ ।

## धनपालथान गाउँपालिका
### लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु १३ लाख २९ हजार र यो वर्षको आय ९ करोड २७ लाख ८ हजार समेत रु ९ करोड ४० लाख ३७ हजार आय भएकोमा रु ८ करोड ८४ लाख ३ हजार खर्च भई ५६ लाख ३४ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन।

१. **नियन्त्रण व्यवस्था:-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। यो बर्ष निकायले लिलाम मर्मत नभएको, सम्भावित जोखिम, पहिचान नगरेको र पदको कार्य विवरण बनाई लागु नगरेकोले जिम्मवारी पूर्णपालना गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन ।

२. **सम्पत्तिको एकीकरण:-** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ३२ मा गाउँपालिकामा सञ्चालित कार्यक्रमको आय व्यय र सम्पत्तिको (जिन्सीको) हिसाब दुरुस्त राख्नुपर्ने कार्यकारी सचिवको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ। गाउँ कार्यपालिकाले आफू र आफू अर्न्तगतको वडाबाट सञ्चालित आर्थिक कारोबार एकीकरण गरी अभिलेख आंशिकमात्र राखेको र जिन्सीको अभिलेख एकीकरण गरी मूल्य खुलाई अभिलेख राख्ने बारेको पाइएन। नगदी रसिद नियन्त्रण खाता राखेको छैन। नगदी जिन्सी हिनामिना र आर्थिक कारोबारको पारदर्शिता न्यून हुने हुदाँ आर्थिक कारोवार र जिन्सीको जिम्मेवार पदाधिकारी समेत खुलाई एकीकरण गर्नु पर्ने देखिन्छ।

३. **सम्पत्ति विवरण:-** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १९ बमोजिम गाउँपालिकाको सहायले शपथग्रहण गरेको ३० दिनभित्र आफू र एकाघरको सगोलमा रहेको समेतको सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाको जनप्रतिनिधिहरुले सम्पत्ति विवरण बुझाएको देखिएन। तसर्थ सम्पत्ति विवरण बुझाउनु पर्दछ।

४. **सार्वजनिक परीक्षण :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कार्य शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्वन्धित कार्य स्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्वन्धित स्थानीय निकायमा प्रस्तुत गर्नु पर्ने व्यवस्था छ। उपभोक्ता समितिवाट सञ्चालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाँच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति अधिकांश योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको अधिकांश योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गनें गरेको देखिएन। केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन। यसवाट निर्धारित समयमा पारदर्शी रुपमा गुणस्तरयुक्त कार्य सम्पन्न भएको छ, देखाएका खर्चका विल भरपाई सहि र यथार्थ छन् भनि विश्वस्त हुने आधार देखिदैन। उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्वन्धित निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनु पर्दछ।

५. **बरबुझारथ:-** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम स्थानीय तह र समाहित भएका साविकका निकायमा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गतहमा कायम गरी पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण गराउनु पर्नेमा साविक पेश्की र बेरुजु खुल्न आएन। अभिलेख व्यवस्थित नहुँदा पेश्की एंवम् बेरुजु यकिन नहुने भएकाले सो को अभिलेख राख्नुपर्छ।

६. **गाडी भाडा** - एक ट्राभल्सबाट कार्यालयले मन्त्रालयको परिपत्र विपरीत सवारी साधन भाडामा लिई रु.२,६६,०००।- खर्च गरेको पाइयो।

७. **जिन्सी दाखिला** - आन्तरिक लेखापरीक्षणको जिन्सी दाखिला नभएको रु.४,८५,०४४।- फछ्र्यौट हुनुपर्दछ।

८. **नगद दाखिला** - स्थानीय निकायको आय दाखिला गरेको देखिएन। सो वारे छानबिन गरी यकिन गरेको पाइएन। उपयोग भएका नगदी रसीदबाट भएको आय संकलन भएको हो खुलाउनु पर्दछ। यकिन गराउनु पर्दछ।

९. **दाखिला बाँकी** -क.सं. कोष, अग्रिम कर र मुल कोष समेत रु ८,३१,६१४।- सम्वन्धित खातामा दाखिला हुन बाकी देखिएको छ।

१०. एक सचिवले तयार गरेको जिन्सी विवरणमा मोटरसाइकल १ थान जिन्सी दाखिला गरेको पाइएन । डिजिटल क्यामेरा-१, ल्यापटप-१ थान सामानको विशिष्टीकरण खुलाई दाखिला नगर्दा सुरक्षामा कठिनाई हुनेछ ।

११. **अग्रिम कर** : आयकर ऐन, ०५८ को दफा ८८ बमोजिम अग्रिम कट्टा गर्नुपर्ने व्यवस्था छ । सहजीकरण भत्ता रु ५०,०००।- भुक्तानी गर्दा अग्रिम कर रु ३,०००।- कट्टा गरेको पाइएन सो असुल हुनुपर्दछ ।

१२. **विलभरपाई प्रमाण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली ०६४ को नियम ९ मा खर्चको विल भरपाई सहितको श्रेस्ता राख्नुपर्ने व्यावस्था विभिन्न ८ भौचरबाट रु १७,९३,६७३।- खर्च गर्दा जिसस दाखिला र विषयतग स्वास्थ्य निकायमा खर्च दोहोरो नपर्ने एकीन हुनेगरी अभिलेख राखेको छैन ।

१३. **पेश्की** : गत वर्षसम्मको रु.१,५०,२७५।- बाँकी रहेकोमा यो वर्ष रु.४०,०००।- समेत रु.१,९०,२७५।- पेश्की बाँकी छ । उक्त पेश्की समयमै फछ्र्यौट गर्नुपर्दछ ।

१४. **दाखिला बाँकी** : सासु कर, पारिश्रमिक कर र मौज्दात बाँकी रु ३५८२८९।०० दाखिला गर्नुपर्नेमा दाखिला गरेको छैन ।

१५. आन्तरिक लेखापरीक्षणबाट देखिएको विभिन्न ८ भौचरबाट विलभरपाई जिन्सी दाखिला हनुपर्नेमा प्रयोगको रु ५९०९७७ विलभरपाई जिन्सी आय गरी फछ्र्यौट गरेको पाइएन ।

१६. **पेश्की :** पेश्कीको अभिलेख व्यवस्थित रुपमा राखेको छैन । रु.२,६५,१७३।- पेश्की मध्ये यो वर्ष रु.१५,०००।- फछ्र्यौट भई गत वर्षसम्मको रु.२,५०,१७३।- मा यो वर्षको गप रु.६०,०००।- समेत रु.३,१०,१७३।- पेश्की बाँकी छ ।

१७. **कर :** आयकर ऐन, ०५८ को दफा ८८ अनुसार विभिन्न ६ भौचरको रु १८८१।०० प्रशिक्षण भत्ताकर विगत कर समेत असुल नगरेकोले सो सम्वन्धित खातामा दाखिला हुनुपर्दछ ।

१८. **विलभरपाई : स्**थानीय निकाय आर्थिक प्रशासन नियमावली ०६४ को नियम ९ मा विभिन्न ४ गो.भा. नं. वाट भुक्तानी दिन वाकी कच्चावरी, प्राविधिकलाई रु ३०८२०७।०० प्रमाण पेश नगरी खर्च गरेको पाइयो ।

१९. **पेश्की बाँकी :** विगतको रु.१०,५२,४५७।१० रहेकोमा रु.१६,७००।- फछ्र्यौट गरी रु.१०,३५,७५७।- मौज्दात बाँकी छ । उक्त पेश्की फछ्र्यौट हुनुपर्दछ ।

२०. **असुली बाँकी :** विभिन्न ८ संस्थाबाट रु.२,०४,३४०।- बाँकी असुलीको कारबाही नहुँदा बक्यौता बाँकी देखिन्छ ।

२१. **दाखिला र मौज्दात :** क.सं. कोष ,अग्रिम कर र अन्तिम मौज्दात रु ५,३४,२१७।- दाखिला गर्न वाकी देखिएको छ ।

२२. **अग्रिम कर** : आयकर ऐन, ०५८ को दफा ८८ बमोजिम अग्रिम कट्टा गर्नुपर्ने व्यवस्था छ । अनुगमन भत्ता रु ५४०० भुक्तानी गर्दा रु ८,१००।- अग्रिम कर कट्टा गरेको पाइएन । ह्यूमपाइप, डेक्सवेन्च, विषयगत कार्यालयको दोहोरा नहुने गरी रु ३७,६१,२४१।- गरी जिन्सी दाखिला र प्राविधिक मूल्यांकन पेश गरेको छैन ।

२३. **पेश्की** : गतको रु.८,४३,३९५।- र यो वर्षको रु.२५,०००।- समेत रु.८,६८,३९५।- पेश्की बाँकी छ । उक्त पेश्की फछ्र्यौट गरेको देखिएन ।

२४. **नगद बाँकी** : गतको रु.३१,७३९।- र स्थानीइको रु.९५,२३५।- बाँकी देखिन्छ । उक्त नगद हर्जाना समेत यकिन गदै सर्वसन्चित कोषमा दाखिला गर्नुपर्दछ ।

२५. **मोवाइल खरिद** : एक सचिवका लागि रु.२५,९००।- को मोवाइल खरिद गर्दा पाउने स्पष्ट आधार नभएकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

२६. **दाखिला बाँकी** : क.सं. कोष, अग्रिम कर र बैक तथा नगद मौज्दात समेत रु क.सं. कोष, अग्रिम कर र मुल कोष समेत रु ८,३१,६१४।- सम्वन्धित खातामा दाखिला हुन बाकी देखिएको छ । सम्वन्धित खातामा दाखिला हुन बाकी देखिएको छ ।

२७. **पुष्ट्याई बेगरको खर्च** : कार्यालय संचालन र सेवा,विविध खर्च र कार्यक्रम भ्रमण कार्य समेत रु ६५१०७५।- अश्वाभाविक खर्च गरेकोले खर्चको पुष्ट्याई पेश गरेको पाइएन ।

२८. **पेश्की :** कुल पेश्की रु.१८,६५,००२।- मध्ये यो वर्षको रु.१२,७४,१००।- देखिएकोमा काम नाम र समेत खुलाएको अभिलेख राखी पेश्की फछ्र्यौट भएको पाइएन ।

२९. **बिलभन्दा बढी खर्च :** विभिन्न ७ भौचरवाट रु.८,१५,०८३।- खर्च लेख्नु पर्नेमा रु.९,५५,२५२।- लेखेबाट बिल भरपाई भन्दा वढी रु.१,४०,१६८।- खर्च लेखेकोले जिम्मेवारबाट असुल गर्नुपर्दछ ।

३०. **कर** - भाडा बापत रु.२६,०००।- भुक्तानी गर्दा अग्रिम कर कट्टा हुन बाँकी रु.२६,००।- असुल गर्नुपर्दछ ।

३१. सामसुङ मोवाइल खरिद गरी रु.२८,०००।- खर्च गरेको पाइयो सो सामान खरिद गर्ने नेपाल सरकारको निर्णय नभएकोले खरिद गर्न पाउने नदेखएको असुल गर्नुपर्दछ ।

३२. **विलभरपाई : स**थानीय निकाय आर्थिक प्रशासन नियमावली ०६४ बमोजिम विषयगत कार्यालयको खर्च जिन्सी आय र मूल्याङकन वापत विभिन्न ५ गोश्वरा भौचरवाट रु ८८,०६६।- खर्च गर्दा पयाप्त खर्चको पुष्टयाई गर्ने विल भरपाई पेश नभएकोले पेश गरी लेखा अध्यावधिक गर्नुपर्दछ ।

३३. **पेश्की** : गत वर्षसम्मको रु.५,९०,९०२।- हालसम्म पेश्की बाँकी रहेको छ ।

३४. **कर दाखिला बाँकी** - क.स.कोष, अग्रिम कर समेत रु १,०९,६५४।- दाखिला गर्नुपर्नेमा दाखिला गरेको छैन ।

३५. **अग्रिम कर** : आयकर ऐन, ०५८ को दफा ८८ बमोजिम अग्रिम कट्टा गर्नुपर्ने व्यवस्था छ । कानुनी सल्लाहकार कर र भाडा न्यून कर ३ भौचरको रु ७,९२४।- अग्रिम कर असुल गरेको पाइएन ।

३६. **अग्रिम कर** : आयकर ऐन, ०५८ को दफा ८८ बमोजिम अग्रिम कट्टा गर्नुपर्ने व्यवस्था छ । विभिन्न ४ भौचरवाट विद्युत जरिवाना मोवाइल खरिद र मूल्याङ्कन भन्दा बढी रु १,१८,०९४।- नपाउने खर्च गरेकोले जिम्मेवारीवाट असुल गर्नुपर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु १ करोड २४ लाख २१ हजार कुल बेरुजू रहेको मध्ये असूल गनुपर्ने रु २ लाख ७४ हजार नियमित गर्नुपर्ने रु ७८ लाख ७८ हजार र पेश्की वाँकी रु ४२ लाख ६९ हजार रहेको छ ।

## ग्रामथान गाउँपालिका
### लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु ४ लाख ३२ हजार र यो वर्षको आय रु ९ करोड ४७ लाख ३० हजार समेत रु ९ करोड ५१ लाख ६२ हजार आय भएकोमा रु ८ करोड ८८ लाख ३६ हजार खर्च भई रु ६३ लाख २६ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन ।

१. **नियन्त्रण व्यवस्था :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। यो बर्ष निकायले सामानको लिलाम, मर्मत जोखिम क्षेत्रहरको पहिचान र पदको कार्य विवरण बनाई जिम्मवारी पुरा गरी नियन्त्रण प्रणली तयार गरी लागु गरेको देखिएन ।

२. **सम्पत्तिको एकीकरण :** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ३२ मा गाउँपालिकामा सञ्चालित कार्यक्रमको आय व्यय र सम्पत्तिको (जिन्सीको) हिसाब दुरुस्त राख्नुपर्ने कार्यकारी सचिवको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । गाउँ कार्यपालिकाले आफू र आफू अर्न्तगतको वडाबाट सञ्चालित आर्थिक कारोबार एकीकरण गरी अभिलेख आंशिकमात्र राखेको र जिन्सीको अभिलेख एकीकरण गरी मूल्य खुलाई अभिलेख राख्ने बारेको पाइएन । नगदी रसिद नियन्त्रण खाता राखेको छैन । नगदी जिन्सी हिनामिना र आर्थिक कारोबारको पारदर्शिता न्यून हुने हुदाँ आर्थिक कारोवार र जिन्सीको जिम्मेवार पदाधिकारी समेत खुलाई एकीकरण गर्नु पर्ने देखिन्छ ।

३. **सम्पत्ति विवरण :** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १९ बमोजिम गाउँपालिकाको सहायले शपथग्रहण गरेको ३० दिनभित्र आफू र एकाघरको सगोलमा रहेको समेतको सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाको जनप्रतिनिधिहरुले सम्पत्ति विवरण बुझाएको देखिएन। तसर्थ सम्पत्ति विवरण बुझाउनु पर्दछ।

४. **सार्वजनिक परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) बमोजिम उपभोक्ता समितिवाट सञ्चालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाँच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति अधिकांश योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको अधिकांश योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गनें गरेको देखिएन । केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन । उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्वन्धित निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनु पर्दछ ।

५. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण गराउनु पर्नेमा साविक गाउँपालिकाका पेश्की र बेरुजु भए नभएको खुल्न आएन। अभिलेख व्यवस्थित नहुँदा पेश्की एंवम् बेरुजु यकिन नहुने भएकाले सो को अभिलेख राख्नुपर्छ ।

६. **बढी ग्रेड** : प्रमुख प्रशासकीय अधिकृतलाई २ महिनाको.२,२३८।- बढी दिएकोले असुल गर्नुपर्दछ ।

६.१ वडा सचिवलाई कर्मचारी नियुक्ती गर्ने अधिकार नभई स्थितिमा रु ६०,०००।- खर्च गरी गरी काम लगाएकाले सो रकम असुल गर्नुपर्दछ।

७. **बढी सुविधा** : एक कर्मचारी २०७२ श्रावण १५ मा ५८ वर्ष पूरा भई अवकास दिनुपर्नेमा ०७३ चैत्र सम्म ९ महिनापछि अवकास दिई ८ महिना १० दिनको नपाउने तलब रु.१,७८,६३३।- भुक्तानी गरेकोले असुल गरी रु.१,७८,६३३।- राजस्व दाखिला गर्नुपर्दछ।

८. **आय ढिला दाखिला :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४(२) मा ७ दिनभित्र नगद दाखिला गर्नुपर्ने प्रावधान छ । उठेको निकायको आन्तरिक आय रु.२३,७९,२७९।५० दाखिला गरेको पाइएन। दैनिक अभिलेख र बैंक दाखिला अभिलेख नहुदा हिनामिना हुने अवस्था हुँदा सो आय अभिलेखाङ्कन गर्ने व्यवस्था गर्नुपर्दछ।

९. प्रमाण आयव्यय विवरणले कोषको मौज्दात सुरु अन्तिम नदेखाउने र पेश्कीको एकीकृत विवरण प्रतिनिधित्व नहुँदा यथार्थपरक कारोबार देखिंदैन ।

१०. विभिन्न निकाय कर्मचारी कल्याण कोष रु.३२१,९२६।- आय व्यय विवरणमा समावेश गरेको कर्मचारी कल्याण कोषको खातामा जम्मा रहेको देखिएकोले जम्मा रहेको रु ३५९६९६।- गाउँपालिकाको खातामा जम्मा गर्नु पर्ने देखिन्छ ।

११. आयकर ऐन, २०५८ अनुसार एक कर्मचारीलाई संचित विदाको रु २,८२,४२२।- औषधी उपचार १८ महिनाको तलव रु ३,६३,११४।- उपदान रु ८,७२,०९३।- समेत रु १४,७१,६२९।- पूँजिगत खातावाट कर्मचारी कल्याण कोषमा जम्मा गरी कोषवाट भुक्तानी दिएको देखियो । अवकास भुक्तानी दिदा २०५८ साल सम्मको रु ५,००,०००।- कट्टा गरी वाँकी हुने रु ९,७२,६२९।- को ५ प्रतिशतले हुने कर वापतको रु ४८,६३१- कट्टा गरेको नदेखिएकोले असुल गरी राजस्व खातामा दखिला गर्नु पर्दछ

१२. आयकर ऐन २०५८ अनुसार लेखापरीक्षक पारिश्रमिक वापत १०,०००।- तथा भ्रमण रु १०,०००।- समेत रु २०००० भुक्तानी दिएकोमा १५ प्रतिशतले कर कट्टा गरेको नदेखीएकोले कर वापत हुने रु १,५००।- असुल हुनु पर्दछ ।

१३. आयकर ऐन २०५८ अनुसार लेखापरीक्षकलाई पारिश्रमिक रु १५,०००।- भुक्तानी दिएको देखियो । पारिश्रमिक भुक्तानीमा १५ प्रतिशतले हुने रु २२५० कर कट्टी गर्नुपर्नेमा रु १५००।- मात्र कट्टा गरेकोले नपुग कर वापत हुने रु ७५०।- असुल हुनु पर्दछ ।

१४. **पेश्की** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७९ अनुसार ३ निकायको रु ४२१६०७ फछ्र्यौट भएको नपाइएकोले फछ्र्यौट हुनु पर्दछ ।

१५. आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार सदरस्यहा हुनु पर्ने देखिन्छ । धरौटीमा गत विगत वर्ष देखिको नाम नामेसी र प्रयोजन नखुलेको धरौटी रु ६३,०७२।- र यो वर्षको रु २१,३०५।- गरी रु ८४,३७७।- धरौटी वाँकी रहेको देखिन्छ । नामेसी र प्रयोजन नखुलेको धरौटी रु ६३,०७२।- सदरस्यहा गरेको पाइएन ।

१६. नापि मुल्याङ्कनः- गाउँपालिकावाट निर्माण भएका सडक तथा अन्य निर्माण कार्यहरुको लागत अनुमान बमोजिम नापि मुल्याङ्कन पनि त्यती नै भएको देखिन्छ । लागत अनुमान अनुमानमात्र नापी गर्ने हो निर्माण कार्यको लागत अनुमान अनुसार हुवहु नापि मुल्याङ्कन भएको देखिएकोले रुपले नापी भएको छ भन्ने स्थिती रहेन । अतः प्राविधिक निर्माण स्थलमानै नगई लागत अनुमान र नापि कितावमा सार्ने मात्रै कार्य नगरी निर्माण स्थलमानै गएर नापेर नापी गर्ने व्यवस्था गर्नु पर्दछ ।

१७. प्रहरी चौकीलाई मासिक रु २०००।- का दरले इन्धन मर्मत बापत रु २३,५००।- खर्च लेखेको देखियो । अन्य छुट वजेट व्यवस्था भएको कार्यालयका लागि खर्च गर्नु उपयुक्त भएन ।

१८. विधुत पोल खरिदको १४ थान वील अनुसार रु १,०६,३००।- खर्च लेखेको देखियो । पोल जिन्सी खातामा दाखिला गरेको प्रमाण नहुदाँ पोल प्रयोग गरी विधुत लाईन विस्तार गरेको प्रमाण समेत पेश नभएको अतः पोल प्रयोग गरी विधुत विस्तार गरेको प्रमाण पेश हुनु पर्दछ ।

१९. सडक निर्माण मर्मत सम्मार गर्नुपर्दा लागत अनुमानको तयारी तथा नापी मुल्याङ्कन गर्दा स्वीकृत ढाचा अनुसार लम्वाई चौडाई र उचाई समेतको हिसाव गरेर लागत अनुमान तयार गर्नु पर्ने र सोही अनुसार नापी गरेर उपभोक्ता समितिलाई भुक्तानी दिनु पर्नेमा निर्माण सडकहरुको नापी मुल्याङ्कन ढुवानीको साधनवाट गिट्टी ढुवानी गरेको ट्रीपको रु ६,०३,०२४।- भुक्तानी दिई खर्च लेखेको देखियो । ढुवानीको साधन भुक्तानी दिएकोले नाप जाच भएको देखिदैन । प्राविधिक लाई जिम्मेवार वनाउनु पर्दछ ।

२०. भवन निर्माण वापत उपभोक्ता समितिका अध्यक्षलाई रु १४,४६,०८१।- भुक्तानी दिएको देखियो । सो सम्वन्धमा देहाय छ । मेशिनरी औजार उपकरण प्रयोग नहुने र श्रममुलक कार्यमात्र उपभोक्त वाट गराउन सकिने व्यवस्था छ । उपभोक्ताले उपभोग गर्ने विकास निर्माणको श्रममुलक कार्यमात्र गराउनु पर्ने हुन्छ । उपभोग नगर्ने कार्य नभएको नेपाल सरकारको भवन निर्माण कार्य वोलपत्रको माध्यमवाट गराउनु पर्नेमा लाभग्राहीबाट गराएको देखियो ।

२१. भवन निर्माणको रु २९,७७,२४७।- को लागत अनुमान स्वीकृत भएकोमा रु २७,९०,३११।- को नापी मुल्याङ्कन भई रु २४४६०८१।- भुक्तानी भएको छ । भवन निर्माण कार्यको कार्य सम्पन्न भएको प्रतिवेदन पेश भएको छैन र भवन निर्माण कार्य अधुरो नै रहेको र स्वीकृत लागत अनुसारको कार्य सम्पन्न हुन नसक्ने जानकारी प्राप्त भयो भवन निर्माण कार्य शीघ्र सम्पन्न गराई उपयोगमा ल्याउने व्यवस्था गर्नु पर्दछ ।

२२. आयकर -२०५८ अनुसार १० प्रतिशत अग्रिम कर लाग्ने व्यवस्था छ । स्वास्थ्य चौकीले ३०,०००।- भुक्तानी दिएकोमा यातायात खर्च रु १४,४००।- मारुती गाडी भाडामा लिएको जनाई १५,६००।- को भरपाई पेश भएको छ । अग्रिम कर रकम रु १,५६०।- कट्टा गर्नुपर्नेमा कट्टा गरेको नदेखिएकोले असुल हुनुपर्ने देखियो ।

२३. स्वास्थ्य चौकी वनिगामालाई रु ५०,०००।- भुक्तानी दिएको देखियो । खाजा र यातायात खर्च रु ३,०००।- ९ जनालाई रु ४००।- ले रु ३,६००।- भुक्तानी दिएको रु १६,०००।- को भरपाई पेश गरेको छ । वीलबाट खर्च खर्च लेखिएको रु १६,००० को कर २४० दखिला गर्नु पर्ने देखियो ।

२४. एक कैक्रीट उधोग ८ मीटरको पोल २७ थान खरिद गरेको विल अनुसार रु २,००,०००।- खर्च लेखेकोमा जिन्सी खातामा आम्दानी जनाएको छैन

२५. आयकर ऐ २०५८ अनुसार १५ प्रतिशतले कर लाग्ने व्यवस्था छ । एकल महिला वाख्रापालनलाई रु १०,००,०००।- भुक्तानी दीएको देखियो । मेलमिलाप पारिश्रमिक रु २७,०००।- खर्च लेखेकोमा रु ४०५०।- कर कट्टा गर्नु पर्नेमा रु १,५०० मात्र कट्टा गरेकोले नपुग कर वापतको रकम रु २५५० असुल हुनु पर्दछ ।

२६. **तिर्न बाँकी** - कर्मचारी संचयकोष विभिन्न रु ५१,०५०।- दाखिला नभएकोले समयमा दाखिला हुनुपर्दछ ।

२७. **असुल गर्न बाँकी** - पटके सवारी कर ठेकेदारले रु.३,०२,५००।- दाखिला नगरेकोले वार्षिक २५ प्रतिशत हर्जाना सहितको रु.३,७८,१२५।- असुलीको कारबाही गरेको देखिएन ।

२८. **तिर्न बाँकी** - दखिला वाकी नगद रु ८,९३,२६६।- दाखिला गरेको पाइएन छानविन गरी दाखिला हुनुपर्दछ ।

२९. **नगद दाखिला** - यो वर्षको नगद रु.१४,८२४।- दाखिला गर्न बाँकी देखिएको छ ।

३०. कर्मचारी कल्याण कोष, नगदको दैनिक अभिलेख, धरौटीको कारोबार लगायत शुरु मौज्दात समेतको हिसाब समावेश नभएकाले यथार्थ विवरण प्रमाणित गर्दैन ।

३१. बैंक मौज्दात रु.९९,९७०।- नमिल्नुको र दाखिला गर्न बाँकी दायित्व समेत समयमा दाखिला नगर्दा आय-व्ययले कारोबारको यथार्थ चित्रण गर्दैन ।

३२. **जिन्सी दाखिला** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५० बमोजिम प्राप्त जिन्सी आम्दानी बाँधी भुक्तानी गर्नुपर्नेमा आम्दानी बाँधेको पाइएन र नपाउने मोवाइल सुविधा खरिद गरेकोले खरिद गर्नेवाट असुल गरी रु.२२,३००।३० दाखिला गर्नुपर्ने देखिन्छ ।

३३. **कर** - नौं जना व्यक्तिलाई भुक्तानी रु.२१,०००।- लेख्दा सोको १५ प्रतिशतले हुने अग्रिम कर रु.२,९८४।- कट्टा नगरेकाले जिम्मेवारवाट असुल गरी दाखिला गर्नुपर्दछ ।

३४. **मौज्दात र दायित्व** -नगद र अग्रिम कर समेत रु १८,९६,७०१।- सम्वन्धित खातामा दाखिला गरेको पाइएन ।

३५. एक सामुदायिक केन्द्रको लागि रु १,००,०००।- दिएकोमा फर्निचर खरिदका गरेकोमा जिन्सी खातामा आम्दानी जनाएको देखिएन ।

३६. एक फर्निचर उधोगवाट टेवल कुर्सी खरिद गरेको वील अनुसार रु ७२०३७।- खर्च लेखेको देखियो । उक्त सामान प्रयोजनको खुल्दैन । जिन्सी आम्दानी जनाएको प्रमाण पेश हुनु पर्दछ ।

३७. विपद व्यवस्थापनको लागि रु २५,०००।- कोषमा जम्मा गरेको देखियो। सो आर्थिक विवरणमा समावेश गरेको छैन ।

३८. महिला संजाललाई रु ६०,०००।- खर्च लेखेको देखियो । उक्त कार्यक्रम उपलब्ध गराएको हो खुल्दैन । फर्निचर खरिदको वील पेश गरेको छ । जिन्सी खातामा आम्दानी जनाएको छैन

३९. **नगद बाँकी** - बाकी नगद रु.७६,४१६।- मिति २०७४।१।२० मा स्थानीय संचित कोष दाखिला भएको छ ।

३९.१ फर्निचर खरिद रु ५०,०००।- भुक्तानी दिएको देखियो र स्वास्थ्य चौकीले दराज, कुर्सी, टेवल खरिदको रु ४६,८९५।-को ज्यामी ज्याला बुझेको भरपाई पेश गरेको छ । समानहरु जिन्सी खातामा आम्दानी जनाएको छैन।

३९.२ आयकर ऐन २०५८ अनुसार १५ प्रतिशतले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । योजनाहरुको लागत अनुमान तयारी नापी मुल्याङ्कन परिश्रमिक एक प्राविधिकलाई रु ३९,८४५।- भुक्तानी दिएको देखियो । पारिश्रमिक भुक्तानी दिदा हुने रु ५,९७७।- कर कट्टा गरेर भुक्तानी दिनु पर्नेमा रु ३९९।- मात्र कट्टा गरेको देखिएकोले नपुग कर रु ५७७८।- असुल गरी दाखिला हुनु पर्दछ ।

३९.३ पिछडावर्ग लक्षित १४ जनालाई बाख्रापालनको रु २३५० देखि रु २४५०।- नगद वितरण गरी रु ३४,०००।- को भरपाई पेश भएको छ । वितरण गर्दा वाख्रा पालन गरेकोआधार प्रामाण देखिदैन। अनुदान वितरण गर्ने कार्यको अन्त्य हुनु पर्दछ ।

४०. फर्निचर उधोगवाट फर्निचरहरु खरिद गरेको वील अनुसार रु १०९०००।- भुक्तानी दिएको देखियो । खरिद भएको जिन्सी सामानहरु खातामा आम्दानी जनाएको समेत देखिदैन ।

४०.१ एक कैक्रीट उधोगवाट १३ थान ह्युमपाईप खरिदको रु १९१२५०।- र ह्युमपाईप व्यवस्थापन रु ८७५० ।- समेत रु २,००,०००।- खर्च लेखेको देखायो । ह्यूमपाईपहरु जिन्सी आम्दानी जनाएको प्रमाण र ह्यूमपाईप प्रयोग गरि सडक तथा कल्भर्ट निर्माणको लागत अनुमान नापी मुल्याङ्कन कुनै पेश भएको छैन ।

४०.२ स्वास्थ्य चौकीलाई रु ५००००।- भुक्तानी दिएको देखियो । चौकीले पंखा, फिल्टरको वील भरपाईहरु पेश गरेको छ ।

४१. खरिद भएका जिन्सी सामानहरु स्वास्थ्य चौकीको जिन्सी खातामा आम्दानी जनाएको छैन।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु ४८ लाख ३३ हजार देखिएको मध्ये असुल गनुपर्ने रु २ लाख ४५ हजार नियमित गर्नुपर्ने रु ४१ लाख ६६ हजार र पेश्की रु ४ लाख २२ हजार रहेको छ ।

## जहदा गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु ७ लाख ९२ हजार र यो वर्षको आय रु ७ करोड ३३ लाख ५८ हजार समेत रु ७ करोड ४१ लाख ५० हजार आय भएकोमा रु ६ करोड ५५ लाख १ हजार खर्च भई रु ८६ लाख ४९ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन ।

१. **नियन्त्रण व्यवस्था :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ । यो बर्ष निकायले सामानको लिलाम, मर्मत जोखिम क्षेत्रहरको पहिचान र पदको कार्य विवरण बनाई जिम्मवारी पुरा गरी नियन्त्रण प्रणली तयार गरी लागु गरेको देखिएन ।

२. **सम्पत्तिको एकीकरण :** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ३२ मा गाउँपालिकामा सञ्चालित कार्यक्रमको आय व्यय र सम्पत्तिको (जिन्सीको) हिसाब दुरुस्त राख्नुपर्ने कार्यकारी सचिवको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । गाउँ कार्यपालिकाले आफू र आफू अर्न्तगतको वडाबाट सञ्चालित आर्थिक कारोबार एकीकरण गरी अभिलेख आंशिकमात्र राखेको र जिन्सीको अभिलेख एकीकरण गरी मूल्य खुलाई अभिलेख राख्ने बारेको पाइएन । नगदी रसिद नियन्त्रण खाता राखेको छैन । नगदी जिन्सी हिनामिना र आर्थिक कारोबारको पारदर्शिता न्यून हुने हुदाँ आर्थिक कारोवार र जिन्सीको जिम्मेवार पदाधिकारी समेत खुलाई एकीकरण गर्नु पर्ने देखिन्छ ।

३. **सम्पत्ति विवरण :** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १९ बमोजिम गाउँपालिकाको सहायले शपथग्रहण गरेको ३० दिनभित्र आफू र एकाघरको सगोलमा रहेको समेतको सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको जनप्रतिनिधिहरुले सम्पत्ति विवरण बुझाएको देखिएन । तसर्थ सम्पत्ति विवरण बुझाउनु पर्दछ ।

४. **सार्वजनिक परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) बमोजिम उपभोक्ता समितिवाट सञ्चालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाँच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति अधिकांश योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको अधिकांश योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गनें गरेको देखिएन । केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन । उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्वन्धित निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनु पर्दछ ।

५. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण गराउनु पर्नेमा साविक गाउँपालिकाका पेश्की र बेरुजु भए नभएको खुल्न आएन । अभिलेख व्यवस्थित नहुँदा पेश्की एंवम् बेरुजु यकिन नहुने भएकाले सो को अभिलेख राख्नुपर्छ ।

६. **जिम्मेवारी घटी :** निकायको अन्तिम मौज्दात यो तहले रु ४,०८३,२५८।- सार्नुपर्ने रु २६,५८,०८४।- सारेकोमा घटि रु १४,२४,९७४।- घटी सारेकोले सोको प्रमाण यकिन गरेको पाइएन ।

७. **अग्रिम कर :** महिला सन्जालद्वारा ६ महिने सिलाई कटाई तालिम सन्चालन गरी ५ जनालाई अनुगमन प्रशिक्षक रु.९८,०००।- भुक्तानी गर्दा रु.१४,७००।- अग्रिम कर कट्टा नगरेकोले सम्बन्धित जिम्मेवारबाट उक्त कर असुल गर्नुपर्दछ ।

८. वडा कार्यालबाट भएको आम्दानी कोषमा दाखिला गरी खर्च गर्नुपर्नेमा कार्यालयले दाखिला नगरी सोझै खर्च गरेको हुँदा यस प्रकारको खर्च यकिन गरी बाँडफाँड बमोजिम खर्च गर्ने व्यवस्था गरेको पाइएन ।

९. **सवारी भाडा** : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट गाडी खरिद र भाडामा लिन नपाउने व्यवस्था गरेको भए तापनि कार्यालय प्रयोजन करिव ४ महिनामा रु.५,०४,५११।- इन्धन समेत खर्च गरेको पाउने देखिएन । सवारी साधन उपयोगमा इन्धन रु.१,१२,५१५।- भुक्तानी भएको पाउने आधार देखिएन ।

१०. २ कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन रु १,०८,०००।- पाउने आधार देखिएन ।

११. **प्रमाण** : स्थानीय आर्थिक प्रशासन नियमावली ०६४ को नियम(९) मा विल भरपाई सहितमा श्रेस्ता राख्नुपर्ने व्यवस्था छ । वाटोग्राभेल जिन्सी दाखिला सिलाई मेसिन प्राविधिक मूल्याङकन नराखी रु

१५,६६,३६९।- खर्च लेख्दा यी शीर्षगत खर्चमा पुष्टाई गर्ने प्रमाण पेश भएको पाइएन साविक मफारिका मोवाइल ३४,०००।- समेत रु १,२१,८५८।- नपाउने र बढी भुक्तानी असुल गर्नुपर्दछ ।

१२. **दाखिला बाँकी :** क.स. कोष, अग्रिम कर र अन्तिम मौज्दात समेतको रु ४७,५६२।- सम्वनिधत खातामा दाखिला गरेको पाइएन ।

१३. तलवी भरपाई संलग्न नगरी रु.३४,७१९।- भुक्तानी गरेको देखियो ।

१४. **जिन्सी दाखिला** : मोटरसाइकल रु.१,८५,४००।- मा खरिद गरी भुक्तानी गर्दा जिन्सी दाखिला गरेको पाइएन ।

१५. **मोवाइल सेट** : जी ६१० सामुसुङ मोवाइल रु.२८,७००।- खरिद गरेको पाइयो । सो जिन्सी दाखिला गरेको पाइएन । मोवाइल सेट खरिद गर्ने राष्ट्रिय नीति नभएकोले असुल गर्नुपर्दछ ।

१६. **कर :** आयकर ऐन ०५८ को दफा ८८ बमोजिम अग्रिम करकट्टा गर्नुपर्ने व्यावस्था छ । कुनैमा कर न्यून कट्टा, कतिपयमा छुट समेत रु १,५३,३४५।- प्रारम्भिक प्रतिवेदनको ब्यहोरा र फछ्र्यौट नभएकोले असुल गरी दखिला गर्नुपर्दछ ।

१७. **नगद दाखिला** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियम ४ मा रसिद भरी बुझी भौचर उठाई आम्दानी बाँधी भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । गाविसमा नगदी रसिद भरी आम्दानी समयमा नगर्ने र खातावन्दीमा माग देखाएकोले कुन मितिमा असुल भएको हो सबै रिर्पोटबाट एकिन गरी ढिला दाखिलाको जरिवाना सहित असुल गर्नुपर्ने देखिन्छ ।

१८. **दाखिला बाँकी** : क.स. कोष र अन्तिम मौज्दात समेत रु ११,४९,९६८।- सम्वन्धित खातामा हस्तान्तरण वा दाखिला गरेको छैन ।

१९. **मोटरसाइकल** : यामाहा मोटरसाइकल खरिद गरी रु.२,१५,४००।- खर्च गरेकोमा सो मोटरसाइकल जिन्सी खातामा दाखिला गरेको पाइएन ।

२०. **नगद दाखिला** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियम ४ मा रसिद भरी बुझी भौचर उठाई आम्दानी बाधी भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । नगदी रसिद आम्दानी समयमा नगर्ने र खातावन्दीमा माग देखाएकोले असुल समयवद्ध स्पष्ट नभएकोले यकिन गरी ढिला दाखिलाको जरिवाना सहित असुल गर्नुपर्दछ ।

२१. **जिन्सी दाखिला** -मोटरसाइकल खरिद गरी रु.२,११,९००।- भुक्तानी गरेको पाइयो । सोको आम्दानी अभिलेख गर्नुपर्नेमा गरेको पाइएन ।

२२. **मोवाइल खरिद** -सामसुङ ग्यालेक्सी मोवाइल रु.२५,०००।- खरिद गरेको पाइयो । मोवाइल खरिद गरी उपलव्ध गराउने नेपाल सरकारको नीति नभएकोले खरिद गर्न नपाउने हुँदा असुल गर्नुपर्दछ ।

२३. **दाखिला र मौज्दात :** क.स. कोष र अग्रिम कर रु ४८,७८२।- सम्वन्धित खातामा दाखिला गरेको पाइएन सो समयमा दाखिला हुनुपर्दछ ।

२४. **बढी भुक्तानी :** स्थानीय निदेशिका आ.प्र. नियमावली ०६४ को नियम ९ मा खर्चको वील भरपाई सहितमा श्रेस्ता राख्नुपर्ने साविक पाखरिया वायोग्राभेल वा मुल्याङकन भन्दा ८७,८८५।- वढी खर्चगरेको देखियो ।

२५. **नगद दाखिला** - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियम ४ मा रसिद भरी बुझी भौचर उठाई आम्दानी बाँधी भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । गाविसमा नगदी रसिद भरी आम्दानी समयमा नगर्ने खातावन्दीमा मात्र देखाएकोले असुल भएको हो मिति स्पष्ट राखेको पाइएन । ढिला भए दाखिलाको जरिवाना असुल गर्नुपर्ने देखिन्छ ।

२६. **पूँजीगत भत्ता** - स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ को प्रकरण १३ मा निषेध गरिएको पूँजीगत शीर्षकबाट सचिवको मासिक र प्रोत्साहन भत्ता रु.२३,०००।- लेख्न नपाउने हुँदा रु.२३,०००।- सचिवबाट असुल गर्नुपर्दछ ।

२७. **मोवाइल खरिद** - मोवाइल रु.३४,०००।- खरिद गरी भुक्तानी गरेको पाइयो । मोवाइल खरिद गर्न पाउने नीति नभएको स्थितीमा खरिद गरेकोले नपाउने मोवाइल सुविधा सम्वन्धित सचिवबाट असुल गर्नुपर्दछ ।

२८. **दाखिला बाँकी** - कर्मचारी कल्याणकारी कोष, अग्रिम कर र अन्तिम मौजदात समेत रु ९,३०,६७१।- सम्वन्धित खातामा दाखिला हुनुपर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु ५२ लाख ५७ हजार देखिएको मध्ये असुल गनुपर्ने रु ३ लाख ४१ हजार नियमित गर्नुपर्ने रु ४९ लाख १६ हजार बाँकी रहेको छ ।

# कानेपोखरी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु ५ लाख १ हजार र यो वर्षको आय रु ४ करोड ३२ लाख ९५ हजार समेत रु ४ करोड ३७ लाख ९६ हजार आय भएकोमा रु ३ करोड ५६ लाख ४७ हजार खर्च भई रु ८१ लाख ४९ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन।

१. **नियन्त्रण व्यवस्था :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। यो बर्ष निकायले लिलाम मर्मत नभएको, सम्भावित जोखिम, पहिचान नगरेको र पदको कार्य विवरण बनाई लागु नगरेकोले जिम्मवारी पूर्णपालना गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन ।

२. **सम्पत्तिको एकीकरण :** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ३२ मा गाउँपालिकामा सञ्चालित कार्यक्रमको आय व्यय र सम्पत्तिको (जिन्सीको) हिसाब दुरुस्त राख्नुपर्ने कार्यकारी सचिवको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ। गाउँ कार्यपालिकाले आफू र आफू अर्न्तगतको वडाबाट सञ्चालित आर्थिक कारोबार एकीकरण गरी अभिलेख आंशिकमात्र राखेको र जिन्सीको अभिलेख एकीकरण गरी मूल्य खुलाई अभिलेख राख्ने बारेको पाइएन। नगदी रसिद नियन्त्रण खाता राखेको छैन। नगदी जिन्सी हिनामिना र आर्थिक कारोबारको पारदर्शिता न्यून हुने हुदाँ आर्थिक कारोवार र जिन्सीको जिम्मेवार पदाधिकारी समेत खुलाई एकीकरण गर्नु पर्ने देखिन्छ।

३. **सम्पत्ति विवरण :** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १९ बमोजिम गाउँपालिकाको सहायले शपथग्रहण गरेको ३० दिनभित्र आफू र एकाघरको सगोलमा रहेको समेतको सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाको जनप्रतिनिधिहरुले सम्पत्ति विवरण बुझाएको देखिएन। तसर्थ सम्पत्ति विवरण बुझाउनु पर्दछ।

४. **सार्वजनिक परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) बमोजिम उपभोक्ता समितिवाट सञ्चालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाँच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति अधिकांश योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको अधिकांश योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन। केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन। उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्वन्धित निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनु पर्दछ।

५. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण गराउनु पर्नेमा साविक गाउँपालिकाका पेश्की र बेरुजु भए नभएको खुल्न आएन। अभिलेख व्यवस्थित नहुँदा पेश्की एंवम् बेरुजु यकिन नहुने भएकाले सो को अभिलेख राख्नुपर्छ।

६. यस तह अन्तर्गत हाल ७ वडा पछि सबै वडामा खाता खोली खर्च र आय दाखिला गर्ने व्यवस्था गरी कानून प्रतिकूल हुने गरी आर्थिक कारोबार गराएकोले नियन्त्रण गर्नुपर्दछ।

७. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा कर कट्टा गर्नुपर्ने व्यवस्था छ। गाउपालिका र साविकले प्रारम्भिक प्रतिवेदन वमोजिम ४२,७७५।- अग्रिम कर न्यून मात्र कट्टा गरेकोले वाकी सो रकम असुल गर्नुपर्दछ।

८. **गाडी भाडा** : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको परिपत्र बमोजिम गाडी भाडामा लिन मिल्ने देखिंदैन। कार्यालयले एक ट्राभलस एण्ड टुर्सबाट दैनिक रु.३,५००।- को दरले सम्म २ महिनाको रु.२,१३,५००।- खर्च लेखेको मिल्ने देखिएन। कारण र औचित्यको आधारमा सुविधाको व्यवस्थापन गर्नुपर्दछ।

९. **गुणस्तर** : पार्श्वचित्र निर्माण र प्रारम्भिक तथ्याङ्क संकलन र प्रतिवेदन तयारी काम बापत देहायको फर्मलाई रु.७,२२,०७०।- भुक्तानी दिएकोमा पार्श्वचित्र र प्रस्तुतीकरण प्राप्त गरेको छैन। उक्त प्रस्तुतीकरण गुणस्तर प्रमाणित गर्ने आधार रहेन।

१०. **जिन्सी दाखिला :** एक ट्रेडर्सबाट रु.२,११,९००।- मोटरसाइकल खरिद गरेकोमा जिन्सी दाखिला देखिएन । मोटरसाइकल दाखिला गरी जिन्सी अध्यावधिक गर्नुपर्ने क.स.कोष र अग्रिम कर समेत रु ९१,९५२।- लेखापरीक्षण अवधिक सम्वन्धित खातामा दाखिला गरेको पाइएन ।

११. **विभरपाई :** स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को नियम ९ मा खर्च प्रमाणित गर्ने विल भरपाई सहितमा लेखा राख्नुपर्दछ । पार्श्वचित्र, प्याडवितरण, फर्निचर दाखिला, सोलार प्यानलर हिमपाइप सिलाई मेशिन ६ वटा साविक र हालेको तहको रु ३८,७६,७२३।- खर्च गर्दा विल भरपाई प्रमाणित गरी अभिलेख राखेको छैन ।

१२. **नगद बाँकी** - शुरु नगदरु.१,१७,१९७- र अन्तिम मौज्दात रु.१,०८,२४२।- रहेकोमा नगद मौज्दातबाट कारोबार भएको स्पष्ट हुन आउँदछ । नगद समयमा बैंक दाखिला हुने गरेको देखिएन । रु.८,११३।- कोष खातामा लेखापरीक्षण अवधिमा दाखिला गरेको छैन ।

१३. **दाखिला र मौज्दात** - क.स.कोष र अग्रिम कर रु ४६,८८३।- सम्वन्धित खातामा दाखिला गरेको पाइएन ।

१४. **कर** - कर दाखिला बाकि रु ८४,८५५।- समयमा कर दाखिला नगर्ने सचिवलाई सजग गराउनु पर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु ४९ लाख ७७ हजार देखिएको मध्ये असुल गनुपर्ने रु १ लाख २८ हजार नियमित गर्नुपर्ने रु ४८ लाख ४९ हजार बाँकी रहेको छ ।

# कटहरी गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु ४ लाख ४ हजार र यो वर्ष ५ करोड ५० लाख २५ हजार समेत रु ५ करोड ५४ लाख २९ हजार आय भई रु ५ करोड ३२ लाख २८ हजार खर्च गरी रु २२ लाख १ हजार मौज्दात बाँकी छ । सो कारोबारको लेखापरीक्षणवाट देखिएको व्यहोरा देहाय छन् :-

१. **संस्थागत सुशासन र वित्तीय जवाफदेहिता-** आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता,प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी,खर्च,लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन र तिनिहरूको पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ।सो बारे वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व पालनाको स्थिती मूल्याङ्कन गर्दा सेवाग्राही संग अन्तरक्रिया गर्ने गरेको, जोखिम पहिचान, समयमा अख्तियारी, समयमा बजेट, कर्मचारीलाइ अधिकार र जिम्मेवारी, जनशक्ति अभाव, जिन्सी सामानको व्यवस्थापन, सेवा प्रवाह, कार्यक्रमको अनुगमन तथा मुल्यांकन आदि गर्ने गरेको पाइएन । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन ध्यान जान जरुरी देखिन्छ ।

२. **पूर्वाधार विकास :** संघीय संरचना शिर्षकमा पूजिगत तर्फ रु८,००,०००।- र संचालन तर्फ रु २०,००,०००।- समेत कूल रु १,००,००,०००।- निकासा गरी पूजिगत तर्फ रु ३६,८१,७१६।- र चालु तर्फ रु १७,९९,९९९।- समेतरु ५४,८१,७१५।- खर्च भई रु ४५,१८,२८४।- बाँकी रहेको छ ।

२.१. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१ख) मा उपनियम (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नसकिने उल्लेख छ । विभिन्न सामान खरिदमा रु २६ लाख २५ हजार खर्च गरेकोमा सोझै खरिद गरी भुक्तानी गरेको छ । प्रतिस्पर्धाविना खरिद गर्दा गुणस्तर र मूल्यमा एकिन हुदैन ।

२.२. चालु खर्चबाट अनुगमन मूल्यानंकनमा रु ५० हजार खर्च गर्दा अनुगमन मूल्यांकन प्रतिवेदन पेश भएको छैन । योजनागत अनुगमन मूल्यांकन भएको हो स्पष्ट अवस्था र गर्नुपर्ने सुधार सावधानीहरु अपनाउनु पर्ने हो स्पष्ट अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ ।

३. भवन तला थपरु २०,६१,४८९।- मा सम्पन्न गरी उपभोक्त समितिलाईरु ८,७८,४२६।- भुक्तानी दिएको सोको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

४. आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्कको भुक्तानीमा १५ प्रतिशत कअग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । २० जनालाई ३ महिने अवधिको आधारभूत कम्प्युटर तालिम दिए वापत एक तालिम केन्द्रलाई रु ४०,०००।- भुक्तानी दिएको छ । सेवा प्रदायकले कर बिजक जारी नगरेको र अग्रिम कर समेत कट्टा नगरेकोले रु ६,०००।- असूल गर्नुपर्दछ ।

४.१. जग्गा धनी अभिलेख अद्यावधिक गरीएक व्यक्तिलाई रु २५,०००।- शुल्क भुक्तानी गर्दा कर कट्टा नगरेकोले रु ३,७५०।- कर असूल गर्नुपर्दछ ।

४.२. कर कट्टा गरेको रु ९३,६६०।-दाखिला नगरेकोले सो रकम राजस्व दाखिला हुनुपर्दछ ।

५. **पेश्की फछ्यौट गर्दा देखिएका व्यहोराहरु देहाय छन् :-**

५.१. स्वयंसेविकाको पीरश्रमिक दिंदा एक कर्मचारीको रु ५,९४०।- र अर्को कर्मचारीलाई रु ५,९४०।- समेतरु ११,८८०।- भर्पाई संलग्न नभएकोले दाखिला हुनुपर्दछ ।

५.२. विभिन्न विद्यालयहरुलाई शैक्षिक सामग्री तथा निर्माण रकम भुक्तानी दिएको छ । शैक्षिक संस्था मर्मत तथा निर्माण लगायतका कार्यको लागि जिल्ला शिक्षा कार्यालयबाट स्रोत उपलव्ध गराइने हुँदा काममा दोहोरो नपर्ने स्रोत दिनुपर्नेमा विद्यालयका विल भुक्तानी गरेको पाइयो । प्रकृतिका कार्यमा दोहोरो आश्वस्त हुने स्थिति रहेन । विद्यालय र बाल विकास केन्द्रलाई भुक्तानीरु.२,५५,११५।-को विवरण सहितको जानकारी जिल्ला शिक्षा कार्यालय मोरङ्गलाई दिनुपर्दछ ।

५.३. एक पशु औषधी खरिद रु ५०,०००।-लेखेकोमा कार्यक्रम स्वीकृत संलग्न गरेको पाइएन । अतः सो को आधार प्रमाण पेश हुनुपर्ने र अग्रिम कर कट्टा नगरेकोले कर असूल गरी राजस्व दाखिला हुनुपर्दछ ।

५.४. टाइप प्रतिलिपीको विल राखी सरसफाई कार्यक्रमको खर्च लेखेकोले देखिंदा विल भर्पाई संलग्न गरी खर्च लेखेकोरु १९,०००।- असूल हुनुपर्दछ ।

६. **साविक थलाहा पेश्की फछ्यौटबाट देखिएका व्यहोरा निम्नानुसार छ :-**

६.१. विभिन्न विद्यालयहरुलाई शैक्षिक सामग्री तथा निर्माण मर्मत वापतको भुक्तानी दिएको छ । ती विद्यालयहरुमा मर्मत तथा निर्माणका कार्यको लागि विषयगत रकम उपलव्ध गराइने हुँदा काममा दोहोरो

नपर्ने गरीसमन्वय गरी रकम दिनुपर्नेमा विल भुक्तानी गरेको पाइयो । कार्यमा दोहोरो भुक्तानी भएको आश्वस्त हुने स्थिति रहेन । विद्यालय, बाल विकासलाई रु६,५९,२५०/- खर्चको विवरण सहितको जानकारी विषयगत कार्यालयलाई दिनुपर्दछ ।

६.२. एक वडा सचिवले रु १,००,०००।- भुक्तानी लिएकोमा बैठक भत्ता रु १८,०००।- लुगा भत्ता ३ जनाको रु २२,५००।- र अतिथि खाजा रु १४,७००।- समेत कूल रु ५५,२००।- को विल भर्पाई संलग्न भएकोले बिल भर्पाईभन्दा बढी लिएको रु ४४,८००।-सचिवबाट असूल गर्नुपर्दछ ।

**७. साविक थलाहा स्थानीय निकायको लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय छ :**

७.१. गतको नगद रु ३०,१११।- र बैक रु ५४,२६७- सहितरु ८४,३७८।- जिम्मेवारी सारेको छ । जिम्मेवारी सहित यो वर्षको आय रु १,२२,४०,६६७- र व्यय रु १,२१,६६,८००।- भै रु ७३,८६७- बाकी रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

७.२. खर्चका विल भर्पाई, लागत अनुमान,कार्य सम्पन्न प्रतिवेदन,अनुगमन गरिएकोमा सो को प्रतिवेदन,खरिद गरिएकोमा सो को खरिद आदेश ,जिन्सी दाखिला प्रतिवेदन संलग्न गरी खर्च लेख्नु पर्दछ । रु ५,१३,३६३।- खर्च गर्दा प्रमाण कागजात संलग्न नगरेकोले खर्च स्पष्ट भएन । प्रमाणित कागजात संलग्न नगरी खर्च लेख्नेलाई जिम्मेवार बनाईनुपर्दछ ।

७.३. एक शैक्षिक संस्थालाईस्रोत उपलव्ध गराउँदा दोहोरो नपरेको एकिन गरी विषयगत कार्यालयसंग समन्वय गरी आवश्यक छानविन गरी रु ४,३०,०००।-को दोहोरो परे नपरेको यकिन हुनुपर्दछ ।

**८. साविक भौडाहा स्थानीय निकायको लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय छ :**

९. दुई व्यक्तिले खानाको विल खर्चरु ४१,७९०।-खर्च गरेको देखियो । खाना खर्चकन्टिन्जेन्सीबाट लेख्न मिल्ने नदेखिएकोले सो असूल हुनुपर्दछ ।

१०. एक शैक्षिक संस्थालाई खाना सुविधा उपलब्ध गराई रु १,९२,२००।- खर्च गर्दा खर्च दोहोरो नपरेको आश्वस्त हुन सकिएन । विषयगत निकायसंग समन्वय गरी दोहोरो परे नपरेको यकिन हुनुपर्दछ ।

११. दुई व्यक्तिलाई फोटोकपी र खाना सुविधा विल राखी रु २,९०,८८।-खर्च गरेको । कन्टिन्जेन्सीबाट खाना बापत भुक्तानी गर्न मिल्ने नभएकोले छानविन गरी असूल गर्नुपर्दछ ।

१२. अनुगमन निरीक्षण गरी रु ५८,०००।-खर्च गरेको छ । कार्यरत निकायको कार्यक्रम निरीक्षण गर्दा सुविधा निर्णयका साथै निरीक्षण अनुगमन प्रतिवेदन समावेश छैन भने गत वर्षको भुक्तानी बाकीको प्रमाणित विवरण नराखी यस वर्ष खर्च लेख्न नमिल्ने भएकोले सो असूल हुनुपर्दछ ।

१३. अनुगमन मूल्यांकन भत्ता रु ९,०००।- कन्टेन्जेन्सीबाट खर्च लेखेकोमा अनुगमन स्पष्ट गरेको, योजना नखुलेकोले सोको प्रतिवेदन पेश हुनुपर्दछ ।

१४. कन्टेन्जेन्सी खर्च रु १९,५६०।-विविध विल राखी कन्टेन्जेन्सीबाट गर्न मिल्ने विविध खर्च गरिएको हुँदा सो असूल हुनुपर्दछ ।

१५. एक व्यक्तिले रिचार्ज लगायत विविध विल संलग्न गरीरु ४०,०००।- भुक्तानी लिएको देखियो । कन्टेन्जेन्सीबाट भुक्तानी गर्न मिल्ने नदेखिएकोले सो असूल हुनुपर्दछ ।

१६. मोटरसाइकल १ थान खरिद गरी रु २,११,९००।- खर्च गरेकोमा सो मोटरसाइकल जिन्सी दाखिला गरेको नदेखिएकोले दर्ता गरी जिन्सी आम्दानी गरेको प्रमाण पेश हुनुपर्दछ ।

१७. भवन मर्मतरु २,७५,०००।- पेश्की लिई पेश्की फछ्र्यौट गर्दा माटो गिटी वालुवा खरिद र ज्याला वितरणको भर्पाई संलग्न गरेको पाइयो । उपभोक्ता समितिका अध्यक्षले रु २,००,०००।- को प्रमाणि हुने कार्यक्रम,लागत अनुमान,नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन समेत संलग्न नभएको तथा उपभोक्ताबाट सम्पन्न गरिसकेको काम देखाएर दोहोरो खर्च बारेमा आश्वस्त हुने अवस्था नभएकोले छानविन गरी सो असूल हुनुपर्दछ ।

१८. चर्पीको ढक्कन बनाई रु ९७,३७०।-खर्च लेख्दा लागत अनुमान,कार्यसम्पन्न र ढक्कन वितरणको प्रमाण संलग्न नगरी बिक्रेताको विल बमोजिम सम्बन्धितलाई भुक्तानी गर्नुपर्नेमा नगरी आफैले भुक्तानी लिएको हुँदा कार्य सम्पन्न भएको हो भनी आश्वस्त हुन सक्ने अवस्था रहेन । यो बारे छानविन गरी कार्य सम्पन्न भएको प्रमाण सहित ढक्कन वितरण भएको प्रमाण पेश हुनुपर्दछ ।

१९. २ थान ल्याप टप खरिद गरी रु १,७३,०००।-खर्च लेखेको छ ।सामान जिन्सी दाखिला गरेको छैन । अतः ती सामानको अवस्था खुल्ने र जिम्ममा रहेको यकिन गरी जिन्सी खातामा दाखिला प्रमाण पेश हुनुपर्दछ ।

२०. आन्तरिक लेखापरीक्षणबाट औल्याइएका व्यहोराहरु लेखापरीक्षण हुनु अगावै असूल फछ्र्यौट गरिसक्नुपर्नेमा रु १४,३२,२०७/- असुल तथा प्रमाणको सम्बन्धमा हालसम्म पनि असूल फछ्र्यौट गरेको देखिएन । अतः सो व्यहोराहरु असूल फछ्र्यौट हुनुपर्दछ ।

**बेरुजुको स्थिति**

यो वर्ष लेखापरीक्षणवाट रु २९ लाख ५३ हजार शुरु बेरुजु रहेको मध्ये असुल गर्नुपर्ने १ लाख १४ हजार नियमित गर्नुपर्ने रु २८ लाख ३९ हजार बाँकी रहेको छ ।

# केरावारी गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गतको रु १६ लाख ५३ हजार र यो वर्ष ४ करोड ५ लाख १७ हजार समेत रु ४ करोड २१ लाख ७० हजार आय भई रु ३ करोड ४० लाख २५ हजार खर्च गरी रु ८१ लाख ४५ हजार मौज्दात छ । सो कारोबारको लेखापरीक्षणवाट देखिएको व्यहोरा देहाय छन् :

१. **संस्थागत सुशासन र वित्तीय जवाफदेहिता-** आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता,प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी,खर्च,लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन र तिनिहरूको पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ।सो बारे वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व पालनाको स्थिती मूल्याङ्कन गर्दा सेवाग्राही संग अन्तरक्रिया गर्ने गरेको, जोखिम पहिचान, समयमा अख्तियारी, समयमा बजेट, कर्मचारीलाइ अधिकार र जिम्मेवारी, जनशक्ति अभाव, जिन्सी सामानको व्यवस्थापन, सेवा प्रवाह, कार्यक्रमको अनुगमन तथा मुल्यांकन आदि गर्ने गरेको पाइएन । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन ध्यान जान जरुरी देखिन्छ ।

२. **साविक पाटी :** आन्तरिक श्रोतवाट रु.३७,५८१।- नगद आम्दानी भएको देखिन्छ । नगद बुझिलिएको नगदी रसिदको प्रतिलिपी समाबेश गरेको पाइएन । प्राप्त भएको नगद ३ दिन भित्रदाखिला गर्नुपर्ने भएतापनि पहिलो ३ महिनाको आन्तरिक आय रु.३७,५८१।- एकमुष्टढिलागरी दाखिला गरेको पाइयो ।

३. **साविक याङशीला :** स्टेशनरी सामान खरिद गरी कन्टेन्जेन्सीबाट रु २६,०००।- खर्च गरेको छ । खरिद गरिएका सामानको कर बिजक समेत संलग्न पाइएन । जिन्सी खातामा दाखिला भएको समेत देखिएन ।

४. अफिस टेवल बनाई रु ५,०००।- भुक्तानी खर्च गरेको छ । सो सामान जिन्सी आम्दानी नगरेकोले जिन्सी स्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।

५. अनुगमनरु १०,०००।- खर्च गर्दा अनुगमन प्रतिवेदन समावेश भएन ।

६. विद्युत विस्तारकार्य वर्षान्तमा कार्यसम्पन्न गर्नेगरी रु १०,००,०००।- र योगदान रु १,९१,०५५।- समेत रु ११,९१,०५५।- मासम्झौता भएको छ । सो को विल भर्पाई भए पनि कार्यसम्पन्न प्रतिवेदनरु २,२८,३३५।- भएकोले रु ११,९१,०५५।२७ को कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

७. यो वर्षको आषाढ २० मा कार्यसम्पन्नरु ३५,२१,६९५।-सम्झौता गरेकोमा साविक निकायवाट रु ५,००,०००।- मध्ये रु ४,५०,४९७।०० खर्च लेखेको छ । सो कार्यसम्पन्न भएको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

८. तहबिल मौज्दातरु.३२,०००/- बैंक दाखिला गर्दा सक्कल नराखि आय गरेको देखियो । आन्तरिक हस्तान्तरण कार्य गर्दा आय दाखिला भए विना नै प्रमाणराखेको पाइयो ।

९. **भिन्नता :** आर्थिक विवरणले मौज्दात परीक्षण साविक निकायको रु.४,७७,१२०/- र खर्च रु.४,४९,०८२।- भई फरकरु.२८,०३७/- रहेको पाइयो । पूँजीगत खर्चरु.११,४१,०००।- र आर्थिक विवरणमा रु.११,४०,९००।- रहेको देखिदा फरक रु.१००।- देखिएको छ । अतः बैंक नगदी किताब अनुसार आर्थिक विवरण बनाउनु पर्दछ ।

१०. **कर कट्टि :** आयकर ऐन, २०५८ को दफा ९० (४) मा अग्रिम आयकर कट्टि गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ ।दोस्रो चौमासिकसम्म कट्टि भई दाखिला गर्न बाँकी रहेको कर नियम अनुसार राजश्व दाखिला नगरीतेस्रो चौमासिकमा रु.५६,१४४।- एकमुष्ट राजश्व दाखिला भएको देखियो ।

११. आन्तरिक लेखापरीक्षणबाट औल्याइएका व्यहोराहरु लेखापरीक्षण हुनुभन्दा पहिले नै असूल फछ्र्यौट गर्नुपर्नेमाा लेखापरीक्षण अवधि सम्म पनि फछ्र्यौट नगरेकोले औल्याएको व्यहोरा असूल फछ्र्यौट हुनुपर्दछ । जिन्सी व्यवस्थामा सुधार, भुक्तानी दिंदा बुझाएको भरपाई, कार्यक्रमको लागत अनुमान सहितको प्रस्ताव पेश, यथेष्ट प्रमाण विना निर्माण व्यवसायीलाई भुक्तानी आदिको प्रमाण पेश हुनुपर्नेमा सो भएको पाइएन ।रु १,००,०००।- खर्च लेखेकोमा रु ७,८२५।- को विल घटी राखेकोले विल भर्पाई भन्दा बढी खर्च लेखेको असुल भएको समेत नपाईएकोले औल्याएको व्यहोरा फछ्र्यौटमा तदारुकता देखाउनु पर्ने देखिन्छ ।

१२. **सामानको संरक्षण एवं हस्तान्तरण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ । यसै

गरी नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउपालिकारुलाई नयाँ संरचना अनुसार केरावारी गाउपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन। जिन्सी सामान हस्तान्तरण हुन नसक्दा लगत गोलमाल हुन सक्ने, सामानको दुरुपयोग हुन सक्ने र सामान हराउन सक्ने सम्भावना रहेको देखिँदा अविलम्ब निम्नानुसार गाउपालिकामा रहेका सम्पूर्ण जिन्सी सामान लगत खडा गरी हाल गाभिएको नगरपालिका वा मन्त्रालयले तोकेको सरकारी निकायमा दाखिला गर्नुपर्ने देखिन्छ।

**बेरुजुको स्थिति**

यो वर्ष लेखापरीक्षणवाट रु १ लाख ११ हजार शुरु बेरुजु रहेको मध्ये असुल गर्नुपर्ने रु ६४ हजार नियमित गर्नुपर्ने रु ४७ हजार बाँकी छ।

## मिक्लाजुङ्ग गाउँपालिका
### लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु २० लाख ३३ हजार र यो वर्ष ६ करोड ५५ लाख ६२ हजार समेत रु ६ करोड ७५ लाख ९५ हजार आय भई रु ५ करोड ६१ लाख ८६ हजार खर्च गरी रु १ करोड १४ लाख ९ हजार मौज्दात बाँकी छ। सो कारोबारको लेखापरीक्षणवाट देखिएको व्यहोरा देहाय छन् :-

१. **संस्थागत सुशासन र वित्तीय जवाफदेहिता-** आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता,प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी,खर्च,लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन र तिनिहरूको पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ।सो बारे वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व पालनाको स्थिती मूल्याङ्कन गर्दा सेवाग्राही संग अन्तरक्रिया गर्ने गरेको, जोखिम पहिचान, समयमा अख्तियारी, समयमा बजेट, कर्मचारीलाइ अधिकार र जिम्मेवारी, जनशक्ति अभाव, जिन्सी सामानको व्यवस्थापन, सेवा प्रवाह, कार्यक्रमको अनुगमन तथा मुल्यांकन आदि गर्ने गरेको पाइएन । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन ध्यान जान जरुरी देखिन्छ ।

२. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ८ मा खर्च शीर्षकमा बजेट परेको भए खर्च गर्नुपर्ने व्यवस्था छ । साविक निकायको बजेट प्रति महिना रु १०,०००।- का दरले रु १,२०,०००।- इन्धन एक सुरक्षा निकायको खर्च लेखेको छ । खर्च लेख्न नपाइने हुँदा नियमित गरी दोहोरो नपर्ने गरी खर्च व्यवस्थापन गर्नुपर्दछ ।

३. आर्थिक कार्यविधि नियमाावली, २०६४ को नियम ३६(क) अनुसार विल विजक वेगर भुक्तानी गर्न नहुने उल्लेख छ । कार्यालयले एक व्यवसायीलाई रु ३,३६,६९७।- भुक्तानी गर्दा विजक बेगर भुक्तानी गरेकोलेसोको प्रमाण पेश हुनुपर्दछ ।

४. आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी जिन्सी ७ दिनभित्र दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । खरिद भएको रु ५,४९,३५७।- का सामानहरु दाखिला गरेको देखिएन । खरिद गरेका सामान जिन्सी दाखिला गर्नुपर्दछ ।

५. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा निर्माण कार्यको नापी किताब र कार्य सम्पन्न प्रतिवेदन समेत हुनुपर्ने व्यवस्था गरेको छ । मर्मत गरेकोरु ९३,५००।- नापी किताब, कार्यसम्पन्न तयार नगरी खर्च लेखेको छ ।

६. **साविक मधुमल्ला :** निर्माण कार्य गरी गर्दा नियमानुसार कर कट्टी गरेको रु ५२,६९५।- मध्ये रु ४०,१५३।- जम्मा गरेकोले बाँकी रु १२,५४२।- राजस्व दाखिला गर्नुपर्ने देखिएको छ ।

७. एक व्यक्तिलाई रु १,००,०००।- पेश्की दिई रु ८१,१४४।- फछ्र्यौट गरेकोले बाँकी रु १८,८५६।- देखिएको असूल हुनुपर्दछ । निकायले अन्त्यमारु ६४,३३,३९२।- तथा पेश्की रु ५९,७६,७६८।- देखाएकोले घटी मौज्दात रु ४,५६,६२४।- छानविन गरी असूल हुनुपर्दछ । यस बारे छलफल हुँदा नगदै दाखिला हुन आएको जानकारी गराएपनि दाखिला भएको स्पष्ट भएन । स्थिति एकिन गरी असूल गर्नुपर्दछ ।

८. **साविक टाँडी :** आयकर ऐन, २०५८ को दफा ९१ मा अग्रिम कर कट्टा गरेको अर्को महिनाकाो २५ गते भित्र दाखिला गरिसक्नुपर्ने व्यवस्था छ । वडालेरु १४,६१८।- दाखिला गर्न बाँकी राखेकोले शिघ्र दाखिला गर्नुपर्दछ ।

८.१. स्रेस्ता अनुसार रु ३,४४,९३६।-आम्दानीभएकोमा आर्थिक विवरणमा रु ३,४४,४३०।- घटी दाखिलारु ४,५००।- दामकाम गर्नेवाट असूल गर्नुपर्दछ ।

८.२. अन्य आयमा आर्थिक विवरणमापरेको रु १,८४,१९०।- छ र आय खातामा जोडजम्मा गर्दा रु १,९३,१९०।- देखाएकोले घटीरु ९,०००।- दामकाम गर्नेबाट असूल हुनुपर्दछ ।

८.३. बैठकमा खाजा खर्चको ८ बैठकको प्रति रु ५००।- का दरले ९ जनाले रु ३६,०००।- नगदै बुझेको नियमित देखिएन ।

८.४. आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(१) मा जिन्सी सामान खरिद गरेपछि आफ्नो जिम्माको जिन्सी सामान ७ दिन भित्र दाखिला गर्नुपर्ने व्यवस्था भए पनि सामान रु ४,०८०।- को दाखिला गरेको देखिएन । एक सप्लायर्सवाट रु ३०,७५०।- का सामान खरिदमा १५ प्रतिशतले कर कट्टा नगरेको रु ४,६१२।- असूल गरी दाखिला गर्नुपर्दछ ।

९. **साविक रमिते खोला गाउँ विकास समिति :** स्रेस्तामा रु २८,९८९।- र बैकमा रु ४७,५००।- रहेकोमा आय व्यय विवरणले रु २,९८९।- मात्र रहेकोले दामकाम गर्नेबाट घटीरु ४७,५००।- असूल हुनुपर्दछ ।

१०. रमितेखोला गाविसकोको आम्दानीको स्रेस्ता लेखापरीक्षणमा पेश भएन ।

११. हटिया ठेक्का १,१६,०००।- माएक व्यक्तिलाईरु ९४,०७५।- प्राप्त भएको देखिएकोले रु २१,९२५।०० प्राप्त भई बाँकी रु ७२,१५०।- असूल हुनुपर्दछ ।

१२. आन्तरिक लेखापरीक्षणबाट औल्याइएको व्यहोराहरु असूल फछ्र्यौट हुनुपर्दछ ।

१२.१. आदेश वेगर खर्च गर्न नहुने र खर्चका विल भपाई सहित खर्च गर्न पर्नेमा रु १,२५,०००।- खर्च गर्दा सो प्रमाण संलग्न गरेको छैन भने धुर्पा सडक निर्माण गरी रु १,२५,०००।- खर्च गर्दा लागत अनुमान मिलेको देखिएन । अतः नियमानुसारको प्रमााण कागजात संलग्न गरी भुक्तानी गर्नुपर्दछ ।

१२.२. प्राप्त जिन्सी सामान जिन्सी आम्दानी जनाउनुपर्दछ । सामानको रु ३५,७२९।- खरिद गर्दा सामानहरु जिन्सी दाखिला नगरेकोले जिन्सी दाखिला हुनुपर्दछ ।

१३. **साविक मधुमल्ला गाउँ विकास समिति :** अधिकार प्राप्त अधिकारीको आदेश वेगर खर्च गर्न नहुने र खर्चका विल भपाई वेगर खर्च गर्न नहुनेमा नदि नियन्त्रणमा लागत अनुमान र नापी किताब वेगर रु ४,००,०००।- खर्च लेखेको छ भने विल भर्पाई वेगर वडा मञ्चको रु ५४,०००।- खर्च लेखेको छ ।नियमानुसारका रु ४,५४,०००।- प्रमाणहरु पेश हुनुपर्दछ ।

१३.१. जिन्सी सामान जिन्सी आम्दानी जनाउनुपर्दछ । विभिन्न २ भौचरवाट खरिद भएकोसामानरु १,२८,८७०।- सामानको जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

१३.२. आयकर ऐन, २०५८ बमोजिम भुक्तानीमा कट्टा गरेको अग्रिम रकम यथा समयमा दाखिला हुनुपर्दछ । यो वर्षमा कट्टा गरेको अग्रिम रु २१,४२३।- दाखिला गरेको छैन । कर दाखिला हुनुपर्दछ ।

१४. **साविक टाँडी गाउँ विकास समिति :** जिम्मेवार व्यक्तिको आदेश वेगर खर्च गर्न नहुने र खर्चका विल भपाई वेगर खर्च गर्न नहुने व्यवस्था छ । लागत अनुमान र नापी किताब नराखी एक खानेपानी योजनालाई रु ५५,५००।- भुक्तानी गरेको प्रमाण पेश हुनुपर्दछ र रु ३२,८००।- विल भर्पाईभन्दा बढी खर्च लेखेकोले सो बढी रकम दामकाम गर्नेबाट असूल हुनुपर्दछ ।

१४.१. जिन्सी सामान जिन्सी खातामा आम्दानी जनाउनुपर्दछ । खरिद भएका रु ५९५९०।- कासामानहरु जिन्सी दाखिला गरेको छैन । अत ती सामानहरु दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

१५. **साविक मिक्लाजुङ्ग गाउँ विकास समिति :** एक सडक नाला निर्माण उपभोक्ता समितिलाई लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन वेगर रु २,००,०००।- भुक्तानी गरेकोले प्रमाण पेश हुनुपर्दछ ।

१५.१. सिलाई मेशिन एक थानको रु ११,३००।- जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ।

१५.२. महिला स्वयंसेविकालाई कोष संचालन गर्न रु ९०,०००।- दिएकोमा सो प्रमाण कागजात संलग्न नभएकोले के अवस्था खुल्ने प्रमाण पेश हुनुपर्दछ ।

१५.३. तलब भता खर्च गर्दा रु १,५०,०००।- बुझाएको भर्पाई नभएकोले बुझाएको प्रमाण पेश हुनुपर्दछ ।

१५.४. जनजाती भवन निर्माणको रु १,६०,०००।- खर्च गर्दा लागत अनुमान नापी किताब प्रमाण कागजात संलग्न नभएकोले सो प्रमाण पेश हुनुपर्दछ ।

१५.५. डोरहाजिरवाट रु २५,२००।- खर्च गर्दा बुझाएको नदेखिएकोले बुझाएको प्रमाण पेश हुनुपर्दछ ।

१५.६. ज्यालारु ४८,०००।-खर्च लेखेको भर्पाई संलग्न नभएकोले भर्पाई पेश हुनुपर्दछ ।

१६. **भौतिक निरीक्षण:** जिन्सी खाता परीक्षण गर्दा सम्पूर्ण मालसामानको विवरण उल्लेख नभएको, खातामा मालसामान जिम्मेवारी रहेको उल्लेख नभएको, मालसामानलाई छुट्टाछुट्टै कोड दिएर जिन्सी आम्दानी बाँध्ने गरेको पाइएन । नियमको व्यवस्था अनुरुप जिन्सीलाई अद्यावधिक गर्नेतर्फ कार्यालयको ध्यान जानु जरुरी छ ।

**बेरुजुको स्थिति**

यो वर्ष लेखापरीक्षणवाट रु २९ लाख ६० हजार शुरु बेरुजु रहेको मध्ये असुल गर्नुपर्ने रु १ लाख २९ हजार नियमित गर्नुपर्ने रु २८ लाख ३१ हजार बाँकी छ ।

# इटहरी उप-महानगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.२ करोड २५ लाख १७ हजार र यो वर्ष आय रु. ८२ करोड ९३ लाख २७ हजार समेत रु. ८५ करोड १८ लाख ४४ हजार आम्दानी भएकोमा रु.७८ करोड ६० लाख ६८ हजार खर्च भई रु. ६ करोड ५७ लाख ७६ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **वित्तीय विवरण सम्बन्धमा** : प्रचलित ऐन नियम अनुसार आर्थिक कारोबारको स्वीकृत लेखा ढाँचा बमोजिम लेखाङ्कन गरी बित्तिय बिवरण तयार गर्नुपर्ने, लेखा नीति खुलाउनुपर्ने तथा बित्तिय बिवरणले आर्थिक कारोबारको यथार्थ चित्रण गर्नुपर्दछ । एकीकृत आर्थिक विवरण तयारगर्दा लेखा नीति खुलाउने गरेको पाइएन ।

२. **विवरण पेश नभएको :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची-२४ अनुसारको भुक्तानी दिन बाँकीको विवरण, अनुसूची-२९ अनुसारको सन्तुलन परीक्षण, अनुसूची-३० अनुसारको वासलात, अनुसूची-३१ अनुसारको सम्पत्ति विवरण, अनुसूची-३२ अनुसारको घर विवरण खाता, अनुसूची-३७ अनुसारको वार्षिक तलवी प्रतिवेदन, अनुसूची-४६ अनुसार चल्ति मेशिन वा सवारीको किताब, अनुसूची-५० अनुसारको खर्च भएर जाने जिन्सी मालसामानको खाता, अनुसूची-५१ अनुसारको खप्ने जिन्सी सामानको खाता, अनुसूची-५३ अनुसारको जिन्सी मौज्दातको वार्षिक विवरण लेखापरीक्षणमा पेश भएन ।

३. **लेखा प्रणाली :**स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १९ बमोजिम नगरपालिकाको लेखाङ्कन प्रोद्भावी (एक्रुअल) आधारमा कारोबार गरेको देखिएन भने वासलात तयार नगरेका कारण सम्पति र दायित्वको यर्थाथ चित्रण हुने अवस्था देखिएन ।

४. **लेखा सफ्टवेयर** : राजस्व शाखाले राजस्व असुलीको अलग्गै कम्प्युटर सफ्टवेयर प्रयोग गरेको र लेखा शाखाले अलग्गै कम्प्युटर सफ्टवेयर प्रयोग गरेको र धरान खानेपानी आयोजनाको समेत दुई भिन्दा भिन्दै खाताहरूमा भिन्दाभिन्नै कम्प्युटर सफ्टवेयरहरू प्रयोग गरेको देखिन्छ । राजस्वको कम्प्युटर सफ्टवेयरको लेखांकनमा समायोजन नगरी खातामा मात्र समायोजन गरी रकम उल्लेख गर्ने र सोही अनुसार लेखालाई राजस्वको विवरण पठाउने गरेको पाइयो ।

५. **आन्तरिक नियन्त्रण प्रणाली :** आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देहाय बमोजिम देखियो

५.१. **वार्षिक रुपमा आन्तरिक लेखा परीक्षण :** स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १३५ बमोजिम मासिक रूपमा आन्तरिक लेखापरीक्षण गरी चौमासिक रूपमा प्रतिवेदन पेश गर्नुपर्नेमा वार्षिकरुपमा आन्तरिक लेखापरीक्षण गरेको देखियो ।

५.२. **आन्तरिक कार्यविधि तयार नगरेको :** कार्यप्रक्रिया व्यवस्थित गर्न आन्तरिक कार्यबिधि तयार गरेको देखिएन ।

५.३. **नगदवाट कारोवार :** आयकर ऐन, २०५८ अनुसार रू.५० हजारभन्दा माथिको भुक्तानी बैंक मार्फत् हुनुपर्ने प्रावधान रहेको भए तापनि कर्मचारीको पारिश्रमिक लगायत कार्यक्रम सञ्चालन खर्च समेत बैंकिंग प्रकृया मार्फत नभई नगदमा वितरण गर्ने गरिएको पाइयो ।

६. **योजना तर्जुमा, कार्यान्वयन** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा तथा नियमावली, २०५६ को नियम बमोजिम योजना तर्जुमा र कार्यान्वयन हुनुपर्दछ । योजना तर्जुमा, कार्यान्वयनमा देखिएका व्यहोरा देहाय वमोजिम छन्:

७. **अभिलेख :** स्थानीय स्तरमा सञ्चालन हुने योजनाहरु वडास्तरवाट छनौट भई आएको हुनुपर्ने र नगरपरिषद्बाट पारित भए पछी कार्यान्वयन हुनुपर्नेमा नगरपरिषद्बाट पारित गरेको अभिलेख राखेको पाइएन ।

८. **अन्तिम महीनामा सम्झौता :**स्थानीय निकाय श्रोत परिचालन कार्यविधि, २०६९ मा आ.व.को अन्त्य अर्थात् बैशाखमसान्त पछि कुनै पनि योजना तथा कार्यक्रम सम्झौता नगर्ने नगराउने प्रावधान रहेकोमा विकास निर्माण कार्यक्रमहरू जेष्ठ र असार महिनामा सम्झौता भएको देखियो ।

९. **अनुगमन तथा मूल्याङ्कन :** अनुगमन तथा मूल्याङ्कन हुने गरेको विवरण उपलब्ध नगराएकोले सम्पन्न आयोजनाको सम्वन्धमा मूल्याङ्कन गर्न सकिने अवस्था रहेन ।

१०. **सार्वजनिक खरिद व्यवस्थापन** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ७१ बमोजिम मू.अ.करमा दर्तावाल स्थायी लखा नम्वरवाला व्यवसायी र फर्म र संस्था वा कम्पनीबाट मात्र खरिद गर्न अनिवार्यता रहेकोमा कतिपय अवस्थामा सोको परिपालना भएको देखिएन । ५ हजार रुपैयाभन्दा कम मोलको खरिदको बिल बीजक स्थायी लेखा नम्वर वाला वा निवेदन वा भर्पाईको तोक आदेशबाट भुक्तानी हुनु पर्नेमा सो वेगर नै भुक्तानी हुने गरेको छ ।

चालू आ.व.२०७३।७४ मा मौजूदा सूचीमा नरहेका व्यापारीक फर्महरूबाट खरिद गर्ने गरेको पाइयो । कार्यालयले बोलपत्र मार्फत् गराउनु पर्ने कतिपय कामहरू अमानतमा गराएको र ठेक्का टुक्राएर गराएको र एकै व्यक्ति वा फर्मबाट पटकापटक गराइएको समेत देखिएका छन । स्वीकृत नर्म्स र जिल्ला दररेट अनुसार लागत अनुमान तयार गरेको विवरण प्रस्तुत नगरेको, माटो काटने कार्यका लागि ८० प्रतिशत मेशिन र २० प्रतिशत. म्यानुअलमा आधारित भई दर विश्लेषण लेखपरीक्षणको समयमा पेश गरेको छैन ।

११. **निर्माण कार्य व्यवस्थापन** : स्था.नि.आ.प्र.नि., २०६४ को निमय १२८ बमोजिम कार्यतालिका बेगर खरिद र निर्माण कार्यको सम्झौता गर्ने र कार्यतालिका भएकोमा सोको अनुसरण नगर्ने स्थिति रहेको छ । सार्वजनिक खरिद ऐन, २०६३ स्था.नि.आ.प्र.नि., २०६४ को नियम १३२ र खरिद सम्झौताको प्रावधान विपरित रितपूर्वकको निवेदन बेगर म्याद थप हुने, हर्जाना लगाउनु पर्नेमा नलगाई म्याद थप हुने, एकपटक थपिएको म्यादमा काम नभई पुनः थपेको स्थिति समेत छ । निर्माण व्यवसायीको ढिलाईको कारण देखिनेमा पनि हर्जाना नलगाई म्याद थप भएको स्थिति छ ।

स्था.नि.आ.प्र.नि., २०६४ को नियम २१२ देखि २१७ सम्म बमोजिम खानेपानी पाइप, जस्तापाता तथा तारजाली खरिद, वितरण, जडान र मौज्दात भिडान नहुने, मौज्दात रहने गरी निर्माण सामग्री खरिद गर्ने आदी देखिएको छ ।

स्था.नि.आ.प्र.नि., २०६४ बमोजिम पेश्की बाँकी रहने, सम्झौता अनुसारको कार्य सम्पन्न नभएकोमा कार्यसम्पादन जमानत तथा पेश्की जमानतको म्याद सम्वन्धमा अद्यावधिक अभिलेख पेश भएको छैन ।

१२. **उपभोक्ता समिति मार्फत कार्य व्यवस्थापन :** उपभोक्ता समितिले पाएको काम निर्माण व्यवसायी मार्फत् गराएको, उपभोक्ता समितिलाई कार्यसम्पन्न, रेखदेख, मर्मत(सम्हार गर्ने जिम्मेवारी तोकेर हस्तान्तरण नगरेको, बढी जटिल प्राविधिक पक्ष समेत समावेश भएका र मेशिनरीको समेत बढी प्रयोग हुने काम उपभोक्ता समितिलाई दिन नहुने प्रावधानको पालना नभएको स्थिति छ । स्था.नि.आ.प्र.नि., २०६४ को नियम १२०, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ५०(५) तथा कार्यविधि र निर्देशिकाहरू बमोजिम उपभोक्ता समितिबाट तोकिएको (स्वीकृत) जनसहभागिता रकम रू.१,३६,००,०००।- मध्ये रू.१,३३,२८,२६०।- मा जुटाउन सकेको एवं कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी गर्ने गरेको विवरण अद्यावधिक छैन ।

१३. **सम्पति संरक्षण :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम सम्पत्ति संरक्षण र अभिलेख अन्तिम लेखा परीक्षणमा प्रस्तुत भएको छैन । जिन्सी लगतका सम्बन्धमा स्थानीय निकाय आर्थिक प्रशासन नियम २०६४ को नियम २१२, २१३, २१४, २१५, २१६ पूर्णरूपमा पालना भएको पाइएन । त्यस कार्यालयले स्थिर सम्पत्तिको खाता राखेको नदेखिएको र भौतिक सम्पत्तिको मूल्यांकन गर्ने व्यवस्था नभएकोले सम्पत्तिको यथार्थ अवस्था यकिन गर्न सकिएन । कार्यालयबाट वडाहरूमा निकासा भएको सम्पत्तिको विवरण सम्बन्धित वडा कार्यालयहरूमा अद्यावधिक नभएको, निकासा भएको र वडा कार्यालयहरूमा मौजूदा रहेको सम्पत्ति भिडान गर्न नसकेको, कार्यालयले कुनै पनि सम्पत्तिमा ह्रास कट्टी नगरेको र तत्सम्बन्धी व्यवस्थापन गरेको छैन भने कार्यालयले आफ्नो सम्पत्तिहरूको बीमा गरेको छैन ।

१४. **नगद व्यवस्थापन :** कार्यालयले उठाएका विभिन्न प्रकारका राजस्वहरू बैंक मार्फत प्राप्त नभई नगदमै प्राप्त गर्ने र नगद मौज्दातको मासिक ब्यालेन्स आ.व. प्रारम्भ भए पछि बढ्दै जाने र अन्तिम चौमासिक पछि कार्यालयले प्रस्तुत आय विवरणमा सीमित हुने गरेको देखियो । कार्यालयको राजस्व शाखाले लामो समयसम्म कार्यालयमै नगद मौज्दात राख्ने गरेकोमा नगदको बीमा गर्नु पर्नेमा गरेको छैन । यसरी नगद सम्वन्धी सम्भावित जोखिम तर्फ कार्यालय समय मै सचेत हुनु पर्ने देखिन्छ ।

१५. **आयकर रकम कट्टा नगरेको** : आयकर ऐन, २०५८ को दफा ८८ र ८९मा अग्रीम कर कट्टा गरि भुक्तानी गर्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न उपभोक्ताहरु मार्फत विभिन्न विकास निर्माण कार्य गराई खर्च लेखेकोमा उपभोक्ता समितिहरुले निर्माण कार्य गर्न खरीद गरेका विभिन्न निर्माण सामग्री खरीदको भुक्तानीमा आयकर रकम कट्टा गरेको छैन । यसरी ऐनमा भएको व्यवस्था अनुसार भुक्तानीमा कर कट्टा नगरी भुक्तानी गरेको रु.३,२७,१६९।- असुल हुनुपर्दछ ।

१६. **जिल्ला दररेटभन्दा बढी खर्च लेखेको** : स्थानीय जिल्ला दररेटले निर्धारण गरेको दररेटमा ज्याला खर्च लेख्नु पर्दछ । कार्यालयले विभिन्न भौ.नं.र मितिवाट नर्सरीमा विरुवा गोडमेल गरेको भनी २ जनालाई मस्टररोल फाराम भरी ज्यामी ज्याला दैनिक रु.५७४।- का दरले ज्याला खर्च लेखेको छ । यस सुनसरीको जिल्लाको लागि ज्याला दर रु.४७५।- तोकिएको र सो ज्याला दरले मात्र खर्च लेख्नुपर्नेमा रु.५७४।- का दरले खर्च लेखेवाट दैनिक तोकिएको दररेटभन्दा रु.९९।- बढी दरले खर्च लेखेको छ ।

यसरी तोकिएको दररेटभन्दा बढी खर्च लेखेको रकम रु.२८,५५२।- असुल गर्नुपर्दछ ।

१७. **मोटर साइकिल खरीद :** कार्यालयको नाममा खरीद भएको सवारी साधन सरकारी नम्वरी प्लेट सेतो मा दर्ता गराउनु पर्ने व्यवस्था छ । कार्यालयले ११३ मिति २०७३।५।२४ वाट तिरुपति अटो सिटी को विल नं १२९६ मिति २०७३।३।२९ को विल अनुसार यामाहा मोटर साइकिल खरीद गरी रु.२५८,९००।- खर्च लेखेको छ । कार्यालयले खरीद गरेको उक्त सवारी साधनको सवारी नम्वर को प ५०५० रहेको छ । यसरी कार्यालयको वजेटवाट खरीद भएका सवारी साधन सरकारी नम्वर प्लेटमा दर्ता गराउनु पर्नेमा हाल सम्म निजी सवारी नम्वरमै दर्ता रहेको देखिंदा उक्त सवारी साधन सरकारी नम्वरमा दर्ता गर्नुपर्ने देखिन्छ ।

१८. **भुक्तानी दिन बाकी प्रमाण वेगर खर्च लेखेको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) अनुसार चालु वर्षको वजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व श्रृजना गर्नु हुदैंन । तर विशेष कारण एंव परिस्थितिवस चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा विल भरपाई वमोजिमको रकम तोकिएको ढांचामा भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गराई राख्नु पर्ने व्यवसथा छ । कार्यालयले उक्त नियमावलीमा तोकिए अनुसारको भुक्तानी दिन बाँकीको प्रमाणित कच्चावारी वेगर विभिन्न खर्च लेखेको रु.३,९८,५४९।- नियमित देखिएन ।

१९. **गैर सरकारी संस्थावाट काम गराई खर्च लेखेको :** सार्वजनिक खरीद नियमावलीमा भएको व्यवस्था अनुसार ऐनको दफा ४६ वमोजिम गैर सरकारी संस्थावाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि,कामको गुणस्तर,जनशक्ति, कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने तथा उप नियम (२) अनुसार सार्वजनिक निकायले उप नियम (१) वमोजिमको काम गराउनको लागि त्यस्तो काम गर्ने उद्दश्य राखी प्रचलित कानून वमोजिम दर्ता भएको र नियम १८ वमोजिमको मौजुदा सूचीमा समावेश भएको गैर सरकारी संस्थालाई कम्तीमा १५ दिनको अवधि दिई राष्ट्रिय वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशित गरी सो संस्थावाट प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ईटहरी उपमहानगरपालिका क्षेत्रको वडा नं १ देखि ९ सम्म को सरसफाई गर्न इन्भारो केयर कन्सर्न प्रा लि संग मिति २०७०।७।१ देखि ५ वर्षको लागि मासिक रु.३ लाख दिने गरी सम्झौता भएकोमा कार्यालयको मिति २०७३।३।५ को वोर्ड वैठकको निर्णानुसार साविकमा ९ वडा सम्म सरसफाई कार्य गराउदै आएकोमा २६ वडामा नै सरसफाई काम गर्न थप रकम माग भै आए अनुसार रु.२९०,०००।- थप रकम दिने गरी निर्णय भएको देखिन्छ । यसरी कार्यालयले नियमावलीमा भएको व्यवस्था अनुसार लागत अनुमान तयार गरेको छैन भने गैर सरकारी संस्था छनौट गर्न को लागि पत्रपत्रिकामा सूचना समेत प्रकाशन नगरी विना प्रतिस्पर्धा उक्त इन्भारो केयर कन्सर्न प्रा.लि.संग सम्झौता गरी मासिक रु.५,९०,०००।- का दरले खर्च लेखेको छ । यसरी नियमावलीमा भएको व्यवस्थाको पालना गरेको देखिएन ।

२०. **आय फिर्ता खर्च लेखेको :** सिटी सवारी दर्ताको लागि सिफारीस दस्तुर बुझाएको रकम रु.४६,४००।- कार्यालयको ४९२ मिति २०७३।८।२२ वाट प्रदीप कटुवाल समेत अन्य ३ जनालाई फिर्ता खर्च लेखेको छ । कार्यालयले सिफारीस दस्तुर प्राप्त गरे पछी फिर्ता सम्वन्धितले कुनै कारणवस उक्त कार्य गर्न नसकेमा निजले वुझाएको सिफारिस दस्तुर फिर्ता गर्न सकिने कुनै प्रावधान देखिएन । कार्यालयको तश्रो नगर परीषदवाट स्वीकृत नीति तथा कार्यक्रम अनुसार नक्सापास सम्वन्धी वुझाएको दस्तुर २५ प्रतिशत कट्टा गरी फिर्ता गर्न सकिने गरी व्यवस्था भएको छ तर सोभन्दा बाहेक अन्य फिर्ता सम्वन्धमा कूनै व्यवस्था नभएकोमा समेत कार्यालयले रु.४६,४००।- फिर्ता खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

२१. **जिन्सी दाखिला तथा प्रयोग भएको प्रमाण वेगर खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न भौचर र मितिवाट PCC पोल तथा Hume Pipe रु.११,३१,८०१।- मा खरिद गरेकोमा जिन्सी दाखिला गरेको देखिएन । साथै खरीद गरिएका सामानहरु कहा प्रयोग गरियो सो खुल्ने प्रमाण समेत पेश भएको छैन ।

२२. **बढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) अनुसार रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाचं गर्नु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न सामान खरीद गरी भुक्तानी गर्दा कोटेसन भन्दा बढी भुक्तानी गरेको , विल भन्दा बढी भुक्तानी गरेको समेत रु.९०,६९४।-रकम असुल हुनुपर्दछ ।

२३. **निर्माण कार्य संग असम्वन्धित खर्च :**सार्वजनिक खरीद नियमावली २०६४ अनुसार निर्माण कार्य संग सम्वन्धित खर्च मात्र समावेश गरी लागत अनुमान तयार गर्नु पर्दछ । कार्यालयले ल्याण्ड फिल्ड साईट

कल्भेट निर्माण कार्यको निर्माण कायको लागत अनुमान तयार गर्दा Supply of Branded New Motor bike of 123 Cc २ थान को रु.४५२,०००।- मू.अ.कर सहितको लागत अनुमान तयार भएअनुसार निर्माण व्यवसायी पप्पु कार्की वन्धु जे भी. लाई भौ नं ७४३ मिति २०७४।३।२३ वाट उक्त सवारी साधन वापतको रु.४५२,०००।- समेत भुक्तानी गरेको छ । निर्माण कार्य संग असम्वन्धित खर्च लागत अनुमानमा समावेश नगर्ने भनी सार्वजनिक लेखा समितिको मिति २० को निर्णय समेत भएकोमा सो निर्णय विपरित लागत अनुमानमा सवारी साधन खरीद गर्ने समावेश गरी रु.४,५२,०००। खर्च समेत लेखेको छ ।

२४. **निर्माण कार्य संग असम्वन्धित खर्च :**सार्वजनिक खरीद नियमावली २०६४ अनुसार निर्माण कार्य संग सम्वन्धित खर्च मात्र समावेश गरी लागत अनुमान तयार गर्नु पर्दछ । कार्यालयले Dumataka Bridge Land field site Acess road black top work कार्यको लागत अनुमान तयार गर्दा BOQ आईटमको सि.नं १५ मा Hiring Type of 1 vehicles hard top Jeep 4 wheel drive of least 2500 cc capacity 12 months प्रति महिना रु.१५०,०००।- का दरले BOQ मा समावेश गरी लागत अनुमान तयार गरेको छ ।यस सम्वन्धमा निर्माण कार्य संग असम्वन्धित खर्च लागत अनुमानमा समावेश नगर्ने भनी सार्वजनिक लेखा समितिको मिति २० को निर्णय समेत भएकोमा सो निर्णय विपरित लागत अनुमानमा सवारी साधन Hiring गर्ने समावेश गरी लागत अनुमान तयार गरेको छ र हाल यस वर्ष निर्माण व्यवसायी गीतान्जली।शाह जे.भी.संग सम्झौता गरी मोविलाईजेशन पेश्की सम्म दिएको छ ।

२५. **खरीद व्यवस्थापन :** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ अनुसार खरीद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी खरीद गर्न नहुने व्यवस्था छ । यसै गरी सार्वजनिक खरीद नियमावलीको नियम अनुसार खरीद कार्य गर्न रु.१ लाखभन्दा बढीको खरीदमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै सोही नियमावलीको नियम अनुसार रु.१० लाखभन्दा बढीको खरीद गर्न सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरीद गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले विभिन्न भौ.नं. र मितिबाट कार्यालयलाई आवश्यक पर्ने विभिन्न बिद्युतीय उपकरण, कम्प्युटर, ल्यापटप, प्रिन्टर लगायत खरीद तथा सवारी साधन मर्मत कार्य गर्न नियमवलीमा भएको व्यवस्था अनुसार लागत अनुमान तयार गरी सिलवन्दी दरभाउ पत्रको माध्यमवाट खरीद कार्य गरेको पाईएन ।

२६. **सोझै खरीद :** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ८५(१) मा सोझै खरिद सम्वन्धी व्यवस्था भएको छ । यस अनुसार रु.५ लाखसम्मको लागत अनुमान भएको मालसामानको खरिद यस नियमको अधिनमा रही सोझै गर्न सकिने र सोही नियमको उप-नियम (१ख) अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको एउटै फर्म, व्यक्ति वा संस्था, कम्पनीबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न मिल्ने देखिदैन । कार्यालयले विभिन्न भौ.नं. र मितिवाट गजुरमुखी ईलेक्ट्रिसवाट रु.१०,५२,५४७।, दुर्गा ट्रेर्डसवाट रु.५,९७,७१०।, Computer World Trade वाट ८०४,९९९। पौडेल इलेक्ट्रिक वाट ५४३,९२५। Aadish Auto Parts वाट १६,०८,३५२। सागर अटो पार्टसवाट ११,२९०६२। र सागर ट्रेर्डसवाट १४,१५,९०४। को विभिन्न मालसामान पटक पटक गरी रु.५ लाख भन्दा बढी खरीद गरी खर्च लेखेको छ । यसरी नियमावलीमा भएको व्यवस्था पालना नगरी कार्यालयले खरीद कार्य गरी खर्च लेखेको कार्यलाई स्वच्छ आर्थिक कारोवार भयो भनी भन्न सकिदैन । अत नियमावलीमा भएको व्यवस्था पालना गर्नुपर्ने देखिन्छ ।

२७. **प्रोभिजनल समको खर्च :** BOQ को प्रोभिजनल समको रकम भुक्तानी दिंदा विल अनुसारको रकम मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ ।

२७.१. कार्यालयले लिंक रोड निर्माण वापत निर्माण व्यवसायी विरुवा। पुष्पान्जली/जे.भी.लाई कूल रु.८,५८,३५,६०७।- भुक्तानी गरेकोमा BOQ को जनरल आईटमको प्रोभिजनल समको Insurance of work को रु.७६०,४९०।- तथा Establishment of Laboratary and field testing Equipment Include all necessery accessories को रु.७५७,१००। समेतको रु.१५,१७,९५०/- भुक्तानी गर्दा सोको विल भरपाई पेश गरेको छैन । यसरी प्रोभिजनल समको रकम भुक्तानी गर्दा विल वमोजिमको मात्र रकम भुक्तानी दिनुपर्नेमा विल भरपाई वेगर रकम भुक्तानी गरेवाट सोको विल पेश हुनुपर्दछ ।

२७.२. BOQ को प्रोभिजनल समको रकम भुक्तानी दिंदा विल अनुसारको रकम मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले रोड अपग्रेडिगं वापत निर्माण कुन्सालिगं कन्स्ट्रक्सनलाई कूल रु.१,४८,०७,८१०/- भुक्तानी गरेकोमा BOQ को जनरल आईटमको प्रोभिजनल समको Insurance of work लगायतका ४ आईटमको रु.२६२,१६०/-भुक्तानी गर्दा सोको विल भरपाई पेश गरेको छैन । यसरी प्रोभिजनल समको रकम भुक्तानी गर्दा विल वमोजिमको मात्र रकम भुक्तानी दिनुपर्नेमा विल भरपाई वेगर रकम भुक्तानी गरेवाट सोको विल पेश हुनुपर्दछ ।

२८. **Construction of Bridge in Link Road** : निर्माण व्यवसायी कन्काई ईन्टरनेशनल विल्र्डस प्रा लि संग लागत रु.५,३५,६९,४३८/- मा निर्माण कार्य मिति २०७३।१।१३ सम्ममा सम्पन्न गर्ने गरी मिति २०७१।७।१४ मा सम्झौता भएकोमा तोकिएको समय भित्र कार्य सम्पन्न हुन नसकी २०७३।९।१५ मा प्रथम पटक र मिति २०७३।१०।१२ मा दोस्रो पटक म्याद थप भए अनुसार मिति २०७४ असार मसान्तसम्म म्याद थप भएको छ । उक्त कार्यको भेरियसन १ वाट रु.७७,५५,०९७।- थप समेत कूल रु.६,१३,२४,५३५।- को लागत भएको छ । उक्त निर्माण कार्यको सम्वन्धमा निम्न व्यहोरा देखिएको छ ।

२८.१. **प्रोभिजनल समको खर्च :** BOQ को प्रोभिजनल समको रकम भुक्तानी दिंदा विल अनुसारको रकम मात्र भुक्तानी दिनुपर्नेमा कार्यालयले पुल निर्माण वापत निर्माण व्यवसायीलाई BOQ को जनरल आईटमको प्रोभिजनल समको विमा वापतको रु.२,२६,०००/- भुक्तानी गर्दा सोको विल भरपाई पेश गरेको छैन । यसरी प्रोभिजनल समको रकम भुक्तानी गर्दा विल वमोजिमको मात्र रकम भुक्तानी दिनु पर्नेमा विल भरपाई वेगर रकम भुक्तानी गरेवाट सोको विल पेश हुनुपर्दछ ।

२८.२. **बढी भुक्तानी गरेको :** BOQ को प्रोभिजनल समको रकममध्ये विमा वापतको रु.२,२६,०००।- मात्र समावेश भएकोमा पुन विमा रकम रु.६,४५,१५०।- मु अ.कर समेत थप गरी निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ । उक्त ठेक्काको शुरुको लागत अनुमान अनुसार विमाको लागि रु.२,००,०००।- मू. अ.कर वाहेक भएकोमा निर्माण व्यवसायीलाई विमा वापत रु.७,७०,९३०।- मु.अ.कर वाहेक भुक्तानी गरेको देखिंदा विमा वापत थप रकम भुक्तानी गर्न मिल्ने नदेखिंदा बढी भुक्तानी गरेको रु.५,७०,९३०।- को मु.अ.कर समेत रु.६,४५,१५०।- भुक्तानी गरेको रकम असुल हुनुपर्दछ ।

२८.३. **भेरियसन रकम भुक्तानी :** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५४ मा खरीद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक खरीद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिले सो सम्झौता कार्यान्वयनको कममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई अधिकार प्राप्त अधिकारीले १५ प्रतिशत सम्मको भेरियसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । कार्यालयले उक्त पुल निर्माण कार्यको भरियसन वापत निर्माण व्यवसायीलाई रु.७७,५५,०९६।- (सम्झौता रकमको १४.४६ प्रतिशत) रकम भुक्तानी दिएको छ । उक्त भरिएशनको नियमावलीमा भएको व्यवस्था अनुसार अधिकार प्राप्त अधिकारीले भरियसन स्वीकृत गरेको प्रमाण पेश भएको छैन । यसरी भेरियसन स्वीकृतीको प्रमाण संलग्न नगरी रु.७७,५५,०९६।- खर्च लेखेको रकमको प्रमाण पेश हुनुपर्दछ ।

२९. **बिल भर्पाइ** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) मा कुनै पनि रकमको भुक्तानी दिदा रीत पुगे वा नपुगेको जाच गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहायको भुत्तानी दिदा कार्यादेशमा उल्लेख भए वमोजिम घर,भवन,कम्पाउण्डवाल निर्माणको प्राविधिक फिल्ड निरिक्षण प्रतिवेदन, सर्जमिन प्रतिवेदन पेश भएको पाईएन। कार्यालयले वजेट खर्च लेखेको रु.३२२,५६०।- को कार्यादेशमा उल्लेख भएबमोजिम घर, भवन, कम्पाउण्डवाल निर्माणको प्राविधिक फिल्ड निरिक्षण प्रतिवेदन पेश हुनुपर्दछ ।

३०. **फोटोकपी विलको आधारमा खर्च :** २०७४।३।- मा इन्धन वापत कृष्ण इन्टरप्राइजेज ट्रेडर्सको बिल नं.१३१ मिति २०७३।१२।१३ को फोटोकपी बिलको आधारमा रु.२३,१६९।- भुत्तानी भएकोमा सोको सक्कल विल पेश हुनुपर्दछ ।

३१. **आन्तरिक आय :** स्थानीय निकाय आथिंक प्रशासन नियमावली, २०६४ को नियम २१ मा नगरपालिकाले आफ्नो आम्दानीको लेखा अद्यावधिक बनाई राख्नुपर्ने, आम्दानीसंग सम्बन्धित प्रामाणिक कागजात सिलसिलाबद्ध तरिकाले राख्नु पर्ने तथा लेखा राख्दा आम्दानीको प्रकृति छुट्टिने गरी आवश्यक सहायक अभिलेख तयार गरी राख्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले यस वर्ष रु.१२,८८,५१,१११।- आन्तरीक आम्दानी गरेकोमा सो आम्दानीलाई प्रमाणित गर्ने आवश्यक अभिलेख अद्यावधिक भएको पाइएन । आवश्यक अभिलेख अद्यावधिक नभएवाट कार्यालयलाई प्राप्त हुनुपर्ने आम्दानी, प्राप्त भएको आम्दानी तथा प्राप्त हुन बाँकी आम्दानी सम्वन्धमा यकिन हुन सकिएन । सो आन्तरीक आम्दानीको सम्वन्धमा कार्यालयले यकिन गर्नुपर्दछ ।

३२. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा वजेट खर्च लेख्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले २०७४।१।१२ मा रु.१००,०००।- र २०७४।३।२९ मा रु.४,००,०००।- गरी जम्ममा रु.५,००,०००।- आ.व.२०७२।७३ को लेखापरीक्षण पारिश्रमिक वापत तिम्सिना एण्ड एसोसिएट्सलाई भुक्तानी भएकोमा सम्झौता तथा करवीजक पेश भएन । वजेट खर्च भएको सो कार्यको सम्झौता तथा करवीजक पेश हुनुपर्दछ ।

३३. **पान विलवाट खरीद :** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १९(१) मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्नेछ । कार्यालयले

एस.आर. इन्फोटेक इटहरीबाट विभिन्न मितीमा कम्प्युटर मर्मतको कार्य गराएकोमा प्यानवील प्रयोग भई भुत्तानी भएको पाइयो । कार्यालयले मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीसँग सम्झौता गरी आवश्यकता अनुसार सेवा लिई कर विजक मार्फत भुत्तानी हुनुपर्दछ ।

३४. **अनावश्यक खर्च :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५(१)मा नगर परिषद्बाट स्वीकृत बजेट र कार्यक्रमको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले २०७३।१२।२ मा पिकनिक खर्च वापत रु.४०,०००।- बजेट खर्च लेखेको पाइयो । कार्यालयको कार्यक्रमसंग असम्वन्धित पिकनिक खर्च वापतको खर्च लेखेको रकमको सम्वन्धमा कार्यालयले यस प्रकारको खर्चमा नियन्त्रण हुनु पर्ने देखिन्छ ।

३५. **धरौटी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८ अनुसार प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खाता जम्मा भएको धरौटी खाता र अनुसूची ११ बमोजिमको डांचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार कार्यालयले खाता अद्यावधिक रुपमा राखेको छैन र नियमावलीमा भएको व्यवस्थाको पालना हुनपर्दछ । कार्यालयवाट धरौटी वापतको रकम नगदी रसिद म.ले.प.फा.नं.११ को माध्यमवाट आम्दानी बाधीने गरिएको भए पनि रसिद नियन्त्रण खाता राखी कुन कुन नगदी रसिदवाट सो आम्दानी भयो भनी रसदि नियन्त्रण खाता तथा दैनिक आम्दानी अभिलेख म.ले.प.फा.नं.१०८ राखिएको छैन । कार्यालयले उक्त खाताहरु प्रयोग गरी धरौटी खाता अद्यावधिक गर्नु पर्ने देखिन्छ ।

३६. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) मा यस नियमावलीमा तोकिएको म्याद भित्र कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिने दिने दुबैथरीको कर्तव्य हुने उल्लेख छ । प्राप्त विवरण अनुसार गत विगत वर्षको फछ्र्यौट हुन बाँकी पेश्की रु.३,१७,६५,२०५।- र यस वर्ष विभिन्न कर्मचारी,संघ संस्था,उपभोक्ता समिति तथा निर्माण व्यवसायीको नाममा फछ्र्यौट हुन बाँकी रु.१३,५३,७८,०८२।- देखिएको छ । नियममा भएको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गरिनु पर्दछ ।

३७. **सामाजिक सुरक्षा भत्ता** - कुनै पनि भुक्तानीमा स्रेस्तासाथ संलग्न रहेका बिलभरपाई र अन्य कागजातको यथार्थता यकिन गर्ने दायित्व सम्बन्धित कार्यालय र निकायसंग सम्बन्धित व्यवस्थापनको रहेको हुन्छ । इटहरी नगरपालिकाले समाजिक सुरक्षा भत्ता वितरण गरेको सम्बन्धमा ५ र ६ वडा कार्यालयको सामाजिक सुरक्षा भत्ता परीक्षण गर्दा ५ नं. वडा कार्यालयले जन्म मिति र निकासा बेगर विभिन्न ४ जनालाई रु.४८,०००।- भत्ता वितरण गरेको देखिएकोले अन्य वडाहरुमा समेत यसरी नै भुक्तानी भएको छैन भन्न सकिएन । अतः लेखापरीक्षण गरिएका वडा नं.५ र ६ बाहेक नगरपालिकाबाट निकासा दिएको सामाजिक सुरक्षा भत्ता कार्यालयले छानबिन गरी यकिन गर्नुपर्ने देखिन्छ । सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा कार्यालयले छानविन गरी नपाउने रकम भुक्तानी भएको देखिए सो रकम समेत असुल उपर गर्नुपर्दछ ।

३८. **फोटो सहितको मूल अभिलेख वेगर खर्च :**सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद्द-३ दफा ९ मा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहितको अनुसूची-५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले फोटो सहितको मूल अभिलेख अद्यावधिक गरी नराखेकोले लाभग्राहीहरुको नाम भिडान गर्न सकिएन ।

३९. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद्द-७ दफा २४(क) मा बैंक मार्फत भत्ता वितरण गर्न नगरपालिकाले लाभग्राहीहरुको अद्यावधिक नाम नामेसी, ठेगाना, परिचयपत्र नम्बर, नागरिकता/जन्म दर्ता प्रमाण पत्र नम्बर सहितको विवरण सम्बन्धित बैंकमा पठाउनु पर्ने छ । दफा २४(छ) मा बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण चौमासिक रुपमा सम्बन्धित नगरपालिकामा पठाउनु पर्ने र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने व्यवस्था छ । यस नगपालिकाले उक्त व्यवस्था अनुरुप बैंकहरुले वितरण गरेको प्रमाणित अभिलेख (वडा नं.५ र ६ बाहेक) प्राप्त नगरेकोले कुन बैंकमा कति लाभग्राहीको लागि कति रकम निकासा गए र एउटै बैंकबाट १७ वटा वडा सम्मको भत्ता वितरण गर्ने गरेकोमा १७ मध्ये पनि एउटै वडाको अर्को बैंकबाट पनि वितरण गर्ने गरेकोले वडागत र बैंकगत वितरण गरेको सामाजिक सुरक्षा भत्ता वितरणको लाभग्राहीको नाम र हिसाब भिडान गर्न सकिएन ।

४०. **आन्तरिक लेखापरीक्षण प्रतिवेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम अनुसार आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औंल्याईएका बेरुजू अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै नियमति गर्नुपर्ने बेरुजू नियमित गरी र असुल गर्नुपर्ने बेरुजू असुल गरी बेरुजू फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणले औंल्याईएका नियमित गर्नु पर्ने विभिन्न बेरुजू रु.३७,८२,८४१।-र

असुल गर्नुपर्ने रु.४०,९२७।- अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि नियमित तथा असुल फछ्र्यौट गरेको छैन । यसरी नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

४१. **आनुपातिक कट्टी** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)(ढ) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निर्माण कार्यको भुक्तानीमा आनुपातिक कट्टा नभई बढी भुक्तानी भएको रु.७३,९६२।- असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

४२. **स्रेस्ता लेखापरीक्षणको लागि पेश नभएको**: कार्यालय वाट प्राप्त आय व्यय विवरण अनुसार कोष तर्फको ४ विभिन्न कार्यक्रमको रु. २,५९,१६,२६२/३७ को विवरण पेश भएता पनि सो को स्रेस्ता लेखापरीक्षणको लागि पेश गरेको छैन । उक्त कार्यक्रमको सेस्ता पेश गरी लेखा परीक्षण गराउनु पर्दछ ।

४३. **आन्तरीक आय बक्यौता** : कार्यलयको आन्तरीक लेखा परीक्षण प्रतिवेदन अनुसार विभिन्न ठेकेदारहरु संग गत विगत वर्ष देखि हाल सम्मको ठेक्का रकम उठन बाकी विवरण अनुसार रु.७०,०१,५९८।२९ देखिएको छ । कार्यालयले उक्त उठन बाकी रकम नियमानुसार व्याज समेत गणना गरी रकम असुल गर्नु पर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष उप-महानगरपालीकाको लेखापरीक्षणबाट रु.१८ करोड ६२ लाख २४ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.८२ लाख ५४ हजार नियमित गर्नुपर्ने रु.४ करोड २५ लाख ९२ हजार र पेश्की रु.१३ करोड ५३ लाख ७८ हजार रहेको छ ।

# धरान उप-महानगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.५ करोड ९० लाख ९१ हजार र यो वर्ष आय रु.१ अरब १० करोड ४२ लाख ३४ हजार समेत रु. १ अरब १६ करोड ३३ लाख २५ हजार आम्दानी भएकोमा रु.१ अरब ५ करोड २४ लाख १ हजार खर्च भई रु. ११ करोड ९ लाख २४ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **वित्तीय विवरण सम्बन्धमा** : प्रचलित ऐन नियम अनुसार आर्थिक कारोबारको स्वीकृत लेखा ढाँचा बमोजिम लेखाङ्कन गरी बित्तिय बिवरण तयार गर्नुपर्ने, लेखा नीति खुलाउनुपर्ने तथा बित्तिय बिवरणले आर्थिक कारोबारको यथार्थ चित्रण गर्नुपर्दछ । एकीकृत आर्थिक विवरण तयार गर्दा लेखा नीति खुलाउने गरेको पाइएन ।

२. **विवरण पेश नभएको :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची-२४ अनुसारको भुक्तानी दिन बाँकीको विवरण, अनुसूची-२९ अनुसारको सन्तुलन परीक्षण, अनुसूची-३० अनुसारको वासलात, अनुसूची-३१ अनुसारको सम्पत्ति विवरण, अनुसूची-३२ अनुसारको घर विवरण खाता, अनुसूची-३७ अनुसारको वार्षिक तलवी प्रतिवेदन, अनुसूची-४६ अनुसार चल्ति मेशिन वा सवारीको किताब, अनुसूची-५० अनुसारको खर्च भएर जाने जिन्सी मालसामानको खाता, अनुसूची-५१ अनुसारको खप्ने जिन्सी सामानको खाता, अनुसूची-५३ अनुसारको जिन्सी मौज्दातको वार्षिक विवरण लेखापरीक्षणमा पेश भएन ।

३. **मौज्दात फरक :**आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा चालू आ.व. २०७३।७४ को अन्तमा नगद मौज्दात रू.२१,०७,७२८।- उल्लेख भएकोमा एकीकृत आर्थिक विवरणमा नगद मौज्दात रकम रू.११,३९,९६२।- मात्र देखिएकोले रु.९,६७,७६६।- फरक परेको सम्वन्धमा स्पष्ट गरिएको छैन ।

४. **लेखा प्रणाली :**स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १९ बमोजिम नगरपालिकाको लेखाङ्कन प्रोद्भावी (एक्रुअल) आधारमा कारोबार गरेको देखिएन भने वासलात तयार नगरेका कारण सम्पति र दायित्वको यर्थाथ चित्रण हुने अवस्था देखिएन ।

५. **लेखा सफ्टवेयर** : राजस्व शाखाले राजस्व असुलीको अलग्गै कम्प्युटर सफ्टवेयर प्रयोग गरेको र लेखा शाखाले अलग्गै कम्प्युटर सफ्टवेयर प्रयोग गरेको र धरान खानेपानी आयोजनाको समेत दुई भिन्दा भिन्दै खाताहरूमा भिन्दाभिन्नै कम्प्युटर सफ्टवेयरहरू प्रयोग गरेको देखिन्छ । राजस्वको कम्प्युटर सफ्टवेयरको लेखांकनमा समायोजन नगरी खातामा मात्र समायोजन गरी रकम उल्लेख गर्ने र सोही अनुसार लेखालाई राजस्वको विवरण पठाउने गरेको पाइयो ।

६. **आन्तरिक नियन्त्रण प्रणाली :** आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देहाय बमोजिम देखियो

६.१. **वार्षिक रुपमा आन्तरिक लेखा परीक्षण :**स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १३५ बमोजिम मासिक रूपमा आन्तरिक लेखापरीक्षण गरी चौमासिक रूपमा प्रतिवेदन पेश गर्नुपर्नेमा वार्षिकरुपमा आन्तरिक लेखापरीक्षण गरेको देखियो ।

६.२. **आन्तरिक कार्यविधि तयार नगरेको :**कार्यप्रक्रिया व्यवस्थित गर्न आन्तरिक कार्यबिधि तयार गरेको देखिएन ।

७. **नगदवाट कारोवार :** आयकर ऐन, २०५८ अनुसार रू.५० हजारभन्दा माथिको भुक्तानी बैंक मार्फत् हुनुपर्ने प्रावधान रहेको भए तापनि कर्मचारीको पारिश्रमिक लगायत कार्यक्रम सञ्चालन खर्च समेत बैंकिंग प्रकृया मार्फत नभई नगदमा वितरण गर्ने गरिएको पाइयो ।

८. **योजना तर्जुमा, कार्यान्वयन** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा तथा नियमावली, २०५६ को नियम बमोजिम योजना तर्जुमा र कार्यान्वयन हुनुपर्दछ । योजना तर्जुमा, कार्यान्वयनमा देखिएका व्यहोरा देहाय वमोजिम छन्:

९. **अभिलेख:**स्थानीय स्तरमा सञ्चालन हुने योजनाहरु वडास्तरवाट छनौट भई आएको हुनुपर्ने र नगरपरिषद्बाट पारित भए पछी कार्यान्वयन हुनुपर्नेमा नगरपरिषद्बाट पारित गरेको अभिलेख राखेको पाइएन ।

१०. **रकमान्तर :**सामाजिक विकास शीर्षकको वजेट रकमान्तर वेगर पुरै रकम अर्को असम्वन्धित शीर्षकमा खर्च गरेको पाइयो । यसबाट सामाजिक बिकासका कार्यकमहरु सञ्चालन भएको देखिएन ।

११. **बाँदर व्यवस्थापनको अभिलेख :** 'बाँदर व्यवस्थापन' शीर्षकमा न.पा.को एकल बोर्ड बैठकबाट तत्कालिन कार्यकारी अधिकृत बिष्णुप्रसाद कोइरालाको निर्णयअनुसार ५१८ वटा बाँदर पक्रन रू.९,१८,९६०।- खर्च गरेकोमा उक्त बाँदर कहाँ र कसरी व्यवस्थापन गरिएको अभिलेख राखेको पाइएन भने बन्यजन्तु संरक्षण ऐन बमोजिम वन कार्यालयसंग समन्वय गरेको पनि देखिएन ।

१२. **अन्तिम महीनामा सम्झौता :**स्थानीय निकाय श्रोत परिचालन कार्यविधि, २०६९ मा आ.व.को अन्त्य अर्थात् बैशाखमसान्त पछि कुनै पनि योजना तथा कार्यक्रम सम्झौता नगर्ने नगराउने प्रावधान रहेकोमा विकास निर्माण कार्यक्रमहरू जेष्ठ र असार महिनामा सम्झौता भएको देखियो ।

१३. **अनुगमन तथा मूल्याङ्कन :**अनुगमन तथा मूल्याङ्कन हुने गरेको विवरण उपलब्ध नगराएकोले सम्पन्न आयोजनाको सम्वन्धमा मूल्याङ्कन गर्न सकिने अवस्था रहेन ।

१४. **वजेट कार्यान्वयन :** नगर परिषद्बाट पारित वजेट कार्यान्वयनमा देखिएका प्रमुख व्यहोराहरु देहाय वमोजिम छन् :

१४.१. **खर्चको मापदण्ड :**स्थानीय निकायमा सञ्चालन हुने विभिन्न तालिम तथा कार्यक्रमका लागि अर्थ मन्त्रालयले शीर्षकगत रूपमा खर्चको नर्म्स तोकेको छ तापनि तालिम तथा कार्यक्रमका खर्चमा त्यस्तो मापदण्डको पालना भएको पाइएन ।

१४.२. **पटके निर्णय :**नगरपालिकाले अबण्डा वा एकमुष्ट बजेट राख्ने र पटके निकासा दिने, नगर परिषद्को निर्णय बेगर कार्यक्रम सञ्चालन गर्ने, तथा पछि पटके निर्णय गरी खर्च गर्ने गरेको देखियो ।

१५. **सार्वजनिक खरिद व्यवस्थापन** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ७१ बमोजिम मू.अ.करमा दर्तावाल स्थायी लखा नम्वरवाला व्यवसायी र फर्म र संस्था वा कम्पनीबाट मात्र खरिद गर्न अनिवार्यता रहेकोमा कतिपय अवस्थामा सोको परिपालना भएको देखिएन । ५ हजार रुपैयाभन्दा कम मोलको खरिदको बिल बीजक स्थायी लेखा नम्वर वाला वा निवेदन वा भर्पाईको तोक आदेशबाट भुक्तानी हुनु पर्नेमा सो वेगर नै भुक्तानी हुने गरेको छ ।

चालू आ.व.२०७३।७४ मा मौजूदा सूचीमा नरहेका व्यापारीक फर्महरूबाट खरिद गर्ने गरेको पाइयो । कार्यालयले बोलपत्र मार्फत् गराउनु पर्ने कतिपय कामहरू अमानतमा गराएको र ठेक्का टुक्राएर गराएको र एकै व्यक्ति वा फर्मबाट पटकापटक गराइएको समेत देखिएका छन । स्वीकृत नर्म्स र जिल्ला दररेट अनुसार लागत अनुमान तयार गरेको विवरण प्रस्तुत नगरेको, माटो काटने कार्यका लागि ८० प्रतिशत मेशिन र २० प्रतिशत. म्यानुअलमा आधारित भई दर विश्लेषण लेखपरीक्षणको समयमा पेश गरेको छैन ।

१६. **निर्माण कार्य व्यवस्थापन** : स्था.नि.आ.प्र.नि., २०६४ को नियम १२८ बमोजिम कार्यतालिका बेगर खरिद र निर्माण कार्यको सम्झौता गर्ने र कार्यतालिका भएकोमा सोको अनुसरण नगर्ने स्थिति रहेको छ । सार्वजनिक खरिद ऐन, २०६३ स्था.नि.आ.प्र.नि., २०६४ को नियम १३२ र खरिद सम्झौताको प्रावधान विपरित रितपूर्वकको निवेदन बेगर म्याद थप हुने, हर्जाना लगाउनु पर्नेमा नलगाई म्याद थप हुने, एकपटक थपिएको म्यादमा काम नभई पुनः थपेको स्थिति समेत छ । निर्माण व्यवसायीको ढिलाईको कारण देखिनेमा पनि हर्जाना नलगाई म्याद थप भएको स्थिति छ ।

स्था.नि.आ.प्र.नि., २०६४ को नियम २१२ देखि २१७ सम्म बमोजिम खानेपानी पाइप, जस्तापाता तथा तारजाली खरिद, वितरण, जडान र मौज्दात भिडान नहुने, मौज्दात रहने गरी निर्माण सामग्री खरिद गर्ने आदि देखिएको छ ।

स्था.नि.आ.प्र.नि., २०६४ बमोजिम पेश्की बाँकी रहने, सम्झौता अनुसारको कार्य सम्पन्न नभएकोमा कार्यसम्पादन जमानत तथा पेश्की जमानतको म्याद सम्वन्धमा अद्यावधिक अभिलेख पेश भएको छैन ।

१७. **फ्रिज :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ५०(५) तथा कार्यविधि र निर्देशिकाहरू बमोजिम खर्च नभई बाँकी रहेको न.पा. अनुदान सञ्चित कोषमा फिर्ता नगर्ने, बजेट फ्रिज हुन नदिने उद्देश्यले अन्य खातामा रकम ट्रान्सफर हुने गरेको छ ।

१८. **उपभोक्ता समिति मार्फत कार्य व्यवस्थापन :** उपभोक्ता समितिले पाएको काम निर्माण व्यवसायी मार्फत् गराएको, उपभोक्ता समितिलाई कार्यसम्पन्न, रेखदेख, मर्मत (सम्हार गर्ने जिम्मेवारी तोकेर हस्तान्तरण नगरेको, बढी जटिल प्राविधिक पक्ष समेत समावेश भएका र मेशिनरीको समेत बढी प्रयोग हुने काम उपभोक्ता समिति लाइ दिन नहुने प्रावधानको पालना नभएको स्थिति छ । स्था.नि.आ.प्र.नि., २०६४ को नियम १२०, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ५०(५) तथा कार्यविधि र निर्देशिकाहरू बमोजिम उपभोक्ता समितिबाट तोकिएको (स्वीकृत) जनसहभागिता रकम रू.२,००,००,०००।- मध्ये रू.३,६०,३४९५५।- मा जुटाउन सकेको एवं कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी गर्ने गरेको विवरण अद्यावधिक छैन ।

१९. **सम्पति संरक्षण :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम सम्पत्ति संरक्षण र अभिलेख अन्तिम लेखा परीक्षणमा प्रस्तुत भएको छैन । जिन्सी लगतका सम्बन्धमा स्थानीय निकाय आर्थिक प्रशासन नियम २०६४ को नियम २१२, २१३, २१४, २१५, २१६ पूर्णरूपमा पालना भएको पाइएन । त्यस कार्यालयले स्थिर सम्पत्तिको खाता राखेको नदेखिएको र भौतिक सम्पत्तिको मूल्यांकन गर्ने व्यवस्था नभएकोले सम्पत्तिको यथार्थ अवस्था यकिन गर्न सकिएन । कार्यालयबाट वडाहरूमा निकासा भएको सम्पत्तिको

विवरण सम्बन्धित वडा कार्यालयहरूमा अद्यावधिक नभएको, निकासा भएको र वडा कार्यालयहरूमा मौजूदा रहेको सम्पत्ति भिडान गर्न नसकेको, कार्यालयले कुनै पनि सम्पत्तिमा ह्रास कट्टी नगरेको र तत्सम्बन्धी व्यवस्थापन गरेको छैन भने कार्यालयले आफ्नो सम्पत्तिहरूको बीमा गरेको छैन ।

२०. **नगद व्यवस्थापन :** कार्यालयले उठाएका विभिन्न प्रकारका राजस्वहरू बैंक मार्फत प्राप्त नभई नगदमै प्राप्त गर्ने र नगद मौज्दातको मासिक ब्यालेन्स आ.व. प्रारम्भ भए पछि बढ्दै जाने र अन्तिम चौमासिक पछि कार्यालयले प्रस्तुत आय विवरणमा सीमित हुने गरेको देखियो । कार्यालयको राजस्व शाखाले लामो समयसम्म कार्यालयमै नगद मौज्दात राख्ने गरेकोमा नगदको बीमा गर्नुपर्नेमा गरेको छैन । यसरी नगद सम्वन्धी सम्भावित जोखिम तर्फ कार्यालय समयमै सचेत हुनुपर्ने देखिन्छ ।

२१. **कन्टिन्जेन्सी खर्च** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १४ र सार्वजनिक लेखा समितिको निर्देशन बमोजिम कन्टिन्जेन्सीको अभिलेख राख्ने गरेको विवरण प्रस्तुत नभएको, योजनागत कन्टिन्जेन्सी कट्टा गरी निकासा गर्ने र कट्टा गरेको कन्टिन्जेन्सीको खर्चको पारदर्शी हुने गरेको देखिएन । सम्भाव्यता अध्ययन र प्रभाव मूल्याङ्कन रू.११,७६४।७०, योजना तर्जुमा, कार्यान्वयन सुपरीवेक्षण (वडा भेला) रु.५,८२५।-, अभिलेख व्यवस्थापन खाता छपाई (स्क्यानर र कम्प्युटर सफ्टवेयर खरिद रू.१,६८,३७०।-), सुपरीवेक्षण अनुगमन मूल्याङ्कन जाँचपास प्रतिवेदन (प्राविधिक इन्धन रू.४४,८०६।१०, ले-आउट र जग्गा निरीक्षण रू.३,२८,४००।-), सार्वजनिक सुनुवाई रू.१०२,५००।-, सार्वजनिक र सामाजिक परीक्षण रू.२,०५,०००।- गरी कन्टिन्जेन्सीमा कुल रू.८,६६,६६५।- खर्च गरेको छ ।

२२. **प्रशासनिक खर्च :** त्यस कार्यालयको चालु आ.व.को राजस्वको स्वीकृत बजेट शीर्षकमा रू.११,२७,९०,०००।- लक्ष राखेकोमा लक्ष्यभन्दा करिब ३३.८१ प्रतिशतले कम असुली गरेको देखियो । त्यस कार्यालयको चालू आ.व. २०७३।७४ मा रू.८४२,९२,९३८।९३ आन्तरिक राजस्व असुली गरेकोमा त्यस कार्यालय अन्तर्गत कार्यरत स्थायी, अस्थायी कर्मचारी लगायत प्रशासनिक खर्चमा रू.९,२६,१६,६०२।२२ हुने गरेको देखियो, जुन राजस्वको असुलीभन्दा रू.८३,२३,६६३।२९ रकमले बढी खर्च हुने गरेको देखियो । त्यसकारण मौजूदा स्थानीय स्रोत, साधनबाटै नगरवासीको आर्थिक विकास र सेवामा खर्च गर्न सक्ने क्षमता उप-महानगरपालिकाको न्यून रहेको देखिन्छ ।

२३. **राजस्व दाखिला :** स्थानीय निकाय आ.प्र.नियमावली, २०६४ को नियम २० अनुसार राजस्व आम्दानी प्राप्त भएको भोलीपल्ट बैंक दाखिला गर्नुपर्दछ । अघिल्लो आ.व.२०७१।७२ को अन्तमा करिब १४ लाख नगद मौज्दात देखिएकोमा चालू आ.व.२०७२।७३ को अन्तमा करिब रू.१७,६३,०००।- बैंक दाखिला हुन बाँकी रहेको देखिएकोले उक्त रकम अविलम्व बैंक दाखिला गर्नुपर्दछ ।

२४. **आषाढ महिनाको खर्च :** चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार कार्यालयको विभिन्न पूँजीगत तथा कार्यक्रमगत बजेट शीर्षक तर्फको तेस्रो चौमासिक खर्च र आषाढ महिनाकोमात्र खर्चको स्थिति अनुसार बार्षिक खर्च रु.१०२८५०/- हजारमध्ये तेस्रो चौमासिकमा रु.५२९३८०/- हजारखर्च भएको छ भने आषाढ महिनामा मात्र रु.२३१३५८/- हजार खर्च भएको देखियो । तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको समग्र प्रतिशत क्रमश ५१.४६ र २०.७४ प्रतिशत रहेको छ । तेस्रो चौमासिक र आषाढ महिनामा विनियोजित रकमको ठूलो अंश आर्थिक वर्षको अन्त्यमा खर्च भएको सम्बन्धमा ढिलो बजेट खर्च गर्ने अख्तियारी प्राप्त भएको, अधिकांश योजनाहरुको योजना फरफारक आषाढ महिनामा हुने भएकोले तेस्रो चौमासिक र आषाढ महिनामा बढी खर्च भएको कार्यालयले जनाएको छ । यसरी खर्च गरिंदा खर्चको सहि सदुपयोग नहुने, जथाभावी खर्च गरिने, योजनाको गुणस्तरमा प्रभाव पर्नुका साथै आर्थिक अनियमितता समेत बढने अवस्था सिर्जना हुने देखिन्छ ।

२५. कानून र मापदण्ड बेगरको सु वधा :(धरान नगरपा लका कार्यसञ्चालन स मतिको निर्णयानुसार), कार्यालयले विभिन्न कर्मचारीहरुलाई तोकिएको तलव भत्ताको अतिरिक्त विभिन्न सुविधाहरु नगरपालिका कार्यसञ्चालन समितिको निर्णानुसार भनी मासिक रुपमा खर्च लेखेको पाइयो । कर्मचारीहरुलाई तलवको अतिरिक्त थप सुविधा दिनु परेमा तत्सम्वन्धी एक निश्चित मापदण्ड बनाई सो अनुसार थप सुविधाको व्यवस्था गर्नुपर्नेमा कार्यसंचालन समितिको पटक पटकको निर्णयवाट खर्च लेखेको नियमसम्मत् देखिएन ।

२६. घर बाटोको सफारिश अ भलेख : स्था.नि.आ.प्र.नि., २०६४ बमोजिम घर बाटोको सफारिश अ भलेख अद्याव धक राखेको दे खएन । सोको सफारिश अ भलेख २०७३।७४ को आरम्भदे ख क्रमसंख्या १ दे ख सल सलेबारको क्रमानुसार अ भलेख राख्नु पर्नेमा सो बमोजिम राखेको दे खएन।कतिपय एकै क्रमसंख्यामा दोहोर्याएर सफारिशको अ भलेख राखेको भेटियो । आ.व. २०७३।७४ मा व भन्न प्रा व धक कर्मचारीको फाँटमा अ भलेख रहने गरी एकैसाथ तीनवटा रजिष्टरमा

अभिलेख राख्ने गरेको पाइयो । प्राविधक कर्मचारी कृष्ण बुढाथोकीले राखेको अभिलेख रजिष्टरमा आ.व. २०७३।७४ मा छः वटा क्र.सं १ देखको क्रमानुसार अभिलेख राखेको भेटियो र प्रा. कर्मचारी इन्द्र बस्नेतले चार वटा क्र.सं. १ देखको क्रमानुसार जम्मा १६९३ घरबाटोको सफारिशको अभिलेख राखेको। जसमा कृष्ण बुढाथोकीले राखेको अभिलेखको क्र.सं. बीचमा छुटाएर धेरै पछिको क्रमसंख्या राख्ने गरेको जसमा जम्मा ५३३ घरबाटोको सफारिश अभिलेख राखेको।त्यसैगरी, प्राविधक कर्मचारीहरू प्रभात तामाङ, चोपनाथ धमला, रन्तजीत कु.साह समेतले राखेको अर्को अभिलेखमा पाँच वटा सरियलमा १९१४ घरबाटोको सफारिशको अभिलेख राखेको देखयो।चालू आ.व. २०७३।७४ मा कुल जम्मा ४,१४० घरबाटोको सफारिशको अभिलेख राखेको देखयो। यसरी घर वाटो सिफारिस अभिलेख व्यवस्थितरुपले राख्नु पर्नेमा सो अनुसार राखेको छैन । कार्यालयले आगामी दिनमा यस तर्फ आवश्यक सुधार गर्नु पर्दछ ।

२७. **कोटेशन बेगर खरिद :** स्थानीय निकाय आ.प्र. नियमावली, २०६४ को नियम ७७ अनुसार कोटेशन लिई सामान खरिद गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले निम्न भौ.नं. र मितिबाट कोटेसन लिएको प्रमाण बेगर खर्च लेखेको छ । यसरी नियमावलीमा भएको व्यवस्थाको पालना नगरी खरिद गरेको रकम रु.७८,३९,९३८।- नियमसम्मत् देखिएन ।

२८. **अन्यत्र कार्यालयलाई भुक्तानी :** कार्यालयलाई प्राप्त भएको बजेट कार्यालयलाई तोकिएको काममा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ३११ मिति २०७४।२।२४ बाट एयर कुल रेफ्रजेरेशन एण्ड ईलेक्ट्रीकल को विल अनुसार एअर कण्डिसन १ थान रु.४३,४१५।- मा खरिद गरी जिल्ला प्रशासन कार्यालय सुनसरीका लेखापाललाई बुझाएको पाइयो । यसरी कार्यालयलाई प्राप्त भएको वजेट कार्यालय कै काममा खर्च नगरी अन्यत्र कार्यालयको लागि खर्च गरेको रकम नियमित देखिएन ।

२९. **सिधै खरिद गरेको** : सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार सवारी साधन खरिद गर्दा लागत अनुमान तथा स्पेसिफिकेशन समेत तयार गरी प्रतिस्पर्धा गराई खरिद कार्य गर्नुपर्ने व्यवस्था छ । कार्यालयले .५७२ मिति २०७४।३।३१ बाट लिफ्टर सहितको टाटा ४०७ एसएफ ट्रक राधाश्री इन्टरनेशनल, विराटनगरबाट तथा सोको ट्रकको एसेसोरिज् भौ.नं.५७३ र ५७४ बाट खरिद गरी रु.४२,८८,०००।- खर्च लेखेको छ । यसरी खरिद गरिएका सवारी साधन तोकिएको स्पेसिफिकेशन अनुसार भए नभएको प्राविधिक प्रतिवेदन बेगर खरिद कार्य गरी भुक्तानी गरेको छ ।

३०. **आयकर कट्टा नगरेको :** आयकर ऐन, २०५८ अनुसार भत्ता रकममा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न भौ.नं. र मितिबाट विभिन्न कर्मचारीलाई भुक्तानी गरेकोमा कर कट्टा गरेको छैन । यसरी आयकर ऐनमा भएको व्यवस्था अनुसार आयकर रकम कट्टा नगरी भुक्तानी गरेबाट आयकर वापतको रकम रु.५४००।- असुल हुनुपर्दछ ।

३१. **भरपाई वेगर खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च लेख्दा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न भौ.नं. र मितिवाट निम्नानुसार खर्च लेख्दा सम्बन्धित व्यक्तिले रकम बुझेको भरपाई पेश भएको छैन । यसरी नियमावलीमा भएको व्यवस्था अनुसार कार्यालयले खर्च रकमको विल भरपाई सहितको प्रमाण संलग्न हुनुपर्नेमा सो वेगर खर्च लेखको रकम रु.६२७५।- असुल हुनुपर्ने देखिन्छ ।

३२. **विल संलग्न नभएको** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च लेख्दा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं.१८६ मिति २०७३८।७ बाट रु.१४३५०।- सनमान श्रेष्ठलाई भुक्तानी दिएकोमा सम्वन्धित व्यक्तिले रकम बुझेको भरपाई पेश भएको छैन । यसरी नियमावलीमा भएको व्यवस्था अनुसार कार्यालयले खर्च रकमको विल भरपाई सहितको प्रमाण संलग्न हुनुपर्नेमा सो बेगर खर्च लेखेको रकमको प्रमाण पेश हुनुपर्ने देखिन्छ ।

३३. **सिधै खरिद गरेको** : सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार सवारी साधन खरिद गर्दा लागत अनुमान तथा स्पेसिफिकेशन समेत तयार गरी प्रतिर्स्पधा गराई खरिद कार्य गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं.२७६ मिति २०७३।८।९ बाट मोटरसाईकल खरिद बापत अरविन्द एण्ड ब्रदर्शलाई रु.४८०,०००।- खर्च लेखेको छ । यसरी खरिद गरिएका सवारी साधन तोकिएको स्पेसिफिकेशन अनुसार भए नभएको प्राविधिक प्रतिवेदन तथा कोटेशन बेगर खरिद कार्य गरी भुक्तानी गरेको छ ।

३४. **ठेक्का सम्वन्धी फाईल पेश नभएको :** कार्यालयले भौ.नं.२९६ मिति २०७४।३।२६ बाट शिवबाबा फर्निचरबाट विभिन्न फर्निचर खरिद गरी रु.१५,४४,२५०।- खर्च लेखेकोमा सो खरिद सम्बन्धी बोलपत्र लगायत ठेक्कापट्टा सम्बन्धी फाईल लेखापरीक्षणको लागि पेश नभएबाट खरिद प्रक्रिया नियमानुसार भयो भनी यकिन गर्न सकिएन । अतः खरिद कार्यको उक्त बोलपत्र सम्वन्धी फाईल पेश हुनुपर्ने देखिन्छ ।

३५. **आवश्यक कागजात बेगर खर्च** : २८० मिति २०७४।३।२५ बाट मानव विकास वातावरण मञ्च सुनसरीका बद्री भण्डारीलाई घरभाडा बापत रू.१०,०००।- सहित र सोही संस्थाकी प्रतिनिधि र कार्यक्रम संयोजक सुस्मा अर्यालले दैनिक हाजिरी मात्र प्रस्तुत गरेको प्रमाण संलग्न गरी रु.३,३९,०००।- खर्च लेखेको छ । उक्त खर्चको प्रगति प्रतिवेदन पेश भएको छैन ।

त्यस्तै २७६ मिति २०७४।३।२३ बाट युवा दृष्टि समाज मार्फत रु.३,३७,८७६।- खर्च लेखेको छ । उक्त खर्चको आवश्यक विल भरपाई स्रेस्ता साथ संलग्न छैन । यसरी खर्चको विल भरपाई बेगर खर्च लेखेको रकम रु.३,३७,८७६।- को प्रमाण संलग्न हुनुपर्दछ ।

३६. **विल भरपाई वेगर खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च लेख्दा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले ३०१ मिति २०७४।३।२६ बाट बिद्युत महसुल बापत रु.१८,०१२।- खर्च लेखेकोमा सोको विल स्रेस्तासाथ संलग्न गरेको छैन । यसरी नियमावलीमा भएको व्यवस्था अनुसार खर्चको विल बेगर खर्च लेखेको रु.१८,०१२।- को विल प्रमाण पेश हुनुपर्दछ ।

३७. **आयकर कट्टा नगरेको** : आयकर ऐन, २०५८ अनुसार सेवा शुल्कको भुक्तानीमा १५ प्रतिशत आयकर कट्टा गर्नुपर्ने व्यवस्था छ ।

३७.१. कार्यालयले ३११ मिति २०७४।३।२६ बाट लेखापरीक्षण शुल्क बापत सि.आनन्द एण्ड एसोसिएट्स, काठमाडौंले लिएको पेश्की रु.२,००,०००।- मध्ये आर्थिक वर्ष २०७२।७३ को पारिश्रमिक रू.२५०,०००।- भुक्तानी गर्दा पहिले दिएको पेश्की रकम रु.२,००,०००।- कट्टा गरी नपुग रु.५०,०००।- भुक्तानी समेत गरेकोमा आयकर ऐनमा भएको व्यवस्था अनुसार १५ प्रतिशत आयकर कट्टा गरी भुक्तानी गरेको छैन । यसरी आयकर ऐन अनुसार कुल भुक्तानी गरेको रकम रु.२५०,०००।- को १५ प्रतिशत आयकर वापत रु.३७,५००।- कट्टा नगरी भुक्तानी गरेबाट उक्त आयकर बापतको रकम असुल हुनुपर्दछ । साथै उक्त परामर्शदाता मूल्य अभिवृद्धी करमा दर्ता भएकोमा कर वीजक समेत पेश भएको छैन ।

३७.२. कार्यालयले २३ मिति २०७३।५।६ बाट डिप्लोमा ईन्जिनियर्स एशोसिएसनलाई कार्यालयको सूचना प्रकाशित गरे बापत रु.१५,०००।- भुक्तानी गरेकोमा आयकर ऐनमा भएको व्यवस्था भए अनुसार १५ प्रतिशत कर कट्टा नगरी भुक्तानी गरेबाट कर बापत रकम रु.२,२५०।- असुल हुनुपर्दछ ।

३७.३. कार्यालयले ३७ मिति २०७३।५।८ बाट एक राजनीतिक दललाई कार्यालयको सूचना प्रकाशित गरे बापत रु.४०,०००।- भुक्तानी गरेकोमा आयकर ऐनमा भएको व्यवस्था भए अनुसार १५ प्रतिशत कर कट्टा नगरी भुक्तानी गरेबाट कर बापत रकम रु.६,०००।- असुल हुनुपर्दछ ।

३८. **नगद मौज्दातः** धरान उपमहानगरपालिका कार्यालयको राजस्व शाखाबाट २०७४ आषाढ मसान्तसम्ममा एकीकृत सम्पत्ति कर, व्यवसाय तथा वहाल कर र विविध शुल्क जस्ता आन्तरिक आयबाट जम्मा रू.८,५२,६०,७०५।- प्राप्त गरी नगरपालिकाको बैंक खातामा रु.८,३१,५२,९७६।- मात्र दाखिला गरेको देखियो भने नगद मौज्दात रू.२१,०७,७२८।- जम्मा गर्न बाँकी रहेको व्यहोरा आन्तरिक लेखापरीक्षकले जनाएको जबकी कार्यालयको लेखा महाशाखाले राजस्व नगद मौज्दात रकम रू.११,३९,९६३।- अन्तिम वित्तीय विवरणमा देखाएको हुँदा उक्त नगद रकम रू.९,६७,७६६।- अविलम्व बैक दाखिला हुनुपर्दछ ।

३९. **राजस्व :** सार्वजनिक निजी साझेदारी गर्ने सम्झौता अनुसार सुनसरी उद्योग बाणिज्य संघसँग भएको सम्झौता अनुसार धरान उपमनपा कार्यालयको राजस्व काउण्टरबाट उठाएको व्यवसाय करको दोस्रो किस्ता रु.४,३७,४३५।- सुनसरी उद्योग बाणिज्य संघलाई २४ मिति २०७३।१२।१८ बाट भुक्तानी दिएको छ । यसरी कार्यालयले उठाएको राजस्व रकम निजी संस्थालाई दिने गरी गरेको सम्झौता गरेको मनासिव देखिएन ।

४०. **विज्ञापन कर असुल नगरेको** : धरान उप-महानगरपालिकाले संकलन गर्ने होर्डिंग बोर्ड (विज्ञापन कर) को ठेक्का एच.आर. एग्रीकल्चर प्रा.लि.ले आ.व. २०७३।७४ देखि २०७४।७५ सम्म लिएकोमा उक्त ठेक्का वापत निज कम्पनीले आ.व.२०७३।७४ को सम्पूर्ण ठेक्का रकम बुझाउन बाँकी देखिएकोमा सो रकम बुझाउन २०७४।८।२९ मा कार्यालयले पत्राचार गरेकोमा निज कम्पनीले ठेक्का बदर आशयको पत्र लेखि पठाएकोमा कार्यालयले सो आ.व.को वार्षिक विज्ञापन कर संकलन कार्यको ठेक्का प्रयोजनका लागि कार्यालयको पक्षमा जारी गरेको सिटिजन बैंक इन्टरनेशनल लि.को परफर्मेन्स बोन्ड रू.२९,२०,०००।- पेश गरेकोबाट असुल हुन बाँकी रू.११,७१,१११।- र सोमा लाग्ने बिलम्ब शुल्क (वार्षिक १५५ का दरले) समेतमा मू.अ.कर समेत जोडेर असुल गर्नुपर्दछ ।

४१. **मूल्य अभिवृद्धि कर असुल नगरेको** : कार्यालयलको आन्तरीक आयतर्फ विभिन्न ठेक्कावाट आय प्राप्त हुने गरेको छ । कार्यालयले प्राप्त हुने विभिन्न आयहरु ठेक्काकको माध्यमबाट बोलपत्र गरी प्राप्त गर्ने गरेको छ । यसरी बोलपत्रको माध्यामबाट ठेक्काद्वारा आन्तरिक आय प्राप्त गर्दा मू.अ. कर प्राप्त गरेको छैन । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा (८)(१) अनुसार मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ऐनमा भएको व्यवस्था अनुसार ठेक्काको माध्यामबाट आन्तरिक आय प्राप्त गर्दा ठेक्का कवोल

गर्ने ४ निर्माण व्यवसायीबाट उक्त मूल्य अभिवृद्धि कर प्राप्त नगरेवाट उक्त रकम रु.२,२५,९५९।- असुल गर्नुपर्दछ ।

४२. **सपिङ्ग कम्प्लेक्स भवन भाडा रकम बक्यौता :** धरान ३ स्थित नगरपालिकाको स्वामित्वको सपिङ्ग कम्प्लेक्स भवन धरान बिजिनेस ग्रुपलाई मिति २०६२ फागुन २८ गतेदेखि व्यापारिक प्रयोजनका लागि १५ वर्षका लागि प्रयोग, उपभोग र सञ्चालन गर्न सम्झौता भएअनुसार धरान बिजिनेस ग्रुप प्रा.लि.ले बुझाउनु पर्ने वार्षिक बहाल रकम न.पा.को मिति २०६२।४।७ मा गरेको निर्णय अनुसार कायम हुने र किस्ता रकम वार्षिक रकमको दामासाहीले मासिक रूपमा दोस्रो महिनाको २५ गतेभित्र भुक्तान गर्नुपर्ने सो नगरे त्यसपछिको २ महिनासम्म मासिक थप १० प्रतिशतका दरले व्याज लिई किस्ता रकम बुझाउन सकिने प्रावधानहरू रहेकोमा चालु आ.व.२०७३।७४ सम्मको रु.२,३४,९३७- अनुसारको भाडा उठन छुटेको मासिक थप १० प्रतिशतका दरले व्याज समेत जोडी उक्त धरान बिजिनेस ग्रुप प्रा.लि.बाट भाडा बापतको रकम असुल हुनुपर्दछ ।

४३. **भाडा रकम बक्यौता** : छाताचोक स्थित पुस्तकालय सहितको बहुद्देश्यीय पसल भाडाको सम्झौता २०७१ बैसाख १ देखि ३ वर्षसम्मका लागि भएकोमा २०७४ बैशाखमा पुनःसम्झौता गर्नुपर्नेमा सो सम्झौता नवीकरण गरेको छैन र आर्थिक वर्ष २०७३।७४ को उक्त पसल भाडा वापत मनिष श्रेष्ठबाट रु.४,४९६।- र सिंहदेवी युवा क्लवबाट रु.४१,२००।- समेत रु.४५,६९६।- असुल हुन बाँकी रहेको भाडा रकम असुल हुनुपर्दछ ।

४४. **रकम प्राप्त नभएको** : धरान १८ स्थित बी.पी. सुन्दरबजारबाट सम्झौता अनुसार नगरपालिकाको हिस्साको रकम नगरपालिकाको खातामा जम्मा हुनुपर्नेमा सो अनुसारको रकम प्राप्त नभएकोले सरोकारवालाबाट तुरून्त उक्त रकम असुल गर्नुपर्दछ ।

४५. **असुल गर्न बाँकी आय रकम :** कार्यालयले गत विगत वर्षको विभिन्न १३ निर्माण व्यवसायी, व्यक्तिवाट राजश्व वापत प्राप्त गर्नु पर्ने राजश्व रकम निजहरुबाट हालसम्म पनि प्राप्त गरेको देखिएन । यसरी कार्यालयलाई प्राप्त हुनुपर्ने राजस्व रकम हालसम्म पनि प्राप्त भएको नदेखिंदा उक्त बाकी रकम रु.२०,५०,८८१।- नियमानुसार व्याज तथा राजश्व रकममा मूल्य अभिवृद्धि कर ऐन अनुसार १३ प्रतिशत मूल्य अभिवृध्दि कर समेत जोडी बाँकी रकम असुल हुनुपर्दछ ।

४६. **आयकर कट्टा नगरेको :** आयकर ऐन, २०५८ को दफा ६५(१) अवकाश कोषबाट भुक्तानी गर्दा आय गणनाको व्यवस्था गरेको छ । सोही दफाको उपदफा (ख) अनुसार भुक्तानी रकम एकमुष्ट गरेको छ भने यसरी गरिएको भुक्तानी रकमवाट सो भुक्तानी रकमको ५० प्रतिशत वा ५ लाख रुपैयामध्ये जुन बढी हुन्छ सो रकम घटाई हुने भुक्तानीलाई सो प्राकृतिक व्यक्तिको गैर व्यावसायिक कर योग्य सम्पतिको निर्सगबाट प्राप्त लाभ मानिने उल्लेख छ । यस अनुसार प्राप्त रकमको आधा वा ५ लाखमध्ये बढी हुने रकम घटाई हुने बाँकी रकममा ५ प्रतिशत कर लाग्ने व्यवस्था छ । कार्यालयले विभिन्न भौ.नं. र मितिबाट १० कर्मचारीहरु अवकाश भएको अवधिको संचित विदा, औषधिउपचार तथा उपदान रकम वापत रु.१,८६,३०,२६८.४० भुक्तानी गरेकोमा ऐनमा भएको व्यवस्था अनुसार कर कट्टा गरेको छैन । कार्यालयले आयकर ऐनमा भएको व्यवस्था अनुसार अवकाश रकममा कर कट्टा नगरी भुक्तानी गरेको रकम कार्यालयबाट नै आवश्यक छानबिन गरी आयकर रकम असुल गर्नुपर्दछ ।

४७. **एकीकृत शहरी विकास आयोजना (IUDP)** : शहरी विकास मन्त्रालय, नेपाल सरकार तथा एशियाली विकास बैंकको संयुक्त लगानीमा खानेपानी आयोजना संचालन गरी १ अप्रिल २०१८ सम्ममा आयोजना सम्पन्न गर्ने लक्ष्य रहेको छ । धरानमा हाल उपलब्ध हुँदै आएको खानेपानी एक करोड बीस लाख लिटरले नगरवासीलाई पर्याप्त हुन नसकेर खानेपानीको अभाव भएकोले वर्तमान परियोजना सम्पन्न भई सकेपछि दैनिक २ करोड लिटर आपूर्ति क्षमता पुर्याउने धरान खानेपानी आयोजना कार्यान्वयन एकाईको लक्ष्य रहेको छ । बढ्दो जनसंख्याको चाप र शहरीकरणलाई व्यवस्थित वितरण प्रणालीद्वारा अन्दाजी १,८५,४८६ जनसंख्यासम्मलाई खानेपानीको यस योजनाद्वारा आपूर्ति हुने अपेक्षा गरिएको छ । चालु आयोजना अन्तर्गत वर्षायाममा सतहको मूहानबाट १७.४९ एमएलडी तथा जमीन मूनीको मूहानबाट २.२३ एमएलडी एवम् सुख्खायाममा सतहको मूहानबाट ४.५ एमएलडी तथा जमीन मूनीको मुहानबाट १५.२२ एमएलडी पानीको आपूर्ति गरिने ।एकीकृत शहरी विकास आयोजना (IUDP), एसियाई विकास बैंक (ADB) ऋण नं.२८५१ र अनुदान नं.०२८४, ठेक्का नं. IUDP/W/DHN/ICB(01) आयोजना कार्यान्वयन एकाई (PIU) द्वारा व्यवस्थापन गरिएको धरान उप-महानगरपालिकाको एउटा आयोजना हो । यो आयोजनाले प्रयोग गर्ने भू-सतह पानीको मुहानको स्थान धरानको उत्तरी क्षेत्र रहेको छ भने जमीन मूनीको मुहान भने धरानको दक्षिणी क्षेत्रस्थित चारकोशे झाडी जंगल रहेको छ । यस खानेपानी परियोजनामा नेपाल सरकार,एशियाली विकासको र उपमहानगरपालिकाको संयुक्त लगानीमा निर्माण भैरहेको छ ।

४८. **सन् २०१७ सम्ममा आयोजनाको समग्र प्रगति :** आयोजना कार्यान्वयन एकाईका प्रबन्धकद्वारा भौतिक कार्यको प्रगति ८३.७९५ तथा वित्तीय प्रगति ६९.२९५ भएको छ।

४९. **बढी भुक्तानी गरेको** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) अनुसार खर्च लेख्दा खर्चको बिल भरपाईको रीत पुगे नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ। कार्यालयले २८६ मिति २०७४।३।२६ बाट ईन्धन बापत रु.८०,३८२।- खर्च लेखेकोमा रु.७४,७८१।- को मात्र विल भरपाई संलग्न भएकोमा समेत रु.८०,३८२।- नै खर्च लेखेको छ। यसरी विल भरपाईभन्दा बढी खर्च लेखेको रकम रु.५६१०।- असुल हुनुपर्दछ।

५०. **आ.व. २०७४।७५ मा निर्माण सम्पन्न गर्न अवरोध :** ठेक्काको काम अन्तर्गत विजयपुरमा ६ लाख घनमिटरको रिजर्भायर बनाउनुपर्ने भए पनि हाल सो काम सम्पन्न हुन सकेको छैन। उक्त स्थान पुरातात्विक दृष्टिले महत्वपूर्ण भएकाले केही समूहले विवाद गरेका कारण काम रोकिएको छ। जसले गर्दा आयोजना समयमानै सम्पन्न गर्न कठिनाई परेको छ। त्यसैगरी खानेपानी संस्थानको सम्पत्ति धरान खानेपानी बोर्डलाई हालसम्म हस्तान्तरण नभएका कारण खानेपानीको पाइप इन्टरकनेक्शन हुन नसकेर आयोजनाको सञ्चालन र खानेपानी वितरणमा समस्या भएको कार्यालयको भनाई रहे तापनि उपरोक्त समस्याको निराकरण गरी तोकिएको लक्ष्य प्राप्त गर्नेतर्फ कार्यालयले थप सक्रियता देखाउनु पर्ने देखिन्छ।

५१. **भेरीएशन :** सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भेरीएशन गर्न सकिने अवस्था र सीमा स्पष्ट छ।

५१.१. खानेपानीको पाइप लाइन भएर जाने पाइपको खण्डको मात्र नभई थप सडकहरूको पीचको एरिया बढाउनु परेको, जंगलमा इनसुलेटेट तार राख्नु परेको कारण रू.२१,७९,२०,३१३।७५ को भेरिएशन जारी भएको छ। थप भएका नयाँ आइटमहरूको लागत शीर्षकमा परिमाण र दरको रकम VO-2 मा समावेश गरिएका छन् भने पूराना कामहरूको लागत शीर्षकमा VO-1 अनुसारै दरको रकम उल्लेख गरेर परिमाणमा भने वृद्धि गरिएको छ। अघिल्लो जसको कारण ठेक्का रकम रू.१,७०,५२,३७,८७९.५६ (०.४५ इन्क्रिमेन्ट र मू.अ.कर सहित) मा हुने गरी, १४.६५% प्रतिशतले वृद्धि भएको छ।

५१.२. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिले सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई अधिकार प्राप्त अधिकारीले १५ प्रतिशत सम्मको भेरियसन आदेश जारी गर्न सक्ने व्यवस्था छ। उक्त व्यवस्था अनुसार लागत अनुमान तयार गर्दा अनुमान गर्न सकिने आईटमहरु समेत उक्त व्यवस्था अनुसार स्पष्ट हुने गरी सिभिल वर्क्समा विल नं. B1 बाट रु.७,३६,१६०।- विल नं.B2 वाट रु.९९,३४,०२१।-, ईलेक्ट्रिक वर्क्समा बिल नं.C बाट रु.२,७९,९०,३,७५३।- विल नं E बाट ३२,०२,७९०।- समेत रु.४,१८,७६,७२४।- को भरिएशन आदेश जारी भएको देखिन्छ।

५१.३. आयोजना कार्यान्वयन एकाईका प्रबन्धकद्वारा VO-1 जारी गर्नु पर्ने कारणहरू (१) पिच सडकमा खानेपानी पाइप राखेको ठाउँमा मात्र पुनः पिच गर्ने भन्ने भएकोमा जनताको अत्याधिक माग भएकोले २० फिटसम्मका सडकको दुबैतर्फ पाइप राखेमा पूरै पिच गर्ने नगरपालिकाको निर्णय (२) केन्द्रीय प्रणालीको विद्युत प्रसारण लाइन नाङ्गो तार भएकोमा विद्युत प्राधिकरणको राय अनुसार ABC Insular cable राख्नुपर्ने (३) खानेपानीको प्रसारणलाईन राख्दा फुस्रेस्थित नेपाली सेनाको ब्यारेकले ३ फिट जग्गा दिएको त्यहाँ भएको कम्पाउण्डमा पाइप राख्दा भत्काउनु पर्ने र त्यहाँ फेरी पुनःनिर्माण गर्नुपर्ने लगायतका कारणले गर्दा भेरियसन आदेश जारी गर्नु परेको भन्ने कार्यालय व्यवस्थापन पक्षको भनाई रहेको छ।

५२. **परामर्शदाता :** बिल्डिंग डिजाईन अथोरिटी प्रा.लि., कमलादी, काठमाडौं लाइ ५०.५ महिनाका लागि कन्टिन्जेन्सी र प्रोभिजनल सम समेतको शुरू लागत रू.९,६०,२७,३६९।- (मू.अ.कर सहित) मा सन् २०१३ अप्रील ३ तारिखमा सम्झौता गरी राखेको भएपनि VO-1 रकम रू.९,९८,६७,४४८।- जो करिब ४५ को वृद्धि हो, जारी गर्नुका साथै निर्माण व्यसायीको काम सम्पन्न हुन नसकेको कारण ९ महिना फेरि पनि थप गर्नु परेको कारण भेरिएशन VO-2, जारी गर्नु परेकोले लागत रू.१०,२३,०९,०९७- हुन पुगेको जो अघिल्लो VO-1 को रकमभन्दा रू.२४,४१,६४९।७० थप बढी हुन पुगेर २.५४% ले दायित्वभार परेको छ।

५३. **सम्पत्ति तथा उपकरण :** परामर्शदाताले खरिद गरेका सवारीसाधन, कम्प्युटर, फर्निचर अभिलेख राखी फिर्ता लिर्नु पर्नेमा उक्त विवरण आयोजना कार्यान्वयन एकाईबाट विवरण प्राप्त नभएको कारण के कति भौतिक सामान परामर्शदाताले खरिद भयो र फिर्ता प्राप्त गर्नुपर्ने विवरण यकिन गर्न सकिएन।

५४. **आयोजनाको म्याद थप :** परामर्श दाताले उपयुक्त तवरले शुरूमा नै आयोजनाका लागि ठीक परिमाणको लागत अनुमान तयार नगरेको कारण भेरिएशन जारी गर्नु परेको अवस्थामा पनि सोही परामर्शदातालाई म्याद थप गरी राज्यको बढी दायित्व पारेको देखिन्छ। कार्यालयले परामर्शदाताको VO-2 को सम्झौतापत्रमा हस्ताक्षर नगरीकन नै सो लागू गर्दै परामर्शदातालाई चालु आ.व. २०७३।७४ मा निजको स्वीकृतिमा VO-2 अनुसार नै परामर्शदातालाई भुक्तानी दिएको पाइयो।

५५. **प्रोभिजनल सम :** ईलेक्ट्रोनिक्स वर्क्स अर्न्तगक विल नं C र E बाट भुक्तानी दिंदा प्रोभिजनल सममा राखेको ट्रान्सफरमर कनेक्सन लगायतको रु.९५ लाख भुक्तानी दिंदा विल अनुसारको रकम मात्र भुक्तानी दिनुपर्नेमा BOQ मा समावेश गरेको आधारमा भुक्तानी दिएकोले सक्कल विल भरपाई पेश गर्नुपर्ने देखिन्छ ।

५६. **बढी भुक्तानी:** निर्माण व्यवसायीलाई भुक्तानी दिंदा यथार्थ काम भएको परीमाण र ठेक्का सम्झौताको कामको मूल्य परिमाण BOQ अनुसार भुक्तानी दिनुपर्नेमा विभिन्न २ वटा IPC वाट रु. रु.१,०८,८९,५२५।- बढी भुक्तानी दिएको देखियो ।

५७. **पुष्ट्याई वेगर खर्च :** निर्माण व्यवसायीको विल नं. IPC 06 F बाट विलको भुक्तानी गर्दा पुष्ट्याई गर्ने कागजात संलग्न नगरी रु.४००,०००।- भुक्तानी गरेकोले उक्त रकम असुल हुनुपर्दछ ।

५८. **जिन्सी दाखिला :** आयोजना सम्पन्न भए पश्चात परामर्शदातासँग रहेका सवारी साधन, कम्प्युटर लगायतका २० प्रकारका विभिन्न जिन्सी समान आयोजना कार्यान्वयन एकाईले, उपमहानगरपालिका कार्यालयमा जिन्सी दाखिला गराई बुझाउनु पर्ने हुँदा सोको अद्यावधिक लगत एंव अभिलेख तयार गर्नुपर्ने देखिन्छ ।

५९. **पेश्की बाँकी** : कार्यालयले विभिन्न कर्मचारी, वडा कार्यालय, संध संस्था लगायत अन्य विभिन्न पेश्की बाँकी गत वर्षको रु.२,०९,१२,५६३।३७ रकममध्ये यस वर्ष फछ्र्यौट भएको रु.४,०९,८००।- कट्टा गरी बाँकी रु.२,०५,०२,७६२।७७ मा यस वर्ष थप पेश्की रु.१९,२०,०००।- समेत कूल पेश्की बाँकी रु.२,२४,२२,७६२।७७ पेश्की रकम फछ्र्यौट गर्न बाँकी देखिएको छ । यसरी पेश्की बाँकी रकम नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष उपमहानगरपालिकाको लेखापरीक्षणबाट रु.३ करोड ५९ लाख २९ हजार बेरुजू देखिएको मध्ये असुल गर्नुपर्ने रु. २१ लाख ५५ हजार नियमित गर्नुपर्ने रु.३ करोड १८ लाख ५४ हजार र पेश्की रु. १९ लाख २० हजार रहेको छ ।

## इनरुवा नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.७ लाख ५० हजार र यो वर्ष आय रु.२० करोड ५३ लाख ८ हजार समेत रु.२० करोड ६० लाख ५८ हजार आम्दानी भएकोमा रु.१९ करोड ९१ लाख ३३ हजार खर्च भई रु.६९ लाख २५ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **वित्तीय विवरण सम्बन्धमा** : प्रचलित ऐन नियम अनुसार आर्थिक कारोबारको स्वीकृत लेखा ढाँचा बमोजिम लेखाङ्कन गरी बित्तिय बिवरण तयार गर्नुपर्ने, लेखा नीति खुलाउनुपर्ने तथा बित्तिय बिवरणले आर्थिक कारोबारको यथार्थ चित्रण गर्नुपर्दछ। एकीकृत आर्थिक विवरण तयार गर्दा लेखा नीति खुलाउने गरेको पाइएन।

२. **विवरण पेश नभएको :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची-२४ अनुसारको भुक्तानी दिन बाँकीको विवरण, अनुसूची-२९ अनुसारको सन्तुलन परीक्षण, अनुसूची-३० अनुसारको वासलात, अनुसूची-३१ अनुसारको सम्पत्ति विवरण, अनुसूची-३२ अनुसारको घर विवरण खाता, अनुसूची-३७ अनुसारको वार्षिक तलवी प्रतिवेदन, अनुसूची-४६ अनुसार चल्ति मेशिन वा सवारीको किताब, अनुसूची-५० अनुसारको खर्च भएर जाने जिन्सी मालसामानको खाता, अनुसूची-५१ अनुसारको खप्ने जिन्सी सामानको खाता, अनुसूची-५३ अनुसारको जिन्सी मौज्दातको वार्षिक विवरण लेखापरीक्षणमा पेश भएन।

३. **लेखा प्रणाली :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १९ बमोजिम नगरपालिकाको लेखाङ्कन प्रोद्भावी (एक्रुअल) आधारमा कारोबार गरेको देखिएन भने वासलात तयार नगरेका कारण सम्पति र दायित्वको यर्थाथ चित्रण हुने अवस्था देखिएन।

४. **लेखा सफ्टवेयर** : राजस्व शाखाले राजस्व असुलीको अलग्गै कम्प्युटर सफ्टवेयर प्रयोग गरेको र लेखा शाखाले अलग्गै कम्प्युटर सफ्टवेयर प्रयोग गरेको र धरान खानेपानी आयोजनाको समेत दुई भिन्दा भिन्दै खाताहरूमा भिन्दाभिन्नै कम्प्युटर सफ्टवेयरहरू प्रयोग गरेको देखिन्छ। राजस्वको कम्प्युटर सफ्टवेयरको लेखांकनमा समायोजन नगरी खातामा मात्र समायोजन गरी रकम उल्लेख गर्ने र सोही अनुसार लेखालाई राजस्वको विवरण पठाउने गरेको पाइयो।

५. **आन्तरिक नियन्त्रण प्रणाली** : आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देहाय बमोजिम देखियो :

५.१. **वार्षिक रुपमा आन्तरिक लेखा परीक्षण :** स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १३५ बमोजिम मासिक रूपमा आन्तरिक लेखापरीक्षण गरी चौमासिक रूपमा प्रतिवेदन पेश गर्नुपर्नेमा वार्षिकरुपमा आन्तरिक लेखापरीक्षण गरेको देखियो।

५.२. **आन्तरीक कार्यविधि तयार नगरेको :** कार्यप्रक्रिया व्यवस्थित गर्न आन्तरिक कार्यबिधि तयार गरेको देखिएन।

५.३. **भुक्तानी प्रकृया :** आयकर ऐन, २०५८ अनुसार रू.५० हजारभन्दा माथिको भुक्तानी बैंक मार्फत हुनुपर्ने प्रावधान रहेको भएता पनि कर्मचारीको पारिश्रमिक लगायत कार्यक्रम संचालन खर्च समेत बैंकिंग प्रकृया मार्फत नभई नगदमा वितरण गर्ने गरिएको पाइयो।

५.४. **योजना तर्जुमा, कार्यान्वयन** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा तथा नियमावली, २०५६ को नियम बमोजिम योजना तर्जुमा र कार्यान्वयन हुनुपर्दछ। योजना तर्जुमा, कार्यान्वयनमा देखिएका व्यहोरा देहाय वमोजिम छन्:

६. **अभिलेख:**स्थानीय स्तरमा सञ्चालन हुने योजनाहरु वडास्तरवाट छनौट भई आएको हुनुपर्ने र नगरपरिषद्‌बाट पारित भए पछी कार्यान्वयन हुनुपर्नेमा नगरपरिषद्‌बाट पारित गरेको अभिलेख राखेको पाइएन।

७. **अन्तिम महीनामा सम्झौता :**स्थानीय निकाय श्रोत परिचालन कार्यविधि, २०६९ मा आ.व.को अन्त्य अर्थात् बैशाखमसान्त पछि कुनै पनि योजना तथा कार्यक्रम सम्झौता नगर्ने नगराउने प्रावधान रहेकोमा विकास निर्माण कार्यक्रमहरू जेष्ठ र असार महिनामा सम्झौता भएको देखियो।

८. **सम्पति संरक्षण** : स्थानिय स्वायत्त शासन ऐन, २०५५ बमोजिम सम्पत्ति संरक्षण र अभिलेख अन्तिम लेखा परीक्षणमा प्रस्तुत भएको छैन। जिन्सी लगतका सम्बन्धमा स्थानिय निकाय आर्थिक प्रशासन नियम २०६४ को नियम २१२, २१३, २१४, २१५, २१६ पूर्ण रूपमा पालना भएको पाईएन। त्यस कार्यालयले स्थिर सम्पत्तिको खाता राखेको नदेखिएको र भौतिक सम्पत्तिको मूल्याङ्कन गर्ने व्यवस्था नभएकोले सम्पत्तिको यथार्थ अवस्था यकिन गर्न सकिएन। कार्यालयबाट वडाहरूमा निकासा भएको सम्पत्तिको विवरण सम्बन्धित वडा कार्यालयहरूमा अध्यावधिक नभएको, निकासा भएको र वडा कार्यालयहरूमा मौजूदा रहेको सम्पत्ति भिडान गर्न नसकेको। कार्यालयले कुनै पनि सम्पत्तिमा ह्रास कट्टी नगरेको र तत्सम्बन्धी व्यवस्थापन गरेको छैन भने कार्यालयले आफ्नो सम्पत्तिहरूको बीमा गरेको छैन।

९. **नगद व्यवस्थापन** : कार्यालयले उठाएका विभिन्न प्रकारका राजस्वहरू बैंक मार्फत प्राप्त नभई नगदमै प्राप्त गर्ने र नगद मौज्दातको मासिक ब्यालेन्स आ.व. प्रारम्भ भए पछि बढ्दै जाने र अन्तिम चौमासिक पछि कार्यालयले प्रस्तुत आय विवरणमा सीमित हुने गरेको देखियो। कार्यालयको राजस्व शाखाले लामो समयसम्म

कार्यालयमै नगद मौज्दात राख्ने गरेकोमा नगदको बीमा गर्नु पर्नेमा गरेको छैन ।यसरी नगद सम्वन्धी सम्भावित जोखिम न्यूनीकरण गर्नेतर्फ कार्यालय समय मै सचेत हुनु पर्ने देखिन्छ ।

१०. **वार्षिक वजेटभन्दा बढी खर्च** : कार्यालयलाई तोकिएको बजेटको सीमाभित्र रही खर्च गर्नुपर्दछ । कार्यालयको यस वर्ष चालु खर्चतर्फ रु.७,३७,५०,०००।- वार्षिक बजेट भएकोमा रु.८,२७,५१,८९२।- खर्च गरेको छ र वार्षिक बजेटभन्दा रु.९०,०१,८९२।- बढी खर्च गरेको छ । यसरी निर्धारित बजेटको परिधिभित्र रही खर्च गर्नुपर्नेमा सो भन्दा बढी खर्च गरेको रकम रु.९०,०१,८९२।- को खर्च समर्थन हुनुपर्ने देखिन्छ ।

११. **आन्तरिक आय** : कार्यालयले आन्तरिक आयतर्फ विभिन्न शीर्षकबाट रु.३,८२,६५,०००।- आम्दानी हुने अनुमान गरेकोमा रु.२,६५,४०,३१९।- अर्थात अनुमानित आयको ६९.३६ प्रतिशतमात्र आय आर्जन गर्न सकेको देखिन्छ । यसरी निर्धारित आय आर्जन गर्नेतर्फ कार्यालयले थप प्रयास गरी लक्ष्य अनुसारको आय आर्जन गर्नुपर्दछ ।

१२. **आषाढ महिनाको खर्च** : चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । कायांलयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयको बिभिन्न पूँजीगत तथा कार्यक्रमगत बजेट शीर्षकतर्फको तेस्रो चौमासिक खर्च र आषाढ महिनाकोमात्र खर्चको स्थिति बार्षिक खर्च रु.११०५७५ हजारमध्ये तेस्रो चौमासिकमा रु.७१२०० हजार खर्च भएको छ भने आषाढ महिनामा मात्र रु.३१६१८ हजार खर्च भएको देखियो । तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको समग्र प्रतिशत क्रमशः ६४.३९, २८.५९ प्रतिशत रहेको छ । तेस्रो चौमासिक र आषाढ महिनामा विनियोजित रकमको ठूलो अंश आर्थिक वर्षको अन्त्यमा खर्च भएको सम्बन्धमा ढिलो बजेट खर्च गर्ने अख्तियारी प्राप्त भएको, अधिकाश योजनाहरुको योजना फरफारक आषाढ महिनामा हुने भएकोले तेस्रो चौमासिक र आषाढ महिनामा बढी खर्च भएको कार्यालयले जनाएको छ । यसरी खर्च गरिदा खर्चको सहि सदुपयोग नहुने, जथाभावी खर्च गरिने, योजनाको गुणस्तरमा प्रभाव पर्नुका साथै आर्थिक अनियमितता समेत बढने अवस्था सिर्जना हुने देखिन्छ ।

१३. **हिसाव मिलान नभएको** : कार्यालयले वार्षिक रुपमा कार्यालयले प्राप्त गरेको सरकारी अनुदान, आन्तरिक आय लयायत अन्य विभिन्न स्रोतबाट प्राप्त भएका आम्दानी तथा विभिन्न चालु तथा पूँजीगत खर्च लगायत अन्य विभिन्न खर्चहरु कटाई बाँकी रकम बैंक मौज्दातसंग भिडान हुने गरी आय-व्यय विवरण तयार गर्नुपर्दछ । कार्यालयले तयार गरेको एकीकृत आय-व्यय विवरण अनुसार हिसाव मिलान गर्न बाँकी रकम रु.१,८१,०२८।४६ देखिएबाट कार्यालयको आय-व्यय विवरणमा देखाइएको उक्त रकम कसरी फरक पर्न गएको हो सो भिडान गरी यथार्थ आय-व्यय विवरण तयार गर्नुपर्ने देखिन्छ ।

१४. **बिल भरपाई** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ४६(३) मा बजेट खर्च लेख्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले विभिन्न भौचर मिति वाट रु.२४०,०५०।- भुक्तानीमा बिल भरपाई बेगर खर्च लेखेकोले सो बजेट खर्च भएको पुष्टी हुने प्रमाण पेश हुनुपर्दछ ।

१५. **अग्रिम कर** : आय कर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानी रकममा १.५ प्रतिशतले अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले विभिन भौचर मितिवाट  खरिद कार्यको भुक्तानीमा तथा भत्ता वितरणमा अग्रिम आय कर रु.१,७८,६४८।- कट्टी गरेको पाइएन । यसरी ऐन अनुसार कट्टा नभएको अग्रिम आयकर असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१६. **प्रयोग नखुलेको** : मिति २०७४।३।२८ मा कार्यालयले १६ थान होमपाइप खरिदको रु.१,४९,१६०।- बजेट खर्च लेखेकोमा सो माल सामान कुन योजनाको लागि खरिद भएको हो प्रयोजन खुल्ने प्रमाण पेश भएन । साथै उक्त सामानको जिन्सी दाखिला समेत भएको नदेखिएकोले सोको प्रमाण पेश हुनुपर्दछ ।

१७. **कर कट्टी दाखिला गर्नुपर्ने** : आय कर ऐन, २०५८ को दफा ९० मा कट्टा भएको अग्रिम कर प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले कट्टा गरेको रु.५,९०५।- राजस्व दाखिला हुनुपर्दछ ।

१८. **गत आर्थिक वर्षको भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम (१) अनुसार नयाँ आर्थिक वर्ष शुरु भएपछि कार्यालय प्रमुखले निकासा लिई बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट विभिन्न भौचर तथा मितिवाट गत आर्थिक बर्षको रु.२,४५,२८०।- खर्चका बिल भरपाई संलग्न गरी भुक्तानी दिएको छ ।

१९. **विल भरपाई वेगर खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च लेख्दा विल भरपाई सहितको लेखा राखी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न मितिमा विभिन्न खर्च लेखेकोमा सो खर्चका बिल भरपाई संलग्न गरी खर्च गर्नुपर्ने व्यवस्था भएकोमा सो अनुरुप बिल भरपाई संलग्न भएको छैन । यसरी नियमावलीले व्यवस्था गरेअनुसार विल भरपाई पेश हुनुपर्नेमा विल भरपाई वेगर खर्च लेखेको रु१,२०,३५०।- को आवश्यक विल भरपाई प्रमाण पेश हुनुपर्दछ ।

२०. **घटी आयकर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८८ अनुसार १५ प्रतिशत अग्रिम आयकर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मिति २०७३।११।२६ मा नगरपालिका क्षेत्रमा ऐलानी र पर्ती जग्गा छुट्याउने काममा

संलग्न इन्द्रनाायण उराव लगायत ६ जनाको विहान बेलुका काम गरेको भनी अतिरिक्त समयको मिति २०७३।११।२६ को निर्णयले रु.४४,७३०।- भत्ता भुक्तानी गरेकोमा १ प्रतिशत आयकर कट्टा गरी भुक्तानी गरेको छ । यसरी आयकर ऐन अनुसार १५ प्रतिशत आयकर वापत रु.६७०९।- कट्टा गर्नुपर्नेमा रु.४४७।- मात्र सामाजिक सुरक्षाकर कट्टा भएकोले छुट कर रु.६,२६२।- असुल गर्नुपर्दछ ।

२१. **जिन्सी आम्दानी नबाँधेको** : स्थानीय निकाय आर्थिक प्रसासन सम्बन्धी नियमावली, २०६४ को नियम २१२(१) बमोजिम स्थानीय निकायमा खरिद गरी प्राप्त हुन आएका मालसामानको मूल्य खुलाई ७ दिनभित्रमा जिन्सी खातामा आम्दानी बाँध्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले विभिन्न भौचर तथा मिति विभिन्न सामान खरीद बापत रु.४५७००।- भुक्तानी गरेकोमा सो सामान जिन्सी खातामा आम्दानी बाँधेको देखिएन । यसरी खरिद भएको मालसामानको जिन्सी खातामा आम्दानी बाँध्नु पर्दछ ।

२२. **मोटरसाइकल खरीद** : मिति २०७३।६।२० मा कार्यालयको नाममा खरीद भएको सवारी साधन सरकारी नम्बर प्लेट सेतोमा दर्ता गराउनु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न फर्मवाट विभिन्न मितिमा मोटरसाइकल खरीद गरी रु.७,८२,२००।- खर्च लेखेको छ । कार्यालयले खरीद गरेको उक्त सवारी साधन हाल सम्म निजि सवारी नम्बरमा दर्ता रहेको छ । यसरी कार्यालयको बजेटवाट खरीद भएका सवारी साधन सरकारी नम्वर प्लेटमा दर्ता गराउनु पर्नेमा हालसम्म निजी सवारी नम्वर मै दर्ता रहेको देखिंदा उक्त सवारी साधन सरकारी नम्वरमा दर्ता गर्नुपर्ने देखिन्छ ।

२३. **बढी खर्च लेखेको** -कार्यालयले विभिन्न कार्य गराई खर्च लेख्दा जिल्ला दररेट भन्दा बढी खर्च, मूल्यांकन भन्दा बढी खर्च लेखी रु. ७९,१६५।- लेखको छ ।यसरी कार्यालयले वास्तविक विल भरपाईकोमात्र खर्च लेख्नु पर्नेमा सो भन्दा बढी खर्च लेखेको रु. ७९,१६५।- असुल हुनुपर्दछ ।

२४. **प्रतिलिपि विलबाट भुक्तानी** : मिति २०७३।७।२४ मा स्वर्गद्वारी घाट निर्माण समितिलाई निर्माण कार्य वापत रु.१,५०,०००।- खर्च लेखेको छ । मूल्य अभिवृद्धि कर ऐन अनुसार मू.अ. कर भुक्तानी गर्न सक्कल कर वीजक हुनुपर्नेमा प्रतिलिपिको वीजकको आधारमा खर्च लेखेको छ । यसरी सक्कल वीजक बेगर रु.१,५०,०००।- खर्च लेखेको रकम नियमित देखिँदैन ।

२५. **जिल्लादर रेटभन्दा बढी दरमा खरीद** : मिति २०७३।१२।९ मा ल्पाई हाउस ग्लास कर्नरको विल नं.३८४ मिति २०७३।१२।४ को विल अनुसार कलको हेड (ट्यूववेल) २० थान खरीद गरेको भनी प्रतिथान रु.२,९००।- का दरले रु.५८,०००।- खर्च लेखेको छ । उक्त सामानको जिल्ला स्वीकृत दर अनुसार रु.२,६२५।- मूल्य निर्धारण भए अनुसार २० थानको लागि रु.५२,५००।- मात्र खर्च लेख्न सकिनेमा रु.५८,०००।- खर्च लेखेबाट रु.६२१५।- मू.अ.कर सहित जिल्ला दर रेटभन्दा बढी खर्च लेखेको छ ।

२६. **विल भरपाईभन्दा बढी खर्च** : आर्थिक कार्यविधि २०६४ को नियम ३६(८) अनुसार कुनै खर्चको भुक्तानी दिंदा रित पुगे नपुगेको जाच गर्नु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न सामान खरीद गरी खर्च लेख्दा विल भरपाइ भन्दा रु.२०,४३०। - बढी खर्च लेखेको छ । यसरी विल भरपाइभन्दा बढी खर्च लेखेको रकम रु.२०,४३०।- असुल हुनुपर्दछ ।

२७. **ढिला कार्य सम्पन्न** : मिति २०७३।१२।१० मा नगरपालिकाको संगठन विकास योजना तयार गरे बापत परामर्सदाता अन्नत ईन्जिनियरिङ कन्स्लटेन्सीलाई रु.४,८५,०००।- भुक्तानी दिएको छ । उक्त योजना तयार गर्न निज परामर्शदातासंग मिति २०७३।१० मसान्तसम्म कार्य सम्पन्न गर्ने गरी मिति २०७३।८।६ मा सम्झौता भएको र सम्झौता अनुसार २०७३ माघ महिनाभित्र प्रतिवेदन वुझाउनु पर्नेमा २०७३।११।६ मा मात्र प्रतिवेदन वुझाएको छ । यसरी तोकिएको अवधिभन्दा २६ दिन ढिला प्रतिवेदन वुझाएवाट सम्झौता रकम रु.४,२९,२०३।५३ को प्रतिदिन .०५ प्रतिशतका दरले रु.२१४।६० का दरले २६ दिनको रु.५,५७९।६५ हर्जाना असुल हुनुपर्दछ ।

२८. **हर्जाना नलिइ म्याद थप दिएको** : मिति २०७४।३।२९ मा वार्ड नं ५ वलाहा बहुमुखी क्याम्पस जाने बाटो सडक RCC सडक निर्माण गर्न उपभोक्ता समितिसंग २०७४।३।२६ मा रु.१२,१७,८८६।३३ को लागतमा २०७४।३।३० सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भए अनुसार रु.५,१२,२८०।६१ खर्च लेखेको छ । सम्झौता अनुसार २०७४।३।३० भित्र कार्य सम्पन्न गर्ने गरी मात्र ५ दिनको समयावधि भएको यस निर्माण कार्य तोकिएको अवधिभित्र सम्पन्न भएको छैन भने तोकिएको म्यादभित्र निर्माण कार्य सम्पन्न नभएको मिति २०७४।४।३२ दर्ता नं.६७३ वाट उपभोक्ताले बाढी पानी लगायत समस्याको कारणले समयले निर्माण कार्य समयमा समपन्न गर्न नसकेकोले भनी म्याद थप माग गरेको र कार्यालयले २०७४।६।४ सम्म म्याद थप समेत दिएको २०७४।६।४ मा उक्त निर्माण कार्य सम्पन्न भएको छ। यसरी आर्थिक वर्षको अन्तमा मात्र ५ दिनको समयावधिभित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता हुनु र हर्जाना नलिने गरी म्याद थप दिनु उचित देखिदैन ।

२९. **लागत अनुमानभन्दा फरक पारी खर्च** : मिति २०७४।३।३० मा वलाहा वहुमुखी क्याम्पस जाने वाटो सडकमा ग्राभेल झार्ने कामको लागि रु.२,००,०००।- को लागत अनुमान तयार भए अनुसार नापी किताव तथा अन्तिम मूल्याङ्कन अनुसार ग्राभेल वर्क रु.१,८१,२१४।३८ तथा ज्याला खर्च रु.९,०२५।- समेत रु.२,००,२३९।३४ मूल्याङ्कन भएकोमा सानु सप्लायर्सको पान विल संलग्न गरी ग्राभेल खरीद तथा ढुवानीमा रु.१,७९,९५५। र ज्यामी ज्याला

खर्चमा रु.२३,७५०।- खर्चको विल भरपाई संलग्न गरी खर्च लेखेको छ । यसरी विल भरपाई अनुसारको नापी तथा अन्तिम मूल्याङ्कन हुनुपर्नेमा फरक पर्ने गरी खर्च लेखेबाट खर्चको यथार्थतामा विश्सनीय हुन सकिएन ।

३०. **सम्झौताभन्दा अघिको मितिको विल भरपाई** :. मिति २०७४।३।३० मा वार्ड नं ४ स्थित रेडक्रस आधारभूत विद्यालयमा कम्पाउण्ड वाल निर्माण गर्न उपभोक्ता समितिसंग मिति २०७४।३।२४ मा रु.२,००,०००।- को लागतमा सम्झौता भए अनुसार कार्य सम्पन्न भएको भनी रु.२,००,०००।- खर्च लेखेको छ । उक्त निर्माण कार्यको संलग्न विल भरपाई उपभोक्ता समितिसंग निर्माण सम्झौता भएको मिति पछिको मितिको विल भरपाई हुनुपर्नेमा स्रेस्ता साथ संलग्न विल भरपाई सम्झौता हुनुभन्दा अघिको मितिको अर्थात २०७४।३।१४ देखि २०७४।३।२३ सम्मको ६वटा विलको रु.१,०६,०००।- भरपाई पेश भएवाट उक्त विल भरपाई संकास्पद देखिन्छ । यस सम्वन्धमा कार्यालयवाट खर्च लेख्दा खर्चका विल भरपाई रीत पुगे नपुगेको यकिन गरेर मात्र खर्चको भुक्तानी हुनुपर्ने देखिन्छ ।

३१. **बढी भुक्तानी** : मिति २०७४।३।२८ मा ईनरुवा ३ मालपोत चौकको RCC सडक निर्माण कार्य उपभोक्ता समितिसंग मिति २०७४।२।३० सम्ममा कार्यसम्पन्न गर्ने गरी रु.९,७८,४४१।७२ को लागतमा सम्झौता भए अनुसार अन्तिम मूल्याङ्कन अनुसार रु.९,५५,४५७।७२ भए अनुसार सोही रकम मात्र खर्च लेख्नु पर्नेमा रु.९,७८,४४१।७२ खर्च लेखेको छ । यसरी अन्तिम मूल्याङ्कन भएको रकमभन्दा बढी खर्च लेखेको रु.२२,९८४।- असुल हुनुपर्दछ ।

३२. **कोटेशनबाट खरीद गरेको** : सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) अनुसार खरीद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ । कार्यालयले नयाँ गठन भएका गाउँपालिका, नगरपालिका पूर्वाधार तथा व्यवस्थापन तथा कार्यालय संचालन गर्नका लागि विभिन्न फर्निचरहरु खरीद गर्न कार्यालयले मिति २०७४।२।५ मा दिन ७ को अवधि तोकी सरसामानहरुको दररेट पेश गर्न सूचना प्रकाशित गरी निम्न फर्महरुबाट कोटेशन लिई खरीद गरेको छ । सार्वजनिक खरीद नियमावली, २०६४ अनुसार रु.१ लाखभन्दा बढी मूल्यका सामान खरीद गर्न लागत अनुमान तयार गर्नुपर्ने र रु.५ लाखभन्दा बढी मूल्यको लागत अनुमान भएको मालसामान खरीद गर्न सिलवन्दी दरभाउपत्रको माध्यामवाट खरीद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ती विभिन्न फर्निचरहरु खरीद गर्न नियमावलीमा भएकृ व्यवस्था अनुसार लागत अनुमान नै तयार गरेको छैन भने खरीद प्रकृया ४ पटकसम्म कोटेशनको माध्यामबाट खरीद गरी कूल र खर्च लेखेको छ । यसरी नियमावलीमा भएको व्यवस्था अनुसार लागत अनुमान तयार गरी सिलवन्दी दरभाउ पत्रको माध्यामवाट खरीद गर्नुपर्नेमा नियममा भएको व्यवस्थाको पालना नगरी रु.१७,५५,७३७।- फर्निचर लगायतका सामान  खरीद गरेको छ ।

३३. **लिड वल्व पटक पटक खरीद** : सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) अनुसार खरीद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ । कार्यालयले नगरपालिका क्षेत्रभित्र विभिन्न बिद्युत पोलहरुमा बिद्युतको लागि भनी बजारबाट पटक पटक सिधै लिड वल्व खरीद गरी खर्च लेखेको छ । कार्यालय सालवसाली रुपमा निरन्तररुपमा आवश्यक हुने यस प्रकार सामान आर्थिक वर्षको शुरुमै के कति परिमाणमा आवश्यक हुन्छ खरीद योजना वनाई सोही अनुसार लागत अनुमान तयार गरी सिलवन्दी दरभाउ पत्र वा सिलवन्दी वोलपत्रको माध्यामवाट खरीद गर्नुपर्नेमा लागत अनुमान नै तयार नगरी वजारवाट पटक पटक सिधै खरीद कार्य गरी कूल रु.१३,६३,२६०।- खर्च लेखेको छ । यसरी खरीद ऐनमा भएको व्यवस्था अनुसार लागत अनुमान तयार गरी आवश्यक प्रकृया पूरा गरी मितव्ययी ढंगले खरीद कार्य गर्नुपर्नेमा सो प्रकृया पुरा नगरी खरीद कार्यमा रु.१३,६३,२६०।- खर्च लेखेको रकम स्वस्थरुपमा आर्थिक कारोबार भएको छ भनी यकिन गर्न सकिने अवस्था छैन ।

३४. सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ८५(१) मा सोझै खरिद सम्वन्धी व्यवस्था भएको  छ । यस अनुसार रु.५ लाखसम्मको लागत अनुमान भएको मालसामानको खरिद यस नियमको अधि नमा रही सोझै गर्न सकिने र सोही नियमको उप नियम (१ख) अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको एउटै फर्म, व्यक्ति वा संस्था, कम्पनीबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न मिल्ने देखिंदैन । कार्यालयले निम्न भौ.नं.र मितिबाट निम्न फर्महरुबाट पटक पटकसामान खरीद गरी खर्च लेखेको छ । यसरी नियमावलीमा भएको व्यवस्था अनुसार रु.५ लाखसम्मको सामान १ पटक मात्र खरिद गर्न सकिनेमा सोभन्दा बढी मेगाटेकवाट रु८८५,९४९।- ग्लोवल ईन्टरप्राईजेजवाट रु.६,२८,०००।- पटक खरिद गरी खर्च लेखेवाट नियमको पालना भएको पाइएन । अत नियममा भएको व्यवस्थाको पालना गरी खर्च गर्नुपर्ने देखिन्छ ।

३५. **आन्तरिक लेखापरीक्षण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(३) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजू अन्तिम लेखपरीक्षण हुनुभन्दा अगाडी नै नियमित गराई, प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी बेरुजू लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका अधिकांश बेरुजू विल प्रमाणित बेगर खर्च भुक्तानी गरेको रकम प्रमाणित गरी नियमित गर्नुपर्ने भनी औंल्याइएको छ । कार्यालयले सो अनुसार विल भरपाई प्रमाणित गरी

आन्तरिक लेखपरीक्षणबाट औंल्याइएका बेरुजू फछ्र्यौट गर्नुपर्दछ साथै चालुखर्च खाता तर्फको बढी भुक्तानी गरेको रु.४०००।-असुल गर्नुपर्ने भनी औल्याईएको वेरुजु फछ्र्यौट गर्नुपर्दछ ।

३६. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पेश्की बाँकीको विवरण अनुसार कार्यालयले विभिन्न कामको निमित्त गत विगतमा विभिन्न कर्मचारी एवं संस्थालाई दिएको पेश्की रु.४६,२१,५६८।- हालसम्म पनि फछ्र्यौट गरेको देखिएन । उक्त पेश्की नियम १९० अनुसार आवश्यक कारबाही गरी असुल फछ्र्यौट गर्नुपर्दछ । यो वर्ष विभिन्न कामको लागि दिएको विभिन्न १६ व्यक्ति संघ संस्था तथा कर्मचारी लगायतको नाममा पेश्की रु.३,४३,२९,७७७- मिति २०७४ आषाढ मसान्तसम्म फछ्र्यौट गरेको नदेखिँदा वडा खातामा रहेको रकम गाउँपालिकामा फिर्ता गर्नुपर्ने र व्यक्ति वा संस्थालाई दिएको पेश्की नियमावलीको व्यवस्था अनुसार आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

३७. **बक्यौता राजश्व रकम** : गत विगत वर्षदेखि निम्न अनुसारको ठेक्का आय वापत निम्न ठेकेदारसंग बाँकी रकम असुल गर्न बाँकी देखिएको रकम नियमानुसार लाग्ने व्याज समेत असुल गर्नुपर्ने देखिन्छ । यसरी विगत वर्षदेखि कार्यालयले विभिन्न ४ ठेकेदारवाट प्राप्त गर्नु बाँकी रकम रु ६,८३,६५४।०५ अविलम्व असुल हुनुपर्दछ ।

३८. **विल भरपाई** - स्थानीय निकाय आथिंक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा वजेट खर्च लेख्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले २०७४।३।३० मा स्टेशनरी सामग्री खरीद गरी वितरण बापत रु.४०,०००।- खर्च लेखेकोमा सो सामग्री वितरणको भर्पाइ पेश हुन आएन । बजेट खर्च भएको सो सामग्री वितरणको भर्पाइ पेश हुनुपर्दछ ।

३९. सडक वोर्ड कार्यक्रम अर्न्तगत २०७४।१।१३ मा बैठक भत्ता वापत भनी रु.६३,०००।- खर्च लेखेकोमा कुन विषयमा कहिले बैठक वसेको स्पष्ट भएन । वजेट खर्च भएको वैठकको निर्णय माइन्युट तथा सो भत्ता भुक्तानीमा आयकर ऐन, २०५८ अनुसार लाग्ने १५ प्रतिशत कर दाखिला भएको बैंक भौचर पेश हुनुपर्दछ ।

४०. **कर कट्टी रकम बैक दाखिला नभएको** : आयकर ऐन, २०५८ को दफा ९०(१) अनुसार कट्टा गरिएको रकम प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र दाखिाला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कर्मचारी कल्याण कोष अन्तर्गत २०७४।३।१८ मा का.स. पाँचौ इन्द्रनारायण उरावको अवकाश योगदान भुत्तानीमा कट्टा गरेको आयकर रु.५४,६३९।- ऐनमा भएको व्यवस्था अनुसार बैंक दाखिला भएको पाइएन । भुक्तानीमा कट्टा गरेको आयकर रु.५४,६३९।- दाखिला भएको बैंक भौचर पेश हुनुपर्दछ ।

४१. **नापी किताव वेगर भुक्तानी** : सार्वननिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन विल भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गरी सो अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले वसपार्क निर्माण उपभोक्ता समितिलाई प्रथम र दोश्रो रनिङ विल बापत रु.४२,००,८१७- प्राविधिक मूल्याङ्कन बेगर भुक्तानी भएको पाइयो । नियमावलीमा भएको व्यवस्था अनुसार सो कार्यको नापी किताव पेश हुनुपर्दछ ।

४२. **आन्तरिक आय** : स्थानीय निकाय आथिंक प्रशासन नियमावली, २०६४ को नियम २१ मा नगरपालिकाले आफ्नो आम्दानीको लेखा अद्यावधिक बनाई राख्नुपर्ने, आम्दानीसंग सम्बन्धित प्रामाणिक कागजात सिलसिलाबद्ध तरिकाले राख्नुपर्ने तथा लेखा राख्दा आम्दानीको प्रकृति छुट्टिने गरी आवश्यक सहायक अभिलेख तयार गरी राख्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले यस वर्ष रु.२,७५,९२,९२२।- आन्तरिक आम्दानी गरेकोमा सो आम्दानीलाई प्रमाणित गर्ने आवश्यक अभिलेख अद्यावधिक भएको पाइएन । आवश्यक अभिलेख अद्यावधिक नभएबाट कार्यालयलाई प्राप्त हुनुपर्ने आम्दानी, प्राप्त भएको आम्दानी तथा प्राप्त हुन बाँकी आम्दानी सम्बन्धमा यकिन गर्न सकिएन । सो आन्तरिक आम्दानीको सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्दछ ।

४३. कार्यालयलाई यस वर्ष रु.३,५४,५७,०००।- सामाजिक सुरक्षा वापत निकासा प्राप्त भएकोमा रु.३,०९,०६,६००।- खर्च भएको छ । कार्यालयलाई प्राप्त भएको निकासामध्ये खर्च रकम कट्टा गरी बाँकी रु.४५,४०,४००।- फिर्ता प्राप्त गरी राजश्व खाता दाखिला गर्नुपर्ने देखिन्छ ।

४४. **सामाजिक सुरक्षा भत्ता** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद-६ दफा १८(क) मा विभागले भत्ता पाउने लाभग्राहीको सम्पूर्ण विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गराउने, दफा १८ (ख) मा उक्त विवरण सबै जिल्लामा लागू गर्ने र दफा १८(ग) मा उक्त पद्धति लागू भएपछि सबै विवरण सो प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । कुनै पनि भुक्तानीमा स्रेस्तासाथ संलग्न रहेका बिलभरपाई र अन्य कागजातको यथार्थता यकिन गर्ने दायित्व सम्बन्धित कार्यालय र निकायसंग सम्बन्धित व्यवस्थापनको रहेको हुन्छ । कार्यालयले उक्त व्यवस्था अनुसार लाभग्राहीहरुको फोटो सहितको अभिलेख राखेको पाइएन ।

४५. **कर दाखिला गरेको प्रमाण नभएका :** आयकर कर ऐन, २०५८ अनुसार कट्टी गरिएको विभिन्न आयकर, भाडाकर वापत कट्टा गरेको बैंक दाखिला गरेको भनी विभिन्न भौ.नं. र मितिबाट खर्च लेखेकोमा कर दाखिला गरेको बैंक भौचर संलग्न गरेको छैन। यसरी खर्च लेख्दा सोको प्रमाण सहित खर्च लेख्नुपर्नेमा सो प्रमाण वेगर नै रु.२,६१,३५०।५५ खर्च लेखेको छ।

**जाल्पापुर गाउँविकास समिति**

४६. **बढी तलव भुक्तानी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) मा कुनैपनि रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। कार्यालयले २०७३ श्रावणदेखि २०७३ फाल्गुणसम्म निम्न कर्मचारीहरुको तलव भुक्तानी गर्दा परिषद्को निर्णयभन्दा ३ जना कर्मचारीलाई बढी भुक्तानी भएको रु.६९,८५१।- असुल गरी राजस्व दाखिला गर्नुपर्दछ।

४७. **आनुपातिक कट्टी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)(ढ) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। उपभोक्ता समिति मार्फत गराएको ९ विभिन्न निर्माण कार्यको भुक्तानीमा आनुपातिक कट्टा नभई बढी भुक्तानी भएको रु.२,३९,६८०। - असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ।

४८. **विल भरपाई** : स्थानीय निकाय आथिंक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा वजेट खर्च लेख्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले विभिन्न ४ भौचरवाट भुक्तानी गर्दा वीलभर्पाइ पेश हुन आएन। नियमावलीमा भएको व्यवस्था अनुसार सो बजेट खर्च भएको रु.२,८८,३७४।- को बिल भर्पाइ पेश हुनुपर्दछ।

४९. **दोहोरो भत्ता** : नेपाल सरकारबाट प्रोत्साहन भत्ता स्वरुप मासिक भत्ता भुक्तानी भएकोमा कार्यालयले गा.वि.स. सचिव कुमार फुयाललाई सोही अवधिको अध्यक्ष भत्ता पनि भुक्तानी भएको पाइयो।यसरी एउटै अवधिको दोहोरो भुक्तानी भएको अध्यक्ष भत्ता रु.३५,६००।- असुल गरी राजस्व दाखिला गर्नुपर्दछ।

५०. **आर्थिक सहायता खर्च** : स्थानीय निकाय स्रोत परिचालन, २०६९ अनुसार आर्थिक सहायता, चन्दा, पुरस्कार खर्च लेख्न मिल्ने देखिदैन। कार्यालयले विभिन्न ३ गोश्वरा भौचर र मितिवाट आर्थिक सहायता दिएको भनी रु.२५,०००।- खर्च लेखको छ। यसरी निर्देशिका विपरीत आर्थिक सहायता खर्च लेखेको रकम रु.२५,०००।- नियमित देखिएन।

**चांदवेला गाउ विकास समिति**

५१. **बैठकको प्रमाण बेगर खर्च** : मिति २०७३।४।२० मा एकीकृत याजना तर्जुमा बैठकमा खाजा खर्च बापत रु.३०,०००।- खर्च लेखेकोमा सो बैठकमा उपस्थित पदाधिकारीहरुको उपस्थित जनाउने बैठकको प्रमाण बेगर खाजा खर्च रु.३०,०००।- खर्चको प्रमाण पेश हुनुपर्दछ।

५२. **आयकर कट्टा नगरेको** : आयकर ऐन, २०५८ अनुसार भत्ता रकममा १५ प्रतिशत आयकर कट्टा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निम्न कर्मचारीलाई भत्ता रकम भुक्तानी भनी रु.७२,०००।- खर्च लेखेको छ। कार्यालयले उक्त भत्ता रकम भुक्तानी गर्दा आयकर ऐनमा भएको व्यवस्था अनुसार आयकर कट्टा गरेको छैन। यसरी आयकर ऐन अनुसार उक्त भुक्तानी रकमको १५ प्रतिशत आयकर रकम रु.१०,८००।- कटाई भुक्तानी गर्नुपर्नेमा सो नकटाई भुक्तानी गरेबाट उक्त कर रकम असुल हुनुपर्दछ।

५३. **छुट प्रमाण वेगर खर्च लेखेको** : मिति २०७३।६।२० मा तलव भत्ता छुट भनी रु.११,५०२।- खर्च लेखेकोमा उक्त रकम कस्को रकम कुन अवधिको छुट भएको आवश्यक प्रमाण तथा विवरण स्पष्ट नगरी रु.११,५०२।- खर्च लेखेको छ।

५४. **सम्झौता प्रमाण बेगर खर्च** : मिति २०७३।६।१८ मा शकुन्तला ठाकुरलाई २०७३ श्रावणदेखि २०७३ मार्गसम्म ५ महिनाको मासिक रु.१०,०००।- ले रु.५०,०००।- पारिश्रमिक खर्च भुक्तानी दिएकोमा सो पारिश्रमिकको सम्झौता बेगर खर्च लेखेको छ। यसरी खर्च रकमको आवश्यक प्रमाण वेगर खर्च लेखेको रकम रु.५०,०००।- को आवश्यक प्रमाण कागजात पेश हुनुपर्दछ।

५५. **आन्तरिक आय** : कार्यालयले मिति २०७३।७।३० मा आन्तरीक आय (मालपोत, सिफारिस दस्तुर आदि) बापत रु.३७,९४९।- आम्दानी जनाएको छ। उक्त आम्दानीको नगदी रसिद, रसिद नियन्त्रण खाता, दैनिक आम्दानी अभिलेख, तथा बैंक दाखिला विवरण समेत पेश नभएबाट आन्तरिक आय यकिन गर्न सकिएन। यसरी आम्दानी सम्बन्धी राखिनु पर्ने उक्त विभिन्न खाता एवं अभिलेख बेगर आम्दानी जनाएको छ।

५६. **स्वीकृत तथ्याङ्क बेगर खर्च** : कार्यालयले मिति २०७३।१०।११ मा बालबालिका भत्ता वितरण बापत रु.२,०४,८००।- खर्च लेखेकोमा वालवालिका भत्ता पाउनेको स्वीकृत तथ्याङ्क पेश भएन। यसरी स्वीकृत तथ्याङ्क बेगर बालबालिका भत्ता वितरण गरेको खर्च रु.२,०४,८००।- को लगत सहितको प्रमाण पेश हुनुपर्दछ।

५७. **आयकर कट्टा नभएको** : आयकर ऐन, २०५८ अनुसार भत्ता रकममा १५ प्रतिशत आयकर कट्टा गर्नुपर्ने व्यवस्था

छ । कार्यालयले ३५ मिति २०७३।११।२७ बाट कार्यक्रम खर्च रु.१,०८,४०३।- मध्ये बैठक भत्ता बापत दुर्गा प्रसाद पराजुलीलाई रु.३,०००।- भुक्तानी गरेकोमा आयकर वापत रु.४५०।- कट्टा गरी भुक्तानी दिनुपर्नेमा आयकर कट्टा गरेको छैन । यसरी आयकर ऐनमा भएको व्यवस्था अनुसार आयकर वापत कट्टा गर्नुपर्ने रकम रु.४५०।- कट्टा नगरी रकम भुक्तानी गरेबाट उक्त आयकर रकम असुल हुनुपर्दछ ।

५८. **सामाजिक सुरक्षा भत्ता** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद-६ दफा १८(क) मा विभागले भत्ता पाउने लाभग्राहीको सम्पूर्ण विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गराउने, दफा १८(ख) मा उक्त विवरण सबै जिल्लामा लागू गर्ने र दफा १८(ग) मा उक्त पद्धति लागू भएपछि सबै विवरण सो प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । कुनै पनि भुक्तानीमा स्रेस्तासाथ संलग्न रहेका बिलभरपाई र अन्य कागजातको यथार्थता यकिन गर्ने दायित्व सम्बन्धित कार्यालय र निकायसंग सम्बन्धित व्यवस्थापनको रहेको हुन्छ । कार्यालयले उक्त व्यवस्था अनुसार लाभग्राहीहरुको फोटो सहितको अभिलेख राखेको पाईएन । कार्यालयले मिति २०७३।११।२७ मा सामाजिक सुरक्षा भत्ता बापत रु.२२,२४,०००।- खर्च लेखेकोमा व्यवस्थापकीय सूचना प्रणाली (MIS) मा अभिलेख नभएका विभिन्न १४ व्यक्तिहरुलाई समेत भत्ता वापत रु.८४,०००।- वितरण गरेको देखिंदा उक्त रकम असुल हुनुपर्दछ ।

५९. **आन्तरिक आय** : कार्यालयले २ मिति २०७४।१।२८ बाट आन्तरिक आय बापत रु.३,०००।- आम्दानी जनाएको छ । उक्त आम्दानीको नगदी रसिद, रसिद नियन्त्रण खाता, दैनिक आम्दानी अभिलेख तथा बैंक दाखिला विवरण समेत पेश नभएबाट आन्तरिक आय यकिन गर्न सकिएन । यसरी आम्दानी सम्बन्धी राखिनु पर्ने उक्त विभिन्न खाता एवं अभिलेख बेगर आम्दानी जनाएको छ ।

६०. **पेश्की बाँकी** : आर्थिक वर्षको अन्तसम्ममा सामाजिक सुरक्षा बापत रु.२६,८८,०००।- फछ्र्यौट नभई बाँकी रहेको रकम आर्थिक कार्यविधि, २०६४ अनुसार फछ्र्यौट हुनुपर्दछ ।

**बबिया गाउँविकास समिति**

६१. **घटीकर काटेको** : प्राविधिक कामको लगत अनुमान तयारी तथा कामको अन्तिम मूल्याङ्कन गर्ने प्रयोजनको लागि सब ओ.सी. शिवदयाल शाहको सेवा करारमा लिइएकोमा मिति ०७३।११।२२ मा निजलाई रु.५०,०००।- पारिश्रमिक भुक्तानी गर्दा १५% का दरले रु.७,५००।-कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा १ प्रतिशतले रु.५,००।- मात्र कर कट्टा गरेकोले घटी आयकर कट्टी गरेको रकम रु.७,०००।- असुल हुनुपर्दछ ।

६२. **टुक्रा-टुक्रा पारी खरीद गरेको** : सार्वजनिक खरिद ऐन, २०६३ मा व्यवस्था भएबमोजिम कार्यालयलाई आवश्यक भएको सामानको वार्षिक खरीद कार्यक्रम तर्जुमा गरी खरीद गर्नुपर्नेमा कार्यालयले सो अनुसार खरीद गरेको पाईएन ।

६३. **पेश्की :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (३) मा यस नियमावलीमा तोकिएको म्याद भित्र कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिने दिने दुबैथरीको कर्तव्य हुने उल्लेख छ । यस गा.वि.स. ले गक विगत वर्षको रु. ३,६३,१५०।-र यसवर्ष ४ व्यक्ति तथा संघ संस्थाको रु.३,३०,०००।-समेत रु. .६,९३,१५०।- दिएको विभिन्न व्यक्ति तथा संघ संस्थाको नाममा बाकी रहेको पेश्की आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट भएको देखिएन । नियममा भएको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गरिनु पर्दछ ।

**मधेशा गाउँविकास समिति**

६४. **स्रोतमा कर कट्टी नगरेको** : आयकर ऐन २०५८ अनुसार भुक्तानीमा १.५ प्रतिशत आयकर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न भौचरहरुबाट भएको भुक्तानीमा आयकर ऐन, २०५८ अनुसार भुक्तानी गर्दाको बखत कर कट्टा गरी भुक्तानी गर्नु पर्नेमा सो नगरेकोले उक्त आयकर रकम ११,४२१।- असुल हुनुपर्दछ ।

६५. **क.स.कोष दाखिला** : कर्मचारीहरुको पारिश्रमिक भुक्तानी गर्दा कट्टा गरिएको कर्मचारी सञ्चय कोष वापतको रकम वर्षान्तमा दाखिला गर्ने गरेको छ । यसरी कट्टी गरिएको रकम समयमै दाखिला हुनुपर्दछ ।

६६. **स्रोतमा कर कट्टी गरिएको रकम बैंक दाखिला** : आयकर ऐन २०५८ अनुसार भुक्तानी गर्दाको बखत स्रोतबाट कट्टी गरिएको अग्रिम आयकर आयकर ऐनमा भएको व्यवस्था बमोजिम आयकर कट्टी गरिएको अर्को महिनाको २५ गतेभित्र दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार दाखिला गर्ने गरेको छैन ।

**बेरुजू स्थिति**

यो वर्ष नगरपालीकाको लेखापरीक्षणबाट रु.५ करोड ३४ लाख ८७ हजार बेरुजू रहेको मध्ये असुल गर्नुपर्ने रु.७ लाख ८८ हजार नियमित गर्नुपर्ने रु.१ करोड ४९ लाख ८८ हजार र पेश्की रु.३ करोड ७१ लाख ११ हजार रहेको छ ।

# दुहवी नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

नगरपालीकाको गत वर्षको मौज्दात रु.१७ लाख २२ हजार र यो वर्ष आय रु. १७ करोड ९४ लाख ९३ हजार समेत रु.१८ करोड १२ लाख ५७ हजार आम्दानी भएकोमा रु. १७ करोड ५४ लाख ९ हजार खर्च भई रु. ५८ लाख ४८ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१ **आय व्यय विवरण :** लेखापरीक्षणमा पेश भएको आय व्यय विवरणमा नगद बाँकी रु.२,४७,४००।- देखाइएको छ । आय भन्दा व्यय रु.३९,१२०।- ले बढी देखिन्छ । तसर्थ रु.३९,१२०।- व्यय तर्फ घटाएर प्रस्तुत गरिएको छ । एकिकृत आय व्ययमा आम्दानी र खर्च तथा मौज्दातको जोड बराबर हुनु पर्नेमा खर्च र मौज्दातको जोड जम्मा आम्दानी भन्दा बढी देखिएको सम्बन्धमा एकिन गरिनु पर्दछ ।

२ **लेखा परिक्षण :** स्थानिय निकाय आर्थिक प्रशासन सम्वन्धि नियामावली २०६४ अनुसार स्थानिय निकायले आन्तरिक लेखापरिक्षण गराई अन्तिम लेखापरिक्षण गराउने र सोको प्रतिवेदन उपर कारवाहि समेत गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आर्थिक बिवरणबाट केन्द्रिय अनुदान र अन्तरिक आय समेतरु. १,१२,९८,२१४/- आम्दानी भएको देखिन्छ । साविक गाउँ विकास समितिहरुको आन्तरिक आय गरे पनि मुलखातामा देखाएको छैन । साथै साविक गाविसहरुले आफै आम्दानी गरी वडा कार्यालय खातामा जम्मा गरी खर्च गरेको देखियो । गाविसहरुले गरेको आम्दानी आय व्यय विवरणमा समेत उल्लेख नगरेकोले सबै साविक गाविस र हालका वडाको आन्तरिक आयको लेखापरीक्षण गरिएको छैन ।

३ **बैक मौज्दात :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको कार्यालयले आफ्नो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले यस आर्थिक वर्षको अन्त्यसम्ममा स्रेस्ता अनुसार रु.४,०३,९५,७३३/७६ बैंक मौज्दात रहेकोमा बैंक समायोजन हिसाब तयार नगरेकोले मौज्दात रकम यकिन हुन सक्ने देखिएन ।

४ **योजना छनौट र कार्यान्वयन :** स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ बमोजिम स्थानीय निकायले संचालन गर्ने योजना छनौट तथा कार्यान्वयनमा समाबेशी, पारदर्शिता र गाउं /नगर परिषदबाट पारित हुनु पर्नेमा योजना छनौट तथा कार्यान्वयनमा देहाय बमोजिम देखिएको छ :

- प्रगती प्रतिवेदन पेश नभएकाले परिषदबाट पारित नभएका योजना संचालन गरेका विश्लेषण गर्न सकिएन ।
- सम्पन्न योजना उपभोक्ता समितिमा हस्तान्तरण भएको देखिएन ।

५ **जिन्सी/सम्पत्ति संरक्षण र हस्ताणतरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ मा कार्यालय प्रमुखले १ बर्षमा कम्तीमा आफैले निरिक्षण गरी वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राबिधिकबाट जिन्सी निरिक्षण गराई प्रतिबेदन लिने ब्यबस्था छ । साथै सोही नियममावलीको नियम २१४(३) मा प्रतिबेदनमा उल्लेख भएअनुसार लिलाम बिक्रि गर्नु पर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नु पर्ने सामान ३ महिना भित्र गरी सक्नुपर्ने ब्यबस्था छ । साविकका कुनै पनि गाँउ विकास समितिहरुले सम्पत्तिको अभिलेख व्यवस्थित गरेर नगरपालिकामा जिन्सी हस्तान्तरण गरेको देखिएन । जिन्सी र सम्पत्तिको अभिलेख व्यवस्थित गरी नगरपालिकामा हरुतान्तरण गरी वडा कार्यालयहरुले सम्पत्तिको प्रयोग गर्नु पर्दछ ।

६ **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम जिन्सी, लेखा, नगद, कार्यक्रम खर्च, प्रशासनिक खर्च लगायतमा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने व्यवस्था छ । कार्यालयले कार्यरत कर्मचारीको कार्य विवरण बनाई कार्यान्वयन नगरेको, ,लागत अनुमान तयार नगरेको , भ्रमण अभिलेख व्यवस्थित नभएको , भ्रमण प्रतिवेदन तयार नगरेको, खरिद योजना नबनाएको, संक्षिप्त वार्षिक प्रतिवेदन तयार नगरेको, टुक्रा पारी खरिद गरेको आदि अवस्था रहेको छ । कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्य सम्पादनलाई नियन्त्रण, मितव्ययी र पारदर्शी एवं भरपर्दो बनाउनुपर्दछ ।

७ **सार्वजनिक परीक्षण :** स्थानीय निकाय आथिंक प्रशासन नियमावली, २०६४ को नियम १५६ मा बमोजिम उपभोक्ता समितिवाट संचालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाँच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको

देखिदैन । यसवाट निर्धारित समयमा पारदर्शी रुपमा गुणस्तरयुक्त कार्य सम्पन्न भएको छ, देखाएका खर्चका विल भरपाई सहि र यथार्थ छन् भनि विश्वस्त हुने आधार देखिदैन ।

८ **उपभोक्ता समिति परिचालन :** साविकगाउँविकास विकास समितिद्धारा संचालित रु.१ करोड सम्मको काम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ मा उपभोक्ता समितिद्धारा गराउन सक्ने प्रावधान छ । सो नियम वमोजिम योजना तथा कार्यक्रमहरु विकास योजनावाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुमध्येवाट जिल्ला विकास समितिले सम्वन्धित निकायको समेत परामर्श लिई उपभोक्ता समिति गठन गराउनु पर्ने, सोही नियमावलीको नियम २०८ ले व्यवस्था गरेको देखिन्छ । नियमावलीको नियम २०५ मा कार्य गर्ने प्रयोजनका लागि गठित उपभोक्ता समिति स्थानीय निकायले विषयगत रुपमा वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष अधिकांस योजना उपभोक्ता समिति मार्फत गराएता पनि यसरी योजना कार्यान्वयन गर्ने उपभोक्ता समिति मध्ये उपभोक्ता समितिहरुको वर्गीकरण र सूचीकृत गरी लगत राखेको देखिएन । यसरी गठित उपभोक्ता समिति कुन निकायमा दर्ता भएको हो र कुन निकायवाट नविकरण गरिएको हो, सो समेत श्रेस्तामा खुल्न आएन । उपभोक्ता समिति दर्ता तथा बिषयगत रुपमा बर्गीकरण नहनुमा कानूनको पालना नगर्नु नै प्रमुख कारण हुन । उपभोक्ता समितिहरुको दर्ता तथा बिषयगत रुपमा बर्गीकरण नगरिदा अनुगमनमा कठिनाई हुने, एउटा उपभोक्ता समितिमा रहेका पदाधिकारीहरु अन्य उपभोक्ता समितिमा पदाधिकारी हुने, योजना समाप्त हुने बित्तिकै उपभोक्ता समितिको नाममा रहेको बैंक खाता बन्द हुने, जुनसुकै प्रकृतिका कार्य एउटै उपभोक्ता समिति मार्फत गराउने, सम्पन्न योजना गुणस्तरीय नहुने, मर्मत सम्भार र जिम्मेवारी कसले लिने भन्न नसकिने अवस्था रहन्छ । नियमावलीमा उल्लेख भए अनुसार आगामी दिनमा उपभोक्ता समितिहरुको दर्ता तथा विषयगत रुपमा बर्गीकरण गरी  व्यवस्थित गराउनु पर्दछ ।

९ **तालिम सञ्चालनकार्यविधि र निर्देशिका** : कार्यालयबाट संचालन गरिने विभिन्न किसिमको तालिम तथा गोष्ठी  संचालन गर्दा आवश्यक पर्ने प्रशिक्षक भत्ता, सहभागीको भत्ता, भ्रमण खर्च, स्टेशनरी खर्च, अन्य विविध खर्च उपलब्ध गराउने सम्बन्धमा कार्यालयलाई एकरुपता हुने गरी तालिम संचालन निर्देशिका वा कार्यविधि स्वीकृत हुनु पर्दछ । नगरपालीकाको  बार्षिक कार्यक्रम अनुसार बिभिन्न तालिमहरु सञ्चालन गर्दा तालिम सञ्चालन सम्बन्धी निर्देशिका, कार्यबिधि वा नर्मस तयार नगरी खर्च गरेको पाइयो । नगरपालिकाले तालिम सञ्चालन गर्न स्वीकृत नर्म्स तयार गरी खर्चमा एकरुपता कायम गर्नुपर्ने देखिन्छ ।

१० **ठेक्का व्यवस्था** : सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ का विभिन्न दफा एवं नियमहरुमा उल्लेखित प्रावधान अनुसार सार्वजनिक खरिद कार्यको लागत अनुमान तयारीदेखि निर्माण व्यवसायीसँग सम्झौता गर्नेसम्मका खरिद सम्बन्धी कारवाही सम्बन्धित सार्वजनिक निकायबाट हुनुपर्ने व्यवस्था रहेको देखिन्छ । यस कार्यालयबाट यो वर्ष विभिन्न खरीद कार्यको रु.६ करोड ९४ लाख ६० हजारको लागत अनुमान तयार पारी रु.६ करोड २८ लाख २८ हजारको खरिद कार्यको ठेक्का व्यवस्थापन भएको देखियो । उल्लेखित खरिद कार्यको विवरण हेर्दा व्याको लोडर र दमकल खरिद बाहेक अन्य निर्माणका लागि बिक्रि गरिएका गरिएका बोलपत्रको तुलनामा कम संख्यामा मात्र बोलपत्र दाखिला भएको देखिन्छ । त्यसैगरी निर्माण कार्यको लागत अनुमानको तुलनामा ०.४ देखी ४३.३५ प्रतिशतसम्म घटी कबोल गरी खरिद सम्झौता भएको देखिन्छ ।

११. **आन्तरिक आयतर्फ** : आन्तरिक आयतर्फ यो वर्ष देहाय अनुसार ठेक्का व्यवस्थापन भएको देखिन्छ ।

११.१ प्रस्तुत विवरण अनुसार यस वर्ष नगरपालिकाबाट आह्वान गरिएका ११ वटा ठेक्का मध्ये पशुपति घाट पटके पसल सञ्चालनको ठेक्का लागेको देखिएन भने विज्ञापन करका लागि बोल कबोल भए पनि सम्झौता भएको देखिएन । त्यसैगरी मवेशी पसल करको ठेक्का अभिकर्ताबाट लगाइएको भनी ४१.१८ प्रतिशत घटीमा सम्झौता भएको देखिन्छ । अन्य ठेक्कामा न्यूनत्तम ठेक रकम भन्दा ०.०३ देखी ४१.१२ प्रतिशत बढाबढमा सम्झौता भएको छ ।

११.२ स्थानीय निकायले आन्तरिक आय संकलनका लागि ठेक्का लगाउँदा कवोल अंकमा मूल्य अभिवृद्धि कर जोडेर सम्झौता गर्नु पर्दछ । कार्यालयले यस वर्ष रु.५०,३९,५८२।- को ठेक्का लगाएकोमा मूल्य अभिवृद्धि कर असुल गरेको देखिएन । सम्झौता रकममा १३% मूल्य अभिवृद्धि कर लगाई असुल हुनुपर्दछ ।

१२. **गुम्ती बहाल विटौरी कर :** नगरपालिकाको स्वामित्वमा रहेको २ विगाहा क्षेत्रफलको जग्गामा रहेका बिभिन्न घर टहराहरुमा ११७ जना व्यक्तिहरुले घर टहरा निर्माण गरी व्यवसाय गरी रहेका छन् । उक्त जग्गा नगरपालिकाले मुख्य राजमार्गमा प्रति वर्ग फिट रु.२,५०।- र सहायक मार्गमा प्रति वर्ग मिटर रु.२।- बहाल कायम गरी प्रति महिना रु.६५,४४९।- भाडा कायम गरिएको छ । ती व्यक्तिहरुसँग गत वर्षसम्म रु.१२,८०,२४१।- बहाल असुल गर्नुपर्ने बाँकी थियो भने यो वर्ष रु.७,८२,१९६।- समेत रु.२०,६२,४३८।- असुल हुनुपर्नेमा यो वर्ष रु.७१,६१६।-       (३.४७%) मात्र असुल भै रु.१९,९०,८२२/४८ बाँकी रहेको छ । नगरपालिकाले धेरै वर्ष पहिले कायम गरेको उक्त भाडादर समय सापेक्षरुपमा वृद्धि नगरेको कारण

नगरपालिकाको आयश्रोत बढन सकेको छैन । आन्तरिक आय श्रोत वृद्धि गर्नको लागि बहाल आम्दानी समयानुसार बृद्धि गर्नु पर्दछ ।

१३ **आम्दानीको श्रोत :** कार्यालयको अभिलेख अनुसार कुल दर्ता भएका ११० वटा होटल मध्ये हालसम्म ६१ वटा होटलहरुले मात्र नगरपालिकामा कर बुझाउदै आएका छन् । त्यसैगरी आ.व. २०६२/६३ देखी दर्ता भएका ८० वटा उद्योहरु मध्ये २३ वटा उद्योगहरुले हालसम्म कर बुझाएका छैनन् भने चालु आर्थिक वर्षसम्म नियमित कर बुझाउने उद्योगको सँख्या ८ मात्र रहेको छ । नगरपालिकाको मुख्य आयश्रोतको रुपमा रहेको होटल तथा उद्योगहरुले नियमितरुपमा कर तिरी नविकरण नगरेका कारण नगरपालिकाको आन्तरिक श्रोतमा कमी आएको देखिन्छ । सबै होटल तथा उद्योगहरुलाई अनिवार्यरुपमा कर तिरी नविकरण गराई नगरपालिकाको आयश्रोत बृद्धि गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

१४ **भुक्तानी दिन बाँकी :** आर्थिक वर्ष २०७३/७४ मा सम्झौता बमोजिमको काम सम्पन्न भै बिल भुक्तानी गर्न बाँकी रु.२,९०,५०,०००/- को भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गरिएको छ ।

१५ **आन्तरिक लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३१ मा स्थानीय निकायको आय र व्ययको स्रेस्ताको मासिक रुपमा लेखा परीक्षण गर्ने, आन्तरिक लेखा परीक्षणबाट देखिएका व्यहोराका सम्बन्धमा कार्य सम्पन्न गरेको मितिले सात दिनभित्र प्रमुख र सचिवलाई प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाले नियममा व्यवस्था भए बमोजिम मासिकरुपमा आन्तरिक लेखापरीक्षण नगरी आर्थिक वर्षको अन्त्यमा मात्र आन्तरिक लेखापरीक्षण गर्ने गरेको पाइयो । समयमा आन्तरिक लेखापरीक्षण नहुँदा नियमावली वा प्रचलित कानूनको रीत पुर्‍याई खर्च गरे नगरेको यकिन गरी श्रेस्ता अद्यावधिक गर्ने तर्फ कारवाही भएको देखिएन । आर्थिक वर्षको अन्त्यमा मात्र आन्तरिक लेखा परीक्षण गर्दा आर्थिक कारोबारको प्रभवकारीरुपमा चेक जाँच हुन नसक्ने साथै आर्थिक कारोवारमा आउन सक्ने सम्भावित जोखिमलाई समयमै न्यूनिकरण गर्न सक्ने अवस्था देखिएन । नियममा भएको व्यवस्था अनुसार मासिक रुपमा आन्तरिक लेखापरीक्षण गरी सो प्रतिवेदन स्थानीय नियका प्रमुख र सचिवलाई उपलब्ध गराई आर्थिक कारोवारको श्रेस्ता अद्यावधिक गराउने तर्फ ध्यान जानु पर्दछ ।

**स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) तर्फ**

१६ **बिल भरपाई बेगर भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । भौ.नं. १२-२०७३।१२।२९ बाट गुन्जन मिश्रलाई बैठक भत्ता वापत १२ जनालाई प्रतिव्यक्ति रु.१,०००।- का दरले रु.१२,०००।- भुक्तानी भएकोमा ८ जनाले १५% कर बाहेक रु.३,४००।- भत्ता बुझेको भरपाई संलग्न गरेको देखिएन । रकम बुझेको भरपाई पेश हुनु पर्दछ अन्यथा उक्त रकम असुल हुनु पर्दछ ।

१७ **कर बीजक :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(३) मा मूल्य अभिवृद्धि कर दर्तावाल सँग कुनै वस्तु वा सेवा प्राप्त गर्दा बीजक लिनु प्रापकको कर्तव्य हुने व्यवस्था छ । यस कार्यालयले भौ.नं.५ मिति २०७४/२/२२ बाट सामाजिक परिचालन केन्द्रलाई बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन गरे वापत सम्झौता बमोजिम रु.१,००,०००।- भुक्तानी दिएको छ । सम्झौतामा उक्त रकमका मूल्य अभिवृद्धि कर समेत समावेश भएको भनिएकोमा कर बिजक बेगर नै उक्त रकम भुक्तानी दिएको देखिएकाले सम्झौताको प्रावधान विपरित भुक्तानी दिएको नियमसम्मत देखिएन ।

**नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रम तर्फ**

१८ **बिल बेगर भुक्तानी :** प्रोभिजनल सम वापतको रकम भुक्तानी दिँदा यथार्थ खर्चको बिल भपाईको आधारमा भुक्तानी दिनु पर्दछ । यस वर्ष शिखरटोली मार्ग देखी दक्षिण हुँदै कृष्ण मन्दिर जाने बाटो कालोपत्रे गर्ने कार्यका लागि २०७४।३।१५ मा कार्य सम्पन्न गर्ने गरी बिराट एण्ड बिशाल/शाह जे.भी. सँग मिति २०७४।१।११ मा रु.१,७३,५४,९७६।- को खरिद सम्झौता भएको थियो । निज निर्माण व्यवसायीलाई २०७३।३।२७ मा प्रथम बिल वापत रु.५६,८८,५२४।- भुक्तानी गरेकोमा टेष्ट रिपोर्ट वापत रु.१,५१,०००।- भुक्तानी भएको छ । वि.ओ.क्यु.मा टेष्ट वापतको कार्यलाई प्रोभजनल सममा राखेको हुँदा टेष्ट गरेको सक्कल प्रमाण र सो वापत प्रयोगशालालाई भुक्तानी गरेको बिलका आधारमा मात्र उक्त रकम भुक्तानी गर्नुपर्नेमा निर्माण व्यसायीले टेष्ट गरेको प्रमाण र सो वापत लागेको खर्चको बिल पेश नगरी भुक्तानी लिएको देखिन्छ । बिल भरपाई बेगर भुक्तानी दिएको रकम असुल हुनु पर्दछ ।

१९ **सक्कल कर बीजक :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(३) मा मूल्य अभिवृद्धि कर दर्तावाल सँग कुनै वस्तु वा सेवा प्राप्त गर्दा बीजक लिनु प्रापकको कर्तव्य हुने व्यवस्था छ । यस कार्यालयले २०७४।२।२५ बाट केशरी चन्द भेवरलाल (मु.अ.कर दर्ता नं. ३०४३३४३४२) को रु.३४,८८,०००।- को बिल भुक्तानी गरेकोमा बिजक नं.१८६७ को कर बीजकको प्रतिलिपी पेश गरेको छ । सक्कल बीजक पेश नगरी भुक्तानी दिनु नियमसम्मत देखिएन ।

**आन्तरिक पुँजीगत तर्फ**

२० **बढी भुक्तानी :** मिति २०७४।३।२२ बाट मोटरसाईकल खरिद वापत तिरुपति अटोप्यालेसको बिल रकम रु.२,६४,३००।- मध्ये संघिय संरचना पुँजीगत तर्फबाट रु.२,२३,०००।- भुक्तानी भएकोमा यस शीर्षकबाट बाँकी रु.४१,३००।- मात्र भुक्तानी गर्नु पर्नेमा रु.४४,६४५।- भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु.३,३४५।- असुल हुनुपर्दछ ।

२१ **बिल भरपाई बेगर भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । भौ.नं. २० मिति २०७३/६/२१ बाट सार्वजनिक निर्माण वापत रबी रौनियारलाई रु.१०,०००।- भुक्तानी गरेकोमा सो को बिल भरपाई पेश भएको छैन । बिल भरपाई बेगर भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

२२ **कार्य सम्पन्न प्रतिवेदन तथा नापी किताब :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । ठेक्का नं. ७/२०७२/७३ दुहवी भलुवा नगरपालिका वडा नं ७ सुनसरी मोरङ्ग सिचाँइ कार्यालयको अगाडि देखी दक्षिण अस्पताल चोक हुँदै राजमार्ग सम्म नाला निर्माण कार्यका लागि निर्माण व्यवसायी योगराज निर्माण सेवासँग २०७३/३/२५ मा काम सम्पन्न गर्ने गरी मिति २०७३/३/३ मा मू.अ.कर बाहेक रु.२६,२१,५११/- को सम्झौता भएकोमा वर्षात र सामग्री अभावको कारण देखाई म्याद थपका लागि निर्माण व्यवसायीले माग गरे बमोजिम कार्यालयबाट मिति २०७३/६/२६ सम्म म्याद थप भएको थियो । निर्माण व्यवसायीले मिति २०७३/६/२ मा दोश्रो रनिङ बिलबाट रु.८२६४९१/- माग गरे बमोजिम भौ.नं. २१ मिति २०७३/७/५ बाट उक्त रकम भुक्तानी भएको छ । दोश्रो रनिङ बिल सम्ममा मू.अ.कर वाहेक रु.२४,९३,०६२/- (९५%) भुक्तानी भएको देखिन्छ । उक्त ठेक्काको हालसम्म म्याद थप भएको देखिएन साथै कार्य सम्पन्न भएको पनि देखिएन । शत प्रतिशत काम सम्पन्न गरी उक्त ठेक्का फरफारक गराउनु पर्दछ ।

२३ **जिन्सी दाखिला नगरेको :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार खरिद वा हस्तान्तरण भई आएका सामानहरु मूल्य समेत खुलाई जिन्सी किताबमा आम्दानी बाध्नुपर्ने व्यवस्था छ । कार्यालयले २०७३/१०/३ मा ७ थान ६०० एम.एम NP3 ह्युम पाइप खरिद गरी श्रीराम कंक्रिट इण्डस्ट्रिज प्रा.लि.लाई रु.९३,३३८/- भुक्तानी गरेको छ । उक्त ह्युम पाइप कुन स्थानको लागि खरिद भएको हो सो को लागत अनुमान पेश हुनुका साथै जिन्सी दाखिला समेत भएको छैन ।

२४ **धरौटी कट्टी नगरेको :** मिति २०७३/८/२९ मा योगराज निर्माण सेवालाई गत आ.व.को प्रथम रनिङ बिलको भुक्तानी गर्न बाँकी रु.३,३५,७००/- भुक्तानी गरेकोमा धरौटी वापत रु.१४,८५४/- कट्टी गर्नु पर्नेमा कट्टी गरेको छैन । प्रथम रनिङ बिलको रकम रु.१९,९०,७००/- मध्ये गत वर्ष मिति २०७३/३/३० बाट रु.१६,५५,०००/- भुक्तानी हुँदा सो रकमको ५% ले हुने रु.८२,७५०/- मात्र धरौटी कट्टी गरेको देखियो ।

२५ **सामाजिक सुरक्षा :** कार्यालयले यो वर्ष देहाय अनुसार रु.२,०७,७५,२००/- सामाजिक सुरक्षा भत्ता वापतको रकम कृषि विकास बैंक, नेपाल बैंक लिमिटेड र सनराइज बैंक मार्फत निकासा दिएकोमा बैंकहरुले असार मसान्तसम्म रु. १,७५,११,५८०/- मात्र वितरण गरी रु. ३२,६३,६२०/-बैंक खातामा बाँकी रहेको देखिन्छ । वितरण नगरी बैंक खातामा बाँकी रहेको उक्त रकम संचित कोष दाखिला हुनु पर्दछ ।

२६ **लेखापरीक्षण :** दुहवी सुहवी माइपोखरीमा शान्ति स्मृती पार्क निर्माण कार्य वापत जिल्ला वन कार्यालयबाट प्राप्त रु.८,००,०००/- माइपोखरी जिर्णोद्वार समितिलाई भुक्तानी गरेकोमा सो को सक्कल श्रेस्ता कागजात जिल्ला वन कार्यालयमा नै पठाएको जवाफ प्राप्त भएको र फोटोकपी श्रेस्ता मात्र पेश भएकोले सो को लेखापरीक्षण गरिएको छैन ।

२७ **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९२(३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस कार्यालयले गत विगत आर्थिक वर्षमामा दिएको पेश्की मध्ये रु.६९,३२,२३१/- फछ्र्यौट हुन बाँकी रहेको छ । त्यसैगरी यस आर्थिक वर्षमा दिएको पेश्की मध्ये विभिन्न ७ संस्थालाई रु. ३,८२,९८,२९३/- आर्थिक वर्षको अन्त्य सम्ममा फछ्र्यौट भएको पाइएन । उक्त पेश्की नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ ।

**सिमरिया गाउँ विकास समिति**

२८ **लेखा प्रणालीः** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली/नगरपालीकाको हकमा प्रादभावी लेखाप्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि दोहोरो लेखाप्रणाली/प्रोदभावी लेखाप्रणाली राखेको पाईएन ।

२९ **लेखा प्रस्तुति** : कार्यालयवाट प्राप्त आय व्ययमध्ये सामाजिक सुरक्षा बापत निकासा भई खर्च देखाएको को सक्कल बिल भर्पाई जिल्ला समन्वय समितमा पेश गरेको भनी लेखापरीक्षणमा पेश नभएकोले लेखापरीक्षण गरेको छैन ।

३० **आन्तरिक श्रोत** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५ मा व्यवस्था भए अनुसार गाउँ विकास समितिले आफ्नो क्षेत्रमा तोकिएको दरमा नबढ्ने गरी गाउँ परिषदबाट पारित दरमा विभिन्न प्रकारको करहरु लगाई आर्थिक अवस्था सवल बनाउन सक्ने र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची ४, ५ र ६ मा करका दरको व्यवस्था गरेको छ । आम्दानी सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन् ।

३१ साबिक गा.बि.स.ले २०७३ फाल्गुनसम्म मालपोत, हाटबजार कर, बहाल कर, व्यवसाय कर र दस्तुर वापत रु.४,१०,८९८/२० मात्र आम्दानी गरेको छ । सोबाहेक आन्तरिक श्रोततर्फ अन्य स्रोतबाट आम्दानी गर्न सकेको छैन ।

३२ साबिक गा.बि.स.मा बार्षिक मालपोत कति असुल गर्नुपर्ने हो, हालसम्म बक्यौता र चालु समेत कति मालपोत असूली गर्न बाँकी छ सोको लगत राखेको देखिएन । जस्ले गर्दा मालपोत बक्यौता रकम यकिन गर्न सकिएन । गा.बि.स.ले ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम कुन शिर्षकबाट के कसरी आम्दानी गर्न सकिन्छ सोको अध्ययन गरी आन्तरिक आय बृद्धि गर्न आवश्यक प्रयास गर्नुपर्ने देखियो ।

३३ आम्दानी गर्दा मालपोतको लागि बेग्लै र अन्य आयको लागि बेग्लै नगदी रसिद प्रयोग गरेको छ । नगदी रसिदको शुरु मौज्दात, आम्दानी, खर्च र बाँकी मौज्दात समेत देखिने गरी रसिद नियनत्रण खाता नराखेकोले सो खाता राख्नुपर्दछ ।

३४ **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजार भन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२७ मा निर्माण वा खरीद गर्दा वा सेवा प्राप्त गरेवापत भुक्तानी दिंदा प्रचलित कानून बमोजिम कर कटाएर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । भुक्तानीमा अग्रिम कर कट्टा नगरी भुक्तानी दिएको देखिएकाले नियमानुसार लाग्ने कर रु. १०,२३६/- असुल गरी संचित कोष दाखिला गर्नु पर्दछ ।

३५ **सुशासन तथा पारदर्शिता :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम प्रत्येका गाउँ विकास समितिले पुँजीगत अनुदानमा खर्च भएको रु.२,००,०००/- भन्दा माथीको योजनाहरुको सबैले देख्ने ठाउँमा लागत अनुमान, जनसहभागीताबाट बेहोर्ने रकम, गाउँ विकास समितिले व्यहोर्ने रकम, योजना शुरु हुने मिति र सम्पन्न हुने मिति समेत खुलाई सूचना बोर्ड राख्नु पर्ने, सार्वजनिक सुनुवाई गर्नु पर्ने र सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ । यस गाउँ विकास समितिबाट सञ्चालित रु.२,००,०००/- भन्दा बढी खर्च भएका योजनाहरुको सूचना बोर्ड राख्ने, सार्वजनिक सुनुवाई र सामाजिक लेखापरीक्षण गर्ने गरेको पाइएन । गाउँ विकास समितिबाट सम्पन्न हुने बिकास निर्माण सम्बन्धित कार्यलाई पारदर्शी बनाउनका लागि यस्त कार्यहरु गर्नु जरुरी देखिएको छ ।

३६ **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९२(३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार गत विगत वर्षमा बिभिन्न व्यक्तिलाई दिएको पेश्की मध्ये रु. ३,३०,९४०/- फछ्र्यौट हुन बाँकी देखिएको छ । यसवर्ष दिएको पेश्की दुखाराम माझीको नाममा रहेको रु.१५,०००/- फछ्र्यौट हुन बाँकी रहेको छ । उक्त पेश्की नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ ।

**पूर्वकुशाहा गाउँ विकास समिति**

३७ **लेखा प्रणाली:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली/नगरपालीकाको हकमा प्रादभावी लेखाप्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि दोहोरो लेखाप्रणाली/प्रोदभावी लेखाप्रणाली राखेको पाईएन ।

३८ **लेखा प्रस्तुति** : माथि उल्लिखित आय व्ययमध्ये सामाजिक सुरक्षा बापत निकासा भई खर्च देखाएको २४,९८,४००/- को सक्कल बिल भर्पाई जिल्ला समन्वय समितमा पेश गरेको भनी लेखापरीक्षणमा पेश नभएकोले लेखापरीक्षण गरेको छैन ।

३९ **आन्तरिक श्रोत** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५ मा व्यवस्था भए अनुसार गाउँ विकास समितिले आफ्नो क्षेत्रमा तोकिएको दरमा नबढ्ने गरी गाउँ परिषदबाट पारित दरमा विभिन्न प्रकारको करहरु लगाई आर्थिक अवस्था सवल बनाउन सक्ने र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची ४, ५ र ६ मा करका दरको व्यवस्था गरेको छ । आम्दानी सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन् ।

३०.१ साबिक गा.बि.स.ले २०७३ फाल्गुनसम्म मालपोतकर, हाटबजार कर, व्यवसाय कर र दस्तुर बाट रु.३,३८,१४०/-मात्र आम्दानी गरेको छ । सोबाहेक आन्तरिक श्रोततर्फ अन्य स्रोतबाट आम्दानी गर्न सकेको छैन ।

३९.२ साबिक गा.बि.स.मा बार्षिक मालपोत कति असुल गर्नुपर्ने हो, हालसम्म बक्यौता र चालु समेत कति मालपोत असूली गर्न बाँकी छ सोको लगत राखेको देखिएन । जस्ले गर्दा मालपोत बक्यौता रकम यकिन गर्न सकिएन । गा.बि.स.ले ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम कुन शिर्षकबाट के कसरी आम्दानी गर्न सकिन्छ सोको अध्ययन गरी आन्तरिक आय बृद्धि गर्न आवश्यक प्रयास गर्नुपर्ने देखियो ।

३९.३ आम्दानी गर्दा मालपोतको लागि बेग्लै र अन्य आयको लागि बेग्लै नगदी रसिद प्रयोग गरेको छ । नगदी रसिदको शुरु मौज्दात, आम्दानी, खर्च र बाँकी मौज्दात समेत देखिने गरी रसिद नियनत्रण खाता नराखेकोले सो खाता राख्नुपर्दछ ।

४० **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजार भन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२७ मा निर्माण वा खरीद गर्दा वा सेवा प्राप्त गरेवापत भुक्तानी दिंदा प्रचलित कानून बमोजिम कर कटाएर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । देहाय अनुसारको भुक्तानीमा अग्रिम कर कट्टा नगरी भुक्तानी दिएको देखिएकाले नियमानुसार लाग्ने कर रु. २१,४८८/- असुल गरी संचित कोष दाखिला गर्नु पर्दछ ।

४१ **सुशासन तथा पारदर्शिता :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम प्रत्येका गाउँ विकास समितिले पुँजीगत अनुदानमा खर्च भएको रु.२,००,०००/- भन्दा माथीको योजनाहरुको सबैले देख्ने ठाउँमा लागत अनुमान, जनसहभागीताबाट बेहोर्ने रकम, गाउँ विकास समितिले व्यहोर्ने रकम, योजना शुरु हुने मिति र सम्पन्न हुने मिति समेत खुलाई सूचना बोर्ड राख्नु पर्ने, सार्वजनिक सुनुवाई गर्नु पर्ने र सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ । यस गाउँ विकास समितिबाट सञ्चालित रु.२,००,०००/- भन्दा बढी खर्च भएका योजनाहरुको सूचना बोर्ड राख्ने, सार्वजनिक सुनुवाई र सामाजिक लेखापरीक्षण गर्ने गरेको पाइएन । गाउँ विकास समितिबाट सम्पन्न हुने बिकास निर्माण सम्बन्धित कार्यलाई पारदर्शी बनाउनका लागि यस्त कार्यहरु गर्नु जरुरी देखिएको छ ।

४२ **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९२(३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार गत विगत वर्षमा बिभिन्न व्यक्तिलाई दिएको पेश्की मध्ये रु. १,९२,२१५/- फछ्र्यौट हुन बाँकी देखिएको छ ।

**सोनापुर गाउँ विकास समिति**

४३ **लेखा प्रणाली:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली/नगरपालीकाको हकमा प्रादभावी लेखाप्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि दोहोरो लेखाप्रणाली/प्रोदभावी लेखाप्रणाली राखेको पाईएन ।

४४ **लेखा प्रस्तुति** : माथि उल्लिखित आय व्ययमध्ये सामाजिक सुरक्षा बापत रु. २८,७१,२००/- र बाल संरक्षण वापत रु. ३,८५,६००/- खर्च लेखेकोमा उक्त खर्चको सक्कल बिल भर्पाई जिल्ला समन्वय समितमा पेश गरेको भनी लेखापरीक्षणमा पेश नभएकोले लेखापरीक्षण गरेको छैन ।

४५ **आन्तरिक श्रोत** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५ मा व्यवस्था भए अनुसार गाउँ विकास समितिले आफ्नो क्षेत्रमा तोकिएको दरमा नबढ्ने गरी गाउँ परिषदबाट पारित दरमा विभिन्न प्रकारको करहरु लगाई आर्थिक अवस्था सवल बनाउन सक्ने र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची ४, ५ र ६ मा करका दरको व्यवस्था गरेको छ । आम्दानी सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन् ।

४५.१ साबिक गा.बि.स.ले २०७३ फाल्गुनसम्म मालपोतकर, हाटबजार कर, व्यवसाय कर र सिफारिश दस्तुर, पंजीकरण दस्तुर, वहाल विटौरी कर र विज्ञापन कर वापत रु.११,१०,६८२/- मात्र आम्दानी गरेको छ । सोबाहेक आन्तरिक श्रोततर्फ अन्य स्रोतबाट आम्दानी गर्न सकेको छैन ।

४५.२ साबिक गा.बि.स.मा बार्षिक मालपोत कति असुल गर्नुपर्ने हो, हालसम्म बक्यौता र चालु समेत कति मालपोत असूली गर्न बाँकी छ सोको लगत राखेको देखिएन । जस्ले गर्दा मालपोत बक्यौता रकम यकिन गर्न सकिएन । गा.बि.स.ले ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम कुन शिर्षकबाट के कसरी आम्दानी गर्न सकिन्छ सोको अध्ययन गरी आन्तरिक आय बृद्धि गर्न आवश्यक प्रयास गर्नुपर्ने देखियो ।

४५.३ आम्दानी गर्दा मालपोतको लागि बेग्लै र अन्य आयको लागि बेग्लै नगदी रसिद प्रयोग गरेको छ । नगदी रसिदको शुरु मौज्दात, आम्दानी, खर्च र बाँकी मौज्दात समेत देखिने गरी रसिद नियनत्रण खाता नराखेकोले सो खाता राख्नुपर्दछ ।

४६ **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजार भन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२७ मा निर्माण वा खरीद गर्दा वा सेवा प्राप्त गरेवापत भुक्तानी दिंदा प्रचलित कानून बमोजिम कर कटाएर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । देहाय अनुसारको भुक्तानीमा अग्रिम कर कट्टा नगरी भुक्तानी दिएको देखिएकाले नियमानुसार लाग्ने कर रु. १५,१६१/- असुल गरी संचित कोष दाखिला गर्नु पर्दछ ।

४७ **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कुनै वासिन्दा व्यक्तिको पारिश्रमिक भुक्तानीमा नियमानुसार १५% पारिश्रमिक कर भुक्तानी गर्नुपर्नेमा देहायका व्यक्तिहरुलाई भत्ता वापतको रकम भुक्तानी गर्दा पारिश्रमिक कर १५% कट्टी नगरी सा.सु.कर वापत १% मात्र कट्टी गरेको देखियो । नियमानुसार लाग्ने पारिश्रमिक कर भन्दा घटी कट्टी गरेको रु.७,९१०/- असुल गरी संचित कोष दाखिला गर्नु पर्दछ ।

४८ **बिल भरपाई बेगर भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गा.वि.स. कार्यालयले भौ.नं. ५/२०७३/४/२७ बाट रक्तदान कार्यक्रम वापत रु.१०,०००/- खर्च लेखेकोमा आवश्यक बिल भरपाई पेश भएको देखिएन । बिल भरपाई बेगर खर्च लेखिएको रकम रु. १०,०००/- असुल हुनु पर्दछ ।

४९ **थप दस्तुर :** विद्युत महशुल भुक्तानी गर्दा समयमै भुक्तानी गरी ३ प्रतिशत रिवेट लिनु पर्नेमा २०७३/११/११/१७ मा २५% जरिवाना वापत रु.१०,०००/- भुक्तानी गरेको छ । समयमा विद्युत मशहुल भुक्तानी नगरी जरिवाना तिरेको रकम भुक्तानी गर्नेबाट असुल हुनु पर्दछ ।

५० **कर्मचारी कल्याण कोष :** कर्मचारी कल्याण कोष तर्फको एभरेष्ट बैंक दुहवीमा रहेको रु.१,००,०००/- दुहवी नगरपालिकाको खातामा फिर्ता हुनु पर्दछ ।

५१ **जिन्सी दाखिला नगरेको :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार खरिद वा हस्तान्तरण भई आएका सामानहरु मूल्य समेत खुलाई जिन्सी किताबमा आम्दानी बाध्नुपर्ने व्यवस्था छ । लक्षित वर्ग कार्यक्रममा एम.एम फर्निचर एण्ड फर्निसिङ सेन्टर विराटनगर बाट १०० थान कुर्सी खरिद गरी रु.३६,३००/- भुक्तानी गरेकोमा उक्त सामान जिन्सी दाखिला भएको छैन । साथै अग्रिम कर कट्टी समेत गरेको छैन । नियमानुसार जिन्सी दाखिला गरी अग्रिम कर कट्टी समेत गर्नु पर्दछ ।

५२ **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९२(३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्यौंट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार बुढी गंगा विश्रान्ती घाट निर्माण उपभोक्ता समितिलाई गएको पेश्की रु.१,३०,०००/- नियमानुसार फछ्यौंट हुनु पर्दछ ।

**तनमुना गाउँ विकास समिति**

५३ **लेखा प्रणालीः** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली/नगरपालीकाको हकमा प्रादभावी लेखाप्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि दोहोरो लेखाप्रणाली/प्रोदभावी लेखाप्रणाली राखेको पाईएन ।

५४ **लेखा प्रस्तुति** : माथि उल्लिखित आय व्ययमध्ये सामाजिक सुरक्षा बापत निकासा भई खर्च देखाएको २०,९१,२००/- को सक्कल बिल भर्पाई जिल्ला समन्वय समितमा पेश गरेको भनी लेखापरीक्षणमा पेश नभएकोले लेखापरीक्षण गरेको छैन ।

५५ **आन्तरिक श्रोत** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५ मा व्यवस्था भए अनुसार गाउँ विकास समितिले आफ्नो क्षेत्रमा तोकिएको दरमा नबढ्ने गरी गाउँ परिषदबाट पारित दरमा विभिन्न प्रकारको करहरु लगाई आर्थिक अवस्था सवल बनाउन सक्ने र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची ४, ५ र ६ मा करका दरको व्यवस्था गरेको छ । आम्दानी सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन् ।

५५.१ साबिक गा.बि.स.ले २०७३ फाल्गुनसम्म मालपोतकर वापत रु.११,२९५/१३ र सिफारिश दस्तुर वापत रु.६२,२२२/- मात्र आम्दानी गरेको छ । सोबाहेक आन्तरिक श्रोततर्फ अन्य स्रोतबाट आम्दानी गर्न सकेको छैन ।

५५.२ साबिक गा.बि.स.मा बार्षिक मालपोत कति असुल गर्नुपर्ने हो, हालसम्म बक्यौता र चालु समेत कति मालपोत असूली गर्न बाँकी छ सोको लगत राखेको देखिएन । जस्ले गर्दा मालपोत बक्यौता रकम यकिन गर्न सकिएन । गा.बि.स.ले ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम कुन शिर्षकबाट के कसरी आम्दानी गर्न सकिन्छ सोको अध्ययन गरी आन्तरिक आय बृद्धि गर्न आवश्यक प्रयास गर्नुपर्ने देखियो ।

५५.३ आम्दानी गर्दा मालपोतको लागि बेग्लै र अन्य आयको लागि बेग्लै नगदी रसिद प्रयोग गरेको छ । नगदी रसिदको शुरु मौज्दात, आम्दानी, खर्च र बाँकी मौज्दात समेत देखिने गरी रसिद नियनत्रण खाता नराखेकोले सो खाता राख्नुपर्दछ ।

५६ **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजार भन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२७ मा निर्माण वा खरीद गर्दा वा सेवा प्राप्त गरेवापत भुक्तानी दिंदा प्रचलित कानून बमोजिम कर कटाएर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । गा.वि.स. कार्यालयले २०७३/१२/१६ बाट खर्च लेखेको रकम रु.२,२०,३००/- मध्ये कर योग्य आय रु.१५३९८२/- को १.५% अग्रिम कर कट्टी गरेको देखिएन । नियममा भएको व्यवस्था अनुसारको अग्रिम कर रु. २,३१०/- असुल गरी संचित कोष दाखिला गर्नु पर्दछ ।

५७ **थप दस्तुर :** विद्युत महशुल भुक्तानी गर्दा समयमै भुक्तानी गरी ३ प्रतिशत रिवेट लिनु पर्नेमा भौ.नं. ९/२०७३/७/८ मा २५% जरिवाना वापत रु.७,३७/- भुक्तानी गरेको छ । समयमा विद्युत मशहुल भुक्तानी नगरी थप दस्तुर तिरेको रकम भुक्तानी गर्नेबाट असुल हुनु पर्दछ ।

५८ **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९२(३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार गत विगत वर्षमा बिभिन्न व्यक्ति तथा संस्थाको नामको पेश्की रु.१,०९,९६०/- नियमानुसार फछ्र्यौट हुनु पर्दछ ।

५९ **बेरुजु अभिलेख र फछ्र्यौटः** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । गाउँ बिकास समितिको कार्यालय र नगरपालिका बेरुजु अभिलेख, पेश्की बांकीको बिबरण तथा सो को फछ्र्यौटको अभिलेख रहेको पाईएन ।

**बेरुजू स्थिति**

यो वर्ष गाउँपालीकाको लेखापरीक्षणबाट रु.४ करोड ५५ लाख ५५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख ४५ हजार, नियमित गर्नुपर्ने रु.६८ लाख ६७ हजार र पेश्की रु.३ करोड ८४ लाख ४३ हजार रहेको छ ।

# रामधुनी नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालीकाको गत वर्षको मौज्दात रु.१९ लाख ७१ हजार र यो वर्ष आय रु.१९ करोड २० लाख ७४ हजार समेत रु.१९ करोड ४० लाख ४५ हजार आम्दानी भएकोमा रु.१८ करोड ९२ लाख ३९ हजार खर्च भई रु. ४८ लाख ६ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **लेखा परिक्षण:** स्थानिय निकाय आर्थिक प्रशासन सम्वन्धी नियामावली २०६४ अनुसार स्थानिय निकायले आन्तरिक लेखापरिक्षण गराई अन्तिम लेखापरिक्षण गराउने र सोको प्रतिवेदन उपर कार्वाहि समेत गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आर्थिक बिवरणबाट केन्द्रिय अनुदान र अन्तरिक आय समेतरु. १७,५०,४३,६३२/ आम्दानी भएको देखिन्छ । साविका गाउँ विकास समितिहरुको आन्तरिक आय गरे पनि मुलखातामा देखाएको छैन । साथै साविक गाविसहरुले आफै आम्दानी गरी वडा कार्यालय खातामा जम्मा गरी खर्च गरेको देखियो । गाविसहरुले गरेको आम्दानी आय व्यय विवरणमा समेत उल्लेख नगरेकोले सबै साविक गाविस र हालका वडाको आन्तरिक आयको लेखापरीक्षण गरिएको छैन ।

२. **बैक मौज्दात :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको कार्यालयले आफ्नो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले यस आर्थिक वर्षको अन्त्यसम्ममा स्रेस्ता अनुसार रु.४६,९३,८०४/४४ बैंक मौज्दात र बैंक स्टेटमेन्ट अनुसार रु.४९,६०,५८६/७२ रहेकोमा बैंक समायोजन हिसाब तयार नगरेकोले मौज्दात रकम यकिन हुन सक्ने देखिएन ।

३. **नगद मौज्दात :** साविका भासि र सिंगिया गा.वि.स.को गत विगतको नगद मौज्दात रु.१,१२,६६६/४२ देखाएकोमा उक्त रकम के वापतको हो यकिन गर्न सकिएन । उक्त नगद मौज्दात नगरपालिकाको खातामा दाखिला गर्नु पर्दछ ।

४. **योजना छनौट र कार्यान्वयन:** स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ बमोजिम स्थानीय निकायले संचालन गर्ने योजना छनौट तथा कार्यान्वयनमा समाबेशी, पारदर्शिता र गाउँ /नगर परिषदबाट पारित हुनु पर्नेमा योजना छनौट तथा कार्यान्वयनमा देहाय बमोजिम देखिएको छ:

- प्रगती प्रतिवेदन पेश नभएकाले परिषदबाट पारित नभएका योजना संचालन गरेका विश्लेषण गर्न सकिएन ।
- सम्पन्न योजना उपभोक्ता समितिमा हस्तान्तरण भएको देखिएन ।

५. **जिन्सी/सम्पत्ति संरक्षण र हस्ताणतरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ मा कार्यालय प्रमुखले १ बर्षमा कम्तीमा आफैले निरिक्षण गरी वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राबिधिकबाट जिन्सी निरिक्षण गराई प्रतिबेदन लिने ब्यबस्था छ । साथै सोही नियममावलीको नियम २१४(३) मा प्रतिबेदनमा उल्लेख भएअनुसार लिलाम बिक्रि गर्नु पर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नु पर्ने सामान ३ महिना भित्र गरी सक्नुपर्ने ब्यबस्था छ । साविकका कुनै पनि गाँउ विकास समितिहरुले सम्पत्तिको अभिलेख व्यवस्थित गरेर नगरपालिकामा जिन्सी हस्तान्तरण गरेको देखिएन । जिन्सी र सम्पत्तिको अभिलेख व्यवस्थित गरी नगरपालिकामा हरुतान्तरण गरी वडा कार्यालयहरुले सम्पत्तिको प्रयोग गर्नु पर्दछ ।

६. **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम जिन्सी, लेखा, नगद, कार्यक्रम खर्च, प्रशासनिक खर्च लगायतमा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने व्यवस्था छ । कार्यालयले कार्यरत कर्मचारीको कार्य विवरण बनाई कार्यान्वयन नगरेको, ,लागत अनुमान तयार नगरेको , भ्रमण अभिलेख व्यवस्थित नभएको , भ्रमण प्रतिवेदन तयार नगरेको , खरिद योजना नबनाएको, संक्षिप्त वार्षिक प्रतिवेदन तयार नगरेको, टुक्रा पारी खरिद गरेको आदि अवस्था रहेको छ । कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्य सम्पादनलाई नियन्त्रण, मितव्ययी र पारदर्शी एवं भरपर्दो बनाउनु पर्दछ ।

७. **सार्वजनिक परीक्षण** : स्थानीय निकाय आथिंक प्रशासन नियमावली, २०६४ को नियम १५६ बमोजिम उपभोक्ता समितिवाट संचालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाँच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन ।

८. **उपभोक्ता समिति परिचालन :** साविक गाँउ विकास विकास समितिद्धारा संचालित रु. १ करोड सम्मको काम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ मा उपभोक्ता समितिद्धारा गराउन सक्ने प्रावधान छ । सो नियम वमोजिम योजना तथा कार्यक्रमहरु विकास योजनावाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुमध्येवाट जिल्ला विकास समितिले सम्वन्धित निकायको समेत परामर्श लिई उपभोक्ता समिति गठन गराउनु पर्ने, सोही नियमावलीको नियम २०८ ले व्यवस्था गरेको देखिन्छ । नियमावलीको नियम २०५ मा कार्य गर्ने प्रयोजनका लागि गठित उपभोक्ता समिति स्थानीय निकायले विषयगत रुपमा वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष अधिकांस योजना उपभोक्ता समिति मार्फत गराएता पनि यसरी योजना कार्यान्वयन गर्ने उपभोक्ता समिति मध्ये उपभोक्ता समितिहरुको वगींकरण र सूचीकृत गरी लगत राखेको देखिएन । यसरी गठित उपभोक्ता समिति कुन निकायमा दर्ता भएको हो र कुन निकायवाट नविकरण गरिएको हो, सो समेत श्रेस्तामा खुल्न आएन । उपभोक्ता समिति दर्ता तथा बिषयगत रुपमा बर्गीकरण नहुनुमा कानूनको पालना नगर्नु नै प्रमुख कारण हुन । उपभोक्ता समितिहरुको दर्ता तथा बिषयगत रुपमा बर्गीकरण नगरिदा अनुगमनमा कठिनाई हुने, एउटा उपभोक्ता समितिमा रहेका पदाधिकारीहरु अन्य उपभोक्ता समितिमा पदाधिकारी हुने, योजना समाप्त हुने बित्तिकै उपभोक्ता समितिको नाममा रहेको बैंक खाता बन्द हुने, जुनसुकै प्रकृतिका कार्य एउटै उपभोक्ता समिति मार्फत गराउने, सम्पन्न योजना गुणस्तरीय नहुने, मर्मत सम्भार र जिम्मेवारी कसले लिने भन्न नसकिने अवस्था रहन्छ । नियमावलीमा उल्लेख भए अनुसार आगामी दिनमा उपभोक्ता समितिहरुको दर्ता तथा विषयगत रुपमा बर्गीकरण गरी व्यवस्थित गराउनु पर्दछ ।

९. **तालिम सञ्चालनकार्यविधि र निर्देशिका** : कार्यालयबाट संचालन गरिने विभिन्न किसिमको तालिम तथा गोष्ठी संचालन गर्दा आवश्यक पर्ने प्रशिक्षक भत्ता, सहभागीको भत्ता, भ्रमण खर्च, स्टेशनरी खर्च, अन्य विविध खर्च उपलब्ध गराउने सम्बन्धमा कार्यालयलाई एकरुपता हुने गरी तालिम संचालन निर्देशिका वा कार्यविधि स्वीकृत हुनु पर्दछ । नगरपालीकाको बार्षिक कार्यक्रम अनुसार बिभिन्न तालिमहरु सञ्चालन गर्दा तालिम सञ्चालन सम्बन्धी निर्देशिका, कार्यबिधि वा नर्मस तयार नगरी खर्च गरेको पाइयो । नगरपालिकाले तालिम सञ्चालन गर्न स्वीकृत नर्म्स तयार गरी खर्चमा एकरुपता कायम गर्नुपर्ने देखिन्छ ।

१०. **आन्तरिक लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३१ मा स्थानीय निकायको आय र व्ययको स्रेस्ताको मासिक रुपमा लेखा परीक्षण गर्ने, आन्तरिक लेखा परीक्षणबाट देखिएका व्यहोराका सम्बन्धमा कार्य सम्पन्न गरेको मितिले सात दिनभित्र प्रमुख र सचिवलाई प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाले नियममा व्यवस्था भए बमोजिम मासिकरुपमा आन्तरिक लेखापरीक्षण नगरी आर्थिक वर्षको अन्त्यमा मात्र आन्तरिक लेखापरीक्षण गर्ने गरेको पाइयो । समयमा आन्तरिक लेखापरीक्षण नहुँदा नियमावली वा प्रचलित कानूनको रीत पुऱ्याई खर्च गरे नगरेको यकिन गरी श्रेस्ता अद्यावधिक गर्ने तर्फ कारवाही भएको देखिएन । आर्थिक वर्षको अन्त्यमा मात्र आन्तरिक लेखा परीक्षण गर्दा आर्थिक कारोबारको प्रभवकारीरुपमा चेक जाँच हुन नसक्ने साथै आर्थिक कारोवारमा आउन सक्ने सम्भावित जोखिमलाई समयमै न्यूनिकरण गर्न सक्ने अवस्था देखिएन । नियममा भएको व्यवस्था अनुसार मासिक रुपमा आन्तरिक लेखापरीक्षण गरी सो प्रतिवेदन स्थानीय नियका प्रमुख र सचिवलाई उपलब्ध गराई आर्थिक कारोवारको श्रेस्ता अद्यावधिक गराउने तर्फ ध्यान जानु पर्दछ ।

११. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजार भन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२७ मा निर्माण वा खरीद गर्दा वा सेवा प्राप्त गरेवापत भुक्तानी दिंदा प्रचलित कानून बमोजिम कर कटाएर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । ११/२०७४/१/१९ बाट पाथीभरा एडभरटाइजिङ लाई मू.अ.कर बाहेक रु.८४,२००/- भुक्तानी गर्दा १.५% ले हुने रु.१२६३/- कट्टी गर्नुपर्नेमा रु.१/५० मात्र कट्टी गरेको हुँदा नपुग कर रकम रु.१२६१/५० असुल गर्नुपर्ने देखियो ।

१२. **लगबुक नराखेको :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था भएतापनि कार्यालयले २०७४/२/१८ मा मिलन आयल स्टोरलाई इन्धन वापत रु.९५,९३१/- भुक्तानी गरेकोमा इन्धन खपतको लगबुक राखेको छैन । खरिद गरिएको इन्धन प्रयोग भएको लगबुक राख्नु पर्दछ ।

१३. **सडक ग्रभेल :** यस कार्यक्रमबाट सडक ग्राभेल गरे वापत निर्माण व्यवशायी एन वि निर्माण सेवालाई म.अ.कर समेत रु.१९,५३,११४/६६ भुक्तानी गरेको छ । उक्त भुक्तानी सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।

१३.१. कार्यालयले ठेक्का नं. ११/२०७२/७३ धमौरी सडक को लागि मू.अ.कर बाहेक रु.१०,६८,८७५/९९ र ठेक्का नं. १२/०७२/७३ कालीभ्फोडा सडकमा मू.अ.कर बाहेक रु.६,३१,२३२/ - मा एन वि निर्माण सेवासँग २०७३/३/२५ भित्र कार्य सम्पन्न गर्ने गरी २०७३/३/८ मा सम्झौता भएको थियो । उक्त कार्यक्रम सडक वोर्डबाट खर्च व्यहोर्ने गरी स्वीकृत भएकोमा यस कार्यक्रमबाट भुक्तानी गरेकोले उक्त रकम नियम सम्मत देखिएन । साथै संघिय संरचना पूर्वाधार विकास कार्यक्रमबाट अन्य बजेटको कार्यक्रममा खर्च गर्न मिल्दैन ।

१३.२. उक्त निर्माण व्यवशायीलाई भुक्तानी गर्दा सम्झौता अनुसार मू.अ.कर बाहेक रु.१७,२८,४२०/- को ५% धरौटी कट्टी गरेको नदेखिएकोले रु.८४,४२१/- असुल गर्नुपर्ने देखियो ।

१४. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को अधिनमा रही पाँच लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने र सोही नियमको उपनियम (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी पाँच लाख रुपैयाँ भन्दा बढी २० लाख सम्मको मालसामान सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले यो वर्ष पुँजीगत अनुदानबाट विभिन्न मालसामान रु.१३,४९,३६४।- पटक पटक गरी सोझै खरिद गरेको देखिन्छ । खरिद कार्यलाई प्रतिस्पर्धी बनाई मितव्ययी ढंगले सामान आपुर्ति गर्न खरिद योजना बनाउने, लागत अनुमान तयार गर्ने सीमाभन्दा बढीको माल सामान सिलबन्दी दरभाउ पत्र र बोलपत्रको माध्यमबाट आपुर्ति गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

१५. **सडक पिच :** २०७४।२।२३ मा पर्शागाछी शिवनगर मार्ग सडक पिच गर्न यो वर्ष रु.४२,८४,१५२।- बजेट व्यवस्था गरेकोमा उपभोक्ता समितिले रु.३३,०३,०१०।- को बिल पेश गरेको छ । उक्त विलमा पेश्की रु.१४,१३,७७०।- फछ्यौंट गरी बाँकी रकम उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । उक्त निर्माण सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :

१५.१. **नापी किताव वेगर खर्च:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । उक्त रकमको हालको प्राविधिक मूल्याङ्कन रु.१८,३४,२१३/- रहेको देखियो । निर्माण कार्यको गुणस्तर परीक्षण गरेको छैन । साथै सबै निर्माण कार्यको नापजाँच गर्न नापी किताब राख्नु पर्नेमाा नापी किताब बेगर रकम भुक्तानी गरेको छ ।

१५.२. **मूल्य अभिवृध्दि करमा दर्ता नभएको फर्मवाट कार्य गराई खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा उपभोक्ता समितिसँग सम्झौता गरेको निर्माण कार्य निर्माण व्यवसायी मार्फत गराउन नहुने उल्लेख छ । सो सडक निर्माण गर्ने पर्शागाछी शिवनगर मार्ग उपभोक्ता समितिले राममणी कन्स्ट्रक्सन मार्फत रु.१६,५६,५००।- को माटो तथा मिक्स गिट्टी आपूर्ति गरेको बिल पेश गरेको छ । उक्त कन्स्ट्रक्सन कम्पनी मू.अ.करमा दर्ता भएको देखिएन । मू.अ.करमा दर्ता नभएको निर्माण व्यवसायीबाट सडक ग्राभेलको कार्य गराएकोले उक्त खर्च नियम सम्मत देखिएन ।

१५.३. **आयकर कट्टा नगरेको:** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजार भन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२७ मा निर्माण वा खरीद गर्दा वा सेवा प्राप्त गरेवापत भुक्तानी दिंदा प्रचलित कानून बमोजिम कर कटाएर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । उपभोक्ता समितिले निर्माण कम्पनीलाई भुक्तानी गर्दा आयकर ऐन, २०५८ अनुसार १.५% कट्टी गर्नुपर्नेमा कट्टी नभएकोले रु.२४,८४७/- असुल गर्नुपर्ने देखियो ।

१६. **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) तर्फ :** यो कार्यक्रम अन्तर्गत २४,६४,०००/- निकाशा प्राप्त भएकोमा रु.२२,८४,७५६/२५ खर्च भै रु. १,७९,२४३/७५ बजेट बाँकी रहेको देखिन्छ । यस कार्यक्रममा भएको खर्चको श्रेस्ता परीक्षण बाट देखिएका व्यहोरा देहाय अनुसार छन्

१६.१. **बिल भरपाई बेगर भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायका भौचरबाट खर्च लेखेको रकमको आवश्यक बिलभरपाई संलग्न नराखी खर्च लेखको देखियो ।

१६.२. २०७३।११।३० मा सामाजिक परिचालक रञ्जिता चौधरीको अनुगमन पेश्कि रु.१,६५,०००।- फछ्र्यौट गरेकोमा खर्चको बिल भरपाई पेश भएको देखिएन । खर्च लेखेको रकमको बिल भरपाई पेश हुनु पर्दछ अन्यथा उक्त रकम असुल हुनु पर्दछ ।

१६.३. २०७४।१।१६ मा सामाजिक परिचालक रञ्जिता चौधरीलाई कार्यक्रम सञ्चालन वापत रु.७५,७९९/- भुक्तानी दिएकोमा खर्चको बिल भरपाई संलग्न गरिएको छैन । खर्च लेखेको रकमको बिल भरपाई पेश हुनु पर्दछ अन्यथा उक्त रकम असुल हुनु पर्दछ ।

१६.४. सामाजिक सचेतनाका लागि सूचना केन्द्र इनरुवालाई रु.२,००,०००।- भुक्तानी दिएकोमा खर्च प्रमाणित गर्ने बिल भरपाई संलग्न छैन । खर्च लेखेको रकमको बिल भरपाई पेश हुनु पर्दछ अन्यथा उक्त रकम असुल हुनु पर्दछ ।

१७. **पुँजीगत खर्च तर्फ :** २०७३।५।१२ मा नेपाल अपाङ्गता नगर समितिलाई रु.१,१०,०००।- भुक्तानी दिएकोमा National Surgical को रु.३०,०००/- को बिल मात्र संलग्न गरेको छ । रु.८०,०००।- को बिल भरपाई पेश हुनु पर्दछ अन्यथा उक्त रकम असुल हुनु पर्दछ ।

१८. **निर्देशिका पेश नभएको :** २०७३/५/२१ बाट नेपाल कन्सल्ट प्रा.लि.कीर्तिपुरलाई कर्मचारी कल्याण कोष संचालन निर्देशिका, दैवी प्रकोप उद्दार विशेष कोष संचालन निर्देशिका र फोहोर मैला व्यवस्थापन निर्देशिका तयार पारे वापत रु.१,४९,१६०/- भुक्तानी गरेकोमा सम्झौता बमोजिम तयार पारेका निर्देशिकाहरु उपलब्ध भएको देखिएन । कोष संचालनका लागि तयार पारिएका निर्देशिकाहरु प्राप्त गरी कार्यालयले उद्देश्य अनुसार ती निर्देशिकाहरुको प्रयोग गर्नु पर्दछ ।

१९. **सामाजिक सुरक्षा भत्ता :** यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:

१९.१. २०७३/६/१३ बाट देहाय बमोजिमका स्वा. चौकी अन्तर्गत कार्यरत महिला स्वास्थ्य कार्यकर्ताहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण वापत सम्बन्धित स्वा.चौकीको खातामा रु. २,८५,१२०/- रकम भुक्तानी दिएकोमा सम्बन्धित महिला स्वास्थ्य कार्यकर्ताले रकम बुझेको भरपाई संलग्न गरिएको छैन । सम्बन्धित महिला स्वास्थ्य कार्यकर्ताले रकम बुझेको भरपाई पेश हुनु पर्दछ ।

१९.२. नगरपालिका अन्तर्गत वडा नं. १ देखी ५ सम्मका सामाजिक सुरक्षा भत्ता पाउने सबै व्यक्तिको नेपाल बैंक लिमिटेड झुम्कामा खातामा खोलेको हुँदा रु.३,४५,४४,२००/- बैंकमा पठाएकोमा बैंकले रु.३,११,४८,४००/- वितरण गरी बाँकी रहेको रु.३३,९५,८००/- फिर्ता गरी कोलेनिका फिर्ता पठाइएको छ ।

१९.३. साविकको बक्लौरी र डुम्राहा गा.वि.स. हाल नगरपालिकामा गाभिए पछि हाल कायम भएको वडा नं. ६,७, ८ र ९ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको बैंक खाता नखोलेको हुँदा डुम्राहा (हालको वडा नं. ८ र ९) मा रु.१,६४,१२,६३५/०४ र बक्लौरी (हालको वडा नं. ६ र ७) लाई रु.१,३०,५४,४००/- भत्ता वितरणका लागि निकासा दिएको छ । उक्त रकम वितरण गरेको सक्कल भरपाई जिल्ला समन्वय समितिमा पठाएको कारण सो को लेखापरीक्षण गरिएको छैन ।

२०. **सामुदायिक औषधी कार्यक्रम :** स्वास्थ्य चौकी सिंगियालाई सामुदायिक औषधी कार्यक्रम सञ्चालन गरे वापत ७२,९००/- खर्च लेखेकोमा कार्यक्रम सञ्चालन गरेको प्रमाण (बिल, भरपाई) बेगर १ % सामाजिक सुरक्षा कर कट्टी गरी रु.७२,१७१/- भुक्तानी दिएको छ । खर्च प्रमाणित गर्ने बिल भरपाई बेगर खर्च लेखेको रकम नियम सम्मत देखिएन ।

२१. **सार्वजनिक सुनुवाई :** नगरपालिका कार्यालयको प्रथम चौमासिक सार्वजनिक सुनावाई कार्यक्रम सञ्चालन गर्नका लागि सुनसरी मिडिया प्रा.लि.सँग कार्यक्रम सम्पन्न गरेको ७ दिन भित्र प्रतिवेदन पेश गर्ने गरी रु.७५,०००/- को सम्झौता गरी रकम भुक्तानी गरेको छ । उक्त मिडिया प्रा.लि.ले सम्झौता बमोजिम कार्यक्रम सञ्चालन गरेको प्रतिवेदन पेश गरेको देखिएन । सम्झौता बमोजिम तोकिएको समय भित्र प्रतिवेदन पेश गरेको नदेखिएकाले खर्च लेखिएको रकम नियमसम्मत देखिएन ।

२२. **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । रामधुनी गा.वि.स.को वडा नं. ६ को मर्मतका लागि २०७३/५/२२ मा कार्य सम्पन्न गर्ने गरी २०७२/१० मा रु.८,११,११०/- को खरिद सम्झौता भएको थियो । २०७३/५/२२ को प्राविधिक नापजाँच अनुसार उक्त निर्माण कार्य रु.७५६७४७/- मा सम्पन्न भएको बिल तथा कार्य सम्पन्न प्रतिवेदन पेश गरेको छ । उक्त निर्माण व्यवसायीलाई रु.११,०२,८५८/- भुक्तानी भएको देखिन्छ । प्राविधिक नापजाँच तथा कार्य सम्पन्न प्रतिवेदन भन्दा रु.३,४६,११०/- बढी भुक्तानी भएकाले उक्त रकम असुल हुनु पर्दछ ।

२३. **कल्भर्ट निर्माण :** रामधुनी भासी नगरपालिक वडा नं. ५ झुम्का स्थित झुम्केश्वर शिव मन्दिर अगाडिको कल्भर्ट निर्माण कार्यका लागि २,८६,३२८/६७ लागत अनुमान स्वीकृत गरी मिति २०७४/२/३० मा कार्य सम्पन्न गर्ने गरी झुम्का हाटबजार व्यवस्थापन समितिसँग मिति २०७३/११/८ मा सम्झौता भएको थियो । उक्त समितिले तोकिएको अवधि भित्रै काम सम्पन्न गरी रु.२,४७,२९२/- को बिल तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी अन्तिम भुक्तानीका लागि पेश हुँदा पेश्की वापत गएको रु.१,००,०००/- मर्मत सम्भार कट्टी रु.१२५०,अग्रिम कर कट्टी रु.३७०९ र कन्टिन्जेन्सी रु.७२०० कट्टी गरी रु.१,३५,१३३/- मात्र भुक्तानी गर्नु पर्नेमा ७४ मिति २०७४/१/१९ बाट रु.१,५४,२८०/- भुक्तानी गरेको हुँदा बढी भुक्तानी भएको रु.१९,१४७/- असुल हुनु पर्दछ ।

**आन्तरिक पुँजीगत तर्फ**

२४. **मु.अ.कर भुक्तानी : मूल्य अभिवृद्धि कर भुक्तानी :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफ १८ (१) मा करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नु पर्ने व्यवस्था छ । त्यस्तै दफा १९(१) मा करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चीस दिन भित्र बुझाउनु पर्ने सो अवधिमा कर नबुझाएमा उपदफा (२) तथा (३) बमोजिम थप दस्तुर समेत बुझाउनु पर्ने व्यवस्था छ । देहाय बमोजिम भौचर र मितिबाट प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत पार्क सम्याउने, नाला निकासी, फोहोर गाडने लगायतका कार्य गर्न एस वान सप्लायर्स (मू.अ.कर दर्ता नं. ६०३३४०१०१) बाट व्क्रष्ड प्रयोग गरी भुक्तानी गरेकोमा उक्त सप्लायर्सले सम्बन्धित राजस्व कार्यालयमा विवरण पेश नगरी मिति २०७३ असार देखी नै ल्यल षिभिच देखिएको हुँदा निजलाई भुक्तानी भएको मू.अ.कर रु.९२,९१३/- को कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनु पर्दछ ।

**आन्तरिक स्रोत तर्फ**

२५. **गत वर्षको भुक्तानी :** कार्यालयका सहलेखापाल मन्सा चौधरीको मिति २०७३/६/१८ को निवेदन अनुसार नगरपालिका कार्यालयको लागि विविध खर्च गर्नुपर्ने भएकोले लागेको खर्च रु.३,२५,३५०/७५ भुक्तानी पाउँ भनी दिएको निवेदन उपर कार्यकारी अधिकृतबाट भुक्तानी दिनु भनी २०७३/७/२१ मा तोक आदेश भएको देखिन्छ । उक्त निवेदन साथ गत वर्षका बिभिन्न १० वटा खर्च शीर्षकहरु जस्तै : विविध खर्च रु.१,२०,२८२/-, परिषद खर्च रु.५३,०००/-, मर्मत तथा संभार रु.४७,१६८/- लगायतको खर्च रहेको देखिन्छ । उक्त निवेदन अनुसार माग भएको रकम मिति २०७३/१२/११ बाट निज सहलेखापालको नाममा चेक काटी भुक्तानी भएको देखिन्छ । यसरी गतवर्षको रकम यस वर्ष भुक्तानी गर्नु पर्नाको स्पष्ट कारण उल्लेख नभएको एवं भुक्तानी दिन बाँकी प्रमाणित भएको समेत देखिएन ।

२६. **भुक्तानी दिन बाँकीको प्रमाण वेगर खर्च :** भुक्तानी दिन बाँकी प्रमाणित कच्चवारी बेगर गत वर्षको बिल भरपाई राखी विभिन्न खर्चको रकम रु.७,०६,६८७/- खर्च लेखेको नियम सम्मत देखिएन ।

२७. **बिल भरपाई बेगर खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले विभिन मितिबाट रु.४,०१,६३५/- खर्च लेखेकोमा बिल भरपाई पेश नभएकोले बिल भरपाई बेगर खर्च लेखेको उक्त रकमको पुष्ट्याई गर्ने बिल भरपाई पेश हुनु पर्दछ ।

२८. **दोहोरो खर्च :** मिति २०७३/९/१८ मा भएको तेस्रो नगर परिषद कार्यक्रमका लागि आवश्यक पर्ने स्टेज, टेण्ट, कुर्सी, साउण्ड सिस्टम र सजावट समेतको सेवा उपलब्ध गराउने गरी मिति २०७३/९/१२ मा लक्ष्मी टेण्ट हाउससँग रु.१,४१,५००/- को सम्झौता भएको थियो । सम्झौता बमोजिम कार्य गर्न मिति २०७३/९/१७ मा उक्त टेण्ट हाउसलाई पेश्की स्वरुप रु.५०,०००/- उपलब्ध गराएको र २०७३/११/६ मा उक्त पेश्की फछ्र्यौट गरी बाँकी रु.९१,५००/- भुक्तानी गरेको छ। सोही नगर परिषद संचालनको लागि एक सहलेखापाललाई दिएको पेश्की रु.१५०,०००/- २०७३/११/३० मा फछ्र्यौट गर्दा लक्ष्मी टेण्ट हाउसको मिति नखुलेका २ वटा विल नं. ६१९ र ६२० राखी समेना कुर्सी- १५०००, टेण्ट र कुर्सी १५००० उपलब्ध गराएको भनी रु.३०,०००/- खर्च लेखेको छ । टेण्ट हाउसलाई सम्झौता भन्दा बढी भुक्तानी गरेको रकम असुल हुनु पर्दछ ।

२९. **ग्रेड रकम बढी भुक्तानी :** निजामती सेवा नियमावली, २०५० को नियम ४७ मा कुनै पदमा १५ दिन भन्दा बढी निमित्त भई काम गर्ने निजामती कर्मचारीले जुन पदको काम गरेको छ सोही पदको तलव भत्ता पाउने व्यवस्था रहेको र यसरी पाउने तलव भत्ता निजले एक श्रेणी माथीको पदमा बढुवा पाएमा पाउने तल भत्ता भन्दा बढी नहुने व्यवस्था छ । निमित्त कार्यकारी अधिकृत श्री सूर्य प्रसाद गौतमलाई २०७३ चैत्र देखी २०७४ आषाढ सम्मको तलब भत्ता भुक्तानी गर्दा माथिल्लो पदको शुरु स्केल रु.३४,२२०/- का दरले भुक्तानी गर्नु पर्नेमा निजले खाइपाई आएको रु.३,०५१।- ग्रेड समेत थप गरी

भुक्तानी दिएको हुँदा चैत्र देखी आषाढ सम्म ४ महिनाको क.सं.कोष थप समेत रु.१३,४२४।- बढी ग्रेड रकम भुक्तानी भएकाले उक्त रकम असुल हुनु पर्दछ ।

३०. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९२(३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस कार्यालयले गत विगतमा दिएको पेश्की मध्ये रु.२५,८१,२६१/- पेश्की बाँकी रहेको छ । त्यसैगरी यस वर्ष दिएको पेश्की मध्ये विभिन्न ४६ व्यक्ती तथा संघ संस्थाको रु.८५,२०,०८०।- आर्थिक वर्षको अन्त्य सम्ममा फछ्र्यौट भएको पाइएन । उक्त पेश्की नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ ।

**बक्लौरी गाउँ विकास समिति**

३१. **लेखा प्रणाली:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली/नगरपालीकाको हकमा प्रादभावी लेखाप्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि दोहोरो लेखाप्रणाली/प्रोदभावी लेखाप्रणाली राखेको पाईएन ।

३२. **गत वर्षको नगद मौज्दात :** गत वर्षदेखीको नगद बाँकी रु.३,५२,५८१।- मध्ये रु.३,०४,८९७- साविक गा.वि.स. सचिव शिवराज दाहालसँग रहेकोमा उक्त रकम १०% व्याज सहित असुल हुनु पर्दछ । बाँकी नगद रु.४७,८३४।- क कसको जिम्मामा रहेको छ यकिन गरी नियमानुसार लाग्ने ब्याज सहित असुल गर्नुपर्दछ ।

३३. **लेखा प्रस्तुति** : माथि उल्लिखित आय व्ययमध्ये सामाजिक सुरक्षा बापत निकासा भई खर्च देखाएको को सक्कल बिल भर्पाई जिल्ला समन्वय समितमा पेश गरेको भनी लेखापरीक्षणमा पेश नभएकोले लेखापरीक्षण गरेको छैन ।

३४. **आन्तरिक श्रोत** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५ मा व्यवस्था भए अनुसार गाउँ विकास समितिले आफ्नो क्षेत्रमा तोकिएको दरमा नबढ्ने गरी गाउँ परिषदबाट पारित दरमा विभिन्न प्रकारको करहरु लगाई आर्थिक अवस्था सवल बनाउन सक्ने र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची ४, ५ र ६ मा करका दरको व्यवस्था गरेको छ । आम्दानी सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन् ।

३४.१. साबिक गा.बि.स.ले २०७३ फाल्गुनसम्म मालपोत, पञ्जिकरण दस्तुर, दण्ड जरिवाना, बहाल विरौटी, व्यवसाय कर र सिफारिश दस्तुर बापत रु. २१,७५,३७१/६० मात्र आम्दानी गरेको छ । सोबाहेक आन्तरिक श्रोततर्फ अन्य स्रोतबाट आम्दानी गर्न सकेको छैन ।

३४.२. साबिक गा.बि.स.मा बार्षिक मालपोत कति असुल गर्नुपर्ने हो, हालसम्म बक्यौता र चालु समेत कति मालपोत असूली गर्न बाँकी छ सोको लगत राखेको देखिएन । जस्ले गर्दा मालपोत बक्यौता रकम यकिन गर्न सकिएन । गा.बि.स.ले ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम कुन शिर्षकबाट के कसरी आम्दानी गर्न सकिन्छ सोको अध्ययन गरी आन्तरिक आय बृद्धि गर्न आवश्यक प्रयास गर्नुपर्ने देखियो ।

३४.३. आम्दानी गर्दा मालपोतको लागि बेग्लै र अन्य आयको लागि बेग्लै नगदी रसिद प्रयोग गरेको छ । नगदी रसिदको शुरु मौज्दात, आम्दानी, खर्च र बाँकी मौज्दात समेत देखिने गरी रसिद नियनत्रण खाता नराखेकोले सो खाता राख्नुपर्दछ ।

३५. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कुनै वासिन्दा व्यक्तिको पारिश्रमिक भुक्तानीमा नियमानुसार १५% पारिश्रमिक कर भुक्तानी गर्नुपर्नेमा विभिन्न ३ जना लाई भत्ता वापतको रकम भुक्तानी गर्दा पारिश्रमिक कर कट्टी गरेको देखिएन । नियमानुसार लाग्ने पारिश्रमिक कर रु.४,१२५/- असुल गरी संचित कोष दाखिला गर्नु पर्दछ ।

३६. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजार भन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२७ मा निर्माण वा खरीद गर्दा वा सेवा प्राप्त गरेवापत भुक्तानी दिंदा प्रचलित कानून बमोजिम कर कटाएर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न ६ फर्मलाई भुक्तानीमा अग्रिम कर कट्टा नगरी भुक्तानी दिएको देखिएकाले नियमानुसार लाग्ने कर रु. १५,१८७।- असुल गरी संचित कोष दाखिला गर्नुपर्दछ ।

३७. **आर्थिक सहायता :** स्थानिय निकाय स्रोत परिचालन २०६९ अनुसार आर्थिक सहायता चन्दा पूरस्कार खर्च लेख्न मिल्ने देखिदैन जनप्रतिनिधि नभएको अवस्थामा २ राजनैतिक दलहरुलाई आर्थिक सहायता वापत रु. १७,०००/- खर्च लेखेको छ । स्थानिय निकायको परिषदबाट स्वीकृत नभएको कार्यक्रममा खर्च लेख्न नमिल्नेमा समेत आर्थिक सहायता खर्च लेखेको छ ।

३८. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९२(३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस कार्यालयले गत विगतमा दिएको पेश्की मध्ये रु.२,२७,०००/- पेश्की बाँकी रहेको छ । त्यसैगरी यस वर्ष दिएको पेश्की मध्ये विभिन्न ५ व्यक्ति तथा संघ संस्थाको नाममा रु.४,२५,०००।- आर्थिक वर्षको अन्त्य सम्ममा फछ्र्यौट भएको पाइएन । उक्त पेश्की नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ ।

**डुम्राहा गाउङ विकास समिति**

३९. **आय व्यय विवरण** : आन्तरिक लेखापरीक्षण वाट देखाएको विवरणलाइ आधार मानी यस गा.वि.स.को आय व्यय प्रस्तुत गरिएको छ । रामधुनि न.पा. मा आन्तरिक आय वाट प्राप्त रकम दाखिला गर्नु पर्नेमा खातामा दाखिला नगरि नगद वाट खर्च गरेको विल भर्पाइका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय अनुसार छन् :

४०. **नगद बाँकी :** खरिदार ललित कुमार चौधरी का नममा रहेको तहविल रु.३७,१०५।- राम धुनि नगरपालिकामा यथाशिघ्र दाखिला गर्नुपर्ने ।

४१. **लेखा प्रणाली :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली/नगरपालीकाको हकमा प्रादभावी लेखाप्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि दोहोरो लेखाप्रणाली/प्रोदभावी लेखाप्रणाली राखेको पाईएन ।

४२. **लेखा प्रस्तुति** : माथि उल्लिखित आय व्ययमध्ये सामाजिक सुरक्षा बापत निकासा भई खर्च देखाएको रु.६२,३२,८००/- को सक्कल बिल भर्पाई जिल्ला समन्वय समितमा पेश गरेको भनी लेखापरीक्षणमा पेश नभएकोले लेखापरीक्षण गरेको छैन ।

४३. **आन्तरिक श्रोत** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५ मा व्यवस्था भए अनुसार गाउँ विकास समितिले आफ्नो क्षेत्रमा तोकिएको दरमा नबढ्ने गरी गाउँ परिषदबाट पारित दरमा विभिन्न प्रकारको करहरु लगाई आर्थिक अवस्था सवल बनाउन सक्ने र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची ४, ५ र ६ मा करका दरको व्यवस्था गरेको छ । आम्दानी सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन् ।

४३.१. साबिक गा.बि.स.ले २०७३ फाल्गुनसम्म मालपोत, हाटबजार, दस्तुर, दण्ड सजाय र व्यवसाय कर बापत रु.१०,७९,७६९/- मात्र आम्दानी गरेको छ । सोबाहेक आन्तरिक श्रोततर्फ अन्य स्रोतबाट आम्दानी गर्न सकेको छैन ।

४३.२. साबिक गा.बि.स.मा बार्षिक मालपोत कति असुल गर्नुपर्ने हो, हालसम्म बक्यौता र चालु समेत कति मालपोत असूली गर्न बाँकी छ सोको लगत राखेको देखिएन । जस्ले गर्दा मालपोत बक्यौता रकम यकिन गर्न सकिएन । गा.बि.स.ले ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम कुन शिर्षकबाट के कसरी आम्दानी गर्न सकिन्छ सोको अध्ययन गरी आन्तरिक आय बृद्धि गर्न आवश्यक प्रयास गर्नुपर्ने देखियो ।

४३.३. आम्दानी गर्दा मालपोतको लागि बेग्लै र अन्य आयको लागि बेग्लै नगदी रसिद प्रयोग गरेको छ । नगदी रसिदको शुरु मौज्दात, आम्दानी, खर्च र बाँकी मौज्दात समेत देखिने गरी रसिद नियनत्रण खाता नराखेकोले सो खाता राख्नुपर्दछ ।

४४. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कुनै वासिन्दा व्यक्तिको पारिश्रमिक भुक्तानीमा नियमानुसार १५% पारिश्रमिक कर भुक्तानी गर्नुपर्नेमा देहायका व्यक्तिहरुलाई भत्ता वापतको रकम भुक्तानी गर्दा पारिश्रमिक कर कट्टी गरेको देखिएन । नियमानुसार लाग्ने पारिश्रमिक कर रु.११,६४४/- असुल गरी संचित कोष दाखिला गर्नु पर्दछ ।

४५. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजार भन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२७ मा निर्माण वा खरीद गर्दा वा सेवा प्राप्त गरेवापत भुक्तानी दिंदा प्रचलित कानून बमोजिम कर कटाएर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न ४ फर्मलाई भुक्तानीमा अग्रिम कर कट्टा नगरी भुक्तानी दिएको देखिएकाले नियमानुसार लाग्ने कर रु.५,०९६ /- असुल गरी संचित कोष दाखिला गर्नु पर्दछ ।

४६. **कर दाखिला गर्नुपर्ने :** खरिदार ललित कूमार चौधरीले तहविल मौज्दातबाट ०७३ चैत्र देखि ०७४ आषाढ मसान्त सम्मको विभिन्न खर्च गरी आयकर कट्टा गरेको रकमबाट १.५% अग्रिम कर ५२,८३७।-दाखिला गर्न बाकी मध्ये ले.प.का क्रममा रु.४४,५१५।- असुल गरेकोमा वाँकी अग्रीम कर रु.८,३२२।- हाल सम्म पनि दाखिला नभएको ले उक्त रकम असुल हुनु पर्दछ ।

४७. **बिल भरपाई बेगर भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कार्य वापत भुक्तानी गरेकोमा आवश्यक बिल भरपाई पेश भएको देखिएन । बिल भरपाई बेगर खर्च लेखिएको रकम रु. ४,५८,४६९/- असुल हुनु पर्दछ ।

४८. **बेरुजु अभिलेख र फछ्र्यौटः** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । यस गाउँ विकास समितिले बेरुजु अभिलेख तयार गरी साल वसालि असुल फछ्र्यौट भएको  लगत कट्टा गरी बाँकी को अभिलेख राख्नु पर्नेमा सो राखेको पाईएन ।

४९. **पेश्की :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (३) मा यस नियमावलीमा तोकिएको म्याद भित्र कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिने दिने दुबैथरीको कर्तव्य हुने उल्लेख छ । यस गा.वि.स. ले यसवर्ष दिएको विभिन्न व्यक्ति तथा संघ संस्थाको नाममा रु.१,४९,४०,६२१/-पेश्की आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट भएको देखिएन । नियममा भएको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गरिनु पर्दछ ।

५०. **बेरुजु अभिलेख र फछ्र्यौटः** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । गाउँ बिकास समितिको कार्यालय र नगरपालिका बेरुजु अभिलेख, पेश्की बांकीको बिबरण तथा सो को फछ्र्यौटको अभिलेख रहेको पाईएन ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.२ करोड ९६ लाख ४२ हजार बेरुजू देखिएको मध्ये असुल गर्नुपर्ने रु.१५ लाख, नियमित गर्नुपर्ने रु.४२ लाख ५६ हजार र पेश्की रु.२ करोड ३८ लाख ८६ हजार रहेको छ ।

# वराह नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.८७ लाख ९८ हजार र यो वर्ष आय रु.१ अर्व ७१ करोड ६ लाख ४३ हजार समेत रु.१ अर्व ७१ करोड ९४ लाख ४१ हजार आम्दानी भएकोमा १ अर्व ७१ करोड २५ लाख १० हजार खर्च भई रु.६९ लाख ३१ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **लेखा परिक्षण:** स्थानिय निकाय आर्थिक प्रशासन सम्वन्धि नियामावली २०६४ अनुसार स्थानिय निकायले आन्तरिक लेखापरिक्षण गराई अन्तिम लेखापरिक्षण गराउने र सोको प्रतिवेदन उपर कार्वाहि समेत गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आर्थिक बिवरणबाट केन्द्रिय अनुदान र अन्तरिक आय समेत रु.३३,७०,८५६/४० आम्दानी भएको देखिन्छ । साविकका गाउँ विकास समितिहरुको आन्तरिक आय गरे पनि मुलखातामा देखाएको छैन । साथै साविक गाविसहरुले आफै आम्दानी गरी वडा कार्यालय खातामा जम्मा गरी खर्च गरेको देखियो । गाविसहरुले गरेको आम्दानी आय व्यय विवरणमा उल्लेख नगरेकोले सबै साविक गाविस (हालका वडा)को आन्तरिक आयको लेखापरीक्षण गरिएको छैन ।

२. **बैक मौज्दात :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको कार्यालयले आफ्नो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले यस आर्थिक वर्षको अन्त्यसम्ममा स्रेस्ता अनुसार रु. ६८,०७,१७३/-बैंक मौज्दात र बैंक स्टेटमेन्ट अनुसार रु. ६९,३१,१९१/-रहेको छ । बैंक बढी देखिएको रु.१,२४,०१८/- मध्ये रु.१,२०,७१०/- आय ठेक्काका ठेकदारबाट असुल भएको मू.अ.कर रकम दायित्वकोरुपमा राखेको छ भने रु.३,३०८/- बैंक बढी भनी देखाएको छ ।

३. **अवण्डा:** बैंक मौज्दातमा रहेको रु.६९,३१,१९१/- मध्ये पुँजीगत सुधार तर्फको खर्च नभै बाँकी रहेको अवण्डा रकम रु.४८,००,०००/- समेत रहेको देखिन्छ ।

४. **योजना छनौट र कार्यान्वयन:** स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ बमोजिम स्थानीय निकायले संचालन गर्ने योजना छनौट तथा कार्यान्वयनमा समावेशी, पारदर्शिता र गाउं /नगर परिषदबाट पारित हुनु पर्नेमा योजना छनौट तथा कार्यान्वयनमा देहाय बमोजिम देखिएको छ :

- प्रगती प्रतिवेदन पेश नभएकाले परिषदबाट पारित नभएका योजना संचालन गरेका विश्लेषण गर्न सकिएन ।
- सम्पन्न योजना उपभोक्ता समितिमा हस्तान्तरण भएको देखिएन ।

५. **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम जिन्सी, लेखा, नगद, कार्यक्रम खर्च, प्रशासनिक खर्च लगायतमा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने व्यवस्था छ । कार्यालयले कार्यरत कर्मचारीको कार्य विवरण बनाई कार्यान्वयन नगरेको, ,लागत अनुमान तयार नगरेको , भ्रमण अभिलेख व्यवस्थित नभएको , भ्रमण प्रतिवेदन तयार नगरेको, खरिद योजना नबनाएको, टुक्रा पारी खरिद गरेको आदि अवस्था रहेको छ । कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्य सम्पादनलाई नियन्त्रण, मितव्ययी र पारदर्शी एवं भरपर्दो बनाउनु पर्दछ ।

६. **तालिम सञ्चालनकार्यविधि र निर्देशिका** : कार्यालयबाट संचालन गरिने विभिन्न किसिमको तालिम तथा गोष्ठी संचालन गर्दा आवश्यक पर्ने प्रशिक्षक भत्ता, सहभागीको भत्ता, भ्रमण खर्च, स्टेशनरी खर्च, अन्य विविध खर्च उपलब्ध गराउने सम्बन्धमा कार्यालयलाई एकरुपता हुने गरी तालिम संचालन निर्देशिका वा कार्यविधि स्वीकृत हुनु पर्दछ । नगरपालीकाको बार्षिक कार्यक्रम अनुसार बिभिन्न तालिमहरु सञ्चालन गर्दा तालिम सञ्चालन सम्बन्धी निर्देशिका, कार्यबिधि वा नर्मस तयार नगरी खर्च गरेको पाइयो । नगरपालिकाले तालिम सञ्चालन गर्न स्वीकृत नर्म्स तयार गरी खर्चमा एकरुपता कायम गर्नुपर्ने देखिन्छ ।

७. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को अधिनमा रही पाँच लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने र सोही नियमको उपनियम (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी पाँच लाख रुपैयाँ भन्दा बढी २० लाख सम्मको मालसामान सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले यो वर्ष पुँजीगत अनुदानबाट कम्प्युटर फर्निचर लगायतका सामान पटक पटक गरी रु.१७,१०,०५१।- सोझै खरिद गरेको देखिन्छ । खरिद कार्यलाई प्रतिस्पर्धी बनाई मितव्ययी ढंगले सामान आपुर्ति गर्न खरिद योजना बनाउने, लागत अनुमान तयार गर्ने सीमाभन्दा बढीको माल सामान सिलबन्दी दरभाउ पत्र र बोलपत्रको माध्यमबाट आपुर्ति गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

**बराहाक्षेत्र गाउँ विकास समिति सुनसरी**

८. **लेखा प्रणाली:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली/नगरपालीकाको हकमा प्रादभावी लेखाप्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि दोहोरो लेखाप्रणाली/प्रोदभावी लेखाप्रणाली राखेको पाईएन ।

९. **लेखा प्रस्तुति** : माथि उल्लिखित आय व्ययमध्ये सामाजिक सुरक्षा बापत निकासा भई खर्च देखाएको रु.७७४३२००।–, बालसंरक्षण रु.१९५२००।– र सुनौला हजार दिन कार्यक्रमको लागि प्राप्त भई खर्च गरेको रु.६३००००।– को सक्कल बिल भर्पाई जिल्ला समन्वय समितमा पेश गरेको भनी लेखापरीक्षणमा पेश नभएकोले लेखापरीक्षण गरेको छैन ।

१०. **आन्तरिक श्रोत** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५ मा व्यवस्था भए अनुसार गाउँ विकास समितिले आफ्नो क्षेत्रमा तोकिएको दरमा नबढ्ने गरी गाउँ परिषदबाट पारित दरमा विभिन्न प्रकारको करहरु लगाई आर्थिक अवस्था सवल बनाउन सक्ने र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची ४, ५ र ६ मा करका दरको व्यवस्था गरेको छ । आम्दानी सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन् ।

१०.१. साबिक गा.बि.स.ले २०७३ फाल्गुनसम्म मालपोतबाट रु.१२३०६२।- र पञ्जिकरण तथा दस्तुरबाट रु.१५८९००।- र दण्ड जरिवाना बापत रु.१८८००।– मात्र आम्दानी गरेको छ । सोबाहेक आन्तरिक श्रोततर्फ अन्य स्रोतबाट आम्दानी गर्न सकेको छैन ।

१०.२. साबिक गा.बि.स.मा बार्षिक मालपोत कति असुल गर्नुपर्ने हो, हालसम्म बक्यौता र चालु समेत कति मालपोत असूली गर्न बाँकी छ सोको लगत राखेको देखिएन । जस्ले गर्दा मालपोत बक्यौता रकम यकिन गर्न सकिएन । गा.बि.स.ले ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम कुन शिर्षकबाट के कसरी आम्दानी गर्न सकिन्छ सोको अध्ययन गरी आन्तरिक आय बृद्धि गर्न आवश्यक प्रयास गर्नुपर्ने देखियो ।

१०.३. आम्दानी गर्दा मालपोतको लागि बेग्लै र अन्य आयको लागि बेग्लै नगदी रसिद प्रयोग गरेको छ । नगदी रसिदको शुरु मौज्दात, आम्दानी, खर्च र बाँकी मौज्दात समेत देखिने गरी रसिद नियनत्रण खाता नराखेकोले सो खाता राख्नुपर्दछ ।

११. **कर्मचारी कल्याण कोषः** कर्मचारी कल्याण कोषमा रु.३२७३५।– रहेकोमा उक्त रकम २०७४।१।३० मा यो खाता बन्द गरेको छ । उक्त खातामा रु.८०३४२४।४५ रकम रहेकोमा ४ जना कर्मचारीलाई रु.३८९९४५।०५ ऋण दिएको र अवकाश प्राप्त कर्मचारी हर्क बहादुर खड्कालाई रु.३८०७६२।९२ उपदान भुक्तानी गरेको बिवरण पेश गरेको छ । ऋण लगानीमध्ये गोपाल तामाङ्गलाई २०७१श्र९।२६ मा रु.२२००००।–, उपेन्द्र मकिलाई २०७३।–, गोपाल शर्मालाई २०७१।४।२९ मा रु.६३१४५।– र चक्र तुम्बाहम्फेलाई २०७३।१।२ मा रु.६८००।– सापटी दिएको देखिन्छ । उक्त रकमको व्याज आम्दानी लिएको देखिदैन । सो रकम व्याज सहित फिर्ता हुनुपर्दछ ।

१२. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजार भन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२७ मा निर्माण वा खरीद गर्दा वा सेवा प्राप्त गरेवापत भुक्तानी दिंदा प्रचलित कानून बमोजिम कर कटाएर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न मालसामान खरीद को भुक्तानीमा अग्रिम कर कट्टा नगरी भुक्तानी दिएको देखिएकाले नियमानुसार लाग्ने कर रु. ७,१७३/- असुल गरी संचित कोष दाखिला गर्नु पर्दछ ।

१३. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कुनै वासिन्दा व्यक्तिको पारिश्रमिक भुक्तानीमा नियमानुसार १५% पारिश्रमिक कर भुक्तानी गर्नुपर्नेमा विभिन्न २ व्यक्तिलाई लेखापरीक्षण शुल्क तथा अतिरीक्त भत्ता भुक्तानी गर्दा पारिश्रमिक कर १५% कट्टी नगरी भुक्तानी गरेको देखियो । नियमानुसार लाग्ने पारिश्रमिक कर रु.६,७५०।- असुल गरी संचित कोष दाखिला गर्नुपर्दछ ।

१४. **मुल्य अभिवृद्धि कर : मूल्य अभिवृध्दि कर ऐन २०५२ को दफा १५(१) अनुसार** स्थानीय निकायले आन्तरिक श्रोत संकलनका लागि ठेक्का लगाउँदा ठेक रकमको १३% मुल्य अभिवृद्धि कर संकलन गर्नु पर्ने व्यवस्था छ । यस गा.वि.स ले.विभिन्न ३ ठेक्का सम्झौतामा मू.अ.कर संकलन गरेको देखिएन । सम्झौता अनुसारको रकम रु. ५,५७,७६०।-को रु.७२,५०८।- मू.अ.कर असुल हुनु पर्दछ ।

१५. **सुशासन तथा पारदर्शिता :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम प्रत्येका गाउँ विकास समितिले पुँजीगत अनुदानमा खर्च भएको रु.२,००,०००/- भन्दा माथीको योजनाहरुको सबैले देख्ने ठाउँमा लागत अनुमान, जनसहभागीताबाट बेहोर्ने रकम, गाउँ विकास समितिले व्होर्ने रकम, योजना शुरु हुने मिति र सम्पन्न हुने मिति समेत खुलाई सूचना बोर्ड राख्नु पर्ने, सार्वजनिक सुनुवाई गर्नु पर्ने र सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ । यस गाउँ विकास समितिबाट सञ्चालित

रु.२,००,०००/- भन्दा बढी खर्च भएका योजनाहरुको सूचना बोर्ड राख्ने, सार्वजनिक सुनुवाई र सामाजिक लेखापरीक्षण गर्ने गरेको पाइएन । गाउँ विकास समितिबाट सम्पन्न हुने बिकास निर्माण सम्बन्धित कार्यलाई पारदर्शी बनाउनका लागि यस्त कार्यहरु गर्नु जरुरी देखिएको छ ।

१६. **पेश्की :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (३) मा यस नियमावलीमा तोकिएको म्याद भित्र कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिने दिने दुबैथरीको कर्तव्य हुने उल्लेख छ । यस गा.वि.स. ले यसवर्ष विभिन्न ११ व्यक्तिलाई रु.७,४९,०००/-/-पेश्की दिएको रकम आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट भएको देखिएन । नियममा भएको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गरिनु पर्दछ ।

**महेन्द्रनगर गाउँ विकास समिति सुनसरी**

१७. **लेखा प्रणाली:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली/नगरपालीकाको हकमा प्रादभावी लेखाप्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि दोहोरो लेखाप्रणाली/प्रोदभावी लेखाप्रणाली राखेको पाईएन ।

१८. **लेखा प्रस्तुति** : माथि उल्लिखित आय व्ययमध्ये सामाजिक सुरक्षा बापत निकासा भई खर्च देखाएको रु.१,३६,९४,४००।– र सुनौला हजार दिन कार्यक्रमको लागि प्राप्त भई खर्च गरेको रु.१५,६२,४००।– को सक्कल बिल भर्पाई जिल्ला समन्वय समितमा पेश गरेको भनी लेखापरीक्षणमा पेश नभएकोले लेखापरीक्षण गरेको छैन ।

१९. **आन्तरिक श्रोत** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५ मा व्यवस्था भए अनुसार गाउँ विकास समितिले आफ्नो क्षेत्रमा तोकिएको दरमा नबढ्ने गरी गाउँ परिषदबाट पारित दरमा विभिन्न प्रकारको करहरु लगाई आर्थिक अवस्था सवल बनाउन सक्ने र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची ४, ५ र ६ मा करका दरको व्यवस्था गरेको छ । सोही व्यवस्था बमोजिम साकि यस गा.बि.स.ले यस वर्षको श्रावणदेखि फाल्गुणसम्म मालपोतबाट रु.३२२४२६।- र पञ्जिकरण तथा अन्य दस्तुरबाट रु.३४४१९०।-, हातबजारबाट रु.२५००००।–, व्यवशाय कर रु.२४६१०।–, बहाल बितौरीबाट रु.३१३६३।२० लगायत जम्मा रु.१०,०८,६४२।– आम्दानी गरेको छ । ती आम्दानी गर्दा मालपोतको लागि बेग्लै र अन्य आयको लागि बेग्लै नगदी रसिद प्रयोग गरेको छ । नगदी रसिदको शुरु मौज्दात, आम्दानी, खर्च र बाँकी मौज्दात समेत देखिने गरी रसिद नियनत्रण खाता नराखेकोले सो खाता राख्नुपर्दछ ।

साबिक गा.बि.स. र हाल नगरपालिकाको वडा नं.६, ७ र ८ मा बार्षिक मालपोत कति असुल गर्नुपर्ने हो, हालसम्म बक्यौता र चालु समेत कति मालपोत असूली गर्न बाँकी छ सोको लगत राखेको देखिएन । जस्ले गर्दा मालपोत बक्यौता रकम यकिन गर्न सकिएन ।

२०. **आयको ठेक्का** : साबिक गाउँ बिकास समतिले साबिक प्रकाशपुर गाबिससंग संयुक्त रुपमा तारघाट ठेक्का लगाई रु.२ लाख ५० हजार आम्दानी गरेको छ । यसरी ठेक्का लगाई आम्दानी गर्दा मुल्य अभिबृद्धि कर असुल गरेको छैन । आयको ठेक्का लगाउँदा मुल्य अभिबृद्धि कर समेत थप गरी असुल गर्नु पर्दछ ।

२१. **बढी भुक्तानी :** २०७३/६/६ मा खरिदार श्री गंगामाया लिम्बु र कम्प्युटर अपरेटर श्री मिलन शाहलाई आश्विन र चाडपर्व खर्च भुक्तानी गर्दा महंगी भत्ता प्रति कर्मचारी रु.१,०००/-ले जम्मा रु.२,०००। बढी भुक्तानी भएकोले असुल हुनु पर्दछ ।

२२. **जिन्सी दाखिला तथा हस्तान्तरणको भरपाई नभएको :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को निम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । सप्तकोशी नदिको राजवास घाट (प्रकाशपुर-महेन्द्रनगर) मा मिति २०७३/६/१ मा भएको डुङ्गा दुर्घटा पश्चात जिल्ला दैवी प्रकोप उद्दार समितिको निर्णय अनुसार त्यस क्षेत्रका जनतालाई कोशी नदी वारपार गर्दा अनिवार्य लाइफ ज्याकेट लगाउनु पर्ने भनी यस गा.वि.स.बाट रु.१,०४,३२०/- को ३० थान लाइफ ज्याकेट खरिद गरी खर्च लेखेको छ । उक्त ज्याकेट खरिद गरेको बिल संलग्न भए पनि जिन्सी दाखिला तथा उक्त ज्याकेट कसलाई हस्तान्तरण गरिएको हो सो को भरपाई संलग्न छैन । खर्चको लेखा राख्दा नियममा भएको व्यवस्था अनुसार खर्चलाई पुष्ट्याई गर्ने कागजातहरु खरिद आदेश, दाखिला रिपोर्ट, बिल भरपाई सहित लेखा राख्नुपर्दछ ।

२३. **आर्थिक सहायता :** स्थानीय निकाय स्रोत परीचालन निर्देशिका २०६९ अनुसार आर्थिक सहायता खर्च लेख्न मिल्ने देखिंदैन **। कार्यालयले** निर्देशिका बिपरित ३८ मिति २०७३।८।२६ मा ने.क.पा. एमाले गाउँ कमिटीलाई रु.१०,०००।– र नेपाली कांग्रेस गाउँ कमिटीलाई रु १२,०००।– आर्थिक सहायता दिएको छ । यसरी अनुदान प्राप्त रकमबाट राजनैतिक पार्टीलाई सहायता दिनु कानून सम्मत छैन ।

२४. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजार भन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय

निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२७ मा निर्माण वा खरीद गर्दा वा सेवा प्राप्त गरेवापत भुक्तानी दिंदा प्रचलित कानून बमोजिम कर कटाएर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। अग्रिम कर कट्टी नगरी भुक्तानी गरेका व्यहोरा देहाय अनुसार छन्।

२४.१. कार्यालयले विभिन्न भौचर र मितिबाट बिभिन्न कार्यालय सामान खरिद गर्दा मनोज पेपर वर्कसलाई रु.१,०२,०३६।- भुक्तानी गरेकोमा अग्रिम कर वापत रु.१,३५५।- कट्टी गर्नुपर्नेमा नगरेकोले असुल हुनुपर्दछ।

२४.२. कार्यालयले बिभिन्न उपभोक्ता समितिबाट निर्माण तथा मर्मतको कार्य गराउँदा पेश गरेको बिल भर्पाई परीक्षण गर्दा सम्बन्धित उपभोक्ता समितिहरुले विभिन्न भौचर र मितिबाट बिभिन्न व्यक्तिलाई सामान खरिद गरे बापत रु.८५००००/- को बिल भुक्तानी गर्दा नियमानुसार कर नकटाई भुक्तानी गरेकोले अग्रिम कर वापत रु.१२,७५०/- कट्टी गरी दाखिला गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्दछ।

२५. **लक्षित बर्ग कार्यक्रमः**ःसाबिक गाउँ परिषद्ले सो कार्यक्रम अनतर्गत मदर्शा बिद्यालयको लागि फर्निचर निर्माणमा रु.५० हजार, जेष्ठ नागरिक सम्मानमा रु.५० हजार र देबी भगवती मन्दिरमा छाप्रो भवन निर्माण र घेराबारको लागि रु.८६९३०।– बजेट बिनियोजन भएको देखिन्छ। लक्षित समूहको कार्यक्रम अन्तर्गत नेपाल पिछडा बर्ग महासंघ (अध्यक्ष राजकुमार यादव)लाई बिभिन्न कार्यक्रम सञ्चालन गर्न २०७४।२।२२ मा दिएको पेश्की रु.१४९५००।– फछ्र्यौट भएको नदेखिएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार फछ्र्यौट हुनुपर्दछ।

२६. **खर्चको विवरण नभएको :**दलिततर्फ कार्यालय भवन ढलान, रंगरोगन, फर्निचर तथ पंखा खरिद, सूचना बोर्ड, दलित तथ्यांक संकलन समेत ६ वटा कार्यक्रम सञ्चालन गर्न रु.१८६९३०।– बजेट बिनियोजन भएको देखिन्छ। उक्त रकम पुरै नेपाल दलित संयुक्त दलित समाजलाई मिति २०७४।३।२७ मा भुक्तानी गरेको छ। उक्त रकमको प्रत्येक कार्यक्रममा भएको खर्चको बिवरण र कार्य सम्पन्न गरेको प्रमाण बेगर भुक्तानी गरेको देखियो।

२७. **आयोजना सञ्चालन :** योजना सञ्चालन कार्यविधि अनुसार रु(५ लाखभन्दा कमको योजना छनौट गर्न नहुने उल्लेख यस आर्थिक वर्षमा गाउँ परिषदले स्वीकृत गरेका बिभिन्न योजनाहरु सञ्चालन गरिएकोमा ती योजनाहरुको कुल लागत, सम्पन्न भए नभएको, जनश्रमदानको स्थिति आदि व्यहोरा खुलाई अभिलेख राखेको देखिएन। लेखापरीक्षणको क्रममा योजनाको स्थलगत निरीक्षण गर्न नसकिएकोले सञ्चालित योजनाको मूल्यांकन गर्न सकिएन। नमूना स्वरुप परीक्षण गरेका रु.२ लाखका ९ वटा, रु.१ लाखका ५ वटा, रु. १ लाख ७५ हजारका १, रु.२ लाख ५० हजारका १ र रु.५ लाखका १ समेत १७ वटा सडक ग्राभेल र नाला निर्माणको योजनाहरुको बिल भर्पाई परीक्षण गर्दा उपभोक्ता समितिले प्राविधिक बिल, मिक्स गिट्टी खरिद गरेको भर्पाई र ज्यालाका भर्पाई संलग्न राखेको आधारमा योजना फरक फारक गरेको छ। प्राविधिक मुल्यांकन अनुसार सबै कार्यको नापजाँच गरेको नापी किताव राख्ने गरेको देखिएन। यो बर्ष सञ्चालित अधिकांश योजना वा कार्यक्रमहरु रु.५ लाखभन्दा कम रहेका छन्। गाउँ परिषदले रु.५ हजार, १० हजार, २० हजारका योजनाहरु पारीत गरी सञ्चालन गरिएको छ। यस्ता साना साना योजना छनौट गरी सञ्चालन गर्नु कार्यविधि बिपरित देखिन्छ।

२८. **दैनिक भत्ता बढी भुक्तानी :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ मा सरकारी कामको सिलसिलामा मुलुक भित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमणमा वा काजमा खटिएमा अनुसूची-२ बमोजिमको दरमा खटिएको अवधिको दैनिक भत्ता पाउने व्यवस्था छ। कार्यालयले २ जना कर्मचारीलाई भ्रमण आदेशमा तोकिएको अवधि भन्दा बढी हुने गरी दैनिक भत्ता रु. १८,८००।- बढी भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्दछ।

२९. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कुनै वासिन्दा व्यक्तिको पारिश्रमिक भुक्तानीमा नियमानुसार १५% पारिश्रमिक कर भुक्तानी गर्नुपर्नेमा मिति २०७३/६/२ बाट मालपोत लगत उतार गरे वापत बाबुराम पौडेललाई रु.७०,०००/- भुक्तानी गरेकोमा नियमानुसार लाग्ने १५% पारिश्रमिक कर कट्टी नगरी भुक्तानी गरेको देखियो। नियमानुसार लाग्ने पारिश्रमिक कर रु.१०,५००/- असुल गरी संचित कोष दाखिला गर्नु पर्दछ।

३०. **बिल भरपाई पेश नभएको :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ। लायन्स क्लव अफ सुनसरी कोशी रिभरका लायन श्री कुमार घिमिरेलाई विद्युत मिटर जडान गर्नका लागि भनी ४२ मिति २०७३/९/१८ बाट रु.४४,०००/- भुक्तानी दिएकोमा उक्त खर्चलाई पुष्ट्याई गर्ने बिल भर्पाई पेश भएको छैन।

३१. **सुशासन तथा पारदर्शिता :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम प्रत्येका गाउँ विकास समितिले पुँजीगत अनुदानमा खर्च भएको रु.२,००,०००/- भन्दा माथीको योजनाहरुको सबैले देख्ने ठाउँमा लागत अनुमान, जनसहभागीताबाट बेहोर्ने रकम, गाउँ विकास समितिले व्यहोर्ने रकम, योजना शुरु हुने मिति र सम्पन्न हुने मिति समेत खुलाई सूचना बोर्ड राख्नु पर्ने, सार्वजनिक सुनुवाई गर्नु

पर्ने र सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ । यस गाउँ विकास समितिबाट सञ्चालित रु.२,००,०००/- भन्दा बढी खर्च भएका योजनाहरुको सूचना बोर्ड राख्ने, सार्वजनिक सुनुवाई र सामाजिक लेखापरीक्षण गर्ने गरेको पाइएन । गाउँ विकास समितिबाट सम्पन्न हुने बिकास निर्माण सम्बन्धित कार्यलाई पारदर्शी बनाउनका लागि यस्त कार्यहरु गर्नु जरुरी देखिएको छ ।

**साविक भरौल गाउँ विकास समिति, सुनसरी तर्फ**

३२. **लेखा प्रणाली:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली/नगरपालीकाको हकमा प्रादभावी लेखाप्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि दोहोरो लेखाप्रणाली/प्रोदभावी लेखाप्रणाली राखेको पाईएन ।

३३. **लेखा प्रस्तुति** : माथि उल्लिखित आय व्ययमध्ये सामाजिक सुरक्षा बापत निकासा भई खर्च देखाएको रु.९८६९६००।–, र बालसंरक्षण रु.५०५६००।– को सक्कल बिल भर्पाई जिल्ला समन्वय समितमा पेश गरेको भनी लेखापरीक्षणमा पेश नभएकोले लेखापरीक्षण गरेको छैन ।

३४. **आन्तरिक श्रोत** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५ मा व्यवस्था भए अनुसार गाउँ विकास समितिले आफ्नो क्षेत्रमा तोकिएको दरमा नबढ्ने गरी गाउँ परिषदबाट पारित दरमा विभिन्न प्रकारको करहरु लगाई आर्थिक अवस्था सवल बनाउन सक्ने र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची ४, ५ र ६ मा करका दरको व्यवस्था गरेको छ । सोही व्यवस्था बमोजिम साकि यस गा.बि.स.ले यस वर्षको श्रावणदेखि फाल्गुणसम्म मालपोत, पञ्जिकरण तथा अन्य दस्तुर, हाटबजार, व्यवशाय कर, बहाल बितौरी लगायत शिर्षकबाट जम्मा रु.१३८८७८२।– आम्दानी गरेको छ । ती आम्दानी गर्दा मालपोतको लागि बेग्लै र अन्य आयको लागि बेग्लै नगदी रसिद प्रयोग गरेको छ । नगदी रसिदको शुरु मौज्दात, आम्दानी, खर्च र बाँकी मौज्दात समेत देखिने गरी रसिद नियनत्रण खाता नराखेकोले सो खाता राख्नुपर्दछ ।

साबिक गा.बि.स. र हाल नगरपालिकाको वडा नं.३, ४ र ५ मा बार्षिक मालपोत कति असुल गर्नुपर्ने हो, हालसम्म बक्यौता र चालु समेत कति मालपोत असूली गर्न बाँकी छ सोको लगत राखेको देखिएन । जस्ले गर्दा मालपोत बक्यौता रकम यकिन गर्न सकिएन ।

३५. **कर्मचारी कल्याण कोष:** कर्मचारी कल्याण कोषको खाता मनकामना सहकारी ऋण तथा बचत सहकारी संस्थामा रहेको छ । उक्त खातामा गा.बि.स.ले गत बर्ष रु. ५० हजार र यो बर्ष रु. ५० हजार समेत रु. १ लाख जम्मा गरेको छ । सो रकम बराह नगरपालिकाको खातामा जम्मा गरेको नदेखिएकोले यथाशिघ्र नगरपालिकाको खातामा जम्मा गर्नुपर्दछ ।

३६. **थप दस्तुर**ः समयमा बिद्युत महसूल भुक्तानी गर्दा ३ प्रतिशत रिबेट पाउनेमा गाबिसले ३ बाट २०७३।४।३१ मा बिद्युत महसुल रु.४७४९।– भुक्तानी गर्दा रु.६२९।– थप दस्तुर भुक्तानी गरेकोले उक्त रकम ढिलो भुक्तानी गर्नेबाट असुल गर्नुपर्दछ ।

३७. **नगद मौज्दात :** पूर्णमाया पौडेल र निलम कार्कीको जिम्मा रहेको नगद मौज्दात रु.४,१०३/६० नगरपालिकाको खातामा दाखिला हुनुपर्दछ ।

३८. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजार भन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२७ मा निर्माण वा खरीद गर्दा वा सेवा प्राप्त गरेवापत भुक्तानी दिंदा प्रचलित कानून बमोजिम कर कटाएर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले विभन्नि भौचर र मितिबाट बिभिन्न आपुर्तिकर्तालाई रु.१७,२२,२६६/- भुक्तानी गरेकोमा अग्रिम कर वापत रु.२५,८२०/- कट्टी गर्नु पर्नेमा नगरेकोले असुल हुनु पर्दछ ।

३९. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कुनै वासिन्दा व्यक्तिको पारिश्रमिक भुक्तानीमा नियमानुसार १५% पारिश्रमिक कर भुक्तानी गर्नुपर्नेमा कार्यालयलले २ जना व्यक्तिहरुलाई पारिश्रमिक रु १,३४,४८४। भुक्तानी गर्दा नियमानुसार लाग्ने १५% पारिश्रमिक कर कट्टी नगरी भुक्तानी गरेको देखियो । नियमानुसार लाग्ने पारिश्रमिक कर रु.२१,६७३/- असुल गरी संचित कोष दाखिला गर्नु पर्दछ ।

४०. **पेश्की :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (३) मा यस नियमावलीमा तोकिएको म्याद भित्र कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिने दिने दुबैथरीको कर्तव्य हुने उल्लेख छ । यस गा.वि.स. ले विगत वर्षसम्मको बिभिन्न व्यक्तिको नाममा रहेको पेश्की रु.७३४३८२/- हालसम्म फछ्र्यौट गराएको देखिएन । नियममा भएको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गरिनु पर्दछ ।

**प्रकाशपुर गाउँ विकास समिति**

४१. **नगद मौज्दात :** यस वर्ष बाँकी रहेको नगद मौज्दात रु.१,४६,५१३/- मध्ये साविक गा.वि.स. सचिव गणेश बस्नेतको जिम्मामा रु.३५,९२५/-, कृष्ण कुमार गुरागाँइको जिम्मामा रु.९९,५४९/- रहेकोमा नियमानुसार १०% ब्याज सहित असुल गर्नु पर्दछ । बाँकी नगद रु.११,०३९/- नगद क कसको जिम्मामा रहेको हो यकिन गरी नियमानुसार ब्याज सहित असुल गर्नु पर्दछ ।

४२. **लेखा प्रणाली:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली/नगरपालीकाको हकमा प्रादभावी लेखाप्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि दोहोरो लेखाप्रणाली/प्रोदभावी लेखाप्रणाली राखेको पाईएन ।

४३. **लेखा प्रस्तुति** : माथि उल्लिखित आय व्ययमध्ये सामाजिक सुरक्षा बापत निकासा भई खर्च देखाएको रु.७०८००००।– र बालसंरक्षण रु.१५३६००।– को सक्कल बिल भर्पाई जिल्ला समन्वय समितमा पेश गरेको भनी लेखापरीक्षणमा पेश नभएकोले लेखापरीक्षण गरेको छैन ।

४४. **आन्तरिक श्रोत** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५ मा व्यवस्था भए अनुसार गाउँ विकास समितिले आफ्नो क्षेत्रमा तोकिएको दरमा नबढ्ने गरी गाउँ परिषदबाट पारित दरमा विभिन्न प्रकारको करहरु लगाई आर्थिक अवस्था सवल बनाउन सक्ने र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची ४, ५ र ६ मा करका दरको व्यवस्था गरेको छ । आम्दानी सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन् ।

४४.१. साबिक गा.बि.स.ले २०७३ फाल्गुनसम्म मालपोत, पञ्जिकरण तथा दस्तुर, तारघाट ठेक्का र सिफारिस दस्तुरबाट जम्मा रु.१०९५७६७– आम्दानी गरेको छ । सोबाहेक अन्य स्रोतबाट आम्दानी गर्न सकेको छैन ।

४४.२. साबिक गा.बि.स.मा बार्षिक मालपोत कति असुल गर्नुपर्ने हो, हालसम्म बक्यौता र चालु समेत कति मालपोत असूली गर्न बाँकी छ सोको लगत राखेको देखिएन । जस्ले गर्दा मालपोत बक्यौता रकम यकिन गर्न सकिएन । गा.बि.स.ले ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम कुन शिर्षकबाट के कसरी आम्दानी गर्न सकिन्छ सोको अध्ययन गरी आन्तरिक आय बृद्धि गर्न आवश्यक प्रयास गर्नुपर्ने देखियो ।

४४.३. आम्दानी गर्दा मालपोतको लागि बेग्लै र अन्य आयको लागि बेग्लै नगदी रसिद प्रयोग गरेको छ । नगदी रसिदको शुरु मौज्दात, आम्दानी, खर्च र बाँकी मौज्दात समेत देखिने गरी रसिद नियनत्रण खाता नराखेकोले सो खाता राख्नुपर्दछ ।

४५. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजार भन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२७ मा निर्माण वा खरीद गर्दा वा सेवा प्राप्त गरेवापत भुक्तानी दिंदा प्रचलित कानून बमोजिम कर कटाएर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । साविक प्रकाशपुर गा.वि.स. (हाल बराहा न.पा. वडा नं. ९ र १०) मा विभिन्न भौचर र मितिबाट बिभिन्न निर्माण व्यवसायी तथा आपुर्तिकर्तालाई रु.१४,६०,२०१/- भुक्तानी गरेकोमा अग्रिम कर वापतरु. २१,९०३/- कट्टी गर्नु पर्नेमा कट्टी नगरी भुक्तानी दिएको छ । अग्रिम कर वापतको उक्त रकम असुल हुनु पर्दछ ।

४६. **पेश्की :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (३) मा यस नियमावलीमा तोकिएको म्याद भित्र कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिने दिने दुबैथरीको कर्तव्य हुने उल्लेख छ । यस गा.वि.स. ले गत विगत वर्षमा दिएको पेश्की मध्ये रु. ३,६६,२३३/- फछ्र्यौट हुन बाँकी देखिन्छ । यसवर्ष दिएको पेश्की मध्ये स्वास्थ्य चौकी प्रकाशपुरलाई दिएको पेश्की रु.१,००,०००/- आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट भएको देखिएन । नियममा भएको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गरिनु पर्दछ ।

**साविक मधुवन गाउँ विकास समिति तर्फ**

४७. **लेखा प्रणाली:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली/नगरपालीकाको हकमा प्रादभावी लेखाप्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि दोहोरो लेखाप्रणाली/प्रोदभावी लेखाप्रणाली राखेको पाईएन ।

४८. **लेखा प्रस्तुति** : माथि उल्लिखित आय व्ययमध्ये सामाजिक सुरक्षा बापत खर्च देखाएको रु.४९२३६००।– को सक्कल बिल भर्पाई जिल्ला समन्वय समितमा पेश गरेको भनी लेखापरीक्षणमा पेश नभएकोले लेखापरीक्षण गरेको छैन ।

४९. **आन्तरिक आय** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५ मा व्यवस्था भए अनुसार गाउँ विकास समितिले आफ्नो क्षेत्रमा तोकिएको दरमा नबढ्ने गरी गाउँ परिषदबाट पारित दरमा विभिन्न प्रकारको करहरु लगाई आर्थिक अवस्था सवल बनाउन सक्ने र स्थानीय निकाय आर्थिक प्रशासन

नियमावली, २०६४ को अनुसूची ४, ५ र ६ मा करका दरको व्यवस्था गरेको छ । आम्दानी सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन् ।

४९.१. साबिक गा.बि.स.ले २०७३ फाल्गुनसम्म मालपोतबाट रु.७५५७२।०५, हाटबजार पसल करकाट रु.११९३४००।–, सिफारिस दस्तुरबाट रु.३०२५२।– र बिक्री आय रु.३०१०००।– समेत जम्मा रु.१६००२२४।– आम्दानी गरेको छ । आम्दानीको ठेक्का लगाउँदा मु.अ.कर एन, २०५२ र नियमावली, २०५३ अनुसार मु.अ.कर रकम असुल गरेको छैन ।

४९.२. साबिक गा.बि.स.मा बार्षिक मालपोत कति असुल गर्नुपर्ने हो, हालसम्म बक्यौता र चालु समेत कति मालपोत असूली गर्न बाँकी छ सोको लगत राखेको देखिएन । जस्ले गर्दा मालपोत बक्यौता रकम यकिन गर्न सकिएन । गा.बि.स.ले ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम कुन शिर्षकबाट के कसरी आम्दानी गर्न सकिन्छ सोको अध्ययन गरी आन्तरिक आय बृद्धि गर्न आवश्यक प्रयास गर्नुपर्ने देखियो ।

४९.३. आम्दानी गर्दा मालपोतको लागि बेग्लै र अन्य आयको लागि बेग्लै नगदी रसिद प्रयोग गरेको छ । नगदी रसिदको शुरु मौज्दात, आम्दानी, खर्च र बाँकी मौज्दात समेत देखिने गरी रसिद नियनत्रण खाता नराखेकोले सो खाता राख्नुपर्दछ ।

५०. **दोहोरो भत्ता :** कार्य सम्पादनमा आधरित प्रोत्साहन भत्ता लागु भए पछि गाँउ विकास समितिको अध्यक्ष भएको हैसियतले गा.वि.स. सचिव कपिल दाहालले २०७३ श्रावण देखी २०७४ असार सम्म १२ महिनाको प्रति महिना रु.५,०००/- अध्यक्ष भत्ता लिएकोले दोहोरो भत्ता भुक्तानी भएको देखियो । यो गाबिस नगरपालिकामा गाभिएपछि २०७३ चैत्रदेखि २०७४ आषाढसम्म रु.२००००।– भुक्तानी लिएको रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

५१. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजार भन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२७ मा निर्माण वा खरीद गर्दा वा सेवा प्राप्त गरेवापत भुक्तानी दिंदा प्रचलित कानून बमोजिम कर कटाएर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न भौचर र मितिबाट बिभिन्न आपुर्तिकर्ता/समितिलाई रु.६,४७,६०३/- भुक्तानी गरेकोमा अग्रिम कर वापत रु.९,७७६/- कट्टी गर्नु पर्नेमा नगरेकोले असुल हुनु पर्दछ ।

५२. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कुनै वासिन्दा व्यक्तिको पारिश्रमिक भुक्तानीमा नियमानुसार १५% पारिश्रमिक कर भुक्तानी गर्नुपर्नेमा ईन्जिनियर उमेश प्रसाद देवलाई प्राविधिक पारिश्रमिक रु. रु.८,४००/-भुक्तानी गर्दा नियमानुसार लाग्ने १५% पारिश्रमिक कर कट्टी नगरी भुक्तानी गरेको देखियो । नियमानुसार लाग्ने पारिश्रमिक कर रु.१,२६०/- असुल गरी संचित कोष दाखिला गर्नु पर्दछ ।

५३. **आन्तरिक लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४९(ग) बमोजिम दफा ४८ बमोजिमको आन्तरिक लेखापरीक्षण शाखामा कार्यरत कर्मचारीले आफ्नो क्षेत्रभित्रका गा.वि.स.हरुको लेखापरीक्षण गरी लेखापरीक्षण गरेको १५ दिन भित्र गा.वि.स. सचिवलाई प्रतिवेदन दिनु पर्ने व्यवस्था छ । यस गा.वि.स.को आन्तरिक लेखापरीक्षण भएको देखिएन । नियममा तोकिए बमोजिम आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन नदिएका कारण आन्तरिक लेखापरीक्षण गर्न तोकिएको व्यक्तिलाई जिम्मेवार बनाइनु पर्दछ ।

५४. **पेश्की :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (३) मा यस नियमावलीमा तोकिएको म्याद भित्र कार्यविधि अपनाई फछ्यौंट गर्नु वा गराउनु पेश्की लिने दिने दुबैथरीको कर्तव्य हुने उल्लेख छ । यस गा.वि.स. ले यसवर्ष २ जना व्यक्तिको नाममा बाकी रहेको रु.४०,०००/-पेश्की आर्थिक वर्षको अन्त्य सम्म फछ्यौंट भएको देखिएन । नियममा भएको व्यवस्था अनुसार पेश्की फछ्यौंट गरिनु पर्दछ ।

५५. **बेरुजु अभिलेख र फछ्यौंटः** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । गाउँबिकास समितिको कार्यालय र नगरपालिका बेरुजु अभिलेख, पेश्की बांकीको बिबरण तथा सो को फछ्यौंटको अभिलेख रहेको पाईएन ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.१७ लाख ५३ हजार बेरुजू देखिएको मध्ये असुल गर्नुपर्ने रु.३ लाख ८४ हजार नियमित गर्नुपर्ने रु.३ लाख ३१ हजार र पेश्की रु.१० लाख ३८ हजार रहेको छ ।

# देवानगञ्ज गाउपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.३६ लाख १८ हजार र यो वर्ष आय रु.८ करोड २४ लाख ६९ हजार समेत रु.८ करोड ६० लाख ८७ हजार आम्दानी भएकोमा रु.७ करोड ७७ लाख ८३ हजार खर्च भई रु.८३ लाख ४ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **वार्षिक खरिद योजना तयार नगरेको** : सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष रु.२८,०४,०९३।- को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाइएकोले नियमको पालना भएको देखिएन । खरिद कार्यमा पारदर्शीता र समयबद्धताका लागि खरिद योजना आबशयक पर्ने भएकोले नियममा भएको व्यबस्था पालना हुनुपर्दछ ।

२. **मालसामानको लागत अनुमान तयार नगरेको** : सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३. **बेरुजू अभिलेख र फछ्र्यौट** : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं.२०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । गाउँ बिकास समिति, गाउंपालिका, नगरपालिकामा बेरुजू अभिलेख, पेश्की बाँकीको बिबरण तथा सोको फछ्र्यौटको अभिलेख रहेको पाइएन ।

४. **कारोबारको लेखा** : आर्थिक कार्यविधि ऐन, २०५५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी रकमको लेखा दोहोरो लेखाङ्कन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक तिन गाउँ विकास समिति तथा वर्तमान गाउँपालिकाले समेत प्राप्त हुन आएको स्रेस्ताको दोहोरो लेखा प्रणालीमा लेखाङ्कन गरेको देखिएन । अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

५. **प्रतिलिपि बिलवाट भुक्तानी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) मा कुनैपनि रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले ८।२०७४।२।१ वाट Dell N5559 कम्प्युटर १ थान भ्याट बाहेक रु.८१,८१५।९२ र क्यानन् प्रिन्टर थान १ भ्याट बाहेक रु.२२,१२३।८० गरी रु.१,०३,९३९।७२ भ्याट बाहेक एलिना ईन्फोटेक एण्ड इलेक्ट्रोनिक्स, विराटनरलाई विल नं.१५०७ को दोस्रोप्रति विलको आधारमा भुक्तानी दिएकोमा ।सक्कल कर विजक पेश हुनुपर्दछ ।

६. **बढी भुक्तानी** : स्थानीय निकाय आर्थिक प्रसासन सम्बन्धी नियमावली, २०६४ को नियम ४६(६) मा कुनैपनी रकमको भुक्तानी दिदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले ना.सु. चुडामणी गुरागाईलाई मिति २०७३।११।२७ देखि २०७३।१२।१४ सम्म १८ दिनको निमित्त भत्ता बापत रु.२,७९०।६० भुत्तानी हुनुपर्नेमा रु.४,१९९.९९ भुत्तानी भएकोमा बढी भुक्तानी भएको रु.१,४०९।३९ असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

**मध्यहर्साही गाउँ विकास समिति**

७. **हिसाव मिलान** : कार्यालयबाट प्राप्त आय-व्यय विवरण अनुसार आयभन्दा रु.१,९७,१५८।२० व्यय फरक परेको देखिएको छ । यसरी कार्यालयलाई प्राप्त भएको बजेट रकम खर्च गरी यथार्थपरक रुपमा आय-व्यय हिसाब तयार गर्नुपर्नेमा रु.१,९७,१५८।२० हिसाब फरक पारी आय-व्यय विवरण तयार गरेको छ ।

८. **सम्झौता बेगर खर्च लेखेको** : सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७(३) अनुसार उपभोक्ता समितिसंग सम्झौता गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं.३ मिति २०७४।१।१९ बाट रामजानकी धर्मशाला निर्माणर्थ रु.१,५०,०००।- खर्च लेखेकोमा नियमावलीमा भएको व्यवस्था अनुसार उपभोक्ता समितिसंग सम्झौता गरेको पाइएन । यसरी सम्झौता बेगर निर्माण कार्य गरी खर्च लेखेको रकम रु.१,५०,०००।- नियमित देखिएन ।

९. **आयकर कट्टी नगरी भुक्तानी** : आयकर ऐन २०५८ को दफा ८९(१) अनुसार रु. ५० हजार भन्दा बढीको भुक्तानीमा १.५ प्रतिशत आयकर कट्टा गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले सार्वजानिक निर्माण रु.६,९९,९९९।- खर्च गर्दा भएको रकम १.५% ले हुने रकम रु.१०४९९।२३ कर कट्टा गरी भुक्तानी गरिनु पर्नेमा सो नगरेकोले उक्त रकम असुल हुनुपर्दछ ।

१०. **कट्टी गरिएको रकम दाखिला** : सामाजिक सुरक्षा कर र स्रोतबाट कट्टी गरिएको अग्रिम आयकर रकम कट्टी

गरेको अर्को महिनाको २५ गतेभित्र दाखिला गरी सक्नुपर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दाखिला गर्ने गरेको पाइयो । यसरी तोकिएको अवधिभित्र कट्टा गरिएको रकम सम्बन्धित खातामा दाखिला हुनुपर्दछ ।

११. **पेश्की फछ्र्यौट नभएको** - स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले विगत वर्षकोरु.१८८,१८७- पेश्की फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

१२. **विल भरपाई वेगर खर्च लेखेको** - स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले ओ.डी.एफ. कार्यक्रम अन्तर्गत रु.२४,०००।- खर्च लेखेकोमा ओ.डी.एफ.कार्यक्रम अन्तर्गत कुन-कुन कार्यक्रम कहाँ गरियो सोको विवरण खुल्ने कागजात लेखापरीक्षणको समयमा सोको कागजात पेश भएन ।

**देवानगंज गाउँविकास समिति.**

१३. **आयकर कट्टी नगरी भुक्तानी** : आयकर ऐन २०५८ अनुसार भुक्तानीको वखत भुक्तानी रकमको १.५ प्रतिशत आयकर कट्टा गर्नु पर्ने व्यव्स्था छ ।कार्यालयले विभिन्न मिति बाट विभिन्ना सामान खरीद गरी भुक्तानी खर्च लेखेकोमा आयकर ऐन २०५८ मा व्यवस्था भए अनुसार १.५% का दरले अग्रिम आयकर कट्टा गरी भुक्तानी गरिनु पर्नेमा सो नगरेकोले उक्त रकम रु.३,९३६।- कर असुल हुनुपर्दछ ।

१४. **कट्टी गरिएको रकम दाखिला** : सामाजिक सुरक्षा कर र स्रोतबाट कट्टी गरिएको अग्रिम आयकर रकम कट्टी गरेको अर्को महिनाको २५ गतेभित्र दाखिला गरी सक्नुपर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दाखिला गर्ने गरेको पाइयो । यसरी तोकिएको अवधिभित्र कट्टा गरिएको रकम सम्बन्धित खातामा दाखिला हुनुपर्दछ ।

१५. **पेश्की फर्छ्यौट नभएको** : स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । साविक देवानगंज गा.वि.स. तर्फको रु.३,९६,२७५।- र देवानगंज गाँउपालिका वडा नं.२ यस वर्षको रु.२,०६,८५३।- गरी जम्मा रु.६,०३,१२८।- बाँकी रहेकोले बाँकी रहेको पेश्कीहरु प्रचलित ऐन, कानून बमोजिम असुल उपर गरी फछ्र्यौट गरिनु पर्दछ ।

१६. **टुक्रा पारी खरिद गरेको** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ । कार्यालयले विभिन्न सामानहरु प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक खरिद गरेकोले ऐनको पालना भएको देखिएन ।

१७. **कट्टी गरिएको रकम दाखिला** : सामाजिक सुरक्षा कर र स्रोतबाट कट्टी गरिएको अग्रिम आयकर रकम कट्टी गरेको अर्को महिनाको २५ गतेभित्र दाखिला गरी सक्नुपर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दाखिला गर्ने गरेको पाइयो । यसरी तोकिएको अवधिभित्र कट्टा गरिएको रकम सम्बन्धित खातामा दाखिला हुनुपर्दछ ।

**साविक कप्तानगंज गा. वि. स.तर्फ**

१८. **नगदबाट खर्च गर्ने गरेको** : गा.वि.स. को आन्तिरिक स्रोतबाट सङ्कलन रकम आवधिक रुपमा बैंक दाखिला गरी खर्च गरिनुपर्नेमा अधिकांश नगदबाटै खर्च गर्ने गरेकोले आर्थिक अनियमित्ता हुन सक्ने, खर्च पारदर्शी नहुने तथा नगद लगायत कर्मचारीको सुरक्षा समेतमा प्रतिकूल असर पर्न सक्ने हुँदा आन्तरिक स्रोतबाट सङ्कलित रकम नियमित बैंक दाखिला गरी कारोबार गरिनु पर्ने देखिन्छ ।

१९. साविक कप्तानगंज गा.वि.स. को वार्ड नं.४ मेनरोड पूर्व जाने बाटोमा ग्राभेल हालेको मुल्याङ्कन गरिएको भएपनि ग्राभेलको विलसंलग्न नहुँदा के कति ग्राभेल हालियो र सोको मुल्याङ्कन यथार्थमा आधारित नभएको ।

२०. **क.स. कोष दाखिला** : कर्मचारीको परिश्रमिक भुक्तानी गर्दाको बखत पारिश्रमिकबाट कट्टा गरिएको कर्मचारी सञ्चयकोष बापतको रकम भुक्तानी गर्दा कै बखत बैंक दाखिला गरिनु पर्नेमा वर्षान्तमा मात्र गर्ने गरेको छ । यसरी कर्मचारी सञ्चय कोष कट्टी रकम समयमै सम्बन्धित खातामा दाखिला हुनुपर्दछ ।

२१. **कट्टी गरिएको रकम दाखिला** : स्रोतबाट कट्टी गरिएको अग्रिम आयकर रकम कट्टी गरेको अर्को महिनाको १५ गतेभित्र दाखिला गरी सक्नुपर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दाखिला गर्ने गरेको पाइयो । यसरी तोकिएको अवधिभित्र कट्टा गरिएको रकम सम्वन्धित खातामा दाखिला हुनुपर्दछ ।

२२. **वार्षिक खरीद कार्यक्रम** : सार्वजनिक खरीद ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम सार्वजानिक निर्माण कार्य गराउँदा वा कार्यालयलाई आवश्यक पर्ने माल सामान खरीद गर्दा वार्षिक खरीद कार्यक्रम तर्जुमा गरी उपलब्ध गर्नुपर्नेमा कार्यालयले आवश्यकतानुसार मालसामान खरीद गर्ने गरेको छ ।

**साहेवगंज गा.वि.स.तर्फ**

२३. **जिन्सी दाखिला नगरेको** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले मोटरसाईकल १ थान खरीद गरी रु.१,९४,०००।-तथा कार्यालय सामान खरिद गरी रु.२१८,३३०।- खर्च लेखेकोमा सोको जिन्सी दाखिला गरेको देखिएन ।

२४. **आयकर कट्टा नगरेको** : आयकर ऐन, २०५८ अनुसार रु.५० हजारभन्दा बढीको ठेक्का वा करारको भुक्तानीमा भुक्तानी रकमको १.५ प्रतिशत रकम कर कटाउनु पर्ने व्यवस्था छ । कार्यालयलेविभिन्न तालिम कार्यक्रम संचालन वापतको गौरीभक्त होटल म्यानेजमेन्ट एन्ड टेक्नोलोजी ट्रेनिङ्ग प्रा.लि. लाई रु.९५,०००।- भुक्तानी गर्दाको बखत कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा सो नगरेकोले सो बापत रु.१,४२५।- कर असुल हुनुपर्दछ ।

२५. **क.स. कोष दाखिला** : कर्मचारीहरुको पारिश्रमिकबाट कट्टी गरिएको कर्मचारी सञ्चयकोष बापतको रकम पारिश्रमिक भुक्तानी गर्दा कै बखत बैंक दाखिला गर्नुपर्नेमा आर्थिक वर्षको अन्तमा मात्र बैक दाखिला गर्ने गरेको छ ।

२६. **कट्टी गरिएको रकम दाखिला** - सामाजिक सुरक्षा कर र स्रोतबाट कट्टी गरिएको अग्रिम आयकर रकम कट्टी गरेको अर्को महिनाको २५ गतेभित्र दाखिला गरी सक्नुपर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दाखिला गर्ने गरेको पाइयो । यसरी तोकिएको अवधिभित्र कट्टा गरिएको रकम सम्वन्धित खातामा दाखिला हुनुपर्दछ ।

२७. **पेश्की फर्छौट नभएको** - स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले विभिन्न १४ जनाको नाममा पेश्की बाँकी रकम आर्थिक वर्षको अन्तसम्ममा रु.२,३३,६५२।८० फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

**राजगंज सिनुवारी गा.वि.स.तर्फ**

२८. **विल नभएको** : स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं.५७ मिति ०७४।३।२५ बाट सार्वजानिक निर्माणको काम रकम रु.५०,०००।- मा गराउँदा सो विल साथ मिक्सगिट्टी (ग्राभेल) को विल पेश भएको छैन । यसरी खर्च रकमको विल संलग्न नगरी खर्च लेखेको रकम रु.५०,०००।- नियमित देखिएन ।

२९. **पेश्की फछ्र्यौट नभएको** : स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले विभिन्न २० व्यक्तिको नाममा रु.६१०,०००।- विगत वर्षको पेश्की बाँकी रहेकोले उक्त बाँकी पेश्कीहरु प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरी फछ्र्यौट गरिनुपर्ने । पेश्कीको विवरण निम्न बमोजिम छ :

३०. **कट्टी गरिएको रकम दाखिला** - सामाजिक सुरक्षा कर र स्रोतबाट कट्टी गरिएको अग्रिम आयकर रकम कट्टी गरेको अर्को महिनाको २५ गतेभित्र दाखिला गरी सक्नुपर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दाखिला गर्ने गरेको पाइयो । यसरी तोकिएको अवधिभित्र कट्टा गरिएको रकम सम्वन्धित खातामा दाखिला हुनुपर्दछ ।

३१. **टुक्रा पारी खरिद गरेको** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ । कार्यालयले विभिन्न सामानहरु प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक खरिद गरेकोले ऐनको पालना भएको देखिएन ।

३२. **क.स. कोष बैंक दाखिला** : कर्मचारीहरुको पारिश्रमिकबाट कट्टा गरिएको क.स. कोष बापतको रकम तलव भत्ता भुक्तानी गर्दाकै समयमा बैंक दाखिला गर्नुपर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दाखिला गर्ने गरेको छ ।

**बेरुजू स्थितिः**

यो वर्ष लेखापरीक्षणबाट रु.१० लाख ४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १७ हजार नियमित गर्नुपर्ने रु.५ लाख ४६ हजार र पेश्की बाँकी रु.४ लाख ४१ हजार रहेको छ ।

# कोशी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु. ८ लाख ४६ हजार र यो वर्ष आय रु. ७ करोड ४३ लाख २ हजार समेत रु. ७ करोड ५१ लाख ४८ हजार आम्दानी भएकोमा रु.६ करोड ७३ लाख २७ हजार खर्च भई रु. ७८ लाख २१ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **जिन्सी आम्दानी नबाँधेको** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २१२(१) बमोजिम स्थानीय निकायमा खरिद गरी प्राप्त हुन आएका मालसामानको मूल्य खुलाई ७ दिनभित्रमा जिन्सी खातामा आम्दानी बाँध्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले भौ.नं.४१ मिति २०७४।३।३० बाट सिसि क्यामेरा खरीद बापत रु.२५,०००।- भुक्तानी गरेकोमा सो सामान जिन्सी खातामा आम्दानी बाँधेको देखिएन । खरिद भएको रु.२५,०००।- मूल्यका सिसि क्यामेरा जिन्सी खातामा आम्दानी बाँध्नु पर्दछ ।

२. **वार्षिक खरिद योजना तयार नगरेको** : सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष रु.२८,१७,३६०।- को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाइएकोले नियमको पालना भएको देखिएन । खरिद कार्यमा पारदर्शीता र समयबद्धताका लागि खरिद योजना आवश्यक पर्ने भएकोले नियममा भएको व्यबस्था पालना हुनुपर्दछ ।

३. **मालसामानको लागत अनुमान तयार नगरेको** : सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाइयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४. **बेरुजू अभिलेख र फछ्र्यौट** : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्दछ । गाउँ विकास समिति, गाउँपालिका, नगरपालिकामा बेरुजू अभिलेख, पेश्की बाँकीको बिबरण तथा सोको फछ्र्यौटको अभिलेख रहेको पाइएन ।

५. **कारोबारको लेखा** : आर्थिक कार्यविधि ऐन, २०५५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार प्रचलित कानूनबमोजिम प्राप्त हुन आएको आम्दानी रकमको लेखा दोहोरो लेखाङ्कन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक तीन गाउँ विकास समिति तथा वर्तमान गाउँपालिकाले समेत प्राप्त हुन आएको स्रेस्ताको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

६. **जिन्सी निरीक्षण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(१)अनुसार नियम ४६, ४७, ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामानको जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिइ राख्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नियमावलीमा भएको उक्त व्यवस्था अनुसार जिन्सी निरीक्षण गरेको पाइएन । नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

**श्रीपुर गाउँविकास समिति, सुन्सरी तर्फ**

७. **भाडा कर कट्टा नगरेको** - आयकर ऐन, २०५८ अनुसार भाडा रकम भुक्तानीमा १० प्रतिशत भाडा कर कट्टा गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले श्री गा.वि.स.का सचिव सहितका विभिन्न पदाधिकारीहरु अवलोकन भ्रमणमा जाँदा रु.६००००।- वस भाडा बापत विधाता ट्राभेललाई भाडा भुक्तानी गर्दा आयकर ऐन, अनुसार १०% कर कट्टि गर्नुपर्नेमा कर कट्टी नगरी भुक्तानी दिएबाट कर कट्टा गर्न छुट भएको रकम रु.६,०००।- असुल गर्नुपर्दछ ।

८. **मालपोत बक्यौता लगत** - मालपोत नियमावली, २०३६ को नियम ५ अनुसार मालपोत लगत सालवसाली तयारगर्ने र बक्यौता मालपोतको विवरण तयार गरी प्रमाणीत गरी अर्को आ.व. मा सोहि आधारमा बक्यौता मालोत असुल गर्नुपर्नेमा सो भए गरेको पाइएन ।

९. **पेश्की फर्छ्यौट नभएको -** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा

गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको विभिन्न व्यक्तिको नामका पेश्की बाकी रकम रु.१,०४,५००।- फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

**कोशी गाउँ विकास समिति तर्फ**

१०. **आयकर रकम कट्टा नगरेको** - आयकर ऐन, २०५८ को दफा ८९(१) अनुसार रु.५० हजारभन्दा बढीको ठेक्का वा करार बापत रकम भुक्तानी दिंदा भुक्तानी रकमको १.५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न निर्माण सामग्री तथा कार्यालय मालसामान खरीद गरी भुक्तानी लेखेकोमा कर कट्टा नगरी भुक्तानी गरेको देखिंदा कर रकम रु.१३,७०५।- रकम असुल हुनुपर्दछ ।

११. **पेश्की बाकी :** स्थानीय निकाय आर्थिक प्रशासन निकायको आय व्यय लागत त्यस्तो निकायको मातहातका कार्यालयको लेखा अद्यावधिक गरी आन्तरिक लेखापरीक्षण गराई आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजू अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि प्रमाण पेश गरी नियमित गराई सम्बन्धित लेखासँग संलग्न गरी लेखा अद्यावधिक गराई राख्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औल्याएको पेश्की बाँकी बेरुजू हालसम्म पनि असुल फछ्र्यौट गरेको देखिएन ।

१२. **मालपोत लगत :** मालपोत नियमावली, २०३६ को नियम ५ मालपोत लगत सालवसाली तयार गर्ने र बक्यौता मालपोतको विवरण तयार गरी प्रमाणीत गरी अर्को आ.व. मा सोही आधारमा बक्यौता मालपोत असुल गर्नुपर्नेमा सो भए गरेको पाइएन ।

**हरिपुर गाउँविकास समिति तर्फ**

१३. **अग्रिमकर** : आयकर ऐन, २०५८ को दफा ८९ अनुसार ५० हजारभन्दा बढीको भुक्तानी दिदा भुक्तानी रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था भएकोमा विभिन्न मितिमा भुक्तानी भएको बिल रकम रु.३५४४५०।- १.५% ले रु.५३१६।७५ कर कट्टा गर्नु पर्नेमा कर कट्टा नगरेवाट रकम असुल हुनुपर्दछ ।

१४. **सिधै खरीद गरेको** : सार्वजनिक खरीद ऐन, २०६३ अनुसार प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरीद गर्न नहुने उल्लेख छ । कार्यालयले मिति २०७४।२।३१ मा कोशी पिडित सामुदायिक सस्थाले विकास फर्निचर इनरुवा १ बाट ४० थान डेक्स वेञ्च प्रतिसेट रु.५,०००।- का दरले पटक पटक (१० पटक) खरिद गरी रु.२,००,०००।- भुक्तानी गरेको छ । यसरी ऐनमा भएको व्यवस्था अनुसार सामान खरीद गर्दा लागत अनुमान तयार गरी कोटेशनको माध्यमबाट सामान खरीद गर्नुपर्नेमा ऐन नियमको पालना नगरी लागत अनुमान तयार नगरी सिधै खरीद कार्य गरेको छ । यस्तो कार्यलाई स्वस्थ आर्थिक कारोबार भयो भनी मान्न सकिने अवस्था नरहेबाट उक्त खर्च लेखेको रु.२,००,०००।- नियमित मान्न सकिएन ।

**१५.** **विद्युत महसुलमा थप महसुल भुक्तानी** : कार्यालयले खर्च लेख्दा मितव्ययी तरिकाले खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले नेपाल विद्युत प्राधिकरणलाई ६५,४४०।- महसुल भुक्तानी गर्दा थप महसुल वापत रु.२१,४४४।- भुक्तानी गरेको छ । यसरी समयमै महसुल बुझाई ३ प्रतिशत रिवेट समेत लिनुपर्नेमा अनावश्यक रुपमा थप महसुल भुक्तानी गरेको रकम रु.२१,४४४। - नियमित देखिएन ।

**१६.** **बिल भरपाई बेगर खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम

९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले मिति २०७३।४।१८ मा नागरिक सचेतना केन्द्र हरिपुर ३ लाई रु.१,०२,९३८।- पूँजीगत अनुदान च.हि.नं.३४ ग बाट खर्च गरेकोमा उक्त खर्चका बिल भर्पाइ पेश भएको छैन । यसरी नियमावलीमा भएको व्यवस्था अनुसारको खर्च रकमको आवश्यक कागजात नभएको रकम रु.१,०२,९३८।- प्रमाण संलग्न हुनुपर्दछ ।

१७. **जिन्सी दाखिला प्रमाण बेगर खर्च** : आर्थिक कार्यविधी, २०६४ को नियम ४७(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा खरिद गरी प्राप्त हुन आएको जिन्सी सामानको विवरण र मूल्य खुलाइ ७ दिनभित्र जिन्सी कितावमा आम्दानी बाँधी स्रेस्ता खडागरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले मिति २०७३।५।३० मा गोरव एण्ड ब्रदर्शबाट रु.२ १७,८१३।- भुक्तानी गरेको मोडेल एस.जेड.आर. चेसिस सि.३८९ ईओ ३२९०७ कलर सेतो बाउन को.२५ प.७६४० (Model SZR chesis s.389Eo 32907 Colour White bwue Ko.25 PA 7640) को मोटर साइकल खरिद गरेको सेट कभर हेल्मेट लेगार्ड खरिद गरेको रु.३,१००।- को सामान समेत भएकोमा जिन्सी दाखिला भएको प्रमाण लेखापरीक्षणका समयमा पेश हुन आएन । यसरी नियमावलीमा भएको व्यवस्था अनुसार खर्च रकमको जिन्सी दाखिला प्रमाण पेश हुनुपर्दछ ।

१८. **जिन्सी दाखिला प्रमाण बेगर खर्च** : आर्थिक कार्यविधी, २०६४ को नियम ४७(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा खरिद गरी प्राप्त हुन आएको जिन्सी सामानको विवरण र मूल्य खुलाइ ७ दिनभित्र जिन्सी कितावमा आम्दानी बाँधी स्रेस्ता खडागरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ ।

कार्यालयले मिति २०७३।६।७ मा शसस्त्र प्रहरी बोर्डर आउट पोष्टलाई रु.२२,०००।- का फर्निचरका सामानहरु खरिद गरी दिएको (कुर्शी थान ४ कालो टि.टेवल १ गोल टेवल १ समेत दिएको देखियो । सो सामान प्रहरी कार्यालयमा दाखिला भएको प्रमाण पनि संलग्न नभएको र गा.वि.स.मा दाखिला गरी हस्तान्तरण फाराम समेत भरी हस्तान्तरण समेत भएको देखिएन ।

१९. **सोझै खरीद गरेको** : मिति २०७३।१०।१८ मा लक्षित वर्ग कार्यक्रम अर्न्तगत जेष्ठ नागरिक कार्यक्रम बापत धिरेन्द्र पाठकले रु.१,२५,०००।- विभिन्न कम्बल सहितका सामान वितरण गरेकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उप-नियम ४ अनुसार रु.१,००,०००।- रुपैयाँभन्दा माथिका सामान सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेको कम्तिमा ३ बटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र लिई खरिद गर्नु पर्नेमा सो नगरी वजारवाट सोझै खरीद कार्य गरी खर्च लेखेको छ ।

२०. **परिषद्ले छुटयाएको रकम भन्दा बढी खर्च गरेको** : कार्यालयले परिषद्बाट विनियोजित गरेको बजेटको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मिति २०७३।१०।१८ मा टयूववेल बापत कोशी पिडित सामूदायिक संस्थालाई रु.५४,०००।- दिएकोमा गाउँ परिषद्ले उक्त कार्यक्रमको लागि रु.५० हजारमात्र बजेट विनियोजन गरेको देखिंदा सो विनियोजित बजेटको परिधिभित्र रही खर्च गर्नुपर्नेमा रु.५४,०००।- खर्च गरेबाट विनियोजित बजेटभन्दा रु.४,०००।- बढी खर्च गरेको छ । यसरी परिषद्ले छुटयाएको रकमभन्दा बढी खर्च गरेको रकम रु.४,०००।- नियमित देखिएन ।

२१. **ग्यास सिलिण्डर भाडा खर्च** : आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ३६(८) मा कुने रकमको भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले रमानन्द पंडितबाट मैनवत्ती तालिमका लागि ५ गोटा सिलिण्डर रु.३,०००।- का दरले भाडामा लिई रु.१५,०००।- भुक्तानी गरेको देखियो । स्थानीय बजारमा खाली सिलिण्डर ग्याँस भरेर नै उल्लेखित कार्यक्रम सञ्चालन गर्न सकिनेमा अनावश्यक रुपमा भाडा लिएको देखाई खर्च गरेको रकम नियमित देखिएन ।

२२. **आर्थिक सहायता खर्च** : स्थानिय निकाय स्रोत परिचालन, २०६९ अनुसार आर्थिक सहायता, चन्दा, पुरस्कार खर्च लेख्न मिल्ने देखिदैन । कार्यालयले २ वटा संस्थालाई आर्थिक सहायता दिएको भनी रु.१५,०००।- खर्च लेखेको छ । यसरी निर्देशिका विपरीत आर्थिक सहायता खर्च लेखेको रकम रु.१५,०००।- नियमित देखिएन ।

२३. **गतविगत वर्षको पेश्की बाँकी** : गत विगत वर्षको विभिन्न व्यक्तिको नाममा पेश्की बाँकी रकम रु.९,९६,५७४।- भएकोमा यस वर्ष रु.२,३३,०७४। फछ्र्यौट भई हालसम्म रु.७,६३,५००।- पेश्की बाँकी देखिएको छ । यसरी जुन कामको लागि पेश्की लिएको हो सो काम समयमै सम्पन्न गरी लिएको पेश्की फछ्र्यौट गरी लेखा अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

२४. **पेश्की फर्छ्यौट नभएको :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले चालु आर्थिक वर्षको पेश्की बाँकी रकम रु.५,८१,५००।- फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

**पश्चिम कुसाहा गाउ विकास समिति तर्फ**

२५. **घटी आयकर कट्टा गरेको** : आयकर ऐन २०५८ अनुसार भत्ता रकममा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले पारीश्रमिक भुक्तानी गर्दा सो भन्दा घटी कर कट्टा गरी भुक्तानी गरेवाट गा.वि.सचिव श्याम किशोर मण्डललाई अध्यक्ष भत्ता रु.१,२१५।- र ना.प्र.स. श्री दिपनारायण मेहतालाई खोप लगाए वापत रु.६७५०।-र खरिदार वावुराम पोखरेललाइ मालपोत लगत सारेको वापत भुक्तानी गर्दा रु.५६००।- घटी कर कट्टा गरेको रकम रु.१३,५६५।- असुल हुनुपर्दछ ।

२६. **घटी मौज्दात जिम्मेवारी सारेको** : साविक पश्चीम कुशाहा गा.वि.स.को बैंक मौज्दात गाउँपालिका कोशीमा ट्रान्सफर गर्दा रु.२,६७,५४६।- गरेको र गा.वि.स.ले मौज्दात वार्डको खातामा ट्रान्सफर गर्दा रु.२,६२,०४०।०९ मात्र ट्रान्सफर गरी घटी ट्रान्सफर भएको फरक परेको रु.५,५०६।- घटी जिम्मेवारी सार्ने पदाधिकारीबाट असुल हुनुपर्दछ ।

२७. **आयकर कट्टा नगरेको** : आयकर ऐन २०५८ अनुसार भत्ता रकममा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले मिति २०७४।३।२२ मा लाल सरि उराँवलाई पारिश्रमिक वापत रु.३०००।- भुक्तानी दिँदा आयकर ऐन, २०५८ अनुसार १५% पारिश्रमिक कर रु.४५०।- कट्टी गर्नुपर्नेमा कर कट्टा नगरी भुक्तानी गरेको छ । यसरी आयकर ऐन अनुसार कर कट्टा गर्नुपर्ने रकम रु.४५०। असुल हुनुपर्दछ ।

२८. **सामाजिक सुरक्षा कर कट्टा नगरेको** : आयकर ऐन २०५८ अनुसार पारीश्रमिक भुक्तानी गर्दा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टा गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले मिति २०७४।३।३१ मा मु.श्याम कुमार सदालाई आषाढले त.भ. भुक्तानी रु.२३,४३०।- गर्दा १% सा.सु.कर कट्टी गरी भुक्तानी दिनुपर्नेमा उक्त कर नकटाई भुक्तानी भएबाट उक्त रकम रु.२३४।३० असुल हुनुपर्दछ ।

२९. **सेवा शुल्क कर कट्टा नगरेको** : आयकर ऐन, २०५८ अनुसार सेवा शुल्कको भुक्तानीमा १५ प्रतिशत आयकर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले साविक पश्चिम कुशाहा गा.वि.स.को लेखापरीक्षण शुल्क बापत ले.प.श्री शुशिल कुमार पोखरेललाई ले.प.शुल्क रु.३०,०००।- भुक्तानी दिँदा आयकर ऐन, २०५८ अनुसार १५% कर कट्टी गरी भुक्तानी दिनुपर्नेमा पारिश्रमिक कर कट्टी नगरी भुक्तानी गरेबाट आयकर कट्टा गर्न छुट भएको रु.४,५००।- असुल हुनुपर्दछ ।

३०. **आयकर कट्टा नगरेको** : आयकर ऐन, २०५८ को दफा ८९(१) अनुसार रु.५० हजारभन्दा बढीको भुक्तानीमा भुक्तानी रकमको १.५ प्रतिशत रकम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यलयले रानु अटो सेन्टरबाट पल्सर मोटर साइकल कर योग्य रकम रु.२,०७,८७६।११ को आय कर ऐन, २०५८ अनुसार १.५% कर कट्टी गरी भुक्तानी दिनुपर्नेमा कर कट्टी नगरेकोले कर रकम कट्टी गर्न छुट भएको रकम रु.३,११८।१४ असुल हुनुपर्दछ ।

३१. **जिन्सी दाखिला नगरेको** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले मोटरसाईकलको लेगार्ड लगायतका सामान खरिद गरी रु.१६,६००। खर्च लेखेकोमा सोको जिन्सी दाखिला गरेको देखिएन ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.१० लाख ६४ हजार बेरुजू रहेको मध्ये असुल गर्नुपर्ने रु.५३ हजार, नियमित गर्नुपर्ने रु.२ लाख २५ हजार र पेश्की रु.७ लाख ८६ हजार रहेको छ ।

# गढी गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.२४ लाख ८३ हजार र यो वर्ष आय रु.७ करोड २८ लाख ७ हजार समेत रु.७ करोड ५२ लाख ९० हजार आम्दानी भएकोमा रु.६ करोड ९४ लाख २३ हजार खर्च भई रु.५८ लाख ६७ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **वार्षिक खरिद योजना तयार नगरेको** - सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष रु.२९,४३,५१५।- को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाइएकोले नियमको पालना भएको देखिएन । खरिद कार्यमा पारदर्शीता र समयबद्धताका लागि खरिद योजना आबशयक पर्ने भएकोले नियममा भएको व्यबस्था पालना हुनुपर्दछ ।

२. **मालसामानको लागत अनुमान तयार नगरेको** : सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३. **बेरुजू अभिलेख र फछ्र्यौट** : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । गाउँ बिकास समिति, गाउंपालिका, नगरपालिकामा बेरुजू अभिलेख, पेश्की बाँकीको विवरण तथा सोको फछ्र्यौटको अभिलेख रहेको पाइएन ।

४. **कारोबारको लेखा** : आर्थिक कार्यविधि ऐन, २०५५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार प्रचलित कानूनबमोजिम प्राप्त हुन आएको आम्दानी रकमको लेखा दोहोरो लेखाङ्कन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक तिन गाउँ विकास समिति तथा वर्तमान गाउँपालिकाले समेत प्राप्त हुन आएको स्रेस्ताको दोहोरो लेखा प्रणालीमा लेखाङ्कन गरेको देखिएन । अत: गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

५. **बिल भरपाई भन्दा वढि खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ४६ (३) मा बजेट खर्च लेख्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले २०७४।२।३० मा तलव भत्ता र कार्यालय सम्बन्धी खर्चको विलभर्पाई रु.८९,७८७- पेश भएकोमा बजेट खर्च रु.९५,२६३।- लेखेको देखियो । विल भर्पाइभन्दा बढी बजेट खर्च रु.५,४७६।- असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

६. **बढी भुक्तानी** : सार्वननिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल वीजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाडीस्ट्याण्ड भवन निर्माणको अन्तिम मूल्याङ्कन भ्याट सहित रु.२,९२,५७६।- भएकोमा कार्यालयले न्यू सप्तकोशी निर्माण सेवालाई रु.३,१३,९९१।- भुक्तानी गरेको छ । अन्तिम मूल्याङ्कनभन्दा बढी भुक्तानी रु.२१,४१४।- असुल हुनुपर्दछ ।

**मधेली गाउँविकास समिति तर्फ**

७. **स्रोतमा कर नकाटेको** : आयकर ऐन, २०५८ भत्ता रकममा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले विभिन्न ४ जना कर्मचारीलाई पारिश्रमिक एवं प्रोत्साहन भत्ता भुक्तानी गर्दा आयकर कट्टा गरेको छैन । आयकर ऐन, बमोजिम १५% का दरले रु.६५०८।- कर कट्टा गरी भुक्तानी गर्नु पर्नेमा कर कट्टा नगरी भुक्तानी गरे मा उक्त कर वापतको रकम रु. ६५०८।- असुल गर्नु पर्दछ ।

८. **बितरण अभिलेख बेगर खर्च** : मिति २०७४।३।२५ मा १० थान हातेकल (ट्यूववेल) वितरण गर्दा उक्त ट्यूववेल क-कसलाई वितरण गरेको हो सोको कागजात लेखापरीक्षणको क्रममा पेश हुन आएन ।यसरी वितरण गर्न भनी खरीद भएका सामान वितरण गरी वितरण लगत अद्यावधिक गर्नु पर्ने देखिन्छ ।

९. **पेश्की फर्छ्यौट नभएको :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा

गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको १३ विभिन्न व्यक्तिको नामका पेश्की बाकी रकम रु. २,७७,३७२।- फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

१०. **टुक्रा-टुक्रा पारी खरीद गरेको** : सार्वजनिक खरीद ऐन, २०६३ बमोजिम कार्यालयलाई आवश्यक भएको सामान खरीद गर्दा बार्षिक खरीद कार्यक्रम तर्जुमा गरी खरीद गर्नुपर्नेमा आवश्यकतानुसार टुक्राटुक्रा पारी खरीद गरेको छ ।

११. **कर कट्टी रकम बैक दाखिला** : आयकर ऐन, २०५८ को दफा ९०(१) अनुसार कट्टा गरिएको रकम प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र दाखिाला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आयकर ऐनमा भएको व्यवस्था अनुसार तोकिएको समयमा कर कट्टी रकम बैक दाखिला नगरी वर्षका अन्तमा मात्र आयकर दाखिला गर्ने गरिएबाट ऐनमा भएको व्यवस्थाको पालना गरेको पाइएन ।

**छिटाहा गाउ विकास समिति तर्फ**

१२. **घटी आयकर कट्टा :** आयकर ऐन २०५८ अनुसार भत्ता रकम भुक्तानीमा १५ प्रतिशत कर कटाउनु पर्ने व्यवस्था छ । कार्यालयले मिति २०७३।८।५ मा शत्रुधन श्रेष्ठलाई लेखा भत्ता बापत रु.१४,०००।- भुक्तानी गर्दा १५% का दरले कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा १% का दरले मात्र कर कट्टी गरेकोले फरक रकम रु.१,९६०।- असुल गर्नु पर्दछ ।

१३. **स्रोतमा कर कट्टी नगरेको** : आयकर ऐन २०५८ को दफा ८९ अनुसार भुक्तानीमा १.५ प्रतिशत कर कट्टा गर्नु पर्ने व्यव्सथा छ ।कार्यालयले विभिन्न रकमको भुक्तानी गर्दा १.५% का दरले कर योग्य रकममा अग्रिम कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा सो नगरेकोले उक्त कर रकम रु.१३५०।- कर असुल हुनुपर्दछ ।

१४. **पेश्की फर्छ्यौट नभएको -** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले ४ विभिन्न व्यक्तिको नामका पेश्की बाकी रकम रु.४,१९,८००।- फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

१५. **टुक्रा-टुक्रा पारी खरीद गरेका** : सार्वजनिक खरीद ऐन, २०६३ बमोजिम कार्यालयलाई आवश्यक भएको जिन्सी सामानको वार्षिक खरीद कार्यक्रम तर्जुमा गरी खरिद गर्नुपर्नेमा कार्यालयले पटक पटक मालसामान खरीद गरेको छ ।

१६. **कर कट्टी रकम बैक दाखिला** : आयकर ऐन, २०५८ को दफा ९०(१) अनुसार कट्टा गरिएको रकम प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आयकर ऐनमा भएको व्यवस्था अनुसार तोकिएको समयमा कर कट्टी रकम बैक दाखिला नगरी वर्षका अन्तमा मात्र आयकर दाखिला गर्ने गरिएबाट ऐनमा भएको व्यवस्थाको पालना गरेको पाइएन ।

**सतेरझोरा गाउ विकास समिति तर्फ**

१७. **स्रोतमा कर नकाटेको** : आयकर ऐन, २०५८ अनुसार भुक्तानी गर्दाको बखत स्रोतबाट १.५ प्रतिशत कर कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा १५ मिति २०७३।९।२० मा रु.२०,९९९। को खरीदमा कर नकटाई भुक्तानी गरेमा कर रकम रु.३१५। असुल हुनु पर्दछ ।

१८. **आवश्यक कागजात बेगर खर्च** : मिति ०७४।२।१ मा गढी गाँउपालिका-५, सिंगिया मडान टोलमा रकम रु.५०,०००।- को सार्वजनिक निर्माण काम गराउँदा सोको लागत अनुमान र अन्तिम प्राविधिक मूल्याङ्कन गरेको कागजात लेखापरीक्षणको क्रममा पेश हुन नआएबाट खर्च गरेको रकम ठिक छ भनी मूल्याङ्कन गर्न सकिएन ।

१९. **आवश्यक कागजात बेगर खर्च** : मिति २०७४।३।११ मा रु.२,००,०००।- को सार्वजनिक निर्माण कार्य गराउँदा खर्च रु.२,००,०००।- को अन्तिम मूल्याङ्कन प्रतिवेदन लेखापरीक्षणको क्रममा पेश हुन नआएबाट खर्च गरेको रकम ठिक छ भनी मूल्याङ्कन गर्न सकिएन ।

२०. **पेश्की फर्छ्यौट नभएको :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले ६ विभिन्न व्यक्तिको नामका पेश्की बाकी रकम रु. २,७८,०५६।- फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

२१. **टुक्रा टुक्रापारी खरीद गरेको** : सार्वजनिक खरीद ऐन, २०६३ बमोजिम कार्यालयलाई आवश्यक भएको सामानको बार्षिक खरीद कार्यक्रम तर्जुमा गरी खरिद गर्नुपर्नेमा कार्यालयले पटक पटक खरीद गरेको छ ।

२२. **कर कट्टी रकम बैक दाखिला** : आयकर ऐन, २०५८ को दफा ९०(१) अनुसार कट्टा गरिएको रकम

प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आयकर ऐनमा भएको व्यवस्था अनुसार तोकिएको समयमा कर कट्टी रकम बैक दाखिला नगरी वर्षका अन्तमा मात्र आयकर दाखिला गर्ने गरिएबाट ऐनमा भएको व्यवस्थाको पालना गरेको पाइएन ।

**औरावनी गाउँ विकास समिति तर्फ**

२३. **घटी आयकर कट्टा गरेको** : आयकर ऐन, २०५८ को दफा ८८ अनुसार जुनसुकै भत्तामा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मिति २०७३।५।१ मा श्रावण महिनाको तलब भत्ता समेत रु.१,०२,६७२।४० भुक्तानीमा अन्दु चौधरी लगायत निम्न ४ जनाको मासिक भत्ता भुक्तानीमा १४ प्रतिशत मात्र अग्रिम कर कट्टी गरेकोले ४ जनाको नपुग १ प्रतिशत रु.६३०।- असुल गर्नुपर्दछ ।

२४. **आयकर कट्टा नगरेको** : आयकर ऐन, २०५८ को दफा ८८(१) अनुसार सेवा शुल्कको भुक्तानीमा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मिति २०७३।१०।१७ मा जि.एस.श्रेष्ठ एण्ड एशोसिएट्सको पान नं.३०१०३१२५५ बिलबाट गत आर्थिक वर्ष २०७२।७३ को लेखापरीक्षण शुल्क रु.३०,०००।- भुक्तानी गर्दा आयकर कट्टा गरेको छैन । यसरी आयकर ऐन अनुसार कट्टा गर्नुपर्ने आयकर रकम कट्टा नगरी भुक्तानी गरेमा उक्त आयकर रकम रु.४५००।- असुल हुनुपर्दछ ।

२५. **आयकर कट्टा नगरेको** : आयकर ऐन, २०५८ अनुसार भत्ता रकममा १५ प्रतिशत आयकर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २०७३।११।१५ मा मिति २०७३।९।४ को गाउँ परिषद्को निर्णयले गा.वि.स.सचिव योगराज निरौलालाई मासिक भत्ता रु.५,०००।- दिने निर्णय भए अनुसार निजलाई रु.४०,०००।- भुक्तानी दिएकोमा १ प्रतिशतमात्र कर रु.४००।- कट्टा गरेको छ । यसरी आयकर ऐनमा भएको व्यवस्था अनुसार आयकर रु.६०००।- कट्टा गर्नुपर्नेमा रु.४००। मात्र कट्टा गरेबाट नपुग कर रकम छुट भएको रु.५,६००।- असुल हुनुपर्दछ ।

२६. **भाडा कर कट्टा नभएको** - आयकर ऐन, २०५८ अनुसार भाडा रकम भुक्तानीमा १० प्रतिशत भाडा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मिति २०७३।९।११ मा हटिया व्यवस्थापन गर्ने कार्यमा एक्साभेटर प्रयोग गरेबापत प्रतिघण्टा रु.२,५००।- ले ३ घण्टाको रु.७,५००।- भुक्तानी गरेकोमा भाडा कर कट्टा नगरी रकम भुक्तानी गरेको छ यसरी आयकर ऐनमा भएको व्यवस्था अनुसार भाडमा भाडाकर बापत भाडा भुक्तानीको १० प्रतिशतले लाग्ने कर रु.७५०।- कट्टा नगरी भुक्तानी गरेको रकम असुल हुनुपर्दछ ।

२७. **अमानतबाट निर्माण कार्य गरेको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८(१) मा अमानतबाट निर्माण कार्य गराउन एक तह माथिको अधिकारीको पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था छ । कार्यालयले मिति २०७४।३।९ मा रु.१०,०८,७३८।- को लागतमा गा.वि.स.भवन निर्माण कार्य अमानतबाट निर्माण कार्य गरी खर्च लेखेकोमा नियमावलीमा भएको व्यवस्था अनुसार एक तह माथिको अधिकारीबाट पूर्वस्वीकृति लिइको पाइएन । यसरी नियमावलीमा भएको व्यवस्थाको पालना नगरी रु.१०,०८,७३८।- खर्च लेखेको रकम नियमसम्मत् देखिएन ।

२८. **अभिलेख अद्यावधिक बेगर खर्च** : कार्यालयले यस वर्ष सामाजिक सुरक्षातर्फ (बाल संरक्षण समेत) रु.७८,६७,६००।- खर्च गरेको देखिन्छ । भुक्तानी पाउने व्यक्तिको भरपाईका आधारमा चौमासिक रुपमा भुक्तानी भएको रकमका सम्बन्धमा लाभग्राहीको फोटो सहितको अभिलेख अद्यावधिक गरेको विवरण र व्यवस्थापकीय सूचना प्रणाली MIS मा वितरित संख्या समावेश गरी वास्तविक लाभग्राहीले वितरित सुविधा प्राप्त गरेको अभिलेख अद्यावधिक गरी राख्नुपर्ने देखिन्छ ।

२९. **नापी किताव अद्यावधिक बेगर खर्च** : कार्यालयले यस वर्ष पूँजीगत खर्चतर्फको भुक्तानी गरी विभिन्न विकास निर्माणको कार्य सम्पन्न गरी भुक्तानी भएको छ । लागत इष्टिमेटका आधारमा पूरा भएको कामको दर विश्लेषण तथा कामको मापन गर्ने नापी किताब अद्यावधिक गरी राख्नुपर्नेमा राखेको पाइएन ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.९ लाख ९६ हजार बेरुजू मध्ये असुल गर्नुपर्ने रु.४९ हजार, नियमित गर्नुपर्ने रु.२ लाख ५० हजार र पेश्की बाँकी रु.६ लाख ९७ हजार रहेको छ ।

# वर्जू गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.७ लाख ८१ हजार र यो वर्ष आय रु.५ करोड ११ लाख ९७ हजार समेत रु.५ करोड १९ लाख ७८ हजार आम्दानी भएकोमा रु.४ करोड ८३ लाख २६ हजार खर्च भई रु.३६ लाख ५२ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **वार्षिक खरिद योजना तयार नगरेको :** सार्वजनिक निकायले वार्षिक दस लाख रुपैंयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष रु. २४,५०,०००।-..को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन । खरिद कार्यमा पारदर्शितारसमयबद्धताका लागि खरिद योजना आबशयक पर्ने भएकोले नियममा भएको व्यबस्था पालना हुनुपर्दछ ।

२. **मालसामानको लागत अनुमान तयार नगरेको :** सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३. **बेरुजु अभिलेख र फछर्यौट:** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । गांउ बिकास समिति, गाउंपालिका, नगरपालिकामा बेरुजु अभिलेख, पेश्की बांकीको बिबरण तथा सो को फछर्यौट ्को अभिलेख रहेको पाईएन ।

४. **कारोबारको लेखा :** आर्थिक कार्यविधि ऐन, २०५५तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक तिन गाउँ विकास समिति तथा वर्तमान गाउँपालिकाले समेत प्राप्त हुन आएको स्रेस्ताको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

५. **सवारी साधन भाडा** : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको पत्रानुसार स्थानीय जनप्रतिनिधि नभएको अवस्थामा समेत सवारी साधन भाडामा लिई चुनावमा उपयोग गर्ने गरेकोले यस्तो सवारी साधन भाडामा लिन नपाउने मन्त्रालयको परीपत्र विपरीत कार्यालयले सवारी साधन भाडामा लिई रु..३,५४,८३८.।. खर्च गरेको देखियो । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

६. **नपाउने बैठक भत्ता खर्च लेखेको :** मिति २०७४।२।१७ मा अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका २०७३ अनुसार एउटै निकाय र अन्तर्गतका कर्मचारीहरुमात्र वसेर गरेको बैठकको बैठक भत्ताको खर्च लेख्न नमिल्नेमा कार्यालयका पदाधिकारीहरु लाई मात्र बसी विभिन्न विषयमा छलफल गरेको भनी बैठक वस्दाको बैठक भत्ता भनी निम्न रकम भुक्तानी गरेको रकम रु .१०,२००।-असुल गर्नु पर्दछ ।

७. **घटी आयकर कट्टी गरेको** : आयकर ऐन २०५८ अनुसार भत्ता रकममा १५ प्रतिशत आयकर कट्टा गर्नु पर्ने व्यवस्था छ । कार्यालयले २०७४।३।१९ मा भिलेज प्रोफाईल तयार गरेको भनी हेल्थ मिशन नेपाल संग मिति २०७४।१।२६मा सम्झौता गरी रु.३,००,०००।- खर्च लेखेको मध्ये २ जना कमचारीलाई यातायात खर्च भनी दैनिक रु.३५००।- का दरले १८ दिनको रु.६३,०००।- ले रु. १२६,०००।- खर्च लेखेको छ । आयकर ऐन अनुसार उक्त भुक्तानीको १५ प्रतिशतले रु.१८,९००।- कर कट्टा गर्नु पर्नेमा १.५ प्रतिशत का दरले रु.१८९०।- मात्र कर कट्टा गरेवाट नपुग कर रकम रु.१७,०१०।- असुल हुनु पर्दछ ।

। **घटी आयकर कट्टी गरेको** : आयकर ऐन २०५८ को दफा ८९(१) अनुसार रु.५० हजार भन्दा बढीको भुक्तानीमा १.५ प्रतिशत आयकर कट्टा गर्नु पर्ने व्यवस्था छ । कार्यालयले मिति २०७४।२।२६ मा पुरानो भवन रंगरोगन गरेको भनी ना.सु. अरुण कुमार रायको नाममा रहेको पेश्की रकम फछ्र्यौट गरेकोमा विभिन्न सामान खरीद गरी रु.१००,४००। खर्च लेखेकोमा आयकर ऐनमा भएको व्यवस्था अनुसार १.५ प्रतिशत कर रकम रु.१५०६। कर कट्टी नगरी भुक्तानी गरेवाट उक्त कर वापतको रकम असुल हुनु पर्दछ ।

**रामगंज बेलगछिया गाउँविकास समिति तर्फ**

८. **स्रोतमा कर कट्टी नगरेको** : आयकर ऐन २०५८ र नियमावली २०५९ मा व्यवस्था भए बमोजिम भुक्तानी गर्दाको बखत स्रोतमा कर कट्टी गरी भुक्तानी गर्नु पर्नेमा विभिन्न भौचर र मिति वाट विभिन्न मालसमान खरीदको भुक्तानीमा १.५% का दरले करकट्टी गरी भुक्तानी नगरेको हुदाँ भुक्तानी रकम रु.१३,१०,७८०।-को लाग्ने आयकर रकम रु.१९,६६१।- असुल हुनु पर्दछ ।

९. **जिन्सी दाखिला नगरेको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। कार्यालयले ३२ मिति २०७३।११।२५ वाट अफिस सामानहरु खरीद गरी रु. .१९,९६०। मा खर्च लेखेकोमा सो को जिन्सी दाखिला गरेको छैन ।

१०. **बील भरपाई वेगर खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ। कार्यालयले विभिन्न गो.भौ. नं र मिति रु. २२,८८०।- खर्च लेखेकोमा सो खर्च को प्रमाण कागजात संलग्न नगरी खर्च लेखेको छ । यसरी नियमावलीमा भएको व्यवस्था अनुसार खर्चको प्रमाण पेश हुन पर्ने अन्यथा उक्त रकम असुल हुनु पर्दछ ।

११. **क.स. कोष दाखिला :** कर्मचारीहरुको पारिश्रमिकबाट कट्टी गरिएको क.स.कोष वापतको रकम तलबमा भुक्तानी गर्दा कै अवस्थामा बैंक दाखिला गर्नु पर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दाखिला गर्ने गरेको छ ।

१२. **स्रोतमा कर कट्टी :** आयकर ऐन २०५८ र नियमावली २०५९ मा भएको व्यवस्था बमोजिम स्रोतबाट कट्टी गरिएको कर अर्को महिनाको २५ गते भित्र बैकमा दाखिला गर्नु पर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दाखिाला गर्ने गरेको छ । यसरी आयकर ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्रै कर रकम बैकमा दाखिला गर्नु पर्दछ ।

१३. **पेश्की फर्छौट नभएको :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको विभिन्न ३६ व्यक्तीको नाममा पेश्की बाकी रकम रु.९,१०,६५३।५३ फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

**अमडूवा गाउ विकास समिति तर्फ**

१४. **स्रोतमा कर कट्टी नगरेको :** निम्न भौचर नम्बरहरुबाट भएको भुक्तानीमा भुक्तानी गर्दा कै वखत स्रोतमा कर कट्टी गरी भुक्तानी गर्ने व्यवस्था आयकर ऐन २०५८ एवं नियमावली २०५९ मा भए पनि सो बमोजिम नगरेकोले सम्बन्धित फर्मवाट उक्त कर वापत लाग्ने रकम रु.५८७।- करअसुल हुनु पर्दछ ।

१५. **भरपाई वेगर खर्च -** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ। कार्यालयले निम्न गो.भौ. नं र मिति निम्न अनुसार खर्च लेखेकोमा सो खर्च को प्रमाण कागजात संलग्न नगरी रु.४४,०००।- खर्च लेखेको छ । यसरी नियमावलीमा भएको व्यवस्था अनुसार खर्चको प्रमाण पेश हुनुपर्दछ ।

१६. **क.सं.कोष दाखिला** - कर्मचारीहरुको पारिश्रमिकबाट पारिश्रमिक भुक्तानी गर्दाको बखत कट्टी गरिएको क.सं. कोष वापतको रकम भुक्तानी गर्दाकै बखत बैंक दाखिला गर्नु पर्नेमा बर्षान्तमा मात्र गर्ने गरेकोले कर्मचारिहरु क.सं.कोष वापत कट्टी भएको रकमबाट पाउने ब्याजबाट बन्चित हुन गएकोले पारिश्रमिक भुक्तानी गर्दा कै वखत उक्त रकम बैंक दाखिला गर्नुपर्ने ।

१७. **टुक्रा टुक्रा पारी खरिद गरेको** : सार्वजनिक खरिद ऐन २०६३ बमोजिम कार्यालयलाई आवश्यक भएको सामानको वार्षिक खरिद कार्यक्रम तर्जुमा गरि खरिद गर्नु पर्नेमा कार्यालयले पटक पटक सामान खरीद गरेको छ ।

१८. **पेश्की रकम असुल उपर फछ्र्यौट नभएको** : विगतवर्षहरु देखि विभिन्न २८ व्यक्ति/संस्थाहरुको नाममा रही आएको रकम रु.७४३,७२८।०१ बराबरको पश्की रकम असुल उपर फछ्र्यौट नभएकोले प्रचलित कानुन बमोजिम असुल पछ्र्यौट गरिनु पर्दछ ।

१९. **धरौटी हिसाव :** लेखापरिक्षण गर्दाको अवस्थासम्म धरौटी वापत प्राप्त भएको रकम मध्ये रकम रु.५,१९,८०१।- नगद मौज्दातको रुपमा गणेश प्रसाद चापागाई सँग रहेको आ.ले.प. प्रतिवेदनबाट देखिएको र उक्त रकम बैंक दाखिला भयो भएन लेखा परिक्षणको अवधी सम्म सो को विवरण पेश हुन नआएकोले सो बैंक दाखिला नभएको भए अविलम्व बैंक दाखिला गरी आम्दानी बाँड्नु पर्ने देखिन्छ ।

**अमाहीबेल्हा गाउँविकास समिति**

२०. **जिन्सी दाखिला नगरेको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले १५ मिति २०७३।८।२३ वाट अफिस सामानहरु खरीद गरी रु.२६,८९४। खर्च लेखेकोमा सो को जिन्सी दाखिला गरेको छैन ।

२१. **पेश्की फर्छौट नभएको :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको विभिन्न ३७ व्यक्ती तथा संघ संस्थाको नाममा पेश्की बाकी रकम रु.११,१५।४७४।८० फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की

फछ्र्यौट हुनुपर्दछ ।

२२. **स्रोतमा कर कट्टी :** आयकर ऐन २०५८ र नियमावली २०५९ मा भएको व्यवस्था बमोजिम स्रोतबाट कट्टी गरिएको कर अर्को महिनाको २५ गते भित्र बैकमा दाखिला गर्नु पर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दाखिाला गर्ने गरेको छ । यसरी आयकर ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्रै कर रकम बैकमा दाखिला गर्नु पर्दछ ।

२३. **क.स. कोष दाखिला :** कर्मचारीहरुको पारिश्रमिकबाट कट्टी गरिएको क.स.कोष वापतको रकम तलबमा भुक्तानी गर्दा कै अवस्थामा बैंक दाखिला गर्नु पर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दाखिला गर्ने गरेको छ ।

२४. **टुक्रा टुक्रा पारी खरिद गरेको :** सार्वजनिक खरिद ऐन २०६३ बमोजिम कार्यालयलाई आवश्यक भएको सामानको वार्षिक खरिद कार्यक्रम तर्जुमा गरि खरिद गर्नु पर्नेमा कार्यालयले पटक पटक मालसामान खरीद गरेको छ ।

**चिमडी गाउ विकास समिति तर्फ**

२५. **स्रोतमा कर कट्टी नगरेको** : आयकर ऐन २०५८ र नियमावली २०५९ मा व्यवस्था भए बमोजिम भुक्तानी गर्दाको बखत स्रोतमा कर कट्टी गरी भुक्तानी गर्नु पर्नेमा निम्न भौचरहरुबाट भएको भुक्तानीमा १.५% का दरले करकट्टी गरी भुक्तानी नगरेको हुदाँ भुक्तानी रकम रु.४,५१,३९७-को भुक्तानीको आयकर वापत लाग्ने कर रकम रु.६,७७१। -असुल हुनु पर्दछ ।

२६. **पेश्की फर्छ्यौट नभएको :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको विभिन्न ३ विभिन्न व्यक्तिको नामका पेश्की बाकी रकम रु.१,५७,०००। फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

२७. **स्रोतमा कर कट्टी :** आयकर ऐन २०५८ र नियमावली २०५९ मा भएको व्यवस्था बमोजिम स्रोतबाट कट्टी गरिएको कर अर्को महिनाको २५ गते भित्र बैकमा दाखिला गर्नु पर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दाखिाला गर्ने गरेको छ । यसरी आयकर ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्रै कर रकम बैकमा दाखिला गर्नु पर्दछ ।

२८. **क.स. कोष दाखिला :** कर्मचारीहरुको पारिश्रमिकबाट कट्टी गरिएको क.स.कोष वापतको रकम तलबमा भुक्तानी गर्दा कै अवस्थामा बैंक दाखिला गर्नु पर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दाखिला गर्ने गरेको छ ।

२९. **टुक्रा टुक्रा पारी खरिद गरेको :** सार्वजनिक खरिद ऐन २०६३ बमोजिम कार्यालयलाई आवश्यक भएको सामानको वार्षिक खरिद कार्यक्रम तर्जुमा गरि खरिद गर्नु पर्नेमा कार्यालयले पटक पटक मालसामान खरीद गरेको छ ।

३०. **धरौटी हिसाब :** विभिन्न ७ व्यक्तीको नाममा राखेको धरौटी रकम रु.२७,९९१। -आम्दानीमा बाँढ्नु पर्ने प्रकृतीको देखिएकोले सो लाई आम्दानी बाधी घरौटी खाता अद्यावधिक गर्नु पर्ने देखिन्छ ।

## बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.१० लाख ३० हजार बेरुजू रहेको मध्ये असुल गर्नुपर्ने रु.४० हजार नियमित गर्नुपर्ने रु.९ लाख ९० हजार रहेको छ ।

# भोक्राहा गाउपालिका
## लेखापरीक्षण प्रतिवदेन

गत वर्षको रु.१ लाख ८ हजार र यो वर्ष आय रु.५ करोड २२ लाख ६१ हजार समेत रु.५ करोड २३ लाख ६९ हजार आम्दानी भएकोमा रु.४ करोड ७० लाख ८१ हजार खर्च भई रु.५१ लाख ८८ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **वार्षिक खरिद योजना तयार नगरेको** : सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष रु.३२,००,०००।- को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाइएकोले नियमको पालना भएको देखिएन । खरिद कार्यमा पारदर्शीता र समयबद्धताका लागि खरिद योजना आबशयक पर्ने भएकोले नियममा भएको व्यबस्था पालना हुनुपर्दछ ।

२. **मालसामानको लागत अनुमान तयार नगरेको** : सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३. **बेरुजू अभिलेख र फछ्र्यौट** : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । गांउ बिकास समिति, गाउंपालिका, नगरपालिकामा बेरुजु अभिलेख, पेश्की बांकीको बिबरण तथा सो को फछ्र्यौट ्को अभिलेख रहेको पाईएन ।

४. **कारोबारको लेखा** : आर्थिक कार्यविधि ऐन, २०५५तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक तिन गाउँ विकास समिति तथा वर्तमान गाउँपालिकाले समेत प्राप्त हुन आएको स्रेस्ताको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

**भोक्राहागा. गा.वि.स.तर्फ**

५. **घटी मौज्दात जिम्मेवारी सारेको** : गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.१,३७,१६४।५९ मौज्दात रहेको र सोही रकम यस आर्थिक वर्षमा जिम्मेवारी सार्नु पर्नेमा कार्यालयले रु १,०७,६७४।६१ मात्र जिम्मेवारी सारेवाट घटी जिम्मेवारी सारको रकम रु.२९,४८९।९८ सम्वन्धित पदाधिकारीवाट असुल गर्नुपर्दछ ।

६. **आयकर रकम कट्टा नगरेको** : आयकर ऐन २०५८ को दफा ८९(१) अनुसार भुक्तानीको कूल रकममा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न सामान खरीद गर्दाको भुक्तानी खर्च लेखेकोमा आयकर ऐन अनुसार कर कट्टा गरेको छैन । यसरी आयकर ऐनमा भएको व्यवस्था अनुसार कट्टा गर्नुपर्ने आयकर रकम कट्टा नगरी भुक्तानी भएबाट कट्टा गर्न छुट भएको आयकर रकम रु.९,२२४।८० असुल हुनुपर्दछ ।

७. **विल भरपाई बेगर खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विलभरपाइ सहित लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयले ५० बाट विकास कुमार रजकलाई भ्रमण खर्च बापत रु.२५,०००।- भुक्तानीगर्दा भ्रमण आदेश, भ्रमण भताको बिलका साथै हवाई जहाजको टिकट बेगर भुक्तानी गरेको छ । यसरी नियमावलीमा भएको व्यवस्था अनुसार खर्चको विल भरपाई बेगर खर्च लेखेको रकम रु.२५,०००।- असुल गर्नुपर्ने देखिन्छ ।

८. **अन्तिम मूल्याङ्कन बेगर खर्च** : निर्माण कार्यको खर्च लेख्दा सो कार्यको नापजाँच गरी प्राविधिक विल तथा अन्तिम मूल्याङ्कन समेत हुनुपर्दछ । कार्यालयले विभिन्न भौ.नं. र मितिबाट विभिन्न निर्माण कार्य गरेको भनी रु. १,२८,०००। खर्च लेखकोमा सोको प्राविधिक मूल्याङ्कन तथा अन्तिम मूल्याङ्कन गरेका प्रतिवेदन पेश गरेको छैन । यसरी निर्माण कार्यको प्राविधिक मूल्याङ्कन तथा अन्तिम मूल्याङ्कन को आवश्क प्रमाण पेश हुनु पर्दछ ।

९. **कर कट्टी रकम बैक दाखिला** : आयकर ऐन, २०५८ को दफा ९०(१) अनुसार कट्टा गरिएको रकम प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र दाखिाला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आयकर ऐनमा भएको

व्यवस्था अनुसार तोकिएको समयमा कर कट्टी रकम बैक दाखिला नगरी वर्षका अन्तमा मात्र आयकर दाखिला गर्ने गरिएबाट ऐनमा भएको व्यवस्थाको पालना गरेको पाइएन ।

**नरसिँहगा गाउ विकास समिति**

१०. **घटी मौज्दात जिम्मेवारी सारेको** : गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.९८,५११।६५ मौज्दात रहेको र सोही रकम यस आर्थिक वर्षमा जिम्मेवारी सार्नु पर्नेमा कार्यालयले रु.६६७- मात्र जिम्मेवारी सारेवाट घटी जिम्मेवारी सारको रकम रु.९७,८४४।६५ सम्वन्धित पदाधिकारीबाट असुल गर्नुपर्दछ ।

११. **आयकर रकम कट्टा नगरेको** : आयकर ऐन, २०५८ को दफा ८९(१) अनुसार भुक्तानीको कूल रकममा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न भौ.नं. र मितिबाट विभिन्न सामान खरीद गर्दाको भुक्तानी खर्च लेखेकोमा आयकर ऐन अनुसार कर कट्टा गरेको छैन । यसरी आयकर ऐनमा भएको व्यवस्था अनुसार कट्टा गर्नुपर्ने आयकर रकम कट्टा नगरी भुक्तानी भएवाट कट्टा गर्न छुट भएको आयकर रकम रु.१,३८८।४९ असुल हुनुपर्दछ ।

१२. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । उक्त पेश्की नियम १९० अनुसार आवश्यक कारबाही गरी असुल फछ्र्यौट गर्नुपर्दछ । यो वर्ष विभिन्न कामको लागि ११ विभिन्न व्यक्तिलाई दिएको पेश्की रु.७,२२,३४०।- २०७४ आषाढ मसान्तसम्म फछ्र्यौट गरेको नदेखिँदा वडा खातामा रहेको रकम गाउँपालिकामा फिर्ता गर्नुपर्ने र व्यक्ति वा संस्थालाई दिएको पेश्की नियमावलीको व्यवस्था अनुसार आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

१३. **कर कट्टी रकम बैक दाखिला** - आयकर ऐन, २०५८ को दफा ९०(१) अनुसार कट्टा गरिएको रकम प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र दाखिाला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आयकर ऐनमा भएको व्यवस्था अनुसार तोकिएको समयमा कर कट्टी रकम बैक दाखिला नगरी वर्षका अन्तमा मात्र आयकर दाखिला गर्ने गरिएबाट ऐनमा भएको व्यवस्थाको पालना गरेको पाइएन ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.१० लाख १३ हजार बेरुजू रहेको मध्ये असुल गर्नुपर्ने रु.१ लाख ६३ हजार, नियमित गर्नुपर्ने रु.१ लाख २८ हजार र पेश्की रु.७ लाख २२ हजार रहेको छ ।

# हरिनगरा गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.२० लाख ४ हजार र यो वर्ष आय रु.७ करोड ९४ लाख २१ हजार समेत रु. ८ करोड १४ लाख २५ हजार आम्दानी भएकोमा रु.६ करोड ६८ लाख ८० हजार खर्च भई रु.१ करोड ४५ लाख ४५ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **लेखापरीक्षण :** स्थानिय निकाय आर्थिक प्रशासन सम्वन्धि नियामावली २०६४ अनुसार स्थानिय निकायले आन्तरिक लेखापरिक्षण गराई अन्तिम लेखापरिक्षण गराउने र सोको प्रतिवेदन उपर कार्वाहि समेत गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आर्थिक बिवरणबाट संघीय पूर्वाधार विकास कार्यक्रम वापत रु. १,००,००,०००/- प्राप्त भएकोमा रु.३५,३६,४५४/- खर्च भएको छ । जिल्ला समन्वय समिति मार्फत निकासा प्राप्त हुने अन्य रकमको एकमुष्ट आय व्यय पेश गरेकाले आम्दानी तथा खर्च बर्गीकरण गरी आय व्यय पेश हुन आएन । गाउँपालिकाबाट वडाहरुमा देहाय अनुसाररु. ३,९८,६९,४५१/- निकासा गएको देखिन्छ । यसैगरी गाउँपालिकाको आन्तरिक आय समेत खुलेको देखिएन । साविका गाउँ विकास समितिहरुको आन्तरिक आय पनि मुलखातामा देखाएको छैन । साथै साविक गाविसहरुले आफै आम्दानी गरी वडा कार्यालय खातामा जम्मा गरी खर्च गरेको देखियो । गाविसहरुले गरेको आम्दानी आय व्यय विवरणमा समावेश गरेको छैन ।

२. **बैक मौज्दात :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको कार्यालयले आफ्नो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले यस आर्थिक वर्षको अन्त्यसम्ममा स्रेस्ता र बैंक अनुसार मूल कोष खातामा रु.१,४५,४४,७५३/ देखिएको छ ।

३. **योजना छनौट र कार्यान्वयन:** स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ बमोजिम स्थानीय निकायले संचालन गर्ने योजना छनौट तथा कार्यान्वयनमा समाबेशी, पारदर्शिता र गाउँ परिषदबाट पारित हुनु पर्नेमा योजना छनौट तथा कार्यान्वयन सम्बन्धमा प्रगती प्रतिवेदन पेश नभएकाले परिषदबाट पारित नभएका योजना संचालन गरेको विश्लेषण गर्न सकिएन । सम्पन्न योजना उपभोक्ता समितिमा हस्तान्तरण भएको देखिएन ।

४. **जिन्सी र सम्पत्ति संरक्षण र हस्तान्तरण :** साविकका कुनै पनि गाँउ विकास समितिहरुले सम्पत्तिको अभिलेख व्यवस्थित गरेर गाँउपालिकामा जिन्सी हस्तान्तरण गरेको देखिएन । साविक सबै गाउँपालिकाहरुमा रहेको जिन्सी र सम्पत्तिको अभिलेख व्यवस्थित गरी गाँउपालिकामा हरुतान्तरण गर्नु पर्दछ ।

५. **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम जिन्सी, लेखा, नगद, कार्यक्रम खर्च, प्रशासनिक खर्च लगायतमा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने व्यवस्था छ । कार्यालयले कार्यरत कर्मचारीको कार्य विवरण बनाई कार्यान्वयन नगरेको, लागत अनुमान तयार नगरेको, भ्रमण अभिलेख व्यवस्थित नभएको, भ्रमण प्रतिवेदन तयार नगरेको , खरिद योजना नबनाएको, संक्षिप्त वार्षिक प्रतिवेदन तयार नगरेको, टुक्रा पारी खरिद गरेको आदि अवस्था रहेको छ । कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्य सम्पादनलाई नियन्त्रण, मितव्ययी र पारदर्शी एवं भरपर्दो बनाउनु पर्दछ ।

६. **सार्वजनिक परीक्षण** : स्थानीय निकाय आथिंक प्रशासन नियमावली, २०६४ को नियम १५६ मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कार्य शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्वन्धित कार्य स्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्वन्धित स्थानीय निकायमा प्रस्तुत गर्नु पर्ने व्यवस्था छ । उपभोक्ता समितिवाट संचालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाँच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । यसवाट निर्धारित समयमा पारदर्शी रुपमा गुणस्तरयुक्त कार्य सम्पन्न भएको छ, देखाएका खर्चका विल भरपाई सहि र यथार्थ छन् भनि विश्वस्त हुने आधार देखिदैन । उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्वन्धित निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनु पर्दछ ।

७. **उपभोक्ता समिति परिचालन :** साविक गाँउ विकास विकास समितिद्धारा संचालित रु. १ करोड सम्मको काम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ मा उपभोक्ता समितिद्धारा गराउन सक्ने प्रावधान छ । सो नियम वमोजिम योजना तथा कार्यक्रमहरु विकास योजनावाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरु मध्येवाट जिल्ला विकास समितिले सम्वन्धित निकायको समेत परामर्श लिई उपभोक्ता समिति गठन गराउनु पर्ने, सोही नियमावलीको नियम २०८ ले व्यवस्था गरेको देखिन्छ । नियमावलीको नियम २०५ मा कार्य गर्ने प्रयोजनका लागि गठित उपभोक्ता समिति स्थानीय निकायले विषयगत रुपमा वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष अधिकांस योजना उपभोक्ता समिति

मार्फत गराएता पनि यसरी योजना कार्यान्वयन गर्ने उपभोक्ता समिति मध्ये उपभोक्ता समितिहरुको वर्गीकरण र सूचीकृत गरी लगत राखेको देखिएन । उपभोक्ता समितिहरुको दर्ता तथा बिषयगत रुपमा बर्गीकरण नगरिदा अनुगमनमा कठिनाई हुने, एउटा उपभोक्ता समितिमा रहेका पदाधिकारीहरु अन्य उपभोक्ता समितिमा पदाधिकारी हुने, योजना समाप्त हुने बित्तिकै उपभोक्ता समितिको नाममा रहेको बैंक खाता बन्द हुने, जुनसुकै प्रकृतिका कार्य एउटै उपभोक्ता समिति मार्फत गराउने, सम्पन्न योजना गुणस्तरीय नहुने, मर्मत सम्भार र जिम्मेवारी कसले लिने भन्न नसकिने अवस्था रहन्छ । नियमावलीमा उल्लेख भए अनुसार आगामी दिनमा उपभोक्ता समितिहरुको दर्ता तथा विषयगत रुपमा बर्गीकरण गरी व्यवस्थित गराउनु पर्दछ ।

८. **तालिम सञ्चालनकार्यविधि र निर्देशिका** : कार्यालयबाट संचालन गरिने विभिन्न किसिमको तालिम तथा गोष्ठी संचालन गर्दा आवश्यक पर्ने प्रशिक्षक भत्ता, सहभागीको भत्ता, भ्रमण खर्च, स्टेशनरी खर्च, अन्य विविध खर्च उपलब्ध गराउने सम्बन्धमा कार्यालयलाई एकरुपता हुने गरी तालिम संचालन निर्देशिका वा कार्यविधि स्वीकृत हुनु पर्दछ । नगरपालीकाको बार्षिक कार्यक्रम अनुसार बिभिन्न तालिमहरु सञ्चालन गर्दा तालिम सञ्चालन सम्बन्धी निर्देशिका, कार्यबिधि वा नर्मस तयार नगरी खर्च गरेको पाइयो । नगरपालिकाले तालिम सञ्चालन गर्न स्वीकृत नर्म्स तयार गरी खर्चमा एकरुपता कायम गर्नु पर्ने देखिन्छ ।

९. **आन्तरिक लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३१ मा स्थानीय निकायको आय र व्ययको स्रेस्ताको मासिक रुपमा लेखा परीक्षण गर्ने, आन्तरिक लेखा परीक्षणबाट देखिएका व्यहोराका सम्बन्धमा कार्य सम्पन्न गरेको मितिले सात दिनभित्र प्रमुख र सचिवलाई प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखाले नियममा व्यवस्था भए बमोजिम मासिकरुपमा आन्तरिक लेखापरीक्षण नगरी आर्थिक वर्षको अन्त्यमा मात्र आन्तरिक लेखापरीक्षण गर्ने गरेको पाइयो । समयमा आन्तरिक लेखापरीक्षण नहुँदा नियमावली वा प्रचलित कानूनको रीत पुऱ्याई खर्च गरे नगरेको यकिन गरी श्रेस्ता अद्यावधिक गर्ने तर्फ कारवाही भएको देखिएन । आर्थिक वर्षको अन्त्यमा मात्र आन्तरिक लेखा परीक्षण गर्दा आर्थिक कारोबारको प्रभावकारीरुपमा चेक जाँच हुन नसक्ने साथै आर्थिक कारोवारमा आउन सक्ने सम्भावित जोखिमलाई समयमै न्यूनिकरण गर्न सक्ने अवस्था देखिएन । नियममा भएको व्यवस्था अनुसार मासिक रुपमा आन्तरिक लेखापरीक्षण गरी सो प्रतिवेदन स्थानीय नियका प्रमुख र सचिवलाई उपलब्ध गराई आर्थिक कारोवारको श्रेस्ता अद्यावधिक गराउने तर्फ ध्यान जानु पर्दछ ।

१०. **तलवी प्रतिवेदन :** निजामति सेवा ऐन, २०४९ को दफा ७ ख(२) मा जिल्लास्थित कार्यालयका कर्मचारीको सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तवली प्रतिवेदन पास नगराई तलव खुवाउन हुँदैन भन्ने व्यवस्था भए पनि कार्यकारी अधिकृत कृष्ण बहादुर कार्कीलाई रु.१,४३,१४१/- तथा लेखापाल भेषमणी पोखरेललाई रु.१,०९,४२९/- समेत रु.२,५२,५७०/- (२०७३ चैत्र देखी २०७४ असारसम्म) तलव भुक्तानी भएको छ । नियममा भएको व्यवस्था बमोजिम तलवी प्रतिवेदन पारित नगराई तलव भुक्तानी दिएको नियमसम्मत देखिएन ।

११. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को अधिनमा रही पाँच लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने र सोही नियमको उपनियम (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी पाँच लाख रुपैयाँ भन्दा बढी रकमको मालसामान सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । यस कार्यालयले यो वर्ष पुँजीगत अनुदान बाट रु.२७,८१,५४४।- कम्प्युटर,फर्निचर,मोटर साईकिल लगायतका सामान खरिद कार्य तोकिएको सीमाभन्दा बढीको सोझै खरिद गरेको देखिन्छ ।कार्यालयले नियमावलीमा भएको व्यवस्थाको पालना हुनु पर्दछ । खरिद कार्यलाई प्रतिस्पर्धी बनाई मितव्ययी ढंगले सामान आपुर्ति गर्नुपर्नेमा सोझै खरिद गर्नु उपयुक्त होइन । सार्वजनिक खरिद कार्यलाई प्रतिस्पर्धी बनाई मितव्ययी ढंगले सामान आपुर्ति गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

**बसन्तपुर गाउँविकास समिति तर्फ**

१२. **लेखा प्रणाली :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली/नगरपालीकाको हकमा प्रादभावी लेखाप्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि दोहोरो लेखाप्रणाली/प्रोदभावी लेखाप्रणाली राखेको पाईएन ।

१३. **लेखा प्रस्तुति** : माथि उल्लिखित आय व्ययमध्ये सामाजिक सुरक्षा बापत निकासा भई खर्च देखाएको रु.११,७८,०००।- को सक्कल बिल भर्पाई जिल्ला समन्वय समितमा पेश गरेको भनी लेखापरीक्षणमा पेश नभएकोले लेखापरीक्षण गरेको छैन ।

१४. **आन्तरिक श्रोत** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५ मा व्यवस्था भए अनुसार गाउँ विकास समितिले आफ्नो क्षेत्रमा तोकिएको दरमा नबढ्ने गरी गाउँ परिषदबाट पारित दरमा विभिन्न प्रकारको करहरु लगाई आर्थिक अवस्था सवल बनाउन सक्ने र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची ४, ५ र ६ मा करका दरको व्यवस्था गरेको छ । आम्दानी सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन् ।

१४.१. साबिक गा.बि.स.ले २०७३ फाल्गुनसम्म मालपोतबाट रु.५२,४६७/-, व्यवसाय कर रु.३,४४०/-, सिफारिश दस्तुर रु.५२,९७३/- र पञ्जिकरण बाट रु.१०,५००/- गरी जम्मा रु.१,१९,३८०/- मात्र आम्दानी गरेको छ। सोबाहेक आन्तरिक श्रोततर्फ अन्य स्रोतबाट आम्दानी गर्न सकेको छैन।

१४.२. साबिक गा.बि.स.मा बार्षिक मालपोत कति असुल गर्नुपर्ने हो, हालसम्म बक्यौता र चालु समेत कति मालपोत असूली गर्न बाँकी छ सोको लगत राखेको देखिएन। जस्ले गर्दा मालपोत बक्यौता रकम यकिन गर्न सकिएन। गा.बि.स.ले ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम कुन शिर्षकबाट के कसरी आम्दानी गर्न सकिन्छ सोको अध्ययन गरी आन्तरिक आय बृद्धि गर्न आवश्यक प्रयास गर्नुपर्ने देखियो।

१४.३. आम्दानी गर्दा मालपोतको लागि बेग्लै र अन्य आयको लागि बेग्लै नगदी रसिद प्रयोग गरेको छ। नगदी रसिदको शुरु मौज्दात, आम्दानी, खर्च र बाँकी मौज्दात समेत देखिने गरी रसिद नियनत्रण खाता नराखेकोले सो खाता राख्नुपर्दछ।

१५. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजार भन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२७ मा निर्माण वा खरीद गर्दा वा सेवा प्राप्त गरेवापत भुक्तानी दिंदा प्रचलित कानून बमोजिम कर कटाएर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। मिति २०७३/८/२० मा गृहलक्ष्मी अटो इनरुवाबाट रु.२,४५,९००/- को मोटरसाईकल खरिद गरेकोमा अग्रिम आयकर रु.३,२६४/-कट्टी गरेको छैन। नियमानुसार कट्टी गर्नु पर्ने कर रकम असुल हुनु पर्दछ।

१६. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कुनै वासिन्दा व्यक्तिको पारिश्रमिक भुक्तानीमा नियमानुसार १५% पारिश्रमिक कर भुक्तानी गर्नुपर्नेमा देहायका व्यक्तिहरुलाई पारिश्रमिक रकम भुक्तानी गर्दा पारिश्रमिक कर १५% कट्टी नगरी भुक्तानी गरेको देखियो। नियमानुसार लाग्ने पारिश्रमिक कर रु.९,७५०/- असुल गरी संचित कोष दाखिला गर्नु पर्दछ।

१७. **आन्तरिक लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४९(ग) बमोजिम दफा ४८ बमोजिमको आन्तरिक लेखापरीक्षण शाखामा कार्यरत कर्मचारीले आफ्नो क्षेत्रभित्रका गा.वि.स.हरुको लेखापरीक्षण गरी लेखापरीक्षण गरेको १५ दिन भित्र गा.वि.स. सचिवलाई प्रतिवेदन दिनु पर्ने व्यवस्था छ। यस गा.वि.स.को आन्तरिक लेखापरीक्षणको प्रतिवेदन पेश हुन आएन। नियममा तोकिए बमोजिम आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन नदिएका कारण आन्तरिक लेखापरीक्षण गर्न तोकिएको व्यक्तिलाई जिम्मेवार बनाइनु पर्दछ।

१८. **पेश्की :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (३) मा यस नियमावलीमा तोकिएको म्याद भित्र कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिने दिने दुबैथरीको कर्तव्य हुने उल्लेख छ। प्राप्त विवरण अनुसार गत विगत वर्षको फछ्र्यौट हुन बाँकी पेश्की रु.७,३७,३७८/- र चालु आ.व.को पेश्की रु.४४,०००/- फछ्र्यौट हुन बाँकी देखिएको छ। नियममा भएको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गरिनु पर्दछ।

१९. **सुशासन तथा पारदर्शिता :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम प्रत्येका गाउँ विकास समितिले पुँजीगत अनुदानमा खर्च भएको रु.२,००,०००/- भन्दा माथीको योजनाहरुको सबैले देख्ने ठाउँमा लागत अनुमान, जनसहभागीताबाट बेहोर्ने रकम, गाउँ विकास समितिले व्यहोर्ने रकम, योजना शुरु हुने मिति र सम्पन्न हुने मिति समेत खुलाई सूचना बोर्ड राख्नु पर्ने, सार्वजनिक सुनुवाई गर्नु पर्ने र सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। यस गाउँ विकास समितिबाट सञ्चालित रु.२,००,०००/- भन्दा बढी खर्च भएका योजनाहरुको सूचना बोर्ड राख्ने, सार्वजनिक सुनुवाई र सामाजिक लेखापरीक्षण गर्ने गरेको पाइएन। गाउँ विकास समितिबाट सम्पन्न हुने बिकास निर्माण सम्बन्धित कार्यलाई पारदर्शी बनाउनका लागि यस्त कार्यहरु गर्नु जरुरी देखिएको छ।

**हरीनगर गाउँविकास समिति तर्फ**

२०. **लेखा प्रणाली:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली/नगरपालीकाको हकमा प्रादभावी लेखाप्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि दोहोरो लेखाप्रणाली/प्रोदभावी लेखाप्रणाली राखेको पाईएन।

२१. **लेखा प्रस्तुति** : सामाजिक सुरक्षा बापत निकासा भई खर्च देखाएको रु.२२,८०,०००/- र बाल संरक्षण वापत रु. २,२८,८००/-को सक्कल बिल भर्पाई जिल्ला समन्वय समितमा पेश गरेको भनी लेखापरीक्षणमा पेश नभएकोले लेखापरीक्षण गरेको छैन।

२२. **आन्तरिक श्रोत** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५ मा व्यवस्था भए अनुसार गाउँ विकास समितिले आफ्नो क्षेत्रमा तोकिएको दरमा नबढ्ने गरी गाउँ परिषदबाट पारित दरमा विभिन्न प्रकारको करहरु लगाई आर्थिक अवस्था सवल बनाउन सक्ने र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची ४, ५ र ६ मा करका दरको व्यवस्था गरेको छ। आम्दानी सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन्।

२२.१. साबिक गा.बि.स.ले २०७३ फाल्गुनसम्म मालपोत दस्तुर, वहाल विटौरी, पंजीकरण, व्यवसाय कर र सिफारिश दस्तुर गरी जम्मा रु.१,१९,९७३/- मात्र आम्दानी गरेको छ । सोबाहेक आन्तरिक श्रोततर्फ अन्य स्रोतबाट आम्दानी गर्न सकेको छैन ।

२२.२. साबिक गा.बि.स.मा बार्षिक मालपोत कति असुल गर्नुपर्ने हो, हालसम्म बक्यौता र चालु समेत कति मालपोत असूली गर्न बाँकी छ सोको लगत राखेको देखिएन । जस्ले गर्दा मालपोत बक्यौता रकम यकिन गर्न सकिएन । गा.बि.स.ले ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम कुन शिर्षकबाट के कसरी आम्दानी गर्न सकिन्छ सोको अध्ययन गरी आन्तरिक आय बृद्धि गर्न आवश्यक प्रयास गर्नुपर्ने देखियो ।

२२.३. आम्दानी गर्दा मालपोतको लागि बेग्लै र अन्य आयको लागि बेग्लै नगदी रसिद प्रयोग गरेको छ । नगदी रसिदको शुरु मौज्दात, आम्दानी, खर्च र बाँकी मौज्दात समेत देखिने गरी रसिद नियनत्रण खाता नराखेकोले सो खाता राख्नुपर्दछ ।

२३. **कट्टी रकम दाखिला नभएको :** २०७३ श्रावण देखी फागुन सम्म कट्टी गरेको क.सं. कोष र कर समेत रु.४७,६३३/- दाखिला गर्न बाकी देखिएको छ । कट्टी रकम सम्बन्धित खातामा दाखिला हुनु पर्दछ ।

२४. **पेश्की :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (३) मा यस नियमावलीमा तोकिएको म्याद भित्र कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिने दिने दुबैथरीको कर्तव्य हुने उल्लेख छ । प्राप्त विवरण अनुसार गत विगत वर्षको फछ्र्यौट हुन बाँकी पेश्की रु.१२,७४,३६४/- फछ्र्यौट हुन बाँकी देखिएको छ । नियममा भएको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गरिनु पर्दछ ।

**घुस्की गाउँ विकास समिति तर्फ**

२५. **लेखा प्रणाली:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली/नगरपालीकाको हकमा प्रादभावी लेखाप्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि दोहोरो लेखाप्रणाली/प्रोदभावी लेखाप्रणाली राखेको पाईएन ।

२६. **लेखा प्रस्तुति** : सामाजिक सुरक्षा बापत रु. २२,४४,०४०/- र सुनौला हजार दिन कार्यक्रम वापत रु.५,४६,०००।- निकासा भई खर्च देखाएकोमा उक्त खर्चको सक्कल बिल भर्पाई जिल्ला समन्वय समितमा पेश गरेको भनी लेखापरीक्षणमा पेश नभएकोले लेखापरीक्षण गरेको छैन ।

२७. **आन्तरिक श्रोत** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५ मा व्यवस्था भए अनुसार गाउँ विकास समितिले आफ्नो क्षेत्रमा तोकिएको दरमा नबढ्ने गरी गाउँ परिषदबाट पारित दरमा विभिन्न प्रकारको करहरु लगाई आर्थिक अवस्था सवल बनाउन सक्ने र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची ४, ५ र ६ मा करका दरको व्यवस्था गरेको छ । आम्दानी सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन् ।

२७.१. साबिक गा.बि.स.ले २०७३ फाल्गुनसम्म मालपोत दस्तुर, व्यवसाय कर र विक्रि आय समेत रु. ४०९६३०/- मात्र आम्दानी गरेको छ । सोबाहेक आन्तरिक श्रोततर्फ अन्य स्रोतबाट आम्दानी गर्न सकेको छैन ।

२७.२. साबिक गा.बि.स.मा बार्षिक मालपोत कति असुल गर्नुपर्ने हो, हालसम्म बक्यौता र चालु समेत कति मालपोत असूली गर्न बाँकी छ सोको लगत राखेको देखिएन । जस्ले गर्दा मालपोत बक्यौता रकम यकिन गर्न सकिएन । गा.बि.स.ले ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम कुन शिर्षकबाट के कसरी आम्दानी गर्न सकिन्छ सोको अध्ययन गरी आन्तरिक आय बृद्धि गर्न आवश्यक प्रयास गर्नुपर्ने देखियो ।

२७.३. आम्दानी गर्दा मालपोतको लागि बेग्लै र अन्य आयको लागि बेग्लै नगदी रसिद प्रयोग गरेको छ । नगदी रसिदको शुरु मौज्दात, आम्दानी, खर्च र बाँकी मौज्दात समेत देखिने गरी रसिद नियनत्रण खाता नराखेकोले सो खाता राख्नुपर्दछ ।

२८. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजार भन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२७ मा निर्माण वा खरीद गर्दा वा सेवा प्राप्त गरेवापत भुक्तानी दिंदा प्रचलित कानून बमोजिम कर कटाएर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले देहायका भौ.नं. र मितिबाट बाट रु.१३,८६,४६४/- को खरिद गरेकोमा अग्रिम आयकर रु.२९,३३८/-कट्टी गरेको छैन । नियमानुसार कट्टी गर्नु पर्ने कर रकम असुल हुनु पर्दछ ।

२९. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कुनै वासिन्दा व्यक्तिको पारिश्रमिक भुक्तानीमा नियमानुसार १५% पारिश्रमिक कर भुक्तानी गर्नुपर्नेमा मिति २०७३/९/२९ मा सिभिल ईन्जिनियरिङ्ग कन्सल्टेन्सीलाई रु.१,३०,०००/- भुक्तानी दिएकोमा पारिश्रमिक कर १५% कट्टी नगरी भुक्तानी गरेको देखियो । नियमानुसार लाग्ने पारिश्रमिक कर रु.१९,५००/- असुल गरी संचित कोष दाखिला गर्नु पर्दछ ।

३०. **बिल भरपाई बेगर भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । २०७४/३/३० मा अत्यावश्यक औषधी तथा उपकरण खरिद गर्न स्वास्थ्य चौकी घुस्कीलाई रु.२५,०००/- भुक्तानी दिएकोमा औषधी तथा उपकरण खरिद गरेको बिल भरपाई पेश भएको छैन । खर्च

लेखेको रकमको आवश्यक बिल भरपाई पेश हुनु पर्दछ ।

३१. **पेश्की :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (३) मा यस नियमावलीमा तोकिएको म्याद भित्र कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिने दिने दुबैथरीको कर्तव्य हुने उल्लेख छ । प्राप्त विवरण अनुसार गत विगत वर्षको फछ्र्यौट हुन बाँकी पेश्की रु.४,०७,०००/- फछ्र्यौट हुन बाँकी देखिएको छ । नियममा भएको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गरिनु पर्दछ ।

**गौतमपुर गाउँ विकास समिति तर्फ**

३२. **लेखा प्रणाली:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली/नगरपालीकाको हकमा प्रादभावी लेखाप्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि दोहोरो लेखाप्रणाली/प्रोदभावी लेखाप्रणाली राखेको पाईएन ।

३३. **लेखा प्रस्तुति** : माथि उल्लिखित आय व्ययमध्ये सामाजिक सुरक्षा बापत रु. १०,७१,२००/-, बाल संरक्षण वापत रु. ९४,४००।- र सुनौला हजार दिन कार्यक्रम वापत रु. ७,३७,८००/- खर्च देखाएकोमा उक्त खर्चको सक्कल बिल भर्पाई जिल्ला समन्वय समितमा पेश गरेको भनी लेखापरीक्षणमा पेश नभएकोले लेखापरीक्षण गरेको छैन ।

३४. **आन्तरिक श्रोत** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५ मा व्यवस्था भए अनुसार गाउँ विकास समितिले आफ्नो क्षेत्रमा तोकिएको दरमा नबढ्ने गरी गाउँ परिषदबाट पारित दरमा विभिन्न प्रकारको करहरु लगाई आर्थिक अवस्था सवल बनाउन सक्ने र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची ४, ५ र ६ मा करका दरको व्यवस्था गरेको छ । आम्दानी सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन् ।

३४.१. साबिक गा.बि.स.ले २०७३ फाल्गुनसम्म मालपोत, सिफारिश दस्तुर र विक्रि आय समेतगरी जम्मा रु.२,४५,१७५।- मात्र आम्दानी गरेको छ । सोबाहेक आन्तरिक श्रोततर्फ अन्य स्रोतबाट आम्दानी गर्न सकेको छैन ।

३४.२. साबिक गा.बि.स.मा बार्षिक मालपोत कति असुल गर्नुपर्ने हो, हालसम्म बक्यौता र चालु समेत कति मालपोत असूली गर्न बाँकी छ सोको लगत राखेको देखिएन । जस्ले गर्दा मालपोत बक्यौता रकम यकिन गर्न सकिएन । गा.बि.स.ले ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम कुन शिर्षकबाट के कसरी आम्दानी गर्न सकिन्छ सोको अध्ययन गरी आन्तरिक आय बृद्धि गर्न आवश्यक प्रयास गर्नुपर्ने देखियो ।

३४.३. आम्दानी गर्दा मालपोतको लागि बेग्लै र अन्य आयको लागि बेग्लै नगदी रसिद प्रयोग गरेको छ । नगदी रसिदको शुरु मौज्दात, आम्दानी, खर्च र बाँकी मौज्दात समेत देखिने गरी रसिद नियनत्रण खाता नराखेकोले सो खाता राख्नुपर्दछ ।

३५. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कुनै वासिन्दा व्यक्तिको पारिश्रमिक भुक्तानीमा नियमानुसार १५% पारिश्रमिक कर भुक्तानी गर्नुपर्नेमा शिवदयाल शाहलाई प्राविधिक खर्च वापत रु.५०,०००/- भुक्तानी दिएकोमा १% सामाजिक सुरक्षा कर मात्र कट्टी गरेकोले नपुग पारिश्रमिक कर रु.७,०००/- असुल गरी संचित कोष दाखिला गर्नु पर्दछ ।

३६. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजार भन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२७ मा निर्माण वा खरीद गर्दा वा सेवा प्राप्त गरेवापत भुक्तानी दिंदा प्रचलित कानून बमोजिम कर कटाएर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । को २६ प.५०२३ को मोटर साईकल खरिद गर्दा रु.२,२३,०००।- भूक्तानी दिएकोमा कर योग्य रकम रु.१,९७,३४५।- को १.५% अग्रीम कर रु.२९६०।- कट्टि गरि भूक्तानी दिनु पर्नेमा सो कट्टि नगरेको असुल गरि दाखिला हुनु पर्दछ ।

३७. **पेश्की :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (३) मा यस नियमावलीमा तोकिएको म्याद भित्र कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिने दिने दुबैथरीको कर्तव्य हुने उल्लेख छ । प्राप्त विवरण अनुसार गत विगत वर्षको फछ्र्यौट हुन बाँकी पेश्की रु.२,६४,०००/- र चालु आ.व.को पेश्की रु.७०,०००/- फछ्र्यौट हुन बाँकी देखिएको छ । नियममा भएको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गरिनु पर्दछ ।

**रामनगर भुटाहा गाउँ विकास समिति तर्फ**

३८. **लेखा प्रणाली :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली/नगरपालीकाको हकमा प्रादभावी लेखाप्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि दोहोरो लेखाप्रणाली/प्रोदभावी लेखाप्रणाली राखेको पाईएन ।

३९. **लेखा प्रस्तुति** : माथि उल्लिखित आय व्यय मध्ये सामाजिक सुरक्षा बापत रु.२६,४४,०००।- र सुनौला हजार दिन कार्यक्रम वापत रु.३,९०,६००।- निकासा भई खर्च देखाएको छ । उक्त खर्चको सक्कल बिल भर्पाई जिल्ला समन्वय समितमा पेश गरेको भनी लेखापरीक्षणमा पेश नभएकोले लेखापरीक्षण गरेको छैन ।

४०. **आन्तरिक श्रोत** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५ मा व्यवस्था भए अनुसार गाउँ विकास समितिले आफ्नो क्षेत्रमा तोकिएको दरमा नबढ्ने गरी गाउँ परिषदबाट पारित दरमा विभिन्न प्रकारको करहरु लगाई आर्थिक अवस्था सवल बनाउन सक्ने र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची ४, ५ र ६ मा करका दरको व्यवस्था गरेको छ । आम्दानी सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन् ।

४१. साबिक गा.बि.स.ले २०७३ फाल्गुनसम्म मालपोत, वहाल विटौरी, व्यवसाय कर, सिफारिश दस्तुर गरी जम्मा रु.२,१०,४५१।- मात्र आम्दानी गरेको छ । सोबाहेक आन्तरिक श्रोततर्फ अन्य स्रोतबाट आम्दानी गर्न सकेको छैन ।

४१.१. साबिक गा.बि.स.मा बार्षिक मालपोत कति असुल गर्नुपर्ने हो, हालसम्म बक्यौता र चालु समेत कति मालपोत असूली गर्न बाँकी छ सोको लगत राखेको देखिएन । जस्ले गर्दा मालपोत बक्यौता रकम यकिन गर्न सकिएन । गा.बि.स.ले ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम कुन शिर्षकबाट के कसरी आम्दानी गर्न सकिन्छ सोको अध्ययन गरी आन्तरिक आय बृद्धि गर्न आवश्यक प्रयास गर्नुपर्ने देखियो ।

४१.२. आम्दानी गर्दा मालपोतको लागि बेग्लै र अन्य आयको लागि बेग्लै नगदी रसिद प्रयोग गरेको छ । नगदी रसिदको शुरु मौज्दात, आम्दानी, खर्च र बाँकी मौज्दात समेत देखिने गरी रसिद नियनत्रण खाता नराखेकोले सो खाता राख्नुपर्दछ ।

४१.३. **लेखापरीक्षण :** राम नगर भुटाहा वडा नं. १ र २ को लागि रु.१,०९,८४,७९५/- गा.वि.स.को खातामा पठाएको सुनौलो हजार कार्यक्रम अन्तर्गत रु.११,७७,२००/- निकासा दिएको देखाएकोमा उक्त रकम वडा कार्यालयको खातामा नभई RRNI समूहको खातामा भुक्तानी गरेको जानकारी प्राप्त भयो । यो कार्यक्रमको बिल भरपाई र श्रेस्ता पेश नभएकोले लेखापरीक्षण गरिएको छैन ।

४२. **नगद मौज्दात :** सरकारी रकमको आम्दानी खर्च बैंक कारोबारबाट मात्र गरिनु पर्दछ । २०७३ फागुन २७ सम्मको आय व्यय विवरणमा रु.१,४४,१०५/४० नगद मौज्दात देखाइएको छ । देहाय व्यक्तिको उक्त नगद मौज्दात क कसको जिम्मामा रहेको हो सम्बन्धित व्यक्तिबाट असुल गरी हरीनगरा गाउँ पालिकाको खातामा जम्मा गरिनु पर्दछ ।

४३. **वक्यौता असुली :** गतविगत वर्षदेखी असुल हुन बाँकी युनि मियाँ अन्सारीको रु.१६,०००।-, रेशमलाल मेहताको रु.२८,६७५।-, सेराजुद्दिन मियाँको रु.२६,५००।- र राजेश गुप्ताबाट रु.२३,५००।- समेत रु.९४,७२६।- ठेक्का वक्यौता वापत असुल हुन बाँकी रहेको व्यहोरा गत वर्षको प्रतिवेदनमा समेत औल्याइएकोमा उक्त बाँकी रकम नियमानुसार १०% व्याज सहित असुल हुनु पर्दछ ।

४४. **पसल भाडा :**साविक रामनगर भुटाहा गा.वि.स. हाल हरिनगरा गाउँ पालिकाको स्वामित्वमा रहेको मुख्य बजार क्षेत्रमा रहेको २४ वटा पसल भाडामा लगाएको देखिन्छ । उक्त सटर भाडा वापत गत वर्ष सम्मको बाँकी रु.५,२४,२३५/- र यो वर्षको थप रु.२,५५,७१८/- मध्ये यो वर्ष रु.१,२४,४४५/- असुल भै रु.६,०८,०६३/- उठन बाँकी देखियो । उक्त रकम गत विगत वर्षदेखीको बाँकी रहेकोले गाउँपालिकाले यकिन गरी नियमानुसार १०% व्याज सहित असुल हुनु पर्दछ । गाउँ पालिकाको स्वामित्वमा रहेको पसल कवलहरु हरेक वर्ष प्रतिस्पर्धा गराई भाडा लगाउनु पर्ने र सम्झौता गरी निश्चित अवधि तोक्ने र समयमा भाडा नबुझाएमा जरिवाना लिई सम्झौता रद्द गर्ने सम्मको व्यवस्था गर्नुपर्ने सम्झौता नै गरेको देखिएन । यसरी भाडा लिंदा आयकर ऐन, २०५८ अनुसार १०% वहाल कर राजस्वमा दाखिला हुनु पर्दछ ।

४५. **घर बहाल :** यस गाउँ विकास समिति अन्तर्गत वडा नं. १,२,४,५,६ र ७ मा रहेका २४ वटा कोठाहरुको वहाल असुली र असुल हुन बाँकीको विवरण प्राप्त हुन आएन । गाउँ विकास समितिले २०७३ फागुन २७ गते सम्म असुल गरेको घर वहाल, असुल हुन बाँकी घर वहाल र असुल भएको भएको घर वहाल दाखिला गरेको कागज प्रमाण पेश हुनु पर्दछ ।

४६. **आयको ठेक्का :** गाउँ पालिकाको कार्यक्षेत्र भित्र पर्ने आयश्रोत भएका पोखरी, हाट बजार, लगायतका ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर सहित सम्झौता गरी असुल गर्नु पर्दछ ।

४७. **गत वर्षको प्रतिवेदन कार्यान्वयन नभएको :** सलेपा समिम मियाँले गतवर्ष लिएको पेश्की रु.१०,४४,४५७/- मध्ये यो वर्ष २०७३/४/२० मा रु.२६,६००/-, २०७३/४/१२ मा रु.६,०००/- र २०७३/१०/३ मा रु.१,१५,८७७/- समेत रु.३,८७८७७/- बैंक दाखिला गरी रु.६,५६,६१०/- को बिल भरपाई समावेश गरी नगदबाटै खर्च लेखेको देखियो । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार आवश्यक रकम मात्र पेश्की लिन सकिने, पेश्की लिएको रकम कार्यक्रम सम्पन्न गरेपछि ७ दिनभित्र फछ्र्यौट गर्नुपर्ने र सो अवधिमा पेश्की पफछ्र्यौट गर्न नसकेमा १० प्रतिशत व्याज सहित असुल गर्नुपर्ने व्यवस्था रहेकोमा समयमा बैंक दाखिला नगरेको अवधिको व्याज समेत असुल हुनु पर्दछ । साथै नगदबाट खर्चको प्राविधिक मूल्याङ्कन, जाँचपास, कार्यसम्पन्न प्रतिवेदन समेत नदेखिएकोले उक्त खर्चको यथार्थता यकिन गर्न सकिएन । यस सम्बन्धमा गाउँ पालिकाबाट छानबिन गरी खर्च एकिन गर्नु पर्दछ ।

४८. **नगद मौज्दात :**गतवर्षको लेखापरीक्षण प्रतिवेदनमा असुल हुनबाँकी भनी उल्लेख भएको रु.१,४०,९४२/४०

मध्ये गाउँ विकास समितिका सहलेखापाल समिम अन्सारीको रु.६८,१००/- र रु.२६४२/- नगद मौज्दात रहेकोमा उक्त रकम व्याज सहित असुल गर्नु पर्दछ । त्यसैगरी गाउँ विकास समितिका मुखिया प्रभु प्रसाद गुप्ताको जिम्मामा रहेको रु.३८,२००/- हालसम्म असुल नभएकोले व्याज सहित असुल हुनु पर्दछ ।

४९. **सरकारी सम्पत्तिको संरक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५४ मा प्रत्येक कार्यालयले कार्यालय बसेको सरकरी घर जग्गा तथा कार्यालय अन्तर्गतको सरकारी घर जग्गाको लगत महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नु पर्ने र त्यस्तो लगतको विवरण जिल्ला प्रशासन कार्यालय, तालुक विभाग, मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । यस गा.वि.स. को नाममा रहेको घर जग्गा र अन्य सरकारी सम्पत्तिको विवरण प्राप्त भएन । गा.वि.स.को नाममा रहेको घर जग्गाको अद्यावधिक विवरण तयार पारि गाउँपालिकामा पेश गर्नु पर्दछ ।

५०. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजार भन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२७ मा निर्माण वा खरीद गर्दा वा सेवा प्राप्त गरेवापत भुक्तानी दिंदा प्रचलित कानून बमोजिम कर कटाएर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न मालसामान खरीद गरी रु.२४,३१,२५७/- को भुक्तानी खर्च लेखेकोमा अग्रिम आयकर रु.३५,५६४/-कट्टी गरेको छैन । नियमानुसार कट्टी गर्नु पर्ने कर रकम असुल हुनु पर्दछ ।

५१. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कुनै वासिन्दा व्यक्तिको पारिश्रमिक भुक्तानीमा नियमानुसार १५% पारिश्रमिक कर भुक्तानी गर्नुपर्नेमा विभिन्न ३ जनालाई पारिश्रमिक रकम भुक्तानी गर्दा पारिश्रमिक कर १५% कट्टी नगरी भुक्तानी गरेको देखियो । नियमानुसार लाग्ने पारिश्रमिक कर रु.१२,६००/- असुल गरी संचित कोष दाखिला गर्नु पर्दछ ।

५२. **पेश्की :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (३) मा यस नियमावलीमा तोकिएको म्याद भित्र कार्यविधि अपनाई फछ्यौंट गर्नु वा गराउनु पेश्की लिने दिने दुबैथरीको कर्तव्य हुने उल्लेख छ । प्राप्त विवरण अनुसार गत विगत वर्षको फछ्यौंट हुन बाँकी पेश्की रु.३५,३८,६७४/- र चालु आ.व.को पेश्की विभिन्न ४ जनाको नाममा बाकी रकम रु.९४,७२६/- फछ्यौंट हुन बाँकी देखिएको छ । नियममा भएको व्यवस्था अनुसार पेश्की फछ्यौंट गरिनु पर्दछ ।

५३. **बेरुजु अभिलेख र फछ्यौंटः** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । गाउँ बिकास समितिको कार्यालय र गाउँपालिकाको बेरुजु अभिलेख, पेश्की बांकीको बिबरण तथा सो को फछ्यौंटको अभिलेख रहेको पाईएन ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.१४ लाख ६९ हजार बेरुजू रहेको मध्ये असुल गर्नुपर्ने रु.११ लाख ८८ हजार, नियमित गर्नुपर्ने रु ७२ हजार र पेश्की रु.२ लाख ९ हजार रहेको छ ।

# पाखिवास नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.४ लाख ८ हजार र यो वर्ष आय रु. १० करोड ९९ लाख ९८ हजार समेत रु. ११ करोड ४ लाख ६ हजार आय गरी रु. ९ करोड १९ लाख ४१ हजार खर्च गरी रु. १ करोड ८४ लाख ६५ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा देहाय छ ।

१ **वैंक हिसाव :** आर्थिक वर्षको अन्त्यमा स्रेस्ता भन्दा संचित कोष मौज्दात रु.२६,०५,८३०।- ले घटी देखिएकोमा चालु खातावाट हस्तान्तरण भएको रकम २०७४ श्रावण २९ गते रु.२५,६२,०००।- र नगद बांकी रु.१,५०,३०४।- दाखिला भएको प्रमाण पेश भएको छ । भएको स्रेस्ताले जम्मा देखाए भन्दा वढी रु.१,०६,४७३।- वढी संचितकोष दाखिला भएको बारेमा वैंक हिसाव भिडान गरेको छैन । स्रेस्ता र वैंक हिसाव विच फरक देखिएकोमा वैंक हिसाव समायोजन विवरण तयार गर्नुपर्दछ ।

२ **सञ्चित कोष :** आर्थिक कार्यविधि ऐन, २०६४ अनुसार तोकिएको समयमा राजश्व दाखिला हुनुपर्दछ । नगरपालिकाको राजश्व उठेको भोलिपल्टै दाखिला नगरी ढिला गरी दाखिला गर्ने गरेको पाइयो । भन्दा वैंक टाडा भएकोले दाखिला समयमा हुन नसकेको लेखापरीक्षणको क्रममा मौखिक जवाफ प्राप्त भएको छ । बर्षान्तमा दाखिला हुनु बांकी रु.१,९८०।- लेखापरीक्षणको समय २०७४।८।१२ सम्म दाखिला भएको छैन । संचित कोष दाखिला भएको प्रमाण पेश हुनु पर्दछ ।

३ **आन्तरिक लेखापरीक्षण :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ६१ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण आफ्नै आन्तरिक लेखापरीक्षकवाट गराउनु पर्नेछ । स्थानीय तहले लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकवाट गराउन सक्ने उल्लेख छ । स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेशको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण जि.स.स.वाट गराएकोमा अन्तिम लेखापरीक्षणसम्म आन्तरिक लेखापरीक्षणवाट स्थानीय तहमा गाभिएका निकायले वेरुजू फछ्र्यौट गरेको पाइएन । आन्तरिक लेखापरीक्षण ढिला भएको र फछ्र्यौट गर्न पक्षवाट ध्यान नदिएको कारण अन्तिम लेखापरीक्षण अघि व्यहोराहरु कार्यान्वयन हुनु पर्नेमा भएको छैन ।

४ **सम्पत्ती हस्तान्तरण :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७९ मा गाउपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका साबिक निकायको चल अचल सम्पत्ती, दायित्व तथा अभिलेख स्थानीय तहमा हस्तान्तरण हुने व्यवस्था छ । हस्तान्तरीत हुने सम्पूर्ण सम्पत्तीको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार चुङवाङ भवनको मूल्य नखुलेको र ल्यापटप, फोटोकपि मेशिन, सामसुङ ग्यारेक्सी फोन सेट लगायतका कूल रु.८,१९,७३०।- का २५ आइटम लेखापरीक्षण अवधी २०७४ मार्ग १० भित्र साविक चुङवाङ निकायको जिन्सी सम्पत्ती हस्तान्तरण भएको पाइएन । सम्पत्ती हस्तान्तरण नहुदा हराउने दुरुपयोग हुनसक्ने देखिएको छ ।

४.१ स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ८१ गाउपालिका वा नगरपालिकाको क्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायवाट संचालन भइ आएका स्थानीय स्तरका कार्यालयहरु संरचना चल अचल सम्पत्ती संरचना (कृषि पशु सेवा उप सेवा केन्द्र प्राथमिक स्वास्थ्य केन्द्र स्वास्थ्य चौकी उपस्वास्थ्य चौकी आर्युवेद औषधालय, शिक्षा स्रोत केन्द्र सामुदायिक सिकाई केन्द्र सामूदायिक सूचना केन्द्र सामुदायिक पुस्तकालय सामुदायिक भवन, सरकारी वृद्धाश्रम, खेलकुद सम्वद्ध) सरकारी संरचना विभिन्न योजनावाट सम्पन्न खानेपानी सिचाई जस्ता विकास निर्माण आयोजनाहरु आदि गाउपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुनेछ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तीको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा रहेका यस्ता सम्पत्ती, आयोजना लगायतका संरचनाहरु को लगत तयार गरी यस नगरपालिकाले सार्वजनिक गरेको देखिएन । गठन आदेश वमोजिम गाउपालिकाले यस्ता सम्पत्तीको लगत अध्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।

५ **आन्तरिक नियन्त्रण :** स्थानीय स्वायत्त शासन ऐन, नियमावली र आर्थिक कार्यविधि नियमावलीले कुनैपनि कार्यालयले आफूले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र नतिजामुखी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आप्नो कामको प्रकृति अनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ । वार्षिक खरिद योजना नबनाएको, अन्यत्रबाट हस्तान्तरण भै आएका साथै पूराना सामानहरुको मूल्य नखुलेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, आवधिक गुरु योजना तयार नगरेको, आन्तरिक नियन्त्रण कार्यविधि तयारी गरी लागु नगरेको, सामाजिक लेखापरीक्षण नगरेको र

समयमा पेश्की फछ्र्यौट नगरेकोले गत विगतको पेश्की बांकी रहेको देखिन्छ ।

६ **गैर कार्यविधि:** स्थानीय स्रोत परिचालन कार्यविधि, २०६९ अनुसार पूंजीगत शिर्षकवाट चालु प्रकृतिको खर्च गर्नु हुंदैन भन्ने उल्लेख छ । साविक चुङमाङको लेखापरीक्षणलाई पारिश्रमिक वापत रु.१०,०३४।- भुक्तानी गरेको पाइयो । कार्यविधि विपरितको खर्च नियमित हुनुपर्दछ ।

७ **मालपोत :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ अनुसार गा.वि.स.ले (२०७३ फागुन २७ पूर्व) गरेको मालपोत असुलीको २५ प्रतिशत जि.वि.स.मा फिर्ता पठाउनु पर्ने उल्लेख छ । साबिक चुनवाङले रु.२,१६,२९०।- मालपोत असुली गरेकोमा २५ प्रतिशतले हुने रु.५४,०७२।- पठाएको नदेखिएकोले नियमानुसार पठाउनु पर्दछ ।

८ **नगरक्षेत्र पूर्वाधार** : सार्वजनिक खरिद नियमावली, २०६४ कोनियम ३१(१) मा सार्वजनिक निकायले रु.२० लाख रुपैंया भन्दा वढी लागत अनुमान भएकोनिर्माण कार्य वोलपत्रको माध्यमले गर्नुपर्ने व्यवस्था छ । पाखिवास-फलाटे-खण्डमा सडक कालो पत्रे गर्नको लागि मू.अ.कर समेत रु.८६,४८,७४९।- को लागत अनुमान स्वीकृत गरि उक्त निर्माण कार्य गर्न ७ फेब्रुअरी २०१७ मा वोलपत्रको सूचना प्रकाशित गरेकोमा समय भित्र ९ थान वोलपत्र दर्ता भएको मध्ये वोलपत्र मूल्यांकन समितिको मिति २०७४।१।२९ को घटी अंक कवोल गर्ने एक निर्माण व्यवसायीको मू.अ.कर समेत रु.४२,६५,३८५।- (५६.६८ प्रतिशत घटी) को वोलपत्र स्वीकृत भएको देखियो । निज निर्माण व्यवसायीसंग सो कार्य २०७४।३।२० सम्ममा सम्पन्न गर्ने गरी मिति १८ अप्रिल २०१७ मा सम्झौता भएकोमा निम्न भएको गरेको देखिएको छ ।

८.१ निर्माण व्यवसायीले सो कार्य लागत अनुमानको तुलनामा ५०.६८ प्रतिशत घटीमा कार्य गर्ने गरी सम्झौता गरेकोमा सम्झौता अनुसारको इकाइ र परिमाण कार्य नगरेकै अवस्थामा अर्थात माटोको कार्य, ड्रेन निर्माण, ह्यूम पाईप राख्ने र ग्रेड, सवग्रेड जस्ता मात्र कार्य गरेको देखाई मू.अ.कर समेत रु.२२,४९,२७१।- को मात्र कार्य गरेको अवस्थामा अर्थात सम्झौता अनुसार ५२.७३ प्रतिशत मात्र कार्य गरेको अवस्थामा कार्य सम्पन्न गरेको देखाई विलको भुक्तानी दिई फर फारक गरेको छ ।

८.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता वजमोजिमको काम त्यस्तो सम्झौताको अवधी भित्र पुरा गर्न नसकिने निर्माण व्यवसायीले कारण खुलाई सम्झौताको म्याद सकिनु कम्तिमा ७ दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधी थपको लागि निवेदन दिनु पर्ने र कारण मनासिव देखिएका सार्वजनिक निकायले अवधी थप गर्न सक्ने व्यवस्था गरेको छ । प्रक्रिया अपनाई अवधी थप गरी कार्य गराउनु पर्नेमा सो नगरी लागत अनुमानको तुलनामा ५०.६८ प्रतिशत घटीमा निर्माण कार्य गर्ने गरी भएको सम्झौताको इकाइ र परिमाणको मू.अ.कर वाहेक रु.१३,४६,९६४।- घटीको कार्य गराएको देखिएन । पुन सो कार्य मात्र गराउनु पर्दा नेपाल सरकारलाई रु.१३,४६,९६४।- थप दायित्व पर्नजाने देखिन्छ । यसरी काम फर फारक गर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

९ सार्वजनिक खरिद ऐन, २०६३ को नियम २६(२) अनुसार सारभूत रुपमा प्रभावग्राही पाखिवास-फलाटे खण्डमा कालोपत्रे गर्ने कार्यको लागत अनुमान रु.८६,४८,७४९।- वनाई निर्माण कार्य गर्न वोलपत्र प्रकाशित गर्दा घटीवाला एक निर्माण व्यवसायीले रु.४२,६५,३८५।- मा कार्य गर्ने गरी सम्झौता गरेकोले वचत रहेकोले स्थानीय तहले थप ०.९० कि.मि.मा सोही कार्य गर्न मू.अ.कर समेत रु.४३,८३,४४३।- को लागत अनुमान तयार गरी निर्माण कार्य गर्न मिति २०७४।१।७ मा वोलपत्रको सूचना प्रकाशित गरेकोमा एक मात्र निर्माण व्यवसायीको वोलपत्र परेकोमा उक्त वोलपत्रलाई मानी वोलपत्र मूल्यांकन समितिको मिति २०७४।२।९ को शिफारिसमा स्वीकृत गरेको छ । सो निर्माण व्यवसायीसंग उक्त कार्य मिति २०७४।३।२० सम्ममा सम्पन्न गर्ने गरी मिति १३ जुन २०१७ मा मू.अ.कर समेत रु. ४३,८३,०३३।- मा सम्झौता भएको छ । सो निर्माण कार्यमा समेत कार्यहरु नगरेकै अवस्थामा नगरपालिकाले मू.अ.कर समेत रु.३२,३७,१६६।- को मात्र विल भुक्तानी दिई ठेक्का फरफारक दिएको देखिएको छ । यस प्रकार ठेक्का फरफारक गर्ने पदाधिकारीलाई समेत जिम्मेवार वनाउनु पर्दछ ।

१० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१)क अनुसार सोझै खरिद कार्यको लागि सर्भे डिजाइन गर्ने निकायको लागि मू.अ.कर समेत रु.२,९९,९०२।- को लागत अनुमान स्वीकृत गरी उक्त कार्य गर्न ३ वटा परामर्शदातासंग दर माग गरेकोमा घटी कवोल गर्ने परामर्शदाताको मू.अ.कर समेत रु.२,९८,८८५।- को स्वीकृत गरी कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ । परामर्शदाताले सो कार्य सम्पन्न गरेको देखाई विल तथा फाइनल रिपोर्ट पेश गरेको देखियो । सम्झौताको अवधिमा २ महिना ढिला गरी कार्य सम्पन्न गरेकोले सम्झौता रु.२,६४,५००।- (मू.अ.कर वाहेक) को प्रति दिन ०.०५ प्रतिशतका दरले हुने ६० दिनको रु.७,९३५।- पूर्व निर्धारित क्षतिपूर्ति असुल हुनु पर्ने देखिन्छ ।

११ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.१ करोड रुपैंयासम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समूहवाट गराउन सक्ने व्यवस्था गरेको छ । स्थानीय तहले निर्माण कार्य उपभोक्ता समिति मार्फत गराई विलको भुक्तानी दिंदा ऐन/नियममा व्यवस्था नभएको जांचपास कट्टी वापतको रकम भनी कट्टा गरी धरौटी खातामा राखेको देखियो । निर्माण कार्य सम्पन्न नभएको हो भने कार्य सम्पन्न प्रतिवेदन तयार हुनुपर्ने देखिंदैन । तर सम्पन्न भएको निर्माण कार्यमा रकम कट्टी गरी राख्नु पर्ने कारण देखिंदैन । यस सम्बन्धमा स्पष्ट हुनुपर्दछ ।

१२ **व.उ.शि.नं.६०२११२३ संभिय संरचना पूर्वाधार विकास कार्यक्रम :**
सार्वजनिक खरिद नियमावली नियमावली, २०६४ को नियम ८४(१) मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार रु.२० लाख रुपैंयासम्म लागत अनुमान भएको मालसामान निर्माण कार्य वा जुनसुकै सेवा शिलवन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सक्ने व्यवस्था गरेको छ । स्थानीय तहले फर्निचर, मेशिनरी औजार र निर्माण कार्य खरिद गर्दा नियममा व्यवस्था भए अनुसार शिलवन्दी दरभाउपत्र प्रकाशित गर्नुपर्नेमा सो नगरी सिधै खरिद गरेको छ । यस बिषयमा छलफल गर्दा निर्वाचित जन प्रतिनिधीहरु तत्काल आउने र व्यवस्थापन तत्कालै गर्नु पर्ने अवस्था रहेको, वजेट समयमा प्राप्त नभएको कारण सिधै खरिद गर्नु परेको भनाई रहेको छ । तापनि नियमको पालना गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१३ स्थानीय तहको च.नं.५७० मिति २०७३।६।२१ को पत्रले एक लेखापाललाई निमित्त भै काम गर्ने जिम्मेवारी तोकेको देखिन्छ । सात दिनको निमित्त तलव भत्ता वापत रु.१,२८७।- र कार्तिकको उच्च पदको कूल रु.३६,१००।- समेत रु.३७,३८७।०८ भुक्तानी लिई सकेको अवस्थामा पुनः १ महिना ७ दिनको निमित्त भत्ता रु.५,५५०।- दावी गरी भुक्तानी लिएको देखिएकोले सो दोहोरो भुक्तानी भएको रु.३०,५००।- मा क.सं.कोष थप वापत निजको पदको खाईपाई आएको रु.२५,८४९।- को १० प्रतिशतले हुने रु.२,५८४।- मात्र थप गर्नु पर्नेमा रु.३,०५०।- थप गरी खर्च गरेकाले वढी खर्च लेखेको रु.४६५।- समेत जम्मा रु.६,०१५।- असुल हुनुपर्दछ ।

१४ **पेश्की बाँकी:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० वमोजिम फछ्र्यौट हुनुपर्नेमा आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट हुन बाँकी पेश्की वडा नं.३ का सचिवलाई नाममा जेष्ठ नागरिक सम्मान कार्यक्रमको पेश्की रु.१५,०००।- बाँकी देखिएकोले असुल फछ्र्यौट हुनुपर्दछ ।

१५ **गतको पेश्की :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद ८ मा पेश्की रकम तथा फछ्र्यौट सम्बन्धी व्यवस्था वमोजिम नियम १८२ मा पेश्की अभिलेख राख्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार गाभिएका साविक निकायमा रु.२९,१७,०३४/- म्याद नाघेको पेश्की बाँकी रहेको पाइयो । पेश्की लिनेले समयमा काम नगर्ने हिसाव फरफारक नगरेको तथा पेश्की फछ्र्यौट गराउने जिम्मेवार पदाधिकारीवाट ताकेता समेत नगरेको कारण गत विगतका पेश्की लिएको रकम तोकिएको वाहेक अन्य प्रयोजनमा खर्च हुने देखिन्छ । फछ्र्यौट हुन बाँकी रु.२९,१७,०३४/- को व्याज समेत गणना गरी सरकारी बाँकी सरह असुल हुनु पर्दछ ।

१६ **दोहोरो तलव :**४८-२०७३।११।२६ वाट अमिन सिता ढुंगाना र एक सवारी चालकलाई २०७३ फागुन महिनाको तलव क्रमश रु.१७,०००।- र १६,५००।- समेत रु.३३,५००।- दोहोरो भुक्तानी भएको देखिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

१७ **विल भरपाई:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा साविक गा.वि.स. तथा नियम २५ मा नगरपालिकाले रकम खर्च सम्बन्धी कार्यविधि उल्लेख गरेको छ । जस अनुसार खर्च प्रमाणीत हुने विल भरपाई लगायतको स्रेस्ता संलग्न गरी खर्च गर्नु पर्नेमा साविक निकायहरुबाट रु.१५,१७१।४८ खर्च पुष्ट्याई हुने विल भरपाई नराखी खर्च गरेको देखिएकोले असुल हुन पर्दछ ।

१८ **अग्रिम कर:** आयकर ऐन, २०५८ वमोजिम भुक्तानीमा अग्रिम कर कट्टी गरी भुक्तानी हुनु पर्नेमा नगरपालिका अर्न्तगत साविक गा.वि.स. र हाल वडाहरुले भुक्तानी गर्दा निम्नानुसार रु.५,२५३।- अग्रिम कर कट्टी वेगर भुक्तानी गरेको पाइयो । भुक्तानीमा अग्रिम कर कट्टी नगर्दा सरकारी आयमा असर पर्ने हुदा अग्रिम कर कट्टी वापतको रकम असुल हुनुपर्दछ ।

१९ **कट्टी रकम:** आयकर ऐन, २०५८ वमोजिम कट्टी रकम सम्बन्धित राजश्व शिर्षकमा समयमै दाखिला गर्नुपर्ने र नगरेमा जरिवाना हुने उल्लेख गरेको छ । यो तह अर्न्तगत वडा नं.९ र १० (साविक चुङवाङ निकाय) ले कट्टी गरेको अग्रिम आयकर रु.७३५।- आर्थिक वर्षको अन्त्यसम्म पनि दाखिला गरेको छैन ।

२० **जिन्सी दाखिला:** सामान खरिदको भुक्तानी गर्दा सम्बन्धित संस्थाको जिन्सी किताबमा आम्दानी जनाएको प्रमाण संलग्न हुनु पर्नेमा बिभिन्न भुक्तानीमा जिन्सी दाखिला प्रमाण वेगर भुक्तानी भएकोले जिन्सी दाखिला प्रमाण पेश हुनु पर्दछ ।

२१ **सोधभर्ना:** यस जिल्ला समन्वय समितिको च.नं.७२० र १५४३ को पत्रवाट योजना कार्यान्वयनको लागि लेखि पठाएको तर वजेट नपठाएकोकारण आन्तरिक श्रोत तर्फवाट रु.२,००,०००।- खर्च भएको पाइयो । योजना कार्यान्वयन गर्न दिने तर वजेट निकासा नदिएको कारण यी तहलाई व्ययभार परेको जिल्ला समन्वय समितिवाट सोधभर्ना लिनु पर्दछ ।

२२ **परामर्श खर्च:** सार्वजनिक स्रोत खर्च गर्दा मितव्ययी र उपलव्धीपूर्ण हुने तरिकाले खर्च हुनुपर्दछ । लागत अनुमान तयारी तथा आवश्यकता पहिचान नगरी मर्मत सम्भार कोष निर्देशिका तयारी वापत एक संस्थलाई रु.९७,०००।- भुक्तानी गरेकोमा नगरपरिषद्वाट निर्देशिका स्वीकृत नभएको खर्च गरेको कारण स्रोत उपयोगमा मितव्ययिता र विवेकशिलता नपुर्याई खर्च गरेको छ ।

२३ १४-२०७३।६।२० सार्वजनिक खरिद नियमावली, २०६४ मा रु.१ लाख भन्दा वढीको खरिदमा लागत अनुमान तयार गर्नुपर्ने हुन्छ । नगरपालिकाले पार्खिवास हुलाक कार्यालय देखि साविक फलाटे अधेरीघाट

सडक खण्डको राम्चे डांडासम्म हरियाली सडक सहित पक्की सडक र ढल निकासको पूर्वाधार निर्माणको लागि विस्तृत सर्भे, डिजायन, ड्इङ्ग, लागत अनुमान, प्रतिस्पर्धाको विवरण तयारी वापत एक परामर्शदात्रीलाई रु.२,९३,१२२।- भुक्तानी गरेकोमा परामर्श कार्यको लागत अनुमान तयार नगरी सोझै खरिद गरेकोले उक्त कार्य प्रतिस्पर्धि र मितव्ययी देखिदैन ।

२४ **एकलवोर्डको निर्णयः** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियम तथा स्थानीय निकाय स्रोत परिचालन मार्गदर्शन वमोजिम नगरपरिषद्वाट योजना छनोट चरण पार गरी अनुमोदन भएको योजनाहरुको निर्णय वमोजिम कार्यान्वयन हुनुपर्नेमा नगरस्तरीय पूर्वाधार विकास कार्यक्रम मध्ये फोहोर सिर्जन क्षेत्र, हाटवजार, व्यापारीक भवन, निर्माण पाखिवास वृहत खानेपानी योजना, संरचना निर्माण, सडक सौर्य वत्ति लगायतका कार्यक्रममा साझेदारीको लागि विनियोजित रकम न्यून हुने उल्लेख गर्दै नगरवोर्डको निर्णय निम्नानुसार योजनाहरुको रु.१४,६०,०००।- वजेट कटौती गरेको पाइयो । वजेट बाडफाँडमा योजना छनौट प्रक्रिया विपरित वजेट कटौती गर्दा योजनाको प्राथमिकरण असर पर्ने देखिन्छ। तसर्थ नगरपरिषद्को अनुमोदन वेगर वोर्डवाट निर्णय गरी योजना छनौट गरेको नियमित देखिदैन ।

२५ **वढी भुक्तानी :** कार्यालयले आयोजना गरेको १ दिने एकिकृत सम्पत्ति कर कार्यविधि निर्माण तथा अनुमोदन गोष्ठिमा कक्षा तयारी तथा सहजिकरण वापत दुई प्रशिक्षकलाई दर २,५००।- उल्लेख गरी हुने रु.५,०००।- का दरले खर्च गरेको पाइयो । यसरी दुवै प्रशिक्षकलाई रु.२,५००।- का दरले वढी भुक्तानी गरेकोले वढी व्ययभार परेको असुल हुनुपर्दछ ।

२६ **वेरुजू लगतः** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार वेरुजूको लगत राख्ने काम जिम्मेवार व्यक्तिको हुने उल्लेख छ । स्थानीय तह स्थापना हुनु अघि अस्तित्वमा रहेका निकायको पेश्की बांकीको विवरण पेश भएतापनि फछ्र्यौट हुन बांकी वेरुजू विवरण पेश नभएकोले वेरुजूको लगत एकिन गर्न सकिएन । अतः साविक निकायको विगतको फछ्र्यौट हुन बांकी वेरुजूको लगत कायम गरी फछ्र्यौट गर्नु पर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु. २५ लाख २१ हजार बेरुजू देखिएकोमा सो मध्ये असुल गर्नुपर्ने रु. ७२ हजार, अनियमित रु.२४ लाख ३४ हजार र पेश्की रु.१५ हजार रहेको छ ।

## धनकुटा नगरपालिका
### लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु. २ करोड ७१ लाख ७१ हजार र यो वर्ष आय रु.२२ करोड २ लाख २४ हजार समेत रु. २४ करोड ७३ लाख ९५ हजार आम्दानी भएकोमा रु. १९ करोड ६० लाख १३ हजार खर्च गरी रु.५ करोड १३ लाख ८२ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन्:

१ आर्थिक कार्याविधि नियमावली, २०६४ वमोजिम चौमासिक प्रगति देखिने गरी कार्य तालिका वनाई लक्ष्य वमोजिम प्रगति हुने गरी कार्य गर्नुपर्दछ । राष्ट्रिय योजना आयोगवाट तोकेको ढांचामा प्रगति विवरण तयार गरेको छैन ।

२ **अवण्डा:** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार परिषद्वाट योजनागत वजेट वांडफांड गर्नुपर्ने र वजेट अवण्डामा राख्न नपाइने उल्लेख छ । परिषद्ले विकास निर्माणका कार्य गर्ने उल्लेख गरी रु.१,०९,००,०००।- अवण्डा राखी यो वर्ष विभिन्न योजनाहरुमा रु.९०,१०,४०५।- खर्च गरेको पाइयो । अवण्डा राखी खर्च गर्दा योजना छनौट चरणवाट आवश्यकताको आधारमा जनस्तरवाट माग भएका योजना कार्यान्वयन नभई पहुंच र दवावको आधारमा योजना छनौट हुने देखिंदा परिषद्वाट योजना छनौटचरण पार गरेका प्राथमिकता प्राप्त योजनाहरुको छनौट तथा वजेट व्यवस्था गरी कार्यान्वयन गर्न ध्यान दिनुपर्दछ ।

३ **कर दाखिला:** आयकर ऐन तथा नियमावलीले तोके वमोजिमको समय भित्र कर दाखिला हुनुपर्दछ । कट्टी गरेको कर समयमै दाखिला हुनु पर्दछ । अग्रिम कर रु.२,९३,७०८।- मिति २०७४।१।२६ मा दाखिला गरेको छ ।

४ **सम्पत्ती हस्तान्तरण :**

४.१ स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७९ मा गाउपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ती, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तीको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकारको २०७१।८।१६ को निर्णय अनुसार साविक निकायमा गाभिएकोमा ती निकायको सम्पत्ति हस्तान्तरण भएको अभिलेखवाट देखिंदैन । कम्प्यूटर, सि.डि.एम.ए फोन सहित १९ आईटमका रु. १५,८७,१५०।- र वेलहराको कम्प्यूटर, डिजिटल क्यामरा, मोवाइल फोन लगायतका ३८ आइटम मध्ये २५ आइटमको मूल्य खुलेको रु.३,६३,६३३।- लेखापरीक्षण अवधी २०७४ मार्ग यो तहमा रहेको जिन्सी सम्पत्ती यो तहमा हस्तान्तरण भएको पाइएन । हस्तान्तरण नहुदा हराउने दुरुपयोग हुनसक्ने देखिएको छ । एकिन गरी स्वामित्वमा लिनुपर्ने देखिन्छ ।

४.२ स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ८१ मा गाउपालिका वा नगरपालिकाको क्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायवाट संचालन भइ आएका स्थानीय स्तरका कार्यालयहरु संरचना चल अचल सम्पत्ती संरचना (कृषि पशु सेवा केन्द्र, उप केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी, आर्युवेद औषधालय, शिक्षा स्रोत केन्द्र, सामुदायिक सिकाई केन्द्र, सामूदायिक सूचना केन्द्र, सामुदायिक पुस्तकालय सामुदायिक भवन, सरकारी वृद्धाश्रम, खेलकुद सम्वद्ध) सरकारी संरचना विभिन्न योजनावाट सम्पन्न खानेपानी सिचाई जस्ता विकास निर्माण आयोजनाहरु आदि गाउपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुनेछ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तीको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा रहेका यस्ता सम्पत्ती, आयोजना लगायतका संरचनाहरु को लगत तयार गरी यस नगरपालिकाले सार्वजनिक गरेको देखिएन । गठन आदेश वमोजिम गाउपालिकाले यस्ता सम्पत्तीको लगत अध्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।

५ **आन्तरिक नियन्त्रण :** कुनैपनि कार्यालयले आफूले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ । जसलाई स्थानीय स्वायत्त शासन ऐन, नियमावली र आर्थिक कार्यविधि नियमावलीले समेत व्याख्या गरेको छ ।

६ **आन्तरिक लेखापरीक्षण:** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार नगरपालिकाको आन्तरिक लेखापरीक्षण प्रत्येक चौमासिक अवधि समाप्त भएको १ माहिना भित्र तयार गर्नुपर्ने उल्लेख भएकोमा यस नगरपालिकाको आन्तरिक लेखापरीक्षण नगरपालिकाकै आन्तरिक लेखापरीक्षण शाखावाट चौमासिक रुपमा गर्ने गरेको जनाएतापनि प्रतिवेदन वार्षिक रुपमा गर्ने गरेको

पाइयो । आन्तरिक नियन्त्रण प्रभावकारी वनाउन तोकिएको अवधीमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन गर्नुपर्ने देखिन्छ ।

७ **विशेष कोष :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४६ मा नगरपालिकाले आर्थिक प्रशासन नियमावालीको नियम ३३ मा व्यवस्था भए वमोजिम सम्बन्धित परिषद्वाट कोष संचालन सम्बन्धी विनिमय स्वीकृत गराई विशेष कोष स्थापना गर्न सक्ने उल्लेख छ । सोही दफाको उपदफा २ मा कोषमा रकम जम्मा गर्ने व्यवस्था छ भने उपदफा ३ मा कोषको उद्देश्यसंग सम्बनिधत कार्यमा मात्र खर्च गर्नुपर्ने र उपदफा ४ मा कोषको उद्देश्य प्राप्ती वाहेक अन्य प्रयोजन वा आर्थिक सहायता, अनुदान वा चन्दा पुरस्कार जस्ता वितरणमुखी कार्यमा खर्च गर्न पाइने छैन भन्ने उल्लेख छ । नगरपालिकाले यो वर्ष विशेष कोष संचालन सम्बन्धी विनियमावली नबनाई रु. ६६,२६,८६२/- खर्च गरेको पाइयो ।

८ **जाँचपास :** स्थानीय निकायहरुको विशेष कोषहरुको स्थापना स्थानीय स्वायत्त शासन ऐन तथा नियममा उल्लेख गरे वमोजिम हुनु पर्नेमा नगरपालिकामा स्वायत्त शासन ऐन नियममा नभएको जाँचपास तथा फरक फरक कोष खडा गरी रु.३,७०,३६०।०२ संचित देखिएको छ । सो संचित योजनाको अभिलेख विवरण संलग्न गरेको छैन । कोष स्थापना र जाँचपास संचालन हुनु पर्ने देखिन्छ । स्पष्ट अभिलेख खुल्ने विवरण संलग्न गरी प्रयोजन समाप्त भै सकेको अवस्थामा सम्बन्धितले फिर्ता लिन आएमा फिर्ता गर्ने गरी संचित कोष दाखिला हुनुपर्ने देखिन्छ ।

९ **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार रु.१ लाख भन्दा वढीको खरिदमा लागत अनुमान तयार गर्ने उल्लेख भएकोमा कार्यालयले रु.१ लाख भन्दा वढीको फर्निचर तथा कम्प्यूटर खरिदमा लागत अनुमान वेगर टुक्रा गरी खरिद गरेको पाइयो । आवश्यकताको पहिचान गरी खरिद योजना वनाई नियमानुसार लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक रुपले खरिद हुने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

१० **सिधै खरिद :** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन अर्न्तगत वनेको नियम वमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुँदैन भन्ने उल्लेख छ । यो तहले यो वर्ष विभिन्न २१ वटा दरभाउपत्रवाट रु.९८,०६,५५८।- को लागत अनुमान तयार गरी निर्माण कार्य गरेको छ । सो मध्ये रु.२६,०७,३९०।- का कम खुला प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्न सकिनेमा सो नगरी लागत अनुमान टुक्रा पारी सिधै खरिद गरेको छ ।

११ **बिना प्रतिस्पर्धा खरिदः** निकायले यो वर्ष ४ थान मोटरसाईकल खरिद वापत बिभिन्न फर्महरुलाई रु.९,८४,५०५।- खर्च लेखेको पाइयो । सो मोटरसाईकल खरिद गर्दा वार्षिक आवश्यकता पहिचान गरी नियमानुसार स्पेसिफिकेशन तथा लागत अनुमान तयार नगरेको र प्रतिस्पर्धा समेत नगरी सिधै फर्महरुवाट खरिद गरेको पाइयो । स्पेसिफिकेशन तथा लागत अनुमान तयार नगरी प्रतिस्पर्धा वेगर सोझै खरिद गरेको रु.९,८४,५०५।- नियमित हुनु पर्दछ ।

१२ **वल्व खरिदः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ वमोजिम खरिद भएको सामानहरु स्टोर दाखिला हुनुपर्नेमा नगरपालिकाले के.सी इलेक्ट्रीक धरानवाट विभिन्न मितिमा रु.३,२९,९६०।- को खरिद गरेकोमा जिन्सी दाखिला गरेको नदेखिएकोले जिन्सी दाखिलाको प्रमाण पेश हुनुपर्दछ ।

१३ **प्रोभिजनल समः** डे.वर्क र प्रोभिजनलसमको भुक्तानी गर्दा वास्तविक खर्चका आधारमा भुक्तानी हुनुपर्दछ । साप्ताहिक हटिया हिले १ को एक निर्माण व्यवसायीलाई अन्तिम विल भुक्तानी गर्दा दैनिक काममा लगाउने आदेश तथा प्रमाणीत डोर हाजिर नराखी इकाइ १ अन्तर्गत दैनिक काममा रु.२०,९७०।- र इकाइ जी मा प्रोभिजनलसम अर्न्तगत वातावरणजन्य काम अर्न्तगत खरिद आदेश तथा विल वेगर फोहोर संकलन गर्ने भांडाहरु खरिद रु.५०,०००।-, वातावरण सचेतना कार्य रु.३०,०००।- र वातावरणीय असर न्यूनिकरण कार्य रु.३,७५,०००।- गरी रु.४,५५,०००।- समेत कूल रु.४,७५,९७०।- भुक्तानी गरेको पाइयो । खर्च पुष्ट्याई हुने विल भरपाई संलग्न नगरी प्राविधिक मूल्यांकनका आधारमा भुक्तानी गर्दा खर्च एकिन गर्न सकिएन । खर्च प्रमाणीत हुने विल भरपाई वेगर भुक्तानी हुंदा रु.४,७५,९७०।- आयोजना लागत वढ्न गई वढी व्ययभार पर्न जाने देखिएकोले उक्त आइटमहरुमा भएको खर्च रु.४,७५,९७०।- मा थप रु.६१,८७६।- समेत रु.५,३७,८४६।- असुल हुनु पर्दछ ।

१४ **प्रतिवेदनः** सम्झौता अनुसार कार्य सम्पन्न प्रतिवेदन संलग्न गरेर मात्र भुक्तानी हुनुपर्नेमा भवन निर्माणको लागि माटो परिक्षण गरे वापत परामर्शदातालाई मू.अ.कर समेत रु.१,५०,०००।- भुक्तानी गरेकोमा माटो परिक्षण गरेको प्रतिवेदन पेश गरेको छैन । परामर्शदातावाट भएको कामको प्रतिवेदन पेश गर्नु पर्दछ ।

१५ **जिन्सी व्यवस्थापनः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद १० मा जिन्सीको लगत तथा सोको संरक्षण र लिलाम सम्बन्धी व्यवस्था छ । कार्यालयको जिन्सी व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसारछन्:

१५.१ **जिन्सी लगतः** स्थानीय निकायमा खरिद हस्तान्तरण वा जुनसुकै स्रोतवाट प्राप्त भएका जिन्सी सामानहरु ७ दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक राख्नु पर्ने उल्लेख भएकोमा यो तहले चालु वर्ष खरिद भएका खर्च भएर नजाने वाहेक अन्य सामाग्रीहरुको लगत राखेको छैन । गतविगत वर्षको लेखापरीक्षणमा समेत जिन्सी व्यवस्थापन सम्बन्धमा सुधार गरिनुपर्ने भन्ने उल्लेख भएकोमा स्थिति यथावत रहेको छ ।

१५.२ जिन्सी निरीक्षण गराई प्रतिवेदन लिने तथा वार्षिक मौज्दात विवरण तयार गरी सम्बन्धित निकायहरुमा पठाउने व्यवस्था हुनुपर्नेमा यस नगरपालिकाले जिन्सी निरीक्षण गराई प्रतिवेदन लिने गरेको अभिलेखवाट देखिएन । जसले गर्दा व्यक्तिगत प्रयोगमा आउने सामाग्री खरिद हुन सक्ने, कार्यालयमा जिन्सी सामाग्री हराउने, चोरिने तथा मर्मत तथा लिलाम गर्नुपर्ने सामानहरु छुट्याउन नसकिंदा समग्र जिन्सी व्यवस्थापनमा असर पर्ने देखिन्छ । तसर्थ जिन्सी व्यवस्थापन चुस्त वनाउन जिन्सी निरीक्षण तथा वार्षिक प्रतिवेदन तयार गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ ।

१५.३ स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सम्पूर्ण सार्वजनिक जग्गाको विवरण राख्नु पर्नेमा राखेको देखिंदैन । सार्वजनिक जग्गाको अभिलेख राख्नुपर्ने देखिएको छ ।

१६ **प्रशासनिक खर्चः** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ३४ वमोजिम नगरपालिकाले स्वीकृत वजेटको परिधि भित्र रही ऐन वमोजिम कर, सेवाशुल्क, शुल्क, दस्तुर र भाडावाट उठाएको परिधि भित्र रही ऐन वमोजिम कर, शुल्क, सेवाशुल्क, दस्तुर भाडावाट उठाएको कूल रकमको र १ करोड भन्दा वढी आम्दानी हुने नगरपालिकाले २५ प्रतिशत भन्दा वढी प्रशासनिक कार्यमा खर्च गर्न पाइने छैन भन्ने उल्लेख छ । यो वर्ष कर, शुल्क, सेवाशुल्क, दस्तुर र भाडावाट रु.१,९७,६४,८३६।- आय भएको विवरण पेश गरेको छ । प्रशासनिक खर्च रु.१,४९,२७,६८२।- गरेकोले कूल आयको ७५.५ प्रतिशत खर्च गरेको छ । सिमा भित्र रही खर्च गरेको देखिएन । काकर्मचारी शिरोभार खर्चमा मितव्ययिता ल्याई प्रशासनिक खर्च कानूनको सिमा भित्र खर्च गर्न ध्यान दिनुपर्दछ ।

१७ **मिन्हाः** स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ मा आन्तरिक आय मिन्हा दिन सकिने व्यवस्था छैन । भौ.नं७२ मिति २०७३।८।१५ वाट सवारी पार्किङ्ग शुल्क वापत आर्थिक वर्ष २०७२।७३ मा सम्झौता भई एक क्लवले सवारी पार्किङ्ग शुल्क वुझाई सकेको अवस्थामा वन्द, नाकावन्दीको कारण, ठेक्का रकम, असुलीमा अवरोध भएको कारण देखाई दिएको निवेदनको आधारमा राजश्व परामर्श समितिको निर्णय अनुसार रु.६३,४०८।- मिन्हा दिएको पाइयो । सम्झौता भई सकेको मिन्हा गरी फिर्ता गरेको दिन पाउने आधार प्रमाण पेश गर्नु पर्दछ ।

१८ **पेश्कीः** स्थानीय निकाय आ.प्र.सम्बन्धी नियमावली, २०६४ को नियम १९० वमोजिम पेश्की फछ्र्यौट हुनुपर्दछ । आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट हुन बांकी पेश्की रु.४,१९,५००।- देखिएकोले नियमानुसार असुल फछ्र्यौट हुनु पर्दछ ।

१९ **उपभोक्ता समिति सम्बन्धी**

**अनुपातिक :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावाली, २०६४ को नियम १५५ अनुसार उपभोक्ता समिति मार्फत संचालित योजनाहरुमा सम्झौता अनुसारको योगदान भन्दा कम काम भएमा अनुपातिक कट्टी गरेर भुक्तानी दिनु पर्ने व्यवस्था भएकोमा यो वर्ष नगरपालिकासंग सम्झौता गरी निर्माण कार्य गरेको मध्ये नमूना छनौट परिक्षणवाट परिक्षण गरिएका फाइलवाट रु.१,८१,३३८।- उपभोक्ता समितिले सम्झौता भन्दा घटी कार्य गरेकोमा सम्झौता अनुसार नै खुद काम गरेको अनुपातमा खर्च गरेकोले वढी भुक्तानी दिएको रकम असुल हुनु पर्दछ ।

२० **सम्झौता र असुलीः** ठेकेदारहरुसंग कवुलियतनामा तथा सम्झौता वमोजिम असुल हुनुपर्दछ । कवुलियतनामा र सम्झौतामा उल्लेख नगरी ठेकेदारलाई कवुल अंकमा छुट दिई रु.१,९४,९००।- घटी असुली गरेको पाइयो । कवुलियतनामा वमोजिम असुली नहुंदा रु.१,९४,९००।- आय नोक्सान भएको छ । सम्झौतामा अनुसार असुल हुनुपर्दछ ।

२०.१ **हर्जना असुलः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार सम्झौता वमोजिमको किस्ता नवुझाएको सम्बन्धमा सुद समेत असुल गर्ने उल्लेख छ । विज्ञापन करवापत एक स्वीकारकर्ताले गत बर्षको आन्तरिक आय रु.७२,६००।- सम्झौता भन्दा १ वर्ष ढिलाई गरी वुझाए वापत १० प्रतिशत हर्जना असुल हुनु पर्दछ ।

२०.२ **वक्यौता असुलीः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ वमोजिम सम्झौता अनुसार तिर्नु वुझाउनु पर्ने रकम नवुझाएमा सरकारी बांकी सरह असुल हुनु पर्ने उल्लेख छ । बिभिन्न ६ व्यक्ति तथा संस्थाहरुले भाडा वापत रु.६,३०,०९७।- नवुझाई बांकी राखेकोले असुल हुनुपर्दछ ।

२१ **एकिकृत सम्पत्ति करः** यस नगरपालिकामा स्थानीय निकाय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली ,२०५६ वमोजिम एकिकृत सम्पत्ति कर विद्युतिय अभिलेखमा राखेको पाइयो । परिक्षण गर्दा कूल करदाता १४५२१ घरधुरी रहेकोमा यो बर्ष सम्म ७०१४ जनाले एकिकृत सम्पत्ति कर दाखिला गरेकोमा ७,४९० जनावाट कर तिर्न बांकी रहेको पाइयो । नगर क्षेत्र भित्रका करदाताहरुवाट सम्पत्ति खरिद विक्रीको अभिलेख अद्यावधिक नहुंदा र करदातालाई दिने सेवासंग जोड्न नसक्दा वक्यौता असुलीमा असर पर्ने देखिन्छ । अभिलेख व्यवस्थित गरी तिर्न बांकी करदाताहरुसंग कर असुली गर्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ ।

२२ **धरौटी लेखाः** कार्यालयले स्थानीय स्वायत्त शासन ऐन, २०५५ वमोजिम नगर क्षेत्र भित्र घरनक्शा पास गर्ने प्रयोजनको लागि नगरवासिले राखेका धरौटी र निर्माण व्यवसायीहरुले रिटेन्सन वापत राखेको धरौटीको व्यहोरा खुल्ने गरी अलग अलग नाम नामेसी समेतको विवरण राख्नु पर्नेमा राखेको पाइएन ।

व्यक्तिगत धरौटी खातामा प्रयोजन खुलाई विवरण अद्यावधिक नराख्नाले घरनक्शा पास गरी निर्माण सम्पन्न लिए नलिएको एकिन गर्न सकिने देखिंदैन । सेवाग्राहीले म्याद थप माग गरेको अवस्थामा वाहेक उक्त धरौटी सदरस्याहा गरी आम्दानी वांध्नु पर्नेमा स्पष्ट अभिलेखको अभावमा निर्माण सम्पन्न नगर्नेको धरौटीलाई आयमा हस्तान्तरण नगर्दा आयमा असर पर्ने देखिन्छ । निर्माण व्यवसायीको अभिलेख राखी धरौटीको विवरण तयार नहुंदा धरौटी दायित्व एकिन गर्न नसकिने, प्रयोजन समाप्त नहुँदै धरौटी फिर्ता हुने जस्ता जोखिम रहेकोले धरौटीको प्रयोजन खुल्ने गरी धरौटीको लेखा व्यवस्थामा सुधार हुनुपर्दछ ।

२२.१ **हिसाव समायोजनः** धरौटीको स्रेस्ताको मौज्दात र वैंक हिसाव विवरण फरक परेमा हिसाव समायोजन हुनुपर्दछ । कार्यालयको स्रेस्ता अनुसारको धरौटी बांकी रु.७३,६६,२२७- रहेकोमा वैंकमा रु.७४,८३,५५०।- रहेको छ । स्रेस्तामा भन्दा वैंकमा रु.१,१७,२२२।- वढी देखिएको सम्बन्धमा हिसाव भिडान गरी आम्दानी वांध्नु पर्ने देखिन्छ ।

२३ **अनुगमन परिक्षणः** लेखापरीक्षणवाट औंल्याएका व्यहोराहरु कार्यान्वयन हुनुपर्दछ । गत विगतको लेखापरीक्षणवाट औंल्याएका मध्ये कार्यान्वयन नभएका गुरुयाोजना निर्माण तथा अद्यावधिक नभएको, जिन्सी व्यवस्थापन सम्बन्धी सुझाव कार्यान्वयन नभएको र नगर विकास कोषसंगको सम्झौता अनुसार तिर्नुपर्ने दायित्व देखिने गरी हिसाव दुरुस्त नराखेको व्यहोरा समावेश छन् ।

२४ **वेरुजू लगतः** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार वेरुजूको लगत राख्ने काम सम्बन्धित निकायको हुने उल्लेख छ । स्थापना हुनु पूर्व छुट्टै अस्तित्वमा रहेका निकायको पेश्की बांकीको विवरण र वेरुजू विवरण प्राप्त नभएकोले वेरुजूको लगत एकिन गर्न सकिएन । प्राप्त विवरण अनुसार ११ जना व्यक्तिको फछ्र्यौट हुन बांकी रु.२८,३१८।- मध्ये लेखापरीक्षण गर्दा वेरुजू रु.१,०३१।- सम्परीक्षण गरिएको छ । गत विगतको बांकी वेरुजूको लगत अद्यावधिक गरी फछ्र्यौट गर्नुपर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट शुरु बेरुजु रु. १ करोड २९ लाख ७६ हजार बेरुजू मध्ये असुल गर्नुपर्ने रु.१५ लाख ५१ हजार, अनियमित भएको रु. १ करोड १० लाख ६ हजार, र पेश्की रु.४ लाख १९ हजार रहेको छ ।

# महालक्ष्मी नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.१२ लाख ६३ हजार र यो वर्ष आय रु. ८ करोड ८७ लाख २६ हजार समेत रु. ६ करोड ९९ लाख ८९ हजार आम्दानी भएकोमा रु.५ करोड १२ लाख ९८ हजार खर्च भई रु.१ करोड ८६ लाख ९१ हजार रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१ **आन्तरिक लेखापरीक्षण:** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६१ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण आफ्नै आन्तरिक लेखापरीक्षकवाट गराउनु पर्नेछ । स्थानीय तहमा लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकवाट गराउन सक्ने उल्लेख छ । यो तह र गाभिएका निकाय समेतको जि.स.स.बाट आन्तरिक लेखापरीक्षण गराएको छ । आन्तरिक लेखापरीक्षणवाट औंल्याइएका वेरुजूहरु अन्तिम लेखापरीक्षण हुनु अघि फछ्र्यौट गरीसक्नु पर्नेमा गरेको पाइएन । आन्तरिक लेखापरीक्षण ढीला भएको कारण समयमा फछ्र्यौट गर्न नसकिएको भनाई रहेको छ ।

२ **सम्पत्ती हस्तान्तरण :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा स्थानीय तह गठन हुदा सो भित्र समाहित भएका गाउँविकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ती, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तीको अभिलेख तथा जिन्सी लगत खाता बर्षको अन्तमा स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधी २०७४ मार्ग १२ भित्र साविक निकायको जिन्सी सम्पत्ती हस्तान्तरण भई आएको देखिएन । सम्पत्ती हस्तान्तरण नगर्दा दुरुपयोग हुनसक्ने देखिएको छ ।

२.१ स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ८१ मा गाउँपालिका वा नगरपालिकाको क्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायवाट संचालन भइ आएका स्थानीय स्तरका कार्यालयहरुका संरचना चल अचल सम्पत्ती (कृषि पशु सेवा उप सेवा केन्द्र प्राथमिक स्वास्थ्य केन्द्र स्वास्थ्य चौकी उपस्वास्थ्य चौकी आर्युवेद औषधालय, शिक्षा स्रोत केन्द्र सामुदायिक सिकाई केन्द्र सामूदायिक सूचना केन्द्र सामुदायिक पुस्तकालय सामुदायिक भवन, सरकारी वृद्धाश्रम, खेलकुद सम्वद्ध) सरकारी संरचना विभिन्न योजनावाट सम्पन्न खानेपानी सिचाई जस्ता विकास निर्माण आयोजनाहरु आदि गाउपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुनुपर्दछ । यसरी हस्तान्तरण भई आउने सम्पूर्ण सम्पत्तीको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा रहेका यस्ता सम्पत्ती, आयोजना लगायतका संरचनाहरु को लगत तयार गरी यस नगरपालिकाले सार्वजनिक गरेको देखिएन ।

३ **मौज्दात फिर्ता:** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ६५ मा चालु आर्थिक वर्षको अन्तमा वडाको खर्च खातामा रहेको वांकी सवै रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले निम्न वडाहरुलाई उपलब्ध गराएको रकम मध्ये वर्षान्त सम्म खर्च भई वाकी रहेको रकम फिर्ता प्राप्त गरी नगरपालिकको संचित कोष खातामा दाखिला हुनु पर्नेमा भएको पाइएन । अत: खर्च नभएको निकासा रकम रु.१५,७३८।- फिर्ता प्राप्त गरी नगरपालिकाको संचित कोष दाखिला गर्नुपर्दछ ।

४ **आन्तरिक नियन्त्रण :** कुनैपनि कार्यालयले आफूले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ । जसलाई स्थानीय स्वायत्त शासन ऐन, नियमावली र आर्थिक कार्यविधि नियमावलीले समेत व्याख्या गरेको छ । कार्यालयले वार्षिक खरिद योजना नबनाएको, जिन्सी खातामा आम्दानी गर्दा पूर्ण रुपमा स्पेसिफिकेशन खुलाउने नगरेको, आवधिक गुरु योजना तयार नगरेको, आन्तरिक नियन्त्रण कार्यविधि तयारी गरी लागु नगरेको, समयमा पेश्की फछ्र्यौट नगरेको पाइयो ।

५ **सिधै खरिद:** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार रु.१ लाख भन्दा वढीको खरिदमा लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ भने रु.५ लाख भन्दा वढीको खरिदमा शिलवन्दी दरभाउपत्र लिएर खरिद गर्नु पर्ने उल्लेख छ । कार्यालयले यो वर्ष फर्निचर फिक्चर्समा रु.१४ लाख ८५ हजार दुई मोटरसाईकल खरिद वापत रु.५,३९,०००।- मेशिनरी औजार/कम्प्यूटर, इन्भट्र आदीमा रु.११,३४,०००।- गरी जम्मा रु.३१,५८,०००।- को लागत अनुमान तयार नगरी सिधै खरिद गरेको छ । खरिद गर्दा प्रतिस्पर्धामा सिमित भई नियमको पालना नभई मितव्ययितामा असर पर्ने देखिन्छ । छलफलमा स्थापना काल भएको र छोटो अवधीमा कार्य गर्नु पर्ने भएकोले सिधै खरिद गर्नु परेको कार्यालयको भनाई रहेको छ । खरिद लागत अनुमान तयार पारी प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्नुपर्दछ ।

६ **पेश्की फछ्र्यौट:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद ८ मा पेश्की रकम दिने र

फछ्र्यौट सम्बन्धी व्यवस्था वमोजिम नियम १८२ मा पेश्की अभिलेख राख्ने व्यवस्था छ । स्थानीय तहवाट प्राप्त विवरण अनुसार यो तहमा गाभिएका साविक निकाय रु.२२,२७,८०३।- म्याद नाघेको पेश्की बाँकी रहेको पाइयो । पेश्की लिनेले काम सम्पन्न गरी हिसाव फरफारक नगरेको र पेश्की फछ्र्यौट गराउने जिम्मेवारले ताकेता समेत नगरेको कारण गत विगत देखिको पेश्की लिएको रकम तोकिएको वाहेक अन्य प्रयोजनमा खर्च हुने देखिन्छ । तसर्थ फछ्र्यौट हुन बाँकी ३१ व्यक्ति तथा संस्थाको नाममा बाकी पेश्की रु.२२,२७,८०३।- को व्याज समेत गणना गरी असुल हुनुपर्दछ ।

७ **विल भरपाई:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा निकायले रकम खर्च सम्बन्धी कार्यविधि उल्लेख गरेको छ । खर्च प्रमाणीत हुने विल भरपाई लगायतको स्रेस्ता राखी खर्च गर्नु पर्नेमा साविक निकायले रु.६६,०७०।- खर्च पुष्ट्याई हुने विल नराखी खर्च गरेको देखिएकोले असुल गर्नु पर्दछ ।

८ **अग्रिम कर:** आयकर ऐन, २०५८ वमोजिम भुक्तानीमा अग्रिम कर कट्टी गरी भुक्तानी हुनु पर्नेमा कार्यालय अर्न्तगत साविक निकायले रु.१२,७०१।८८ अग्रिम कर कट्टी नगरी भुक्तानी गरेको पाइयो । भुक्तानीमा अग्रिम कर कट्टी नहुदा सरकारी आयमा असर पर्ने हुदा अग्रिम कर कट्टी रकम असुल हुनु पर्दछ ।

९ **कट्टी रकम** : आयकर ऐन, २०५८ वमोजिम कट्टी रकम सम्बन्धित राजश्व शिर्षकमा समयमै दाखिला गर्नुपर्ने र नगरेमा जरिवाना हुने उल्लेख गरेको छ । वडा नं.४ (साविक मुर्तिढुंगा गा.वि.स) ले विभिन्न मितिमा कट्टी गरेको अग्रिम आयकर रु.१३,८८१।- आर्थिक वर्षको अन्त्यसम्म पनि दाखिला गरेको छैन । अत: नियमानुसार सम्बन्धित राजश्व शिर्षकमा जम्मा हुनु पर्दछ ।

१० **जिन्सी दाखिला:** सामान खरिदको भुक्तानी गर्दा सम्बन्धित संस्थाको जिन्सी किताबमा आम्दानी जनाएको प्रमाण संलग्न हुनु पर्नेमा साविक चानुवा को गो.भौ.नं ११-२०७४।२।११ वाट सिद्धेश्वर प्रा.विलाई कम्प्यूटर खरिद वापत रु.३५,५००।- भुक्तानी गरेकोमा जिन्सी दाखिला प्रमाण पेश भएको छैन । जिन्सी दाखिला प्रमाण नराखी भुक्तानी भएकोले जिन्सी दाखिला प्रमाण पेश हुनु पर्दछ ।

११ **वढी भुक्तानी:** सम्झौता वमोजिम कार्य सम्पन्न भएको प्राविधिक नापजांच वमोजिम भुक्तानी हुनु पर्दछ । साविक मुर्तिढुंगाको भवन निर्माण वापत रु.१,००,०००।- भुक्तानी हुने गरी सामूदायिक भवन उपभोक्ता समिति मूर्तिढुंगा अध्यक्षसंग सम्झौता गरेकोमा भौ.नं.२१ वाट रु.१,००,०००।- भुक्तानी भै सकेकोमा भौ.नं.२६ मिति २०७३।९।२७ वाट सामुदायिक भवन पेश्की उल्लेख गरी भुक्तानी गरेकोमा पेश्की कायम नगरेको र थप योजनाको सम्झौता समेत भएको नदेखिएकोले एउटै काममा दोहोरो भुक्तानी भएको रकम रु.१,००,०००।- असुली हुनु पर्दछ ।

१२ **फरक दररेट :** लाभग्राहीसंग भएको सम्झौता र स्वीकृत दररेट वमोजिम काम गरी भुक्तानी हुनु पर्नेमा गणेशटार खाल्डे ग्रामिण सडक विस्तार गर्न ३२४ जना ज्यामी लगाई ५४० घनमिटर सडक मर्मत गरेको भनि रु.१,६२,०००।- को लागत अनुमान स्वीकृत गरी ८८.२७ प्रतिशत र ११.७३ प्रतिशत उपभोक्ताले व्यहोर्ने गरी सम्झौता भएकोमा सार्वजनिक परिक्षणमा पेश भएको विवरण अनुसार ३५ घण्टा उपकरण उपयोग गरी रु.९१,०००।- भुक्तानी गरेको देखिएकोले सम्झौता विपरित मेशिन प्रयोग गरेको तथा प्राविधिकवाट समेत अदक्ष ज्यामी प्रयोग गरेको देखाई रु.१,६२,०००।- कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । ज्यामी प्रयोग नगरी मेशिन लगाउंदा रोजगारी सृजनामा असर पर्ने देखिन्छ भने मेशिन लगाई गरेको रु.९१,०००।- को ८८.२७ प्रतिशतले हुने रु.८०,३२६।- भुक्तानी हुनु पर्नेमा रु.९०,०००।- भुक्तानी भएकोले वढी भुक्तानी भएको रु.९,६७४।- र उपकरण प्रयोग गरेकोमा रु.९१,०००।- को १.५ प्रतिशतले हुने अग्रिम कर रु.१,३६५।- समेत जम्मा रु.११,०३९।- असुल हुनु पर्दछ ।

१३ **प्राविधिक मूल्यांकन:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमानुसार प्राविधिक मूल्यांकन गरी कामको नापजांचको आधारमा भुक्तानी हुनु पर्नेमा साविक डाडांगाउं भौ.नं.१९ मिति २०७४।३।११ वाट भन्ज्याङ्ग, चित्रे ग्रामिण सडक मर्मत समिति सचिवलाई विल भरपाई वेगर पेश्की समेत नजनाई रु.९०,०००।- भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल हुनु पर्दछ ।

१४ **वेरुजू लगत:** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार वेरुजूको लगत राख्ने काम जिम्मेवार व्यक्तिको हुने उल्लेख छ । स्थानीय तह स्थापना हुनु अघिको अस्तित्वमा रहेका निकायको पेश्की बांकीको विवरण पेश भएतापनि फछ्र्यौट हुन बांकी वेरुजू विवरण पेश नभएकोले वेरुजूको लगत एकिन गर्न सकिएन । अत: साविक निकायको गत विगतको फछ्र्यौट हुन बांकी वेरुजूको लगत कायम गरी अद्यावधिक गरी फछ्र्यौट गर्नुपर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु. २५ लाख ७३ हजार बेरुजू देखिएकोमा सो मध्ये असुल गर्नुपर्ने रु. २ लाख ८० हजार, अनियमित रु ६५ हजार र पेश्की रु.२२ लाख २८ हजार रहेको छ ।

## साँगुरीगढी गाउँपालिका
### लेखापरीक्षण प्रतिवेदन

यस गाउपालीकाको गत वर्षको मौज्दात रु.९ लाख ५४ हजार र यो वर्ष आय रु. ५ करोड ९६ लाख ४५ हजार समेत रु. ६ करोड ५ लाख ९९ हजार आम्दानी भएकोमा रु.५ करोड २८ लाख ६८ हजार खर्च भई रु.७७ लाख ३१ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१ **घटी आम्दानी:** साविक ७ निकायको २०७३।११।२७ मा कूल रु.१,११,२६,०७०।- मौज्दात रहेकोमा स्थानीय तहले रु.१,०६,८५,२२३।- मात्र जिम्मेवारी सारेकोले घटी जिम्मेवारी सारेको रु.४,४०,८४७।- र साबिक खुवाफोकका सचिवको सग रहेको रु.२८,५९०।- समेत रु.४,६९,४३७।- को सम्बन्धमा स्थानीय तहले हिसाव मिलान गर्नुपर्ने देखिएको छ ।

२ **आन्तरिक लेखापरीक्षण:** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ६१ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण आफ्नै आन्तरिक लेखापरीक्षकवाट गराउनु पर्ने र आफ्नै लेखापरीक्षक नभएमा व्यवस्था जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकवाट गराउन सक्ने उल्लेख छ । निकायले आदेश अनुसार जि.स.स.बाट गराएकोमा अन्तिम लेखापरीक्षणसम्म आन्तरिक लेखापरीक्षणवाट निकायामा गाभिएका साविकका निकायले वेरुजू फछ्र्यौट गरेको पाइएन ।

३ **सम्पत्ति हस्तान्तरण** : स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा स्थानीय तह गठन हुदा समाहित भएका निकायको सम्पत्ती, दायित्व त्यसरी कायम भएका स्थानीय तहमा स्वत हस्तान्तरण हुने व्यवस्था छ । यस्ता सम्पत्तीको अभिलेख तथा लगत खाता बर्षन्तमा प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधी २०७४ मार्ग १० भित्र स्थानीय तहले साविकका निकायमा रहेको सम्पत्ती स्थानीय निकायमा हस्तान्तरण भएको पाइएन । सम्पत्ती हस्तान्तरण नहुदा हराउने दुरुपयोग हुनसक्ने देखिएको छ । गठन आदेश वमोजिम स्थानीय तहले साविक निकायले पेश गरको विवरणवाट देखिएका सामानहरु र विवरण उल्लेख नभएका सम्पत्ती भए सो समेत एकिन गरी स्वामित्वमा लिनुपर्ने देखिन्छ ।

३.१ स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ८१ मा स्थानीय तहको भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायवाट संचालन भइ आएका स्थानीय स्तरका कार्यालयहरु संरचना, सम्पत्ती स्थानीय तहमा हुने व्यवस्था छ । यस्ता सम्पत्तीको अभिलेख तथा बर्षन्तमा प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा रहेका यस्ता सम्पत्ती, आयोजना लगायतका संरचनाहरु को लगत तयार गरी यस तहले सार्वजनिक गरेको देखिएन ।

४ **आन्तरिक नियन्त्रण प्रणाली-** कुनैपनि कार्यालयले आफूले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ । स्थानीय स्वायत्त शासन ऐन, नियमावली र आर्थिक कार्यविधि नियमावलीले समेत व्याख्या गरेको छ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी देखिएन ।

५ **पेश्की फछ्र्यौट:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद ८ मा पेश्की रकम तथा फछ्र्यौट सम्बन्धी व्यवस्था वमोजिम नियम १८२ मा पेश्की अभिलेख राख्ने व्यवस्था छ भने नियम १८३, १८५ र १९० मा समयमा पेश्की फछ्र्यौट नगर्नेसंग सरकारी बांकी सरह व्याज समेत असुल हुनुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार यस तहमा गाभिएका साविक निकायमा रु.२१,९९,६३९।- म्याद नाघेको पेश्की बाँकी रहेको पाइयो । तसर्थ फछ्र्यौट हुन बाँकी ५४ जनाको रु. २१,९९,६३९।- को व्याज समेत गणना गरी असुल हुनु पर्दछ ।

६ **विल भरपाई वेगर खर्च:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा साविक निकाय तथा नियम २५ मा स्थानीय तहले रकम खर्च सम्बन्धी कार्यविधि उल्लेख गरेको छ । साविक निकायबाट रु.२,९२,३८०।१३ खर्च पुष्ट्याई हुने विल भरपाई वेगर खर्च गरेको देखिएकोले असुल गर्नु पर्दछ ।

७ **अग्रिम कर** : लेखापरीक्षण पारिश्रमिक वापत रु.११,९००।- खर्च लेखेकोमा नियमानुसार १५ प्रतिशतले हुने रु.१,७८५।- कर कट्टी गरेको नदेखिएकोले सो असुल गरी संचित कोष दाखिला हुनु पर्दछ ।

८ **वेरुजू लगत:** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार वेरुजूको लगत राख्ने काम जिम्मेवार व्यक्तिको हुने उल्लेख छ । यस तहको स्थापना हुनु पूर्व छुट्टै अस्तित्वमा रहेका निकायको पेश्की बांकीको विवरण पेश भएतापनि फछ्र्यौट हुन बांकी वेरुजू विवरण पेश नभएकोले वेरुजूको लगत एकिन गर्न सकिने देखिएन ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.२९ लाख ६३ हजार बेरुजू देखिएकोमा सो मध्ये असुल गर्नुपर्ने रु.२ लाख ९४ हजार, अनियमित रु ४ लाख ६९ हजार र पेश्की रु.२२ लाख रहेको छ ।

## खाल्सा छिन्ताङ्ग शहिदभूमी गाउँपालिका
### लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.४ लाख ४० हजार र यो वर्ष आय रु.५ करोड ६४ लाख ६९ हजार समेत रु.५ करोड ६९ लाख ९ हजार आय गरी रु.४ करोड ८५ लाख १० हजार खर्च गरी रु.८३ लाख ९९ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन्:

१ **घटी आम्दानी :** साबिक निकायको कूल मौज्दात रु.६५,२२,११२।- भएकोमा यस निकायमा रु.६४,७४,३३५।- मौज्दात सारेकोले रु.४७,७७७।- घटी आम्दानी देखाई आर्थिक विवरण तयार गरेकोले सो रकम आय व्ययममा समाबेश गर्नुपर्दछ ।

२ **आन्तरिक लेखापरीक्षण:** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ६१ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण आफ्नै आन्तरिक लेखापरीक्षकवाट गराउनु पर्नेछ । स्थानीय तहले आफ्नो लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकवाट गराउन सक्ने उल्लेख छ। स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेशको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण जि.स.स.वाट गराएकोमा अन्तिम लेखापरीक्षणसम्म आन्तरिक लेखापरीक्षणवाट गाभिएका साविकका निकायहरुको वेरुजू फछ्र्यौट गरेको पाइएन । आन्तरिक लेखापरीक्षण ढिला भएको र वेरुजू फछ्र्यौट गर्न सम्वन्धित पक्षवाट ध्यान नदिएको कारण अन्तिम लेखापरीक्षण अघि नै व्यहोराहरु कार्यान्वयन हुनु पर्नेमा भएको छैन ।

३ **सम्पत्ती हस्तान्तरण** : स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ८१ स्थानीय तहको  क्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायवाट संचालन भइ आएका स्थानीय स्तरका कार्यालयहरु संरचना चल अचल सम्पत्ती संरचना (कृषि पशु सेवा उप सेवा केन्द्र प्राथमिक स्वास्थ्य केन्द्र स्वास्थ्य चौकी उपस्वास्थ्य चौकी आर्युवेद औषधालय, शिक्षा स्रोत केन्द्र सामुदायिक सिकाई केन्द्र सामुदायिक सूचना केन्द्र सामुदायिक पुस्तकालय सामुदायिक भवन, सरकारी वृद्धाश्रम, खेलकुद सम्वद्ध) सरकारी संरचना विभिन्न योजनावाट सम्पन्न खानेपानी सिचाई जस्ता विकास निर्माण आयोजनाहरु आदि गाउपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुनेछ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तीको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा रहेका यस्ता सम्पत्ती, आयोजना लगायतका संरचनाहरु को लगत तयार गरी यस गाउँपालिकाले सार्वजनिक गरेको देखिएन । गठन आदेश वमोजिम तहले यस्ता सम्पत्तीको लगत अध्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ।

४ **आन्तरिक नियन्त्रण :** कुनैपनि कार्यालयले आफूले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ । जसलाई स्थानीय स्वायत्त शासन ऐन, नियमावली र आर्थिक कार्यविधि नियमावलीले समेत व्याख्या गरेको छ । कार्यालयले वार्षिक खरिद योजना नबनाएको, जिन्सी खातामा आम्दानी गर्दा पूर्ण रुपमा स्पेसिफिकेशन खुलाउने नगरेको, आवधिक गुरु योजना तयार नगरेको, आन्तरिक नियन्त्रण कार्यविधि तयारी गरी लागु नगरेको, समयमा पेश्की फछ्र्यौट नगरेको पाइयो ।

५ **अग्रिम कर:** आयकर ऐन, २०५८ वमोजिम भुक्तानीमा अग्रिम कर कट्टी गरी भुक्तानी हुनु पर्नेमा तहका अर्न्तगत साविक निकाय र हाल वडाहरुले भुक्तानी गर्दा निम्नानुसार रु.११,१५१।- अग्रिम कर कट्टी वेगर भुक्तानी गरेको पाइयो । खर्च अग्रिम कर कट्टी नगर्दा सरकारी आयमा असर पर्ने देखिंदा अग्रिम कर कट्टी वापतको असुल हुनु पर्दछ।

६ **पेश्की फछ्र्यौट:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद ८ मा पेश्की रकम तथा फछ्र्यौट सम्बन्धी व्यवस्था वमोजिम नियम १८२ मा पेश्की अभिलेख राख्ने व्यवस्था छ । निकायबाट प्राप्त विवरण अनुसार यो तहमा गाभिएका साविक निकायमा रु. १,७२,०००।- म्याद नाघेको पेश्की बाँकी रहेको पाइयो । पेश्की लिनेले समयमा काम सम्पन्न गरी हिसाव फरफारक नगरेको तथा पेश्की फछ्र्यौट गराउने जिम्मेवारवाट ताकेता समेत नगरेको कारण गत विगत देखिको पेश्की लिएको अन्य प्रयोजनमा खर्च हुने देखिन्छ । फछ्र्यौट हुन बाँकी रु.१,२४,०००।- को व्याज समेत गणना गरी रु.१,७२,०००।- असुल गर्नु पर्दछ ।

७ लेखापरीक्षण वापत एक लेखापरीक्षकलाई नियुक्ति पत्रमा तोकिएको भन्दा वढी रु. ९,४९०।- शुल्क भुक्तानी गरेकोले असुल हुनु पर्दछ ।

८ भौ.नं.२-२०७३।६।१६ वाट एक कर्मचारीलाई तलव भत्ता रु.८५,५६९।- मात्र खर्च लेख्नु पर्नेमा रु.८६,५६९।- खर्च लेखेकोले वढी रु.१,०००।- असुल हुनुपर्दछ ।

९ **वेरुजू लगत:** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार वेरुजूको लगत राख्ने काम जिम्मेवार व्यक्तिको हुने उल्लेख छ । स्थापना हुनु अघिको स्थानीय निकायको पेश्की बांकीको विवरण पेश भएतापनि फछ्र्यौट हुन बांकी वेरुजू विवरण पेश नभएकोले वेरुजूको लगत एकिन गर्न सकिएन । अत: साविक निकायको गत विगतको फछ्र्यौट हुन बांकी वेरुजूको लगत कायम गरी अद्यावधिक गरी फछ्र्यौट गर्नु पर्दछ ।

### बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु. २ लाख ४४ हजार बेरुजू देखिएको मध्ये असुल गर्नुपर्ने रु. २१ हजार अनियमित रु. ४८

हजार र पेश्की रु.१ लाख ७२ हजार रहेको छ।

## छथर जोरपाटी गाउँपालिका
### लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.६ लाख ६२ हजार र यो वर्ष आय रु.४ करोड ५२ लाख ४४ हजार समेत रु.४ करोड ५९ लाख ६ हजार आम्दानी भएकोमा रु.४ करोड ६ लाख ९८ हजार खर्च गरी रु. ५२ लाख ८ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१ **आन्तरिक लेखापरीक्षण:** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ६१ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण आफ्नै आन्तरिक लेखापरीक्षकवाट गराउनु पर्ने व्यवस्था छ। स्थानीय तहले लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षण शाखाबाट गराउन सक्ने उल्लेख छ । स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेशको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण जिल्ला समन्वय समिति, धनकुटावाट गराएकोमा अन्तिम लेखापरीक्षणसम्म आन्तरिक लेखापरीक्षणवाट गाभिएका साविकका निकायहरुले वेरुजू फछ्र्यौट गरेको पाइएन । आन्तरिक लेखापरीक्षण ढिला भएको र वेरुजू फछ्र्यौट गर्न सम्बन्धित पक्षवाट ध्यान नदिएको कारण अन्तिम लेखापरीक्षण पूर्व फछ्र्यौट हुनु पर्नेमा भएको छैन ।

२ स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा गाउपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका साबिकका निकाय वा त्यसको कनै वडाको चल अचल सम्पत्ती, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तीको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधी २०७४ मार्ग १० भित्र साविक निकायमा रहेको जिन्सी सम्पत्ती हस्तान्तरण भएको पाइएन । सम्पत्ती हस्तान्तरण नहुदा हराउने दुरुपयोग हुनसक्ने देखिएको छ । साबिक निकायबाट उपलब्ध गराएका विवरणवाट देखिएका जिन्सी सामानहरु र सो विवरण उल्लेख नभएका सम्पत्ती एकिन गरी स्वामित्वमा लिनुपर्ने देखिन्छ ।

३ स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ८१ निकायको क्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायवाट संचालन भइ आएका स्थानीय स्तरका कार्यालयहरु संरचना चल अचल सम्पत्ती संरचना (कृषि पशु सेवा उप सेवा केन्द्र प्राथमिक स्वास्थ्य केन्द्र स्वास्थ्य चौकी उपस्वास्थ्य चौकी आर्युवेद औषधालय, शिक्षा स्रोत केन्द्र सामुदायिक सिकाई केन्द्र सामूदायिक सूचना केन्द्र सामुदायिक पुस्तकालय सामुदायिक भवन, सरकारी वृद्धाश्रम, खेलकुद सम्वद्ध) सरकारी संरचना विभिन्न योजनावाट सम्पन्न खानेपानी सिचाई जस्ता विकास निर्माण आयोजनाहरु आदि स्थानीय तहमा स्वत हस्तान्तरण हुनेछ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तीको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा रहेका यस्ता सम्पत्ती, आयोजना लगायतका संरचनाहरु को लगत तयार गरी हालको स्थानीय तहले सार्वजनिक गरेको देखिएन । सम्पत्तीको लगत अध्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।

३ **आन्तरिक नियन्त्रण :** आफूले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ । स्थानीय तहले आन्तरी नियन्त्रण प्राणाली तयार गरेको पाइएन ।

४ **पेश्की फछ्र्यौट:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद ८ मा पेश्की रकम तथा फछ्र्यौट सम्बन्धी व्यवस्था वमोजिम नियम १८२ मा पेश्की अभिलेख राख्ने व्यवस्था छ भने गाउँ कार्यपालिकावाट प्राप्त विवरण अनुसार गाभिएका साविक निकायहरुमा रु.८,४३,६२५।०० म्याद नाघेको पेश्की बाँकी रहेको पाइयो । पेश्की लिने व्यक्ति तथा संस्थाहरुले काम सम्पन्न गरी हिसाव फरफारक नगरेको तथा पेश्की फछ्र्यौट गराउने जिम्मेवार पदाधिकारीवाट ताकेता समेत नगरेको कारण गत विगत देखिको पेश्की लिएको अन्य प्रयोजनमा खर्च हुने देखिन्छ । तसर्थ फछ्र्यौट हुन बाँकी ४ निकायका १७ व्यक्ति तथा संस्थाको नाममा रहेको रु.८,४३,६२५।०० को व्याज समेत गणना गरी सरकारी बाँकी सरह असुल हुनु पर्दछ ।

५ **मौज्दात फिर्ता:** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६५ मा चालु आर्थिक वर्षको अन्तमा वडाको खर्च खातामा रहेको वांकी सवै रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गतको वडामा उपलव्ध गराएको रकम मध्ये वर्षान्त सम्म खर्च नभई वाकी रहेको रकम फिर्ता गरी स्थानीय संचित कोष खातामा दाखिला भएको पाइएन । वाकी रकम रु. १२०००.०० फिर्ता प्राप्त गरी स्थानीय संचित कोष दाखिला गर्नु पर्दछ ।

६ **अग्रिम कर:** आयकर ऐन, २०५८ वमोजिम भुक्तानीमा अग्रिम कर कट्टी गरी भुक्तानी हुनु पर्नेमा स्थानीय तह अन्तर्गतका वडाले भुक्तानी गर्दा निम्नानुसार रु.३१५।- अग्रिम कर नकटाई भुक्तानी गरेको पाइयो । अग्रिम कर कट्टी नगर्दा सरकारी आयमा असर पर्ने देखिंदा अग्रिम कर कट्टी वापतको रकम रु. ३१५.०० असुल हुनु पर्दछ ।

७ **वेरुजू लगत:** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार वेरुजूको लगत राख्ने काम जिम्मेवार व्यक्तिको हुने उल्लेख छ । गाउँकार्यपालिकाको स्थापना हुनु अघिको अस्तित्वमा रहेका निकायको पेश्की बांकीको विवरण पेश भएतापनि फछ्र्यौट हुन बांकी वेरुजू विवरण पेश नभएकोले वेरुजूको लगत एकिन गर्न सकिएन । साविक निकायको गत विगतको फछ्र्यौट हुन बांकी वेरुजूको लगत कायम गरी अद्यावधिक गरी फछ्र्यौट गर्नु पर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट शुरु बेरुजु रु. ८ लाख ५६ हजार देखिएको मध्ये अनियमित रु.१२ हजार र पेश्की रु. ८ लाख ४४ हजार रहेको छ ।

## चौविसे गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु. १ लाख ८४ हजार र यो वर्ष आय रु.५ करोड २० लाख ६४ हजार समेत रु.५ करोड २२ लाख ४८ हजार आय भएकोमा रु. ४ करोड ६८ लाख ३७ हजार खर्च गरी रु. ५४ लाख ११ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन्:

१ **आन्तरिक लेखापरीक्षण:** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ६१ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण आफ्नै आन्तरिक लेखापरीक्षकवाट गराउनु पर्नेछ । गाउँपालिका, नगरपालिकाले आफ्नो लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकवाट गराउन सक्ने उल्लेख छ । यो स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेशको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण जिसस धनकुटावाट गराएकोमा आन्तरिक लेखापरीक्षणवाट यो तहमा गाभिएका साविकका निकायको वेरुजू फछ्र्यौट गरेको पाइएन । आन्तरिक लेखापरीक्षण ढिला भएकोले फछ्र्यौट गर्न ध्यान नदिएकोले अन्तिम लेखापरीक्षण पूर्व व्यहोराहरु कार्यान्वयन हुनु पर्नेमा भएको पाइएन ।

३ **सम्पत्ती हस्तान्तरण :**

३.१ स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा स्थानीय तह गठन हुदा सो भित्र समाहित भएका साबिक निकायको चल अचल सम्पत्ती, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ । हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तीको अभिलेख बर्षान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधी सम्म हस्तान्तरण भएको पाइएन । सम्पत्ती हस्तान्तरण नगर्दा हराउने दुरुपयोग हुनसक्ने देखिएको छ । उपलब्ध गराएका विवरणवाट देखिएका सामानहरु र सो विवरण उल्लेख नभएका सम्पत्ती एकिन गरी स्वामित्वमा लिनुपर्ने देखिन्छ ।

३.२ स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ८१ गाउपालिका वा नगरपालिकाको क्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायवाट संचालन भइ आएका स्थानीय स्तरका कार्यालयहरु संरचना चल अचल सम्पत्ती संरचना (कृषि पशु सेवा उप सेवा केन्द्र प्राथमिक स्वास्थ्य केन्द्र स्वास्थ्य चौकी उपस्वास्थ्य चौकी आर्युवेद औषधालय, शिक्षा स्रोत केन्द्र सामुदायिक सिकाई केन्द्र सामूदायिक सूचना केन्द्र सामुदायिक पुस्तकालय सामुदायिक भवन, सरकारी वृद्धाश्रम, खेलकुद सम्वद्ध) सरकारी संरचना विभिन्न योजनावाट सम्पन्न खानेपानी सिचाई जस्ता विकास निर्माण आयोजनाहरु आदि गाउपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुनेछ । हस्तान्तरण सम्पत्तीको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा रहेका यस प्रकारका सम्पत्ती आयोजना लगायतका संरचनाहरु को लगत तयार गरी स्थानीय तहले सार्वजनिक गरेको देखिएन । गाउपालिकाले सम्पत्तीको लगत अध्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।

४ **आन्तरिक नियन्त्रण :** कुनैपनि कार्यालयले आफूले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र नतिजामूखी ढगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ । स्थानीय तहले आन्तरी नियन्त्रण प्रणाली तयार नगरेकाले बिधिको पूर्ण पालन हुन बाकी नै देखियो । यसबाट बित्तिय पारदर्शिता न्यून हुने देखिन्छ ।

५ **पेश्की फछ्र्यौट:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद ८ मा पेश्की रकम तथा फछ्र्यौट सम्बन्धी व्यवस्था वमोजिम नियम १८२ मा पेश्की अभिलेख राखी फछ्र्यौट गर्ने व्यवस्था छ । स्थानीय तहबाट प्राप्त विवरण अनुसार गाभिएका साविक निकायहरुमा रु.१८,०१,९८२/- म्याद नाघेको पेश्की बाँकी रहेको पाइयो । पेश्की लिने व्यक्ति तथा संस्थाहरुले काम सम्पन्न गरी हिसाव फरफारक नगरेको तथा पेश्की फछ्र्यौट गराउने जिम्मेवार पदाधिकारीवाट ताकेता समेत नगरेको कारण गत विगत देखिको पेश्की लिएको रकम तोकिएको वाहेक अन्य प्रयोजनमा खर्च हुने देखिएको छ । व्यक्ति तथा संस्थाका नाममा बाकी पेश्की रु.१८,०१,९८२/- को फछ्र्यौट हुनु पर्दछ ।

६ **विल भरपाई:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा साविक निकायको बिल भरपाई सहितका श्रेष्ता राख्नु पर्ने उल्लेखा छ । जस अनुसार खर्च प्रमाणीत हुने विल भरपाई लगायतको स्रेस्ता संलग्न गरी खर्च गर्नु पर्नेमा साविक निकायले रु.१,९२,५७७- खर्च पुष्ट्याई हुने विल भरपाई नराखी खर्च गरेको देखिएकोले असुल गर्नुपर्दछ ।

७ **अग्रिम कर:** आयकर ऐन, २०५८ वमोजिम भुक्तानीमा अग्रिम कर कट्टी गरी भुक्तानी हुनु पर्नेमा याो तह अर्न्तगत साविक निकाय र हाल वडाहरुले खर्च गर्दा रु.३१,९८८।- अग्रिम कर कट्टी वेगर भुक्तानी गरेको पाइयो । खर्च गर्दा अग्रिम कर कट्टी नगर्दा आयमा असर पर्ने देखिंदा अग्रिम कर कट्टी वापतको रकम असुल हुनुपर्दछ ।

८ **बक्यौता असुली:** स्थानिय निकाय आर्थिक प्रशासन नियावली २०६४ अनुसार उठ्न बाँकी रकम सरकारी बाँकी सरह असुल हुन पर्दछ । साविक राजारानीको नाममा एक व्यक्तिलाई बार्षिक रु २,५०,०००।- तिर्ने गरी भाडामा लगाएकोमा हालसम्म रु १,२५,०००।- मात्र भाडा असुली भएको र बर्षान्तसम्म १० महिनाको भाडा असुली हुन

बाँकी रु.२,०८,३३३।- असुल गर्नुपर्दछ ।

९ **वेरुजू लगतः** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार वेरुजूको लगत राख्ने काम जिम्मेवार व्यक्तिको हुने उल्लेख छ । यो तह स्थापना हुनु पूर्व साबिक निकायको पेश्की बांकीको विवरण पेश भएतापनि फछ्र्यौट हुन बांकी वेरुजू विवरण पेश नभएकोले वेरुजूको लगत एकिन गर्न सकिएन । अतः साविक निकायको फछ्र्यौट हुन बांकी वेरुजूको लगत कायम गरी अद्यावधिक गरी फछ्र्यौट गर्नु पर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट शुरु बेरुजु  रु. २२ लाख ३६ हजार बेरुजू देखिएको मध्ये असुल गर्नुपर्ने रु.४ लाख ३४ हजार र पेश्की रु.१८ लाख २ हजार रहेको छ ।

# म्याङलुङ्ग नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.४९ लाख १४ हजार र यो वर्ष आय रु.१२ करोड ९० लाख ४७ हजार समेत रु.१३ करोड ३९ लाख ६१ हजार आम्दानी भएकोमा रु.१२ करोड २६ लाख ६६ हजार खर्च भई रु.१ करोड १२ लाख ९५ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण प्रणाली :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११४ मा कुनैपनि कार्यालयले आफुले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आर्थिक कार्यविधि सम्बन्धी आन्तरिक निर्देशिकाहरु (आन्तरिक नियन्त्रण प्रणाली) तयार गरी लागु गर्नुपर्दछ। लेखापरीक्षणको क्रममा कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली एवं वित्तिय प्रणालीको मूल्यांकनका लागि तयार गरिएको संस्थागत शासन व्यवस्था र वित्तीय व्यवस्थापनको जवाफदेहिता तथा उत्तरदायित्व पालना सम्बन्धी मुल्यांकन सूची अनुसार पालना गर्नु पर्ने व्यवस्थाको पालना गरेको छैन।

कार्यालयले आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरण र प्रभावकारी सञ्चालनका लागि यथोचित ध्यान नपुऱ्याएको कारण उल्लेखित व्यहोराहरुमा सुधार भएको पाइएन। जसले गर्दा कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीताको विश्वसनीयता कम भई नियन्त्रण प्रणालीमा समेत असर पर्न जाने देखिन्छ। तसर्थ आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गराउने तर्फ कार्यालयले समयमा नै ध्यान पुऱ्याउनु पर्दछ।

२. **खरिद योजना** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ अनुसार एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि वार्षिक दश करोडभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा सम्बन्धित निकायले त्यस्तो योजना वा आयोजना वा खरिदको अवधिभरको लागि खरिद गुरुयोजना तयार गर्नुपर्ने छ। यसरी खरिद योजना तयार गर्दा कुनै योजनाको सम्पूर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रक्रियाबाट गराउने हो सो समेत छुट्याई सम्बन्धित निकायबाट निर्णय गराउनुपर्ने उपनियम ५)मा वार्षिक दश लाख भन्दा बढि रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गर्नु पर्ने, उपनियम (९) मा चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भए पछि उपनियम (५) बमोजिम तयार भएको वार्षिक खरिद योजनामा स्वीकृत कार्यक्रम तथा बजेट अनुरुप परिमार्जन गर्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले सो अनुरुप खरिद योजना तयार गरेको पाइएन। खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आवश्यक पर्ने भएकोले नियममा भएको व्यबस्था पालना हुनुपर्दछ।

३. **मोटर साइकल खरीद :** नगरपालीकाले कोटेशन मार्फत मिति २०७४।२।२१, Yamaha SZRR मोटरसाईकल खरिद गरि रु.२,१५,९००।- भुक्तानी गरेकोमा कार्यालयको नाम र सरकारी नम्बरमा परिर्वतन गर्न बांकि रहेकोले कार्यालयको नाममा नम्बर परिर्वतन गरी जिन्सी खातामा आम्दानी बाधेको प्रमाण पेश गर्नुपर्दछ।

४. **मालसामानको लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो। कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्ने र जिन्सी अभिलेख अध्यावधिक गरि ऐन नियमको पालना हुनुपर्दछ।

५. **करार सम्झौता नवीकरण वेगर खर्च :** नगरपालिकाले इन्जीनियर दिपेन्द्र कुमार गौतमलाई मिति २०७२।४।१ को करार सम्झौताअनुसार २०७२।४।१ देखि कार्तिक मसान्तसम्मको लागि नियुक्ति गरेको पाईयो। स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम क्षेत्रिय समन्वय इकाई विराटनगरको मिति २०७२।३।२७ गतेको पत्र बाट आ.व. २०७२।७३ सम्मको लागि (थप ८ महिना ) सम्म करार सम्झौता थप गर्न सक्ने भन्ने उल्लेख रहेकोमा नगरपालिकाले करार सम्झौता नविकरण नगरी आ.व. २०७३।७४ को पुरै अवधि मासिक रु.३०,०००।– को दरले रु ३,६०,०००।– खर्च लेखेको नियमित देखिएन।

६. **बढी भुक्तानी :** अर्थ मन्त्रालयको खर्च गर्ने निर्देशिका २०७३ को सि.नं. ७.१.१५(४) अनुसार प्रशिक्षकलाई कार्यपत्र बापत रु १००० र प्रवचन वापत रु ६०० समेत १६०० प्रति कक्षा प्रशिक्षण भत्ता दिनसकिने व्यवस्था छ। कार्यालयले ७ मिति २०७४।३।१९ बाल मैत्री स्थानिय शासन चार कक्षाको नगर स्तरिय अभिमुखिकरण कार्यक्रममा प्रशिक्षण गरे वापत सहजकर्ता सर्मिला पौडेललाई रु.१,६००।- को दरले रु.६,४००।- मात्र भुक्तानी गर्नुपर्नेमा प्रति कक्षा रु.२,५००।- को दरले रु १०,०००।- भुक्तानी भएकोले रु

३६०० अशुल हुनुपर्दछ ।

७. **भवन निर्माण :** म्यालुङ्ग नगरपालीका नगर कार्यपालीकाको कार्यालय भवन निर्माण गर्नको लागि बोलपत्रको माध्यमद्धारा छनौट भएका निर्माण व्यवसायी सुनकनेशी कन्स्ट्रक्सन नेपाल प्रा.ली. सँग कबोल अंक रु.५,२५,५२,२६८।९७ मा कार्यगर्ने गरी मिति १२ अगष्ट २०१५ मा संझौता भएको पाइयो । सो संझौता अनुसार तोकिएको मितिमा कार्य सम्पन्न हुन नसकी मिति २०७३।९।८ को निवेदनअनुसार अन्तिम पटक मिति २०७३।१२।४ को निर्णयले मिति २०७४।३।११ सम्मको लागि म्याद थप गरेको पाइयो । सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२० बमोजिम खरीद संझौता बमोजिमको अवधि भित्र काम सम्पन्न गर्न नसकिने भएमा काम पुरा गर्न नसकेको कारण खुलाई म्याद सकिनु कम्तीमा ७ दिन अगावै म्यादथपको लागि निबेदन दिनु पर्ने व्यवस्था छ । तर निर्माण व्यवसायीको म्याद २०७३।९।११ समम रहेकोमा उक्त मितिको ७ दिन अगावै अर्थात २०७३।९।४ मा नै निबेदन गर्नुपर्नेमा निर्माण व्यवसायीले मिति २०७३।९।८ मा अर्थात ४ दिन अगाडि मात्र निवेदन गरी म्याद थप गरेकोमा नियमावलीको पालना भएको पाइएन । अन्तिम पटकको म्याद थप पनि मिति २०७४।३।११ सम्म मात्र भएकोमा पुनः म्यादथपको लागि कुनै कारवाही भएको देखिदैन भने भवन निर्माणको कार्यसम्पन्न पनि भएको छैन । भवन निर्माणको पाचौं रनिङ्ग विलबाट रु.१,४६,९७,१९३।१८ भुक्तानीको स्रेस्ता परीक्षण गर्दा निर्माण व्यवसायीले पेश गरेको ठेक्का बील अनुसार Electrical Item lump sum रु.२७,६३,६३५। र Sanitary work lump sum रु.३,९०,१५९।४० समेत रु.३१,५३,७९४।- समेत भुक्तानी भएको पाइयो उक्त कार्यको रकम नापी किताबमा उल्लेख गरेको छैन सो सम्बन्धमा मिति २०७४।७।२७ मा निर्माणधिन भवनको स्थलगत निरीक्षण गर्दा बिजुलीको काम र सानेटरीको भइरहेको तर पुरा भएको पाइएन । विजुली तथा सानीटरीको काम पुरा नहुदैं उक्त कार्यका लागि छुट्टयाइएको सम्पुर्ण रकम भुक्तानी गर्नु नियम सम्मत देखिएन । छैटौं बील सम्म रु.४,७७,११,५१७।६४ भुक्तानी भई रु.१,१६,७२,५४६।२९ बराबरको काम बाकी रहेको देखिन्छ । उक्त भवनको कार्य म्याद थप गरेर भए पनि छिटो भन्दा छिटो निर्माण सम्पन्न गर्ने तर्फ नगरपालीकाले ध्यान पुर्याउनु पर्दछ ।

८. **सक्कल विल वेगर खर्च** : थलाडाडा भ्यू प्वाईन्ट निर्माणका लागि रु.२,००,०००।- बजेट बाँडफाँड भएकोमा उक्त कार्य गर्न थला भ्यू प्वाईन्ट टावर निर्माण उ. स. सँग मिति २०७३।१२।८ मा संझौता भई उक्त समितिको मिति २०७४।२।५ को निर्णयले भ्यू प्वाईन्ट डिजाईन गर्नका लागि Professional network for engineering services Pvt. ltd. lalitpur Nepal लाई जिम्मा दिईएको पाईयो । उक्त कन्सल्टेन्टले भ्यू प्वाईन्टको डिजाईन तयार गरी रु.२,००,०००।- को फोटोकपी वील पेश गरी भुक्तानी भएको पाईयो । सक्कल वील वेगर फोटोकपी विलको आधारमा भुक्तानी भएको रकम नियमसम्मत नभएकोले सक्कल वील पेश हुनुपर्दछ ।

९. **चेनेज नक्वर नखुलाएको :** कार्यालयले विभिन्न सडकको स्तरउन्नती कार्य उपभोक्ता समितिमार्फत गराई खर्च लेखेको छ । उक्त सडक स्तरउन्नती कार्यको लागत अनुमान तयार हुंदा सडकको कुन चेनेजवाट कुन चेनेज सम्म उक्त मर्मत कार्य गर्ने हो सो खुल्ने गरी लागत अनुमान तयार गरेको पाइएन ।यसरी चेनेज नम्वर नखुलाई मर्मत कार्य गराई खर्च लेख्दा मर्मत कार्य दोहरो पर्न जाने सक्ने अवस्था देखिएको छ । अत ममर्त कार्य गराउदा चेनेज नम्वर खुल्ने गरी लागत अनुमान तयार गरी सोही अनुसार मर्मत कार्य गराउनु पर्दछ । यसरी चेनेज नम्वर नखुलाई सडक मर्मत कार्यमा रु.१५,१०,०००।- खर्च लेखेको छ ।

१०. **प्यान विलवाट भुक्तानी :** मुल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४(१) अनुसार प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए वमोजिमको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई विजक दिनु पर्ने व्यवस्था भए अनुसार उक्त उद्योगले कर विजक जारी गर्नु पर्नेमा ऐनमा भएको व्यवस्था रहेको छ । नगरपालिकाले नाग्दह धारा मूल संरक्षण म्याग्लुङ्ग उपभोक्ता समितिलाई धारा संरक्षण वापत रु.५१५,०००। भुक्तानी गरेकोमा विल भरपाई साथ संलग्न भएको विल मध्ये गणेश इटा उद्योग (पान नं ६००७३९८०९) को पान विल नं.०६ मिति उल्लेख नभएको विल अनुसार ४५० गोटा इटा खरिद गरेको भनी इटा प्रति गोटाको रु २४।- का दरले रु.१०,८००।- खर्च लेखेको छ । आन्तरिक राजश्व विभागको वेभसाईट www.lrd.gov.np.com को तथ्यांक अनुसार उक्त गणेश इटा उद्योग(पान नं ६००७३९८०९) मिति २०७०।९।८ देखि मूल्य अभिवृद्धि करमा दर्ताभएको देखिएको छ । नियम विपरित पान विल जारी गरी भुक्तानी भएको रु.१०,८००।- को छानविन गरी प्रमाण पेश गरिनुपर्दछ ।

११. **आयकर कट्टी नभएको :** आयकर ऐन २०५८ को नियम ८८(१) अनुसार सेवा शुल्क भुक्तानी गर्दा १५ प्रतिशतका दरले कर कट्टा गर्नु पर्ने व्यवस्था गरेको छ ।कार्यालयले विभिन्न कार्यक्रम संचालन वापत विभिन्न संघ संस्थालाइ भुक्तानी गरेकोमा परियोजनाको प्रस्ताव लेखन तथा प्रतिवेदन लेखनको भुक्तानीमा १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा कर कट्टा नगरी भुक्तानी खर्च लेखेवाट आयकर ऐनको पालना भएको पाईएन । अत ऐनमा भएको व्यवस्था अनुसार सेवा शुल्क भुक्तानी गर्दा कर कट्टा

नगरेको रु.३,६००।- असुल हुनु पर्दछ ।

१२. **बढी लागतमा लागत अनुमान तयार गरेको :** कार्यालयले विभिन्न निर्माण कार्य गर्न तयार गरेको लागत अनुमानको प्रत्येक आईटममा ३ प्रतिशत Tools and Plant को लागत जोडी लागत अनुमान तयार गरेको छ । स्वीकृत नर्मस अनुसार Soil को काम गर्नको लागि मात्र ३ प्रतिशत Tools and Plant को थप लागत जोडी लागत अनुमान तयार गर्न मिल्नेमा निर्माण कामको प्रत्येक आईटममा उक्त थप लागत जोडी लागत अनुमान तयार गरी निर्माण कार्य गराई खर्च लेखेको छ । यसरी लागत बढने गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिबाट कार्य गराई भुक्तानी गरेकोमा रु.१,५०,१४५।- बढी भुक्तानी गरेको छ ।

१३. **पेश्की :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम७४(२) अनुसार दिइएको पेश्की रकम उपनियम (३) वमोजिम तोकिएको म्याद भित्र फछ्यौट गरिनु पर्ने व्यवस्था रहेकोछ । नगरपालिकाले विभिन्न मितिमा २ जनाको नाममा दिएको पेश्की आर्थिक वर्षको अन्त्य सम्ममा पनि फछ्यौंट नभएको रु १,४६,०००/- नियमानुसार फछ्यौंट हुनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.१० लाख ९० हजार बेरुजू रहेको मध्ये असुल गर्नुपर्ने रु.७ हजार, नियमित गर्नुपर्ने रु.९ लाख ३७ हजार र पेश्की रु.१ लाख ४६ हजार रहेको छ ।

# लालीगुँरास नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.१३ लाख ७६ हजार र यो वर्षको आय रु.११ करोड ३० लाख १५ हजार समेत रु.११ करोड ४३ लाख ९१ हजार आम्दानी भएकोमा रु.८ करोड ७५ लाख ७९ हजार खर्च भई रु.२ करोड ६८ लाख १२ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण प्रणाली :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११४ मा कुनैपनि कार्यालयले आफुले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आआफ्नो कामको प्रकृति अनुसारको आर्थिक कार्यविधि सम्बन्धि आन्तरिक निर्देशिकाहरु, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्दछ। कार्यालयले सो अनुसार भए गरेको पाईएन। कार्यालयले आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरण र प्रभावकारी सञ्चालनका लागि यथोचित ध्यान नपुर्‍याएको कारण उल्लेखित व्यहोराहरुमा सुधार भएको पाइएन। जसले गर्दा कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीताको विश्वसनीयता कम भई नियन्त्रण प्रणालीमा समेत असर पर्न जाने देखिन्छ। तसर्थ आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गराउने तर्फ कार्यालयले समयमा नै ध्यान पुर्‍याउनु पर्दछ।

२. **कर कट्टी :** आयकर ऐन २०५८ अनुसार ढुवानीको भुक्तानीमा १० प्रतिशत कर कट्टी गर्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले मिति २०७३।१०।५ मा गाडीभाडा वापत भुक्तानी गरेको रु.२१,५००।- को १० प्रतिशत भाडा कर रकम रु.२१५०। अशुल गरिनु पर्दछ।

३. **भरपाई पेश नभएको :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ। कार्यालयले मिति २०९३।९।१ मा सरसफाई तथा ढुवानी वापत रु.१२,५००। खर्च लेखेकोमा सो को रकम बुझाएको भरपाई पेश भएको छैन।

४. **भ्रमण आदेश :** भ्रमण खर्च नियमावली, २०६४ अनुसार जिल्ला भन्दा बाहिर भ्रमण गर्दा एब तह माथिको अधिकृतबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्ने व्यवस्था छ।कार्यालयले मिति २०७४।२।१७ मा कार्याकारी अधिकृत श्री डिक बहादुर कार्की सडक बोर्ड योजना कार्यक्रममा भाग लिन मिति २०७४।२।७ देखि मिति २०७४।२।११ सम्म काठमाण्डौं जादाको भ्रमण आदेश आफैले स्वीकृत गरी रु.१६,३००।- दैनिक भ्रमण भत्ता खर्च लेखको छ। नियमावलीमा भएको व्यवस्थाको पालना गरेको छैन।

५. **टुक्रा पारी खरिद गरेको :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रापारी खरिद गर्नु नहुने व्यवस्था छ। साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११(१) अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले कम्प्युटर, ल्यापटप,फर्निचरहरु लगायतका सामानहरु खरिद गर्दा नियममा व्यवस्था भए अनुसार लागत अनुमान तयार गर्ने गरेको छैन भने समान खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक गरी रु.१८,८७,९६५।- मुल्यको खरिद गरेको देखियो। नियमले व्यवस्था गरे अनुसार सामान खरिद गर्दा लागत अनुमान तयार गरी सिलवन्दी दरभाउ वा सिलवन्दी वोलपत्रको माध्यमवाट खरिद गर्ने गर्नुपदछ र प्रतिस्पर्धा सिमित पार्न हुदैन।

६. **मोटर साइकल खरीद :** सरकारी कार्यालयले सवारी साधन खरीद गर्दा सो को स्वामित्व कार्यालयको हुने गरी सरकारी नम्वरमा सवारी साधन दर्ता गराउनु पर्ने व्यवस्था छ। कार्यालयले २०७४।३।२५, मोटरसाइंकल खरिद गरि रु.२,६४,४००। तिरुपति अटो सिटी लाइं भुक्तानि गरेकोमा उक्त सपवारी साधन कार्यालयको नाम र सरकारी नम्बरमा परिर्वतन गर्न बाकि रहेकोले यथासिघ्र सरकारी नम्बरमा परिर्वतन गर्नुपर्दछ।

७. **मु.अ.कर समायोजन** : मुल्य अभिवृद्धीकर नियमावली ,२०५३ को १७ वमोजिम दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपुर्ती गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई तोकिए वमोजिमको ढाँचामा कर विजक दिनुपर्नेछ। ऐनको दफा १४ (२) वमोजिम विजकको ढाँचा तोकिए वमोजिमको हुने समेत व्यवस्था छ। नगरपालिकाले विभिन्न मितिमा जय जगदम्बा ट्रेडिङ्ग इटहरीवाट फर्निचर सामानहरुको खरीदको भुक्तानी गर्दा भ्याट विल सच्चिएकोले मु अ कर वापत भुक्तानी गरेको रकम समायोजन गरेको रु.५५,०८२।- को प्रमाण पेश हुनुपर्दछ।

८. **बढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) अनुसार खर्च लेख्दा खर्चको रित पुगे नपुगेको जाच गरी खर्च भुक्तानी गर्नु पर्ने व्यवस्था छ। कार्यालयले विभिन्न मितिमा सडक निमार्ण कार्यको खर्च भुक्तानी गर्दा वास्तविक कार्य भन्दा बढी कार्यको भुक्तानी गरेवाट रु.११,७७६।- असुल गर्नुपर्दछ।

९. **भरपाई नभएको :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले २०७४।३।६मा बालमैत्री स्थानीय शासन घोषणा सम्बन्धी कार्यक्रम मिति २०७४।२।२९ र ३० गते सञ्चालन भई यातायात खर्च समेत भत्ता वितरण गरेकोमा बालकुमारी गुरुङ्गलाई रु.७२५।- र शान्ति सुब्बालाई रु.४२५।- खर्च लेखि भुक्तानी लेखेकोमा निजहरुले रकम बुझेको नपाईएकोले उक्त रकम रु.१,१५०।- बेरुजु खातामा दाखिला गर्नुपर्दछ ।

१०. **नगदी रसिद :** कार्यालयबाट सिफारीस,जरिबाना,पञ्जीकरण आदी कार्यका लागि विभिन्न मितिमा नगदी रसिद छपाई गरी वार्डहरुमा पठाईएको पाईयो । कति रसिद छपाई गरी कुन कुन वार्डहरुले कति रसिद बुझेर लिएको र ती मध्ये कति प्रयोग गरी कति बाकी तथ कुल कति राजस्व आउनुपर्ने हो स्पष्ट देखिने गरी अभिलेख राखेको पाईएन । साथै नगरपालीकाबाट छपाई गरेका रसिदको रसिद नियन्त्रण खाता राख्ने गरेको पाइएन । आर्थिक नियमावलीले तोके अनुसार रसिद नियन्त्रण खाता राख्नुपर्दछ ।

११. **कार्यक्रम र्सचालन नभएको :** नगर परीषदबाट आ.व. २०७३।७४ को वार्षिक कार्यक्रम स्वीकृत भई बजेट समेत व्यवस्था भएकोमा विभिन्न १६ कार्यक्रमहरु संचालन नभई रु.१६,५४,०००।- खर्च गरेको पाईएन । नगर परिषदवाट स्वीकृत कार्यक्रम संचालन नभएवाट तोकिएको लक्ष्य प्राप्त भएको छैन भने लक्षितवर्ग लाभवाट वन्चित हुनु परेको छ । तसर्थ कार्यालयले तोकिएको कार्यक्रम संचालन गरी लक्षित प्रगति हासिल गर्नेतर्फ अग्रसर हुनु पर्ने देखिन्छ ।

१२. **ढीला कार्य सम्पन्न :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२८(१) अनुसार तोकिएको समयमा काम सम्पन्न गर्न नसकिने भएमा सम्झौताको म्याद सकिनु कम्तीमा ७ दिन अगावै सम्बन्धित निकयामा अवधि थपको लागि निवेदन दिनुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न निर्माण काम गर्न उपभोक्ता समितिसंग सम्झौता गरेकोमा तोकिएको म्याद भित्र कार्य सम्पन्न गर्नुपर्नेमा गरेको छैन । साथै तोकिएको अवधि भित्र कार्य सम्पन्न नभएकोमा म्याद माग गरेको समेत देखिएन । यसरी सम्झौता अनुसार तोकिएको अवधि भित्र कार्य सम्पन्न नगर्ने तथा म्याद थप समेत नभएको अवस्थामा समेत कार्यालयले केही कारवाही नगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ ।कार्यालयले नियमावली भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

१३. **कार्य सम्पन्न नभएको :** पिगुवा खोला खानेपानी ईन्टेक निर्माण गर्न रु.२,५०,६०४।– को लागत अनुमान अनुसार लागत सहभागिता रु.५०,६०४।– उपभोक्तावाट जम्मा गरेको छ । उपभोक्ताले उक्त योजना सचालन गर्न नेपाल प्लास्टीक्स प्रा.लि.वाट ११०।१० साईजको ११४ मिटर पोलिथिन पाईप खरिद गरी मिति २०७४।३।२५मा विल रकम रु.१,२२,४११।– मध्ये कार्यालयले रु.९१,७७९।– मात्र भुक्तानी गरेको छ । उपभोक्ताले उक्त पाईप सम्म खरिद गरेको छ भने सम्झौता अनुसारको ईन्टेक निर्माण गरेको छैन । यसरी ईन्टेक समेत वनाई खानेपानीको योजना सम्पन्न गर्नुपर्नेमा इन्टेक नै नवनाई पाईप मात्र खरिद गरेको आधारमा योजना सम्पन्न गरेको छ ।

१४. **घटी कर कट्टा :** आयकर ऐन, २०५८ को दफा ८९ (ख) अनुसार आकस्मिक लाभ करमा २५ प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले लाली गुरास आइडल (एकल तथा सामूहिक नृत्य ) प्रतियोगिता संचालन गर्दा पुरस्कार रकमको कर रु.७५००। कट्टा गर्नुपर्नेमा रु.४५००। मात्र गरेवाट नपुग रु.३०००। तथा Sound System भाडामा ल्याएवापतको कर १० प्रतिशत कट्टा गर्नुपर्नेमा कर नकटाई भुक्तानी गरेवाट रु.३३७५। समेत रु.६,३७५। असुल गर्नुपर्दछ ।

१५. **आयकर कट्टी :**आयकर ऐन २०५८ को दफा ८८(१) अनुसार सेवा शुल्क भुक्तानीमा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था छ । कार्यालयले मिति २०७४३।२६ मा दलित महिला सशक्तिकरण नगरस्तरीय क्षमता विकास तालिम संचालन ४ दिने कार्यक्रमको रु ७५,०००। खर्च लेखेकोमा २ जना श्रोत व्यक्तिलाई कक्षा संचालन वापत पारिश्रमिक रु १२,०००।- भुक्तानी गरेकोमा आयकर ऐन अनुसार १५ प्रतिशत कर कट्टा गरेको छैन । यसरी नियममा भएको व्यवस्था अनुसार १५ ले हुने वापत रु १८०० कर कट्टा नगरेको रकम असुल हुनुपर्दछ ।

१६. **चेनेज नम्वर नखुलाएको :** कार्यालयले विभिन्न सडकको स्तरउन्नती कार्य उपभोक्ता समितिमार्फत गराई खर्च लेखेको छ । उक्त सडक स्तरउन्नती कार्यको लागत अनुमान तयार हुंदा सडकको कुन चेनेजवाट कुन चेनेज सम्म उक्त मर्मत कार्य गर्ने हो सो खुल्ने गरी लागत अनुमान तयार गरेको पाइएन ।यसरी चेनेज नम्वर नखुलाई मर्मत कार्य गराई खर्च लेख्दा मर्मत कार्य दोहरो पर्न जाने सक्ने अवस्था देखिएको छ । अत मर्मत कार्य गराउदा चेनेज नम्वर खुल्ने गरी लागत अनुमान तयार गरी सोही अनुसार मर्मत कार्य गराउनु पर्ने देखिन्छ ।

१७. **विल वेगर खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले मिति

२०७४।३।२५ मा सामुदायिक भवनको शौचालय निर्माण वापत उपभोक्ता समितिलाई रु.२,००,०००। भुक्तानी गरेको छ । उक्त शौचालयको लागत अनुमान अनुसार ठेक्का सम्वन्धी विलमा उडिसा २० ईन्चको Pan Top and Fitting Charge समेत भनी रु.५,०००।- भुक्तानी खर्च लेखेकोमा उक्त सामान खरिद गरेको विल संलग्न भएको छैन भने Reinforcement work भनी Toilet Block र septic Tank को समेतको ठेक्का विल अनुसार भुक्तानी गरेकोमा उपभोक्ताले सो कार्य गर्न आवश्यक हुने फलाम डण्डी खरिद गरेको विल स्रेस्ता साथ संलग्न नभएकोमा समेत कार्यालयले उक्त काम सम्पन्न भएको भनी रु.५०,०००।- भुक्तानी गरेको रकम फिर्ता दाखिला गर्नुपर्दछ ।

१८. **सेवा शुल्क :** आयकर ऐन २०५८ को दफा ८८(१) अनुसार सेवा शुल्क भुक्तानीमा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था छ । कार्यालयले मिति २०७४।३।२५ मा महिला सशक्तिकरण नगर स्तरीय मिति २०७४।३।२९ देखि २ दिनको कार्यक्रम संचालन गर्दाको रु.७५०००।- खर्च लेखेको छ । उक्त कार्यक्रममा सहजीकरण गरेको भनी २ जना व्यक्तिलाई भत्ता भुक्तानी गरेकोमा आयकर ऐन अनुसार १५ प्रतिशत कर कट्टा गरेको छैन । ऐनमा भएको व्यवस्था अनुसार १५ प्रतिशतले हुने रु.९००।- असुल हुनुपर्दछ ।

१९. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम७४(२) अनुसार दिइएको पेश्की रकम उपनियम (३) वमोजिम तोकिएको म्याद भित्र फछ्यौट गरिनु पर्ने व्यवस्था रहेका छ । कार्यालयले इन्जीनियर हरि श्रेष्ठलाई परिचय पत्र निर्माण तथा सामान वितरण कार्यक्रमको लागि दिइएको पेश्की रु.५०,०००।- आ.व.को अन्त्य सम्ममा पनि फछ्यौट नभएकोले नियमानुसार फछ्यौट गरिनुपर्दछ ।

## बेरुजु स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.४ लाख ७२ हजार बेरुजू रहेको मध्ये असुल गर्नुपर्ने रु.२४ हजार, नियमित गर्नुपर्ने रु.३ लाख ९८ हजार र पेश्की बांकी रु.५० हजार रहेको छ ।

# आठराई गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.१ लाख र यो वर्ष आय रु.८ करोड १४ लाख ४१ हजार समेत रु.८ करोड १५ लाख ४१ हजार आम्दानी भएकोमा रु.७ करोड ५५ लाख ५४ हजार खर्च भई रु.५९ लाख ८७ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **खरिद योजना** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ अनुसार एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि वार्षिक दश करोडभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा सम्बन्धित निकायले त्यस्तो योजना वा आयोजना वा खरिदको अवधिभरको लागि खरिद गुरुयोजना तयार गर्नुपर्ने छ। यसरी खरिद योजना तयार गर्दा कुनै योजनाको सम्पूर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रक्रियाबाट गराउने हो सो समेत छुट्याई सम्बन्धित निकायबाट निर्णय गराउनुपर्ने उपनियम ५) मा वार्षिक दश लाख भन्दा बढि रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गर्नु पर्ने, उपनियम(९) मा चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भए पछि उपनियम (५) बमोजिम तयार भएको वार्षिक खरिद योजनामा स्वीकृत कार्यक्रम तथा बजेट अनुरुप परिमार्जन गर्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले सो अनुरुप खरिद योजना तयार गरेको पाइएन । खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आवश्यक पर्ने भएकोले नियममा भएको व्यबस्था पालना हुनुपर्दछ।

२. **कन्टिन्जेन्सी खाता** : नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ९६२, मिति २०७०।१।२४ गतेको परिपत्र अनुसार कार्यालयले निर्माण कार्यमा खर्च गर्ने रकमको ५ प्रतिशत रकम कन्टिन्जेन्सी खर्च गर्न पाउने व्यवस्था छ। यसरी कन्टीनजेन्सी रकम खर्च गर्दा छुट्टै खाता राखी ३ प्रतिशत प्रशासनिक र २ प्रतिशत पुँजी निर्माणमा खर्च गर्न मिल्नेमा गाउपालिकाले कन्टीन्जेन्सी खर्च देखिने गरि छुट्टै खाता राखेको देखिएन। अत कन्टीन्जेन्सी खाता राखी कन्टीन्जेन्सी रकम व्यवस्थीत गरिनु पर्दछ।

३. **आम्दानी सम्वन्धमा** : साविक गाउँविकास समिति खाम्लालुङ, सक्रान्तिवजार, थोक्लुङ,चुहानडाडा, छातेढुंगा, ह्वाकु र ईवा बाट फाल्गुन मसान्त सम्म आन्तरिक आय ज्यादै न्युन रहेको देखियो । गाउँपालिका गठन भए पश्चात पनि गाउँपालिकाको आन्तरिक आय नदेखिएकोले गाउँपालिकाले गरेको खर्चको अनुपातमा आन्तरिक आय वृद्धि गर्नुपर्ने देखिन्छ।

४. **कारोबारको लेखा :** आर्थिक कार्यविधि ऐन, २०५५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक केही गाउँ विकास समितिले निर्दिष्ट फारमहरु प्रयोग गरी प्राप्त हुन आएको आम्दानी र खर्चको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन। वैक कितावमा अभिलेख राख्ने प्रयाससम्म भएको तर जोड जम्मा नभएको, निदृष्ट महलहरुमा अंक प्रविष्टी नगरेको,अधिकांश भूक्तानी लिनेलाई भरपाई नगरी भूक्तानी दिएको, अतः गाउँपालिकाले आफ्नो आय व्ययको हिसाव दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ।

५. **मालसामानको लागत अनुमान :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो। कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्ने र जिन्सी अभिलेख अध्यावधिक गरि राख्नु पर्दछ।

६. **सार्वजनिक परीक्षण** : स्थानीय निकाय आथिंक प्रशासन नियमावली, २०६४ को नियम १५६ मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कायं शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्वन्धित कार्य स्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्वन्धित स्थानीय निकायमा प्रस्तुत गर्नु पर्ने व्यवस्था छ । उपभोक्ता समितिवाट संचालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन। केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन । प्राविधिकवाट सम्पादन हुनुपर्ने अधिकांश ल.इ. कामको मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन यथार्थपरक नभएका, संम्झौतापत्रमा खुलाउनु पर्ने कुराहरु नखुलाइएका,भूक्तानी दिने अधिकारीले अधिकांश बील भरपाई र सो संग सम्वन्धित कागजातहरु प्रमाणित गर्ने नगरेको,भूक्तानी पाउने अधिकांशलाई चेक वा रकम वुझाउने नगरेको समग्र अवस्थावाट निर्धारित समयमा पारदर्शी रुपमा गुणस्तरयुक्त कार्य सम्पन्न भएको छ,देखाएका खर्चका विल भरपाइं सहि र यर्थाथपरक छन् भनि विश्वस्त हुने आधार देखिदैन। उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराइ त्यसको प्रतिवेदन सम्वन्धित निकायमा प्रस्तुत

गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनुपर्दछ ।

७. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं.२०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार वरवुझारथ, पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ ।

८. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था छ, कार्यालयले जिन्सी निरिक्षण प्रतिवेदन तोकिएको ढाँचामा, जिन्सी खाता अध्यावधिक गरी आफ्नो गाउपालिकाको सम्पति एकीन गरि राख्नुपर्ने र नियमानुसार जिन्सी निरिक्षण गराई सम्पतिको संरक्षण र समर्वद्धनको व्यवस्था गर्नुपर्दछ ।

९. **लेखापरीक्षण :** सामाजिक सुरक्षा भत्ता र जि.समन्वय समितिको कार्यालयवाट निकासा भएको निर्वाचन क्षेत्र विकास कार्याक्रम, निसर्त अनुदान लगायत अन्य विभिन्न अनुदानको रकमका खर्चका सक्कल वील भरपाईहरु पेश्की फछ्र्यौटका लागी सम्वन्धित जिल्ला समन्वय समितिको कार्यालयमा पठाएकाले गा.वि.स.मा अभिलेखाङ्न मात्र परीक्षण भएको छ ।

१०. **टुक्रा पारी खरिद गरेको :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११(१) अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न सामानहरु रु.१७,७९,५०८।- खरिद गर्न नियममा व्यवस्था भए अनुसार लागत अनुमान तयार गर्ने गरेको छैन भने समान खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक खरिद गरेको देखियो । यसरी नियमले व्यवस्था गरे अनुसार सामान खरिद गर्दा लागत अनुमान तयार गरी सिलवन्दी दरभाउ वा सिलवन्दी वोलपत्रको माध्यमवाट खरिद गर्नु पर्दछ ।

११. **बढी भुक्तानी** : कार्यालयलाई आवश्यक पर्ने विभिन्न फर्निचरहरु शिलवन्दी दरभाउपत्रको माध्यामवाट खरिद गरेको भनी मारुति स्टोर्सको विल अनुसार रु १०,०७,४२९।- मु अ कर सहित भुक्तानी गरेकोमा BOQ अनुसार Low Bed को प्रति थान को रु १७७०० मात्र भएकोमा रु.१८,७००।- का दरले भुक्तानी गरेवाट प्रति थानको रु ११००। मु अ कर सहित बढी भुक्तानी भएको छ । यसरी BOQ अनुसार मात्र सामान आपूर्तक लाई भुक्तानी दिनु पर्नेमा सो भन्दा बढी भुक्तानी गरी बढी खर्च लेखेको रकम रु.३३९०।- असुल हुनुपर्दछ ।

१२. **भरपाई :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (८) अनुसार। कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ । खर्च भएको सबै रसिद बिल भरपाईहरूमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले "भुक्तानी भएको" जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । तर साविक गांउविकास समिति तथा गाउपालिकाको कार्यालयहरुले कर्मचारी फर्म, विक्रेता, सप्लायर्स, संघ संस्थालाई भुक्तानी दिदा अधिकांश भुक्तानी चेक बाट बुझाएको भनि रितपुर्वकको भरपाई राख्ने गरेको पाईएन । अत कार्यालयबाट हुने सम्पुर्ण भुक्तानीमा भुक्तानी पाउने सम्बन्धीत कर्मचारी फर्म पार्टी सप्लायर्स संघ संस्थाको भरपाई संलग्न गरी राखिनुपर्दछ ।

**चुहानडाडा गाउँ विकास समिति**

१३. **आयकर कट्टा नगरेको** : आयकर ऐन २०५८ अनुसार भुक्तानी रकमको १.५ प्रतिशत आयकर कट्टा गर्नु पर्ने व्यवस्था छ कार्यालयले मोटर साइकल लगायत अन्य विभिन्न सामान खरीद गरी भुक्तानी गर्दा आयकर वापत रु.९,०८८।- कट्टा नगरी भुक्तानी गरेवापत उक्त कर रकम असुल हुनुपर्दछ । मिति २०७३।०९।०६ मा गा.वि.स. कार्यालयले एक थान मोटरसाइकल रु २०००००।०० , कम्प्युटर, प्रिन्टर एक थान खरिद रु.१,००,०००।- मा खरिद गरी जम्मा रु.३,००,०००।- भूक्तानी भएकोमा भूक्तानीमा अग्रिमकर रु.३,९८३।– कट्टा नगरेकोले उक्त रकम अशुल गर्ने तथा खरिद गरेको सामग्री हरु जिन्सी दाखिला हुनुपर्दछ ।

१४. **सहकारी संस्थालाई अनुदान** : कार्यालयले ११ मिति २०७३।११।२६ अनुसार चुहानडांडा वचत तथा ऋण सहकारी संस्थालाई सोलार खरिद गर्न रु.१,५०,०००।- अनुदान दिएको छ ।सरकारी कार्यकम संचालन गर्न प्राप्त भएको रकम सोही अनुसारको कार्यक्रम संचालन गरी खर्च लेख्नु पर्नेमा वचत तथा ऋण सहकारी संस्थालाई उपलव्ध गराउनु नियम संगत देखिएन ।

१५. **वितरण तथा प्रयोजन नखुलाई खर्च गरेको :** कार्यालयले मिति २०७३।११।२६ मा आदिवासी जनजाती कार्यक्रम अन्तर्गत रु.२,५०,३३५।- आदिवासी जनजाती समाज चुहानडाडालाई भूक्तानी दिइएकोमा व्याग रु.१,५०,०००।- तालीमको लागी वुक रु.३०,०००।- अन्य भाषा पुस्तकहरु रु.२६,३३५।- र दोश्रो वीलवाट किताव रु.२०,०००।-, कपी रु.१६,०००।- डटपेन रु.८,०००।- गरी जम्मा रु.२,५०,३३५।- का सामान मेची

वुक्स एण्ड स्टेशनरी सप्लार्यसवाट खरिद भएकोमा उल्लेखित सामान कहां कुन प्रयोजनमा प्रयोग भएको हो ? र कसलाई वितरण गरिएको हो ? सोको विवरण संलग्न नरहेको साथै उल्लेखित सामानहरु वितरण गरेको भरापाई पेश भएन अत सामान वितरणको भरपाई पेश गर्नुपर्दछ ।

१६. **भाडाकर कट्टा नगरेको :** आयकर ऐन, २०५८ को दफा अनुसार भाडामा १० प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कायार्ललयलें १२ मिति २०७४।३।२६ अनुसार कृषि लक्षीत कार्यक्रम अर्न्तगत अलैचीको विरुवा प्रति ट्याक्टर रु.५,०००।- का दरले जम्मा ६ ट्याक्टरको रु.३०,०००।- भूक्तानी गर्दा वहाल कर १० प्रतिशतले हुने रु.३,०००।- कट्टी नगरेकोले उक्त रकम रु.३०,००।- अशुल गरी राजश्व दाखिला हुनुपर्दछ ।

१७. **वितरण भरपाई वेगर खर्च :** आर्थिक र्काविधि नियमावली २०६४ को नियम ३६(३) अनुसार विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले १० मिति २०७४।३।६ अनुसार वालवालिका कार्यक्रम अर्न्तगत रु.२,५४,८९०।- खर्च देखाइ वाल संरक्षण सम्वर्द्धन उपसमितिको खातामा रकम जम्मा गरेकोमा उक्त कार्यक्रम अर्न्तगत रु.४५०।-का दरले स्कुल व्याग ५६० गोटाको रु.२,५२,०००।- भूक्तानी भएको छ । उक्त खरिद गरेका ५६० वटा व्याग लक्षितवर्गलाई वितरण गरेको भरपाई संलग्न गरेको छैन ।

१८. **आवश्यक प्रमाण वेगर खर्च :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ३६(३) र (८) वमोजिम खर्च गर्दा खर्चको वील भरापाई सहित लेखा राख्नुपर्ने र भूक्तानी दिदा रीत पुगे वा नपुगेको जाच गर्नु पर्ने व्यवस्था छ । तर गाउँविकास समितिले गो भौ नं. ९ मिति २०७४।३।२६ वाट महिला प्रजनन स्वास्थ्य तथा महिला अधिकार सम्वन्धि अनुशिक्षण कार्यक्रमको लागी रु.२,५४,८९०।- भूक्तानी खर्च लेखेकोमा कार्यक्रम कुन ठाउमा भएको हो?कतिजना सहभागी थिए उपस्थिति समेत भएको प्रमाण वेगर खर्च लेखेको रकमका खर्च पुष्टी हुने प्रमाणहरु पेश पर्दछ ।

१९. **कार्य सम्पन्न प्रतिवेदन नभएको :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ ५(१ध) वमोजिम उपभोक्ता समितिले गरेको निर्माण कार्यको मुल्याङ्कन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा कार्य सम्पन्न प्रतिवेदनको आधारमा अन्तिम किस्ता भुक्तानी दिनुपर्ने उल्लेख छ ॥ कार्यालयले ९ मिति २०७४।३।६ वाट वडा नं.६ मा खानेपानी योजना मर्मत कार्यको रु.४९,०००।- भूक्तानी गरेकोमा सो को कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले पेश गरिनुपर्दछ ।

२०. **पेश्की बाकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) मा यस नियमावलीमा तोकिएको म्याद भित्र कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिने दिने दुबैथरीको कर्तव्य हुने उल्लेख छ । प्राप्त विवरण अनुसार गत विगत वर्षको फछ्र्यौट हुन बाँकी पेश्की रु.४०,०००।- देखिएको छ । नियममा भएको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गरिनुपर्दछ ।

**हुवाकु गाउँ विकास समिति**

२१. **आयकर :** आयकर ऐन २०५८ अनुसार भत्ता रकममा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था छ । कार्यालयले गा.वि.स. सचिव इन्द्रकुमार राईलाई अध्यक्ष भत्ता वापत रु.१६,५००।- भूक्तानी दिएकोमा कर कट्टी नगरेको रु २४७५।- असुल गरी राजश्व दाखिला गर्नुपर्दछ ।

२२. **पेश्की बाकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) मा यस नियमावलीमा तोकिएको म्याद भित्र कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिने दिने दुबैथरीको कर्तव्य हुने उल्लेख छ । प्राप्त विवरण अनुसार गत विगत वर्षको फछ्र्यौट हुन बाँकी पेश्की रु.२,६४,०००।- तथा यस वर्षको रु.७,९३,९०४।९८ समेत रु.१०,५७,९०४।९८ देखिएको छ । नियममा भएको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गरिनुपर्दछ

**छातेढुङ्गा गाउँ विकास समिति**

२३. **आयकर :** आयकर ऐन २०५८ अनुसार भत्ता रकममा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था छ । कार्यालयले गा.वि.स. सचिव श्री विवेकचन्द्र कार्कीलाई अध्यक्ष भत्ता अध्यक्ष भत्ता रु.१८,०००।- भूक्तानी गर्दा १५ प्रतिसत पारिश्रमिक कर रु.२७००।- कट्टा गर्नुपर्नेमा १ प्रतिसतले रु.१८०।- मात्र कट्टा गरेकोले नपुगकर रु.२,५२०।- अशुल गरी दाखिला गर्नु पर्दछ ।

२४. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले २६ मिति २०७४।३।२५ वाट गा.वि.स.सचिव श्री विवेक चन्द्र कार्कीले रु.२,४५,०००।- मा मोटर साइकल खरिद गरेकोमा उक्त मोटर साइकल जिन्सी खातामा आम्दानी वाधेको प्रमाण पेश नभएकोले जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्दछ । साथै उक्त खरीदको भुक्तानीमा कर कट्टी नगरेको रु.३६७५।- असुल गरी राजश्व दाखिला गर्नुपर्दछ ।

२५. **विल भरपाई नभएको :** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको वील भरपाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले परीषद खर्च, बैठक भत्ता खर्च, विभिन्न

निर्माण कार्यको खर्च लगायतका भुक्तानी को रु.४,८९,४४५।- खर्चका विल भरापाईहरु संलग्न गरेको नपाइएकोले खर्च पुष्टी हुने वील भरपाई पेश गरिनुपर्दछ ।

२६. **पेश्की बाकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) मा यस नियमावलीमा तोकिएको म्याद भित्र कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिने दिने दुबैथरीको कर्तव्य हुने उल्लेख छ । प्राप्त विवरण अनुसार यस वर्षको रु.३,१६,७५०।- देखिएको छ । नियममा भएको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गरिनु पर्दछ

**ईवा गाउँ विकास समिति**

२७. **आयकर :** आयकर ऐन २०५८ अनुसार भत्ता रकममा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था छ । कार्यालयले गा.वि.स. सचिव श्री इन्द्रकुमार राईलाई अध्यक्ष भत्ता  अध्यक्ष भत्ता रु.४,५००।- भूक्तानी गर्दा १५ प्रतिसत पारिश्रमिक कर रु.६७५।- कट्टा गर्नु पर्नेमा कर कट्टा नगरी भुक्तानी गरेवाट अशुल गरी दाखिला गर्नुपर्दछ ।

२८. **विल भरपाई नभएको :** आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको वील भरपाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले व्यवस्थापन खर्च,छपाई  खर्च लगायतका भुक्तानी को रु.४,५५,७४५।- खर्चका विल भरपाईहरु संलग्न गरेको नपाइएकोले खर्च पुष्टी हुने वीलभरपाई पेश गरिनुपर्दछ ।

२९. **पेश्की बाकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) मा यस नियमावलीमा तोकिएको म्याद भित्र कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिने दिने दुबैथरीको कर्तव्य हुने उल्लेख छ । प्राप्त विवरण अनुसार गत विगत वर्षको रु.५,९३,३४५।- र यस वर्षको रु.९,२६,५४८।- समेत रु.१५,१९,८९३।- पेश्की बाकी देखिएको छ । नियममा भएको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गरिनुपर्दछ ।

३०. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले ७ मिति ०७४।१।२९ वाट मोटर साइकल एक थान खरिद गरी रु.२,१५,५१२।- खर्च लेखेकोमा उक्त मोटर साइकल जिन्सी खातामा आम्दानी वाधेको प्रमाण पेश नभएकोले जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्दछ । साथै उक्त खरीदको भुक्तानीमा कर कट्टी नगरेको रु.२८६१।- अशुल गरी राजश्व दाखिला गर्नुपर्दछ ।

**थोक्लुङ विकास समिति**

३१. **पेश्की बाकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) मा यस नियमावलीमा तोकिएको म्याद भित्र कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिने दिने दुबैथरीको कर्तव्य हुने उल्लेख छ । प्राप्त विवरण अनुसार गत विगत वर्षको रु.२,५६,०३८।- पेश्की बाकी देखिएको छ। नियममा भएको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गरिनु पर्दछ

**सक्रान्ती वजार  गाउँ विकास समिति**

३२. **पेश्की बाकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) मा यस नियमावलीमा तोकिएको म्याद भित्र कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिने दिने दुबैथरीको कर्तव्य हुने उल्लेख छ । प्राप्त विवरण अनुसार गत विगत वर्षको रु.६९३,९१३।- पेश्की बाकी देखिएको छ। नियममा भएको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गरिनु पर्दछ ।

३३. **पेश्की बाकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) मा यस नियमावलीमा तोकिएको म्याद भित्र कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिने दिने दुबैथरीको कर्तव्य हुने उल्लेख छ । प्राप्त विवरण अनुसार गत विगत वर्षको रु.७६७,५८४।- पेश्की बाकी देखिएको छ। नियममा भएको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गरिनु पर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.५१ लाख ८४ हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२८ हजार, नियमित गर्नुपर्ने रु.३१ लाख १९ हजार र पेश्की बाँकी रु.२० लाख ३७ हजार रहेको छ ।

# छथर गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.२२ हजार र यो वर्ष आय रु.६ करोड ४७ लाख ९२ हजार समेत रु.६ करोड ४८ लाख १४ हजार आम्दानी भएकोमा रु.५ करोड ९९ लाख ५८ हजार खर्च भई रु.४८ लाख ५६ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **खरिद योजना** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ अनुसार एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि वार्षिक दश करोडभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा सम्बन्धित निकायले त्यस्तो योजना वा आयोजना वा खरिदको अवधिभरको लागि खरिद गुरुयोजना तयार गर्नुपर्ने छ । यसरी खरिद योजना तयार गर्दा कुनै योजनाको सम्पूर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रक्रियाबाट गराउने हो सो समेत छुट्याई सम्बन्धित निकायबाट निर्णय गराउनुपर्ने उपनियम (५)मा वार्षिक दश लाख भन्दा बढि रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गर्नु पर्ने, उपनियम (९) मा चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भए पछि उपनियम (५) बमोजिम तयार भएको वार्षिक खरिद योजनामा स्वीकृत कार्यक्रम तथा बजेट अनुरुप परिमार्जन गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले सो अनुरुप खरिद योजना तयार गरेको पाइएन । खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आवश्यक पर्ने भएकोले नियममा भएको व्यबस्था पालना हुनुपर्दछ ।

२. **कन्टिन्जेन्सी खाता :** नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ९६२, मिति २०७०।१।२४ गतेको परिपत्र अनुसार कार्यालयले निर्माण कार्यमा खर्च गर्ने रकमको ५ प्रतिशत रकम कन्टिन्जेन्सी खर्च गर्न पाउने व्यवस्था छ । यसरी कन्टीनजेन्सी रकम खर्च गर्दा छुट्टै खाता राखी ३ प्रतिशत प्रशासनिक र २ प्रतिशत पुँजी निर्माणमा खर्च गर्न मिल्नेमा गाउपालिकाले कन्टीन्जेन्सी खर्च देखिने गरि छुट्टै खाता राखेको देखिएन । अत कन्टीन्जेन्सी खाता राखी कन्टीन्जेन्सी रकम व्यवस्थीत गरिनु पर्दछ ।

३. **आम्दानी सम्वन्धमा :** साविक गाउँ विकास समिति आङदीम, हमरजुङ, फाक्चामारा, पञ्चकन्या, ओखे, सुदाप बाट फाल्गुन मसान्त सम्म आन्तरिक आय ज्यादै न्युन रहेको देखियो । गाउँपालिका गठन भए पश्चात पनि गाउँपालिकाको आन्तरिक आय नदेखिएकोले गाउँपालिकाले गरेको खर्चको अनुपातमा आन्तरिक आय वृद्धि गर्नुपर्ने देखिन्छ ।

४. **कारोबारको लेखा :** कारोबारको लेखाः- आर्थिक कार्यविधि ऐन, २०५५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक केहि गाउँ विकास समितिले निर्दिष्ट फारमहरु प्रयोग गरी प्राप्त हुन आएको आम्दानी र खर्चको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । बैक कितावमा अभिलेख राख्ने प्रयाससम्म भएको तर जोड जम्मा नभएको, निदृष्ट महलहरुमा अंक प्रविष्टी नगरेको, अधिकांश भूक्तानी लिनेलाई भरपाई नगरी भूक्तानी दिएको, अतः गाउँपालिकाले आफ्नो आय व्ययको हिसाव दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

५. **मालसामानको लागत अनुमान :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्ने र जिन्सी अभिलेख अध्यावधिक गरि राख्नुपर्दछ ।

६. **सार्वजनिक परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६ मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कायं शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्वन्धित कार्य स्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्वन्धित स्थानीय निकायमा प्रस्तुत गर्नु पर्ने व्यवस्था छ । उपभोक्ता समितिवाट संचालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन । प्राविधिकवाट सम्पादन हुनुपर्ने अधिकांश ल.इ. कामको मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन यथार्थपरक नभएका, संम्फौतापत्रमा खुलाउनु पर्ने कुराहरु नखुलाइएका,भूक्तानी दिने अधिकारीले अधिकांश वील भरपाई र सो संग सम्वन्धित कागजातहरु प्रमाणित गर्ने नगरेको,भूक्तानी पाउनेलाई अधिकांशलाई चेक वा रकम वुफाउने नगरेको समग्र अवस्थावाट निर्धारित समयमा पारदर्शी रुपमा गुणस्तरयुक्त कार्य सम्पन्न भएको छ,देखाएका खर्चका विल भरपाइं सहि र यर्थाथपरक छन् भनि

विश्वस्त हुने आधार देखिदैन । उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराइ त्यसको प्रतिवेदन सम्वन्धित निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनुपर्दछ ।

७. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं.२०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार वरवुझारथ, पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ ।

८. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था छ, कार्यालयले जिन्सी निरिक्षण प्रतिवेदन तोकिएको ढाँचामा, जिन्सी खाता अध्यावधिक गरी आफ्नो गाउपालिकाको सम्पति एकीन गरि राख्नुपर्ने र नियमानुसार जिन्सी निरिक्षण गराई सम्पतिको संरक्षण र समर्वद्धनको व्यवस्था गर्नुपर्दछ ।

९. **लेखापरीक्षण:** सामाजिक सुरक्षा भत्ता र जि.समन्वय समितिको कार्यालयवाट निकासा भएको निर्वाचन क्षेत्र विकास कार्याक्रम, निसर्त अनुदान लगायत अन्य विभिन्न अनुदानको रकमका खर्चका सक्कल वील भरपाईहरु पेश्की फछ्र्योटका लागी सम्वन्धित जिल्ला समन्वय समितिको कार्यालयमा पठाएकाले गा.वि.स.मा अभिलेखाङ्न मात्र परीक्षण भएकोछ ।

१०. **भरपाई** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (८) अनुसार। कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ । खर्च भएको सबै रसिद बिल भरपाईहरूमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले “भुक्तानी भएको” जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । तर साविक गांउविकास समिति तथा गाउपालिकाको कार्यालयहरुले कर्मचारी फर्म, विक्रेता, सप्लायर्स, संघ संस्थालाई भुक्तानी दिदा अधिकांश भुक्तानी चेक बाट बुझाएको भनि रितपुर्वकको भरपाई राख्ने गरेको पाईएन । अत कार्यालयबाट हुने सम्पुर्ण भुक्तानीमा भुक्तानी पाउने सम्बन्धीत कर्मचारी फर्म पार्टी सप्लायर्स संघ संस्थाको भरपाई संलग्न गरी राखिनु पर्दछ ।

**आङदिम गाउँ विकास समिति**

११. **विलभरपाई नभएको :** आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(३) वमोजिम खर्च गर्दा खर्चको वील भरपाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले मिति २०७३।०६।१८ मा रु. २०,०००।- भूक्तानी भएको मध्ये रु ९,०००।वैकमा खाता खोल्न गएको भ्रमण आदेश अनुसार दैनिक भ्रमण भत्ता खर्च लेखेकोमा भ्रमण आदेश तथा वील भरपाई पेश भएको छैन ।

१२. **प्रशिक्षक भत्ताको कर :** आयकर ऐन २०५८ को दफा ८८(१) अनुसार भत्ता रकमको भुक्तानीमा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था छ । कार्यालयले मिति २०७४।३।२३ मा मानव अधिकार सचेतना कार्यक्रम संचालन गर्दा प्रशिक्षकहरुलाई प्रशिक्षण भत्ता रु.८,४००। भूक्तानी गर्दा १५ प्रतिशत कर कट्टी नगरेको रु. १,२६०।० अशुल गरी राजश्व दाखिला गर्नुपर्दछ ।

**हमरजुङ गाउँ विकास समिति**

१३. **विल भरपाई** : आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(३) वमोजिम खर्च गर्दा खर्चको वील भरपाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले मिति २०७४।०३।१५ मा अपाङ्ग सशक्तिकरण कार्यक्रम अर्न्तगत अपांगता केन्द्र हमरजुङले आयआर्जन कार्यक्रम संचालन गर्न वाखा/वंगुर रु.२८,०००।- मा खरिद गरी भूक्तानी खर्च लेखेकोमा उक्त खरिद भएका वाखा तथा वंगुर वितरणको प्रमाण पेश हुनआएन । अतः वितरणको प्रमाण पेश गर्नुपर्दछ ।

१४. **पेश्की बाकी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम७४(२) अनुसार दिइएको पेश्की रकम उपनियम (३) वमोजिम तोकिएको म्याद भित्र फछ्र्यौट गरिनु पर्ने व्यवस्था रहेकोछ ।यस गाउ पालिकाको आर्थिक वर्षको अन्त्यसम्म पनि निम्न अनुसार गत विगत वर्षको रु.१,०३,५८१।- फछ्र्योट नभै वाँकी रहेकोले नियमावलीको प्रक्रिया पूरा गरी फछ्र्यौट गरिनु पर्दछ ।

**सुदाप गाउँ विकास समिति**

१५. **वितरण भरपाई :** आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(३) वमोजिम खर्च गर्दा खर्चको वील भरपाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले मिति २०७४।३।२३ मा महिला कार्यक्रम अर्न्तगत सगरमाथा वहुद्धेशीय कृषक समूहले आय आर्जन कार्यक्रम अर्न्तगत रु..१०,०००।- को सिमीको वीउ खरीद गरी भूक्तानी गरेकोमा वितरणको प्रमाण पेश भएन अतः वीउ वितरणको प्रमाण पेश गर्नुपर्दछ ।

**पञ्चकन्या गाउँ विकास समिति**

१६. **बढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (८) अनुसार कुनै रकमको भूक्तानी

दिदा रीत पुगे वा नपुगेको जाच गरेर मात्र भूक्तानी दिनुपर्ने व्यवस्था छ। कार्यालयले मिति २०७३।११।१२ मा रत्नदेवी मन्दीर जिर्णोद्धार कार्यका लागी वील भरपाई अनुसार रु.५०००।- मात्र भूक्तानी गर्नुपर्नेमा रु.६,०००।- भूक्तानी भएकोले वढी भूक्तानी भएको रु.१,०००।- असुल गरी वेरुजु खातामा दाखिला गर्नु पर्दछ ।

१७. **पेश्की बाकी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम७४(२) अनुसार दिइएको पेश्की रकम उपनियम (३) वमोजिम तोकिएको म्याद भित्र फछ्र्यौट गरिनु पर्ने व्यवस्था रहेकोछ । यस गाउँ पालिकाले गत विगत वर्षको पेश्की बाकी रकम रु.४२,६४५।- फछ्र्यौट नभै वाकी रहेकोले नियमावलीको प्रक्रिया पूरा गरी फछ्र्यौट गर्नुपर्दछ ।

१८. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले मिति २०७३।१२।४ मा रु.२,१२,९००।- मा मोटरसाइकल खरिद गरी भुक्तानी खर्च लेखेकोमा उक्त मोटरसाइकल गा.वि.स.को नाममा दर्ता तथा जिन्सी दाखिला भएको पाइएन । अतः खरिद भएको सवारी साधन सम्वन्धित निकायमा दर्ता गरि जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

**ओखे गाउँ विकास समिति**

१९. **जिन्सी दाखिलाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले मिति २०७३।८।२ मा रु.२,२०,०००।- मा मोटरसाइकल खरिद गरेको गा.वि.स.को नाममा दर्ता तथा जिन्सी दाखिला भएको पाइएन । अतः खरिद भएको सवारी साधन सम्वन्धित निकायमा दर्ता गरि जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

२०. **वितरण प्रमाण** :आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(३) वमोजिम खर्च गर्दा खर्चको वील भरपाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ। कार्यालयले मिति २०७३।०९।१८ मा लक्षीत महिला कार्यक्रम अर्न्तगत स्टेचर ११ थान खरिद गरी रु.७०,०००।- भूक्तानी भएकोमा स्टेचर वितरणको प्रमाण पेश भएन । अतः वितरण गरेको प्रमाण पेश गनुपर्दछ ।

२१. **निर्माण कार्य** : आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(३) वमोजिम खर्च गर्दा खर्चको वील भरपाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले मिति २०७४।०२।०१ मा खा.पा.यो ओखे ७ को खानेपानी योजना निर्माणको रु.७०,०००।- उपभोक्ता समितिलाईलाई भूक्तानी गरेकोमा सो निर्माण कामको लगतइष्टिमेट, कामको प्राविधिक मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन वील भरपाइ पेश भएन । अतः उल्लेखित प्रमाण पेश गर्नुपर्दछ ।

२२. **कार्य सम्पन्न प्रतिवेदन :** आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(३) वमोजिम खर्च गर्दा खर्चको वील भरपाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ। कार्यालयले मिति २०७४।०३।२२ मा वडा नं. ४,५,६ ओखे मा खा.पा.यो. मर्मत तथा विस्तार गरेको भनी रु.६९,०००।- खर्च मध्ये मध्ये वडा न ं४ को रु.३०,०००।- को पाइप खरिद गरेकोमा उक्त खर्चको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

२३. **बढी भुक्तानी :** सरकारी कर्मचारीलाई काम काजमा लगाउदा भ्रमण खर्च नियमावली २०६४ मा व्यवस्था भए अनुसारको दैनिक भत्ता दरले भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले नापी कार्यालय तेह्रथुमका अमिन श्री शैलेन्द्र कुमार खडका र सुभाष कार्कीलाई समाधिस्थल संरक्षण सम्वर्धन कार्यमा समाधिस्थलको जग्गा नाप जाँच गरी छुट्याउने कार्य गरेवापत प्रति दिन प्रति कर्मचारीको रु.१०,०००।- का दरले रु.६०,०००।- भुक्तानी गरेको छ। निज दुवैजना सरकारी कर्मचारी भएवाट सरकारी काम काज गरेको अवधिको भ्रमण खर्च नियमावली अनुसारको दैनिक भ्रमण भत्ता रु.१४,२००।- मात्र भरक्तानी खर्च लेख्न मिल्ने देखिएवाट सो भन्दा बठी खर्च लेखेको रकम रु.४५,८००।- अशुल गरी वेरुजु खातामा दाखिला गर्नु पर्दछ ।

२४. **पेश्की बाकी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम७४(२) अनुसार दिइएको पेश्की रकम उपनियम (३) वमोजिम तोकिएको म्याद भित्र फछ्र्यौट गरिनु पर्ने व्यवस्था रहेकोछ ।कार्यालयले व्यवस्थापक श्री डोलेन सुव्वालाई रु.४,४०,०००।- पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म पनि निम्न अनुसार फछ्र्यौट नभै वाकी रहेकोले नियमावलीको प्रक्रिया पूरा गरी फछ्र्यौट गर्नुपर्दछ ।

**फाक्चामारा गाउँ विकास समिति**

२५. **घटी आयकर कट्टी :** आयकर ऐन २०५८ अनुसार भत्ता रकममा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले गा.वि.स. सचिव श्री गुणराज वानीयालाई अध्यक्ष भत्ता रु.१८,०००। भूक्तानी दिंदा पारिश्रमिक कर १५ प्रतिसतका दरले रु.२,७००।- कट्टा गर्नु पर्नेमा १ प्रतिसतले मात्र कट्टा गरेको

हुँदा नपुगकर रु.२,५२०।- असुल गरी वैक दाखिला गर्नुपर्दछ ।

२६. **भवन निर्माण :** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ३६(३) वमोजिम खर्च गर्दा खर्चको वील भरपाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले मिति २०७३।११।२४ मा सिंहदेवी कृषक दुग्ध सहकारी संस्थाको भवन निर्माण साझेदारी कार्यक्रम अर्न्तगत उक्त संस्थालाई रु.४०,०००।- भूक्तानी दिएकोमा भवन निर्माणको स्टीमेट, गा.वि.स.संग भएको संझौता,कार्य सम्पन्न प्रतिवेदन समेत पेश हुन आएन । भवन निर्माणका उल्लेखित प्रमाणहरु पेश गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.१० लाख ४१ हजार बेरुजू रहेको मध्ये असुल गर्नु पर्ने रु. ५१ हजार, नियमित गर्नुपर्ने रु.४ लाख ४ हजार र पेश्की बाँकी रु.५ लाख ८६ हजार रहेको छ ।

# फेदाप गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.१ लाख  र यो वर्ष आय रु.६ करोड १४ लाख ९ हजार समेत रु.६ करोड १५ लाख  ९ हजार आम्दानी भएकोमा रु. ५ करोड ५४ लाख ६ हजार खर्च भई रु.६१ लाख ३ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **खरिद योजना :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ अनुसार एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि वार्षिक दश करोडभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा सम्बन्धित निकायले त्यस्तो योजना वा आयोजना वा खरिदको अवधिभरको लागि खरिद गुरुयोजना तयार गर्नुपर्ने छ । यसरी खरिद योजना तयार गर्दा कुनै योजनाको सम्पूर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रक्रियाबाट गराउने हो सो समेत छुट्याई सम्बन्धित निकायबाट निर्णय गराउनुपर्ने उपनियम ५)मा वार्षिक दश लाख भन्दा बढि रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गर्नु पर्ने, उपनियम (९) मा चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भए पछि उपनियम (५) बमोजिम तयार भएको वार्षिक खरिद योजनामा स्वीकृत कार्यक्रम तथा बजेट अनुरुप परिमार्जन गर्नु पर्ने  व्यवस्था रहेको छ । कार्यालयले सो अनुरुप खरिद योजना तयार गरेको पाइएन  । खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आवश्यक पने) भएकोले नियममा भएको व्यबस्था पालना हुनुपर्दछ ।

२. **कन्टिन्जेन्सी खाता** : नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ९६२, मिति २०७०।१।२४ गतेको परिपत्र अनुसार कार्यालयले निर्माण कार्यमा खर्च गर्ने रकमको ५ प्रतिशत रकम कन्टिन्जेन्सी खर्च गर्न पाउने व्यवस्था छ । यसरी कन्टीनजेन्सी रकम खर्च गर्दा छुट्टै खाता राखी ३ प्रतिशत प्रशासनिक र २ प्रतिशत पुँजी निर्माणमा खर्च गर्न मिल्नेमा गाउपालिकाले कन्टीन्जेन्सी खर्च देखिने गरि छुट्टै खाता राखेको देखिएन । अत कन्टीन्जेन्सी खाता राखी कन्टीन्जेन्सी रकम व्यवस्थीत गरिनुपर्दछ ।

३. **आम्दानी सम्वन्धमा** : साविक गाउँ विकास समिति जल्जले, सिम्ले, सम्दु,इसिबु र ओयाकजुङ बाट फाल्गुन मसान्त सम्म आन्तरिक आय ज्यादै न्युन रहेको देखियो । गाउँपालिका गठन भए पश्चात पनि गाउँपालिकाको आन्तरिक आय नदेखिएकोले गाउँपालिकाले गरेको खर्चको अनुपातमा आन्तरिक आय वृद्धि गर्नुपर्ने देखिन्छ ।

४. **कारोबारको लेखा :**  कारोबारको लेखाः- आर्थिक कार्यविधि ऐन, २०५५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक केही गाउँ विकास समितिले निर्दिष्ट फारमहरु प्रयोग गरी प्राप्त हुन आएको आम्दानी र खर्चको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । वैक किताबमा अभिलेख राख्ने प्रयाससम्म भएको तर जोड जम्मा नभएको, निदृष्ट महलहरुमा अंक प्रविष्टी नगरेको,अधिकांश भूक्तानी लिनेलाई भरपाई नगरी भूक्तानी दिएको, अतः गाउँपालिकाले आफ्नो आय व्ययको हिसाव दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

५. **मालसामानको लागत अनुमान :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्ने र जिन्सी अभिलेख अध्यावधिक गरि राख्नु पर्दछ ।

६. **सार्वजनिक परीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६ मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कायं शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्वन्धित कार्य स्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्वन्धित स्थानीय निकायमा प्रस्तुत गर्नु पर्ने व्यवस्था छ । उपभोक्ता समितिवाट संचालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन । प्राविधिकवाट सम्पादन हुनुपर्ने ल.इ. कामको मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन भूक्तानी दिने अधिकारीवाट प्रमाणित हुने नगरेको, संम्फौतापत्रमा खुलाउनु पर्ने कुराहरु नखुलाइएका, यसवाट निर्धारित समयमा पारदर्शी रुपमा गुणस्तरयुक्त कार्य सम्पन्न भएको छ,देखाएका खर्चका विल भरपाइं सहि र यर्थाथपरक छन् भनि विश्वस्त हुने आधार देखिदैन । उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराइ त्यसको प्रतिवेदन सम्वन्धित निकायमा प्रस्तुत गर्ने तथा

नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनुपर्दछ ।

७. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार वरबुझारथ, पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ ।

८. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था छ, कार्यालयले जिन्सी निरिक्षण प्रतिवेदन तोकिएको ढाँचामा, जिन्सी खाता अध्यावधिक गरी आफ्नो गाउँपालिकाको सम्पति एकीन गरि राख्नुपर्ने र नियमानुसार जिन्सी निरिक्षण गराई सम्पतिको संरक्षण र समर्वद्धनको व्यवस्था गर्नुपर्दछ ।

९. **लेखापरीक्षण :** सामाजिक सुरक्षा भत्ता र जि. समन्वय समितिको कार्यालयवाट निकासा भएको निर्वाचन क्षेत्र विकास कार्याक्रम, निसर्त अनुदान लगायत अन्य विभिन्न अनुदानको रकमका खर्चका सक्कल वील भरपाईहरु पेश्की फछ्र्यौटका लागी सम्वन्धित जिल्ला समन्वय समितिको कार्यालयमा पठाएकाले गा.वि.स.मा अभिलेखाङ्कन मात्र परीक्षण भएकोछ ।

१०. **भरपाई :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (८) अनुसार कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्नेछ । खर्च भएको सबै रसिद बिल भरपाईहरूमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले “भुक्तानी भएको” जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । तर साविक गाउँविकास समिति तथा गाउपालिकाको कार्यालयहरुले कर्मचारी फर्म, विक्रेता, सप्लायर्स, संघ संस्थालाई भुक्तानी दिदा अधिकांश भुक्तानी चेक बाट बुझाएको भनि रितपुर्वकको भरपाई राख्ने गरेको पाईएन । अत कार्यालयबाट हुने सम्पुर्ण भुक्तानीमा भुक्तानी पाउने सम्बन्धीत कर्मचारी फर्म पार्टी सप्लायर्स संघ संस्थाको भरपाई संलग्न गरी राखिनुपर्दछ ।

**जल्जले गाउँ विकास समिति**

११. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । गाउँ विकास समितिको कार्यालयले वाल प्रोफायल अध्यावधिक तथा शैक्षिक प्रोफायल तयार गरे वापत छविलाल रिमाललाई रु.६५,०००।- भूक्तानी भएकोमा प्रोफायल पेश भएन । अतः खर्च भएको रु.६५,०००।- को प्रोफायल सहित जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

१२. **विल भरपाई :** आर्थिक कार्यविधि २०६४ को नियम ३६(३) अनुसार वील भरपाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ ।कार्यालयले मिति २०७३।९।५ अनुसार वाल मैत्री स्थानीय शासन प्रर्वद्धन तथा सुदृढीकरण कार्यक्रम संचालन गरे वापत वाल संरक्षण समितिका अध्यक्ष टेकवहादुर खापुङलाइ रु.१०,०००।ङ्क भूक्तानी भएकोमा खर्च पुष्ट्याइ गर्ने वील भरपाई तथा कार्यक्रम पेश नभएकोले वील भरपाइ वील भरपाई पेश गर्ने अन्यथा अशुल गर्नुपर्दछ ।

१३. **निर्णय वेगर खर्च :** कार्यालयले मिति २०७४।२।१० वाट ढाडे आधारभूत विद्यालयलाई खानेपानी योजना निर्माण र सरसफाइ तथा शैक्षिक सामग्री खरिद गरेको भनी रु.१,१२,१९३।- खर्च लेखेको मध्ये सरसफाइ र शैक्षिक सामग्री खरिद वापत रु.६४,१३६।- भूक्तानी दिएकोमा सो को गा.वि.स.को निर्णय भएको पाइएन । अतः भूक्तानी दिने निर्णय पेश गर्नुपर्दछ ।

१४. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले मिति २०७३।१०।११ मा मोटरसाइकल खरिद गरी रु.२,१३,१८६। खर्च लेखेको छ । कार्यालयले खरीद गरेको उक्त मोटरसाइकल गा.वि.स.को नाममा दर्ता गरेको तथा जिन्सी दाखिला भएको पाइएन । अतः खरिद भएको सवारी साधन सम्वन्धित निकायमा दर्ता गरि जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

१५. **प्रशिक्षक भत्ता :** आयकर ऐन २०५८ अनुसार भत्ता रकम भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न मिति तालीम संचालन गर्दा प्रशिक्षकहरुलाइ रु.६६,५००।- पारिश्रमिक भूक्तानी गर्दा पारिश्रमिक कट्टी नगरी भूक्तानी भएको हुदा पारिश्रमिक कर रु.९,९७५।- अशुल गर्नुपर्दछ ।

१६. **विल भन्दा बढी खर्च** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) अनुसार खर्च लेख्दा खर्चको रित पुगे नपुगेको जाच गरी खर्च भुक्तानी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले मिति २०७४।३।२८

मा विभिन्न खर्चको वील भूक्तानी गरिदा वील वमोजिम रु.२५,६००।- मात्र भूक्तानी हुनुपर्नेमा रु.२६,३२५।- भूक्तानी भएकोले वढी भूक्तानी रु.७२५।- अशुल गरी राजश्व दाखिला गर्नुपर्दछ ।

१७. **कर दाखिला** : स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले मिति २०७४।३।२७ मा विभिन्न कारोवार को भूक्तानी गर्दा विभिन्न मितिमा कट्टा गरिएको अग्रिम कर वापतको रु. १४,९८३। दाखिला भनि खर्च लेखेकोमा रु.१०,१७२।- मात्र राजश्व खातामा जम्मा भएको भौचर संलग्न रहेकोले रु.४,८११।- को दाखिला भौचर पेश गर्नु पर्ने अन्यथा अशुल गरी राजश्व दाखिला गर्नुपर्दछ ।

१८. **पेश्की बाकी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम७४(२) अनुसार दिइएको पेश्की रकम उपनियम (३) वमोजिम तोकिएको म्याद भित्र फछ्यौट गरिनु पर्ने व्यवस्था रहेकोछ ।कार्यालयले इन्द्रप्रसाद नेपाली र दुर्गा प्रसाद निरौला लाई विगत वर्षको पेश्की बाकी रकम रु.३७,५०३।- फछ्यौंट नभै वाकी रहेकोले नियमावलीको प्रक्रिया पूरा गरी फछ्यौंट गर्नुपर्दछ ।

**ओयाकजुङ गाउँ विकास समिति**

१९. **पेश्की बाकी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम७४(२) अनुसार दिइएको पेश्की रकम उपनियम (३) वमोजिम तोकिएको म्याद भित्र फछ्यौट गरिनु पर्ने व्यवस्था रहेकोछ ।कार्यालयले विगत आर्थिक वर्षमा विभिन्न व्यक्तीलाइ दिएको पेश्की रकम रु.७१,३६७-फछ्यौंट नभै वाकी रहेकोले नियमावलीको प्रक्रिया पूरा गरी फछ्यौंट गर्नुपर्दछ ।

२०. **पारीश्रमिक कर :** आयकर ऐन २०५८ अनुसार भत्ता रकममा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था छ । कार्यालयले मिति २०७४।१।२६ मा नेवारी भाषा शिक्षण गराए वापत देवीमाया श्रेष्ठलाई रु.३,५००।- भूक्तानी गरेकोमा पारिश्रमिक करकट्टा नगरेको रु ५२५।- असुल गरी दाखिला गर्नुपर्दछ ।

२१. **आवश्यक कागजात वेगर खर्च** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) वमोजिम खर्च गर्दा खर्चको वील भरपाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले विभिन्न मिति विभिन्न निर्माण कार्य गर्दा, स्वास्थ्य कार्यकम संचालन तथा बाल वालिकाको लगत संकलन गदार्को रु.३,१०,०००।- खर्च लेखेकोमासो सम्वन्धी आवश्यक कागजात प्रमाण संलग्न गरेको छैन । यसरी खर्च रकमको विल भरपाई लगाया अन्य आवश्यक प्रमाण कागजात पेश गर्नु पर्दछ ।

**इसिवु गाउँ विकास समिति**

२२. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले मिति २०७३।८।१२ मा मोटरसाइकल खरिद गरी रु.२,१५,३००।- खर्च लेखेको छ । कार्यालयले खरीद गरेको उक्त मोटरसाइकल गा.वि.स.को नाममा दर्ता गरेको तथा जिन्सी दाखिला भएको पाइएन । अतः खरिद भएको सवारी साधन सम्वन्धित निकायमा दर्ता गरि जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

२३. **विल भरपाइ** : आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(३) वमोजिम खर्च गर्दा खर्चको वील भरपाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले विभिन्न मितिमा इसिवु मा.वि.को ४ कोठे भवन निर्माणको लागी आवश्यक ठाउ तयारी गर्ने कामको लागी रु.४,००,०००। , गाउ स्तरीइ दलित नेटर्वकलाई रु.२१,३६६। तथा सामुदायिक संस्थालाई रु.५०,०००।- समेत भुक्तानी दिंदा लागत अनुमान लगायत अन्य आवश्यक कागजात वेगर रु.४,७१,३६६।- खर्च लेखेको छ ।

२४. **कार्य सम्पन्न प्रतिवेदन** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) वमोजिम खर्च गर्दा खर्चको वील भरपाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले भेडीखोर सडक स्तरोन्नति वापत रु. ५०,०००।- उपभोक्ता समितिका अध्यक्ष अमृत वहादुर लिम्वुलाई भूक्तानी भएकोमा ल.इं प्राविधिक मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन खर्च सार्वजनिकरणको निर्णय पेश हुन आएन । अत उल्लेखित विवरण पेश गर्नु पर्दछ ।

२५. **पेश्की बाकी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम७४(२) अनुसार दिइएको पेश्की रकम उपनियम (३) वमोजिम तोकिएको म्याद भित्र फछ्यौट गरिनु पर्ने व्यवस्था रहेकोछ । यस गाउँ पालिकाको गत विगत बर्षको र यस वर्षको समेत रु.६,१६,७०३।- फछ्यौंट नभै वाकी रहेकोले नियमावलीको प्रक्रिया पूरा गरी फछ्यौंट गर्नुपर्दछ

**सम्दू गाउँ विकास समिति**

२६. **प्रशिक्षक भत्ता** : आयकर ऐन २०५८ अनुसार भत्ता रकमको भुक्तानीमा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था छ । कार्यालयले मिति २०७४।०२।०४ मा अलैची खेती तालीममा रु.२९,९६०। खर्च लेखेकोमा प्रशिक्षकहरुलाई प्रशिक्षण भत्ता रु.१२,०००।- भूक्तानी गर्दा पारिश्रमिक कर कट्टा नगरी भूक्तानी रु

१,८००। असुल गरी दाखिला गर्नु पर्दछ । साथै कुल खर्च रु.२०,६००।- मध्ये रु १,७६,०४०।- को विल भरपाई वेगर खर्च लेखको ले सो को विल भरपाई पेश हुनुपर्दछ ।

२७. **विल भरपाई** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) वमोजिम खर्च गर्दा खर्चको वील भरपाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले मिति २०७४।३।६ मा विभिन्न उपभोक्ता समिति, विद्यालय तथा सस्थांहरुलाई निर्माण कार्य वापतको रकम रु.७,२७,७४०।- भुक्तानी दिएकोमा सनर्माण कार्य को लागत अनुमान, विल भरपाई तथा कार्य सम्पन्न प्रतिवेदन समेत कागजात पेश भएको छैन ।

२८. **भरपाई :** आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(३) वमोजिम खर्च गर्दा खर्चको वील भरपाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ । तर मिति २०७४।०३।२६ मा पूर्ण सरसफाई कार्यक्रम वापत रु.१,०३,०००।- देउराली सोसाइटीलाई भूक्तानी दिएकोमा कार्यक्रम तथा वील भरपाई पेश हुन आएन । अतः खर्च पुष्टी हुने उल्लेखित प्रमाण पेश गर्नुपर्दछ ।

२९. **जिन्सी दाखिला** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले मिति २०७३।८।१५ मा मोटरसाइकल खरिद गरी रु.२,१५,३००।- खर्च लेखेकोमा तर उक्त मोटरसाइकल गा.वि.स.को नाममा दर्ता गरेको तथा जिन्सी दाखिला भएको पाइएन । अतः खरिद भएको सवारी साधन सम्वन्धित निकायमा दर्ता गरि जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

३०. **विल भन्दा बढी खर्च** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) वमोजिम खर्च गर्दा खर्चको वील भरपाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले मिति २०७३।१०।२८ मा विभिन्न खर्च वापत रु.३५,०००।- भूक्तानी भएकोमा रु.२६,९८०।- को मात्र विल भरपाई पेश भएको छ । यसरी विल भन्दा बढी खर्च लेखेको रु.८,०२०। असुल गर्नुपर्दछ ।

**सिम्ले गाउँ विकास समिति**

३१. **विल भरपाई** : आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(३) वमोजिम खर्च गर्दा खर्चको वील भरपाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ । खिम्लीङ कुवा मर्मत खर्च वापत रु.२१,२३२।- भुक्तानी भएकोमा कामको प्राविधिक मूल्यांकन वील , कार्य सम्पन्न प्रतिवेदन संलग्न रहेको पाइएन । वील भरपाई पेश गर्ने अन्यथा अशुल गरी वेरुजु खातामा दाखिला गर्नुपर्दछ ।

३२. **भरपाई** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) वमोजिम खर्च गर्दा खर्चको वील भरपाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले मिति २०७४।३।२२ मा महिला सचेतीकरण कार्यक्रम ३ दिन सम्म संचालन भएको र सहभागी ४० जनालाई यातायात तथा खाजा खर्च भनी दैनिक रु.५००।- का दरले रु.६०,०००।- भूक्तानी भएकोमा सहभागीले वुझेको भरपाई संलग्न रहेको पाइएन । अतः वील भरपाई पेश गर्ने अन्यथा अशुल गरी वेरुजु खातामा दाखिला हुनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु. ३८ लाख १७ हजार बेरुजू रहेको मध्ये असुल गर्नु पर्ने रु.१३ हजार, नियमित गर्नुपर्ने रु.३० लाख ७८ हजार र पेश्की बाँकी रु.७ लाख २६ रहेको छ ।

# मेन्छयामेय गाँउपालिका
## लेखापरीक्षण प्रतिवेदन

यो वर्ष आय रु.३ करोड ५५ लाख ८३ हजार रु.२ करोड ९६ लाख ६५ हजार खर्च भई रु.५९ लाख १८ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **खरिद योजना** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ अनुसार एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि वार्षिक दश करोडभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा सम्बन्धित निकायले त्यस्तो योजना वा आयोजना वा खरिदको अवधिभरको लागि खरिद गुरुयोजना तयार गर्नुपर्ने छ । यसरी खरिद योजना तयार गर्दा कुनै योजनाको सम्पूर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रक्रियाबाट गराउने हो सो समेत छुट्याइं सम्बन्धित निकायबाट निर्णय गराउनुपर्ने उपनियम ५) मा वार्षिक दश लाख भन्दा बढि रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गर्नु पर्ने, उपनियम ९ मा चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भए पछि उपनियम ५ बमोजिम तयार भएको वार्षिक खरिद योजनामा स्वीकृत कार्यक्रम तथा बजेट अनुरुप परिमार्जन गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले सो अनुरुप खरिद योजना तयार गरेको पाइएन । खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आवश्यक पर्ने भएकोले नियममा भएको व्यबस्था पालना हुनुपर्दछ ।

२. **कन्टिन्जेन्सी खाता** : नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ९६२, मिति २०७०।१।२४ गतेको परिपत्र अनुसार कार्यालयले निर्माण कार्यमा खर्च गर्ने रकमको ५ प्रतिशत रकम कन्टिन्जेन्सी खर्च गर्न पाउने व्यवस्था छ । यसरी कन्टीनजेन्सी रकम खर्च गर्दा छुट्टै खाता राखी ३ प्रतिशत प्रशासनिक र २ प्रतिशत पुँजी निर्माणमा खर्च गर्न मिल्नेमा गाउपालिकाले कन्टीन्जेन्सी खर्च देखिने गरि छुट्टै खाता राखेको देखिएन । अत कन्टीन्जेन्सी खाता राखी कन्टीन्जेन्सी रकम व्यवस्थीत गरिनु पर्दछ ।

३. **आम्दानी सम्वन्धमा** : साविक गाउँ विकास समिति श्रीजुङ,पौठाक र मोराहाङबाट फाल्गुन मसान्त सम्म आन्तरिक आय ज्यादै न्युन रहेको देखियो । गाउँपालिका गठन भए पश्चात पनि गाउँपालिकाको आन्तरिक आय नदेखिएकोले गाउँपालिकाले गरेको खर्चको अनुपातमा आन्तरिक आय वृद्धि गर्नुपर्ने देखिन्छ ।

४. **कारोबारको लेखा :** आर्थिक कार्यविधि ऐन, २०५५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक तीन गाउँ विकास समितिले निर्दिष्ट फारमहरु प्रयोग गरी प्राप्त हुन आएको आम्दानी र खर्चको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । वैक कितावमा अभिलेख राख्ने प्रयाससम्म भएको तर जोड जम्मा नभएको, निदृष्ट महलहरुमा अंक प्रविष्टी नगरेको,अधिकांश भूक्तानी लिनेलाई भरपाई नगरी भूक्तानी दिएको, अतः गाउँपालिकाले आफ्नो आय व्ययको हिसाव दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

५. **मालसामानको लागत अनुमान :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्ने र जिन्सी अभिलेख अध्यावधिक गरि राख्नुपर्दछ ।

६. **सार्वजनिक परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६ मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कार्य शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्वन्धित कार्य स्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्वन्धित स्थानीय निकायमा प्रस्तुत गर्नु पर्ने व्यवस्था छ । उपभोक्ता समितिवाट संचालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन । प्राविधिकवाट सम्पादन हुनुपर्ने ल.इ. कामको मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन भूक्तानी दिने अधिकारीवाट प्रमाणित हुने नगरेको, संम्झौतापत्रमा खुलाउनु पर्ने कुराहरु नखुलाइएका, यसवाट निर्धारित समयमा पारदर्शी रुपमा गुणस्तरयुक्त कार्य सम्पन्न भएको छ,देखाएका खर्चका विल भरपाइं सहि र यर्थाथपरक छन् भनि विश्वस्त हुने आधार देखिदैन । उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराइ त्यसको प्रतिवेदन सम्वन्धित निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनु पर्दछ ।

७. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३/१२/२५ को आर्थिक

कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार वरबुझारथ, पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ ।

८. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था छ, कार्यालयले जिन्सी निरिक्षण प्रतिवेदन तोकिएको ढाँचामा, जिन्सी खाता अध्यावधिक गरी आफ्नो गाउपालिकाको सम्पति एकीन गरि राख्नुपर्ने र नियमानुसार जिन्सी निरिक्षण गराई सम्पतिको संरक्षण र समर्वद्धनको व्यवस्था गर्नुपर्दछ ।

९. **लेखापरीक्षण :** सामाजिक सुरक्षा भत्ता र जि.समन्वय समितिको कार्यालयवाट निकासा भएको निर्वाचन क्षेत्र विकास कार्याक्रम, निसर्त अनुदान लगायत अन्य विभिन्न अनुदानको रकमका खर्चका सक्कल वील भरपाईहरु पेश्की फछ्र्यौटका लागी सम्वन्धित जिल्ला समन्वय समितिको कार्यालयमा पठाएकाले गा.वि.स.मा अभिलेखाङ्कन मात्र परीक्षण भएकोछ ।

**मोराहाङ गाउँ विकास समिति**

१०. **जिन्सी दाखिला** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले मिति २०७३।१०।१७ मा रु.२,१२,०००।- मा मोटरसाइकल खरिद गरेको गा.वि.स.को नाममा दर्ता तथा जिन्सी दाखिला भएको पाइएन । अतः खरिद भएको सवारी साधन सम्वन्धित निकायमा दर्ता गरि जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

११. **विल भरपाई वेगर खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९ (२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले विभिन्न मितिमा सहकारी शिक्षा संचालन गर्न, कुलुङ भाषा उत्थान गर्न तथा वाल पार्श्व चित्र तयार गर्न भनी रु.१,१५,०००।- भूक्तानी भएकोमा संवन्धीत संस्थाको प्रपोजल , कार्यक्रम, कार्य प्रगति प्रतिवेदन संलग्न रहेको पाइएन । अतः उल्लेखित प्रमाण पेश हुनुपर्दछ ।

१२. **प्रतिवेदन पेश नभएको** : स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले मिति २०७४।२।३१ मा महिला अधिकार मञ्च सचेतीकरण कार्यक्रम संचालन गरेको भनी रु १,००,०००।- भूक्तानी गरिएकोमा महिला सचेतीकरण कार्यक्रमको प्रपोजल प्रगति प्रतिवेदन पेश हुन आएन । अतः उल्लेखित प्रमाण पेश हुनु पर्दछ ।

१३. **विल भरपाई भन्दा बढी खर्च :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) अनुसार खर्च लेख्दा खर्चको रित पुगे नपुगेको जाच गरी खर्च भुक्तानी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले लिम्वु भाषा उत्थान कार्यक्रम संचालन गरेको भनी रु.४०,०००।- भूक्तानी गरेकोमा रु.२०,०००।- को मात्र वील भरपाई संलग्न रहेकोले वील भरापाइ भन्दा वढी खर्च लेखेको रकम रु.२०,०००।- को वील भरपाई पेश गर्ने अन्यथा अशुल भै दाखिला गर्नुपर्दछ ।

१४. **पेश्की बाकी :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले गाउ पालिकाको युवा जिमखाना व्यवस्थपन वापत देवराज खापुङ लाई पेश्की रु.१,००,०००।- आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्यौट नभै वाकी रहेकोले नियमावलीको प्रक्रिया पूरा गरी फछ्र्यौट गर्नुपर्दछ ।

**पौठाक गाउँ विकास समिति**

१५. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले मिति २०७३।८।२ मा रु.२,११,९००।- मा मोटरसाइकल खरिद गरेको गा.वि.स.को नाममा दर्ता तथा जिन्सी दाखिला भएको पाइएन । अतः खरिद भएको सवारी साधन सम्वन्धित निकायमा दर्ता गरि जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

**श्रीजुङ गाउँ विकास समिति**

१६. **वितरण भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न मितिमा कृषि कार्यक्रम संचालन गर्दाको रु.२५,०००।- र पशु कार्यकम संचालन गर्दाको रु.९,८००।- खर्च गरेकोमा ती सामाग्रीको वितरणको अभिलेख पेश भएको छैन । अतः उल्लेखित भरपाई पेश गरिनुपर्दछ ।

१७. **जिन्सी दाखिला** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले मिति २०७३।१०।११ मा रु.२,११,९००।- मा मोटरसाइकल खरिद गरेकोमा गा.वि.स.को नाममा दर्ता तथा जिन्सी दाखिला भएको पाइएन । अतः खरिद भएको सवारी साधन सम्वन्धित निकायमा दर्ता गरि जिन्सी दाखिला प्रमाण पेश गर्नु पर्दछ ।

१८. **पेश्की फर्छ्यौट नभएको :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले विभिन्न ३ जनाको नाममा गत विगत  वर्षमा रु.६५,०००।- पेश्की दिएकोमा फछ्र्यौट नभै वाकी रहेकोले नियमावलीको प्रक्रिया पूरा गरी फछ्र्यौट गरिनु पर्दछ

## बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.११ लाख १ हजार बेरुजू रहेको मध्ये नियमित गर्नुपर्ने रु.१० लाख १ हजार र पेश्की बाँकी रु.१ लाख रहेको छ ।

# चैनपुर नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.४४ लाख ९७ हजार र यो वर्षको आय रु.१४ करोड ७१ लाख ३७ हजार समेत रु.१५ करोड १६ लाख ३४ हजार आय भई रु.१० करोड ३७ लाख ४ हजार खर्च गरी रु.४ करोड ७९ लाख ३० हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन :

१. **गत वर्षको जिम्मेवारी** : स्थानिय विकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २२(५) अनुसार आर्थिक वर्षको अन्त्यमा खर्च नभइ बाँकी रहेको रकम मध्ये नेपाल सरकारबाट प्राप्त फ्रीज गर्नू नपर्ने रकम आफ्नो आम्दानीको रकम अगामी आर्थिक वर्षका लागी जिम्मेवारी सारी लेखा राख्नु पर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले गत वर्षको अन्तिम लेखापरिक्षण प्रतिवेदनमा मौज्दात देखाएको भन्दा रु.२२,३४,५४६।- घटी जिम्मेवारी सारी लेखा राखेको देखियो । घटी जिम्मेवारी सारेको सम्वन्धमा छानविन गरि एकिन गर्नु पर्दछ ।

२. **फ्रिज नगरेको :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २२ (५) बमोजिम नेपाल सरकारबात प्राप्त कुनै अनुदान रकम फ्रिज गर्नुपर्ने भए फ्रिज गर्ने प्रयोजनका निमित्त सम्वन्धित निकायमा फिर्ता पठाइदिनु पर्ने र यदी फ्रिज गर्नुपर्ने रकम फ्रिज नगराएमा वा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता नपठाएमा उक्त रकम कट्टा गरेर मात्र निकासा लिनु पर्ने व्यवस्था छ । गत आर्थिक वर्ष २०७२।७३ मा संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय नगरपालिका शाखाको च.नं. ५-१-१७६ मिति २०७२।११।२८ बाट लोडर र हाते ट्याक्टर खरिद वापत रु.४८,१५,०००।०० आर्थिक वर्ष भित्र खर्च प्रतिवेदनमा उल्लेख गरेकोमा उक्त मौज्दात कोष खातामा मौज्दात नराखि संचित कोष दाखिला र यस वर्ष जिम्मेवारी सारेको समेत देखिएन । यस वर्ष सोही कार्यक्रमको वजेटबाट उपकरण मेशिन खरिद गरी अनुदान पूँजीगतबाट यस वर्ष प्राप्त रकमबाट रु.४१,५०,०००।- भुक्तानी गरेको देखियो । गत वर्ष खर्च गरी हस्तारण गरेको रकम जिम्मेवारी र वैङ्क मौज्दात नदेखिएको रु.४८,१५,०००।- आवश्यक छानविन गरी असुल फछ्र्यौट हुनु पर्दछ । स्वीकृत कार्यक्रम वेगर यस वर्ष खर्च गरिएको उपकरणको भुक्तानी अनुदान शिर्षकबाट गरेको रु.४१,५०,०००।- नियमित मान्न सकिएन । गत वर्षको अन्तिम लेखापरिक्षण प्रतिवेदनमा २०७३ असार सम्म असुल गरेको राजस्व मध्ये रु. २,६३,४१७।- नगद मौज्दात रहेको रकम यस वर्ष दाखिला नगरेकोले सम्वन्धितबाट असुल गरी दाखिला हुनु पर्दछ ।

३. **बैङ्क मौज्दात:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(५) अनुसार आफ्नो आम्दानीको आगामी आर्थिक वर्षका लागी जिम्मेवारी सारी लेखा राख्नु पर्ने व्यवस्था छ । प्राप्त एकीकृत वार्षिक आर्थिक विवरण अनुसार विशेष कोष र धरौटी बाहेकको अन्तिम मौज्दात रु.९०,१५,३४६।- रहेकोमा कार्यालयले २०७३ फाल्गुन सम्मको मौज्दात रु.२१,५५,७५३।- साविक जिससबाट प्राप्त योजनाको खर्च नभइ बाँकी मौज्दात रु.३२८२३४७।- गरी फाल्गुन सम्मको जिम्मेवारी नसारेको रु.५४,३८,१००।-थप गर्दा हुने मौज्दात रु.१,४४,५३,४४७।- संचितकोष खातामा हुनु पर्नेमा, आर्थिक वर्षको अन्त्यमा रु.६५,७१,२७१।- मात्र रहेकोले घटी रकम रु.७८,८२,१७५।- को वैङ्क हिसाव मिलान तयार नगरेकोले मौज्दात एकिन हुन सक्ने देखिएन । वैङ्क मौज्दात घटी रहेको बारे छानविन गरी एकिन गर्नुपर्दछ ।

४. **धरौटी** : प्रस्तुत आर्थिक विवरणमा वर्षान्तसम्म धरौटी बाँकी रु २८,६०,८४३।- रहेकोमो नामनामेसीमा रु.३३,७५,२२६।- देखिन्छ । आर्थिक विवरण र नामनामेसीमा फरक रु.५,१४,३८३।०० रहेकोमा कार्यालयले २०७३ फाल्गुन सम्मको धरौटी वैङ्क मौज्दात रु.७,८४,९३४।- मुल कोषमा हस्तारण भएकोले उक्त आर्थिक विवरणमा समावेश नभएको जनाएको छ । आर्थिक विवरणमा मुल कोषबाट ल्याउनु पर्ने धरौटी श्रेस्तामा थप गरी खुद मौज्दातमा रु.३६,४५,७७७।- र नामनामेसीमा रु. ४१,६०,१६०।- हुन जाने हुँदा फरक एकिन गरी श्रेस्ता अध्यावधिक गर्नु पर्दछ ।

५. **हस्तान्तरित आय :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२ जिम्मेवारी सारी लेखा राख्नु पर्ने व्यवस्था छ । राष्ट्रिय वाणिज्य वैङ्कमा खाता रहेकोमा गतवर्षको अन्त्यमा हस्तान्तरण खर्च लेखेको रु.६८,३९,०००।- आय भई वैङ्क विवरण अनुसार सोही मितिमा पुन हस्तान्तरण गरी खर्च लेखेको देखियो । सो गत वर्षको मौज्दात यो वर्षको वैङ्क हिसावमा आय भएको नदेखिएको र हस्तान्तरण खर्चको शीर्षक स्पस्ट पेश नभएकोले यस सम्वन्धमा आवशयक छानविन गरी वैङ्क समायोजन हिसाव तयार गर्नुपर्दछ ।

६. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ को नियम १८२(३) बमोजिम निर्दिष्ट कामको लागी लिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था

छ । सामाजिक सुरक्षा, उपकरण खरिद सहित विभिन्न कामका लागि दिएको रु.३८७,८२,२५०।- पेश्की वर्षको अन्त्यसम्म बाँकी रहेकोले फछ्यौट गर्नु पर्दछ ।

७. **पेश्कीको विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२ बमोजिम नेपाल सरकारबाट प्राप्त अनुदान आर्थिक वर्षको अन्त्यसम्ममा खर्च नभई वाँकी रहेमा फिर्ता पठाउनु पर्ने व्यवस्था छ । अनुदानतबाट निकासा भएको रु.३५,३१,७००।- मध्ये रु. २,९८,६९,३३०।- खर्च गरी बाँकी मौज्दात रु.५४,४७,६७०।- मध्ये कोष तथा लेखा नियन्त्रक कार्यालय रु.१४,४७,६७०।- फिर्ता गरी बाँकी रु.४०,००,०००।- मौज्दात नै रहेको गत वर्षको अन्तिम लेखा परिक्षण प्रतिवेदनमा देखिन्छ । सो प्रतिवेदनमा उक्त शिर्षकमा पेश्की रु.४०,०५,५००।- देखाएको छ । अनुदान फ्रिज नगरी मौज्दातमा वा पेश्की बारे स्पष्ट नहुँदा एकिन नगरी पेश्की दिनेको नाम र वैङ्क विवरण वेगर फ्रिज गर्नु पर्नेमा कोषमा मौज्दात देखिन्छ । यसबाट आबश्यक छानविन गरि असुल फछ्यौंट गर्नुपर्दछ ।

८. **गत वर्षको खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३९ को उपनियम १ को खण्ड(न) बमोजिम नियमावलीको अनुसुची-२४ वमोजिमको भुक्तानी दिन वाँकीको विवरण आर्थिक प्रशासन शाखा र कार्यालय प्रमुखले प्रमाणित गरी राखेको विवरणको आधारमा गत वर्ष भुक्तानी दिन वाँकी योजनाको रकम भुक्तानी दिनु पर्नेमा यस वर्ष २० योजना तथा कार्यक्रमको भुक्तानी आर्थिक वर्ष २०७३/७४ को परिषदबाट अनुमोदन गर्ने गरी रु.४४,५९,३९८।- खर्च गरेकोमा, उक्त खर्च परिषदबाट अनुमोदन र ती योजनाको गत वर्ष भुक्तानी नभइ बाँकी रहेको भन्ने प्रमाण पेश नहुँदा सो खर्च नियमित मान्न सकिएन ।

९. **कन्टेन्जेन्सी खर्च :** स्थानिय निकाय श्रोत परिचालन तथा व्यावस्थापन कार्यविधि, २०६९ को दफा १४ बमोजिम स्थानीय निकायबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजना पुजीगत लगानीको समष्टीगत रकमबाट वढीमा ३ प्रतिशतसम्म रकम छुट्टाइ सो रकम खर्च सम्वन्धित कार्य योजना परिषदबाट स्वीकृत शिर्षकको अधिनमा रही खर्च गर्नु पर्ने व्यवस्था छ । यो वर्ष स्वीकृत कार्य योजना वेगर कन्टिजेन्सी छुटाई रु.६,२१,३६०।- खर्च गरेको देखियो ।

१०. **पुजीगतबाट चालु खर्च :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यवीधी, २०६९ को नियम १३ मा पुजीगत रकमबाट चालु प्रकृतिका खर्च गर्न निशेध गरेकोमा अनुदान पुजीगतबाट कार्यालय सामान, कार्यक्रम भ्रमण, विविध खर्चमा रु.९,४०,५७५।- खर्च गरेको नियमित देखिएन ।

११. **आर्थिक सहयोग :** स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ को दफा १३(१)(च) मा स्थानीय निकायले राजनैतिक दल तथा तिनका भातृ वा भगीनी संगठनलाई कुनै पनि किसिमको आर्थिक सहायता, चन्दा, पुरस्कार प्रदान गर्न वा संस्थागत सहयोग उपलव्ध गराउन निषेध गरेको छ । यस वर्ष १७ संघ संस्था तथा भगीनी संगठनलाई आर्थिक र कार्यक्रम सहयोग रु.६,४३,६१०।- भुक्तानी गरेकोमा नियमित मान्न सकिएन ।

१२. **प्रमाण :** कार्यक्रम संचालन निर्देशिकाको वुँदा १:४:१ बमोजिम नागरिक मञ्चको वैठकको निर्णय अनुसार सहयोग अनुदान मञ्चको खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ५ सामाजिक परिचालकलाई मञ्चको अनुदान रु.७६००।- र केन्द्रको अनुदान रु.१ लाख गरी जम्मा रु.१,०७,६००।- वैङ्क दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

१३. **वढी भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)(ढ) मा उपभोक्ता समितीबाट काम सम्पन्न भइ मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट वेहोरिने रकमलाइ पनि सोही अनुपातमा कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यो वर्ष विभिन्न ५ खानेपानी र सिंचाइ योजना पाईपको भुक्तानी गर्दा खरिद भएको पाइप भन्दा न्यून पाइप वितरण भएकोमा समेत निकायले बेहोर्ने कम नगरी पुरै भुक्तानी गरी रु.१,००,०६५।- उपभोक्तालाई बढी भुक्तानी गरेको देखिएको छ ।

१४. **खर्चको मापदण्ड :** अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७० मा तोकिएका मापदण्डका आधारमा तालिम गोष्ठी संचालन गर्नुपर्ने, सो मापदण्ड बाहेकका विषय र दर भन्दा वढीमा खर्च गरी तालिम सञ्चालन गर्नु परेमा अर्थ मन्त्रालयको पूर्व स्वीकृत लिएर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । यो वर्ष विभिन्न ६ संस्थादारा संचालित प्रशिक्षण कार्यक्रम, तालिममा निर्देशिकामा तोकिएको दर भन्दा वढी दरमा रु.९९,६००।- वढी खर्च गरेकोमा अर्थ मन्त्रालयको स्वीकृत लिएको देखिएन । उल्लेखित दर भन्दा वढी खर्च गरेको नियमित मान्न सकिएन ।

१५. **विल भर्पाई :** स्थानिय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३६(३) मा खर्चका विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । खर्चमा विल भरपाई वेगर रु.१,१०,०१,६२५।- खर्च गरेको देखियो । बालमैत्री तालिम गरी ४ कार्यक्रममा रु.२,००,०००।- भुक्तानी गरेकोमा बैंक नगदी किताब र पेश्की नजनाएको सहित रु.११,२०,६२५।- बिल भर्पाइ नराखी खर्च गरेकोले सो रकमको विल भरपाइ पेश हुनु पर्दछ ।

१६. **कम लागत** : स्थानीय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ को दफा ११(२) मा आर्थिक सामाजिक, एवं भौतिक पूर्वाधार विकास अर्न्तगत विनियोजन भएको वजेटबाट रु.५ लाख भन्दा कम लागतका योजना छनौट गर्न नसक्ने व्यवस्था छ । कार्यालयले यो वर्ष पुर्वाधारतर्फ रु.५ लाख घटीका ६७ योजना छनौट तथा कार्य गरी रु.६७,३७,८७५।- खर्च गरेको देखियो । कार्यविधि र मापदण्डको पालना गर्न तर्फ जिम्मेवार पदाधिकारीको ध्यान जानुपर्दछ ।

१७. **अनुगमन :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ को दफा ३३(२) बमोजिम आफ्नो क्षेत्र भित्र गरेको योजनाको समग्र अनुगमन गर्न तोकिएको पदाधिकारीको संयोजनकत्वमा नगर सुपरिवेक्षण तथा अनुगमन समिती गठन गरी सो समितीद्वारा संचालित योजना, सामाजिक सुरक्षा भत्ता वितरण, बाल संरक्षण अनुदान र व्यक्तिगत घटना दर्ता कार्यक्रम लगायत समग्र कार्यक्रमको अनुगमन गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कुल १८४ योजना संचालन गरेकोमा अनुगमन समिती गठन गरी अनुगमन गरेको देखिएन ।

१८. **सामाजिक सुरक्षा भत्ता** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ बमोजिम लाभग्राहीको नाममा वैङ्क खाता खोली भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आर्थिक वर्षान्तसम्ममा जनप्रतिनिधी वडा अध्यक्षलाई ११ व्यक्तिको रु. ३,६७,९६,४००।- पेश्की दिएको देखियो । वर्षको अन्त्यसम्म खर्च नभएमा फ्रिज गर्नुपर्ने रकम जनप्रतिनिधीलाई वितरण गर्न पेश्की दिएको नियमित देखिदैन । सामाजिक सुरक्षा सञ्चालन कार्यविधिको मापदण्ड विपरित समय सिमा भित्र वितरण गर्न वैङ्क वितरण हुनुपर्दछ ।

१९. **आन्तरिक आय :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा २०(२) मा प्रचालित कानून बमोजिम रकम गोश्वारा भौचर उठाइ आम्दानी बाँधी नगद प्राप्त भएको भोलीपल्ट वैङ्क दाखीला गर्नुपर्ने उल्लेख छ । यो वर्ष नगदी रसिदबाट असुल भएको रु.४०,०२,६९४।- मध्ये रु.३८,७९,७१०।०० मात्र दाखिला गरी रु.१२२९८४।- दाखिला गरेको छैन । संकलित राजस्व दाखिला नगर्नेबाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नु पर्दछ ।

२०. **आन्तरिक लेखा परिक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३६ बमोजिम आन्तरिक लेखापरिक्षण शाखा खडा गरी आय व्याय धरौटीका श्रेस्ताको मासिक रुपमा लेखापरिक्षण गर्ने, वार्षिक तलवी प्रतिवेदन पारित गर्ने, वेरुजूको लगत राखी परिषदको निर्णय बमोजिम वेरुजु फछ्र्यौट भए अनूरुप वेरुजुको लगत कट्टा गरी लगत अध्यावधिक गर्नुपर्ने व्यवस्था छ । यो तहले आन्तरिक लेखापरिक्षण शाखा गठन गरेको देखिएन । जिससको आन्तरिक लेखापरिक्षण शाखाबाट अर्ध वार्षिक लेखापरिक्षण गराएता पनि तेस्रो चौमासिकको लेखापरीक्षण प्रतिवेदन पेश गरेको छैन । विगत वर्ष देखी वेरुजुको लगत राखेको देखिएन । आन्तरिक लेखापरीक्षण शाखा खडा गरी कारोबारको नियमित परिक्षण गराउनु पर्दछ ।

२१. **प्रशासनिक खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ बमोजिम २५ देखी ५० लाख रुपैयासम्म आम्दानी भएको तहले ४० प्रतिशतसम्म प्रशासनिक कार्यमा खर्च गर्न पाउने व्यवस्था छ । यो तहले रु.४०,०२,६९४।- को आय गरी ४० प्रतिशतले हुने रु.१६,०१,०७७।- प्रशासनिक कार्यमा खर्च गर्नुपर्नेमा यो वर्ष रु.३७,४७,३५४।- खर्च गरी सीमा भन्दा रु.२१,४६,२७७।- वढी खर्च गरेकोले नियम विपरित देखियो । सिमा भन्दा वढी खर्च नियमित मान्न सकिएन ।

२२. **जिल्ला योजना :**स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी २०६९ को दफा ६० बमोजिमे कार्यन्वयन गर्ने गरी यो जिससबाट १६ योजनाको कुल रु.२,९४,३१८०।- प्राप्त भएको मध्ये यो तहले योजनाको विवरण नराखी बैङ्क विवरणमा दाखिला भएको विवरण स्पष्ट नगरी रु.३२,८१,३४७।- राजस्व तथा जिविसबाट आय भनी आम्दानी बाँधेको देखियो । जिससबाट पठाएकोमध्ये ७ योजना कार्यान्वयन नगरेकोले सोको रु.१,१८५,०००।- जिससमा फिर्ता गरी संचित कोष दाखिला गर्नु पर्दछ ।

२३. **सर्भे डिजाइन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(६) मा योजनाको सर्भे डिजाईन पेश गर्नुपर्ने व्यवस्था छ । एक भ्युटावर पुर्वाधार निर्माणको सर्भे डिजाइन लागत अनुमान र गुरुयोजना तयार गरी एक कन्सल्टेन्सीलाइ रु.२,००,०१०।- भुक्तानी गरेकोमा सर्भे, डिजाइनको प्रतिवेदन पेश भएको देखिएन । प्रतिवेदन पेश गरी जिन्सी आम्दानी गर्नुपर्दछ ।

२४. **प्रमाण पेश :** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । वृतचित्र कथा लेखन सम्पन्न गरी एक प्रालिलाई रु.१,४८,४९९।- र वृत चित्र छायाँकन र प्रशोधन गरी एक प्रालिलाई रु.१,४९,०००।- समेत रु.२,९७,४९९।- भुक्तानी हुँदा वृत चित्र प्रशारण गरेको स्पष्ट गरी सो प्रमाण पेश गरेको देखिएन ।

२५. **तालिम :** अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७३ (छैंथौ सस्करण) मा तालिम सञ्चालनको लागि नर्म्सको व्यवस्था गरेको छ । व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सुविधा व्यवस्था प्रणाली सम्वन्धी तालिममा रु.४,०००।- का दरले भत्ता, खाजा र तालीम सामग्री समेतले रु.५८,७२०।- खर्च गर्दा निर्देशिका बमोजिमको मापदण्डलाई पालना गरेको देखिएन ।

२६. **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ । रु.२३४२७०।- खर्च गरेको पेश भएकोमा घटी विल भर्पाई भएको रु.४,१६४।- र व्यक्तिगत घटना लेखा र सामाजिक सुरक्षा सम्वन्धित कार्यक्रममा कर्मचारीलाई प्रदान गरेको रु.८०,०००।- को अग्रिम कर कट्टी नगरेको रु.१,२००।- र सडक खण्डको सर्भे, डिजाइन, लागत अनुमान वापत एक प्राविधिकलाई रु.३८,८३७।- भुक्तानीमा १५ प्रतिशत अग्रिम कर कट्टी नगरेको रु.५८२६।-समेत रु.११,१९०।- असुल गरी दाखिला गर्नुपर्दछ ।

२७. **प्रमाण पेश :** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पाँच सामाजिक परिचालकहरुलाई विमा प्रिमियम रु.५,०००।- का दरले रु.२५,०००।- भुक्तानी गरेकोमा विमा गरेको प्रमाण नभएको र नगर क्षेत्र पूर्वाधार कार्यक्रमलाई सापटी जनाएको रु.६०,०००।- फिर्ता भएको देखिएन ।

२८. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०६९ को १९(२) मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची-१३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्थानिय तह र साबिक निकायले रु.५,००,२६,२००।- सामाजिक सुरक्षा सुविधा वितरण गर्दा सुविधा पाउनेको नामनामेसी सार्वजनिक गरेको देखिएन । दोश्रो र तेश्रो किस्ताको सामाजिक सुरक्षा भत्ता रकम रु.३,८७,८२,२५०।- पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्य सम्म वितरण गरी भरपाइ पेश गराइ पेश्की फछ्र्योट गरेको देखिएन । मुल अभिलेखमा नभएको व्यक्तिको नाम भरपाईमा थप गरि जेष्ठ ७२, वालवालिका ४८, विधवा ६२, अपाङ्ग १२, पूर्ण अपाङ्ग १, जेष्ठ दलित १८ समेत २१३ लाई रु.९,९७,६००।- सुविधा वितरण गरेको पाइयो ।

२९. **भवन निर्माण** : स्थानीय विकास आर्थिक नियमावली, २०६४ को नियम १२८ अनुसार तोकिएको समयमा कार्य सम्पन्न नभएमा निर्माण व्यवसायीले म्याद थपको माग गर्नु पर्ने व्यवस्था छ । रु.२,४१,२३,५६३।०० को लागत अनुमान भै प्रतिस्पर्धा हुदाँ रु.१,७७,०३,३६५।- भ्याट बाहेकमा एक व्यवसायीसँग सम्झौता भई दोश्रो विल रु.१,२१,३७,६७२।- पेश भई गत वर्षको पेश्की रु.२२,६६,४८८।- कट्टा गरी रु.९८,७१,१८४।- निर्माण व्यवसायीलाइ भुक्तानी गरेको देखियो । सो बारे देखिएको व्यहोरा निम्नानुसार छन् ।

प्रथम विल रु.५३,१३,८११।- भुक्तानी गर्दा रु.१,७५,४५३।- विमा कम्पनीको कर विजक वेगर रकम भुक्तानी भएकोले वास्तविक विमा गरे नगरेको एकिन भएको छैन । भवन निर्माणमा वढी खर्च रु.८,७१,१८३।- नगर क्षेत्र पूर्वाधार कार्यक्रमको वजेटबाट स्वीकृत कार्यक्रम नराखी खर्च गरेको देखियो ।

३०. **लोडर खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । निर्माण कार्यमा उपयोग हुने उपकरणको रू. ४,२००,०००।- लागत अनुमान तयार गरेकोमा विशिष्टीकरण गुण लागत अनुमानको आधारमा खुलेन । नगर सरसफाईको उपयोग भएको स्पष्ट अभिलेखबाट देखिएन । लोडर प्रयोग भई रहेको भनिएता पनि उपकरण उपयोगबाट आम्दानी प्राप्त भएको देखिएन । आम्दानी एकीन गरी दाखिला गनुपर्दछ ।

३१. **काम नभै खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धि नियमावली २०६४ को नियम १५५ अनुसार रु.१ करोडसम्मको काम उपभोक्ता समितीबाट गर्ने व्यवस्था रहेको छ । सुडे पिलुवा कालोपत्रे कामको लागि रु.९९,१५,७३१।- को लागत अनुमान गरी रु.७९,३२,५८४।- र उपभोक्ताबाट रु.१९,८३,१४६।- योगदन गरी सम्झौता भएको देखियो । तर समयमा काम नभै नगरपालिकाको अनुदान उपभोक्तालाई रु.७९३२,५८४।- दिई रोक्का राखेको तथा उपभोक्तालाई अग्रिम भुक्तानी गर्दा पेश्की नजनाइ सिधै खर्च लेखेको पाइयो । सडक कालोपत्रे गर्ने उपभोक्ताबाट गर्ने गरी सम्झौता भएको र काम नभई अग्रिम खर्च लेखेको रु.७९,३२,५८४।- असुल हुनु पर्दछ ।

३२. **मूल्य अभिवृद्धि कर :** आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ को ९७ अनुसार उपभोक्ता समितिलाई दिइने कामको लागत अनुमान ओभरहेड र मूल्य अभिवृद्ध कर बाहेकको मूल्यमा सम्झौता गर्नुपर्ने व्यवस्था छ । पोलको प्रति थान रु.९५,५५६।- मा १३ प्रतिशत मूल्य अभिवृद्धि कर सहितको मुल्यमा सम्झौता गरी प्रति पोल रु.१०,९९३।- का दरले ३३ पोलको रु.३,६२,७६९।- नपाउने हुँदा खर्च लेखेकोले असुल हुनुपर्ने देखिन्छ ।

३३. **आन्तरिक बेरुजु :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०२ बमोजिम आन्तरिक लेखापरिक्षणबाट निस्केका वेरुजु वा त्रुटि अन्तिम लेखापरिक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराइ वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुलउपर गर्नु पर्नेमा असुलउपर गरी त्यसको प्रमाण सम्वन्धित लेखा सँग संलग्न गरी लेखा अध्यावधिक गराइ राख्नु पर्ने व्यवस्था छ । आन्तरिक लेखा परिक्षणबाट औल्याइएका निम्नानुसारका वेरुजू वा त्रुटि अन्तिम लेखापरिक्षण सम्म आवश्यक प्रमाण संलग्न गरी असुल प्रमाण र नियमित गराइ स्रेस्ता अध्यावधिक गराइ राखेको देखिएन ।

३३.१ प्रतिलिपी बिल, धरौटी दाखिला, लागत अनुमान, नापी, कार्यसम्पन्न र गाडी भाडा प्रयोजन नखुल्ने जस्ता प्रमाण नराखी आन्तरिक लेखापरीक्षण प्रमाण पेश गर्ने रु.३८०५२३।- को व्यहोरा फछ्र्यौट गरेको छैन ।

३३.२ अग्रिम कर कट्टा गरी र दाखिला गर्न बाँकि रु.१,२६,३८८।- बढी भुक्तानी रु.९,६००।०० समेत र.१,३५,९८८।- समयमा सम्बन्धित खातामा दाखिला गरेको पाईएन ।

३४. **प्रमाण पेश :** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । साविक नुन ढीकीको आइटि तालिममा रु.१९,७००।- खर्च गरेकोमा तालिमको प्रमाण तथा सहभागिताको प्रमाण पेश हुन सकेन । कन्टिजेन्सीबाट खर्च रु.१००,०००।- गर्दा विल भरपाइ संलग्न भएको देखिएन ।

३५. **कर कट्टी :** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार भुक्तानीमा १५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ । सडक सर्भे गरी रु.१,६०,०००।- भुक्तानी दिएकोमारु.२४,०००।- र मालपोत लगत रु.२०,०००।- भुक्तानी दिएकोमा रु.३,०००।०० गरी रु.२७,०००।०० कर कट्टी गरेको देखिएन । कर कट्टी नगरी भुक्तानी गरेको रु.२७,०००।- असुल गरी दाखिला गर्नुपर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.१२ करोड ४१ लाख ३३ हजार कुल बेरुजू रहेको मध्ये असुल गर्नुपर्ने रु १ करोड ३६ लाख ३४ हजार नियमित गर्नुपर्ने रु. ३ करोड ४९ लाख २१ हजार र पेश्की रु.७ करोड ५५ लाख ७८ हजार रहेको छ ।

# धर्मदेवी नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु. १३ लाख ९८ हजार र यो वर्षको आय रु.५ करोड ८२ लाख ३७ हजार समेत रु.५ करोड ९६ लाख ३५ हजार आय भई रु.४ करोड ५३ लाख ७१ हजार खर्च गरी रु.१ करोड ४२ लाख ६४ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन :

१. **कानूनको पालना :** प्रचलित कानूनको पालना गर्नु सम्बन्धित निकायको कर्तब्य हो तर निकायले खरिद योजना, सामानको मूल्य, निरीक्षण प्रतिवेदन, कार्य विवरण, अधिकार र जिम्मेवारी, अनुगमन र मूल्यांकन, जोखिम पहिचान निराकरण, बार्षिक प्रगती, संक्षिप्त बार्षिक प्रतिवेदन आन्तरीक लेखापरीक्षण जस्ता विषयमा दायित्व पूर्ण रुपले पालना गरेको नदेखिदा प्रारिम्भक प्रतिवेदनको पद्धति पनि सुधार गरेको छैन ।

२. **सामान खरिद** : सार्बजनिक खरिद नियमावली, २०६४को नियम ८४ अनुसार स्विकृत कार्यक्रम र खरिद योजना अनुसार रु.५ लाख देखि २० लाख रुपैया लागत अनुमान भएका मालसामान सिलबन्दी दरभाउपत्रका आधारमा खरिद गर्ने व्यवस्था छ । कम्प्युटर, सोलार, फर्निचर सामान खरिद गर्दा खरिद योजना नबनाई रु.५ लाखमा नबढ्ने गरी पटक पटक खरिद गरेको छ । विधि प्रकृया अपनाई प्रतिस्पर्धात्मक तरिकाबाट सामान खरिद गर्नु पर्नेमा सिधै खरिद गरेको नियम सम्मत देखिएन ।

३. **बरबुझारथ :** आर्थिक कार्यविधि नियमावली, २०६४को परिच्छेद ६को नियम ५५ अनुसार नगद जिन्सी मालसामान लगायत अन्य सरकारी कागजात जिम्मा लिने कर्मचारी साधारण तथा सरुवा, अवकास तथा कार्यालय छोडी जाँदा बरबुझारत गर्नुपर्ने व्यबस्था छ । साविकका समाहित भएका ३ निकायको जिन्सी सामानको बरबुझारथ गरेको देखिएन ।

४. **फ्रिज रकमः** सामाजिक सुरक्षा बापत नगरपालिकामा रु.१,७८,७३,६००।– प्राप्त गरी रु.९७,४८,०००।- खर्च भई बाँकी रु.८१,२५,६००।- फ्रिज गर्नु पर्नेमा फ्रिज गरेको देखिएन ।

५. **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ मा पेश्की फछ्र्यौट गर्ने सम्बन्धी व्यवस्था छ ।कार्यालयले पेश गरेको बैंक नगदी किताव र गत वर्षको लेखा परिक्षण प्रतिवेदनको आधारमा गत वर्षसम्मको पेश्कि बाँकी रु.१८,६४,०२५।- मध्ये रु.३,७०,०००।- फछ्र्यौट भई रु १४,९४,०२५।- बाँकी भएकोमा र यस वर्षको पेश्कि रु.२५,०४,२००।- समेत रु.३९,९८,२२५।- पेश्की बाँकी रहेको छ । २ व्यक्तिको नाममा उपलव्ध गराएको रु.५,३१,५७८।- फछ्र्यौट हुनबाँकी सहित रु.४५,२९,८०३।- पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

६. **संचित कोष दाखिला :** आर्थिक बर्षको तह अन्तर्गत ९ वडामा र अन्य ६ वडामा जम्मा रु.८३,५९,४५८।- संचित कोषमा दाखिला हुनुपर्नेमा बडामा मौज्दात राखेको देखियो । सो स्थानिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिन्छ ।

७. **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ । साविकको आँखिभुईले रु.३५,६००।- खर्च लेखेकोमा रु.२३,१००।- को विल पेश भएकोलेरु.१२,५००।-को खर्च प्रमाण नभएको रु.२,००,०००।- प्रमाण र रकम बुझेको भरपाई नभएको, खर्चको बिल भरपाई बेगर कार्यक्रम योजना खर्चमा रु.३०,०००।- खर्च देखाईएको र स्वास्थ्य चौकीलाई प्रमाण बेगर रु.१,५०,०००।- को पेश्की खर्च लेखेको, साविक माम्लिङ्गले सञ्चार पत्रिकामा रु.३,६००।- को विल भरपाई बेगर खर्च लेखेको, योजना तर्जुमामा प्रमाण बेगर रु.४०,०००।- खर्च लेखेको, साविक तामाफोकले विभिन्न शिर्षकमा रु.५८,०१५।- को बिल भरपाई बेगर खर्च गरी रु.४,९४,११५।- को बिल भरपाई वेगर खर्च लेखेको पाइयो ।

८. **राजस्व :** राजस्व आर्जन गर्ने कायालयले आर्जन गरेको राजस्व तोकिए बमोजिम राजस्व खातामा दाखिला गर्नुपर्दछ । साविकको आँखिभुईगाउँ विकास समितिलेरु.१०,९७७-, माम्लिङ्गले रु.२,०३६।- र तामाफोकले रु.२,२८०।०० गरी रु.१५,२९३।- असुल गरेको आय दाखिला गरेको देखिएन ।

९. **मालपोत असूलीः** साविकको आँखिभुईगाउँले चौमासिक मालपोत असूली रु.८१,५८०।- को २५ प्रतिशतले हुने रु.२०,३९५।- तथा माम्लिङ्गले रु.१९,०००।- को २५प्रतिशतले हुन आउने रु.४,७५०।- र तामाफोकले रु.८०,०००।- को २५ प्रतिशतले हुने रु.२०,०००।- गरी रु.४५,१४५।- जिल्ला समन्वय समितिमा पठाउनु पर्नेमा पठाएको देखिएन ।

१०. **आन्तरीक आय :** आन्तरीक आय आर्जन गर्नेले आय आन्तरीक आयव्ययमा राख्नुपर्दछ । साविकको माम्लिङ्गले आन्तरीक आयको रु.३२,०००।- नगदै राखेकोमा आयव्यय बिबरणमा देखाएको छैन । सो दाखिला हुनुपर्दछ ।

### बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.२ करोड १५ लाख ९९ हजारर कुल बेरुजू देखिएको मध्ये नियमित गर्नुपर्ने रु.८१ लाख २५ हजार र पेश्की रु. १ करोड ३४ लाख ७४ हजार रहेको छ ।

# खांदवारी नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत रु.३० लाख ८६ हजार र यो वर्षको आय रु.१६ करोड ४४ लाख २५ हजार समेत रु.१६ करोड ७५ लाख ११ हजार आय भई रु.१४ करोड २१ लाख ७४ हजार खर्च गरी रु.२ करोड ५३ लाख ३७ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन् :

१. **गत वर्षको जिम्मेवारी** : स्थानिय विकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(५) अनुसार आर्थिक वर्षको अन्त्यमा खर्च नभइ बाँकी रहेको रकम मध्ये नेपाल सरकारबाट प्राप्त फ्रीज गर्नु नपर्ने रकम नगरपालिकाले आफ्नो आम्दानीको अगामी आर्थिक वर्षका लागी जिम्मेवारी सारी लेखा राख्नु पर्ने व्यवस्था छ । यो वर्ष गत वर्षको अन्तिम लेखापरिक्षण प्रतिवेदनमा मौज्दात देखाएको रु.१,२२,८१९।- सारेको देखिएन । गत वर्षको समेत जिम्मेवारी नसारी पेश भएको आय व्ययले यथार्त चित्रन गर्दैन ।

२. **जिम्वेवारीः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(५) अनुसार आर्थिक वर्षको अन्त्यमा खर्च नभइ बाँकी रकम अगामी वर्षका लागी जिम्मेवारी सारी लेखा राख्नु पर्ने व्यवस्था छ। यो वर्ष नगरपालिकाले गत वर्षको अन्तिम लेखापरिक्षण प्रतिवेदनमा मौज्दात रहेको रु.१ करोड २३ लाख जिम्मेवारी सारेको देखिएन । त्यस्तै, धरौटीको रु १३ लाख १३ हजार र कल्याणकोषको मौज्दात रु. ९ लाख ४९ हजारको वैंक विवरण पेश नभएकोले सेस्तामा भन्दा वैंक मौज्दात न्यून भएकाले एकिन गर्न सकिएन ।

३. **बैंक मौज्दातः** आर्थिक विवरण अनुसार वैक मौज्दात रु. ६९ लाख ९६ हजार देखाएको छ। पेश भएको वैंक विवरण अनुसार अषाढसम्मको वैंक मौज्दात रु. ६० लाख ७१ हजार रहेकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयले फ्रिज नगरी फिर्ता गरेको ३ हस्तान्रण आदेशको थप आय भएको रु. ७९ लाख २० हजार समेत रु. १ करोड ३९ लाख ९१ हजार देखिन्छ । नगरपालिकाले वैंक नगदी किताव र खर्च विवरण अनुसार धरौटी, कल्याणकोष र सितलपाटीको वाहेक स्रेस्ता अनुसारको मौज्दात रु. २ करोड ६ लाख ९० हजारमा, गत वर्षको जिम्मेवारी नसारेको रु.१ करोड २३ लाख समेत रु. २ करोड ८ लाख १३ हजार देखिन्छ । साविक सितलपाटी गाविस हाल नगरपालीका वडा नं. १० र ११ को फाल्गुणसम्मको मौज्दात रु. १८ लाख २२ हजार मध्ये २ वडामा हस्तान्रण गरि वाँकी रु. ५ लाख ४६ हजार र हस्तान्रणर मध्ये खर्च नभई वांकी रहेको रहेको रु. २ लाख ८२ हजार समेत रु. ८ लाख २८ हजार नगरपालीकाको स्रेस्तामा आय नदेखिएकोले सो समेत थप गर्दा स्रेस्ता अनुसार खुद मौज्दात रु. २ करोड १६ लाख ४१ हजार हुन आउँछ । स्रेस्ता भन्दा वैंकमा खुद न्यून रु. ७६ लाख ५० हजारका सम्वन्धमा आवश्यक छानविन गरी जिम्मेवार व्यक्तिवाट असुल उपर गर्नुपर्दछ ।

४. **सार्वजनिक निर्माणः** नगरपालिकावाट पेश भएको एकिकृत आर्थिक विवरणमा विभिन्न कोषबाट निर्माण खर्च रु. ५ करोड ४५ लाख २४ हजार खर्च देखाएकोमा सोको विस्तृत विवरण पेश नभएकोले सो खर्च पुष्टी गर्ने आधार वेगर खर्च गरेवाट सो एकिन गर्न सकिएन ।

५. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ मा खचै प्रमाणित गर्ने विल भरपाई सहितमा स्रेस्ता राख्नु पर्ने व्यवस्था छ । ले.प.शुल्क, आ.ले.प.प्रोतसाहन, विभाग अनुमतिमा छाप, विजूलीको वील, भरपाई, अभिवेशन, भैपरि पालोपहरा, परिवारको दै.भ्र.भ.जस्ता विषयमा रु.५,१९,६११।- खचै गर्दा विल भरपाई खर्च प्रमाणित गर्ने लेखा राखेको छैन ।

६. **कर कट्टी :** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार १५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष विल भुक्तानी गर्दा कर कट्टी नगरी रु.१,०२,८४८।- न्यून गरी भुक्तानी गरेको छ। कर रु.१,०२,८४८।– असुल गरी दाखिला गर्नुपर्दछ ।

७. **पेश्की फछ्र्यौट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ मा पेश्की समयमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा सुविधा एक व्यक्तिलाई रु.३३,४८,०००।- दिएको पेश्की बांकी देखियो । सो पेश्की फछ्र्यौट हुनुपर्दछ ।

८. **परिषद् निर्णय :** नगर परिषद्बाट पारित हुनुपर्ने व्यवस्था छ । ४ फरक मितिमा रु.९,२२,१५८।००खर्च गरेको तथा एक कर्मचारीलाई सम्पत्ति कर तालिमको रु.१,०३,४००।- सहित जम्मा रु.१०,२५,५५८।– भुक्तानी भएकोमा उक्त कार्यक्रम परिषदवाट पारित भएको छैन ।

९. अग्रिम करमा वापत बजेट खर्च लेख्नु नहुनेमा बजेट खर्च लेखेको हुँदा रु.३७२६०।०० दोहोरो खर्च भएको छ। उक्त असूल हुनुपर्दछ ।

१०. **पेश्की वाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धित नियमावली, २०६४ को नियम १८२ (३) बमोजिम निर्दिष्ट कामको लागी लिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्दछ । कार्यालयले ४० विभिन्न कामका लागी दिएको रु.४७,६३,९०२।- पेश्की आर्थिक वर्षको अन्त्यसम्म बांकी हुंदा फछ्र्यौट गर्नु पर्दछ ।

११. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा भत्ता वितरण गर्दा मुल अभिलेखमा रहेका व्यक्तिलाई मात्र सामाजिक सुरक्षा सुविधा दिन मिल्ने तथा नयांको लागि व्यक्तिको हकमा जुन चौमासिकमा दर्ता भएको सो पछिको अर्को चौमासिक देखि सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था छ । मुल अभिलेख पेश हुन आएन् । यस वर्ष सामाजिक सुरक्षा बापत निकासा भएको रु.३,५५,५२,०००।- मध्ये वैंक निकासाको रु.३,२४,५२,०००।- र बालपोषण खर्च लेखेको रु.७,३७,२००।- कटाइ बाँकी रु.२३,६२,८००।- खर्च गर्नुपर्नेमा नगरेकोले उक्त रकम राजश्व दाखिला गर्नुपर्दछ ।

बैंकद्धारा सामाजिक सुरक्षा सुविधा वितरण गर्न कूल रु.३,२४,५२,०००।- राष्ट्रिय वाणिज्य बैंक खाँदबारी पठाएकोमा सो लाभ ग्राहीले पाएको हो सो विवरण संलग्न गरेको पाइएन । बैंक पठाएको मध्ये वितरण भएको स्पष्ट विवरण वैंकबाट प्राप्त भएको छैन । वैंकलाई पठाएका सुविधा खर्चको एकिन गर्न सकिएन । वैंकबाट वितरणको विवरण मागी वचत रकम फ्रिज गराउनु पर्दछ ।

वालपोषण तथा वाल संरक्षण सुविधा वितरण गर्ने रु.७,३७,२००।- खर्च लेखेकोमा सो को मुल अभिलेख तथा विल भरपाई पेश हुन आएन । वितरण भरपाइ लिइ बाँकी रकम प्रिज गर्नुपर्दछ । वितरण गर्न लिएको रकम सिदै खर्च लेखिएकोले सो रकम जिम्मेवारी एकिन भएन ।

१२. **आन्तरिक आयः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, ३०६४ को दफा २०(२) मा नगरपालिका लाई प्रचालित कानुन बमोजिम प्राप्त रकम गोश्वारा भौचर उठाइ सम्वन्धित खातामा आम्दानी वाँधी त्यस्तो नगद प्राप्त भएको भोलीपल्ट वैङ्क दाखीला गर्नुपर्ने उल्लेख छ । यो वर्ष नगदी रसिद बाट असुल भएको रु.१,०४,९४,०९६।- मध्ये रु.९९,७७,०५७- मात्र दाखिला गरी रु.५,१७,०३९।- दाखिला भएको छैन । संकलन भएको राजस्व दाखिला नगर्नेबाट उक्त असुल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

१३. **आन्तरिक लेखापरीक्षणः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३६ बमोजिम नगरपालिकाले आन्तरिक लेखापरिक्षण शाखा खडा गरी आय व्याय धरौटीका श्रेस्ताको मासिक रुपमा लेखापरिक्षण गर्ने, स्थानीय निकाय कर्मचारीको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने, वेरुजूको लगत राखी परिषदको निर्णय बमोजिम वेरुजु फछ्यौंट भए अनूरुप वेरुजुको लगत कट्टा गरी लगत अध्यावधिक गर्नुपर्ने व्यवस्था छ । आन्तरिक लेखापरिक्षण शाखा गठन गरेको देखिएन । जि.स.स.बाट आन्तरिक लेखापरिक्षण शाखाबाट अर्ध वार्षिक रुपमा लेखापरिक्षण गराउने गरे पनि यस वर्षको दोस्रो चौमासिक सम्मको लेखापरिक्षण प्रतिवेदन पेश भएको पाइयो । तेस्रो चौमासिकको लेखापरिक्षण प्रतिवेदन पेश गरेको छैन । विगत वर्ष देखी वेरुजुको लगत राखेको समेत देखिएन । आन्तरिक लेखापरीक्षण शाखा स्थापना गरी आर्थिक कारोबारको परिक्षण गराउनु पर्दछ ।

१४. **प्रशासनिक खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ बमोजिम १ करोड भन्दा वढी आम्दानी भएकोले आयको २५ प्रतिशत, प्रशासनिक खर्च गर्न पाउने व्यवस्था छ । यो वर्षको आम्दानी रु.१,०४,९४,०९६।- को २५ प्रतिशतले हुने रु.२६,२३,५२४।- प्रशासनिक कार्यमा खर्च गर्नुपर्नेमा रु.१,५६,२१,६४६।- खर्च गरी सिमा भन्दा रु.१,२९,८८,१२२।- वढी खर्च गरेकोले सिमा भन्दा वढी खर्च रकम नियमित मान्न सकिएन ।

१५. **योजनाः** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ को दफा ६० बमोजिम खाँदबारी नगरपालीकाले कार्यन्वयन गर्ने गरी यस वर्ष जिल्ला समन्वय समितीबाट २१ वटा योजनाको रु.३६,८१,८००।- पठाएकोमा सो मध्ये यो वर्ष रु.२३,८१,८००।- मात्र जि.स.स.बाट प्राप्त आय आम्दानी वाँधेको देखियो । गत वर्ष प्राप्त खर्च नभइ वाँकी रु.९,५७,२४३।- समेत कूल रु.४६,३९,०४३।- यो वर्ष योजनाको रु.४६,४३,९३७।- खर्च गरेको देखियो । जिल्ला समन्वय समितिले कार्यान्वयनका लागी पठाएका ग्रामिण खानेपानी ५ योजना कार्यान्वयन हुन नसकेको योजनाको रु.१०१३२५०।- जिल्ला समन्वय समितिमा फिर्ता गरी संचित कोष दाखिला गर्नुपर्दछ ।

१६. **कन्टिन्जेन्सी खर्च :** स्थानिय निकाय श्रोत परिचालन तथा व्यावस्थापन कार्यविधि, २०६९ को दफा १४ बमोजिम स्थानीय निकायबाट संचालन गरिने कार्यक्रम वा आयोजना पुजीगत लगानीको समष्टीगत रकमबाट वढीमा ३ प्रतिशतसम्म रकम छुट्टाइ सो रकम खर्च सम्वन्धित कार्य योजना परिषदबाट स्वीकृत शिर्षकको अधिनमा रही खर्च गर्नुपर्नेछ । यस वर्ष स्वीकृत कार्य योजना वेगर कन्टिजेन्सी नछुटाइ योजनाको कन्टीजेन्सी चालु खातामा हस्तान्तरण गरी खर्च गरेकोले पुजीगत खर्चको सिमा भित्र खर्च गरेको छ भनि भन्न सकिएन ।

१७. **शिर्षक फरक :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यवीधी,२०६९ को नियम १३ मा पुजीगतबाट चालु प्रकृतिका खर्च गर्न निषेध गरेकोमा पुजीगत शिर्षकबाट कार्यालय सामान, कार्यक्रम भ्रमण, मर्मत/विविध खर्च रु.२२,४८,७२१।- गरेको नियमित देखिएन ।

१८. **आर्थिक सहायताः** स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी २०६९ को दफा १३(१)(च) मा स्थानीय निकायले राजनैतिक दल तथा तिनका भातृ वा भागिनि संगठनलाई कुनै पनि किसिमको आर्थिक सहायता, चन्दा, पुरस्कार प्रदान गर्न वा संस्थागत वा कार्यक्रमिक सहयोग उपलब्ध गराउन

निषेध गरेको छ । रेडक्रस सोसाइटी सहित विभिन्न ९ संघ संस्था र व्यक्तिलाइ आर्थिक सहयोग र कार्यक्रमिक सहयोग रु.६४३६१०।- भुक्तानी गरेको नियमित मान्न सकिएन ।

१९. **अनुगमन:** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ को दफा ३३ (२) बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्र संचालित विभिन्न कार्यक्रम वा आयोजनाहरुको समग्र अनुगमन गर्न नगर प्रमुख वा नगर प्रमुखको काम गर्न तोकिएको पदाधिकारीको संयोजनकत्वमा नगर सुपरिवेक्षण तथा अनुगमन समिती गठन गरी सो समितीले संचालित कार्यक्रम, योजना, सामाजिक सुरक्षा भत्ता वितरण, बाल संरक्षण अनुदान र व्यक्तिगत घटना दर्ता कार्यक्रम लगायत नगरपालिकाका समग्र कार्यक्रमको अनुगमन गर्नु पर्ने व्यवस्था छ । यो वर्ष योजना/कार्यक्रम संचालन गरेकोमा अनुगमन समिती गठन गरी अनुगमन गरेको देखिएन ।

## बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.३ करोड ८५ लाख ६ हजार कुल बेरुजू रहेको मध्ये असुल गनुपर्ने रु.७७ लाख ८९ हजार, नियमित गर्नुपर्ने रु.२ करोड २६ लाख ६ हजार र पेश्की रु. ८१ लाख ११ हजार रहेको छ ।

# मादी नगरपालीका
## लेखापरीक्षण प्रतिवेदन

गतको रु.२२ लाख ४८ हजार र यो वर्षको आय रु.१० करोड १७ लाख ६ हजार समेत रु.१० करोड ३९ लाख ५४ हजार आय गरी रु.७ करोड ८ लाख १५ हजार खर्च गरी रु.३ करोड ३१ लाख ३९ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन् :

१. **गत वर्षको जिम्मेवारीः** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(५) अनुसार आर्थिक वर्षको अन्त्यमा खर्च नभइ बाँकी रकममध्ये नेपाल सरकारबाट प्राप्त फ्रीज गर्नु नपर्ने रकम नगरपालिकाले आफ्नो आम्दानी अगामी आर्थिक वर्षका लागी जिम्मेवारी सारी लेखा राख्नु पर्ने व्यवस्था छ। यो वर्ष श्रेस्ता अनुसार बैंक मौज्दात रु.३१४,७०,७८३।– हुनुपर्नेमा रु.३१५,३६,०२१।- बैंकमा मौज्दात देखिएकोले रु.६५,२३८।- वढी जिम्मेवारी सारी लेखा राखेको देखियो । श्रेस्ता भन्दा वढी रु.६५,२३८।- जिम्मेवारी सारेको वारे एकिन गर्नुपर्दछ।

२. **प्रशासनिक खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४को नियम ३४मा स्थानीय स्वीकृत बजेटको परिधिभित्र ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कूल रकमको पच्चीस लाख रुपैंयासम्म आम्दानी हुनेले अधिकत्तम ६० प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न पाइने छैन। यो वर्ष कूल आन्तरिक आय रु.१६,४०,२८०।- को ६० प्रतिशतले हुन आउने रु.९,८४,१६८।- हुन्छ । यो वर्ष रु.३३,१८,४०४।- खर्च गरेको देखिएकोले नियमले तोकेको सिमा भन्दा बढी रु.२३,३४,२३६।- खर्च भएको देखियो।

३. **सामाजिक सुरक्षाः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०६९ मा जेष्ठ नागरिक, वालवालिका, विधवा, अपाङ्ग, पूर्ण अपाङ्ग स्पष्ट अभिलेख देखिने मूल लगत तयार गरी सो बमोजिम भत्ता वितरण गर्नुपर्ने व्यवस्था रहेको छ। दोस्रो चौमासिकको रु.१,४३,७६,०००।- सामाजिक सुरक्षा भत्ता वितरण गर्दा जेष्ठ नागरिक, वालवालिका, विधवा, अपाङ्ग, पूर्ण अपाङ्ग स्पष्ट अभिलेख देखिने मूल अभिलेख तयार नगरेकोले वितरित खर्चको यकिन गर्ने आधार देखिएन।

४. **कर कट्टी :** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार सेवा शुल्क भुक्तानी १५ प्रतिशत कर कट्टि गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षण शुल्क रु.६५,०००।- भुक्तानी दिएको रकममा १५ प्रतिशतले हुने रु.९७५०।- कर कट्टि असूल हुनुपर्दछ।

५. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली ,२०६४ को नियम ४६(३) बमोजिम खर्चको विल भरपाई राखि खर्च लेख्नुपर्ने व्यवस्था छ। वडा मञ्चका स्वायत्त शासनमा रु.५२,०००।- खर्च गर्दा विल भरपाई पेश भएको छैन।

६. **आर्थिक सहायताः** स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ को दफा १३(१) (च) मा स्थानीय निकायले राजनैतिक दल तथा तिनका भातृ वा भागीनी संगठन, संघ संस्था वा व्यक्तिलाइ कुनै पनि किसिमको आर्थिक सहायता, चन्दा, पुरस्कार प्रदान गर्न वा संस्थागत वा कार्यक्रमिक सहयोग उपलव्ध गराउन निषेध गरेको छ । यो वर्ष विभिन्न संस्थालाई आर्थिक सहयोग वापतको रु.१२,१०,२३०।- खर्च गरेको नियमित मान्न सकिएन।

७. **कम लागतः** स्थानीय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ को दफा ११(२) मा नगरपालिकाले आर्थिक, सामाजिक, एवं भौतिक पूर्वाधार विकास अर्न्तगत विनियोजना भएको पुजीगत वजेटबाट रु.५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने व्यवस्था छ। पुजीगतबाट पुर्वाधार छनौट भएको रु.५लाख भन्दा कमको ६ वटा टुक्रे योजनामा रु.३२०,०००।– तथा १०५ योजनामा रु.१,२१,७०,९८२।- गरी रु.१,२४,९०,९८२।- खर्च गरेको देखियो । कार्यविधि र मापदण्डको पालना गर्ने जिम्मेवारीको ध्यान जानुपर्दछ।

८. **पेश्की वाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धित नियमावली,२०६४ को नियम १८२ (३) बमोजिम निर्दिष्ट कामको लागी लिएको पेश्की म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्दछ। विगत वर्ष देखि बाकी पेश्की रु.११,१९,०११।- र गत वर्षको सामाजिक सुरक्षाको रु.६९,२१,६००।- अनुदान रु.२०,५०,०००।- समेत रु.१००,९०,६११।- र यस वर्ष रु.१,६२,०००।- समेत रु.१,०२,५२,६११।- हालसम्म पेश्की बांकी भएको हुंदा फछ्र्यौट गर्नुपर्दछ।

९. **अनुगमन :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ को दफा ३३(२) बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्र संचालित विभिन्न कार्यक्रम वा आयोजनाहरुको समग्र अनुगमन गर्न नगर प्रमुख वा नगर प्रमुखको काम गर्न तोकिएको पदाधिकारीको संयोजनकत्वमा नगर सुपरिवेक्षण तथा अनुगमन समिती गठन गरी सो समितीले संचालित कार्यक्रम, योजना, सामाजिक सुरक्षा भत्ता वितरण, बाल संरक्षण अनुदान र व्यक्तिगत घटना दर्ता कार्यक्रम लगायत नगरपालिकाका

समग्र कार्यक्रमको अनुगमन गर्नु पर्ने व्यवस्था छ । यो वर्ष १८४ वटा योजना/कार्यक्रम संचालन गरेकोमा अनुगमन समिती गठन गरी अनुगमन गरेको देखिएन ।

१०. **आन्तरीक लेखापरीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३६ बमोजिम नगरपालिकाले आन्तरिक लेखापरिक्षण शाखा खडा गरी आय, व्याय, धरौटीका श्रेस्ताको मासिक रुपमा लेखापरिक्षण गर्न, स्थानीय निकाय कर्मचारीको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने, वेरुजूको लगत राखी परिषदको निर्णय बमोजिम वेरुजु फछ्र्यौट भए अनूरुप वेरुजुको लगत कट्टा गरी लगत अध्यावधिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सो बमोजिम आन्तरिक लेखापरिक्षण शाखा गठन गरेको देखिएन । जिल्ला विकास समितीको आन्तरिक लेखापरिक्षण शाखाबाट अर्ध वार्षिक रुपमा लेखापरिक्षण गराउने गरे पनि यस वर्षको फाल्गुन मासन्त सम्मको मात्र लेखापरिक्षण प्रतिबेदन पेश भएको पाइयो । तेस्रो चौमासिकको लेखापरिक्षण प्रतिवेदन पेश गरेको छैन । विगत देखिनै वेरुजुको लगत राखेको देखिएन ।

११. **विकास योजना**: स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ को दफा ६० बमोजिम कार्यन्वयन गर्ने गरी यो वर्ष जि.स.स.बाट ८ वटा योजनाको रु.१५,१३,०००।- पठाएकोमा जि.स.स.बाट प्राप्त आय दाखिला गरेको देखियो । जि.स.स.बाट पठाएको योजना कार्यान्वयन भएको नदेखिएकोले १ योजनाको रु.५०,०००।- जि.स.स.मा फिर्ता गरी संचित कोष दाखिला गर्नुपर्दछ ।

१२. **धरौटीः** भुक्तानीमा कट्टा गरेको धरौटी खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । विभिन्न ३ पूँजीगतको व्यवसायीले धरौटी कट्टा रकम मूल कोष खातामा रु.२८७,०१०।- जम्मा हुन गएको देखिंदा सो धरौटीमा फिर्ता आम्दानी हुनुपर्दछ ।

१३. **अख्तियारीः** तालुक विभागबाट ११ महिनासम्म ढिलो गरी शुरु अख्तियारी पठाएको छ । आषाढमा समेत थप अख्तियारी प्राप्त भएको छ । यसरी कार्यक्रम स्वीकृति तथा अख्तियारी प्राप्ति, नयां कार्यक्रम प्राप्तिमा ढिलाई तथा कार्यक्रम संसोधन हुँदा आर्थिक वर्षको सम्पन्न गर्नुपर्ने काम समयमा हुन सकेका छैनन् । आर्थिक वर्षको अन्ततिर कामको चाप पर्दा कामको गुणस्तर, नतिजामुखी एवं दिगोपनामा समेत प्रभाव पर्ने स्थिति रहन्छ । समयमा कार्यक्रम प्राप्त हुनुपर्दछ ।

१४. **चौमासिक खर्च :** वार्षिक कार्यक्रम तथा अख्तियारी, तीन चौमासिकमा सञ्चालन गरिने कार्यक्रम,क्रियाकलाप तथा सोका लागि लाग्ने वजेट खर्चको सीमा निधांरण गरिएको र सोही अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्दछ । प्रस्तुत विवरण अनुसार खर्च रु.७,०६,२७,३६७।- मध्ये तेश्रो चौमासिकमा रु.४,६०,५१,१४८।- (६५प्रतिशत) र आषाढ महिनामा रु.२५८,२१,४७५।- (३७ प्रतिशत खर्च गरेको पाइयो । यसरी तेश्रो चौमासिकमा निकासा बढि भएको छ ।

१५. **सिमित प्रतिष्पर्धा :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा२६(६)बमोजिम कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुनसक्ने सम्भावना समेत मध्यनगर गर्दै मिलेमतो भएको पुष्टि भएमा ऐनको प्रावधान अनुरुप बोलपत्र रद्द गर्न सकिने व्यवस्था छ । लागत अनुमान तयार गरी सूचना प्रकाशित गरी सिलवन्दी दरभाउपत्रको ७६ ठेक्का बन्दोबस्त गरेकोमा लागत अनुमान भन्दा ५ प्रतिशत घटीमा प्रतिस्पर्धा भई ठेक्का स्वीकृत भएको देखिएको छ ।

१६. **कन्टिजेन्सी :**सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची–१ मा उल्लेख भए अनुसार निर्माण कार्यको छुट्टाछुट्टै कन्टीन्जेन्सी खाता राख्नु पर्ने व्यवस्था व्यवस्था छ । कार्यलयले दिएको विवरण अनुसार यस वर्ष पूजिगत निर्माण खर्च तर्फ रु.१ करोड ५५ लाख ९० हजार को लागत अनुमान भएकोमा यस वर्ष रु.५ लाख ८१ हजार अर्थात ३.६३ प्रतिशत कन्टिन्जेन्सी खर्च भएको विवरणबाट देखिन्छ । गत विगतको कन्टिन्जेन्सी खर्च खुलाई विवरण नदिएकाले सो खर्च मध्येबाट निर्माण कार्यक्रम अनुसार खर्च वापतको सिमा ५ प्रतिशत नाघे ननाघेको स्पष्ट देखिएन । अर्थ मन्त्रालयको २०७०।१।२४ को परिपत्र अनुसार पूजिगत कार्यक्रम शिर्षकमा विनियोजित बजेट खर्च गर्ने सिलसिलामा निर्माण कार्यको लागत गणना गर्दा समावेश गरिने ५ प्रतिशत कन्टिन्जेन्सी बापत्को रकम मध्येबाट २ प्रतिशत कन्टिन्जेन्सी रकम आवश्यकता अनुसार फर्निचर, सवारी साधन, मेशीनरी औजार, सफ्टवेयर निर्माण खरिद जस्ता पुजी निर्माण सम्पति खरिद अर्थ मन्त्रालयबाट सैद्धान्तिक सहमती लिई अनिवार्य रुपमा खर्च गर्ने भनि निर्देशित गरेकोमा कार्यालयले यसरी खर्च गरेको देखिएन ।

१७. **फरक शिर्षक :** मेशिनरी औजार टायर खरिद गरी रु.५५,०००।- पेश्की दिई खर्च लेखेको छ । सो मेशिनरी औजारबाट खर्च लेखेको हुदाँ कार्यालय संचालन शिर्षकबाट खर्च खर्च लेख्नु पर्ने हुदा शिर्षक फरक परेकोमा नियमित देखिंदैन ।

१८. **प्रमाण पेश**: पूजिगतबाट बाटो सर्भे तथा डिजाईनको लागि एक प्रा.लि.लाई रु.२,३५,३३४।- भुक्तानी दिएकोमा बाटोको डिजाईन र सर्भे रिपोर्टको प्रमाण कागजात पेशनभएकोले भुक्तानीको सो प्रमाण कागजात पेश गरि खर्च पुष्टि हुनुपर्दछ ।

१९. **कर कट्टी :** आयकर ऐन, २०५८ बमोजिम भुक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पूजिगतको विभिन्न कारोवार भुक्तानीमा कर कट्टि गरिएको रकम रु.११,३६३।- राजश्व दाखिला हुनुपर्दछ।

२०. **म्याद थप :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप गर्न सकिने व्यवस्था छ। मूलखर्क बजार पिच गर्ने कार्यमा रु.८७,१३,३४७।- मा यो वर्षको अन्त्यमा कार्य सम्पन्न गर्ने गरि व्यवसायीसँग सम्झौता भएको छ। भवन निर्माणको म्याद थप सम्बन्धि कारवाही भएको देखिएन।

२१. **जमानत:** सार्वजनिक खरिद नियमावली,२०६४को नियम ११०(४) बमोजिम खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक कार्य सम्पादन जमानतको मान्य अवधि सम्झौतामा उल्लिखित निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने व्यवस्था छ। मादी मूलखर्क बजार पिच गर्ने कार्यमा संझौता रु.२,४०,०००।- कार्य सम्पादन जमानी पेश गरेकोमा सो को म्याद समाप्त भै सकेकोले कार्य सम्पादन जमानतको म्याद थप माग गर्नु पर्दछ।

२२. भवन निर्माणको लागि गत वर्ष संम्झौता रु.१७६,६५,६६४।- गत वर्ष कार्य सम्पन्न गर्ने गरी एक व्यवसायीसँग संझौता गरि रु.३०,००,०००।- गतनै मोविलाईजेशन पेश्की दिई कार्यारम्भ गरिएकोमा निम्नानुसार देखिएको छ :

- प्रथम विल रु.७४,४५,९०८।- भुक्तानी दिंदा रु.७१,३०,४०३।- मूल्य अभिवृद्धि कर समेतमा कन्टिन्जेन्सी उल्लेख गरी व्यवसायीलाई रु.३,१५,५०४।- थप गरी बढी दिएकोले सो निर्माण व्यवसायीबाट असूल हुनु पर्दछ।
- आयकर ऐन २०५८ को दफा ८९ बमोजिम भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टि गर्नुपर्नेछ। कर कट्टि नगरी प्रथम विल रु.६३,१०,०९१।- भुक्तानी दिएकाले कर रु.९४,६५१।- असुल हुनु पर्दछ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप गर्न सकिने व्यवस्था भएकोमा संझौता बमोजिम भवन निर्माणको लागि म्याद रहेकोमा म्याद थप सम्बन्धि कारवाही भएको देखिएन।

२३. **कार्यक्रम बेगरको खर्च :** कार्यक्रम बेगरको कम्प्यूटर तालिम, क्षमता विकास र गाडी भाडा वापत रु.१,५८,३२०।– नियमित देखिएन।

२४. **सम्परीक्षण:** आर्थिक कार्यविधि ऐन,२०५५ को दफा १८ बेरुजु फछ्र्यौट गर्ने गराउने व्यवस्था छ। प्राप्त विवरण यो वर्ष जिम्मेवारी सरेको बेरुजु रु.१,००,५६,६००।– मध्ये यो अवधिमा रु.८०५६६००।– फछ्र्यौट गरी रु.२०,००,०००।– बांकीको विवरण पेश भएको छ। पेश्की बांकीको कूल अंक संग मेल खाने देखिदैन। गत विगत वर्षको बेरुजु, असूल गर्नुपर्ने र नियमित गर्नुपर्ने र पेश्की बाकीको अद्यावधिक विवरण लगत राखेको पनि देखिएन। विगत वर्षमा लेखापरीक्षण प्रतिवेदनले कायम गरि फछ्र्यौट हुन बाकी बेरुजुको लगत कायम गरि बेरुजु व्यवस्था बमोजिम फछ्र्यौटतर्फ कारवाही गर्नु पर्ने देखिन्छ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.१ करोड ९४ लाख १९ हजार कुल बेरुजू रहेको मध्ये असुल गनुपर्ने रु. ४ लाख १९ हजार नियमित गर्नुपर्ने रु.१ करोड ८८ लाख ३८ हजार र पेश्की रु.१ लाख ६२ हजार रहेको छ।

# पाँचखपन नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गतको रु.५ लाख ८८ हजार र यो वर्षको आय रु.५ करोड ८४ लाख ३१ हजार समेत रु.५ करोड ९० हजार १९ हजार आय भई रु.४ करोड २३ लाख ८४ हजार खर्च गरी रु.१ करोड ६६ लाख ३५ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छनः

१. **कानूनको पालनाः** खरिद योजना, सामनको मूल्य, जिन्सी निरीक्षण प्रतिवेदन, कार्य विवरण, अधिकार र जिम्मेवारी, अनुगमन र मूल्यांकन, जोखिम पहिचान निराकरण, वार्षिक प्रगति, संक्षिप्त वार्षिक प्रतिवेदन, योजना विवरण जस्ता जिम्मेवारीपूर्ण पालना गरेको देखिएन। ध्यान दिनुपर्दछ।

२. सवारी चालक दरवन्दी नभएकोस्थितिमा सवारी चालक राखी तलब रु.३३,०००।- खर्च लेखेको छ। नगरपालिकामा मोटरसाईकल बाहेक सवारी साधन नभएको अवस्थामा खर्च लेख्न उपयुक्त होइन।

३. आइ कर ऐन, २०५८ अनुसार दुई सप्लायर्सलाई रु.३,६९,०००।- खर्च लेख्न १.५ प्रतिशतले हुन आउने कर रु.५,१७५।- र ढुवानी १० प्रतिशतले हुने रु.२,४००।- समेत ८,११५।०० असुल गरी दाखिला गर्नु पर्ने देखिएकोछ।

४. **बरबुझारथ**: आर्थिक कार्यबिधि नियमावली २०६४को परिच्छेद ६को नियम ५५ अनुसार नगद जिन्सी मालसामान लगायत अन्य सरकारी कागजात जिम्मालिने कर्मचारी साधारण तया सरुवा अबकास तथा कार्यालय छोडी जादा बरबुझारत गर्नु पर्ने व्यबस्था रहेको छ। कार्यालयमा ३ गाउँ बिकास समिति गाभिएकोमा ति निकायमा रहेको जिन्सी सामानको बरबुझारथ गरेको देखिएन ।

५. **माल सामान खरिद** :सार्बजनिक खरिद नियमावली, २०६४को नियम ८४ अनुसार स्विकृत कार्यक्रम र खरिद योजना अनुसार रु.५ लाख देखि २० लाख रुपैया लागत अनुमान भएका मालसामान सिलबन्दी दरभाउपत्रका आधारमा खरिद गर्ने व्यबस्था रहेको छ। कम्प्युटर, सोलार, फर्निचर खरिद गर्दा खरिद योजना बेगर रु.५ लाखमा नबढने गरी पटक पटक खरिद गरेको छ।

६. **पेश्कि** :प्रस्तुत नगदी किताव र गतको लेखापरीक्षण प्रतिवेदनमा गत वर्षको पेश्की रु.३३,७१,९९०।- भएकोमा रु.२१,९०,०००।- आर्थिक कार्यबिधि नियमावली, २०६४को परिच्छेद ९ को नियम ७७ अनुसार फछर्यौट गरी रु.११,८१,९९०।- बांकी रहेको र यो वर्षको पेश्कि रु.१९,७४,६६६।- समेत रु.३१,५६,६५६।- पेश्की बांकी असुल पछ्यौट हुनुपर्दछ।

७. वडाको साविक रु.१,००,५९,३२७।- वार्डमा मौज्दात रहेकोले स्थानीय संचित कोष खातामा दाखिला गर्नु पर्ने देखिएको छ।

८. **साविको वानाः** स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९(१३)१(क) अनुसार स्थानिय निकायको कोषको पूजिगत रकमबाट कुनै पनि प्रकारको तलब भत्ता, बैठक भत्ता र कर्मचारी एवं राजनैतिक पदाधिकारी वा व्याक्तिको पारिश्रमिक सुविधा सम्बन्धी खर्चहरु गर्न पाईने छैन भन्ने उल्लेख छ। कर्मचारीहरुको तलब भत्ता दशै खर्च, दैनिक भ्रमण भत्ता वापत रु.९१,५३०।- खर्च गरेको अनियमित देखिएको छ।

९. **स्याबुन गाउँ**

९.१ स्थानिय निकाय स्रोत परिचालन तथा व्यावस्थापन कार्यविधी, २०६९ को दफा १३(१) क र च अनुसार स्थानिय निकायको कोषको पूजिगत रकमबाट तलब भत्ता वा राजनितिक दल तथा तिनका भातृ संगठन वा भातृ संघसंस्था वा व्यक्ति आदिलाई कुनै पनि किसिमको आर्थिक सहायता चन्दा पुरस्कार प्रदान गर्न खर्च गर्न पाईने छैन भन्ने उल्लेख छ। कार्यालयले विभिन्न ३ संस्था वा व्याक्तिलाई रु.६९,०००।- आर्थिक सहायता प्रदान नियम सम्मत देखिएन।

९.२ एक सवारी चालकलाई रु.२७,५००।- खर्चलेखेको छ। सवारी चालकको स्वीकृत दरबन्दी नभएको तथा सवारी साधन नभएको मोटर साईकल चालकलाई रु.२७,५००।- भुक्तानी दिएको अनियमित देखियो।

९.३ फर्निचर खरिद संस्थालाई आर्थिक सहायता रु.४२,२२०।- विल भरपाई वेगर खर्च लेखेको नियम सम्मत देखिएन।

९.४ कार्यालयले आ.व.०७३।०७४ को प्रथम र दोस्रो चौमासिक अवधिको मालपोत असुली रु. २७,३३०।- को २५ प्रतिशतले हुन आउने रकम रु.६,८३२।-जिल्ला समन्वय समितिको खातामा पठाएको देखिएन।

९.५ कार्यालयले विल भरपाई वेगर रु ३५,६५०।- खर्च लेखेकोमा पाईयो।

### बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.२ लाख ३३ लाख ७२ हजार कुल बेरुजू रहेकोमा लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराएपछि रु.९८ लाख ४५ हजार फछ्यौट गरी रु.१ करोड ३५ लाख २७ हजार बाँकी रहेको छ। सोमध्ये असुल गनुपर्ने रु.८ हजार नियमित गर्नुपर्ने रु.१ करोड ३ लाख ६३ हजार र पेश्की रु. ३१ लाख ५६ हजार रहेको छ।

# भोटखोला गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गतको रु.१५ लाख र यो वर्षको आय रु.४ करोड ७९ लाख ५९ हजार समेत रु.४ करोड ९४ लाख ५९ हजार आय भई रु.४ करोड ३५ लाख ९८ हजार खर्च गरी रु.५८ लाख ६१ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन्:

१. **कानूनको पालना:** खरिद ईकाइ, खरिद योजना, जिन्सी निरीक्षण, निरीक्षण, सामानहरुको मूल्य, कार्य विवरण, अधिकार र जिम्मेवारी, अनुगमन तथा मूल्याङ्कन, जोखिम निराकरण, आन्तरिक लेखापरीक्षण ।

२. **बरबुझारथ:** आर्थिक कार्यबिधि नियमावली २०६४को परिच्छेद ६को नियम ५५ अनुसार नगद जिन्सी मालसामान लगायत अन्य सरकारी कागजात जिममालिने कर्मचारी साधारण तथा सरुवा अबकास तथा कार्यालय छोडी जाँदा बरबुझारत गर्नु पर्ने व्यबस्था रहेको छ । साविक ३ समाहित निकाय जिन्सी सामानको बरबुझारथ गरेको देखिएन ।

३. **सामान खरिद** : सार्बजनिक खरिद नियमावली २०६४को नियम ८४ अनुसार स्विकृत कार्यक्रम र खरिद योजना अनुसार रु.५ लाख देखि २० लाख रुपैया लागत अनुमान भएका मालसामान सिलबन्दी दरभाउपत्रका आधारमा खरिद गर्ने व्यबस्था रहेको छ । कम्प्युटर, सोलार, फर्निचर सामान खरिद गर्दा खरिद योजना बेगर रु.५ लाखमा नबढने गरी पटक पटक खरिद गरेको छ । विधी प्रकृया अपनाई प्रतिस्पर्धात्मक तरिकाबाट सामान खरिद गर्नु पर्नेमा सिधै खरिद गरेको नियमसम्मत देखिएन ।

४. **सामाजिक सुरक्षा सुधार:** जिससबाट रु.९७,५४,४००।- सामाजिक सुरक्षा भत्तातर्फ रु.९९,५०,४००।-. खर्च देखाएको छ । जिससमा रहेको पेश्की बाँकी रु.५०,८३,२००।- सबै खर्च देखाएको नियमसम्मत देखिएन ।

५. **पेश्की:** आर्थिक कार्यबिधि नियमावली २०६४को परिच्छेद ७ को नियम ७७ अनुसार गतको लेखापरीक्षण प्रतिवेदन र बैक नगदी किताबको अभिलेख अनुसार साविक ३ समाहित निकायको नभएको पेश्की बाँकी रु.१३,९६,४००।- असुल फछ्यौट हुनु पर्ने देखिन्छ ।

६. आर्थिक कार्यबिधि नियमावली २०६४को परिच्छेद ७ को नियम ७७ अनुसार २ कर्मचारीको बाँकी पेश्कि रु.१००१८९००।- असुल फछ्यौट हुनुपर्ने देखिन्छ ।

७. **साबिकको चेपुवा:**

- बालबालिका कार्यक्रमको रु.५०,०००।- भुक्तानी खर्च लेखेको छ । विभिन्न सामानहरु खरिद रु.१४,८७०।०० गरी विल भरपाई पेश गरेको छ । बाँकी रु.३५,१३०।००को विल भरपाई बेगर भुक्तानी खर्च लेखेकोले असुल हुनु पर्दछ ।
- एक शैक्षिक संस्थाको खेलमैदान निर्माण कार्यमा रु.१,५०,०००।- खर्च लेखेको छ । पेश्की रु.७५,०००।- फछ्र्यौट.गरी बाँकी रु.७५,०००।- भुक्तानी दिंदा प्राविधिकबाट कार्य सम्पन्न प्रतिवेदन बेगर खर्च लेखेको पाईयो ।
- कट्टि गरेको कर रु.५,६४०।- राजश्व दाखिला नगरेकोले दाखिला गर्नुपर्ने देखिन्छ ।
- कट्टि गरेको कर रु.४,४८९।- राजश्व दाखिला नभएकोले दखिला गरी प्रमाण पेश हुनुपर्दछ ।

८. **साबिकको हटिया:** सार्वजनिक खरिद नियमावलि, २०६४को ८५(४) अनुसार मौजुदा सुँचिमा रहेका आपूर्तक फर्महरुबाट ३ (तीन वटा) दरभाउपत्र लिई खरिद गर्नुपर्दछ । यमाहा मोटरसाईकल रु. २,४९,९००।- मा खरिद गरेको छ । सोझै खरिद गरेको पाईएकोले अनियमित देखिएको छ ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.१ करोड ६६ लाख २० हजार कुल बेरुजू रहेको मध्ये असूल गनुपर्ने रु.३५ हजार, नियमित गर्नुपर्ने रु.५१ लाख ७० हजार र पेश्की रु.१ करोड १४ लाख १५ हजार रहेको छ ।

# चिचिला गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.३ लाख ५ हजार र यो वर्षको आय रु.३ करोड ७ लाख ९१ हजार समेत रु.३ करोड १० लाख ९६ हजार आय भई रु.२ करोड ५७ लाख ४९ हजार खर्च गरी रु.५३ लाख ४७ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन :

१. **आन्तरिक लेखापरीक्षण :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ९६ मा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । राजस्व, धरौटी, विनियोजनको आय व्यय र प्रचलित कानुनबमोजिम खडा भएको कार्य सञ्चालन वा अन्य सार्वजनिक कोषको आन्तरिक लेखापरीक्षण भएको छैन ।

२. **खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा पच्चीस हजार रुपैयाभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सुचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, बाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । एक आपूर्तकबाट रु.२,३४,९००।०० को १५० सि.सि. मोटरसाईकल खरिद गर्दा प्रस्ताव माग बेगर सोझै खरिद गरेको देखिएको छ । प्रतिस्पर्धा गराई खरिद गर्नुपर्दछ ।

३. **बरबुझारथ नगरेको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ६को नियम ५५ अनुसार नगद जिन्सी मालसामान लगायत अन्य सरकारी कागजात जिम्मा लिने कर्मचारी साधारण तथा सरुवा, अबकास तथा कार्यालय छोडी जाँदा बरबुझारत गर्नुपर्ने व्यबस्था छ । समाहित भएको निकायमा जिन्सी सामानको बरबुझारथ गरेको देखिएन ।

४. **सामान खरिद** : सार्बजनिक खरिद नियमावली,२०६४ को नियम ८४ अनुसार स्विकृत कार्यक्रम रखरिद योजना अनुसार रु.५ लाख देखि २० लाख रुपैया लागत अनुमान भएका मालसामान प्रतिस्पर्धा गरी खरिद गर्ने व्यबस्था रहेको छ । कम्प्युटर, सोलार, फर्निचर लगायतका सामान खरिद गर्दा खरिद योजना नबनाई रु.५ लाखमा नबढने गरी पटक पटक खरिद गरेको छ । प्रत्येकबाट प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नु पर्नेमा सिधै खरिद गरेको नियम सम्मत देखिएन ।

५. **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ मा पेश्की फछ्यौट गर्ने सम्बन्धी व्यवस्था छ । कार्यालयले विभिन्न ३ व्यक्तिको नाममा रहेकोमा रु.१२५०००।– पेश्की बाँकी हुदाँ फछ्यौट गर्नुपर्दछ ।

६. **अनुगमन :** एकल महिलाको ५ जनालाई रु.२८,०००।- नगद खर्च लेखेको छ । अनुगमन गरेको देखिएन ।

७. **मालपोत उठ्ती :** मालपोत असुली रु.९३,३८७।- को २५ प्रतिशतले हुने रु.२३,३४७।- जिससमा पठाउनु पर्नेमा पठाएको देखिएन ।

८. **फरक खर्च :** चालु अनुदान रु.२५,६२,७८०।- र पुँजिगत रु.३,६३,२००।- अनुदान प्राप्त गरी चालु रु.६,१४,०२८।- र पुँजीगत रु.१८,००,३०५।०- खर्च गरेकोले रु.१४,३७,१०५।- चालुको बजेट पूँजिगतमा लगि अनिमित खर्च गरेको पाइयो ।

९. **अन्य खर्च :** अन्य विषयगत निकायमा मौलो पूजाको रु.१०,०००।- खर्च लेखेको छ । स्वीकृत बजेटभित्र बेग्लै अस्तित्व रहेको प्रहरी सुरक्षा निकायले रु.१०,०००।- अनियमित खर्च लेखेको देखियो ।

१०. **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ । सेवा र सहभागितामूलक सहित ३ कार्यक्रममा बिल भरपाई बेगर रु.१८,०००।- को खर्च लेखेको पाईयो ।

११. **रकम फ्रिज :**आर्थिक कार्यबिधि नियमावलि, २०६४को नियम ३३ अनुसार खर्च नभई बाँकी रहेको रकम फ्रिज गर्नु पर्ने व्यबस्था छ । गत वर्षको रु.७६,५३७।- यो वर्षको आय रु.४८,१३,६४२।- समेत रु.४८,९०,१७९।- आय गरी रु.३८,२५,५३३।- खर्च गरी बाँकी रु. ४१,६००।- जिससमा फिर्ता गरेको र रु.१०,२३,०४६।- स्थानिय सञ्चित कोषमा हस्तान्तरण गरेको छ । बाँकि केन्द्रीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

१२. **अग्रिम आयकर :** आयकर ऐन, २०५८ अनुसार १.५ प्रतिशत अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । मोटर साईकल खरिद रु.२,०७७८६।- को रु.३११७।- अग्रिम आयकर कट्टा नगरिएकोले कर असुली गरी दाखिला गरिनुपर्दछ ।

### बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.१७ लाख १९ हजार कुल बेरुजू रहेका मध्ये असुल गनुपर्ने ३ हजार नियमित गर्नुपर्ने रु.१५ लाख ९१ हजार र पेश्की रु.१ लाख २५ हजार रहेको छ ।

# मकालु गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.२२ लाख र यो वर्षको आय रु.६ करोड ३९ लाख ७० हजार समेत रु.६ करोड ६१ लाख ७० हजार आय भई रु.५ करोड ९८ लाख १६ हजार खर्च गरी रु ६३ लाख ५४ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन :

१. **कानूनी पालना**: खरिद ईकाइ, जिन्सी निरीक्षण, निरीक्षण, सामानहरुको मूल्य, आन्तरिक लेखापरीक्षण जस्ता गतिविधिमा जिम्मेवारी पुरा हुन नसकेकोले विशेष ध्यान दिनुपर्दछ।

२. **भाडा कर:** आय कर ऐन, २०५८ मा ढुवानी भाडामा १० प्रतिशत ढुवानी कर कट्टी गर्नुपर्ने व्यवस्था छ। रु.४,७४,७७४।- फर्निचर खरिद गरेकोमा एक आर्पूतकलाई रु.६५,०००।- खर्च लेख्दा कर रु.६,५००।- दाखिला हुनुपर्दछ।

३. **सामाजिक सुरक्षा सुविधा:** जि.स.स.बाट रु.१,२९,२१,६००।- सामाजिक सुरक्षा रु.१,२९,२१,६००।- प्राप्त गरी खर्च गरेको छ। सो रकममध्ये वितरण नभई बाँकी दाखिला र खर्च छुट्याएको छैन। पेश्की बाँकी रु.६७,५०,४००।- रहेकोमा सबै रकम खर्च देखाएको नियमसम्मत देखिएन।

४. **पेश्की:** साविक याफू सहित ४ निकायको बैंक नगदी किताबको अभिलेख अनुसार पेश्की बाँकी रहेको र पेश्कि लेजर पेश नहुंदा यकिन गरी रु.८३,२५,२००।- फर्छ्यौट गर्नुपर्ने देखिएको छ। चालु तर्फ रु.६१,६०,०००।- पेश्की देखाएकोमा नाम नामेसी एकिन गरी पेश्की फर्छ्यौट हुनुपर्ने देखिन्छ।

५. **बरबुझारथ**: आर्थिक कार्यविधि नियमावली, २०६४को परिच्छेद ६को नियम ५५ अनुसार नगद जिन्सी मालसामान लगायत अन्य सरकारी कागजात जिम्मालिने कर्मचारीसरुवा,अवकास तथा कार्यालय छोडी जादाँ बरबुझारथ गर्नुपर्ने व्यवस्था रहेको छ। समाहित भएका निकायको जिन्सी सामानको बरबुझारथ गरेको देखिएन।

६. **सामान खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४को नियम ८४ अनुसार स्विकृत कार्यक्रम र खरिद योजना अनुसार रु.५ लाख देखि २० लाख रुपैया लागत अनुमान भएका मालसामान सिलबन्दी दरभाउपत्रका आधारमा खरिद गर्ने व्यबस्था रहेको छ। कम्प्युटर, सोलार, फर्निचर लगायतका सामान खरिद गर्दा खरिद योजना रु.५ लाखमा नबढने गरी पटक पटक खरिद गरेको छ। नियममा व्यबस्था भएबमोजिमको प्रकृया अपनाई प्रतिस्पर्धात्मक तरिकाबाट सामान खरिद गर्नु पर्नेमा सिधै खरिद गरेको नियम सम्मत देखिएन।

७. **साविकको पाथिभरा**: स्थानीय निकाय आर्थिक प्रशासन निमयावली, २०६४ को नियम ९ मा विल भरपाई सहितको स्स्ता राख्नु पर्ने व्यवस्था छ। पोखरी संरक्षणमा रु.३०,०००।–, खेलकुदमा रु.३०,०००।–, जनजातिमा रु.४०,०००।–, करकट्टि रु.१२,२२५।- दाखिला प्रमाण, जिम्मेवारी पेश्की।

८. **साविक याफू,गाउँ विकास समिति**

८.१. मुअब्जा वापत रु.२,५०,०००।- खर्च लेखेको छ। कार्यक्रम बेगरको काममा विल भरपाई बेगर खर्च लेखेको पाईयो।

८.२. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवास्थापन कार्यविधि, २०६९ दफा १३(घ) अनुसार स्थानीय निकायको कोषको पूँजीगत रकमबाट कार्यालय उल्लेख छ। तत्कालीन प्रधानमन्त्री लाई विभिन्न मागको ज्ञापन पत्र बुझाउँदा रु.१,००,०००।- खर्च लेखेकोले नियमित देखिएन।

८.३. आयकर ऐन, २०५८ अनुसार क्षमता विकासमा ७ कर्मचारीलाई रु.१,०००।- का दरले रु.७,०००।- खर्च लेखेकोमा रु.७,०००।- को १५ प्रतिशतले हुन आउने रु.१,०५०।- असुल गरी दाखिला गर्नु पर्दछ।

८.४ सामाजिक सुरक्षा सुविधा रु.९,३२,०००।- निकासा रु.९,४३,२००।- खर्च भएकोले रु. ११,२००।- ले बढी खर्च आन्तरिक कोषबाट व्यहोरेको अनियमित देखिएको छ।

९. **साविकको नुम गाउँ विकास समिति**

९.१ सार्बजनिक खरिद नियमावली, २०६४को ८५(४) अनुसार मौजुदा सुचिमा सुचिकृत भएका दर्तावाला फर्महरुबाट ३ (तीन) वटा दरभाउपत्र लिई खरिद गर्नु पर्ने व्यवस्था छ।

९.२. विभिन्न समयमा कट्टा गरेको कर रु.३००।- दाखिला गर्न बाँकी रहेकोले राजश्वमा दाखिला गर्नुपर्दछ।

९.३. मालपोत असूली रु.५२,५३२।- को २५ प्रतिशतले हुने रु.१३,३३३।- पठाउनु पर्नेमा पठाएको देखिएन।

१०. **साविकको मकालु गाउँ विकास समिति**

१०.१ एक सुरक्षा निकायको मौलो पूँजाको लागि रु.७,५,००।- खर्च लेखेको छ। स्वीकृत बजेटबाट बेग्लै अस्तित्वको खर्च अनियमित देखिएको छ।

१०.२ आयकर ऐन,२०५८ बमोजिम कर कट्टा गनुपर्ने व्यवस्था छ। मोटर साईकल खरिदको रु. २,०७,७८६।- अग्रिम कर १.५ प्रतिशतले हुने रु.३,११७।- कट्टा गर्नुपर्नेमा कट्टा भएको देखिएन। सो असुल हुनुपर्ने देखिन्छ।

११. **साविकको पावाखोला गाउँ विकास समिति**

११.१ सार्बजनिक खरिद नियमावली, २०६४को नियम ८५(४) बमोजिम मौजुदा सूचिमा रहेका आपूर्तकले एक मोटरसाईकल रु.२,३४,९००।- मा खरिद गरेको छ । फर्महरुबाट ३ (तीन वटा) दरभाउपत्र लिई खरिद गर्नु पर्नेमा सोभै खरिद गरेको पाईएकोले अनियिमत देखिएन ।

११.२ स्थानीय निकाया स्रोत परिचालन तथा व्यवस्थापन कार्याविधि, २०६९, (१३) (१) च अनुसार स्थानीय निकायको कोषको पूँजीगत रकमबाट राजनैतिक दल तथा तिनका भातृ वा भगेनी संगठन संघसंस्था वा व्यक्तिलाई कुनै पनि किसिमको आर्थिक सहायता, चन्दा जस्ता विषयमा खर्च गर्न पाइने छैन भन्ने उल्लेख छ । कार्यालयले विभिन्न २ राजनैतिक दल तथा तिनका भातृ संगठनलाई रु.४,०००।- पूँजीगत आर्थिक सहायता प्रदान गरेकोले अनियमित देखिएको छ ।

११.३ स्थानीय निकाया स्रोत परिचालन तथा व्यवस्थापन कार्याविधि, २०६९ दफा ३०(२) अनुसार सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति, आयोजना स्थल, उपभोक्ताको क्षमता र स्थानीय निकायले अबलम्वन गरेको नितीको अधिनमा रही गाउँ विकास समितिको हकमा १० प्रतिशतमामा कम नहुने गरी नगद, श्रम वा स्थानीय सामाग्री निर्धारण गर्नुपर्ने छ भन्ने उल्लेख छ । कार्यालयले देहायका गो.भा.नं. र मितिबाट रु.४,६७३।- आवापुल योजना मर्मतको काम गर्दा उपभोक्तालाई बढी भुक्तानी भएको छ ।

११.४ मालपोत असूली रु.३४,७७२।- को २५ प्रतिशतले हुने रु.८,६१८।- जि.स.स.मा पठाउनु पर्नेमा पठाएको देखिएन ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.१ करोड ३३ लाख ३१ हजार कुल बेरुजू रहेको मध्ये असुल गनुपर्ने रु.२७ हजार, नियमित गर्नुपर्ने रु.७१ लाख ४४ हजार र पेश्की रु.६१ लाख ६० हजार रहेको छ ।

# सभापोखरी गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गतको रु.५५ लाख १९ हजार र यो वर्षको आय रु.३ करोड ८१ लाख ९० हजार समेत रु.४ करोड ३७ लाख ९ हजार आय भई रु.३ करोड ७५ लाख ८३ हजार खर्च गरी रु.६१ लाख २६ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छ :

१. **कानूनको पालना**: खरिद इकाई, खरिद योजना, जिन्सी निरीक्षण, सामनको मूल्य, कार्य विवरण, अधिकार जिम्मेवारी, अनुगमन तथा मूल्याकन, सम्भावित जोखिमहरु पहिचान, जोखिम निराकरण, आन्तरिक लेखापरीक्षण।

२. **बरबुझारथ**: आर्थिक कार्यबिधि नियमावली, २०६४ को परिच्छेद ६को नियम ५५ अनुसार नगद जिन्सी मालसामान लगायत अन्य सरकारी कागजात जिममालिने कर्मचारी साधारण तथा सरुवा अबकास तथा कार्यालय छोडी जाँदा बरबुझारत गर्नु पर्ने व्यबस्था रहेको छ। साविक २ निकाय जिन्सी सामानको बरबुझारथ गरेको देखिएन ।

३. **मालसामान**: सार्बजनिक खरिद नियमावली २०६४को नियम ८४ अनुसार स्विकृत कार्यक्रम र खरिद योजना अनुसार रु.५ लाख देखि २० लाख रुपैया लागत अनुमान भएका मालसामान सिलबन्दी दरभाउपत्रका आधारमा खरिद गर्ने व्यबस्था रहेको छ। कम्प्युटर, सोलार,फर्निचर लगायतका सामान खरिद गर्दा खरिद योजना बेगर रु.५ लाखमा नबढने गरी पटक पटक खरिद गरेको छ। विधी अपनाई प्रतिस्पर्धात्मक रिकाबाट सामान खरिद गर्नु पर्नेमा सिधै खरिद गरेको नियमसम्मत देखिएन।

४. **पेश्की बाँकी :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ७७ अनुसार प्रस्तुत बैंक नगदी कितावको अभिलेख अनुसाररु.१७१८०५०।– पेश्की र रु.१६१५०९१।– पछ्यौंट गरी रु.१,०२,९५९।- पेश्की बाकी रहेकोमा यस बर्ष रु.२६,०६,०००।- थप गरी कुल बाँकी रु.२७,०८,९५९।- देखिएको छ । पेश्कीको नामनामेसी नखुलुको र पेश्की लेजर नराखेकोले नामनामेसी यकिन गरी असुल फछ्यौंट गर्नुपर्ने देखिन्छ।

५. **सामाजिक सुरक्षा सुविधा**: जि.स.स.बाट रु.१,१०,४५,०००।- यो वर्ष प्राप्त रु.१,१०,४५,०००।- यो तहले सबै खर्च देखाएको छ। वितरण नभई बाकी रहेको रु.५५,३१,४००।- देखिएकोमा यो तहले सबै खर्च देखाउनु नियमसम्मत देखिएन।

६. **साविकको धूपु गाउँ विकास समिति**

- आयकर ऐन २०५८, बमोजिम मेशीनरी सामानमा रु.२,३४,९००।०० मोटरसाइकल खरिद गरेको छ। रु. २,०७,८७६।- को १.५ प्रतिशतले हुन आउने अग्रिम कर रु. ३,११९।०० असुल गरी दाखिला गर्नुपर्नेमा जम्मा गरेको देखिएन।
- सामुदायिक भवन निर्माणमा रु.१,५०,०००।०० पेश्की फछ्यौछ गरी रु.१,२९,०००।०० समेत रु.२,७९,०००।०० खर्च लेखेको छ। नापी तथा कार्य सम्पन्न प्रतिवेदन बेगर खर्च लेखेको अनियमित देखिएको छ।
- कट्टि गरेको कर रु.३,३४५।०० राजश्व खातामा दाखिला गर्नुपर्नेमा दखिला गरेको नदेखिएकोले सो राजश्व खातामा दाखिला हुनुपर्दछ।
- कट्टि गरेको कर रु.५,१०९।०० राजश्व दाखिला गर्नुपर्नेमा दाखिला नगरेकोले सो कर दाखिला हुनुपर्दछ।

७. **साविकको बाहॄबिसे गाउँ विकास समिति**

७.१ स्थानीय निकाया स्रोत परिचालन तथा व्यवस्थापन कार्याविधि २०६९, (१३) (१) च अनुसार स्थानीय निकायको कोषको पूँजीगत रकमबाट राजनैतिक दल तथा तिनका भातृ वा भगेनी संगठन संघसंस्था वा व्यक्तिलाई कुनै पनि किसिमको आर्थिक सहायता, चन्दा जस्ता विषयमा खर्च गर्न पाइने छैन भन्ने उल्लेख छ। कार्यालयले राजनैतिक दल तथा तिनका भातृ संगठनलाई आर्थिक सहायता प्रदान गरेकोले अनियमित देखिएको छ।

७.२ मालपोत असूली रु. २७,०००।- को २५ प्रतिशतले हुने रु.६,७५०।- जिसस पठाउनु पर्नेमा पठाएको देखिएन।

७.३ आयकर ऐन २०५८, बमोजिम एक सप्लायर्सलाई रु.५२,०००।- खर्च लेखि भुक्तानी गरेकोमा १.५ प्रतिशतले हुन आउने कर रु.३३०।- असुल गरी दाखिला गर्नुपर्दछ।

७.४ कट्टि गरेको कर रु.५,०६१।- राजश्व दाखिला नभएकोले दाखिला गर्नुपर्ने देखिन्छ।

७.५ वार्षिक समिक्षा गोष्ठी रु.२८,६६५।- खर्च लेखेकोमा विल भरपाई बेगर खर्च लेखेकोले अनियमित देखिएको छ।

७.६ कट्टि गरेको कर रु. ३०९।- राजश्व दाखिला गर्नुपर्ने दाखिला गरेको देखिएन।

७.८ एक व्यक्तिलाई रु.४७,५००।- भुक्तानी दिएकोमा रु. २३,५००।- कोमात्र विलभपाई संलग्न गरी रु.२४०००।- विल भरपाई बेगर खर्च लेखेकाले जिम्मेवार कर्मचारी बाट असुल हुनु पर्दछ।

७.९ कट्टि गरेको कर रु.२,७१०।- राजश्व दाखिला गर्नुपर्नेमा दाखिला नगरेकोले दाखिला गर्नुपर्ने देखिन्छ ।

८. **साविकको सभापोखरी गाउँ विकास समिति**

८.१ सुरक्षा चौकीलाई पूँजाको रु.५,०००।- भान्सा घर मर्मत रु.१०,०००।- समेत रु.१५०००।- खर्च लेखेको छ । स्वीकृत बजेटबाट अन्य निकायको खर्च गरेकोले अनियमित खर्च गरेको पाईयो ।

८.२ मोटरसाईकल चालक स्वीकृत दरबन्दी नभएको सवारीचालक नियुक्ती गरी मोटर साईकल चालक एक व्यक्तिलाई रु.२७,५००।- खर्च लेखेकोले स्विकृत कार्यक्रम नहुदा अनियमित देखिएको छ ।

८.३ जनजाति संग्रहालय भवन उपभोक्तालाई रु.२,००,०००।- को पेश्की फछ्र्यौट गरी रु.८३,०००।-समेत रु.२,८३,०००।- खर्च लेखेको छ । प्राविधिकबाट मूल्याङ्कन प्रतिवेदन तथा कार्य सम्पन्न प्रतिवेदन बेगर खर्च लेखेको छ ।

८.४ कट्टि गरेको कर रु.५,१७४।- राजश्व दाखिला गर्नुपर्नेमा दाखिला नहुंदा सम्वन्धित राजश्व दाखिला हुनुपर्ने देखिन्छ ।

८.५ मालपोत असूली रु.१,३२,५०३।- को २५ प्रतिशतले हुने रु.३३,१२५।- जिससमा पठाउनु पर्नेमा पठाएको देखिएन ।

८.६ विभिन्न ४ कार्यको विल भरपाई बेगर रु.६१,७६३।- खर्च लेखेकोले बिल भपाई पेश हुनु पर्दछ ।

८.७ आयकर ऐन, २०५८, बमोजिम सार्वजनिक सुनुवाईमा रु.२५,०००।- खर्च लेख्दा एक पत्रकारलाई सम्झौताका रु.२५,०००।- को १५ प्रतिशतले हुन आउने कर रु.३,७५०।- असुल गरी राजश्व दाखिला हुनु पर्ने देखिन्छ ।

९.८ कट्टि गरेको कर रु.२,८५०।- राजश्व दाखिला नगरेकोले दखिला गरी प्रमाण पेश हुनुपर्दछ ।

९.९ बिल भरपाई बेगर रु.५४५६७।- खर्च लेखेकोल सम्वन्धित कर्मचारीबाट असुल हुनु पर्ने देखिन्छ ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.८९ लाख ८० हजार कुल बेरुजू रहेको मध्ये असुल गनुपर्ने रु.३४ हजार, नियमित गर्नुपर्ने रु.६३ लाख ४० हजार र पेश्की रु.२६ लाख ६ हजार रहेको छ ।

# सिलिचोङ्ग गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गतको रु.६६ लाख २० हजार र यो वर्षको आय रु.६ करोड ४४ लाख ६५ हजार समेत रु.७ करोड १० लाख ८५ हजार आय भई रु.६ करोड ५९ लाख ४६ हजार खर्च भई रु.५१ लाख ३९ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन्:

१. **कानूनको पालना :** खरिद ईकाइ, खरिद योजना, जिन्सी निरीक्षण, निरीक्षण, सामानहरुको मूल्य, आन्तरिक लेखापरीक्षण ।

२. प्रस्तुत बैंक नगदी किताब र साविकका निकाय ५ को पेश्की बाँकी रु.४७,०४६७८।- मध्ये रु.४४,९४,६७८।- फछ्र्यौट भई बाँकी रु.२,१०,०००।- जिम्मेवारी सारेको देखिएन ।

३. प्रस्तुत बैंक नगदी किताब अनुसार साविक निकायको गत विगत वर्षदेखि पेश्की बाँकी रु.२६,२००।- बैंक नगदी किताबमा जिम्मेवारी सारेको देखिएन ।

४. प्रस्तुत बैंक नगदी किताबको अभिलेख अनुसार साविकका निकायको रु.१,५३,२९५।- कर कट्टी गरेकोमा रु.१,३७,६६७- राजश्व दाखिला भई बाँकी रु.१५,६२८।- राजश्व दाखिला गर्नुपर्ने मा दाखिला गरेको देखिएन ।

५. **बर बुझारथ :**आर्थिक कार्यबिधि नियमावली २०६४को परिच्छेद ६को नियम ५५ अनुसार नगद जिन्सी मालसामान लगायत अन्य सरकारी कागजात जिममालिने कर्मचारी साधारण तथा सरुवा अबकास तथा कार्यालय छोडी जादा बरबुझारत गर्नु पर्ने व्यबस्था रहेको छ । साविक ४ निकायमा समाहित हुंदा जिन्सी सामानको बरबुझारथ गरेको देखिएन ।

६. **माल सामान** : सार्बजनिक खरिद नियमावली, २०६४को नियम ८४ अनुसार स्विकृत कार्यक्रम र खरिद योजना अनुसार रु.५ लाख देखि २० लाख रुपैया लागत अनुमान भएका मालसामान सिलबन्दी दरभाउपत्रका आधारमा खरिद गर्ने व्यबस्था रहेको छ । कम्प्युटर, सोलार, फर्निचर लगायतकासामान खरिद गर्दा खरिद योजना बेगर रु.५ लाखमा नबढने गरी पटक पटक खरिद गरेको छ । नियममा व्यबस्था भएबमोजिमको विधी अपनाई प्रतिस्पर्धात्मक तरिकाबाट सामान खरिद गर्नु पर्नेमा सिधै खरिद गरेको नियम सम्मत देखिएन ।

७. **सामाजिक सुरक्षा सुविधा** : जिससको रु.१,०७,५४,४००।- सामाजिक सुरक्षा भत्तातर्फ प्राप्त रु.१,०७,५४,४००।-.सबै खर्च देखाएको छ । सोही रकममध्ये बितरण नभई बाकी रहेको दाखिला र खर्च फरक गरेको छैन । जिससको पेश्की बाँकी रु.५१,२९,६००।- रहेकोमा गाउँपालिकाले सबै रकम खर्च देखाएको नियम सम्मत देखिएन ।

८. **साविकको माङ्गतेवा :** सार्बजनिक खरिद नियमावली २०६४को नियम ८५ (४) बमोजिम मौजुदा सूचिमा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ता संग दरभाउपत्र लिई खरिद गर्नुपर्दछ । एक मोटरसाईकल रु.२,३४,९००।- मा खरिद गरेको छ । सोझै खरिद गरेको पाईएकोले अनियमित देखिएको छ ।

९. **साविकको सिसुवाखोल ा:** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम८५(४) अनुसारमौजुदा सुचिमा सुचिकृतफर्महरुबाट ३ (तीन वटा) दरभाउपत्र खरिद गर्नुपर्दछ । एक मोटरसाईकल रु.२,३४,९००।- मा खरिद गरेको छ । सोझै खरिद गरेकोले अनियिमत देखिएको छ ।

१०. **साविकको ताम्कु :** सार्बजनिक खरिद नियमावली,२०६४ को नियम ८५(४) अनुसार मौजुदा सुँचिमा रहेका फर्महरुबाट ३ (तीन वटा) दरभाउपत्र लिई खरिद गर्नुपर्दछ । एक मोटरसाईकल रु.२,३४,९००।- मा खरिद गरेको छ । सोझै खरिद गरेकोले अनियिमत देखन्छ ।

११. **साविकको वाला:** सार्बजनिक खरिद नियमावली,२०६४ को नियम ८५(४) अनुसार मौजुदा सुँचिमा रहेका फर्महरुबाट ३ (तीन वटा) दरभाउपत्र लिई खरिद गर्नुपर्दछ । एक मोटरसाईकल रु.२,३४,९००।- मा खरिद गरेको छ । सोझै खरिद गरेकोले अनियिमत देखन्छ । सोझै खरिद गरेको पाईएकोले अनियिमत देखिएको छ ।

### बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.५३ लाख ८२ हजार कुल बेरुजू रहेको मध्ये असुल गनुपर्ने रु.१६ हजार नियमित गर्नुपर्ने रु.५३ लाख ६६ हजार रहेको छ ।

# भोजपुर नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत बर्षको रू.८८ लाख ४३ हजार र यो बर्षको आय रू.१५ करोड २६ लाख ३ हजार गरी जम्मा रु. १६ करोड १४ लाख ४६ हजार आय भई रु. १२ करोड ६७ लाख ४२ हजार खर्च गरी रु.३ करोड ४७ लाख ४ हजार बाँकी रहेको छ । सो आर्थिक कारोबारको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय छन् ।

१. **घटी मौज्दात** : स्थानीय निकाय आर्थिक प्रशासान नियमावली २०६४ को नियम २१ मा तोकिएको ढाँचामा आर्थिक विवरण तयार गरी आम्दानी खर्च अद्यावधि गरी आयको प्रकृति अनुसार अभिलेख राख्नु पर्ने व्यवस्था छ । स्थानीय तहले गत बर्षको रु.९२,४७,२२५।- बाकी भई रु.८०,०१,५१२।- मात्र मौज्दात सारेकोले रु.१२,४५,७१३।- घटी सारेको रकम बांधी हिसाब मिलान गर्नुपर्दछ ।

२. **खरिद** : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ८ मा रु. १० लाख भन्दा माथिको खरिद गर्दा बोलपत्र आह्वान गर्नु पर्ने व्यवस्था छ । स्थानीय तहले रु.३२,००,०००।- को फर्निचर तथा फिर्क्चस, सवारी साधन, मेशिनरी औजार खरिद गरी बोलपत्रद्धरा खरिद गर्नु पर्नेमा टुक्रा गरी सोभ्कै खरिद गरेकोले खरिद प्रक्रिया मितव्ययी र गरणस्तर हुन सक्ने देखिदैन ।

३. **भवन निर्माण** : भोजपुर नगरपालिका भवन निर्माणको रु.१८४९३७६१।- लागत अनुमान स्वीकृत भई २०७२।०९।०३ मा बोलपत्र हुँदा न्यून दररेट पेश गर्ने एक निर्माण व्यवसायीको रु.१७७०६९६८।- (१५.२७ प्रतिशत कम) कबोल अंक स्विकृत भई १८ महिना भित्र काम पुरा गर्ने गरी २०७२।०६।२० मा सम्भ्कौता भएको थियो । दुई वटा रनिङ विल यस बर्षको रु ६६३०३५८।- भुक्तानी भएकोमा देखिएका व्यहोरा यस प्रकार छन् :

३.१. **प्रतिलिपि बिजक** : मुल्य अभिबृद्धि कर नियमावली,२०५३ को नियम ६ (क) अनुसार रीतपुर्वकको विजक जारी गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यावसायीले बिलबाट रु.१९,३७,०७४।- खर्च गर्दा प्रतिलिपि बिजक पेश गरेको पाइयो । सो बिजकबाट मूल्य अभिवृद्धि कर रु.२,२२,८४९।- भुक्तानी भएकोले सक्कल विजक पेश गरी आन्तरीक राजश्व कार्यालयबाट कर समायोजन प्रमाण पेश हुनुपर्दछ ।

३.२. **म्याद थप:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० अनुसार म्याद थपको कारण मनासिव देखिएमा बढीमा ६ महिनासम्मको म्याद बोलपत्र स्वीकृत गर्ने अधिकारीले र सो भन्दा बढी अवधिको म्याद विभागीय प्रमुखले थप गर्न सक्ने व्यवस्था छ । निर्माण सामाग्री आपूर्ति गर्न नसकेको र बन्द हडताल लगायतको कारण एक वर्ष म्याद थप माग गरेकोमा नगर पालिकाले ६ महिनाको म्याद थप गरेको छ । लेखापरिक्षण अवधिसम्म म्याद समाप्त भैसेकेको र भवन निर्माणको काम आधा भन्दा बढी बाँकी देखिएकोले नियमानुसार म्याद थप गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

४. **पिपलधारा-हलिडांडा सडक निर्माण** : आन्तरिक लगएतको श्रोत समेतबाट सडक निर्माण गर्ने गरी कुल लागत रु.२,३५,३८,९६५।- स्वीकृत भई प्रतिस्पर्धा पर्न आएको एक मात्र बोलपत्रदाताको कबोल अंक रु.२,३४,४१,२५०।- बोलपत्र मूल्याकंन समितिबाट ग्राहय देखिएकोले २०७४ असार मसान्त भित्र कार्य सम्पन्न गर्ने निमार्ण संभ्कौता भएको थियो । असार मसान्त सम्म रनिङ बिलबाट रु.१,२०,१४,०६७।- भुक्तानी भैसकेकोमा देखिएको व्यहोरा देहाय छन् ।

४.१. **बढी भुक्तानी:** सडक निर्माण प्रथम विलको रु.४४,८१,२५५।- समेत दोश्रो बिल समेतको भुक्तानी रु.१,२०,१२,५८०।- देखाएकोमा दोश्रो क्रमांकबाट रु.७५,३२,८१३।- भुक्तानी भएको समेत रु.१,२०,१४,०६८।- खर्च भएकोमा रु.१,४८८।- बढी भुक्तानी देखिएको असूल गर्नुपर्दछ ।

४.२. **विमा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० अनुसार दश लाख भन्दा बढीको निर्माण कार्यमा अनिवार्य बिमा गराउनु पर्ने व्यवस्था छ । बिशिष्टीकरण खरिद परिमाणमा बीमाको इकाई उल्लेख भएको भएता पनि निर्माण व्यवसायीले बीमा गरेको प्रमाण पेश गरेको छैन ।

५. **पेश्की बाकी:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ मा पेश्की समयमा फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । बर्षन्तमा ५ व्यक्ति र संस्थाको रु.१,०४,२६,७३३।- पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

**बेरुजू स्थिति** :

यो वर्ष लेखापरीक्षणबाट रु.१ करोड १८ लाख ९७ हजार बेरुजू रहेको मध्ये असुल गर्नुपर्ने रु.१ हजार, नियमित गर्नुपर्ने रु.१४ लाख ६९ हजार, पेश्की रु. १ करोड ४ लाख २७ हजार रहेको छ ।

# षडानन्द नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रू.१२ लाख ४० हजार, यो बर्षको आय रू.१३ करोड ८२ लाख ३१ हजार गरी रु.१३ करोड ९४ लाख ७१ हजार आय भई रु. १३ करोड २७ लाख २४ हजार खर्च गरी रु.६७ लाख ४७ हजार मौज्दात बाकी देखाएको छ। उक्त कारोबारको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा देहाय छन्:

१. **नगर क्षेत्र पुर्वाधार विकास कार्यक्रम तर्फ**: यस सम्वन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः

१.१. **खार्तम्छा बिद्युत विस्तार :** बिद्युत विस्तारका लागी स्टील पोल वायर पुलिङ मेशिन लगायतका सामाग्री खरीद गरी उपभोक्ता समुहमार्फत कार्य कुल ल.ई. रु.५९,९५,०००।- गरी उपभोक्ताले रु.१७,९८,५००।- र वडा र यो तहले समेत रु.४१,९६,५००।- भुक्तानी गर्नेगरी सम्झौता भएकोमा उपभोक्ताले सामानहरु खरिद गरी रु.४०,७०,१२०।- भुक्तानी भएको छ। सो ट्यूवलर पोल तथा मेशिनहरु जडान गरी बिद्युत विस्तारको काम भएको सोको कार्यसम्पन्न प्रतिबेदन तयार नभएकोले एकिन गर्न सकिएन।

१.२. प्रमाण पेश नभएको : तुङ्गेछामा विद्यूत विस्तारको सामान खरिद तथा जडान कार्यको लागी कुल लागत अनुमान रु.५८,७०,०००।- मध्ये यो तहले रु.४१,०९,०००।- र उपभोक्ताले रु.१७,६१,०००।- योगदान गर्ने गरी संझौता भए बमोजिम सामान खरिदको लागी रु १९३७००००।- पेश्कि उपलब्ध गराएको छ। पेश्कि फर्छयौट रु.३९,८५,७३०।- खर्च लेखेकोमा सामान खरिदको स्पष्ट विवरण सहित बिल भरपाई, नापी र कार्य सम्पन्न प्रतिबेदन समेत पेश हुन नआएकोले खर्च प्रमाणित गर्ने आधार भएन।

२. **किमालुङ बिद्युत विस्तार** यस सम्वन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः

२.१. **बढी भुक्तानी**: किमालुङमा बिद्युत विस्तार गर्न रु.५८,७२,६८७-- को लागत अनुमान बनाई लाभग्राही मार्फत कार्य गर्ने गर्ने र यो तहको योगदान रु.३९,५५,७३०।- उपलब्ध गराउने बर्षान्तमा सम्पन्न गर्ने गरी संझौता भएको थियो। पोल तथा मेशिन खरिद गरी उक्त जडान कार्य समेत सम्पन्न भएको छ। लागत अनुमान अनुसार नै कार्य सम्पन्न पेश गरी संझौता अनुसार रु.३९,५५,७३०।- खर्च हुनु पर्नेमा रु.३९,८५,७३०।-गरेकोले बढी भुक्तानी रु.२०,०००।- असुल गर्नुपर्दछ।

२.२. **अभिलेखः** स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २११ को अनुसूची २६ को द्रष्टव्यमा यो तहले राजश्व वाडफाडको अभिलेख नराखेको कारण सवै विकास कार्यमा मात्र खर्च भयो भन्न सक्ने अवस्था रहेन । राजश्व वाँडफाँड छुट्टै अभिलेख राखी खर्च गर्ने व्यवस्था गर्नुपर्नेछ।

२.३. **जिन्सी दाखिला** : सामान खरिद रु.८५,३०७।- गरेकोमा जिन्सी खातामा आम्दानी वांध्नुपर्ने देखिन्छ।

२.४. **बढी भुक्तानी :** एक मोटरवाटो निर्माण समितिलाई रु.५४,११,७६४।- को लागत अनुमान स्वीकृत गरी रु.४६,००,०००।- भुक्तानी हुने गरि सम्झौता गरी रु.५६,८४,९२२।- वरावरको कार्य सम्पन्न गरि यो वर्ष रु.४६६१३८०।- भुक्तानी गरेको छ । सम्झौता भन्दा वढी रु.६१,३८०।- असुल गरि राजश्व दाखिला हुनुपर्दछ।

३. **पेश्की वाँकी**: आर्थिक वर्षको अन्त्यमा ५ जना कर्मचारीको रु.६,४२,७००।- पेश्की फछर्यौट नगरेकोले समयमै फछर्यौट गर्नुपर्दछ।

४. **वहाल कर** : फालिदोवाटो सडक मर्मतमा रु.३,००,०००।- को कार्यसम्पन्न गराएकोमा नियमानुसार १०% ले हुने डोजर भाडा कर रु.३०,०००।- कट्टि हुनुपर्नेमा सो नभएकोले सो रकम राजश्व दाखिलाको प्रमाण पेश गर्नुपर्दछ।

५. **बढी खर्च** : तुर्के झ्याउपोखरी सडक स्तरोन्नतीलाई रु.१,३२,०००।- खर्च हुनुपर्नेमा रु १३९०००।- खर्च गरेबाट वढी रु.७,०००।- असुल उपर गर्नुपर्दछ।

६. **विल भरपाई**: महिला खेलकुद तथा तिज विशेष कार्यमा रु.७०,०००।- खर्च लेखेकोमा रु.२९,१३१।- को मात्र विल भरपाई पेश गरेबाट रु.४०,८६९।- को विल भरपाई पेश गर्नुपर्दछ।

७. **मालपोत असुली :** मालपोत असुली रु.८८,८०६।- को २५% ले हुने रु.२२,२०१।- जिससमा दाखिला हुनुपर्दछ।

**बेरुजू स्थिति** :

यो वर्ष लेखापरीक्षणबाट रु.१ करोड ४७ लाख ५० हजार बेरुजू देखिएको मध्ये असुल गर्नुपर्ने रु. १ लाख ४० हजार, नियमित गर्नुपर्ने रु.८१ लाख ८२ हजार, पेश्की रु. ६४ लाख २८ हजार रहेको छ।

# ट्याम्के मैयुम गाउँपालिका
## लेखापरीक्षण प्रतिबेदन

गत वर्षको रू.७ लाख ६ हजार, यो बर्षको आय रू.६ करोड ९९ लाख १५ हजार गरी रु.७ करोड ६ लाख २१ हजार आय भई रु.६ करोड ९९ लाख ५० हजार खर्च गरी रु.६ लाख ७१ हजार मौज्दात बाकी देखाएको छ । उक्त कारोबारको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा देहाय छन्

१. **प्रगतिः** अर्थ मन्त्रालयको मिति २०७३-१२-०८ को खर्च गर्ने अख्तियारी पत्र अनुसार पुंजीगत खर्च गर्दा स्थानिय तहको पूर्वाधार र कार्यालय स्थापना एवमं सेवा प्रवाहको लागि खर्च गर्ने र निंधारित कार्यक्रम र कार्यतालिका बमोजिम कार्यक्रम संचालन गरी सोको प्रगति विवरण तयार गरी पेश गर्नु पर्ने उल्लेख छ । यस हतुवागढी गाँउपालिका बाट स्थानीय तहको पूर्वाधार विकास सम्बन्धि विकास निमार्णका कार्यक्रम संचालन भएको पाईएन ।

२. **सोझै खरिद**: यस गाँउपालिकाका कार्यकारी अधिकृतको अध्यक्षतामा बसेको कर्मचारी बैठक बाट कार्यलय व्यवस्थापनको लागि आवश्यक फर्निचर तथा फिक्चर्स, सवारी साधन, मेशिनरी औजार लगायतमा रु. ३२,००,०००।- खर्च गर्ने निर्णय गरी रु ३१,९५,८३२।- बराबरका जिन्सी मालसामान खरिद गरेको छ । नियमानुसार बोलपत्रको माध्यमबाट खरिद गर्दा मितव्ययी हुने स्थितिमा पटकपटक सोझै खरिद गरेकोले खरिद प्रक्रिया मितव्ययी छ भन्न सक्ने अवस्था रहेन ।

३. **राजस्व दाखिलाः** स्थानीय निकाय चालु अनुदानतर्फको कर दाखिला गर्न बाकी रु.३,०७१।०० राजश्वमा दाखिला गरी सो को प्रमाण पेश गर्नु पर्दछ ।

४. **संचित कोषः** आर्थिक वर्षको अन्त्यमा वडामा वाकी रहेको अनुदान रकम गा.पा.को संचित कोषमा फिर्ता गनुपर्नेमा वडा कार्यालयले वाकी रकम फिर्ता गरेको पाईएन ।

५. **जिन्सी निरीक्षणः** साबिकमा तिम्मा,छिनामखु,अन्नपूर्ण,नागी,खावा,कोट,गोगने र लेखर्क गाँउ विकास समितिको रुपमा सञ्चालन हुदैं आएका उल्लेखित ८ वटा निकायलाई नयाँ संरचना बमोजिम ट्याम्केमैयुङ्ग गाँउपालिकाको रुपमा सञ्चालनमा आएको हुदाँ नियमानुसार साबिकका निकाय बाट मौज्दात रहेको नगदी जिन्सी र नवगठित गाँउपालिकाको जिन्सी मालसामानको वर्षान्तमा एकिकृत जिन्सी मौज्दातको विवरण तथा जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी पेश नभएकोले यस गाँउपालिकामा के-कति जिन्सी मौज्दात बाँकी रहेका छन् । सो को स्थिति एकिन गर्न सक्ने अवस्था रहेन । अतः नियमानुसार जिन्सी व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

६. **जिम्मेवारीः** साविक तिम्मा, छिनामखु, अन्नपुर्ण, नागी, खावा, कोट, गोगने र लेखर्क गाविस मा मिति २०७३।११।२७ मा मौज्दात रु.५१,३८,५९६।- रहेकोमा मिति २०७३।११।२८ मा नवगठीत ट्याम्केमैयुम गाँउपालिकामा उक्त रकम अ.ल्या.गरी ल्याउनुपर्नेमा रु.५०,२५,३३३।- मात्र जिम्मेबारी सारेकोले घटी जिम्मेबारी सारेको रु १,१३,२६३।०० आम्दानी बाँधी हिसाब मिलान गर्नुपर्दछ ।

७. **तिम्मा गाउँ विकास समिति**

७.१. **अग्रिम करः** पुँजिगत अनुदान तर्फ अग्रिम कर कट्टी दाखिला गर्न बाँकी रु ३६०।०० राजश्व दाखिला गरी प्रमाण पेश गर्नु पर्दछ ।

७.२. **कार्य सम्पन्न प्रतिबेदनः** पुँजिगत अनुदानबाट साझेदारी कार्यक्रम अर्न्तगत बेखुवा कुलो निर्माणमा रु ५०,०००।०० बजेट खर्च लेखेकोमा उक्त कार्यको लागत अनुमान,ठेक्का सम्झौता,नाप जाँच, कार्यसम्पन्न प्रतिबेदन लगायतका फाँटबारी पेश नभएकोले सो सम्बन्धी प्रमाण पेश गर्नु पर्दछ ।

८. **छिनामखु गाउँ विकास समिति**

८.१. कर दाखिला गर्न बाँकी रकम रु १,६५७**।००** राजश्वमा जम्मा गरी सो को प्रमाण पेश हुनु पर्दछ ।

८.२. बिमला राई संग रु ९,४७७।०० र शिवजी राई संग रु ६,९२८।०० समेत रु १६,४०५।- तहविल मौज्दात रहेकोमा गाँउपालिकाको खातामा जम्मा गरी सो को प्रमाण पेश गर्नु पर्दछ ।

८.३. गाउपालिकामा जम्मा गर्न वाकी कर्मचारी कल्याणकोषको रकम रु २,८८०।- दाखिला गर्नुपर्ने ।

८.४. **अन्नपुर्ण गाउँ विकास समितिः** पुँजिगत अनुदानतर्फ मिति २०७४।०३।२७ मा गोबिन्द मुकारुङ्ग को रु १,५७,८९०।०० पेश्कि फर्छयौट गरेकोमा अग्रिम आयकर कट्टी रकम रु २,८०८।०० राजश्व दाखिला गर्न बाँकी देखिएकोले सो राजश्व दाखिला गरी प्रमाण पेश गर्नु पर्दछ ।

८.५. **नागी गाउँ विकास समितिः** बिभिन्न भुक्तानीमा अग्रिम कर दाखिला गर्न बाँकी रकम रु २,६०४।०० राजश्वमा जम्मा गरी सो को प्रमाण पेश गर्नुपर्दछ ।

९. **गोगने गाउँ विकास समिति**

९.१. **राजस्वः** विभिन्न मितिमा कट्टी भएको तर राजश्व दाखिला नभएको कर रु १,९३५।०० राजश्व दाखिला भएको प्रमाण पेश हुनुपर्दछ ।

९.२. **ढी तलवः** मिति २०७३।११।०६ मा कर्मचारी सिताराम लुईटेललाई बढी तलब भुक्तानी भएको रु ४२०।०० राजश्व दाखिला हुनुपर्दछ ।

९.३. **जिन्सी दाखिलाः** मिति २०७४।०३।३० मा हेल्थपोष्ट व्यवस्थापनको लागी रु ३०,०००।०० का स्टिल दराज, कुर्सी खरिद भएकोमा ति सामानहरु जिन्सी दाखिला र सम्बन्धीतलाई हस्तान्तरण भएको प्रमाण पेश हुनुपर्दछ ।

९.४. **जानकारीः** रु २०,०००।०० माथिको खरिद मु.अ.कर मा दर्ता भएका फर्म संग हुनुपर्ने व्यवस्था रहेकोमा कार्यालयले सो बमोजिम खरिद गरेको देखिएन । साथै मु.अ.कर मा दर्ता भएका फर्म संग खरिद भएकाको सर्न्दभमा सम्बन्धित आ.रा.का. लाई मु.अ.कर सम्बन्धमा जानकारी गराएको पाईएन । अतः नियममा भएको व्यवस्था पालना हुनुपर्दछ ।

९.५. **जिम्मेवारीः** लेखर्क गाउँ विकास समितिले मिति २०७३।११।२७ सम्मको मौज्दात रकम मध्ये रु २८,४४९।०० घटी जिम्मेवारी सारेकोले गाँउपालिकाको खातामा जम्मा गरी प्रमाण पेश गर्नु पर्दछ ।

**बेरुजू स्थिति** :

यो वर्ष लेखापरीक्षणबाट रु.२ लाख ९५ हजार बेरुजू देखिएको मध्ये असुल गर्नुपर्ने रु.२० हजार, नियमित गर्नुपर्ने रु.२ लाख ७५ हजार रहेको छ ।

# रामप्रसादराई गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत आर्थिक वर्षसम्मको रु.१२ लाख ७१ हजार, यो आ.व.को आम्दानी रु.६ करोड ८० लाख ७१ हजार गरी जम्मा रु.६ करोड ९३ लाख ४२ हजार आम्दानी भएकोमा रु.६ करोड २८ लाख ५२ हजार खर्च गरी रु. ६४ लाख ९० हजार मौज्दात देखाएको छ ।

१. **पूर्वाधार विकास:** अर्थ मन्त्रालयको खर्च गर्ने अख्तियारी पत्र अनुसार खर्च गर्दा स्थानिय तहको पूर्वाधार र सेवा प्रवाहको लागि खर्च गर्ने र निंधारित र कार्यतालिका बमोजिम संचालन गरी सोको प्रगति विवरण तयार गरी पेश गर्नु पर्ने उल्लेख छ । यो तहबाट स्थानीय तहको पूर्वाधार विकास विकास निमार्णका कार्यक्रम गरेको पाईएन ।

२. **सिधै खरिद:** फर्निचर तथा फिक्चर्स, सवारी साधन, मेशिनरी औजारमा रु.३२,००,०००।- खर्च गर्ने निर्णय गरी मालसामान खरिद गरेको छ । बोलपत्रको माध्यमबाट खरिद गर्दा मितव्ययी हुने स्थितिमा सोझै खरिद गरेकोले खरिद प्रक्रिया नियमित भएन ।

३. **संचित कोष** : वडामा वाकी मौज्दात स्थानीय संचित कोषमा फिर्ता गनुपर्नेमा फिर्ता गरेको पाइएन । मौज्दात रु.६४,९०,१९१।- स्थानीय संचित कोषमा रु.४८,५१,३९४।-र रु.१६,३८,७९७।- वडाहरुको खातामा रहेको समेत रु. ६४,९०,१९१।- दाखिला गर्नु पर्दछ ।

४. **मौज्दात** : साविक ओखे सहित ७ निकायको मौज्दात रु.१,०६,७६,८२२।- रही स्थानीय तहमा ल्याउनुपर्नेमा रु.९२,४८,३३३।- जिम्मेबारी सारेकोले घटी रु.१४,२८,४८९।- एकिन गरी हिसाब मिलान गर्नुपर्दछ । एकिकृत आर्थिक विवरणको आय तर्फ साविकको ७ निकायको मौज्दात रु.९२,४८,३३३।- दोहोरो परेको सम्वन्धमा हिसाव एकिन गर्नुपर्दछ ।

५. **दाखिला :** सामाजिक सुरक्षा वाकी रहेको रकम रु.३,२००।- राजश्व दाखिला हुनुपर्दछ ।

६. **पेश्की** : एक व्यक्तिको नाममा खानेपानी निर्माण पेश्कि रु.१,५०,०००।- बाँकी रहेकोले असुल फर्छ्यौट गर्नुपर्दछ ।

७. **अग्रिम कर** : पूँजिगत अनुदान रु.२४,०२३।- र आन्तरीक आम्दानी रु.१,६२८।- समेत रु.२५,६५१।- अग्रिमकर कट्टी राजश्व दाखिला हुनु पर्दछ ।

८. **विल वेगर खर्च** : पिखुवा खोला खानेपानी निर्माणमा विल भरपाई वेगर रु.१,००,०००।- खर्च लेखेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

### बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.८१ लाख ९७ हजार बेरुजू देखिएको मध्ये असुल गर्नुपर्ने रु.१ लाख २९ हजार, नियमित गर्नुपर्ने रु.७९ लाख १८ हजार र पेश्की बांकी रु १ लाख ५० हजार रहेको छ ।

# अरुण गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गतको रू.१ लाख ३७ हजार र यो बर्षको आम्दानी रू.६ करोड ४ लाख ९१ हजार भई रु.६ करोड ६ लाख २८ हजार आय भई रु.५ करोड ५० लाख ८ हजार खर्च गरी रु.५६ लाख २० हजार मौज्दात बाकी रहेको छ। सो आर्थिक कारोबार गर्दा देखिएका व्यहोराहरु देहाय छन्।

१. **पुँजीगत खर्च :**अर्थ मन्त्रालयको खर्च गर्ने अख्तियारी पत्र अनुसार कार्यक्रम गर्दा स्थानीय पूर्वाधार सेवा प्रवाहमा खर्च गर्ने र कार्यक्रम कार्यतालिका बमोजिम गरी सोको प्रगति विवरण तयार गरी पेश गर्नु पर्ने उल्लेख छ। यो तहको पूर्वाधार विकास निमार्णका कार्यक्रम संचालन भएको पाइएन।

२. **खरीदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीसलाख रूपैयाँ भन्दा बढी लागत अनुमानको मालसामान खरिद गर्दा प्रतिस्पर्धाको माध्यमद्वारा खरिद गर्नु पर्ने व्यवस्था छ। यस तहले रु.३१,९६,५३२।- को कार्यालय सामान खरिद गरेकोमा नियमानुसार प्रतिस्पर्धाबाट खरिद नगरी पटकपटक सोझै खरिद गरेकोले नियमित भएन।

३. **बैंक हिसाव समायोजन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, ३०६४ को नियम २१ अनुसार आयको लेखा अद्यवधिक गरी राख्नु पर्दछ। एकिकृत आर्थिक विवरणमा वर्षान्तमा रु. ५६२०३६८।- मौज्दात रहेकोमा सो को बैंक विवरण प्राप्त गरी एकिन गर्नु पर्दछ।

४. **नगद तथा जिन्सी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ९ (५) मा (५) कार्यालयले आफुसँग रहेको नगद तथा जिन्सी सामान हिनामिना, हानी नोक्सानी वा लापरवाही समेत हुन नपाउने गरी नगद वा जिन्सी सुरक्षित राख्न उचित प्रबन्ध गर्नु पर्ने व्यवस्था छ। साबिकका निकायमा मौज्दात रहेको नगदी, जिन्सी र यो तहको सामानको वर्षान्तमा एकिकृत जिन्सी मौज्दातको विवरण तथा जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी पेश नभएकोले सम्पत्तिको अवस्था यकिन गर्न सकिएन।

५. साविकका ६ निकायको अन्तिम मौज्दात रु.५८,६२,०३८।- मध्ये गाँउ पालिकामा रु.५८,१३,४२३।- जिम्मेवारी सारेकोले रु.४८,६१५।- घटि सारेको आय लेखाराखी हिसाव मिलान गर्नुपर्दछ। त्यस्तै साविकका ६ निकायको मौज्दात रु.५८,१३,४२३।- एकिकृत आर्थिक विवरणको कुल आयमा दोहोरो आम्दानी भएको देखिन्छ।

६. **कर दखिला** : आयकर ऐन २०५८ को दफा ९०(२) मा कट्टा गरेको समयमा दाखिला गर्नुपर्दछ।

६.१. सामाजिक सुरक्षा कर दाखिला गर्न बाँकी रु १५९८।- राजश्व दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ।

६.२. दाखिला गर्न बाँकी कर रु.४,०६५।- तर्फ सामाजिक सुरक्षा कर दाखिला गर्न बाँकी रु.३,१४२।- अग्रीम आयकर रु.१२०।- समेत रु.७,३२७।- दाखिला गरी प्रमाण पेश हुनु पर्दछ।

७. **नगद बाँकी :** सामाजिक सुरक्षा कार्यक्रम तर्फ एक व्यक्तिसंग नगद बाँकी रु.१,६००।- संचित कोषमा दाखिला गरी प्रमाण पेश गर्नु पर्दछ।

८. **हिसाव भिडान** : सांस्कृतिक कार्यक्रममा रु.२५०००।- बजेट खर्च लेखेकोमा रु.१३.८२०।- को बिल भरपाई संलग्न रहेकोमा बिल बेगरको खर्च रु.११,१८०।- असुल गर्नुपर्दछ।

### बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु. ५७ लाख ४० हजार बेरुजू रहेको मध्ये असुल गर्नुपर्ने रु.११ हजार, नियमित गर्नुपर्ने रु.५७ लाख २९ हजार रहेको छ।

# पौवादुङ्गा गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रू.२ लाख ९३ हजार र यो बर्षको आय रू.५ करोड ५४ लाख ४० हजार गरी जम्मा रु.५ करोड ५७ लाख ३३ हजार आय भई रु.५ करोड १ लाख ६८ हजार खर्च गरी रु.५५ लाख ६५ हजार मौज्दात बाकी रहेको छ । सो कारोबारको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

१. **पुँजीगत खर्च :** अनुदान रु.३२,००,०००।- निकासा प्राप्त भई रु.३०,०६,७०७।- खर्च भएको छ । अर्थ मन्त्रालयको अख्तियारीपत्र अनुसार कार्यप्रगतिको आधारमा थप निकासा उपलब्ध गराउने गरी प्रदान गरेको रु.४८,००,०००।- खर्चको आधारमा निकासा माग गर्नु पर्नेमा खर्च नभएको अवस्थामा समेत वर्षान्तमा निकासा लिई एकल कोषमा रु.४९,९३,२९२।- मौज्दात रहेको छ । उक्त कारोबारको लेखापरिक्षणबाट निम्न ब्यहोरा देखियो ।

१.१. अर्थ मन्त्रालयको खर्च गर्ने अख्तियारी पत्रअनुसार पुँजीगत खर्च गर्दा तहको पूर्वाधार सेवा प्रवाहको लागि खर्च गर्ने र निंधारित कार्यतालिका बमोजिम कार्यक्रम गरी सोको प्रगति विवरण तयार गरी पेश गर्नु पर्ने उल्लेख छ । यो तहबाट पूर्वाधार विकास, बिकास निमार्णका कार्यक्रम संचालन गरेका पाईएन ।

१.२. फर्निचर तथा फिर्क्चर्स, सवारी साधन, मेशिनरी औजारमा रु.३२,००,०००।- खर्च गर्ने निर्णयगरी रु.३०,०६,७००।- मालसामान खरिद गरेको छ । बोलपत्रको माध्यमबाट खरिद गर्दा प्रतिस्पर्धी हुने स्थितिमा पटकपटक सोझै खरिद गरेकोले खरिद प्रक्रिया नियमित देखिएन ।

२. **मौज्दात** : आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको मौज्दात एकीन गरि हिसाव मिलान गर्नुपर्दछ :

२.१. बाँकी मौज्दात रु.५,५६,५५१८।-संचित कोषमा रु.१,९३,२९२।- बाकी रहेको आन्तरिक आम्दानी स्थानीय तहको खातामा दाखिला बाकी राखी वडाको खातामा आय गरी खर्च गर्ने गरेकोले स्थानीय निकायमा आय गरी खर्च गर्नुपर्दछ ।

२.२. आर्थिक वर्षको अन्त्यमा बाकी रहेको मौज्दातको स्थानीय संचित खातामा फिर्ता गनुपर्नेमा बाकी मौज्दात वडामा नै बाकी रहेको देखियो ।

२.३. साविकका श्यामशिला सहित ६ निकाय कुल आय रु.२,५४,३५,५९२।- मध्ये रु.२,१६,०६,९९२।- खर्च कटाई बाँकी मौज्दात रु.३८,६८,६००।- र साबिकको मौज्दात रु.४,१३,०६४।- मौज्दात सर्दे आएको छ ।

२.४. प्रस्तुत आर्थिक विवरणमा रु.३,३५,९१,४०४।- यसबर्षको आय रहेकोमा एकिकृत आय व्ययमा रु.२,९८,४५,८६९।- यस बर्षको आम्दानी रहेकोमा घटी आम्दानी रु.३७,४५,३५३।- एकिन गरी आम्दानी हिसाव एकिन गर्नुपर्दछ ।

२.५. व्यय विवरणमा यस बर्षको खर्च रु.३,१७,०१,१९४।- रहेकोमा एकिकृत एकिकृत आय व्ययमा रु.२,८५,६२,०१६।- खर्च रहेकोले फरक रु.३१,३९,१७८।- एकिन गर्नुपर्दछ ।

२.६. मौज्दात बाँकी रु.५५,६५,५१७।- को बैंक हिसाव विवरण पेश नभएकोले एकिन गर्नुपर्दछ ।

३. **भञ्ज्याङ्ग गाँउ विकास समिति :** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छनः

३.१. कृषि सडक सर्भेमा रु.५०,०००।- खर्च गरेकोमा अग्रिमकर कट्टी नगरेकोले रु.७,५००।- असुल गरी दाखिला हुनु पर्दछ ।

३.२. एक उपभोक्ता समितिको नाममा पेश्कि बाँकी रु.१,७६,१७२।- फछ्र्यौट गर्नुपर्दछ।

३.३. मेशिन भाडा रु.२,९४,०००।- एक व्यावसायीलाई भुक्तानी भएकोमा १० प्रतिशतले हुने रु.२९,४००।- भाडाकर कट्टी गर्नुपर्नेमा रु.२६,०००।- मात्र कट्टी गरेकोले घटी कर रु.३,४००।- असुल हुनुपर्दछ ।

३.४. एक कर्मचारीलाई रु.८८०।- को दरले ग्रेड दिनु पर्नेमा ९९०।- का दरले दिएकोले वढी ग्रेड भएको रु.१,३२०।- असुल हुनुपर्दछ ।

४. **च्याङ्गे गाउँविकास समिति :** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छनः

४.१. खानेपानी व्यवस्था उपभोक्ता समितिबाट सामान रु.७०,८१४।- को खरीद गर्दा अग्रिम कर कट्टी नगरेकोले रु.१,०६२।- असुल गरी राजश्व दाखिला गरेको प्रमाण पेश गर्नु पर्दछ ।

४.२. लक्षीत समुदाय कट्टी गर्नुपर्ने अग्रिम आयकर रु.६४१।- र पारीश्रमिक कर रु.१,४७०।- कट्टी नगरेको रु.२,१११।- असुल गरी राजश्व दाखिलाको प्रमाण पेश गर्नुपर्दछ ।

४.३. स्थानिय मर्मत सम्भार कोषतर्फ अग्रीम आयकर र सामाजिक सुरक्षाकर कट्टी राजश्व दाखिला गर्न बाँकी देखिएकोले सो रु.४४८।- दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

५. **साबिक सानोदुम्मा गाँउ विकास समिति :** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छनः

५.१. सामाजिक सुरक्षा भत्ताको तहबील मौज्दात रु.२००।- असुल गरि केन्द्रीय संचित कोष जम्मा गरी प्रमाण पेश गर्नुपर्दछ ।

५.२. दुई कर्मचारीको नाममा बाँकी बिद्युतीकरण र बाल अभिमुखिकरण तालीम पेश्कि रु.१,५७,०००।- असुल,फछ्र्योट गर्नुपर्दछ ।

५.३. कर कट्टी भई दाखिला नभएको रु.५२२।- राजश्व दाखिला गर्नुपर्दछ ।

### बेरुजू स्थितिः

यो वर्ष लेखापरीक्षणबाट रु.१ करोड २७ लाख ९९ हजार बेरुजू रहेकोमा सोमध्ये असुल गर्नुपर्ने रु.१६ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २४ लाख ५० हजार र पेश्की रु.३ लाख ३३ हजार रहेको छ ।

# साल्पासिलियो गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रू.८ हजार, यो बर्षको आय रू.४ करोड ८८ लाख ८१ हजार गरी जम्मा रु.४ करोड ८८ लाख ८९ हजार आम्दानी भएकोमा रु.४ करोड ४० लाख ६३ हजार खर्च गरी रु.४८ लाख २६ हजार मौज्दात बाँकी देखाएको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न अनुसार छन्

१. **कार्यक्रमः** अर्थ मन्त्रालयको खर्च गर्ने अख्तियारी पत्र अनुसार खर्च गर्दा स्थानिय तहको पूर्वाधार र सेवा प्रवाहको लागि खर्च गर्ने र निर्धारित कार्यतालिका बमोजिम कार्यक्रम गरी सोको प्रगति विवरण तयार गरी पेश गर्नु पर्ने उल्लेख छ। यो तहको पूर्वाधार विकास र विकास निमार्णका कार्यक्रम संचालन भएको पाईएन।

२. **सिधै खरिद :** फर्निचर तथा फिर्क्चस, सवारी साधन, मेशिनरी औजारमा रु.३२,००,०००।- खर्च गर्ने निर्णय गरी रु ३२,००,०००।- मालसामान खरिद गरेको छ। बोलपत्रको माध्यमबाट खरिद गर्दा प्रतिस्पर्धी हुने स्थितिमा सोभै खरिद गरेकोले खरिद प्रक्रिया मितव्ययी रहेको अवस्था देखिएन।

३. **मल्य अभिवृद्धि कर** : संघिय संरचना रु.१ करोड निकासा भई ५२ लाख खर्च भएकोमा बिभिन्न आपूर्तकबाट सामान खरिद गर्दा मिति नभएका कर विजक बाट रु.१११८६३।- मु.अ.कर भुक्तानी भएकोले सोको समायोजन गरेको प्रमाण पेश गर्नु पर्दछ।

४. **मौज्दातः** गाउँपालिकाले आर्थिक विवरणको कुल जम्मा आम्दानीमा साविक कुलुङ्ग लगाएत २ गाँउ विकास समितिमा मौज्दात वाँकी रु.९९,३३,३८४।- मध्ये रु.९९,०२,३१८।- दोहोरो आम्दानी देखाएको छ।

५. **जिन्सी** : साबिकमा कुलुङ्ग लगयत ४ वटा साबिकका निकायमा मौज्दात रहेको नगदी जिन्सी र यो तहको मालसामानको वर्षान्तमा एकिकृत जिन्सी मौज्दातको विवरण तथा जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी पेश नभएकोले जिन्सी मौज्दात बाँकी रहेका छन्। सो को अवस्था उकिन गर्न सक्ने अवस्था रहेन।

६. **संचित कोषः** आर्थिक वर्षको अन्त्यमा बिभिन्न ४ वडामा वाकी रहेको रु.२६५४५।- स्थानीय संचित कोषमा जम्मा गरि सो को प्रमाण पेश गर्नुपर्दछ।

७. **राजस्व वाँडफाँडः** साबिकको कुलुङ्ग मालपोत रु.३०,९८५।- को २५ प्रतिशतले हुने रु.७,७४६।- जिल्ला समन्वय समितिमा दाखिला हुन बाँकी देखिएकोले सो रकम दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ।

८. **घटी जिम्मेवारीः** साबिकको दोभानेमा मौज्दात एकीकृत आय व्ययमा रु.३१,०६६।- घटी जिम्मेवारी सारेकोले एकिन गरी हिसाव मिलानको प्रमाण पेश गर्नुपर्दछ।

९. **राजस्व दाखिलाः** अनुदान तर्फ कट्टी रकम रु.२५,७३७- राजश्व दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ।

१०. **मौजदातः** संचालन अनुदान रु.५,०६५।- बैंक मौज्दात घटी देखिएको बारे स्पष्ट गर्नुपर्दछ।

**बेरुजू स्थिति** :

यो वर्ष लेखापरीक्षणबाट रु.२ लाख ९ हजार बेरुजू देखिएकोमध्ये नियमित गर्नुपर्ने रु.२ लाख ९ हजार रहेको छ।

# आमचोक गाँउपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रू.४ लाख ८ हजार, यो वर्षको आय रू.६ करोड ९९ लाख ६७ हजार गरी जम्मा रु.७ करोड ३ लाख ७५ हजार आय भई रु.६ करोड ४७ लाख खर्च गरी रु. ५६ लाख ७५ हजार मौज्दात बाँकी रहेको छ । उक्त आर्थिक कारोबारको लेखापरीक्षणमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :

१. **पुँजीगत खर्च** : यो बर्ष पुँजीगत अनुदान रु.३२,००,०००।- निकासा भई रु.३०८९००६।- खर्च गरेको छ । अर्थ मन्त्रालयको अख्तियारी पत्र अनुसार कार्यप्रगतिको आधारमा थप श्रोत उपलब्ध गराउने गरी रु.४८,००,०००।- खर्चको आधारमा निकासा माग्नु पर्नेमा खर्च नभएको स्थितिमा समेत वर्षान्तमा निकासा लिई एकल कोषमा रु.४९,१०,९९३।- मौज्दात रहेको छ । उक्त कारोबारको लेखापरिक्षणबाट देहाय व्यहोरा देखियो

१.१. अर्थ मन्त्रालयको अख्तियारी पत्रमा अनुसार पुँजीगत खर्च गर्दा यो तहको पूर्वाधार र कार्यालय स्थापना र सेवा प्रवाहको लागि खर्च गर्ने र निर्धारित कार्यतालिका बमोजिम कार्यक्रम चलाइ सोको प्रगति विवरण तयार गरी पेश गर्नु पर्ने उल्लेख छ । यो तहबाट विकास निमार्णका कार्यक्रम संचालन गरेको पाइएन ।

१.२. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ मा रु.२० लाख भन्दा बढीको मालसामान खरिद गर्दा बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने व्यवस्था छ । तहले रु.३०,८९,००६।- को सामान खरिदमा प्रतिस्पर्धा नगरी खरिद गर्दा व्यवस्थाको पालना गरेको पाइएन । नियमको पालना गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१.३. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१ मा आय यकिन गरी बैंक हिसाव विवरण तयार गर्नुपर्ने व्यवस्था छ । आर्थिक विवरणमा वर्षान्तमा रु.४८,०३,४६८।- र बैकं विवरणमा रु.५०८१८८७।- मौज्दात रहेकोले फरक रु.२,७८,४१९।- एकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

२. **जिन्सी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ९ (५) मा (५) कार्यालयले आफुसँग रहेको नगद तथा जिन्सी सामान हिनामिना, हानी नोक्सानी वा लापरवाही समेत हुन नपाउने गरी नगद वा जिन्सी सुरक्षित राख्न उचित प्रबन्ध गर्नु पर्ने व्यवस्था छ । साबिकका निकाय तथा हालको तहमा जिन्सी सामानको एकिकृत जिन्सी मौज्दात विवरण तथा जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी पेश नभएकोले जिन्सी सामानको मौज्दात बाँकी छ सोको स्थिति एकिन गर्न सकिएन । अतः नियमानुसार जिन्सी निरिक्षण गर्नुपर्दछ ।

३. **नगद जिम्मेवारी :** साविक निकायको मौज्दात, तहविल मौज्दात समेत एकिकृत फिर्ता भई तहविल मौज्दात र कर्मचारी कल्याण कोष, मर्मत संभार कोषको मौज्दात रहेकोले सो अनुदान र आन्तरिक आम्दानी जिम्मेवारी साविक निकायको मौज्दात फरक देखिएको छ ।

४. **खर्च व्यवस्थापन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, ३०६४ को नियम २१ अनुसार आम्दानीको लेखा अद्यवधिक गरी राख्नु पर्दछ । वडाको आम्दानी तहमा दाखिला गरी निकासा गर्नु पर्नेमा केही वडाहरुले आन्तरिक आय गा.पा.को खातामा दाखिला नगरी सोझै खर्च गरेकोले बाकी मौज्दात, आय, खर्च र वडाको आम्दानी खर्चमा फरक देखिएको छ । त्यस्तै आमचोकको आर्थिक विवरणमा रु.७,९६,४०,८३०।- रहेकोमा एकिकृत आर्थिक विवरणमा रु.८,१२,८८०।- दोहोरो देखिएको छ ।

५. **नगद मौज्दात** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, ३०६४ को नियम २१ अनुसार आम्दानीको लेखा अद्यवधिक गरी राख्नु पर्दछ । साबिक निकायको तहबील मौज्दात रु.२,८६८।- रहेकामा स्थानीय संचित कोषमा जम्मा गरी प्रमाण पेश गर्नु पर्दछ ।

६. **मू.अ.कर भुक्तानीको जानकारी** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा आफूले गरेको कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था भएकोमा साबिकको वालंखाले खरिदमा रु.४७,७२३।- मु.अ.कर भुक्तानी गरेकोमा सोको जानकारी आन्तरीकराजस्व कार्यालयलाई दिएको पाइएन ।

७. **पेश्की बांकी :** स्थानीय आर्थिक प्रसासन सम्वन्धी नियमावली, २०६४ को नियम १८२ मा पेश्की फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । आर्थिक बर्षको अन्त्यमा २ जना कर्मचारीको नाममा बाकी रु.१,७०,००७।- नियमानुसार अशूल फछ्र्योट गर्नुपर्दछ ।

८. **कर कट्टीः** आयकर ऐन २०५८ को दफा ८८ बमोजिम १५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पावला निकायले अग्रीम कर कट्टि रु.८२५।- दाखिला गरि प्रमाण पेश गर्नुपर्ने देखिएको छ ।

### बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.५ लाख बेरुजू रहेको मध्ये असूल गर्नुपर्ने रु.१ हजार, नियमित गर्नुपर्ने रु.३ लाख २९ हजार र पेश्की बाँकी रु.१ लाख ७० हजार रहेको छ ।

# हतुवागढी गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन

**आर्थिक स्थितिः** गत वर्षसम्मको मौज्दात रू.७ लाख ५१ हजार र यो आ.व.को आय रू.७ करोड २५ लाख २८ हजार गरी रु.७ करोड ३२ लाख ७९ हजार आय भई रु.६ करोड ७५ लाख ९४ हजार खर्च गरी रु.५६ लाख ८५ हजार मौज्दात बाकी रहेको छ। सो कारोबारको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय छन्:

१. **पुँजीगत खर्च :** अनुदान रु. ३२,००,०००।- निकासा भई रु.३१,४१,२११।- खर्च भएको छ। अर्थ मन्त्रालयको अख्तियारी पत्र अनुसार कार्यप्रगतिको आधारमा थप निकासा उपलब्ध गराउने गरी रु.४८,००,०००।- निकासा खर्चको आधारमा निकासा माग गर्नु पर्नेमा खर्च नभएको अवस्थामा समेत वर्षान्तमा निकासा भई एकल कोषमा रु.४८,०९,९९९।- मौज्दात रहेको छ। उक्त कारोबारको लेखापरीक्षण बाट देहाय ब्यहोरा देखियो :

१.१. अर्थ मन्त्रालयको मिति २०७३।१२।८ को खर्च गर्ने अख्तियारी पत्र अनुसार पुँजीगत खर्च गर्दा स्थानिय तहको पूर्वाधार र कार्यालय स्थापना एवमं सेवा प्रवाहको लागि खर्च गर्ने र निर्धारित कार्यक्रम र कार्यतालिका बमोजिम कार्यक्रम संचालन गरी सोको प्रगति विवरण तयार गरी पेश गर्नु पर्ने उल्लेख छ। यस हतुवागढी गाँउपालिका बाट स्थानीय तहको पूर्वाधार विकास सम्बन्धि विकास निमार्णका कार्यक्रम संचालन भएको पाईएन।

१.२. फर्निचर तथा फिर्क्चस, सवारी साधन, मेशिनरी औजारमा रु.३२,००,०००।- खर्च गर्ने निर्णय गरी रु.३१,४१,२११।- बराबरका मालसामान खरिद गरेको छ। बोलपत्रको प्रतिस्पर्धाबाट खरिद गर्दा मितव्ययी हुनेमा सो नगरी सोझै खरिद गरेकोले खरिद नियमित भएन।

२. **बैंक हिसावः** एकिकृत आर्थिक विवरण अनुसारको मौज्दात रु.५६,८५,३३७।- देखाएकोले सो को बैंक हिसाव विवरण प्राप्त गरी मौज्दात एकीन गर्नुपर्दछ।

३. **जिन्सी मौज्दात** : साबिकका ६ निकायका यो तहमा समाहित भई आएकोमा साबिकका निकायमा मौज्दात रहेको नगदी जिन्सी र सम्पत्ति मालसामानको वर्षान्तमा एकिकृत जिन्सी मौज्दातको विवरण तयार गरी निरिक्षण प्रतिवेदन तयार गरी पेश नभएकोले जिन्सी मौज्दातको अवस्था एकिन गर्न सक्ने अवस्था रहेन। जिन्सी निरिक्षण गर्नुपर्ने देखिन्छ।

४. **हिसाव एकिनः** आय व्यय विवरणमा रु.३,२४,५९,२१८।- खर्च रहेकोमा र एकिकृत आय व्यय विवरणमा रु.३,१८,७९,७४५।- खर्च देखाई फरक रु.५,८९,४७३।- एकिन गर्नुपर्दछ।

५. **दोहोरो हिसावः** एकिकृत आय व्यय विवरणको कुल आय रु.७,५३,२३,९१४।- मध्ये रानीवास सहित ६ निकायको अन्तिम मौज्दात रु.२०,४४,४१७।- दोहोरो परेको देखिन्छ। हिसाव एकिन गर्नुपर्दछ।

६. **बढी निकासा** : साविक खैराङ्गमा रु.३३,७५५।- वढी निकासा देखिएकोमा उक्त रकम आम्दानी जनाएको पाइएन। भने आर्थिक वर्षको अन्त्यमा वाकी रहेको अनुदान स्थानीय संचित कोषमा फिर्ता गनुपर्नेमा वडामा वाकी फिर्ता गरेको पाइएन।

**होम्ताङ्ग गाउँ विकास समिति :** लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छनः

७. **नगद जिम्मेवारी** : आन्तरीक आय रु.१,७९,८५०।- वडा सचिबसँग नगदै रहेकाले सो स्थानीय संचित कोषमा जम्मा गरी सो को प्रमाण पेश हुनुपर्दछ।

८. **कर दाखिला** : अनुदान रु २९६९३८३।- खर्च लेखेको मध्ये कट्टि भएको अग्रिम कर रु.३,४२२।- र भाडाकर रु.१०,०००।- समेत रु.१३,४२२।- राजश्व दाखिला हुनुपर्ने देखिन्छ।

९. **सेवा खर्च :** सेवा खर्च रु.५,०००।- खर्च लेखेकोमा सो को विल भरपाई पेश नभएकोले असुल हुनुपर्दछ।

१०. **कार्यसम्पन्न प्रतिबेदन** : एक शैक्षिक संस्थामा जाने सडक मर्मत कार्यमा रु.१ लाख खर्च गरेकोमा सम्झौता बमोजिमका नापी, कार्यसम्पन्न प्रतिबेदन लगायतका फाँटवारी पेश गर्नुपर्दछ।

११. **पेश्की** : उपभोक्ता समितिको नाममा रु.७३,०००।- पेश्कि रहेकोले फर्छ्यौट गर्नु पर्दछ।

## बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.६६ लाख ७९ हजार बेरुजू देखिएको मध्ये असुल गर्नुपर्ने रु.१८ हजार, नियमित गर्नुपर्ने रु.६५ लाख ६८ हजार, पेश्की रु.७३ हजार रहेको छ।

# सोलुदुधकुण्ड नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.६७ लाख २० हजार र यो वर्षको आय रु.१२ करोड ७८ लाख ८० हजारसमेत रु.१३ करोड ४६ लाख आय भई रु.१० करोड ४९ लाख ५७ हजार खर्च गरी रु.२ करोड ९६ लाख ४३ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन।

१. **सम्पत्तिको स्वामित्व :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बुदाँ नं. ७९ अनुसार स्थानीय तहमा समाहित भएका साविकका स्थानीयत निकायको कुनै चल, अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएको स्थानीय तहमा स्वतः हस्तान्तरण हुने र सोको अभिलेख तथा जिन्सी लगत  वर्षान्त भित्र तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। यो तह र साविकका निकायमा रहेको चल, अचल, जिन्सी सामानको अभिलेख राखी तोकिए बमोजिम प्रतिवेदन गरेको पाईएन। त्यसैले सम्पत्ति र सामानको संरक्षणमा तत्काल ध्यान दिनुपर्ने देखिन्छ।

२. स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १३५ अनुसार प्रत्येक नगरपालिकाले आफ्नो कार्य क्षेत्र भित्र योजना छनौट र संचालन गर्दा नगर क्षेत्रको भौतिक पूर्वाधार तथा सेवा सुविधा, स्रोत परिचालन र आय आर्जनका सम्भावना लगायतका कुराहरुका आधारमा छनौट गर्नुपर्ने व्यवस्था पर्ने व्यवस्था छ। यो तहले २९३ वटा आयोजनाहरु छनौट गरी रु.४,८७,६५,१७१।- खर्च गरेकोमा स्थानीय आवश्यकता, प्राथमिकीकरण र प्रतिफलमा आधारित योजना छनौट नभएको, छनौट भएका योजनाहरु मध्ये अधिकांश योजनाहरु रु.५०,०००।- भन्दा साना रहेका, साना योजनाहरुको छनौट र परिचालनबाट योजनाको प्रशासनिक खर्चमा वृद्धि भई मितव्ययीता कायम हुन सकेको देखिएन। त्यसैले परिचालित योजनाबाट अधिकतम् लाभ र प्रतिफल प्राप्त हुने गरी प्राथमिकीकरण र योजना मितव्ययीता कायम हुने गरी योजना छनौट गर्न ध्यान दिनुपर्ने देखिन्छ।

३. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ। फर्निचर एण्ड फिक्चर्स र मेशिनरी औजार बापत विभिन्न आपुर्तिकर्ताबाट पटक पटक गरी रु.३०८५१७२।- को सामान खरिद गरेको छ। वर्षान्तमा निकाशा प्राप्त भएको तथा आवश्यकताका आधारमा खरिद गरिएको कार्यालयको प्रतिक्रिया छ। समयवद्ध खरिद व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

४. **कोष दाखिला :** स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा गरिएको आदेश, २०७३ को बुदाँ नं. २९ मा आर्थिक बर्षको अन्तमा वडामा बाँकी मौज्दात स्थानीय संचित कोष खातामा जम्मा गर्ने व्यवस्था छ। साविकका गोरखानी  सहित २ निकायकोमौज्दात रु.२२,२०,१४१।-स्थानीय संचित कोष दाखिला गर्नुपर्ने देखिएको छ।

५. **मूल्य अभिवृद्धि कर :** सार्वजनिक खरिद नियमावली, २०६३ को नियम १९(२)(क) अनुसार बीस हजार भन्दा कम रकमको मालसामान वा निर्माण कार्य गराउँदा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र गरेकासँग खरिद गर्नुपर्ने व्यवस्था छ। मूल्य अभिवृद्धि कर दर्ता नभएका २ फर्महरुसँग रु.६५३२००।- को सामान खरिद गरेको देखिएको छ। मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मबाट खरिद गर्दा सजगताको साथ ध्यान दिनुपर्दछ।

६. **आन्तरिक आय :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४ र ५ मा आय दाखिला तथा लेखा अद्यावधिक गर्ने सम्बन्धि व्यवस्था रहेको छ। यो वर्ष नगदी रसिदका ३१० प्याड मध्ये २१० राजश्व फाँटमा बुझाएको देखिन्छ। कति नगदी रसिद उपयोग गरी  संकलन भएको राजस्व एकीन हुने स्पष्ट अभिलेख राखेको देखिएन। नयाँ संरचना लागु भए पछि स्थानीय तहमा समाहित भएका साविकका निकायको राजस्व आम्दानीको अभिलेख राखेको छैन। त्यसैले यथार्थ राजश्व आय कति एकिन गर्न सकिएन। रसिद नियन्त्रण खाता अद्यावधिक गरि आय अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यान दिनु पर्दछ।

७. **जिम्मेवारी सार्नुपर्ने :** स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा गरिएको आदेश, २०७३ को बुदाँ नं. २९ मा आर्थिक बर्षको अन्तमा कार्यालयको खातामा रहेको बाँकी स्थानीय सञ्चित कोष खातामा जम्मा गर्ने व्यवस्था छ। खाताको मौज्दात रु.२,७४,२३,०९२।- को जिम्मेवारी सारेको देखिएन। मौज्दात स्थानीय सञ्चित कोष खातामा  जिम्मेवारी सार्नुपर्ने देखिएको छ।

८. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा जिन्सी सामानको विवरण सहित आम्दानी बाँधि अभिलेख अद्यावधिक राख्नुपर्ने व्यवस्था छ।मोटर साइकल सहित ५ थान विभिन्न सामानहरु रु.३,९९,३८९।- को खरिद गरेकोमा जिन्सी खातामा दाखिला भएको देखिएन। प्राप्त सामान तथा सम्पत्ति दाखिला गरेको प्रमाण पेश हुनुपर्छ।

९. **संचितकोष :** साविकको टाक्सिन्दु गा.वि.स र हाल नपा वडा १ कार्यालय खातामा रहेको मौज्दात १०८२४३९।- संचित कोष खातामा दाखिला गर्नुपर्दछ ।

१०. **विलभरपाई वेगर खर्च :** कार्यविनि नियमावली २०६४ को नियम ३६(३) बमोजिम विलपरपाई राखी खर्च लेख्नुपर्नेमा विभिन्न ३ संस्थाको योजनामा खर्च भएको रु ३२९०००।- विल भरपाइ वेगर खर्च लेखेकोले उक्त खर्चको प्रमाण पेश गर्नुपर्दछ ।

११. **जिन्सी दाखिला :** आर्थिक कार्यविनि नियमावली २०६४ को नियम ४१(१) बमोजिम जिन्सी सामानको आम्दानी कार्य अभिलेख राख्नुपर्नेमा रु ४०४९००।- बरावरका सामान जिन्सी आम्दानी नबाधेकोले आम्दानी बाँधि प्रमाण पेश गर्नुपर्दछ ।

## बेरुजू स्थितिः

यो वर्ष लेखापरीक्षणबाट रु.१ करोड ६ लाख ८६ हजार बेरुजू रहेकोमा लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराएपछि रु ५५ लाख ९८ हजार फछ्यौट भई बाँकी रु ५० लाख ८८ हजारमध्ये नियमित गर्नुपर्ने रु.२८ लाख ६८ हजार र पेश्की रु.२२ लाख २० हजाररहेको छ ।

# दुधकोशी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.२ करोड ५२ लाख ८७ हजार र यो वर्षको आय रु.३ करोड २५ लाख ३९ हजार समेत रु.५ करोड ७८ लाख २६ हजार आय भई रु.४ करोड ४२ लाख ५७ हजार खर्च गरी रु.१ करोड ३५ लाख ६९ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन।

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्ने व्यवस्था छ। सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजको लगत अद्यावधिक गरेको छैन। साविकका निकायमा भएको जिन्सीको अवस्था देखिने गरी विवरण तयार नभएकोले बरबुझारथको अभिलेख राखेको देखिएन। साथै परिषदले स्वीकृत गरेको कार्यको भुक्तानी गर्न साविक सचिवको नाममा भुक्तानी गरेको देखिएको छ। भुक्तानी लिनेको नाममा भुक्तानी हुने व्यवस्था लागु गर्नुपर्दछ।

२. **जिन्सी सामान :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बुदाँ नं. ७९ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुदाँ सो भित्र समाहित भएका साविकका निकायको चल, अचल सम्पत्ति, दायित्व तथा अभिलेख कायम भएको सामान हस्तान्तरण हुने र सोको अभिलेख तथा जिन्सी लगत वर्षान्त भित्र तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। गाँउपालिकाले चल, अचल, सम्पतिको अभिलेख राखी प्रतिवेदन तयारी गरेको पाईएन। तहमा रहेका सम्पतिको संरक्षणमा तत्काल ध्यान दिनुपर्ने देखिन्छ।

३. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ। कम्प्युटर, फर्निचर, मेशिनरी औजारमा रु.३१,९५,०००।- सामान प्रतिस्पर्धा नहुने गरी पटक पटक गरी खरिद गरेको देखियो। विना प्रतिष्पर्धा खरिद व्यवस्थापन प्रभावकारी रहेको देखिएन। प्रतिष्पर्धा गरी खरिद गर्नुपर्ने देखिएको छ।

४. **जिम्मेवारी :** साविक वाकुकोरु. ३७,२७,८२०।- जिम्मेवारी सरेको देखियो। रु.४४,८१,३८३।- रहेकोमा रु ७,५३,५६३।- घटी हुनेगरी जिम्मेवारी सारेकोले अभिलेखांकन गरी एकिन गर्नुपर्दछ।

५. **कोष दाखिला :** स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा गरिएको आदेश, २०७३ को बुदाँ नं. २९ मा आर्थिक बर्षको अन्तमा वडा कार्यालयको खातामा रहेको बाँकी रकम स्थानीय संचित कोषमा जम्मा गर्ने व्यवस्था छ। साविकका वासा सहित ४ निकायको खातामा रहेको मौज्दात रु.१२,४६,८३०।-स्थानीय सञ्चित कोष खातामा दाखिला गर्नुपर्ने देखिएको छ।

६. **स्रेस्ता प्रमाणीत :** स्थानीय निकाय अर्थिक प्रशासन नियमावली, २०६४ ले तोके अनुसार जिम्मेवार व्यक्तिले प्रमाणित गरी लेखा राख्नुपर्ने व्यवस्था छ। साविकका निकायले लेखासँग सम्बन्धित प्रमाण कागजातहरु सम्बन्धित पदाधिकारीबाट प्रमाणित गरेको देखिएन। तोके बमोजिम प्रमाणित कागजात राखी स्रेस्ता अद्यावधिक गर्नुपर्ने देखिन्छ।

७. **पेश्की:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ मा पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। साविकको वाकुको रु.१४,७०,०००।- र साविकको वासामा रु.१,१५,०००।- गरी रु.१५,८५,०००।- पेश्की दिईएकोमा सो फछ्यौट गरेको पाईएन। नियमानुसार पेश्की असूल फट्र्यौट हुनुपर्दछ।

८. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा जिन्सी सामानको विवरण सहित आम्दानी बाँधि अभिलेख अद्यावधिक राख्नुपर्ने व्यवस्था छ। कार्यालयले२ थान मोटर साइकल रु.२,५०,०००।०० का दरले खरिद गरेकोमा जिन्सी खातामा दाखिला भएको देखिएन। उक्त रु.५,००,०००।- को सामान अभिलेख गरेको प्रमाण पेश हुनुपर्छ।

### बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षण गर्दा देखिएको व्यहोराबाट रु.४० लाख ८५ हजारकुल बेरुजू मध्ये नियमत गर्नुपर्ने रु.२५ लाख र पेश्की रु.१५ लाख ८५ हजार रहेको छ।

# खुम्बु पासाङल्हामु गाँउपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.५३ लाख ४७ हजार र यो वर्षको आय रु.५ करोड ८१ लाख ६२ हजार समेत रु.६ करोड ३५ लाख ९ हजार आय भई रु.६ करोड ३७हजार खर्च गरी रु.३४ लाख ७२ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन ।

१. **सामानको स्वामित्व :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बुदाँ नं. ७९ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुदाँ सो भित्र समाहित भएका साविकका निकायको चल, अचल सम्पत्ति, दायित्व तथा अभिलेख तयार गरी कायम भएको सम्पतिहस्तान्तरण हुने र सोको अभिलेख वर्षान्र्त भित्र तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको चल, अचल, जिन्सी सामानको अभिलेख राखी प्रतिवेदन गरेको पाईएन । त्यसैले सम्पतिको संरक्षणमा तत्काल ध्यान दिनुपर्ने देखिन्छ ।

२. **राजश्व दाखिला :** सामाजिक सुरक्षा भत्ता वितरण गरी बाँकी रहेको रु. २,००,००।-केन्द्रीय संचित कोषमा दाखिला गरेको छ । उक्त रकम संघिय संचित कोषमा दाखिला हुनुपर्दछ ।

३. **जिम्मेवारी :** नेपाल सरकारको मिति २०७३।११।२६ को निर्णय बमोजिम संघिय संरचना अनुसार स्थापित यो स्थानीय तहले मौज्दात जिम्मेवारी सार्नुपर्ने व्यवस्था गरेको छ । साविक निकायवाट जिम्मेवारी सरेर आएको मौज्दात एकिन हुने अभिलेख पेश भएको छैन । जिम्मेवारी सारेको मौज्दातको एकिन गरी आर्थिक विवरणमा समावेश गर्नुपर्ने देखिएको छ ।

४. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले फर्निचर एण्ड फिक्चर्स तथा मेशिनरी औजार विभिन्न आपुर्तिकर्ताबाट प्रतिस्पर्धा नगरी पटक पटक खरिद गरी रु.८०,००,०००।- खर्च गरेको देखियो । कार्यमा प्रतिष्र्धा भएको देखिएन । प्रतिष्पर्धाको माध्यमबाट खरिद गर्नुपर्ने देखिएको छ ।

५. **कोष :** स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा गरिएको आदेशको, २०७३ को बुदाँ नं. २९ मा आर्थिक बर्षको अन्तमा बाँकी रकम स्थानीय संचित कोषमा जम्मा गर्ने व्यवस्था छ । साविक जुभिङ स्थानीय संचित रु.६१५२७६।- संचित कोषमा जम्मा गर्नुपर्दछ ।

६. **स्रेस्ता प्रमाणित :** स्थानीय निकाय अर्थिक प्रशासन नियमावली, २०६४ ले तोके अनुसार जिम्मेवार व्यक्तिले प्रमाणित गरी लेखा राख्नुपर्ने व्यवस्था छ । साविकका लेखासँग प्रमाण कागजातहरु प्रमाणित गरेको देखिएन । तोके बमोजिम कागजात राखी स्रेस्ता अद्यावधिक र प्रमाणित गर्नुपर्ने देखिन्छ ।

७. **चेक भुक्तानी :** व्यक्ति वा संस्थाहरुलाई भुक्तानी दिधा संस्थाको बैंक खातामार्फत खर्च गरी गरी श्रेष्ता तयार गर्नुपर्दछ । साविकको खुम्जुङले संस्थाका नाममा गर्नुपर्ने खर्च सचिवको नाममा लेखी संचित मार्फत संस्थाहरुलाई भुक्तानी गरेको छ । कारोबारलाई थप विश्वसनीय र भरपर्दो बनाउन नै बैक मार्फत भुक्तानी प्रणालीको विकास गर्नु पर्दछ ।

८. **पेश्की बाँकीः–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ मा पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभएको रु.५,२४,०००।- असुल फछ्र्यौट हुनुपर्दछ ।

९. **कार्य सम्पन्न :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) अनुसार निर्माण कार्य सम्पन्न भएपछी तोकिए बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साविक खुम्जुङ्ग खानेपानी आयोजनाका रु.२०,००,०००।- भुक्तानी दिएको छ । भारतीय दुतवासको आर्थिक सहयोगमा संचालित कार्यसम्पन्न प्रतिवेदन तयार नगरी योजनाको रु.२०,००,०००।-खर्च गरेको नियमित देखिएन ।

## बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट सुरु वेरुजु रु.३१ लाख ५९ हजार देखिएको मध्येअसुली गर्नुपर्ने रु.२० हजार, नियमित गर्नुपर्ने रु.२६ लाख १५ हजार र पेश्की रु ५ लाख २४ हजार रहेको छ ।

## दुधकौशिका गाउँपालिका
### लेखापरीक्षण प्रतिवेदन

गत वर्षकोरु २ करोड १४ लाख ६४ हजार र यो वर्षको आय रु.७ करोड ३ लाख ८६ हजार समेत रु.९ करोड १८ लाख ५० हजार आम्दानी भएकोमा रु.८ करोड ५३ लाख ५५ हजार खर्च गरी रु.६४ लाख ९५ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा देहाय छन :

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजको लगत अद्यावधिक गरेको छैन । साविकका स्थानीय निकायको जिन्सीको अवस्था देखिने गरी बरबुझारथ गरी अभिलेख राखेको देखिएन ।साविक निकायको परिषदको स्वीकृत भएको कार्यको भुक्तानी गर्दा सचिवले आफ्नो नाममा चेक काटेको देखिएको छ । भुक्तानी पाउनेको नाममा चेक दिने व्यवस्था गर्नुपर्ने देखिएको छ ।

२. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । मेशीनरी औजार सहित ५ थान जिन्सी सामान छनौट गर्दा रु.२९,९२,६४७-का सामान प्रतिस्पर्धा बेगर पटक पटक गरी खरिद गरेको देखियो । खरिद व्यवस्थापन प्रभावकारी रहेको नदेखेकोले प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ ।

३. **कोष दाखिला :** स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा गरिएको आदेश, २०७३ को बुदाँ नं. २९ मा आर्थिक बर्षको अन्तमा वडाको खातामा रहेको बाँकी रकम संचित कोष जम्मा गर्ने व्यवस्था छ । साविकका नेले सहित ७निकायमा रहेको मौज्दात रु.१०,०४,८५७-स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिएको छ ।

४. **दाखिला :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । साविक लोखिमका सचिवको नाममा सामाजिक सुरक्षा भक्ता वितरण गर्नरु.१४,८३,२००।- पेश्की मध्ये रु.१४,२१,६००।- को मात्र भरपाई पेश आएकोले वितरणको भरपाई पेश हुनुबाँकी रु. ६१,६००।-संचित कोषमा दाखिला गर्नुपर्ने देखिएको छ ।

५. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ मा पेश्कीनिर्धारितसमयमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । साबिकको जुबु सहित ३ सामाजिक सुरक्षा लगायत ३ शिर्षकको खर्चका लागि जि.स.स वाट विभिन्न उपभोक्ता समितिका व्यक्तिले लिएको रु.३६१६६१३।- पेश्की फछ्र्यौट गरेको पाइएन । सो पेश्की फछ्र्यौट हुनुपर्दछ।

६. **स्रेस्ता प्रमाणित :** साविक निकायको स्रेस्ता स्थानीय निकाय अर्थिक प्रशासन नियमावली, २०६४ ले तोके अनुसार जिम्मेवार पदाधिकारीले प्रमाणित गरी राख्नु पर्ने व्यवस्था छ । साविक निकायले लेखासँग सम्बन्धित प्रमाण कागजातहरु प्रमाणित गरेको देखिएन । तोके बमोजिम प्रमाणित कागजात अभिलेख गरी अद्यावधिक गर्नुपर्ने देखिएको छ ।

### बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट देखिएको थप व्यहोरा रु.६८ लाख ७३ हजार देखिएकोमा प्रतिक्रयावाट २१ लाख ९० हजार फछ्र्यौट भई बाँकी रु.४६ लाख ८३हजार मध्ये नियमित गर्नुपर्ने रु १० लाख ६६ हजार र पेश्की रु ३६ लाख १७ हजार रहेको छ ।

# नेचासल्यान गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.४३ लाख ७७ हजार र यो वर्षको आय रु.६ करोड ५८ लाख ९ हजार समेत रु.७ करोड १ लाख ८६ हजारआय गरी रु.६ करोड १७ लाख ४४ हजार खर्च गरी रु.८४ लाख ४२ हजारमौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन :

१. **सामानको स्वामित्व :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बुदाँ नं. ७९ अनुसार स्थानीय तह भित्र समाहित भएका साविकका निकायको चल, अचल सम्पत्ति, दायित्व तथा अभिलेख राखी स्थानीय तहमा हस्तान्तरण हुने र सोको अभिलेख तथा जिन्सी लगत खाता वर्षान्त भित्र तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा चल, अचल, जिन्सी सामानको अभिलेख राखी तोकिए बमोजिम प्रतिवेदन तयारी गरेको पाईएन । सामानको संरक्षणमा तत्काल ध्यान दिनुपर्ने देखिन्छ।

२. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्ने व्यवस्था छ। सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजको लगत अद्यावधिक गरेको छैन ।साविकका निकायमा भएको सम्पत्तिको अवस्था देखिने गरी विवरण तयार नभएको साथै सम्पत्ति बरबुझारथको अभिलेख राखेको देखिएन। सम्पत्तिको अभिलेख तथा संरक्षण व्यवस्था समेत सुदृढ गर्नुपर्ने देखिएको छ।

३. **कोष दाखिला :** स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा गरिएको आदेश, २०७३ को बुदाँ नं. २९ मा आर्थिक बर्षको अन्तमा बाँकी स्थानीय संचित कोषमा जम्मा गर्ने व्यवस्था छ। साविकका सल्यान सहित ४ निकायमा रु.१७,१९,८६७-स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने देखिएको छ।

४. **प्रमाणित स्रेस्ता :** स्थानीय निकाय अर्थिक प्रशासन नियमावली, २०६४ ले तोके अनुसार जिम्मेवार पदाधिकारीले प्रमाणित गरी लेखा राख्नु पर्ने व्यवस्था छ । साविक निकायकोलेखाप्रमाण कागजातहरु प्रमाणित गरेको देखिएन। प्रमाणित कागजात सहितको स्रेस्ता राख्नुपर्ने देखिएको छ।

५. **सम्पन्न प्रतिवेदन:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३३ मा कार्य सम्पन्न भएको प्रतिवेदन अनुसारको भुक्तानी दिनुपर्ने व्यवस्था छ । एक स्वास्थ्य केन्द्र बाटो खोर्ल्ने रु. २,८६,२५०।- पेश्की फछ्र्यौट समेत गरि रु.५,६५,५००।- खर्च गर्दा कार्यसम्पन्न प्रतिवेदन संलग्न गरेको देखिएन। सो कार्य सम्पन्न भएको देखिने रु. ५,६५,५००।- को प्रमाण पेश गर्नुपर्दछ।

६. **असुल गर्नुपर्ने :** एक स्वस्थ्य केन्द्रका जनशक्तिलाईअतिरिक्त समयमा काम गरेबापत जिल्ला स्वास्थ्य कार्यालयबाट भुक्तानी दिने व्यवस्था छ । २०७४।०१।१२ मा एक स्वास्थ्य केन्द्रका१२जनशक्तिलाई अतिरिक्त समय काम गरे बापत रु. २,००,०००।- भुक्तानी दिएको देखिन्छ । दोहोरो हुने गरी दुवै कार्यालयबाट भुक्तानी नभएको एकीन गरी दोहोरा भए एकीन गरी असुल हुनुपर्दछ।

७. **पेश्की:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ मा पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। व्याक्ति र संस्थालाई रु.६,०३,८००।-फछ्र्यौट गरेको पाइएन। उक्त पेश्की फछ्र्यौट हुनुपर्दछ।

८. **कार्यसम्पन्न प्रतिवेदन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३३ मा कार्य सम्पन्न भएको प्रतिवेदन अनुसारको भुक्तिानी दिनुपर्ने व्यवस्था छ । एक भवन निर्माणसमुहलाई रु. १,६०,५००।- र एक स्वास्थ्य केन्द्र वाटो निर्माणमा रु.५,६५,५००।- गरी रु.७,२६,०००।- खर्च गर्दा कार्यसम्पन्न प्रतिवेदन संलग्न गरेको देखिएन। सो कार्य सम्पन्न भएको देखिने रु.७,२६,०००।- को प्रमाण पेश गर्नुपर्दछ।

### बेरुजू स्थिति

यो वर्षे लेखापरीक्षणबाट रु.३८ लाख १५ हजार कुल बेरुजूरहेकोमध्ये असुल गनुपर्ने रु.२ लाख, नियमित गर्नुपर्ने रु.३० लाख ११ हजार र पेश्की रु.६ लाख ४ हजार रहेको छ।

# महाकुलुङ गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.४० लाख ३९ हजार र यो वर्षको आय रु.२ करोड ७७ लाख १ हजार समेत रु.३ करोड १७ लाख ४० हजार आय भई रु.२ करोड ५९ लाख ८१ हजारखर्च गरी रु.५७ लाख ५९ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन ।

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजको लगत अद्यावधिक गरेको छैन । साविकका निकायको विवरण तयार नभएको साथै सामान सम्पति बरबुझारथको अभिलेख राखेको देखिएन । जिन्सी सामानको अभिलेख तथा संरक्षण व्यवस्था समेत सुदृढ गर्नुपर्ने देखिएको छ ।

२. **बरबुझारथ :**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं.२०७३।७४, च.नं.१.१.३/४७९,मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम यो स्थानीय तहमा समाहित भएका साविकका निकायमा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको तहमा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ ।

३. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । मोटरसाईकल सहित ८ थान सामान प्रतिस्पर्धा बेगर पटक पटक गरीरु.१८,१२,७९०।- को खरिद गरेको देखियो । खरिद व्यवस्थापन नतिजामुखी रहेको देखिएन । प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ ।

४. **जग्गा प्राप्ति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्ने सम्बन्धमा र जग्गा प्राप्ति ऐन, २०३४ मा जग्गा प्राप्ति गर्ने कार्यविधि उल्लेख छ । शौचालय निर्माणका लागि जग्गा प्राप्त गरी रु.२,००,०००।- र सोमा शौचालय निर्माण गरीरु.२,८२,०००।- सहित रु.४,८२,०००।- खर्च गरेको पाइयो । जग्गा प्राप्ति भएको देखिने लालपूर्जा र सोमा शौचालय निर्माण भएको देखिने कार्यसम्पन्न प्रमाण पेश हुनुपर्दछ ।

५. **संचित कोष :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा तोकिएको कार्यविधि अपनाई खर्च गर्नुपर्ने व्यवस्था छ । आदिवासी जनजाति भवनको लागि फर्निचर उपलब्ध वापत रु.४,९५,६८२।- खर्च लेखेको पाइयो । आर्थिक वर्षको अन्तमा बाँकी रु.२,४५,११०।- संचित कोष दाखिला गरेको पाइएन । सो संचित कोष दाखिला हुनुपर्दछ ।

६. **पेश्की :**स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । शहिदगेट निर्माण तथा बाल कार्यक्रमका लागि व्यक्तिलाई दिएको रु.५,७०,०००।- फछ्र्यौट गरेको नदेखिएकोले पेश्की फछ्र्यौट हुनुपर्दछ ।

७. **वडा मञ्च खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । साविक निकायको वडा मञ्चलाई उपलब्ध गराएको जनाई खर्च लेखेको रु.७,२६,०००।- वडा मञ्चमा जम्मा भएको प्रमाण र सोबाट सम्बन्धित मञ्चले सम्पादन गरेका कामहरु देखिने बैठकको निर्णय, सार्वजनिक सुनुवाई सहितको प्रमाण संलग्न रहेको पाइएन । सरकारी रकम खर्चको यथेष्टप्रमाण राख्नुपर्दछ ।

८. **बेरुजू लगत :** आर्थिक कार्यविधि नियमावली, २०५५ को दफा १८ र १९ बमोजिम कार्यालयले वेरुजुको लगत अद्यावधिक गरी कायम वेरुजु समयमै फछ्र्यौट गरी सम्परिक्षण गराउनु पर्दछ । साविकका गाउँ विकास समितिको बेरुजूको लगत अद्यावधिक गरी राखेको पाइएन । लगत राखी कारबाही गरी बाँकी बेरुजू फछ्र्यौट गर्नु गराउनु पर्ने देखिन्छ ।

### बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.२० लाख २३ हजार बेरुजूरहेको मध्ये नियमित गर्नुपर्ने रु.१४ लाख ५३ हजार र पेश्की रु ५ लाख ७० हजार रहेको छ ।

# लिखुपिके गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.११ लाख ९० हजार र यो वर्षको आय रु.३ करोड ५६ लाख ५९ हजार समेत रु.३ करोड ६८ लाख ४९ हजार आय भई रु.३ करोड ४ लाख ५ हजार खर्च गरी रु.६४ लाख ४४ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहिाय छन ।

१. **खरिद योजना :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मासार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यो बर्ष रु.२९,०१,५६६।-को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको पाइएन । खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना जरुरी पर्ने भएकोले नियममा भएको व्यबस्था पालना हुनुपर्दछ ।

२. **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले मालसामानको विशिष्टीकरणको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । लागत अनुमान नवनाई खरिद गरेको पाईयो। लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ। कार्यक्रमगत खाता, सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख, बेरुजु लगत तथा फछ्र्यौट, खरिद व्यवस्था, भौतिक सम्पत्तिको लेखाङ्कन, आन्तरिक आय तथा बक्योताको विवरण अद्यावधिक गरी राखेको पाइएन । सो व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण मजबुत बनाउनु पर्छ ।

४. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम साविकको स्थानीय तहमा समाहित भएका साविकका रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको तहमा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ।

५. **कारोबारको लेखाः-** आर्थिक कार्यविधि ऐन, २०५५तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी रकमको लेखा दोहोरो लेखाकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था छ। साविक तीन निकायमा हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमालेखांकन गरेको देखिएन। स्थानीय तहमा हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ।

६. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले मेशीनरी औजार सहित ९ थान सामान प्रतिस्पर्धा बेगर पटक पटक गरी रु.२६,२०,०७०।- को खरिद गरेको देखियो । खरिद व्यवस्थापन नतिजामुखी रहेको देखिएन। प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ।

७. **राजश्व दाखिलाः** लिखुपिकेको सामाजिक सुरक्षा भत्ता वितरण गरी बाँकी रु. ६२,०००।- स्थानीय संचित कोषमा दाखिला गरेको पाइयो। सो सघिय राजश्व दाखिला हुनुपर्दछ।

८. **पेश्कीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ वमोजिम पेश्की रकम समयमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। सामाजिक सुरक्षा भत्ता लगायत ३ शिर्षकका लागि विभिन्न ४ व्यक्तिहरुलाई दिएको पेश्की रु.७३,७८,०३४।- फछ्र्यौट गरेको पाइएन। उक्त पेश्की फछ्र्यौट हुनुपर्दछ।

९. **संचित कोषः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३, ४ र ५ मा संचित कोषको संचालन तथा व्यवस्थापन सम्बन्धमा उल्लेख छ । आर्थिक वर्षको अन्तमा साविक चौलाखर्कमा बाँकी रु.५,०४,७२५।-स्थानीय संचित कोष खातामा दाखिला गरेको पाइएन। सो दाखिला गर्नुपर्दछ।सामाजिक सुरक्षाको बाँकी देखेको रु.४८,०००।- राजश्व खातामा दाखिला गर्नुपर्दछ।

१०. **बढि भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कागजात अभिलेख अनुसार भुक्तानी दिनुपर्ने व्यवस्था छ। निकायको क्षमता विकास लगायतको कार्यक्रममा भुक्तानी गर्दा भुक्तानीको भरपाइका साथमा विल विजक संलग्न गरेको छैन । खर्चको प्रमाण संलग्न नगरी भुक्तानी गरेको रु २२,०००।- सम्वन्धितबाट अशुल गर्नुपर्छ।

### बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.७५ लाख १० हजार शुरु वेरुजु रहेकोमध्ये असुल गनुपर्ने रु.८४ हजार नियमित गर्नुपर्ने रु.४८ हजार र पेश्की रु.७३ लाख ७८ हजार रहेको छ।

# सोपाङ्ग गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.४१ लाख ७३ हजार र यो वर्षको आय रु.२ करोड ९४ लाख ४० हजार समेत रु.३ करोड ३६ लाख १३ हजार आय भई रु.२ करोड ७६ लाख २७ हजार खर्च गरी रु.५९ लाख ८६ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन।

१. **खरिद योजना :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले वार्षिक दस लाख रुपैंयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। पूँजीगत शीर्षकबाटयो बर्ष रु.३१ लाख ८६ हजारको खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको छैन। खरिद योजना तयार गरी खरिद कार्य व्यवस्थित गर्नुपर्ने देखिएको छ।

२. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रणसुदृढ गर्नुपर्ने व्यवस्था छ। सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजको लगत अद्यावधिक गरेको देखिएन। सम्पत्तिको अभिलेख तथा संरक्षण व्यवस्था समेत सुदृढ गर्नुपर्ने देखिएको छ।

३. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ।फर्निचर एण्ड फिक्चर्स तथा मेशिनरी औजार विभिन्न आपुर्तिकर्ताबाट प्रतिस्पर्धा नगरी पटक पटक गरीरु.२५,३१,२७९।- को खरिद गरेको देखियो। खरिद व्यवस्थापन उपलब्धीमुखी रहेको देखिएन। प्रक्रिया पूरा गरी खरिद गर्नुपर्ने देखिएको छ।

४. **पेश्की:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ मा पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। वर्षान्तमा रहेको पेश्की रु.५१,६६,१९०।- फछ्र्यौट गरेको पाइएन। उक्त पेश्की फछ्र्यौट हुनुपर्दछ।

### बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.५२ लाख ९ हजार कुल बेरुजूदेखिएकोमा लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराएपछि रु.४३ हजार फछ्र्यौट भई बाँकी रु ५१ लाख ६६ हजारमध्ये पेश्की रु.५१ लाख ६६ हजार रहेको छ।

# सिद्धिचरण नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु २ लाख ९० हजार र यो वर्ष १५ करोड ९३ लाख २३ हजार समेत रु १५ करोड ९६ लाख १३ हजार आय भई रु १५ करोड १० लाख ११ हजार खर्च भई रु.८६ लाख २ हजार मौज्दात बाँकी रहेको छ । सो कारोबारको लेखापरीक्षणवाट देखिएको व्यहोरा देहाय बमोजिम छ :

१. **जिन्सी व्यवस्थापन :** नेपाल सरकारको निर्णयबाट २०७३।११।२८ देखि साबिकका ५ निकाय समाबेस भएका छन । साबिकका निकायवाट घर जग्गा लगायत चल अचल संम्पतीहरु हस्तान्तरण गरी यो तहमा आम्दानी जनाउनु पर्ने देखिन्छ । साबिकका समहित भएका निकायको चल अचल सम्पतिको अभिलेख राखेको देखिदैन । सो वारे तहको ध्यान जानुपर्दछ ।

२. **आन्तरीक लेखापरीक्षण :** आर्थिक कार्यविधि ऐन, २०६३ को दफा १६ अनुसार महालेखा नियन्त्रक कार्यालयले तोकिए बमोजिम आन्तरिक लेखापरिक्षण गर्नु गराउनु पर्ने व्यवस्था गरेको छ । स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०२(१) मा प्रत्येक स्थानीय निकायको आय व्यय लगायत त्यस्तो निकायको मातहतका कार्यालयको लेखा अध्यावधिक गरि अन्तीम लेखापरिक्षण हुँदा सम्पत्ति र सामानको लगत छुटेको भए लगत गोलमाल भई नेपाल सारकारको हानी नोक्सानी भएको भए सूचना प्राप्त गरी कार्यालय प्रमुख वा बिभागिय प्रमुखले हानी नोक्सानी असुल गरी बिभागिय कार्यबाही गर्ने समेत व्यवस्था गरेको छ । लेखापरीक्षणबाट देखिएका त्रुटि अन्तिम परीक्षण हुनुभन्दा अघी नियमित गराउनु, प्रमाण पेश वा असुल गर्नुपर्नेमा आवश्यक कारवाही गरी लेखा अध्यावधिक बनाउने अधिकार प्राप्त अधिकारीको कर्तव्य हुने व्यवस्था छ । स्थानीय तहले आन्तरीक लेखापरीक्षण गराई प्रतिबेदन फछ्र्यौट सहित अन्तिम लेखापरीक्षणको लागि पेश गर्नुपर्नेमा आन्तरिक लेखापरीक्षणको व्यहोरा फछ्र्यौट नगरेकोले विधिको परिपालना नभएको अवस्था छ । प्रतिवेदन कार्यान्वयन नगर्न लगानी गर्नु उपयुक्त होइन ।

३. **कार्य सम्पादन प्रतिबेदन :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९१ अनुसार प्रत्येक कार्यलयले आर्थिक बर्ष सामप्त भएको तीन महिना भित्र बार्षिक कार्य सम्पादन प्रतिबेदन तयार गरी बिभाग मार्फत मान्त्रलयमा समेत पुर्‍याउनु पर्ने व्यवस्था गरेकोछ । या तहले प्रतिबेदन तयार गरेको देखिन आएन । प्रतिवेदन तयार गरी कारोवारको पारदर्शिता प्रवर्धन गर्नुपर्दछ ।

४. **पेश्की फछ्र्योट :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छद ९ को नियम ७४ (३) उपनियम (२) बमोजिम पेश्की यस नियमावलीको कार्यविधिमा तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुनेछ । पेश्कीको बिल भर्पाइ सहितको बिबरण प्राप्त भएपछि एकाइस दिन भित्र फछर्यौट गरी सक्नुपर्ने व्यवस्था छ । वडालाई दिएको पेश्कीको बिल भर्पाइ सहितको खर्चको फाँटवारी आएपछि सबै बिल भर्पाइ तथा खर्चका फाँटवारीको परीक्षण गरी फछ्र्यौट गर्न मिलेको बैंक नगदी किताव, पेश्की खातामा समेत जनाई आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको लागि पेश गर्नु पर्नेमा वडा तह अन्तर्गतको फाँटवारी पेश भए बमोजिम पेश्की फछ्र्यौट गरी लेखा श्रेष्ता पेश गर्ने गरेको देखियो । यो परीपाटीमा सुधार गरिनु पर्दछ ।

५. **सामाजिक सुरक्षा भत्ता पेश्की :-** सामाजिक सुरक्षा भत्ता बितरण गर्न ५ कर्मचारीलाई दिएको पेश्की रु.२,६५,३१,६००।- मध्ये रु.२,६४,९२,८००।- बिल भर्पाइ फाँटवारी तथा रु.३,३७,४००।- नगद रु.२,६१,५५,४००।- को श्रेस्ता भरपाई लेखापरीक्षण गरिएको छ । बाँकी रु ३८,८००।- रहेकोमा सो रकम सञ्चित कोष दाखिला गरेको छैन । परीक्षण गर्दा देखिएका व्यहोरा देहाय बमोजिम छ ।

५.१. सो पेश्की र फछ्र्यौट गर्दा २ कर्मचारीको नाममा बाँकी पेश्की बैंक दाखिला गरी रु.३८,८००।- शिघ्र फछ्र्यौट गरेको पाइएन ।

६. **दोहोरो तलब :** सूचना तथा संचार मन्त्रालयको दरवन्दीबाट राष्ट्रिय पुनःनिर्माण प्राधिकरण, काभ्रेपलाञ्चोकमा काजमा रहनु भएका एक शा.अ.लाई सामान्य प्रशासन मन्त्रालयको च.नं. ११५ मिति ०७३।५।३१ को सरुवामा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत सरुवा गरेको देखियो । सरुवा अनुसार राष्ट्रिय पुननिर्माण प्राधिकरण, काभ्रेपलाञ्चोकको च.नं. २६ मिति ०७३।६।२० को पत्रानुसार २०७३।०७।२८ गतेदेखि लागू हुने गरी सरुवा भई मन्त्रालयमा आएको पाइयो । १ महिना पछि लागू हुने गरी रमाना दिएको स्पष्ट भएन । २०७३।६।२० मा रमाना पछि २०७३।७।२७ सम्म हाजिर भएको आधार पेश भएन । मन्त्रालयको २०७३।८।९ को रमाना पत्रानुसार २०७३।८।१५ मा हाजिर भएको देखिन्छ । निज २०७३।७।२८ देखि २०७३।८।९ सम्म सरुवा भएको मन्त्रालयमा हाजिर भएको उल्लेख छ । सो मन्त्रालयबाट निजले तलब भत्ता, चाडपर्व खर्च तथा दैनिक भ्रमण खर्च नलिनु भएको स्पष्ट पारेको देखिन्छ । रमानामा २०७३ आश्विनसम्मको तलब भत्ता र चाडपर्व खर्च लिएको देखिन्छ । २०७३ आश्विन

र कार्तिकको २ महिनाको तलब भत्ता रु. ७९,२३७- खर्च लेखेको पाइयो । हाजिर हुनु भन्दा २.५ महिना अघि तलब खर्च लेखेको विषयमा खोजविन गर्दा २०७३ आश्विनको तलब भत्ता साविकवाट लिएको रमानामा उल्लेख भएको देखियो । २०७३ कार्तिक महिनमा लिएको तलब खुल्न आएन । २०७३ असोजको साविकवाट लिई सकेकोले दोहोरो देखिएको तलब रु.३५,८६८।- र भत्ता २ महिना हाजिर हुनु अघिको नपाउने रु.७,५००।- समेत रु.४३,३६८।- असुल गर्नुपर्दछ ।

७. **नपाउने सुविधा :** स्थानीय स्वायत शासन नियमावली, २०५६ को नियम ११ मा नगर प्रमुख र उपप्रमुखको पारिश्रमिक अनुसूची ७ बमोजिम पाउने उल्लेख गरेको देखियो । एक शा.अ.ले २०७३ देखि २०७३ माघसम्मको नगर प्रमुखको जिम्मेवारी सम्पादन गरी प्रति महिना रु.४,५००।- ले रु.१६,५००।- खर्च लेखेको छ । सोही आधारमा भत्ता लिएको देखिएकोले कार्यकारी अधिकृतले यो भत्ता पाउने आधार नहुँदा असुल गर्नुपर्दछ ।

८. **कर छुट :** आयकर ऐन, २०५८ को दफा ८७ र ८८ अनुसार ठेक्का वा करार अन्य विभिन्न खर्च गर्दा श्रोतमा अग्रिम कर कट्टी गरी खर्च दिनुपर्ने व्यवस्था गरेको छ । स्थानीय तहले विभिन्न योजनामा पेश हुन आएका बिल विजक भरी उपकरण भाडा, सामान खरिद गरी रु २५,०५,५६३।० मा रु ३९,४४९।० कर न्यून कट्टा गरेकोले असुल गर्नुपर्दछ ।

९. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ मा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । शिव मदिर निर्माण रु.१,००,०००।- मध्ये रु. ९५,०००।- खर्च लेख्दा लागत अनुमान, सम्झौता, कामको मूल्यांकन र कार्यसम्पन्न प्रतिवेदन पेश नहुँदा उक्त खर्च नियमित देखिएन । खर्चको विल भरपाई सहितको खर्च प्रमाणित गर्ने श्रेस्ता राखी खर्च व्यवस्थापन गर्नुपर्दछ ।

१०. **अनुदान :** छनौट भएका १७ योजनाका रु.२६,८५,२००।- निकासा लिई रु.२२,७८,२६६।- खर्च गरी रु.४,०६,९३४।- बाँकी दाखिला भएको छ । सो बारे देखिएका व्यहोरा देहाए अनुसार छन् :

१०.१. ठूलाछाप निशंखे लगायत २ मोटर बाटो निर्माणमा रु.३,५०,०००।- र रु.४,३५,०००।- खर्च लेख्दा २ व्यवसायिको हातले लेखेको विजक राखी खर्च लेखेको पाइयो । सो विजकबाट मुल्य अभिबृद्धिकर रु. ४०,२६५।- र ४६,०१८।- समायोजनको प्रमाण पेश हुनुपर्ने देखियो ।

१०.२. १ तलुवा घर जोड्ने मोटर बाटो निर्माण रु.६,००,०००।- खर्च लेखेको छ । निर्माण कार्यमा भारी उपकरण प्रयोग भएको एक निर्माण व्यवसायीको हातले लेखेको कर विजक रु.५,३०,९७३।- को मूल्य अभिबृद्धि कर रु.६९,०२७।- र तिनपिप्ले मोटर बाटो निर्माणको रु.३,५०,०००।- खर्च लेखेको छ । हातले लेखेको विजक बिलको रु.३,०९,७३४।- को मूल्य अभिबृद्धि कर रु.४०,२६५।- समेत खर्च लेखेको छ । विजक नं. हातले लेखेको हुँदा ति विलबाट भुक्तानी लिएको मूल्य अभिबृद्धिकर आन्तरिक राजस्व कार्यालय समायोजन भए नभएको एकिन गर्ने आधार पेश हुनुपर्ने अन्यथा मु.अ.कर वापतको रु.६९,०२७।- र रु.४०,२६५।- समेत रु.१,०९,२९२।- असुल गर्नुपर्दछ । हातले लेखेको विजकवाट रु.१,०९,२९२।- मु.अ.कर भुक्तानी गरेको असुल गर्नुपर्दछ ।

१०.३. विगुटारले रांगादिप सडक निर्माण कार्य गरी एक सप्लायर्सको विजक नभएको विलको रु. २,६५,४८६।- मु.अ.कर रु.३४,५१४।- समेत थप गरी रु.३,००,०००।- खर्च गर्न नपाउने मुल्य अभिवृद्धि कर रु.३४,५१४।- असुल गर्नुपर्दछ ।

११. **बढी भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ मा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । वेतिनीले १ थान पल्सर मोटर साइकल खरिद रु.२,५८,९००।- खर्च लेखेको छ । सो मोटर साइकल एक सप्लायर्सवाट खरिद गरी विजक मूल्य रु.२,३८,५००।- मु.अ.कर समेतको र यातायात खर्च रु.१०,१७१।- समेत रु.२,४८,६७१।- खर्च लेख्नु पर्नेमा रु.२,५८,९००।- गरेकोले बढी लेखेको रु.१०,२२९।- असुल गर्नुपर्दछ ।

१२. **छुट सुविधा :** मूल्य रु.२,११,४१५।- का दरले ४ मोटरसाइकल खरिद गर्दा रु. ५०,५८५।- छुट दिने उल्लेख भएकोमा प्रति थान रु.१२,६४६।- का दरले छुट लिएको नदेखिएकोले बढी भुक्तानी रु ५०,५८५।० असुल हुनुपर्दछ ।

१३. **तलब बढी :** साविक वेतिनी गाउं विकास समितिले एक सचिवको ४ महिनाको तलव भत्ता रु.१,१८,२८८।- र अन्य खर्च रु.५०,०००।- समेत रु.१,६८,२८८।- खर्च लेख्नु पर्नेमा रु.१,७७,७५०।- खर्च लेखेको देखियो । अतः बढी खर्च लेखेको रु.९,४६२।-असुल गर्नुपर्दछ ।

१४. **पेश्की बाँकी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की दिने र फछ्र्यौट गर्ने सन्दर्भमा स्पष्ट व्यवस्था गरेको छ । कार्यको निमित आवश्यकता पर्ने भन्दा बढी नहुने गरी पद र प्रयोजन खुलाई पेश्की दिनुपर्नेछ भन्ने व्यवस्था गरेको छ । सोही नियमावलीमा पेश्की फछ्र्यौट गर्न बिल

भपाई सहितको विवरण पेश गर्नुपर्ने र कार्यालले त्यस्तो विल भपाई प्राप्त भएको एकाइस दिनभित्र पेश्की फछ्यौट गरी सक्नु पर्ने व्यवस्था गरेको छ । साविक स्थानीय निकाय र तहको गत वर्ष सम्मको रु ११,३०,३६०।- र यो वर्ष साविक ६ निकायको नाम र काम नखुलेको रु १६,१६,४६९।- रहेकोमा सो पेश्की लेखापरीक्षण अवधिसम्म फछ्यौंट भएको पाइएन त्यसैले फछ्यौंटको गतिशीलता अपनाई समयमा फछ्यौंट गर्नुपर्दछ ।

१५. **मौज्दात** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२ मा खर्च नभएको बाँकी फ्रिज गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको वडामा खर्च नभै बाँकी रु.१६,५३,४६८।- स्थानीय संचित कोषमा हस्तान्तरण गर्नुपर्दछ ।

**बेरुजुको स्थिति**

यो वर्ष लेखापरीक्षणवाट रु २१ लाख ४६ हजार शुरु बेरुजु देखिएकोमा असुल गर्नुपर्ने रु.३ लाख १३ हजार, नियमित गर्नुपर्ने रु.१ लाख ४१ हजार र पेश्की बाकी रु. १६ लाख ९२ हजार बाँकी रहेको छ ।

# खिजीदेम्वा गाउँपालिका
## लेखापरीक्षण प्रतिवदेन

गत वर्षको रु २९ लाख २० हजार र यो वर्ष ६ करोड ६० लाख १३ हजार समेत रु ६ करोड ८९ लाख ३३ हजार आय भई रु ६ करोड ३४ लाख ७८ हजार खर्च भएमा रु. ५४ लाख ५५ हजार मौन्दात बाकी रहेको छ । सो कारोबारको लेखापरीक्षणवाट देखिएको व्यहोरा देहाय छन् :

१. **आन्तरीक लेखापरीक्षण :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०२(१) मा प्रत्येक स्थानीय निकायको आय व्यय लगायतको मातहतको लेखा अध्यावधिक गरि अन्तीम लेखापरिक्षण गराई आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अघी नै नियमित गराउनु पर्नेमा व्यवस्था छ । आन्तरिक लेखापरीक्षण भई सोको प्रतिबेदन सहित अन्तिम लेखापरीक्षणमा पेश गर्नुपर्नेमा आन्तरिक लेखापरीक्षण व्यहोरा फछ्र्यौट भएको देखिएन ।

२. **कर, दस्तुर :** नेपालको सबिधान, २०७२ को धारा ५९ मा स्थानिय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्वन्धी बिषयमा कानुन बनाउने, बजेट बनाउने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गनुपर्ने व्यवस्था गरेको छ । यो बर्ष बार्षिक बजेट तयार गरेको देखिएन । स्थानीय तहले क्षेत्र भित्र लिन पाउने मालपोत,घरजग्गा कर, सवारीकर,हाटवजारकर, व्यवसाय कर र अन्य कुनै पनि कर दस्तुर शुल्क जरिवाना सिफारिश दस्तुर आदि बाट आम्दानी गर्न सकेको देखिएन ।

३. **जिन्सी व्यवस्थापन :** नेपाल सरकारको निर्णयबाट २०७३।११।२८ देखि यो तह गठन भइ साबिक निकाय समाबेस भएका छन । साबिकका निकायवाट घर जग्गा लगाएत चल अचल संम्पतीहरु हस्तान्तरण भई सम्पत्ति अभिलेख राख्नु पर्दछ । साविक निकायको चल अचल सम्पत्तिको अभिलेख स्पष्ट गराएको देखिदैन ।

४. **लेखापरीक्षण :** आर्थिक कार्यविधि ऐन, २०६३ को दफा १६ अनुसार महालेखा नियन्त्रक कार्यालयले तोकिए बमोजिम आन्तरिक लेखापरिक्षण गर्नु गराउनु पर्ने व्यवस्था गरेको छ । आन्तरिक वा अन्तिम लेखापरीक्षण हुँदा सरकारी नगद बा जिन्सी चल अचल सामानको लगत छुट गरेको देखिएमा लगत गोलमाल हानी नोक्सानी देखिएमा त्यसको सुचना पाउन साथ कार्यालय प्रमुख नोक्सानी असुल गरी बिभागिय कार्यबाही गर्ने समेत व्यवस्था गरेको छ । अन्तिम लेखापरीक्षण हुनु अघी नै नियमित गराउनु पर्नेमा नियमित गराइ, प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेशगरी वा असुल उपर गर्नुर्पेमा असुल उपर गरी लेखा अध्यावधिक बनाइ राख्न शाखा प्रमुखको कर्तव्य हुने व्यवस्था छ । आन्तरीक लेखापरीक्षण गराई प्रतिबेदन अन्तिम लेखापरीक्षणमा पेश भएको छैन ।

५. **कार्य सम्पादन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९१ अनुसार प्रत्येक कार्यलयले आर्थिक बर्ष सामप्त भएको तीन महिना भित्र नियममा व्यवस्था भए अनुसारको बिबरणहरु समाबेश हुने गरी बार्षिक कार्य सम्पादन प्रतिबेदन तयार गरी तालुक विभागमा पठाउने व्यवस्था गरेकोछ । बार्षिक कार्यसम्पादन प्रतिबेदन तयार गरेको देखिएन ।

६. **पेश्की फछ्र्योट** : आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ को नियम ७४(३) उपनियम (२) बमोजिम दिइएको पेश्की म्याद भित्र फछ्र्यौट गर्नु गराउनु लिने दिने दुबैको कर्तव्य हुने व्यवस्था छ । सामाजिक सुरक्षा सुविधा बितरण गरी भरपाई प्राप्त फाँटवारी रु.१,४९,७४,४००।- पेश्की फछ्र्यौट गरेको स्रेस्ता लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय वमोजिम छन् :

६.१ दुई सचिवका नाममा सामाजिक सुरक्षा सुविधा पेश्की रु ३०,२८,८००।- वर्षान्तसम्म बाँकी रहेको छ ।

६.२ गत वर्षको रु २,५०,०००।- र यो वर्षको रु ५९,३९,६००।- समेत रु ६२,८९,६००।- फर्निचर खरिद, भवन निर्माण, सामाजिक सुरक्षा र काम नखुलेको पेश्की लेखापरीक्षण अवधिसम्म फछ्र्यौट गरेको देखिएन ।

७. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८, ८९ मा कर कट्टि गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । विभिन्न ९ निका र तहमा रु २३,४५,८३२।- भुक्तानी गर्दा न्यून कर कट्टा गरेकोले बाँकी रु ६८,८२२।- असुल गरी दाखिला गर्नुपर्दछ ।

८. **विल भर्पाइ :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ मा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ ।

८.१ वडा नं. ३ बालबालिका लक्षित कार्यक्रमबाट पेश भएको ३० थान बिल बाट १६० ओटा झोला एक पसलबाट रु १,९२,०००।- र ढुवानी खर्च समेत रु २,००,९००।- खर्च लेखेकोमा झोलाहरु बितरण भर्पाइ पेश नभएको हुँदा भर्पाइ पेश गर्नुपर्दछ ।

८.२ वडा न.७ रावादोलुले भुसिंगाखोला लघु जल बिधुत्त आयोजनालालई रु ५०,०००।- खर्च लेखेकोमा लागत अनुमान नापी किताव,कार्य सम्मन्न प्रतिबेदन, बिल भर्पाइ,सम्झौता जस्ता आधारभुत कागजात संलग्न नगरी खर्च लेखेको रकम नियमित देखिएन ।

८.३ वडा नं. ७ ले रावादोलु घम्तेल सडक निर्माण कार्यको रु ८६,४००।- खर्च लेखेकोमा लागत अनुमान नापी किताव,कार्य सम्मन्न प्रतिबेदन, बिल भर्पाइ,सम्झौता जस्ता आधारभुत कागजात संलग्न नगरी खर्च लेखेको रकम नियमित देखिएन ।

८.४ वडा नं. ७ ले प्रिती रावादोलु ९ सावा भुसिंगा हुदै गोली सडक निर्माण कार्य बापत रु ६४,०००।- खर्च लेखि उपभोक्ता समिति भुक्तानी दिएकोमा लागत अनुमान नापी किताव,कार्य सम्मन्न प्रतिबेदन, बिल भर्पाइ,सम्झौता जस्ता आधारभुत कागजात संलग्न नगरी खर्च लेखेको रकम नियमित देखिएन ।

८.५ वडा नं. ७ ले भुसिंगाखोला लघु जलबिधुत योजनाको रु ९६,०००।- खर्च लेखेकोमा लागत अनुमान नापी किताव,कार्य सम्मन्न प्रतिबेदन, बिल भर्पाइ,सम्झौता जस्ता आधारभुत कागजात संलग्न नगरी खर्च लेखेको रकम नियमित देखिएन ।

८.६ वडा नं. १ रगनीका वडा सचिवले खर्च लेखेको मध्ये ०७३।११।१८ को भ्रमण खर्च दोहोरो लिएको रु ८,२५०।- असुल गर्नुपर्दछ ।

८.७ ज्ञानज्योति नागरिक सचेतना केन्द्रको नाममा रु ५६,०००।- खर्च लेखेकोमा रु ३०,१४०।- को मात्र बिल भपाई संलग्न गरेको हुँदा बिल भन्दा बढी खर्च र २५,८६०।- नियमित नदेखिएको ।

८.९ भुसिङ्गा गाउं विकास समिति प्रथम सा.सु भत्ता बितरण गरेको बिल भर्पाइ फाँटवारी परीक्षण गर्दा रु ९,०४,८००।- पेश्की फछ्यौट गर्नुपर्नेमा रु ९,१३,६००।- पे.फ भएको देखिएकोले फाँटवारी भन्दा बढी पेश्की फछ्यौंट गरेको रु ८,८००।-बैंक दाखिला गरी दाखिला भौचर पेश गर्नुपर्दछ ।

९. **कर बिजक :** वाड नं. ३ खिजीचण्डेश्वरीखिस्री लघु जलबिधुत आयोजनाको लागि छुयाइएको रु २,००,०००।-मध्ये गा.बि.स हुदा गएको पेश्की फछ्यौंट गरेकोमा उपभोत्ता समितिबाट पेश भएको बिलमध्ये हाइड्रो इनर्जी कन्सर्न पा.लि को सि.न २५९ मिति २०७४।३।२२ मा फलामको पोल २० थानको रु २,००,०००।- सेल्सअर्डर मात्र समाबेश गरेको हुदाँ विजक नभएको र कर कट्टी गरेको समेत नदेखिएको हुँदा खर्च अनियमित देखिएको ।

९.१. सोही लद्यु जलबिधुत आयोजनाको लागि तार र अन्य समान खरीद बापत हाइड्रो कर्न्सन प्रा.लि कै सि.नं. २९६ मिति ०७४।४।३२ को सेल्सअडर संलग्न गरी रु १,४७,२७०।- खर्च लेखेकोमा कर बिजक बेगर उक्त खर्च नियमित मान्ने आधार भएन ।

१०. **पेश्की बाकी :** यस गाउँपालिका अर्न्तगत वडा कार्यालयबाट प्राप्त फछयौट हुनु बाँकी पेश्कीको बिबरण अनुसार ५ वडालाई दिएको पेश्की गत वर्ष र यस वर्ष समेतको रु ३३,००,८००।- पेश्की फछ्यौंट गर्न बाँकी देखिएको छ । उक्त पेश्की आर्थिक कार्यविधि नियमावली,२०६४ को परिच्छेद ९ अनुसार पेश्की फछ्यौंट गर्नु गराउनु पर्दछ । (पेश्की सम्बन्धी विस्तृत विवरण प्रारम्भिक प्रतिवेदनमा उल्लेख छ)।

११. **बैक मौज्दात** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा खर्च नभै बाँकी मौज्दात फ्रिज गर्नुपर्ने व्यवस्था छ । ९ वडालाई पेश्की स्वरुप निकासा दिएको रकममध्ये खर्च भै बाँकी रु १४,०९,९५४।- मौज्दात रहेको देखिन आयो । उक्त मौज्दात मुल कोषमा फिर्ता गरी हिसाव मिलान गर्नुपर्दछ ।

११.१. **मौज्दात :** संघीय संरचनाको लागि रु ८०,००,०००।- निकाशामा रु ३०,०२,९९१।- खर्च गरी बाँकी रु ४९,९७,००९।- मौज्दात रहेको छ । मौज्दात रकम फ्रिज हुने स्पष्ट नीति निर्देशन प्राप्त नभएको हुँदा यस सम्बन्धमा सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

**बेरुजुको स्थिति**

लेखापरीक्षणवाट रु १ करोड ४६ लाख ३५ हजार शुरु बेरुजु रहेकोमा असुली गर्नुपर्ने रु.७७ हजार, नियमित गर्नुपर्ने रु. २२ लाख ८९ हजार र पेश्की बाँकी रु. १ करोड २२ लाख ६९ हजार बाँकी रहेको छ ।

# चम्पादेवी गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु ३५ लाख ४३ हजार र यो वर्ष ७ करोड २१ लाख ६९ हजार समेत रु ७ करोड ५७ लाख १२ हजार आय भई रु ६ करोड ९७ लाख ७४ हजार खर्च भई रु. ५९ लाख ३८ हजार मौज्दात कायम रहेको छ। सो कारोबारको लेखापरीक्षणवाट देखिएको व्यहोरा देहाय छन् :

१. **आन्तरीक लेखापरीक्षण :** आर्थिक कार्यविधि ऐन, २०६३ को दफा १६ अनुसार महालेखा नियन्त्रक कार्यालयले तोकिए बमोजिम आन्तरिक लेखापरिक्षण गर्नु गराउनु पर्ने व्यवस्था गरेको छ ।स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०२ (१) मा प्रत्येक स्थानीय निकायको आय व्यय लगायत त्यस्तो निकायको मातहतका कार्यालयको लेखा अध्यावधिक गरि अन्तीम लेखापरिक्षण गराई आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु वा त्रुटि अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडी नै नियमित गराउनु पर्नेमा व्यवस्था छ। तर यस कार्यालयबाट आन्तरिक लेखा परीक्षण गराई सोको प्रतिबेदन सहित अन्तिम लेखापरीक्षणको लागि पेश गर्नुपर्नेमा सो अनुसार भएको देखिएन । यस्तो परिपाटीमा सुधार हुनु पर्दछ ।

२. **कार्य सम्पादन प्रतिबेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९१ अनुसार प्रत्येक कार्यलयले आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र नियममा व्यवस्था भए अनुसारको बिबरणहरु समाबेश हुने गरी बार्षिक कार्य सम्पादन प्रतिबेदन तयार गरी सम्वधित बिभाग मार्फत मान्त्रलयमा समेत पुर्‍याउनु पर्ने व्यवस्था गरेकोछ ।तर यस गाउँपालिकाबाट यस्तो प्रतिबेदन तयार गरी पेश गरेको देखिन आएन । यसमा कार्यालय प्रमुखले बिशेष ध्यान दिनु पर्दछ ।

३. **पेश्की फछ्र्योट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ को नियम ७४ (३) उपनियम (२) बमोजिम दिइएको पेश्की यस नियमावलीको कार्यविधिमा तोकिएको म्याद भित्र यसै नियमावली अनुसार फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुनेछ । कार्यलयमा पेश्की रकमको बिल भर्पाइ सहितको बिबरण प्राप्त भएपछि एकाइस दिन भित्र कार्यलयले फछर्यौट गरि सक्नु पर्ने व्यवस्था छ । गाउँपालिकाहरुले वडाहरुलाई दिएको पेश्कीको रितपूर्वकको बिल भर्पाइ सहितको खर्चको फाँटवारी गाउँपालिकामा प्राप्त हुन आएपछि सबै बिल भर्पाइ तथा खर्चका फाँटवारी रितपूर्वक पेश भए/नभएको परीक्षण गरी रितपुर्वक फछ्र्यौट गर्न मिल्ने भए फछ्र्यौट गरी बैंक नगदी किताव, पेश्की खातामा समेत जनाई आन्तरिक लेखापरीक्षण समेत गराई आन्तिम लेखापरीक्षणको लागि पेश गर्नु पर्नेमा वडाहरुवाट जे जस्तो फाँटवारी पेश हुन आएको छ, सोही अनुसार पेश्की फछ्र्यौट गरी लेखापरीक्षणको लागि लेखा श्रेष्ता पेश गर्ने गरेको देखियो । यस्तो परीपाटीमा सुधार गरिनु पर्दछ ।

४. **सामाजिक सुरक्षा सुविधा** : यस गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता बितरण गर्न पेश्की गएकोमा १० वडा कार्यालयहरुबाट भता बितरण गरेको बिल भर्पाइ समेतको फाँटवारी तथा नगद दाखिला भौचरको आधारमा पेश्की फछ्र्यौट गरेको रु.१,९५,१७,४००।- को फाँटवारी प्राप्त भएकोले सोको लेखापरीक्षण गरिएको छ ।

५. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा भत्ता वितरण गर्न दिएको ३ कर्मचारीका नाममा रु.१३,२९,५००।- पेश्की बाँकी देखिएकोले उक्त पेश्की यथाशिघ्र फछ्यौट गर्नुपर्दछ ।

६. **बैंक बाँकी:-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा खर्च नभै बाँकी मौज्दात फ्रिज गर्नुपर्ने व्यवस्था छ । भत्ता वितरणको पेश्की निकासा रु.७९,८६,४००।- मध्ये रु.७८,१८,५००।- खर्च गरी रु. १,६८,९००।- बाँकी देखिएको हुँदा सो रकम संघीय संचित कोष दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

७. **मूल्य अभिबृद्धि कर :** मूल्य अभिवृद्धि कर नियमावली, २०५४ बमोजिम मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी आन्तरिक राजस्व कार्यालयलाई दिने व्यवस्था छ । फर्निचर खरिद र दुवानी गरी रु.२,००,६३०।- खर्च लेखेको एक सप्लायर्सको विजक सच्चाई रु.१,५१,०००।- मा मूल्य अभिबृद्धि कर रु.१९,६३०।- समेत खर्च लेख्दा आन्तरिक राजस्व कार्यालयमा जानकारी पठाउँन बाँकी र विजक सच्याएको हुँदा सो समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

८. **मितव्ययिता :** सामसुङ मोवाईल १ थान खरिद गरी रु ७७,०००।- खर्च लेखेको छ । कार्यालय प्रयोजनको लागि न्यून मुल्यकै मोवाईल खरिद गरे हुनेमा बढी मूल्यको मोवाईल खरिद गरी खर्चमा मितव्ययिता पाइएन । खर्च नियन्त्रण गरी सजगतामा ध्यान दिनुपर्ने देखिन्छ ।

९. **कर छुट :** आयकर ऐन, २०५८ को दफा ८७ र ८८ अनुसार ठेक्का वा करार र अन्य विभिन्न भुक्तानीमा श्रोतमा नै अग्रिम कर कट्टी गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ । स्थानीय तह लगायतमा

योजना कार्यान्वयन गर्दा लाभग्राहीवाट भएको कामको बिल विजकमा कर कट्टी गरेको देखिएन भने अन्य भुक्तानीमा देहाय वमोजिम कर छुट भएको रु.४२,९४४।- असुल गर्नुपर्दछ ।

९.१. फर्निचर खरिद र दुवानी रु. २,००,६३०।- खर्च लेखेको मध्ये एक सप्लायर्सवाट रु. १,५१,०००।- को कर छुट रु. २,२६५।- असुल गर्नुपर्दछ ।

९.२. सोलार खरिद र जडानमा एक सप्लायर्सको रु. ५,१०,९१५।- मध्ये रु. ५,००,०००।- भुक्तानी गर्दा रु.४,८५,५००।- मा १.५ प्रतिशतले रु. ७,२८२।- कर कटी गर्नुपर्नेमा रु. ४,२००।- मात्र कट्टी गरेकोले नपुग कर रु ३,०८२।- असुल गर्नुपर्दछ ।

९.३. उपकरण खरिद रु. ३,९२,२१२।- मु.अ.कर रु.५०,९८८।- समेत रु.४,४३,१९९।- खर्च लेखेकोमा कर छुट रु. ५,८८३।- असुल गर्नुपर्दछ ।

९.४. एक मोटरबाटो निर्माण उपभोक्तालाई रु.११,४०,०००।- भुक्तानी दिंदा विल अनुसार रु. १०,१०,०००।- र मु.अ.कर समेत रु. ११,४१,३००।- को भारी उपकरण भाडामा १.५ प्रतिशतले हुने रु १५,१५०।- कर कट्टी नगरेकोले सो कर असुल गर्नुपर्दछ ।

९.५. मोटरबाटो निर्माणमा रु.५,००,०००।- खर्च लेखेका छ । प्रस्तुत विल भपाई मध्ये परामर्शदाता संस्थालाई रु. ४,४२,८००।- मुल्य अभिबृद्धि कर खर्च गरेको देखिन्छ । सो खर्चमा १.५ कर कट्टी नगरेकोले रु.६,६४२।- असुल गर्नुपर्दछ ।

९.६. मोटरबाटो निर्माण गर्दा उपभोक्तावाट गराई डोजरभाडा रु. १,०५,४८७।- खर्च गर्दा रु.१,५८२।- कर छुट असुल गर्नुपर्दछ ।

९.७. मोटरबाटो निर्माण गर्दा उपभोक्तावाट गराई एक व्यवसायीको विल अनुरुप भारी उपकरण भाडा रु.४,२०,०००।- मा रु.६,३००।- कर छुट असुल गर्नुपर्दछ ।

९.८. बाल संजाल रु.२,४०,०००।- खर्च गर्दा खेलकुदका सामान खरिद गरी एक ट्रेडर्सको रु.१,३५,९५०।- मा रु २,०४०।- कर छुट असुल गर्नुपर्दछ ।

१० **प्रमाण तथा बिल भपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ मा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । बिलन्दु सडकको रु.२,९४,०००।- उपभोक्ताद्धारा गरिने एक परामर्शदाताको रु.२,९५,५००।- प्रतिलिपी बिलवाट खर्च लेखेको पाइयो । सक्कल कर विजक, ठेक्का बिल समेत पेश गर्नुपर्दछ ।

**११ मौज्दात :** संघीय संरचनाको रु.८०,००,०००।- निकासा भई रु.२५,४२,६९८।- खर्च गरी बाँकी रु.५४,५७,३०२।- मौज्दात रहेको बैंक हिसाव विवरणबाट देखिन आयो । खर्च भई बाँकी रहेको रकम गाउँपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंकमा रहेको मूल मौज्दात कोषमा फिर्ता गर्नुपर्नेमा रु.६९,८१,७५१।- मौज्दात देखियो । सो मौज्दात मूल कोषमा हस्तान्तरण गरी हिसाव मिलान गर्नुपर्दछ ।

१२. **भरपाई तथा दाखिला :** लेखापरीक्षणबाट देहाय बमोजिम देखिएकोले असूल फछ्र्यौट तथा प्रमाण पेश गर्नुपर्दछ :

१२.१ महिला स्वयंसेविका प्रोत्साहनमा रु.१,६२,०००।- खर्च गर्दा भरपाई पेश नभएकोले भपाई पेश गर्नुपर्दछ । वहालकर रु. २,५००।- दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

१२.२ गाडी भाडा रु. ३,०००।-, निर्माण रु. २,९४,०००।- खर्च गर्दा रु ६,९१८।० बैंक दाखिला प्रमाण पेश गर्नुपर्दछ । एक प्राथमिक विद्यालयको रु. ५०,०००।- बुझाएको भरपाई प्रमाण पेश गर्नुपर्दछ ।

१२.३ एक शैक्षिक संस्थाको खेलमैदानको रु ४,००,०००।- मध्ये रु. ३,००,०००।- विद्यालयमा जम्मा गरेको देखियो । बाँकी रु. १,००,०००।- शैक्षिक संस्थामा जम्मा गरेको प्रमाण पेश गर्नुपर्दछ ।

**पेश्की बाँकी**

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की समयमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पेश्की फछ्र्यौट गर्दा बिल भपाई सहितको विवरण पेश गर्नुपर्ने विल भपाई प्राप्त भएको एकाइस दिनभित्र पेश्की फछ्र्यौट गरी सक्नु पर्ने व्यवस्था गरेको छ । कार्यक्रम संचालन गर्न दिएको गत वर्षको रु. ३६,२९,३१७।- हालसम्म बाँकी देखिएको छ । सो पेश्की फछ्र्यौट गर्ने गराउन ध्यान दिनुपर्दछ ।

साविक पलापु एक आमा समुहको भवन निर्माणको रु.१,५०,०००।- बाँकी रहेकोले शिघ्र फछ्र्यौट गर्नु पर्दछ ।

कालिका गाउं विकास समितिले गत विगतको १२ जनाको विभिन्न कार्यक्रम रु.४,३२,०००।- बाँकी रहेको यो वर्ष जीविकोपार्जनको लागि रु.१,७३,०००।- समेत रु.६,०५,०००।- बाँकी देखियो । सो शिघ्र फछ्र्यौट गर्नु पर्दछ ।

साविक फेदिगुठ गत विगत ८ जनाको रु.६,८२,६१७/- बाँकी देखिएको छ। सो पेश्की शिघ्र फछ्र्यौट गर्नु पर्दछ।

साविक फुलवारी प्राप्त ८ जनाको रु.७,९८,८१२/- बाँकी देखिएको छ। उक्त पेश्की शिघ्र फछ्र्यौट गर्नु पर्दछ।

साविक विलन्दु गत वर्ष विगत वर्षको ३ व्यक्तिको नाममा बाँकी देखिन्छ रु.२०७७१९ बाँकी देखिएको छ। सो पेश्की शिघ्र फछ्र्यौट गर्नु पर्दछ।

सामाजिक सुरक्षा सुविधा वितरण गर्न गएको स्रेस्ता परिक्षण गर्दा एक व्यक्ति रु.४,०००/- बुझेको नदेखिएकोले सो फिर्ता दाखिला गरेको प्रमाण पेश गर्नु पर्दछ।

साविक रानीवन गत विगत ८ जनाको रु.६,२८,१००/- बाँकी देखिएको छ। ३ योजनाको यो वर्षको रु ५,९७,०००/- समेत रु.१२,२५,१००/- बाँकी देखिएको छ। सो शिघ्र फछ्र्यौट गर्नु पर्दछ।

**बेरुजुको स्थिति**

यो वर्ष लेखापरीक्षणवाट रु.५८ लाख ८९ हजार शुरु बेरुजु देखिएकोमा सो मध्ये असुली गर्नुपर्ने रु.८३ हजार, नियमित गर्नु पर्ने रु. ८ लाख ८ हजार र पेश्की बाँकी रु.४९ लाख ९८ हजार बाँकी रहेको छ।

# चिशंखुगढी गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु ७ लाख १५ हजार र यो वर्ष ८ करोड २१ लाख ५४ हजार समेत रु ८ करोड २८ लाख ६९ हजार आय भने रु.७ करोड ७५ लाख ९१ हजार खर्च गरी रु.५२ लाख ७८ हजार.मौज्दात छ । सो कारोबारको लेखापरीक्षणवाट देखिएको व्यहोरा देहायनुसार छन् :

१. **कर, दस्तुर तथा शुल्क :** नेपालको सबिधान, २०७२ को धारा ५९ मा स्थानिय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्वन्धी बिषयमा कानुन बनाउने,बार्षिक बजेट बनाउने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गनुपर्ने  व्यवस्था गरेको छ । यो बर्ष यस गाउँपालिकाले बार्षिक बजेट तयार गरेको देखिएन । यस गाउपालिकाले गाउँपालिका क्षेत्र भित्र लिन पाउने मालपोत,घरजग्गा कर, सवारीकर,हाटवजारकर, व्यवसाय कर  र अन्य कुनै पनि कर दस्तुर शुल्क जरिवाना सिफारिशि दस्तुर आदि बाट आम्दानी गर्न सकेको देखिएन ।

२. **जिन्सी व्यवस्थापन :** नेपाल सरकारको निर्णयबाट २०७३।११।२८ देखि गाउँपालिका गठन भई साबिक गाउँ बिकास समितिहरु गाउँपालिकामा समाबेस भएका छन । साबिकका ती गा.बि.स हरुबाट घर जग्गा लगाएत चल अचल संम्पतीहरु हस्तान्तरण भई गाउपालिकाको जिन्सी किताबमा अम्दानी जनाउनु पर्ने देखिन्छ । गाउँपालिकाको साबिकका गाँउ बिकास समितिहरु समाबेस भै गाउँपालिकाको वडाहरुको रुपमा रहदै आएकोमा कुनै पनि गाउँ बिकास समितिको चल अचल सम्पतिको रेकड अध्यावधिक गराएको देखिदैन । यसमा सम्वन्धित निकायले ध्यान दिनुपर्दछ ।

३. **आन्तरीक लेखा परीक्षण :** आर्थिक कार्यविधि ऐन, २०६३ को दफा १६ अनुसार महालेखा नियन्त्रक कार्यालयले तोकिए बमोजिम आन्तरिक लेखापरिक्षण गर्नु गराउनु पर्ने व्यवस्था गरेको छ । आन्तरिक वा अन्तिम लेखापरीक्षण हुँदा सरकारी नगद बा जिन्सी चल अचल सामानको लगत छुट गरेको देखिएमा वा सो लगत कुनै कारण बाट गोलमाल भै नेपाल सारकार को हानी नोक्सानी भएको देखिएमा त्यसको सुचना प्राप्त हुनासाथ सम्वन्धित कार्यालय प्रमुख वा बिभागिय प्रमुखले त्यस्तो हानी नोक्सानी  भएको रकम असुल गरी बिभागिय कार्यबाही गर्ने .समेत व्यवस्था गरेको छ । त्यसैगरी  स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०२ (१) मा प्रत्येक स्थानीय निकायको  आय व्यय लगायत त्यस्तो निकायको मातहतका कार्यालयको लेखा अध्यावधिक गरि अन्तीम लेखापरिक्षण  गराई आन्तरिक लेखापरीक्षण बाट  निस्केका बेरुजु वा त्रुटि अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी नै  नियमित गराउनु पर्नेमा नियमित गराइ, प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेशगरी वा असुल उपर गर्नुर्पेमा असुल उपर गरी त्यसको प्रमाण सम्वन्धित लेखासग संलग्न गरी लेखा अध्यावधिक बनाइ राख्न अधिकार प्राप्त अधिकारी लगायत प्रशासन शाखा प्रमुखको कर्तव्य हुने व्यवस्था छ । तर यस कार्यालयबाट आन्तरीका लेखा परीक्षण गराई सो.को प्रतिबेदन सहित  अन्तिम लेखापरीक्षणको लागि पेश गर्नु पर्नेमा सो अनुसार भएको देखिएन । यस्तो परिपाटीमा सुधार हुनु पर्दछ ।

४. **आन्तरीक लेखापरीक्षण :** आर्थिक कार्यविधि ऐन, २०६३ को दफा १६ अनुसार महालेखा नियन्त्रक कार्यालयले तोकिए बमोजिम आन्तरिक लेखापरिक्षण गर्नु गराउनु पर्ने व्यवस्था गरेको छ ।स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०२ (१) मा प्रत्येक स्थानीय निकायको आय व्यय लगायत त्यस्तो निकायको मातहतका कार्यालयको लेखा अध्यावधिक गरि अन्तीम लेखापरिक्षण गराई आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु वा त्रुटि अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडी नै नियमित गराउनु पर्नेमा व्यवस्था छ । तर यस कार्यालयबाट आन्तरिक लेखा परीक्षण गराई सोको प्रतिबेदन सहित अन्तिम लेखापरीक्षणको लागि पेश गर्नुपर्नेमा सो अनुसार भएको देखिएन । यस्तो परिपाटीमा सुधार हुनु पर्दछ ।

५. **कार्य सम्पादन प्रतिबेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९१ अनुसार प्रत्येक कार्यलयले आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र नियममा व्यवस्था भए अनुसारको बिबरणहरु समाबेश हुने गरी  बार्षिक कार्य सम्पादन प्रतिबेदन तयार गरी सम्वधित बिभाग मार्फत मान्त्रलयमा समेत पुऱ्याउनु पर्ने व्यवस्था गरेकोछ । तर यस गाउँपालिकाबाट यस्तो प्रतिबेदन तयार गरी पेश गरेको देखिन आएन । यसमा कार्यालय प्रमुखले बिशेष ध्यान दिनु  पर्दछ ।

६. **पेश्की फछ्र्योट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ को नियम ७४ (३) उपनियम (२) बमोजिम दिइएको पेश्की म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुनेछ । पेश्कीको बिल भर्पाइ सहितको बिबरण प्राप्त भएपछि एकाइस दिन भित्र कार्यलयले फछ्र्यौट गरि सक्नु पर्ने व्यवस्था छ । वडावाट संचालित कामको रितपूर्वकको बिल भर्पाइ प्राप्त हुन आएपछि सबै बिल भर्पाइ तथा खर्चका फाँटवारी रितपूर्वक परीक्षण गरी फछ्र्यौट गरी आन्तरिक लेखापरीक्षण समेत गराई आन्तिम लेखापरीक्षणको लागि पेश गर्नु पर्नेमा वडावाट पेश भए वमोजिम सोही पेश्की फछ्र्यौट गरी लेखा पेश गर्ने गरेको देखियो । यस्तो परीपाटीमा सुधार गरिनु पर्दछ ।

६.१. साविक चिसङ्खुगढी गा.वि.स.मा सामजिक सुरक्षा पेश्की रु.१४,२४,०००।- बाँकी देखिएकोले सो पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

६.२. वडा नं.४ मा कार्यक्रम गर्न रु.१,००,०६,०९५।- पेश्की बाँकी देखिएको छ । सो पेश्की फछ्र्यौट गर्नु पर्दछ ।

६.३. साविक माम्खा जनजाति कार्यक्रम गर्न विगत वर्षको एक व्यक्तिको रु.२३,०००।- पेश्की बाँकी रहकोले उक्त पेश्की शिघ्र फछ्र्यौट गर्ने गर्नुपर्दछ ।

७. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा विलभरपाई सहितको स्रेस्ता राख्नु पर्ने व्यवस्था छ । मौज्दात बाँकी ८ वडाहरुको बाँकी रहेको रु.२,३७,६१२।- मौज्दात राखेकोले सो मौज्दात मूल कोषमा फिर्ता गर्नुपर्दछ ।

७.१. संघीय संरचना अन्तर्गत रु.८०,००,०००।- निकाशा र खर्च रु.२८,७४,९८०।- खर्च गरी रु ५१,२५,०२०।- बाँकी मौज्दात रहेको छ । सो फ्रिज हुने स्पष्ट नीति निर्देशन प्राप्त नहुँदा निकायको ध्यान जानुपर्दछ ।

८. **कर छुट :** आयकर ऐन, २०५८ को दफा ८७ अनुसार ठेक्का वा करारको भूक्तानीमा भूक्तानी रकममा १.५% अग्रिम कर कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । वडाहरुबाट भएको कार्यक्रममध्ये योजनाको खर्च लेख्दा गर्न पर्ने कर कट्टा बाँकी राखेकोले नदेखिएकोले रु ३२,६९०।- असुल हुनुपर्दछ ।

८.१. पानी ट्याङ्की ११९ थान खरदि गरेको मु.अ कर बाहेक रु.५,०१,५८५।- मा कर रु.७,५२४।- छुट भएको एक सिचाई कुलो मर्मतका लागि एक सप्लायर्सको सिमेन्ट र रड खरिदको रु. ८८,७६०।- कर रु.१,३३२।- छुट हुँदा असुल गरी दाखिला हुनुपर्दछ ।

८.२. लघु जलविघुत निमार्ण गर्दा एक सप्लायर्सको रु.१,६६,५००।- एच.डि.पि पाइप आपूर्ति भएकोमा रु.२,४९०।- कर छुट असुल हुनुपर्दछ ।

८.३. अनुदान रु १,९२,००० ।- वाट एक जलविद्युतको लागी निर्माण सामाग्रीको विल मु.अ.कर वाहेक रु.१,३९,५०० ।- मा २,०९३।- कर छुट असुल हुनुपर्दछ ।

८.४. एक सडक निर्माण रु.५००,०००।- खर्च गर्दा भारी उपकरण भाडा वापत एक निर्माण व्यवसायीको विलमा रु.७,५००।- कर छुट असुल हुनुपर्दछ ।

८.५. प्रसारण लाइन विस्तार गर्न रु ३,७५,०००।- को विद्युत वितरण उपकरण खरिदमा नगरेको रु ५,६२५।- कर कट्टी असुल हुनुपर्दछ ।

८.६. हाइड्रोपावरको पोल खरीदको ५७०००।- मा कर छुट रु.८८५।- असुल हुनुपर्दछ ।

८.७. इन्टरप्राइजेजको विभिन्न सामान खरीदको रु ७४,८५०।- मा कर छुट रु १,९२३।- असुल हुनुपर्दछ ।

८.८. पल्सर मोटर साइकल खरिद वापत एक सप्लायर्सलाई रु २,२१,९६०।- मा खरिद गर्दा कर छुट रु ३,३१८।-असुल हुनु पर्दछ ।

८.९. साविक भदौरे गा.वि.स.ले मोटर साइकल रु.२,१०,५३१।- मा खरिद गर्दा कर कट्टी नगरेकोले रु.३,१५८।- छुट कर असुल गर्नु पर्दछ ।

९. **बढी भुक्तानी :** दियाले विभिन्न काम रु १,५००।-का दरले रु ९,०००।- खर्च गर्नु पर्नेमा रु १०,८००।- खर्च लेखेको हुँदा पाउने भन्दा रु १,८००।- बढी असुल हुनुपर्दछ ।

१०. **बढी तलव :** पोखरेका एक सहायकलाई तलव भत्ता रु.९८,२८४।- भक्तानी दिनु पर्नेमा रु १,०८,५२०।- दिएको देखिदा रु.१०,२३५।- असुल गर्नु पर्दछ । त्यस्तै दियालेका एक सहायकको तलव भत्ता ग्रेड सुरु हुने मिति स्पष्ट नभएको र तलवी प्रतिबेदन पारीत नगरेवाट एकिन गर्ने प्रमाण पेश गर्ने गर्नु पर्दछ ।

**बेरुजुको स्थिति**

यो वर्ष लेखापरीक्षणवाट रु १ करोड १६ लाख २४ हजार शुरु बेरुजु रहेकोमा असुल गर्नुपर्ने रु.७३ हजार, नियमति गर्नु पर्ने रु.९८ हजार र पेश्की रु.१ करोड १४ लाख ५३ हजार बाँकी रहेको छ ।

# मानेभन्ज्याङ गाउँपालिका
## लेखापरीक्षण प्रतिवदन

गत वर्षको रु ९ लाख ९३ हजार र यो वर्ष ८ करोड ७ लाख ७० हजार समेत रु ८ करोड १७ लाख ६३ हजार आय भई रु.७ करोड ६७ लाख २० हजार खर्च गरी रु.५० लाख ४३ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणवाट देखिएको व्यहोरा देहाय छन् :

१. **कर, दस्तुर तथा शुल्क :** नेपालको संबिधान २०७२ को धारा ५९ मा स्थानिय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्वन्धी बिषयमा कानुन बनाउने,बार्षिक बजेट बनाउने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गनुपर्ने व्यवस्था गरेको छ। यो बर्ष यस गाउँपालिकाले बार्षिक बजेट तयार गरेको देखिएन । यस गाउपालिकाले गाउँपालिका क्षेत्र भित्र लिन पाउने मालपोत,घरजग्गा कर, सवारीकर,हाटवजारकर, व्यवसाय कर र अन्य कुनै पनि कर दस्तुर शुल्क जरिवाना सिफारिश दस्तुर आदि बाट आम्दानी गर्न सकेको देखिएन ।

२. **जिन्सी व्यवस्थापन :** नेपाल सरकारको निर्णयबाट २०७३।११।२८ देखि गाउँपालिका गठन भइ साबिक गाउ बिकाश समितिहरु गाउँपालिकामा समाबेस भएका छन । साबिकका ती गा.बि.स हरुबाट घर जग्गा लगाएत चल अचल संम्पतीहरु हस्तान्तरण भई गाउपालिकाको जिन्सी कितावमा अम्दानी जनाउनु पर्ने देखिन्छ । तर यस गाउपालिकाको साबिकका गाँउबिकास समितिहरु समाबेस भै गाउँपालिकाको वडाहरुको रुपमा रहदै आएकोमा कुनै पनि गाउ बिकास समितिको चल अचल सम्पतिको रेकड अध्यावधिक गराएको देखिदैन । यसमा सम्वन्धित निकायले ध्यान दिनुपर्दछ ।

३. **आन्तरीक लेखा परीक्षण :** आर्थिक कार्यविधि ऐन, २०६३ को दफा १६ अनुसार महालेखा नियन्त्रक कार्यालयले तोकिए बमोजिम आन्तरिक लेखापरिक्षण गर्नु गराउनु पर्ने व्यवस्था गरेको छ । आन्तरिक वा अन्तिम लेखापरीक्षण हुँदा सरकारी नगद बा जिन्सी चल अचल सामानको लगत छुट गरेको देखिएमा वा सो लगत कुनै कारण बाट गोलमाल भै नेपाल सारकार को हानी नोक्सानी भएको देखिएमा त्यसको सुचना प्राप्त हुनासाथ सम्वन्धित कार्यालय प्रमुख वा बिभागिय प्रमुखले त्यस्तो हानी नोक्सानी भएको रकम असुल गरी बिभागिय कार्यबाही गर्ने .समेत व्यवस्था गरेको छ । त्यसैगरी स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०२ (१) मा प्रत्येक स्थानीय निकायको आय व्यय लगायत त्यस्तो निकायको मातहतका कार्यालयको लेखा अध्यावधिक गरि अन्तीम लेखापरिक्षण गराई आन्तरिक लेखापरीक्षण बाट निस्केका बेरुजु वा त्रुटि अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी नै नियमित गराउनु पर्नेमा नियमित गराइ, प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेशगरी वा असुल उपर गर्नुर्पेमा असुल उपर गरी त्यसको प्रमाण सम्वन्धित लेखासग संलग्न गरी लेखा अध्यावधिक बनाइ राख्न अधिकार प्राप्त अधिकारी लगायत प्रशासन शाखा प्रमुखको कर्तव्य हुने व्यवस्था छ । तर यस कार्यालयबाट आन्तरीका लेखा परीक्षण गराई सो.को प्रतिबेदन सहित अन्तिम लेखापरीक्षणको लागि पेश गर्नु पर्नेमा सो अनुसार भएको देखिएन । यस्तो परिपाटीमा सुधार हुनु पर्दछ ।

४. **कार्य सम्पादन प्रतिबेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९१ अनुसार प्रत्येक कार्यलयले आर्थिक बर्ष सामप्त भएको तीन महिना भित्र नियममा व्यवस्था भए अनुसारको बिबरणहरु समाबेश हुने गरी बार्षिक कार्य सम्पादन प्रतिबेदन तयार गरी सम्वधित बिभाग मार्फत मान्त्रलयमा समेत पुर्‍याउनु पर्ने व्यवस्था गरेकोछ । तर यस गाउपालिका/नगरपालिका बाट यस्तो प्रतिबेदन तयार गरी पेश गरेको देखिन आएन । यसमा कार्यालय प्रमुख ले बिशेष ध्यान दिनु पर्दछ ।

५. **पेश्की फछ्र्योट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छद ९ को नियम ७४ (३) उपनियम (२) बमोजिम दिइएको पेश्की यस नियमावलीको कार्यविधिमा तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुनेछ । बिल भर्पाइ सहितको बिबरण प्राप्त भएपछि एकाइस दिन भित्र कार्यलयले फछ्र्यौट गरि सक्नु पर्ने व्यवस्था छ । पेश्कीको बिल भर्पाइ सहितको खर्चको प्राप्त हुन आएपछि सबै बिल भर्पाई तथा खर्चका फाँटवारी पेश भएनभएको परीक्षण गरी रितपुर्वक फछ्र्यौट गर्न मिल्ने भए फछ्र्यौट गरी आन्तरिक लेखापरीक्षण समेत गराई आन्तिम लेखापरीक्षणको लागि पेश गर्नु पर्नेमा वडाहरुवाट प्रस्तुत फाँटवारी पेश हुन आएको छ, सोही अनुसार पेश्की फछ्र्यौट गरी लेखापरीक्षणको लागि पेश गर्ने गरेको देखियो । यस्तो परीपाटीमा सुधार गरिनु पर्दछ ।

५.१ विभिन्न कार्यक्रममा गएको पेश्की बाँकी रहेको रु.४६,५२,६००।- फछ्र्यौट गर्नुपर्दछ ।

५.२ वडा सचिवको नाममा दिएको कार्यक्रम पेश्की बाँकी रु.१८,२१,८४८।- शिघ्र फछ्र्यौट गर्नु पर्दछ ।

५.३ योजना चलाउन गत विगतको रु.३०,६६,१४७।- र यो वर्षमा रु.७,४०,५००।- गरी रु.८,०६,६४७।- वेरुजू बाँकी शिघ्र फछ्र्यौट गर्नु पर्ने देखिएको छ ।

५.४ **साविक मोली :** तलुवा सिमाना देखि मोली मोटर बाटो स्तरउन्नती गर्न रु.५,००,०००।- पेश्की फछ्र्यौट भएको छैन ।

५.५ **साविक मानेभञ्ज्यड :** सामाजिक सुरक्षा भपाई घटी देखिएको रु ८,०००।- असुल गर्नुपर्दछ ।

५.६ **साविक माधवपुर एक :** सामाजिक परिचालकको पेश्की रु ३००००।- वांकी रहेकोले उक्त पश्की फछ्र्यौट गर्नु पर्दछ ।

६. **समायोजन पत्र :** भवन मर्मत र सम्भार एक व्यवसायीलाई रु ३,०६,४३७।- खर्च लेखेको छ । निर्माण सेवाको रु.२,७४,८३२।- मा मुल्य अभिवृद्धि कर रु.३५,७२८।- को बिलको रु.३५,७२८।- सामयोजन गरेको प्रमाण पेश हुनु पर्दछ ।

७. **कर छुट :-** आयकार ऐन, २०५८ को दफा ८७ अनुसार ठेक्का वा करारको भुक्तानीमा १.५% ले हुने कर कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । वडाले योजना चलाउदा उपभोक्ताबाट पेश भएको बिल सामान खरिदको भुक्तानी गर्दा उक्त ऐन अनुसार अग्रिम करकट्टी गरेको नदेखिएकोले देहाय अनुसार रु. २२,८३९।- असुल गर्नुपर्दछ ।

७.१. वाड नं. ८ उपभोक्ता समितिला रु ८,००,०००।- खर्च लेखेकोको छ । खर्च गर्दा डिजेल खरिद रु.२,३५,४७१।- मा कर छुट रु.३५३२।- देखिएवाट असुल गर्नु पर्दछ ।

७.२. एक व्यवसायीको भारी उपकरण भाडा रु ७४३३६।- मारु १,११५।- कर छुट र सडक निर्माण कार्यको रु ३,१०,०००।- मा रु ४,६५०।- कर छुट रु ९,२९७।- असुल हुनुपर्दछ ।

७.३. स्वास्थ्य चौकीको खुला क्षेत्रको रु १,५०,००० ।- खर्च लेखेको छ । एक व्यवसायीको रु. १,०५,०००।- को रु १,५१७।- कर कट्टी छुट असुल हुनुपर्दछ।

७.४. मोटरबाटो निर्माणको रु.१५,००,००।- उपभोक्ताद्वारा निर्माण गरी पेश हुन आएको एक व्यवसायीको रु.९३,५००।- मा रु.१,४०३।- कर छुट असुल हुनुपर्दछ ।

७.५. हिटी सातसल्ले मोटरबाटो निर्माणको रु.१,५०,०००।-उपभोक्ता समितिले भुक्तानी लेखेको छ । निर्माण कार्यमा एक व्यवसायीको रु १,६८,०३९।- मारु २,५२१।- कर छुट असुल हुनुपर्दछ ।

७.६. माझिगाउँ सडक मर्मत रु.२,९४,०००।-खर्च लेखेको छ । एक व्यवसायीलाई कार्य गराई रु.३,१८,७७०।- भुक्तानी रु.४,७८२।- कर छुट असुल हुनुपर्दछ ।

७.७. उबुँ घुम्ति जोडने सडक निर्माण उपभोक्ता समितिबाट गरि उपकरण भाडा रु २,२१,२३८।- मा रु.३,३१९।- कर छुट असुल हुनुपर्दछ ।

७.८. **साविक केतुके :** चौकी निर्माणको रु २,५०,०००।- खर्च गरेकोमा सिमेट रड, जस्तापाता रकम रु १,१०,४३८।-मा रु १.५% रु १,६५७।- कर छुट असुल गर्नुपर्दछ ।

७.९. लेखापरिक्षण बापत रु.२०,०००।- खर्च लेखेकामा १.५ % कर कट्टी नगरेको रु ३,०००।- असुल हुनुपर्दछ ।

८. **मौज्दात विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा वील भरपाई सहितको स्रेस्ता राख्नु पर्ने व्यवस्था छ । ९ वडामा गएको निकासामध्ये बाँकी रु १,८२३,५२३ ।- मुल कोष खातामा दाखिला भएको प्रमाण पेश हुनुपर्दछ ।

९. **मौज्दात :** संघीय संरचना रु.८०,००,०००।- निकासा गरी रु.३२,६२,८२०।- खर्च भई रु.४७,३७,१८०।- गाउँपालिकाको खातामा मौज्दात रहेको छ । सो फ्रिज गर्नुपर्ने स्पष्ट नीति निर्देशन प्राप्त हुन नआएकोले सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ ।

**बेरुजुको स्थिति**

लेखापरीक्षणवाट रु.८९ लाख १७ हजार शुरु बेरुजु रहेकोमा असुल गर्नुपर्ने रु.५४ हजार, नियमित गर्नुपर्ने रु. १८ लाख ५९ हजार र पेश्की रु.७० लाख ४ हजार कायम रहेको छ ।

# मोलुङ्ग गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु ३ लाख ७६ हजार र यो वर्ष ८ करोड १५ लाख ९५ हजार समेत रु ८ करोड १९ लाख ७१ हजार आय आम्दानी भएकोमा रु ७ करोड ७० लाख ६४ हजार खर्च गरी रु.४९ लाख ७ हजार मौज्दात बाँकी छ। सो कारोबारको लेखापरीक्षणवाट देखिएको व्यहोरा दहाय छन् :

१. **कर, दस्तुर शुल्क :** नेपालको संबिधान २०७२ को धारा ५९ मा स्थानिय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्वन्धी बिषयमा कानुन बनाउने, बार्षिक बजेट बनाउने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गनुपर्ने व्यवस्था गरेको छ। यो बर्ष यस गाउँपालिकाले बार्षिक बजेट तयार गरेको देखिएन। यस गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्र लिन पाउने मालपोत, घरजग्गा कर, सवारीकर, हाटवजारकर, व्यवसाय कर र अन्य कुनै पनि कर दस्तुर शुल्क जरिवाना सिफारिश दस्तुर आदि बाट आम्दानी गर्न सकेको देखिएन।

२. **जिन्सी व्यवस्थापन :** नेपाल सरकारको निर्णयबाट २०७३।११।२८ देखि गाउँपालिका गठन भइ साबिक गाउ बिकास समितिहरु गाउँपालिकामा समाबेस भएका छन्। साबिकका ती गा.बि.स हरुबाट घर जग्गा लगाएत चल अचल संम्पतीहरु हस्तान्तरण भई गाउँपालिकाको जिन्सी कितावमा अम्दानी जनाउनु पर्ने देखिन्छ। तर यस गाउँपालिकाको साबिकका गाँउ बिकास समितिहरु समाबेस भै गाउँपालिकाको वडाहरुको रुपमा रहदै आएकोमा कुनै पनि गाउँ बिकास समितिको चल अचल सम्पतिको रेकर्ड अध्यावधिक गराएको देखिदैन। यसमा सम्वन्धित निकायले ध्यान दिनु पर्दछ।

३. **आन्तरिक लेखापरीक्षण :** आर्थिक कार्यविधि ऐन, २०६३ को दफा १६ अनुसार महालेखा नियन्त्रक कार्यालयले तोकिए बमोजिम आन्तरिक लेखापरिक्षण गर्नु गराउनु पर्ने व्यवस्था गरेको छ। आन्तरिक वा अन्तिम लेखापरीक्षण हुँदा सरकारी नगद बा जिन्सी चल अचल सामानको लगत छुट गरेको देखिएमा वा सो लगत कुनै कारण बाट गोलमाल भै नेपाल सरकार को हानी नोक्सानी भएको देखिएमा त्यसको सुचना प्राप्त हुनासाथ सम्वन्धित कार्यालय प्रमुख वा बिभागिय प्रमुखले त्यस्तो हानी नोक्सानी भएको रकम असुल गरी बिभागिय कार्यबाही गर्ने .समेत व्यवस्था गरेको छ। त्यसैगरी स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०२ (१) मा प्रत्येक स्थानीय निकायको आय व्यय लगायत त्यस्तो निकायको मातहतका कार्यालयको लेखा अध्यावधिक गरि अन्तीम लेखापरिक्षण गराई आन्तरिक लेखापरीक्षण बाट निस्केका बेरुजु वा त्रुटि अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी नै नियमित गराउनु पर्नेमा नियमित गराइ, प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेशगरी वा असुल उपर गर्नुर्पेमा असुल उपर गरी त्यसको प्रमाण सम्वन्धित लेखासग संलग्न गरी लेखा अध्यावधिक बनाइ राख्न अधिकार प्राप्त अधिकारी लगायत प्रशासन शाखा प्रमुखको कर्तव्य हुने व्यवस्था छ। तर यस कार्यालयबाट आन्तरीक लेखा परीक्षण गराई सो.को प्रतिबेदन सहित अन्तिम लेखापरीक्षणको लागि पेश गर्नु पर्नेमा सो अनुसार भएको देखिएन। यस्तो परिपाटीमा सुधार हुनु पर्दछ।

४. **कार्य सम्पादन प्रतिबेदन :-**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९१ अनुसार प्रत्येक कार्यलयले आर्थिक बर्ष सामप्त भएको तीन महिना भित्र नियममा व्यवस्था भए अनुसारको बिबरणहरु समाबेश हुने गरी बार्षिक कार्य सम्पादन प्रतिबेदन तयार गरी सम्वधित बिभाग मार्फत मान्त्रलयमा समेत पुऱ्याउनु पर्ने व्यवस्था गरेकोछ ।तर यस गाउँपालिकाबाट यस्तो प्रतिबेदन तयार गरी पेश गरेको देखिन आएन। यसमा कार्यालय प्रमुखले बिशेष ध्यान दिनु पर्दछ ।

५. **पेश्की फछ्र्योट :-**आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छद ९ को नियम ७४ (३) उपनियम (२) बमोजिम दिइएको पेश्की यस नियमावलीको कार्यविधिमा तोकिएको म्याद भित्र यसै नियमावली अनुसार फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुनेछ। बिल भर्पाइ सहितको बिबरण प्राप्त भएपछि एकाइस दिन भित्र कार्यलयले फछ्र्यौट गरि सक्नु पर्ने व्यवस्था छ। गाउँपालिकाहरुले वडाहरुलाई दिएको पेश्कीको रितपूर्वकको बिल भर्पाइ सहितको खर्चको फाँटवारी गाउँपालिकामा प्राप्त हुन आएपछि सबै बिल भर्पाइ तथा खर्चका फाँटवार रितपूर्वक पेश भए नभएको परीक्षण गरी रितपुर्वक फछ्र्यौट गर्न मिल्ने बैंक नगदी किताव, पेश्की खातामा समेत जनाई आन्तरिक लेखापरीक्षण समेत गराई आन्तिम लेखापरीक्षणको लागि पेश गर्नु पर्नेमा वडाहरुवाट आएको श्रेस्ता पेश हुन आएको छ, स्थानीय तहले फछ्र्यौट गरी लेखापरीक्षणको लागि लेखा श्रेष्ता पेश गर्ने गरेको देखियो। यस्तो परीपाटीमा सुधार गरिनु पर्दछ।

५.१. गतवर्ष १५ जनाको रु.९५,८३,६५५।- पेश्की बाँकी देखिन्छ भने यो वर्षको ४ जनाको रु.५,३२,६८०।- पेश्की बाँकी रहेको छ।

५.२. साविक वरुणेश्वर पेश्की गत वर्षसम्मको १० जनाको रु.१,६२,५९७।- बाँकी देखिएको छ।

५.३. साविक प्राप्चा खर्च लेखेकोमा गत वर्षसम्मको एक सप्लायर्सको पेश्की रु.५०,००० ।- फछ्र्यौट गर्नुपर्दछ ।

५.४. साविक हर्कपुर घर बहाल तथा तलब रु.१,०३०। खर्च लेख्दा दाखिला प्रमाण पेश नरहेकोले प्रमाण पेश हुनुपर्दछ ।

५.५. **पेश्की बाँकी :** गत वर्ष रु.६,८७,०००।- ९ जनाको पेश्की बाँकी रहेको पर्दछ । तल्लो छाँगा खानेपानी पेश्की रु.१,५०,०००।- समेत रु ८,६७,०००।-पेश्की वांकी हुंदा फछ्र्यौट गर्नुपर्दछ ।

५.६. साविक श्रीचौर गत विगत वर्षको रु.२,००,००० ।- पेश्की हुंदा उक्त पेश्की शिघ्र फछ्र्यौट गर्नुपर्दछ ।

५.७. वडा नं ४ हर्कपुरमा गएको पेश्की रु.२५,०१,८०४।- रु.२४,९२,५५०।- फछ्र्यौट गरी नपुग रु.९,२५४।- बैंक दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

६. **साविक राँगादीप :** गत विगत वर्षको बाँकी पेश्की रु.१८१४६०।- हालसम्म फछ्र्यौट गरेको देखिएन ।

७. ४ वडाले सुनौला हजार कार्यक्रमबाट रु.५७,३०,६९३।- को विल भरपाई जिल्ला समन्वय समितिमा पेश गरेको देखिएकोले सो पेश्की फछ्र्यौटको श्रेस्ता लेखापरीक्षण गरिएको छैन ।

८. **कर छुट :-** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा अग्रिम कर कट्टीगरी समयमा दाखिला गर्नु पर्दछ । अन्तिम लेखापरीक्षण शुल्क रु.१५,०००।- खर्च लेखेको छ । लेखापरीक्षण प्रतिवेदन सहिते बुझेको भरपाई नराखि रु २,२५०।- कर कट्टी गरेको नदेखिदा उक्त कर असुल गर्नु पर्दछ ।

९. **बिल भरपाई :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम ९ मा खर्च प्रमाणित गर्ने विल भरपाई सहितको स्रेस्ता राख्नु पर्नेमा राँगादीप खुल्ला दिशामुक्त घोषणा कार्यक्रमको निर्माण सामाग्री ढुवानी रु.१५,०००।- अनुगमन सहजीकरण रु.१५,०००।-, सामान रु.७,८००।- र पाइप खरिद रु ७,५००।- समेत रु ४५,३००।- खर्च लेखेको देखियो । उक्त सामाग्री ढुवानीको भरपाई र खाना र वासको विल भरपाई संलग्न नगरी रु.३०,०००।- खर्चको प्रमाण पेश गर्नु पर्दछ ।

१०. **बैंक मौज्दात :** ४ वडा पेश्की निकासामध्ये खातामा रु.२,७५,५९४।-मौज्दात रहेको मूल कोषमा दाखिला गरी हिसाव देखाउनु पर्दछ ।

११. **मौज्दात :** संघीय संरचना रु.८०,००,०००।- निकासा र रु.३२,००,०००।- मात्र खर्च गरी रु.४८,००,०००।- मौज्दात रहेको छ । सो फ्रिज गर्नु पर्ने, कुनै स्पष्ट नीति, निर्देशन प्राप्त हुन नआएको हुँदा ध्यान दिनुपर्ने देखिन्छ ।

१२. **कर छुट :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार ठेक्का तथा करार भुक्तानीमा १.५% ले हुने रकम र लेखापरीक्षण शुल्क भुक्तानीमा १५% कर कट्टा गरेर मात्र भुक्तानी खर्च लेख्नु पर्ने व्यवस्था गरेको छ । वडाहरुले खर्च गरेका अग्रिम कर कट्टा गरेको नदेखिएकोले रु.१०,०८७।-असुल गरी दाखिला गर्नुपर्दछ ।

१२.१. पाल्लेखोला जलविद्युत रु.२,७५,०००।- खर्च एक सप्लायर्सको रु.२,६३,३७५।- का सामान खरिदमा.१.५% को रु.३,९५०।- कर कट्टी असुल गर्नुपर्दछ ।

१२.२. लेखापरीक्षण शुल्क रु.२०,०००।- खर्च गर्दा १५% ले रु.३,०००।- कर कट्टी गरेको देखिएन । एक कर्मचारीलाई रु.८८,६८०।- खर्च लेखेकोमा १% सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्ने नगरेको हुँदा रु.८८७।- सो समेत रु.३,८८७।- असुल गर्नुपर्दछ ।

१२.३. लेखापरीक्षणलाई रु.१५,०००।- खर्च १५% कर कट्टी गरेको नदेखिएकोले रु.२,२५०।- असुल हुनुपर्ने देखियो ।

११.४ एक सचिवले मोटरसाईकल खरिद गरी रु.२,१२,३००।-मा १.५% ले लाग्ने रु.३,१८५।- कर असूल गरी दाखिला हुनुपर्ने देखियो ।

११.५ साविक पाल्ले बाट घरभाडा रु.१०,०००।- मा १०% कर कट्टा नगरेवाट रु.१,०००।- असुल गरी दाखिला गर्नु पर्दछ ।

**बेरुजुको स्थिति**

यो वर्ष लेखापरीक्षणवाट रु ६७ लाख ४० हजार शुरु बेरुजु रहेकोमा असुल गर्नुपर्ने रु.३५ हजार, नियमित गर्नुपर्ने रु.३० हजार र पेश्की रु.६६ लाख ७५ हजार बाँकी रहेको छ ।

# लिखु गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु २३ लाख ९० हजार यो वर्ष ११ करोड ५० लाख १४ हजार समेत रु ११ करोड ७४ लाख ४ हजार आय भएकोमा रु ६ करोड ५० लाख १४ हजार खर्च गरी रु.५ करोड २३ लाख ९० हजार मौज्दात वांकी छ। सो कारोबारको लेखापरीक्षणवाट देखिएको व्यहोरा देहाय छन् :-

१. **कर, दस्तुर तथा शुल्क :** नेपालको सबिधान, २०७२ को धारा ५९ मा स्थानिय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्वन्धी बिषयमा कानुन बनाउने,बार्षिक बजेट बनाउने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गनुपर्ने व्यवस्था गरेको छ। यो बर्ष यस गाउँपालिकाले बार्षिक बजेट तयार गरेको देखिएन । यस गाउँपालिका क्षेत्र भित्र लिन पाउने मालपोत,घरजग्गा कर, सवारीकर,हाटवजारकर, व्यवसाय कर र अन्य कुनै पनि कर दस्तुर शुल्क जरिवाना सिफारिश दस्तुर आदि बाट आम्दानी गर्न सकेको देखिएन ।

२. **जिन्सी व्यवस्थापन :** नेपाल सरकारको निर्णयबाट २०७३।११।२८ देखि गाउँपालिका गठन भइ साबिक गाउ बिकास समितिहरु गाउँपालिकामा समाबेस भएका छन । साबिकका ती गा.बि.स हरुबाट घर जग्गा लगाएत चल अचल संम्पतीहरु हस्तान्तरण भई गाउँपालिकाको जिन्सी कितावमा अम्दानी जनाउनु पर्ने देखिन्छ । तर यस गाउपालिकाको साबिकका गाँउ बिकास समितिहरु समाबेस भई गाउँपालिकाको वडाहरुको रुपमा रहदै आएकोमा कुनै पनि गाउँ बिकास समितिको चलअचल सम्पतिको रेकड अध्यावधिक गराएको देखिदैन। जिन्सी सम्पत्ती हस्तान्तरण गर्नु पर्दछ ।

३. **आन्तरीक लेखापरीक्षण :** आर्थिक कार्यविधि ऐन, २०६३ को दफा १६ अनुसार महालेखा नियन्त्रक कार्यालयले तोकिए बमोजिम आन्तरिक लेखापरिक्षण गर्नु गराउनु पर्ने व्यवस्था गरेको छ। आन्तरिक वा अन्तिम लेखापरीक्षण हुँदा सरकारी नगद बा जिन्सी चल अचल सामानको लगत छुट गरेको देखिएमा वा सो लगत कुनै कारण बाट गोलमाल भै नेपाल सारकार को हानी नोक्सानी भएको देखिएमा त्यसको सुचना प्राप्त हुनासाथ सम्वन्धित कार्यालय प्रमुख वा बिभागिय प्रमुखले त्यस्तो हानी नोक्सानी भएको रकम असुल गरी बिभागिय कार्यबाही गर्ने समेत व्यवस्था गरेको छ। बेरुजु वा त्रुटि अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी नै नियमित गराउनु पर्नेमा नियमित गराइ, प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेशगरी वा असुल उपर गर्नुर्पेमा असुल उपर गरी त्यसको प्रमाण सम्वन्धित लेखासग संलग्न गरी लेखा अध्यावधिक बनाइ राख्न अधिकार प्राप्त अधिकारी लगायत प्रशासन शाखा प्रमुखको कर्तव्य हुने व्यवस्था छ। तर यस कार्यालयबाट आन्तरीका लेखापरीक्षण गराई सोको प्रतिबेदन सहित अन्तिम लेखापरीक्षणको लागि पेश गर्नु पर्नेमा सो अनुसार भएको देखिएन। यस्तो परिपाटीमा सुधार हुनु पर्दछ।

४. **कार्य सम्पादन प्रतिबेदन :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९१ अनुसार प्रत्येक कार्यलयले आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र नियममा व्यवस्था भए अनुसारको बिबरणहरु समाबेश हुने गरी बार्षिक कार्यसम्पादन प्रतिबेदन तयार गरी सम्वधित बिभाग मार्फत मान्त्रलयमा समेत पुऱ्याउनु पर्ने व्यवस्था गरेको छ ।तर यस गाउपालिका/नगरपालिकाबाट यस्तो प्रतिबेदन तयार गरी पेश गरेको देखिन आएन। यसमा कार्यालय प्रमुखले बिशेष ध्यान दिनु पर्दछ ।

५. **पेश्की फछ्र्यौट :**आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छद ९ को नियम ७४ (३) उपनियम (२) बमोजिम दिइएको पेश्की यस नियमावलीको कार्यविधिमा तोकिएको म्याद भित्र यसै नियमावली अनुसार फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुनेछ। कार्यलयमा पेश्की रकमको बिल भर्पाइ सहितको बिबरण प्राप्त भएपछि एकाइस दिन भित्र कार्यलयले फछ्र्यौट गरी सक्नु पर्ने व्यवस्था छ । गाउँपालिकाहरुले वडाहरुलाई दिएको पेश्कीको रितपूर्वकको बिल भर्पाइ सहितको खर्चको फाँटवारी गाउँपालिकामा प्राप्त हुन आएपछि सबै बिल भर्पाइ तथा खर्चका फाँटवारी रितपूर्वक पेश भएनभएको परीक्षण गरी रितपुर्वक फछ्र्यौट गर्न मिल्ने भए फछ्र्यौट गरी बैंक नगदी किताव, पेश्की खातामा समेत जनाई आन्तरिक लेखापरीक्षण समेत गराई आन्तिम लेखापरीक्षणको लागि पेश गर्नुपर्नेमा वडाहरुवाट जे जस्तो फाँटवारी पेश हुन आएको छ, सोही अनुसार पेश्की फछ्र्यौट गरी लेखापरीक्षणको लागि श्रेष्ता पेश गर्ने गरेको देखियो। यस्तो परीपाटीमा सुधार गरिनु पर्दछ।

६. **सामाजिक सुरक्षा सुविधा** : सामाजिक सुरक्षा बितरण लागि ९ वडा रु.१,८२,५४,४००।- को सुविधा बितरण गरेको र नगद दाखिला पेश्की फछ्र्यौट गरेको कागजात प्राप्त भएकोले सो को लेखापरीक्षण गरिएको छ।

६.१. वडा नं. ३ एक कर्मचारीको सामाजिक सुरक्षा रु.१०,५९,२००।- को वितरण गरेको भपाई पेश नहुँदा रु.१०,५९,२००।- पेश्की फछ्र्यौट भएको छैन ।

७. **लेखापरीक्षण शुल्क :** लेखापरीक्षण शुल्क रु. २३,०००।- खर्च गरेको देखियो । सोको रु. १३,०००।- भपाईमा सच्याई रु. २३,०००।- गरेको हुँदा रु.१०,०००।- जिम्मेवारीसँग र रु. १३,०००।-मा १५ प्रतिशत कर छुट देखिएकोले रु. १,९५०।- समेत रु. ११,९५०।- असुल गरी दाखिला गर्नुपर्दछ ।

८. **पेश्की कायम** : वडा नं.२ मा एक सप्लायर्सको पाइप खरिद गरेको रु.३६,३१२।- मा मु.अ.कर समेत रु.४१,०३३।- फोटोकपी रु.३५,०००।- पेश्की खर्च लेखेको पाइयो । सो लागत अनुमान, उपभोक्त समिति गठन, सम्झौता र कवुलियतनामा जस्ता अन्य आधारभूत कागजात संलग्न नगरेको र सो रकम पेश्की विवरणमा समेत समावेश गर्नूपर्नेमा गरेको देखिएन ।

९. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा खर्चको वील भरपाई सहित स्रेस्ता राख्नु पर्ने व्यवस्था को नियम ९ मा खर्चको वील भरपाई सहित स्रेस्ता राख्नु पर्ने व्यवस्था छ । टारकेरावारी चिनेटार सडक निर्माण योजनाको लागत अनुमान रु.३,९८,१००।- को उपभोक्तालाई रु.३,५४,०००।- खर्च गर्दा उक्त कार्यको नापी तथा कार्यसम्पन्न प्रतिवेदन संलग्न रहेको देखिएन । सो खर्च नियमित मान्ने आधार पेश भएन ।

१०. वडा नं. ९ पोकली लघु जलविद्युत योजनाको तार खरिद रु.१,९६,०००।- खर्च लेखेको छ । एक सप्लायर्सको विजक अनुसार १२,२००।- प्रति मिटर रु. १९।७० ले २,४०,३४०।- मु.अ.कर वाहेकमा रु.३,६०५।- कर छुट असुल गर्नुपर्दछ ।

११. वडा नं. ९ पोकलीमा लघु जलविद्युत योजनाको कालो तार खरिद रु १,९६,०००।- खर्च लेखेको छ । एक सप्लायर्सको १० थान बिल राखी रु.२,००,०००।- र एक विद्युतीय रु.७४,४००।- विल संलग्न गरेको छ । कर कट्टी समेत नगरेकोले कर असुल गर्नुपर्दछ ।

१२. ८ वडा यो वर्षको रु.३८,६४,०८३।- पेश्की बाँकी देखिएकोले समयमा पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

१३. संधीय संरचना रु.८०,००,०००।- निकासा गरी रु.३१,५०,९५६।- मात्र खर्च भई बाँकी रु.४८,४९,०४४।- मौज्दात रहेको छ । मुल कोष खातामा रु.४८,००,०००।- र रु.४९,०४४।- पुँजिगत खातामा मौज्दात देखिन आयो । उक्त रकम फ्रिज हुने स्पष्ट नीति निर्देशन प्राप्त गरी फ्रिज गरेको प्रमाण कागजात पेश हुनु पर्दछ ।

१४. **बैंक मौज्दात** : ९ वडा पेश्की निकासा दिएको रकममध्ये खर्च भई बाँकी रहेको मौज्दात मूल कोषमा, फिर्ता गर्नु पर्नेमा वडाकै मौज्दात रहेको देखियो । सो रु.३१,९५,४१४।- यथाशिघ्र मूल कोषमा हस्तान्तरण गरी हिसाव मिलान गर्नु पर्दछ ।

१५. **योजनाको स्थिती** : यो तहमा २५ योजना मध्ये ६ योजनाहरु सम्पन्न हुन बाँकी रहेका छन् भने १९ योजना सम्पन्न भएका छन् । ६ वटा क्रमागत योजनाको सम्पन्न नभएको देखिएकोले यथाशिघ्र सम्पन्न गर्नुपर्दछ ।

१६. **साविक सिंहदेवी** चालु पेश्की रु.१०,२८,०००।- बाँकी अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

१७. एक छापाखानाको रु. ५६,०००।- खर्च गर्दा खरिद आदेश, जिन्सी दाखिला रिपोर्टका बुझाएको प्रमाण संलग्न नभएवाट नियमित मान्ने आधार भएन ।

१८. **साविक नर्मदेश्वर :** गत वर्ष ५ जनाको बाँकी पेश्की रु.३,६६,०००।- हुदा शिघ्र फछ्र्यौट हुनुपर्दछ ।

१९. **साविक पोकली :** गत वर्ष ९ जनाको रु. ६,१३,०००।- पेश्की बाँकी रहेको देखियो । उक्त पेश्की फछ्र्यौट गर्नुपर्दछ।

**बेरुजुको स्थिति**

यो वर्ष लेखापरीक्षणवाट रु १ करोड २१ लाख ५३ हजार शुरु बेरुजु देखिएकोमा असुल गर्नुपर्ने रु.२० हजार, नियमित गर्नुपर्ने रु.५२ लाख ३ हजार र पेश्की रु.६९ लाख ३० हजार रहेको छ ।

# सुनकोशी गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु १७ लाख ५१ हजार र यो वर्ष ७ करोड ४७ लाख ३ हजार समेत रु ७ करोड ६४ लाख ५४ हजार आय भई रु ७ करोड १३ लाख ३२ हजार खर्च गरी रु. ५१ लाख २२ हजार मौज्दात वांकी छ । सो कारोबारको लेखापरीक्षणवाट देखिएको व्यहोरा देहाय छन् :-

१. **कर, दस्तुर तथा शुल्क :** नेपालको सबिधान, २०७२ को धारा ५९ मा स्थानिय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्वन्धी बिषयमा कानुन बनाउने,बार्षिक बजेट बनाउने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गनुपर्ने व्यवस्था गरेको छ । यो बर्ष यस गाउँपालिकाले बार्षिक बजेट तयार गरेको देखिएन । यस गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्र लिन पाउने मालपोत,घरजग्गा कर, सवारीकर,हाटवजारकर, व्यवसाय कर र अन्य कुनै पनि कर दस्तुर शुल्क जरिवाना सिफारिश दस्तुर आदि बाट आम्दानी गर्न सकेको देखिएन ।

२. **जिन्सी व्यवस्थापन :** नेपाल सरकारको निर्णयबाट २०७३।११।२८ देखि गाउँपालिका गठन भइ साबिक गाउ बिकाश समितिहरु गाउँपालिकामा समाबेस भएका छन । साबिकका ती गा.बि.स हरुबाट घर जग्गा लगाएत चल अचल संम्पतीहरु हस्तान्तरण भइ गाउपालिकाको जिन्सी कितावमा अम्दानी जनाउनु पर्ने देखिन्छ । तर यस गाउपालिकाको साबिकका गाँउ बिकास समितिहरु समाबेस भै गाउँपालिकाको वडाहरुको रुपमा रहदै आएकोमा कुनै पनि गाउँ बिकास समितिको चल अचल सम्पतिको रेकड अध्यावधिक गराएको देखिदैन । यसमा सम्वन्धित निकायले ध्यान दिनुपर्दछ ।

३. **आन्तरीक लेखा परीक्षण :** आर्थिक कार्यविधि ऐन,२०६३ को दफा १६ अनुसार महालेखा नियन्त्रक कार्यालयले तोकिए बमोजिम आन्तरिक लेखापरिक्षण गर्नु गराउनु पर्ने व्यवस्था गरेको छ । आन्तरिक वा अन्तिम लेखापरीक्षण हुँदा सरकारी नगद बा जिन्सी चल अचल सामानको लगत छुट गरेको देखिएमा वा सो लगत कुनै कारण बाट गोलमाल भै नेपाल सारकार को हानी नोक्सानी भएको देखिएमा त्यसको सुचना प्राप्त हुनासाथ सम्वन्धित कार्यालय प्रमुख वा बिभागिय प्रमुखले त्यस्तो हानी नोक्सानी भएको रकम असुल गरी बिभागिय कार्यबाही गर्ने समेत व्यवस्था गरेको छ । आन्तरीका लेखा परीक्षण गराई सोको प्रतिबेदन सहित अन्तिम लेखापरीक्षणको लागि पेश गर्नु पर्नेमा सो अनुसार भएको देखिएन । यस्तो परिपाटीमा सुधार हुनु पर्दछ ।

४. **कार्य सम्पादन प्रतिबेदन :-** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९१ अनुसार प्रत्येक कार्यलयले आर्थिक बर्ष सामप्त भएको तीन महिना भित्र नियममा व्यवस्था भए अनुसारको बिबरणहरु समावेश हुने गरी बार्षिक कार्य सम्पादन प्रतिबेदन तयार गरी सम्वधित बिभाग मार्फत मान्त्रलयमा समेत पुऱ्याउनु पर्ने व्यवस्था गरेकोछ ।तर यस गाउपालिकाबाट यस्तो प्रतिबेदन तयार गरी पेश गरेको देखिन आएन । यसमा कार्यालय प्रमुखले बिशेष ध्यान दिनु पर्दछ ।

५. **पेश्की फछ्र्यौट :** आर्थिक कार्यविधि नियमावली,२०६४ को परिच्छद ९ को नियम ७४ (३) उपनियम (२) बमोजिम दिइएको पेश्की यस नियमावलीको कार्यविधिमा तोकिएको म्याद भित्र यसै नियमावली अनुसार फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुनेछ । बिल भर्पाइ सहितको स्रेस्ता बिबरण प्राप्त भएपछि एकाइस दिन भित्र कार्यलयले फछ्र्यौट गरि सक्नु पर्ने व्यवस्था छ । गाउँपालिकाहरुले वडाहरुलाई दिएको पेश्कीको रितपूर्वकको बिल भर्पाइ सहितको खर्चको प्राप्त गरी सबै बिल भर्पाइ तथा खर्चका रितपूर्वक पेश भएनभएको परीक्षण गरी फछ्र्यौट लागि उपयुक्त भएमा बैंक नगदी किताव, पेश्की खातामा लेखा राखी आन्तरिक लेखापरीक्षण गराई आन्तिम लेखापरीक्षणमा पेश गर्नु पर्नेमा वडावाट भएका कामको स्रेस्ता पेश हुन आएको छ, सोही वमोजिम पेश्की फछ्र्यौट गरी अन्तिम लेखापरीक्षणको लागि पेश गर्ने गरेको देखियो । यस्तो परीपाटीमा सुधार गरिनु पर्दछ ।

५.१. **अग्रिम कर छुट :** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार ठेक्का तथा करको भुक्तानी श्रोतमा नै रु १.५% कर कट्टी गर्नु पर्ने ब्यबस्था गरेको छ । विल भरपाईमध्ये देहाएको खर्चमा कर कट्टी नगरेवाट छुट कर रु.२६,७८३।-असुल गर्नुपर्दछ ।

५.२. पिपलडाडा सडक निर्माण रु ६,००,०००।- खर्च गर्दा भारी उपकरण भाडा रु.२,३८,९३८।- को रु.३५८४।- कर छुट असुल हुनुपर्दछ ।

५.३. सिस्नेरी मोटरबाटो कार्यको एक व्यवसायीकलाई रु २,१७,५००।- मा ३,२६३।- कर छुट असुल हुनुपर्दछ ।

५.४. गुम्बाडाडा मोटरवाटो कार्यको रु २,५०,०००।- खर्च गर्दा एक परामर्शको भारी उपकरण भाडा बापत म्याट बाहेक रु २,१७,५००।-मा रु ३,२६३।- कर छुट असुल हुनुपर्दछ ।

५.५. चिलीङ भ्याट खरिद रु.४,३६,०००।-खर्चको गरेकोमा एक सप्लायर्सको बिल रु.३१८५८४।- मा रु ४७७९।- कर छुट असुल हुनुपर्दछ ।

५.६. च्यानाम सडक कार्य बापत रु.२,८८,०००।- खर्च लेखेको छ । खर्च लेख्दा एक व्यवसायीको रु २,६५,४८७।-मा रु ३९८३।- कर छुट असुल हुनुपर्दछ ।

५.७. बलखुले मोटर बाटो कार्यको उपकरण भाडा रु ८८,४९५।- मा रु १,३२७- कर छुट असुल हुनुपर्दछ ।

५.८. बलखु मोटर बाटो स्तरउन्नती कामको उपभोक्तालाई खर्च लेख्दा भारी उपकरण भाडा रु.४,३८,९३८।- रु ६,५८४।- कर छुट असुल गर्नुपर्दछ ।

५.९. शुल्कमा मुलखर्क लेखापरीक्षण शुल्क रु.१५,०००।- खर्च गर्दा १५ प्रतिशतले हुने रु.२२५०।- कर असुल गर्नुपर्दछ ।

५.१०. सामान खरिद खर्च लेख्दा कट्टा गरेको अग्रिम आयकर १.५ प्रतिशतले हुन भौचर श्रेष्तामा संलग्न नभएकोले रु.११,८६५।- दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

५.११. विस्तरा तथा फर्निचर सामान खरीद एक सप्लायर्सलाई खर्च गर्दा कर कट्टी गरेको रु १,४१३।- को दाखिला प्रमाण पेश हुनुपर्दछ ।

५.१२. मोटरसाइकल खरीद रु २,४३,९००।- खर्च गर्दा कर कट्टी गरेको रु ३,२४७।- को दाखिला प्रमाण पेश हुनुपर्दछ ।

५.१३. भाडामा गाडी प्रति महिना रु १,१०,०००।- दरले वार्षिक ३ महिनाको रु ३,३०,०००।- खर्च लेखेकोमा १० प्रतिशतले हुने रु ३३,०००।-  कर कट्टा गर्नुपर्नेमा रु ३१,०००।- कर कट्टी गरेकोले छुट रु २,०००।- असुल गर्नुपर्दछ । कर कट्टी रु.३१,०००।- राजस्व दाखिला भौचर पेश नभएको र रु.२,९९,०००।- गाडी धनीले बुझेको नदेखिएकोले प्रमाण पेश गर्नुपर्दछ ।

६. **बिल भपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा  खर्चको वील भरपाई सहितको लेख राख्नु पर्ने व्यवस्था छ । वडा नं १० मा च्यानाम जोडने मोटर निर्माण कार्यको उपभोक्ता समितिको रु १०,००,०००।- खर्च लेखेको छ । सो खर्च लेख्दा लागत अनुमान, नापी किताव, कार्य सम्पन्न प्रतिबेदन संलग्न गरेको भएपनि खर्च पुष्ट्याइ गर्ने बिल भपाई संलग्न नभएकाले उक्त खर्च नियमित मान्ने आधार पेश हुनुपर्दछ ।

७. **मौज्दात वाँकी :** १० वडामा उपलब्ध गराइएको पेश्की वषान्तमा खर्च भै बाकी मुल कोषमा दाखिला गर्नु हुदा रु.१७,६०,७११।- मुल कोषमा दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ । त्यस्तै संघीय संरचनाको रु ८०,००,०००।- निकासा रु ३,१३०,००० ।- खर्च गरी रु.४८,७०,०००।- वाँकी मौज्दात रहेको छ । फ्रिज गर्नु पर्ने कुनै स्पष्ट नीति निर्देशन लेखापरीक्षणमा प्राप्त हुन स्पष्ट प्रमाण पेश हुनुपर्दछ ।

८. **जिम्मेवारी फरक :** साबिक निकायको आर्थिक बिबरणमा रु ५५,०७,४३१।- जिम्मेवारी देखिएको छ भने निकायको रु ५२,६२,४७२।- मात्र देखिन्न आयो । फरक रु.२,४४,९५९।- का वारे एकिन गरी लेखा स्पष्ट गर्नु पर्दछ ।

९. **पेश्की :** बाँकी पेश्कीको बिबरण अनुसार गत बर्षसम्मको रु.१२,१७,३००।- र यो बर्षको रु १०,०४,०००।- समेत रु.२२,२१,३००।- पेश्की फछर्यौट गर्नुपर्दछ ।

१०. सोलर सेट खरीद वापत खर्च गर्दा कट्टी गरेको कर रु.७,२०५।- को दाखिला प्रमाण पेश हुनुपर्दछ ।

११. संचार वापत रु.१४,६००।- खर्च गर्दा रु ३,०००।- को मात्र नेपाल टेलिकमको विल संलग्न गरेको विना बिल रु.११,६००।- असुल गर्नुपर्दछ ।

१२. बिजुलीको सामान बापत रु ५,६३०।- खर्च लेख्दा खरिद आदेश र दाखिला रिपोर्ट संलग्न नगरी रु ४,६६३।- मात्र बिल संलग्न देखिएकोले रु ९६७ ।- असुल गरी रु ४,६६३।- को खरिद आदेश र दाखिला रिपोर्ट पेश हुनुपर्दछ ।

१३. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ वमोजिम अग्रिम करकट्टी गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । साविक बलखु मोटर बाटो निर्माण योजना कार्यसम्पन्न पेश भई उपभोक्तालाई पेश्की रु २,००,०००।- फछर्यौट गरी रु ४,८४,०००।- भुक्तानी भएको स्रेस्ता लेखापरीक्षण गर्दा रु.७,३१,३१२।- का सामान खरिद गरेको देखिंदा सो मा १.५ प्रतिशतले अग्रिम आयकर रु १०,९७०।- असुल गरी राजस्व दाखिला गर्नुपर्ने पर्दछ ।

१४. **नगद मौज्दात** : नगद मौज्दात रहेको रु ५,०४४।- मुल कोषमा दाखिला प्रमाण पेश हुनुपर्दछ ।

१५. **प्रमाणपेश** :- **साविक च्यानाम** युनिसेफको रु १८,५२,०००।- मध्ये रु १५,८८,०००।- को स्रेस्ता जि.स.स.मा पठाएकोले सोको लेखापरीक्षण भएको छैन । युनिसेफमा रु २,६४,०००।- मा रु २,२८,०००।- बितरण गरेको भपाई संलग्न छ भने रु ३६,०००।- एक व्यक्तिको नगदै बुझाएको भनेकोमा सो बैंक दाखिला प्रमाण पेश हुनपर्दछ ।

**बेरुजुको स्थिति**

यो वर्षको लेखापरीक्षणवाट रु ६५ लाख ३१ हजार शुरु बेरुजु रहेकोमा असुल गर्नुपर्ने रु.७० हजार र नियमित गर्नुपर्ने रु.६४ लाख ६१ हजार बाकी रहेको छ ।

# हलेसी तुवाचुङ नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

यो वर्षको आय रु.११ करोड ४० लाख ५७ हजार आय भई रु.११ करोड ३६ लाख ९७ हजार खर्च भई रु.३ लाख ६० हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन :

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा र न्याय अभिलेख तथा बेरुजको लगत अद्यावधिक गरेको छैन । वितरण गरेको न्याय र सुरक्षाभत्ता भरपाइमा औंठाछाप मात्र लगाई बुझेको देखिएकोमा जिम्मेवारले वितरणको अवस्था यकिन गर्नुपर्ने देखिएको छ । साविकका निकायमा जिन्सीको अवस्था देखिने गरी अभिलेख तयार नभएको साथै सम्पत्ति बरबुझारथको अभिलेख राखेको देखिएन । खर्च गरेको विल भरपाईको कर कट्टी गरेको देखिएन । कर यकिन गरी कर कट्टी  गरेर खर्च गर्ने व्यवस्थालाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

२. **सम्पत्ति अभिलेख :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा जिन्सी मालसामानको लगत तयार  गर्ने व्यस्था छ । स्थानीय तहको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन सहित अभिलेख राखेको देखिएन । मूल्य खुल्ने गरी स्वामित्वमा रहेका सम्पत्तिको अभिलेख तयार गरी सम्पत्तिको अभिलेख सुदृढ गर्नुपर्ने देखिएको छ ।

३. **योजना व्यवस्था :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) क मा  लाभग्राही समुदायले ब्यहोर्ने योगदान निर्माण कार्य सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले सम्झौता गरी निर्माण कार्य गराउँदा  समितिले व्यहोर्ने योगदान समावेश नगरेको, लागत अनुमान तयार गर्दा योगदानको अंश आँशिक  समावेश गरेको भएपनि कार्य सम्पन्न प्रतिवेदनमा नखुलेको, सम्पन्न योजनाको कार्यसम्पन्न प्रतिवेदन, नापी किताव, आवश्यक विल भरपाई, निर्माण सम्पन्न भएको देखिने फोटोग्राफ तथा निर्माण सम्पन्न प्रतिवेदन सहितको अन्तिम बिल समावेश गर्नुपर्नेमा प्रमाणित गर्ने कागजात मात्र समावेश गरी खर्च दिनुपर्दछ खर्च प्रमाणित गर्ने कागजात संलग्न गरी भुक्तानी दिने व्यवस्था द्धारा आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

४. **भुक्तानी व्यवस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ मा सरकारी कार्यालयले बैंक मार्फत मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले निकासा दिएको पूँजीगत तथा सामाजिक सुरक्षा अनुदान बैंक खातामा प्राप्त गरी सचिवले नगद मौज्दात राखी खर्च गरी लेखामा प्रविष्टी गर्ने गरेको देखियो । खाता सञ्चालन गर्ने जिम्मेवारले बैंक मार्फत कारोबार नगरी नगद लिई सुविधाको आधारमा भुक्तानी गर्दा मापदण्डको पालना भएको छैन । बैंक मार्फत खर्च गर्ने व्यवस्था मिलाई खर्च प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ ।

५. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) घ मा लाभग्राहीवाट गराइएको निर्माण कार्यको सम्झौतामा निर्माण कार्य सम्पन्न पछि मर्मत संभार आफैले लाभग्राहीवाट गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । काम तथा खर्चको सूचना सार्वजनिक टाँस गर्नुपर्ने र  सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा सो व्यवस्था अनुसार सामाजिक लेखापरीक्षण गरेको देखिएन । गरेको कार्यको पारदर्शिता वृद्धि गर्न सो प्रावधानको पालना गर्नुपर्ने देखिएको छ ।

६. **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकको व्यवस्था छ । यो तह र निकायले साविकका ती शीर्षक फरक राखी आर्थिक विवरण तयार गरेको, आम्दानी तथा खर्च परिषदबाट अनुमोदन नगराएको देखिएको छ । आर्थिक विवरण तयार गरी परिषदबाट अनुमोदन गरी पारदर्शिता कायम गर्नुपर्ने देखिएको छ ।

७. **मालपोत :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५(ख) बमोजिम मालपोत असुलीको २५ प्रतिशतले हुने रकम साविकको जिससमा दाखिला गर्नुपर्ने व्यवस्था छ । प्राप्त आर्थिक विवरण अनुसार साविकका निकायले आम्दानी नदेखाएकोले मालपोत असूली अवस्था र जिससमा दाखिला गर्नुपर्ने यकिन हुन सकेन ।

८. **जिम्मेवारी :** निकासा भएको २ शीर्षकको रु.४,३२,४५,८७२।- मध्येबाट २ शीर्षकमा हस्तान्रण भई खर्च गरी बाँकी रहेको रु.५२,५१,२७१।- आगामी वर्षको लागि जिम्मेवारी सार्नु पर्ने देखिएको छ ।

९. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०६९ को १९(२) मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची-१३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । राजापानी सहित ११ निकायमा रु.४,३६,८४,८००।- सामाजिक सुरक्षा सुविधा वितरण गर्दा पालना गरेको देखिएन । कार्यविधिको प्रावधान पालना गरी सामाजिक सुरक्षा सुविधा वितरण व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

१०. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । साथै ल्यापटप, प्रिन्टर सहित ७ थान उपकरण र फर्निचर सामान छनौट गरी रु.२५,००,९४८।- का सामान प्रतिस्पर्धा नगरी पटक पटक गरी खरिद गरेको देखियो । खरिद कार्य प्रतिष्पर्धा नहुदा नतिजामुखी रहेको देखिएन । ऐनको प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ ।

११. **थप व्यहोरा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नु पर्ने व्यवस्था छ । हलेसी तुवाचुङले रु.२,६५,९५०।- को प्लास्टिक टनेल खरिद अनुदान वितरण गर्दा भरपाई संलग्न गरेको छैन । प्राष्टिक वितरण गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको छ ।

१२. **लेखापरीक्षण नभएको :**साविक महादेवस्थानको श्रेष्ता लेखापरीक्षणका लागि पेश भएको छैन । जिससले उपलव्ध गराएको विवरण अनुसार सचिवको नाममा पेश्की कायम भई चालु अनुदान,पूँजीगत अनुदान र सामाजिक सुरक्षा अनुदान गरी रु.३४,४७,८३५।- को निकासा भएको छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं. ११ र ४७९ मिति २०७३।१२।२५ को परिपत्रमा निर्देशन भए अनुसार खर्चको विल भरपाई आषाढ मसान्तसम्ममा पेश गरी मूल कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था भएकोमा यो तहले खर्चको र बाँकीको विवरण समेत पेश गरेको छैन । बाँकी रकम नियमानुसार फछ्र्यौट गरी फरफारक गर्नुपर्ने देखिएको छ ।

## बेरुजू स्थिति

यो वष लेखापरीक्षणबाट रु.५५ लाख १६ हजार देखिएकोमध्ये नियमित गर्नुपर्ने रु.५५ लाख १६ हजार रहेको छ ।

# रुपाकोट मझुवागढी नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.२२ लाख ३३ हजार र यो वर्षको आय रु.२० करोड ६१ लाख ९४ समेत रु.२० करोड ८४ लाख २७ हजार आय भई रु.१८ करोड २९ लाख ६३ हजार खर्च गरी रु.२ करोड ५३ लाख ६४ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन :

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा र न्याय अभिलेख तथा बेरुजको लगत अद्यावधिक गरेको छैन । वितरण गरेको न्याय र सुरक्षाभत्ता भरपाइमा औंठाछाप मात्र लगाई बुझेको देखिएकोमा जिम्मेवारले वितरणको अवस्था यकिन गर्नुपर्ने देखिएको छ । साविकका निकायमा जिन्सीको अवस्था देखिने गरी अभिलेख तयार नभएको साथै सम्पत्ति बरबुझारथको अभिलेख राखेको देखिएन । खर्च गरेको विल भरपाईको कर कट्टी गरेको देखिएन । कर यकिन गरी कर कट्टी गरेर खर्च गर्ने व्यवस्थालाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

२. **सम्पत्ति अभिलेख :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा जिन्सी मालसामानको लगत तयार गर्ने व्यस्था छ। स्थानीय तहको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन सहित अभिलेख राखेको देखिएन । मूल्य खुल्ने गरी स्वामित्वमा रहेका सम्पत्तिको अभिलेख तयार गरी सम्पत्तिको अभिलेख सुदृढ गर्नुपर्ने देखिएको छ।

३. **इन्धन तथा मर्मत खर्च :** सार्वजनिक साधन तथा मेशीनरी उपकरण मर्मत गरेपछि म.ले.प.फा.नं. २ मा अभिलेख राख्नु पर्ने व्यवस्था छ । नगरपालिकामा रहेका सवारीसाधनहरु (जीप, ट्रीपर, व्याक हो लोडर आदि) मा विभिन्न समयमा प्रयोग भएको इन्धन खर्चको लग बुक नराखेको तथा ती सवारीसाधनहरु मर्मत गरी मर्मत खर्च लेखेकोमा मर्मत अभिलेख समेत राखेको पाइएन । इन्धन तथा मर्मत खर्च लेख्दा नियमानुसार अभिलेख राखेर खर्च लेख्नु पर्ने देखिएको छ।

४. **भुक्तानी व्यवस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ मा सरकारी कार्यालयले बैंक मार्फत मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले निकासा दिएको पूँजीगत तथा सामाजिक सुरक्षा अनुदान बैंक खातामा प्राप्त गरी सचिवले नगद मौज्दात राखी खर्च गरी लेखामा प्रविष्टी गर्ने गरेको देखियो । खाता सञ्चालन गर्ने जिम्मेवारले बैंक मार्फत कारोबार नगरी नगद लिई सुविधाको आधारमा भुक्तानी गर्दा मापदण्डको पालना भएको छैन । बैंक मार्फत खर्च गर्ने व्यवस्था मिलाई खर्च प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ ।

५. **हिसाव मिलान :** मर्मत संभार कोषको आर्थिक कारोबार सञ्चालन गर्दा बैंक नगदी कितावका अभिलेख भएको भन्दा बैंक विवरण रु.३७,८५२।- बढी मौज्दात छ । सो बढी मौज्दात रु.३७,८५२।- हिसाव मिलान गर्नुपर्ने देखिएको छ ।

६. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) घ मा लाभग्राहीवाट गराइएको निर्माण कार्यको सम्झौतामा निर्माण कार्य सम्पन्न पछि मर्मत संभार आफैले लाभग्राहीवाट गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । काम तथा खर्चको सूचना सार्वजनिक टाँस गर्नुपर्ने र सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा सो व्यवस्था अनुसार सामाजिक लेखापरीक्षण गरेको देखिएन । गरेको कार्यको पारदर्शिता वृद्धि गर्न सो प्रावधानको पालना गर्नुपर्ने देखिएको छ।

७. **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकको व्यवस्था छ। यो तह र निकायले साविकका ती शीर्षक फरक राखी आर्थिक विवरण तयार गरेको, आम्दानी तथा खर्च परिषदबाट अनुमोदन नगराएको देखिएको छ। आर्थिक विवरण तयार गरी परिषदबाट अनुमोदन गरी पारदर्शिता कायम गर्नुपर्ने देखिएको छ।

८. **मालपोत :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५(ख) बमोजिम मालपोत असुलीको २५ प्रतिशतले हुने रकम साविकको जिससमा दाखिला गर्नुपर्ने व्यवस्था छ। प्राप्त आर्थिक विवरण अनुसार साविकका निकायले आम्दानी नदेखाएकोले मालपोत असूली अवस्था र जिससमा दाखिला गर्नुपर्ने यकिन हुन सकेन ।

९. **योजना व्यवस्था :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) क मा लाभग्राही समुदायले व्यहोर्ने योगदान निर्माण कार्य सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले सम्झौता गरी निर्माण कार्य गराउँदा समितिले व्यहोर्ने योगदान समावेश नगरेको, लागत अनुमान तयार गर्दा योगदानको अंश आँशिक समावेश गरेको भएपनि कार्य सम्पन्न प्रतिवेदनमा नखुलेको, सम्पन्न योजनाको कार्यसम्पन्न प्रतिवेदन, नापी किताव, आवश्यक विल भरपाई, निर्माण सम्पन्न भएको देखिने फोटोग्राफ तथा निर्माण सम्पन्न प्रतिवेदन सहितको अन्तिम बिल समावेश गर्नुपर्नेमा प्रमाणित गर्ने कागजात मात्र समावेश गरी

खर्च दिनुपर्दछ खर्च प्रमाणित गर्ने कागजात संलग्न गरी भुक्तानी दिने व्यवस्था द्धारा आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

१०. **मौज्दात जिम्मेवारी** : निकासा भएको २ शीर्षकको रु. ४,३२,४५,८७२।- मध्येबाट २ शीर्षकमा हस्तान्रण भई खर्च गरी बाँकी रहेको रु. रु. ५२,५१,२७१।- आगामी वर्षको लागि मौज्दात जिम्मेवारी सार्नु पर्ने देखिएको छ ।

११. **सामाजिक सुरक्षा** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०६९ को १९(२) मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची-१३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । साविक नेर्पा सहित १० निकायमा रु.८,९७,६०,६००।- सामाजिक सुरक्षा सुविधा वितरण गर्दा पालना गरेको देखिएन । कार्यविधिको प्रावधान पालना गरी सामाजिक सुरक्षा सुविधा वितरण व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

१२. **खरिद व्यवस्था** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । नमूनाका आधारमा मेशीनरी उपकरण सहित ७ थान सम्पत्ति सामान छनौट गर्दा रु. २७,२३,३८०।०० का सामान प्रतिस्पर्धा बेगर पटक पटक गरी खरिद गरेको देखियो । खरिद प्रतिष्पर्धा नतिजामुखी रहेको देखिएन । खरिद प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ ।

१३. **दाखिला** : सामाजिक सुरक्षा कार्यक्रम तर्फ नगरपालिकाको खातामा रु.१३,२०,०००।- मध्ये रु.८,७०,४००।- खर्च गरी रु.४,४९,६००।- बाँकी हुँदा कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्नेमा स्थानीय संचित कोषमा दाखिला गरेको देखियो सो संघीय संचित कोष दाखिला गर्नुपर्ने देखिएको छ ।

१४. **अग्रिम आयकर** : आयकर ऐन, २०५८ को दफा ८९ मा मालसामान खरिद भुक्तानीमा १.५ प्रतिशत कर कट्टी गर्नु पर्ने व्यवस्था छ । स्थानीय विद्युत विस्तार कार्यक्रममा रु.४९,६६,३५८।- खर्च १.५ प्रतिशतले हुने अग्रिम कर रु.७४,४९५।- कट्टी गरेको देखिएन । सो असुल गरी बेरुजू दाखिला गर्नुपर्दछ ।

१५. **लेखापरीक्षण प्रतिवेदन** : गत वर्षको लेखापरीक्षण प्रतिवेदनले दाखिला गर्नुपर्ने भनी औल्याएको निम्नानुसार मालपोत रु.९,७२६।- र सामाजिक सुरक्षा कर रु.३,०१०।- गरी रु.१२,७३६।- दाखिला नगरेकोले दाखिला गरी फछ्र्यौट गर्नुपर्ने देखिएको छ ।

## बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.५८ लाख २३ हजार कुल बेरुजू रहेकोमध्ये असुल गनुपर्ने रु.८६ हजार र नियमित गर्नुपर्ने रु.५७ लाख ३७ हजार रहेको छ ।

# ऐसेलुखर्क गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.३ लाख १८ हजार र यो वर्षको आय रु.७ करोड ८८ लाख १३ हजार समेत रु.७ करोड ९१ लाख ३१ हजार आय भएकोमा रु.७ करोड ६७ लाख ४२ हजार खर्च भई रु.२३ लाख ८९ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन् :

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजको लगत राखेको छैन । सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगतको भत्ताको भरपाईमा औंठाछाप मात्र लगाई बुझाएकोले जिम्मेवार पदाधिकारीले वितरणको अवस्था यकिन गर्नुपर्ने देखिएको छ । साविकका निकायको सम्पत्तिको अवस्था देखिने गरी विवरण तयार नभएको साथै बरबुझारथको अभिलेख राखेको देखिएन । खर्च विल भरपाईको कर कट्टी गरेको देखिएन । खर्च यकिन गरी कर कट्टी  गरेर मात्र खर्च गर्ने व्यवस्थालाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

परिषदको निर्णय अनुसार स्वीकृत बजेट सीमाभित्र रही खर्च गर्नुपर्नेमा लेखापरीक्षण गर्दा स्वीकृत बजेट र कार्यक्रमको विवरण पेश भएको छैन । योजना छनौट र बजेट व्यवस्था बारेमा पारदर्शिता कायम भएको देखिएन ।

२. **सम्पत्ति लेखांकन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा जिन्सी मालसामानको लगत तयार  गर्ने व्यस्था छ । साविक स्थानीय निकायको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान जस्ता सम्पत्तिको मूल्यांकन सहित अभिलेख अद्यावधिक गरेको देखिएन । सम्पत्तिको मूल्य खुल्ने गरी सम्पत्तिको अभिलेख तयार गरी सम्पत्ति अभिलेख सुदृढ गर्नुपर्ने देखिएको छ ।

३. **योजना व्यवस्थापन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) क मा लाभग्राही समुदायले ब्यहोर्ने वा ब्यहोर्नु पर्ने अंक निर्माण कार्य सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । स्थानीय तह र अन्तरगतका लाभग्राही मार्फत सम्झौता गरी निर्माण कार्य गराउँदा लाभग्राहीले व्यहोर्ने योगदान रकम संलग्न नगरेको, लागत अनुमान गर्दा लाभग्राहीको योगदानको अंश आँशिक समावेश गरेको भएपनि कार्य सम्पन्न प्रतिवेदनमा नखुलेको, सम्पन्न योजनाको कार्यसम्पन्न प्रतिवेदन, नापी किताव, आवश्यक विल भरपाई, निर्माण सम्पन्न भएको देखिने फोटोग्राफ तथा निर्माण सम्पन्न प्रतिवेदन सहितको अन्तिम बिल समावेश गर्नुपर्नेमा आंशिक कागजात समावेश गरी भुक्तानी दिएको देखियो । स्रेस्ता कागजात संलग्न गरी खर्च गर्ने व्यवस्था गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्नुपर्दछ ।

४. **भुक्तानी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ मा सरकारी कार्यालयले बैंक मार्फत मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । जि.स.स र तह मार्फत साविकका निकायमा निकासा गरिएको पूँजीगत तथा सामाजिक सुरक्षा अनुदान बैंक खातामा प्राप्त हुने वित्तिकै साविक सचिवले तहविल मौज्दात कायम गरी नगद राख्ने गरेको  लाभग्राही तथा व्यवसायीलाई भुक्तानी गर्ने गरेको देखियो । खाता सञ्चालन गर्नेले बैंक मार्फत कारोबार गर्नुपर्नेमा नगद लिई खर्च गर्दा नियमावलीको पालना भएको छैन । बैंक मार्फत कारोवार गर्ने व्यवस्था मिलाई खर्च प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ ।

५. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) (घ) मा लाभग्राही मार्फत निर्माण कार्यको सम्झौतामा निर्माण कार्य सम्पन्न पश्चात सञ्चालन र मर्मत संभार लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था छ । यस तह अन्तर्गतका साविकका निकायले लाभग्राहीसँग गरेको सम्झौतामा सो व्यहोरा समावेश गरेको देखिएन । प्रत्येक किस्ताबाट गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको वारेमा सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा कानूनी सामाजिक लेखापरीक्षण गरेको देखिएन । कार्यको पारदर्शिता वृद्धि गर्न कानूनी प्रावधानको पालना गर्नुपर्ने देखिएको छ ।

६. **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्चको व्यवस्था छ । यो तहका साविकका निकायले उल्लेखित भन्दा शीर्षक गरी लेखांकन गरेको, आम्दानी तथा खर्च परिषदबाट अनुमोदन नगराएको देखिएको छ । आर्थिक विवरण तयार गर्नुपर्ने साथै विवरण अनुमोदन गरी पारदर्शिता गर्नुपर्ने देखिएको छ ।

७. **मालपोत :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५(ख) बमोजिम मालपोत असुलीको २५ प्रतिशतले हुने रकम जि.स.स.मा दाखिला गर्नुपर्ने व्यवस्था छ । आर्थिक विवरण अनुसार साविकका निकायले आम्दानी नदेखाएकोले मालपोत असुलीको अवस्था र जि.स.स मा हस्तातरण गर्नुपर्ने यकिन हुन सकेन ।

८. **जिम्मेवारी :** चालु अनुदान रु.२०,००,०००।- मध्ये १९,८६,८३५।०० खर्च भई रु.१३१६५।- फिता भएको छ । र पूँजीगत रु.३२,००,०००।- खर्च भई रु.४८,००,०००।- मौज्दात रहेको छ । सो मौजदात आर्थिक वर्षमा जिम्मेवारी सार्नुपर्ने देखिएको छ ।

९. **छुट नगद :** साविक सचिवको नाममा गत वर्षको तहबिल रु.३,०६,९२१।- मौज्दाता विवरण समावेश छैन उक्त मौज्दात स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने देखिएको छ ।

१०. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०६९ को १९(२) मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची-१३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । साविक राखावाङदेल निकाय सहित ७ निकायको २ किस्ता रु.३,००,५२,०००।- सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सार्वजनिक गरेको देखिएन । सार्वजनिक गर्नुपर्ने निकायको पालना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

११. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । कम्प्युटर सहित ६ थान विभिन्न सम्पत्ति सामान छनौट गर्दा रु.३९,७६,०९३।- का सम्पत्ति प्रतिस्पर्धा नगरी पटक पटक गरी खरिद गरेको देखियो । खरिद व्यवस्था प्रभावकारी रहेको देखिएन । प्रतिष्पर्धाको प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ ।

## बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.५१ लाख ६ हजार देखिएकोमध्ये रु.५१ लाख ६ हजार नियमित गर्नुपर्ने रहेको छ ।

# लामिडाँडा गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

यो वर्षको आय रु.५ करोड ६९ लाख ४ हजार आय भई रु.५ करोड ३८ लाख २३ हजार खर्च गरी रु.३० लाख ८१ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन :

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा र न्याय अभिलेख तथा बेरुजको लगत अद्यावधिक गरेको छैन । वितरण गरेको न्याय र सुरक्षाभत्ता भरपाइमा औंठाछाप मात्र लगाई बुझेको देखिएकोमा जिम्मेवारले वितरणको अवस्था यकिन गर्नुपर्ने देखिएको छ । साविकका निकायमा जिन्सीको अवस्था देखिने गरी अभिलेख तयार नभएको साथै सम्पत्ति बरबुझारथको अभिलेख राखेको देखिएन । खर्च गरेको विल भरपाईको कर कट्टी गरेको देखिएन । कर यकिन गरी कर कट्टी गरेर खर्च गर्ने व्यवस्थालाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

२. **सम्पत्ति अभिलेख:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा जिन्सी मालसामानको लगत तयार गर्ने व्यस्था छ । स्थानीय तहको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन सहित अभिलेख राखेको देखिएन । मूल्य खुल्ने गरी स्वामित्वमा रहेका सम्पत्तिको अभिलेख तयार गरी सम्पत्तिको अभिलेख सुदृढ गर्नुपर्ने देखिएको छ ।

३. **योजना व्यवस्था :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) क मा लाभग्राही समुदायले ब्यहोर्ने योगदान निर्माण कार्य सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले सम्झौता गरी निर्माण कार्य गराउँदा समितिले व्यहोर्ने योगदान समावेश नगरेको, लागत अनुमान तयार गर्दा योगदानको अंश आँशिक समावेश गरेको भएपनि कार्य सम्पन्न प्रतिवेदनमा नखुलेको, सम्पन्न योजनाको कार्यसम्पन्न प्रतिवेदन, नापी किताव, आवश्यक विल भरपाई, निर्माण सम्पन्न भएको देखिने फोटोग्राफ तथा निर्माण सम्पन्न प्रतिवेदन सहितको अन्तिम बिल समावेश गर्नुपर्नेमा प्रमाणित गर्ने कागजात मात्र समावेश गरी खर्च दिनुपर्दछ खर्च प्रमाणित गर्ने कागजात संलग्न गरी भुक्तानी दिने व्यवस्था द्धारा आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

४. **भुक्तानी व्यवस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ मा सरकारी कार्यालयले बैंक मार्फत मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले निकासा दिएको पूँजीगत तथा सामाजिक सुरक्षा अनुदान बैंक खातामा प्राप्त गरी सचिवले नगद मौज्दात राखी खर्च गरी लेखामा प्रविष्टी गर्ने गरेको देखियो । खाता सञ्चालन गर्ने जिम्मेवारले बैंक मार्फत कारोबार नगरी नगद लिई सुविधाको आधारमा भुक्तानी गर्दा मापदण्डको पालना भएको छैन । बैंक मार्फत खर्च गर्ने व्यवस्था मिलाई खर्च प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ ।

५. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) घ मा लाभग्राहीवाट गराइएको निर्माण कार्यको सम्झौतामा निर्माण कार्य सम्पन्न पछि मर्मत संभार आफैले लाभग्राहीवाट गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । काम तथा खर्चको सूचना सार्वजनिक टाँस गर्नुपर्ने र सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा सो व्यवस्था अनुसार सामाजिक लेखापरीक्षण गरेको देखिएन । गरेको कार्यको पारदर्शिता वृद्धि गर्न सो प्रावधानको पालना गर्नुपर्ने देखिएको छ ।

६. **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकको व्यवस्था छ । यो तह र निकायले साविकका ती शीर्षक फरक राखी आर्थिक विवरण तयार गरेको, आम्दानी तथा खर्च परिषदबाट अनुमोदन नगराएको देखिएको छ । आर्थिक विवरण तयार गरी परिषदबाट अनुमोदन गरी पारदर्शिता कायम गर्नुपर्ने देखिएको छ ।

७. **मालपोत :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५(ख) बमोजिम मालपोत असुलीको २५ प्रतिशतले हुने रकम साविकको जिससमा दाखिला गर्नुपर्ने व्यवस्था छ । प्राप्त आर्थिक विवरण अनुसार साविकका निकायले आम्दानी नदेखाएकोले मालपोत असूली अवस्था र जिससमा दाखिला गर्नुपर्ने यकिन हुन सकेन ।

८. **जिम्मेवारी :** निकासा भएको २ शीर्षकको रु. ३,०१,८८,३७५।- मध्येबाट २ शीर्षकमा हस्तान्रण भई खर्च गरी बाँकी रहेको रु.४८,०१,७००।- आगामी वर्षको लागि मौज्दात जिम्मेवारी सार्नु पर्ने देखिएको छ ।

९. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०६९ को १९(२) मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची-१३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । धारापानी सहित ६ निकायमा रु. रु. ३,४३,२२,६००।- सामाजिक सुरक्षा सुविधा वितरण गर्दा पालना गरेको देखिएन । कार्यविधिको प्रावधान पालना गरी सामाजिक सुरक्षा सुविधा वितरण व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

१०. **खरिद व्यवस्था :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । नमूनाका आधारमा मेशीनरी उपकरण सहित ७ थान सम्पत्ति सामान छनौट गर्दा रु.२७,२३,३८०।- का सामान प्रतिस्पर्धा बेगर पटक पटक गरी खरिद गरेको देखियो । खरिद प्रतिष्पर्धा नतिजामुखी रहेको देखिएन । खरिद प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ ।

११. **संचित कोष :** संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्रमा भएको निर्देशन अनुसार वडा कार्यालयलाई दिएको मध्येबाट खर्च नभई बाँकी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्नेमा साविक निकायको सचिवको पेश्कि रु.२६,७८,२३५।- फिर्ता भएको देखिएन । सो संचितकोष खातामा फिर्ता हुनुपर्ने देखिएको छ ।

१२. **लेखापरीक्षण नभएको :** साविक कुभिण्डेको श्रेष्ता लेखापरीक्षणका लागि पेश भएको छैन । जिससमा उपलव्ध गराएको विवरणमा अनुसार चालु, पूँजीगत र सामाजिक सुरक्षामा रु.२६,७८,२३५।- को निकासा भएको छ । निकासा भई गएको रकमको खर्च अवस्था यकिन हुनुपर्ने देखिएको छ । गत विगत आर्थिक वर्षको लेखापरीक्षण नभएकोले आय व्ययको वास्तविक अवस्था यकिन भएको देखिएन । प्रचलित कानून बमोजिम लेखापरीक्षण व्यवस्था सुदृढ गरी आय व्ययलाई व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.४७ लाख ७९ हजार कुल बेरुजू रहेकोमध्ये नियमित गर्नुपर्ने रु.७४ लाख ७९ हजार रहेको छ ।

# जन्तेढुङ्गा गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

यो वर्षको आय रु.५ करोड ६ लाख ७३ हजार आय भई रु.५ करोड ६ लाख १५ हजार खर्च गरी रु.५८ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन :

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा र न्याय अभिलेख तथा बेरुजको लगत अद्यावधिक गरेको छैन । वितरण गरेको न्याय र सुरक्षाभत्ता भरपाइमा औंठाछाप मात्र लगाई बुझेको देखिएकोमा जिम्मेवारले वितरणको अवस्था यकिन गर्नुपर्ने देखिएको छ । साविकका निकायमा जिन्सीको अवस्था देखिने गरी अभिलेख तयार नभएको साथै सम्पत्ति बरबुझारथको अभिलेख राखेको देखिएन । खर्च गरेको विल भरपाईको कर कट्टी गरेको देखिएन । कर यकिन गरी कर कट्टी  गरेर खर्च गर्ने व्यवस्थालाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

२. **सम्पत्ति अभिलेख:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा जिन्सी मालसामानको लगत तयार  गर्ने व्यस्था छ । स्थानीय तहको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन सहित अभिलेख राखेको देखिएन । मूल्य खुल्ने गरी स्वामित्वमा रहेका सम्पत्तिको अभिलेख तयार गरी सम्पत्तिको अभिलेख सुदृढ गर्नुपर्ने देखिएको छ ।

३. **योजना व्यवस्था :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) क मा  लाभग्राही समुदायले ब्यहोर्ने योगदान निर्माण कार्य सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले सम्झौता गरी निर्माण कार्य गराउँदा  समितिले व्यहोर्ने योगदान समावेश नगरेको, लागत अनुमान तयार गर्दा योगदानको अंश आँशिक  समावेश गरेको भएपनि कार्य सम्पन्न प्रतिवेदनमा नखुलेको, सम्पन्न योजनाको कार्यसम्पन्न प्रतिवेदन, नापी किताव, आवश्यक विल भरपाई, निर्माण सम्पन्न भएको देखिने फोटोग्राफ तथा निर्माण सम्पन्न प्रतिवेदन सहितको अन्तिम बिल समावेश गर्नुपर्नेमा प्रमाणित गर्ने कागजात मात्र समावेश गरी खर्च दिनुपर्दछ खर्च प्रमाणित गर्ने कागजात संलग्न गरी भुक्तानी दिने व्यवस्था द्वारा आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

४. **भुक्तानी व्यवस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ मा सरकारी कार्यालयले बैंक मार्फत मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले निकासा दिएको पूँजीगत तथा सामाजिक सुरक्षा अनुदान बैंक खातामा प्राप्त गरी सचिवले नगद मौज्दात राखी खर्च गरी लेखामा प्रविष्टी गर्ने गरेको देखियो । खाता सञ्चालन गर्ने जिम्मेवारले बैंक मार्फत कारोबार नगरी नगद लिई सुविधाको आधारमा भुक्तानी गर्दा मापदण्डको पालना भएको छैन । बैंक मार्फत खर्च गर्ने व्यवस्था मिलाई खर्च प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ ।

५. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) घ मा लाभग्राहीवाट गराइएको निर्माण कार्यको सम्झौतामा निर्माण कार्य सम्पन्न पछि मर्मत संभार आफैले लाभग्राहीवाट गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । काम तथा खर्चको सूचना सार्वजनिक टाँस गर्नुपर्ने र  सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा सो व्यवस्था अनुसार सामाजिक लेखापरीक्षण गरेको देखिएन । गरेको कार्यको पारदर्शिता वृद्धि गर्न सो प्रावधानको पालना गर्नुपर्ने देखिएको छ ।

६. **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकको व्यवस्था छ । यो तह र निकायले साविकका ती शीर्षक फरक राखी आर्थिक विवरण तयार गरेको, आम्दानी तथा खर्च परिषदबाट अनुमोदन नगराएको देखिएको छ । आर्थिक विवरण तयार गरी परिषदबाट अनुमोदन गरी पारदर्शिता कायम गर्नुपर्ने देखिएको छ ।

७. **मालपोत :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५(ख) बमोजिम मालपोत असुलीको २५ प्रतिशतले हुने रकम साविकको जिससमा दाखिला गर्नुपर्ने व्यवस्था छ । प्राप्त आर्थिक विवरण अनुसार साविकका निकायले आम्दानी नदेखाएकोले मालपोत असूली अवस्था र जिससमा दाखिला गर्नुपर्ने यकिन हुन सकेन ।

८. **जिम्मेवारी  :** निकासा भएको २ शीर्षकको रु. २,९९,७८,५२३।-  मध्येबाट २ शीर्षकमा हस्तान्रण भई खर्च गरी बाँकी रहेको रु.६४,४१,४४२।- आगामी वर्षको लागि जिम्मेवारी सार्नु पर्ने देखिएको छ ।

९. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ को १९(२) मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची-१३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । काउले सहित ६ निकायमा रु. रु.२,७६,४८,६००।- सामाजिक सुरक्षा सुविधा वितरण गर्दा पालना गरेको देखिएन । कार्यविधिको प्रावधान पालना गरी सामाजिक सुरक्षा सुविधा वितरण व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

१०. **खरिद व्यवस्था :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ। नमूनाका आधारमा मोटर साइकल सहित ९ थान सम्पत्ति सामान छनौट गर्दा रु.२८,१०,४५५।- का सामान प्रतिस्पर्धा बेगर पटक पटक गरी खरिद गरेको देखियो। खरिद प्रतिष्पर्धा नतिजामुखी रहेको देखिएन। खरिद प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ।

११. **पेश्की फछ्र्यौट :** आर्थिक कार्यविधि नियमावली, २०६४ मा पेश्की फछ्र्यौट गर्दा कार्य सम्पन्न प्रतिवेदन, नापी किताव र ठेक्काको बिल कागजात संलग्न गनुपर्ने व्यवस्था छ। साविक दिप्लुङबाट सम्झौता भएको भवन निर्माणको रु.१७,८५,०००।- पेश्की फछ्र्यौट गर्दा कार्य सम्पन्न प्रतिवेदन, नापी किताव र ठेक्काको बिल लगायतका कागजात संलग्न गरेको देखिएन। भवन निर्माण भएको देखिने गरी नापी किताव, कार्यसम्पन्न प्रतिवेदन लगायतका प्रमाण कागजात पेश गर्नुपर्ने देखिएको छ।

## बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.८२ लाख २६ हजार कुल बेरुजू रहेकोमध्ये नियमित गर्नुपर्ने रु.६४ लाख ४१ हजार र पेश्की रु.१७ लाख ८५ हजार रहेको छ।

# खोटेहाङ्ग गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.१ लाख ५० हजार र यो वर्षको आय रु.७ करोड ५४ लाख ४८ हजार समेत रु.७ करोड ५५ लाख ९८ हजार आय भई रु.७ करोड ५५ लाख ९८ हजार खर्च गरेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन :

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा र न्याय अभिलेख तथा बेरुजको लगत अद्यावधिक गरेको छैन । वितरण गरेको न्याय र सुरक्षाभत्ता भरपाइमा औंठाछाप मात्र लगाई बुझेको देखिएकोमा जिम्मेवारले वितरणको अवस्था यकिन गर्नुपर्ने देखिएको छ । साविकका निकायमा जिन्सीको अवस्था देखिने गरी अभिलेख तयार नभएको साथै सम्पत्ति बरबुझारथको अभिलेख राखेको देखिएन । खर्च गरेको विल भरपाईको कर कट्टी गरेको देखिएन । कर यकिन गरी कर कट्टी गरेर खर्च गर्ने व्यवस्थालाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

२. **सम्पत्ति अभिलेख:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा जिन्सी मालसामानको लगत तयार  गर्ने व्यस्था छ । स्थानीय तहको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन सहित अभिलेख राखेको देखिएन । मूल्य खुल्ने गरी स्वामित्वमा रहेका सम्पत्तिको अभिलेख तयार गरी सम्पत्तिको अभिलेख सुदृढ गर्नुपर्ने देखिएको छ ।

३. **योजना व्यवस्था :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) क मा  लाभग्राही समुदायले ब्यहोर्ने योगदान निर्माण कार्य सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले सम्झौता गरी निर्माण कार्य गराउँदा समितिले व्यहोर्ने योगदान समावेश नगरेको, लागत अनुमान तयार गर्दा योगदानको अंश आँशिक  समावेश गरेको भएपनि कार्य सम्पन्न प्रतिवेदनमा नखुलेको, सम्पन्न योजनाको कार्यसम्पन्न प्रतिवेदन, नापी किताव, आवश्यक विल भरपाई, निर्माण सम्पन्न भएको देखिने फोटोग्राफ तथा निर्माण सम्पन्न प्रतिवेदन सहितको अन्तिम बिल समावेश गर्नुपर्नेमा प्रमाणित गर्ने कागजात मात्र समावेश गरी खर्च दिनुपर्दछ खर्च प्रमाणित गर्ने कागजात संलग्न गरी भुक्तानी दिने व्यवस्था द्वारा आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

४. **भुक्तानी व्यवस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ मा सरकारी कार्यालयले बैंक मार्फत मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले निकासा दिएको पूँजीगत तथा सामाजिक सुरक्षा अनुदान  बैंक खातामा प्राप्त गरी सचिवले नगद मौज्दात राखी खर्च गरी लेखामा प्रविष्टी गर्ने गरेको देखियो । खाता सञ्चालन गर्ने जिम्मेवारले बैंक मार्फत कारोबार नगरी नगद लिई सुविधाको आधारमा भुक्तानी गर्दा मापदण्डको पालना भएको छैन । बैंक मार्फत खर्च गर्ने व्यवस्था मिलाई खर्च प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ ।

५. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) घ मा लाभग्राहीवाट गराइएको निर्माण कार्यको सम्झौतामा निर्माण कार्य सम्पन्न पछि मर्मत संभार आफैले लाभग्राहीवाट गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । काम तथा खर्चको सूचना सार्वजनिक टाँस गर्नुपर्ने र सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा सो व्यवस्था अनुसार सामाजिक लेखापरीक्षण गरेको देखिएन । गरेको कार्यको पारदर्शिता वृद्धि गर्न सो प्रावधानको पालना गर्नुपर्ने देखिएको छ ।

६. **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकको व्यवस्था छ । यो तह र निकायले साविकका ती शीर्षक फरक राखी आर्थिक विवरण तयार गरेको, आम्दानी तथा खर्च परिषदबाट अनुमोदन नगराएको देखिएको छ । आर्थिक विवरण तयार गरी परिषदबाट अनुमोदन गरी पारदर्शिता कायम गर्नुपर्ने देखिएको छ ।

७. **मालपोत :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५(ख) बमोजिम मालपोत असुलीको २५ प्रतिशतले हुने रकम साविकको जिससमा दाखिला गर्नुपर्ने व्यवस्था छ । प्राप्त आर्थिक विवरण अनुसार साविकका निकायले आम्दानी नदेखाएकोले मालपोत असूली अवस्था र जिससमा दाखिला गर्नुपर्ने यकिन हुन सकेन ।

८. **जिम्मेवारी :** निकासा भएको २ शीर्षकको रु.३,६८,१२,०३०।- मध्येबाट २ शीर्षकमा हस्तान्रण भई खर्च गरी बाँकी रहेको रु.४८,००,०००।- आगामी वर्षको लागि मौज्दात जिम्मेवारी सार्नुपर्ने देखिएको छ ।

९. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०६९ को १९(२) मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची-१३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । दियाले सहित ९ निकायमा रु.३,६३,७२,४८०।- सामाजिक सुरक्षा सुविधा वितरण गर्दा पालना गरेको देखिएन । कार्यविधिको प्रावधान पालना गरी सामाजिक सुरक्षा सुविधा वितरण व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

१०. **खरिद व्यवस्था :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । नमूनाका आधारमा मेशीनरी उपकरण सहित ५ थान सम्पत्ति सामान छनौट गर्दा रु.१३,१५,९६६।- का सामान प्रतिस्पर्धा बेगर पटक पटक गरी खरिद गरेको देखियो । खरिद प्रतिष्पर्धा नतिजामुखी रहेको देखिएन । खरिद प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.४८ लाख कुल बेरुजू रहेकोमध्ये नियमित गर्नुपर्ने रु.४८ लाख  रहेको छ ।

# कोपिलासगढी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.१ हजार र यो वर्षको आय रु.८ करोड १५ लाख ८५ हजार समेत रु.८ करोड १५ लाख ८६ हजार आर्य भई रु.८ करोड १५ लाख ८३ हजार खर्च गरी रु.३ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन :

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा र न्याय अभिलेख तथा बेरुजको लगत अद्यावधिक गरेको छैन । वितरण गरेको न्याय र सुरक्षाभत्ता भरपाइमा औंठाछाप मात्र लगाई बुझेको देखिएकोमा जिम्मेवारले वितरणको अवस्था यकिन गर्नुपर्ने देखिएको छ । साविकका निकायमा जिन्सीको अवस्था देखिने गरी अभिलेख तयार नभएको साथै सम्पत्ति बरबुझारथको अभिलेख राखेको देखिएन । खर्च गरेको विल भरपाईको कर कट्टी गरेको देखिएन । कर यकिन गरी कर कट्टी  गरेर खर्च गर्ने व्यवस्थालाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

२. **सम्पत्ति अभिलेख:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा जिन्सी मालसामानको लगत तयार  गर्ने व्यस्था छ । स्थानीय तहको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन सहित अभिलेख राखेको देखिएन । मूल्य खुल्ने गरी स्वामित्वमा रहेका सम्पत्तिको अभिलेख तयार गरी सम्पत्तिको अभिलेख सुदृढ गर्नुपर्ने देखिएको छ ।

३. **योजना व्यवस्था :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) क मा  लाभग्राही समुदायले ब्यहोर्ने योगदान निर्माण कार्य सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले सम्झौता गरी निर्माण कार्य गराउँदा  समितिले व्यहोर्ने योगदान समावेश नगरेको, लागत अनुमान तयार गर्दा योगदानको अंश आँशिक  समावेश गरेको भएपनि कार्य सम्पन्न प्रतिवेदनमा नखुलेको, सम्पन्न योजनाको कार्यसम्पन्न प्रतिवेदन, नापी किताव, आवश्यक विल भरपाई, निर्माण सम्पन्न भएको देखिने फोटोग्राफ तथा निर्माण सम्पन्न प्रतिवेदन सहितको अन्तिम बिल समावेश गर्नुपर्नेमा प्रमाणित गर्ने कागजात मात्र समावेश गरी खर्च दिनुपर्दछ खर्च प्रमाणित गर्ने कागजात संलग्न गरी भुक्तानी दिने व्यवस्था द्धारा आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

४. **भुक्तानी व्यवस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ मा सरकारी कार्यालयले बैंक मार्फत मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले निकासा दिएको पूँजीगत तथा सामाजिक सुरक्षा अनुदान बैंक खातामा प्राप्त गरी सचिवले नगद मौज्दात राखी खर्च गरी लेखामा प्रविष्टी गर्ने गरेको देखियो । खाता सञ्चालन गर्ने जिम्मेवारले बैंक मार्फत कारोबार नगरी नगद लिई सुविधाको आधारमा भुक्तानी गर्दा मापदण्डको पालना भएको छैन । बैंक मार्फत खर्च गर्ने व्यवस्था मिलाई खर्च प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ ।

५. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) घ मा लाभग्राहीवाट गराइएको निर्माण कार्यको सम्झौतामा निर्माण कार्य सम्पन्न पछि मर्मत संभार आफैले लाभग्राहीवाट गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले सम्झौतामा उक्त व्होरा समावेश गरेको देखिएन । काम तथा खर्चको सूचना सार्वजनिक टाँस गर्नुपर्ने र  सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा सो व्यवस्था अनुसार सामाजिक लेखापरीक्षण गरेको देखिएन । गरेको कार्यको पारदर्शिता वृद्धि गर्न सो प्रावधानको पालना गर्नुपर्ने देखिएको छ ।

६. **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकको व्यवस्था छ । यो तह र निकायले साविकका ती शीर्षक फरक राखी आर्थिक विवरण तयार गरेको, आम्दानी तथा खर्च परिषदबाट अनुमोदन नगराएको देखिएको छ । आर्थिक विवरण तयार गरी परिषदबाट अनुमोदन गरी पारदर्शिता कायम गर्नुपर्ने देखिएको छ ।

७. **मालपोत :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५(ख) बमोजिम मालपोत असुलीको २५ प्रतिशतले हुने रकम साविकको जिससमा दाखिला गर्नुपर्ने व्यवस्था छ । प्राप्त आर्थिक विवरण अनुसार साविकका निकायले आम्दानी नदेखाएकोले मालपोत असूली अवस्था र जिससमा दाखिला गर्नुपर्ने यकिन हुन सकेन ।

८. **जिम्मेवारी  :** निकासा भएको २ शीर्षकको रु. ३,१३,४६,५५८।-  मध्येबाट २ शीर्षकमा हस्तान्रण भई खर्च गरी बाँकी रहेको रु. रु.५६२२,९७२।- आगामी वर्षको लागि जिम्मेवारी सार्नु पर्ने देखिएको छ ।

९. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०६९ को १९(२) मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची-१३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । फेदी सहित ७ निकायमा रु. रु. २,९३,१४,८००।- सामाजिक सुरक्षा सुविधा वितरण गर्दा पालना गरेको देखिएन । कार्यविधिको प्रावधान पालना गरी सामाजिक सुरक्षा सुविधा वितरण व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

१०. **खरिद व्यवस्था :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ। नमूनाका आधारमा मोवाइल सहित ७ थान सम्पत्ति सामान छनौट गर्दा रु. २२,६८,९६८।- का सामान प्रतिस्पर्धा बेगर पटक पटक गरी खरिद गरेको देखियो। खरिद प्रतिष्पर्धा नतिजामुखी रहेको देखिएन। खरिद प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ।

११. **पेश्की फछ्यौट :** आर्थिक कार्यविधि नियमावली, २०६४ मा पेश्की फछ्यौट गर्दा कार्य सम्पन्न प्रतिवेदन, नापी किताव र ठेक्काको बिल कागजात संलग्न गनुपर्ने व्यवस्था छ । साविक दिप्लुङबाट सम्झौता भएको भवन निर्माणको रु.१७,८५,०००।- पेश्की फछ्यौट गर्दा कार्य सम्पन्न प्रतिवेदन, नापी किताव र ठेक्काको बिल लगायतका कागजात संलग्न गरेको देखिएन । भवन निर्माण भएको देखिने गरी नापी किताव, कार्यसम्पन्न प्रतिवेदन लगायतका प्रमाण कागजात पेश गर्नुपर्ने देखिएको छ।

## बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.७४ लाख ७ हजार कुल बेरुजू रहेकोमध्ये नियमित गर्नुपर्ने रु.५६ लाख २२ हजार र पेश्की रु.१७ लाख ८५ हजार रहेको छ।

# दिपुङ्ग गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.३६ हजार र यो वर्षको आय रु.७ करोड ४८ लाख ४२ हजार समेत रु.७ करोड ४८ लाख ७८ हजार आय भई रु.७ करोड ४५ लाख ३४ हजार खर्च भई रु.३ लाख ४४ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन :

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्ने व्यवस्था छ। सामाजिक सुरक्षाको अभिलेख तथा बेरुजको लगत अद्यावधिक गरेको छैन। सामाजिक सुरक्षा भत्ता वितरण गरेको भत्ताको भरपाइमा औंठाछाप मात्र लगाई बुझेको देखियो जिम्मेवारले वितरणको अवस्था यकिन गर्नुपर्ने देखिएको छ। साविकका निकायको अवस्था देखिने गरी सम्पत्ति बरबुझारथको अभिलेख राखेको देखिएन। खर्च गर्दा विल भरपाईको कर कट्टी गरेको देखिएन। सो यकिन गरी भुक्तानी गर्ने व्यवस्थालाई सुदृढ गर्नुपर्ने देखिएको छ।

२. **सम्पत्ति अभिलेख :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा जिन्सी मालसामानको लगत तयार गर्ने व्यस्था छ। यो तहको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको अभिलेख अद्यावधिक गरेको देखिएन। मूल्य खुल्ने स्वामित्वको सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति अभिलेख सुदृढ गर्नुपर्ने देखिएको छ।

३. **योजना व्यवस्था :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) क मा लाभग्राही समुदायले ब्यहोर्ने वा ब्यहोर्नु योगदान निर्माण कार्य सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले सम्झौता गरी निर्माण कार्य गराउँदा लाभग्राहीले व्यहोर्ने योगदान समावेश नगरेको, लागत अनुमान तयार गर्दा लाभग्राहीको योगदानको अंश समावेश गरेको भएपनि कार्य सम्पन्न प्रतिवेदनमा नखुलेको, सम्पन्न योजनाको कार्यसम्पन्न प्रतिवेदन, नापी किताव, आवश्यक विल भरपाई, निर्माण सम्पन्न भएको देखिने फोटोग्राफ सहित निर्माण सम्पन्न प्रतिवेदन सहितको अन्तिम बिल समावेश गर्नुपर्नेमा आंशिक कागजात समावेश गरी खर्च दिएको देखियो। श्रेष्ता कागजात संलग्न गरी खर्च गर्ने व्यवस्था गर्दै आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

४. **भुक्तानी व्यवस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ मा सरकारी कार्यालयले बैंक मार्फत मात्र आर्थिक कारोवार गर्नुपर्ने व्यवस्था छ। यो स्थानीय तह र साविकका निकायमा अनुदान बैंक खातामा प्राप्त गरी सचिवले नगद निकाली आर्थिक कारोवार लेखामा प्रविष्टी गर्ने गरेको देखियो। खाता चलाउने जिम्मेवारले बैंकबाट कारोबार नगरी नगदवाट खर्च गर्दा नियमावलीको पालना भएको छैन। बैंक मार्फत मात्र भुक्तानी गर्ने व्यवस्था मिलाई भुक्तानी सुदृढ गर्नुपर्ने देखिएको छ।

५. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) घ मा उपभोक्ता समिति मार्फत गराइएको निर्माण कार्यको सम्झौतामा निर्माण कार्य सम्पन्न पश्चात सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राहीले गर्नुपर्ने व्यवस्था छ। यो तह साविकको निकायले उपभोक्ता समितिसँगको सम्झौतामा योगदान समावेश गरेको देखिएन। सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार सामाजिक लेखापरीक्षण गरेको देखिएन। खर्च सार्वजनिक र लेखापरीक्षण नहुदा पारदर्शिता वृद्धि गर्नुपर्ने देखिएको छ।

६. **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकहरुको व्यवस्था छ। यो साविकका निकायले शीर्षकभन्दा फरक गरी आर्थिक विवरण बनाएको आम्दानी तथा खर्च परिषदबाट अनुमोदन गराएको देखिएन। आर्थिक विवरण तयार गरी अनुमोदनबाट पारदर्शिता कायम गर्नुपर्ने देखिएको छ।

७. **मालपोत :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५(ख) बमोजिम मालपोत असुलीको २५ प्रतिशतले हुने रकम साविकको जि.स.स मा दाखिला गर्नुपर्ने व्यवस्था छ। प्राप्त आर्थिक विवरण अनुसार साविकका निकायले आम्दानी नदेखाएकोले मालपोत असूली अवस्था जिससमा दाखिला गर्नुपर्ने रकम यकिन हुन सकेन।

८. **जिम्मेवारी :** स्थानीय तहले चालू र पूँजीगत समेत रु.३,३६,२७,८११।- मध्येबाट हस्तान्तरण गरी बाँकी मौज्दात रु. ५६१२,०००।- आगामी वर्षको लागि जिम्मेवारी सार्नु पर्ने देखिएको छ।

९. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०६९ को १९(२) मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची-१३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। साविक बतासे सहित ७ निकायमा रु.४,३९,०२,८००।- भत्ता वितरणमा कार्यविधिको पालना गरेको देखिएन। कार्यविधिको पालना गरी भत्ता वितरण व्यवस्थित गर्नुपर्ने देखिएको छ।

१०. **खरिद व्यवस्था :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ। नमूनाका आधारमा सोलार सहित ५ थान सामान छनौट गर्दा कार्यालयले रु.२३,१८,८९३।- का सामान प्रतिस्पर्धा नगरी पटक पटक गरी खरिद गरेको देखियो। विना प्रतिष्पर्धाको खरिद नतिजामुखी देखिएन। खरिद प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ।

## बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.५६ लाख १२ हजार कुल बेरुजू देखिएकोमध्ये नियमित गर्नुपर्ने रु.५६ लाख १२ हजार रहेको छ।

# साकेला गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

यो वर्षको आय रु.२ करोड ३३ लाख ५० हजार आय भई रु.१ करोड ७५ लाख ८७ हजार खर्च गरी रु.५७ लाख ६३ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन :

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ। सामाजिक सुरक्षा र न्याय अभिलेख तथा बेरुजको लगत अद्यावधिक गरेको छैन। वितरण गरेको न्याय र सुरक्षाभत्ता भरपाइमा औंठाछाप मात्र लगाई बुझेको देखिएकोमा जिम्मेवारले वितरणको अवस्था यकिन गर्नुपर्ने देखिएको छ। साविकका निकायमा जिन्सीको अवस्था देखिने गरी अभिलेख तयार नभएको साथै सम्पत्ति बरबुझारथको अभिलेख राखेको देखिएन। खर्च गरेको विल भरपाईको कर कट्टी गरेको देखिएन। कर यकिन गरी कर कट्टी गरेर खर्च गर्ने व्यवस्थालाई सुदृढ गर्नुपर्ने देखिएको छ।

२. **सम्पत्ति अभिलेख:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा जिन्सी मालसामानको लगत तयार गर्ने व्यस्था छ। स्थानीय तहको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन सहित अभिलेख राखेको देखिएन। मूल्य खुल्ने गरी स्वामित्वमा रहेका सम्पत्तिको अभिलेख तयार गरी सम्पत्तिको अभिलेख सुदृढ गर्नुपर्ने देखिएको छ।

३. **योजना व्यवस्था :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) क मा लाभग्राही समुदायले व्यहोर्ने योगदान निर्माण कार्य सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले सम्झौता गरी निर्माण कार्य गराउँदा समितिले व्यहोर्ने योगदान समावेश नगरेको, लागत अनुमान तयार गर्दा योगदानको अंश आँशिक समावेश गरेको भएपनि कार्य सम्पन्न प्रतिवेदनमा नखुलेको, सम्पन्न योजनाको कार्यसम्पन्न प्रतिवेदन, नापी किताव, आवश्यक विल भरपाई, निर्माण सम्पन्न भएको देखिने फोटोग्राफ तथा निर्माण सम्पन्न प्रतिवेदन सहितको अन्तिम बिल समावेश गर्नुपर्नेमा प्रमाणित गर्ने कागजात मात्र समावेश गरी खर्च दिनुपर्दछ खर्च प्रमाणित गर्ने कागजात संलग्न गरी भुक्तानी दिने व्यवस्था द्वारा आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

४. **भुक्तानी व्यवस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ मा सरकारी कार्यालयले बैंक मार्फत मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले निकासा दिएको पूँजीगत तथा सामाजिक सुरक्षा अनुदान बैंक खातामा प्राप्त गरी सचिवले नगद मौज्दात राखी खर्च गरी लेखामा प्रविष्टी गर्ने गरेको देखियो। खाता सञ्चालन गर्ने जिम्मेवारले बैंक मार्फत कारोबार नगरी नगद लिई सुविधाको आधारमा भुक्तानी गर्दा मापदण्डको पालना भएको छैन। बैंक मार्फत खर्च गर्ने व्यवस्था मिलाई खर्च प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ।

५. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) घ मा लाभग्राहीवाट गराइएको निर्माण कार्यको सम्झौतामा निर्माण कार्य सम्पन्न पछि मर्मत संभार आफैले लाभग्राहीवाट गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले सम्झौतामा उक्त व्हेहोरा समावेश गरेको देखिएन। काम तथा खर्चको सूचना सार्वजनिक टाँस गर्नुपर्ने र सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा सो व्यवस्था अनुसार सामाजिक लेखापरीक्षण गरेको देखिएन। गरेको कार्यको पारदर्शिता वृद्धि गर्न सो प्रावधानको पालना गर्नुपर्ने देखिएको छ।

६. **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकको व्यवस्था छ। यो तह र निकायले साविकका ती शीर्षक फरक राखी आर्थिक विवरण तयार गरेको, आम्दानी तथा खर्च परिषदबाट अनुमोदन नगराएको देखिएको छ। आर्थिक विवरण तयार गरी परिषदबाट अनुमोदन गरी पारदर्शिता कायम गर्नुपर्ने देखिएको छ।

७. **मालपोत :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५(ख) बमोजिम मालपोत असुलीको २५ प्रतिशतले हुने रकम साविकको जिससमा दाखिला गर्नुपर्ने व्यवस्था छ। प्राप्त आर्थिक विवरण अनुसार साविकका निकायले आम्दानी नदेखाएकोले मालपोत असूली अवस्था र जिससमा दाखिला गर्नुपर्ने यकिन हुन सकेन।

८. **मौज्दात जिम्मेवारी :** निकासा भएको २ शीर्षकको रु. ३,०१,८८,३७५।- मध्येबाट २ शीर्षकमा हस्तान्रण भई खर्च गरी बाँकी रहेको रु. ४८,०१,७००।- आगामी वर्षको लागि मौज्दात जिम्मेवारी सार्नु पर्ने देखिएको छ।

९. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०६९ को १९(२) मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची-१३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। साविक रतन्छा सहित ३ निकायमा रु.१,६२,५७,४००।- सामाजिक सुरक्षा सुविधा वितरण गर्दा पालना गरेको

देखिएन । कार्यविधिको प्रावधान पालना गरी सामाजिक सुरक्षा सुविधा वितरण व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

१०. **खरिद व्यवस्था :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । नमूनाका आधारमा सोलार सहित ४ थान सम्पत्ति सामान छनौट गर्दा रु. १६,४०,७६५।- का सामान प्रतिस्पर्धा बेगर पटक पटक गरी खरिद गरेको देखियो । खरिद प्रतिष्पर्धा नतिजामुखी रहेको देखिएन । खरिद प्रक्रिया पुरा गरी खरिद गर्नुपर्ने देखिएको छ ।

११. **संचित कोष :** संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्रमा भएको निर्देशन अनुसार स्थानीय तह अन्तर्गतको खर्च नभई बाँकी स्थानीय संचित कोषमा फिर्ता गर्नुपर्नेमा साविक मात्तिमको एक सचिवको पेश्कि कायम भई निकासा रु.२८,२९,२००।- फिर्ता भएको देखिएन । सो रकम संचितकोष खातामा फिर्ता हुनुपर्ने देखिएको छ ।

१२. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ मा पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । निकायको विभिन्न व्यक्ति तथा निकायलाई विभिन्न कार्यक्रम गर्न दिएको रु. १,०६,२४,६६६।- पेश्की फछ्र्यौट गरेको देखिएन । नियमाननुसार पेश्की अशुल फछ्र्यौट हुनुपर्ने देखिएको छ ।

१३. **लेखापरीक्षण नभएको :** साविक मात्तिमको श्रेष्ता लेखापरीक्षणका लागि पेश भएको छैन । जिससले उपलब्ध गराएको अभिलेखमा ३ शीर्षकमा रु. रु.२८,२९,२००।- को भएको छ । खर्च अवस्था यकिन हुनुपर्ने देखिएको छ । लेखापरीक्षण व्यवस्था सुदृढ गरी अभिलेख व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

## बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.१ करोड ८२ लाख ५४ हजार कुल बेरुजू रहेकोमध्ये नियमित गर्नुपर्ने रु.७६ लाख ३० हजार र पेश्की रु.१ करोड ६ लाख २४ हजार रहेको छ ।

# बराहपोखरी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

यो वर्षको आय रु.७ करोड २४ लाख ४७ हजार आय भई रु.७ करोड २० लाख ६४ हजार खर्च गरी रु.३ लाख ८३ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छन

१. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । सामाजिक न्याय अन्तर्गतको सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजको लगत अद्यावधिक गरेको छैन । सामाजिक सुरक्षा अर्न्तगत वितरण गरेको भत्ताको भरपाइमा औंठाछाप मात्र बुझाएकोमा जिम्मेवार पदाधिकारीले वितरणको अवस्था यकिन गर्नुपर्ने देखिएको छ । साविकका निकायका सम्पत्तिको अवस्था देखिने गरी अभिलेख नभएको साथै सम्पत्ति बरबुझारथको अभिलेख राखेको देखिएन । खर्चको विल भरपाईको कर कट्टी गरेको देखिएन । खर्च गर्दा कर एकीन गरेर भुक्तानी गर्ने व्यवस्थालाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

२. **सम्पत्ति अभिलेख :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा जिन्सी मालसामानको लगत तयार गर्ने व्यस्था छ । यो तहको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन सहित अभिलेख राखेको देखिएन । सम्पत्तिको मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको  अभिलेख तयार गरी सम्पत्ति अभिलेखको सुदृढ गर्नुपर्ने देखिएको छ ।

३. **योजना व्यवस्था :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) क मा उपभोक्ता समिति वा लाभग्राही समुदायले ब्यहोर्ने योगदान निर्माण कार्य सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले लाभग्राहीको मार्फत सम्झौता गरी निर्माण कार्य गराउँदा लाभग्राहीको योगदान समावेश नगरेको, लागत अनुमान तयार गर्दा लाभग्राहीको योगदानको अंश आँशिक रुपमा समावेश गरेको भएपनि कार्य सम्पन्न प्रतिवेदनमा नवनाएको, सम्पन्न योजनाको कार्यसम्पन्न प्रतिवेदन, नापी किताव, आवश्यक विल भरपाई, निर्माण सम्पन्न भएको देखिने फोटोग्राफ तथा निर्माण सम्पन्न प्रतिवेदन सहितको अन्तिम बिल समावेश गर्नुपर्नेमा आंशिक अभिलेख गरी खर्च गरेको देखियो कागजात अभिलेख समावेश गर्दा खर्च गर्ने व्यवस्था गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

४. **भुक्तानी व्यवस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ मा सरकारी कार्यालयले बैंक मार्फत मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । यो स्थानीय तहलाई निकासा गरिएको पूँजीगत लगायत ३ शीर्षकको बैंक खातामा दाखिला हुनसाथ सचिवले नगद मौज्दात मौज्दात राख्ने गरेको लाभग्राही लगायत सबैलाई खर्च गरी लेखामा प्रविष्टी गर्ने गरेको देखियो । जिम्मेवारले बैक मार्फत कारोबार नगरी तहबीलको आधारमा खर्च गर्दा नियमावलीको पालना भएको छैन । बैक मार्फत आर्थिक कारोवार व्यवस्था मिलाई भुक्तानी प्रणाली सुदृढ गर्नुपर्ने देखिएको छ ।

५. **उपभोक्ता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) घ मा उपभोक्ता मार्फत निर्माण कार्यको सम्झौतामा निर्माण कार्य सम्पन्न पछि मर्मत संभार लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था छ । यो तह र साविकका निकायसंग सम्झौतामा सो व्यहोरा समावेश गरेको देखिएन । निर्माण काम र खर्चको सूचना टाँस गर्नुपर्ने र सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा सार्वजनिक गरी सामाजिक लेखापरीक्षण गरेको देखिएन । सो नहुँदा पारदर्शिता वृद्धि गर्ने गर्नुपर्दछ ।

६. **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा आर्थिक विवरणमा समावेश गर्नुपर्ने आम्दानी र खर्च शीर्षकको व्यवस्था छ । यो तह र साविकका निकायमा शीर्षकभन्दा फरक गरी आर्थिक विवरण तयार गरेको, आम्दानी तथा खर्च परिषदबाट अनुमोदन गराउन बाकी छ । निर्देशिका अनुसार आर्थिक विवरण तयार गरी खर्च अनुमोदनको माध्यमले पारदर्शिता कायम गर्नुपर्ने देखिएको छ ।

७. **मालपोत :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ५५(ख) बमोजिम मालपोत असुलीको २५ प्रतिशतले हुने रकम जि.स.स. मा दाखिला गर्नुपर्ने व्यवस्था छ । आर्थिक विवरण अनुसार साविकका निकायका आम्दानी नदेखाएकोले मालपोत असुली अवस्था र जि.स.स. मा दाखिला गर्नुपर्ने यकिन हुन सकेन ।

८. **जिम्मेवारी :** गाउँपालिकामा २ खर्च शिर्षकमा रु. रु.१,००,००,०००।- खातामा हस्तान्तरण गरी बाँकी मौज्दात रु.६०,२९,४५४।- आगामी वर्षको लागि जिम्मेवारी सार्नु पर्ने देखिएको छ ।

९. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०६९ को १९(२) मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची-१३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । साविक ६ निकायमा रु.२,३३,०३,६००।- सामाजिक सुरक्षा भत्ता दिदाँ नियमावलीको पालना गरेको देखिएन । कार्यविधिको प्रावधान पालना गरी भत्ता वितरण प्रणाली व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

१०. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । नमूनाका आधारमा मोटरसाइकल सहित ६ थान सम्पत्ति छनौट गर्दा रु.२४,६१,९८३।- का सामान प्रतिस्पर्धा नगरी पटक पटक गरी खरिद गरेको देखियो । खरिद प्रतिष्पर्धा र गुणस्तर देखिएन देखिएन । प्रक्रिया पुरा गरी खरिद गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु.६० लाख २९ हजार कुल बेरुजू रहेकोमध्ये नियमित गर्नुपर्ने रु.६० लाख २९ हजार रहेको छ ।

# कटारी नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.६६ लाख ४४ हजार यस वर्षको आय रु.१८ करोड ६४ लाख ३९ हजार रु.१९ करोड ३० लाख ८३ हजार आय गरी रु.१४ करोड ८१ लाख ५७ हजार खर्च गरी रु. ४ करोड ४९ लाख २६ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा देहाय छन् :

१. **आन्तरिक लेखापरीक्षण :** आन्तरिक लेखापरीक्षण साविक जिविस र हालको जिससको आन्तरिक लेखापरीक्षण शाखा बाट गराएको, निजले आन्तरिक लेखापरीक्षणको प्रतिवेदन नदिएको जानकारी प्राप्त भयो । आन्तरिक लेखापरिक्षण गर्ने तर त्यसको प्रतिवेदन नदिने हो भने आन्तरिक लेखापरीक्षण गराउनु र गर्नको कुनै औचित्य देखिदैन । प्रतिवेदन लिने व्यवस्था हुनुपर्दछ ।

२. **लक्ष्य तथा प्रगति :** यो वर्ष विभिन्न २५५ वटा कार्यक्रम संचालन गर्ने गरी नगर परिषद्‌बाट आयेजना, कार्यक्रम स्वीकृत गरी बजेट व्यवस्था भएकोमा १९४ कार्यक्रम शतप्रतिशत प्रगति भएको र ६१ कार्यक्रम संचालन नभएकोमा स्वीकृत सम्पूर्ण कार्यक्रमहरु संचालन गरी शतप्रतिशत प्रगति गर्ने व्यवस्था हुनु पर्दछ ।

३. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० अनुसार कार्यकारी अधिकृतले गरेको जिन्सी निरिक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेको सामानहरु मर्मत गरी प्रयोगमा ल्याउन सकिने भए मर्मत हुनुपर्ने र मर्मत हुन नसक्ने लिलाम विक्रि गरी जिन्सी सामानहरु अद्यावधिक र चालु हालतमा राख्नु पर्दछ ।

४. **मौज्दात :** साविकका ७ निकाय स्थानीय निकायमा समावेश भई सकेको अवस्थामा स्थानीय निकायको खातामा विभिन्न कोषको बाँकी मौज्दात रु.१३,३३,८७०।- स्थानिय संचित कोषमा ट्रान्सफर गर्नु पर्ने देखिन्छ ।

५. **पेश्की बाकी :** गत वर्ष सम्मको फर्छ्यौट नभई बाँकी रहेको पेश्की रु. २,०५,३०६।- यो वर्षको रु.१३,६८,८८४।- समेत ११ व्यक्ति तथा संस्थाको जम्मा पेश्की बाँकी रु. १५,,७४,१२८।- रहेको देखिन्छ । बाँकी पेश्की समयमै असुल फछर्यौट हुनुपर्दछ ।

६. **प्राविधिक मुल्यांकन** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) अनुसार प्राविधिक मुल्यांकन गरि सो को आधारमा सम्झौतामा उल्लेख भए बमोजिम उपभोक्ताको अंश समेत समावेश गरि विलभरपाई पेश भए भए बमोजिम भुक्तानी दिनु पर्नेमा समेत पेश गर्नुपर्नेमा एक सिंचाईको रु.२५५००।-, डाकुरनाथ मार्ग मर्मत कार्यको रु ५००००।-, उद्योग वाणिज्य संघको अतिथि भवन निर्माण कार्यको लागि रु.१,६०,०००।-, समेत जम्मा रु.२,३५,५००।- भुक्तानी गर्दा प्राविधिक मुल्यांकन र सो अनुसारको विलभरपाई पेश नभएकोले पेश हुनु पर्दछ ।

७. **जिन्सी आम्दानी :** एक सुरक्षा निकायको क्याम्पमा छ केविएको स्टेपलाईजर -१ थान खरिद गरेको विल अनुसार रु.२००५७-, खर्च लेखेको पाईयो । उक्त समान जिन्सी खातामा आम्दानी जनाएको प्रमाण नभएकको, विपद व्यवास्थापन सम्वन्धि कार्य योजना निर्माणको लागि एक परामर्शदाता लाई रु.४८४००।- भुक्तानी दिएकोमा उक्त कार्य योजना जिन्सी खातामा आम्दानी जनाएको प्रमाण नभएकोले रु.६८४५७- को प्रमाण पेश हुनु पर्दछ ।

८. **अग्रिम कर** : आयकर ऐन २०५८ अनुसार भत्ता भुक्तानीमा १५ प्रतिशतले अग्रिमकर कट्टा गर्नुपर्नेमा मगर, सुनुवार भाषा लिपि सम्वन्धी प्रशिक्षण भत्ता रु.७५००।- , योजन अद्यावधिक गर्ने र तालिमको प्रशिक्षण भत्ता वापत २ जनालाई रु.३००००।-, भुक्तानी गर्दा अग्रिम कर रु ११२५।- कट्टा नगरेकोले कट्टा गरी दाखिला हुनुपर्दछ ।

९. **बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) अनुसार प्राविधिक मुल्यांकन गरि सो को आधारमा सम्झौतामा उल्लेख भए बमोजिम उपभोक्ताको अंश समेत समावेश गरि विलभरपाई पेश भए भए बमोजिम भुक्तानी दिनु पर्नेमा शौचालय निर्माण गर्न एक उपभोक्ता समितिलाई रु.२,३०,०००।- भुक्तानी गर्दा उपभोक्ताको योगदान नकटाई र नापि किताब भन्दा रु.३०,०००।- बढी भुक्तानी दिएको असुल हुनुपर्दछ ।

१०. **विपद व्यवास्थापन** : एक परामर्शदातालाई वातावरणमैत्री विपद व्यवास्थापन तालिमको लागि रु.१,००,०००।- भुक्तानी दिएकोमा देहाय अनुसार भएको देखियो ।

१०.१. **जिन्सी आम्दानी :** विपद व्यवास्थापन सम्वन्धि कार्ययोजना निर्माणको लागि एक परामर्शदाता लाई रु.४८४००।- भुक्तानी दिएकोमा उक्त कार्य योजना जिन्सी खातामा आम्दानी जनाएको प्रमाण पेश नभएककोले पेश हुनुपर्दछ ।

१०.२. **अग्रिम कर** : आयकर ऐन २०५८ अनुसार भत्ता भुक्तानीमा १५ प्रतिशतले अग्रिमकर कट्टा गर्नुपर्नेमा एक परामर्शदातालाई वातावरणमैत्री विपद व्यवास्थापन तालिमको भुक्तानी गर्दा अग्रिम कर रु १२७९५।- कट्टा गरि दिनुपर्नेमा रु.२,२५०।- मात्र कट्टा गरेकोले नपुग कर रु.१०,५४५।- कट्टा गरी दाखिला हुनुपर्दछ ।

१०.३. **बढी भुक्तानी:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ। सहजीकरण पारिश्रमिक दुई जना लाई २०००।- का दरले ४ कक्षको ८०००।- भुक्तानी दिनु पर्नेमा रु.३२,५००।- भुक्तानी दिएकोले बढि दिने कुनै आधार प्रमाण भए पेश हुनु पर्दछ। अन्यथा बढी भुक्तानी रु.२४,५००।- असुल हुनुपर्दछ।

११. **सार्वजनिक सुनवाई:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ।सार्वजनिक सुनवाई भनी रु.२५,०००।- भुक्तानी दिएको मध्ये रु.५,०००।- को पेश गरेको विल भरपाई मध्ये रेडियो प्रसारण नपुग्ने स्थानको रेडियो प्रसारण प्रमाणले खर्च लेख्न नमिल्ने हुँदा असुल हुनुपर्दछ।

१२. **भवन निर्माण:** कार्यालय भवन निर्माणका एक निर्माण व्यवसायीलाई यो वर्ष रु.२,०७,०७,७४०।- भुक्तानी समेत हाल सम्म जम्मा रु.३,४३,२५,९८९।- भुक्तानी दिएकोमा देहाय अनुसार भएको देखियो।

१२.१. **क्षतीपुर्ति**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ अनुसार ढिला कार्य गरेमा कवोल अंकको ०.०५ प्रतिशतले निर्धारित क्षतिपूर्ति कट्टा गरेर मात्र भुक्तानी दिनुपर्नेमा भवन निर्माणको लागि रु.३,३०,०४,५३७- मु.अ.कर बाहेकको लागत अनुमान स्वीकृत भएको र वोलपत्र आव्हान गर्दा पर्न आएका २ वटा वोलपत्र मध्ये सवैभन्दा कम रु.३,१३,०६,२९२।- कवोल गर्ने एक निर्माण व्यवसायीले तराई मधेशमा वन्द हडतालको कारण देखाई दुई पटक म्याद थप गरे तापनि १० दिन ढिलो गरि कार्य सम्पन्न गरेकोमा कवोल अंक रु.३,१३,०६,२९२।-को ०.०५ प्रतिशतले निर्धारित क्षतीपुर्ति रु.१,५६,५३५।- कट्टा गरेको नदेखिएकोले क्षतीपुर्ति वापतको रकम असुल हुनुपर्दछ।

१२.२. जनरल आईटममा प्रोभिजनल सम वापत ल्याव टेस्टको रु.१,००,०००।- भुक्तानी दिएकोमा ल्याव टेस्ट गराई भुक्तानी गरी विल पेश गरेको नदेखिएकोले सो वापत भुक्तानी दिएको असुल हुनुपर्दछ।

१३. **सामाजिक परिक्षण** : एक परामर्शदाताले सामाजिक परिक्षण गराउन रु.५०,०००।- र सार्वजनिक सुनुवाईको रु २५,०००।- समेत रु.७५,०००।- भुक्तानी दिएकोमा कार्य सम्पन्न गराएको देखिएन भने सहभागिहरुको हाजिर विवरण समेत पेश नभएकोले पेश हुनुपर्दछ। साथै एक रडियोको २ विलबाट रु.९,०००।- भुक्तानी लिएकोमा प्रसारण सामाग्री पेश नभएकोले पेश हुनुपर्दछ।

१४. **प्राविधिक मुल्यांकन**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) अनुसार प्राविधिक मुल्यांकन गरि सो को आधारमा सम्झौतामा उल्लेख भए बमोजिम उपभोक्ताको अंश समेत समावेश गरि विलभरपाई पेश भए भए बमोजिम भुक्तानी दिनु पर्नेमा समेत पेश गर्नुपर्नेमा सडक निर्माण कार्यको उपभोक्तालाई रु.६,०५,०००।- भुक्तानी दिदा उपभोक्ताको योगदान रु.८,७८८।- कट्टा नगरेको, एक सिंचाईको रु.२५,५००।-, एक मार्ग मर्मत कार्यको रु.५०,०००।- उद्योगीको नागरिक समाजको अतिथि भवन निर्माण कार्यको रु.१,६०,०००।-, समेत जम्मा रु.८,४०,५००।- भुक्तानी गर्दा प्राविधिक मुल्यांकन र सो अनुसारको विलभरपाई पेश नभएकोले पेश हुनुपर्दछ।

१५. **प्राविधिक मुल्यांकन**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) अनुसार प्राविधिक मुल्यांकन गरि सो को आधारमा सम्झौतामा उल्लेख भए बमोजिम उपभोक्ताको अंश समेत समावेश गरि विलभरपाई पेश भए भए बमोजिम भुक्तानी दिनु पर्नेमा समेत पेश गर्नुपर्नेमा कुलो मुहान उपभोक्तालाई रु.१,९०,०००।- सोलार वत्ती जडान कार्यको एक आपूर्तिकर्ता लाई रु.६२,७९०।- कन्टेन्जेन्सी जोडेर रु.४६,३९,५७०।- समेत जम्मा रु.४८,९२,३६०।- भुक्तानी गर्दा नापी किताब र सो अनुशारको विलभरपाई पेश नभएकोले पेश हुनुपर्दछ।

१६. **कर समायोजन:** एक परामर्श प्रालि लाई सर्वे वाफत रु.१,५०,०००।- भुक्तानी दिदा विल विजक भन्दा रु.३५,६४७- बढी भुक्तानी गरेको असूल हुनु पर्दछ। पेश भएको विजक स्पष्ट नदेखिएकोले भुक्तानी भएको मू.अ.कर रु १७२५७- को कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ।

१७. **कर समायोजन:** एक सप्लायर्सलाई रु.४६,३९,५७०।- खर्च लेखेकोमा रु.४०,९५०।- बढी खर्च लेखेको असुल हुनुपर्दछ। पेश भएको विजकमा कैफियत देखिएकोले भुक्तानी भएको मू.अ.कर रु.३,४९,८३०।- को कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ।

१८. **लेखाङ्कन :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) र (७) मा खर्चका विल, भरपाई र प्रमाण कागजातहरु सहितको लेखा राख्नु र राख्न लगाउनु पर्नेमा फोहर व्यवस्थापन खर्च रु ३२,४६०।- र एक हार्डवेयर एण्ड जनरल स्टोरको रु.२८,२०८।- समेत जम्मा रु.५६,०६६।- खर्चको लेखाङ्कन नभई बैंक नगदी किताबमा मात्र जनाएकोले खर्चसंग सम्वन्धित प्रमाण पेश हुनुपर्दछ।

१९. **विउ खरिद :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ। कृषक स्तरबाट विउ खरिद गर्ने र केही रकम मुनाफा लिई बजार भन्दा सस्तो मुल्यमा विक्री गर्ने गरी एक सप्लायर्सलाई रु.१,००,०००।- आलुको विउ खरिद र ढुवानी गरेको भरपाई पेश गरी अनुदान खर्च गरेकोले सरकारी निकायबाट व्यापार गर्ने संस्थालाई अनुदान दिने कार्य नियमित देखिदैन।

२०. **जिन्सी आम्दानी:** सामान खरिदको विल अनसार विपद् व्यवस्थापनको लागि तार जाली खरिदको रु.१,९०,५३९।- ९ थान ह्यूमपाइप रु.१,३२,००६।- भुक्तानी खर्च लेखेकोमा ती सामान जिन्सी खातामा आम्दानी नभएको र सामान सम्वन्धीत स्थानमा प्रयोग भएको नापि किताब समेत पेश नभएकाले पेश हुनु पर्दछ ।

२१. **वढी खर्च** : सार्वजनिक खरिद नियमावली २०६४ अनुसार लागत अनुमान तयार गर्दा आईटम गत गर्नुपर्ने कामको जोड गरी सकेपछि कन्टेन्जेन्सी सहित जोडेर कुल लागत निकाल्ने र कन्टेन्जेन्सी खर्चको अभिलेख राखी खर्च गर्नु पर्ने पाउनेमा कुलो सडक स्तरोन्नती लगायत विद्युत विस्तार सहित ५ निर्माण कार्यमा गरेको नापि किताब रु.३१,०७,५००।- भन्दा बढी कन्टेन्जेन्सी र मर्मत संभार कोष भनी खर्च नजोडी रु.१,९२,५००।- बढी खर्च लेखेको गरेको देखियो । नभएको कामको खर्च लेख्ने र सो बढी लेखेको खर्च कट्टा गरी खुद कामको भुक्तानी दिने गरेतापनि उक्त रकम पूजीगत खर्च तर्फ पनि खर्च हुने र कन्टेन्जेन्सी तर्फ पनि पुन: खर्च भई दोहोरो खर्च देखिने हुनाले नियन्त्रण हुनुपर्दछ ।

२२. **नपुग भर्पाई:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । टोल संस्थाहरुलाई तालिम बाफत एक कर्मचारीलाई रु.१,७५,१४०।- भुक्तानी गर्दा रु.१४,७००।- को विल भर्पाई नपुग देखिएकोले पेश हुनु पर्दछ ।

२३. **नपुग भर्पाई:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । एक केन्द्रलाई तलव भत्ता र स्टेशनरी को रु.३,३९,०००।- भुक्तानी गर्दा रु.२२,९००।- को विल भर्पाई नपुग देखिएकोले पेश हुनु पर्दछ । साथै सो भुक्तानीको अग्रिम कर रु.३,०००।- कट्टा नगरेकोले कट्टा गरी दाखिला हुनुपर्दछ ।

२४. **कर विजक:** एक लेखापरीक्षकलाई शुल्क वापत मु.अ. कर समेत रु.१३,०००।- भुक्तानी दिएकोमा निजले पेश गरेको स्थायी लेखा नं. उल्लेख भएको विजक पेश गरि भुक्तानी भएको मू.अ.कर रु.१३,०००।- को मूल्य अभिवृद्धि करमा दर्ता भएको हो भने दर्ता गरेको प्रमाण र सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

२५. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षाको रकम सम्वन्धितको खातामा जम्मा गर्ने कार्यको लागि एक बैंकलाई गएको पश्की रु.२४,५४,४००।- फछ्र्यौट गरेकोमा बैंकले भत्ता खातामा जम्मा गरी खर्च भएको रु.२४,५१,२००।- र फिर्ता गरेको रु.३,०००।- उल्लेख गरे अनुसार फछ्र्यौट गरेको देखिन्छ । खातामा जम्मा गरेको लेजरको जोड रु.२४,११,२००।- मात्र हुने हुँदा बढी खर्च रु.४०,०००।- बैंक बाट फिर्ता हुनुपर्दछ ।

**हर्देनी गाँउ विकास समिति**

२६. **लक्ष्य तथा प्रगति** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २५ बमोजिम अनुसूचीं २ ढाँचामा वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्नेमा लक्षित कार्यक्रमतर्फ वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्नेमा, नगरेकोले लक्ष्य अनुसार प्रगति स्पष्ट एकिन गर्ने आधार भएन प्रगति प्रतिवेदन तयार गरिनुपर्दछ ।

२७. **पेश्की बाँकी:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । फछ्यौंट गर्न वांकी पेश्की रु.६४,३४०।- वांकी देखिएकोले गतको समेत यकिन गरि समयमै फछ्र्यौट हुनुपर्दछ ।

२८. **दाखिला** : एक सामाजिक परिचालक मार्फत ८ कार्यक्रमको रु.१,२०,०००।- भुक्तानी गर्दा सर्वेक्षण वापतको रु ४००००।०० को सर्वे दाखिला भएको नदेखिएकोले दाखिला हुनुपर्दछ । सर्वे वापतको रु.४०,०००।- भुक्तानी भैसकेको अवस्थामा पनि दैनिक भ्रमण भत्ता रु.३०,२००।- दोहोरो भुक्तानी दिएकोले आधार पेश हुनु पर्दछ । सवारी भाडा रु.९,०००।- भुक्तानी गर्दा १० प्रतिशत बहालकर रु.९००।- कट्टा नगरेकोले कट्टा गरी दाखिला हुनुपर्दछ ।

२९. **प्राविधिक मुल्यांकन:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) अनुसार आनुपातिक कट्टी गरी भुक्तानी दिनु पर्नेमा समेत पेश गर्नुपर्नेमा सडक निर्माण कार्यको उपभोक्तालाई रु.६,०५,०००।- भुक्तानी दिदा उपभोक्ताको योगदान रु.८,७८८।- कट्टा नगरेको तथा भुक्तानी गर्दा नापी किताब र सो अनुशारको विलभरपाई पेश नभएकोले पेश हुनुपर्दछ ।

३०. **बिल भरपाई:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । जेष्ठ नागरिक सम्मान गरे बापत पेश्की रु.२५,०००।- पेश्की फछ्र्यौट गर्दा एक बस्त्रालयबाट २५ थान दोसल्ला खरिद गरेको बिल संलग्न गरेको छ । जेष्ठ नागरिकको यथार्थ स्पष्ट हनेगरि उपस्थिति सम्मान र अभिलेख गरेको प्रमाण पेश गरेको छैन । नवनिर्वाचित जनप्रतिनिधिको रोहबरमा दोसल्ला र छाता उपलब्ध गराई कार्यक्रम संचालन गरेको रु.५०,०००।- खर्च लेखेको गरी पेश्की फछ्र्यौट गरेको वारे एकिन गरी सो रकम असुल हुनुपर्दछ ।

३१. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ (१) मा जिन्सी सामान आम्दानी बाँधी स्रेस्ता अद्यावधिक गरी राख्नुपर्ने उल्लेख छ । एक सुरक्षा निकाय लाई फर्निचर व्यवस्थापनको लागि

दराज १, टेवुल १, र कुर्सी १० थान खरिद गरेको बील अनुसार रु२५०००।- भुत्तानी गरेकोमा सो सामानहरु जिन्सी खातामा दाखिला गरेको नदेखिएकाले सामान जिन्सी आम्दानी गरेको प्रमाण पेश हुनुपर्दछ ।

३२. **अग्रिम कर** : आयकर ऐन २०५८ अनुसार भत्ता भुक्तानीमा १५ प्रतिशतले हुने कर कट्टा गर्नुपर्ने एक लेखापरीक्षकलाई शुल्क रु २००००।०० भुक्तानी गर्दा १५ प्रतिशत कर रु ३०००।०० कट्टा गर्नुपर्नेमा कट्टा गरेकोले दाखिला हुनुपर्दछ ।

३२.१. **विल भरपाई:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । महिला लक्षित कार्यक्रमका लागि एक कर्मचारीलाई रु. ३७०००।- भुक्तानी दिई खर्च लेख्दा विल भरपाई पेश नगरेकोले नपुग असूल हुनु पर्दछ ।

३२.२. **विपरित खर्च** : शैक्षिक सामान खरिद गरी एक शैक्षिक संस्थालाई रु ३००००।०० भुक्तानी गर्दा कार्पेट र मर्मत गराएको विल विजक पेश गरेकोले कार्यक्रम विपरित खर्च गरेको नियमित देखिदैन ।

३२.३. **विल भरपाई:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । सीमान्तीकृत जातिको आय आर्जनको लागि रु.७२,६२७।- भुक्तानी दिई खर्च लेख्दा रु २५००।०० दरले प्रति लाभ्वान्वितलाई नगदै वितरण गरेकोमा अनुगमन गरेको छैन । सहजीकरण र अनुगमनमा रु. ४१३००।०० भुक्तानी गर्दा रु. ६१९५।०० कर कट्टा गर्नुपर्नेमा रु १०९१।०० मात्र कर कट्टा गरेकोले नपुग रु ५१०४। दाखिला हुनु पर्दछ ।

३२.४. लागत सहभागितामा भएको कुल रु. १२५०३०।- को आधा रु. ६२,५१५।- खर्च लेख्नु पर्नेमा रु १०,१६२।- बढी खर्च लेखेको रकम असुल हुनुपर्ने देखियो ।

३३. **जिन्सी दाखिला -** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ (१) मा जिन्सी सामान आम्दानी बाँधी स्रेस्ता अद्यावधिक गरी राख्नुपर्ने उल्लेख छ । एक शैक्षिक संस्थालाई फर्निचरको लागि दराज १, टेवुल १ समेत खरिद गरेको बील अनुसार रु ७००००।- भुत्तानी गरेकोमा सो सामानहरु जिन्सी खातामा दाखिला गरेको नदेखिएकाले सामान जिन्सी आम्दानी जनाएको प्रमाण पेश हुनुपर्दछ ।

३४. **विल भरपाई:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । महिला लक्षित कार्यक्रमका २ सेट सिलाई मेसिन रु. ३००००।- दिई खर्च लेख्दा रु २७१२०।०० को विल भर्पाई पेश भएकोले नपुग रु २८८०।- दाखिला हुनु पर्दछ । बुझिलिएको भर्पाई पेश हुनु पर्दछ ।

३५. **बोका खरिद:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कृषि लक्षित कार्यक्रममा ३ बोका खरिदको रु.५५८८५।- खर्च लेख्दा रु ५४०००।०० विल भर्पाई पेश भएकोले नपुग रु १८८५।- दाखिला हुनु पर्दछ ।

३५.१. **अग्रिम कर** : अपागं लक्षित कार्यक्रममा एक कर्मचारीले विवरण संकलन गरी रु १४०००।०० भुक्तानी गर्दा रु. २१००।०० अग्रिम कर कट्टा गर्नुपर्नेमा कर कट्टा नगरेकोले असुल हुनु पर्दछ ।

३५.२. **बैंक हिसाव :** विपद व्यवसथापन कोषको गतको मौज्दात रु ६२०००।०० रहेकोमा यो वर्षको रु. ३००००।०० समेत रु ९२०००।०० को आय व्यय विवरण पेश हुनु पर्नेमा रु ६२०००।०० मात्र पेश गरेकोले नपुग रु ३००००।०० एकिन गरि बैक हिसाव पेश हुनु पर्दछ ।

३५.३. बाल लक्षित कार्यक्रम अन्तर्गत जेहेन्दार विद्यार्थीलाई पुरस्कार वितरण को लागी ६ शैक्षिक संस्थाहरुलाई रु. १५०००।-दिएकोमा विद्यार्थीहरुलाई सो वितरण गरेको प्रमाण पेश गर्नुपर्दछ ।

३५.४. कल्याण कोषबाट एक कर्मचारीलाई रु ४४,३४०।- उपलब्ध गराएको देखियो कोषमा जम्मा गर्नुपर्नेमा पेश्की उपलब्ध गराएकोले सो फिर्ता गरि सम्बन्धित कोषमा दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ ।

३६. **जिन्सी दाखिला:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ (१) मा जिन्सी सामान आम्दानी बाँधी स्रेस्ता अद्यावधिक गरी राख्नुपर्ने उल्लेख छ । एक कर्मचारी मार्फत सिलिङ्ग पंखा १ थान र मोवाइल १ थान समेत खरिद गरेको बील अनुसार रु १९,१३५।- भुत्तानी गरेकोमा अक्त सामानहरु जिन्सी खातामा दाखिला गरेको नदेखिएकाले सामान जिन्सी आम्दानी जनाएको प्रमाण पेश हुनुपर्दछ ।

३७. **दाखिला** : आर्थिक विवरणमा नगद मौज्दात रु ८३९५ बाँकी रहेकोमा यकिन गरि दाखिला हुनु पर्दछ ।

३८. **लेखानी गाँउ विकास समिति :**

३८.१. **अग्रिम कर** : आयकर ऐन २०५८ अनुसार भत्ता भुक्तानीमा १५ प्रतिशतले हुने कर कट्टा गर्नुपर्नेमा एक लेखापरीक्षकलाई शुल्क रु १४०००।०० भुक्तानी गरेकोमा १५ प्रतिशत कर रु २१००।०० कट्टा गर्नुपर्नेमा कट्टा गरेकोले दाखिला हुनुपर्दछ ।

३८.२. **अग्रिम कर :-** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नु पर्नेमा एक प्रा.लि.लाई भुक्तानी गरेको रु.२,४०,१५०।- को नियम अनुसार अग्रिम १.५ प्रतिशतका दरले रु. ३१८८।- कट्टा गरी भुक्तानी गर्नु पर्नेमा सो नगरेकाले असुल गरी दाखिला गर्नुपर्दछ ।

३८.३. **विल भरपाईः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ। उपभोक्ताले एक बाटो मर्मतको रु.५००००।- भुक्तानी दिई खर्च लेख्दा विल भर्पाई पेश नभएकोले पेश हुनु पर्दछ।

३८.४. **वढी भुक्तानीः** सुधारिएको चुल्होको लागत रु २१५० मध्ये लाभग्राही समुदायले रु ११५०।०० व्यहोर्ने र बाँकी रु १०००।०० स्थानिय निकायले उपलब्ध गराउने गरि एक केन्द्रसंग सम्झौता गरी ५० वटा चुल्हो निर्माण गरेको जनाई पारिश्रमिक रु. ५०,०००।०० भुक्तानी दिनुपर्नेमा रु ८१,०००।०० भुक्तानी दिई वढी दिएको रु. ३१,०००।- असुल हुनु पर्दछ । साथै ५० चुल्होहरु वितरण गरेकोमा बुझेको प्रमाण पेश नभएकोले पेश हुनु पर्दछ।

३८.५. **आर्थिक विवरणः** बाल संरक्षण र सम्बर्धन कार्यमा अक्षय कोष स्थापना गरि रु १,५५,०००।- खर्च लेखेकोमा स्थानीय निकायको आय व्यय विवरणमा कोषको रकम समावेश नभएकोले यकिन गरि सो कोषको मुलकोष खातामा समावेश हुनु पर्दछ।

३८.६. **जिन्सी दाखिला** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ (१) मा जिन्सी सामान आम्दानी बाँधी स्रेस्ता अद्यावधिक गरी राख्नुपर्ने उल्लेख छ । एक शैक्षिक निकायलाई फर्निचर वापत रु. ५०,०००।- दिई वुक केश २ खरिद र ढुवानीको विद्यालयको जिन्सी खातामा दाखिला जनाएको दाखिला प्रमाण पेश नभएकोले पेश हुनु पर्दछ।

३८.७. **प्राविधिक मुल्यांकन**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) अनुसार प्राविधिक मुल्यांकन गरि सो को आधारमा सम्झौतामा उल्लेख भए बमोजिम उपभोक्ताको अंश समेत समावेश गरि विलभरपाई पेश भए भए बमोजिम भुक्तानी दिनु पर्नेमा खानेपानिको लागि उच्च घनत्वको पाइप खरिद गरेको विल अनुसारको उपभोक्तालाई रु.३००,०००।- भुक्तानी गर्दा प्राविधिक मुल्यांकन र सो अनुशारको जडान भएको देखिने विलभरपाई पेश नभएकोले पेश हुनु पर्दछ।

३९. **सिरिसे गाँउ विकास समिति**

३९.१. **लक्ष्य प्रगति** : लक्षित कार्यक्रमहरु प्रबर्द्धनात्मक कार्यक्रम र पुर्बधर विकास सम्बन्धि विभिन्न कार्यक्रम गर्नको लागि गाउँ परिषदबाट कार्यक्रम छनौट गरि रु. २८,१०,०००।- को कार्यक्रम बजेट स्वीकृत गरेकोमा सम्पूर्ण कार्यक्रम गरि प्रगति गरेको र वाँडफाँड सबै खर्च भएको प्रगति प्रतिवेदन पेश भएको छ। छनौट गरेको योजना न्यूनतम रु. १००००।- देखि अधिकतम रु. २०००००।- सम्मका छनौट गरेको देखिन्छ। प्राथमिकताको आधारमा ठोस नतिजामुखी योजना छनौट गर्न ध्यान दिनु पर्ने देखिन्छ।

३९.२. **पेश्कीः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ। उपलब्ध गराएको पेश्की वांकीको विवरण ७ व्यक्तिको नाममा रहेको पेश्की रु. १,९३,२१५।- फछ्र्यौट हुन बांकी रहेको देखिएकोले समयमै फछ्र्यौट हुनुपर्दछ।

३९.३. **विल भरपाईः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ। कार्यक्रम नखुलाई एक गुरुलाई रु. १००००।- भुक्तानी दिई खर्च लेख्दा विल भरपाई पेश नगरेकोले नपुग असुल हुनु पर्दछ।

३९.४. खानेपानी तथा सरसफाई खातामा रकम हस्तान्तरण गरि रु.२,५०,०००।- खर्च गर्दा र सो रु. १,२८,९२५।- खर्च गरेको देखिन्छ। सो वारे सम्वन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन:

३९.५. **प्राविधिक मुल्यांकन**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) अनुसार प्राविधिक मुल्यांकन गरि भुक्तानी दिनु पर्नेमा एक खानेपानि योजनाको लागि एक सप्लायर्सबाट २७५० मीटर खरिद गरेको वील अनुसारको उपभोक्तालाई रु.१,२३,७२५।- भुक्तानी गर्दा प्राविधिक मुल्यांकन र सो अनुसारको जडान भएको देखिने विलभरपाई पेश नभएकोले पेश हुनु पर्दछ।

३९.६. **अग्रिम कर :-** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार निम्नानुसारका भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नु पर्ने व्यवस्था छ। एक सप्लायर्सलाई भुक्तानी गरेको रु.१,२१,३७५।- को अग्रिम कर १.५ प्रतिशतका दरले रु. १६४२।- कट्टा गरी भुक्तानी गर्नु पर्नेमा सो गरेको नपाइएकोले असुल गरी राजस्व दाखिला गर्नुपर्दछ।

३९.७. **आर्थिक विवरणः** खानेपानी तथा सरसफाई कार्यको रु.२५००००।- मध्ये रु. १,२८,९२५।- खर्च नभै वाँकी रु.१,२१,३७५।- एकिन गरि आर्थिक विवरणमा समावेश गर्नुपर्नेमा नगरेकोले सामावेश हुनुपर्दछ।

३९.८. **अग्रिम कर :-** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नु पर्नेमा एक सप्लायर्सलाई भुक्तानी गरेको रु. २,४०,४००।- को अग्रिम कर १.५ प्रतिशतका दरले रु. ३६०६।- कट्टा गरी भुक्तानी गर्नु पर्नेमा सो नगरेकोले नपाइएकोले कट्टा गरी राजस्व दाखिला गर्नुपर्दछ।

३९.९. **विवरणः** बाल संरक्षण तथा सम्बर्धनको अक्षय कोषमा रु १,५०,०००।- खर्च लेखेकोमा स्थानीय निकायको आर्थिक विवरणमा कोष समावेश नभएकोले यकिन गरि सो कोषको मुलकोष खातामा समावेश हुनु पर्दछ।

३९.१०. **प्राविधिक मुल्यांकनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) अनुसार प्राविधिक मुल्यांकन गरि भुक्तानी दिनु पर्नेमा एक विद्युत विस्तार पोलवापत एक सप्लायर्सलाई पोल खरिद र ढुवानी गरेको वील अनुसारको उपभोक्तालाई रु.३,५०,२००।- भुक्तानी गर्दा नापी किताव र सो अनुसारको जडान भएको देखिने विलभरपाई सहित प्रमाण पेश नभएकोले पेश हुनु पर्दछ ।

३९.११. **जिन्सी दाखिला** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ (१) मा जिन्सी सामान आम्दानी बाँधी स्रेस्ता अद्यावधिक गरी राख्नुपर्ने उल्लेख छ । एक शैक्षिक संस्थालाई चिप्लेटी खरिदको रु ३०,०००।- दिएकोमा संस्थाको जिन्सी खातामा दाखिला जनाएको प्रमाण पेश नभएकोले दाखिला गरी जडान गरेको प्रमाण पेश हुनु पर्दछ ।

३९.१२. **विरुवा खरिदः** कृषि विषयका एक प्रविधिकले पेश गरेको वील, भरपाईको आधारमा रु. २०००००।०० निजका नाँउको पेश्की फछर्यौट गरेको देखियो । एक नर्सरीवाट ५०० थान आँप र ३०० थान कागतीका विरुवा फरक दरको विजक प्रयोग गरि रु २०००००।- को वील पेश गरेकोमा विरुवाको मूल्यमा फरक पारि खरिद गरेको छानविन गरी खर्च एकिन हुनु पर्दछ ।

३९.१३. **जिन्सी दाखिला** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ (१) मा जिन्सी सामान आम्दानी बाँधी स्रेस्ता अद्यावधिक गरी राख्नुपर्ने उल्लेख छ । एक शैक्षिक संस्थालाई कार्पेट र चकटी खरिद वापत रु ५०,०००।०० दिएकोमा संस्थाको जिन्सी खातामा दाखिला जनाएको प्रमाण पेश नभएकोले दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ । सक्कल वील भरपाई पेश हुनु पर्दछ ।

४०. **छविसे गाउँविकास समिति :**

४०.१. **लक्ष्य प्रगति** : लक्षित कार्यक्रमहरु प्रबर्द्धनात्मक कार्यक्रम र पुर्वधर विकास सम्बन्धि विभिन्न कार्यक्रम गर्नको लागि गाउँ परिषदबाट कार्यक्रम छनौट गरि रु. ४०,४२,८०५।- को कार्यक्रम बजेट स्वीकृत गरेकोमा सम्पूर्ण कार्यक्रम गरि प्रगति गरेको र बाँडफाँड सवै खर्च भएको प्रगति प्रतिवेदन पेश भएको छ । छनौट गरेको योजना न्यूनतम रु. १००००।- देखि अधिकतम रु. २०००००।- सम्मका छनौट गरेको देखिन्छ । प्राथमिकताको आधारमा ठोस नतिजामुखी योजना छनौट गर्न ध्यान दिनु पर्ने देखिन्छ ।

४०.२. **पेश्कीः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको पेश्की वांकीको विवरणमा १० व्यक्ति तथा संस्थाको नाममा रहेको रु. २,६३,७०२।- फछ्र्यौट हुन बांकी रहेको देखिएकोले समयमै फछ्र्यौट हुनुपर्दछ ।

४०.३. दुई कर्मचारीलाई श्रावण, असोजको तलव र चाडपर्व खर्च रु.१८९५८०।०० भुक्तानी खर्च लेखेकोमा रु १२३३१।०० बढी खर्च लेखेको असुल हुनु पर्दछ ।

४०.४. **जिन्सी दाखिला** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ (१) मा जिन्सी सामान आम्दानी बाँधी स्रेस्ता अद्यावधिक गरी राख्नुपर्ने उल्लेख छ । एक स्वास्थ्य संस्थालाई पूर्ण खोप कार्यक्रम र स्वास्थ्य संस्थाको लागि फर्निचर व्यवस्थापन कार्यक्रमका लागि फर्निचर खरिद वापत रु ४७,११५।- दिएकोमा सामान दाखिला जनाएको प्रमाण पेश नभएकोले दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ ।

४०.५. **विल भरपाईः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । वालवालिका लक्षीत कार्यक्रम लागि रु. ५,४५,२४०।- भुक्तानी दिई रु ४३९०७०।- को मात्र विल भर्पाई पेश भएकोले नपुग रु १०६१७०।- दाखिला हुनु पर्दछ । साथै बुझिलिएको भर्पाई पेश हुनु पर्दछ ।

४०.६. **आर्थिक विवरणः** बाल संरक्षण तथा सम्बर्धन अक्षय कोष स्थापना गरि रु १,६०,०००।०० र विपत व्यवस्थापन कोषमा रु १०००००।- खर्च लेखेकोमा प्रस्तुत आर्थिक विवरणमा कोषको रकम समावेश नभएकोले यकिन गरि रु २,६०,०००।- सो कोषको मुलकोष खातामा समावेश हुनु पर्दछ ।

४०.७. बढी भुक्तानी : फोकल पर्सन र विवरण संकलन वापत दुई जनालाई रु १०२०००।- भुक्तानी गर्दा फोकल पर्सन र विवरण जम्मा गरेको प्रमाण पेश नभएकोले कर रु. १५३००।- कटाई आधार वेगर भुक्तानी गरेको रु८६७००।- असुल हुनु पर्दछ ।

४०.८. **नगद दाखिलाः** एक कर्मचारीले छिपिखोला पेल्ट्रीक सेटनिर्माणको लगि विगत वर्षमा लिएको पेश्की फछर्यौट गर्दा नगद रु.६००००।०० बेरुजु दाखिला गरेको छ ।

४१. **रिस्कु गाँउ विकास समिति :**

४१.१. **लक्ष्य प्रगति** : लक्षित कार्यक्रमहरु प्रबर्द्धनात्मक कार्यक्रम र पुर्वधर विकास सम्बन्धि विभिन्न कार्यक्रम गर्नको लागि गाउँ परिषदबाट कार्यक्रम छनौट गरि रु. ६४,००,०००।- को कार्यक्रम बजेट स्वीकृत गरेकोमा सम्पूर्ण कार्यक्रम गरि प्रगति गरेको र बाँडफाँड सवै खर्च भएको प्रगति प्रतिवेदन पेश भएको छ । छनौट गरेको योजना न्यूनतम रु. १०००००।- देखि अधिकतम रु. ३०००००।- सम्मका छनौट गरेको देखिन्छ । प्राथमिकताको आधारमा ठोस नतिजामुखी योजना छनौट गर्न ध्यान दिनु पर्ने देखिन्छ ।

४१.२. **पेश्कीः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको पेश्की

वांकीको विवरण एक व्यक्तिको नाममा रहेको रु. ५५००।- फछ्र्यौट हुन बांकी रहेको देखिएकोले समयमै फछ्र्यौट हुनुपर्दछ ।

४१.३. **अग्रिम कर** : आयकर ऐन २०५८ अनुसार भत्ता भुक्तानीमा १५ प्रतिशतले हुने कर कट्टा गर्नुपर्दछ । रु १४८३०।०० भुक्तानी गरेकोमा अग्रिम कर रु ५९३७०० कट्टा गर्नुपर्नेमा कट्टा नगरेकोले दाखिला हुनुपर्दछ ।

४१.४. **भरपाई** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । गाउ स्तरीय महिला समितिलाई रु. ५००००।- भुक्तानी दिएकोमा वुझिलिनेको नामनामेसी भरपाई पेश नगरी एकमुष्ठ वुझि लिएको भरपाई राखेकोले नामनामेसी भरपाई पेश हुनु पर्दछ ।

४१.५. एक परामर्श सेवालाई रु. १२०००।- खर्च लेखेकोमा केन्द्रको दाखिला गरेको र सोको लेखापरीक्षण गराएको प्रतिवेदन पेश नभएकोले पेश हुनु पर्दछ ।

४१.६. **तालिम** : एक संस्थालाई सिलाई कटाई तालिमका लागि सिलाई मेसिन ६ थान खरिदको रु.५४२४०।- को भुक्तानी दिएको सो संस्था दर्ता भएको प्रमाण पेश नभएको खरिद भएको दाखिला भएको प्रमाण पेश नभएको साथै लेखापरीक्षण गराएको प्रतिवेदन समेत पेश नभएकोले पेश हुनु पर्दछ ।

४१.७. **जिन्सी दाखिला** : एक शैक्षिक संस्थालाई वालवालिका लक्षित कार्यमा फर्निचर निर्माणको रु.२००००।- भुक्तानी दिएकोमा खरिद गरेको टेवुलहरु जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश नभएकोले पेश हुनु पर्दछ ।

४१.८. **जग्गाको स्वामित्व** : एक सामाजिक संस्थाले १० कार्यक्रम गरि रु. ३३५०००।- भुक्तानी दिएको मध्ये जनजाती भवनमा जानको लागि जग्गा खरिद रु.५००००।- भुक्तानी दिएको देखियो । जनजाती भवन जग्गाको स्वामित्व स्पष्ट नहुँदा जग्गा धनीपूर्जा लिएको प्रमाण पेश गरेको छैन । एक व्यक्तिले जग्गाको मुल्य रु.५००००।- वुझि लिएकोमा जग्गा रजिष्टेशन गराई जग्गा धनीपूर्जा प्राप्त भएको प्रमाण पेश नभएकोले पेश हुनु पर्दछ ।

४१.९. एक शैक्षिक संस्थालाई वालवालिका लक्षित कार्यको फर्निचर निर्माणको रु.१४००००।- भुक्तानी दिदा पेश गरेका वील भरपाई सवै नवुझिने फोटोकपी हुँदा सक्कल वील भरपाई र खर्चको प्रमाण पेश हुनु पर्दछ ।

४१.१०. **प्राविधिक नापी**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) अनुसार प्राविधिक मुल्यांकन गरि सो को आधारमा सम्झौतामा उल्लेख भए बमोजिम उपभोक्ताको अंश समेत समावेश गरि विलभरपाई पेश भए भए बमोजिम भुक्तानी दिनु पर्ने एक खानेपानि योजनाको लागि एक सप्लायर्सबाट उच्च चापको पाईप १६३० मीटर खरिद गरेको वील अनुसारको उपभोक्ता समितिलाई रु.१,२३,७२५।- भुक्तानी गर्दा नापी र सो अनुसारको जडान भएको देखिने विलभरपाई पेश नभएकोले पेश हुनु पर्दछ ।

४२. **मयखु गाँउ विकास समिति :**

४२.१. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगतको पेश्की रु. ३४८५०।- र यो वर्षको एक व्यक्तिको पेश्की रु.६१६,३५९।- समेत रु. ६५१२०९।- बाँकी असूल फछर्यौट हुनु पर्दछ ।

४२.२. **प्राविधिक मुल्यांकन**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) अनुसार प्राविधिक मुल्यांकन गरि भुक्तानी दिनु पर्ने एक खानेपानि योजनाको लागि एक सप्लायर्सबाट उच्च चापको पाईप १६३० मीटर खरिद गरेको वील अनुसारको उपभोक्तालाई रु.१,२३,७२५।- भुक्तानी गर्दा नापी र सो अनुसारको जडान भएको देखिने विलभरपाई पेश नभएकोले पेश हुनु पर्दछ ।

४२.३. **सामाजिक परीक्षण** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६)मा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । दुई मोटर बाटो उपभोक्ता समितिको निर्माण कार्यको रु.९,८०,५००।-पेश्की फछर्यौट गरि भुक्तानी दिएकोमा कामको प्रविधिक मूल्याकन र डोर हाजिर पेश भएतापनि बैठकबाट खर्च अनुमोदन भएको प्रमाण पेश नभएकाले सामाजिक परीक्षण पेश हुनु पर्दछ ।

४२.४. **बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) अनुसार प्राविधिक नापी गरि सोको आधारमा सम्झौतामा उल्लेख भए बमोजिम उपभोक्ताको अंश समेत समावेश गरि विलभरपाई पेश भए भए बमोजिम भुक्तानी दिनु पर्नेमा मा सडक निर्माण कार्यको उपभोक्तालाई रु. ४,४५,०००।- भुक्तानी दिदा उपभोक्ताको अंशदान नकटाई र नापि किताव भन्दा रु ५२८०।- बढी भुक्तानी दिएको असुल हुनुपर्दछ ।

४२.५. **विल भरपाईः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । एक स्वास्थ्य निकायका जस्तापाता खरिद गर्न रु. ६६०००।- भुक्तानी दिई खर्च लेख्दा सम्झौता भन्दा बढी रु २२७५०।- खर्च गरेकोले नपुग असुल हुनु पर्दछ ।

४२.६. **अग्रिम कर** : आयकर ऐन २०५८ अनुसार भत्ता भुक्तानीमा १५ प्रतिशतले हुने कर कट्टा गर्नुपर्ने एक लेखापरीक्षकलाई लेखापरीक्षण शुल्क रु २५०००।- भुक्तानी गरेकोमा १५ प्रतिशत कर रु २४००।- कट्टा नगरेकोले असूल गरी दाखिला हुनुपर्दछ।

४२.७. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ। एक कृषि निकायका लागि पाठापाठी खरिद गर्न रु. ७९०००।- भुक्तानी दिई खर्च लेख्दा सम्झौता र पेश भएको विल भर्पाई भन्दा बढी रु १२०००।- भुक्तानी गरेकोले बढी असुल हुनु पर्दछ। वितरित पाठापाठीको स्थिति अनुगमन प्रतिवेदन पेश हुनु पर्दछ।

४२.८. **बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) अनुसार प्राविधिक नापी गरी सोको आधारमा सम्झौतामा उल्लेख भए बमोजिम उपभोक्ताको अंशदान समेत समावेश गरी विलभरपाई पेश भए बमोजिम भुक्तानी दिनु पर्नेमा मा सडक निर्माण कार्यको उपभोक्तालाई रु. ४,४५,०००।- भुक्तानी दिदा उपभोक्ताको अंशदान नकटाई र नापि कितावभन्दा रु ५२८०।- बढी भुक्तानी दिएको असुल हुनुपर्दछ।

४२.९. **प्राविधिक मुल्यांकन**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) अनुसार प्राविधिक मुल्यांकन गरि भुक्तानी दिनु पर्नेमा एक खानेपानी योजनाको लागि वील अनुसारको उपभोक्तालाई रु ५८,१००।- भुक्तानी गर्दा प्राविधिक नापी किताव र सो अनुसारको कार्य भएको देखिने प्रमाण पेश नभएकोले पेश हुनु पर्दछ।

४२.१०. **विलभर्पाई** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ। पुर्ण सरसफाई वडा वनाउने खाना, खाजा, चिया खुवाएको एकमुष्ट रु.१६०००।- बुझिलिए भन्ने व्यहोराका ९ वटा भरपाईबाट रु.१४४०००।- खर्च लेख्दा सहभागिको उपस्थित सहित कार्य गरेको खुल्ने हाजिरी र विलभरपाई पेश नभएकोमा पेश हुनु पर्दछ।

४२.११. **नगद दाखिला:** विगत वर्षको बाँकी नगद एक कर्मचारीले हवाई मैदान सर्वेक्षण वापत लिएको रु. ५००००।- सम्वन्धित स्थानीय सञ्चीत कोष दाखिला गरेको आधारमा पेश्की फछ्र्यौट गरेको छ।

**बेरुजु स्थिति**

यो वर्ष लेखापरीक्षणवाट रु.१ करोड ५९ लाख ७७ हजार बेरुजु मध्ये असुल गर्नुपर्ने रु.४ लाख ५० हजार, नियमित गर्नुपर्ने रु १ करोड ३० लाख १५ हजार र पेश्की बाँकी रु २५ लाख १२ हजार बेरुजु बांकी रहेको छ।

## चौदण्डीगढी नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.३९ लाख १ हजार यस वर्षको आय रु.१४ करोड ३५ लाख १७ हजार समेत रु.१४ करोड ७४ लाख १८ हजार आय गरी रु.११ करोड ५ लाख ५८ हजार खर्च गरी रु.३ करोड ६९ लाख ६० हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा देहाय छन् :

१. **लेखापरीक्षणको प्रतिवेदन :** नगरकार्यपालिकाको गत वर्षको रु ३९ लाख १ हजार यो वर्षको आय रु. १४ करोड ३५ लाख १७ हजार समेत रु. ११ करोड ५ लाख ५८ हजार खर्च गरी रु. ३ करोड ६८ लाख ६१ हजार मौज्दात रहेको छ । सो कारोवारको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा देहाय छनः–

२. **लक्ष्य तथा प्रगतिः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २५ बमोजिम अनुसूची २ को ढाँचामा वार्षिक प्रगति प्रतिवेदन तयार गर्नु पर्नेमा यो वर्ष विभिन्न लक्षित कार्यक्रमहरु, प्रवर्द्धनात्मक कार्यक्रम र पूर्वाधार निर्माण नगरपरिषदबाट स्वीकृत कार्यक्रम मध्ये नदी नियन्त्रण कालीखोला र हात्तिसार टोलमा इनार निर्माण गर्ने २ वटा कार्याक्रम संचालन नभएका प्रतिवेदन पेश भएको छ । प्राथमीकताका आधारमा अत्यावश्यक ठानिएका आयोजना/कार्यक्रम मात्र छनोट गरि आवश्यक मात्रामा बजेट व्यवस्था गरि कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

३. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । प्रस्तुत पेश्की वांकीको विवरण २३ संस्था तथा व्यक्तिको नाममा रहेको पेश्की रु. १७,३४,४००।- फछ्र्यौट हुन बांकी रहेको देखिएकोले समयमै फछ्र्यौट हुनुपर्दछ ।

४. **कर्मचारी कल्याणकोष** : कल्याणकोषको रु.३९८८६।- कर्मचारीको खातामा दाखिला भएको नदेखिएकोले उक्त कल्याणकोष खातामा दाखिला हुनुपर्दछ ।

५. **दाखिला :** साविक स्थानीय निकायको खातामा मैज्दात रहेको रु.१२,७६,६४३।- मुल खातामा दाखिला नगरेकोले दाखिला गर्नुपर्दछ ।

६. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । विभिन्न भुक्तानीमा गरिएको अग्रिम कर कट्टी रु. १००६५७।- दाखिला नगरेकोले दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

७. **परामर्श सेवा :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा वर्तमान जनशक्तिबाट हुन नसक्ने कार्यमात्र परामर्श सेवावाट खुला रुपमा आशय पत्र माग गरि वा संक्षिप्त सूची तयार गरी परामर्श सेवा लिन सक्ने व्यवस्था छ । लागत अनुमान र परामर्शदाताको सूचिकृत समेत नगरी स्थानीय तह सम्वन्धि कार्यविधि तयार गर्न रु १५०००००।- र ८ प्रकृतिका विभिन्न कार्यहरु परामर्श मार्फत गराई रु ३१,१७,१७७।- समेत रु ४६,१७,१७७।- खर्च लेखेको नियमित नदेखिएकोले कानूनमा व्यवस्था बमोजिम परामर्श मार्फत कार्य गराउनु पर्दछ ।

७.१. **कर वीजक** : मुल्य अभिवृद्धिकर नियमावली २०५३ अनुसार तोकिएको ढाँचामा कर वीजक पेश नभएकोमा सम्बन्धीत आन्तरीक राजश्व कार्यालयमा मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनु पर्ने व्यवस्था छ । ८ आपूर्तिकर्तालाई परामर्श सेवा वापत मुल्य अभिवृद्धि कर रु ३,५८,६१५।- समेत रु २७,५८,५७७।- कर विजक नं. र छाप वेगरको कर वीजक पेश गरि खर्च भएकोले सम्बन्धीत आन्तरीक राजश्व कार्यालयमा मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनु पर्दछ ।

८. **आर्थिक सहयोगः** स्थानीय निकाय आर्थिक विनियमावलीमा आर्थिक सहयोग दिने व्यवस्था नभएपनि मौलोपुजामा ४ व्यक्ति तथा निकायलाई अनुदान रु. ५८,०००।- खर्च लेखेको देखियो । मौलोपुजाको लागि सम्बन्धित निकायमा पनि वजेट व्यवस्था हुने हुदा विषयगत कार्यालयलाई सामान्य आर्थिक सहयोग गर्ने यो खर्चलाई नियन्त्रण गर्नु पर्दछ ।

८.१. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । एक कर्मचारीलाई रु. १३०००।- खर्च लेख्दा रु.७५८० को मात्र विल भरपाई पेश गरेकोले नपुग रु.५४२०।- असुल हुनु पर्दछ

९. **थप भत्ता :** कार्यरत कुनै कर्मचारीले नेपालको प्रचलित ऐन बमोजिम तलब भत्ता दावी गर्नु पर्ने व्यवस्था छ । निर्णय गर्न पाउँने अधिकार वेगर परिषद संचालन खर्च वापत खाइपाई आएको १० दिनको तलब भुक्तानी दिने निर्णय गरी रु. १०३,४१७।- खर्च लेखेकोले असूल हुनु पर्दछ ।

१०. **अग्रिम कर :** आयकर ऐन २०५८ मा थप सुविधामा १५ प्रतिशतले अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । १० दिनको थप भत्ता वापत रु. १०३,४१७।- भुक्तानी दिंदा १५ प्रतिशतले हुने रु.१५५१३।- कर कट्टा गरेर भुक्तानी दिनु पर्नेमा १ प्रतिशत ले हुने रु. १०३४।- मात्र कट्टा गरी भुक्तानी दिएकोले नपुग अग्रिम कर रु.१४४७९।- असूल हनु पर्दछ ।

११. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । एक मिडियाले पत्रकारिता तालिम प्रदान

गर्नुपर्नेमा कार्यालय व्यवस्थापन अभिमुखिकरण तालिम संचालन गरि रु.१०००००।- भुक्तानी अनियमित देखिनुका साथै सो कार्यमा गरेको खर्चको भरपाई भुक्तानी दिएकोले तालिम संचालन भएको देखिने प्रमाण पेश हुनु पर्दछ ।

१२. **खर्चको मापदण्ड** : अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७० को बुंदा नं.७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन गनु परेमा अर्थ मन्त्रालयबाट स्वीकृत दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।

१२.१. सामाजिक तथा वातवरणीय विकासका लागि एक संस्थालाई स्मृती वृक्ष कार्यक्रम सम्पन्न गरेको जनाई रु.२,९५,०००।- भुक्तानी गर्दा सहभागि उपस्थिति सहित समयवद्ध कार्यक्रम सञ्चालन भएको पुष्टयाइ हुने आधार पेश भएन । विज्ञ प्रशिक्षक भत्ता रु ३५०००।-, सहजकर्ता रु.२००००।-, यातायत खर्च भनी रु.५००००।-, प्रशिक्षक रु.१५०००।-, म्याप डिजाइन गरेको रु.५००००।-, विष्यगत निकायको कर्मचारीलाई भत्ता रु ९००००।- समेत रु. २६००००।- खर्च लेखेकोमा नर्म्स भन्दा बढी दरले भत्ता दिन पाउने आधार प्रमण पेश हुनु पर्दछ ।

१२.२. सार्वजनीक सुनुवाईको रु.४५,०००।- खर्च लेख्दा सहजकर्ता परिश्रमिक वापत एक व्यक्तिलाई रु १४,०००।- दिएको देखियो । एक दिनको वढीमा रु ३,०००।- दिनु पर्नेमा वढी भुत्तानी भएको रु ११,०००।- असुल हुनु पर्दछ ।

१२.३. सामाजिक परिक्षण गरी एक आपूर्तिकर्तालाई रु १,५०,०००।- भुत्तानी दिदा पेश गएको विल भरपाईमा सहजकर्ताको भत्ता रु ६०,०००।- खाना र वास ३०,०००।- यातायात ६०००।- गरी रु ९६,०००।-, खाना खाजाको बील अनुसारको रु १५,०००।- र आम भेला दुई पटक गराएको भनि ८५००।- खर्च गरेकोमा सो अनुसार भुक्तानी पाउने नर्म्स र सामाजिक परिक्षण प्रतिवेदन पेश हुनु पर्दछ ।

१३. **भुत्तानी बाँकी** : पानीपोखरी निर्माणको रु. २,७५,१५१।- खर्च मध्ये गतको पेश्की रु १,००,०००।- पछ्यौंट गरी भुत्तानी दिन बाँकीको विवरण नराखी रु. १,२१,८४९।- खर्च लेखेको अनियमित देखियो

१४. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा सक्कल विजक लिनु पर्ने व्यवस्था छ । सोलार जडानको रु.४,९५,०००।- आन्तरिक अख्तियारी मार्फत एक कर्मचारी बाट सोझै खरिद र जडान गरि खर्च गरेको नियमित देखिएन ।

१५. **प्रोत्साहन भत्ता** : कार्यरत कुनै कर्मचारीले नेपालको प्रचलित ऐन बमोजिम तलब भत्ता दावी गर्नु पर्ने व्यवस्था छ । एकल बोर्ड निर्णयको आधारमा प्रोत्साहान भत्ता भनि महिनाको खाईपाई आएको तलव रु ३६९०००।- भुत्तानी दिएको देखियो । एकल वोर्डबाट प्रोत्साहन भत्ता भुक्तानी गर्ने आधार भए पेश हुनु पर्दछ ।

१६. **कार्य सम्पन्नः** सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२१ र १२५ बमोजिम निर्माण कार्य सम्पन्न गराउनु पर्दछ । सडक कालोपत्रे गर्ने कार्य रु ९२,२९,१२०।- मु.अ. कर बाहेक को लागत अनुमा स्वीकृत गरि बोलपत्र आव्हान गर्दा पर्न आएको बोलपत्र मध्ये घटी रु ९१,२०,४५७।- कवोल गर्ने एक निर्माणसेवासंग २०७४।३।२० मा कार्यसम्पन्न गरिसक्नु पर्ने गरी २०७४।३।६ मा सम्झौता भएकोमा एक निर्माण सेवालाई प्रथम बील रु १७,११,४२५।- भुत्तानी दिएकोमा निर्माण कार्यको काम सम्पन्न भएको छैन । म्याद थप समेत पेश नभएकोमा समयमै कार्य सम्पन्न गर्न ताकेता गरिनु पर्दछ ।

१७. **कर वीजक** : मुल्य अभिवृद्धिकर नियमावली २०५३ अनुसार तोकिएको ढाँचामा कर वीजक पेश नभएकोमा सम्बन्धीत आन्तरीक राजश्व कार्यालयमा मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनु पर्ने वीजक प्रिन्ट नभई छाप लगाएको मुल्य अभिवृद्धि कर रु १,२७,८६३।- समेत रु १७११४२५।- कर वीजक पेश भएकोले सम्बन्धीत आन्तरीक राजश्व कार्यालयमा मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनु पर्दछ ।

१८. **भ्रमण भत्ता** : एक कर्मचारी मिर्चैयावाट सरुवा भई आउदाको परिवार सहित ५ सदस्य समेत ६ जनाको दै.भ्र.भत्ता रु १५९८०।- भुत्तानी दिदा मिर्चैया बाट २-३ घण्टाको समयमा बेल्टार आईपुग्नेमा गाईघाट बास बसी २ दिनमा अईपुगेको देखाई रु ८५८०।- बढी भुत्तानी भएकोले असुल हुनुपर्दछ र रमाना हुने निकायबाट सरुवा भ्रमण खर्च नलिएको प्रमाण पेश हुनुपर्दछ ।

१९. **सूचना प्रसार** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । एक मिडियालाई पत्रपत्रिका र रेडियो सूचना प्रसार गरेको रु १,४५,५००।- भुक्तानी दिएको देखियो । उक्त एजेसीले पत्रिका र रेडियो प्रचार प्रसार गरेको हो स्पष्ट प्रमाण कागजात नभएकोले सूचना प्रचार प्रसार गर्दा सोझै पत्रिका र रेडियोलाई आदेश दिएर प्रचार गर्ने व्यवस्था गर्नु पर्दछ र उक्त खर्चको प्रमाण पेश हुनुपर्दछ ।

२०. **स्वीकृत कार्यक्रमः** स्वीकृत कार्यक्रम बेगर पोखरीमा माटो खन्ने काम १३१०:४० घन मीटर गरेको नापि मूल्याकन पेश गरी बृक्षारोपणको रु. १,३५,५८६।- भुक्तानी गर्दा उपभोक्ता गठन गरेको प्रमाण पेश गरेको छैन । एउटा काम गर्ने भनी अर्कै काम गरी भुक्तानी दिएको नियमित देखिदैन ।

**चौदण्डी गाँउ विकास समिति :**

२१. **लक्ष्य तथा प्रगतिः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २५ बमोजिम अनुसूची २ को ढाँचामा वार्षिक प्रगति प्रतिवेदन तयार गर्नु पर्नेमा तयार गरेको नदेखीएकोले कार्यक्रम वारे एकिन गर्ने आधार भएन । नियम बमोजिम प्रगती प्रतिवेदन तयार गर्नुपर्दछ ।

२२. **पेश्कीः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (१) मा पेश्की सम्बन्धी व्यवस्था छ । गत विगतको रु ११२०७०।- रहेकोमा हाल सम्म फछर्यौट भएको छैन । यस वर्ष ७ जनाको नाममा रु १,०५,५००।- बाँकी रहेकोले गतको समेत रु. २१७५७०।- समयमै असुल फछर्यौट हुनुपर्दछ ।

२३. **नगद मौज्दात :** आय-व्यय विवरणमा रु २४५५।- नगद मौज्दात रहेकोमा नगद जिम्मेवरी यकिन गरी मुलकोष खातामा दाखिला हुनु पर्दछ ।

२४. **जिन्सी दाखिला -** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ (१) मा जिन्सी सामान आम्दानी बाँधी स्रेस्ता अद्यावधिक गरी राख्नुपर्ने उल्लेख छ । वातावरण मैत्री झोला ६०० थान खरिद गरेको बीलको रु ४२००।- भुक्तानी लिएकोमा जिन्सी खातामा आम्दानी बाँधेको नदेखिएको र कसैलाई बुझाएको प्रमाण समेत नदेखीएकोले उक्त रकम निजबाट असुल गर्नुपर्ने पर्दछ ।

२५. **दैनिक भ्रमण भत्ता** : एक कर्मचारीलाई एक सञ्चार निकाय यो निकायको भवनमै रहेको अवस्थामा ४ दिन चिठ्ठी रजिष्ट्री गर्न सदरमुकाम गएको भनी रु ५६००।- देनिक भ्रमण भत्ता भुक्तानी दिएको देखियो । सञ्चार निकायको एउटै भवनमा र बेल्टारमा समेत रहेको अवस्थामा सदरमुकाम रजिष्ट्री गर्न जानुपर्ने कारण नभई भुक्तानी असुल हुनु पर्दछ ।

२६. **विज्ञापन छपाइ** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । शुभ कामना विज्ञापन छपाई गरेको जनाई रु ५०००।- भुक्तानी दिएकोमा पत्रिकाको शुभकामना विज्ञापन छापईको स्पष्ट रुपमा पत्रिका समेत पेश भएन । नेपाल सरकारले सरकारी स्तरबाट कुनै शूभकामना छपाई गर्न नपाउने र छपाईएको पाईएमा छपाउन आदेश दिनेबाट असुल गर्ने निर्णय गरेको हुदाँ रु ५०००।०० असुल हुनु पर्दछ ।

२७. **बिल भर्पाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । एक कर्मचारीले विभिन्न विल भरपाई संलग्न राखि रु ५६,२०० भुक्तानी लिएकोमा देहाय अनुसार भएको देखियो ।

२७.१. एक कर्मचारी समिक्षा बैठक भएकै दिन छलफलमा भाग लिएर फर्कन सक्ने अवस्था रहेकोमा र समीक्षा छलफल नखुलाई समीक्षा छलफलमा भाग लिन सदरमुकाम गएको जनाई ५.५ दिनको दै.भ्र.भ. रु ८८००।- भुक्तानी गरेकोमा सदरमुकाम १ दिन जान, १ दिन छलफलमा भाग लिन र एक दिन फर्कने गरी ३ दिन भन्दा बढी लाग्ने नदेखिएकाले लाग्ने भन्दा रु ४८००।-बढी भुक्तानी लिएको देखिएकोले असुल हुनु पर्दछ ।

२७.२. मिति २०७३।४।१० देखी २०७३।४।१५ सम्म सदरमुकाम गएकोमा २०७३।४।७ गते एक किराना पसल गाईघाट बाट १०० थान रेडबुल र पानी किनी रु ९७२०।- भुक्तानी दिएको आधार वेगर रकम निजबाट असुल हुनुपर्दछ ।

२७.३. एक चालकले रु १०,०००।- बुझिलिए भन्ने व्यहोराको भरपाई संलग्न गरी रु १०,०००।- खर्च लेख्दा जीप चालकलाई प्रयोजन स्पष्ट नगरी अनावश्यक रुपमा आधार प्रमाण वेगर रु १०,०००।- खर्च लेखेको असुल हुनपर्दछ ।

२८. **बिल भर्पाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । सार्वजनिक सुनुवाई तथा सुसासन पारदर्शीतामा रु २५०००।- लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन् ।

२८.१. एक कर्मचारीले सहजीकरण, यातायात, संचार, व्यानर स्टेशनरी प्रतिबेदन तयारी, सहयोगी र सहजकर्ताको खाना र बास समेत रु १५,०००।- मा कार्य गर्ने गरी प्रस्ताव पेश गरेकोमा डायरी, कलम, रजिष्टर आदिको १०,०००।- को मात्र बील पेश गरेकोले बील भरपाई नराखी रु ५,०००।- खर्च लेखेकोले असुल हुनुपर्दछ ।

२८.२. सार्वजनिक सुनुवाई कार्यक्रम उपस्थित स्पष्ट कार्यक्रमको स्थान सहित उठेको विषयबस्तु र गरेको निर्णय प्रतिवेदन तयारी गरेर पेश गरेको समेत नदेखिएकोले रु.१०,०००।- खर्चलाई पुष्ट्याई गर्ने आधार पेश हुनुपर्दछ ।

२९. **विल भर्पाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । एक कर्मचारीले विभिन्न बीलहरु संलग्न राखि रु ५६०००। भुक्तानी लिएकोमा देहाय बमोजिम भएको देखियो ।

२९.१. लौका, बोडी, करेला, खुर्सानी, टमाटर आदिको विउ खरिद बीलको रु ११५००।- भुक्तानी लिएकोमा कार्यक्रम स्पष्ट नगरी कार्यकम र खरिद गरेको विउ कृषकलाई बुझाएको प्रमाण समेत पेश नभएकाले पेश हुनु पर्दछ ।

२९.२. डोरम्याट ५ मीटर रु ६२५०।- र अफिस चियर १ थान समेत रु.७५००।- मा खरिद गरेको बील रु.१३,७५०।- भुत्तानी लिएकोमा सामानको विवरणमा उक्त सामान नदेखिएकोले सामान दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ ।

३०. **ढुवानी** : आयकर ऐन २०५८ अनुसार १० प्रतिशतले हुने ढुवानी कर कता गर्नुपर्नेमा सोलार सेट सदरमुकामबाट ढुवानी गरेर लगेको भाडा रु ९०००।- खर्च गर्दा रु.९००।-कर कता नगरेकोले ढुवानी कर कट्टागरी दाखिला हुनु पर्दछ ।

३१. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ (१) मा जिन्सी सामान आम्दानी बाँधी स्रेस्ता अद्यावधिक गरी राख्नुपर्ने उल्लेख छ । अफिस टेवुल १ थान र अफिस कुर्सी १ थान खरिद गरेको बील अनुसार रु १५०००।- भुत्तानी लिएकोमा अक्त सामानहरु जिन्सी खातामा दाखिला गरेको नदेखिएकाले जिन्सी आम्दानी जनाएको प्रमाण पेश हुनुपर्दछ ।

३२. **सामाजिक परीक्षण** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६)मा उपभोत्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । दुई मोटर बाटो उपभोक्ता समितिको निर्माण कार्यको रु. २,९५,०००।-पेश्की फछ्र्यौट तथा भुक्तानी दिएकोमा कामको प्रविधिक मूल्याकन र डोर हाजिर पेश भएतापनि समिति बैठकबाट अनुमोदन भएको प्रमाण पेश नभएकोमा सामाजिक परीक्षण पेश हुनु पर्दछ ।

३३. **अग्रिम कर** : आयकर ऐन २०५८ अनुसार भत्ता भुक्तानीमा १५ प्रतिशतले हुने कर कट्टा गर्नुपर्नेमा एक लेखापरीक्षकलाई दै.भ्र.भत्ता रु ७०००।- समेत लेखापरीक्षण शुल्क मसलन्द आदि भनी एकमुस्ट रु.२०,०००। भुत्तानी गर्दा अग्रिम कर रु १९५०।- कट्टा गरी भुक्तानी दिनु पर्नेमा कट्टा नगरी भुक्तानी दिएकोले निजबाट असुल हुनुपर्दछ ।

३४. **सामाजिक परीक्षण** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । एक मोटरबाटो मर्मत तथा जनजाती कार्यक्रमको उपभोक्ता समितिलाई भुत्तानी दिई रु ३८०,०००। खर्च लेखेकोमा मोटरबाटो निर्माणको नापी मूल्यांकन रु २९८०८०।- पेश भएकोमा सम्झौतामा रु २,३५,०००। व्यहोर्ने उल्लेख भए बमोजिम भुक्तानी गर्दा समिति वा समुदायको बैठकबाट अनुमोदन गराइएको प्रमाण पेश नभएकोले पेश हुनु पर्दछ ।

३४.१. रु ३८०,०००।- खर्च गर्दा सडक निर्माणको रु २,३५०००। कटाउंदा जनजातीको रु. १४५०००।- बाट देखिएका व्यहोराहरु देहाय अनुसार छन् :

३४.२. **जिन्सी आम्दानी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ (१) मा जिन्सी सामान आम्दानी बाँधी स्रेस्ता अद्यावधिक गरी राख्नुपर्ने उल्लेख छ । टेवल १, कुर्सी-४ र स्टील दराज २, खरिदको रु ४००००। खर्च गर्दा जिन्सी खातामा आम्दानी गरेको नदेखिएकोले दाखिला प्रमाण पेश हुनु पर्दछ ।

३४.३. **कार्यक्रम वेगरको खर्च** : चौदण्डीगढी साप्ताहिकलाई सहयोग भनी रु ७०००।- र शुभकामना विज्ञापन रु ७०००।- समेत रु १४०००।- खर्च लेखेकोमा जनजातीको कार्यक्रम संचालन गर्न लगेको रकमबाट पत्रीकालाई सहयोग र शुभकामना विज्ञापन भनी विज्ञापन नछापिकन त्यस्तो खर्च लेख्ने नमिल्ने हुँदा कार्यक्रम वेगरको खर्च असुल हुनुपर्दछ ।

३४.४. **विलभर्पाई** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । ढोल बनाएको, साकेला सम्वन्धि प्रशिक्षण, नाच आयोजक समिति खाना खर्चको रु ५२७५०।- खर्च लेख्दा समितिको खातामा दाखिला भएको प्रमाण नभएको, प्रशिशार्थी उपस्थिती र प्रशिक्षणको दिन समेत नखुलेका, नाचका सहभागी खानाको हाजिरी र बील नभएका लगायतका विलभरपाई पेश नभएकोमा पेश हुनु पर्दछ ।

३४.५. **बढी खर्च** : सो खर्च रु १०६७५०।- र खाना तथा खाजाको रु १७,२५०।- समेत रु १२४,०००।- का खर्चका बील भरपाई पेश भएकोमा यो कार्यक्रमा रु १४५०००।- खर्च लेखेकोले बील भरपाई भन्दा बढी खर्च लेखेको रु २१,०००।- असुल हुनुपर्दछ ।

३५. **प्राविधिक मुल्यङकनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) बमोजिम प्राविधिक मुल्यङकन पेश गर्नुपर्नेमा एक खानेपानी कुवा मर्मत वापत उपभोत्ता समितिलाई रु ४०९५०।- भुक्तानी गरेकोमा प्राविधिक मुल्यांकन बेगर रु.४०,९५०।-भुत्तानी दिएकोले उक्त प्रमाण पेश गर्नु पर्दछ ।

३६. **बढी भुक्तानी** : एक खानेपानी योजनालाई रु ३,३०,१२५।- भुत्तानी दिएको कामको नापि रु ३,२७,०२२।- मात्र भएकोमा बढी भुत्तानी दिएको रकम रु ३१०३।- असुल हुनुपर्दछ ।

३६.१. आयकर एन. २०५८ बमोजिम १.५ प्रतिशत अग्रिम कर कता गर्नुपर्नेमा खानेपानी योजनका लागि समान खरिदको रु. १००६५६।- भुक्तानीमा अग्रिम कर रु.१५१०।- कता नगरेकोले असुल गरि दाखिला हुनु पर्दछ ।

**सुन्दरपुर गाउँविकास समिति :**

३७. **लक्ष्य तथा प्रगतिः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २५ बमोजिम अनुसूची २ को ढाँचामा वार्षिक प्रगति प्रतिवेदन तयार गर्नु पर्नेमा यो निकायले लक्षित प्रवर्द्धधात्मक र पूर्वाधार जस्ता कार्यक्रम गरी परिषदवाट कार्यक्रम छनौट र बजेट व्यवस्था गरेकोमा अनुसूची २ को ढाँचामा वार्षिक प्रगति प्रतिवेदन तयार नगरेकोले लक्ष्य अनुसार प्रगति भए नभएको भिडाई हर्ने आधार भएन । नियमानुशार प्रगति प्रतिवेद तयार गर्नु पर्दछ ।

३८. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगत वर्षको दुई जनाको नामको रु ८५,०००।- बाँकी रहेकोमा समयमै असुल फछ्र्यौट हुनु पर्दछ ।

३९. **विलभर्पाई** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । खुला दिसामुक्त कार्यक्रमको पेश्की रु १,९२,०००।- फछ्र्यौट गरेकोमा कार्यको नापि रु १,७०,९८९।- को पेश भएकोले बढी पेश्की फछ्र्यौट गरेको मध्ये नपुग रु २१०११।- दाखिला हुनुपर्दछ ।

४०. **बाटो खर्च** : आर्थिक कायविधि २०६४ को मियमहरु (३) र (७) मा खर्चका बील भरपाई र प्रमाण कागजातहरु सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । इलाका गोष्ठीको खर्च रु ३४,०००।- खर्च लेखेकोमा खाना खाजा र स्टेशनरीका बील तथा गाडी भाडा रु २५,३००।- खर्च लेखेका बाहेक निकायका जनशक्ति र दलका प्रतिनिधि समेत १४ जनालाई बाटो खर्च प्रतिव्यक्ति रु ६०० का दरले रु ८४००।- भुक्तानी दिएको देखियो । खाना खाजा खुवाएको र जाने आउने गाडी सुविधा भएको स्थितिमा पुनः बाटो खर्च भनी भुक्तानी दिन मिल्ने आधार पेश हुनुपर्दछ ।

४१. **विलभर्पाई** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । एक प्रा.लि.ले १६ घरमा गोवर ग्याँस प्लान्ट बनाएको जडान गरी रु ५०००।- दरले रु ८००००।- भुक्तानी दिएकोमा उपभोक्ताले व्यहोर्ने रकम खुलाएको छैन, घरधनीले जडान नभएको जनाउ नगरेको स्थितीमा निर्माण गर्दा लागेको खर्चका विल भरपाईहरु समेत पेश नभएकोले पेश हुनु पर्दछ ।

४२. **अग्रिम कर** : आयकर ऐन २०५८ अनुसार भत्ता भुक्तानीमा १५ प्रतिशतले हुने कर कट्टा गर्नुपर्नेमा प्रविधिक सेवा दिए वापत एक प्राविधिकलाई रु ६०,०००।- पारिश्रामिक उपलब्ध गराएकोमा १५ प्रतिशतले हुने कर रु ९०००।०० कट्टा गर्नुपर्नेमा कट्टा गरेको नदेखिएकाले असूल दाखिला हुनुपर्दछ ।

४३. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पशुपालन तालीमको एक प्रविधिकलाई रु २५,४१२।- भुक्तानी दिएकोले संचालन गरेको विल भरपाई पेश हुनु पर्दछ ।

४४. **बढी भुक्तानी** : एक शैक्षिक संस्थालाई भवन लगायत शौचालय मर्मतको रु ९७,३४०।- भुक्तानी दिएकोमा सो कामको नापि रु ८४,१३२।- भएकोले नापि भन्दा बढी दिएको रु १३,२०८।- असुल हुनुपर्दछ ।

४५. **बील भरपाई** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । सार्वजनिक सुनुवाई र सामाजिक परिक्षणको एक कर्मचारीलाई रु २५,०००।- भुक्तानी दिंदा खर्चका बील भरपाई र प्रमाण कागजात पेश हुनु पर्दछ ।

४६. **नापी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । उपभोत्ता समितिलाई रु ४७,०००।- भुत्तानी दिंदा नापी पेश नभएकोले पेश गर्नु पर्दछ ।

४७. **नपुग भरपाई** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । एक उपभोक्ता समितिलाई रु ४७,५५६।- भुत्तानी दिएको देखियो । सो कार्यको नापि रु ५७,१०८। को रहेतापनि रु ३८००। को भरपाई मात्र पेश भएकोले नपुग रु ४३७५६।-। बील भरपाई भन्दा बढी खर्च गरेकोमा सो को भरपाई पेश हुनु पर्दछ ।

४८. **उद्देश्य प्रतिकूल खर्च** : बालमैत्री खर्च रु १९७०६।- खर्च लेखेकोमा खाना र खाजाका बील रु ३९४००।- टयूववेल मर्मत, फूल माला, प्रशंसापत्र आदिका बील संलगन गरेको र प्रोत्साहन दिएको नदेखिएकोले कार्यक्रमको उद्देश्य विपरीत खर्च गरेको अनियमित देखिन्छ ।

४९. **कर दाखिलाः** आयकर ऐन २०५८ को दफा ९० मा २५ दिन भित्र कर दाखिला गर्नु पर्ने व्यवस्था छ । कता गरेको कर रु २६१०।- दाखिला गर्नुपर्नेमा दाखिला गरेको नदेखीएकाले दाखिला हुनुपर्दछ ।

५०. **नापि मूल्याकन** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (छ) बमोजिम प्राविधिक नापि मूल्याकन पेश भएपछि मात्र भुक्तानी गर्नुपर्नेमा भवन निर्माणको रु १,५०,०००।- भुत्तानी दिएकोमा प्राविधिक नापि पेश नभएकाले पेश हुनु पर्दछ ।

५१. **भरपाई** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । विभिन्न ३ कार्यक्रमको बजेट खर्च रु

१,८८,६७०।- मध्ये सचेतना कार्यक्रमको रु ५८,६७०।- खर्च लेख्दा रु ४०,०००।- को बील भरपाई मात्र पेश गरेकोमा घटी रु १८,६७०।- को बीलभरपाई पेश हुनु पर्दछ ।

५२. **जिन्सी आम्दानी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ (१) मा जिन्सी सामान आम्दानी बाँधी स्रेस्ता अद्यावधिक गरी राख्नुपर्ने उल्लेख छ । विद्युत विस्तार गर्न १५ वटा ९ मीटरका पोल खरिद र ढुवानी गरेको बील भरपाईको रु १,५०,०००।- खर्च लेखेको देखियो । उक्त पोलहरु स्थानीय निकायको खातामा जिन्सी आम्दानी गरेको छैन भने विद्युत विस्तार गरेको नापी र अनुगमन प्रतिवेदन जस्ता प्रमाण कागजातहरु पेश नभएकोले पेश हुनु पर्दछ ।

५३. **बील भरपाइ** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पशु उपकरण खरिदको पेश्की रु १५०,०००।- फछर्यौट गरेकोमा देहाय अनुसार भएको देखियो ।

५३.१. चार प्रकारका पशु उपकरण सामानहरु खरिदको रु १,५४,८७१।- को बील संलग्न गरेकोमा खरिद भएको सामानहरु आम्दानी जनाएको प्रमाण पेश नभएकोले प्रमाण पेश हुनुपर्दछ ।

५३.२. सामान खरिद गरि रु. १,५४,८७१।- १.५ प्रतिशतले हुने अग्रीमकरको रु. २३२३।- कता नभएकोले कर दाखिला हुनु पर्दछ ।

५४. **कर दाखिला:** आयकर ऐन, २०५८ को दफा ९० मा २५ दिन भित्र कर दाखिला गर्नु पर्ने व्यवस्था छ । कता गरेको कर रु ७,०५०।- दाखिला गर्नुपर्नेमा दाखिला गरेको नदेखीएकोले दाखिला हुनुपर्दछ ।

५५. **पेश्की :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । सिद्धिपुर गाँउ विकास समितिको गत विगत वर्षको पेश्की रु.२०,०००।- र यो वर्षको दुईजनाको पेश्की रु.४०,३४२।- समेत जम्मा रु.६०,३४२।- पेश्की बाँकी असूल फछर्यौट हुनु पर्दछ ।

**हडिया गाँउविकास समिति :**

५६. **नगद मैज्दात :-** देहायका कर्मचारीहरुको नाउमा गत विगत वर्ष र यो वर्षको समेत ६ जना कर्मचारीको रु.९५७,९८४।- नगद बाँकी रहेको नगद सञ्चितकोष दाखिला नगरेको सञ्चितकोष जम्मा हुनु पर्दछ ।

५७. **पेश्की :-**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगत वर्षको पेश्की रुं २०,०००।- र यो वर्षको दुई व्यक्तिको पेश्की बाँकी रु.६३,२५५।- समेत रु. ८३,२५५।- पेश्की बाँकी असूल फछर्यौट हुनु पर्दछ ।

५८. **लेखा :-** आर्थिक विवरण र बैंक नगदी किताव परीक्षण गर्दा आम्दानी र बजेट खर्च महलको जोड जम्मा नगरेकोले देखाएको आम्दानी र खर्च ठिक छ भनी एकिन गर्ने आधार नभएकोले एकिन गर्नु पर्ने देखिन्छ ।

५९. **अग्रीम कर** : आयकर ऐन २०५८ अनुसार १.५ प्रतिशतले हुने अग्रीमकर कता गरि भुक्तानी दिनुपर्नेमा १४ आपूर्तीकर्तालाई रु. १४,२१,७०७।- भुक्तानी गर्दा कर रु. २१३२५।६१ कता गरेको नदेखिएकाले कता गरी दाखिला हुनु पर्दछ ।

६०. **पारिश्रमिक कर** : आयकर ऐन २०५८ अनुसार भत्ता भुक्तानीमा १५ प्रतिशतले हुने कर कट्टा गर्नुपर्ने मुद्दा वापत एक अधिवक्तालाई उपलब्ध गराएकोमा १५ प्रतिशत पारिश्रमिक कर रु २१०००।०० कट्टा गर्नुपर्नेमा कट्टा गरेको नदेखिएकाले दाखिला हुनुपर्दछ ।

६१. **बील भरपाई** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । मोटरसाईकल खरिदको रु २,१७,६१०।- भुक्तानी गरेकोमा खरिद गरेको विल र मोटरसाईकल स्वामित्व पत्र पेश नभएकोले पेश हुनु पर्दछ ।

६२. **कार्य सम्पन्न** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । भवन निर्माणको रु २,३५,०००।- भुक्तानी गरेकोमा कार्य सम्पन्न सहितको विलविजक पेश नभएकोले पेश हुनु पर्दछ ।

६३. **अग्रिम कर** : आयकर ऐन २०५८ अनुसार भत्तामा १५ प्रतिशतले हुने कर कट्टा गर्नुपर्ने एक लेखापरीक्षकलाई रु २०,०००।०० भुक्तानी गरेकोमा १५ प्रतिशत कर रु ३०००।०० कट्टा गर्नुपर्नेमा नगरेकोले दाखिला हुनुपर्दछ ।

६४. **घटी जिम्मेवारी:** साविक स्थानीयको मौज्दात जिम्मेवारी रु ९,५९,२८३।४२ घटी सरेको र सामाजिक सुरक्षा रु ८४,३७,६७०।३० खर्च हुनुपर्नेमा रु ९३,९६,९५३।७० मौज्दात कायम गरेकोमा एकीन गरि आय व्यय विवरण पेश हुनु पर्दछ ।

**बेरुजु स्थिति**

यो वर्ष लेखापरीक्षणवाट रु. १ करोड ८२ लाख ४७ हजार बेरुजु देखिएकोमा लेखापरीक्षणको प्रारमिभ्क प्रतिवेदन पछि रु.२ लाख ४२ हजार फछ्र्योट गरी रु.१ करोड ८० लाख ५ हजार बांकी छ । सो बेरुजु मध्ये असुल गर्नुपर्ने रु.१३ लाख ८८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ४६ लाख ७४ हजार र पेश्की बाँकी रु.१९ लाख ४३ हजार रहेको छ ।

# त्रियुगा नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौजदात रु. ३ करोड ७७ लाख यो वर्षको २२ करोड ८३ लाख ५९ हजार समेत रु.२६ करोड ६० लाख ५९ हजार आय भई रु.२४ करोड ३६ लाख ४ हजार खर्च गरी रु.२ करोड २४ लाख ५५ हजार मौज्दात बाँकी छ । सो कारोवारको लेखापरीक्षणवाट देखिएको व्यहोरा देहाय छ :-

१. **आन्तरिक लेखापरीक्षण :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनूसार गठन भएको आन्तरिक लेखापरीक्षण शाखाले अन्तिम लेखापरीक्षण गराउने व्यवस्था छ । यो वर्ष आन्तरिक लेखापरीक्षण गराएको पाईएन । आन्तरिक लेखापरीक्षण नगर्दा लेखापरीक्षण कार्य जटिल वन्न गएको छ । अत: आन्तरीक लेखापरीक्षण गराउने व्यवस्था गराउनू पर्दछ ।

२. **जिन्सी व्यवस्था :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनूसार जिन्सी निरीक्षण गरी प्रतिवेदन लिनू पर्ने व्यवस्था छ । एक प्राविधिकले जिन्सी निरीक्षण गरी पेश गरेको जिन्सी निरीक्षण पतिवेदनमा पोजेक्टर, पंखा, रिभल्भी□कूर्सी, मोटरसाइकल, भिजिटर कूर्सी, टाटासूमो जिप समेत विभिन्न समानहरु प्योगहीन र मर्मत गरेर प्योगमा ल्याउन नसकिने उल्लेख छ । उपयोगमा नआउने सामान लिलाम विक्री गरी जिन्सी अध्यावधिक र व्यवस्थित गर्नुपर्दछ ।

३. **कल्याण कोष** : कल्याण कोष विनियमावली, २०६४ अनूसार कर्मचारीले घर निर्माण गर्न सापटी लैजान पाउने व्यवस्था छ । १९ कर्मचारीले गत वर्षसम्म घर निर्माण गर्न सापटी लगेकोमा फिर्ता नभई वाकी रु.५५,५२,५००।० र यो वर्ष थप रु.७,००,०००।० समेत सापटी रु.६२,७२,५००।- रहेकोमा यो वर्ष फिर्ता रु.१४,८७,०००।० कट्टा गरी रु.४७,८५,५००।० रहेको देखिन्छ । सापटीमा आठ प्रतिशत व्याज लिनूपर्नेमा व्याज लिएको छैन । व्याज सहित सापटी असूल हूनूपर्दछ ।

४. **लक्ष्य तथा प्रगती :** नगर परिषदबाट स्वीकृत भएको कार्यक्रम बर्ष भरी लागू गर्नु पर्दछ । योजना तथा कार्यक्रम २४१ सन्चालन गर्न रु.८,४३०,०३,६१८।०० को बजेट व्यवस्था रहेकोमा पूर्वाधार आयोजना १९५ कोलागि रु.७,१९,१४,६१८।०० बजेट व्यवस्था गरी १७५ को रु.६,६३,६२।२३७।०० खर्चको विवरण पेश भएको छ । लक्षित कार्यक्रमतर्फ ६८ कार्यक्रम सन्चालन गर्ने लक्ष रहेकोमा ४८ सम्पन्न भई २० सन्चालन हुन सकेको देखिएन । प्राथमिकताको आधारमा कार्य गराई प्रगति गर्ने व्यवस्था हुनु पर्दछ ।

**५. पेश्की बाँकी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ र ७७ अनुसार असुल फछ्र्यौट हुनु पर्ने व्यवस्था रहेको छ । गत विगतको बाँकी रु.९,३३,८००।०० मा फछ्र्यौट रु.६५,०००।०० गरी रु.८,६८,८००।०० बाँकी र यो वर्षको रु.३,४३,९००।०० समेत रु.१२,१२,७००।०० बाँकी रहेको छ सो पेश्की फछ्र्यौट हुनु पर्दछ ।

**६. असुल बाँकी:** स्थानीय स्वायत्त नियमावली, २०५६ को नियम .... बोजिम आय असुल गर्नु पर्ने व्यवस्था छ । विगत वर्षको असुल गर्न बाँकी रु.३,९५,१७२।- प्रचलित कानून अनुसार सरकारी बाँकी सरह असुल गर्नु पर्दछ ।

**७. खर्च यकिन:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा खर्च प्रमाणित गर्ने स्रेस्ता राख्नु पर्ने व्यवस्था छ । एक कार्यकारी अधिकृत झापाको निकायमा सरुवा भई जादाको परिवार ५ समेत ६ को सरुवा भ्रमण रु.२२,७००।०० खर्च लेखेको देखियो । रमाना पत्रमा भ्रमण र लुगा भत्ता नलिएको उल्लेख छ । सम्पूर्ण कर्मचारीहरुलाई २०७३ असोजको तलव वितरण गर्दा लुगा भत्ता दिएकोले हालको कार्यालयमा सरुवा भ्रमण खर्च र पोशाक नलिएको प्रमाण पेश गर्नु पर्नेमा सो नदेखिएकोले रु.२२,७००।०० असुल गर्नु पर्दछ ।

**८. जिन्सी दाखिला:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा सामान खरिद गर्दा जिन्सी दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ । सर्पदंश केन्द्रलाई रु.१,३०,०००।०० अनुदान खर्च लेखेकोमा मेशीन १ थान रु.१,३५,६००।०० खरिद गर्दा जिन्सी खातामा गरेको आम्दानी गरेको प्रमाण पेश नगरेकोले जिन्सी दाखिलाको प्रमाण पेश गर्नु पर्दछ ।

९. **अग्रीम कर :** आयकर ऐन, २०५८ अनुसार १.५ प्रतिशतले अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था छ ।

९.१ कार्यक्रम सन्चालन गर्दा २ संस्थालाई रु.६,७८,०००।०० भुक्तानी दिदा कर कट्टा गरेको नदेखिएकोले रु.९,०००।०० असुल गर्नु पर्दछ ।

९.२ फुटवल प्रतियोगिता गर्न समितिले रु.४,१६,७५०।०० भुक्तानी दिदा कर कट्टा गरेको नदेखिएकोले रु.२,२५०।०० असुल गर्नु पर्दछ ।

९.३ सोलार सडक बत्ती जडान कार्यकोलागि एक समूहलाई रु.८,९०,४६०।०० खर्च गर्दा अग्रिम कर कट्टा गरेको नदेखिएकोले रु.१३,३५७।०० असुल गरी दाखिला गर्नु पर्दछ ।

९.४ एक एफ.एम.रेडियोलाई रु.१,८०,०००।०० भुक्तानी दिदा अग्रिम कर कट्टा गरेको नदेखिएकोले रु.२,७००।०० असुल गरी दाखिला गर्नु पर्दछ ।

१०. **शौचालय :** विभिन्न ५ वडामा बायो ग्याँस जडित शौचालय निर्माण गरी रु.३५,००,०००।०० खर्च गरेकोमा एक प्राविधिक सहितको संयुक्त अनुगमन गर्दा मोतिगडामा २ घर, फत्तेपुर धान खेतमा ४ घर

भएको स्थानमा वडा ४ को ढल्के चोक सहित ३ स्थानमा रु.२१,००,०००।०० खर्च गरी सुविधायुक्त शौचालय निर्माण स्थलमा जनघनत्व र भिडभाड न्यून हुने स्थानमा बाँयो ग्यास सहितको शौचालन निर्माण हुनु उपयुक्त होइन ।

११. **मेसिन वितरण :** एक समितिलाई १६०० झोला उत्पादन गर्नुपर्ने शर्तमा प्रशिक्षण भत्ता लगायत तालिम सहायक खर्च, अनुगमन, तालिम सामाग्री, मेशीन ४ सेट समेत रु.२,८१,०००।०० खर्च गरेको छ । मेशीनहरुको अवस्था र स्वामित्वको स्थिति स्पष्ट छैन ।

१२. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ मा बिल भरपाइको प्रमाणको आधारमा खर्च गर्नु पर्दछ । नागरिक सचेतना १७ केन्द्रलाई प्रति केन्द्र रु.२४,०००।०० का दरले रु.४,०८,०००।०० भुक्तानी गर्दा खर्चको बिल भरपाई नराखी भुक्तानी गरेकोले प्रमाण पेश हुनुपर्दछ ।

१३. **बढी भुक्तानी:** कलभर्ट निर्माण र कालोपत्रे कार्यको १ निर्माण व्यवसायीलाई प्रथम र दोस्रो तथा अन्तिम बिल रु.६७,६३,९८९।०० भुक्तानी दिदा देहाय अनुसार देखियो:

१३.१ लागत अनुमान रु.६६,९४,०८०।०० स्वीकृत गरी रु.५७,९६,२५३।०० न्यून कबोल गर्ने १ निर्माण व्यवसायीको बोलपत्र स्वीकृत गरी सम्झौता भएको देखिन्छ । निर्माण व्यवसायीलाई रु.६५,४९,७६६।०० भुक्तानी हुनु पर्नेमा कार्य स्वीकार प्रतिवेदनको आधारमा रु.६७,६३,९८९।०० भुक्तानी गरेकोमा लागत अनुमान संशोधन नगरी सम्झौता भन्दा रु.२,१४,२२३।०० बढी भुक्तानी गरेकोले लगत इष्टिमेट संसोधन सहित पेश हुनुपर्दछ ।

१३.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) बमोजिम म्याद थप गर्नु पर्ने व्यवस्था छ । १ निर्माण व्यवसायीले सम्झौता अनुसार २०७४।३।१० मा कार्य सम्पन्न गर्नु पर्नेमा ८ दिन ढिलो गरी कार्य सम्पन्न गरेकोमा सम्पन्न प्रतिवेदन पेश गरे अनुसार म्याद थप नभएकोले ८ दिनको प्रति दिन रु.०.०५ प्रतिशतले पूर्व निर्धारित क्षतिपूर्ति रु.२३,१८५।०० कट्टा गरेर भुक्तानी दिनु पर्नेमा कट्टा गरेको नदेखिएकोले असुल हुनु पर्दछ ।

१६.३ मूल्य अभिबृद्धि कर नियमावली, २०५३ अनुसार कर विजक पेश गर्नु पर्दछ । स्पष्ट र सही विजक पेश नगरी रु.७,७८,१५८।०० खर्च लेखेकोले रु.७७,८१५०।- कर समायोजनको पत्र पेश गर्नुपर्दछ ।

१३.४ मूल्य अभिबृद्धि कर नियमावली, २०५३ अनुसार स्पष्ट कर विजक पेश गर्नु पर्दछ । विभिन्न ५ आयोजनाको बिल भुक्तानी, बिज्ञापन लगायतको रु.१९,८०,२३०।०० खर्च गर्दा मूल्य अभिबृद्धि कर बिजक स्पष्ट नभएको रु.२,३९,२०३।०० मूल्य अभिबृद्धि कर भुक्तानी गरेकोले असुल गरी सन्चित कोष दाखिला गर्नु पर्दछ ।

१४. **बढी खर्च:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ मा बिल भरपाइ सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । विभिन्न ७ योजनामा स्रेस्ता तथा मूल्यांकन रु.२,६५,३०,६६३।०० रहेकोमा खर्च रु.२,६७,९९,४३६।०० गरेकोले बढी रु.२,६८,७७३।०० बढी भुक्तानी असुल गर्नु पर्दछ ।

१५. **कर विजक :** मूल्य अभिबृद्धि कर नियमावली, २०५३ अनुसार छापावाल कर विजक पेश गर्नु पर्दछ । एक निर्माण व्यवसायीलाई रु.६,७७,७२३।०० भुक्तानी गरेकोमा अस्पष्ट कर विजक पेश गरेको रु.७७,९६८।०० कर समायोजन गरेको प्रमाण पेश हुनु पर्दछ ।

१६. **भाडा कर :** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम सवारी भाडामा १० प्रतिशत भाडा कर असुल गर्नु पर्ने व्यवस्था छ । अवलोकन भ्रमण उपयोग भएको सवारीवाट रु.६,९००।०० भाडाकर असुल गरी सन्चित कोष दाखिला गर्नु पर्दछ ।

१७. बालमैत्री स्थानीय स्वायत्त शासनको एक केन्द्रलाई रु.३,००,०००।०० भुक्तानी दिदा देहाय अनुसार देखियो:

१७.१ ४ व्यक्तिले कार्यपत्र तयार गरी प्रति व्यक्ति रु.२०,०००।०० का दरले रु.८०,०००।०० भुक्तानी दिदा प्राप्त कार्य पत्रमा खर्च दिने आधार स्पष्ट नहुँदा रु.५,०००।०० ले बढी रु.६०,०००।०० असुल हुनु पर्दछ ।

१७.२ सहजकर्ता ४ लाई रु.१४,०००।०० का दरले रु.५६,०००।०० भुक्तानी दिएको छ । सहजीकरण गर्ने व्यक्तिलाई रु.१४,०००।०० दिने कानूनी आधार नहुँदा रु.२,०००।०० का दरले रु.८,०००।०० कट्टा गरी बढी भुक्तानी दिएको रु.४८,०००।०० असुल हुनु पर्दछ ।

१७.३ टिप्पणीकर्ता २ जनालाई रु.९,०००।०० का दरले रु.१८,०००।०० भुक्तानी दिएको देखिन्छ । टिप्पणीकर्तालाई रु.२,०००।०० का दरले रु.४,०००।०० भुक्तानी दिनु पर्नेमा बढी भुक्तानी दिएको रु.१४,०००।०० दिन पाउने आधार नहुँदा असुल गर्नु पर्दछ ।

१७.४ आयकर ऐन, २०५८ अनुसार १५ प्रतिशत अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । छापपत्र, सहजीकरण, टिप्पणी अनुगमन र संयोजक समेत गरी रु.१,६८,०००।०० भुक्तानीमा अग्रिम कर रु.२५,२००।०० कटा गर्नु पर्नेमा रु.२०,४००।०० मात्र कट्टा गरेकोले नपुग रु.४,८००।०० असुल गर्नु पर्दछ ।

१८. **अग्रीम कर :** आयकर ऐन, २०५८ अनुसार भाडा खर्चमा १० प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । अवलोकन भ्रमण वापत सावरी साधन भाडामा लिई रु.७६,०००।०० भुक्तानी गरेकोमा अग्रिम कर रु.७,६००।०० असुल गरी सन्चित कोष दाखिला हुनु पर्दछ ।

१९. **कार्यक्रम र प्रगति** : परिषदले रु.५,०००।०० देखि रु.३,००,०००।०० सम्म ९५ कार्यक्रम गर्ने गरी रु.३३,५०,८५७।०० बजेट बाँडफाँड गरी सवै सम्पन्न गरी प्रगति प्रतिवेदन पेश गरेको छ । कार्यक्रम प्राथमिकताका आधारमा गरी ठोस उपलव्धी हासिल गर्न सक्ने र नतिजामूलक हुने गरी छनौट अनुरुप बजेट कार्यान्वयन गर्ने व्यवस्था हुनु पर्दछ ।

२०. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ मा खर्च प्रमाणि गर्ने बिल भरपाई सहितको लेखा राख्नु पर्दछ । १ समितिलाई रु.८,२०,७७६।०० को लागत अनुमान स्वीकृत गरी रु.१,३०,०००।०० भुक्तानी दिएको सोको निर्णय र खर्चको बिल भरपाई पेश नभएकोले नियमति देखिएन ।

२१. **पेश्की बाँकी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ र ७७ बमोजिम पेश्की असुल फछ्र्यौट गर्नु पर्दछ । ४ संस्था तथा व्यक्तिलाई गत वर्षको रु.९,८२५।०० र यस वर्षमा रु.१,५८,९२५।०० समेत रु.१,६८,७५०।०० फछ्र्यौट नभै बाँकी नै रहेको देखिएकोले असुल फछ्र्यौट गर्नु पर्दछ ।

२२. **अग्रीम कर :** आयकर ऐन, २०५८ अनुसार १५ प्रतिशत अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणको सहजकर्तालाई रु.१५,०००।०० भुक्तानी दिदा अग्रिम कर कट्टा गरेको नदेखिएकोले रु.२,२५०।०० असुल गर्नु पर्दछ ।

२३. **जिन्सी दाखिला :** प्रहरी चौकीलाई फर्निचर (दराज) खरिद गर्न रु.१०,०००।०० खर्च लेख्दा जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश गर्नु पर्दछ ।

२४. **बढी भुक्तानी :** अपांगता सचेतना कार्यकोलागि साझेदारी संस्थालाई रु.५०,०००।०० भुक्तानी दिएकोमा प्रस्तुत खर्चको बिल भरपाई जोड जम्मा गर्दा रु.३५,१००।०० खर्च लेख्नु पर्नेमा रु.५०,०००।०० भुक्तानी गरेकोले बढी भुक्तानी रु.१४,९००।०० असुल गर्नु पर्दछ ।

२५. **जग्गाको स्वामित्व:** सचेतना भवनको उपभोक्ता समितिलाई रु.१,००,०००।०० भुक्तानी दिएको देखियो । भवनमा जग्गाको स्वामित्व स्पष्टता पेश हुन आएन । भवन निर्माण खर्च गर्दा जग्गाको स्वामित्व स्पष्ट गरी मात्र खर्च गर्नु पर्दछ ।

२६. **भवन निर्माण :** सामूदायिक भवनको उपभोक्तालाई रु.४,७३,६५४।०० भुक्तानी दिएको देखियो । विवादको कारण भवन निर्माण हुन सकेन । विवाद समाधान गरी भवन निर्माण गर्नु पर्दछ ।

२७. **नगद मौज्दात:** गत वर्ष र यो वर्षको आर्थिक विवरणमा नगद मौज्दात रु.३६,६३०।- देखाएको छ । उक्त रकम स्थानीय सन्चित कोष दाखिला नगरेकोले असुल गरी दाखिला गर्नु पर्दछ ।

२८. **पेश्की बाँकी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ र ७७ बमोजिम पेश्की असुल फछ्र्यौट गर्नु पर्दछ । गत विगत वर्षको पेश्की बाँकी रु.५९,०३०।०० र यो वर्षको रु.२,००,०००।०० समेत रु.२,५९,०३०।०० बाँकी रहेको पेश्की फछ्र्यौट गर्नु पर्दछ ।

२९. **लेखापरीक्षण प्रतिवेदन पेश नभएको :**

२९.१ जगेडा कोषको अनुदानवाट एक संस्थालाई रु.३,५०,००।०० खर्च लेखेको देखियो । सोको लेखापरीक्षण प्रतिवेदन पेश भएको छैन ।

२९.२ खानेपानी तथा सरसफाईलाई जगेडा कोषको रु.२,००,०००।०० दिएकोमा कोषको लेखापरीक्षण प्रतिवेदन पेश नगरेकोले खर्च यकिन गर्न सकिएन ।

३०. भवन निर्माणका उपभोक्तालाई रु.५,३५,६४९।०० भुक्तानी दिएको देखियो । सो सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन्:

३०.१ सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम बोलपत्र वा दरभाउ पत्रको माध्यमबाट निर्माण गर्नु पर्ने हुन्छ । उपभोक्ता समितिले भवन निर्माण कार्यको लागत अनुमान तयार गर्नु पर्नेमा लागत अनुमान तयार नगरी उपभोक्तालाई रु.३,००,०००।०० खर्चको बिल भरपाई र नापीको आधारमा भुक्तानी दिएको देखियो ।

३०.२ उपभोक्ताले परामर्शदाता मार्फत निर्माण कार्यको लागत अनुमान तयार गराई १ प्राविधिकलाई रु.२९,०४१।०० भुक्तानी दिएको देखियो । प्राविधिकले सो काम गर्न नसक्ने भएमा अन्य निकायका प्राविधिकबाट गराउनु पर्ने र अन्यत्र नपाएमा स्वयमले परामर्शदाता नियुक्ति गरेर कार्य गराउनु पर्दछ । परामर्शदाता स्वयमले लागत अनुमान तयार गरी मूल्यांकन समेत गरेको उचित देखिएन ।

३१. **अग्रीम कर :** आयकर ऐन, २०५८ अनुसार १५ प्रतिशत अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । सार्वजनिक सुनुवाई पारिश्रमिक, लेखापरीक्षण शुल्क वापत रु.३०,१००।०० भुक्तानी दिदा अग्रिम कर रु.४,५१५।०० कट्टा गरेको नदेखिएकोले असुल गरी दाखिला गर्नु पर्दछ ।

३२. **जिन्सी:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्दा ६ किसिमका सामानहरुको मूल्य नखुलेको उल्लेख छ । अतः मूल्य खुलाई जिन्सी खाता अद्यावधिक गर्नु पर्दछ ।

३३. **पेश्की बाँकी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ र ७७ बमोजिम पेश्की फछ्र्यौट गर्नु पर्दछ । गत विगतको पेश्की बाँकी रु.१०,७१,२८०।०० र यो वर्ष रु.१,९१,०००।०० फछ्र्यौट गरी रु.८,८०,२८०।०० बाँकी र यो वर्षको पेश्की रु.१,००,०००।०० समेत रु.९,८०,२८०।०० बाँकी रहेकोमा नियमानुसार असुल फछ्र्यौट गर्नु पर्दछ ।

३४. **कार्यसम्पन्न :** बिद्युत विस्तार गर्न उपभोक्ता समितिलाई रु.२,१०,१००।०० ट्रान्सफरमर १ खरिद बिल रु.१,००,०००।०० भुक्तानी दिएको देखियो । बिद्युत वितरण उपकरण जडान गरेको देखिएन । अतः उपकरण जडान गरेको प्रमाण पेश गर्नु पर्दछ ।

३५. **निर्माण :** गुम्मा निर्माण कार्यमा घडेरी सम्म्याउने कार्य गरी रु.८०,०००।०० भुक्तानी दिएको देखियो । गुम्मा निर्माण र घडेरी सम्म्याउने कार्यको लागत अनुमान र जग्गाको स्वामित्व स्पष्ट गरी निर्माण योजना बनाई सो अनुसार गुम्मा निर्माण कार्य गर्नु पर्दछ ।

**बेरुजुको स्थिति**

यो वर्ष लेखापरीक्षणवाट रु.९८ लाख ३३ हजार बेरुजु देखिएको मध्ये असुल गर्नुपर्ने रु.९ लाख १४ हजार नियमित गर्नुपर्ने रु.८१ लाख १६ हजार र पेश्की रु.८ लाख ३ हजार बाँकी छ ।

# बेलका नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गतको मौज्दात रु १० लाख ४२ हजार यो वर्षको आय रु. ११ करोड ३ लाख १२ हजार समेत रु.११ करोड १३ लाख ५४ हजार आय भई रु.१० करोड ७ लाख ७० हजार खर्च गरी रु. १ करोड ५ लाख ८४ हजार मौज्दात रहेको छ । सो कारोवारको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा देहाय छनः

१. **कानूनको पालना सम्वन्धमा :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि रसिद नियन्त्रण, आयोजनाको डइंग डिजाइन, कार्यक्रमको अभिलेख, सुशासन सम्वन्धी व्यवस्थाको पालना लगायत ऐन नियमको पालना नभएको र जिन्सी मौज्दात, बैंक हिसाव विवरण, चल्ती मेशिन वा सवारीको किताव, बेरुजु अभिलेख, बजेट हिसाव, लेजर खाता, नापी किताव नियन्त्रण अभिलेख खाता लगायतका अनुसूचीहरुको प्रयोग समेत भएको पाईएन ।

२. **सुपरिवेक्षण तथा अनुगमन :** स्थानीय निकाय श्रोत परिचालनतथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षणगर्नु पर्ने व्यवस्था छ । गा वि स अन्तर्गत संचालित योजनाको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ ।

३. **जिन्सी निरीक्षण-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ वमोजिम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले वर्षमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिनु पर्ने व्यवस्था छ । यस कार्यालयले वार्षिक जिन्सी निरीक्षण नगरेकोले जिन्सीको अवस्था मूल्यांकन गर्न सकिएन । नियमानुसार जिन्सी निरीक्षण हुनु पर्दछ ।

४. **नगदमा** : आन्तरिक श्रोतबाट प्राप्त आम्दानी स्थानीय संचीतकोष दाखिला गर्नुपर्नेमा सो नगरी नगदैबाट खर्च गरेको देखिन्छ । आन्तरिक श्रोतबाट आम्दानी भएको संचीतकोष दाखिला मार्फत खर्च गर्नु पर्दछ ।

५. **मालपोत**: चालु आर्थिक वर्षमा मालपोत वापत संकलन भएको रकमको नियम अनुसार २५ प्रतिशत हुने मालपोत हिसाव गरी जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

६. **संचित कोष :** संचित कोष खाता अद्यावधिक नगरेकोले शीर्षकगत आम्दानी यकिन गर्न नसकिने हुँदा अभिलेख अद्यावधिक हुन पर्दछ ।

**साविक रामपुर ठोक्सिला गाँउ विकास समिति :**

७. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पर्ने व्यवस्था छ । गतविगतको म्याद नाघेको पेश्की रु.३,९८,५१९।- फछ्यौंट गर्न वांकी रहेकोले फछ्यौंट हुनु पर्दछ ।

८. **पेश्की-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पर्ने व्यवस्था छ । माझि सास्कृतिक भवन उपभोक्ताको रु. टटण्ण्ण।- जनजाती भवन उपभोक्ताको रु.१,५०,०००/- एक व्यक्तिको ३०,०००/- पूर्णखोप घोषणा कार्यक्रमको रु. ६०,०००/- पांचधारे सडक उपभोक्ताको रु.६६,०००/- खोरिया गढीटोल उपभोक्ताको रु.६६,०००/- समेत रु ४३८०००।- पेश्की फछ्यौंट गर्न वांकी रहेकोले फछ्यौंट हुनु पर्दछ ।

९. **नगद दाखिलाः** आर्थिक वर्षको अन्त्यसम्म एक कर्मचारीको रु.३८७५ र प्रा.स. को नाममा रहेको रु. ४४८५।३० समेत जम्मा रु. ८,३६०।- नगद रहेकोले स्थानीय संचित कोष दाखिला गर्नुपर्दछ ।

१०. **अग्रिम कर :-** आयकर ऐन**,** २०५८ को दफा ८८ (१) अनुसार खरिद भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नु पर्नेमा विभिन्न खरिद रु. ४२७,२६७- मा कर कट्टी नगरेको रु.६,४०९।- असूल गरी दाखिला गर्नु पर्दछ ।

११. **वैंक हिसाव** : श्रेस्ता अनुसार सहकारमि रु. १०,५३०।- मौज्दात बांकी रहेकोमा वैंक हिसाव विवरण पेश नभएकोले पेश गर्नु पर्दछ ।

१२. **बिल भरपाई**: स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । खेलकुद खर्च लेखेको रु.२०,०००।- को विल भरपाई संलग्न नरहेकोले पेश हुनु पर्दछ ।

१३. **कार्य सम्पन्न** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । खानेपानी योजनाको रु.४३८५४२।- पांचघरे जाने सडक तथा कृयापुत्री स्थल निर्माणको रु.६६०००।- र खोरिया टोलबाट टप्पु जाने सडकको रु.६६,०००।- समेत रु. ५,७०,५४२।- भुक्तानी दिंदा लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा नगरेकोले सो पेश हुनु पर्दछ ।

**साविक तपेश्वरी गाँउविकास समिति :**

१४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगतको म्याद नाघेको पेश्की रु.६,३८,६४५।८३ वांकी रहेकोले फछ्र्यौट हुनु पर्दछ । चालु वर्षको एकल महिला कार्यक्रमका लागि रु.३००००।- र वालवालिका कार्यक्रमका लागि रु २८०००।- समेत जम्मा रु ५८०००।- पेश्की वांकी रहेकोले फछ्र्यौट हुनु पर्दछ ।

१५. **नगद मौज्दात** : आर्थिक वर्षको अन्त्यसम्म कर्मचारीका जिम्माको नगद रु. २३,४४८।– रहेकोले स्थानीय संचय कोष दाखिला गर्नु पर्दछ ।

१६. **फिर्ता खर्च** : स्थानीय तहलाई रु. २०,४६,७२८।- फिर्ता खर्च लेखेकोमा स्थानीय संचीत कोष आम्दानी नजनाएकोले दाखिला प्रमाण पेश गर्नु पर्दछ ।

१७. **वैंक हिसाव :** श्रेस्ता अनुसार रु. २७२९,१९६।- मौज्दात बांकी रहेकोमा वैंक हिसाव विवरण पेश नभएकोले पेश गर्नु पर्दछ ।

**बबला गाँउविकास समिति :**

१८. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गतविगतको म्याद नाघेको पेश्की रु. ५,१८,९३२।- वांकी रहेकोले फछ्र्यौट हुनु पर्दछ ।

१९. **अग्रिम कर :-** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार निम्नानुसारका भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नु पर्दछ । घरधनीलाई घर भाडा रु.८०००।- का दरले ३ पटकको रु २४०००।- को १० प्रतिशत वहाल कर रु.२४००।- कट्टा नगरेको, मोटरसाइकल खरीद को १.५ प्रतिशत अग्रीम कर रु. ३,३१९। र सामान खरिदमा रु. ४५०। कर कट्टी नगरेको समेत रु.६,१६९।- कर कट्टी गरी संचीत कोष दाखिला गर्नु पर्दछ ।

२०. **कार्य सम्पन्न :** लाल बजार लामीडांडा सडक निर्माणको लागत अनुमान, कार्य सम्पन्न प्रतिवेदन, नापी किताव तथा सार्वजनिक परिक्षणको कागजात संलग्न नगरी रु. ५,९२,५००।- भुक्तानी दिएकोमा कार्य सम्पन्न भएको देखिने लागत अनुमान, कार्य सम्पन्न प्रतिवेदन, नापी किताव तथा सार्वजनिक परिक्षणको कागजातको प्रमाण पेश गर्नु पर्दछ ।

२१. **वैंक विवरण:** श्रेस्ता अनुसार सरसफाइमा रु. १,६२,३८०।- मौज्दात बांकी देखिएकोमा वैंक विवरणमा रु. १,५०,०००।- देखिएकोले घटी रु. १२,३८०।- यकिन गरि दाखिला गर्नु पर्दछ ।

**साविक मैनामैनी गाँउविकास समिति :**

२२. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गतविगतको म्याद नाघेको पेश्की रु.७,३८,६६४।- वांकी रहेकाले फछ्र्यौट हुनु पर्दछ ।

२३. **अग्रिम कर :-** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार निम्नानुसारका भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नु पर्दछ । एक लेखापरीक्षकलाई रु.२०,०००।- खर्च लेखेकोमा बुझेको भर्पाई पेश हुनु पर्दछ । लेखापरीक्षण शुल्क रु.२००००।- मा १५ प्रतिशत अग्रिम कर रु.३०००।- कट्टा नगरेकोले कट्टा गरि दाखिला हुनु पर्दछ ।

२४. **वहाल कर :-** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार कर लाग्ने भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नु पर्दछ । सडक योजनामा भारी उपकरण भाडा रु.३,५०,०००।- भुक्तानी दिंदा लाग्ने १० प्रतिशत वहाल कर रु.३५,०००।- कट्टी नगरी दिएकोले लाग्ने वहाल कर रु.३५,०००।- असुल गरी दाखिला हुनु पर्दछ ।

**बेलका नगर कार्यपालिका तर्फः**

२५. **बिल भरपाई** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । भवन निर्माणमा भरपाई वेगर रु.१,१५,०००।- खर्च लेखेकोले प्रमाण पेश हुनु पर्दछ ।

२६. **वैंक हिसाव विवरण** : श्रेस्ता अनुसार मौज्दात रु. ५७,१८,३२९।- बांकी रहेकोमा वैंक हिसाव विवरण पेश नभएकोले पेश गर्नु पर्दछ ।

२७. **अनुगमन :** स्थानीय निकाय श्रोत परिचालनतथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षणगर्नु पर्ने व्यवस्था छ । सञ्चालित योजनाको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने नगरेकाले योजनाको उपलब्धी वा नतिजा मापन गर्न सकिएन ।

**बेरुजु स्थिति**

यो वर्ष लेखापरीक्षणवाट रु.१ करोड २३ लाख ९३ हजार बेरुजु देखिएको छ । बेरुजु मध्ये असुल गर्नुपर्ने रु.८२ हजार, नियमित गर्नुपर्ने रु.१ करोड १८ लाख १५ हजार र पेश्की बांकी रु.४ लाख ९६ हजार बांकी छ ।

# उदयपुरगढी गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु.७ लाख ४१ हजार यो वर्षको आय रु. ८ करोड ७७ लाख ६६ हजार समेत रु.८ करोड ८५ लाख ७ हजार आय भई रु.८ करोड १८ लाख ६६ हजार खर्च गरी रु.६६ लाख ४१ हजार मौज्दात रहेको छ। सो कारोवारको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा देहाय छन्:

१. **कानुनको पालना -** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि रसिद नियन्त्रण, आयोजनाको डइंग डिजाइन, कार्यक्रमको अभिलेख, सुशासन सम्वन्धी व्यवस्थाको पालना लगायत ऐन नियमको पालना नभएको र जिन्सी मौज्दात, बैंक हिसाव विवरण, चल्ती मेशिन वा सवारीको किताव, बेरुजु अभिलेख, बजेट हिसाव, लेजर खाता, नापी किताव नियन्त्रण अभिलेख खाता लगायतका अनुसूचीहरुको प्रयोग समेत भएको पाईएन ।

२. **अनुगमन :** स्थानीय निकाय श्रोत परिचालनतथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षणगर्नु पर्ने व्यवस्था छ । गा वि स अन्तर्गत संचालित योजनाको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ ।

३. **जिन्सी निरीक्षण-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ वमोजिम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले वर्षमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिनु पर्ने व्यवस्था छ । यस कार्यालयले वार्षिक जिन्सी निरीक्षण नगरेकोले जिन्सीको अवस्था मूल्यांकन गर्न सकिएन । नियमानुसार जिन्सी निरीक्षण हुनु पर्दछ ।

४. **नगद** : आन्तरिक श्रोतबाट प्राप्त आम्दानी स्थानीय सञ्चित कोष दाखिला नगरी नगदै खर्च गरेको देखिन्छ । आन्तरिक श्रोतबाट आम्दानी गरेको रकम स्थानीय सञ्चित कोषमा दाखिला गरी खर्च गर्नुपर्दछ ।

५. **मालपोत**: चालु आर्थिक वर्षमा मालपोत वापत संकलन भएको रकमको नियम अनुसार २५ प्रतिशत हुने मालपोत हिसाव गरी जिससमा पठाउनु पर्दछ ।

६. **संचित कोष :** संचित कोष खाता अद्यावधिक नगरेकोले शीर्षकगत आम्दानी यकिन गर्न नसकिने भएकोले खाता अद्यावधिक हुन पर्दछ ।

७. **संचित कोष :** संचित कोष अद्यावधिक नगरेकोले शीर्षकगत आम्दानी यकिन गर्न नसकिने भएकोले खाता अद्यावधिक हुनुपर्दछ ।

**साविक पंचवती गाँउविकास समिति :**

८. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पर्ने व्यवस्था छ । गतविगतको म्याद नाघेको पेश्की रु.३,३०,०००।- बांकी रहेकोले फछ्यौंट हुनुपर्दछ ।

९. **वैंक हिसाव :** श्रेस्ता अनुसार सरसफाइमा रु.७०९६०। मौज्दात बांकी रहेकोमा वैंक हिसाव विवरण पेश नभएकोले पेश गर्नु पर्दछ ।

१०. **नगद :** आन्तरिक श्रोतबाट प्राप्त आम्दानी स्थानीय सञ्चित कोष दाखिला नगरी खर्च गरेको देखिन्छ । आन्तरिक श्रोतबाट आम्दानी स्थानीय सञ्चित कोषमा दाखिला गरी खर्च गर्नुपर्दछ ।

**साविक भलायडाँडाँ गाँउविकास समिति :**

११. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पर्ने व्यवस्था छ । गतविगतको म्याद नाघेको पेश्की रु.२५,०००।- बांकी रहेकोले फछ्यौंट हुनुपर्दछ ।

१२. **वैंक हिसाव :** श्रेस्ता अनुसार सरसफाइमा रु.३४,४०२।- मौज्दात बांकी रहेको वैंक हिसाव विवरण पेश नभएकोले पेश गर्नुपर्दछ ।

**साविक तावाश्री गाँउविकास समिति :**

१३. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगतको म्याद नाघेको पेश्की रु.८८,२७५।- बांकी रहेकोले फछ्यौंट हुनुपर्दछ ।

१४. **आन्तरिक आय:** आन्तरिक आयको दैनिक आय अभिलेख राख्नु पर्नेमा राखेको पाइएन ।

**साविक डुम्रे गाँउविकास समिति :**

१५. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसारका भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । एक कन्सल्टेन्सीलाई भिलेज प्रोफाइल निर्माण कार्यका लागि रु.७९,६४६।- भुक्तानी गरेकोमा कट्टा गर्नुपर्ने अग्रिम कर कट्टा नगरेकोले रु.११९५।- असुल गर्नुपर्दछ ।

**साविक वर्रे गाँउविकास समिति :**

१६. **वैंक हिसाव :** श्रेस्ता अनुसार रु.९३,३२३।- मौज्दात बांकी रहेकोले वैंक हिसाव विवरण पेश नभएकोले पेश गर्नुपर्दछ ।

१७. **अग्रीम कर :** विभिन्न भुक्तानी गर्दा अग्रीम कर कट्टी गरेको रु.१०,४११।- राजस्व दाखिला गर्नुपर्दछ ।

१८. **कर विजक :** सडक सर्भे कार्यको लागि एक कन्सल्टेन्सीलाई संझौता अनुसार रु.१,३५,५१५।- भुक्तानी दिंदा केरमेट विजक राखी भुक्तानी दिएकोले मूल्य अभिबृद्धि कर रु.१७,६१७- समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

**बेरुजु स्थिति**

यो वर्षको लेखापरीक्षणवाट रु. १ लाख ९७ हजार बेरुजु रहेको मध्ये असुल गर्नुपर्ने रु. १२ हजार, नियमित गर्नुपर्ने रु.१ लाख ८५ हजार बांकी रहेको छ ।

## ताप्ली गाउँपालिका
### लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु. १ लाख ५० हजार यो वर्षको आय रु.५ करोड १७ लाख ५४ हजार समेत रु.५ करोड १९ लाख ४ हजार आय भई रु.४ करोड ४७ लाख ९५ हजार खर्च भई रु.७१ लाख ९ हजार मौज्दात रहेको छ। सो कारोवारको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा देहाय छन् :-

१. **कानुनको पालना :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि रसिद नियन्त्रण, आयोजनाको डइंग डिजाइन, कार्यक्रमको अभिलेख, सुशासन सम्वन्धी व्यवस्थाको पालना लगायत ऐन नियमको पालना नभएको र जिन्सी मौज्दात, बैंक हिसाव विवरण, चल्ती मेशिन वा सवारीको किताव, बेरुजु अभिलेख, बजेट हिसाव, लेजर खाता, नापी किताव नियन्त्रण अभिलेख खाता लगायतका अनुसूचीहरुको प्रयोग समेत भएको पाईएन ।

२. **सुपरिवेक्षण तथा अनुगमन :** स्थानीय निकाय श्रोत परिचालनतथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षणगर्नु पर्ने व्यवस्था छ । गा वि स अन्तर्गत संचालित योजनाको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ ।

३. **जिन्सी निरीक्षण-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ वमोजिम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले वर्षमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिनु पर्ने व्यवस्था छ । यस कार्यालयले वार्षिक जिन्सी निरीक्षण नगरेकोले जिन्सीको अवस्था मूल्यांकन गर्न सकिएन । नियमानुसार जिन्सी निरीक्षण हुनु पर्दछ ।

४. **नगद** : आन्तरिक श्रोतबाट प्राप्त आम्दानी सञ्चित कोष दाखिला नगरी नगदै खर्च गरेको देखिन्छ । आन्तरिक श्रोतबाट भएको आय स्थानीय सञ्चित कोषमा दाखिला गरी खर्च गर्नुपर्दछ ।

५. **मालपोत**ः चालु आर्थिक वर्षमा मालपोत वापत संकलन भएको रकमको नियम अनुसार २५ प्रतिशत हुने मालपोत हिसाव गरी जिससमा पठाउनु पर्दछ ।

६. **संचित कोष :** संचित कोष खाता अद्यावधिक नगरेकोले शीर्षकगत आम्दानी यकिन गर्न नसकिने भएकोले खाता अद्यावधिक हुनुपर्दछ ।

**साविक इनामे गाँउविकास समिति :**

७. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । घडेरी सम्याउने कार्यको लागि उपकरण भाडाको रु.४२,०००।- को १० प्रतिशतका दरले रु.४२००।- कर हुनुपर्नेमा रु.४०००।- मात्र हुँदा नपुग कर रु.२००।- असुल गरी दाखिला गर्नुपर्दछ ।

८. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगतको म्याद नाघेको पेश्की रु.५,००,२६१।६५ फछ्यौंट गर्न वांकी रहेकोले फछ्र्यौट हुनु पर्दछ ।

९. **रकम फ्रिज :** तह मातहतको वडामा खातामा दिएको मध्ये दुई वटाले आषाढ मसान्तमा बांकी रु.६,५५,७७०।- फिर्ता नगरेकोले संचित कोष दाखिला हुनु पर्दछ ।

१०. **पेश्की-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । ३ वडालाई दिएको रु.२,६२,२७८।- पेश्की बांकी रहेकोले फछ्र्यौट हुनुपर्दछ ।

**ओखले गाँउविकास समिति :**

११. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगतको म्याद नाघेको पेश्की रु.१,१२,४६०।- फछ्र्यौट गर्न वांकी रहेको र यो वर्षको रु.३०,२५०।- समेत रु. १,४२,७१०।- बाँकी फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

१२. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । मोटरसाइकल खरिद वापत रु.२,३८,९००।- भुक्तानी गरेकोमा अग्रिम कर १.५ प्रतिशतका दरले रु.३५८४।- कट्टा गरी भुक्तानी गर्नुपर्नेमा सो नगरेकोले असुल गरी दाखिला गर्नुपर्ने रु.३५८४।- र अग्रीम कर रु.८,६३७ समेत रु. १२,२२१।- दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

१३. **वैंक विवरण :** श्रेस्ता अनुसार कल्याण कोष रु.१,५०,६४४।- मौज्दात बांकी रहेकोमा वैंक हिसाव विवरण पेश नभएकोले पेश गर्नुपर्दछ ।

**लेखगाउ गाउँविकास समिति :**

१४. **चालु खर्च :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९मा स्थानीय निकायको पूंजीगत रकम चालु प्रकृतिको खर्च गर्न नपाउने व्यवस्था रहेकोमा पूंजीगत अनुदानको रु.१,४०,०००।- चालु खातामा हस्तान्तरण गरी चालु शीर्षकमा खर्च गरेको देखिएकोले अनियमिति देखिन्छ ।

१५. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गतवर्षको पेश्की वांकी रु.८,४१,५६५।- र चालु वर्षको रु.२,००,०००।- पेश्की समेत रु.१०,४१,५६५।- बाँकी फछ्र्यौट हुनुपर्दछ ।

१६. **अग्रिम कर :-** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षक शुल्क रु.५०००।- को अग्रिम कर कट्टी नगरेको रु.७५०।- र रु.९००-। समेत रु.१६५०।- असूल गरी दाखिला हुनुपर्दछ ।

१७. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार निम्नानुसारका भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । बैठक भत्ता रु.६०००।- भुक्तानीमा रु.९००।- कर कट्टा नगरेको हुंदा असुल गरी दाखिला हुनुपर्दछ ।

१८. **श्रेस्ता पेश** : आन्तरिक आयको श्रेस्ता पेश नहुँदा आय यकिन हुन सकेको देखिएन । हिसाव एकिन हुनु पर्दछ ।

**साविक रुपाटार गाँउविकास समिति :**

१९. **बिल भरपाई** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । एक शैक्षिक संस्थाको भवन मर्मतका लागि रु.३९,४००।- भुक्तानी दिंदा विल भरपाई संलग्न हुनुपर्दछ ।

२०. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगतको रु.६,२५,२८४।- र यो वर्षको रु.३२,०२८।- पेश्की समेत रु. ६,५७,३१२।- बाँकी फछ्र्यौट हुनुपर्दछ ।

**साविक ठानागाउँ गाँउविकास समिति :**

२१. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगतको म्याद नाघेको पेश्की रु.१०,१२,९२०।- बांकी रहेकोले फछ्र्यौट हुनुपर्दछ ।

**बेरुजु स्थिति**

यो वर्ष लेखापरीक्षणवाट रु. १५ लाख २६ हजार बेरुजु देखिएको मध्ये असुल गर्नुपर्ने रु. १५ हजार, नियमित गर्नुपर्ने रु.९ लाख ८६ हजार र पेश्की बांकी रु.५ लाख २५ हजार रहेको छ ।

## रौताहामाई गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको रु. ११ लाख १८ हजार यसवर्षको आय रु. ७ करोड १० लाख ८३ हजार समेत रु.७ करोड २२ लाख १ हजार आय भई रु.६ करोड ६२ लाख २२ हजार खर्च भई रु. ५९ लाख ६९ हजार रहेको छ । सो कारोवारको लेखापरीक्षण गर्दा देखिएको व्यहोरा देहाय छन् :-

१. **कानुनको पालना :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि रसिद नियन्त्रण, आयोजनाको डइंग डिजाइन, कार्यक्रमको अभिलेख, सुशासन सम्वन्धी व्यवस्थाको पालना लगायत ऐन नियमको पालना नभएको र जिन्सी मौज्दात, बैंक हिसाव विवरण, चल्ती मेशिन वा सवारीको किताव, बेरुजु अभिलेख, बजेट हिसाव, लेजर खाता, नापी किताव नियन्त्रण अभिलेख खाता लगायतका अनुसूचीहरुको प्रयोग समेत भएको पाईएन ।

२. **सुपरिवेक्षण तथा अनुगमन :** स्थानीय निकाय श्रोत परिचालनतथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षणगर्नु पर्ने व्यवस्था छ । गा वि स अन्तर्गत संचालित योजनाको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ ।

३. **जिन्सी निरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ वमोजिम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले वर्षमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिनु पर्ने व्यवस्था छ । यस कार्यालयले वार्षिक जिन्सी निरीक्षण नगरेकोले जिन्सीको अवस्था मूल्यांकन गर्न सकिएन । नियमानुसार जिन्सी निरीक्षण हुनु पर्दछ ।

४. **नगदमा कारोवार** : आन्तरिक श्रोतबाट प्राप्त आम्दानी वैंकिंग कारोवार नगरी नगदैबाट खर्च गरेको देखिन्छ । आन्तरिक श्रोतबाट आम्दानी भएको स्थानीय सञ्चितकोषमा दाखिला गरी बैंकिंग कारोवार मार्फत खर्च गर्नु पर्दछ ।

५. **मालपोत** : चालु आर्थिक वर्षमा मालपोत वापत संकलन भएको रकमको नियम अनुसार २५ प्रतिशत हुने मालपोत हिसाव गरी जिससको खातामा पठाउनु पर्दछ ।

६. **संचित कोष :** गाउंपालिकाले संचित कोष खाता अद्यावधिक नगरेकोले शीर्षकगत आम्दानी यकिन गर्न नसकिने हुँदा खाता अद्यावधिक हुन पर्दछ ।

**साविक नामेटार गाउँविकास समिति :**

७. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गतविगतको म्याद नाघेको रु.१,२२,४५०।- र चालु रु.१५,२००।- समेत रु.१,३७,६५०।०० बांकी देखिएकोले नियम अनुसार फछ्र्यौट हुनुपर्दछ ।

**साविक भुट्टार गाउँविकास समिति** :

८. **कर दाखिला :** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नु व्यवस्था छ । लेखापरीक्षक शुल्क रु.१८,,०००।- भुक्तानी गरेको शुल्कमा १५ प्रतिशत अग्रिम कर रु.२७००।- दाखिला भएको नदेखिएकोले दाखिला गर्नुपर्दछ ।

९. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नु पर्ने व्यवस्था छ । एक प्राविधिकलाई भत्ता भुक्तानी गर्दा रु.२०,०००।- को १५ प्रतिशत अग्रिम आयकर रु.३,०००।०० कट्टी नगरी भुक्तानी गरेकोले कर असुल गरी दालिखा गर्नुपर्दछ ।

१०. **वैंक हिसाव** : श्रेस्ता अनुसार मौज्दात रु.१२९,७६२।- बांकी रहेकोमा वैंक हिसाव विवरण पेश नभएकोले पेश गरी एकिन गर्नुपर्दछ ।

११. **पेश्की बाँकी:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । जग्गा खरिद कार्यको लागि रु.५,००,०००।- पेश्की फछ्र्यौंट गर्न वांकी रहेकोले फछ्र्यौट हुनुपर्दछ ।

**साविक पोखरी गाउँविकास समिति :**

१२. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नु पर्ने व्यवस्था छ । एक आपूर्तिकर्तालाई रु.२२३४९५।- भुक्तानीमा अग्रिम कर कट्टी नगरी भुक्तानी गरेकोले रु.४,०२८।०० असुल गरी दाखिला गर्नु पर्दछ ।

१३. **वैंक हिसाव :** श्रेस्ता अनुसार मौज्दात रु.२१०,२९०।९२ बांकी देखिएकोमा वैंक हिसाव विवरण पेश नभएकोले पेश गर्नु पर्दछ ।

१४. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगतको म्याद नाघेको पेश्की रु.३,३२,५३२।- फछ्र्यौट गर्न वांकी देखिएकोले फछ्र्यौट हुनुपर्दछ ।

**आँपटार गाँउविकास समिति :**

१५. **नगद दाखिला :** आर्थिक वर्षको अन्त्यसम्म सचिवसंग रहेको रु.२३,१३१।- वैंक दाखिला गर्नुपर्दछ ।

१६. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगतको म्याद नाघेको पेश्की रु.१४८,३५०।- वांकी रहेकोले फछ्र्यौट हुनुपर्दछ ।

**साविक रौता गाँउविकास समिति :**

१७. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगतको म्याद नाघेको पेश्की रु. ५१,८२०।- बांकी रहेकोले फछ्र्यौट हुनुपर्दछ ।

**लाफागाँउ गाँउविकास समिति :**

१८. **न्यून कर :** आयकर ऐन**,** २०५८ को दफा ८८ (१) अनुसार भाडा भुक्तानीमा १० प्रतिशत अग्रिम आयकर कट्टी गर्नु पर्ने व्यवस्था छ । एक व्यावसायिको निर्माण कार्यको भारी उपकरण भाडामा प्रयोग गरी रु.१३,५०,०००।-०० भुक्तानी गर्दा रु.१३५०००।- कट्टी गर्नुपर्नेमा रु.२२०००।-मात्र कर कट्टी गरेकोले नपुग कर रु.११३०००।०० असुल गरी दाखिला गर्नुपर्दछ ।

१९. **अग्रिम कर :** आयकर ऐन**,** २०५८ को दफा ८८ (१) अनुसार लेखापरीक्षकलाई शुल्क भुक्तानी गर्दा रु.५०००।- मा १५ प्रतिशत अग्रिम कर कट्टा नगरेको रु.७५०।- असुल गरी दाखिला गर्नुपर्दछ ।

२०. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । वर्षको अन्तसम्ममा एक कार्यकारीको खानेपानी मर्मत संभारको पेश्की रु.१,६०,०००।- र पुन अर्को कार्यकारीको खानेपानी मर्मत संभारको पेश्की रु.१५,०००।- समेत रु.१,७५,०००।- पेश्की फछ्र्यौट नगरेकोले फछ्र्यौट हुनुपर्दछ ।

२१. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगतको म्याद नाघेको पेश्की रु.६८६,४९३।- बांकी देखिएकोले फछ्र्यौट हुनुपर्दछ ।

२२. **नगद दाखिला** : आर्थिक वर्षको अन्त्यसम्म एक सचिवसंग रु.२०,५९२।- नगद देखिएकोले सो स्थानीय सञ्चितकोषमा दाखिला गर्नुपर्दछ ।

२३. **वैंक हिसाव** : श्रेस्ता अनुसार मौज्दात रु.२,३२,७७५।- बांकी रहेकोमा वैंक हिसाव विवरण पेश नभएकोले पेश गर्नुपर्दछ ।

**साविक रौतामाई गाँउपालिका :**

२४. **वैंक हिसाव :** श्रेस्ता अनुसार मौज्दात रु.४८,४४,४२१।- बांकी रहेकोमा वैंक हिसाव विवरण पेश नभएकोले पेश गर्नु पर्दछ ।

## बेरुजु स्थिति

यो वर्ष लेखापरीक्षणवाट रु.५८ लाख २४ हजार बेरुजु देखिएको छ । सो मध्ये रु.१ लाख ६७ हजार असूल गर्नुपर्ने रु. ५४ लाख १७ हजार नियमित गर्नुपर्ने र २ लाख ४० हजार पेश्की बांकी रहेको छ ।

# सुनकोशी गाउँपालिका, उदयपुर
## लेखापरीक्षण प्रतिवेदन

गतको रु.३ लाख ९० हजार यो वर्षको आय रु.४ करोड ९६ लाख ९३ हजार समेत रु.५ करोड ८३ हजार आय भई रु.४ करोड ९३ लाख ३४ हजार खर्च गरी रु.७ लाख ४९ हजार मौज्दात रहेको छ । सो कारोवारको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा देहाय छन् :-

१. **कानुनको पालना -** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएता पनि रसिद नियन्त्रण, आयोजनाको डइंग डिजाइन, कार्यक्रमको अभिलेख, सुशासन सम्वन्धी व्यवस्थाको पालना लगायत ऐन नियमको पालना नभएको र जिन्सी मौज्दात, बैंक हिसाव विवरण, चल्ती मेशिन वा सवारीको किताव, बेरुजु अभिलेख, बजेट हिसाव, लेजर खाता, नापी किताव नियन्त्रण अभिलेख खाता लगायतका अनुसूचीहरुको प्रयोग समेत भएको पाईएन ।

२. **सुपरिवेक्षण तथा अनुगमन :** स्थानीय निकाय श्रोत परिचालनतथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षणगर्नु पर्ने व्यवस्था छ । गा विस अन्तर्गत संचालित योजनाको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ ।

३. **जिन्सी निरीक्षण-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ वमोजिम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले वर्षमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिनु पर्ने व्यवस्था छ । यस कार्यालयले वार्षिक जिन्सी निरीक्षण नगरेकोले जिन्सीको अवस्था मूल्यांकन गर्न सकिएन । नियमानुसार जिन्सी निरीक्षण हुनु पर्दछ ।

४. **नगद** : आन्तरिक श्रोतबाट प्राप्त आम्दानी स्थानीय सञ्चित कोषमा दाखिला नगरी नगदै खर्च गरेको देखिन्छ । आन्तरिक श्रोतबाट आम्दानी भएको रकम मुल कोषमा दाखिला गरी खर्च गर्नुपर्दछ ।

५. **मालपोत**ः चालु आर्थिक वर्षमा मालपोत वापत संकलन भएको रकमको नियम अनुसार २५ प्रतिशत हुने मालपोत हिसाव गरी जिससमा पठाउनु पर्दछ ।

६. **संचित कोष :** संचित कोष खाता अद्यावधिक नगरेकोले शीर्षकगत आम्दानी यकिन गर्न नसकिने भएकोले खाता अद्यावधिक हुनुपर्दछ ।

७. **वैंक हिसाव** : श्रेस्ताले अनुसार देखिएको वैंक मौज्दात रु.७८९९।- को वैंक हिसाव विवरण पेश भएन ।

८. **आन्तरिक लेखापरिक्षण :** आन्तरिक लेखापरिक्षणको प्रतिवेदन पेश नभएकोले विश्लेषण गर्न सकिएन ।

**साविक ताम्लीछा गाँउ विकास समिति :**

९. **पेश्की**ः स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गतविगतको म्याद नाघेको पेश्की रु.८८,४५०।- बांकी देखिएकोले फछ्र्यौट हुनुपर्दछ ।

१०. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षक शुल्क रु.२०,०००।- भुक्तानी दिंदा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टा नगरेकोले रु.३००।- असुल गरी दाखिला गर्नुपर्दछ ।

**साविक जाँते गाँउविकास समिति :**

११. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगतको म्याद नाघेको पेश्की रु.५,१९,६०५।- र गोरेटो वाटो मर्मत कार्यको लागि एक व्यावसायिलाई दिएको चालु रु.१५,०००।- समेत रु.५,३४,६०५।- पेश्की फछ्र्यौट हुनुपर्दछ ।

१२. **अग्रिम कर :-** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । घर भाडा रु.६,०००।- भुक्तानी गर्दा अग्रिम वहाल कर १० प्रतिशतका दरले रु.६००।- कट्टा गरी भुक्तानी गर्नुपर्नेमा सो नगरेकोले रु.६००।-असुल गरी दाखिला गर्नुपर्दछ ।

१३. **नगद दाखिला**ः एक कर्मचारीको जिम्मामा रहेको रु.५०,०००।- सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

१४. **हिसाव मिलान :** फिर्ता रु.७८।६७ सञ्चित कोष आय नदेखिएकोले हिसाव मिलान गर्नुपर्दछ ।

**साविक वाराहा गाँउविकास समिति :**

१५. **पेश्की-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गतविगत पेश्की रु.३,००,३६६।- फछ्र्यौट गर्न वांकी देखिएकोले फछ्र्यौट हुनुपर्दछ ।

१६. **नगद दाखिला** : सचिवको जिम्मामा रहेको रु.११,८८३।- स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

**साविक बलम्ता गाँउविकास समिति :**

१७. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगतको पेश्की रु.७,३०,७७३।- र चालु रु.२६,२६,४४१।- समेत रु.३३,६७,२१४।- पेश्की रहेकोले फछ्र्यौट हुनुपर्दछ ।

१८. **बैंक हिसाव** : कल्याण कोष रु.१२,०७५।- को बैंक हिसाव विवरण पेश भएन ।

१९. **प्रतिवेदन पेश :** आन्तरिक लेखापरिक्षणको प्रतिवेदन पेश नभएकोले विश्लेषण गर्न सकिएन ।

**साविक बाँसबोटे गाँउविकास समिति :**

२०. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षक शुल्क रु.३०,०००।- भुक्तानीको अग्रिम कर १५ प्रतिशतका दरले रु.४५००।- कट्टा गरी भुक्तानी गर्नु पर्नेमा सो नगरेकोले रु.४५००।- र घर वहाल कर रु. ३,०००।- गरी रु.७,५००।- असुल गरी दाखिला गर्नुपर्दछ ।

२१. **पेश्की -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गतविगत पेश्की रु.१,२५,०००।-फछ्र्यौट गर्न वांकी रहेकोले फछ्र्यौट हुनु पर्दछ ।

२२. **नगदी रसिद :** आन्तरिक आयको सम्वन्धमा लेखापरीक्षणमा नगदी रसिद पेश हुन नआएकोले आय यकिन गर्न सकिएन ।

२३. **चालु खर्च :** स्थानीय निकाय श्रोत साधन परिचालन कार्यविधि, २०५९ अनुसार पूंजीगत अनुदानबाट चालु प्रकृतिको खर्च गर्न नपाइने व्यवस्था रहेकोमा पूंजीगतबाट रु.३,२६,४८०।- चालु खातामा हस्तान्तरण गरी खर्च लेखेको अनियमित देखिएको छ ।

**बेरुजु स्थिति**

यो वर्ष लेखापरीक्षणवाट रु.६ लाख ९३ हजार बेरुजु देखिएको मध्ये असुल गर्नुपर्ने रु.७० हजार, नियमित गर्नुपर्ने रु.३ लाख ४६ हजार र पेश्की बांकी रु.२ लाख ७७ हजार रहेको छ ।

अनुसूची १

# स्थानीय तह
# प्रदेश नं. १
# आय-व्यय विवरण

| क.सं. | स्थानीय तह | गत वर्षको जिम्मेवारी | यो वर्षको आय | जम्मा | श्रावन-फाल्गुन २७ सम्मको खर्च | फाल्गुन २८-आषाढ मसान्तको खर्च | जम्मा खर्च | मौज्दात | जम्मा | लेखापरीक्षण अंक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | फुङलिङ्ग नगरपालिका ताप्लेजुङ | ५९५७ | १९२९५६ | १९८९१३ | ८१३४२ | ९६२३४ | १७७५७६ | २१३३७ | १९८९१३ | ३७०५३२ |
| २ | आठराई त्रिवेणी नगरपालिका ताप्लेजुङ | १७६ | २९८४० | ३००१६ | ९३६७ | १५०५७ | २४४२४ | ५५९२ | ३००१६ | ५४२६४ |
| ३ | सिदिङग्बा गाउँपालिका ताप्लेजुङ | ३६९ | ४१२६७ | ४१६३६ | १३४३२ | २०७४३ | ३४१७५ | ७४६१ | ४१६३६ | ७५४४२ |
| ४ | फक्ताङलुङ गाउँपालिका ताप्लेजुङ | ७५ | ५०२४५ | ५०३२० | १८९७४ | २३९२२ | ४२८९६ | ७४२४ | ५०३२० | ९३१४१ |
| ५ | मिक्वाखोला गाउँपालिका ताप्लेजुङ | १७१ | ३११६१ | ३१३३२ | ११०७८ | १९५३७ | ३०६१५ | ७१७ | ३१३३२ | ६१७७६ |
| ६ | मेरिङ्देन गाउँपालिका ताप्लेजुङ | १३८ | ३६०३३ | ३६१७१ | १४०३५ | २२०२७ | ३६०६२ | १०९ | ३६१७१ | ७२०९५ |
| ७ | मैवाखोला गाउँपालिका ताप्लेजुङ | १५१ | २५४८३ | २५६३४ | ३८४३ | १६६४० | २०४८३ | ५१५१ | २५६३४ | ४५९६६ |
| ८ | याङवरक गाउँपालिका ताप्लेजुङ | १५७ | ३६५७३ | ३६७३० | १३३१२ | १८३५७ | ३१६६९ | ५०६१ | ३६७३० | ६८२४२ |
| ९ | सिरिजङ्गा गाउँपालिका ताप्लेजुङ | १४८ | ३५४१९ | ३५५६७ | ४७३६ | २५६७८ | ३०४१४ | ५१५३ | ३५५६७ | ६५८३३ |
| १० | फिदिम नगरपालिका, पाँचथर | ३१७६ | १८०२८९ | १८३४६५ | ३४६७१ | १२२५७९ | १५७२५० | २६२१५ | १८३४६५ | ३३७५३९ |
| ११ | फालेलुङ, गाउँपालिका, पाँचथर | २१७ | ५९१३९ | ५९३५६ | २९०२१ | २४५६७ | ५३५८८ | ५७६८ | ५९३५६ | ११२७२७ |
| १२ | फाल्गुनन्द गाउँपालिका, पाँचथर | ४८० | ७७७३० | ७८२१० | ३८७५९ | ३३९१८ | ७२६७७ | ५५३३ | ७८२१० | १५०४०७ |
| १३ | हिलिहाङ गाउँपालिका, पाँचथर | ३१९ | ६३१०३ | ६३४२२ | २९४४६ | २८००४ | ५७४५० | ५९७२ | ६३४२२ | १२०५५३ |
| १४ | कुम्मायक गाउँपालिका, पाँचथर | ४०० | ५७४९१ | ५७८९१ | २३०१३ | २९३४७ | ५२३६० | ५५३१ | ५७८९१ | १०९८५१ |
| १५ | मिक्लाजुङ्ग गाउँपालिका, पाँचथर | ४३७ | ७६४२८ | ७६८६५ | ३८७०८ | ३१९०९ | ७०६१७ | ६२४८ | ७६८६५ | १४७०४५ |
| १६ | तुम्वेहा गाँउपालिका, पाँचथर | २१९ | ४९९८६ | ५०२०५ | २००६२ | २४८०१ | ४४८६३ | ५३४२ | ५०२०५ | ९४८४९ |
| १७ | याङवरक गाउँपालिका, पाँचथर | ५९२ | ५९२५६ | ५९८४८ | २७२३२ | २६५३२ | ५३७६४ | ६०८४ | ५९८४८ | ११३०२० |
| १८ | ईलाम नगरपालिका इलाम | ७१२१ | १२२७३१ | १२९८५२ | ९६८०३ | १२२२० | १०९०२३ | २०८२९ | १२९८५२ | २३१७५४ |
| १९ | देउमाई नगरपालिका इलाम | ४८०५ | ६९७५४ | ७४५५९ | ३५३६५ | १४५८८ | ४९९५३ | २४६०६ | ७४५५९ | ११९७०७ |
| २० | माई नगरपालिका इलाम | ५१९ | ६२६९४ | ६३२१३ | २८३१० | २८६३९ | ५६९४९ | ६२६४ | ६३२१३ | ११९६४३ |
| २१ | सूर्योदय नगरपालिका इलाम | २२५३८ | २५७९५० | २८०४८८ | १२२६८३ | १०४५९५ | २२७२७८ | ५३२१० | २८०४८८ | ४८५२२८ |
| २२ | फाकफोकथुम गाउँपालिका इलाम | ४९७ | ६३०११ | ६३५०८ | २५७१७ | ३१९७९ | ५७६९६ | ५८१२ | ६३५०८ | १२०७०७ |
| २३ | चुलाचुली गाउँपालिका इलाम | २९९ | ८१७३२ | ८२०३१ | २२९४१ | ४७५४६ | ७०४८७ | ११५४४ | ८२०३१ | १५२२१९ |
| २४ | माईजोगमाई गाउँपालिका इलाम | ८२२ | ७०५१७ | ७१३३९ | ३२३५९ | ३२७१८ | ६५०७७ | ६२६२ | ७१३३९ | १३५५९४ |
| २५ | माङ्सेबुङ गाउँपालिका इलाम | २५७ | ५०८६० | ५१११७ | २१६४८ | २४५६७ | ४६२१५ | ४९०२ | ५१११७ | ९७०७५ |
| २६ | रोङ गाउँपालिका इलाम | २७८ | ८१४४४ | ८१७२२ | २७४९९ | ४६६२७ | ७४१२६ | ७५९६ | ८१७२२ | १५५५७० |
| २७ | सन्दकपुर गाउँपालिका इलाम | ५५६ | ५७८३६ | ५८३९२ | १९७०५ | ३२५९१ | ५२२९६ | ६०९६ | ५८३९२ | ११०१३२ |
| २८ | मेचीनगर नगरपालिका झापा | १६७२ | ४४६३३१ | ४४८००३ | ६९११५ | ३२६८७७ | ३९५९९२ | ५२०११ | ४४८००३ | ८४२३२३ |
| २९ | दमक नगरपालिका झापा | ८५११ | ३१००२५ | ३१८५३६ | ० | ३०५३०० | ३०५३०० | १३२३६ | ३१८५३६ | ६१५३२५ |
| ३० | कन्काई नगरपालिका झापा | ७८३० | १७९९२८ | १८७७५८ | ० | १७७८११ | १७७८११ | ९९४७ | १८७७५८ | ३५७७३९ |
| ३१ | भद्रपुर नगरपालिका झापा | १२६१५ | २६७२४८ | २७९८६३ | २१८६१ | २३९७६६ | २६१६२७ | १८२३६ | २७९८६३ | ५२८८७५ |
| ३२ | अर्जूनधारा नगरपालिका झापा | ४० | १६९४५२ | १६९४९२ | १५२३० | १२७५३१ | १४२७६१ | २६७३१ | १६९४९२ | ३१२२१३ |
| ३३ | शिवसताक्षी नगरपालिका झापा | १३८२८ | २४८९३७ | २६२७६५ | ७०६७० | १६००७५ | २३०७४५ | ३२०२० | २६२७६५ | ४७९६८२ |
| ३४ | गौरादह नगरपालिका झापा | १३२५७ | २२०३९५ | २३३६५२ | १३०९५ | १५१९३८ | १६५०३३ | ६८६१९ | २३३६५२ | ३८५४२८ |
| ३५ | बिर्तामोड नगरपालिका झापा | ७८५४९ | २९३०२४ | ३७१५७३ | ५६०३७ | २५५३२७ | ३११३६४ | ६०२०९ | ३७१५७३ | ६०४३८८ |
| ३६ | कमल गाउँपालिका झापा | १४१३ | ५९२८३ | ६०६९६ | ३०३१२ | २२३२५ | ५२६३७ | ८०५९ | ६०६९६ | १११९२० |
| ३७ | गौरीगञ्ज गाउँपालिका झापा | ३७० | ७४७७० | ७५१४० | ६५१४० | ४५१३ | ६९६५३ | ५४८७ | ७५१४० | १४४४२३ |
| ३८ | बाह्रदशी गाउँपालिका झापा | १८०२ | ४६२४९ | ४८०५१ | ३८०५२ | ४७२२ | ४२७७४ | ५२७७ | ४८०५१ | ८९०२३ |
| ३९ | झापा गाउँपालिका झापा | १०९ | ३८५७३ | ३८६८२ | २८६८२ | ४५१३ | ३३१९५ | ५४८७ | ३८६८२ | ७१७६८ |
| ४० | बुद्धशान्ती गाउँपालिका झापा | २७५ | ११३१०९ | ११३३८४ | १००८९९ | ४०६२ | १०४९६१ | ८४२३ | ११३३८४ | २१८०७० |
| ४१ | हल्दीवारी गाउँपालिका झापा | १६६७ | १२१२३५ | १२२९०२ | ३५५९५ | ६४३९२ | ९९९८७ | २२९१५ | १२२९०२ | २२१२२२ |
| ४२ | कचनकवल गाउँपालिका झापा | ६६७ | ११३२८० | ११३९४७ | १०२४९० | ४७३२ | १०७२२२ | ६७२५ | ११३९४७ | २२०५०२ |
| ४३ | विराटनगर महानगरपालिका, मोरङ | ३९८५५१ | २८३६५८५ | ३२३५१३६ | २१८६०१४ | ७७६७९० | २९६२८०४ | २७२३३२ | ३२३५१३६ | ५७९९३८९ |
| ४४ | बेलबारी नगरपालिका, मोरङ | १२५४० | २३६३७७ | २४८९१७ | ८१५६२ | १२८७१३ | २१०२७५ | ३८६४२ | २४८९१७ | ४४६६५२ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४५ | लेटाङ नगरपालिका, मोरङ | ९६९१ | १६६३४१ | १७६०३२ | ५७३०५ | १०८९१२ | १६६२१७ | ९८१५ | १७६०३२ | ३३२५५८ |
| ४६ | पथरीशनिश्चरे नगरपालिका, मोरङ | ७६०१ | २३३८१६ | २४१४१७ | ७४३७२ | १४८७३९ | २२३१११ | १८३०६ | २४१४१७ | ४५६९२७ |
| ४७ | रंङ्गेली नगरपालिका, मोरङ | ५०८१ | २३०८३४ | २३५९१५ | ७३१०५ | १११९५३ | १८५०५८ | ५०८५७ | २३५९१५ | ४१५८९२ |
| ४८ | रतुवामाई नगरपालिका, मोरङ | २२०२ | १५५९६२ | १५८१६४ | ७४८०४ | ७८६१३ | १५३४१७ | ४७४७ | १५८१६४ | ३०९३७९ |
| ४९ | सुनवर्षी नगरपालिका, मोरङ | १६५ | ८८००५ | ८८१७० | ४२४७० | ३७९३२ | ८०४०२ | ७७६८ | ८८१७० | १६८४०७ |
| ५० | उर्लाबारी नगरपालिका, मोरङ | १९४४७ | १९४२३१ | २१३६७८ | १७०६० | १६५४३५ | १८२४९५ | ३११८३ | २१३६७८ | ३७६७२६ |
| ५१ | सुन्दरहरैचा नगरपालिका, मोरङ | १९७९५ | ४११७३७ | ४३१५३२ | १९४५२० | २२९४३५ | ४२३९५५ | ७५७७ | ४३१५३२ | ८३५६९२ |
| ५२ | बुढीगङ्गा गाउँपालिका, मोरङ | ७५३० | ९५००४ | १०२५३४ | ४५०५६ | ५४९७० | १०००२६ | २५०८ | १०२५३४ | १९५०३० |
| ५३ | धनपालथान गाउँपालिका, मोरङ | १३२९ | ९२७०८ | ९४०३७ | ४८०२९ | ४०३७४ | ८८४०३ | ५६३४ | ९४०३७ | १८११११ |
| ५४ | ग्रामथान गाउँपालिका, मोरङ | ४३२ | ९४७३० | ९५१६२ | ४८३४८ | ४०४८८ | ८८८३६ | ६३२६ | ९५१६२ | १८३५६६ |
| ५५ | जहदा गाउँपालिका, मोरङ | ७९२ | ७३३५८ | ७४१५० | ३०२५२ | ३५२४९ | ६५५०१ | ८६४९ | ७४१५० | १३८८५९ |
| ५६ | कानेपोखरी गाउँपालिका, मोरङ | ५०१ | ४३२९५ | ४३७९६ | १९०२९ | १६६१८ | ३५६४७ | ८१४९ | ४३७९६ | ७८९४२ |
| ५७ | कटहरी गाउपालिका, मोरङ | ४०४ | ५५०२५ | ५५४२९ | ३२२३८ | २०९९० | ५३२२८ | २२०१ | ५५४२९ | १०८२५३ |
| ५८ | केराबारी गाउपालिका, मोरङ | १६५३ | ४०५१७ | ४२१७० | १०३९८ | २३६२७ | ३४०२५ | ८१४५ | ४२१७० | ७४५४२ |
| ५९ | मिक्लाजुङ्ग गाउपालिका, मोरङ | २०३३ | ६५५६२ | ६७५९५ | २४२५३ | ३१९३३ | ५६१८६ | ११४०९ | ६७५९५ | १२१७४८ |
| ६० | इटहरी उपमहानगरपालिका,सुनसरी | २२५१७ | ८२९३२७ | ८५१८४४ | ० | ७८६०६८ | ७८६०६८ | ६५७७६ | ८५१८४४ | १६१५३९५ |
| ६१ | धरान उपमहानगरपालिका,सुनसरी | ५९०९१ | ११०४२३४ | ११६३३२५ | ० | १०५२४०१ | १०५२४०१ | ११०९२४ | ११६३३२५ | २१५६६३५ |
| ६२ | इनरुवा नगरपालिका,सुनसरी | ७५० | २०५३०८ | २०६०५८ | ० | १९९१३३ | १९९१३३ | ६९२५ | २०६०५८ | ४०४४४१ |
| ६३ | दुहवी नगरपालिका.,सुनसरी | १७६४ | १७९४९३ | १८१२५७ | ७३१४४ | १०२२६५ | १७५४०९ | ५८४८ | १८१२५७ | ३५४९०२ |
| ६४ | रामधुनी नगरपालिका,सुनसरी | १९७१ | १९२०७४ | १९४०४५ | ८८६९७ | १००५४२ | १८९२३९ | ४८०६ | १९४०४५ | ३८१३१३ |
| ६५ | वराह नगरपालिका,सुनसरी | ८७९८ | १७१०६४३ | १७१९४४१ | १५७७९०५ | १३४६०५ | १७१२५१० | ६९३१ | १७१९४४१ | ३४२३१५३ |
| ६६ | देवानगञ्ज गाउँपालिका,सुनसरी | ३६१८ | ८२४६९ | ८६०८७ | २४२४४ | ५३५३९ | ७७७८३ | ८३०४ | ८६०८७ | १६०२५२ |
| ६७ | कोशी गाउँपालिका,सुनसरी | ८४६ | ७४३०२ | ७५१४८ | २६४८९ | ४०८३८ | ६७३२७ | ७८२१ | ७५१४८ | १४१६२९ |
| ६८ | गढी गाउँपालिका,सुनसरी | २४८३ | ७२८०७ | ७५२९० | २२२६४ | ४७१५९ | ६९४२३ | ५८६७ | ७५२९० | १४२२३० |
| ६९ | वर्जू गाउँपालिका,सुनसरी | ७८१ | ५११९७ | ५१९७८ | २०१३९ | २८१८७ | ४८३२६ | ३६५२ | ५१९७८ | ९९५२३ |
| ७० | भोक्राहा गाउँपालिका,सुनसरी | १०८ | ५२२६१ | ५२३६९ | १८७०३ | २८३७८ | ४७०८१ | ५२८८ | ५२३६९ | ९९३४२ |
| ७१ | हरिनगरा गाउँपालिका,सुनसरी | २००४ | ७९४२१ | ८१४२५ | २११६९ | ४५७११ | ६६८८० | १४५४५ | ८१४२५ | १४६३०१ |
| ७२ | पाखिवास नगरपालिका धनकुटा | ४०८ | १०९९९८ | ११०४०६ | ३१३१२ | ६०६२९ | ९१९४१ | १८४६५ | ११०४०६ | २०१९३९ |
| ७३ | धनकुटा नगरपालिका धनकुटा | २७१७१ | २२०२२४ | २४७३९५ | ० | १९६०१३ | १९६०१३ | ५१३८२ | २४७३९५ | ४१६२३७ |
| ७४ | महालक्ष्मी नगरपालिका धनकुटा | १२६३ | ६८७२६ | ६९९८९ | २३४२१ | २७८७७ | ५१२९८ | १८६९१ | ६९९८९ | १२००२४ |
| ७५ | साँगुरीगढी गाउँपालिका धनकुटा | ९५४ | ५९६४५ | ६०५९९ | १८५१७ | ३४३५१ | ५२८६८ | ७७३१ | ६०५९९ | ११२५१३ |
| ७६ | खाल्सा छिन्ताङ्ग शहिदभूमी गा.पा.,धनकुटा | ४४० | ५६४६९ | ५६९०९ | १८५८३ | २९९२७ | ४८५१० | ८३९९ | ५६९०९ | १०४९७९ |
| ७७ | छथर जोरपाटी गाउँपालिका धनकुटा | ६६२ | ४५२४४ | ४५९०६ | १४९५८ | २५७४० | ४०६९८ | ५२०८ | ४५९०६ | ८५९४२ |
| ७८ | चौविसे गाउंपालिका धनकुटा | १८४ | ५२०६४ | ५२२४८ | २०४२५ | २६४१२ | ४६८३७ | ५४११ | ५२२४८ | ९८९०१ |
| ७९ | म्याङलुङ्ग नगरपालिका,तेह्रथुम | ४९१४ | १२९०४७ | १३३९६१ | ० | १२२६६६ | १२२६६६ | ११२९५ | १३३९६१ | २५१७१३ |
| ८० | लालिगुँरास नगरपालिका,तेह्रथुम | १३७६ | ११३०१५ | ११४३९१ | ० | ८७५७९ | ८७५७९ | २६८१२ | ११४३९१ | २००५९४ |
| ८१ | आठराइ गाउँपालिका,तेह्रथुम | १०० | ८१४४१ | ८१५४१ | २२८६६ | ५२६८८ | ७५५५४ | ५९८७ | ८१५४१ | १५६९९५ |
| ८२ | छथर गाउँपालिका,तेह्रथुम | २२ | ६४७९२ | ६४८१४ | २५७९९ | ३४१५९ | ५९९५८ | ४८५६ | ६४८१४ | १२४७५० |
| ८३ | फेदाप गाउँपालिका,तेह्रथुम | १०० | ६१४०९ | ६१५०९ | १५४०१ | ४०००५ | ५५४०६ | ६१०३ | ६१५०९ | ११६८१५ |
| ८४ | मेन्छयामेय गाउँपालिका,तेह्रथुम | ० | ३५५८३ | ३५५८३ | १०५४१ | १९१२४ | २९६६५ | ५९१८ | ३५५८३ | ६५२४८ |
| ८५ | चैनपुर नगरपालिका संखुवासभा | ४४९७ | १४७१३७ | १५१६३४ | ३३१३ | १००३९१ | १०३७०४ | ४७९३० | १५१६३४ | २५०८४१ |
| ८६ | धर्मदेवी नगरपालिका संखुवासभा | १३९८ | ५८२३७ | ५९६३५ | १६२५२ | २९११९ | ४५३७१ | १४२६४ | ५९६३५ | १०३६०८ |
| ८७ | खांदवारी नगरपालिका संखुवासभा | ३०८६ | १६४४२५ | १६७५११ | ५६७२ | १३६५०२ | १४२१७४ | २५३३७ | १६७५११ | ३०६५९९ |
| ८८ | मादी नगरपालिका, संखुवासभा | २२४८ | १०१७०६ | १०३९५४ | २४२२६ | ४६५८९ | ७०८१५ | ३३१३९ | १०३९५४ | १७२५२१ |
| ८९ | पाँचखपन नगरपालिका संखुवासभा | ५८८ | ५८४३१ | ५९०१९ | १६१४४ | २६२४० | ४२३८४ | १६६३५ | ५९०१९ | १००८१५ |
| ९० | भोटखोला गाउँपालिका संखुवासभा | १५०० | ४७९५९ | ४९४५९ | १२०३५ | ३१५६३ | ४३५९८ | ५८६१ | ४९४५९ | ९१५५७ |
| ९१ | चिचिला गाउँपालिका संखुवासभा | ३०५ | ३०७९१ | ३१०९६ | ७८९५ | १७८५४ | २५७४९ | ५३४७ | ३१०९६ | ५६५४० |
| ९२ | मकालु गाउँपालिका संखुवासभा | २२०० | ६३९७० | ६६१७० | २२६७६ | ३७१४० | ५९८१६ | ६३५४ | ६६१७० | १२३७८६ |
| ९३ | सभापोखरी गाउँपालिका संखुवासभा | ५५१९ | ३८१९० | ४३७०९ | ११३१३ | २६२७० | ३७५८३ | ६१२६ | ४३७०९ | ७५७७३ |
| ९४ | सिलिचोङ्ग गाउँपालिका संखुवासभा | ६६२० | ६४४६५ | ७१०८५ | ३२९७३ | ३२९७३ | ६५९४६ | ५१३९ | ७१०८५ | १३०४११ |
| ९५ | भोजपुर नगरपालिका भोजपुर | ८८४३ | १५२६०३ | १६१४४६ | ५२६७५ | ७४०६७ | १२६७४२ | ३४७०४ | १६१४४६ | २७९३४५ |
| ९६ | षडानन्द नगरपालिका भोजपुर | १२४० | १३८२३१ | १३९४७१ | ४७३२२ | ८५४०२ | १३२७२४ | ६७४७ | १३९४७१ | २७०९५५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९७ | ट्याम्के मैयुम गाउँपालिका  भोजपुर | ७०६ | ६९९१५ | ७०६२१ | ३२२५१ | ३७६९९ | ६९९५० | ६७१ | ७०६२१ | १३९८६५ |
| ९८ | रामप्रसादराई गाउँपालिका  भोजपुर | १२७१ | ६८०७१ | ६९३४२ | २८१२३ | ३४७२९ | ६२८५२ | ६४९० | ६९३४२ | १३०९२३ |
| ९९ | अरुणगाउँपालिका  भोजपुर | १३७ | ६०४९१ | ६०६२८ | २५२२० | २९७८८ | ५५००८ | ५६२० | ६०६२८ | ११५४९९ |
| १०० | पौवा दुम्मा गाउँपालिका  भोजपुर | २९३ | ५५४४० | ५५७३३ | २१६०६ | २८५६२ | ५०१६८ | ५५६५ | ५५७३३ | १०५६०८ |
| १०१ | साल्पासिलियो गाउँपालिका  भोजपुर | ८ | ४८८८१ | ४८८८९ | १४२३३ | २९८३० | ४४०६३ | ४८२६ | ४८८८९ | ९२९४४ |
| १०२ | आम्चोक गाउँपालिका  भोजपुर | ४०८ | ६९९६७ | ७०३७५ | २९२९१ | ३५४०९ | ६४७०० | ५६७५ | ७०३७५ | १३४६६७ |
| १०३ | हतुवागढी गाउँपालिका  भोजपुर | ७५१ | ७२५२८ | ७३२७९ | ३५७१५ | ३१८७९ | ६७५९४ | ५६८५ | ७३२७९ | १४०१२२ |
| १०४ | सोलु दुधकुण्ड नगरपालिका सोलुखुम्बु | ६७२० | १२७८८० | १३४६०० | ३०२४३ | ७४७१४ | १०४९५७ | २९६४३ | १३४६०० | २३२८३७ |
| १०५ | दुधकोशी गाउँपालिका सोलुखुम्बु | २५२८७ | ३२५३९ | ५७८२६ | २४०४० | २०२१७ | ४४२५७ | १३५६९ | ५७८२६ | ७६७९६ |
| १०६ | खुम्बु पासाङ्गल्हामु गाँउपालिका सोलुखुम्बु | ५३४७ | ५८१६२ | ६३५०९ | २२५०० | ३७५३७ | ६००३७ | ३४७२ | ६३५०९ | ११८१९९ |
| १०७ | दुधकौशीका गाउँपालिका सोलुखुम्बु | २१४६४ | ७०३८६ | ९१८५० | ३०५१० | ५४८४५ | ८५३५५ | ६४९५ | ९१८५० | १५५७४१ |
| १०८ | नेचासल्यान गाउँपालिका सोलुखुम्बु | ४३७७ | ६५८०९ | ७०१८६ | १९५०५ | ४२२३९ | ६१७४४ | ८४४२ | ७०१८६ | १२७५५३ |
| १०९ | महाकुलङ्ग गाउँपालिका सोलुखुम्बु | ४०३९ | २७७०१ | ३१७४० | १४३२ | २४५४९ | २५९८१ | ५७५९ | ३१७४० | ५३६८२ |
| ११० | लिखुपिके गाउँपालिका सोलुखुम्बु | ११९० | ३५६५९ | ३६८४९ | ८२९९ | २२१०६ | ३०४०५ | ६४४४ | ३६८४९ | ६६०६४ |
| १११ | सोपाङ्ग गाउँपालिका सोलुखुम्बु | ४१७३ | २९४४० | ३३६१३ | ५६५८ | २१९६९ | २७६२७ | ५९८६ | ३३६१३ | ५७०६७ |
| ११२ | सिद्धिचरण नगरपालिका ओखलढुङ्गा | २९० | १५९३२३ | १५९६१३ | १२०६९ | १३८९४२ | १५१०११ | ८६०२ | १५९६१३ | ३१०३३४ |
| ११३ | खिजिदेम्वा गाउँपालिका ओखलढुङ्गा | २९२० | ६६०१३ | ६८९३३ | १४६३७ | ४८८४१ | ६३४७८ | ५४५५ | ६८९३३ | १२९४९१ |
| ११४ | चम्पादेवी गाउँपालिका ओखलढुङ्गा | ३५४३ | ७२१६९ | ७५७१२ | १५३४८ | ५४४२६ | ६९७७४ | ५९३८ | ७५७१२ | १४१९४३ |
| ११५ | चिशंखुगढी गाउँपालिका  ओखलढुङ्गा | ७१५ | ८२१५४ | ८२८६९ | २१२६५ | ५६३२६ | ७७५९१ | ५२७८ | ८२८६९ | १५९७४५ |
| ११६ | मानेभन्ज्याङ गाउँपालिका ओखलढुङ्गा | ९९३ | ८०७७० | ८१७६३ | २१८४७ | ५४८७३ | ७६७२० | ५०४३ | ८१७६३ | १५७४९० |
| ११७ | मोलुङ्ग गाउँपालिका ओखलढुङ्गा | ३७६ | ८१५९५ | ८१९७१ | २२०७३ | ५४९९१ | ७७०६४ | ४९०७ | ८१९७१ | १५८६५९ |
| ११८ | लिखु गाउँपालिका ओखलढुङ्गा | २३९० | ११५०१४ | ११७४०४ | १५२७७ | ४९७३७ | ६५०१४ | ५२३९० | ११७४०४ | १८००२८ |
| ११९ | सुनकोशी गाउँपालिका ओखलढुङ्गा | १७५१ | ७४७०३ | ७६४५४ | २०३४७ | ५०९८५ | ७१३३२ | ५१२२ | ७६४५४ | १४६०३५ |
| १२० | हलेसी तुवाचुङ्ग नगरपालिका खोटाङ | ० | ११४०५७ | ११४०५७ | ६५५८० | ४८११७ | ११३६९७ | ३६० | ११४०५७ | २२७७५४ |
| १२१ | रुपाकोट मझुवागढी नगरपालिका खोटाङ | २२३३ | २०६१९४ | २०८४२७ | १०२४८३ | ८०४८० | १८२९६३ | २५४६४ | २०८४२७ | ३८९१५७ |
| १२२ | ऐसेलुखर्क गाउँपालिका खोटाङ | ३१८ | ७८८१३ | ७९१३१ | ४३३५९ | ३३३८३ | ७६७४२ | २३८९ | ७९१३१ | १५५५५५ |
| १२३ | लामिडाँडा गाउँपालिका खोटाङ | ० | ५६९०४ | ५६९०४ | २८९८२ | २४८४१ | ५३८२३ | ३०८१ | ५६९०४ | ११०७२७ |
| १२४ | जन्तेढुङ्गा गाउँपालिका खोटाङ | ० | ५०६७३ | ५०६७३ | ४०६१५ | १०००० | ५०६१५ | ५८ | ५०६७३ | १०१२८८ |
| १२५ | खोटेहाङ्ग गाउँपालिका खोटाङ | १५० | ७५४४८ | ७५५९८ | ४१७४३ | ३३८५५ | ७५५९८ | ० | ७५५९८ | १५१०४६ |
| १२६ | कोपिलासगढी गाउँपालिका खोटाङ | १ | ८१५८५ | ८१५८६ | ४९०३६ | ३२५४७ | ८१५८३ | ३ | ८१५८६ | १६३१६८ |
| १२७ | दिपुङ्ग गाउँपालिका खोटाङ | ३६ | ७४८४२ | ७४८७८ | ३९४३५ | ३५०९९ | ७४५३४ | ३४४ | ७४८७८ | १४९३७६ |
| १२८ | साकेला गाउँपालिका खोटाङ | ० | २३३५० | २३३५० | १६०९२ | १४९५ | १७५८७ | ५७६३ | २३३५० | ४०९३७ |
| १२९ | बराहपोखरी गाउँपालिका खोटाङ | ० | ७२४४७ | ७२४४७ | ४१७८९ | ३०२७५ | ७२०६४ | ३८३ | ७२४४७ | १४४५११ |
| १३० | कटारी नगरपालिका उदयपुर | ६६४४ | १८६४३९ | १९३०८३ | ४१४७४ | १०६६८३ | १४८१५७ | ४४९२६ | १९३०८३ | ३३४५९६ |
| १३१ | चौदण्डीगढी नगरपालिका उदयपुर | ३९०१ | १४३५१७ | १४७४१८ | ० | ११०५५८ | ११०५५८ | ३६८६० | १४७४१८ | २५४०७५ |
| १३२ | त्रियुगा नगरपालिका उदयपुर | ३७७०० | २२८३५९ | २६६०५९ | ० | २४३६०४ | २४३६०४ | २२४५५ | २६६०५९ | ४७१९६३ |
| १३३ | बेलका नगरपालिका उदयपुर | १०४२ | ११०३१२ | १११३५४ | ९६२३४ | ४५३६ | १००७७० | १०५८४ | १११३५४ | २११०८२ |
| १३४ | उदयपुरगढी गाउँपालिका उदयपुर | ७४१ | ८७७६६ | ८८५०७ | ७७५१६ | ४३५० | ८१८६६ | ६६४१ | ८८५०७ | १६९६३२ |
| १३५ | ताप्ली गाउँपालिका उदयपुर | १५० | ५१७५४ | ५१९०४ | ४१०९१ | ३७०४ | ४४७९५ | ७१०९ | ५१९०४ | ९६५४९ |
| १३६ | रौताहामाई गाउँपालिका उदयपुर | १११८ | ७१०८३ | ७२२०१ | ६१०६७ | ५१५५ | ६६२२२ | ५९७९ | ७२२०१ | १३७३०५ |
| १३७ | सुनकोशी गाउँपालिका उदयपुर | ३९० | ४९६९३ | ५००८३ | ४४१४२ | ५१९२ | ४९३३४ | ७४९ | ५००८३ | ९९०२७ |
| | **जम्मा** | **१००७१६८** | **२००२२०३८** | **२१०२९२०६** | **८१७९२५४** | **१०७२९७५०** | **१८९०९००४** | **२१२०२०२** | **२१०२९२०६** | **३८९३१०४२** |

# स्थानीय तह
## प्रदेश नं. १
## वेरूजु वर्गीकरण

अनुसूची २

(रु.हजारमा)

| क्र.स. | स्थानीय तह | सुरु बेरुजु | प्रतिक्रियाबाट फर्छ्यौट | असुल | अनियमित | पेश्की | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | फुङलिङ्ग नगरपालिका ताप्लेजुङ | ४४७४१ | | ८०५ | ८७८२ | ३५१५४ | ४४७४१ |
| २ | आठराई त्रिवेणी नगरपालिका ताप्लेजुङ | ७३३ | | १९९ | ४७ | ४८७ | ७३३ |
| ३ | सिदिङ्गबा गाउँपालिका ताप्लेजुङ | १७५९६ | | ४१९ | १५८९६ | १२८१ | १७५९६ |
| ४ | फक्ताङलुङ गाउँपालिका ताप्लेजुङ | ३१७८५ | | ८१४ | २३७७७ | ७१९४ | ३१७८५ |
| ५ | मिक्वाखोला गाउँपालिका ताप्लेजुङ | ४६३२ | | ८२ | २६४८ | १९०२ | ४६३२ |
| ६ | मेरिङ्देन गाउँपालिका ताप्लेजुङ | ८४२३ | | ३७३ | ५०६३ | २९८७ | ८४२३ |
| ७ | मैवाखोला गाउँपालिका ताप्लेजुङ | ९८८ | | ३९० | ५९८ | ० | ९८८ |
| ८ | याङवरक गाउँपालिका ताप्लेजुङ | १४५५८ | | ६१८ | १२७८२ | ११५८ | १४५५८ |
| ९ | सिरिजङ्घा गाउँपालिका ताप्लेजुङ | २१५१९ | | २७६ | १७५४३ | ३७०० | २१५१९ |
| १० | फिदिम नगरपालिका, पाँचथर | ८४८० | | ८११ | ५४७८ | २१९१ | ८४८० |
| ११ | फालेलुङ, गाउँपालिका, पाँचथर | १५८१ | | १६५ | ९६८ | ४४८ | १५८१ |
| १२ | फाल्गुनन्द गाउँपालिका, पाँचथर | ७६३१ | | ३१६ | ६८९६ | ४१९ | ७६३१ |
| १३ | हिलिहाङ गाउँपालिका, पाँचथर | २६२८ | | ४१ | १०८६ | १५०१ | २६२८ |
| १४ | कुम्मायक गाउँपालिका, पाँचथर | ६६०७ | | १२९४ | ३५६४ | १७४९ | ६६०७ |
| १५ | मिक्लाजुङ्ग गाउँपालिका, पाँचथर | ६८०८ | | ३५४ | २०६१ | ४३९३ | ६८०८ |
| १६ | तुम्वेहा गाँउपालिका, पाँचथर | ५६२६ | | ४३ | ४८८४ | ६९९ | ५६२६ |
| १७ | याङवरक गाउँपालिका, पाँचथर | ३४८६ | | २५७ | १६६२ | १५६७ | ३४८६ |
| १८ | ईलाम नगरपालिका इलाम | ४७१९ | १०३५ | ३ | ३२९६ | ३८५ | ३६८४ |
| १९ | देउमाई नगरपालिका इलाम | ८०२ | | २३२ | ५७० | ० | ८०२ |
| २० | माई नगरपालिका इलाम | २९४ | | २८४ | १० | ० | २९४ |
| २१ | सूर्योदय नगरपालिका इलाम | २९६२ | २४६ | १११६ | ११९५ | ४०५ | २७१६ |
| २२ | फाकफोकथुम गाउँपालिका इलाम | २५० | | २७ | ९३ | १३० | २५० |
| २३ | चुलाचुली गाउँपालिका इलाम | ८ | | ७ | १ | ० | ८ |
| २४ | माईजोगमाई गाउँपालिका इलाम | ३४७ | | ० | ३४७ | ० | ३४७ |
| २५ | माङ्सेबुङ गाउँपालिका इलाम | ११९१ | | २ | ११८९ | ० | ११९१ |
| २६ | रोङ गाउँपालिका इलाम | ८५१ | १६ | १६ | ४८९ | ३३० | ८३५ |
| २७ | सन्दकपुर गाउँपालिका इलाम | ३१ | ३१ | ० | ० | ० | ० |
| २८ | मेचीनगर नगरपालिका झापा | १२३६७१ | | ५८३९ | १११३०६ | ६५२६ | १२३६७१ |
| २९ | दमक नगरपालिका झापा | ४५४१३ | | ३४२८७ | १७८१ | ९३४५ | ४५४१३ |
| ३० | कन्काई नगरपालिका झापा | १११२ | | ० | १११२ | ० | १११२ |
| ३१ | भद्रपुर नगरपालिका झापा | ७००२ | | १४२१ | ५४६६ | ११५ | ७००२ |
| ३२ | अर्जूनधारा नगरपालिका झापा | २११६ | | ३२१ | ११७५ | ६२० | २११६ |
| ३३ | शिवसताक्षी नगरपालिका झापा | ४०४४ | | १७३ | २३४८ | १५२३ | ४०४४ |
| ३४ | गौरादह नगरपालिका झापा | ३०७२४ | | २९३ | २७०५७ | ३३७४ | ३०७२४ |
| ३५ | बिर्तामोड नगरपालिका झापा | १२९९१ | | २२ | १०५८२ | २३८७ | १२९९१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३६ | कमल गाउँपालिका झापा | ४६३ | | ० | ३३३ | १३० | ४६३ |
| ३७ | गौरीगञ्ज गाउँपालिका झापा | ३२८४ | | २६७५ | ६०९ | ० | ३२८४ |
| ३८ | बाह्रदशी गाउँपालिका झापा | १४२३ | | ४३९ | ३३९ | ६४५ | १४२३ |
| ३९ | झापा गाउँपालिका झापा | २३५२ | | ४९५ | ७४६ | ११११ | २३५२ |
| ४० | बुद्धशान्ती गाउँपालिका झापा | १२५१ | | ७२३ | ४९८ | ३० | १२५१ |
| ४१ | हल्दीवारी गाउँपालिका झापा | ३२६६५ | | ३१५ | ३१८०० | ५५० | ३२६६५ |
| ४२ | कचनकवल गाउँपालिका झापा | २२०४ | | ३७२ | १६५२ | १८० | २२०४ |
| ४३ | विराटनगर महानगरपालिका, मोरङ | ६४८०६९ | | ५०४७० | ५३७११० | ६०४८९ | ६४८०६९ |
| ४४ | बेलबारी नगरपालिका, मोरङ | ४९६७३ | | ७५ | १५६२१ | ३३९७७ | ४९६७३ |
| ४५ | लेटाङ नगरपालिका, मोरङ | ७४८९ | | २२७ | ७१८७ | ७५ | ७४८९ |
| ४६ | पथरीशनिश्चरे नगरपालिका, मोरङ | १२३९ | | ८३५ | ४०४ | ० | १२३९ |
| ४७ | रंङ्गेली नगरपालिका, मोरङ | १२७३२ | | ७१५ | १०९२७ | १०९० | १२७३२ |
| ४८ | रतुवामाई नगरपालिका, मोरङ | १३०६ | | ० | १३०६ | ० | १३०६ |
| ४९ | सुनवर्षी नगरपालिका, मोरङ | २६०० | | १३० | १८७४ | ५९६ | २६०० |
| ५० | उर्लाबारी नगरपालिका, मोरङ | १०६४८ | | ६३ | १०५८५ | ० | १०६४८ |
| ५१ | सुन्दरहरैचा नगरपालिका, मोरङ | ३३८७ | | ७६ | २९०१ | ४१० | ३३८७ |
| ५२ | बुढीगङ्गा गाउँपालिका, मोरङ | ३४५३ | | ३१६ | ३१३७ | ० | ३४५३ |
| ५३ | धनपालथान गाउँपालिका, मोरङ | १२४२१ | | २७४ | ७८७८ | ४२६९ | १२४२१ |
| ५४ | ग्रामथान गाउँपालिका, मोरङ | ४८३३ | | २४५ | ४१६६ | ४२२ | ४८३३ |
| ५५ | जहदा गाउँपालिका, मोरङ | ५२५७ | | ३४१ | ४९१६ | ० | ५२५७ |
| ५६ | कानेपोखरी गाउँपालिका, मोरङ | ४९७७ | | १२८ | ४८४९ | ० | ४९७७ |
| ५७ | कटहरी गाउपालिका, मोरङ | २९५३ | | ११४ | २८३९ | ० | २९५३ |
| ५८ | केराबारी गाउपालिका, मोरङ | १११ | | ६४ | ४७ | ० | १११ |
| ५९ | मिक्लाजुङ्ग गाउपालिका, मोरङ | २९६० | | १२९ | २८३१ | ० | २९६० |
| ६० | इटहरी उपमहानगरपालिका,सुनसरी | १८६२२४ | | ८२५४ | ४२५९२ | १३५३७८ | १८६२२४ |
| ६१ | धरान उपमहानगरपालिका,सुनसरी | ३५९२९ | | २१५५ | ३१८५४ | १९२० | ३५९२९ |
| ६२ | इनरुवा नगरपालिका,सुनसरी | ५३४८७ | | ७८८ | १४९८८ | ३७७११ | ५३४८७ |
| ६३ | दुहवी नगरपालिका.,सुनसरी | ४५५५५ | | २४५ | ६८६७ | ३८४४३ | ४५५५५ |
| ६४ | रामधुनी नगरपालिका,सुनसरी | २९६४२ | | १५०० | ४२५६ | २३८८६ | २९६४२ |
| ६५ | वराह नगरपालिका,सुनसरी | १७५३ | | ३८४ | ३३१ | १०३८ | १७५३ |
| ६६ | देवानगञ्ज गाउँपालिका,सुनसरी | १००४ | | १७ | ५४६ | ४४१ | १००४ |
| ६७ | कोशी गाउँपालिका,सुनसरी | १०६४ | | ५३ | २२५ | ७८६ | १०६४ |
| ६८ | गढी गाउँपालिका,सुनसरी | ९९६ | | ४९ | २५० | ६९७ | ९९६ |
| ६९ | वर्जू गाउँपालिका,सुनसरी | १०३० | | ४० | ९९० | ० | १०३० |
| ७० | भोक्राहा गाउँपालिका,सुनसरी | १०१३ | | १६३ | १२८ | ७२२ | १०१३ |
| ७१ | हरिनगरा गाउँपालिका,सुनसरी | १४६९ | | ११८८ | ७२ | २०९ | १४६९ |
| ७२ | पाखिवास नगरपालिका धनकुटा | २५२१ | | ७२ | २४३४ | १५ | २५२१ |
| ७३ | धनकुटा नगरपालिका धनकुटा | १२९७६ | | १५५१ | ११००६ | ४१९ | १२९७६ |
| ७४ | महालक्ष्मी नगरपालिका धनकुटा | २५७३ | | २८० | ६५ | २२२८ | २५७३ |
| ७५ | साँगुरीगढी गाउँपालिका धनकुटा | २९६३ | | २९४ | ४६९ | २२०० | २९६३ |
| ७६ | खाल्सा छिन्ताङ्ग शहिदभूमी गा.पा.,धनकुटा | २४१ | | २१ | ४८ | १७२ | २४१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७७ | छथर जोरपाटी गाउँपालिका धनकुटा | ८५६ | | ० | १२ | ८४४ | ८५६ |
| ७८ | चौविसे गाउंपालिका धनकुटा | २२३६ | | ४३४ | ० | १८०२ | २२३६ |
| ७९ | म्याङलुङ्ग नगरपालिका,तेह्रथुम | १०९० | | ७ | ९३७ | १४६ | १०९० |
| ८० | लालिगुँरास नगरपालिका,तेह्रथुम | ४७२ | | २४ | ३९८ | ५० | ४७२ |
| ८१ | आठराइ गाउँपालिका,तेह्रथुम | ५१८४ | | २८ | ३११९ | २०३७ | ५१८४ |
| ८२ | छथर गाउँपालिका,तेह्रथुम | १०४१ | | ५१ | ४०४ | ५८६ | १०४१ |
| ८३ | फेदाप गाउँपालिका,तेह्रथुम | ३८१७ | | १३ | ३०७८ | ७२६ | ३८१७ |
| ८४ | मेन्छयामेय गाउँपालिका,तेह्रथुम | ११०१ | | ० | १००१ | १०० | ११०१ |
| ८५ | चैनपुर नगरपालिका संखुवासभा | १२४१३३ | | १३६३४ | ३४९२१ | ७५५७८ | १२४१३३ |
| ८६ | धर्मदेवी नगरपालिका संखुवासभा | २१५९९ | | ० | ८१२५ | १३४७४ | २१५९९ |
| ८७ | खांदवारी नगरपालिका संखुवासभा | ३८५०६ | | ७७८९ | २२६०६ | ८१११ | ३८५०६ |
| ८८ | मादी नगरपालिका, संखुवासभा | १९४१९ | | ४१९ | १८८३८ | १६२ | १९४१९ |
| ८९ | पाँचखपन नगरपालिका संखुवासभा | २३३७२ | ९८४५ | ८ | १०३६३ | ३१५६ | १३५२७ |
| ९० | भोटखोला गाउँपालिका संखुवासभा | १६६२० | | ३५ | ५१७० | ११४१५ | १६६२० |
| ९१ | चिचिला गाउँपालिका संखुवासभा | १७१९ | | ३ | १५९१ | १२५ | १७१९ |
| ९२ | मकालु गाउँपालिका संखुवासभा | १३३३१ | | २७ | ७१४४ | ६१६० | १३३३१ |
| ९३ | सभापोखरी गाउँपालिका संखुवासभा | ८९८० | | ३४ | ६३४० | २६०६ | ८९८० |
| ९४ | सिलिचोङ्ग गाउँपालिका संखुवासभा | ५३८२ | | १६ | ५३६६ | ० | ५३८२ |
| ९५ | भोजपुर नगरपालिका भोजपुर | ११८९७ | | १ | १४६९ | १०४२७ | ११८९७ |
| ९६ | षडानन्द नगरपालिका भोजपुर | १४७५० | | १४० | ८१८२ | ६४२८ | १४७५० |
| ९७ | ट्याम्के मैयुम गाउँपालिका भोजपुर | २९५ | | २० | २७५ | ० | २९५ |
| ९८ | रामप्रसादराई गाउँपालिका भोजपुर | ८१९७ | | १२९ | ७९१८ | १५० | ८१९७ |
| ९९ | अरुणगाउँपालिका भोजपुर | ५७४० | | ११ | ५७२९ | ० | ५७४० |
| १०० | पौवा दुम्मा गाउँपालिका भोजपुर | १२७९९ | | १६ | १२४५० | ३३३ | १२७९९ |
| १०१ | साल्पासिलियो गाउँपालिका भोजपुर | २०९ | | ० | २०९ | ० | २०९ |
| १०२ | आम्चोक गाउँपालिका भोजपुर | ५०० | | १ | ३२९ | १७० | ५०० |
| १०३ | हतुवागढी गाउँपालिका भोजपुर | ६६७९ | | १८ | ६५८८ | ७३ | ६६७९ |
| १०४ | सोलु दुधकुण्ड नगरपालिका सोलुखुम्बु | १०६८६ | ५५९८ | ० | २८६८ | २२२० | ५०८८ |
| १०५ | दुधकोशी गाउँपालिका सोलुखुम्बु | ४०८५ | | ० | २५०० | १५८५ | ४०८५ |
| १०६ | खुम्बु पासाङ्गल्हामु गाँउपालिका सोलुखुम्बु | ३१५९ | | २० | २६१५ | ५२४ | ३१५९ |
| १०७ | दुधकौशीका गाउँपालिका सोलुखुम्बु | ६८७३ | २१९० | ० | १०६६ | ३६१७ | ४६८३ |
| १०८ | नेचासल्यान गाउँपालिका सोलुखुम्बु | ३८१५ | | २०० | ३०११ | ६०४ | ३८१५ |
| १०९ | महाकुलङ्ग गाउँपालिका सोलुखुम्बु | २०२३ | | ० | १४५३ | ५७० | २०२३ |
| ११० | लिखुपिके गाउँपालिका सोलुखुम्बु | ७५१० | | ८४ | ४८ | ७३७८ | ७५१० |
| १११ | सोपाङ्ग गाउँपालिका सोलुखुम्बु | ५२०९ | ४३ | ० | ० | ५१६६ | ५१६६ |
| ११२ | सिद्धिचरण नगरपालिका ओखलढुङ्गा | २१४६ | | ३१३ | १४१ | १६९२ | २१४६ |
| ११३ | खिजिदेम्वा गाउँपालिका ओखलढुङ्गा | १४६३५ | | ७७ | २२८९ | १२२६९ | १४६३५ |
| ११४ | चम्पादेवी गाउँपालिका ओखलढुङ्गा | ५८८९ | | ८३ | ८०८ | ४९९८ | ५८८९ |
| ११५ | चिशंखुगढी गाउँपालिका ओखलढुङ्गा | ११६२४ | | ७३ | ९८ | ११४५३ | ११६२४ |
| ११६ | मानेभन्ज्याङ गाउँपालिका ओखलढुङ्गा | ८९१७ | | ५४ | १८५९ | ७००४ | ८९१७ |
| ११७ | मोलुङ्ग गाउँपालिका ओखलढुङ्गा | ६७४० | | ३५ | ३० | ६६७५ | ६७४० |
| ११८ | लिखु गाउँपालिका ओखलढुङ्गा | १२१५३ | | २० | ५२०३ | ६९३० | १२१५३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११९ | सुनकोशी गाउँपालिका ओखलढुङ्गा | ६५३१ | | ७० | ६४६१ | ० | ६५३१ |
| १२० | हलेसी तुवाचुङ्ग नगरपालिका खोटाङ | ५५१६ | | ० | ५५१६ | ० | ५५१६ |
| १२१ | रुपाकोट मझुवागढी नगरपालिका खोटाङ | ५८२३ | | ८६ | ५७३७ | ० | ५८२३ |
| १२२ | ऐसेलुखर्क गाउँपालिका खोटाङ | ५१०६ | | ० | ५१०६ | ० | ५१०६ |
| १२३ | लामिडाँडा गाउँपालिका खोटाङ | ७४७९ | | ० | ७४७९ | ० | ७४७९ |
| १२४ | जन्तेढुङ्गा गाउँपालिका खोटाङ | ८२२६ | | ० | ६४४१ | १७८५ | ८२२६ |
| १२५ | खोटेहाङ्ग गाउँपालिका खोटाङ | ४८०० | | ० | ४८०० | ० | ४८०० |
| १२६ | कोपिलासगढी गाउँपालिका खोटाङ | ७४०७ | | ० | ५६२२ | १७८५ | ७४०७ |
| १२७ | दिपुङ्ग गाउँपालिका खोटाङ | ५६१२ | | ० | ५६१२ | ० | ५६१२ |
| १२८ | साकेला गाउँपालिका खोटाङ | १८२५४ | | ० | ७६३० | १०६२४ | १८२५४ |
| १२९ | बराहपोखरी गाउँपालिका खोटाङ | ६०२९ | | ० | ६०२९ | ० | ६०२९ |
| १३० | कटारी नगरपालिका उदयपुर | १५९७७ | | ४५० | १३०१५ | २५१२ | १५९७७ |
| १३१ | चौदण्डीगढी नगरपालिका उदयपुर | १८२४७ | २४२ | १३८८ | १४६७४ | १९४३ | १८००५ |
| १३२ | त्रियुगा नगरपालिका उदयपुर | ९८३३ | | ९१४ | ८११६ | ८०३ | ९८३३ |
| १३३ | बेलका नगरपालिका उदयपुर | १२३९३ | | ८२ | ११८१५ | ४९६ | १२३९३ |
| १३४ | उदयपुरगढी गाउँपालिका उदयपुर | १९७ | | १२ | १८५ | ० | १९७ |
| १३५ | ताप्ली गाउँपालिका उदयपुर | १५२६ | | १५ | ९८६ | ५२५ | १५२६ |
| १३६ | रौताहामाई गाउँपालिका उदयपुर | ५८२४ | | १६७ | ५४१७ | २४० | ५८२४ |
| १३७ | सुनकोशी गाउँपालिका उदयपुर | ६९३ | | ७० | ३४६ | २७७ | ६९३ |
| **जम्मा** | | **२२२५४०१** | **१९२४६** | **१५४६४६** | **१३७०९६६** | **६८०५४३** | **२२०६१५५** |